नेपाल
मानव अधिकार वर्ष पुस्तक २०१६

संविधानले जगाएको आशा

मानव अधिकार वर्ष पुस्तक २०१६

(नेपाली संस्करण)

(२०७१ पुस १७ देखि २०७२ पुस १६ गतेसम्म अर्थात् सन् २०१५ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्क सङ्कलन)

प्रधान सम्पादक

मदन पौडेल

सम्पादन मण्डल

नीर लामा

दीपेन न्यौपाने

राजु पासवान

टङ्क खनाल

नारायण सुवेदी

तथ्याङ्क विश्लेषण

अनुज के.सी.

ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

कभर डिजाइन

गीता माली

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np; inseconline.org

मानव अधिकार वर्ष पुस्तक २०१६

प्रकाशन मिति
२०७२ फागुन ७ गते

सङ्ख्या
२ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

नक्सा सौजन्य
डीबी टु म्याप

मूल्य
रु. ५००।-

आईएसबीएन : ९७८-९९३७-८९६४-६-७

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १ सन् २०१५ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

संविधानले जगाएको आशा १

मानवअधिकार प्रतिविम्ब : सन् २०१५ ३३

परिच्छेद २ राज्य र मानवअधिकार

२.१ न्यायपालिका ५३

२.२ कार्यपालिका ७१

२.३ व्यवस्थापिका ८५

परिच्छेद ३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

३.१ ओखलढुङ्गाका द्वन्द्वपीडित र हानिपूरणको अवस्था ९६

३.२ रामेछापका हायु जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था १०४

३.३ मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा १११

३.४ दाङका मुक्त कमलरीको अवस्था १२१

३.५ कञ्चनपुरका सुनाहा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार १२९

अनुसूचीहरू

अनुसूची १ सन् २०१५ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल १३७

२. मध्यमाञ्चल १८९

३. पश्चिमाञ्चल २७५

४. मध्यपश्चिमाञ्चल ३१७

५. सुदूरपश्चिमाञ्चल ३६४

अनुसूची २ मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१५ ३८७

अनुसूची ३ सन् २०१५ को मानवअधिकार अवस्थाबारे राजनीतिक पार्टीको धारणा ३९६

अनुसूची ४ सन् २०१५ को मानवअधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा ४०६

अनुसूची ५ क्रिया/प्रतिक्रिया ४१६

अनुसूची ६ वर्षपुस्तक २०१६ तयारीका क्रममा संलग्न व्यक्तिहरू ४३१

हार्दिक आभार

मानव अधिकार वर्ष पुस्तक २०१६
तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने
नर्वेजियन दूतावास
इको
ब्रेड फर द वर्ल्ड (BFTW)
गभरनेन्स फ्यासिलिटी (GF)
इन्सेकका जिल्ला प्रतिनिधि
राजनीतिक दल
आयोगहरू
मन्त्रालयहरू
सुरक्षा निकाय
पेशागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौं।**

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १३८
१.२ इलाम १४१
१.३ पाँचथर १४४
१.४ ताप्लेजुङ १४६
१.५ मोरङ १४९
१.६ सुनसरी १५६
१.७ धनकुटा १६०
१.८ तेह्रथुम १६३
१.९ भोजपुर १६५
१.१० सङ्खुवासभा १६७
१.११ सप्तरी १६९
१.१२ सिरहा १७६
१.१३ उदयपुर १८०
१.१४ खोटाङ १८३
१.१५ ओखलढुङ्गा १८५
१.१६ सोलुखुम्बु १८७

२. मध्यमाञ्चल

२.१ धनुषा १९०
२.२ महोत्तरी १९६
२.३ सर्लाही २०१
२.४ सिन्धुली २०६
२.५ रामेछाप २०९
२.६ दोलखा २१२
२.७ रौतहट २१५
२.८ बारा २२३
२.९ पर्सा २३१
२.१० चितवन २४०
२.११ मकवानपुर २४३
२.१२ ललितपुर २४५
२.१३ काभ्रे २४८
२.१४ भक्तपुर २५१
२.१५ काठमाडौँ २५४
२.१६ धादिङ २६०
२.१७ सिन्धुपाल्चोक २६३
२.१८ नुवाकोट २६८
२.१९ रसुवा २७२

३. पश्चिमाञ्चल

३.१ तनहुँ २७६
३.२ गोरखा २७८
३.३ लमजुङ २८०
३.४ स्याङ्जा २८३
३.५ कास्की २८५
३.६ मनाङ २८९
३.७ नवलपरासी २९१
३.८ रूपन्देही २९५
३.९ पाल्पा ३००
३.१० कपिलवस्तु ३०२
३.११ अर्घाखाँची ३०५
३.१२ गुल्मी ३०७
३.१३ बाग्लुङ ३०९
३.१४ पर्वत ३११
३.१५ म्याग्दी ३१३
३.१६ मुस्ताङ ३१५

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३१८
४.२ प्यूठान ३२२
४.३ रोल्पा ३२५
४.४ सल्यान ३२८
४.५ रूकुम ३३०
४.६ बाँके ३३३
४.७ बर्दिया ३३८
४.८ सुर्खेत ३४३
४.९ जाजरकोट ३४७
४.१० दैलेख ३४९
४.११ डोल्पा ३५१
४.१२ जुम्ला ३५३
४.१३ कालीकोट ३५७
४.१४ मुगु ३६०
४.१५ हुम्ला ३६२

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ३६५
५.२ अछाम ३७१
५.३ डोटी ३७३
५.४ बाजुरा ३७५
५.५ बझाङ ३७७
५.६ कञ्चनपुर ३७९
५.७ डडेलधुरा ३८१
५.८ बैतडी ३८३
५.९ दार्चुला ३८५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा ७५ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६९ वैशाख २४ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष - सुबोधराज प्याकुरेल

महासचिव - लालबाबुप्रसाद यादव

कोषाध्यक्ष - डा. मदनप्रसाद परियार

सदस्यहरू

- डा. पुष्पा कर्ण
- कुन्दन अर्याल
- टीकाराम भट्टराई
- रक्षा बस्याल
- रमेश पौडेल
- हरि फुँयाल
- वसन्तीदेवी झा

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस विभाग अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानवअधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबाबका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही ककार्यक्रमद्वारा हुँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, काठमाडौँ, फोन नं. ०१- ४२७८७७०
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरखेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

त्रिवेणीपीडित वर्ष : २०१५

सन् २०१५ कुनै नयाँ कुरा नगरी जनताउपर अत्याचार र बेवास्ता गर्दै गैरजिम्मेवार आन्दोलनकारी, गैरकानुनी वैदेशिक हस्तक्षेप र अशक्त सरकारको मातहत बित्यो।

मानव अधिकार वर्ष पुस्तक तपाईंको हातमा छ। नेपाल अति राजनीति, अतिवाद र भ्रमपीडित मुलुक हो भन्ने कुराको पुनर्पुष्टि गर्ने दस्तावेजका रूपमा यो पुस्तक आएको छ। जनताको थलोबाट यथार्थ आफ्नै नजरले हेर्दा जे देखियो त्यही पस्कँदाको पीडा हो यो। सबै नीतिको नीति वा माउ नीति राजनीति नै हो तर राजनीतिले अरु नीतिलाई संश्लेषण गर्न सक्नुपर्नेमा सबै नीतिलाई भताभुङ्ग पारेर नेता वा दलविशेषलाई मात्र स्थापित गर्ने निषेधको चरित्र ग्रहण गऱ्यो। यही कारण वर्ष २०१५ विगतका दाँजोमा झनै भयानकरूपमा प्रस्तुत भएको चित्रण छ यो वर्ष पुस्तकमा पनि।

१९५१ (२००७), १९९० (२०४६), १९९६ (२०५२) र २००५ (२०६२) मा नेपाली जनताले विभिन्न प्रकारका आन्दोलन गरे। सन् १९९६ मा सुरु भएको माओवादीको सशस्त्र आन्दोलन घोषितरूपमै हिंसालु थियो। त्यसबाहेक उल्लिखित सबै आन्दोलनमा पनि उही रोग देखा पऱ्यो। पछिल्ला आन्दोलन अघिल्लाभन्दा आक्रामक रहे तर 'चेन अफ कमान्ड' बेगरको र विशुद्धरूपमा निषेधमा आधारित आन्दोलनको चरित्र यस पटकको मधेस आन्दोलनले देखायो। विधि र प्रक्रियालाई अमान्य घोषित गरियो। दल र व्यक्तिलाई दुश्मनको व्यवहार गरियो। सर्वसाधारणलाई प्रलोभनसहित आक्रामक हुन उक्साइयो। अन्धाधुन्धसँग सार्वजनिक यातायात र सञ्चार जगतउपर आक्रमण गरियो।

असल नियत शब्द र लक्ष्यका साथ जारी गरिएको संविधानलाई परिमार्जन तथा सुधार गर्ने विधिसम्मत उपायको खोजी गरिएन। संविधानसभालाई फेरि पनि असफल पार्न सक्ने ढङ्गले आन्दोलनलाई यस्तो स्वरूप प्रदान गरियो मानौं, आन्दोलनकारीबाहेक बाँकी तमाम व्यक्ति र संस्था दुश्मन हुन् र तिनलाई सिध्याउनु नै आन्दोलन हो। आन्दोलन सुरु गर्दा संविधानमा नभएको कुरा छ भनियो। आजको विश्वमा कान्छो संविधानले नकार्न नमिल्ने समानता, मर्यादा र कानुनी शासनका कुरा नकारियो, अब मधेसी र थारू तल्लो दर्जाका नागरिक भए, उनीहरूको घरमा भएका भारतीय दुलही र उनका सन्तानको नागरिकता खारेज हुने भयो भन्ने डङ्का पिटाइयो। अचम्म त त्यतिबेला लाग्यो जब भारतीय सरकारसमेत संविधान नपढीकनै मधेसमा भेदभाव गरियो भन्ने रटान स्थापित गर्न लागिपऱ्यो। विधिपूर्वक, अन्तर्राष्ट्रिय कानुनसँग नबाझ्ने गरी नेपालले बनाएको संविधानप्रति विरोध जनाउँदै भारतले गरेको नाकाबन्दी र त्यसका कारण नेपाली जनताले भोग्नुपरेको मानवीय सङ्कटबारे संयुक्त राष्ट्रसङ्घमा मानव अधिकार क्षेत्रबाट सप्रमाण उजुरी पनि परेको छ।

सांस्कृतिकरूपमा नेपालमा पनि जातीय, लैङ्गिक र वर्गीय भेदभाव पक्कै छ तर त्यसको कारण संविधान वा कानुन होइन। त्यस्तो हुँदो हो त अनेकन ऐतिहासिक हस्तक्षेपद्वारा सच्याउन निर्देश गर्ने सर्वोच्च अदालतमा मुद्दा परिसक्ने थिए। त्यसमाथि नयाँ संविधानले संविधानको परिभाषा र अन्य आधारमा सुनुवाइ गर्ने संवैधानिक अदालतको प्रबन्ध गरिसकेको छ।

आन्दोलनका माग र गतिविधि परिवर्तन भइरहने क्रममा अहिले आएर भेदभाव भयो भन्ने कुरा हरायो। केवल सीमाङ्कन र प्रतिनिधित्वको सवाल बाँकी छ। आन्दोलनकारीसहित सबै दल सहमतिका आधारमा कमजोरी सच्याउन तयार छन् भनिन्छ। तर पनि थाहा छैन कि किन र केले अड्काइरहेको छ समाधान। (२०१५ अप्रिल) वैशाखमा गएको भूकम्पले भएको जन-धनको नोक्सानी र कठ्याङ्ग्रिँदो जाडोमा भूकम्पपीडितलाई राहत पुऱ्याउनुपर्ने बेलामा भारतीय सीमा सुरक्षा बलले इन्धनमात्र होइन, औषधि, कृषि मललगायत सारा सामानको आयात नाकामै रोक्यो। उनीहरूले मधेसी आन्दोलनकारीले गरेको 'नो म्यान्स ल्यान्ड' को धर्नालाई बहानाका रूपमा प्रस्तुत गरे तर एउटामात्र नाकामा गरिएको नाकाबन्दीलाई बहाना बनाएर भारतले गरेको सम्पूर्ण नाकाउपरको बन्देज र त्यहाँकी परराष्ट्र मन्त्री स्वयम्ले भारतीय संसद्मा गरेको प्रष्टोक्तिले साबित गर्छ कि नाकाबन्दी मिलिजुली गराइयो र गरियो।

मधेस र देशभरका किसानको धान उत्पादन ४५ प्रतिशतले घट्यो। डायलाइसिसका बिरामी नियमित डायलाइसिस गर्न नपाएर मरे। ३५ लाख बालबालिकाले अत्यावश्यक खोप पाएनन्। उखु र तरकारीका किसानको उत्पादन खेतमै सुक्यो र सड्यो। २० लाख मजदूर बेरोजगार भए। घोषितरूपमा मधेस आन्दोलन यी पीडितविरुद्ध थिएनन्। कसका लागि र के उद्देश्यले थियो भन्ने कुराको तर्क र छलफल संसद्मा गर्न मधेसी दल नै राजी भएनन्। उनीहरू केही व्यक्तिलाई बिहारको सिमानामा पर्ने रक्सौल नाकामा धर्नामा राख्छन् र नाकाबन्दी जारी रहन्छ।

आन्दोलनको प्रतिकार गर्ने क्रममा सुरक्षा बलले कतिपय ठाउँमा अत्यधिक बल प्रयोग गऱ्यो। टीकापुरमा ८ जना प्रहरीको दुर्दान्त हत्या गरिएपछि डरको मनोविज्ञानले गर्दा सुरक्षाकर्मीले संयम गुमाए भनिन्छ तर राज्यले जनताको सुरक्षामात्र गर्ने हो, संहार होइन। केही मधेसी दलले आन्दोलनको बेलामा गरिएको ज्यादतीको निष्पक्ष जाँच होस् भनेका छन्, हामी पनि माग गर्छौं कि दुवै पक्षबाट हुन गएका तमाम नोक्सानीको भरपर्दो जाँच होस् र नेपालमा व्याप्त दण्डहीनताको नजिर यो आन्दोलनमा नरहोस्।

सरकार विशेषगरी वर्तमान सरकार विद्युत्, इन्धनलगायतका समस्या समाधान गर्न लागिपरेको बताइरहेको छ। वायु, सौर्य, वाष्प र जलविद्युत् निकाल्ने कुरा गर्छ। चीनबाट इन्धन आयात गर्ने कुरा गर्छ। खाना पकाउने ग्यास चीनबाट ल्याउने भन्छ। अनेक सपना बाँड्छ तर योजना र भरपर्दो कार्यविधि सार्वजनिक गर्न सक्दैन। देश तस्कर र सिन्डिकेटवालाहरूको हातमा छ। कालोबजारमा हरेक चिज उपलब्ध छन्। गरिबको जिन्दगी भने सरकार र आन्दोलनकारीको अत्याचारमा परेको छ। नेपाल इज्जत र मर्यादा नभएको, भ्रष्टाचारले लिप्त मुलुकका रूपमा दर्ज भएको छ। यस्तो मुलुक जो विकास बजेटको १६ प्रतिशत पनि खर्च गर्न सक्दैन, जसको आन्तरिक मामिलामा छिमेकी राष्ट्रले बहुपक्षीय, द्विपक्षीय तमाम सन्धि बेवास्ता गर्दै नाकाबन्दी लगाउन सक्छ, जसका नागरिक विदेशी पत्रिकामा नेपाललाई भारतले पाठ पढाउनुपर्छ, त्यहाँ भएका आफ्ना नागरिकको हितका लागि हस्तक्षेप गर्नुपर्छ भनेर लेख्छन्। जम्मा नौ जना धर्नामा बस्दा सिमानाको नाका बन्द रहन्छ।

राजनीतिक आन्दोलनका नाममा सिमानामा रहेका प्रहरी चौकी हटाइएका छन्। मानव अधिकार आयोगको गाडी जलाएर ध्वस्त पार्नेविरुद्ध आयोग स्वयम् कारबाही गर्न तत्पर नहुनुले साबित गर्छ कि नेपालमा डरलाई आन्दोलन र निषेधलाई विजयको पर्यायवाची ठान्ने अनौठो रोग लागेको छ। जसलाई गलतरूपमा राजनीति भन्ने गरिन्छ। यतिबेला १० वर्षे द्वन्द्वपीडितहरूको मुद्दा ओझेल परेको छ। अदालतद्वारा निगरानीमा राखिएका मान्छे मन्त्री बनेका छन्। मानव विकासका दृष्टिले नेपालले गरेको प्रगति अब ओरालो लाग्ने अवस्थामा छ।

जबसम्म समावेशिताको अर्थ अवसर र क्षमता वृद्धिमा समावेशिता हो भन्ने कुरा जनतालाई बुझाउन सकिन्न तथा प्रगतिशील प्राप्तिको सिद्धान्त लागु गर्न सकिन्न तबसम्म जातविशेषका धनाढ्यहरूले जनताको नाममा सत्ता सुख लुटिरहने छन्। समाज गतिशील हुन्छ तर नेपालमा व्यवस्था बहुदलीय हुनुपर्ने तर पद जातीय हुनुपर्ने अनौठो पक्षधरता हावी छ। सबै दल आफूलाई लोकतन्त्र, मानव अधिकार र कानुनको शासनका पक्षधर हौं भन्छन् तर जनतालाई केवल फैसलामात्र सुनाइन्छ। बरु भारतमा आफ्ना एजेन्डा पेश गर्छन् तर नेपालको संसद्मा जनतालाई साक्षी राखेर बहस गर्दैनन्। सन् २०१५ कुनै नयाँ कुरा नगरी जनताउपर अत्याचार र बेवास्ता गर्दै, गैरजिम्मेवार आन्दोलनकारी, गैरकानुनी वैदेशिक हस्तक्षेप र अशक्त सरकारको मातहत बित्यो। प्राकृतिक महाविपत्तिको रूपमा आएको भूकम्पको त्रासदीले छटपटाइरहेका आमनागरिकको पीडा बढाउने गरी सन् २०१५ बेथिति र अकर्मण्यताको वर्षको रूपमा गुज्रियो। जस्तोसुकै कठिन परिस्थितिमा पनि मुस्काउन सक्ने धैर्यवान नागरिकका रूपमा नेपाली संसारभर परिचित छन्। हिंसा, सङ्कट र भ्रमको भूमरीमा परिसकेका नेपालीहरूको चेतनाले व्यवहारद्वारा शिक्षा लिएको होला। त्यसैले उनीहरूमा निहित इच्छा र आकाङ्क्षाको विजय अवश्यम्भावी छ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

२०७२ फागुन ७

परिच्छेद

१

सन् २०१५ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

संविधानले जगाएको आशा

१.पृष्ठभूमि

जननिर्वाचित प्रतिनिधिमार्फत संविधान निर्माण भएकाले सन् २०१५ नेपालको इतिहासमा सर्वाधिक महत्वपूर्ण वर्षका रूपमा अङ्कित भएको छ। संविधानसभाबाट संविधान निर्माण गर्ने विश्वको ४३ औँ मुलुकका रूपमा नेपाल नयाँ परिचय बनाउन सफल रह्यो। संविधान मूल कानुनका रूपमा मात्र होइन, झण्डै दशक लामो सङ्क्रमणलाई विश्राम दिने आधारसमेत बनेको छ र यसले शान्ति प्रक्रियाको सर्वाधिक महत्वपूर्ण अध्याय टुङ्गोमा पुऱ्याएको छ। दुई दशकदेखि विभिन्न समस्याबाट ग्रस्त मुलुकमा नयाँ संविधानले यही कारण ठूलो आशा जगाएको छ।

२००४ सालको वैधानिक कानुनबाट आरम्भ भएको संवैधानिक इतिहासमा यो सातौँ संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फबाट जारी यस संविधानले नेपाली जनतालाई पूर्णत: अधिकार सम्पन्न गराउने अभिभारा बोकेको छ। संविधानसभाका लगभग ८९ प्रतिशत सदस्यको समर्थन रहेको यो संविधान आफैँमा लोकतन्त्रको परिचायक बनेको छ। तर यो वर्ष सुखद् परिणाममा मात्र सीमित रहेन। भूकम्पले पुऱ्याएको अतुलनीय क्षति र मधेस आन्दोलनका क्रममा भएका ज्यादतीका कारण नेपाली नागरिकका अधिकार कुण्ठित भएको दु:खद् वर्षको विशेषण पनि यसले गुथ्यो।

भूकम्पबाट अति प्रभावित १४ जिल्लाको जनजीवन यस वर्षको अन्त्यसम्म पनि सामान्य अवस्थामा पुग्न सकेन भने यसबाट सिर्जित समस्याहरू सम्बोधन हुन नसक्दा त्यस क्षेत्रका जनता आधारभूत अधिकार उपभोग गर्नबाट वञ्चित भइरहे। भूकम्प गएको केही हप्तासम्म राहत वितरण सुगम र बाटोको सुविधा भएका ठाउँमा मात्र केन्द्रित रह्यो। राहत वितरण अनुगमनका क्रममा विश्व खाद्य कार्यक्रमद्वारा वितरित खाद्यान्न गुणस्तरीय नभएको विषयमा इन्सेकको समाचार प्रकाशन भएपछि यस विषयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रवेश पायो। विगतमा उदासीन रहने सरकार यस पटक भने यो विषयमा केही गम्भीर देखियो। व्यवस्थापकीय त्रुटिका कारण भूकम्पपीडित जनताले यस वर्षको अन्त्यसम्म पनि कष्टबाट मुक्ति पाउन सकेनन्। उपलब्ध स्रोत

तालिका १ **सन् २०१५ मा मारिएकाको सङ्ख्या र पीडक पक्ष**



तालिका २ **सन् २०१५ मा मारिएकाको सङ्ख्या**

घटना विवरण	राज्यपक्षबाट	गैरराज्यपक्षबाट	जम्मा
सिमाङ्कन विवादमा भएको आन्दोलन	३४		३४
आपराधिक घटना	३		३
प्रहरी		१०	१०
सर्वसाधारण	१	३५६	३५८
नखुलेको		३	३
जम्मा	३६	३६०	३०६

साधनको समेत समयमै समुचित वितरण हुन सकेन। केन्द्रीय बालकल्याण समितिका अनुसार भूकम्प प्रभावित १४ जिल्लामा मात्र ११ लाखभन्दा बढी बालबालिका र वृद्धवृद्धा चिसोको उच्च जोखिममा बाँच्न बाध्य भए।

भूकम्पको त्रासदी एकापट्टि यथावत् थियो भने संविधान निर्माणकै क्रममा सुरु भएको मधेस आन्दोलन यस वर्षको अन्त्यसम्म जारी रह्यो जसले नागरिकका आधारभूत अधिकारमाथि आघात मात्र पुऱ्याएन, बालबालिका, महिला, शारीरिक अक्षमता भएका नागरिकलाई अझ बढी आक्रान्त तुल्यायो। तराई मधेसमा चार महिनादेखि बन्द भएका विद्यालय यो वर्षको अन्त्यदेखि मात्रै सुचारु भए। यो आन्दोलन पाँच महिनादेखि जारी रहेको र यसक्रममा भएको नाकाबन्दीका कारण अत्यावश्यकीय सामग्री अभावमा नेपालका ३० लाख बालबालिका स्वास्थ्यको उच्च जोखिममा रहेको संयुक्त राष्ट्र सङ्घीय बालकोषको प्रतिवेदनमा उल्लेख छ ।

प्रदेशको सीमाङ्कनको विरोधमा भएको आन्दोलनका क्रममा यस वर्ष एक भारतीय नागरिकसमेत ४९ जनाले ज्यान गुमाउनुपऱ्यो जसमध्ये ६ जना बालबालिका थिए। राज्य पक्षबाट भएको बल प्रयोग र आन्दोलनकारीको अत्यन्त हिंस्रक व्यवहार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आलोच्य रह्यो। राष्ट्रिय मानव अधिकार आयोगले मधेस आन्दोलनका क्रममा राज्य तथा आन्दोलनकारी दुवै पक्षबाट मानव अधिकार उल्लङ्घन गरेको ठहर गर्दै कारबाहीका लागि सरकारलाई आग्रह गरे तापनि यस वर्षको अन्त्यसम्म कारबाही प्रक्रिया अघि बढाइएको छैन।

नेपालको संविधानप्रति असन्तुष्टि जनाउँदै छिमेकी मुलुक भारतले गरेको अघोषित नाकाबन्दीबाट मुलुकमा उत्पन्न सङ्कटका कारण सम्पूर्ण मुलुकको जनजीवन कष्टसाध्य रह्यो। यस

तालिका ३ **सन् २०१५ मा हत्याको सङ्ख्या**



वर्षको अन्त्यसम्म पनि परिस्थिति सहज हुन सकेन। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सरकारबीच पटकपटक भएका वार्ता परिणाममुखी भएनन्।

सन् २०१५ नोभेम्बरमा प्रस्तुत नेपालको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को दोस्रो नागरिक समाजका तर्फबाट प्रस्तुत प्रतिवेदनमा संविधान निर्माणमा भएको अवरोध, भ्रष्टाचार निवारण, वातावरण, महिला बालबालिका तथा द्वन्द्व व्यवस्थापनको विषय प्रमुखरूपमा उठाइएको थियो।

तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको नौ वर्ष पुग्दा पनि सङ्क्रमणकालीन न्यायिक संयन्त्र तयार हुन सकेको थिएन। यस वर्ष बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भयो। गठनको एक वर्ष पुग्न लाग्दा पनि आयोगहरूले कुनै उपलब्धिमूलक कार्य भने गरेको पाइएन।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नियमिततवरले मानव अधिकार अनुगमन गर्दै आइरहेको छ। अनुगमन प्रतिवेदनका रूपमा बर्सेनि मानव अधिकार वर्षपुस्तक सन् १९९२ देखि प्रकाशन हुँदै आएको छ। ७५ वटै जिल्लाका प्रतिनिधिले आफ्ना जिल्लामा नियमित अनुगमन गरी मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेख गर्दै आएका छन्।

सन् २०१५ मा राज्य पक्षको प्रत्यक्ष कार्यबाट मानव अधिकार उल्लङ्घनका घटना कम भएको पाइए पनि राज्यबाट संरक्षण हुन नसकेका कारण नागरिक मानव अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ। यस वर्ष पनि महिला तथा बालबालिका बढी हिंसापीडित भएको पाइएको छ। यसै वर्ष पारित लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक-२०७१, बोक्सीसम्बन्धी (कसुर र सजाय) विधेयक-२०७१ ले यस्ता घटना कमी हुने आशा गर्न सकिन्छ। तीन वर्षदेखि इन्सेकले उपरोक्त कानुन परिमार्जन गर्न मानव अधिकार वर्ष पुस्तकमार्फत सुझाव दिँदै आएको थियो।

यसबाहेक इन्सेक केन्द्रीय कार्यालयले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका मानव अधिकारसँग सम्बन्धित कामकारबाहीको नियमित

तालिका ४ सन् २०१५ मा राज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या (जिल्लागत आधारमा)



अनुगमन र प्रलेखन गर्दै आएको छ। यिनै प्रलेखका आधारमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिन्छ। सन् २०१५ को मानव अधिकार अनुगमन प्रतिवेदनको सार यस आलेखमार्फत् प्रस्तुत छ।

२. संविधान निर्माणमा जनप्रतिनिधिको उच्चतम् समर्थन

जातजाति १ सय २५ र १ सय २३ भाषाभाषी भएको बहुजातीय, बहुसांस्कृतिक धरातलयुक्त नेपाल २०७२ असोज ३ गते अधिकतम जनप्रतिनिधिको समर्थनमा नयाँ संविधान जारी गरेर सङ्क्रमणकालको एउटा अध्याय पार गर्न सफल भयो। सङ्घीयता आवश्यक छैन भन्ने र गणतन्त्रको विपक्षमा रहेका दलसमेतको उपस्थिति रहेको संविधानसभाबाट मतैक्य खोज्नु सम्भवप्रायः हुँदैन। प्रदेश सीमाङ्कन र नामाङ्कनका सम्बन्धमा पनि परस्पर विरोधी विचारधारा संविधानसभामा विद्यमान थिए। यस्तो परिस्थितिबीच अधिकतम सहमति जुटाई प्रशस्त गृहकार्यपछि मात्र संविधान निर्माण सम्भव भयो।

संविधान मस्यौदा समितिले भदौ ६ गते पेश गरेको नेपालको संविधानको परिमार्जित विधेयकमाथि भदौ १० देखि १३ गतेसम्मको बैठकमा छलफल भयो। उक्त विधेयकमाथि भदौ २२ देखि २७ गतेको बैठकमा संशोधनसहितको दफावार छलफल सम्पन्न भई भदौ २७ देखि ३० गतेको बैठकमा नेपालको संविधानको परिमार्जित विधेयक, २०७२ लाई संविधान पारित गर्ने कार्यविधिबमोजिम दुई तिहाईभन्दा बढी मत (५ सय ७) बाट पारित गरियो। यो सङ्ख्या संविधानसभा सदस्यको कुल सङ्ख्याको ८९.७९ प्रतिशत हो। मतदानमा १२० जना आदिवासी जनजाति, ६७ मधेसी, २१ थारू र १४ जना मुस्लिम सभासद् सहभागी थिए।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७० मा संविधानको विधेयक पारित गर्ने प्रक्रियाबमोजिमको संवैधानिक प्रक्रिया अपनाई संविधानको विधेयक पारित गरिएको थियो। संविधानसभाबाट पारित संविधानको विधेयकमा २०७२ असोज १ गते सभासद्हरूबाट हस्ताक्षर

तालिका ५ **सन् २०१५ मा राज्यपक्षबाट मारिएका र गोली प्रहारबाट घाइतेको सङ्ख्या**



सम्पन्न गरी संविधानसभाका अध्यक्षबाट प्रमाणित भयो। राष्ट्रपति डा.रामवरण यादवले २०७२ असोज ३ गते नेपालको संविधान सार्वजनिकीकरण गरे।

२.१. मानव अधिकारप्रति प्रतिबद्ध संविधान

संविधानसभाले २०७२ असोज ३ गते पारित गरेको नेपालको नयाँ संविधानसँगै जनप्रतिनिधिद्वारा संविधान निर्माण गर्ने नेपाली जनताको ६५ वर्ष पुरानो सपना पूरा भयो। नेपालको संविधान २०७२ ले जनतालाई सार्वभौम बनाएको छ। जनताभन्दा माथि कोही छैनन् भन्ने यथार्थ यो संविधानले स्वीकार गरेको छ। यसअघिका संविधानले जनतालाई यो हदसम्मको अधिकार दिएका थिएनन्। यो व्यवस्थालाई संविधानको सबैभन्दा सुन्दर पक्ष मान्न सकिन्छ। संविधान जारी भएसँगै तत्कालीन विद्रोही नेकपा माओवादीले सञ्चालन गरेको दस वर्षे सशस्त्र सङ्घर्ष विधिवत् अन्त्य गरी २०६३ सालमा आरम्भ शान्ति प्रक्रियाको सबैभन्दा महत्वपूर्ण अध्याय पनि समाप्तितर्फ बढेको छ।

कुनै पनि संविधान अपरिवर्तनीय एवम् निर्विवाद हुँदैन। यस संविधानमा कतिपय कमजोरी रहे तापनि यसको दार्शनिक आधार लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घीय र समावेशी छ। जसले एक्काइसौँ शताब्दीको मानव अधिकारमैत्री दृष्टिकोण आत्मसात् गरेको छ। यसलाई विकसित गर्दै जाने प्रशस्त आधार पनि संविधानमै समावेश छन्।

नेपालको संवैधानिक इतिहास हेर्ने हो भने २००४ सालको वैधानिक कानुनदेखि २०६३ सालको अन्तरिम संविधान बहाल रहँदासम्म मूलत: नागरिक तथा राजनीतिक अधिकार मात्र मौलिक हकका रूपमा स्थापित थियो। आर्थिक, सामाजिक अधिकार राज्यको निर्देशक सिद्धान्तका रूपमा मात्रै परिभाषित थिए। नेपालको अन्तरिक संविधान २०६३ को अनुशरण गर्दै यी अधिकारलाई संविधानमा अझ बढी परिमार्जन गरी मौलिक हकलाई संविधानको भाग ३ को धारा १६ देखि ४८ सम्म समावेश गरिएको छ। जनजीविकाको प्रत्यक्ष सरोकार राख्ने यी ३३ वटा धारा कार्यान्वयन हुन सके जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा हुनेछ भने देश समृद्धिको उकालो लाग्नेछ। यसमा सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रता, समानता, सञ्चार, न्याय, पीडित, निवारक नजरबन्दविरुद्धको हक व्यवस्था छ। यसैगरी छुवाछूत तथा भेदभावविरुद्धको हक, सम्पत्ति, धार्मिक स्वतन्त्रता, सूचनाको गोपनीयता, शोषणविरुद्ध, स्वच्छ

तालिका ६ सन् २०१५ मा राज्यपक्षबाट मारिएका बालबालिकाको सङ्ख्या (जिल्लागत आधारमा)



तालिका ७

सन् २०१५ मा महिला तथा बालबालिकामाथि भएका हिंसाका घटनामा पीडित सङ्ख्या



वातावरण, शिक्षासम्बन्धी, श्रम, स्वास्थ्य, खाद्य, आवास, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षालगायत हक सुनिश्चित गरिएको छ।

मौलिक हक संरक्षणको दायित्व अदालतलाई दिइएको छ। यस्ता हक हनन् भएको अवस्थामा सर्वोच्च अदालत र प्रादेशिक उच्च अदालतलबाट उपचार प्राप्त गर्ने प्रावधान राखेर न्याय सहज पहुँचको अवधारणालाई व्यावहारिक बनाएको छ भने सीमा तोकेर जिल्ला अदालतलाई पनि जिम्मेवारी प्रदान गरेको छ।

विभिन्न वर्ग तथा समुदायको हकहितप्रति संविधान अत्यन्त संवेदनशील बन्दै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, समावेशी आयोग, जनजाति आयोग, मधेसी आयोग, मुस्लिम आयोग, थारू आयोग जस्ता आयोगको प्रावधान राखेर बहुजातीय नेपालको भावना समेटेको छ।

नेपाल मानव अधिकारसम्बन्धी २३ वटा दस्तावेजको पक्षराष्ट्र रहेको छ। यी सन्धि/सम्झौता कार्यान्वयन गर्न राज्यलाई संवैधानिक जिम्मेवारी प्रदान गरेर मानव अधिकारको प्रवर्धनप्रति सचेत रहेको स्पष्ट पारेको छ। पैतृक सम्पत्तिमा लैङ्गिक विभेद गर्न नपाइने, धर्म निरपेक्षता, भाषिक अधिकार जस्ता प्रावधानले संविधानलाई प्रगतिशील तुल्याएको छ।

२.१.२ समावेशिताको प्रत्याभूति

बहुजातीय, बहुभाषिक एवम् बहुसंस्कृतियुक्त नेपालका कुनै पनि समुदाय कुनै पनि अवसरबाट वञ्चित हुन नपरोस् भनेर संविधानमा समावेशितालाई महत्व दिइएको छ। संविधानको धारा २६७ बमोजिम नेपाली सेनामा मधेसी समुदायलगायत अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व अनिवार्य गरिनु समावेशिताको उदाहरण हो। संवैधानिक निकाय पदाधिकारी चयन गर्दा समावेशिताका आधारमा गर्नुपर्ने प्रावधान धारा २८३ मा छ। कुनै पनि राजनीतिक दलमा खास जाति वा समुदायविशेषको बाहुल्य कायम नरहोस् भन्ने हेतुले धारा २६९ ले समावेशी सिद्धान्त बाध्यात्मक पारिएको छ। सरकारी सेवादेखि राजदूत नियुक्तिमा समेत समानुपातिक समावेशी प्रतिनिधित्व गराइने प्रत्याभूति यस संविधानले गरेको छ।

यसैगरी राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट तीन महिला, एक दलित र एक अपाङ्गता भएको व्यक्तिसहित पिछडिएको क्षेत्रका व्यक्तिसहित आठ जनाको प्रतिनिधित्व गराउने व्यवस्था धारा ६६ को उपधारा २ मा छ।

तालिका ८ **सिमाङ्कनको विरोधमा भएको आन्दोलनमा मारिएकाको सङ्ख्या (जिल्लागत आधारमा)**



संविधानले 'समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिँदा जनसङ्ख्याका आधारमा महिला, दलित, आदिवासी र जनजाति, खस-आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने' व्यवस्था गरेको छ। ५६ जना निर्वाचित र तीन मनोनित गरी ५८ सदस्य हुने राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने व्यवस्था पनि छ। राष्ट्रिय सभामा सात ओटै प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित, शारीरिक अपाङ्गता भएका वा अल्पसङ्ख्यक एक जना गरी आठ जना सदस्य निर्वाचित हुने व्यवस्था छ।

राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुनेछन्। सरकारले सिफारिस गरेकामध्येबाट कम्तीमा एक महिलासहित तीन जनालाई राष्ट्रपतिले राष्ट्रिय सभा सदस्य मनोनित गर्नेछन्।

शासकीय स्वरूपमा संविधानले 'बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली' हुने प्रावधान राखेको छ। राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछन्। राष्ट्रपति तथा उपराष्ट्रपतिमा पनि समावेशी सिद्धान्तअनुसार फरक फरक लिङ्ग वा फरक फरक जातिको हुनुपर्ने व्यवस्था छ। राज्यका विभिन्न निकाय र सार्वजनिक सेवामा समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चितता, पछाडि पारिएका जातीय समूहलगायत थुप्रै सामाजिक समूहलाई अधिकार सम्पन्न गराउने विषयमा पनि संविधान उदार देखिएको छ।

तालिका ९ सन् २०१५ मा मानव अधिकार उल्लङ्घनमा पीडितको सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	६८	२७५	२३	७०	६६	५०२
बेपत्ता		१				१
बालअधिकार	२३३	३००	१६४	९४	४७	८३८
अमानवीय व्यवहार	५	३	१	४		१३
आर्थिक/सामाजिक/ साँस्कृतिक अधिकार	१	३	४	११	१	२०
अपहरण	३	३	१			७
महिलाअधिकार	८७९	१४७९	२४६	५७२	३७१	३५४७
भेला/सङ्गठित हुने अधिकार	१३४	३६३	४०	१५०		६८७
जातीय विभेद	१७	८	१	८	१३	४७
गिरफ्तारी/यातना	९	४७	२	४४	१३	११५
हिरासत वा थुनामा मृत्यु		१				१
कुटपिट	९४	६३	२०	३९	७	२२३
धम्की	५	२४	६	११	३	४९
हत्या	७३	११८	४९	३४	३३	३०७
जम्मा	१५२१	२६८८	५५७	१०३७	५५४	६३५७

साथै, मधेसी, थारू, मुस्लिम, आदिवासी जनजातिका लागि छुट्टाछुट्टै आयोग बनाइने प्रवाधान संविधानमा छ। यसैगरी सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषाको प्रयोग भए पनि प्रादेशिक सरकारले सो प्रदेशको भाषालाई पनि कामकाजी भाषा बनाउन सक्नेछ। आमाको नामबाट सन्तानले नागरिकता पाउने, गैरआवासीय नेपालीले मताधिकारवाहेकको अधिकार प्राप्त गर्ने गरी नागरिकता पाउने व्यवस्था संविधानले गरेको छ। संविधानले नेपालको विविधतायुक्त समाजका बढी प्रतिनिधित्व सुनिश्चित गरेर समावेशी सिद्धान्त अँगाल्दै अनुपम उदाहरण प्रस्तुत गरेको छ।

२.३ सङ्घीयता : अझै विवादित विषय

नेपालमा सङ्घीयताको अवधारणा २०१० सालमा गठित तराई काङ्ग्रेसले पहिलो पल्ट अघि सारेको थियो। उसले हिमाल, पहाड र तराई गरी तीन प्रान्तको प्रस्ताव गरेको थियो। यसपछि सद्भावना पार्टीका संस्थापक गजेन्द्रनारायण सिंहले नेपालमा सङ्घीयताको आवश्यकता औंल्याएका थिए। उनले पूर्वी पहाड, पूर्वी तराई, उपत्यका, पश्चिम पहाड र पश्चिम तराई गरी पाँचवटा प्रान्तको वकालत गरेका थिए। उनले जातीय आधारमा प्रान्त कल्पना गरेका थिएनन्। यसको २५ वर्षपछि पुनः सङ्घीयताले नेपालको राजनीतिमा प्रवेशमात्र पाएन, जातीय राज्यहरूको समेत माग हुन थाल्यो।

तत्कालीन विद्रोही नेकपा माओवादीले स्वायत्त जातीय प्रदेशको विषय सङ्गठन विस्तारका लागिमात्र गरेको थियो भन्ने कुरा २०६२/२०६३ को जनआन्दोलन, २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता र सात राजनीतिक दल र नेकपा माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीमा सङ्घीयता उल्लेख नभएबाट स्पष्ट हुन्छ । २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भएलगत्तै सानो समूहमा रहेको मधेसी जनअधिकार फोरमले काठमाडौंमा संविधान जलायो। यहींबाट

तालिका १० सन् २०१४ मा मानव अधिकार उल्लङ्घनमा पीडितको सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
घाइते	३०	३०	३३	३६	३	१०३
बालअधिकार	३९०	३६८	१८४	१३९	६९	९४०
अमानवीय व्यवहार	९	३	१	७	१	३१
आर्थिक/सामाजिक/ साँस्कृतिक अधिकार	३	१	४			८
अपहरण	१३	१७	३	३	५	३८
महिलाअधिकार	१००१	११४०	४९४	५४५	३४५	३५३५
भेला/सङ्गठित हुने अधिकार	३५	४१	१६			९३
जेलमा मृत्यु	१				३	४
जातीय विभेद	३८	१४	१३	१४	१९	८८
गिरफ्तारी/यातना	८	७	५	४४	७	७१
हिरासत वा थुनामा मृत्यु	१	१				३
कुटपिट	३५	३९	५	४१	३३	१३३
धम्की	१९	१४	११	१३		५७
हत्या	१०७	११५	४१	३७	१८	३०८
जम्मा	१५६९	१६८०	७९९	८४८	४९३	५३८९

आरम्भ भएको आन्दोलन विस्तारै मधेसका १४ जिल्लामा फैलियो। राज्यका सबै अङ्ग र निकायमा मधेसी समुदायको समानुपातिक समावेशी सहभागिता र सङ्घीयताको माग रहेको आन्दोलन २२ बुँदे सहमतिमा टुङ्गियो। सोही सहमतिअनुरूप अन्तरिम संविधानमा गरिएको संशोधनले नेपाल सङ्घीय शासन प्रणालीमा जाने सैद्धान्तिक आधार प्रदान गरेको थियो।

नेपालजस्तो सानो मुलुकले सङ्घीयता थेग्न सक्दैन भन्ने ठूलो जनमत हुँदाहुँदै पनि यो विषयलाई थाती राखेर संविधान घोषणा गर्न सम्भव थिएन। चार ठूला राजनीतिक दलले जेठ २५ गते गरेको १६ बुँदे समझदारीमा आठ ओटा सङ्घीय प्रदेश रहने र सीमाङ्कनको विषय सङ्घीय आयोगमार्फत टुङ्ग्याउने उल्लेख थियो। तर संविधानको मस्यौदामाथि भएको सुझाव सङ्कलनका क्रममा नयाँ संविधान सीमाङ्कनसहित आउनुपर्ने राय जनताबाट प्राप्त भयो। अर्कोतर्फ तराई मधेसकेन्द्रित राजनीतिक दलले सङ्घीयताबिनाको उधारो संविधान स्वीकार नगर्ने भन्दै आन्दोलन थालेका कारण ती ठूला राजनीतिक दलले सीमाङ्कनसहितको ६ प्रदेशको खाका साउन २३ गते सार्वजनिक गरे।

थारू बाहुल्य बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरलाई थरुहट घोषणा गर्नुपर्ने माग निकै अघिदेखि उठेको भए पनि यसतर्फ राजनीतिक दलहरूको ध्यान जान सकेको देखिएन। अखण्ड सुदूरपश्चिमको माग गरिरहेका जनता कैलाली र कञ्चनपुर आफ्नो प्रदेशमा आएकामा जति खुसी थिए त्योभन्दा बढी थारूहरू रुष्ट भए। ६ प्रदेशको खाका सार्वजनिक हुनेबित्तिकै सुर्खेत, जुम्ला, कालिकोटलगायत जिल्लामा भएका आन्दोलनका क्रममा चार जना प्रहरीको गोलीबाट मारिए। आन्दोलनका माग सम्बोधन गर्ने भन्दै राजनीतिक दलहरूले यसअघि घोषणा गरिएको ६ प्रदेशको खाका

तालिका ११ **सन् २०१५ मा मधेस आन्दोलनमा राज्यपक्षबाट पीडित सङ्ख्या (घटनाका आधारमा)**



परिमार्जन गरी सात प्रदेश बनाउने निर्णय गरे। पहाडका जनताको माग पूरा गर्ने तर आफ्ना मागप्रति भने ठूला राजनीतिक दलबाट बेवास्ता गरिनुले आफूहरू हेपिएको भन्दै मधेसी मोर्चा र थरुहटका नेता/कार्यकर्ता असन्तुष्ट भए।

मधेसी मोर्चाको 'एक मधेस, दुई प्रदेश' हुनैपर्ने माग र त्यो माग सम्बोधन गर्दा आउन सक्ने परिणाम ख्याल गरेर हुनसक्छ, ठूला राजनीतिक दलले राजनीतिक समिति बनाइ तीन महिनाभित्र सीमाङ्कन टुङ्गो लगाउने प्रस्ताव गरे। मधेसमा दुई प्रदेश कायम हुनुपर्ने निर्णय गर्दा झापा, मोरङ र सुनसरीका जनताको अभिमत बुझिएन भने त्यसबाट नकारात्मक परिणाम आउने राजनीतिक दलका नेताले बताइरहे।

एकातिर यी तीन जिल्लालाई अहिलेको दुई नम्बर प्रदेशमा गाभ्नुपर्ने माग आन्दोलनरत मधेसी मोर्चाको छ भने अर्कोतर्फ उनीहरूको माग पूरा गर्ने नाममा आफूहरूलाई दुई नम्बरमा घँचेटिए त्यसको परिणाम नराम्रो हुने चेतावनी तीनै जिल्लाबाट विभिन्न कार्यक्रममार्फत लगातार आइरहेको पनि छ। तराई मधेसबाटै प्रतिनिधित्व गर्ने विजयकुमार गच्छदारको दलले आन्दोलनरत मधेसी मोर्चाको मागविपरित तराईमा तीन प्रदेशको वकालत गरिरहेको छ। यिनै विविधखाले अलमलबीच यस वर्षको अन्त्यसम्म पनि सङ्घीयताको विषयमा स्पष्ट धारणा बन्न सकेको छैन।

३. भूकम्पपश्चात् पुनर्निर्माण र पुनर्स्थापना

मध्य नेपालको पहाडी क्षेत्रमा २०७२ वैशाख १२ र २९ गतेको भूकम्प र त्यसपछिका परकम्पका कारण ठूलो जन-धनको क्षति भयो। राष्ट्रिय योजना आयोगले भूकम्पका कारण ६ खर्ब बराबरको भौतिक क्षति भएको र पुनर्निर्माणका लागि ६ खर्ब ६६ अर्ब लाग्ने अनुमान प्रक्षेपण गऱ्यो। सोहीअनुसार भूकम्पका कारण भएको भौतिक क्षति पुनर्निर्माणका लागि सरकारले दाता सम्मेलन आयोजना गऱ्यो। सम्मेलनबाट ४ खर्ब २० अर्ब आर्थिक सहयोगको प्रतिबद्धता जुटेको थियो। त्यसमध्ये २ खर्ब २० अर्ब अनुदान र त्यति नै रकम सहुलियत ऋण उपलब्ध गराउने प्रतिबद्धता त्यस अवसरमा प्राप्त भयो।

भूकम्पले पुऱ्याएको मानवीय क्षति

मृतकको सङ्ख्या	घाइतेको सङ्ख्या
८८५६	२२३०५

स्रोत : नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टल, नेपाल सरकार

पुनर्निर्माण प्राधिकरण विधेयक र कार्यकारी प्रमुख नियुक्तिले समयमै पूर्णता भने पाउन सकेन। सरकारको ढिलासुस्तीले पुनर्निर्माण प्राधिकरण ऐन र प्राधिकरणका कार्यकारी प्रमुख नै निष्क्रिय बन्न पुगे। भूकम्पको करिब २ महिनापछि असार ६ गते अध्यादेशमार्फत भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माण अगाडि बढाउन प्रधान मन्त्री अध्यक्ष रहेको पुनर्निर्माण प्राधिकरण गठन त भयो तर सत्तासाझेदार दल काङ्ग्रेस र एमालेबीचको विवादका कारण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त हुन अर्को डेढ महिना कुर्नुपऱ्यो। बल्ल साउन २८ गतेमात्रै प्राधिकरणले राष्ट्रिय योजना आयोगका अध्यक्ष डा. गोविन्द पोखरेललाई प्रमुख कार्यकारीका रूपमा पायो। प्राधिकरणले काम अघि बढाउने क्रममा भदौ ८ गतेको पहिलो बैठकबाट भूकम्प प्रभावित ३१ जिल्लामा प्राधिकरणको कार्य क्षेत्र तोकिदिन सरकारलाई सिफारिस गर्ने निर्णय गरेको थियो। यिनै आरोह-अवरोधबीच दुई महिनाभित्र संसद्बाट पास गराउनुपर्ने पुनर्निर्माण प्राधिकरण विधेयक संसद्मा प्रवेश नै नगर्दा प्राधिकरण स्वत: निष्क्रिय बन्न पुग्यो। कार्यकारी प्रमुखले पनि निरन्तरता पाउन सकेनन्।

भूकम्पले पुऱ्याएको क्षति

क्षतिको मात्रा	सरकारी भवन	निजी घर	स्वास्थ्य भवन	कक्षा कोठा (विद्यालय)
पूर्ण क्षति	२६७३	६०२२५७	५०३	१५७०८
आंशिक क्षति	३७५७	२८५०५५	४६०	११०४६

स्रोत : नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टल, नेपाल सरकार

संविधान घोषणापछि गठित सरकारले गरेका काममा पुनर्निर्माण प्राधिकरण विधेयक पारित हुनु र कार्यकारी प्रमुख नियुक्त गर्नु सकारात्मक पक्ष रहे। यसैगरी भूकम्प पीडितलाई न्यानो कपडाका लागि १० हजार रुपियाँ उपलब्ध गराउने सरकारी निर्णय पनि सकारात्मक रह्यो तर यो घोषणा कार्यान्वयन हुन पनि एक महिना लाग्यो। यस्तो सहयोग सबै पीडितले पाउन नसकेका खबर पनि सञ्चारमाध्यमले सार्वजनिक गरे।

यस अघि भूकम्पका कारण भएको मानवीय तथा भौतिक क्षतिबाट पीडित जनतालाई सरकारले तत्काल २५ हजार रुपियाँ राहत दिने घोषणा गरे पनि सुरुमा १५ हजार रुपियाँमात्र प्रदान गरेको थियो। मृतकको काजकिरियाका लागि ४० हजार र पीडित परिवारलाई १ लाख रुपियाँ पनि सरकारले उपलब्ध गराएको थियो। अव्यवस्थित वितरण प्रणाली र राहत वितरणमा संलग्नहरूको मनोमानीले पीडितले राहत समानुपातिकरूपमा पाउन सकेनन्। कतिपय संस्थाले वितरण गरेका खाद्यान्न कुहिएको समेत पाइएको थियो भने कतिपय खाद्य सामग्री समयमै वितरण नहुँदा पनि कुहिए।

विपद् व्यवस्थापनसम्बन्धी विभिन्न नीति तथा निर्देशिकाले पनि विपद् व्यवस्थापनमा सबै समुदायको सहभागिता सुनिश्चित गरेको छ। विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६७ ले लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई आफ्नो मुख्य मार्गनिर्देशक सिद्धान्त स्वीकारेको छ। प्राथमिकता प्राप्त क्रियाकलाप ४(२१)ले समाजका सीमान्तकृत तहका समूहलाई विपद् व्यवस्थापनमा प्राथमिकता दिने रणनीति लिएको छ। तर विपद् व्यवस्थापनका काममा स्थानीय समुदायलाई समेट्न नसकिएका कारण पीडितलाई समयमा सहयोग पुग्न सकेन।

४. तराई-मधेसकेन्द्रित आन्दोलन तथा अधिकारको प्रश्न

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको बैठकले २०७२ भदौ १ गतेदेखि तराईका २२ जिल्ला अनिश्चितकालीन बन्द गर्ने घोषणा गरेसँगै सुरु भएको मधेस आन्दोलन वर्ष सकिइसक्दा पनि जारी रह्यो। २०६४ फागुन ४ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र संयुक्त लोकतान्त्रिक मधेसी

तालिका १२

सन् २०१५ मा परिवारजनबाट मारिएका महिला सङ्ख्या



मोर्चाबीच भएको ८ बुँदे सहमति कार्यान्वयनको माग गर्दै मधेसी मोर्चाले थालेको आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिइरहेको छ। यी माग पूरा नहुञ्जेल आन्दोलनका कार्यक्रम जारी रहने उनीहरूले बताएका छन्। आन्दोलनलाई सशक्त बनाउने नाममा मोर्चाले मिल्ने/नमिल्ने सबैखाले रणनीति अपनाएको उसकै निर्णयहरूले पुष्टि गर्छन्। भदौ २ गते बसेको मोर्चाको बैठकले आन्दोलनलाई थप सशक्त बनाउन मधेसी जनतालाई आन्दोलनमा सहभागी हुन प्रेरित गर्ने उद्देश्यले 'थरूहट र मधेस आन्दोलनका क्रममा मृत्यु भएमा उनीहरूका परिवारलाई आन्दोलनपछि गठन हुने प्रादेशिक सरकारले ५० लाख रुपियाँ दिने र मृतकका सन्तानलाई निःशुल्क शिक्षादीक्षाको व्यवस्था गर्ने' निर्णय गरेको थियो। मोर्चाका नेताले कैयौँ ठाउँका सभामा घरेलु हतियार र लाठीसहित निस्कन र सरकारी कार्यालय, सुरक्षाकर्मी तथा विरोधी पक्षविरुद्ध जाइलाग्न हौस्याइरहे। टीकापुर हत्या घटना यसको ज्वलन्त प्रमाण बन्यो। यस्तै उक्साहटपूर्ण निर्णयहरू पनि आन्दोलनबाट देशभर बढी क्षति गराउने कारण बने।

असोज ३ गते नेपालको संविधान २०७२ जारी भएपछि मधेसकेन्द्रित दलले संविधान जलाउनुका साथै आन्दोलनका कार्यक्रमलाई थप सशक्त पार्ने निर्णय गरे। यसक्रममा उनीहरूले भारतबाट मालसामान तथा पेट्रोलियम पदार्थ भित्रने प्रमुख भन्सार नाकामा धर्ना बसेर अवरोध गरे। आन्दोलनका कारण तराई मधेसका कलकारखाना, यातायात, व्यापार व्यवसाय ठप्प भए। मुलुकका अन्य भाग पनि उत्तिकै प्रभावित भए। नेपालको संविधान जारी भएपछि 'नेपालमा नयाँ संविधान जारी भएको सूचना पाएको' भन्ने वक्तव्य प्रकाशन गरी भारतले असन्तुष्टि पोखिसकेको थियो। त्यसलगत्तै आफ्ना मालबाहक सवारी साधनको असुरक्षा भएको भन्दै भारतले अघोषितरूपमा नाकाबन्दी गर्न थाल्यो। भारतले नेपालको संविधानमा सात बुँदामा परिवर्तन चाहेको भनी 'हिन्दू' पत्रिकाले बुँदासहित समाचार प्रकाशन गऱ्यो। तर संयुक्त राष्ट्रसङ्घका महासचिव वान की मुनले भने सेप्टेम्बर २७ मा विज्ञप्ति जारी गरी नेपालको संविधान 'शान्ति प्रक्रियाको कोशेढुङ्गा' रहेको बताए।

नयाँ संविधान कार्यान्वयनको चरण सुरु हुँदा/नहुँदै मधेस आन्दोलनलाई सम्बोधन गर्न भन्दै संविधान जारी भएको चार महिनामै संविधानमा पहिलो संशोधन गरियो। तर आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले यसमा सहमति जनाएन। मधेसी मोर्चाले उठाएका प्रमुख मागमध्येको राज्यका निकायमा समावेशी समानुपातिक प्रतिनिधित्व र जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्रको सवाललाई

तालिका १३

भूकम्पका कारण मृत्यु भएकाहरूको तथ्याङ्क नक्सामा

संशोधन गर्न समानुपातिक समावेशीसम्बन्धी धारा ४२ र निर्वाचन क्षेत्रसम्बन्धी धारा ८४ र २८६ संशोधन गरिएको छ तर आफूले उठान गरेका मागमध्येकै भए पनि यो संशोधित व्यवस्था आन्दोलनरत मधेसी दलले स्वीकारेनन्। मधेसी मोर्चाको माग सम्बोधन गर्न संविधान संशोधन गरिएको र संशोधनले सम्बोधनसमेत गरेको दाबी प्रमुख तीन दल नेपाली काङ्ग्रेस, एमाले र एमाओवादीले गरेका छन्। तर मोर्चा बैठकले भने जबर्जस्ती संविधान जारीकै शैलीमा एकतर्फीरूपमा गरिएको संशोधनले आफ्ना माग सम्बोधन नगरेको भन्दै आन्दोलनका कार्यक्रमलाई निरन्तरता दियो। संविधान संशोधन गरिनुपर्ने उनीहरूको माग हाल आएर 'संविधान पुनर्लेखन' तिर मोडिएको छ। त्यसो त आन्दोलनरत मधेसी मोर्चाले पटकपटक एकपछि अर्को माग र धारणा फेर्दै आएको देखिएको छ भने मोर्चाभित्रका नेताहरूकै पनि आफ्ना माग र अडानबीच एकरूपता र स्पष्टता दुवै देखिन्न।

एक मधेस दुई प्रदेश हुनुपर्ने, राज्यका हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र हुनुपर्ने माग गर्दै साउन ३१ देखि मधेसमा आमहड्ताल र असोज ६ देखि सीमा नाकामा धर्ना कार्यक्रमलाई निरन्तरता दिइरहेको मोर्चाले आफ्नो सम्पूर्ण मागको 'प्याकेज' मै सम्बोधन हुनुपर्ने अडान दोहोऱ्याउँदै आएको छ। मधेसी मोर्चाका मुख्य मागमध्ये सीमाङ्कनको विषयमा पुनर्विचार गर्न मुख्य राजनीतिक दलहरू सहमत भइसकेका छन्। आयोग बनाएर तीन महिनाभित्र यसको छिनोफानो लगाउने प्रस्ताव सत्तासीन दलहरूबाटै आउनु भनेको उनीहरू यस विषयमा सकारात्मक हुनु हो तर मोर्चाका नेताले यसलाई स्वीकार नगर्दा समस्या खुम्चनसमेत सकेन।

मोर्चाको अर्को माग राज्यका सबै अङ्गमा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्नुपर्छ भन्ने हो। १ सय २५ जात जाति र १ सय २३ भाषा भाषी भएको यो मुलुकमा सबै निकायमा सबैलाई सहभागी बनाउने सम्भावना नै हुँदैन। तर पनि न मधेसी मोर्चा न त अन्य दल, यो मागबारे घोत्लिएर सोच्ने अवस्थामै छैनन्। उदाहरणका लागि पाँच सदस्य हुने निर्वाचन आयोगमा कसरी यी सबैलाई भाग पुऱ्याउन सकिन्छ भन्नेबारे बहस नै नगरी यो माग उचालिरहने र होमा हो मिलाउनेहरूका कारण पनि समस्या लम्बिँदै गएको छ।

जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण मोर्चाको अर्को मुख्य माग हो। उनीहरूका माग मान्दा मुलुकका ६ जिल्ला सांसद्विहीन हुने

तालिका १४ **सन् २०१५ मा बालबालिका पीडित सङ्ख्या (घटनाका आधारमा)**



अवस्था विज्ञहरूले सार्वजनिक गरिसकेका छन्। अर्कोतर्फ भूगोललाई पनि आधार मान्दा समाधान हुन सक्ने यो मागबारे पनि मोर्चा लचिलो हुन तयार छैन। यसैगरी मोर्चाभित्रै अङ्गीकृत नागरिकताधारीलाई राष्ट्र प्रमुखदेखि प्रधानमन्त्रीसम्म बन्ने अधिकार दिनुपर्ने माग पनि दरिलोसँग उठेको छ जबकि विश्वका कुनै पनि देशमा अङ्गीकृतलाई यस्तो व्यवस्था नभएको संविधानविद् बताउँछन्। यदि वंशज र अङ्गीकृतको अधिकार उत्ति नै हुन्थ्यो भने नागरिकतासँग अङ्गीकृत शब्दै किन जोडिन्थ्यो र ? तर मोर्चा यसमा पनि बुझ पचाइरहेको छ जसले गर्दा मुलुक सकसमा बाँच्न विवश छ।

एकातिर आन्दोलनरत मधेसी मोर्चाका नेताहरू अघिल्लो संविधानसभाले गठन गरेको राज्य पुनर्संरचना सुझाव आयोगले दिएको प्रतिवेदनअनुसार सङ्घहरू निर्माण हुनुपर्ने माग गरिरहेका छन् र त्यो प्रतिवेदन लागु गनुपर्ने आधारमा 'बहुमत' ले सकारेको तर्क पेश गरिरहेका छन्। तर यसरी बहुमतलाई मान्नुपर्ने तर्क गर्ने मोर्चाका नेताहरू बहुमत हैन, दुई तिहाईले पारित संविधानमा भने 'सङ्ख्या प्राविधिक कुरा हो' भन्दै पन्छने गरेका छन्। त्यसैगरी निर्वाचन क्षेत्र निर्धारणचाहिँ जनसङ्ख्या बढी भएका आधारमा गर्नुपर्छ भन्ने उनीहरू बढी जनसङ्ख्याले नमानेकै आधारमा मुलुकलाई धर्म निरपेक्ष बनाउन नहुनेमा चाहिँ सहमत हुँदैनन्। अझ खतरनाक कुरा त संविधानसभाले बनाएको संविधान आन्दोलनले 'पुनर्लेखन' गराउन बाध्य पार्ने मनशाय हो जसले मुलुकमा पुनः अर्को द्वन्द्व निम्त्याउने सम्भावना रहन्छ।

मोर्चाको आन्दोलनकै कारण तराई मधेसका कलकारखाना, यातायात, व्यापार व्यवसाय ठप्प भए। यो वर्षको अन्त्यसम्म मधेसी मोर्चाको सीमा अवरोध कायम रह्यो भने सीमा अवरोध कायम रहेको बहानामा रक्सौल नाकाबाट भारतले आपूर्ति निर्यातमा गरेको अवरोध कायम रह्यो। देशको ७० प्रतिशत इन्धन तथा अन्य सामग्री आयात हुने बीरगञ्ज नाका बन्द गरिँदा देशभरका जनताले अत्यावश्यक वस्तुको अभाव झेल्नुपऱ्यो। अन्य नाकाबाट पनि सहज आपूर्तिमा व्यवधान खडा गरियो। खासगरी खाना पकाउने ग्यास र मुलुकको जीवनरेखा मानिने पेट्रोलियम पदार्थ आउन नदिने भारतीय रणनीतिको प्रभाव सत्ता सञ्चालकभन्दा बढी जनस्तरमा पऱ्यो जबकि भारतले यसबाट सत्तासीनलाई दबाब पार्ने सोचेको थियो।

तालिका १५ **सन् २०१५ मा बलात्कारपछि हत्या घटनामा पीडित सङ्ख्या (जिल्लागत आधारमा)**



प्रमुख राजनीतिक दलहरूबीच जेठ २८ गते भएको १६ बुँदे सहमति कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गऱ्यो। विजयकान्त कर्णलगायतले दायर गरेको रिटमा सर्वोच्चका न्यायाधीश गिरिशचन्द्र लालको असार ४ गतेको एकल इजलासले अन्तरिम संविधानको धारा १, ८२ र १३८ विपरीत हुने कुनै पनि काम नगर्न अन्तरिम आदेश दिएको थियो। १६ बुँदे सहमतिमा उल्लेख गरिएका केही बुँदा गैरकानुनी भएकाले नेपालको अन्तरिम संविधानको व्यवस्था विपरीत कुनै कार्य नगर्न र अर्को आदेश नभएसम्मका लागि सहमति जुन अवस्थामा छ त्यही राख्न सर्वोच्चले निर्देश गरेको थियो। सर्वोच्चको आदेशको पालना गर्ने नगर्ने भन्ने बारेमा चर्चा परिचर्चा भए पनि संविधान निर्माण प्रक्रिया अगाडि बढाउन प्रमुख दलहरू सहमत भए।

४.१. मधेस आन्दोलनका मुख्य घटनाक्रम

कैलालीको टीकापुरमा साउन २८ गते थारू सङ्घर्ष समितिद्वारा आयोजित सभामा सङ्घीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, सद्भावनाका अध्यक्ष राजेन्द्र महतो र काङ्ग्रेस सभासद् अमरेशकुमार सिंहले उत्तेजक भाषण गरेका थिए। सो सभामा बोल्दै सिंह र महतोले प्रहरीविरुद्ध घरेलु हतियारसहित आक्रमण गर्न आह्वान गरेका थिए। यसपछि टीकापुरमा भदौ ७ गते भएको घटनामा प्रदर्शनकारीको आक्रमणमा परी आठ सुरक्षाकर्मी र एक नाबालकको मृत्यु भयो।

सुनौलीमा सामान किन्न गएका तिलोत्तमा नपा-११ का ३३ वर्षीय कृष्णबहादुर बिष्ट क्षत्रीलाई मधेसी मोर्चाका कार्यकर्ताले भारतीय प्रहरीकै अगाडि खुँडा प्रहार गरी हत्या प्रयास गरे। 'मऱ्यो' भन्दै दशगजामा ल्याएर फालिएका उनलाई नेपाल प्रहरीले उद्धार गरी उपचारका लागि भैरहवास्थित मेडिकल कलेजमा लगेको थियो। सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले भारतबाट कुनै पनि सामान नेपाल छिर्न नदिने बताएपछि मोर्चाका कार्यकर्ता हिंस्रक बनेका थिए। यसअघि उनले पटकपटक काठमाडौँलाई 'दाना/पानी' बन्द गर्ने धम्की दिएका समाचार प्रकाशनमा आएका थिए।

तालिका १६ **सन् २०१५ मा ६० वर्षभन्दा माथिका पीडित सङ्ख्या (घटनाका आधारमा)**



मधेसी मोर्चाका कार्यकर्ताले तराई मधेसका जिल्लामा विभिन्न घरेलु हतियारसहित प्रदर्शन जारी राखे। यस्ता प्रदर्शनका क्रममा उनीहरूले भाला, तरबारलगायतका धारिला हतियार प्रदर्शन गर्ने गरेका थिए। मानव अधिकार आयोगले विज्ञप्ति जारी गरी घरेलु हतियार प्रदर्शन नगर्न मधेसी मोर्चाका कार्यकर्तालाई आग्रहसमेत गरेको थियो तर मधेसी मोर्चाले तराई मधेसमा घरेलु हतियारसहित हिँड्नु स्थानीय संस्कृति भन्दै हतियारसहितको जुलुस शान्तिपूर्ण रहेको तर्क प्रस्तुत गऱ्यो।

मधेसमा जारी आन्दोलनका कारण लाखौँ विद्यार्थी पढ्न पाउने अधिकारबाट वञ्चित भए। विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिएको भए पनि आन्दोलनकारीले विज्ञप्ति नै जारी गरेर स्कुल बन्द गर्न चेतावनी दिएपछि विद्यालय सुचारु हुन सकेनन्। केन्द्रीय बालकल्याण समितिले २०७२ भदौ २७ गते विज्ञप्ति जारी गरी मधेस आन्दोलका क्रममा बालबालिकाको प्रयोग भएकामा चिन्ता व्यक्त गऱ्यो।

मधेसमा सरकारी कार्यालय खाली गर्ने मधेसी मोर्चाको घोषणासँगै त्यहाँका सरकारी कार्यालयको बोर्ड हटाई 'मधेस सरकार' को बोर्ड टाँसिए। सानो सङ्ख्यामा प्रहरी रहेका रौतहट, महोत्तरी, बारा, पर्सा, सर्लाही, धनुषा, सप्तरी र सिरहाका इलाका प्रहरी कार्यालय र प्रहरी कार्यालयमा मधेसी मोर्चाका कार्यकर्ताले आक्रमण थालेपछि ती कार्यालय जिल्ला प्रहरी कार्यालयमा गाभ्नुपर्ने अवस्था सिर्जना भयो। गाउँमा प्रहरी कार्यालय नभएपछि अपराधका घटनामा बढोत्तरी भएको स्थानीयले गुनासो गरे। विस्थापित प्रहरी कार्यालय यस वर्षको अन्त्यसम्म पुनर्स्थापित भइसकेका छैनन्।

मधेस आन्दोलनकारीको निशानामा एम्बुलेन्ससमेत परे। १३ भन्दा बढी एम्बुलेन्स तोडफोड गरिए। महोत्तरीमा बिरामी बोकेर अस्पताल जाँदै गरेको एम्बुलेन्स मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गर्नुका साथै बिरामी सशस्त्र प्रहरी हवल्दार थमनबहादुर बिकेलाई एम्बुलेन्सबाटै निकालेर हत्या गरे। एम्बुलेन्स, औषधि बोकेका तथा अत्यावश्यक सेवाका गाडी र मानव अधिकारकर्मीका गाडीलाई अवरोध नपुऱ्याउने बताए पनि त्यस्ता सवारी साधन लगातार मोर्चा कार्यकर्ताको निशानामा परे। औषधि बोकेको ट्रक वीरगञ्जमा आगजनी गरे। मोर्चा कार्यकर्ताको आक्रमणको तारो मानव अधिकार आयोगको अनुगमन टोलीसमेत भयो। सर्लाहीको अनुगमनमा गएका आयोगका कर्मचारी चढेका गाडी मोर्चाका कार्यकर्ताले जलाउनुका साथै अनुगमनकर्ता

तालिका १७ **सन् २०१५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरका आधारमा)**

उमेर समूह	१८-२३	२४-२९	३०-३५	३६-४१	४२-४६	४८-५३	५४-५९	६०-६५	६६-७१	७२+	जम्मा
घरेलु हिंसा	७०९	८३०	६६६	३५०	११४	६०	३९	३६	११	१३	२७०७
कथित बोक्सीको आरोप	३	२	११	७	१०	४	५	३	३	३	५१
बहुविवाह	७४	११३	६६	२३	८	२	२				२८७
बलात्कार	११८	५५	३४	११	१४	१३	५	५	१	४	२५९
बलात्कार प्रयास	५३	३९	३३	९	७	५	३	५	१		१३५
यौन दुर्व्यवहार	३४	१७	११	२	५	३					६२
महिला बेचबिखन	३५	७	४								४६
जम्मा	१०१६	१०५३	८१५	३०२	१५८	८६	४४	३९	१६	१९	३५४७

नीतु गड्तौलालगायतका कर्मचारीलाई हातपातसमेत गरेका थिए।

मधेस विरोधी र आन्दोलनमा समर्थन नगरेको भन्दै मधेसी मोर्चाका कार्यकर्ताले सप्तरी, सिरहा, धनुषा महोत्तरी, बारा, पर्सा, रौतहट र कपिलवस्तुमा नेपाली काङ्ग्रेस र एमालेका पार्टी कार्यालयमा आगोसमेत लगाए। *(विस्तृत जानकारीका लागि हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरण)*

४.२ तराई मधेस आन्दोलनमा बल प्रयोग

इन्सेकले रूपन्देही, सप्तरी तथा जनकपुरमा गरेको अनुगमनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गरेको र केही घटनामा आन्दोलनसँग कुनै साइनो नभएका निहत्था सर्वसाधारण मारिएको पायो। *(हेर्नुहोस् सम्बन्धित जिल्ला)*

राष्ट्रिय मानव अधिकार आयोगले २०७२ कात्तिक १५ गते प्रकाशन गरेको *'नेपालको संविधान घोषणाअघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन' मा* मधेस आन्दोलनका क्रममा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको उल्लेख छ। त्यसैगरी आयोगले आन्दोलनकारीले घरेलु हतियार प्रयोग गरेका कारण शान्तिपूर्ण भनिएको आन्दोलन हिंसात्मक भएको पनि उल्लेख छ।

सुरक्षाकर्मीको गोलीबाट मृत्यु भएका तथा घाइते भएका व्यक्तिहरूलाई घुँडाभन्दा माथि टाउको, छातीलगायतका अङ्गमा देखिएका चोट, गोली प्रहार भएका क्षेत्रहरूको आसपास रहेका घर तथा सटर र नजिक रहेका बिजुलीका खम्बामा देखिएका गोलीका डोबहरूले आन्दोलनमा अधिक बल प्रयोग भई संयुक्त राष्ट्रसङ्घीय व्यवस्था र स्थानीय प्रशासन ऐन २०२८, आयोगबाट पटक–पटक गराइएको ध्यानाकर्षण तथा निर्देशन र सर्वोच्च अदालतको आदेशको अक्षरश: पालना हुन नसकेको पाइन्छ। यस्ता घटनाको न्यायिक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउने विषयमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ।

५. सन् २०१५ र मानव अधिकार उल्लङ्घन : तथ्य र तथ्याङ्क

५.१. सम्मानितरूपले बाँच्न पाउने अधिकार

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ३ सय ५७ जना पीडित भए। यो सङ्ख्या सन् २०१४ मा ५ हजार ३ सय ८९ थियो। सन् २०१५ को तथ्याङ्क गत वर्षको तुलनामा झण्डै १ हजारले बढी हो। यस वर्ष गैरराज्यपक्षबाट ५ हजार १ सय २२ जना र राज्यपक्षबाट १ हजार २ सय ३५ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा राज्यपक्षबाट १ सय १५ महिला र १ हजार १ सय २० पुरुष र गैरराज्य पक्षबाट ४ हजार ५ सय २५ महिला र ५ सय ९६ पुरुष पीडित भएको इन्सेकमा अभिलेखित भयो।

तालिका १८ सन् २०१५ मा पीडित पत्रकारको सङ्ख्या



सीमाङ्कन तथा संविधानको विरोधमा भएको तराई मधेस तथा सुर्खेत र जुम्ला जिल्लामा भएका आन्दोलनका क्रममा ४९ जनाको मृत्यु भयो। कैलाली, महोत्तरी र बर्दियामा भएका घटनामा १० जना प्रहरीको मृत्यु भयो। कैलालीकै टीकापुरमा आन्दोलनकारीले प्रहार गरेको गोली लागेर २ वर्षीय बालकको मृत्यु भयो।

यसवर्ष सिन्धुपाल्चोक जिल्लामा एक जना सर्वसाधारणलाई सशस्त्र प्रहरीले बेपत्ता पारेको घटना इन्सेकले अभिलेख गऱ्यो। *हगाम गाविस-७ घर भई तातोपानी गाविसमा मजदुरी गर्ने २० वर्षीय कुमार तामाङको अवस्था यो वर्षको अन्त्यसम्म सार्वजनिक भएन। २०७१ चैत ११ गते बेलुका खाना पकाउने ग्यास सिलिन्डर खासातर्फ पैठारी गरेको आरोपमा तातोपानीस्थित सशस्त्र प्रहरीले डेरामा बसिरहेका बेला तामाङलाई गिरफ्तार गरेको थियो। पीडितलाई सशस्त्र प्रहरीले गिरफ्तार गरेको तीन दिनपछि आफन्त जाँदा भेट गर्न नपाएपछि बेपत्ता बनाएको थाहा पाएको पीडित पक्षको भनाइ छ। पीडित पक्षको विरोधपछि जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद उपाध्यायको संयोजकत्वमा छानविन समितिसमेत गठन भएको थियो भने केन्द्रीयस्तरमा प्रहरी नायब महानिरीक्षक नवराज सिलवालको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति गठन भई खोजतलास तथा अनुसन्धान भइरहेको प्रहरीले जनायो। (विस्तृत जानकारीका लागि हेर्नुहोस् जिल्लागत विवरण)*

५.२ महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार

सन् २०१५ मा ४ हजार ६ सय ४० जना महिला पीडित भए। जसमध्ये १ सय ३ जना महिलाको मृत्युको कारण आफ्नै परिवारका सदस्य बने। सन् २०१४ मा परिवारजनबाट मारिने महिलाको सङ्ख्या १ सय १४ थियो। यस वर्ष २ सय ५९ महिला बलात्कार र १ सय ३५ जना बलात्कार प्रयासबाट पीडित भए। बोक्सीको आरोपमा ५१ जना, यौन दुर्व्यवहारको घटनामा ६२ जना र घरेलु हिंसाका घटनामा २ हजार ७ सय ७ जना पीडित भए। दाइजो नल्याएको आरोपमा ५८ महिलामाथि परिवारका सदस्यले हिंसा तथा दुर्व्यवहार गरे।

देशभरका जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएका अधिकांश घटनामा प्रहरीले मिलापत्र गरायो। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थाअनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए। यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्यखालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि कायम रह्यो। यो वर्ष घरेलु हिंसाका कारण २ हजार ७ सय ७ महिला पीडित भए। परिवारकै सदस्यले सामान्य निहुँमा समेत महिलाको हत्या गरे। जस्तो :

रूपन्देही जिल्ला सूर्यपुरा गाविस-९ की २८ वर्षीया इन्द्रावती ठाकुरलाई २०७२ असार ९ गते पति ३६ वर्षीय शिवनाथ ठाकुरले भन्नेबित्तिकै खाना नदिएको भन्दै काठको चिर्पट प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। कास्कीमा भएको एक घटनामा पतिले पत्नीलाई घरको छतबाट खसालेर हत्या गरे।

तालिका १९ **सन् २०१५ मा पीडित पत्रकारहरूको सङ्ख्या (घटनाका आधारमा)**

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१		२	२
भेला/सङ्गठित हुने अधिकार	४	४			
गिरफ्तारी/यातना	३३	३३			
कुटपिट	३५	३५	१	१६	१८
धम्की	८	८	२	३१	३३
जम्मा	६१	६१	३	५०	५३

५.३ बाल अधिकार

बाल अधिकार संरक्षणका लागि सरकारी तथा गैरसरकारी प्रयास निरन्तर जारी रहे पनि यसतर्फका उपलब्धि भने उल्लेखलायक रहेनन्। बालबालिका शान्ति क्षेत्र कायम गर्ने राजनीतिक दलहरूको प्रतिबद्धताबीच आन्दोलनको तारो विद्यालय र विद्यार्थी हुने क्रम रोकिएन।

२०७२ वैशाखको भूकम्पका कारण लामो समय विद्यालय बन्द भएलगत्तै सुरु भएको मधेस आन्दोलन तथा भारतीय नाकाबन्दीका कारण १६ लाखभन्दा बढी बालबालिकाको भविष्य अन्धकार भएको युनिसेफले नै जनायो। विद्यालयमा दिइने शारीरिक दण्डका घटना पनि उत्तिकै सार्वजनिक भए। यो वर्ष २८ बालबालिका विद्यालयमा दिइएको शारीरिक दण्डका कारण पीडित भए। विद्यालयमा हुने यस्ता घटनाको रोकथामका लागि पर्याप्त कानुनी आधार भए पनि अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापनबीच हुने मिलापत्रले त्यो पक्ष बेवास्ता गऱ्यो।

तराई मधेसमा भएको आन्दोलनका क्रममा रूपन्देही, धनुषा, महोत्तरी र कैलालीमा गरी ६ बालबालिका मारिए। बालबालिकालाई धर्म तथा अन्धविश्वासका कारण हत्या गरिएका घटना पनि यस वर्ष सार्वजनिक भए।

कुडिया गाविस-४ मर्चहवा निवासी सोनु भनिने १० वर्षीय जीवन कोहारलाई सोही ठाउँ निवासी ५० वर्षीय कोदइ हरिजन लामा, ७० वर्षीय गङ्गा चमार, ३५ वर्षीय सूर्यमान हरिजन, ४० वर्षीय रुदल हरिजनले २०७२ साउन ५ गते घाँटी रेटेर हत्या गरे। कोदइका छोरा १८ वर्षीय विजय हरिजन बिरामी भएपछि उनलाई निको बनाउने नाममा कोदइको घरमा बली चढाउने भन्दै बालकको घाँटी रेटिएको थियो। पीडित बालकको लाश २०७२ साउन ८ गते घरभन्दा केही टाढा झाडीमा फेला परेको थियो। आरोपित कोदइकी पत्नी ३४ वर्षीय विजय, अर्को छोरा १४ वर्षीय लक्ष्मी, रुदलकी पत्नी ४५ वर्षीय वुधु, छोरा १९ वर्षीय दिननाथ, ३५ वर्षीय सूर्यभान र निजकी पत्नी ३० वर्षीया सुनिता हरिजन र लामा (सोखाँ) गङ्गा चमारलाई प्रहरीले गिरफ्तार गऱ्यो।

भूकम्पका कारण विद्यालयका भवन भत्किएपछि भूकम्प प्रभावित जिल्लाका सरकारी विद्यालय लामो समयखुला चौरमा पठनपाठन गराउन बाध्य भए। यही कारण पानी पर्दा तथा चर्को घाम लाग्दा पढाइमा अवरोध भयो। कतिपय चर्किएकै भवनमा कक्षा सञ्चालन गरिँदा विद्यार्थीमा मनोवैज्ञानिक असर परेका समाचार प्रकाशन भए। यसबाट नेपाल पक्षराष्ट्र भएको बाल अधिकारसम्बन्धी महासन्धिका प्रावधान उल्लङ्घन भइरहे पनि यसतर्फ राज्यको ध्यान पर्याप्त पुग्न सकेन।

बालिकामाथि हुने गरेका यौन दुर्व्यवहार यस वर्ष पनि कम भएन। यो वर्ष ४ सय ९२ बालिका बलात्कृत भए भने २ सय जना यौन दुर्व्यवहारबाट पीडित भए। ३६ बालबालिका बेचबिखन तथा ओसारपसार घटनाबाट पीडित भए।

तालिका २०

सन् २०१५ मा परिवारजनबाट मारिएकाहरूको सङ्ख्या

जिल्ला	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
रोल्पा	२			२
रौतहट	२	१		३
रामेछाप	३			३
स्याङ्जा	१			१
सुनसरी	२			२
सङ्खुवासभा	२			२
सोलुखुम्बु	१	२		३
सप्तरी	६	२		८
सर्लाही	२	२		४
रूपन्देही	२			२
रूकुम	१			१
बैतडी	१			१
बारा	१			१
बाँके	१		१	२
बाजुरा	२			२
बाग्लुङ		१		१
बर्दिया	१			१
दोलखा	३			३
दाङ	२			२
अर्घाखाँची	१			१
अछाम	१			१
ओखलढुङ्गा	१			१
मोरङ	१	२		३
म्याग्दी	१			१
मकवानपुर	१	१		२
मुगु	३	३		६
महोत्तरी	३	१		४
झापा	५	३		८

जिल्ला	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
भक्तपुर	३			३
नवलपरासी	५	६		११
जाजरकोट	१			१
पर्सा	१			१
पाँचथर	२			२
प्यूठान	३			३
सिराहा	१	१		२
सिन्धुपाल्चोक	२	३		५
सिन्धुली	१			१
चितवन	३	३		६
लमजुङ	१			१
उदयपुर	३	२		५
कैलाली	३	१		४
कञ्चनपुर	४	१		५
कास्की	१			१
काठमाडौँ	१			१
काभ्रे		१		१
कपिलवस्तु	२			२
ताप्लेजुङ		१		१
तनहुँ	२	१		३
गोरखा	१			१
गुल्मी	२	१		३
खोटाङ	३			३
धादिङ	१			१
धनुषा	३			३
धनकुटा	२			२
जम्मा	१०३	४०	१	१४४

५.४ स्वास्थ्य अधिकार

स्वास्थ्य अधिकारलाई नेपालको संविधानको भाग ३ को धारा ३५ मा मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ। सरकारले देशभरका उपस्वास्थ्य चौकीहरूको स्तरोन्नति गरी स्वास्थ्य चौकीमा रूपान्तरण गरिसकेको छ। स्वास्थ्य चौकीबाट गर्भवती महिलालाई दिइनेसहितका ३५ प्रकार र जिल्ला अस्पतालबाट उपलब्ध हुने ७२ प्रकारका

औषधि नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ। तर, सबै स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा नि:शुल्क दिने भनिएका सबै औषधि पाइँदैनन्।

भारतले गरेको नाकाबन्दीपछि औषधि अभाव हुन नदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कात्तिक १८ गते औषधि व्यवस्था विभागका निर्देशक बालकृष्ण खकुरेलकोसंयोजकत्वमा एक कार्यदल नै गठन गर्नुपरेको थियो। तर, स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला निकायले प्रभावकारी अनुगमन नगर्दा जिल्ला र दुर्गम गाउँमा औषधि समयमा उपलब्ध हुन सकेन। भारतको अघोषित नाकाबन्दी र तराई मधेस बन्द हुँदा असोज-कात्तिक महिनामा जीवनरक्षक औषधिहरू अभाव भयो। आन्दोलनकै कारण तराई मधेसमा रहेका औषधि कारखाना बन्द भए भने पहाडी भेगका कारखानाले कच्चा पदार्थ नपाउँदा औषधि उत्पादन हुन सकेन। त्यसैले देशभरका स्वास्थ्य संस्थामा औषधि अभाव भयो।

५.५ खाद्यअधिकार

नेपालको संविधानको भाग ३ को धारा ३६ मा खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा समेटिएको छ। यस वर्ष कुनै पनि जिल्ला खाद्य सङ्कटमा परेको समाचार सार्वजनिक नभए पनि खास क्षेत्र, जात जाति तथा अल्पसङ्ख्यक पिछडिएका क्षेत्रमा खाद्यान्न अभाव कायमै रह्यो। मकवानपुर, चितवन, धादिङ जिल्लाका चेपाङ तथा प्रजाका बस्ती र मध्यपश्चिममा राउटेको बासस्थानमा खाद्यान्न अभाव कायमै रह्यो। जाजरकोट, बाजुरालगायत जिल्लाका केही गाविसमा खाद्यान्न अभाव भएपछि सम्बन्धित जिल्लाका खाद्य संस्थानका डिपोबाट आपूर्ति गरिएको थियो। उपयुक्त पोषण नहुँदा पश्चिममा पहाडी भेगका बालबालिकाको स्वास्थ्य अवस्था कमजोर भएको समाचार सार्वजनिक भए। भूकम्पपछाडि रसुवा, रामेछाप, सिन्धुपाल्चोकलगायतका जिल्लामा बाल कुपोषणको दर बढेको इन्सेक प्रतिनिधिहरूले उल्लेख गरे। गर्भवती तथा सुत्केरी पनि नराम्रोसँग प्रभावित भए। तर यस्ता समस्या समाधानका लागि प्रभावकारी कदम चालिएन।

नेपालमा खाद्यान्न सहयोग गर्दै आएको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले वितरण गरेको खाद्यान्न नै कमसल र खान अयोग्य भएको पाइयो। भूकम्प पीडितलाई राहतस्वरूप वितरित खाद्यान्न नै यस्तो पाइएपछि व्यवस्थापिका-संसद्को राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिअन्तर्गत छानबिन उपसमिति नै गठन भयो। तर अनुगमनका क्रममा कार्यक्रमले उपसमितिलाई सहयोग गरेन।

तालिका २१ सन् २०१५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	३४	३३	४६
बालबालिका बेचबिखन	३४	३	३६
बालविवाह	३३	१	३४
बलात्कार	४९३		४९३
नवजात शिशुको हत्या	४	८	१३
विद्यालयमा शारीरिक सजाय	७	३१	३८
यौन दुर्व्यवहार	१९९	१	२००
जम्मा	७८३	५५	८३८

तालिका २२ सन् २०१५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	५१	५१
बलात्कार	३५९	३५९
बलात्कार प्रयास	१३५	१३५
बहुविवाह	३८७	३८७
महिला बेचबिखन	४६	४६
घरेलु हिंसा	३७०७	३७०७
यौन दुर्व्यवहार	६३	६३
जम्मा	३५४७	३५४७

तालिका १३ **सन् २०१५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेरका आधारमा)**

उमेर समूह	१ - ५	६ - ११	१२ - १७	जम्मा
बालश्रम		१	४५	४६
बालविवाह	१	१	२२	२४
बालबालिका बेचबिखन	२		३४	३६
विद्यालयमा शारीरिक सजाय	१	६	२१	२८
नवजात शिशुको हत्या	१२			१२
बलात्कार	५७	१२९	३०६	४९२
यौन दुर्व्यवहार	१९	६६	११५	२००
जम्मा	९२	२०३	५४३	८३८

गोरखामा बारपाक र लाप्राकका भूकम्पपीडितका लागि वितरित खाद्यान्न खान अयोग्य भनी वितरणमा रोक लगाइए पनि कार्यक्रमका प्रतिनिधिले नै 'यत्तिको भए हुन्छ' भनेर पुनः वितरण गरेकोसमेत पाइयो। अर्कोतर्फ कार्यक्रमले सिन्धुपाल्चोकका भूकम्पपीडितका लागि लगेको खाद्यान्न वर्षको अन्त्यसम्म नबाँड्दा कुहिएर पुर्नुपर्ने अवस्था आयो। सिन्धुपाल्चोक, गोरखा, काभ्रे, धादिङ, चितवनलगायतका जिल्लामा खान अयोग्य चामल वितरण भएको भन्दै स्थानीयले विरोध गरेपछि फिर्ता नै गर्नुपरेको थियो। समग्रमा हेर्दा खाद्य अधिकारलाई मौलिक अधिकारमा राखिए पनि अनुगमनका लागि राज्य संयन्त्र कमजोर हुँदा सर्वसाधारणले गुणस्तरीय खाद्यान्नका उपभोग गर्ने अवस्था रहेन।

५.६ कारागार र बन्दी

कारागार व्यवस्थापन विभागको मातहत ७२ जिल्लामा ७४ कारागार सञ्चालनमा छन्। देशभरका यी कारागारमा ९ हजार ७ सय ७० जना कैदी/बन्दी राख्न सक्ने क्षमता छ। तर यसवर्ष देशभरका कारागारमा १७ हजार ८ सय २९ कैदी बन्दी रहेका छन्। यसवर्षको अन्त्यसम्म ५३ जना बालिका र १ सय ५८ जना आश्रित बालक कारागारमा रहे। *(विस्तृत विवरणका लागि हेर्नुहोस् जिल्लागत विवरण र अनुसूची २)*

देशभरिका सबैजसो कारागारमा क्षमताभन्दा दोब्बर कैदी/बन्दी रहेका अनुगमनका क्रममा पाइयो। *'घ' श्रेणीको कास्की कारागारको क्षमता ६० जनाको छ। तर ३ सय ६३ कैदी र १ सय ७७ थुनुवा गरी ५ सय ४० जना छन्। यो क्षमता भन्दा ९ गुणा बढी हो। 'ग' श्रेणीको कैलाली कारागारको क्षमता १ सय २५ जनाको छ। यस कारागारमा क्षमताभन्दा तेब्बर अर्थात ३ सय ८२ कैदी/बन्दी छन्।* २०७२ साल वैशाख १२ गतेको भूकम्पका कारण भद्र बन्दी गृहका १६ पुरूष कैदी/बन्दीको मृत्यु भयो भने ७२ जना घाइते भए। सिन्धुपाल्चोक कारागार भवन भूकम्पले पूर्ण क्षति गराएपछि त्यहाँका सबै बन्दी फरार भए। क्षमता भनदा बढी कैदी/बन्दी भएका कारण कारागारमा खानेपानी, शौचालय र धेरै जसो कारागारमा कैदी बन्दीलाई सुत्ने ठाउँको अभाव रहेको अनुगमनका क्रममा पाइयो।

६. न्यायपालिका

यस वर्ष नेपालको न्याय प्रणाली नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान २०७२ का आधारमा सञ्चालित रह्यो। संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा मानव अधिकार उपभोग गर्ने सहज वातावरणका लागि लोकतान्त्रिक शासन प्रणालीको आधारभूत सर्त हो- विधिको शासन। स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र यसको निष्पक्ष एवम् अविचलित कार्य सम्पादनले

तालिका २४

सन् २०१४ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
बालश्रम	१	५	३	३	१	१३
बालबालिका बेचबिखन	३०	१४	१९	१९	१३	९५
बालविवाह	१०	४	१	१२	६	३३
बलात्कार	१५२	१७४	१०९	६०	३०	५२५
नवजात शिशुको हत्या	१२	३	२	१		१८
विद्यालयमा शारीरिक सजाय	९	२	६	२	१	३०
विभिन्न अवसरबाट बञ्चित	१			१		२
शिक्षामा भेदभाव	१					१
यौन दुर्व्यवहार	७४	६६	४४	२७	१८	२२९
हत्याको प्रयास				४		४
जम्मा	२९०	२६८	१८४	१२९	६९	९४०

विधिको शासनलाई सम्भव तुल्याउँछ । नेपालको संविधान (२०७२) ले विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूत गरेको छ।

सर्वोच्च अदालतले न्याय सम्पादनको कार्यलाई सरल, सहज, छिटो, छरितो एवम् प्रभावकारी बनाई न्यायमा आमनागरिकको पहुँच सुनिश्चित गर्दै न्यायालयप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने उद्देश्यले नेपालको न्यायपालिकाले केही वर्षदेखि योजनाबद्ध सुधारको प्रक्रिया आत्मसात् गर्दै आएको छ भनी आफ्ना हरेक वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। अदालतहरूमा बढ्दो कार्यबोझ तथा न्यायपालिकाप्रतिको आमअपेक्षा तथा न्यायपालिकाबाट न्याय पाउन सकिएन भन्ने भावना विकास हुँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै योजनाबद्ध सुधारका अपेक्षित उपलब्धिहरूसहित न्यायपालिकाले कार्ययोजना तयार गरेको छ जसको पछिल्लो उदाहरण न्यायमा पहुँच आयोग गठन हो। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद न्यायपालिका)*

७. कार्यपालिका

नेपालको संविधान जारी भएपछि संविधानसभाको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा २०७१ माघमा गठित सरकारलाई प्रतिस्थापन गर्दै २०७२ असोज २४ गते दोस्रो ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भयो। प्रधान मन्त्री ओलीले यसबीचमा २६ वटा मन्त्रालयलाई बढाएर ३० वटा बनाउनुका साथै पटकपटक मन्त्रिमण्डाल विस्तार गरी ४० सदस्यीय बनाए। साथै ६ जना उपप्रधान मन्त्री, अन्य प्रधान मन्त्रीको भन्दा ठूलो आकारको सल्लाहकार समूह बनाएको र हैसियतभन्दा बढी आर्थिक सुविधा दिएको विषयमा आलोचना भयो।

तर यही अवधिमा पुनर्निर्माण प्राधिकरण विधेयक पारित गर्नु, प्राधिकरणको कार्यकारी प्रमुख नियुक्त गर्नु, भूकम्पपीडित परिवारलाई जाडो छल्न न्यानो कपडाका लागि प्रतिपरिवार १० हजार रुपियाँ उपलब्ध गराउनु, राष्ट्रियताका सवालमा अडान राख्नु, छिमेकी मित्रराष्ट्र चीनसँग पिडिए (व्यापार सम्झौता गर्नु) सकारात्मक पक्ष रह्यो।

तालिका ४५ **सन् २०१५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
कथित बोक्सीको आरोप	१०	३३	३	१५		५१
बलात्कार	७०	८३	५१	४३	१३	३५९
बलात्कार प्रयास	४९	४५	१६	१७	८	१३५
बहुविवाह	७८	७५	५८	६५	११	३८७
महिला बेचबिखन	४	१५	१८	७	३	४६
घरेलु हिंसा	६५९	१३३३	९३	४०५	३३७	३७०७
यौन दर्व्युवहार	९	१५	७	३०	११	६३
जम्मा	८७९	१४७९	३४६	५७३	३७१	३५४७

नेपालको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को दोस्रो प्रतिवेदन सन् २०१५ नोभेम्बरमा प्रस्तुत भयो। समीक्षामा नेपाल सरकारले आफ्नो दोस्रो प्रतिवेदन प्रस्तुत गऱ्यो भने सरोकारवाला संस्था, व्यक्ति आदिबाट विभिन्न प्रतिवेदन प्रस्तुत भए। यस पटकको प्रतिवेदनमा संविधान निर्माणमा भएको अवरोध, भ्रष्टाचार निवारण, वातावरण, महिला बालबालिका तथा द्वन्द्व व्यवस्थापनको विषय प्रमुखरूपमा उठाइएको थियो।

८. व्यवस्थापिका

यस वर्ष व्यवस्थापिका-संसद्ले मानव अधिकारसँग सरोकार राख्नेलगायतका विभिन्न विधेयकमाथि छलफल गरी पारित गऱ्यो। भूकम्पले पुऱ्याएको धन-जनको क्षति र राहत तथा पुनर्स्थापन सम्बन्धमा राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समिति गठनका लागि प्रस्ताव पारित भयो। भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी अध्यादेश २०७२ अनुमोदन र स्वीकृत भयो।

व्यवस्थापिका-संसद्, विधायन समितिले लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७१ का सम्बन्धमा तयार पारिएको उपसमितिको प्रतिवेदन भदौ १७ गते पारित गऱ्यो। प्रतिवेदनमा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, अनुहार वा कुनै अङ्ग कुरूप भएमा कसुरको प्रकृतिअनुसार ५ देखि ८ वर्षसम्म कैद वा रु. १ लाखदेखि ३ लाखसम्म जरिवाना हुने उल्लेख छ।*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद व्यवस्थापिका)*

९. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका केही क्षेत्रगत सवाल

९.१ ओखलढुङ्गाका द्वन्द्वपीडित र हानिपूरणको अवस्था

सशस्त्र द्वन्द्वको १० वर्षे अवधिमा कहिले यो त कहिले त्यो आरोपमा निर्दोष नागरिकको हत्या गर्ने शृङ्खला जारी रह्यो। द्वन्द्वका कारण जिल्लामा सयौं विस्थापित भए। इन्सेकको अभिलेखअनुसार ११ जना बेपत्ता पारिए भने १ सय ६६ जना मारिएका थिए। २०६३ मङ्सिर ५ गतेको शान्ति सम्झौतापछि मात्र पीडित पहिचान गरी क्षतिपूर्ति तथा हानिपूरणको कार्य सुरु भएको छ। मृतक तथा बेपत्ता पारिएका व्यक्ति पहिचान गरिएको भए पनि विस्थापित भएका, अङ्गभङ्ग पारिएका तथा यातनापीडितको एकिन तथ्याङ्क उपलब्ध छैन। छानबिन तथा सिफारिशको अख्तियारी पाएको स्थानीय शान्ति समितिले घटनाको छानबिन तथा राहत र क्षतिपूर्तिका लागि आवश्यक अनुसन्धान तथा क्षतिपूर्तिका लागि सिफारिश गर्न नसकेपछि सबै पीडितले अझै राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन्।

तालिका २६ **सन् २०१४ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
बेश्यावृत्तिमा लगाएको					३	३
कथित बोक्सीको आरोप	३५	३९	१०	१३	३	८९
बलात्कार	५३	९४	४८	३५	८	३३८
बलात्कार प्रयास	४३	४४	३५	१६	११	१३९
बहुविवाह	११३	१०३	६०	५०	१३	३३८
महिला बेचबिखन	१७	३६	३६	१८	१८	१३५
प्रसुती सेवा				३		३
घरेलु हिंसा	७३३	८०५	३०८	३६६	३८३	३४९५
यौन दुर्व्यवहार	१६	१७	७	४४	९	९३
गर्भपतन	१	३				३
जम्मा	१००१	११४०	४९४	५४४	३४५	३५३४

सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही पक्षको दोहोरो चपेटामा परेर ज्यान गुमाएका, बेपत्ता पारिएका, यातनापीडित, अङ्गभङ्ग र विस्थापित सबैलाई राहत तथा क्षतिपूर्ति दिने व्यवस्था विस्तृत शान्ति सम्झौताले गरेपछि राज्यले देशैभर यसको प्रक्रिया अगाडि बढायो। देशका ७५ जिल्लामा स्थानीय शान्ति समिति गठन भएपछि अधिकांश पीडितले राज्यले निर्धारण गरेको क्षतिपूर्ति पाए। तर द्वन्द्वपीडितको स्पष्ट परिभाषा नहुँदा राहत र क्षतिपूर्तिका नाममा प्रभावशाली र नेताहरूकै पहुँच देखिन्छ। आर्थिक वर्ष २०६५/२०६६ सम्म वितरित राहत तथा क्षतिपूर्तिमा सर्वसाधारण र वास्तविक पीडितभन्दा द्वन्द्वरत पक्षका नेता र तत्कालीन समयमा राज्य सञ्चालन गर्ने दलका कार्यकर्ताले प्राथमिकता पाए। यसले शान्ति सम्झौताको मर्मअनुसार काम नभएको स्पष्ट हुन्छ। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद ओखलढुङ्गाका द्वन्द्वपीडित र हानिपूरणको अवस्था)*

९.२ रामेछापका लोपोन्मुख हायु जाति

नेपालमा आफ्नै भाषा, संस्कार र संस्कृति भएका विभिन्न जात जातिका मानिस बसोबास गर्छन्। आदिवासी तथा जनजाति समुदायका मौलिक भाषा, संस्कार र संस्कृति छन्। ती संस्कार र संस्कृति तथा भाषा देशका अमूल्य गहना हुन्। ती गहनाको पर्याप्त संरक्षण भने हुन सकेको छैन। जसले गर्दा दुर्लभ मानिएका कतिपय अल्पसङ्ख्यक समुदाय र उनीहरूको भाषा तथा संस्कृति लोप भइसकेका छन्। कतिपय यस्ता समुदाय लोप हुने अवस्थामा पुगेका छन्। यस्तै लोपोन्मुख अवस्थाबाट गुज्रिरहेको एक समुदाय हो- हायु।

२०६८ सालको तथ्याङ्कअनुसार रामेछापमा हायुका १ सय ३९ घर छन्। हायुको बसोबास रहेको साविकको ओखेनी, सुकाजोर र रामेछाप गाविस हो भने हाल यो समुदाय रामेछाप नगरपालिकामा पनि छन्। सोही तथ्याङ्कअनुसार हायुको जनसङ्ख्या रामेछापमा ९ सय ३६ छ। रामेछाप नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता लिने हायुको सङ्ख्या भने १ हजार ३४ पुगेको छ। हायु समुदाय जनसाङ्ख्यिकी हिसाबले लोपोन्मुख समुदायअन्तर्गत पर्छ। यो समुदाय आर्थिक हिसाबले पनि सीमान्तकृत र विपन्न छ। समग्रमा यो समुदायका मानिसको आर्थिक अवस्था राम्रो देखिँदैन। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद रामेछापका हायु जातिको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्था)*

तालिका २७ **सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (जातजातिका आधारमा)**

जातजाति	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
आदिवासी	३	१९	२२	१०८	१२		१२०
बैश्य		३	३	१८	१		१९
बनिया	४	२२	२६	९	१		१०
ब्राह्मण	२१	१५१	१७२	४२७	९६		५२३
क्षेत्री	२४	२०४	२२८	९५१	१३७	१	१०८९
दलित	११	७२	८३	७८५	९८		८८३
गोडिया		४	४	२			२
जनजाती	२२	१०५	१२७	११७५	११५		१२९०
कायस्थ		८	८	४			४
कोइरी	१	२२	२३	४५	६		५१
मण्डल	३	३१	३४	४७	१२		५९
मुस्लिम	६	८४	९०	२४०	१४		२५४
नेवार	२	५	७	१५१	६		१५७
सन्यासी		४	४	१५	५		२०
तेली	३	११३	११६	११५	२६		१४१
यादव	८	१६४	१७२	१२७	४१		१६८
नखुलेको	७	१०९	११६	३०६	२६		३३२
जम्मा	११५	११२०	१२३५	४५२५	५९६	१	५१२२

९.३ मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा

समाजमा सिर्जित विवाद समाधान गर्ने औपचारिक प्रक्रियाका रूपमा मुस्ताङ जिल्लामा मुखिया प्रथा प्रचलनमा छ। यो जिल्लामा बसोबास गर्ने जात जातिमध्ये बाहुल्यताचाहिँ थकालीको छ जसलाई थकाली इलाका पनि भन्ने गरिन्छ। जिल्लाको थाकखोला, दक्षिणमा घाँसा र उत्तरमा जोमसोमसम्मको इलाकालाई थकाली इलाका भन्ने गरिन्छ। थकाली आदिवासी जनजाति समुदायभित्र सूचीकृत छ। उनीहरूको आफ्नै प्रचलन, चालचलन र पहिचान छ। यो समुदाय वा जातिले प्राचीन समयदेखि नै आफ्नो प्रथा/प्रचलनलाई समाजमा स्थापित गराउँदै सोहीअनुसार आफ्ना क्रियाकलाप सञ्चालन गर्दै आएको छ। यस्तै प्रथा र प्रचलनमध्ये समाजमा सिर्जित विवाद समाधानका लागि मध्यमार्गी बाटोका रूपमा मुखिया प्रथा परम्पराकालदेखि नै प्रचलनमा छ। स्थानीय स्तरमा उत्पन्न विवाद स्थानीय तहबाटै समाधान गर्ने वैकल्पिक उपायका रूपमा मानिने मेलमिलाप जस्ता प्रक्रियाका माध्यमबाट विवाद आपसमा निरूपण गर्ने प्रचलनलाई नै मुखिया प्रथा भनिन्छ। जसका माध्यमबाट छिटोछरितो, निष्पक्ष, न्यायमा सबैको पहुँच पुग्ने, सामाजिक मूल्य/मान्यता र संस्कृतिको जगेर्ना पनि हुने भएकाले यो प्रथा वा प्रचलनले

तालिका २८

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (पेशागत आधारमा)

पेशा	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
कृषक	२६	३४२	३६८	११०७	१२८	१	१२३६
सशस्त्र प्रहरी					३०		३०
सेना					१		१
प्रहरी		६	६	९	१४८		१५७
कलाकार				५			५
उद्योगी/व्यवसायी	१	५७	५८	३०	१६		४६
सभासद्	१		१				
जागिरे/कर्मचारी		१	१	१८	१५		३३
स्वास्थ्य कार्यकर्ता		८	८	११	१		१२
मानव अधिकारकर्मी	१२	२५	३७	३	३		६
पत्रकार		६१	६१	४	५०		५४
गृहिणी	२७	२	२९	२३०६	३		२३०९
कानुन व्यवसायी		१	१		१		१
स्वास्थ्यकर्मी				२			२
मजदूर	४	२८	३२	१४१	५०		१९१
राजनीतिक कार्यकर्ता	३१	३८०	४११	१	३८		३९
सामाजिक कार्यकर्ता	१		१	२	२		४
विद्यार्थी	९	१४०	१४९	५०५	५१		५५६
शिक्षक		७	७	९	५		१४
नाबालक				२०	३		२३
नखुलेको	३	६२	६५	३५२	५१		४०३
जम्मा	११५	११३०	१२३५	४५२५	५९६	१	५१२२

निरन्तरता पाएको छ। सोझो अर्थमा भन्दा मेलमिलापका लागि मुस्ताङ जिल्लामा मुखिया प्रथा सर्वमान्य छ। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा)*

९.४ दाङका मुक्त कमलरीको अवस्था

पश्चिम नेपालका दाङलगायत बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारू समुदायमा सदियौंदेखि साहूको ऋण तिर्न या जग्गा अधिया पाएबापत बालिकालाई जमिनदारको घरमा काम गर्न पठाउने चलन थियो। परिवारको ऋण बोझ कम गर्न र अधिया जग्गा कायम राख्न बालिकाले अर्काको घरमा बँधुवा श्रमिकका रूपमा काम गर्नुपर्थ्यो। न्यून पारिश्रमिक पाएर या केही पनि नपाएर साँझ बिहानको खाना र वर्षको दुई जोर पुराना कपडाका भरमा अर्काको घरमा काम गर्न बसेका थारू समुदायका किशोरी या बालिकालाई कमलरी भन्ने गरिन्छ।

कमलरी मुक्ति अभियानका कारण दाङलगायत पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका १३ हजार २६ कमलरीमध्ये १२ हजार ७ सय जनालाई दासताबाट मुक्त गरिसकिएको छ। ५ जिल्लाका ३ सय २६ बालिका भने अहिले पनि कमलरी बसिरहेका छन्। मुक्ति अभियानको उद्गम थलो दाङमा सबैभन्दा धेरै ५ हजार २ सय २४ कमलरीमध्ये अझै ३० जना बालिका मुक्तिको पर्खाइमा छन्। मुक्त कमलरी विकास मञ्चका अनुसार दाङमा ७ जना कमलरी बेपत्ता छन्। कमलरी लिएर जाने र पठाउने व्यक्तिहरूको समेत अत्तोपत्तो नलागेपछि ती कमलरी कस्तो अवस्थामा कहाँ छन्

तालिका १९

भूकम्पका कारण घाइते भएकाहरूको तथ्याङ्क नक्सामा

भन्ने कुनै जानकारी छैन। मुक्तिपछि अधिकांशले विद्यालय पुग्ने अवसर पाए भने उमेर पुगेकाहरू विभिन्न सिपमूलक तालिम लिएर व्यापार/व्यवसायमा पनि लागेका छन्। कतिपय विवाह गरेर मुक्त जीवन बिताइरहेका छन्। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद दाङका मुक्त कमलरीको अवस्था)*

९.५ सुनाहा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरदेखि आठ किलोमिटर पश्चिम महाकाली नदीको किनारामा रहेको भीमदत्त नगरपालिका- ११, १२ र १३ तथा बर्दिया जिल्लाको दौलतपुर, खैरहनी र चन्द्रोटा गाउँमा बसोबास गर्दै आइरहेका सुनाहा जातिको आफ्नै पहिचान छ। यिनीहरू बर्दिया जिल्लाको कर्णाली नदीको छेउछाउबाट करिब १ सय वर्षपहिले बसाइँसराइ गरी महाकालीको किनारामा आई बसेको बताउँछन्। राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा महाकाली नदीमा डुङ्गाखियाउन जग्गनाथ सुनाहासँगै २-४ परिवारलाई कञ्चनपुर ल्याइएको बताइन्छ। पछि त्यही परिवारको सन्तति बढेर अहिले ९० परिवार भएका छन्।

नदीको पानीलाई जीविकोपार्जनको प्रमुख माध्यमका रूपमा प्रयोग गर्दै आएका सुनाहा जाति अहिले आफ्नो पेशा नै सङ्कटमा परेको बताउँछन्। समयको विकासक्रमअनुसार नदीमा पुल बनेपछि यो जातिले डुङ्गा चलाउने पेशाबाट अलग्गिनुपऱ्यो। सुन छान्ने पेशामा खर्च हुने समय र लागतअनुसार सुन सङ्कलन नभएका कारण यसबाट पनि बाहिरिनुपऱ्यो। यसैगरी जीविकोपार्जन गर्नका लागि माछा मार्ने पेशा गरिरहेकामा कञ्चनपुर जिल्ला विकास समितिले यो जातिमा पर्ने प्रभावको कुनै अध्ययन नै नगरी २०६५ सालदेखि माछा मार्ने काम ठेक्कामा दिँदा माछा मार्ने पेशामा पनि सङ्कट आयो। *(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद* सुनाहा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार*)*

१०. निष्कर्ष

नेपालको नयाँ संविधान जारी भएसँगै नेपाली जनताको संविधानसभाबाट संविधान बनाउने आकाङ्क्षा पूरा भएको छ। संविधानमा लेख्दैमा त्यो

तालिका ३०

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

घटनाको प्रकार	जम्मा	मिलापत्र	अनुसन्धान	कानुनी दायरमा ल्याइएका	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका
बालश्रम	३			२	१	
बालविवाह	३३	६	१	७	५	४
बालबालिका ओसारपार	२७		३	१६	६	२
बलात्कार	४८५	४	५३	३३३	१९७	९
यौन दुर्व्यवहार	१८५	१०	२४	७७	७१	३
जम्मा	७३३	३०	८१	३३४	३८०	१८

घटनाको प्रकार	जम्मा	मिलापत्र	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका
कथित बोक्सीको आरोप	४६	१३	७	१२	९	५
बहुविवाह	३८७	३०	५३	९६	९६	१३
बलात्कार	३५९	४	४४	१०६	१००	५
बलात्कार प्रयास	१३४	३	१५	५३	६१	३
यौन दुर्व्यवहार	५९	३६	७	१६	७	३
ओसार पसार	३९	४	२	१७	५	१
जम्मा	८१४	८०	१३७	३९९	३७८	३०

घटनाको प्रकार	जम्मा	मिलापत्र	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका
हत्या	३५४		३६	१३४	८१	१३

लागु भइहाल्छ भन्ने हुँदैन। त्यसैले उल्लिखित व्यवस्था कार्यान्वयन नै आजको मूल आवश्यकता हो। संविधानले मधेसी, दलित, महिला, आदिवासी जनजाति तथा पछाडि पारिएका मानिसको अधिकार संरक्षणका लागि प्रगतिशील व्यवस्था गरेको छ। संविधानप्रदत्त यी अधिकार प्राप्तिका लागि संविधान कार्यान्वयन गर्ने सवालमा राज्य चुक्यो भने जनतामा व्यापक निराशा छाउनेछ। जसका लागि जनस्तरबाट पनि यथाशक्य पहल आवश्यक छ।

संविधान जारी भएसँगै तराई मधेसमा भएको आन्दोलन तथा अन्य समुदायमा देखिएको असन्तुष्टि समाधानका लागि राज्यका तर्फबाट प्रभावकारी पहलकदमी हुन जरुरी छ। जनताले आफू ठगिएको/अपहेलित भएको महसुस नगरून् भन्नेतर्फ सचेत हुनु नेपालका राजनीतिक दल तथा सत्ता सञ्चालकहरूको मूल दायित्व हो।

सदियौँदेखि कायम राज्य सञ्चालनको पुरातन संरचना, सोहीअनुसार अभ्यस्त हाम्रो सोच, बानीबेहोरा तथा संस्कारलाई नयाँ परिवर्तित प्रणालीअनुसार रूपान्तरित गर्नु आफैँमा जटिल र चुनौतीपूर्ण कार्य हो। तराई मधेस तथा जनजातिलगायत अन्य क्षेत्रीय, जातीय, लैङ्गिकरूपमा देखिएका असन्तुष्टि, उनीहरूका जायज माग र भावनाको सम्मान गर्न जरुरी छ। राष्ट्रिय एकता, अक्षुणता र सार्वभौमिकता कायम गर्दै युगौँदेखि कायम सामाजिक सद्भाव, अभ्यास र गतिलाई संरक्षित र परिष्कृत गर्दै उन्नत दिशातिर राज्यलाई हिँडाउने चुनौती पनि हामीसामु उत्तिकै छ।

नयाँ संविधान लागु गर्न १ सय ३८ वटा नयाँ कानुन बनाउनुका साथै हालका ३ सय १५ वटा कानुन संशोधन गर्नुपर्नेछ। जहाँ १ सय १० वटा सङ्घीय कानुन, २२ वटा प्रदेश कानुन र ६ वटा स्थानीय कानुन बनाउनुपर्नेछ। अन्तरिम संविधानमा जस्तै ३२ वटा मौलिक हकमध्ये २२ वटा कानुन बनाएर मात्र उपभोग गर्न सकिने छन् जुन आफैँमा एउटा जटिल विषय हो।

नयाँ संविधान कार्यान्वयनका क्रममा थुप्रै चुनौती आइपर्न सक्छन् जसको समाधानका उपाय राजनीतिक नेतृत्वले बुद्धिमतापूर्वक खोज्न आवश्यक छ। यो संविधान कार्यान्वयनका क्रममा यस कारण पनि धेरै चुनौती आइपर्नेछन् कि हामी यही संविधानमार्फत एकात्मक शासन प्रणाली अन्त्य गर्दै सङ्घात्मक व्यवस्थामा प्रवेश गरेका छौं। सङ्घात्मक व्यवस्थाको अभ्यास हाम्रा लागि नयाँ हो। त्यसकारण सङ्घीय व्यवस्थाको अभ्यासका लागि आवश्यक पर्ने संस्थाहरू स्थापना र पूर्वाधार विकासमा तत्कालै ध्यान दिन आवश्यक छ। फेरि सङ्घीयताले नेपाली समाजमा ठूलो आशा जगाएको अवस्थामा यसको कार्यान्वयनपछि पनि मुलुकको राजनीतिक, आर्थिक, प्रशासनिकलगायत थुप्रै पक्षमा कुनै परिवर्तन देखिएन भने यसैले सर्वसाधारणमा निराशा ल्याउने सम्भावनासमेत उत्तिकै प्रबल छ। त्यसैले पनि नयाँ संविधान कार्यान्वयनका क्रममा प्रमुख राजनीतिक दल, सरकार, व्यवस्थापिका-संसद्का साथै अन्य सरोकारवाला पक्षले यो सवालमा ध्यान दिनैपर्छ।

भूकम्पपछिको पुनर्निर्माण कार्य समयमा सुरु हुन नसक्दा भूकम्पपीडितको जीवन निकै कष्टकर भएको सर्वविदितै छ। राहत तथा पुनर्स्थापनाका कार्यमा राजनीतिक दलहरूमा देखिएको खिचातानी पक्कै पनि सुहाउँदो विषय होइन। यस्ता विषयमा राजनीतिक दलबीच समझदारी कायम गरी भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यमा पनि तदारुकता देखाउनु जरुरी छ।

११. सुझाव

- मुद्दाको चापअनुसार न्यायाधीश व्यवस्था गर्न तथा रिक्त दरबन्दीहरूमा यथाशीघ्र नियुक्तिको पहल गर्न।
- नेपाल बार एसोसिएसनले अदालतको भ्रष्टाचारबारे गरेको टिप्पणी सम्बन्धमा आमजनतालाई सुसूचित गर्न।
- बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलपिलाम आयोग नियमावली तत्काल तर्जुमा गर्न।
- संयुक्त राष्ट्रसङ्घीय आवधिक समीक्षाका क्रममा प्राप्त सुझाव कार्यान्वयन गर्न।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी र बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, रोम विधान, यातनाविरुद्धको महासन्धिका ऐच्छिक आलेख तथा आप्रवासी कामदार तथा तिनका परिवारको सुरक्षासम्बन्धी महासन्धि अनुमोदन गर्न।
- संविधान जारी भएसँगै तराई-मधेसलगायत देशका विभिन्न भागमा देखिएका असन्तुष्टिका स्वर तथा जायज माग सम्बोधनका लागि तदारुकता देखाउन।
- भूकम्पपीडितको पुनर्स्थापनाको कार्य तदारुकताका साथ अबलम्बन गर्न।
- तराई मधेस आन्दोलनका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको न्यायिक छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउन।

विजयराज गौतम
कार्यकारी निर्देशक

सन् २०१५

मानवअधिकार प्रतिविम्ब

संयोजन : विमलचन्द्र शर्मा

२०७२ साल वैशाख १२ गतेको भूकम्पको केन्द्रविन्दु गोरखाको बारपाकमा भूकम्पले बनाएको भग्नावशेष। भूकम्पमा परी ८ हजार ८ सय ५६ जनाको मृत्यु भएको थियो भने २२ हजार ३ सय ९ जना घाइते भएका थिए। त्यसैगरी भूकम्पबाट ६ लाख ४ हजार ९ सय ३० ओटा घर पूर्ण र २ लाख ८८ हजार ८ सय ५६ घर आंशिक गरी जम्मा ८ लाख ९३ हजार ७ सय ८६ घरहरूमा क्षति भएको थियो।

तस्बिर : विमलचन्द्र शर्मा, इन्सेक

२०७२ साल वैशाख १२ गतेको भूकम्पका कारण चौतारा नपा-९ सानो सिरुवारीका क्षतिग्रस्त घरहरू। भूकम्पका कारण भग्नावशेष भएको आफ्नो घरछेउमा उभिएकी एक पीडित। भूकम्पमा परी सिन्धुपाल्चोकमा ३ हजार ५ सय ५७ जनाको मृत्यु र १ हजार ५ सय ६९ जना घाइते भए। ६७ हजार ३ सय ८३ घर क्षति भएका थिए।

तस्बिर : विमलचन्द्र शर्मा, इन्सेक

भूकम्पले क्षतिग्रस्त बनाएको सिन्धुपाल्चोक जिल्ला धुम्पखर गाविस-१ स्थित श्री नमूनादेवी प्राथमिक विद्यालय। भूकम्पबाट प्रभावित १४ जिल्लाका ८ हजार ३ सय ८ ओटा विद्यालयमा क्षति भएको थियो।

तस्बिर : विमलचन्द्र शर्मा, इन्सेक

संयुक्त मधेसी मोर्चा र प्रहरीबीच रूपन्देही जिल्ला गोनहा गाविस-६, बेथरीमा २०७२ भदौ २९ गते दिउँसो भएको झडपमा पर्सा जिल्ला वीरगञ्ज उपमनपा-११ का ४ वर्षीय चन्दन पटेलको प्रहरीको गोलीबाट मृत्यु भयो। शवको वुटवल स्थित लुम्बिनी अञ्चल अस्पतालमा पोष्टमार्टम गरी आफन्तले सद्गत गरे।

बेथरीमा हाटबजार चलिरहेको अवस्थामा प्रहरीले केही सवारी साधन एस्कर्टिङ गरेर लैजान खोज्दा मोर्चाका कार्यकर्ताले अवरोध गरेपछि झडप भएको थियो। झडपमा बजार गर्न आएका सर्वसाधारण तथा घरमा बसिरहेका सर्वसाधारणको समेत मृत्यु भएको र केही घाइते भएका असोज १ गते इन्सेकले गरेको अनुगमनका क्रममा पाइयो। उक्त घटनामा प्रहरीले अन्धाधुन्ध गोली प्रहार गरेको अनुगमन प्रतिवेदनमा उल्लेख छ। सरकारले घटनामा मारिएका सबै पीडित परिवारलाई १० लाख रुपियाँ सहयोग दियो। मधेस आन्दोलनका क्रममा पटेल सहित ६ जना बालबालिकाको मृत्यु भएको थियो।

तस्बिर सौजन्य : सलमान खान

महोत्तरी जिल्ला बर्दिवास नपा-७ निवासी सौर्य दैनिक र माउन्टेन टेलिभिजनका संवाददाता २५ वर्षीय विक्रम रौनियारको क्यामेरा ०७२ भदौ २१ गते प्रहरीले फुटाइदिए। जनकपुरको रामचोकमा प्रहरी र प्रदर्शनकारीबीच भएको झडपको फोटो खिच्दै गरेको अवस्थामा पीडितको क्यामेरा प्रहरीले फुटाएका थिए। घटनामा पीडितलाई प्रहरीले निर्घात कुटपिट गरेको थियो।

तस्बिर : अजयकुमार साह, महोत्तरी

बाँके जिल्ला कचनापुर गाविस-५ घर भई सशस्त्र प्रहरी गण जलेश्वरमा कार्यरत सशस्त्र प्रहरीका असई २५ वर्षीय थमनबहादुर विकको २०७२ भदौ २५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कुटपिट गर्दा घाइते भएपछि उपचारको लागि जनकपुर लैजाँदै गर्दा पुनः मोर्चाका कार्यकर्ताले एम्बुलेन्सबाट निकालेर कुटपिट गरी हत्या गरे।

हेटौँडाबाट महोत्तरी आउँदै गरेका असई थमनबहादुर विकलाई आन्दोलनकारीले जलेश्वरको शङ्कर चोकमा कुटपिट गरेका थिए। कुटपिटबाट उनको टाउकोमा चोट लागेर १६ ओटा टाँका लगाइएको र शरीरभर नीलडाम देखिएको थियो। घाइते भएका विकलाई थप उपचारको लागि जनकपुर अञ्चल अस्पताल लैजाँदै गर्दा जनकपुर-जलेश्वर सडकखण्डअन्तर्गत महोत्तरी गाविसनजिक सनउखरामा एम्बुलेन्सबाट निकालेर प्रदर्शनकारीले कुटपिट गर्दा मृत्यु भएको एसपी सौरभ राणाले बताए। मोर्चाका कार्यकर्ताले विकलाई एम्बुलेन्सबाट निकालेर सडकबाट ३ सय मिटर पर धान खेतमा लगेर भाटाले प्रहार गर्दा मृत्यु भएको सशस्त्र इन्स्पेक्टर धर्म थापाले बताए। विकको हत्यापछि मोर्चाका कार्यकर्ताले एम्बुलेन्ससमेत जलाएका थिए। विकको शव वरपर भाटा र बियरका बोतलहरू फेला परेको थियो। विकसँगै गएका सादा पोशाकका एक प्रहरी र एम्बुलेन्स चालकले भागेर ज्यान बचाएका थिए। शवको स्थानीय अस्पतालमा पोस्टमार्टम गरी नेपालगञ्जमा सद्गत गरियो।

तस्बिर : अजयकुमार साह, महोत्तरी

छुट्टै थरुहट स्वायत्त प्रदेश माग गर्दै आन्दोलनरत थरुहट सङ्घर्ष समितिका कार्यकर्ताको आक्रमणमा नेपाल प्रहरीका एसएसपी ५३ वर्षीय लक्ष्मण न्यौपाने मारिएका थिए। काठमाडौँको सिनामङ्गलमा रहेको न्यौपानेको घरमा किरिया बस्दै मृतकका पत्नी र छोरा।

कैलालीको टिकापुरमा २०७२ भदौ ७ गते थरुहटका कार्यकर्ताको आक्रमणमा आठ प्रहरी र एक जना बालकको मृत्यु भएको थियो। मधेस आन्दोलनका क्रममा १० जना प्रहरीको मृत्यु भएको थियो।

तस्बिर : विमलचन्द्र शर्मा, इन्सेक

जलेश्वर नपा-७ का १७ वर्षीय रोहन चौधरीको ०७२ भदौ २३ गते जलेश्वरमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। मृतकको छातीमा गोली (गोलो घेरमा घाउ) लागेको थियो। उनले लगाएको पाइन्टको गोजीबाट प्रेस कार्ड पनि भेटिएको थियो। सरकारले प्रदान गरेको १० लाख रुपियाँ राहत पीडित परिवारले यो वर्षको अन्त्यसम्म बुझेको छैन।

तस्बिर : अजयकुमार साह, महोत्तरी

सप्तरी जिल्ला पोर्ताहा गाविस-१ का ६२ वर्षीय रामकिसुन भनिने रामकृष्ण राउतको २०७२ भदौ २३ गते प्रान्तीय सीमाङ्कनको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा भएको विरोध कार्यक्रमअन्तर्गत सोही ठाउँस्थित सडकखण्डमा भएको झडपका क्रममा प्रहरीको गोली लागी मृत्यु भयो ।

सडक अवरोधका लागि पूर्व-पश्चिम लोकमार्गमा प्रदर्शनकारीले ढालेको रुख हटाउने क्रममा सुरक्षाकर्मीमाथि ढुङ्गामुढा र शिशाको बोतलले आक्रमण भएपछि प्रहरीले गोली चलाउँदा राउतको मृत्यु भएको थियो ।

तस्बिर : मनोहरकुमार पोखरेल, सप्तरी

मधेस आन्दोलनको क्रममा रुपन्देहीको सुनौली नाकामा भारतीय भूमिबाट प्रहरीमाथि ढुङ्गा प्रहार गर्दै मधेसी मोर्चाका कार्यकर्ताहरू। आफ्नो भूमिबाट मधेसी मोर्चाका कार्यकर्ताले गरेको ढुङ्गा प्रहारका घटना रोक्न भारतीय प्रशासनले कुनै पहल गरेन।

तस्बिर : अमृत गिरी, रूपन्देही

उदयपुर जिल्ला त्रियुगा नपा-१५ शाहीखोलाका धनबहादुरका बुढाथोकीका तीन महिनाका छोरा पदम बुढाथोकीलाई उपचारका लागि एम्बुलेन्समा राखेर विराटनगरतर्फ लैजाँदै गर्दा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले सप्तरीको विभिन्न ठाउँमा अवरोध पुऱ्याउँदा मङ्सिर ७ गते बिरामी नाबालकको सुनसरीको हरिपुरमा मृत्यु भयो। मङ्सिर ५ गतेदेखि निमोनियाले च्यापेका नाबालकलाई जिल्ला अस्पताल उदयपुरमा उपचारका लागि ल्याइए पनि अस्पतालले नसक्ने भन्दै मंसिर ७ गते बिहान ४ बजे अन्यत्र लैजान रिफर गरेको थियो। आफन्तले ४:२० बजे स१च ६५९ नम्बरको एम्बुलेन्समार्फत विराटनगरको नोबेल अस्पतालतर्फ उपचारार्थ लैजाँदै गर्दा पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको शम्भुनाथ, रुपनी र भारदह क्षेत्रका विभिन्न ठाउँमा आन्दोलनकारीले गरेको सडक अवरोध र एम्बुलेन्स अवरोधका कारण सुनसरीको हरिपुर पुगेपछि नाबालकको मृत्यु भएको आफन्त राजन ढकालले बताए। घटनापछि भावविह्ल हुँदै बालककी आमा (दायाँ)। इन्सेटमा पीडित बालक।

तस्बिर : भरत खड्का, उदयपुर

पर्सा जिल्ला विकास समितिअगाडिको पदम रोडमा प्रदर्शनकारीहरूले २०७२ भदौ १४ गते कर्फ्यूको अवज्ञा गरेर प्रर्दशन गर्दा प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा प्रहरीले चलाएको गोलीको छर्रा (गोलो घेराभित्र घाउ) लागी बीरगञ्ज उमनपा- १९ नगवाका २२ वर्षीय कृष्णकुमार पटेल घाइते भए। उनको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल र नेशनल मडिकल कलेजमा उपचार भयो। स्थानीय प्रशासनले ४ बजे कर्फ्यू आदेश गरेपछि बीरगञ्जका सबै चोकहरू बसपार्क, नगवा, छपकैया, रानीघाट, कुम्हालटोल, बिर्ता प्रतिमा चोक, लक्ष्मनवा चोक, अवास क्षेत्र पिप्रा र सानो पिप्रा गण्डकलगायतका क्षेत्रमा सडकमा टायर बालेर पोल र ढुङ्गाले सडकमा अवरोध सृजना गरेर प्रदर्शनकारीहरूले प्रदर्शन गरेका थिए। मधेस आन्दोलनका क्रममा प्रहरीको गोली लागी २ सय ३८ जना घाइते भएको इन्सेकको अभिलेखमा छ।

तस्बिर सौजन्यः सन्तोष पटेल, पर्सा

विराटनगर उमनपा-२२ रानीस्थित भन्सार नाकामा २०७२ पुस ११ गते सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो नेतृत्वको टोली धर्नामा बसेपछि प्रहरीसँग झडप भयो। प्रहरीमाथि आन्दोलकारीले ढुङ्गा प्रहार गरेपछि प्रहरीले गरेको लाठीचार्जबाट सर्लाही जिल्ला, बबरगञ्ज निवासी सद्भावना पार्टीका अध्यक्ष ६० वर्षीय राजेन्द्र महतो घाइते भए। उनको विराटनगरस्थित गोल्डेन अस्पतालमा प्राथमिक उपचार तथा धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भारतको नयाँ दिल्लीमा थप उपचार भयो।

तस्बिर : सुकदेव चौधरी, मोरङ

रूपन्देही जिल्ला सुनौली नाकाको भारतीय बजारमा सामान किन्न गएका रुपन्देही जिल्ला तिलोत्तमा नपा-११ का ३३ वर्षीय कृष्णबहादुर बिष्ट क्षत्रीलाई मधेसी मोर्चाका कार्यकर्ताले भारतीय प्रहरीकै अगाडि खुँडा प्रहार गरी हत्या प्रयास गरे । 'मच्यो' भन्दै दशगजामा ल्याएर फालिएका उनलाई नेपाल प्रहरीले उद्धार गरी उपचारका लागि भैरहवास्थित मेडिकल कलेजमा लगेको थियो ।

तस्बिर : अमृत गिरी, रूपन्देही

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेता तथा कार्यकर्ता २०७२ भदौ २७ गते सर्लाही जिल्लाको सरदरमुकाम मलङ्गवामा धारिलो हतियारसहित प्रदर्शन गर्दै। मानवअधिकार आयोग र मानवअधिकार सङ्घ संस्थाले घरेलु हतियार सहित प्रदर्शन नगर्न मधेसी मोर्चालाई पटकपटक आग्रह गरेको भए पनि मोर्चाका कार्यकर्ताले आन्दोलनका क्रममा घरेलु हतियारको प्रदर्शन गरिरहे।

तस्बिर : सन्तोषकुमार सिंह, सर्लाही

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले सर्लाही जिल्ला नेत्रगञ्ज गाविस-५ जुटपानीमा २०७२ मङ्सिर १७ गते आगजनी गरेको राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयको जीप।
मधेस आन्दोलनमा १ सय ६७ ओटा सवारी साधनमा तोडफोड र आगजनी गरिएको थियो।

तस्बिर : सन्तोषकुमार सिंह, सर्लाही

मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ मङ्सिर ६ गते आगजनी गरेको सप्तरी जिल्ला राजविराज नपा-५ स्थित प्रहरी पोष्ट। मधेस आन्दोलनको क्रममा २७ ओटा प्रहरी चौकीमा तोडफोड तथा आगजनी गरिएको थियो।

तस्बिर : मनोहरकुमार पोखरेल, सप्तरी

कैलालीको टिकापुरमा २०७२ भदौ ७ गते भएको हिंसात्मक घटनाको भोलिपल्ट आगजनी गरिएको रेडियो फुलबारी एफएम स्टेशन।

तस्बिर : विमलचन्द्र शर्मा, इन्सेक

संयुक्त मधेसी मोर्चा र प्रहरीबीच रूपन्देही जिल्ला गोनहा गाविस-६, बेथरीमा २०७२ भदौ २९ गते बेथरीमा हाटबजार चलिरहेको अवस्थामा प्रहरीले केही सवारी साधन एस्कर्टिङ गरेर लैजान खोज्दा मोर्चाका कार्यकर्ताले अवरोध गरेपछि झडप भएको थियो। झडपमा बजार गर्न आएका तथा घरमा बसिरहेका सर्वसाधारणको मृत्यु भएको थियो। घटनामा प्रहरीले अन्धाधुन्ध गोली प्रहार गर्दा स्थानीय विनोद लाकौलको घरमा भित्ता प्वाल पारेर गोली भित्र छिरेको थियो।

तस्बिर : अमृत गिरी, रूपन्देही

२.१ राज्य र मानवअधिकार

न्यायपालिका

परिच्छेद

२

१. पृष्ठभूमि

लोकतान्त्रिक प्रणालीमा नागरिकका अधिकारको मुख्य र अन्तिम संरक्षकका रूपमा न्यायपालिका हुन्छ। न्यायपालिकाको क्षमता र स्वतन्त्रताबाट नागरिकका अधिकार कुन हदसम्म संरक्षित छ भन्ने आँकलन गर्न सकिन्छ। यसवर्ष नेपालको न्याय प्रणाली नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ का आधारमा सञ्चालित रह्यो।

संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा मानवअधिकार उपभोग गर्ने सहज वातावरणका लागि लोकतान्त्रिक शासन प्रणालीको आधारभूत सर्त हो विधिको शासन। स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र यसको निष्पक्ष एवम् अविचलित कार्यसम्पादनले विधिको शासन सम्भव तुल्याउँछ। नेपालको संविधान २०७२ ले विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानवअधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिका प्रत्याभूत गरेको छ।

सर्वोच्च अदालतले न्याय सम्पादनको कार्यलाई सरल, सहज, छिटो/छरितो एवम् प्रभावकारी बनाई न्यायमा आमनागरिकको पहुँच सुनिश्चित गर्दै न्यायालयप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने उद्देश्यले नेपालको न्यायपालिकाले केही वर्षदेखि योजनाबद्ध सुधार प्रकिया आत्मसात् गर्दै आएको छ भनी आफ्ना हरेक वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ।[1] आर्थिक वर्ष २०६१/२०६२ मा प्रथम पञ्चवर्षीय रणनीतिक योजनामार्फत सुरू भएको यस प्रक्रियामा आर्थिक वर्ष २०७०/२०७१ को अन्त्यसम्म न्यायपालिकाले २ थान पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२-२०७५/०७६) तर्जुमा गरी कार्यान्वयन आरम्भ गरेको छ। न्यायपालिकामा रणनीतिक योजनासमेतको सुधारका प्रयासबाट न्याय सम्पादनलगायत व्यवस्थापकीय पक्षमा समेत महत्वपूर्ण उपलब्धि हासिल भएको न्यायापालिकाको ठम्याइ छ। तथापि, अदालतहरूमा बढ्दो कार्यबोझ तथा न्यायपालिकाप्रतिको आमअपेक्षा तथा न्यायपालिकाबाट न्याय पाउन सकिएन भन्ने भावना विकास हुँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै योजनाबद्ध सुधारका अपेक्षित उपलब्धिसहित न्यायपालिकाले कार्ययोजना तयार गरेको छ जसको पछिल्लो उदाहरण न्यायमा पहुँच आयोग गठन हो।

नागरिकको मात्र नभएर जो कसैको मौलिक हकलगायत अन्य हकअधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन गर्ने या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार पुनर्बहाली गराई हक अधिकार उपभोग गर्ने अवस्था सिर्जनाका लागि स्थापित न्यायपालिका जनताको न्याय, विधिको शासन र कानुनी राजको अन्तिम धरोहर हो। नेपालमा दशक लामो सशस्त्र द्वन्द्वकाक्रममा पनि राज्यसत्ताविरुद्ध सशस्त्र विद्रोह गरिरहेका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको जीवनप्रतिको हक, यातनाविरुद्धको हक, बलपूर्वक बेपत्ता नबनाइने जस्ता अति आधारभूत हक रक्षाका लागि पनि विश्वासिलो संस्थाका रूपमा नेपालको न्यायपालिकाले प्रतिष्ठा आर्जन गरेको थियो।

चाहे विधायिकाले विधायन निर्माणमार्फत होस् अथवा कार्यपालिका वा अन्य कार्यकारिणी शक्तिको उपयोग गर्ने राज्यका निकायहरूबाट नागरिकको मौलिकलगायत अन्य संवैधानिक हक वा कानुनी हक अधिकार सीमित तुल्याउने वा कुण्ठित तुल्याउने प्रयास होस्, त्यसरी नागरिकका हक अधिकार कुण्ठित गर्ने वा सीमित तुल्याउन खोजिएको वा भएको प्रयास रोकी हरेक व्यक्तिको हक अधिकार उपभोग गर्ने अवस्था सिर्जना गर्न न्यायपालिकाको महत्वपूर्ण भूमिका हुन्छ। नेपालको न्यायपालिकाले यो भूमिका निर्वाह गर्ने क्रममा सकारात्मक र निराशाजनक दुवै अवस्थाबीच सन् २०१५ व्यतीत भएको छ। यस आलेखमा न्यायपालिकाले यस वर्ष मानवअधिकार क्षेत्रमा पुऱ्याएको योगदानको लेखाजोखाका साथै यस क्षेत्रका अन्य विषयको विवेचना छ।

२. प्रधानन्यायाधीश नियुक्ति आशाजनक नेतृत्व

दोस्रो त्रैमासिक समाप्त भएलगत्तै न्यायपालिकाको नेतृत्व गर्ने अभिभारा वरिष्ठ न्यायाधीश कल्याण श्रेष्ठले पाएका छन्। मानव अधिकार तथा लैङ्गिक न्यायमा थुप्रै महत्वपूर्ण फैसला (ल्यान्डमार्क जजमेन्ट्स) गरिसकेका श्रेष्ठको नेतृत्वमा न्यायपालिकाले उदाहरणीय कार्य गर्ने आशा छ। श्रेष्ठले अभिभारा ग्रहण गर्नुअघि यस वर्षको अघिल्ला ६ महिना रामकुमारप्रसाद साहले प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हाल्दै आएका थिए।

१. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०६९/२०७० तथा २०७०/२०७१

२३ औं प्रधानन्यायाधीशका रूपमा साहले अक्टोबर १०, २०१४ मा औपचारिकरूपमा नेपाली न्यायपालिकाको नेतृत्व सम्हालेका थिए। उमेर हदका कारण जुलाइ ७, २०१५ मा अनिवार्य सेवा निवृत्त भएका साहको नेतृत्वकालमा न्यायपालिकाको उल्लेख्य कार्य भनेको पक्षहरूलाई मुद्दा सम्बन्धमा जानकारी गराउन सूचना प्रविधिको प्रयोग हो। मुद्दा सुनुवाइको अनलाइन अद्यावधिक गर्नु, पेशी १० बजे नै उपलब्ध गराउनु, पेशीको जानकारी पक्षहरूलाई एसएमएसबाटै जानकारी गराउनु, ल फर्मबाटै अनलाइन रिट दर्ताको व्यवस्था गर्नु हो।[१] तर ल फर्मबाटै अनलाइन रिट दर्ता गराउने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको छैन।

अघिल्ला प्रधानन्यायाधीश रामकुमारप्रसाद साहले आफ्नो कार्यकालका मुद्दाको सनुवाइमा केही सुधार गर्ने प्रयत्न गरे पनि उनको अन्तिम समय भने विवादास्पद रह्यो। आफ्नो कार्यकालको उत्तरार्द्धमा गरेका न्यायाधीश सरुवा न्यायिक प्रचलनभन्दा विपरीत रहेको भन्ने टिप्पणी भए। संवैधानिक परिषद्ले प्रधानन्यायाधीशका रूपमा कल्याण श्रेष्ठलाई नियुक्त गर्न सिफारिस गरिसकेको र आफ्नो कार्यकाल २ हप्तामात्र बाँकी भएको अवस्थामा साहले जिल्ला र पुनरावेदन अदालतका गरी ५१ न्यायाधीशको सरुवा गरेका थिए।[२] यसप्रकारको सरुवालाई उचित ठानिँदैन। न्यायपालिकाको नेतृत्व सम्हाल्नेबित्तिकै प्रधानन्यायाधीश श्रेष्ठले साहको उक्त कदम उल्ट्याए। यसरी श्रेष्ठ एक निर्भिक (बोल्ड) न्यायाधीशका रूपमा देखिएकाले उनको नेतृत्व आशाजनक ठानिएको हो।

३. कार्य सम्पादन[४]

३.१ आ.व. २०७०/२०७१ को कार्यसम्पादन[५]

न्यायपालिकाअन्तर्गत सर्वोच्च अदालत, मातहतका अदालत, न्यायाधीकरण तथा न्याय परिषद्समेत रहन्छन्। आर्थिक वर्ष २०७०/२०७१ मा नयाँ र पुराना गरी २४ हजार ७ सय ३५ मुद्दा दर्ता भएकामा त्यसको २० प्रतिशतमात्र सर्वोच्च अदालतले किनारा लगाउन सक्यो।

सर्वोच्च अदालतले सिङ्गो न्यायपालिकाले वर्षभर गरेका कार्य समेटेर राष्ट्रपतिलाई वार्षिक प्रतिवेदन बुझाउने संवैधानिक दायित्वअनुरूप गत वर्ष पनि यो प्रतिवेदन बुझाएको छ। तर आर्थिक वर्ष २०७१/२०७२ को प्रतिवेदन भने उपलब्ध हुन सकेको छैन। वार्षिक प्रतिवेदनमा उल्लेख मुद्दा दर्ता तथा फर्स्यौटको विवरण यस्तो छ।

३.२ मुद्दाको चाप बढ्ने क्रम जारी

अघिल्लो आर्थिक वर्षको कार्य सम्पादनसँग तुलना गर्दा सर्वोच्च अदालतमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा मुद्दाको अन्तिम सनुवाइ हुन नसकी सङ्ख्या बढ्ने क्रम जारी छ।

आर्थिक वर्ष	अघिल्लो आवबाट सरेर आएको जिम्मेवारी	नयाँ दर्ता	जम्मा लागत	फर्स्यौट		बाँकी
				सङ्ख्या	प्रतिशत	
२०६९/२०७०	१२७१४	८०९७	२०८११	४३६०	२०.९५	१६४५१
२०७०/२०७१	१६४५१	८२८४	२४७३५	५९४६	२०.०४	१८७८९

स्रोतः सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७०/२०७१ (तालिका २)

आर्थिक वर्ष २०६९/२०७० मा दर्ता भएका मुद्दाको २०.९५ प्रतिशतमात्र फर्स्यौट भएको छ। आर्थिक वर्ष २०७०/२०७१ मा २०६९/२०७० को तुलनामा झण्डै १ प्रतिशतले कम मुद्दा फर्स्यौट भयो। त्यसैले आव २०७०/२०७१ बाट आव २०७१/२०७२ मा जिम्मेवारी सरिआएका मुद्दाको सङ्ख्या १८ हजार ७ सय ८९ छ। सर्वोच्चमा प्रत्येक वर्ष मुद्दा बढ्ने क्रम अत्यधिक छ भन्ने कुल भारको केवल २० प्रतिशत मुद्दामात्र फर्स्यौट हुन सकेबाट स्पष्ट हुन जान्छ। यसरी मुद्दा फर्स्यौट हुन नसक्नुको प्रमुख कारणमध्ये मुद्दाको

१. Shah retires as Nepal's Chief Justice, Kalyan Shrestha succeeding, The Himalayan Times, July 07, 2015 <http://thehimalayantimes.com/nepal/chief-justice-shah-retires-from-service/>, accessed on Jan 14, 2016

२. "Transfer of Judges at 11th Hour by Outgoing CJ Against Tradition" http://myrepublica.com/politics/story/23282/transfer-of-judges-at-11th-hour-by-outgoing-cj-against-tradition.html, published date 22 Jun 2015, accessed on Jan 14, 2016

४. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७०/२०७१

५. सर्वोच्च अदालतको आव २०७१/२०७२ वार्षिक प्रतिवेदन उपलब्ध हुन नसकेको।

तुलनामा न्यायाधीश कम हुनु पनि हो।

न्याय सम्पादनका सन्दर्भमा ध्यान नदिएको महत्वपूर्ण पक्ष भनेको सबैभन्दा बढी मुद्दा कुन विषयमा परेका छन् र यसको कारण के हो भनी सम्बोधनका लागि निरोधको कदम नचालिनु पनि रहेको छ। मुद्दाको निपटाराबाट विवादको कानुनी समाधान भए पनि सामाजिक समाधान दियो कि दिएन भनेर खोज्ने प्रयास भएको छैन। आव २०७०/२०७१ मा नयाँ पुराना गरी सर्वोच्च, पुनरावेदन र जिल्ला तीनै तहको अदालतमा सबैभन्दा बढी मुद्दा परेको विषय जग्गासम्बन्धी हो। आव २०७०/२०७१ मा ४२ हजार ९ सय १० थान यस्ता मुद्दा दर्ता भएका थिए।[६] त्यसैगरी अघिल्लो आव २०६९/२०७०मा नयाँ पुराना गरी सबैभन्दा बढी मुद्दा परेको विषय जग्गा नै थियो। त्यस वर्ष ४२ हजार ९ सय १० दर्ता भएको थियो।[७] तर यस्ता मुद्दालाई छिटो/छरितो टुङ्ग्याउन, जग्गा मुद्दा पर्नाका कारण खोज्न न्यायपालिकाले कुनै पहल गरेको देखिँदैन।

आव २०७०/२०७१ समाप्त हुँदा यी अदालतले वार्षिकरूपमा १ लाख ३ हजार ८ सय ७८ उजुरी फर्स्यौट गरे भने ७६ हजार १ सय ४८ उजुरी बाँकी छन्। सबै अदालत तथा अन्य न्यायाधीकरणको ५ वर्षको तुलानात्मक कार्यबोझ र कार्य सम्पादन स्थिति यस प्रकार छ :[८]

सर्वोच्च अदालतको मात्र नभएर तिनै तहका सबै अदालतको कार्य सम्पादन बोझ हेर्दा उजुरी वा मुद्दा फर्स्यौट सबैभन्दा ठूलो समस्या हो। यसरी ७६ हजार १ सय ४८ मुद्दाको अन्तिम किनारा लगाउन बाँकी हुनु भनेको कम्तीमा पनि यसका दुई गुना परिवारको विवाद निरूपण हुन नसक्नु हो।

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट	बाँकी
२०६६/०६७	५८५८५	६६३४५	१२५३८०	७००१७	५५३६३
२०६७/०६८	५५३६३	७६५६४	१३१५२७	७२४५३	५५४३४
२०६८/०६९	५५६२१	५३५३२	१५३५५३	८७७२८	६५८२५
२०६९/०७०	६५८२५	१००३५१	१६६१७६	८६५१५	७५२५७
२०७०/०७१	७५२५७	१००७६५	१८००२६	१०३८७८	७६१४६

४. संस्थागत प्रतिष्ठा

संविधान र कानुनको मर्मअनुरूप व्याख्या गरेर शासकलाई निरङ्कुश बन्न रोक लगाएर र मौलिक हकलगायतका मानव अधिकार रक्षा गर्ने न्यायालयले आफ्नो साख जोगाउन जरुरी छ र त्यसका लागि न्यायालयको इमान प्रतिष्ठा महत्वपूर्ण हुन्छ। डेभिड ब्राइन भन्छन्- 'तरवारको शक्ति र धनको शक्ति दुवैलाई अस्वीकार गर्दै अदालतले आफ्ना संस्थागत प्रतिष्ठा (प्रेस्टिज) सिर्जना गर्न सक्नुपर्छ। अदालतको शक्ति यसका फैसलाहरूको अनुनयनमा रहन्छ र अन्ततः राजनीतिक संस्थाहरू र सार्वजनिक अभिमतमा रहन्छ।'[९] अदालतको कार्य सम्पादनले कसरी आफ्नो प्रतिष्ठा बढाउँछ भन्ने अमेरिकी अनुभव हाम्रालागि पनि सान्दर्भिक देखिन्छ।

समाजलाई ठोसरूपमा मार्गदर्शन गर्ने प्रकृतिका मुद्दामा अमेरिकी अदालतको कारबाही पनि केही ढिला भएको थियो तर त्यसको तत्कालै न्यायालयभित्रै समीक्षासमेत भएको थियो। सन् १९५१ को ब्राउन बि बोर्ड अफ एजुकेसन मुद्दा सन् १९५४ मा टुङ्ग्याइयो।[१०] यसपछि तत्कालै मुद्दामा फैसला दिन नसकेको भनेर आलोचना पनि भयो। अझ राजनीतिशास्त्री रोबर्ट ड्याल भन्छन्-'राष्ट्रिय नीतिको दिशालाई प्रभाव पार्न अदालत एक्लै त प्रायः शक्तिहीन नै हुन्छ।'[११] अझ जेराल्ड रोजेनवर्गले ड्यालभन्दा पनि कठोर अभिव्यक्ति दिएका छन्। उनी भन्छन्- 'अदालतले धेरै हदसम्म कहिल्यै

६. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७०/२०७१
७. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०६९/२०७०, पृष्ठ घ
८. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन,२०७०/२०७१, पृष्ठ १०
९. David O'Brien, "The Court and American Life," From Storm Center: The Supreme Court in American Politics" in The Enduring Debate: Classic and Contemporary Readings in American Politics (W.W. Norton & Company, New York,6th Ed Example 2011), p 291 (Denied the power of the sword or the purse, the Court must cultivate its institutional prestige. The power of the Court lies in the persuasiveness of its rulings and ultimately rests with other political institutions and public opinion.)
१०. Ibid, page 292
११. David O'Brien, "The Court and American Life," From Storm Center: The Supreme Court in American Politics" in The Enduring Debate: Classic and Contemporary Readings in American Politics (W.W. Norton & Company, New York,6th Ed Example 2011), p 291

पनि सामाजिक सुधार गर्न सक्दैन।'[१२] यी राजनीतिशास्त्रीको आलोचना गरे पनि अमेरिकी समाजमा अदालतको कार्यले अदालतको प्रतिष्ठा र विश्वास भने बढाइरहयो।

ब्राउन वि बोर्ड अफ एजुकेसन मुद्दाको फैसलाद्वारा अमेरिकी समाजमा काला र गोरा जातिबीच शताब्दिऔंदेखि विद्यमान रङका आधारमा हुने भेदभाव अन्त्य भयो। न्यायालयको यसप्रकारको शक्ति वा ताकतबारे डेभिड आ ब्रायन भन्छन्- 'न कङ्ग्रेस न त राष्ट्रपति एक्लैले सङ्घीय सर्वोच्च अदालतले भन्दा बढी जातीयरूपमा खण्डित तुल्याइएको सार्वजनिक विद्यालय तोड्न सक्थ्यो।'[१३] त्यसैले समाजमा न्याय दिने अदालतको भूमिका नै त्यस समाजमा न्यायालयप्रतिको प्रतिष्ठामा भर पर्छ। न्यायालयको प्रतिष्ठा वृद्धि गर्न यसको विकृति विसङ्गति अन्त्य गर्न जरुरी छ जसका लागि न्यायालयमा रिक्त पदमा तत्कालै न्यायाधीश नियुक्तिबाट यो सम्भव छ। विकृति विसङ्गति अध्ययन समितिको प्रतिवेदन, २०७२ मा औंल्याइएको छ।[१४] मुद्दा फैसलाको तत्काल पालो आउने हो भने केही गलत मनसाय भएका कर्मचारी वा न्यायकर्मीको त्यस प्रकारको गतिविधिमा पनि कमी आउन सक्छ।

५. न्यायालयमा विकृति विसङ्गति अन्त्य : प्रतिवेदनमा सीमित

नेपालमा प्रायः प्रधानन्यायाधीश आफूले न्यायपालिकाको नेतृत्व सम्हालेपछि उक्त संस्थामा रहेको विकृति विसङ्गति अन्त्य गरी स्वच्छ बनाउने प्रतिबद्धता व्यक्त गर्छन्। यो पदमा पुगेपछि विकृतिविहीन न्यायपालिका बनाउने आफ्नो प्रमुख दायित्व रहेको बताउने कल्याण श्रेष्ठले पनि २१ साउन २०७२ मा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा चार सदस्यीय 'न्यायपालिकामा विकृति विसङ्गति अध्ययन समिति' गठन गरे। सर्वोच्च अदालतकै न्यायाधीश वैद्यनाथ उपाध्याय र गोविन्दकुमार उपाध्याय सदस्य तथा सह-रजिस्टार नहकुल सुवेदी सदस्यसचिव रहेका उक्त समितिले न्याय सम्पादन, न्याय प्रशासन र स्रोत-साधनको परिचालन क्षेत्रका विकृति र विसङ्गति पहिचान र निराकरणको सुझावसहितको प्रतिवेदन २९ मङ्सिर २०७२ मा प्रधानन्यायाधीश श्रेष्ठलाई बुझाएको छ।[१५] यदि न्यायपालिकालाई साँच्चै नै विकृतिविहीन बनाउने योजना श्रेष्ठको हो भने समितिले औंल्याएका कमजोरी सुधार्नतिर इमानदारीसाथ लाग्नु आवश्यक छ।

यसप्रकारको समिति गठन यो नै पहिलो होइन। यसअघि पनि २०६४ सालमा 'न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समिति' र 'विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन समिति २०६६' गठन भइसकेका छन् । त्यसैले नेपालको न्यायपालिकामा विसङ्गति तथा विकृति अन्त्यका लागि गठन गरिने यसप्रकारको अध्ययन समिति गठन 'फेस सेभिङ' मात्र हो भन्छन् एक विश्लेषक।[१६] त्यसैले नेपालको न्यायपालिकामा विसङ्गति तथा विकृति अन्त्यको शृङ्खलामा लाल समिति गठन पनि यस्तै फेस सेभिङमा थप एउटा अध्यायमात्र भएको छ।

६. न्याय परिषद् फराकिलो पार्ने प्रयास

नेपालको संविधानको धारा १५३ मा न्यायाधीश नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य कुरा सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद् रहने व्यवस्था छ। संविधानको धारा १३८ (१) मा सर्वोच्च अदालत, न्याय परिषद् र न्याय सेवाआयोगले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। न्याय परिषद्को वार्षिक प्रतिवेदनलाई सर्वोच्च अदालतको प्रतिवेदन मातहत राखेर पठाउने नेपालको अन्तरिम संविधानको व्यवस्थाभन्दा थोरै फराकिलो पारेर छुट्टै वार्षिक प्रतिवेदन राष्ट्र प्रमुखलाई पठाउने प्रावधान राख्नु आफैंमा न्यायपालिकाभित्र न्याय परिषद्लाई थप विस्तारित गर्ने र जवाफदेही तुल्याउनेतर्फको एक सकारात्मक कदम हो। तापनि छुट्टै वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखलाई बुझाउनु मात्रै पर्याप्त हुँदैन। बरु त्यस प्रावधानको सफल प्रयोग हुन सकेमात्र उलब्धिमूलक

---

१२. Ibid
१३. Ibid
१४. Ibid, page 297 (Neither Congress nor the President, any more than the Court, could have singlehandedly dismantled racially segregated public schools.)
१५. 'न्यायाधीशको नियुक्तिबाटै न्यायालयको विसङ्गति विकृति हट्ने ' गोरखापत्र, डिसेम्बर १६, २०१५, पृष्ठ ३
१६. तुफान न्यौपाने, 'फेस सेभिङ मात्र' हिमाल, १२ देखि १८ पुस, २०७, पृष्ठ १८ <http://nepalihimal.com/article/5957> खोजिएको जनवरी १६, २०१६ यो रिपोर्ट यस लिङ्कमा समेत उपलब्ध छ।

हुनेछ। 'यस व्यवस्थाको सफल प्रयोग हुनसके सकारात्मक हुने' भन्ने न्यायपरिषद्का पूर्व सदस्य तथा वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेको विश्लेषण छ।[१६] न्यायपरिषद्ले छुट्टै वार्षिक प्रतिवेदन पेश गरेर परिषद्को अस्तित्वको औचित्य पुष्टि गर्ने अवसर प्राप्त त भएको छ तर प्रधानन्यायाधीश नै अध्यक्ष रहने परिषद्लाई व्यापक बनाउन त्यतिमात्र पर्याप्त भने छैन।

नेपालका सम्माननीय प्रधानन्यायाधीश अध्यक्ष तथा अन्य चार सदस्य गरी पाँच सदस्यीय न्यायपरिषद्को व्यवस्था छ।[१८] सदस्यहरूमा सङ्घीय कानुन तथा न्याय मन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको एक जना कानुनविद् र नेपाल बार एसोसिएसनको सिफारिसमा प्रधान न्यायाधीशद्वारा नियुक्त गरिने एक जना अधिवक्ता[१९] रहने व्यवस्था छ।[२०] यसरी न्याय परिषद्मा सर्वोच्च अदालतको नेतृत्व रहन्छ भने बहुमत न्यायपालिकाभन्दा बाहिरको हुन्छ। यस अर्थमा नेतृत्व न्यायालयको हुने तर बहुमत नहुने हुँदा यसको कार्यमा अदालतभित्र र बाहिरका सदस्यबीच मतैक्य नहुँदासम्म निर्णय लिन गाह्रो देखिन्छ।

नेपालको संविधान जारी भएपछि न्यायपरिषद्को पहिलो बैठक २२ मङ्सिर, २०७२ मा बस्यो। बैठकले संवैधानिक इजलास गठन गर्न न्यायाधीश गिरीशचन्द्र लाल, सुशीला कार्की, वैद्यनाथ उपाध्याय र गोपाल पराजुलीलाई सिफारिस गऱ्यो। यो निर्णयसँगै मुलुकको न्यायपालिका आफ्नो संरचनालाई नयाँ संविधानको व्यवस्थाअनुरूप ढाल्न र संविधान कार्यान्वयन गर्न अग्रसर त भयो तर सँगसँगै उसले केही संवैधानिक अड्चन र रिक्तता सामना गर्नुपरेको छ। जसका लागि राजनीतिक नेतृत्वको मुख ताक्नुपर्ने बाध्यता सिर्जना भएको छ। यसले प्रधानन्यायाधीश कल्याण श्रेष्ठको न्यायपालिका सुधारको प्रतिबद्धता र न्याय सम्पादनको प्रभावकारितामा प्रत्यक्ष प्रभाव पारेको छ।[२१]

७. सङ्क्रमणकालको चपेटामा न्यायपालिका

नयाँ संविधानमा न्ययापालिकासम्बन्धी सङ्क्रमणकालीन व्यवस्थाहरू निश्चय पनि द्विविधापूर्ण र अन्योलग्रस्त नै छन्। तर यी व्यवस्थाको व्याख्या सकारात्मक ढङ्गले गरेर संविधानको भावनालाई आत्मसात् गर्न नसकिने अवस्था पनि थिएन र छैन पनि। सिङ्गो मुलुक सङ्क्रमणकालमा रहेको अवस्थामा अन्योलपूर्ण अवस्थालाई सहज र सकारात्मक तर संवैधानिक भावनाअनुकूल व्याख्या गर्ने कर्तव्य र दायित्व राज्यका सबै निकायको हो।[२२]

सर्वोच्चमा मुद्दाको चाप र न्यायाधीशको अनुपात मिलेको छैन। बीसौँ हजारको सङ्ख्यामा मुद्दा रहेका र १० मात्र न्यायाधीश भएकामा भूकम्पले पुऱ्याएको भौतिक क्षतिका कारण कार्यरत न्यायाधीशले समेत राम्रोसँग बसेर न्याय निरूपण गर्ने इजलास छैनन्। 'सर्वोच्चमा दर्ता भएका मुद्दाको पालो आएर न्यायिक निरूपण हुन कम्तीमा तीन देखि पाँच वर्षसम्म लाग्छ। न्याय प्राप्तिको यो कष्टसाध्य र दुरुह बाटोले न्यायिक उपचार आज संविधानको सुन्दर गहनाका रूपमा मात्र सीमित हुन पुगेको छ जसको रूप त मनमोहक हुन्छ तर भोग गर्न सकिँदैन।'[२३] भोग गर्न नपाइएको आलङ्कारिक हकको सार्थक अर्थ रहँदैन।

सङ्क्रमणकालीन व्यवस्थामा सनुवाइ समितिबारे स्पष्ट व्यवस्था छैन। संविधानको धारा २९२ (२) मा सङ्घीय संसद्को दुवै सदनका सदस्य रहने गरी १५ सदस्यीय संसदीय सनुवाइ समिति गठन गरिने उल्लेख छ। यो व्यवस्थाको सोझो अर्थ बुझ्ने हो भने आमनिर्वाचन, प्रान्तीय र स्थानीय निकायसम्मको निर्वाचन भएपछि मात्र सङ्घीय संसद् पूर्ण हुन्छ। तर यस व्यवस्थालाई त्यसरी बुझ्न नहुने विज्ञहरूको भनाइ छ। 'पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ भने धारा २९६ अनुसार सङ्घीय संसद् गठन नभएसम्म यही संसद्ले दुवै सदनको काम गर्ने व्यवस्थाका आधारमा संसदीय

---

१६. माथिकै, हिमाल पृष्ठ १८

१८. उपेन्द्रकेशरी न्यौपाने, 'न्यायपरिषद् फेरि पनि छायाँ सङ्गठन' *संविधान संवाद*, संवैधानिक कानुन व्यवसायी मञ्च काठमाडौं, २०७२, पृष्ठ १५७

१९. नेपालको संविधान, धारा १५३

२०. न्याय परिषद्को सदस्यका रूपमा नियुक्त हुने त्यस्तो व्यक्ति वरिष्ठ अधिवक्ता वा कम्तीमा २० वर्षको अनुभव प्राप्त अधिवक्ता हुनुपर्ने व्यवस्था छ।

२१. नेपालको संविधान, धारा १५३

२२. रामबहादुर रावल, 'अदालतमा संवैधानिक सङ्क्रमण', नेपाल साप्ताहिक, ५ पुस २०७२, पृष्ठ १६

२३. टीकाराम भट्टराई, 'सङ्क्रमणकालको चपेटामा न्यायपालिका', कान्तिपुर राष्ट्रिय दैनिक, मङ्सिर २८, २०७२ (डिसेम्बर १४, २०१५) पृष्ठ ६

समिति गठन गर्न सकिने बताउँछन्।'[१४] तर पनि हालसम्म यो समिति गठन हुन सकेको छैन। समिति गठन नहुँदासम्म न्यायाधीश नियुक्त गरिए पनि 'संसदीय सनुवाइ विशेष समितिको अभावका कारण अड्चन झेल्नुपर्नेछ।' अर्कोतिर 'सुनुवाइ समिति नै नबन्ने हो कि भन्ने शङ्का छ।'[१५] संविधानको व्याख्यामार्फत यस्ता समस्याको निराकरण नगरिने हो भने न्यायाधीश नियुक्ति अभावमा न्यायपालिकामा मानव संसाधन अभाव हुन गई हक अधिकार संरक्षणमा गम्भीर आघात पुग्न जानेछ।

सर्वोच्च अदालतमा न्यायाधीश सङ्ख्या मुद्दा सङ्ख्याको अनुपातमा कमै छ। २१ जना स्थायी न्यायाधीश हुने सर्वोच्च अदालतमा १० जना न्यायाधीश हुनु र मुद्दाको सङ्ख्या २० हजारभन्दा माथि हुनुले नागरिकको न्याय पाउने हक कुण्ठित हुने अवस्था विद्यमान छ। न्याय परिषद्ले न्यायाधीश नियुक्त गर्नमात्र हैन, अस्थायी न्यायाधीशको सेवा निरन्तरता दिन समस्या थिएन भनेर नेपाल बार एसोसिएसनका पदाधिकारी तथा विश्लेषकको ठम्याइ छ।[१६] सङ्क्रमणकालको मारमा न्यायपालिका सबैभन्दा बढी परेको भन्ने प्रधानन्यायाधीशको विश्लेषण एकातिर छ भने अर्कोतिर न्यायाधीश नियुक्त गर्ने कार्यचाहिँ न्याय परिषद्ले पूर्णता नपाएर लामो समयसम्म हुन नसक्नु आफैँमा विडम्बनापूर्ण हो। भारतमा कलेजियट प्रणालीबाट न्यायाधीश नियुक्त गर्ने पद्धति अन्त्य गर्दै नेसनल जुडिसियल अप्वाइन्टमेन्ट्स कमिसन (एनजेएसी) एक्टमा गरिएको संशोधनमार्फत संविधानको ९९ औँ संशोधनलाई भारतीय सर्वोच्च अदालतले असंवैधानिक घोषणा गरेर[१७] न्यायालयमा हस्तक्षेप नगर्न सन्देश दिएको छ भने हामीकहाँ भने न्यायाधीश नियुक्त गर्न न्याय परिषद्ले पहल नगरेर कतै न्यायपालिका प्रमुख नै अध्यक्ष रहने न्याय परिषद्को कार्य नै सङ्कुचित हुने त हैन भन्ने पनि देखिएको छ।

यसका लागि न्यायापालिकाले संविधानको व्याख्या असल नियत राखी फराकिलो मानसिकताले पनि गर्न जरुरी छ। अमेरिकी न्यायमूर्ति फेलिक्स फ्याङ्कफर्टरले भनेजस्तै संवैधानिक व्याख्या आफैँमा राजनीतिक दस्तावेज त हैन तर यसमा निहीत राजनीति त हुन्छ नै।[१८] संविधान पक्कै पनि राजनीतिक दस्तावेज हो र लिखित दस्तावेजका रूपमा आफैँमा व्याख्या हुने हैन, यसको व्याख्या राजनीतिक हुन्छ।[१९] त्यसैले न्यायपालिकाले संविधानको व्याख्या गर्दा राजनीतिक स्वाद नआउने भन्ने त पक्कै हुँदैन तर यसले संविधान निर्माताको मनसाय र आममानिसको भलाइलाई केन्द्रमा राखेर संविधानको व्याख्या गर्न सक्यो भने योप्रतिको नागरिकको भरोसा वृद्धि हुन्छ।

८. कानुनी औपचारिकता: कर्मकाण्ड नै बढी

व्यक्तिको स्वतन्त्रता ज्यादै महत्वपूर्ण विषय हो। अदालती कारबाही उद्देश्यभन्दा बढी औपचारिक विधिपरक भए भने यी स्वतन्त्रताको उचित संरक्षण गर्न सकिँदैन। विडम्बना, नेपालले १ सय ६० वर्षअघि बनेको राणाकालीन कानुन मुलुकी ऐन, १९१० मा नै उल्लेख थुनुवाको मुद्दालाई प्राथमिकता दिनुपर्ने व्यवस्था गणतन्त्रमा आइपुग्दा पूरै निष्क्रिय भइसकेको छ। 'न्यायको याचनासहित आफूलाई अन्याय परेको बेहोराको मुद्दा सर्वोच्च अदालतमा दर्ता गराएर जेलको चिसो छिँडीमा जीवनयापन गरिरहेका हजारौँ

---

१४. माथिकै

१५. रावल, पाद टिप्पणी २७

१६. रावल पाद टिप्पणी २७

१७. उक्त विचार नेपाल बार एसोसिएसनका वरिष्ठ उपाध्यक्ष टीकाराम भट्टराईले संवैधानिक कानुन मञ्चद्वारा आयोजित 'संविधान संवाद र संविधानका विवादित अन्तर्वस्तु' नामक पुस्तक लोकार्पण कार्यक्रममा मिति पुस २८, २०७२ मा व्यक्त गरेका हुन्। प्रधान न्यायाधीश कल्याण श्रेष्ठले उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो।

१८. Samanwaya Rautray, "Supreme Court declares National Judicial Appointments Commission (NJAC) Act unconstitutional" <http://timesofindia.indiatimes.com/india/NJAC-SC-strikes-down-govt-role-in-selecting-judges-will-consult-PM-law-minister-says/articleshow/49408971.cms>, published date 16 Oct, 2015, accessed on Jan 13, 2016

१९. Quoted in David M O'Brien, *Constitutional Law and Politics: Struggles for Power and Governmental Accountability* Vol I. 8th Ed (NewYork and London: W.W. Norton & Company,2011)((Justice Felix Frankfurter observed "Constitutional interpretation is not at all a political document, but applied politics.)

कैदी/बन्दीले कम्तीमा दिनमा एक पटक सर्वोच्च अदालत, न्यायाधीश र वकिललाई सराप्ने गरेको एक जेलनाइकेले कैयौँ पटक भनिसकेका छन्।'[30] मुद्दाको पालो कुर्दाकुर्दै जीवन समाप्त भएका न्यायका याचकहरूको सङ्ख्या हजारौँ भइसकेको छ। थुनुवाको मुद्दासमेत तोकिएको दिनमा पालो नआउने गम्भीर र दु:खदायी पीडाको अन्त्य तत्काल हुने छाँट देखिएको छैन। त्यसैले कैदको चिसो छिँडीमा वर्षौंसम्म न्यायको पर्खाइमा बसेका यी हजारौँ कैदीले शीघ्र न्याय पाउन नसकेको अवस्थाप्रति न्यायालयले गम्भीरपूर्वक विचार गर्नु आवश्यक छ।

मुद्दा समयमा नै फैसला नहुनु आफैँमा विकराल समस्या छ भने फैसला भएका कैयौँमुद्दा पनि अदालतको कर्मकाण्डी व्यवहारले कानुनी औपचारिकता पूरा नगरिँदा कैदी बन्दी कारागारभित्रैबस्न बाध्य छन्। अझ अदालती काम कारबाहीका क्रममा अदालतको आफ्नै मानव संसाधनवाट सो क्रममा हुन गएका टाइपिङ भुल जस्तो सामान्य मानवीय त्रुटिका कारण उत्पन्न परिणामले पनि कैदी थप प्रताडित हुन पुगेका छन्। सामान्यत: जसले गल्ती गर्छ वा भुल गर्छ उसले नै सच्याउनुपर्ने हो। यहाँ त त्यस्तो गल्ती सच्याउन पनि लामै कर्मकाण्ड पूरा गर्नुपर्छ।

५.सवैधानिक जटिलताका कारण अड्किएको प्रधानन्यायाधीशको प्रतिबद्धता

रामकुमारप्रसाद साह प्रधानन्यायाधीश छँदा अघि बढेको न्यायाधीश नियुक्तिको प्रक्रियालाई संवैधानिक जटिलता तथा कानुनी अड्चनका कारण झन् बढी आशा गरिएका न्यायपालिका नेतृत्वकर्ता कल्याण श्रेष्ठले पूर्णता दिन सकेनन्। न्यायपरिषद् सदस्य उपेन्द्रकेशरी न्यौपानेले राजीनामा दिएपछि लामो समय त्यो पद रिक्त रह्यो। त्यसपछि अर्का सदस्य खेमनारायण ढुङ्गानाका ठाउँमा रामप्रसाद सिटौला नियुक्त भए। नेपाल बार एसोसिएसनभित्रको त्रिशङ्कु राजनीतिक समीकरणका कारण ढिलो गरी रामप्रसाद श्रेष्ठ बारको तर्फबाट न्यायपरिषद् सदस्य सिफारिस त भए तर नयाँ संविधान जारी गर्ने र सरकार परिवर्तन हुने सिलसिलाबाट भने न्यायाधीश नियुक्ति प्रक्रियामा बाधा पुग्यो। न्याय परिषद्बाहेक कुनै पनि संवैधानिक निकायका पदाधिकारीको पुनर्नियुक्ति वा पद समाप्तिको प्रावधान नयाँ संविधानमा छैन।

एकातिर न्यायपरिषद्ले न्यायाधीश नियुक्त गर्न सकेको छैन भने अर्कोतिर सर्वोच्च अदालतबाट वरिष्ठ न्यायाधीश उमेर हदका कारण सेवा निवृत हुँदैछन्। अघिल्लो आव २०७०/२०७१ बाट १८७८९ मुद्दा सरेर आएकाले सर्वोच्चमा अहिले पनि २० हजारको हाराहारीमा मुद्दा छन्। अझ एक राष्ट्रिय दैनिकका अनुसार त सर्वोच्चमा अहिले पनि २५ हजार मुद्दा छन्।[31] यस हिसाबले न्याय नपाउने अवस्था सिर्जना भएको छ किनकि ढिलो न्याय दिनु भनेको न्याय दिन इन्कार गर्नुसरह हो। (भनिन्छ- जस्टिस डिलेड इज जस्टिस डिनाइड।) यसरी न्यायाधीश नियुक्त हुन नसक्दा नागरिकलाई न्याय दिन इन्कार गरिएजत्तिकै भएको छ।

प्रधानन्यायाधीशका रूपमा कल्याण श्रेष्ठलाई पाउँदा सबैले उनीतिर आशाका नजरले हेरेका थिए र उनीबाट पनि न्याय दिलाउने खालका आशायुक्त प्रतिबद्धता आएका थिए। तर उनको पदावधि सन् २०१६ को सुरुतिर समाप्त हुनेहुँदा उनका प्रतिबद्धता उधारै रहने हुन् कि भन्ने शङ्का छ। सबैभन्दा पहिलो कारण त सामान्य अवस्थामा न्यायाधीश नियुक्त गर्ने न्याय परिषद् अपूर्ण छ। दोस्रो, सर्वोच्चमा न्यायाधीश नियुक्त गर्ने प्रदेश उच्च अदालतको न्यायाधीशबाट हो जो गठन भएको छैन। संविधान जारी भएको एक वर्षमा यस्ता उच्च अदालत गठन गर्ने भन्ने छ जुन अझै हुन सकेको छैन। तेस्रो, सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गर्न संसदीय सुनुवाइ गर्नुपर्ने हुन्छ जसका लागि संसदीय सुनुवाइ समिति गठन गर्ने सम्बन्धमा सोसम्बन्धी नियमावली संसद्ले बनाउन अझै ढिला गरिरहेको छ। सिधा अर्थमा यो सनुवाइबिना न्यायाधीश नियुक्ति सम्भव छैन। या त न्यायपालिकाले दह्रो निर्णय गरेर व्यवस्थापिका संसद्सँग समन्वय गरी न्यायाधीश नियुक्ति गर्नुपर्‍यो हैन भने न्याय दिने प्रतिबद्धता प्रतिबद्धतामै सीमित हुनेछन्।

---

30. David M O'Brien, *Constitutional Law and Politics: Struggles for Power and Governmental Accountability* Vol I. 8th Ed (NewYork and London: W.W. Norton & Company,2011), p 63 (The Constitution interpretation ,of course, is a political document and as a written document is not self-interpreting; its interpretation is political.)

31. टीकाराम भट्टराई, 'सङ्क्रमणकालको चपेटामा न्यायपालिका', कान्तिपुर राष्ट्रिय दैनिक, मङ्सिर २८, २०७२ (डिसेम्बर १४, २०१५) पृष्ठ ६

१०. भ्रष्टाचार मुद्दामा उदासिनता वा निष्क्रियता

अदालतमा भ्रष्टाचार व्याप्त छ भन्ने विषयमा सञ्चार जगत्ले बेलाबेलामा लेख्दै र बोल्दै आएका छन्। सो कुरा अदालतद्वारा गठित समितिमा पनि घुमाउरो पाराले स्वीकारिएको छ। नेपाल बारबाट गठित समितिको प्रतिवेदनमा पनि औल्याइएको छ। तापनि भ्रष्टाचारका विषय न्यायालयको प्राथमिकतामा परेका छैनन्। अझ न्यायाधीश सङ्ख्या न्यून भएकाले अदालतमा दर्ता भई पेशी चढेका यस्ता मुद्दामा पनि अन्तिम निर्णय सुनाउन सकेको छैन। अदालतभित्रका भ्रष्टाचारको विषयमा पनि चित्तबुझ्दो ढङ्गले सम्बोधन भएको छैन। 'हरेक फाँटवालालाई नजराना नचढाई काम नहुने अनुभव सेवाग्राहीसँग छ, त्यसविरुद्ध उभिने हिम्मत कोही गर्दैनन्। घटना एक कान दुई कान हुन्छ तर दोषीले उन्मुक्ति पाइरहन्छ। न्यायालयभित्र मौलाएको विकृति हटाउने ठोस पहल हुँदैन।'[३३] अदालतमा भ्रष्टाचार व्याप्त छ भन्ने विषयमा सञ्चार जगत्लाई मनगढन्ते समाचार लेख्नुभन्दा पनि त्यसको निरूपण गर्न सहयोग पुग्ने गरी वस्तुनिष्ठ समाचार सम्प्रेषण गर्न प्रधानन्यायाधीशले बारम्बार भन्दै आएका बेला[३३]प्रधान न्यायाधीशसमक्ष नै एउटा घूस प्रकरणको उजुरी परेको छ।[३४] अब यो घटना पनि न्यायपालिकाको परीक्षणको विषय हुनेछ। न्यायपालिकाभित्रको भ्रष्टाचारको मुद्दालाई प्रभावकारी ढङ्गले न निरोधको उपाय दिन सकिरहेको छ न त दर्ता भएका भ्रष्टाचारसम्बन्धी मुद्दामा अन्तिम किनारा लगाउन सकिरहेको छ।

११. न्यायाधीश आफैं रिटको सहारामा

नेपालको संविधानमा पुनरावेदन अदालतका अस्थायी न्यायाधीशबारे स्पष्ट उल्लेख छैन। त्यसैको परिणामस्वरूप पुनरावेदन अदालतका २६ जना न्यायाधीश एकै चोटि सेवा निरन्तर नभएर सेवाबाट निवृत्त भए। न्यायालयको साखका लागि र संविधान र नागरिक स्वतन्त्रताका लागि न्यायाधीशहरूको स्थायित्वमा जोड दिन्छन् अलेक्जेन्डर ह्यामिल्टन।[३५] सेवाको स्थायित्व नभएका न्यायाधीशहरूले कसरी निडर भएर न्याय सम्पादन गर्न सक्छन्?

पुनरावेदन अदालतबाट अस्थायी न्यायाधीशका रूपमा अवकाश पाएका २६ पूर्वन्यायाधीशले संविधानको त्रुटि सच्याउन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।[३६] यी सेवा निवृत्त भएका न्यायाधीशले संविधान लेखनको समयमा त्रुटि भएकाले अदालतको आदेशमार्फत सच्याउनुपर्ने जिकिर गरेका छन्। २०७० सालमा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशका रूपमा नियुक्त भएका उनीहरूले २ वर्ष ६ महिनापछि नयाँ संविधानमा भएको व्यवस्थाका कारण मङ्सिर २६ गते अनिवार्य अवकाश पाएका थिए।

'संविधानले अवकाश दिनू भनी कतै नभनेको अवस्थामा आफूहरूलाई परिषद्ले बेवास्ता गरेको उनीहरूको भनाइ छ। उनीहरूको रिटमा यसअघिको अवधिसँगै जोडिने गरी उच्च अदालतको स्थायी न्यायाधीशका रूपमा नियुक्ति दिनू भनी परिषद्का नाममा अन्तरिम आदेश जारी हुनुपर्ने जिकीर गरिएको छ।'[३७] यसरी सङ्क्रमणकाल व्यवस्थापनको मूल्य न्यायपालिकाले चुकाइरहेको छ र त्यसको प्रत्यक्ष असरस्वरूप नागरिकको न्याय प्राप्त गर्ने हक उपेक्षा हुन पुगिरहेको छ।

नयाँ संविधानको धारा ३०० को (५) उपधारा (३)मा उच्च अदालत स्थापना भएपछि न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका मुख्य न्यायाधीश र न्यायाधीशलाई उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशमा पदस्थापन गर्ने उल्लेख छ। त्यस्तै उपधारा (६) मा यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीश नियुक्ति हुँदा तोकिएको अवधिसम्म बहाल रहन सक्नेछन् भनिएको छ। यसरी अस्थायी न्यायाधीश सम्बन्धमा कुनै प्रावधान संविधानमा नभएपछि परिषद्ले उनीहरूको पदावधि थप गर्न सकेको थिएन।

---

३३. घनश्याम खड्का, 'सर्वोच्चमा न्यायाधीश नियुक्तिमा सङ्कट', कान्तिपुर, मिति डिसेम्बर ३१, २०१५ (पुस १६, २०७२), पृष्ठ १३

३३. तुफान न्यौपाने, 'सर्वोच्चमा घूसको उजुरी', हिमाल, ३-९ माघ, २०७२, पृष्ठ १८

३४. माथिकै

३५. Alexander Hamilton The Federalist, No. 78 in The Federal Judiciary p 289"

३६. संविधानको त्रुटि सच्याउन भन्दै रिट, नागरिक राष्ट्रिय दैनिक <http://www.nagariknews.com/politics/constitutional-body/story/52014.html>, प्रकाशित मिति जनवरी ७ (बिहीबार २३ पुस, २०७२), २०१६, खोजिएको जनवरी १४, २०१६

३७. माथिकै

प्रधानन्यायाधीशले यसै प्रसङ्गलाई लक्षित गर्दै सङ्क्रमणकालको सबैभन्दा चपेटामा न्यायपालिका परेको भन्ने भनाइ सार्वजनिक भएको थियो।[३८]

पुनरावेदन अदालतका अस्थायी न्यायाधीशहरू सेवा निवृत्त भए पनि नयाँ सविधान आरम्भ नहुँदै परिषद्ले जिल्ला न्यायाधीशको भने नियुक्ति गऱ्यो। नेपालको अन्तरिम संविधान, २०६३ र न्याय परिषद् ऐन, २०४७ बमोजिम जिल्ला अदालतको न्यायाधीश हुन योग्यता पुगेका नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूलाई न्यायपरिषद् ऐन, २०४७ को दफा ४ को उपदफा (१) को खण्ड (ख) र न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ को नियम ५ को उपनियम (१) बमोजिम कार्य सम्पादन, वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारिता, निष्पक्षता, न्यायप्रतिको निष्ठा र योगदान, उच्च नैतिक चरित्रसमेतका आधार र कारणबाट थप भएको तथा रिक्त जिल्ला अदालतको न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त देखिएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ बमोजिम सम्माननीय प्रधान न्यायाधीशसमक्ष नियुक्तिका लागि धारा ११३ बमोजिम सिफारिस गरियो। तर त्यसपछि नयाँ संविधान आरम्भ भएकाले न्याय परिषद्मा पूर्णताको अभावमा थप न्यायाधीश नियुक्त हुन सकेका छैनन्।

भारतमा भने संसद्ले न्यायाधीश नियुक्त गर्नका लागि भारतीय संविधानको ९९औँ संशोधनमार्फत ल्याइएको नयाँ व्यवस्था न्यायिक पुनरावलोकनको माध्यमबाट उल्टाइदिएको छ। न्यायपालिकाको स्वतन्त्रता भारतीय संविधानको एक आधारभूत चरित्र भएको र यो संशोधनले न्यायपालिकाको स्वतन्त्रता प्रतिकूल प्रावधान ल्याउने भन्दै त्यहाँको सर्वोच्च अदालतले उल्ट्याएर पुरानै कलेजियट सिस्टम जारी राखेको छ। तर नेपालमा भने अदालतको कार्य सम्पादन हेर्दा न्यायालय न्यायाधीश नियुक्त गर्ने गरी संविधानको व्याख्या गर्न कम सुरो भएको लाग्ने अवस्था छ।

अन्तर्राष्ट्रियरूपमा न्यायाधीशको उमेर हदम्याद ६७ वर्ष भएको, सार्क मुलुक बङ्गलादेशमा नै न्यायाधीशको उमेर ६८ वर्ष भएको, नेपालमा भने सर्वोच्च अदालतका न्यायाधीशको उमेर हद ६५, पुनरावेदनको ६३ र जिल्ला न्यायाधीशको ६३ छ। प्रधानन्यायाधीश आफैँले व्यक्तिगत अभिव्यक्तिमा न्यायाधीशको उमेर हद बढाउन जरुरी भएको भने पनि[३९] पदीय हैसियतमा भने सोअनुसार पहल गरेको पाइएन। अमेरिकामा १ पटक न्यायाधीशकारूपमा नियुक्त भइसकेपछि ऊ सर्धैंका लागि न्यायाधीश रहन्छ। हामीकहाँ वरिष्ठताका आधारमा प्रधानन्यायाधीश हुने तर कार्यकाल छोटो हुँदा नेतृत्व सबल भएर पनि ठोस परिवर्तनको अनुभूति हुन सकेको छैन।

१२. अदालतप्रति भरोसा र फैसला कार्यान्वयन

न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनामा फैसला कार्यान्वयनका लागि परेका निवेदन ६ महिनाभित्र फर्स्यौट गर्ने एवम् कुनै पनि हालतमा १ वर्ष नाघ्न नदिने प्रतिबद्धता व्यक्त गरिएको भए तापनि योजना लागु भएपछिको २ वर्ष (आव २०६१/२०६२-२०६२/२०६३) को तथ्याङ्क हेर्दा त्यस्ता निवदेनको फर्स्यौट प्रतिशत ५४.५० मात्र रहन पुगेको देखिन्छ।[४०] त्यस्तै मुद्दाका पक्षसँग कर्मचारीको व्यवहार पनि निराशाजनक छ। राम्रो- ३३.३३ प्रतिशत, सुधार गर्नुपर्नेखालको- ३२.१६ प्रतिशत, सामान्य- २९.२४ प्रतिशत र असाध्यै राम्रो- ५.२६ प्रतिशत छ। आव २०७०/२०७१ मा दण्ड जरिवानातर्फ १९.७५ प्रतिशत, कैदतर्फ १९.७१ प्रतिशत र फैसला कार्यान्वयनको निवदेनको ६२.३६ प्रतिशत कार्यान्वयन भएको छ।[४१] रणनीतिक योजना लागु गर्दाको वर्षको तुलनामा दोस्रो रणनीतिक योजना अन्त्य र तेस्रो र यो सुरुवातीको वर्षमा फैसला कार्यान्वयन बढ्ने क्रममा पाइयो। दण्ड, जरिवाना र कैदतर्फको फैसला कार्यान्वयनको अवस्था कमजोर रहे। फैसला कार्यान्वयन निवेदनहरूको फर्स्यौट प्रतिशत आव २०६१/२०६२-२०६२/२०६३) को ५४.५० तुलनामा आव २०७०/२०७१ मा ६२.३६ पुग्नुले भने राम्रो सन्देश दिएको छ।

१३. 'सर्भिस ल' बनाउन आदेश र त्यसको उपेक्षा[४२]

सामुदायिक विद्यालयमा कार्यरत पियन तथा

---

३८. टीकाराम भट्टराई, 'सङ्क्रमणकालको चपेटामा न्यायपालिका', कान्तिपुर राष्ट्रिय दैनिक, मङ्सिर २८, २०७२ (डिसेम्बर १४, २०१५) पृष्ठ ६

३९. 'न्यायाधीशको उमेर हद बढाऊ', नागरिक राष्ट्रिय दैनिक, २०७२ भदौ ६, पृष्ठ ३

४०. फैसला कार्यान्वयनसम्बन्धी समस्या र समाधानका उपायहरू, पृष्ठ ७९

४१. सर्वोच्च अदालत वार्षिक प्रतिवेदन, २०७०/०७१, पृष्ठ ख

४२. 'प्रधान मन्त्रीलाई बर्खास्त गर्न माग'
http://www.enayapatrika.com/2015/09/25105#sthash.WPWS4ObD=dpuf

लेखापाललगायतका तल्लो तहका कर्मचारी सेवा निवृत्त हुँदा रित्तो हात अवकाश हुनुपर्ने अवस्था अन्त्य गरी आफूहरूलाई पनि अन्य कर्मचारीसरह पेन्सन, औषधि उपचारलगायतका सुविधा प्रदान गर्न माग गर्दै १९ मङ्सिर २०६४ मा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।[४३] उक्त माग दाबी सम्बन्धमा ६ महिनाभित्र 'सर्भिस ल' बनाएर सेवा दिन २३ माघ २०६७ मा सर्वोच्चले पहिलो पटक शिक्षा मन्त्रालयलगायत अन्य सराकोरवाला निकायको नाममा आदेश दिएको थियो। तर सर्वोच्च अदालतको फैसला कार्यान्वयन हुन सकेन। सो फैसला कार्यान्वयन नगरेको भन्दै सामुदायिक विद्यालयका त्यस्ता कर्मचारीले पुन: रिट निवेदन दायर गरेकोमा उक्त रिटको सुनुवाइ गर्दै सर्वोच्च अदालतले २०७१ भदौ १२ गते ६ महिनाभित्र आदेश कार्यान्वयन गर्न आदेश दियो। सर्वोच्च अदालतले समयसीमा तोकेर आफ्नो आदेश कार्यान्वयन गर्न दिएको आदेशसमेत कार्यान्वयन नभएपछि २०७२ साल साउन ७ गते ७ दिनभित्र फैसला कार्यान्वयन गर्न सर्वोच्चले पुन: आदेश दियो। त्यो पनि सरकारले बेवास्ता गरेको सो फैसला कार्यान्वयन अभियानका संयोजक गोविन्दबहादुर पौडेलले जनाए।[४४] यसरी सर्वोच्च अदालतले समयसीमा तोकेर आफ्नो आदेश कार्यान्वयन गर्न दिएको आदेशसमेत कार्यान्वयन नहुनु कानुनी शासनकै उपहास हो।

१४. मानवअधिकार संरक्षण

स्वतन्त्र र सक्षम न्यायपालिका लोकतान्त्रिक शासन प्रणालीको आधारभूत सर्त हो। निष्पक्ष तथा अविचलित न्याय सम्पादनमार्फत मौलिक हक तथा कानुनी अधिकारको संरक्षण, मानवअधिकारको प्रवर्धनमार्फत विधिको शासनको प्रवर्धन स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र विकासबाट मात्र सम्भव छ। यस वर्षको सेप्टेम्बर महिनासम्म क्रियाशील नेपालको अन्तरिम संविधान, २०६३ र सेप्टेम्बर महिनामा आरम्भ नेपालको संविधानले समेत निष्पक्ष न्याय सम्पादनको संवैधानिक प्रत्याभूति गरेको छ। सोहीबमोजिम सर्वोच्च अदालत, यस मातहतका अदालत तथा न्यायाधीकरणहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र रही न्याय सम्पादनको कार्य गर्दै आएका छन्। यस वर्ष सर्वोच्च अदालतले मानवअधिकार संरक्षणको क्षेत्रमा केही ऐतिहासिक तथा कालजयी फैसला गरेको छ।

सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत मुद्दामा '*बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन', २०७१* मा मानवअधिकार उल्लघङ्नकर्तालाई माफी दिनेलगायत मानव अधिकारको प्रचलित सिद्धान्त प्रतिकूलका उक्त ऐनको प्रावधानलाई सर्वोच्च अदालतको विशेष इजलासले बदर गरिदिएको छ। यसरी मानव अधिकार रक्षाका लागि ऐतिहासिक एवम् कालजयी फैसला गरेर भविष्यमा पनि कसैले यस्तो दु:साहस नगरोस् भनेर सचेतसमेत गराएको छ।[४५]

गम्भीर मानवअधिकारको उल्लङ्घन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन सक्दैन भन्नुको अर्थ यो वा त्यो बहानामा त्यस्ता व्यक्तिलाई उम्काउने चेष्टा अरुले पनि गर्नुहुँदैन भन्ने हो। यदि दोषीलाई उम्काउने प्रयास गरिन्छ वा त्यसको मतियार बनिन्छ भने सिर्जित परिणाम भोग्नसमेत तयार रहनुपर्छ। कानुनबमोजिम स्थापित आयोगहरूले त्यस्तो गर्दैनन् भन्ने विश्वास यो इजलाशले लिएको छ।[४६]

कार्यकारी अधिकार प्रयोग गर्नेले न्यायालयबाट सनुवाइको अन्तिम किनारा लागिसकेका मुद्दामा संलग्न व्यक्तिलाई माफ दिन सकिने विश्वव्यापी चलन छ। तर यसरी माफी मिनाहा गर्नसक्ने व्यवस्थाको दुरूपयोग गर्दै गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन नसक्ने भन्नुको मतलब त्यस्ता व्यक्तिलाई उन्मुक्ति दिन यस्ता कार्यकारी अधिकार प्रयोग गर्नेले पनि कुनै प्रयास गर्नुहुन्न भन्नेस्पष्ट पारेको छ।

१४.१ मानवअधिकारको अन्तर्राष्ट्रिय सिद्धान्त प्रतिकूलका ऐनको प्रावधान बदर

मानव अधिकारका मुख्य सात समेत नेपाल १८ भन्दा बढी मानव अधिकारका महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजको पक्षराष्ट्र भइसकेको छ। नेपालको सन्धि

४३. माथिकै

४४. माथिकै

४५. सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (रिट नं.070-WS-0050) सर्वोच्च अदालतको विशेष इजलास, माननीय न्यायाधीश कल्याण श्रेष्ठ, माननीय न्यायाधीश वैद्यनाथ उपाध्याय, माननीय न्यायाधीश चोलेन्द्रशमशेर जबरा) फैसला मिति २०७१ फागुन १४ गते रोज ५ शुभम्

४६. माथिकै

ऐन, २०४७ को दफा ९ अनुसार अन्तर्राष्ट्रिय सन्धिको व्यवस्थासँग नेपाली घरेलु कानुनी व्यवस्था बाझिएमा घरेलु व्यवस्था बाझिएको हदसम्म बाझिएका कानुन निरस्त हुन्छ। यस्ता कानुन बदर गर्न सर्वोच्च अदालतले आदेशसमेत गर्दै आएको छ। सङ्क्रमणकालीन न्याय प्रत्याभूत गर्नका लागि यस वर्ष सरकारले २ छुट्टाछुट्टै आयोग 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' तथा 'सत्य निरूपण तथा मेलमिलाप आयोग' गठनका लागि *'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' २०७१* जारी गऱ्यो। तर यस ऐनमा केही प्रावधान मानवअधिकारको प्रचलित सिद्धान्त प्रतिकूल (जस्तो कि मानवअधिकार उल्लङ्घनकर्तालाई माफी दिनेलगायत) थिए। उक्त ऐनको प्रावधानलाई द्वन्द्वपीडित सुमन अधिकारीलगायतले सर्वोच्च अदालतमा चुनौती दिएकामा सर्वोच्च अदालतको विशेष इजलाशले बदर गरिदिएको छ।[४६]

१४.२ सकारात्मक विभेदको प्रयोग, आवश्यक कानुन निर्माण गर्न परमादेश जारी

निर्णय नं. ९३८३ संयुक्त इजलास, परमादेश, अधिवक्ता सुनिलरञ्जन सिंहविरुद्ध नेपाल

> यस अदालतबाट नेपालको अन्तरिम संविधान, बृहत् शान्ति सम्झौता, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुन एवम् तिनका सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय समिति एवम् संयुक्तराष्ट्रसङ्घ समर्थित अन्तर्राष्ट्रिय अदालतहरू, क्षेत्रीय मानवअधिकार कानुनहरू एवम् सो समर्थित क्षेत्रीय मानवअधिकार अदालतहरू तथा विभिन्न मुलुकका सर्वोच्च न्यायिक निकायबाट गरिएका व्याख्यासमेतको तुलनात्मक विश्लेषणका आधारमा सङ्क्रमणकालको दीर्घकालीन व्यवस्थापनका निमित्त बेपत्ता छानबिनसम्बन्धी आयोग एवम् सत्य निरूपण र मेलमिलाप आयोगको छुट्टै कानुनमार्फत छुट्टाछुट्टैरूपमा गठन गर्ने, ती आयोगहरूको गठन, स्वायत्तता, निष्पक्षता, क्षेत्राधिकार र अवलम्बन गर्नुपर्ने कार्यविधिको स्पष्टता, पीडितको स्वेच्छिक र सुसूचित सहभागितामा आधारित मेलमिलाप प्रक्रिया, मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूका पीडकविरुद्ध अभियोजनको सुनिश्चितता तथा पीडितको सम्मान तथा न्यायोचित हानिपूरणसमेतका विषयहरूका सम्बन्धमा राज्यले अख्तियार गर्नुपर्ने नीतिगत र प्रबन्धकीय कुराहरूमा रहेका त्रुटिहरू केलाउँदै अस्पष्ट भएका विषयहरूलाई व्याख्याको माध्यमद्वारा प्रष्ट्याइएको, सुधार गर्नुपर्ने क्षेत्रहरूमा आवश्यक दिशानिर्देश गरिएको तथा प्रतिकूल व्यवस्थाहरू बदर गर्नुका साथै नगरिनहुने कुराहरूमा कानुन निर्माण वा संशोधन गर्नका लागि बाध्यात्मक प्रकृतिको परमादेशसमेत जारी भएको अवस्था देखिन्छ।[४८]
>
> ७०. उपरोक्त विश्लेषणका आधारमा गम्भीर प्रकृतिका अन्य अपराधमा पनि क्षमादान दिन पर्याप्त कारण र आधार किन खोज्नुपऱ्यो, त्यो नै विडम्बनापूर्ण छ। गम्भीर अपराध भइसकेपछि न्यायको प्रक्रियामा लैजाने एकमात्र बाटो खुल्छ। गम्भीर अपराध भए पनि मुद्दा नचलाउन सकिने सिद्धान्त खोज्ने र पर्याप्त कारण भए क्षमादान दिन सकिन्छ भन्नु न्याय र मानवीयताको सन्दर्भमा गम्भीर चुनौती भन्ने लाग्छ।
>
> ७१. तसर्थ, उक्त उपदफामा प्रयुक्त भएको ...आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...भन्ने वाक्यांश हटाउँदासमेत सो उपदफाले गर्न खोजेको व्यवस्था बोधगम्य नै हुने देखिएकाले ...आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...भन्ने संविधान प्रतिकूल प्रावधान बदरभागी देखियो।
>
> ७२.त्यस्तै दफा २६ को उपदफा (५) मा उल्लेख भएको उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरतासमेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नुपर्नेछ भन्ने प्रावधान पनि विवादित छ। पीडितको सहमतिपछि लगत्तै उल्लेख भएको असहमति भन्ने पदावली सँगसँगै प्रयोग भएबाट असहमतिको अर्थ दोहोरो लाग्न गएको देखिन्छ। तर पीडितको असहमतिमा र गम्भीर प्रकृतिका अपराधमा क्षमादान हुनै नसक्ने कुरा यसअघि यस अदालतबाट जारी भएका आदेशबाट पटकपटक सम्बोधन भइसकेको हुँदा त्यसैलाई आयोगले मार्गदर्शन बनाउनुपर्छ। यस अदालतबाट भएका आदेशको उपेक्षा आयोगले गर्न सक्दैन।

४६. सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (रिट नं.070-WS-0050) सर्वोच्च अदालतको विशेष इजलास, न्यायाधीश कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबरा) फैसला मिति २०७१ फागुन १४ गते रोज ५ शुभम्

४८. अनुच्छेद ३३

७३. ऐनको दफा २९ को व्यवस्थाले आयोगको सिफारिसलाई नेपाल सरकारको अधीनस्थ बनाएको र महान्यायाधिवक्ताको अभियोजन गर्न पाउने संवैधानिक अधिकारलाई समेत प्रभावित गरेको भन्ने पनि निवेदकहरूको कथन रहेको पाइन्छ। उक्त दफा २९ को उपदफा (१) मा मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनुपर्नेछ भन्नेसमेत व्यवस्था भएको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको देखिन्छ।

७४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ बमोजिम संविधानले प्रदान गरेको अभियोजनसम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो। महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सिधै प्रदान गरिनुको पछाडि महान्यायाधि वक्ताको संस्था एउटा व्यावसायिक र न्यायिक संस्थाका रूपमा रहेको र त्यस्तो संस्थाले कुनै खास राजनीतिक उद्देश्यले कसैउपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजाबस वा राजनीतिक स्वार्थका कारणले लगाउनुपर्ने अभियोजन नलगाउने अवस्था आउन नदिन र फौजदारी कसुर जस्तो विषय समेटिएको गम्भीर फौजदारी अभियोग विशिष्ट कानुनी एवम् न्यायिक आवश्यकताअनुरूप सही र निष्पक्षरूपमा हुन सकोस् भनेर नै यस्तो संस्था खडा गरी अभियोजनसम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिएको हुँदा महान्यायाधिवक्ताको अभियोजनसम्बन्धी अधिकारलाई सङ्कुचन गर्न मिल्ने हुँदैन।

७५. यसरी संविधानत: सरकार वादी हुने मुद्दा चलाउने अख्तियारी भएको महान्यायाधिवक्तासमक्ष आयोगले सोका लागि सिधै सिफारिस गर्न नसक्ने र नगर्नुपर्ने कुराको कुनै विवेकसम्मत आधार देखिँदैन। छानबिनबाट दोषी देखिएका व्यक्तिलाई मुद्दा चलाउन आयोगले गर्ने सिफारिस घुमाउरो बाटोबाट महान्यायाधिवक्तासमक्ष पठाउने व्यवस्थाले अनावश्यक जटिलता र संशयमात्र पैदा गरेको देखिन्छ। यसको परोक्ष अर्थ पीडकलाई अभियोजनबाट उम्काउनेमात्र हुन सक्छ। यस विषयमा यसअघि जारी भएको आदेशमा नै पर्याप्त व्याख्या र विश्लेषण भइसकेको हुँदा संविधानको स्पष्ट व्यवस्थासँग असङ्गत र आवश्यकभन्दा अतिरिक्त उल्लेखन गरिएको उक्त दफामा प्रयुक्त ...नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने वाक्यांश बदरभागी देखियो।

७६. तसर्थ उल्लिखित विश्लेषणको आधार र कारणबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २६ को उपदफा (२) मा प्रयुक्त ...आयोगको छानबिनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका...भन्ने शब्दावली र दफा २९ को उपदफा (१) मा प्रयुक्त ...नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन... भन्ने व्यवस्थाहरू नेपालको अन्तरिम संविधानको धारा १२, १३, २४ र १३५ समेतको विपरीत बदरभागी देखिएकाले आजैका मितिदेखि बदर घोषित हुने ठहर्छ।

७७. विवादित कानुन र त्यसमा प्रयुक्त भाषा तथा प्रत्यर्थीहरूको लिखितजवाफसमेतको समग्र आशय र भावना हेर्दा यस अदालतबाट यसअघि विभिन्न मुद्दामा गरिएको व्याख्या, विवेचना र आदेश निर्देशनहरूको सान्दर्भिकता समाप्त भएको नदेखिइ आयोगहरू गठन भई कार्य प्रारम्भ गरिसकेको हालको अवस्थामा झन् बढ्न गएको देखिन्छ। वस्तुत: द्वन्द्वका समयमा मनसायसहित गरिएका आपराधिक प्रकृतिका घटनाको छानबिन गरी दोषी पत्ता लगाइ कारबाहीको सिफारिस गर्ने र गम्भीर मानव अधिकार हनन् हुनेबाहेक सामान्य प्रकृतिका घटनाहरूमा पीडितसमेतको पूर्ण सहमतिमा मेलमिलाप गराउने उद्देश्यसाथ बेपत्ता छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गरिएको हो। अर्धन्यायिक प्रकृतिका यस्ता आयोगको उक्त कार्यबाट परोक्षरूपमा न्यायिक प्रक्रियामै सहयोग पुग्छ भन्ने यो इजलासको अपेक्षा छ।

७८. ऐनको व्यवस्था स्वयम्मा पर्याप्त र स्पष्ट नरहेको कुरा माथि प्रकरण प्रकरणमा गरिएका विश्लेषणहरूबाट देखिएको छ। साथै दुवै आयोगहरूले काम गर्दै जाँदाको अवस्थामा समेत थप जटिलता वा द्विविधाहरू आउन सक्छन्। यस स्थितिमा राज्यको कानुनबाट स्थापित त्यस्ता आयोगहरूले पनि संविधान, कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुन तथा न्यायका मान्य सिद्धान्तहरूलाई ध्यान दिनैपर्ने हुन्छ। साथै यस अदालतबाट जारी भएका आदेशहरूले पनि संवैधानिक कानुनको अङ्ग र न्यायिक मूल्य/मान्यताकै स्थान लिएका हुन्छन्। त्यसैले संवैधानिक परम्पराका रूपमा रहेका त्यस्ता आदेश आयोगहरूका लागि आफ्नो कार्यसञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा रहन्छन्। आयोगका कार्यहरूले सिर्जना गर्ने असर

वा परिणामहरू पनि न्यायिक संपरीक्षणको दायराबाहिर रहन सक्दैन।

७९. गम्भीर मानवअधिकारको उल्लङ्घन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन सक्दैन भन्नुको अर्थ यो वा त्यो बहानामा त्यस्ता व्यक्तिलाई उम्काउने चेष्टा अरुले पनि गर्नुहुँदैन भन्ने हो। यदि दोषीलाई उम्काउने प्रयास गरिन्छ वा त्यसको मतियार बनिन्छ भने सिर्जित परिणाम भोग्नसमेत तयार रहनुपर्छ। कानुनबमोजिम स्थापित आयोगहरूले त्यस्तो गर्दैनन् भन्ने विश्वास यो इजलासले लिएको छ।

८०. साथै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नपरेका वा परेर पनि अस्पष्ट भएका तथा संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनसमेतसँग असङ्गत भएको कारणले कार्यान्वयन गर्न नमिल्ने व्यवस्थाहरूका सम्बन्धमा प्रस्तुत रिट निवेदन र राजेन्द्र ढकाल, लीलाधर भण्डारी र माधवकुमार बस्नेतसमेत निवेदक भएका मुद्दाहरूमा यसअघि जारी गरिएका आदेश, दिइएका निर्देशन र व्याख्याहरू प्रतिकूल नहुने गरी कार्य गर्नू/गराउनू भनी सम्बन्धित आयोग तथा नेपाल सरकारसमेतका नाममा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम यो आदेश जारी गरिदिएको छ।

सरकार,नेपालको अविभाज्यता जोगाउन एवम् यसको अखण्डतामाथि कुनै प्रश्नसमेत उपस्थित हुन नदिन देशका सम्पूर्ण जनतालाई समानताको अधिकारको प्रत्याभूति एवम् अवसर प्रदान गर्न सचेष्ट रहनुपर्ने साथसाथै सीमान्तीकृत समुदायप्रति सकारात्मक विभेद (पोजेटिभ डिस्क्रिमिनेसन)गनुपर्नेसमेतको अवसर धारा १३(३) को प्रतिबन्धात्मक व्यवस्था (प्रोभिसियो) अनुसार आवश्यकता भएबमोजिम गर्नुपर्ने हुनाले संविधानको धारा १५४ लाई मध्यनजर राखी निवेदन मागअनुसार मधेसी समुदायको सशक्तीकरण गर्न र राज्यबाट समानताको हकतिर उन्मुख गराउन प्रयास गर्नु र आवश्यकताअनुसारको आयोग एवम् कानुनसमेत बनाउनू भनी नेपाल सरकारलगायतका विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ।[४९] यसरी सर्वोच्च अदालतले पिछडिएका वर्गलाई सकारात्मक विभेदको माध्यमबाट सशक्तीकरण गर्न पनि राज्यका अङ्गहरूलाई सचेत गराएको छ। तराई मधेसका सीमान्तीकृत समुदायप्रति न्याय गर्न मधेसी आयोग छिटो गठन हुन जरुरी छ।

१४.३ स्वास्थ्य अधिकार सम्बन्धमा

गुणस्तरीय औषधि प्राप्त गरी सम्मानित जीवन जिउन पाउने हकसम्बन्धी अधिकारको रक्षा गर्न न्यायिक सक्रियता अपेक्षाकृत हुन सकेन। अधिवक्ता तेजमान श्रेष्ठ वि. व्यवस्थापिका-संसद् सचिवालय सिंहदरबार, समेत[५०] रिटनिवेदनमा सर्वोच्च अदालतले मानवलाई स्वस्थ भई जीवनयापन गर्नका लागि औषधिको गुणस्तरीयताका विषयमा लापरबाही गर्न नमिल्ने भएकाले सो समस्या भएमा कानुनी उपचार खोज्न आउने बाटो बन्द नभई खुला नै रहेको भने पनि निवेदकले निवेदनमा उठाएका स्तरहीन आइरन चक्की वितरणको अवस्था नभएको भन्दै माग गरेअनुसार परमादेश जारी हुन सक्ने भन्दै रिट निवेदन खारेज गऱ्यो।

रिट निवेदन खारेज गरिए पनि यस रिट निवेदनमा खोजिएको उपचारको व्याख्यामार्फत न्यायालयले औषधिको गुणस्तरबाट स्वास्थ्यमा असर परे कानुनी उपचार खोज्ने बाटो खुला रहेको भनी स्वास्थ्यसम्बन्धी हकलाई अरु नागरिक प्रकृतिका हकजस्तै मौलिक हकका रूपमा न्याययोग्य स्वीकारेको छ। तर पनि विगतमा स्तरहीन औषधि वितरण गर्ने वितरक र सो कार्यान्वयन गर्ने तथा आवश्यक अनुगमन नगर्ने जिम्मेवार सरकारी निकायलाई जिम्मेवार तुल्याउने सम्बन्धमा भने फैसलाले उत्साह प्रदान गर्न सकेन।

रिट निवेदनमा सर्वोच्च अदालतले मानवलाई स्वस्थ भई जीवनयापन गर्नका लागि औषधिको गुणस्तरीयताका विषयमा लापरवाही गर्न मिल्दैन, त्यसैले निवेदकले उठाएको जस्तो समस्या कायम रहिरहेको भए वा पछि पनि त्यस्तो समस्या उपस्थित भएमा कानुनी उपचार खोज्न आउने बाटो बन्द नभई खुला नै रहेको र त्यस्तो समस्या उत्पन्न भएको समयमा जोकोही पनि

४९. नेपाल कानुन पत्रिका, २०७२ साउन

५० सर्वोच्च अदालत बुलेटिन, २०७२ असार १, पृष्ठ १, १५ रिट नं. ०३६८ –WO–०३९५ विषय : परमादेश। आदेश मिति २०७१ साल जेठ २१ गते भए पनि प्रस्तुत रिटको पूर्ण आदेश २०७२ सालमा मात्र प्राप्त भएकाले यो रिटलाई यहाँ उल्लेख गरिएको छ।

अधिवक्ता तेजमान श्रेष्ठ वि. व्यवस्थापिका-संसद् सचिवालय सिंहदरबार, समेत[५१]

स्तरयुक्त औषधि उत्पादन गर्ने र भरपर्दो किसिमका कम्पनीहरूलाई मात्रै टेन्डर प्रक्रियामा सामेल गराई स्तरयुक्त औषधि आपूर्तितर्फ उचित र उपयुक्त व्यवस्थापन गर्नेतर्फ नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै देहायबमोजिमको निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ :

- मानवको आधारभूत स्वास्थ्यसँग सम्बन्धित रहने औषधिको उत्पादन, आपूर्ति र वितरण प्रणाली स्तरयुक्त र वैज्ञानिक हुन जरुरी हुन्छ। यस सम्बन्धमा औषधि उत्पादनको वैज्ञानिक मापदण्ड निर्धारण गरी स्तरयुक्त, असरयुक्त र गुणयुक्त औषधिहरूको उत्पादन गर्ने क्षमता भए/नभएको कुराको वैज्ञानिक परीक्षण गरी त्यस्तो परीक्षणको न्यूनता मापदण्ड पार गरेका कम्पनीहरूका बीचमा प्रतिस्पर्धा गराई गुणस्तरीय औषधिहरू उत्पादन गर्न उत्कृष्ट ठहरिएका कम्पनीहरूले उत्पादन गरेका औषधिहरू मात्रै आपूर्ति तथा वितरण गर्ने व्यवस्था मिलाउनू।
- औषधिहरूको आपूर्ति तथा वितरण गर्ने सम्बन्धमा औषधिहरूको वैज्ञानिक परीक्षण गर्नेलगायतका आधारभूत कुराहरूको प्रक्रिया निर्धारण गर्नका लागि मापदण्ड बनाइ जारी गर्नू र सोको प्रभावकारी कार्यान्वयन गर्नू/गराउनू।
- असरयुक्त र गुणस्तरयुक्त औषधि वितरणबाट सेवनकर्ताको मृत्यु भएमा वा अन्य कुनै शारीरिक एवम् मानसिक हानि पुगेमा त्यस्तो हानि पुग्ने पीडित वा पीडितको हकवालालाई त्यस्तो औषधि वितरणमा जिम्मेवार व्यक्ति वा संस्थाबाट उचित क्षतिपूर्ति दिने/दिलाउने सम्बन्धमा भइरहेको औषधि ऐन, २०३५ मा समसामयिक सुधार गर्न पर्ने/नपर्ने सम्बन्धमा सरोकारवाला विज्ञ समूहबाट अध्ययन गराई त्यस्तो समूहले दिने अध्ययन प्रतिवेदनसमेतका आधारमा मौजुदा कानुनी व्यवस्थामा समसामयिक सुधार गर्न आवश्यक देखिए सोतर्फको कदम चाल्नू।
- विदेशबाट आपूर्ति भएका वा स्वदेशमै उत्पादित भएका औषधिहरूको गुणस्तरीयता परीक्षणपश्चात् वितरण गर्न राखिने औषधिको भण्डारणकक्ष पनि वैज्ञानिक दृष्टिले सुरक्षित एवम् उपयुक्त स्तरको हुन जरुरी हुँदा सोबमोजिमको भण्डारण कक्षका लागि आवश्यक मापदण्ड तोकी त्यस्तो मापदण्ड पूरा गर्ने भण्डार कक्षमा मात्रै औषधिहरू भण्डारण गर्नू/गराउनू। साथै यस्तो भण्डारणको नियमितरूपमा निरीक्षण तथा अनुगमनको व्यवस्था लागु गर्नू/गराउनू।

उल्लिखितअनुसार गर्न/गराउन प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू। प्रस्तुत आदेशमा जारी गरिएका निर्देशनात्मक आदेशहरूको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा अनुगमन गरी नभएको भए कार्यान्वयनको प्रभावकारी व्यवस्था गर्न लगाउनेसमेतको कार्य गर्न यो आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालयमा समेत पठाउनू।

कानुनी उपचार खोज्न आउन सक्ने नै हुँदा अहिलेको अवस्थामा निवेदकले माग गरेअनुसार परमादेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नरहेबाट रिट निवेदन खारेज गरे पनि यसले स्वास्थ्य हक संरक्षणका लागि जोकसैको हकदैया हुनेसमेत स्वीकार गरेको छ।

स्तरीय औषधि उत्पादन गर्ने र भरपर्दो किसिमका कम्पनीहरूलाई मात्रै टेन्डर प्रक्रियामा सामेल गराई स्तरयुक्त औषधि आपूर्तितर्फ उचित र उपयुक्त व्यवस्थापन गर्नेतर्फ समेत नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै देहायबमोजिमको निर्देशनात्मक आदेशसमेत जारी गरेको छ। जसले औषधि आपूर्तिमा नै सहभागी हुन पनि गुणस्तरीय हुनुपर्ने हुँदा औषधिको स्तरमा लापरवाही नहुने अवस्था सिर्जनामा मद्दत गर्छ।

१४.४ महिलाको स्वास्थ्य तथा प्रजनन स्वास्थ्य

महिलाको कोख भाडामा दिने (सरोगेसी)कार्यले महिलाको हक अधिकार, त्यसरी जन्मने बच्चाको हक अधिकारलाई लिएर नेपालका केही निजी स्वास्थ्य केन्द्रले प्रदान गर्दै आएको स्वास्थ्य सेवा रिटमार्फत प्रतिबन्ध लगाउन खोजियो। अधिवक्ता प्रविन पन्दाक वि. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको मुद्दामा महिलाको कोख भाडामा दिने कार्य गर्दा त्यसरी जन्मने बच्चाको नागरिकतालगायत अन्य हक तथा महिलाको प्रजनन स्वास्थ्यको समेत हकलाई ख्याल गर्दै तत्काल

५१. सर्वोच्च अदालत बुलेटिन, २०७२ असार– १, पृष्ठ १, १५ रिट नं. ०३६८ –WO–०३९५ विषय : परमादेश।

सरोगेसी सेवा बन्द गर्न अन्तरिम आदेश जारी भएको छ।[५२] यसरी हठात आदेश जारी गरिँदा सोभन्दा अघि जन्मेका र जन्मने क्रममा रहेका नवजात शिशुलाई नेपाल छाड्ने सम्बन्धमा केही नबोलिँदा त्यस्ता शिशुलाई अप्ठेरो पर्न गएको देखिन्छ।

१४.५ फौजदारी अभियोजनका क्रममा विदेशी नागरिकले बुझ्ने भाषामा कारबाही हुनुपर्ने सम्बन्धमा

ओवुनमी माइकल ओजोर वि. नेपाल सरकार[५३] मुद्दामा नेपाली भाषा नबुझ्ने विदेशी नागरिकका लागि तत्कालै दोभासे राख्ने व्यवस्था गर्न प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालत रजिस्टारको नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ। यस्ता नागरिकको हकमा भाषागत कठिनाइका कारण हुन सक्ने कठिनाइले न्यायिक प्रक्रियालाई नै कमजोर गराउनसक्ने हुन्छ। फौजदारी अभियोजनका सम्पूर्ण चरणमा अभियोक्ताले बुझ्न सक्ने दोभासेकोसमेत व्यवस्था गर्न अनुसन्धान निकाय एवम् यस अदालत र मातहतका सबै अदालतमा यथासम्भव प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिहरूको सूची तयार पारी सेवा लिने र सेवा उपलब्ध गराउन नीतिगत र कार्यगतरूपमा निश्चित व्यवस्था अविलम्ब गराउन र त्यसका लागि सूची बनाउन, दोभाषेको जवाफदेहिताको अतिरिक्त दोभाषेको सेवा नियमित गर्नसमेत प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालत रजिस्टारको नाउँमा निर्देशनात्मक आदेश जारी गरेको छ। फौजदारी अभियोजनलगायत सम्पूर्ण फौजदारी कार्यविधिका क्रममा विदेशी नागरिकले आफूमाथि लगाइएको अभियोग र त्यसको न्यायिक दायित्वसमेतको जानकारी उनीहरूले बुझ्ने गरी अङ्ग्रेजी भाषामा प्रदान गर्न तत्कालै व्यवस्था गर्न गरिएको आदेशले हरेक व्यक्तिको भाषाको पहुँचको हकको रक्षा हुन गएको छ।

१४.६ पशुपतिनाथ मन्दिरमा आर्थिक शुल्कका आधारमा गरिने पूजाको विभेद सम्बन्धमा

अधिवक्ता राजीव सिन्हा राजु वि. पशुपति क्षेत्र विकास कोष, गौशाला, काठमाडौँसमेत मुद्दामा धार्मिक आस्था सबैको बराबर भएकाले पैसा तिर्ने भक्तले चढाएको पूजा सामग्रीले पशुपतिनाथ मन्दिरको गर्भगृहसम्म पुग्ने र त्यसले मूर्तिलाई समेत क्षति पुऱ्याउने र कुनै अरु कम शुल्क तिर्नेले आफ्नो भक्तिभाव पशुपतिनाथसम्म पुगेको पनि अनुभूति गर्न नपाउने गरी विशेष पूजा र साधारण पूजाको वर्गीकरणले असमान व्यवहार गरेको छ भन्ने सर्वोच्च अदालतको ठहर छ।[५४] बढी पूजा शुल्क तिर्ने र कम शुल्क तिर्ने वा नतिर्नेबीच भगवानको मूर्ति समीप जान गरिएको विभेद समानता विपरीत भयो भनेर सर्वोच्च अदालतले गरेको फैसला कुनै पनि आधारमा विभेद गर्न पाइँदैन भन्ने अविभेदको हकसम्बन्धी मानवअधिकारको उपभोग गर्न महत्वपूर्ण आधार हुनेछ।

१४.७ विद्यार्थी सङ्ख्या तथा अध्ययन शुल्क आफूखुसी तोक्न नपाउने गरी मेडिकल कलेजहरूको नाममा आदेश

चिकित्सा क्षेत्रलाई व्यवस्थित, सुलभ र गुणस्तरीय बनाउन केदारभक्त माथेमाको संयोजकत्वमा गठित समितिको प्रतिवेदनको आधार र नेपाल मेडिकल काउन्सिलको समेत सुझावमा नेपाल सरकारले मन्त्रिपरिषद्स्तरीय निर्णयद्वारा एमबिबिएस र बिडिएसमा विद्यार्थी सिट सङ्ख्या कटौती गर्ने निर्णय गरेको थियो। सरकारको त्यस निर्णयविरुद्ध मेडिकल कलेज सञ्चालकहरूले सिट घटाउन नहुने मागसहित अदालतमा रिट दायर गरेका थिए। तर सो सम्बन्धमा सर्वोच्च अदालत र पुनरावेदन अदालत, पाटनले तीन दिनको अवधिमा गरेको विभिन्न सात फैसला मेडिकल कलेज सञ्चालकको विपक्षमा थिए। सो सम्बन्धमा यसअघि नै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१ चैत १७ गते 'त्रिभुवन विश्वविद्यालयका प्राडा गोविन्द केसीले चिकित्सा क्षेत्रसम्बन्धी विविध माग राखेर गर्नुभएको अनशनप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भई चिकित्सा क्षेत्रलाई व्यवस्थित, सुलभ र गुणस्तरीय बनाउन केदारभक्त माथेमाको संयोजकत्वमा गठित समितिको प्रतिवेदनपश्चात नीति र कानुन नबनेसम्म सम्बन्धन दिनेसम्बन्धी कुनै काम नगर्ने'[५५] निर्णय गरेको थियो।

---

५३. रिटनं.०७२–WO–१२०,आदेश मिति २०७२ भाद्र ८ गते, अ. पुष्पराज पाण्डे वि. प्र म तथा म प कार्यालयसमेत, रिटनं.०७२–WO–०११९

५३. नि नं. ९४००, नेपाल कानुन पत्रिका, २०७२ भाद्र पृष्ठ ८४६

५४. नेपाल कानुन पत्रिका २०७२ असार, नि नं. ९३६४, पृष्ठ नं. ४४९, ४५०

५५. http://opmcm.gov.np/np/decisions/

यसरी सर्वोच्च तथा पुनरावेदन दुवै अदालतले नियमनकारी निकाय नेपाल मेडिकल काउन्सिलकै पक्षमा फैसला गरेका छन्। निजी क्षेत्रमा सञ्चालित विराटनगरस्थित नोबेल मेडिकल कलेजले पुनरावेदन अदालत, पाटनबाट काउन्सिलको सिट घटाउने निर्णयविरुद्ध अन्तरिम आदेश पाएपछि अन्य कलेज पनि अदालत गएका थिए।[५६] तर नोबेलका पक्षमा दिएको अन्तरिम आदेश खारेज गर्न काउन्सिलले दिएको रिटमा सोही अदालतले पुरानो अन्तरिम आदेश खारेज गरिदियो। यसअघि दुवै अदालतले यस्तै प्रकृतिका पाँच ओटा कलेजको रिटमा समेत निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरेका थिएनन्। अदालतको यो निर्णयसँगै मेडिकल कलेजहरूले काउन्सिलको निर्णयअनुसार नै घटेको सिट सङ्ख्याभित्रै रहेर एमबिबिएस विद्यार्थी भर्ना गर्नैपर्ने अवस्था आएको छ।

चिकित्सा विषय अध्ययन गर्नसमेत मनोमानी अध्ययन शुल्क लिन नपाइने आदेश सर्वोच्चले गरेको छ। एमबिबिएसमा ३५ लाख रुपियाँभन्दा बढी शुल्क नलिन काठमाडौं विश्वविद्यालयलाई सर्वोच्चले आदेश दिएको छ।[५७] प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश जगदीश शर्मा पौडेलको संयुक्त इजलासले नेपालसरकार तथा काठमाडौं विश्वविद्यालयका नाममा यस्तो अन्तरिम आदेश दिएको हो। यसरी चिकित्सा अध्ययन क्षेत्रमा बढ्दै गइरहेको व्यापारीकरणलाई नियमन गर्न पनि यो वर्ष अदालतले महत्वपूर्ण आदेश दिएको छ।

१५.निष्कर्ष

नागरिकको मात्र नभएर जोकसैको मौलिक हकलगायत अन्य हक अधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन गर्ने या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार पुनर्बहाली गराइउ पभोग गर्ने अवस्था सिर्जना गर्नका लागि स्थापना गरिएका न्यायपालिकाहरू जनताको न्याय, विधिको शासन र कानुनी राजको अन्तिम धरोहर हुन्। नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वको दौरानमा पनि राज्यसत्ताविरुद्ध सशस्त्र विद्रोह गरिरहेका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको जीवनप्रतिको हक, यातनाविरुद्धको हक, बलपूर्वक बेपत्ता नबनाइने जस्ता अति आधारभूत हक रक्षाका लागि पनि विश्वासको संस्थाको रूपमा नेपालको न्यायपालिकाले भूमिका निर्वाह गरिसकेको छ। त्यसैले पनि यस संस्थाप्रतिको आस्था जोगाइराख्न आवश्यक छ जुन न्यायपालिकाबाट हुने कार्य सम्पादनमै आधारित हुने गर्छ।

व्यक्तिगत स्वार्थहरू पूर्तिका लागि न्यायपालिका नेतृत्वले विवेकसम्मत निर्णय गर्न नसक्दा समग्र न्यायपालिकाप्रतिको आस्थामा नै ह्रास आउन सक्छ। अघिल्ला प्रधानन्यायाधीश रामकुमारप्रसाद साहले आफ्नो कार्यकालका अन्तिम समयमा केही न्यायाधीशको सरुवा गरेको कार्यले आमरूपमा न्यायपालिकाको साखमा प्रतिकूल असर ल्याउने काम गऱ्यो। उनले गरेका न्यायाधीशहरूको सरुवालाई उल्टाएर न्यायिक अभ्यासलाई सही मार्गमा डोऱ्याउन जरुरी थियो र जुन सच्याइयो पनि।[५८]

न्यायालयमा विद्यमान विकृति विसङ्गति हटाउन अध्ययन समिति गठन हुनु आफैँमा राम्रो हो। यसप्रकारको समिति गठन यो तेस्रो हो। त्यसैले यसप्रकारको समिति गठन कर्मकाण्डी मात्र नभएर नतिजा दिने प्रकारको हुनु जरुरी छ। सोही अध्ययन प्रतिवेदनले पनि यस्ता विकृति विसङ्गति हटाउन न्यायाधीशको नियुक्तिलाई महत्वपूर्ण हुने भनेर सुझाएको छ।

स्वतन्त्र र सक्षम न्यायपालिका लोकतान्त्रिक शासन प्रणालीको आधारभूत सर्त हो। निष्पक्ष तथा अविचलित न्याय सम्पादनमार्फत मौलिक हक तथा कानुनी अधिकारको संरक्षण, मानव अधिकारको प्रवर्धनमार्फत विधिको शासनको प्रवर्धन स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र विकासबाट मात्र सम्भव छ। यस वर्षको सेप्टेम्बर महिनासम्म क्रियाशील नेपालको अन्तरिम संविधान, २०६३ र सेप्टेम्बर महिनामा आरम्भ गरिएको नेपालको संविधानले समेत निष्पक्ष न्याय सम्पादनको संवैधानिक प्रत्याभूति गरेको छ। सोहीबमोजिम सर्वोच्च अदालत, यस मातहतका अदालत तथा न्यायाधीकरणहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र रही न्याय सम्पादनको कार्य गर्दै आएका छन्।

सोबाहेक सरोगेसी सेवामार्फत महिलाको स्वास्थ्यसम्बन्धी हकको संरक्षण हुनुपर्ने, विदेशी

५६. http://swasthyakhabar.com/2015/12/36227.html
५७. 'एमबिबिएसमा ३५ लाख रुपियाँभन्दा बढी शुल्क नलिन काठमाडौं विश्वविद्यालयलाई सर्वोच्चको आदेश' http://swasthyakhabar.com/2015/12/36212.html
५८. http://www.nonstopkhabar.com/detail_page.php?id=5651

नागरिकलाई फौजदारी अभियोजनको सिलसिलामा बुझ्ने भाषामा जानकारी उपलब्ध गराइनुपर्ने जस्ता आदेश सकारात्मक पक्ष हुन्।

कार्यकारी अधिकार प्रयोग गर्नेले न्यायालयबाट सनुवाइको अन्तिम किनारा लागिसकेका मुद्दाका संलग्न व्यक्तिलाई माफी दिन सकिने विश्वव्यापी चलन छ। तर यसरी माफी मिनाहा गर्नसक्ने व्यवस्थाको दुरूपयोग गर्दै गम्भीर मानवअधिकारको उल्लङ्घन गर्ने व्यक्ति आफूले गरेको कार्यको उत्तरदायित्वबाट उम्कन नसक्ने भन्नुको मतलब त्यस्ता व्यक्तिलाई उन्मुक्ति दिन यस्ता कार्यकारी अधिकार प्रयोग गर्नेले पनि कुनै प्रयास गर्नुहुन्न भन्ने पनि स्पष्ट पारेको छ। त्यसबाहेक प्रजनन स्वास्थ्य, धार्मिक अभ्यासमा समानता, भाषाको अधिकार तथा सामाजिक समावेशीको अधिकारका सम्बन्धमा पनि यस वर्ष भएका फैसला ऐतिहासिक छन्। न्यायपालिकाका विकृति विसङ्गति कम गर्न ठोस योजना नआउनु, न्याय परिषद्को पूर्णताको अल्झन, कार्य सम्पादनको सीमितता र सर्वोच्च अदालतले संविधानको व्याख्या गर्न व्यापकता अपनाउन गरेको कन्जुस्याइँका कारण न्यायपालिका प्रमुखले न्याय दिन भनी गरेको प्रतिबद्धता उधारै रहने हुन् कि भन्ने शङ्का गर्ने ठाउँ छ।

१६. सुझाव

न्यायपालिका मौलिक हक तथा मानवअधिकार रक्षा गर्ने अन्तिम धरोहर भएकाले यस संस्थाप्रति नागरिकको विश्वास र आस्था रहनु अत्यन्त जरुरी छ। सो आस्था र विश्वास जोगाइराख्न न्यायपालिकाले मुद्दाका पक्षहरूलाई शीघ्र न्याय प्रदान गर्न जरुरी छ। सर्वोच्च अदालतमा मुद्दाको अनुपातमा न्यायाधीश नियुक्ति गर्न ढिलाई गर्नुहुँदैन। यसका लागि न्यायिक सक्रियता बढाउन र संवैधानिक व्यवस्थाको उदार व्याख्या जरुरी छ। स्वतन्त्रता सङ्कुचित भई बन्दी जीवन बिताइरहेका बन्दीहरूको मुद्दामा तत्कालै सम्बोधन गर्न अदालती कारवाही चुस्त बनाउन, कर्मकाण्डी भन्दा पनि परिणाममुखी बनाउन जरुरी छ। त्यसका लागि सर्वोच्च अदालतले मातहत अदालतका लागि आवश्यक निर्देशन दिई कार्य प्रणालीमा सहजता ल्याउनुपर्छ।

सर्वोच्च अदालतमा २० हजारभन्दा बढी मुद्दा रहनु र २१ दरबन्दीमध्ये १० जनामात्र रहनुले समयमा मुद्दा फर्स्यौट हुन नसक्ने प्रष्टै छ। अझ कारवाहीको प्रक्रियामा रहेका मुद्दाको २० प्रतिशतमात्र फर्स्यौट हुनु त झन विडम्बनापूर्ण नै छ। तसर्थ तत्कालै पुराना मुद्दामाथि सुनुवाइ गरी किनारा लगाउन न्यायाधीश नियुक्तिका लागि सम्भव हरेक वैधानिक प्रयास गर्नुपर्छ।

रिटमार्फत खोजिएका उपचारले एउटा व्यक्तिको मात्र नभएर सिङ्गो समूहको सरोकार सम्बोधन गर्न सक्ने हुँदा त्यस्ता रिट उपचारमा जारी गरिएका रिट आदेश तथा निर्देशनात्मक आदेश पालना भए/नभएको सम्बन्धमा अदालतले सरकारसँग नियमितरूपमा संवाद चलाउन जरुरी छ। र, यस्ता आदेश स्पष्ट समयसीमाभित्र कार्यन्वयन गराउन अदालतले आदेश दिन जरुरी छ।

अदालतमा घूसबिना काम बन्दैन भन्ने आमबुझाइ छ। अझ प्रधानन्यायाधीशसमक्ष नै घूससम्बन्धी उजुरी परेकामा न्यायपालिकाले यस सम्बन्धमा शून्य सहनशीलता अपनाउन जरुरी छ। अन्यथा आफू प्रधानन्यायाधीश भएपछि न्यायपालिकाका विकृति विसङ्गति हटाउन समिति गठन गर्नु पनि एउटा कर्मकाण्डभन्दा भिन्न हुने छैन। त्यस्ता समितिले औंल्याएका विकृतिलाई इमानदारिता र निडरताका साथ कार्यान्वयन गर्नुपर्छ। यस्ता समितिका प्रतिवेदन र सुझावमा सबैको पहुँच वृद्धि गराई पारदर्शिता कायम गर्न सके जवाफदेहिता वृद्धि हुन जान्छ रन्यायमा पहुँचसमेत बढ्नेछ। तबमात्र न्याय प्रदान गर्ने प्रतिबद्धता पूरा हुनेछ।

फोटो : आनन्दराम डंगोल

२.२ राज्य र मानवअधिकार

परिच्छेद

२

कार्यपालिका

१. पृष्ठभूमि

नेपाली काङ्ग्रेसका सभापति सुशील कोइराला नेतृत्वमा गठित सरकार संविधानसभाबाट संविधान जारी गर्न सफल भयो। सरकारको नेतृत्व गर्दा २०७१ साल माघभित्र संविधानसभाबाट संविधान जारी गर्ने कार्यादेशसहित उनी नेतृत्वको सरकारमा संविधानसभाको दोस्रो ठूलो दल नेकपा एमाले सात बुँदे सहमति गरी सहभागी भएको थियो। तर, संविधान निर्माण प्रक्रिया थाल्नासाथ त्यस समय विपक्षमा रहेको तेस्रो ठूलो दल नेकपा एमाओवादीले संविधानसभा बैठकमै भौतिक अवरोध गरेको थियो। सो घटनापछि अन्योलमा परेको सरकार र संविधानसभा संविधान निर्माण प्रक्रियाबिना नै चार महिनासम्म निष्क्रियप्राय: रह्यो।

गोरखाको बारपाकमा वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिको लगातारको परकम्पले नेपालको मध्य पहाडी क्षेत्रमा ठूलो धनजनको क्षति भयो। भूकम्पपछिको राहत तथा पुनर्स्थापना कार्यमा संलग्न सरकार र प्रमुख चार राजनीतिक दलबीच संविधानसभाबाट संविधान जारी गर्ने गरी २०७२ जेठ २५ गते भएको १६ बुँदे सहमतिले संविधानसभामार्फत संविधान जारी गर्ने माहोल तयार पारेको थियो।[१] उक्त सहमतिमा प्रदेशको सङ्ख्या आठ बनाउने, प्रदेशको सीमाङ्कन तथा नामाङ्कन पछि तोक्नेलगायत बुँदा समावेश थिए। १६ बुँदे सहमतिमा हस्ताक्षर गरेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले संविधान जारी गर्ने समयमा तीन प्रमुख दलसँगको सहकार्य तोड्यो। आफ्नो मुद्दा सम्बोधन नभएपछि र संशोधनको म्याद केही दिन थपेर अरु असन्तुष्ट मधेसी-थारू समुदायसँग वार्ता गर्नुपर्छ भन्ने आग्रह सुनुवाइ नभएपछि लोकतान्त्रिकका विजयकुमार गच्छदार अरु दुई साना दलसँग मोर्चाबन्दी गरी संविधानसभाको प्रक्रियाबाट बाहिरिएका थिए।[२] तर पनि प्रमुख चार राजनीतिक दलबीच भएको यही १६ बुँदे सहमतिको आधारमा संविधान निर्माण प्रक्रियाले गति लिएको थियो। संविधान जारी नै हुन नदिने प्रयास भइरहेको मूल्याङ्कन गर्दै तीन दलको संविधान जारी गर्ने अडान अन्ततः पूरा भयो।

संविधान निर्माण प्रक्रियासँगै मधेसवादी केही क्षेत्रीय दलले विरोध सुरु गरेका थिए। संविधानसभाबाट संविधान पारित हुँदासम्म मधेसवादी दलले आन्दोलनलाई सशक्त पार्दै हिंसात्मक घटना सुरु गरिसकेका थिए। यद्यपि असोज १ गते अत्यधिक बहुमतद्वारा संविधानसभाबाट पारित संविधान असोज ३ गते राष्ट्रपति डा. रामवरण यादवद्वारा सार्वजनिक भयो। सात प्रदेश बनाउने तथा लोकतान्त्रिक मूल्य/मान्यताअनुकूलका अधिकतम अधिकार संविधानले समेट्ने प्रयास गरेको छ। लोकतान्त्रिक गणतन्त्रलाई औपचारिकरूपमा संस्थागत गरेको छ।

प्रधानमन्त्री सुशील कोइरालाको पालामा जेठ २५ गते चार ठूला राजनीतिक दल नेपाली काङ्ग्रेस, नेकपा एमाले र एकीकृत माओवादी तथा मधेसी जनअधिकार फोरम लोकतान्त्रिकबीच भएको १६ बुँदे सहमतिपछि संविधान बन्ने कार्यले अग्रता लिएको थियो। त्यसैको सेरेफेरोमा रहेर संविधानसभाबाट नेपालको संविधान २०७२ असोज ३ गते जारी हुन सकेको हो। तर, तराई मधेसको भूभागलाई पहाडमा नजोडी प्रदेश बनाउनुपर्ने भन्दै मधेसी मोर्चाहरूले मधेस तराईमा आन्दोलन गर्दै आए। उनीहरूले नयाँ संविधानमा अन्तरिम संविधानले दिएको अधिकार पनि कटौती गरेको आरोप लगाएका थिए।[३]

मधेसी दलहरूले सुरु गरेको भारतीय सीमा र भन्सार नाका ठप्प पार्ने आन्दोलनलाई नै समर्थन गर्दै भारतले संविधान जारी भएको चार दिनपछि भदौ ७ गतेबाट अघोषित नाकाबन्दी सुरु गऱ्यो। संविधानसभामार्फत नेपाली जनताले बनाएको नयाँ संविधानप्रति असन्तुष्टि जनाउँदै आएको भारतले मधेसमा जारी आन्दोलनका कारण सुरक्षा बहाना

---

१. देशले गति लिन सकेन http://kantipur.ekantipur.com/printedition/news/2016-01-07/20160107191519.html ०७२ पुस २५ गते हेरिएको

२. संविधान निर्माणमा दाहाल दौड http://kantipur.ekantipur.com/news/2015-09-17/20150917162710.html ०७२ पुस २० गते हेरिएको

३. बढ्दो परनिर्भरता र मारमा जनता http://ehimalayatimes.com/news/%E0%A4%AC%E0%A4%A2%E0%A5%8D%E0%A4%A6%E0%A5%8B %E0%A4%AA%E0%A4%B0%E0%A4%A8%E0%A4%BF%E0%A4%B0%E0%A5%8D%E0%A4%AD%E0%A4%B0%E0%A4%A4%E0%A4%BE-%E0%A4%B0-%E0%A4%AE%E0%A4%BE%E0%A4%B0%E0%A4%AE%E0%A4%BE/ ०७२ माघ २ गते हेरिएको

संविधान निर्माणका सम्बन्धमा संविधानसभाका चार प्रमुख दलहरूबीच भएको सहमति



संविधान निर्माणका सम्बन्धमा संविधानसभाका चार प्रमुख दलहरूबीच भएको सहमति

संविधानसभाबाट संविधान जारी गर्ने संबन्धमा विगत लामो समयदेखि रहेको गतिरोधलाई अन्त्य गर्दै यथाशिघ्र संविधान निर्माण गरी घोषणा गर्न निम्नलिखित सहमति गरेका छौं ।

संघीयता र प्रदेश रचना

१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आठ (८) प्रदेश निर्माण गरिनेछ ।

२) प्रदेशको नामाकरण प्रदेश सभाको दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।

३) प्रदेशको सीमाइन संबन्धी सिफारिश गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । आयोगको कार्यावधि ६ महिना हुनेछ । संघीय आयोगको सुझाव-प्रतिवेदन प्राप्त भएपछि प्रदेशको सीमाङ्नको अन्तिम निर्णय व्यवस्थापिका- संसदको दुई तिहाइ बहुमतले गर्नेछ ।

संसद र निर्वाचन प्रणाली

४) संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ । प्रादेशिक सभा एक सदनात्मक हुनेछ ।

५) प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा कूल २ सय ७५ सदस्य रहनेछन् । भूगोल र जनसंख्याको आधारमा देशमा कूल १ सय ६५ संसदीय निर्वाचन क्षेत्र हुनेछन् । यी निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत बहुमत प्राप्त गर्ने १ सय ६५ प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । बांकी १ सय १० सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुनेछन् ।

६) राष्ट्रिय सभाको सदस्य संख्या कूल ४५ कायम हुनेछ । यस मध्ये प्रत्येक प्रदेशबाट समान संख्याका आधारमा ४० सदस्य निर्वाचित हुनेछन् । र बांकी ५ सदस्य संघीय मन्त्रिपरिषद्को शिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन् ।

शासकीय स्वरुप

७) देशको शासन सञ्चालन गर्न बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अवलम्बन गरिनेछ । प्रतिनिधिसभामा एकल बहुमत प्राप्त वा अन्य दलको समर्थनमा बहुमत प्राप्त दलका नेता कार्यकारी प्रमुखको हैसियतमा प्रधानमन्त्री हुनेछन् ।

८) नेपालमा एक संवैधानिक राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको निर्वाचन संघीय संसद एवम् प्रादेशिक सभा सदस्य सहितको निर्वाचक मण्डलबाट हुनेछ ।

(संसदीय शासन प्रणाली र संवैधानिक राष्ट्रपतिका बारेमा एनेकपा माओवादीको भिन्न मत रहेको छ । भिन्न मत रहे पनि संविधान निर्माणको प्रक्रया अघि बढाउने कुरामा भने सहमति रहेको छ ।)

९) नयाँ संविधान घोषणा पश्चात् राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री,सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका-संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हुने गरी व्यवस्था गरिनेछ ।

१०) नयाँ संविधानको व्यवस्था बमोजिम प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न नभएसम्म रुपान्तरित व्यवस्थापिका-संसदबाट प्रधानमन्त्रीको निर्वाचन, विश्वासको मत, अविश्वासको प्रस्ताव तथा मन्त्रिपरिषद्को गठन सम्बन्धी सबै कार्य नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुने गरी व्यवस्था गरिनेछ । राष्ट्रपति,उपराष्ट्रपति, सभामुख र उपसभामुख विरुद्ध महाभियोग व्यवस्था पनि अन्तरिम संविधान, २०६३ बमोजिम नै हुने गरी व्यवस्था गरिनेछ ।

न्याय प्रणाली

११) स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप नेपालमा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ ।

१२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।

१३) केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवम् स्थानीय तहका बीचमा अधिकार क्षेत्रबारे तथा प्रतिनिधि सभा,राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्बन्धी विवादमा न्याय निरुपण गर्न एक संवैधानिक अदालत गठन गरिनेछ । यी विषयमा संवैधानिक अदालतको निर्णय अन्तिम हुनेछ । यो अदालत सर्वोच्च अदालतका प्रधान न्यायाधीशको अध्यक्षता र २ जना अन्य वरिष्ठतम् न्यायाधीश तथा २ जना सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कानून क्षेत्रका विज्ञको सहभागितामा गठन हुनेछ । संवैधानिक अदालतको कार्यावधि नयाँ संविधान प्रारम्भ भएको मितिले १० वर्षसम्म हुनेछ ।

१४) न्याय परिषद् गठन संबन्धी व्यवस्था नेपालको अन्तरिम संविधान,२०६३ को व्यवस्था बमोजिम हुनेछ ।

१५) संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा भएको यो मूलभूत सहमतिको भावना अनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाइने छ ।

स्थानीय निकायको निर्वाचन

१६) जनताको प्रतिनिधित्व र सहभागितालाई सबल तुल्याउनको लागि यथासक्य चाँडो स्थानीय निकायको निर्वाचन गरिनेछ ।

सुशील कोइराला, प्रधानमन्त्री एवम् सभापति, नेपाली कांग्रेस

के.पी. शर्मा ओली, अध्यक्ष, नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड', अध्यक्ष, एनेकपा (माओवादी)

विजयकुमार गच्छदार, अध्यक्ष, मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक)

मितिः २०७२/०२/२५,बालुवाटार, काठमाण्डौं ।

देखाउँदै अघोषितरूपमा नाकाबन्दी गऱ्यो।[४] तराईका जिल्लालाई मधेस प्रदेशमा राख्नुपर्ने, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र, राज्यका निकायहरूमा समानुपातिक प्रतिनिधित्व, अङ्गीकृत नागरिकलाई राष्ट्र प्रमुखलगायत सबै पदमा रोक लगाउन नहुने, निर्वाचन क्षेत्र १०-१० वर्षमा पुनरावलोकन हुनुपर्ने, राष्ट्रिय सभामा पनि जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने र नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले स्वत: अङ्गीकृत नागरिकता पाउनुपर्ने भारतको आशय सार्वजनिक भयो।[५] मधेसी दलहरूको नाकाकेन्द्रित आन्दोलनका कारण सामान पठाउन नसकिएको भारतीय पक्षले दावी गरिरह्यो।

तर, अघोषितरूपमै भए पनि भारतीय पक्षबाट भएको नाकाबन्दीले नेपालको आपूर्ति व्यवस्था उथलपुथल भयो जसका कारण सर्वसाधारणले ठूलो कष्ट[६] बेहोर्नुपऱ्यो। वर्षको अन्त्यसम्म पनि नाकाबन्दी औपचारिकरूपमा खुलेन भने तराई मधेसमा आन्दोलन मत्थर भएन। संविधानसभाले संविधान घोषणा गरेलगत्तै प्रधानमन्त्री सुशील कोइरालाको सरकारलाई विस्थापित गरी केपी शर्मा ओलीको नेतृत्वमा असोज २४ गते नयाँ सरकार गठन भयो।

२. संविधान जारी भएपछिको सरकार

नेपालको संविधान जारी भएपछि संविधानसभाको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसका

४. भारतद्वारा चर्को नाकाबन्दी
http://www.nagariknews.com/society/nation/story/46092.html#sthash.Idj1pfKD.dpuf ०७२ पुस १९ गते हेरिएको

५. Make seven changes to your Constitution: India tells Nepal
http://indianexpress.com/article/world/neighbours/make-seven-changes-to-your-constitution-address-madhesi-concerns-india-to-nepal/ ०७२ पुस १९ गते हेरिएको

६. नाकाबन्दी खोल्न भारतीय राजदूतलाई व्यवसायीको आग्रह
http://kantipur.ekantipur.com/news/2015-11-12/20151112214006.html ०७२ पुस १८ गते हेरिएको

सभापति सुशील कोइरालाको नेतृत्वमा २०७१ माघमा गठित सरकारलाई प्रतिस्थापन गर्दै २०७२ असोज २४ गते दोस्रो ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन भयो। ओलीले नेपाली काङ्ग्रेसका तर्फबाट प्रधानमन्त्रीको उमेदवार बनेका सुशील कोइरालालाई पराजित गरेका थिए। नेकपा एमाले र एमाओवादीबीच संयुक्त सरकार गठन गर्नका लागि १४ बुँदे सहमति भएको थियो। संविधान जारी गर्ने समयमा असन्तुष्ट भई संविधानसभाबाट बाहिरिएको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकसँग एमाले, एमाओवादीले आठ बुँदे सम्झौता गरी राप्रपा नेपाल, राप्रपा तथा संविधानसभामा भएका एक दर्जनभन्दा बढी दलको समर्थनमा ओली प्रधानमन्त्री हुन सफल भएका थिए।[६] प्रधानमन्त्री ओलीले यसबीचमा २६ मन्त्रालयलाई बढाएर ३० बनाउनुका साथै पटकपटक मन्त्रिमण्डल विस्तार गरी ४० सदस्यीय बनाए। साथै अन्य प्रधानमन्त्रीको भन्दा ठूलो आकारको सल्लाहकार समूह[८] बनाएको र हैसियतभन्दा बढी आर्थिक सुविधा दिएको भन्दै उनको आलोचना भयो।

तर, यही अवधिमा पुनर्निर्माण प्राधिकरण विधेयक पारित गर्नु, प्राधिकरणको कार्यकारी प्रमुख नियुक्त गर्नु, भूकम्पपीडित परिवारलाई जाडो छल्न न्यानो कपडाका लागि प्रतिपरिवार १० हजार रुपियाँ उपलब्ध गराउनु, राष्ट्रियताका सवालमा अडान राख्नु, छिमेकी मित्रराष्ट्र चीनसँग पिडिए (व्यापार सम्झौता गर्नु) सकारात्मक पक्ष रह्यो।

खाना पकाएर खान नपाउने अवस्था हल गर्न यो सरकार असफल भयो। सरकारले संविधानबारे आमनागरिकलाई सचेत बनाउन 'जनताको संविधान जनताकै माझमा' नामक १ महिने अभियान सम्पन्न गरे पनि यसले तराई मधेसका जनतालाई संविधानप्रति अपनत्व महसुस गराउन सकेन।

३. संविधान निर्माण प्रक्रिया र जारी भएपछिका हिंसात्मक घटना

संविधानको मस्यौदा सङ्कलनका लागि जनतामा जाँदा १६ बुँदे सहमतिअनुसार नेपाललाई आठ प्रदेशको सङ्घीय संरचनामा लैजाने र सीमाङ्कनबारे सङ्घीय आयोगले टुङ्गो लगाउने उल्लेख थियो। तर, मस्यौदा सङ्कलनका क्रममा संविधान जारी भएकै बखत सङ्घीयताको सीमाङ्कन पनि टुङ्गो लाग्नुपर्ने माग आएपछि उच्चस्तरीय राजनीतिक विशेष समितिले साउन २३ गते ६ प्रदेश रहने गरी सीमाङ्कनको खाका सार्वजनिक गऱ्यो। ६ प्रदेशको सीमाङ्कनपछि सुर्खेत, कालीकोट जुम्ला, मुगुलगायत जिल्लाका जनता आन्दोलित भए। त्यस क्रममा प्रहरीको गोली लागेर चार जनाको मृत्यु भएपछि राजनीतिक विशेष समितिले पुनः त्यसलाई संशोधन गरी भदौ ४ गते सात प्रदेशको खाका तयार गरी सार्वजनिक गऱ्यो।

३.१ तराई मधेसको आन्दोलन र नाकाबन्दी

राजनीतिक विशेष समितिले सुदूरपश्चिमाञ्चल क्षेत्रलाई सातौँ प्रदेशको रूप दिएपछि थरुहट सङ्घर्ष समितिले भदौ ७ गते कैलालीको टीकापुरमा गरेको विरोध प्रदर्शनले हिंसात्मक रूप लियो। प्रदर्शनकारीले निषेधाज्ञा तोड्ने क्रममा प्रहरीसँग झडप भएको थियो। हिंसात्मक घटनामा आठ सुरक्षाकर्मी र एक नाबालकको प्रदर्शनकारीले हत्या गरेका थिए। यस अघि टीकापुरमा आयोजित थरूहट/थारूवान संयुक्त सङ्घर्ष समितिको सभामा पुगेका सङ्घीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव, सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो र नेपाली काङ्ग्रेसका सभासद् अमरेशकुमार सिंहले 'घरेलु हतियार लिएर आक्रमण गर्न' थरूहट आन्दोलनकारीलाई उक्साउँदै साम्प्रदायिक सद्भाव बिथोलिनेखालका अभिव्यक्ति दिएका थिए।[९]

टीकापुरको हिंसात्मक घटनापछि सरकारले जिल्ला प्रशासन कार्यालयको माहत सेनालाई शान्ति सुरक्षाको कार्यमा खटाएको थियो। तर आन्दोलनरत मधेसी मोर्चाको विरोध तथा वार्ता प्रक्रियालाई सहज बनाउन एक महिनापछि उक्त निर्णय फिर्ता भयो। मध्य तराई-मधेसको आन्दोलनले चर्को रूप लिएपछि रौतहट, बारा, पर्सा, महोत्तरी, सर्लाही र धनुषामा पनि प्रहरीले आत्मरक्षाका लागि गोली चलाउँदा प्रदर्शनकारीको मृत्यु भएको बताउँदै आयो। तर, आन्दोलनकारीले हिंसक घटना कायमै राखे। महोत्तरीमा निशस्त्र प्रहरी हवल्दारलाई कुटपिट गरी मरणासन्न बनाएपछि उद्धार गरी एम्बुलेन्समा अस्पताल लैजाने क्रममा बाटोबाटै एम्बुलेन्सबाट बाहिर निकालेर हत्या गरे। उदयपुरबाट नाबालक बिरामी बोकेर विराटनगर जाँदै गरेको एम्बुलेन्सलाई मधेसी मोर्चाका कार्यकर्ताले अवरोध गर्दा

६. ओली प्रधानमन्त्रीमा निर्वाचित, ३३८ मत http://www.annapurnapost.com/News.aspx/story/20458 ०७२ पुस १ गते हेरिएको
८. निराशा उन्मुख केपी कार्यकाल http://nepal.ekantipur.com/news/2015-12-27/20151227122136.html ०७२ पुस १५ गते हेरिएको
९. अप्रेशन टीकापुर http://nepalihimal.com/article/4906 ०७२ पुस १ गते हेरिएको

नाबालकको बाटोमै मृत्यु भयो। मधेसी मोर्चाका कार्यकर्ताले वीरगञ्जमा औषधी बोकेको ट्रकमा समेत आगजनी गरे।

यता मधेसवादी केही दलले अनिश्चितकालीन तराई-मधेसमा गरेको बन्द तथा हड्तालका कारण खाद्यवस्तु, पट्रोलियम पदार्थ र औषधिसमेतको अभाव भएको थियो। पाँच महिनाभन्दा लामो आन्दोलन र यो वर्षको अन्त्यसम्म जारी भारतको अघोषित नाकाबन्दीले सबैभन्दा बढी ज्यालादारी गरेर जीवन यापन गर्ने मजदुर मारमा परे।[१०]

तराई मधेसमा चार महिनादेखि बन्द भएका विद्यालय यो वर्षको अन्त्यदेखि मात्रै सुचारु भए। तराई मधेसको आन्दोलन पाँच महिनादेखि जारी रहेको र यस क्रममा भएको नाकाबन्दीका कारण अत्यावश्यकीय सामग्री अभावमा नेपालका ३० लाख बालबालिका स्वास्थ्यको उच्च जोखिममा रहेको संयुक्त राष्ट्र सङ्घीय बाल कोष (युनिसेफ)ले जनायो ।[११] यसैगरी भूकम्प प्रभावित १४ जिल्लामा मात्र ११ लाखभन्दा बढी बालबालिका र वृद्धवृद्धा चिसोको उच्च जोखिममा रहेको केन्द्रीय बालकल्याण समितिको तथ्याङ्क सार्वजनिक भयो।[१२]

बन्द हड्ताल र आन्दोलनका कारण ५ महिनादेखि गरिखाने वर्गको दिनचर्या टीठलाग्दो भयो।[१३] नाकाबन्दीकै कारण देशको प्रमुख नाकाबाट देशले अरबौंको राजस्व गुमायो भने वीरगञ्ज भन्सारबाट मात्रै राज्यले यो वर्षको अन्त्यसम्म २ सय ६८ प्रतिशत राजश्व गुमाएको छ।[१४]

भूकम्प र त्यसपछि मधेसमा उत्पन्न असहज परिस्थितिले नेपालका लाखौं बालबालिकाको भविष्य जोखिममा परेको भन्दै संयुक्त राष्ट्रसङ्घको बालबालिका हेर्ने निकाय युनिसेफले 'बालबालिका शान्ति क्षेत्र स्थापना' मा जोड दिँदै 'वर्तमान अवस्थाको सिधासिधा असर बालबालिकाको शिक्षाको पहुँचमा परेको र भूकम्पपछि अहिलेसम्मका ६ महिनामा विद्यालयहरू

आन्दोलनरत पक्षहरूलाई वार्तामा आएर संविधान निर्माणको प्रक्रियामा भाग लिन प्रमुख तीन दलको संयुक्त आह्वान



संयुक्त वक्तव्य

नेपाली जनताले आफ्ना प्रतिनिधि मार्फत् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बनाउने प्रक्रिया अहिले निर्णायक चरणमा आईपुगेको छ । देश संविधान निर्माणको यस ऐतिहासिक मोडमा आईपुगेको बेला कुनै पनि राजनीतिक दल र सभासदले संविधानसभाको वर्तमान प्रक्रियाबाट आफ्नाई अलग राख्नु कसैका लागि पनि सुखद हुन सक्दैन ।

जनताको लामो संघर्ष र बलिदानबाट आएको संविधानसभामा हामीले आठ वर्ष लामो बहस गरिसकेका छौं । यस बाटोबाट बिचलित नभई संविधानसभाबाट छिटो भन्दा छिटो संविधान जारी गर्नु हामी सबैको दायित्व हो । संविधानका विषयवस्तुमा हाम्रा बीचमा मतभेद हुन सक्छन् तर जनतालाई लोकतान्त्रिक अधिकारले सम्पन्न बनाउने तथा जनताको आर्थिक सामाजिक विकास गर्ने लक्ष्यमा हामी सबै एकै ठाउँमा उभिन सक्छौं ।

यस निर्णायक बेलामा हामी विभाजित भएर होईन एकताबद्ध भएर जनताको पक्षमा लोकतान्त्रिक संविधान लेख्न सक्छौं । संघीयतालाई वास्तविक रुपमा प्रयोग गर्न र परिणामसम्म पुऱ्याउन सक्छौं । गणतन्त्रलाई संस्थागत गर्न सक्छौं । सामाजिक न्याय र आर्थिक विकासलाई सुनिश्चित गर्न सक्छौं तथा समावेशितालाई संरक्षित गर्न सक्छौं ।

हाम्रो उक्त साझा दायित्व संविधानसभाबाट पूरा गर्न वार्ता र संवादमा आउन हामीले सबै आन्दोलनरत पार्टी र नेतृत्वलाई निरन्तर आव्हान गरेका छौं । प्रधानमन्त्रीले पटक-पटक आन्दोलनरत पार्टी र नेतृत्वपक्तिलाई पत्राचार गरी वार्तामा आउन आव्हान गर्नु भएको छ । हामीले विभिन्न समयमा अनौपचारिक भेटघाट र कुराकानी गरेका छौं र सम्बन्धित सबैलाई संवादमा फर्किन लगातार अनुरोध गरिरहेका छौं ।

अहिले संविधानसभाको बहस अन्तिम चरणमा पुगेको बेला हामीहरु पुनः सबै आन्दोलनरत राजनीतिक दल र नेतृत्वपक्तिलाई शान्तिपूर्ण छलफलद्वारा प्रस्तावित संविधानलाई थप परिमार्जन गर्न सक्ने अवसरको उपयोग गर्न अनुरोध गर्दछौं । मतभेद र द्वन्द्वको उत्कर्षको बेलामा पनि वार्ता र छलफलको ढोका बन्द हुँदैन र गर्नु हुँदैन भन्ने हाम्रो मान्यता छ । हामीहरु नेपाली जनताको अधिकारका लागि संगै संघर्ष गरेका राजनीतिक पार्टी हौं । हिमाल-पहाड-तराई र मधेशमा जनताको अधिकार र समृद्धिको मुद्दा हाम्रो साझा मुद्दा हो । देशको एकता र सामाजिक सद्भाव कायम राख्नै विभिन्न समुदायको निम्ति निरन्तर क्रियाशील रहने एजेण्डा पनि हाम्रो साझा एजेण्डा हो । लोकतन्त्र र राष्ट्रिय हितको व्यापक आवश्यकतालाई महशुस गरी वार्ता र संवादको पक्षमा सकारात्मक भूमिका खेल्दै योगदान गर्न आव्हान गर्दछौं ।

देशको कमजोर अर्थतन्त्रमा झन गम्भीर असर पर्ने तथा सर्वसाधारण जनतामा ठूलो कष्ट हुने गरी बन्द र आमहड्ताल जस्ता कार्यक्रम फिर्ता लिन, सार्वजनिक र सरकारी कार्यालय तथा नीजि सम्पत्तिको तोडफोड र हिंसात्मक क्रियाकलाप तर्फ आन्दोलनलाई जान नदिन र सबै समस्याको समाधान शान्तिपूर्ण लोकतान्त्रिक तवरबाट खोज्न तत्काल वार्तामा आउन हामीहरु सम्बद्ध सबै राजनीतिक दलहरुलाई हार्दिक अपिल गर्दछौं ।

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष,एनेकपा (माओवादी)

के.पी. शर्मा ओली
अध्यक्ष, नेकपा (एमाले)

सुशील कोईराला
प्रधानमन्त्री तथा सभापति, नेपाली कांग्रेस

मिति २०७२।०४।२३

झन्डै आधा अवधिमात्र खुलेको अवस्थामा अहिलेको अवस्थाले पूर्वी तराई र अन्य क्षेत्रका बालबालिकामा बढी प्रभाव परेको जनायो। विद्यालय बन्द भएका कारण मध्य तथा पूर्वी तराई र भित्री मधेसका नौ जिल्लामा मात्र पछिल्लो दुई महिनामा १६ लाखभन्दा बढी बालबालिका नियमित पठनपाठनबाट वञ्चित भएको युनिसेफले उल्लेख गरेको थियो।[१५]

१०. बन्दको असर : महोत्तरीका अस्पतालमा अक्सिजन र औषधि अभावः पेटभरि खान नपाएको मजदुरको गुनासो http://www.onlinekhabar.com/2015/09/321313/ ०७२ पुस १ गते हेरिएको
११. नाकाबन्दीका कारण नेपालका ३० लाख बालबालिका मृत्युको जोखिममा : युनिसेफ http://ujyaaloonline.com/news/50788/unicef/ ०७२ पुस १ गते हेरिएको
१२. उही
१३. नाकाबन्दीको उपलब्धीः मधेसलाई पीडा मात्रै http://www.himalkhabar.com/118219#sthash.uj3mC0Gc.dpuf ०७२ पुस १० गते हेरिएको
१४. उही
१५. लाखौं बालबालिकाको भविष्य अन्योलमा परेको भन्दै युनिसेफद्वारा सरोकार व्यक्त http://www.inseconline.org/index.php?type=news&lang=np&id=51751 ०७२ पुस ११ गते हेरिएको

३.२ वार्ताका लागि भएका प्रयास

संविधान निर्माण प्रक्रियासँगै मधेसी मोर्चाले तराई मधेसकेन्द्रित आन्दोलन घोषणा गरेपछि सरकारले पटकपटक वार्तामा आउन आन्दोलनरत पक्षलाई आग्रह गऱ्यो। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले वार्ताका लागि आन्दोलनरत पक्षलाई पत्राचारसमेत गरेका थिए। आन्दोलन फिर्ता लिई वार्तामा आउन व्यवस्थापिका-संसद्मार्फत सरकारले आन्दोलनरत दलहरूलाई आग्रह गरेको भए पनि मधेसी मोर्चा वार्तामा आएन। संविधान जारी भएको २ साता पनि पूरा नहुँदै कोइराला नेतृत्वको सरकारले जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र तय हुने र समावेशी समानुपातिक प्रतिनिधित्वलगायतका विषय राखी संसद्मा संविधान संशोधन प्रस्ताव पेस गऱ्यो।

समानुपातिक, समावेशी र जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने र संविधानमा मधेसीको अधिकार कटौती भएको कुप्रचारसहित मधेसी मोर्चाले जनतालाई उत्तेजित[१६] पारेको आरोप पनि लाग्दै आएको छ।

यो वर्षको अन्त्यतिर चार महिनापछि मात्र कात्तिक १५ गते बल्ल मधेसी मोर्चाले सरकारी वार्ता टोलीसँग ११ बुँदे माग प्रस्तुत गऱ्यो। सरकारी वार्ता टोलीसँग पेस गरिएको माग मधेसी मोर्चा आबद्ध वार्ता टोलीले सार्वजनिक गर्न नचाहेको भए पनि पटकपटकको वार्ताबाट समस्या समाधान नभएपछि त्यो माग बाहिर आयो। तर, उसले तराई मधेसमा दुई प्रदेशको माग राखेर थालेको आन्दोलन वर्षको अन्त्यसम्म जारी रह्यो।

४. भूकम्पपीडितलाई राहत तथा पुनर्निर्माणको प्रयास

मध्य नेपालको पहाडी क्षेत्र २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पले आक्रान्त हुन पुग्यो। भूकम्प मापन केन्द्रले जनाएअनुसार ७.८ रेक्टर स्केलको भूकम्पका कारण १८ जिल्लाका ८ हजार ८ सय ५१ जनाको मृत्यु भयो। जसमा महिला ४ हजार ८ सय ८९ र पुरुष ३ हजार ९ सय ५६ जना तथा ६ जना लिङ्ग खुल्न नसकेका छन्। यसैगरी २२ हजार ३ सय २ जना घाइते भएका थिए। भौतिक क्षतितर्फ ६ लाख १४ हजार १ सय ५७ व्यक्तिगत घर र २ हजार ४ सय ९५ सरकारी भवन तथा सार्वजनिक सम्पदामा पूर्ण क्षति पुगेको थियो। जसमध्ये ६ हजार ५ सय २३ सार्वजनिक विद्यालयमा पूर्णरूपमा क्षति पुगेको थियो।

भूकम्पले मध्यमाञ्चल क्षेत्रका सबै पहाडी जिल्ला र पश्चिमाञ्चल तथा पूर्वाञ्चलका केही जिल्लामा धनजनको क्षति भएको थियो। सरकारले १४ जिल्लालाई अति प्रभावित र १७ जिल्लालाई प्रभावित भनी ३१ जिल्लालाई भूकम्प प्रभावित क्षेत्रमा वर्गीकरण गऱ्यो।

भूकम्पका कारण भएको मानवीय तथा भौतिक क्षतिका कारण पीडित जनतालाई सरकारले तत्काल २५ हजार रुपियाँ राहत दिने घोषणा गरे पनि सुरुमा १५ हजार रुपियाँमात्र प्रदान गऱ्यो। मृतकको काजकिरियाका लागि ४० हजार र पीडित परिवारलाई १ लाख रुपियाँ उपलब्ध गरायो। सरकारले भूकम्पपीडितका लागि देशबाहिरबाट आउने राहत सामग्रीमा भन्सार छुटको निर्णय गरेकाले पनि पीडितलाई तत्कालीन राहतका लागि सहयोग पुगेको थियो। तर, अव्यवस्थित वितरण प्रणाली र राहत वितरणमा संलग्नहरूको मनोमानीले पीडितहरूले राहत समानुपातिकरूपमा पाउन सकेनन्। कतिपय संस्थाले वितरण गरेका खाद्यान्न कुहिएकोसमेत पाइएको थियो भने कतिपय खाद्य सामग्री समयमै वितरण नहुँदा कुहिएका थिए।[१७]

राष्ट्रिय योजना आयोगले भूकम्पका कारण ६ खर्ब बराबरको भौतिक क्षति भएको र पुनर्निर्माणका लागि ६ खर्ब ६६ अर्ब लाग्ने अनुमान प्रक्षेपण गरेको थियो। भूकम्पका कारण भएको भौतिक क्षति पुनर्निर्माणका लागि नेपाल सरकारले दाता सम्मेलन आयोजना गऱ्यो। दाता सम्मेलनबाट ४ खर्ब २० अर्ब आर्थिक सहयोग गर्ने प्रतिबद्धता जुटेको थियो। त्यसमध्ये २ खर्ब २० अर्ब अनुदान र त्यति नै रकम सहुलियत ऋण उपलब्ध गराउने दाता सम्मेलनमा प्रतिबद्धता प्राप्त भएको थियो।[१८]

यही उद्देश्य परिपूर्ति गर्न गठित पुनर्निर्माण प्राधिकरण विधेयक र कार्यकारी प्रमुख नियुक्तिले समयमै पूर्णता भने पाउन सकेन। सरकारको

---

१६. हौवा फैलाएर उत्तेजित पार्ने प्रयास
http://www.rajdhani.com.np/article/0752135001443499860 ०७२ पुस ११ गते हेरिएको

१७. विश्व खाद्यले बाढेको चामल फिर्ता हुने
http://www.inseconline.org/index.php?type=news&lang=np&id=49659 ०७२ पुस १ गते हेरिएको

१८. पुनर्निर्माणमा मन फुकाएर सहयोग, जुट्ने भो ४ खर्ब ४० अर्ब
http://www.nagariknews.com/main-story/story/40456.html ०७२ मङ्सिर ११ गते हेरिएको

नेकपा एमाले र एकीकृत माओवादी बीच संयुक्त सरकार गठनका सन्दर्भमा भएको सहमति



नेकपा (एमाले) र एकीकृत ने.क.पा.(माओवादी) बीच भएको सहमति

संविधान निर्माणको क्रममा भएको १६-बुँदे सहमति र प्रमुख पार्टीका शीर्ष नेताहरुको बीचमा भएको समझदारी अनुसार राष्ट्रिय सहमतिको सरकार गठन गरिनु आजको राष्ट्रिय आवश्यकता हो। सहमतिको सरकार गठन गरी संविधानको कार्यान्वयनको दिशामा सबै राजनीतिक दलहरु अघि बढ्नु उचित हुने कुरामा हामी स्पष्ट छौं। संयुक्त सरकार गठनका सन्दर्भमा हामीले निम्नलिखित सहमति गरेका छौं।

१) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, हित र स्वाभिमानको पक्षमा दृढ रहने।

२) नेपाली जनतामा नीहित सार्वभौमसत्ता र नेपाली जनताको आत्मनिर्णयको अधिकारको रक्षा गर्दै वाह्य दवाव र हस्तक्षेप अस्वीकार गर्ने।

३) संविधानद्वारा संस्थागत् ऐतिहासिक उपलब्धीहरुको रक्षा गर्दै प्रभावकारी कार्यान्वयन गर्ने।

४) असन्तुष्ट आन्दोलनरत् तराई मधेश केन्द्रीत दलहरु, थारु समुदाय र विभिन्न रुपमा आफ्ना मुद्धा र आवाज उठाइरहेका आदिवासी जनजाति लगायत अन्य उत्पीडित समुदायसँग वार्ता मार्फत समस्याको राजनीतिक सम्बोधन गरी समाधान गर्ने।

५) नेपालको संविधान प्रति अत्यधिक दल र पक्षहरुको व्यापक समर्थन सिर्जना गरी राष्ट्रिय एकता सुदृढ गर्दै संविधान कार्यान्वयनको लागि सहज वातावरण निर्माण गर्ने। यसका लागि वार्ता र सहमतिको माध्यमबाट संविधानमा आवश्यकता अनुरुप संशोधन गर्ने।

६) विनाशकारी भुकम्पले उत्पन्न गरेको राष्ट्रिय विपत्ति तथा राष्ट्र र जनताको पीडा एवं आवश्यकता प्रति संवेदनशील भई पुर्ननिर्माण र नवनिर्माणको काम योजनाबद्ध रुपमा अघि बढाउने।

७) मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएका क्षेत्र लगायतका उत्पीडित वर्ग एवं जनसमुदायका समस्या प्रति गम्भीर भई संबोधन गर्दै जाने र नयाँ संविधानले संस्थागत गरेको सामाजिक न्याय सहितको समावेशी लोकतन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

८) नेपालको विकास र समृद्धिलाई केन्द्रमा राखेर नीति, योजना तथा कार्यक्रम बनाउने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।

९) सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने र मंहगी नियन्त्रण गरी जनताको दैनिक आवश्यकताका वस्तुहरु सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्ने।

१०) जनसमुदायबाट संविधानद्वारा प्रत्याभूत मौलिक हकको उपयोग गरी शान्तिपूर्ण रुपमा प्रकट गरिने माग र भावनाहरुको कदर गर्ने। राज्यद्वारा शान्तिपूर्ण आन्दोलन माथि अनावश्यक वल प्रयोग नगर्ने।

११) संक्रमणकालीन न्यायसँग सम्बन्धित सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगका काम कार्वाहीहरु विस्तृत शान्ति सम्झौताको मूल मर्म र भावना अनुसार सम्पन्न गर्न प्रतिवद्ध रहने र त्यस अनुसार वातावरण निर्माण गरी कार्यान्वयनमा लैजाने।

१२) नेपालले सामना गर्नु परिरहेको अघोषित नाकावन्दी र यसको परिणामलाई ध्यान दिई तात्कालिक र दीर्घकालिन रुपमा अत्यावश्यक वस्तुहरुको आपूर्ति गर्न र राष्ट्रलाई आत्मनिर्भर बनाउन योजनावद्ध नीति र कार्यक्रम तर्जुमा गरी लागु गर्ने।

१३) दुई पक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय सन्धि सम्झौता र अभिसन्धी अनुरुप नेपालले प्राप्त गर्ने पारवहन तथा व्यापार-वाणिज्य अधिकार सुनिश्चित गर्दै तिनको पूर्ण र सहज उपभोगको दिशामा क्रियाशील रहने। नेपाली जनताद्वारा निर्वाचित सार्वभौम संविधानसभा र नेपालका राजनीतिक दलहरुले गरेका संविधान जारी गर्ने लगायतका निर्णयको सम्मान गर्न तथा नेपालले सामना गरिरहेको अघोषित नाकावन्दीको अन्त्य गरी भुपरिवेष्ठित राष्ट्रले अन्तर्राष्ट्रिय कानुन बमोजिम उपभोग गर्न पाउने पारवहन अधिकार निर्वाध रुपमा उपयोग गर्ने स्थिति सुनिश्चित गर्न र दुई छिमेकी मित्र राष्ट्रहरु बीचको सम्बन्धलाई सहज बनाउन मित्र राष्ट्रसंग आग्रह गर्ने।

१४) छिमेकी लगायत सबै मित्रराष्ट्रसँग संयुक्त राष्ट्र संघको वडापत्र र पञ्चशीलका मान्यता अनुरुप पारस्परिक सम्मान, समानता र हितका आधारमा असल मैत्रिपूर्ण सम्बन्ध कायम गर्ने।

के.पी. शर्मा ओली
अध्यक्ष नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, एनेकपा (माओवादी)

मिति : २०७२।५।२३

गैरजिम्मेवारीले पुनर्निर्माण प्राधिकरण ऐन र प्राधिकरणका कार्यकारी प्रमुख नै निस्कृय बन्न पुगे। भूकम्पको करिब दुई महिनापछि असार ६ गते अध्यादेशमार्फत भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माण अगाडि बढाउन प्रधानमन्त्री अध्यक्ष रहेको पुनर्निर्माण प्राधिकरण गठन त भयो तर सत्ता साझेदार दल काङ्ग्रेस र एमालेबीचको विवादका कारण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त हुने सकेनन्। साउन २८ गतेमात्रै राष्ट्रिय योजना आयोगका डा. गोविन्द पोखरेललाई सिइओ नियुक्त गर्न सरकार सफल भयो। प्राधिकरणले भदौ ८ गतेको पहिलो बैठकबाट भूकम्प प्रभावित ३१ जिल्लामा प्राधिकरणको कार्य क्षेत्र तोकिदिन सरकारलाई सिफारिस गर्ने निर्णय गरेको थियो। यसैबीच दुई महिनाभित्र संसद्बाट पास गराउनुपर्ने पुनर्निर्माण प्राधिकरण विधेयक संसद्मा प्रवेश नै नगर्दा स्वत: निष्क्रिय बन्न पुग्यो भने कार्यकारी प्रमुखले पनि निरन्तरता पाउन सकेनन्।

संविधान घोषणापछि गठन भएको सरकारले गरेका काममा पुनर्निर्माण प्राधिकरण विधेयक पारित हुनु र कार्यकारी प्रमुख नियुक्त गर्नु सकारात्मक कार्य हुन्। यसैगरी भूकम्पपीडितलाई न्यानो कपडाका लागि १० हजार रुपियाँ उपलब्ध गराउने सरकारी निर्णय भए पनि घोषणा भएको एक महिनाभन्दा बढी समयसम्म पनि सबै पीडितले पाउन नसकेको समाचार सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भए।[१९]

आर्थिक वर्ष २०७२/२०७३ को बजेटमा भूकम्पले पुगेको क्षतिको पुनर्निर्माणका लागि पुँजीगत खर्चमध्ये ४४ प्रतिशत बजेट सरकारले विनियोजित गरेको थियो। तर आर्थिक वर्ष सुरु भएसँगै संविधानको प्रस्तावित मस्यौदामा असहमति राख्दै मधेसी मोर्चाले थालेको आन्दोलन र संविधान घोषणापछि भारतीय नाकाबन्दीले गर्दा भएको इन्धन अभाव, ढुवानीमा भएको समस्यालगायतका कारण आर्थिक वर्षको पहिलो पाँच महिनामा पुँजीगततर्फ जम्मा ५ दशमलव ३३ प्रतिशत

१९. न्यानो कपडाको रकम अझै बाँडिएन http://kantipur.ekantipur.com/printedition/news/2016-01-13/20160113090348.html ०७२ माघ ११ गते हेरिएको

खर्च भएको छ।[३०] विकास निर्माणका लागि समयमै बजेट विनियोजन नहुने र विनियोजित बजेट पनि खर्च नहुने विगतको प्रवृत्ति यस वर्ष पनि दोहोरियो।

५. मानव अधिकार राष्ट्रिय कार्ययोजना

सरकारले सुरु गरेको चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागु भएको एक वर्ष पूरा भएको छ। कार्ययोजनामा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानव अधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्न सहयोग पुऱ्याउने सरकारको लक्ष्य छ। संयुक्त राष्ट्रसङ्घको सन् १९९३ मा भियनामा सम्पन्न मानव अधिकारसम्बन्धी विश्व सम्मेलनले प्रत्येक सदस्य राष्ट्रले मानव अधिकार संरक्षण तथा प्रवर्धनका लागि राष्ट्रिय कार्ययोजना बनाइ लागु गर्न आह्वान गरेको थियो। सो आह्वानअनुरूप नेपाल सरकारले २०६१ सालदेखि २०७० सालसम्म त्रिवर्षीय राष्ट्रिय मानव अधिकार कार्ययोजना ल्याएको थियो। तर, २०७१ बाट सरकारले पञ्चवर्षीय कार्ययोजना ल्याएको हो।[३१]

कार्ययोजनाले शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, खाद्य सुरक्षा, समावेशी विकास, महिला, अपाङ्गता, ज्येष्ठ नागरिक, बालबालिका, आवास, कारागार सुधार, द्वन्द्वपीडितलगायत १८ क्षेत्रलाई प्राथमिकता दिएको छ। साथै सरकारले मानव अधिकारलाई संरक्षण तथा सहयोग पुग्ने गरी प्रायः सबै मन्त्रालय र निकायअन्तर्गत ५१ ओटा नीति निर्माण गरी कार्यान्वयन गरिसकेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् अन्तर्गतको यस कार्ययोजनाले सम्बन्धित निकायबाट प्रगति विवरण नियमित र अनिवार्यरूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र नियमितरूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन गर्ने र गराउने व्यवस्था छ।

६ राष्ट्रिय मानव अधिकार संयन्त्रहरू

६.१ राष्ट्रिय मानव अधिकार आयोग

अन्तर्राष्ट्रिय घोषणापत्रअनुरूप स्थापित नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र र संवैधानिक निकाय हो। आयोगले मानव अधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त राज्य व्यवस्थालाई सजग र उत्तरदायी बनाउन मानव अधिकार उल्लङ्घनका घटनाको उजुरी लिई त्यसमाथि छानबिन गर्ने, दोषीलाई कारबाही तथा मुद्दा चलाउन सिफारिस गर्नेलगायतका कार्य गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७१/२०७२ मा आयोगमा परेका १ सय ६० उजुरीमध्ये १ सय ३२ उजुरी निरूपण भएको जनाएको छ। निरूपण भएका उजुरीमा १० सिफारिसमध्ये ६ सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। सशस्त्र द्वन्द्वबाहेक मानव अधिकार उल्लङ्घन एवम् दुरुत्साहनसम्बन्धी दुई सिफारिस गरिएको छ। शरणार्थीको जीवन जोखिम वा यातना नपाउने सुनिश्चितता नभई स्वदेश नफर्काउन सरकारलाई एउटा सिफारिस गरिएको छ। पुनः पेस गर्ने दुई र तामेलीमा राखी लगत कट्टा गर्नू भनी १ सय १७ उजुरीमाथि निर्णय गरिएका छन्।[३२]

६.२ राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगले महिलासँग सम्बन्धित गुनासा, उजुरी सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखेको छ। यसअन्तर्गत महिला हकहितको संरक्षण र सम्बर्द्धनसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि कार्यादेशसहित आफ्नो काम अगाडि बढाउनु आयोगको कर्तव्य हो। महिलामाथि हुने सामाजिक/सांस्कृतिक भेदभाव तथा कुप्रथा, जस्तै- कथित बोक्सी, झुमा, देउकी, छाउपडीका क्षेत्रमा अध्ययन/अनुसन्धान गर्ने र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयनको अनुगमन गरी सोअनुसारको ऐन/नियम बनाउन सरकारलाई सिफारिस गर्ने कार्य यो आयोगले गर्दै आएको छ। महिलालाई विकासको मूल प्रवाहमा ल्याउन क्रियाशील रहेको राष्ट्रिय महिला आयोगले जनाएको छ।

आयोगमा आर्थिक वर्ष २०७१/०७२ मा दर्ता भएका ४ सय १९ उजुरीमध्ये घरेलु हिंसाका ३ सय १७ र महिला हिंसाका १ सय २ थिए। आयोगमा यस

---

३०. पाँच महिनामा पाँच प्रतिशत विकास खर्च http://kantipur.ekantipur.com/news/2015-12-20/20151220093202.html ०७२ पुस ६ गते हेरिएको

३१. चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना आजदेखि कार्यान्वयनमा http://www.inseconline.org/index.php?type=news&id=46055&lang=np ०७२ मङ्सिर १० गते हेरिएको

३२. वार्षिक प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग २०७१/२०७२: पृ. ५

आर्थिक वर्षको पहिलो ६ महिनामा घरेलु हिंसाका १ सय ११ र महिला हिंसाका ४१ गरी १ सय ५२ निवेदन दर्ता भए। आयोगमा दर्ता निवेदनमा आयोगका तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवा दिने र सम्बन्धित सरकारी निकाय प्रहरी, महिला सेल र अदालतमा कार्यान्वयनका लागि सिफारिस गर्ने गरिएको छ। सबै निवेदन तथा उजुरीको निरूपण गर्ने अवस्थामा आयोग नहुँदा पीडितले सोझै न्याय पाउने अवस्था आयोगबाट हुँदैन वा हुन सकेको छैन।

६.३ राष्ट्रिय दलित आयोग

दलित समुदायले भोग्दै आएको उत्पीडनबाट उनीहरूलाई मुक्त गराई राष्ट्र विकासको मूल प्रवाहमा समाहित गर्न उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा धार्मिक/सांस्कृतिक क्षेत्रमा सहभागिताको समान अवसर प्रत्याभूत गर्ने कार्य राष्ट्रिय दलित आयोगले गर्दै आएको छ। खासगरी मुलुकका अन्य उच्च जीवनस्तर भएका जात समुदायका नागरिकसरह विकास गर्न, जात, वंश र पेशाका आधारमा प्रचलित जातीय भेदभाव र छुवाछूत व्यवहार पूर्णरूपले अन्त्य गर्नु आयोगको उद्देश्य हो।

दलित अधिकारको क्षेत्रमा आयोग स्थापना भएपछि 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' आएको छ। तर, पनि जातीय विभेद भने कायमै पाइन्छ। यससँग सम्बन्धित उजुरी आयोगमा लिइने कानुनी प्रावधानअनुसार आर्थिक वर्ष २०७१/२०७२ मा आयोगमा २०७१ मा २६ ओटा उजुरी दर्ता भएकोमा १९ ओटा विचाराधीन रहे भने पाँच ओटा मिलापत्र भए। दुई ओटा सम्पर्क बाहिर रहे। यसैगरी २०७२ पुस मसान्तसम्ममा ३५ ओटा उजुरी आयोगमा दर्ता भएकोमा २९ ओटा सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस भयो। जसमध्ये ६ ओटा मेलमिलाप भए भने तीन ओटा अदालतबाट फैसला भयो।

६.४ राष्ट्रिय मुस्लिम आयोग

मुस्लिम समुदायको अधिकारका लागि आर्थिक तथा सामाजिक विकासलगायतका कार्यादेशसहित राष्ट्रिय मुस्लिम आयोग स्थापना भएको चार वर्ष बितेको छ। आयोगले मुस्लिम समुदायमा सचेतनामूलक कार्यक्रम मात्रै गर्दै आएको छ।

आयोगले ठोस नीतिगत व्यवस्था नगरेको भए तापनि मुस्लिम समुदायको पृथक भेशभूषा, रहनसहन, धर्म, संस्कृति र परम्परा भएकाले मुस्लिम समुदायको

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आन्दोलनका क्रममा मृत्यु भएका परिवारलाई ५० लाख रुपियाँ दिने घोषणा



संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा

प्रेस-विज्ञप्ति

आज मिति २०७२ भाद्र २ गतेका दिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठक बसी मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालय बिजुलीबजार काठमाण्डौमा सम्पन्न भयो । बसेको बैठकमा मोर्चाद्वारा निम्नलिखित निर्णय गरिएको छ ।

तपसिल:-

निर्णय नं. १ -थरुहट/मधेश प्रदेशको लागी भईरहेको आन्दोलनको क्रममा घाईते आन्दोलन कारीहरुको रेखदेख र सम्पूर्ण उपचार खर्च बन्दोबस्त गर्ने उद्देश्यले मोर्चा संयोजक दलहरुबाट नाम माँगी एउटा केन्द्रीय उपचार समिति गठन गर्ने निर्णय गरियो । केन्द्रीय समितिको नाउमा खाता खोली उपचार कोष खडा गर्ने र सबैलाई आर्थिक आव्हान गर्ने निर्णय भयो साथै निम्नलिखित स्थानिय केन्द्रहरुमा मोर्चा घटक दलहरु समेत सम्मिलित स्थानिय उपचार समिति बनाउने निर्णय गरियो ।

तपसिल:-

(क) धरान (ख) विराटनगर (ग) बैरहवा (घ) नेपालगंज (ङ) जनकपुर (च) बिरगंज (छ) धनगढी (ज) काठमाण्डौ

निर्णय नं. २ -आन्दोलनलाई शसक्त र प्रभावकारी बनाउन एउटा केन्द्रीय आन्दोलन परिचालन र संयोजन समिति बनाउने मोर्चाको निर्णय भयो ।

निर्णय नं. ३ -संघियताको आन्दोलनलाई झन शसक्त बनाउन समान अवधारणा बोकेका पार्टी संगठन र संस्थाहरु जस्तै थारु, मुस्लिम, जनजाति, खस लगायतका संगठनहरु संग सहकार्य गर्ने उद्देश्यले गठबन्धन बनाउने निर्णय भयो ।

निर्णय नं. ४ -थरुहट/मधेश लगायत यस गठबन्धनमा आबद्ध रहेका घटकहरुको आन्दोलनमा ज्यान गुमाउने शहिद परिवारहरुलाई आन्दोलनबाट बनेको प्रादेशिक सरकारले शहिद परिवार राई रु ५०,००००० (पचासलाख) आर्थिक सहयोग उपलब्ध गराउनका साथै शहिद परिवारलाई निशुल्क शिक्षा र रोजगारीको जिम्मेवारी प्रायदेशिक सरकारले वहन गर्ने छ भन्ने प्रतिबद्धता सहितको निर्णय गरियो ।

उपेन्द्र यादव, अध्यक्ष- संघीय समाजवादी फोरम, नेपाल

महन्थ ठाकुर, अध्यक्ष- तराई-मधेश लोकतान्त्रिक पार्टी

जेन्द बहादुर, अध्यक्ष- सद्भावना पार्टी

भतेश्वर राय, वरिष्ठ नेता- तराई-मधेश सद्भावना पार्टी, नेपाल

अलग्गै पहिचान दिलाउन पहिलो प्राथमिकता दिई सोहीबमोजिम विभिन्न तह र स्तरमा छलफल तथा अन्तरक्रिया गर्दै आएको पाइएको छ।

अध्यक्ष र सदस्यसचिवसहित १३ जना पदाधिकारी रहने आयोगलाई नेपालको संविधान २०७२ ले संवैधानिक बनाएको छ। गत आर्थिक वर्ष सरकारले आयोगलाई १ करोड ४७ लाख रुपियाँ बजेट विनियोजन गरेको भए पनि यस वर्ष ९ लाख कम रकम विनियोजन भएको छ। सरकारले उपलब्ध गराउने बजेटबाट आफ्ना क्रियाकलाप गर्नुपर्ने आयोगले एकदमै कम बजेटमा थप काम गर्न नपाई सङ्कुचित हुनुपर्ने अवस्था सिर्जना भएको छ।

६.५ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएसँगै

सरकारद्वारा २०७१ माघ २८ मा लोकेन्द्र मल्लिकको अध्यक्षतामा पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा पीडित परिवारको पहिचान तथा उनीहरूलाई राहत उपलब्ध गराउने, व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराध मानिने व्यवस्थाअनुसार पीडित तथा पीडित परिवारलाई न्याय दिलाउन पीडितका परिवार तथा अन्य व्यक्तिका तर्फबाट निवेदन आह्वान गर्ने र व्यक्ति बेपत्ता पार्नुको कारण, प्रकृति र स्तरको सत्यता जाँच गरी अभिलेख राख्ने, पीडितका परिवारका लागि परिपूरणको सिफारिस गर्ने र व्यक्ति बेपत्ता गर्ने काममा संलग्न देखिएका व्यक्तिविरुद्ध मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउने कार्यादेश आयोगलाई छ।

दुई वर्षे कार्यकाल रहेको आयोग स्थापना भएको एक वर्षको अवधिसम्म पनि यसका कार्यप्रगति विवरण सार्वजनिक भएका छैनन्। आयोग आफैंले तयार गरेको कार्ययोजनाअनुसार गत आर्थिक वर्षमै सम्पन्न हुनुपर्ने आयोगको नियम कार्यविधिको तर्जुमा तथा कार्यालय व्यवस्थापनको काम यस वर्षको अन्त्यसम्म सकिएको छैन। आयोगले बेपत्ता पारिएका व्यक्तिको छानबिन नियमावली बनाएर संसद्बाट स्वीकृतिका लागि पठाएको पाँच महिना भइसक्दा पनि सरकारको असहयोगका कारण यो वर्षको अन्त्यसम्म नियमावली संसद्बाट पास हुन सकेको छैन। नियमावली स्वीकृत नगरिँदा एक वर्षको समय त्यसै गुज्रिएको[३३] आयोगकै अध्यक्षको स्वीकारोक्तिले पनि आयोगले सन्तोषजनकरूपमा काम गर्न नसकेको प्रष्ट्याउँछ।

६.६ सत्य निरूपण तथा मेलमिलाप आयोग

सत्य निरूपण तथा मेलमिलाप आयोग सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाबारे सत्यतथ्य पत्ता लगाउन र कानुनी कारबाहीका लागि सिफारिस गर्ने अधिकारसहित २०७१ माघ २८ मा गठन भएको थियो।

दुई वर्षे कार्यकाल रहेको आयोगको मुख्य उद्देश्य सशस्त्र द्वन्द्वमा पीडित पक्षलाई समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दीगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्नु हो। यस आयोगले पनि आन्तरिक व्यवस्थापन र केही जिल्लामा अन्तर्क्रिया तथा छलफल गर्नुबाहेक देखिने काम गर्न सकेको छैन। आयोगले आफ्नो कार्यलाई निरन्तरता दिन सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली तयार पारी सरकारलाई पठाएको ६ महिना बितिसक्दा पनि सरकारले संसद्मा पेस नै गरेको छैन। सरकारको असहयोगका कारण नै आयोगले उजुरी लिने र छानबिन गर्ने काम सुरु गर्न सकेको छैन।[३४]

७. जनसरोकारका विषय

७.१ मूल्य वृद्धि कायमै

यो आर्थिक वर्ष सुरु भएसँगै तराई मधेस क्षेत्रमा सुरु भएको आन्दोलन र संविधानसभाबाट संविधान जारी भएपछि सुरु भएको अघोषित भारतीय नाकाबन्दीका कारण जनताले मूल्य वृद्धि ठूलो समस्याका रूपमा बेहोर्न बाध्य भए। अघिल्लो वर्ष ९ दशमलव ९ प्रतिशत रहेको मूल्य वृद्धि यस वर्ष ११ दशमलव ६ प्रतिशतमा पुग्यो। मूल्य वृद्धि दोहोरो अङ्कमा बढ्न नदिने नेपाल राष्ट्र ब्याङ्ककको प्रतिबद्धता यस वर्ष पनि पूरा हुन सकेन। पेट्रोलियम पदार्थको अभावपछि देशमा बढेको कालो बजारीले उपभोग्य वस्तुको मूल्य वृद्धि हुँदा सर्वसाधारणको जीवन कठिन भयो।

सरकारले खाना पकाउने ग्यासको विकल्पमा दाउरा बेच्ने निर्णय गरे पनि जनताले सर्वसुलभतवरले पाउन सकेनन्। खाना पकाउने ग्यासको कालो बजारीले चरम रूप लियो। दैनिक उपभोगका सामानसहित ऊर्जा सङ्कटका कारण सर्वसाधारणको दैनिकी कष्टकर भइरहयो। नेपाल राष्ट्र ब्याङ्कले मङ्सिर महिनामा प्रकाशित गरेको मुलुकको आर्थिक अवस्थासम्बन्धी मासिक प्रतिवेदनअनुसार कात्तिक महिनामा खाद्य तथा पेय पदार्थको मूल्य १४ प्रतिशतले बढेको थियो भने गैरखाद्य तथा सेवा समूहको ९ प्रतिशतले वृद्धि भयो।[३५]

---

३३. बेपत्ता आयोग : सरकारबाटै बेपत्ता
http://www.enayapatrika.com/2016/01/46474 ०७२ माघ ३ गते हेरिएको

३४. नियमावलीको पर्खाइमा सत्य निरुपण आयोग
http://www.bbc.com/nepali/news/2015/12/151221_truth_and_reconciliation_commission ०७२ पुस १५ गते हेरिएको

३५. गोकर्ण अवस्थी । ह्वात्तै मुल्यवृद्धि । कान्तिपुर दैनिक । २०७२ माघ ५ गते । कान्तिपुर प्रकाशन प्राली ।
http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=162840

कालो बजारी नियन्त्रण गर्ने, मूल्य वृद्धि कम गर्ने प्रभावकारी संयन्त्र बनाई जनतामा आशा भर्ने कार्यमा सरकार असफल रह्यो।

७.२ खाद्य अधिकार

नेपालको संविधानको भाग ३ को धारा ३६ मा खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा समेटिएको छ। यस वर्ष कुनै पनि जिल्ला खाद्य सङ्कटमा परेको समाचार सार्वजनिक नभए पनि खास क्षेत्र, जात जाति तथा अल्पसङ्ख्यक पिछडिएका क्षेत्रमा खाद्यान्नको अभाव कायमै रह्यो। मकवानपुर, चितवन, धादिङका जिल्लाका चेपाङ तथा प्रजाका बस्ती, मध्यपश्चिममा राउटेको बासस्थानमा खाद्यान्न अभाव गत वर्षहरूमा झैं यस वर्ष पनि कायमै रह्यो। जाजरकोट, बाजुरालगायत जिल्लाका केही गाविसमा खाद्यान्न अभाव भए पनि सम्बन्धित जिल्लाका खाद्य संस्थानका डिपोबाट आपूर्ति गरिएको थियो। उपयुक्त पोषण नहुँदा पश्चिमी पहाडी जिल्लाका बालबालिकाको स्वास्थ्य अवस्था पनि कमजोर रहेको र मध्य तथा सुदूरपश्चिमका बालबालिका गरिबी र भोकभोकै विद्यालय जानुपर्ने बाध्यता[१६]का कारण पनि विद्यालय छोड्न विवश छन्।

नेपालमा हुने खाद्यान्न अभावमा सहयोग गर्दै आएको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले जनतालाई वितरण गरेको खाद्यान्न कमसल र खान अयोग्य भएको विषय बेला बेलामा चर्चामा आइरहन्छ। वैशाख १२ को विनाशकारी भूकम्पपछि पीडित तत्काल राहतको लागि भन्दै वितरण गरिएको खाद्यान्नको गुणस्तरमा जनगुनासो आएपछि व्यवस्थापिका संसदअन्तर्गत राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति अन्तर्गत छानबिन उपसमितिनै गठन भएको थियो। विश्व खाद्य कार्यक्रमका लागि नेपालगञ्जमा गोदाम गरिराखेको चामल गुणस्तरहीन भएको भनी अनुगमनमा गएको सो छानबिन उपसमितिलाई सही सूचना समेत उपलब्ध गराईएन। गोदाममा रहेको दाल खान अयोग्य भएको त्यहाँ अनुगमनमा पुगेपछि मात्र जानकारी गराइयो।

नेकपा एमाले, एकीकृत माओवाद र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच भएको सहमति



नेपाल कम्युनिष्ट पार्टी (एमाले), एकीकृत ने.क.पा. (माओवादी) र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच भएको सहमति

संविधानसभाबाट संविधान जारी गरेर गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, दिर्घ शान्ति र आर्थिक समृद्धिको बाटोमा अघि बढ्न हामी सबैले संकल्प गरेका छौं । यसका लागि प्रमुख राजनीतिक दलहरुका बीच १६-बुंदे सहमति गर्दै राष्ट्रिय सहमतिका साथ अघि बढ्ने हाम्रो प्रतिबद्धता देशको आवश्यकता अनुरुप रहेकोमा अहिले पनि हाम्रो स्पष्ट छौं । आफ्ना अधिकार संविधान मार्फत संस्थागत गर्ने तथा देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भाव कायम राख्ने जन आकांक्षाको उच्च कदर गरी हामीले निम्नलिखित सहमति गरेका छौं ।

१) नेपालको अन्तरिम संविधान अन्तर्गत अध्यास गर्दै आएको समानुपातिक समावेशी सिद्धान्त बमोजिमकै राजनीतिक तथा सार्वजनिक सेवामा सबै जनसमुदायको सहभागितामा कुनै अस्पष्टता नरहने गरी नेपालको संविधानमा संशोधन गर्दा आवश्यक व्यवस्था गर्ने ।

२) तराई मधेश, थारु समुदाय, हिमाल, पहाड, लगायत देशका विभिन्न भागमा प्रदेशहरुको सिमाङ्नको सन्दर्भमा देखिएका समस्यालाई राजनीतिक रुपमा छलफल लिदै संविधान संशोधन गर्दा सहमतिको आधारमा समाधान गर्ने ।

३) निर्वाचन क्षेत्र निर्धारणका सम्बन्धमा हाल कायम रहेका जिल्लाको भौगोलिक क्षेत्रमा कम्तिमा एक निर्वाचन क्षेत्र रहने गरी जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने व्यवस्था गर्ने ।

४) हालै तराई मधेश लगायत देशका विभिन्न स्थानमा आन्दोलनको क्रममा घाइते हुनेहरुको उपचारको व्यवस्था गर्नुका साथै राहत उपलब्ध नभएका मृतकका परिवारहरुलाई राहत उपलब्ध गराउने ।

५) आन्दोलनका क्रममा बन्दी बनाइएका व्यक्तिहरुलाई रिहा गर्ने र यस क्रममा लगाइएका झुठा मुद्दाहरु खारेज गर्ने ।

६) आन्दोलनका क्रममा क्षति पुगेका घर र व्यवसायको अध्ययन गरी उचित क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।

७) नयाँ सरकार गठन सँगै देशमा शान्ति सुरक्षाको अवस्था सामान्य तुल्याउँदै जनतालाई सुरक्षाको प्रत्याभूति दिने ।

८) जनताका अधिकारलाई सुदृढ गर्न र राष्ट्रिय हित, एकता र साभाजिक सद्भावको संरक्षण र सम्बर्द्धनका लागि प्राप्त उपलब्धिहरुको रक्षा गर्दै सबै समस्याहरुको पारस्परिक समझदारी र वार्ताको माध्यमबाट समाधान गर्न मधेश तराई केन्द्रित राजनीतिक दलहरु तथा थारु र आदिवासी जनजाति समुदाय लगायत सम्पूर्ण आन्दोलनरत पक्षलाई हार्दिक आह्वान गर्दछौं ।

के.पी.शर्मा ओली
अध्यक्ष
नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष
एकीकृत नेकपा (माओवादी)

विजय कुमार गच्छदार
अध्यक्ष
मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

मिति : २०७२।६।२४

गोरखामा खान अयोग्य भनि वितरणमा रोक लगाइएको खाद्यान्न विश्व खाद्य कार्यक्रमका प्रतिनिधिले गोरखमा 'यत्तिको भए हुन्छ' भनेर पुन: वितरण गरेको समेत पाइयो।[१७] यसैगरी विश्व खाद्य कार्यक्रमले भूकम्पपीडितका लागि सिन्धुपाल्चोकमा वितरणको लागि लगेको खाद्यान्न यो वर्षको अन्त्यसम्म पनि वितरण नगर्दा कुहिएर गाड्नु पर्ने अवस्था आयो।[१८] सिन्धुपाल्चोक, काभ्रे, धादिङ, चितवनलगायतका जिल्लामा यस अघि पनि खान अयोग्य चामल वितरण भएको भन्दै स्थानीय जनताले विरोध गरेपछि चामल फिर्ता पठाइएको थियो। खाद्य अधिकारलाई मौलिक अधिकारमा राखिए पनि अनुगमनका लागि राज्य संयन्त्र कमजोर हुँदा जनताले गुणस्तरीय खाद्यान्नको उपभोग सर्वसुलभ तरिकाले गर्न पाएका छैनन्।

---

१६. घट्दो विद्यार्थी, बढ्दो लगानी http://kantipur.ekantipur.com/news/2015-03-28/406157.html ०७२ मङ्सिर १३ गते हेरिएको

१७. 'यत्तिको भए हुन्छ' भन्दै विश्व खाद्यले बाँड्यो कुहिएको चामल http://www.onlinekhabar.com/2015/06/292519/ २०७२ पुस ४ गते हेरिएको

१८. भूकम्प पीडितलाई नदिएर राखिएको चामल गाड्ने तयारी http://www.onlinekhabar.com/2015/12/365858/ २०७२ पुस १५ गते हेरिएको

७.३ स्वास्थ्य अधिकार

स्वास्थ्य अधिकार पनि मौलिक अधिकारका रूपमा नेपालको संविधानको भाग ३ को धारा ३५ मा उल्लेख छ। सरकारले यस आर्थिक वर्षबाट उपस्वास्थ्य चौकीहरूको स्तरोन्नति गरी देशभरका सबै उपस्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीमा रूपान्तरण गरेको छ। सरकारले स्वास्थ्य चौकीबाट गर्भवती महिलालाई दिइनेसहितका ३५ र जिल्ला अस्पतालबाट उपलब्ध हुने ७२ प्रकारका औषधिलाई नि:शुल्क बनाएको छ। तर, सबै स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा नि:शुल्क दिने भनिएका सबै औषधि पाइँदैनन्। औषधि अभाव हुन नदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कात्तिक १८ गते औषधि व्यवस्था विभागका निर्देशक बालकृष्ण खकुरेलको संयोजकत्वमा एक कार्यदल नै गठन गरेको थियो।[२९] उनले औषधिको ढुवानीमा समस्या भए पनि बजारमा हल्ला भएजस्तो अभाव नभएको[30] बताएका थिए। तर स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला निकायले प्रभावकारी अनुगमन नगर्दा जिल्ला र दुर्गम गाउँमा औषधि समयमा उपलब्ध हुन सकेको छैन।[३१]

सरकारले विपन्न वा आर्थिक अवस्था कमजोर भएका पीडित नागरिकलाई मिर्गौला प्रत्यारोपण गर्नका लागि उपलब्ध गराउने बढीमा २ लाख रुपियाँको आर्थिक सहयोग पनि राजनीतिक दलका कार्यकर्ता र प्रशासनिक पहुँच हुनेले मात्र पाउने अवस्था रहयो।[३३] यसैगरी १५ वर्षका बालबालिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई पनि सरकारले मुटुको नि:शुल्क औषधोपचार गर्ने व्यवस्था गरेको छ। तर सो सुविधा लिन सरकारले तोकेका अस्पतालमा उपचार गरेको हुनुपर्ने व्यवस्थाले सर्वसाधारणलाई त्यसको उपयोग गर्न समस्या पर्ने गरेको छ।

भूकम्पबाट सडकमा पुगेको क्षतिका कारण वर्षाअघि नै पुऱ्याउनुपर्ने औषधि ढुवानी हुन सकेन। कतिपय जिल्लाका दुर्गम गाउँका स्वास्थ्य चौकीमा औषधि पुग्न नसक्दा[३३] भूकम्पपीडित जनता नै स्वास्थ्य सेवा पाउनबाट वञ्चित भए। यसका साथै संविधान निर्माण प्रक्रिया सुरु भएदेखि नै भएको तराई आन्दोलन र संविधान घोषणापछिको बन्द र भारतीय नाकाबन्दीका कारण औषधिको चर्को अभाव झेल्नुपरेको थियो। स्वास्थ्यकर्मीहरू आफ्नो दरबन्दी भएको स्थानमा नजाने तथा नवस्ने, काजका नाममा सुगम र आफूलाई पायक पर्ने ठाउँमा खटिने अवस्था यस वर्ष पनि स्वास्थ्य क्षेत्रमा कायम रह्यो। मन्त्रालयले स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारको दरबन्दी र कर्मचारीको व्यवस्था गर्न नसक्दा यसखाले समस्या देखियो।

८. सामाजिक सुरक्षा

ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका र लोपोन्मुख जातिलगायत ६ समूहलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था सरकारले गरेको छ। ज्येष्ठ नागरिकलाई दिइँदै आएको मासिक ५ सय रुपियाँ बढाएर यस वर्षबाट थप औषधोपचारका लागि ५ सय गरी १ हजार रुपियाँ पुऱ्याएको छ। तर ज्येष्ठ नागरिकले तीन वर्षदेखि उठाएका नि:शुल्क उपचार, सवारी साधनको भाडा र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुटको व्यवस्था जस्ता माग सम्बोधन हुन नसक्दा उनीहरूको आन्दोलित भएका छन्। यस आर्थिक वर्षका लागि सरकारले ५५ अर्ब रुपियाँ सामाजिक सुरक्षाका लागि विनियोजन गरेको छ। तर, यसको अधिकांश खर्च पेन्सन र सेवा निवृत कर्मचारीका लागि खर्च हुन्छ। गत वर्षहरूमा जस्तै बझाङ र बाजुरा जिल्ला तथा कर्णाली अञ्चलका दलित बालबालिकाका लागि बाल सुरक्षण र देशैभरका दलित, जनजाति, सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हरूवा, चरुवा छात्रवृत्तिलाई पनि निरन्तरता दिइएको छ। शिक्षा क्षेत्रमा लक्षित वर्ग, कर्णाली अञ्चल, अपाङ्गता भएकालाई छात्रवृत्ति दिनसमेत सरकारले यस आर्थिक वर्षमा बजेट व्यवस्था गऱ्यो।

९. सुकुमबासी समस्या

देशभर सुकुमबासी परिवारको सङ्ख्या कति छ ? भन्ने तथ्याङ्क हालसम्म सरकारसँग छैन। तर

---

२९. औषधी अभाव हुन नदिन स्वास्थ्य मन्त्रालयद्वारा कार्यदल गठन
http://www.inseconline.org/index.php?type=news&lang=np&id=51846 ०७२ मङ्सिर १३ गते हेरिएको

३०. उही

३१. उही

३२. आर्थिक सहायताका नाममा क-कसले सरकारी ढुकुटीबाट सहयोग लिए ?
http://www.nayapage.com/43881 ०७२ मङ्सिर १४ गते हेरिएको

३३. बाटोको अभावले स्वास्थ्य संस्थामा औषधी पुग्न सकेन
http://www.inseconline.org/index.php?type=news&lang=np&id=49744 ०७२ मङ्सिर १४ गते हेरिएको

जिल्ला सदरमुकाम र प्रमुख सहरहरूका सडक किनार, खोला किनार, राजमार्गका छेउछाउ, वनजङ्गलका नजिक सुकुमबासीका नाममा अतिक्रमण गरी बस्नेको सङ्ख्या भने बढोत्तरी भइरहेको छ। अझ कतिपय स्थानमा त सुकुमबासीका नाममा बसेका बस्तीमा ठूल-ठूला महलसमेत खडा गरिसकेका छन्।[३४] २०४६ सालपछि गठित प्रायः सरकारले सुकुमबासी समस्या समाधान गर्न भनेर हालसम्म १३ पटक आयोग गठन गरिसकेका छन्। पछिल्लो पटक २०७१ साउन १९ गते सरकारद्वारा शारदाप्रसाद सुवेदी अध्यक्ष रहेको पाँच सदस्यीय केन्द्रीय सुकुमबासी समस्या समाधान आयोग गठन भएको थियो। जसले देशका ७५ मध्ये ७२ जिल्लामा सुकुमबासी आयोग गठन गरी ८ लाख ६१ हजार सुकुमबासी परिवारको निवेदन सङ्कलन गरेको थियो। तर सुकुमबासीको समस्या समाधान गर्ने नाममा राजनीतिक कार्यकर्तालाई सुकुमबासी आयोगमा राखिएको भन्दै नेपाली काङ्ग्रेस र नेकपा एमालेको संयुक्त सरकारमै विवाद सुरु भयो।

यसै समय अधिवक्ता चन्द्रमणि पौडेलले सुकुमबासी आयोग गठनको कानुनी आधार नभएको भन्दै यसको काम कारबाही बदर गर्न सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सो रिटमाथि २०७१ माघ ८ गते भएको सुनुवाइमा सुकुमबासी आयोग गठन आदेश कानुन विपरीत रहेको ठहर गर्दै न्यायाधीशत्रय कल्याण श्रेष्ठ, गोपाल पराजुली र ओमप्रकाश मिश्रको विशेष इजलासले नेपाल सरकार र आयोगसमेतको नाममा तत्काल कुनै काम कारबाही अघि नबढाउन अन्तरिम आदेश जारी गरेको थियो।[३५] सर्वोच्चको सो फैसलासँगै आयोगको काम कारबाही निष्क्रिय भयो।

पिछडिएका, विपन्न, दलित, लोपोन्मुख जाति र सीमान्तकृत समुदायलाई लक्षित गरी जनता आवास कार्यक्रममार्फत यस आर्थिक वर्षमा १ हजार २ सय घर निर्माण गर्ने कार्यक्रम सरकारले सार्वजनिक गरेको छ।

१०. अपाङ्ग अधिकार

सरकारले अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान, विकास र अधिकार प्रवर्धनसम्बन्धी संयन्त्र, २०६८ लाई संशोधन गरी 'अपाङ्गता भएका (फरक किसिमले सक्षम) व्यक्तिहरूविरुद्ध हुने भेदभाव अन्त्य र निजहरूको उत्थान, विकास र अधिकार प्रवर्धनसम्बन्धी संयन्त्र, २०६८' मार्फत उनीहरूको अधिकार संरक्षणका लागि केन्द्रदेखि स्थानीय तहसम्म प्रभावकारी संयन्त्र निर्माण गरेको चार वर्ष पुगिसकेको छ। सडक तथा सरकारी र सार्वजनिक भवनलगायतका संरचना अपाङ्गमैत्री हुनुपर्ने, अपाङ्गतासम्बन्धी परिचयपत्र, यातायात भाडामा ५० प्रतिशत छुट जस्ता कुरा अनिवार्य गर्नुपर्ने व्यवस्था यसका उपलब्धि हुन्। अपाङ्गताको

निष्कर्षविहीन वार्ताको शृङ्खला

प्रमुख तीन राजनीतिक दलद्वारा मधेसी मोर्चालाई वार्तामा आउन संयुक्त अपिल	२०७२ भदौ २३ गते
सरकारद्वारा वार्ताका लागि दुई दिन संविधानसभाको प्रक्रिया स्थगित	२०७२ भदौ २५ गते
तीन दलहरूद्वारा वार्ताका लागि संयुक्त अपिल	२०७२ असोज २ गते
सरकारद्वारा वार्ताटोली गठन	२०७२ असोज ११ गते
संविधान जारी भएपछि मोर्चासँग पहिलो चरणको वार्ता	२०७२ असोज १२ गते
सरकार र मोर्चाबीच औपचारिक वार्ता	२०७२ असोज १९ गते
प्रधानमन्त्री केपी ओली सरकारद्वारा मधेसी मोर्चालाई वार्ताको लागि लिखित पत्राचार	२०७२ असोज ३० गते
सरकार र मोर्चाका प्रतिनिधिबीच वार्ता	२०७२ कात्तिक ३ गते
सरकार र मोर्चाका प्रतिनिधि बीच वार्ता	२०७२ कात्तिक १५ गते
प्रधानमन्त्रीद्वारा राष्ट्रका नाममा सम्बोधन आन्दोलनरत पक्षलाई वार्तामा बस्न अपिल	२०७२ कात्तिक २९ गते
राजनीतिक दलहरू र मोर्चाबीच वार्ता	२०७२ मङ्सिर २ गते
मोर्चासँगको सहमतिमा संविधान संशोधन गर्ने तीन प्रमुख राजनीतिक दलको निर्णय	२०७२ मङ्सिर ७ गते
तीन राजनीतिक दल र मोर्चाबीच वार्ता	२०७२ मङ्सिर १४ गते
वार्तामा मोर्चा अनुपस्थित	२०७२ मङ्सिर १६ गते
पुन : वार्तामा मोर्चा अनुपस्थित	२०७२ मङ्सिर १८ गते
सरकार र मोर्चाबीच वार्ता	२०७२ मङ्सिर २७ गते
नेपाली काङग्रेस र मोर्चाबीच वार्ता	२०७२ पुस २ गते
पुनः नेपाली काङग्रेस र मोर्चाबीच वार्ता	२०७२ पुस ३ गते
तीन महिनाभित्र सीमाङ्कन टुङ्ग्याउने सहमति सहित मोर्चालाई वार्ताको लागि आह्वान	२०७२ पुस ६ गते
नेपाली काङग्रेस र मोर्चाबीच वार्ता	२०७२ पुस ७ गते
एमाओवादी र मधेसी मोर्चाबीच वार्ता	२०७२ पुस ६ गते

३४. सुकुम्बासीको नाममा देशैभरी डरलाग्दो जग्गा अतिक्रमण, सरकारी जग्गा व्यक्तिको नाममा http://www.businesssansar.com/15741 ०७२ मङ्सिर १ गते हेरिएको

३५. सुकुम्बासीको काम कारबाहीमा सर्वोच्चले रोक लगाए http://www.gorkhapatraonline.com/news/2111 ०७२ माघ ७ गते हेरिएको

वर्गीकरणका आधारमा सामाजिक सुरक्षा भत्ता स्थानीय तहमै प्राप्त हुनु पनि यसको सकारात्मक पक्ष हो।

११. निष्कर्ष

संविधानसभाबाट संविधान जारी गर्ने प्रमुख दायित्व बोकेको नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले आफ्नो दायित्व पूरा गऱ्यो। तर, संविधानसभामा भएका सबै राजनीतिक दललाई त्यसमा सहभागी गराउन नसक्दा देशले विषम परिस्थिति सामना गर्नुपरिरहेको छ। कोइराला सरकारको विरासतका रूपमा आएको यो विषम परिस्थितिलाई एमाले नेतृत्वको सरकारले हल गर्न द्रुत गतिमा गर्नुपर्ने काम गर्न सकेन। तराई मधेसमा भइरहेको आन्दोलन र नाकाबन्दीले जनजीवनमा पारेको असरलाई उसले पहिलेकै सरकारको पालामा सिर्जित समस्या भन्दै सामान्यरूपमा लियो। जसले पाँच महिनादेखि सर्वसाधारण जनताले न्यूनतम मानव अधिकारको उपभोग गर्न पाउने अवस्थाबाट वञ्चित हुनु पऱ्यो।

संविधानसभाले तयार पारेको संविधान जारी गर्नु सरकारको दायित्व हो। संविधान जारी हुनुभन्दा पहिलेबाट तराई मधेसकेन्द्रित दलहरूले विरोध जनाउँदै आएका थिए। तर, संविधान जारी हुनुभन्दा पहिले नै समेट्न नसक्नु कोइराला सरकारको कमजोरी रह्यो। संविधान जारी भएपछिको सरकारले पनि मधेसी जनअधिकार फोरम लोकतान्त्रिकलाई मात्र समेटेर सरकारमा गएको एमालेले मधेसी मोर्चालाई वार्ताको माध्यमबाट समस्या समाधान गर्न आह्वान गर्ने, वार्ताका लागि कार्यदल गठन गर्ने र वार्तामा बस्नेभन्दा बढी ठोस पहल गर्न सकेन। एउटा वार्ता भएपछि महिना दिनसम्म पनि अर्को वार्ता हुन नसक्नुले एमालेको नेतृत्वमा गठित सरकारले मधेस आन्दोलन सम्बोधन गर्न त सकेन नै, जनताको न्यूनतम मानव अधिकारसमेत सम्बोधन गर्नमा चुक्यो। तर, प्रतिकूल परिस्थितिमा बनेको ओली नेतृत्वको सरकारले भारत र चीनसँगको राजनीतिक र कूटनीतिक सम्बन्ध बिग्रन नदिनु, पुनर्निर्माण विधेयक पारित गरी पुनर्निर्माण प्राधिकरण गठन गर्नु, भूकम्पपीडितका लागि अनुदान दिनु, दुई वर्षे सुधारको कार्ययोजना ल्याउनु, चीनसँग दीर्घकालीनरूपमा व्यापार पारबहन तथा इन्धन सम्झौताको आधार तयार गर्नुलाई भने सकारात्मकरूपमा लिन सकिन्छ।

संविधान लागु गर्नुपर्ने कठिन चुनौतीका बीच गठित सरकारलाई संविधान निर्माण प्रक्रिया नै बहिष्कार गरी आन्दोलनरत मधेसी मोर्चालाई मान्य हुने गरी संविधान संशोधन गरी कार्यान्वयनमा लैजान दीर्घकालीन योजना र तत्कालीन निर्णय क्षमताको आवश्यक छ। कुनै व्यक्तिविशेष, पार्टीविशेष भन्दा माथि उठेर राष्ट्र र राष्ट्रियताका लागि फराकिलो मनले काम गर्नु आजको सरकार, राजनीतिक दल, व्यापारी, उद्योगी, राष्ट्रसेवक, कृषक, विद्यार्थी, पेशाकर्मी, मजदुर सबैको दायित्व हो।

तर, आजको अस्तव्यस्त अवस्था, कालोबजारी, महँगी, भ्रष्टाचार र बेथिति चिर्दै सुशासन, चुस्त र छिटो/छरितोरूपमा सरकारले आफ्नो काम अगाडि नबढाउने हो भने जनताको धैर्य टुट्न सक्छ। समस्या समाधानका लागि कुनै पनि सरकारसँग जादुको छडी हुँदैन। तर, उसको काम गराई र सुरु गरेको कार्ययोजनाको मूल्याङ्कन जनताले अवश्य नै गर्नेछन्।

१३. सुझाव

- भूकम्पले पुऱ्याएको भौतिक क्षतिको पुनर्निर्माण र भूकम्पपीडितको पुनर्स्थापना गर्ने कार्यलाई तीव्रता दिने।
- संविधानमा आफ्नो अधिकार प्रत्याभूत नभएको भन्दै आन्दोलनरत मधेसी मोर्चालाई वार्तामा ल्याई तत्काल समाधान खोज्ने।
- प्रादेशिक संरचना निर्माणलगायतका कामका लागि नयाँ कानुन निर्माण गर्ने र आवश्यक ऐन/नियम बनाएर संविधान कार्यान्वयनमा सरकार क्रियाशील हुने।
- सङ्घीयतालाई कार्यान्वयनमा लैजान ढिला हुने भए हालको संरचनालाई नै कायम राखी स्थानीय निकायको निर्वाचन जतिसक्दो छिटो घोषणा गर्नुपर्छ। १७ वर्षदेखि स्थानीय निकाय नहुँदा सर्वसाधारण जनताले स्थानीय सेवाप्रदायक निकायबाट छिटो/छरितोरूपमा सेवा नपाउँदा उनीहरूको सेवा पाउने अधिकार सङ्कुचित भएको छ।
- सुशासन र कानुन कार्यान्वयनको अभावमा बढेको भ्रष्टाचार र तराई मधेसको आन्दोलन र नाकाबन्दीका कारण मौलाएको कालोबजारी नियन्त्रण गरी अर्थतन्त्रलाई सरकारी नियन्त्रणमा राख्ने।

फोटो : सूचना विभाग

२.३ राज्य र मानवअधिकार

व्यवस्थापिका

परिच्छेद

२

१. पृष्ठभूमि

जनताको चाहनाअनुसारको संविधान निर्माण गर्ने कार्यका लागि गठित संविधानसभाबाट पारित संविधान ०७२ असोज ३ गते जारी भयो। दोस्रो निर्वाचनपछि गठित संविधानसभाले जिम्मेवारी बहन गर्दै संविधान निर्माण गऱ्यो। संविधान निर्माणका क्रममा व्यवस्थापिकाभित्रका संविधानसभा, व्यवस्थापिका-संसद् र व्यवस्थापिका-संसद् सचिवालयले एकापसमा समन्वय र सहकार्य गरेका थिए। संविधान जारीपछि संविधानसभाको कार्य समाप्त भई ०७२ असोज ४ गतेदेखि संविधानसभा व्यवस्थापिका-संसद्मा रूपान्तरण भयो।

तत्कालीन राजाबाट विघटन गरिएको प्रतिनिधि सभा ०६२/६३ को जनआन्दोलन-२ पश्चात् ०६३ वैशाख ११ गते पुनर्स्थापित भएको थियो। पुनर्स्थापित प्रतिनिधि सभाको पहिलो बैठक ०६३ वैशाख १५ गते बस्यो। यस सभाले ०६३ जेठ ४ गते प्रतिनिधि सभा घोषणा ०६३ जारी गऱ्यो। प्रतिनिधि सभा पुनर्स्थापनापछि तत्कालीन नेकपा माओवादीलाई संसद्मा ल्याउनका लागि अन्तरिम संसद्को समेत व्यवस्था गरियो। अन्तरिम संसद्मा ३ सय ३० सदस्य रहने व्यवस्था गरियो। नेपालको अन्तरिम संविधान ०६३ को प्रावधानबमोजिम ०६४ मा नेपालको इतिहासमा पहिलो पटक संविधानसभाको निर्वाचन सम्पन्न भई ६ सय १ सदस्यीय संविधानसभाको गठन भयो। पहिलो संविधानसभा ०६९ जेठ १४ गते संविधान जारी गर्न असफल भई विघटन हुन पुग्यो। जेठ १४ देखि ०७० माघ ९ गतेसम्म देश संसद्विहीन अवस्थामा गुज्रिन पुग्यो। ०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभापछि माघ १० गते गठित दोस्रो संविधानसभाले जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भयो।[१]

दोस्रो संविधानसभाले ०७२ असोज ३ गते नेपालको संविधान जारी गरेसँगै असोज ४ गतेदेखि संविधानसभा स्वत: व्यवस्थापिका-संसदमा रूपान्तरण भयो जुन आगामी ०७४ माघ ७ गतेसम्म कायम रहने संवैधानिक प्रावधान छ।[२] रूपान्तरित व्यवस्थापिका-संसद्मा ६ सय १ सदस्यमध्ये हाल निलम्बित एक जना, मनोनित हुन बाँकी दुई जना र रिक्त (सूर्यबहादुर थापाको निधनपश्चात रिक्त एक पद, विद्यादेवी भण्डारी राष्ट्रपति पदमा निर्वाचित भएपश्चात् रिक्त एक पद र बाबुराम भट्टराईको राजीनामापश्चात रिक्त एक पद बाहेक ५ सय ९५ सदस्य कायम छन्।

यसवर्ष व्यवसस्थापिका संसदबाट भएको महत्वपूर्ण र ऐतिहासिक काम संविधान निर्माणलाई पूर्णता दिनु रह्यो। यसैगरी संसद्बाट मानवअधिकारसँग सरोकार राख्नेलगायतका विभिन्न विधेयकहरूमाथि छलफल भई पारित भयो। वैशाख १२ गते र २९ गते देशमा गएको विनासशकारी भूकम्पले पुऱ्याएको धनजनको क्षतिबारे संसद्बाट शोक प्रकट गर्दै विशेष प्रस्ताव पारित भयो। भूकम्पले पुऱ्याएको धनजनको क्षति र राहत तथा पुन:स्थापनका सम्बन्धमा राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समिति गठनका लागि प्रस्ताव पारित भयो। भूकम्पबाट प्रभावित संरचनाको पुन:निर्माण सम्बन्धी अध्यादेश ०७२ अनुमोदन र स्वीकृत भयो। संसदमा छलफल भई राष्ट्रिय युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित, बोक्सी सम्बन्धी (कसुर र सजाय) सम्बन्धी विधेयक, केही नेपाल कानुनलाई संसोधन(एकीकरण समायोजन र खारेज) गर्ने विद्येयक संसदमा प्रस्तुत भयो। संसदमा छलफलपछि लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, भूमिसम्बन्धी (छैठौँ संशोधन) विधेयक, र मेलमिलापसम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक संसदबाट पारित भयो।[३]

व्यवस्थापिका-संसद् र सोअन्तर्गत रहेका समितिका गतिविधि तथा व्यवस्थापिका-संसद् सचिवालय एवम् नेपालको संविधानसभा र सोका गतिविधिबारे यो आलेखमा चर्चा गरिनेछ। यसमा व्यवस्थापिका-संसद् तथा यसका अधिवेशन एवम् संविधानसभाबाट सम्पादित मुख्य कार्य, संसद् सचिवालयमा दर्ता भएका विधेयकको अद्यावधिक विवरण समावेश छ। साथै व्यवस्थापिका-संसद्मा पेश भएका विधेयकमध्ये मानवअधिकारसँग प्रत्यक्ष सम्बन्धित र अन्य विधेयकको मानवअधिकारसँगको सरोकार सङ्क्षप्तरूपमा यस आलेखमा राखिएको छ।

२. व्यवस्थापिका-संसद्ले गरेका मुख्य कार्य

व्यवस्थापिका-संसद्को तेस्रो अधिवेशन ०७२ वैशाख २४ गते सुरु भई वैशाख ३० गतेसम्म चालु

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५, इन्सेक, पृष्ठ ७९

२. व्यवस्थापिका-संसद् सचिवालय, सूचना तथा अनुसन्धान महाशाखा, सूचना तथा जनसम्पर्क शाखा

३. http://can.gov.np/np/bills/current-state-of-bills.html, २०७२ पुस ११ गते हेरिएको

रह्यो। जसमध्ये सात दिनमा आठ पटक बैठक बसी १७ घण्टा २५ मिनेट खास कार्यमा खर्च गऱ्यो। वैशाख २६ गतेको संसद् बैठकमा २०७२ वैशाख १२ गते मध्याह्न ११:५६ बजे गोरखा जिल्लाको बारपाक केन्द्रविन्दु भई गएको ७.८ मोमेन्ट म्याग्निच्युड र लोकल म्याग्नेच्युडमा ७.६ रेक्टर स्केलको भूकम्पबाट विभिन्न जिल्लामा भएको जनधनको व्यापक क्षतिपश्चात गर्नुपर्ने राहत, पुनर्स्थापना र पुनर्निर्माणका लागि सरकारलाई निर्देश गर्ने गरी सङ्कल्प प्रस्ताव प्रस्तुत भयो। उक्त प्रस्तावमाथि वैशाख २७, २८ र २९ गतेको बैठकमा व्यापक छलफल भई २०७२ वैशाख ३० गतेको बैठकमा सर्वसम्मतिबाट पारित भयो। यसै अधिवेशनमा २०७२ वैशाख १२ गतेदेखि देशमा पटकपटक आएको भुकम्पले पुऱ्याएको धनजनको क्षति सम्बन्धमा शोक प्रकट गर्न विशेष प्रस्ताव पारित भएको थियो। संविधानसभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०७० को नियम ११६ बमोजिम राष्ट्रिय विपद् व्यवस्थापन अनुगमन तथा निर्देशन विशेष समिति गठनसम्बन्धी सदस्यहरूको नामावलीसहितको प्रस्ताव वैशाख ३० गतेको सविधानसभा बैठकबाट सर्वसम्मत पारित भयो।

यो अधिवेशनमा भूकम्पले पुऱ्याएको जनधनको क्षति सम्बन्धमा प्रधानमन्त्री सुशील कोइराला र उपप्रधान एवम् गृहमन्त्री वामदेव गौतमले सार्वजनिक महत्वको विषयमा मन्तव्य दिए। व्यवस्थापिका-संसद्को चौथो अधिवेशन २०७२ असार १५ गते सुरु भई असोज २ गते अन्त्य भयो। यसअवधिमा "सहकारी (दोस्रो संशोधन) अध्यादेश, २०७१", "सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१" र "भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी अध्यादेश २०७२" अनुमोदन भयो। संविधानसभा व्यवस्थापिका-संसद्मा रूपान्तरण भएपश्चातको रूपान्तरित व्यवस्थापिका-संसद्को पहिलो अधिवेशन २०७२ असोज १५ गते सुरु भई आठ दिन सञ्चालन भई १० पटक बैठक बस्यो। यस अवधिमा "व्यवस्थापिका-संसद्को अन्तरिम कार्यविधि २०७२" पारित भयो। राष्ट्रपति रामवरण यादवबाट नेपालको संविधानको धारा २९८ को उपधारा (२) बमोजिम सात दिनभित्र राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी मन्त्रिपरिषद् गठन गर्न व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूलाई २०७२ असोज १५ गतेदेखि सात दिनको अवधि तोके। उल्लिखित समयावधिभित्र राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्रीको निर्वाचन सम्पन्न हुन नसकेपछि असोज २२ गते राष्ट्रपतिले नेपालको संविधानको धारा २९८ को उपधारा (३) बमोजिम बहुमतको आधारमा प्रधानमन्त्री निर्वाचनको प्रक्रिया अघि बढाउन आह्वान गरे।

असोज २२ गते नै सभामुखबाट बहुमतीय प्रक्रियाबाट प्रधानमन्त्री निर्वाचन गर्न असोज २४ गते बिहान ११ बजेको समय तोकी निर्वाचन कार्यक्रमसम्बन्धी सूचना प्रकाशित भयो। डा. बाबुराम भट्टराईले असोज २४ गते व्यवस्थापिका संसद्को सदस्यबाट सभामुखसमक्ष दिएको राजीनामा स्वीकृत भयो। प्रधानमन्त्रीमा के.पी. शर्मा ओली र सुशील कोइरालाले उमेदवारी दिएका थिए। जसमध्ये ओलीले ३ सय ३८ मत प्राप्त गरी प्रधानमन्त्री चुनिए भने सुशील कोइरालाले २ सय ४९ मत पाए।[४]

व्यवस्थापिका-संसद्का सभामुख र उपसभामुखले असोज २७ गते राजीनामा दिए। सोही दिन सभामुख र उपसभामुख निर्वाचनका लागि नेपालको संविधानको धारा २९९ को उपधारा (३) बमोजिम सभामुख पदको निर्वाचन असोज २९ गते दिउँसो ३ बजे र उपसभामुखको निर्वाचन सोही दिन साँझ ५ बजे गर्ने सूचना प्रकाशन भयो। व्यवस्थापिका-संसद्को सभामुखमा ओनसरी घर्ती र अनुराधा थापा मगरको उमेदवारी दर्ता भएकामा अनुराधाले फिर्ता लिएपछि ओनसरी घर्ती निर्विरोध निर्वाचित भएको घोषणा भयो। उपसभामुखमा डिल्लीप्रसाद सिटौला र गङ्गाप्रसाद यादवले प्रस्ताव दर्ता गरेकामा सिटौलाले फिर्ता लिएपछि गङ्गाप्रसाद निर्विरोध भए। यसैगरी कात्तिक ११ गते गोप्य मतदानद्वारा राष्ट्रपतिको निर्वाचन भयो। दुई उमेदवारमध्ये कुलबहादुर गुरुङले २ सय १४ मत ल्याए भने विद्यादेवी भण्डारीले ३ सय २७ मत प्राप्त गरिन्। भण्डारीलाई राष्ट्रपतिमा विजयी भएको घोषणा गरियो। भण्डारी नेपालको इतिहासमा राष्ट्रपति निर्वाचित पहिलो महिला हुन्। यसैगरी कात्तिक १४ गते भएको उपराष्ट्रपति पदको निर्वाचनमा अमियकुमार यादवले २ सय १२ मत र नन्दबहादुर पुनले ३ सय २५ मत प्राप्त गरेकामा नन्दबहादुरलाई उपराष्ट्रपति घोषणा गरियो।

२.१ संविधान निर्माण

संविधान निर्माणमा जनताको प्रत्यक्ष

४. व्यवस्थापिका-संसद् सचिवालय, सूचना तथा अनुसन्धान महाशाखा, सूचना तथा जनसम्पर्क शाखा

सहभागिता नै प्रमुख विशेषता हो। संविधानसभामार्फत् संविधान निर्माण गरेका विश्वका अन्य मुलुक जस्तै नेपालले अवलम्बन गरेको प्रक्रिया लोकतान्त्रिक र जनसहभागितामूलक दृष्टिकोणबाट उल्लेख्य र उदाहरणीय रह्यो। यद्यपि संविधान पारित गर्ने अन्तिम चरणसम्म पनि कतिपय राजनीतिक दल र सभासद्को भिन्न दृष्टिकोण सार्वजनिक भयो। तर, जनमत संविधान निर्माणलाई टुङ्गोमा पुऱ्याउनुपर्ने पक्षमा रहेको र संविधानसभाका ५ सय ७ सभासद्ले संविधान पारित गर्ने पक्षमा मत जाहेर गरी निर्णायक बनाए। संविधानसभाका केही सभासद्ले फरक मत राखेर तथा संशोधन प्रस्ताव राखेर भए पनि प्रक्रियामा सहभागी भए। ५७ जना सभासद्ले भने संविधान पारित गर्ने अन्तिम चरणमा आएर जारी प्रक्रिया बहिष्कार गरे। संविधानको मूल प्रतिमा ५ सय ३७ सभासद्ले हस्ताक्षर गरी संविधानको पक्षमा मत जाहेर गरे।

नेपालको संविधानको प्रस्तावनादेखि अनुसूचीसम्मका विषयवस्तु विश्लेषण गर्दा नयाँ संविधान मूलत: ३५ भाग ३०८ धारा र नौ ओटा अनुसूचीमा विस्तारित छ। नेपाली जनताले लोकतन्त्र, मानवअधिकार र शान्तिका लागि विगतमा गरेका जनआन्दोलनको इतिहाससहित भविष्यको मार्गचित्रसमेत समेटिएको प्रस्तावना यसमा छ। नागरिकता, मौलिक अधिकार, राज्यका नीति निर्देशक सिद्धान्त, सङ्घीय स्वरूपमा राज्यको पुनर्संरचना, गणतन्त्र, धर्म निरपेक्षता, समावेशिता, बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणाली, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, स्थानीय तहको संवैधानिक प्रत्याभूतिलगायतका व्यवस्था यो संविधानका प्रमुख विशेषता हुन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई सात प्रदेशमा विभाजित गरी सङ्घात्मक शासन प्रणालीको व्यवस्था गरिएको छ।

मुलुकलाई सात प्रदेशमा विभाजित गरिए पनि नेपाल एक अविभाजित, सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र स्वाधीन रहने संवैधानिक सुनिश्चितता संविधानमा छ। संवैधानिक व्यवस्थाअनुसार सबै नागरिक समान छन्। जात जाति, भाषा, धर्म र लिङ्गका आधारमा कसैलाई पनि कुनै किसिमको भेदभाव गर्न नपाइने गरी निषेध गरिएको र त्यस्तो भेदभावलाई कानुनबमोजिम दण्डनीय गर्ने व्यवस्था छ। छुवाछूतलगायत सामाजिक कुरीतिहरूलाई संविधानत: निषेध गरिएको छ। अल्पसङ्ख्यक तथा सीमान्तकृत नागरिकको सुरक्षा तथा संरक्षणमा विशेष जोड दिई आफ्नो धर्म, धार्मिक विश्वासलगायत धार्मिक स्वतन्त्रताको लोकतान्त्रिक अधिकार संविधानमा प्रत्याभूत छ। संविधानसभाबाट संविधान पारित गर्नु भनेको संविधान निर्माण प्रक्रियाको समाप्ति नभई संविधानको विकास क्रम सुरुवात भएकाले एकै पटक सम्पूर्ण चिज आफूले भनेकै जस्तो भएन भनेर प्राप्त उपलब्धिको महत्व कम गर्ने र जनादेश सम्मानमा आँच आउने कार्य नगर्न संविधानसभाका सभामुख सुवासचन्द्र नेम्वाङले संविधान जारी गर्नुअगाडि सबैलाई अनुरोध गर्दै संवैधानिक व्यवस्थाअनुसारको लोकतान्त्रिक पद्धतिमा सरिक हुन आग्रह गरे।[५]

२.२ संसदीय समिति र तिनका गतिविधि

सरकारलाई संसद्मार्फत जनउत्तरदायी बनाउने महत्वपूर्ण भूमिका संसदीय समितिले निर्वाह गरेको हुन्छ। संसद्मा गठित ११ वटा संसदीय समितिले यस वर्ष पनि आफ्नो दायित्वअन्तर्गत विभिन्न काम सम्पन्न गरे। संविधान निर्माणका क्रममा दलबीच उत्पन्न विवादका कारण संसदीय समितिका बैठकमासमेत विपक्षी दलका सभासद् सहभागी भएनन्। यही कारण केही समय समितिले प्रभावकारीरूपमा काम गर्न सकेन। सहमतीय आधारमा संविधान निर्माणमा सहमति नजुटेपछि प्रश्नावली बनाई बहुमतीय प्रक्रिया अगाडि बढाएको विरोधमा एमाओवादीसहित ३० दलीय मोर्चामा आबद्ध सांसदहरूले निरन्तर संविधानसभा अवरोध र बहिष्कार गरे। पुन: उनीहरू संसदीय समितिमा सक्रिय भएर काम गर्न थाले। यद्यपि संविधान निर्माणमा मधेसी मोर्चाबाट अवरोध भने भई नै रह्यो। तर पनि सभासद्हरू मन्त्रालयका काम/कारबाहीमा उठेका प्रश्न र जनसरोकारका अन्य विषयमा संसदीय समितिमा बसेर काम गर्न थाले। राज्य व्यवस्था, कृषि तथा जलस्रोत र विकास समितिका बैठकहरूमा सहभागी भएर सक्रियपूर्वक सभासद्ले भूमिका निर्वाह गरे। संविधान निर्माण प्रक्रियाको विरोधमा एमाओवादीसहितको ३० दलीय मोर्चाले दुई महिनादेखि निरन्तर संविधानसभा र समितिका बैठक बहिष्कार गर्दै आएका थिए।[६]

भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको विधेयक, २०७२

५. सुवासचन्द्र नेम्वाङले २०७३ असोज ३ गते संविधान जारी हुनुअगाडि संसद्मा दिएको मन्तव्य
६. संसदीय समितिमा सक्रिय हुन थाले सभासद्हरू, कान्तिपुर दैनिक फागुन २६ गते पृष्ठ २

असोज १२ गते व्यवस्थापिका संसद्को विधायन समितिमा पुग्यो। सरकारले दर्ता गरेको उक्त विधेयकमाथि ७६ वटा संशोधन परेका थिए। संशोधन अध्ययन गरी प्रतिवेदन बुझाउन सांसद तारिणीदत्त चटौतको संयोजकत्वमा नौ सदस्यीय उपसमितिसमेत गठन गरियो। भूकम्पबाट क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि बनेको "राष्ट्रिय पुनर्निर्माण प्राधिकरण" सम्बन्धी विधेयक संसद्को विधायन समितिबाट पारित भयो।

राजनीतिक दलबीचको असमझदारीका कारण समयमा संसद्बाट विधेयक पारित हुन नसक्दा पुनर्निर्माणको काम रोकिँदै आएकामा विधायन समितिले मङ्सिर २३ गते उक्त विधेयक पारित गऱ्यो। दातृनिकायले शीघ्र प्राधिकरण गठन गरी भूकम्प प्रभावित संरचनाको व्यवस्थापन गर्न सुझाव दिइरहेका बेला विधायन समितिबाट सो विधेयक पारित भएको थियो। समितिले विधेयक पारित गरेसँगै संसद्बाट विधेयक पारित गर्नका लागि कानुनी बाटो खुल्यो। विधेयक पारित गर्नका लागि सघाउन प्रधानमन्त्री तथा राजनीतिक दलले संविधानमा सीमाङ्कन, नागरिकता, निर्वाचन क्षेत्र, समानुपातिक समावेशी प्रतिनिधित्वको विषयलाई लिएर आन्दोलनरत मधेसी मोर्चालाई आग्रह गरेकामा मोर्चाले सकारात्मक प्रतिक्रिया दिएको थियो। यसैबीच मधेसी मोर्चा आबद्ध दलहरूको बहिष्कारका बीच पुस १ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकारणसम्बन्धी विधेयक व्यवस्थापिका-संसद्बाट बहुमतले पारित भएसँगै प्राधिकारण गठन र कानुन निर्माणसम्बन्धी कामका लागि बाटो खुला भएको छ।[६]

संविधान अनुकूल बनाउने प्रक्रियाअनुरूप कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले संसद् सचिवालयमा 'केही नेपाल ऐन संशोधन विधेयक' दर्ता गरायो। कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अग्नि खरेलकाअनुसार सरकारले प्रचलित कानुनलाई नयाँ संविधान अनुकूल बनाउन एकै पटक १ सय ९३ ऐन संशोधनका लागि यो विधेयक अघि बढाएको हो। सरकारले एकै पटक यति धेरै कानुन संशोधन गर्ने प्रक्रिया सुरु गरेको सम्भवत: यो पहिलो हो। अभ्यासमा रहेका अधिकांश कानुनमा अन्तरिम संविधानका व्यवस्था र पदावली उल्लेख भएकाले त्यसलाई एकै पटक विस्थापित गरी संविधान अनुकूलको प्रावधान राख्न लागेको हो। विधेयकमा सन्दर्भ सकिएको संविधानसभा सदस्य निर्वाचन ऐन खारेजीको प्रस्ताव पनि गरिएको छ। वर्तमान ऐन कानुनलाई सङ्घीय ऐन कानुनअनुसार बनाउन पहल गरिएको छ।[८] संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले भूकम्पपीडितको राहत र पुनर्स्थापनाका लागि प्राप्त वैदेशिक सहायता पारदर्शी बनाउन र न्यायोचित वितरण गर्न सरकारलाई निर्देशन दियो। समितिले दाता सम्मेलनमा मुलुकको स्वाधीनता र स्वाभिमानमा प्रतिकूल असर नपर्ने गरी अत्यावश्यक विषयमा मात्र सहयोग माग्न सरकारलाई निर्देशन दिएको हो।[९]

व्यवस्थापिका-संसद्अन्तर्गतका विभिन्न विषयगत समितिमध्येको एक प्रमुख समितिको रूपमा रहेको विकास समितिले आफ्नो कार्यक्षेत्रका विविध विषयहरूमा बैठकमा छलफल गरी विगतमा जस्तै यस वर्ष पनि नेपाल सरकारलाई विभिन्न निर्देशनहरू दियो। व्यवस्थापिका-संसद्अन्तर्गतको विकास समितिको कात्तिक २३ गते सम्पन्न बैठकले भारतले लगाएको नाकाबन्दी खोल्न गम्भीर हुन सरकारलाई निर्देशन दियो। समितिका सभापति रवीन्द्र अधिकारीले नाकाबन्दी विभिन्न तहमा नेपाल, बङ्गलादेश, भुटान र भारतबीच भएको सहमतिको भावना विपरीत रहेको र त्यस्ता सम्झौता कार्यान्वयन गराउन सरकारलाई निर्देशन दिइएको बताए। उनले उत्तरी सीमा जोड्ने प्रमुख नाका जोड्ने सडकको गुणस्तर सुधार एवम् दिगोपना कायम गर्न तत्कालै कार्य प्रारम्भ गर्न र त्यसका लागि बजेट अभाव हुन नदिनसमेत सरकारलाई निर्देशन दिएको जानकारी दिए। यसैगरी संसद्को विकास समितिले भूकम्पबाट भएको विनाशको द्रुत गतिमा पुनर्निर्माण गर्न तथा नियमित विकास निर्माणलाई गति दिन विद्यमान सार्वजनिक खरिद नियमावलीलगायतका अर्थ, भूमि र पूर्वाधारसँग सम्बन्धित कानुनलाई तत्कालै संशोधन गर्नसमेत सरकारलाई निर्देशन दियो। समितिले भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई अवसरका रूपमा लिन सरकारलाई आग्रह गर्दै देशको सामाजिक, आर्थिक र भौतिक विकासमा पुनर्निर्माणको

६. http://www.inseconline.org/index.php?type=news&lang=np&id=52233 मङ्सिर २३ गते हेरिएको

८. http://kantipur.ekantipur.com/news/2016-01-01/20160101194720.html, एकै पटक १९३ वटा ऐन संशोधन गर्न विधेयक दर्ता, २०७२ पुस ११ गते हेरिएको

९. कान्तिपुर जेठ १९ गते, प्राधिकारण विधेयक पारित, पृष्ठ २

नीतिगत, सैद्धान्तिक र कार्यगत योजना बनाई तत्कालै कार्यान्वयन गर्न सरकारलाई निर्देशन दियो।[10]

२.३ जनप्रतिनिधिबीच छलफल नगरी अध्यादेश जारी

संविधान निर्माणका क्रममा दलहरूबीच सहमति नजुटेको र निरन्तर संसद् अवरोध भइरहेको समयमा आफ्ना कमजोरी लुकाउन र विपक्षीको आलोचनाबाट बच्न सरकारले संसद् छल्दै अध्यादेशमार्फत् कानुन जारी गरेकोमा सभासद्बाट चर्को आलोचना भयो। व्यवस्थापिका-संसद्को हिउँदे अधिवेशन बोलाउने अवधि टार्दै सरकारले विधेयकलाई जनप्रतिनिधिबीच छलफल नै नगराई अध्यादेश जारी गरेकोमा विरोध भयो। मन्त्रिपरिषद्ले दुई विधेयक तत्कालै पारित गर्नुपर्ने भन्दै सिफारिस गरेपछि ०७१ चैत ३० गते राष्ट्रपति डा.रामवरण यादवले स्वीकृत गरे। सभामुख सुवासचन्द्र नेम्वाङले भने संसद्को हिउँदे अधिवेशन बोलाउन छाडेर सरकार आफैँ कानुन बनाउने बाटोमा लागेको भन्दै असन्तोष व्यक्त गरे। संसद् बोलाउनुपर्ने अवस्था हुँदाहुँदै अध्यादेशमार्फत कानुन बनाउन थाल्नुले राम्रो सन्देश नदिएको र दुई विधेयकलाई सरकारले अध्यादेशमार्फत स्वीकृत गराएकोमा असन्तोष व्यक्त गरे। नेम्वाङले संसद् हुँदाहुँदै सरकारले सार्वजनिक खरिद ऐन र सहकारीसम्बन्धी ऐन संशोधन विधेयकलाई अध्यादेशमार्फत जारी गरेकोमा दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे।[11]

२.४ सवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

विगतका वर्षमा जस्तै संसद्को संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले संविधानसभाको निर्देशनसहित सहमतिका लागि संविधानका विवादित विषयमा सहमति कायम गरी बाँकी असहमतिका विषय उल्लेख गरी २०७१ पुस २९ गते संविधानसभासमक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो। प्रतिवेदनमाथि छलफलपछि २०७१ माघ ११ गते संविधानसभा नियमावली, २०७० को नियम ८४ बमोजिम असहमति भएका विषयमा प्रश्नसहितको प्रस्ताव तयार गरी पेश गर्न प्रस्ताव निर्माण समिति गठन भयो। समितिको प्रतिवेदन माघ २९ गते सभामा प्रस्तुत भएकामा राजनीतिक दलबीच संविधानका विवादित विषयमा नयाँ सहमति कायम भई २०७२ जेठ २६ गते सहमति भइनसकेका विषयमाथि पुनः छलफल गरी सहमति कायम गरी प्रतिवेदन पेश गर्न सहमति समितिमा पठायो। उक्त विषयमा समितिले छलफल गरी जेठ २८ गते संविधानसभाको बैठकमा प्रतिवेदन पेश गरी जेठ २९ गते सभामा छलफल गरी संविधानको प्रारम्भिक मस्यौदाका लागि संविधान मस्यौदा समितिमा पठायो। संविधान मस्यौदा समितिले असार १५ गतेको सविधान सभा बैठकमा प्रारम्भिक मस्यौदा प्रतिवेदन प्रस्तुत गऱ्यो।

"संविधानको विधेयकको पहिलो मस्यौदालाई सैद्धान्तिक सहमति दिई जनताको प्रतिक्रियाका लागि नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक गरियोस्" भन्ने असार १७ गते प्रस्तुत प्रस्ताव स्वीकृत भयो। प्रस्तावमाथि २०७२ असार १८ देखि २२ गते सम्मका बैठकमा छलफल भई पारित भयो। नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले तयार पारेको कार्ययोजना असार २४ गते स्वीकृत भई सोही दिनदेखि लागु हुने गरी १५ दिनको समयावधि दिई विधेयकको पहिलो मस्यौदा प्रचारप्रसार गर्न, सुझाव सङ्कलन गर्न र प्रतिवेदनसमेत बुझाउन समितिलाई जिम्मा दियो। समितिले साउन १२ गतेको बैठकमा "संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकहरूको रायसुझाव वा प्रतिक्रियासम्बन्धी प्रतिवेदन २०७२" पेश गऱ्यो। प्रतिवेदनमाथि साउन १३ गतेको बैठकमा छलफल भई संविधानको परिमार्जित विधेयक तयार गर्ने गरी आवश्यक परिमार्जनको प्रस्तावसहित सभामा प्रस्तुत गर्न संविधान विधेयकको पहिलो मस्यौदा, नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको जनताको प्रतिक्रियासम्बन्धी प्रतिवेदन २०७२ र सभाको निर्देशनलगायतका सम्पूर्ण कागजातसहितको विवरण संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाएको थियो।

समितिको साउन २४ गतेको बैठकमा संविधानको विधेयकमा आवश्यक परिमार्जनसहितको प्रतिवेदन पेश गरी दुईदिनको छलफलपछि विधेयक तयार गर्न संविधान मस्यौदा समितिमा पठाइयो। समितिमार्फत थप सहमतिका लागि भदौ १ गते समय थप गरिएको थियो। संविधान मस्यौदा समितिले भदौ ६ गते पेश गरेको नेपालको संविधानको परिमार्जित विधेयकमाथि भदौ १० देखि १३ गतेसम्मको बैठकमा छलफल भयो। उक्त विधेयकमाथि भदौ २२ देखि २७ गतेको बैठकमा संशोधनसहितको दफावार छलफल

१०. http://kantipur.ekantipur.com/news/2015-05-16/409101.html,संसदीय समितिको निर्देशन
११. http://kantipur.ekantipur.com/news/2015-04-14/407205.html, संसद छलेर दुई अध्यादेश जारी

सम्पन्न भई भदौ २७ देखि ३० गतेको बैठकमा नेपालको संविधानको परिमार्जित विधेयक, २०७२ लाई संविधान पारित गर्ने कार्यविधिबमोजिम दुई तिहाईभन्दा बढी मत (५ सय ७) बाट पारित गरियो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७० मा संविधानको विधेयक पारित गर्ने प्रक्रियाबमोजिमको संवैधानिक प्रक्रिया अपनाई संविधानको विधेयक पारित गरिएको थियो। संविधानसभाबाट पारित संविधानको विधेयकमा २०७२ असोज १ गते सभासद्हरूबाट हस्ताक्षर सम्पन्न गरी संविधानसभाका अध्यक्षबाट प्रमाणित भयो। राष्ट्रपति डा.रामवरण यादवबाट २०७२ असोज ३ गते सार्वजनिकिकरण गरी नेपाली जनतासमक्ष नेपालको संविधान प्रारम्भ भएको घोषणासहित संविधान जारी भयो।[१२] संविधान जारीसँगै कतै दीपावलीसहित खुसियाली मनाइयो भने केही ठाउँमा संविधानको विरोधमा प्रदर्शन र झडपसमेत भयो। संविधानमा समावेश गरिएका केही प्रावधानप्रति विमति जनाएका वा प्रक्रियामा सहभागी नभएका दलहरूलाई पनि वार्ता र सम्वादका माध्यमबाट सहमतिमा ल्याएर संविधान जारी गरेको भए झन उपयुक्त हुने संविधान सभामा प्रतिनिधित्व गर्ने साना दलहरूको धारणा थियो। यसप्रति प्रमुख राजनीतिक दलमा गम्भीरता र जिम्मेवारीबोधको अभाव महशुस भयो। यद्यपि संविधान जारी भएको १७ दिनमै संविधान संशोधन विधेयक व्यवस्थापिका-संसद्मा दर्ता भई छलफल सुरु भयो। संशोधन विद्येयकमा पनि दलहरूबीचको विवाद र आन्दोलनरत पक्षका माग सम्बोधन हुन नसकेको भन्दै संसदमा गरिएको अवरोध र दलहरूबीच सहमति नहुँदा यो वर्षको अन्त्यसम्म पारित हुन सकेन।

२.५ संसदीय सुनुवाइ विशेष समिति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ (१) अनुसार संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक परिषद्को संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्तिपूर्व कानुनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाइ हुने व्यवस्था छ। सुनुवाइसम्बन्धी व्यवस्थाबमोजिम यस वर्ष सर्वोच्च अदालतका प्रधानन्यायाधीश, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त र आयुक्तहरू, लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरू र राजदूतहरूको रिक्त पदमा उमेदवारको छनोट भई नियुक्तिका लागि नाम प्रस्ताव गरी संसदीय सुनुवाइको लागि सम्बन्धित निकायबाट समितिमा पठाइयो। यस वर्ष भारतीय राजदूतका लागि दीपकुमार उपाध्याय र अमेरिकी राजदूतका लागि अर्जुनबहादुर कार्कीको नाममा ०७१ माघ २१ गते संसदीय सुनुवाइ गरी राजदूत नियुक्ति भयो। यसैगरी, लोक सेवा आयोगको अध्यक्षका लागि उमेशप्रसाद मैनाली र सदस्यहरू बृन्दा हाडा, गोविन्द कुसुम, श्रीपुरुष ढकाल, अशोककुमार झा, ब्रह्मदेव राय र कृष्णचन्द्र झाको सुनुवाइ गरी अनुमोदन गऱ्यो। यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्तका लागि दीप बस्नेत र आयुक्तहरूका लागि नवीनकुमार घिमिरे, गणेशराज जोशी, राजनारायण पाठक र सावित्री गुरुङको नाममा चैत १६ गते संसदीय सुनवाइ गरी समितिले नाम अनुमोदन गऱ्यो। त्यसैगरी यस वर्ष सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा कल्याण श्रेष्ठको नाममा ०७२ असार १४ गते संसदीय समितिले सुनुवाइ गरी स्वीकृत गऱ्यो।[१३]

२.६ सामाजिक न्याय तथा मानवअधिकार समिति

सरकारलाई व्यवस्थापिका-संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए/गरेका काम/कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिन व्यवस्थापिका-संसद्मा रहने विभिन्न समितिमध्ये सामाजिक न्याय तथा मानवअधिकार समिति एक हो। यसले शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकारसम्बन्धी अतिरिक्त अन्य कार्यक्षेत्रमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । यस वर्ष पनि सामाजिक न्याय तथा मानवअधिकार समितिले संविधानमा उल्लिखित विस्तृत शान्ति सम्झौताको कार्यान्वयन र सशस्त्र द्वन्द्वको क्रममा मृत्य भएका र बेपत्ता पारिएका व्यक्तिहरूको परिवार तथा अङ्गभङ्ग भएका र विस्थापित व्यक्तिहरूलाई सरकारबाट प्रदान गरिने राहत र सञ्चालन गरिने पुनर्स्थापन कार्यको अनुगमन र मूल्याङ्कन गरी नेपाल सरकारलाई आवश्यक निर्देशन दियो। समितिले सशस्त्र युद्धकालमा यातना दिएको आरोपमा दुई वर्षअगाडि बेलायतमा गिरफ्तार भई मुद्दा चलाइएका नेपाली सेनाका कर्णेल कुमार लामालाई नेपालमा गठन भएको सत्य निरुपण तथा मेलामिलाप आयोगमार्फत नेपालमा ल्याएर छानबिन तथा अनुसन्धान गर्न नेपाल सरकारलाई

१२. संविधानसभा सचिवालय, सूचना तथा अनुसन्धान महाशाखा, सूचना तथा जनसम्पर्क शाखा
१३. संसदीय सुनुवाइ समितिको प्रतिवेदन २०७२

निर्देशन दियो।[१४]

यसैवर्ष गठन भएको सत्य निरुपण तथा मेलामिलाप आयोग र बेपत्ता छानबिन आयोगका अध्यक्ष तथा सदस्यहरूसँगको बैठकमा समितिले गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा आममाफी नदिन आग्रह गऱ्यो। सरकारले द्वन्द्वकालका घटनाको सत्य तथ्य छानबिनका लागि छुट्टाछुट्टै दुई आयोग गठन गरेको थियो जसमा सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्षमा लोकेन्द्र मल्लिक र बेपत्ता छानबिनको आयोगमा सूर्यकिरण गुरुङलाई नियुक्त गरेको थियो। आयोग गठन प्रक्रिया सर्वोच्च अदालतको निर्देशनविपरित र सरोकारवाला निकायसँगको परामर्शबिना भएको भन्दै पीडितले असन्तुष्टि जनाए।[१५]

यसैगरी, समितिले थारुहट स्वायत्त प्रदेश माग गर्दै सुदूरपश्चिमाञ्चल क्षेत्रको टीकापुर कैलालीमा भएको आन्दोलनका क्रममा भदौ ७ गते मनुवा गाविस र टीकापुर नपाअन्तर्गतको निषेधित क्षेत्र चिलिमे चोकमा भएको झडपमा एक नाबालक र ८ सुरक्षाकर्मीको मृत्यु भएको घटनाको सम्बन्धमा अनुगमन गरी मारिएकालाई राहत क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न मुख्य दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दियो। घटनामा घाइते नेपाल प्रहरीका ३० जना र सशस्त्र प्रहरीका २७ जना तथा थरुहटका कार्यकर्ता आठ जनाको नि:शुल्क उपचारको व्यवस्था मिलाउनसमेत नेपाल सरकारलाई समितिले निर्देशन दियो।[१६]

व्यवस्थापिका-संसद् महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समितिले नाकाबन्दीका कारण मुलुकभरि भएको औषधि अभावलाई सहज तुल्याउन सरकारलाई निर्देशन दियो। समितिले मङ्सिर ४ गते नाकाबन्दीका कारण इन्धन अभावबीच पनि यातायातका साधन चलिरहेको अवस्थामा मानिसको स्वास्थ्यसँग जोडिएको औषधि जस्तो संवेदनशील वस्तुको अभावमा मानिसको मृत्यु हुनसक्नेतर्फ सचेत रहँदै द्रुत मार्ग प्रयोग गरेर भए पनि औषधिलाई सहज बनाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको हो। भन्सारका कारण विमानस्थलमा रहेको औषधि आउन नसकेको, विभिन्न वैदेशिक सङ्घसंस्थाले दिएको औषधि ल्याउन नसकेको, नाकामा ३ सयभन्दा बढी ट्रक औषधि अड्किएको जस्ता समस्यालाई समाधान गर्दै सरकारले गम्भीरताका साथ औषधि अभावलाई सहज बनाउन सरकारलाई निर्देशन दिएको समितिका सभापति रञ्जुकुमारी झाले प्रतिक्रिया दिइन्।[१७]

३. राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समिति, २०७२

व्यवस्थापिका-संसद्, राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिको २०७२ वैशाख ३१ गते सम्पन्न बैठकबाट गठित उपसमितिहरूलाई २०७२ वैशाख १२ गते आएको भूकम्प र यसपश्चात आएका पराकम्पनहरूबाट भएका क्षति र त्यसपश्चात भइरहेका उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरूको अवस्था अनुगमन गरी आफ्नो प्रतिवेदन समितिसमक्ष पेश गर्ने कार्यका लागि प्रभावित जिल्लामा पठाउने निर्णय गऱ्यो। भूकम्पको केन्द्रविन्दु मानिएको गोरखा जिल्लासहित भूकम्पले बढी क्षति पुऱ्याएका १४ जिल्लाको वस्तुस्थिति अध्ययन तथा अनुगमनका लागि समिति पठायो।

समितिले जिल्ला दैवी प्रकोप उद्धार समिति, राजनीतिक दल, सङ्घसंस्था, नागरिक समाज, सञ्चारकर्मी र प्रभावित जनतासँग गरेको छलफल तथा क्षतिग्रस्त स्थान र संरचनाको अवलोकन तथा निरीक्षण गरी सम्बन्धित जिल्लाको विश्लेषणसहित प्रतिवेदन तयार गऱ्यो। समितिले भूकम्पले पुऱ्याएको क्षतिपश्चात उद्धार, राहत एवम् पुनर्स्थापना प्रक्रियामा सरकारी संयन्त्रले नेपाल सरकारले निर्दिष्ट गरेअनुरूपको सेवा/सुविधा प्रदान गर्न सके/नसकेको साथै व्यक्ति, गैरसरकारी सङ्घसंस्था, अन्तर्राष्ट्रिय समुदायलगायतले गरेको उद्धार, राहत र पुनर्स्थापना सम्बन्धमा जेठ १ देखि १५ गतेसम्म सम्बन्धित जिल्लाको यथार्थ अध्ययन विश्लेषण गरी राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिमा प्रतिवेदन बुझायो। प्रतिवेदनको कार्यान्वयन भने यो वर्षको अन्त्यसम्म भएन। समयमै भूकम्पपीडितहरूको लागि स्थायी पुनर्बासको कार्य नहुँदा चिसोका कारण धेरैले कष्टकर जीवन बिताउन बाध्य भएको भनि विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक भयो।

१४. लामाको अनुसन्धान आयोगमार्फत अगाडि बढाउन निर्देशन, कान्तिपुर दैनिक फागुन २६, पृष्ठ २
१५. आयोग गठनमा पीडितको असन्तुष्टि, कान्तिपुर दैनिक, २०७१ चैत १० गते, पृष्ठ २
१६. सामाजिक न्याय तथा मानव अधिकार समितिको टीकापुर घटना अध्ययन प्रतिवेदन २०७२, पृष्ठ २१ र २२
१७. www.inseconline.org, पुस १ गते हेरिएको

४. संसद्मा जनसरोकारका विषय

संसद्मा यस वर्ष जनसरोकारका दुईओटा विषयले महत्वपूर्ण स्थान पाए। पहिलो २०७२ वैशाख १२ गतेको भूकम्प र यसपश्चातका पराकम्पनबाट भएका क्षति, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्य अगाडि बढाउन भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२ ले महत्वपूर्ण चर्चा पायो। विधेयकलाई लिएर सत्ता पक्ष र विपक्षी दलबीच चलेको विवादका कारण पारित हुन ढिलाइ भयो तथापि संसद्को अवरोध र विवादबीच पुस १ गते संसद्बाट विधेयक पारित भयो र पुनर्निर्माण प्राधिकरणसमेत गठन भयो।

नेपालको संविधान २०७२ असोज ३ गते जारी भएको दुई हप्तापछि नै नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक, २०७२ असोज २० गते संसद्मा दर्ता भई सभामा प्रस्तुत भयो। संविधान संशोधनको विधेयकको पहिलो मस्यौदालाई सैद्धान्तिक सहमतिपछि जनताको सुझाव तथा प्रतिक्रियाको निम्ति पुस ३ गतेको गोरखापत्रमार्फत नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक गरी सुझाव सङ्कलन कार्य भएकोमा पुस २० गते संसद्बाट बहुमतले विधेयक स्वीकृत भई संशोधन प्रस्ताव पेश गर्नका लागि तीन दिनको समय निर्धारण भयो।[१८]

भारतले अघोषितरूपमा लगाएको नाकाबन्दीको विरोधमा व्यवस्थापिका-संसद्मा छलफल गर्न माग गर्दै मङ्सिर २५ गते जरूरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भयो। व्यवस्थापिका-संसद् सचिवालयमा सांसद लक्ष्मण राजवंशी, शिवलाल थापा र जयदेव जोशीले सो प्रस्ताव दर्ता गराएको सचिवालयले जनायो। सांसदहरूले सचिवालयमा दर्ता गरिएको सो प्रस्तावलाई अविलम्ब सदनको कार्यसूचीमा समावेश गरी पारित गराउनसमेत आग्रह गरे। भूपरिवेष्टित राष्ट्रले पाउने पारवहन सुविधाको उल्लङ्घन हुने गरी ०७२ असोज ५ गतेदेखि भारतले इन्धन, औषधिलगायतका अति आवश्यकीय सामग्रीको आयातमा रोक लगाएको उल्लेख गर्दै ती सांसद्हरूले नेपाली जनताको सार्वभौमसत्ता, अखण्डता र स्वाधीनतामाथि ठाडो हस्तक्षेप भएको जरूरी सार्वजनिक महत्वको प्रस्तावमा उल्लेख गरिएको सांसद जयदेव जोशीले जानकारी दिए।[१९]

४.१ संसद् अवरोध

योवर्ष व्यवस्थापिका-संसद्मा मधेसकेन्द्रित राजनीतिक दलहरूले संविधानप्रति असहमति जनाउँदै निरन्तर संसद् अवरोध सुरु गरे। संविधान जारी भएपछिको पहिलो संसद्को बैठक असोज १५ गतेदेखि सुरु भई कात्तिक १५ गतेसम्म जारी रह्यो। यस अवधिमा प्रधानमन्त्रीको चयन, सभामुख, उपसभामुख, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनलगायतका महत्वपूर्ण काम भयो। उक्त समयमा पनि मधेसवादी दलले कहिले संविधानसभामा भाग लिने, निर्वाचनमा भाग नलिने, अवरोध गर्न खोज्ने जस्ता क्रियाकलाप जारी राखे। त्यसपछि कात्तिक २२ गतेदेखि सुरु भएको संसद्को बैठकमा मधेसकेन्द्रित दलले आफ्ना ११ बुँदे मागको सम्बोधन तथा संविधान संशोधनको विषयलाई लिएर सदन अवरोध जारी राखे। सीमा नाकामा अवरोध कायमै राख्दै संविधान जारी भएपछिको संसद् बैठक मधेसकेन्द्रित दलले चल्न नदिई अवरोध गरेका कारण यस अवधिमा संसद् पूर्ण अवरुद्ध भयो।[२०]

यद्यपि अवरोधका बीच संसद्मा विभिन्न एजेन्डा अगाडि बढिरहे। संसद्मा व्यवस्थापिका-संसद् सदस्यको न्यून उपस्थितिका कारण गणपुरक सङ्ख्यासमेत नपुगेर संसद् स्वत: स्थगितसमेत भयो। पुस १२ गतेको बैठकमा १ सय २४ जनामात्र उपस्थित भएको र संविधान संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल थाल्ने जस्तो महत्वपूर्ण बैठक गणपुरक सङ्ख्या नपुगेका कारण स्थगित भयो। संसद्मा कुनै पनि प्रस्ताव निर्णयार्थ पेस गर्न कुल सदस्य सङ्ख्याको एक चौथाई अर्थात १ सय ४९ सांसदको उपस्थिति आवश्यक हुन्छ।[२१]

४.२ सभासद्को आचरण

यस वर्ष पनि सांसदहरू आफ्नो मर्यादाभन्दा बाहिर जाने क्रम रोकिएन। सहमतिमा संविधान निर्माण गर्ने राजनीतिक दलहरूबीच नै सहमति जुट्न नसक्दा संविधानसभामा दल र सांसदहरूबीच नै विवाद उत्पन्न भयो। परिणामस्वरूप ०७१ माघ ११ गते

१८. संविधान संशोधनका लागि २५ प्रस्ताव दर्ता, कान्तिपुर दैनिक पुस २३ गते, पृष्ठ २

१९. व्यवस्थापिका नाकाबन्दीको विरोधमा जरुरी महत्त्वको प्रस्ताव दर्ता
http://www.inseconline.org/index.php?type=news&lang=np&id=52250 मङ्सिर २२ गते हेरिएको

२०. संविधानसभा सचिवालय कार्यव्यवस्था महाशाखाबाट जानकारी

२१. सदन छल्दै सांसदहरू, कान्तिपुर दैनिक, २०७२ पुस १३ गते, पृष्ठ २

संविधानसभाभित्र एकआपसमा भौतिक आक्रमण र भौतिक संरचना, सम्पत्ति तोडफोड भयो। सभासद्हरूले नै कुर्सी टेबल, माइक, रोस्टम तोडफोड गरे भने विपक्षीहरूमाथि आक्रमण गरे। सहमतिमा संविधान निर्माणको विषयमा सहमति जुट्न नसकेपछि दलहरूले संविधानसभाबाटै प्रश्नावली समिति गठन गरेर प्रक्रिया अगाडि बढाएपछि त्यसको विरोधमा असन्तुष्ट पक्षबाट भौतिक आक्रमण र तोडफोडको घटना भए। घटनामा संलग्न सभासद्लाई कुनै कारबाही भएन। संविधानसभामा लाखौँ रुपियाँ मुल्य बराबरको क्षति भयो।[३२]

५. पारित विधेयक तथा तिनको महत्व

दोस्रो संविधानसभाको गठनपश्चात् ०७२ असोज ३० गतेसम्म व्यवस्थापिका-संसद्मा दर्ता भएका ७८ विधेयकमध्ये ३२ वटा विधेयकहरू पारित भई ऐन बनिसकेका छन् भने १० वटा विधेयकहरू सम्बन्धित समितिमा छलफलमा रहे। त्यस्तै चार वटा विधेयक सरकारले फिर्ता लियो। त्यस्तै सचिवालयमा दर्ता भएका ३१ वटा विधेयकहरू व्यवस्थापिका-संसद्को प्रक्रियामा रहे। प्रक्रियामा रहेका विधेयकमध्ये पनि १९ वटा विधेयक संसद्मा प्रस्तुत भए भने ११ वटा संसद्मा वितरण मात्र भई प्रस्तुत हुन बाँकी छन्। यस अवधिमा निजामती सेवा ऐन २०४९ लाई संशोधन गर्न बनेको विधेयक-२०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०७१, बोक्सीसम्बन्धी (कसुर र सजाय) विधेयक-२०७१, केही नेपाल कानुनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७२, राष्ट्रिय युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७२, भूमिसम्बन्धी (छैटौं संशोधन) विधेयक २०७१, विनियोजन विधेयक २०७२, आर्थिक विधेयक २०७२, राष्ट्र ऋण उठाउने विधेयक २०७२, पेश्की खर्च विधेयक २०७२ असोज १४ गते, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७१, ०७२ पुस ६ गते पारित भए। [३३]

५.१ लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, ०७१

व्यवस्थापिका-संसद्, विधायन समितिले लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७१ का सम्बन्धमा तयार पारिएको उपसमितिको प्रतिवेदन भदौ १७ गते पारित गऱ्यो। प्रतिवेदनमा तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्की वा सो पदार्थले पोली, अनुहार वा कुनै अङ्ग कुरूप भएमा कसुरको प्रकृतिअनुसार पाँच देखि देखि वर्षसम्म कैद वा १ लाखदेखि ३ लाख रुपियाँसम्म जरिवाना हुने उल्लेख छ। साथै शरीरको अन्य अङ्ग कुरुप पारेमा वा जिउमा पीडा गराएमा तीनदेखि आठ वर्ष कैद र पचास हजारदेखि १ लाख ५० हजार रुपियाँसम्म जरिवाना गरिने र उक्त जरिवानाबापतको पुरै रकम पीडितलाई प्रदान गरिने उल्लेख छ। अङ्गभङ्गको खतमध्ये दृष्टिविहीन बनाएको, महिलाको स्तन काटेको वा महिलालाई बाँझोपन वा पुरुषलाई पुरुषत्वहीन बनाएको अवस्थामा तीन लाख रुपियाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्नेलगायत विभिन्न दण्डसजायका सम्बन्धमा उल्लेख गरिएको छ। कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिलामन्त्री नरहरि आचार्यले जुनसुकै प्रकारका हिंसामा दोषीलाई कानुन अनुसार कडा कारबाही गर्नुपर्ने बताउँदै सम्बद्ध संस्थाले निमार्ण गरेका कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। ।[३४]

५.२ राष्ट्रिय युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ०७१

युवाको हक हितको संरक्षण र संबर्द्धन गरी मुलुकभित्र सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तिकरण गरी युवासम्बन्धी विषयको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकताअनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले विद्येयक तर्जुमा गरिएको हो। विद्येयकमा युवाको सशक्तिकरण र विकासमा विशेष जोड दिइएको छ। यो विधेयक ०७२ साउन १० गते संसद्बाट पारित भयो।

३२. संविधानसभा सचिवालयका कर्मचारीसँगको कुराकानीमा आधारित

३३. पारित विधेयकहरू, http://www.can.gov.np,

३४. समितिबाट प्रतिवेदन पारित, अन्नपूर्ण पोस्ट चैत १७, २०७१, पृष्ठ २

५.३ भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२

यसवर्ष २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चातका पराकम्पनको कारण क्षतिग्रस्त संरचनाको दिगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माणकार्य सपन्न गर्न तथा भुकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रवर्धन तथा सामाजिक न्याय प्रदान गर्न अधिकार सम्पन्न राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको स्थापना सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिएको उक्त विद्येयक ०७२ पुस १ गते पारित भयो। साथै पुनर्निर्माण प्राधिकारण समेत गठन भई पुनर्निर्माण सम्बन्धी काम अगाडि बढाएको छ।

सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयक सरकारको तर्फबाट संशोधन पेश गरिएकामा २०७२ पुस २० गते व्यवस्थापिका संसद्बाट हुबहु पारित भयो। विधेयकको दफा २५ मा कारवाहीका लागि सिफारिस गर्न सक्ने उल्लेख गरिएको भए तापनि दफा २६ को उपदफा ४, ५ र ६ मा उल्लेखित मापदण्ड र शर्तका आधारमा पीडकलाई क्षमादान गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्नसक्ने व्यवस्थाले पीडकलाई क्षमादान दिनेसक्ने प्रावधान छ। उक्त प्रावधानविरुद्ध द्वन्द्व पीडित तथा मानवअधिकारकर्मी, नागरिक समाजले असन्तुष्टि जनाई संशोधनका लागि पेश गरिए पनि संसद्बाट जस्ताको तस्तै पारित भयो।

६. निष्कर्ष र सुझाव

संविधानसभा जनप्रतिनिधिबाट कानुन निर्माण गर्ने थलो हो। संविधान निर्माणका क्रममा शीर्ष नेतृत्वले गरेको सहमति र निर्णयलाई स्वीकार गर्ने काममात्र भयो जनप्रतिनिधिबाट। तसर्थ व्यवस्थापिका-संसद् सोचेअनुसारको प्रभावकारी हुन सकेन र जनतामा समेत आलोचित हुन पुग्यो। यस वर्ष संसद्मा छलफल र प्रस्तुत नै नभई दुई अध्यादेश पारित भए। यसलाई संसद्लाई वाइपास गर्नु दुर्भाग्यपूर्ण भनी टिप्पणी गरियो। यद्यपि संविधानसभाले असोज ३ गते जनचाहनाअनुसारको संविधान जारी गर्न सफल भयो। तर पनि संविधानसभामा प्रतिनिधित्व गर्ने केही राजनीतिक दल र सभासद्ले संविधानमा आफ्ना माग सम्बोधन नगरिएको भन्दै संविधान जारी हुनुअघिदेखि नै विरोध प्रदर्शन गरे। जुन यस वर्षको अन्त्यसम्म पनि जारी रह्यो। यस विषयमा प्रमुख राजनीतिक दल र आन्दोलनरतपक्षबीच सहमति हुन सकेन। यसले गर्दा संविधानको कार्यान्वयनमा चुनौती देखिएको छ। जसरी राजनीतिक दलहरू ऐक्यबद्ध भएर विवादित विषयलाई सम्बोधन गरी सहमतिमा संविधान जारी गर्न सफल भएका थिए त्यसरी नै अब पनि संविधानको सफल कार्यान्वयनका लागि दलबीच ऐक्यबद्धता र इमानदारिता आवश्यक पर्छ। नयाँ संविधानमा व्यवस्था भएबमोजिमका कानुन निर्माण र संशोधनमार्फत जनताका अधिकार स्थापित गरी मुलुकलाई नयाँ मार्ग र दिशामा अगाडि बढाउनु जरुरी छ। यसमा दलीय इमानदारिता र प्रतिबद्धताको भने खाँचो छ। संविधान निर्माण प्रक्रियादेखि संविधान जारी भएदेखि हालसम्म देखिएका विवादित विषयलाई राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक लिई यथाशीघ्र वार्ता र सम्वादका माध्यमबाट सहमति कायम गर्नु जरुरी छ। संविधानको विषयलाई लिएर भएका आन्दोलनबाट आमनागरिकले कष्टकरपूर्ण जीवन बिताउन बाध्य भएको अवस्थामा सरकार र आन्दोलनरतपक्ष लचिलो भई समस्याको निकास खोज्दै राष्ट्रलाई शान्ति र विकासका मार्गमा अगाडि बढाउनु पर्दछ।

परिच्छेद ३

३.१ ओखलढुङ्गाका द्वन्द्वपीडित र हानिपूरणको अवस्था

१. पृष्ठभूमि

दश वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा राज्य र विद्रोही दुवै पक्षबाट सर्वसाधारण पीडित भए। २०५२ फागुन १ गतेबाट नेकपा माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्वको प्रत्यक्ष प्रभाव ओखलढुङ्गा जिल्लामा सुरुबाटै पऱ्यो। जिल्लामा माओवादी विद्रोहको नाममा व्यक्ति हत्याको शृङ्खला उक्त आन्दोलनको अगुवाइ गरेको पार्टी तत्कालीन नेकपा माओवादीबाटै सुरु भएको थियो। गिरफ्तारी र अपहरणका घटना छिटपुट भए पनि आफ्नो पार्टीविरुद्ध सुराकी गरेको आरोपमा २०५५ असार १० गते टारकेराबारी गाविसका भुवन भनिने उज्जनकुमार श्रेष्ठको नेकपा माओवादीका कार्यकर्ताले हत्या गरे।

सो घटनापछि राज्य पक्षले लिएको दमनकारी नीतिले मकैमा घुन पिसिएझैं धेरै सर्वसाधारणले माओवादीको आरोपमा ज्यान गुमाउन बाध्य हुनुपऱ्यो। त्यस्तै सुराकीको बिल्ला लगाएर नेकपा माओवादीले निहत्था नागरिकको हत्या गरे। व्यक्ति हत्याबाट नेकपा माओवादीले सुरु गरेको 'महान् जनयुद्ध' दबाउने नाममा सुरक्षाकर्मीले २०५६ साल मङ्सिर १ गते रगनी गाविसको जिलीमा आक्रमण गरी प्रह्लाद गौतमसहित तीन जना माओवादी कार्यकर्ताको हत्या गरे।[१] माओवादी सशस्त्र विद्रोह २०६३ सम्म आइपुग्दा ओखलढुङ्गामा राज्य र विद्रोही पक्षबाट १ सय ६६ जनाको हत्या भएको तथ्याङ्क भेटिन्छ।[२] शाही नेपाली सेनाको टोलीले २०५९ असार ६ गते फूलबारी गाविसको जल्केनीमा निहत्था स्थानीय थलहरि लुइँटेल, माधव लुइँटेल र तेजबहादुर भुजेलको हत्या गऱ्यो। त्यस घटनाको सुराकी गरेको आरोपमा नेकपा माओवादीका कार्यकर्ताले फूलबारीका शिक्षक गुरुप्रसाद लुइँटेलको अपहरणपछि २०५९ असोजमा हत्या गरे।

यसरी सशस्त्र द्वन्द्वको १० वर्षे अवधिमा कहिले यो त कहिले त्यो आरोपमा निर्दोष नागरिकको हत्या गर्ने शृङ्खला जारी रह्यो। द्वन्द्वका कारण सयौं विस्थापित भए। अपाङ्गता भए र केही मानिस बेपत्ता पनि पारिए। २०६३ मङ्सिर ५ गतेको शान्ति सम्झौतापछि मात्र पीडित पहिचान गरी क्षतिपूर्ति तथा हानिपूरणको कार्य सुरु भएको छ। मृतक तथा बेपत्ता पारिएका व्यक्ति पहिचान गरिएको भए पनि विस्थापित भएका, अङ्गभङ्ग पारिएका तथा यातनापीडितको एकिन तथ्याङ्क उपलब्ध छैन। छानबिन तथा सिफारिसको अख्तियारी पाएको स्थानीय शान्ति समितिले घटनाको छानबिन तथा राहत र क्षतिपूर्तिका लागि आवश्यक अनुसन्धान तथा क्षतिपूर्तिका लागि सिफारिस गर्न नसकेपछि सबै पीडितले अझै राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन्।

२. अध्ययनको उद्देश्य तथा महत्व

ओखलढुङ्गा जिल्लाका द्वन्द्वपीडित र हानिपूरणको अवस्था विषयमा अध्ययन गर्नुको मुख्य उद्देश्य द्वन्द्वपीडितहरूको सङ्ख्या, पीडित परिवारको अवस्था, राज्यका तर्फबाट वितरित राहत तथा क्षतिपूर्तिको अवस्थाबारे जानकारी हासिल गर्नु हो। यो अध्ययन राज्यले दिने राहत तथा क्षतिपूर्ति, हानिपूरण र पीडितहरूको अवस्थाबारे तथ्यगत विवरण सार्वजनिक गरी पीडितका पक्षमा राज्यको नीति कार्यान्वयन गराउन सकारात्मक दबाब पुगोस् भन्ने हेतुले गरिएको हो।

यो प्रतिवेदन जिल्लाका द्वन्द्वपीडितको अवस्था दर्शाउने ऐना पनि हो। यहाँ सकेसम्म पीडितको अवस्थागत विवरण, राहत तथा क्षतिपूर्तिबारे भएका प्रयास र देखिएका कमजोरी औल्याउने प्रयास गरिएको छ। यस अध्ययनले राहत तथा पुनर्स्थापना कार्यमा संलग्न सरकारी तथा गैरसरकारी संस्थालाई पीडितसम्म पुग्न सहयोग पुग्ने विश्वास छ।

३. अध्ययन विधि

१. द्वन्द्वपीडितको तथ्याङ्क सङ्कलन तथा विश्लेषण

१. एनेकपा माओवादी जिल्ला सदस्य सुरेश थापासँगको कुराकानीमा आधारित

२. द्वन्द्वपीडित पार्श्वचित्र, इन्सेक

उज्जनकुमार श्रेष्ठ हत्या काण्ड

नाम थर : उज्जनकुमार श्रेष्ठ (भुवन)
ठेगाना : पोकली गाविस-२, लेती
उमेर : ४५ वर्ष
वैवाहिक स्थिति : विवाहित
शैक्षिक अवस्था : साक्षर
संलग्नता : नेपाली काङ्ग्रेस
पीडक पक्ष : माओवादी
घटना मिति : २०५५ असार १० गते
घटनाको प्रकार : हत्या
घटनास्थल : टारकेराबारी गाविस-७, खहरेखोला

उज्जनकुमार श्रेष्ठ

ओखलढुङ्गाको पोकली गाविस-२, लेती निवासी ४५ वर्षीय उज्जनकुमार श्रेष्ठलाई सोही जिल्लाको टारकेराबारी गाविस- ७ मा पर्ने खहरे खोलामा नेकपा माओवादीका कार्यकर्ताले २०५५ असार १० गते बिहान ३ बजेतिर गोली हानी हत्या गरे। माओवादीको सुराकी गरेको र गाउँका महिलामाथि यौन दुर्व्यवहार गरेको आरोपमा माओवादीले धम्की दिने, चन्दा माग गर्ने गरे पनि उनले चन्दा दिएका थिएनन्।

गणेश श्रेष्ठ

घटना भएको दिन बिहान ३ बजे नै पसलको सामान किन्न भरिया थिरबहादुर खत्री र रामबहादुर श्रेष्ठलाई लिएर साँघुटार जाने क्रममा नेकपा माओवादीका नेता बालकृष्ण ढुङ्गेलसहितका कार्यकर्ताले उज्जनको गोली हानेर हत्या गरेपछि शव लिखुमा बगाएको प्रत्यक्षदर्शी बताउँछन्।

घटनापछि उज्जनका दाजु गणेशले दिएको जाहेरीका आधारमा प्रहरीले गिरफ्तार गरेका दुई भरिया र उनकी कान्छी श्रीमतीका दाजुहरू थलबहादुर पौडेल र डोरबहादुर पौडेल अदालतको सजाय भुक्तान गरेर रिहा भएका छन् भने घटनाका अर्का दोषी पुष्कर गौतमलाई २०६९ चैत २ गते जिल्ला अदालत ओखलढुङ्गाले जन्मकैदको सजाय सुनाएको भए पनि उनी फरार थिए। उनलाई काठमाडौंको बागबजारबाट २०७१ वैशाख ३१ गते प्रहरीले गिरफ्तार गरी केन्द्रीय कारागार, सुन्धारामा राखिएको प्रहरीले जनाएको छ।

घटनाका अर्का दोषी बालकृष्ण ढुङ्गेललाई जिल्ला अदालत ओखलढुङ्गाको २०६१ वैशाख २८ गते र सर्वोच्च अदालतको २०६६ पुस १९ को आदेशसमेतले जन्मकैदको फैसला गरेको भए पनि उनी गिरफ्तार भएका छैनन्।

उज्जनका दाइ गणेश श्रेष्ठले भाइको हत्या आरोपितविरुद्ध किटानी जाहेरी दिएपछि माओवादी कार्यकर्ताले उनलाई मार्ने धम्की दिए। त्यसपछि उनी काठमाडौं विस्थापित भए। एक वर्षपछि उनी घर फर्किए। धानबाली भित्र्याउन खेतमै काम गरिरहेका बेला आएका माओवादीका कार्यकर्ताले २०५९ मङ्सिर ६ गते उनलाई गोली हानेर हत्या गरे। घरमा आएका अपरिचित व्यक्तिलाई बाबु देखाउन खेतमै पुगेकी गणेशकी छोरी रञ्जनाले आफ्नै अगाडि आफैंले बाबु चिनाउन लगेका मानिसले बाबुको हत्या गरेको देखिन्। आफ्नै कारणले बाबुको हत्या भएको ठानी गणेशकी छोरी रञ्जनाले पनि दुई वर्षपछि झुण्डिएर आत्महत्या गरिन्।

अहिले पोकलीस्थित घरमा उज्जनकी श्रीमती लक्ष्मी श्रेष्ठ मात्र बस्दै आएकी छन्। माओवादीले कब्जा गरेको जग्गा र घर २०६५ सालमा फिर्ता गरे पनि घरको चल भौतिक सम्पत्ति फिर्ता गरेका छैनन्। सो घटनाका मुख्य आरोपित बालकृष्ण ढुङ्गेल ओखलढुङ्गाको क्षेत्र नं. २ बाट २०६४ सालको संविधान सभा निर्वाचनमा एकीकृत नेकपा माओवादीका तर्फबाट निर्वाचित भएका थिए। संविधान सभाको चुनावपछि भएको अदालती फैसलाबाट उनी अपराधी करार भए। सर्वोच्चको परिपत्रअनुसार जिल्ला अदालत ओखलढुङ्गाले २०६७ साल भदौ १९ गते जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गालाई समातेर हाजिर गराउन पत्राचार गरे पनि सो कार्यान्वयन भएको छैन।

रञ्जना श्रेष्ठ

आफ्ना दाजु र भाइको हत्यारालाई कारबाहीको माग गर्दै सावित्री श्रेष्ठ लामो समयदेखि यो घटनाका मुख्य अभियुक्त बालकृष्ण ढुङ्गेललाई कारबाहीको माग गर्दै दबाव अभियान सञ्चालन गरिरहेकी छन्।

२. द्वन्द्वपीडित र उनीहरूले पाएको राहत तथा हानिपूरणको अवस्थाबारे सरोकारवाला निकाय र पीडित पक्षसँग कुराकानी
३. द्वन्द्वपीडित परिवारको स्थलगत अध्ययन

४. अध्ययनको सीमा

यस आलेखमा प्रस्तुत तिथिमिति तथा तथ्याङ्कलाई भेटे र पाएसम्म वास्तविक बनाउन पीडित पक्ष र राज्यका निकायमा भएका तथ्याङ्क जाँच गरी उल्लेख गरिएको छ। अध्ययनका क्रममा यहाँ उल्लिखित अधिकांश तथ्याङ्क स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयबाट लिइएको हो भने कतिपय तथ्याङ्क इन्सेकबाट लिइएको हो।

यो अध्ययन प्रतिवेदन हो। सिफारिस होइन। यसका आधारमा पीडितलाई राज्यले दिने क्षतिपूर्ति तथा हानिपूरणको व्यवस्था गर्न सहयोगी सामग्री हुने र पीडितहरूलाई आफ्नो अवस्थाबारे जानकारी लिन सजिलो भने हुने विश्वास लिइएको छ। यो अध्ययन ओखलढुङ्गा जिल्लामा मात्रै गरिएकाले सम्पूर्ण देशको द्वन्द्वपीडितको अवस्था तथा हानिपूरणको विषय सेमट्दैन। यो आलेख तयार पार्ने क्रममा आर्थिक स्रोत तथा समय अभावका कारण सबै पीडितको घरदैलोमा पुग्न सकिएको छैन। धेरैजसो सूचना इन्सेकको अभिलेख, शान्ति समिति तथा जिल्ला प्रशासन कार्यालयबाट लिइएको छ।

५. जिल्लामा द्वन्द्वपीडितको अवस्था

सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही पक्षको दोहोरो चपेटामा परेर ज्यान गुमाएका, बेपत्ता पारिएका, यातनापीडित, अङ्गभङ्ग र विस्थापित सबैलाई राहत तथा क्षतिपूर्ति दिने व्यवस्था विस्तृत शान्ति सम्झौताले गरेपछि राज्यले देशैभर यसको प्रक्रिया अगाडि बढायो। देशका ७५ जिल्लामा स्थानीय शान्ति समिति गठन भएपछि अधिकांश पीडितले राज्यले निर्धारण गरेको क्षतिपूर्ति पाएका छन्।

तर द्वन्द्वपीडितको ठोस परिभाषा नहुँदा राहत र क्षतिपूर्तिका नाममा पहुँचवाला र नेताहरूकै बोलवाला देखिन्छ। आर्थिक वर्ष २०६५/२०६६ सम्म वितरित राहत तथा क्षतिपूर्तिमा सर्वसाधारण र वास्तविक पीडितभन्दा द्वन्द्वरत पक्षका नेता र तत्कालीन समयमा राज्य सञ्चालन गर्ने दलका कार्यकर्ताले प्राथमिकता पाए। यसले शान्ति सम्झौताको मर्मअनुसार काम नभएको स्पष्ट हुन्छ।

द्वन्द्वपीडितहरूको निवेदनमाथि स्थानीय शान्ति समितिमार्फत छानबिन गरी जिल्ला प्रशासन कार्यालयले अन्तिम टुङ्गो गरेपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत राहत रकम निकासा गर्ने प्रक्रिया दलबीचको विवादले समयमै सुरु हुन सकेन। समितिमा रहने र नेतृत्व कसले गर्ने भन्ने जस्ता विषयले विवाद हुँदा समयमा राहत वितरण सुरु हुन नसकेको हो।[३] यसको प्रत्यक्ष मारमा आफन्त गुमाएका, विस्थापित भएका र अङ्गभङ्ग भएका पीडित परे। समयमा राज्यबाट राहत दिलाउने काम नहुँदा राहतभन्दा उनीहरूलाई आहत बढी भयो। शान्ति समितिका सचिव निलम अधिकारी भन्छन्- दलबीच सहमति हुन नसक्दा लामो समय छानबिन प्रक्रिया रोकियो। संयोजक चयनमा विवाद भएपछि समितिले पूर्णता पाउन सकेको पनि छैन। अहिले समितिको काम राजनीतिक दलहरुको संयन्त्रले गर्दै आएको छ तर छानबिन भने हुन सकेको छैन।

विवादकै बीच सुरु भएको शान्ति तथा पुनर्स्थापनाको काम अझै टुङ्गिएको छैन। वास्तविक पीडित अझै पहिचान भइनसक्दा पीडितले राहत पाउन सकेका छैनन्। स्थानीय शान्ति समितिमा परेका २ हजारभन्दा बढी विस्थापित तथा अङ्गभङ्ग भएका भनिएका पीडितका निवेदन अझै छानबिन भएका छैनन्। उनीहरूले राहत पाउने आशसमेत मारिसकेका छन्। गाम्नाङटार गाविस-३ का मनोज भट्टराईको गुनासो छ- माओवादी द्वन्द्वमा लागेका म जस्ता अन्य नेताले राहत तथा उपचार खर्चसमेत लिएका छन् तर मेरो नाम भने द्वन्द्वपीडितको सूचीमै राखिदिएनन्।

पहिचान भएका मृतक तथा बेपत्ताका परिवारले भने राहत तथा क्षतिपूर्ति पाइसकेका छन्। शान्ति समितिका कर्मचारी छविलाल मंग्रातीका अनुसार सशस्त्र द्वन्द्व अवधिमा २ सय ९ जनाको हत्या भएको थियो। राज्य पक्षबाट भएका घटनामा ८८ जना माओवादीको आरोपमा मारिएका छन्। जसमध्ये ८२ मृतकका परिवारले ५ लाख र ६ जनाले ३ लाख रुपियाँ राहत पाएका छन्। त्यसैगरी २ लाख रुपियाँचाहिँ बुझ्न बाँकी छ।[४] ३ लाख रुपियाँ बुझेका मृतकका परिवारलाई ५ लाख रुपियाँसम्म रकम उपलब्ध गराउने २०७१ चैत १३ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार यो

३. नागरिक समाजका अगुवाहरूसँगको कुराकानी
४. मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनसम्बन्धी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको परिपत्र

रकम उपलब्ध गराइएको हो।[५] २ सय ९ मध्येकै अन्य मृतक सरकारी सुरक्षाकर्मी र केही पहिचान नखुलेका व्यक्ति भनेर शान्ति समितिले अभिलेख राखेको छ। स्थानीय शान्ति समिति जिल्लामा २०६६ जेठ १९ गते गठन भएको हो।[६] यसले काम थालेपछि ११ जना बेपत्ता, घाइते र अपाङ्गता भएका ९२ जना, विस्थापित ६ सय ३७[७] जनाले राहत पाएको शान्ति समितिको तथ्याङ्कमा उल्लेख छ।

स्थानीय शान्ति समिति गठन भएपछि पहुँचका आधारमा पीडित भनेर नाम लेखाउने र राहत रकम लिन होडबाजी चल्यो। स्थानीय प्रशासन त्यस्तो अनियमितता रोक्न असफल भयो। पछिल्ला विभिन्न समयमा शान्ति मन्त्रालयले छुटहरूको नाम दर्ता गर्न सूचना गरेपछि छुटेका पीडित र अन्य सामान्य अवस्थाका व्यक्तिबीच नाम दर्ता गराउने होडबाजी नै चल्यो। पीडित भन्दै गैरपीडितको निवेदनको चाङ लागेपछि शान्ति समितिमा पीडित को हुन् ? को होइनन् ? भन्ने विषय राजनीतिक आस्थाका आधारमा पहिचान गर्ने दलहरूको मनसायले निवेदन छानबिन हुने सकेन। मन्त्रालयले धेरै पटक छानबिन गरी नामावली पठाउन भने पनि दलका प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयले गैरपीडित बढी छन्, विवाद हुन्छ भन्दै छानबिन प्रक्रिया अगाडि बढाउन सकेन। जसका कारण नाम दर्ता गर्न छुटेका, विस्थापित, आपाङ्गता भएका र अङ्गभङ्ग भएका तथा सम्पत्ति गुमाएका व्यक्तिहरू राहत पाउनबाट वञ्चित भए।[८]

पीडितहरूले स्थानीय प्रशासन र दलहरूको धेरै पटक ध्यानाकर्षण गराए पनि सुनुवाइ भएको छैन। जिम्मेवार निकायको बेवास्ताले पीडित पहिचानसमेत नभएपछि ओखलढुङ्गामा वास्तविक द्वन्द्वपीडित कति छन् भन्ने एकिनसमेत हुन सकेको छैन। जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा तीर्थ खड्का अन्य दैनिक कामको चाप तथा दक्ष जनशक्ति अभावले सबै गुनासा सम्बोधन गर्न नसकिएको स्वीकार गर्छन्। अनि यसका लागि शान्ति समिति नै बढी सक्रिय हुनुपर्ने सुझावसमेत दिन्छन्।

६. परिपूरणबारे राज्यको नीति

विधिवत्रूपमा नेपालको सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य २०६३ मङ्सिर ५ गते ७ राजनीतिक दल र द्वन्द्वरत नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताबाट भएको हो। २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ गतेसम्म भएको द्वन्द्वको चपेटामा परेका नागरिकलाई राहत क्षतिपूर्ति तथा पीडकमाथि कारबाहीको प्रक्रिया सोही सम्झौताको मर्मअनुसार शान्ति मन्त्रालय स्थापना र जिल्लाजिल्लामा स्थानीय शान्ति समिति गठन गरी सुरु गरेको हो।

जिल्लामा शान्ति समिति गठन भएपछि गाउँगाउँमा गाविसस्तरीय शान्ति समिति गठन गरी पीडितका निवेदन सङ्कलन तथा छानबिन गरी स्थानीय संयन्त्रहरूले काम सुरु गरेका हुन्। ती संयन्त्रमा संलग्न कर्मचारीको नियुक्ति राजनीतिक प्रकृतिको भएकाले उनीहरूले स्वतन्त्ररूपमा काम गर्न नसक्दा पीडितले न्याय पाउन सकेका छैनन्। स्थानीय शान्ति समितिका कार्य क्षेत्रगत सर्तहरू २०६५, स्थानीय शान्ति समिति निर्देशिका २०६६ अनुसार द्वन्द्वपीडितलाई राहत तथा क्षतिपूर्ति प्रदान गर्ने प्रक्रिया अगाडि बढेका हुन्।

विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.८ मा सशस्त्र द्वन्द्वका क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्ति लगत खडा गरी तत्काल फिर्ता गरिने उल्लेख छ। यसैगरी बुँदा नं. ५.२.२ मा आफ्ना कब्जामा रहेका मानिसबारे जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गरिने उल्लेख छ। बुँदा नं. ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्ति तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्ने, यसैगरी बुँदा ५.२.४ मा दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउने उल्लेख छ। ५.२.८ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्वबसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित

५. जिल्ला प्रशासन कार्यालय, लेखा शाखा
६. शान्ति समितिको गठनसम्बन्धी निर्णय पुस्तिका
७. स्थानीय शान्ति समितिको तथ्याङ्क
८. शान्ति समितिमा प्रतिनिधित्व गरेका नागरिक समाजका संस्थाहरूका सदस्यहरूसँगको छलफलबाट आएका निचोड

गुरुप्रसाद लुइँटेल

नाम थर : गुरुप्रसाद लुइँटेल
ठेगाना : फूलबारी गाविस-७
उमेर : ४१ वर्ष
वैवाहिक स्थिति : विवाहित
शैक्षिक अवस्था : शिक्षित
संलग्नता : नेकपा एमाले
पीडक पक्ष : विद्रोही माओवादी
अपहरण मिति : २०५९ असोज ६ गते
हत्या मिति : २०५९ असोज २२ गते
घटनाको प्रकार : हत्या
घटनास्थल : वरुणेश्वर गाविस, रामपुर

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला समिति ओखलढुङ्गाका अध्यक्षसमेत रहेका फूलबारी गाविस-७ घर भई सोही गाविसस्थित ज्ञान प्रकाश मावि घोराखोरीमा कार्यरत शिक्षक गुरुप्रसाद लुइँटेललाई माओवादीका कार्यकर्ताले २०५९ असोज ६ गते अपहरणपश्चात् चरम यातना दिइ असोज २२ गते वरुणेश्वरको रामपुरमा हत्या गरे।

गुरुप्रसाद लुइँटेललाई विद्यालयमा पठनपाठन गराइरहेकै समयमा माओवादीले २०५९ असोज ६ गते ज्ञान प्रकाश माविबाटै आँखामा पट्टी बाँधेर अपहरण गरेको प्रत्यक्षदर्शी बताउँछन्। माओवादीले १६ दिनसम्म चरम यातना दिएर वरुणेश्वर गाविसको रामपुरमा ल्याई वरको रुखमा झुण्डाएर हत्या गरेका थिए। शवको पोस्टमार्टम रुम्जाटार अस्पतालमा गराई सदरमुकाम नजिक लिपे खोलामा दाहसंस्कार भयो। त्रासका कारण उनको अन्त्येष्टिसमेत पीडित परिवारले सदरमुकाममै गर्नुपऱ्यो। माओवादीविरुद्ध सुराकी गरेको आरोप लगाएर हत्या भएपछि उनको परिवार विस्थापित भयो। हाल तीन छोरा र पत्नीसहित लुइँटेलको परिवार काठमाडौँमा बस्दै आएको छ।

घटनापछि माओवादी नेताहरू सुरेश थापासमेतको संलग्नता भएको भनी पीडित पक्षले उनीसहित बाबुराम गौतम, मोहनकुमार खड्का, तिलक कार्कीलगायतका माओवादी कार्यकर्ताविरुद्ध प्रहरीमा किटानी जाहेरी दिए। प्रहरी कार्यालय हुँदै जिल्ला अदालतमा पेश भएको सो मुद्दा बृहत् शान्ति सम्झौतापछि निष्क्रिय भयो। पीडकको निवेदनका आधारमा २०६७ असारमा पुनः सक्रिय गराउने प्रयास भए पनि द्वन्द्वकालीन मुद्दा भएकाले तत्काल अगाडि नबढाउनू भन्ने सर्वोच्चको आदेशपछि जिल्ला अदालतमै मुल्तवीमा छ। द्वन्द्वकालीन घटना भएकाले विस्तृत शान्ति सम्झौता र सङ्क्रमणकालीन न्याय प्रणालीको सिद्धान्तअनुसार मुद्दा किनारा लगाइनुपर्ने एकीकृत नेकपा माओवादीले माग गर्दै आएको छ।

पीडित पक्षले भने गम्भीर मानव अधिकार हननको घटना भएकाले विद्यमान फौजदारी कानुनअनुसार कारबाही गर्न माग गर्दै आएको छ। मानव अधिकारकर्मी, नागरिक समाजका अगुवा तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेल गुरु लुइँटेलका हत्यारालाई कारबाही गर्न विद्यमान कानुन पर्याप्त रहे पनि राज्य पक्ष यसमा चुकेको बताउँछन्।

व्यक्तिहरूलाई ससम्मान पुनर्स्थापना तथा सामाजिकीकरण गरिने उल्लेख छ।[९] तर शान्ति सम्झौताका ८ वर्ष पूरा भइसक्दासमेत त्यसको कार्यान्वयन भने हुन सकेन।

त्यस्तै, द्वन्द्वकालका घटनालाई फौजदारी न्याय प्रणालीबाट नभई सङ्क्रमणकालीन न्याय प्रणालीअन्तर्गत अघि बनाउन सत्य निरुपण तथा मेलमिलाप आयोगको ऐन जारी भई आयोग गठन भएको छ। भलै आयोगले कसरी काम गर्छ र पीडितसम्म यसका काम/कारबाहीका विवरण कसरी पुग्छ त्यो भने हेर्न बाँकी नै छ।

६.१ दण्डहीनता

स्थानीय शान्ति समितिका कार्य क्षेत्रगत सर्तहरू २०६५, स्थानीय शान्ति समिति निर्देशिका २०६६ मा कतिपय प्रावधान अस्पष्ट र द्विविधाका कारण वास्तविक पीडित छुट्ने र नक्कली पीडितले राहत लिएको अवस्था छ। जिल्लाका हकमा छानबिन नहुँदा द्वन्द्वपीडित एकिन हुन सकेका छैनन् भने वास्तविक पीडितले राहत पाउन तथा न्याय निरुपण हुन सकेको छैन। दोस्रो चरणको राहत वितरणका बेला २०६७ सालमा फेदिगुठका कृष्ण कार्कीको नामको राहत अरुले नै बुझेको भन्दै उजुरी परेबाट पनि राहत वितरण र प्राप्तिमा स्वच्छता अभाव भएको पुष्टि हुन्छ। अर्कोतर्फ यसरी उजुरी परेपछि

९. विस्तृत शान्ति सम्झौता- २०६३

तिनीहरूबाट रकम फिर्ता गरे/नगरिएको वा अन्य कारबाही भए/नभएको जानकारीसमेत स्थानीय प्रशासनमा नहुनुले पनि शङ्का गर्ने ठाउँ उपलब्ध गराएको छ।

त्यस्तै द्वन्द्वकालका घटना छानबिन तथा न्याय निरूपण गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी टुङ्ग्याउने सहमति भई ऐन बनेर आयोगसमेत बने पनि क्रियाशील भइसकेको छैन। यसले द्वन्द्वकालका घटना र उजुरीहरू फौजदारी न्याय प्रणालीबाट निरुपण नहुने र पीडितले न्याय नपाउने अवस्था विद्यमान छ। त्यस्तै जिल्लामा द्वन्द्वकालका विभिन्न अभियोगमा फौजदारी न्याय प्रणालीअन्तर्गत दर्ता भई विचाराधीन मुद्दा दुई दर्जन हाराहारीमा टुङ्गो लाग्न सकेका छैनन्। जसका कारण पीडितलाई न्याय र हानिपूरण दिलाउन सकिएको छैन।

यसका साथै गम्भीर प्रकृतिका घटनासमेत छानबिन हुन सकेका छैनन्। नेकपा माओवादीका कार्यकर्ताले २०५५ सालमा भाइको हत्या गरेपछि आरोपितहरूविरुद्ध जाहेरी दिएको आरोपमा नेकपा माओवादीका कार्यकर्ताले २०५९ मा पोकलीका गणेश श्रेष्ठको हत्या गरे। २०५९ सालमै फूलबारीका सर्वसाधारण माधव लुइँटेल, थलहरि लुइँटेल र तेजबहादुर भुजेललाई शाही नेपाली सेनाले गोली हानी हत्या गरे। सुराकीको आरोपमा फूलबारी गाविसका गुरुप्रसाद लुइँटेललाई २०५९ सालमा अपहरण गरी हत्या गरेका घटना मानव अधिकार उल्लङ्घनका हिसाबले जघन्यखालका मानिन्छन्। यी घटनामाथि छानबिन हुन सकेको छैन।[१०]

सङ्क्रमणकालीन न्याय प्रणाली र फौजदारी न्यायमध्ये कुन प्रणालीबाट मुद्दा प्रक्रिया अगाडि बढाउने भन्ने विषयमा ऐनमा व्यवस्था भए पनि द्वन्द्वकालीन गम्भीर प्रकृतिका अपराधका घटनालाई नियमित प्रक्रियाबाट अगाडि बढाउन बाधा नपर्ने भनिएको, पीडितले लामो समयदेखि न्यायका लागि कुरिरहेको तथा सङ्क्रमणकालीन न्याय प्रणालीको विधिवत् कार्यान्वयन सुरु नहुँदा अदालतमा विचाराधीन मुद्दाहरू अझै किनारा लाग्न सकेका छैनन्। जसका कारण पीडितले न्याय र हानिपूरण पाउने तथा पीडकलाई कानुनी दायरामा ल्याउने कार्य अहिलेसम्म ओझेलमा परेको छ।

यसअघि फौजदारी न्याय प्रणालीअन्तर्गत कारबाही सुरु भएका मुद्दाका पीडितहरू अहिले पनि न्यायको प्रतीक्षामा छन्। फूलबारीका गुरु लुइँटेल, कुइभीरका चक्र कटवाल, फूलबारीकै माधव लुइँटेल, थलहरि र तेजबहादुर भुजेलका आफन्त पीडितमाथि कारबाही र हानिपूरणको प्रतीक्षामा रहेको वर्षौं बिते पनि कार्यान्वयन हुन नसक्दा पीडितहरूमा थप निराशा पैदा भएको छ।[११]

६. हानिपूरण उपलब्ध गराउने प्रक्रिया र तिनका कमजोरी

पीडितलाई न्याय र परिपूरण दिन राज्यका निकाय खडा त भएका छन् तर प्रभावकारी काम गर्न भने सकेका छैनन्। यसका विभिन्न कारण छन्। मुख्यत: राजनीतिक इच्छाशक्ति नहुँदा सङ्क्रमणकालीन न्याय प्रणालीअन्तर्गत सक्रिय हुने निकायहरूले काम गर्न सकेका छैनन्। कतिपय अवस्थामा नीतिगत अस्पष्टता र दक्षताले पनि कार्यक्षमतामा असर पारेको छ भने जिम्मेवार भनिएका अधिकारीको गैरजिम्मेवारपनाले पीडितले न्याय पाउन सकेका छैनन्। स्थानीय शान्ति समिति द्वन्द्वपीडितहरूको राहत तथा न्यायका लागि प्रक्रिया अगाडि बढाउने आधारभूत तथा मुख्य निकाय हो। तर स्वतन्त्र व्यक्ति नेतृत्वमा नहुनु र यसका कर्मचारीको राजनीतिक नियुक्ति हुने हुनाले समितिले जिम्मेवारीपूर्वक काम नगरेकाले पीडितहरू थप पीडित हुनुपर्ने अवस्था छ।

राहतका लागि स्थानीय शान्ति समिति गठन नहुँदा जिल्ला प्रशासन कार्यालय र गठन भएपछि स्थानीय शान्ति समितिमा निवेदन दर्ता गराउनुपर्ने प्रावधान छ। ओखलढुङ्गाको हकमा जिल्ला प्रशासन कार्यालयसम्मका निवेदन त छानबिनसम्म भए तर शान्ति समितिका निवेदन छानबिन पनि हुन सकेनन्। कहिले दलबीच विवाद त कहिले कर्मचारीको निष्क्रियताले पीडितहरू राहत पाउनबाट वञ्चित भएका छन्। फेरि शान्ति समिति कर्मकाण्डीखालको छ। छानबिनचाहिँ गर्ने तर अन्तिम निर्णय प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेका कार्यदलले गर्ने तथा आर्थिक कारोबार जिल्ला प्रशासन कार्यालयबाट हुने अनि पदाधिकारीको सेवा/सुविधा पनि नहुँदा नियमित बैठक तथा छानबिनका काम अगाडि बढ्न सकेनन्। जसका कारण पीडित एकिन पहिचान हुन नसकी न्याय तथा हानिपूरणबाट वञ्चित भए। प्रमुख जिल्ला अधिकारी यादव सुवेदी भने यसअघि स्थानीय शान्ति समितिमा

१०. गुरु लुइँटेल स्मारिका

११. शान्ति समितिका विभिन्न दस्तावेज

आएका पुराना निवेदन अध्ययन र वास्तविक पीडित पहिचान भई शान्ति मन्त्रालयमा सिफरिस हुन नसक्दा पीडित छुटेका हुन सक्ने बताउँछन्।

द्वन्द्वका क्रममा मृत्यु भएका	**: २०९**
विस्थापित	**: ६३७**
बेपत्ता	**: १३**
अपाङ्गता भएका	**: ५२**
अपहरणमा परेका	**: ३**

स्रोत : स्थानीय शान्ति समिति

जिम्मेवार अधिकारीहरूले जिम्मेवारी बोध नगर्दा यहाँ सयौँ द्वन्द्वपीडितले राहत नपाउने निश्चित जस्तै भएको छ। स्वीकृत भएका कार्यक्रम सम्पन्न गर्न त धौ धौ पर्ने स्थानीय शान्ति समितिले २ हजारभन्दा बढी निवेदन छानबिन गरेर हानिपूरण देला र न्याय पाइएला भन्ने आशा मारिसकेको एक पीडित बताउँछन्।[१२] कतिपयलाई उनीहरू आबद्ध सङ्घ/सङ्गठनले सालिक बनाएर सम्मान गर्ने, पार्टी कार्यालयमा फोटो राखेर सम्मान दर्शाएकोचाहिँ अवस्था छ।

८. द्वन्द्व र हानिपूरणको सवालमा सरोकारवालाको भूमिका

सङ्क्रमणकालीन न्याय प्रणाली कार्यान्वयनमा सरोकालाको भूमिका महत्वपूर्ण रहन्छ। पीडक, पीडितका सवाल न्याय निरुपणमा मध्यस्थता गर्नेदेखि आपसी असमझदारी हटाएर पीडितलाई समाजमा सम्मानजनक पुन:स्थापना गर्न सरोकारवाला निकाय तथा व्यक्तिले प्रभावकारी भूमिका खेल्न सक्छन्।

द्वन्द्वकालका सबै मुद्दा नियमित फौजदारी न्याय प्रणालीबाट किनारा लगाउँदा शान्ति प्रक्रियाको मूल मर्मविपरीत मात्र होइन, यसले द्वन्द्व भड्काउने काम गर्न सक्छ। त्यसैले पनि पीडितलाई परिपूरण र पीडकलाई जिम्मेवार बनाइ समाजमा सामाजिक मेलमिलाप कायम गर्न मध्यस्थकर्ता र सरोकारवाला अन्य निकाय जिम्मेवार हुन सक्छन्।

शान्ति सम्झौताको मर्म तथा अन्तर्राष्ट्रिय अभ्यास र नजिरका आधारमा द्वन्द्वकालका मुद्दा किनारा लगाउने, पीडितलाई हानिपूरण र पीडिकलाई कारवाही तथा जिम्मेवार बनाउने काम सत्य निरुपण तथा मेलमिलाप आयोगबाट हुने गरी ऐन बनेर कार्यान्वयनमा छ। यस्तो अवस्थामा सङ्क्रमणकालीन न्याय प्रणालीअन्तर्गत सो आयोगलाई क्रियाशील बनाइ न्याय निरुपण गर्न दबाब दिने, भूमिका खेल्ने तथा गम्भीर प्रकृतिका मुद्दामा छानबिन गरी मानव अधिकारको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको मर्मअनुसार कारवाही गर्न सहयोगी हुन सक्छन्।

यस्तो महत्वपूर्ण भूमिकामा रहेका नागरिक समाजका सङ्घ/सङ्गठन अहिले पीडितहरूको न्याय, स्थायी शान्ति र द्वन्द्वका घाउहरूमा मलम लगाउनुपर्ने अवस्थामा विभिन्न आस्था तथा विचारमा विभाजित हुँदा पीडितलाई न्याय दिलाउने काम प्रभावकारी बन्न सकेको छैन। सरकारी तहबाट हुने कामको खबरदारी र पीडितको पक्षमा वकालत गर्नुपर्ने अवस्थामा जिल्लामा क्रियाशील नागरिक समाजका सङ्घ/सङ्गठन दर्शन र विचारका हिसाबले समर्थन र विरोध गर्ने परिपाटी बढ्दै गएको छ।

अझ जिल्लाको स्थानीय शान्ति समिति त कर्मचारी र दलका केही नेताको स्वार्थका कारण दुई वर्षसम्म विवादमै फस्यो। नेतृत्व कसले लिने भन्ने विषयको विवाद मिलाउने भन्दा चर्काउन भूमिका खेलेका कर्मचारी अन्ततः २०७२ वैशाखमा नागरिक समाजका प्रतिनिधि सहभागी समावेशी समिति विघटन गराउन सफल भए। त्यसयता शान्ति समितिका सचिवको हाजिर गरेर तलब बुझ्नेबाहेक अरु भएन।[१३] शान्ति मन्त्रालयले स्थानीय शान्ति समितिसँग पटकपटक वार्षिक कार्ययोजना माग गर्न थालेपछि राजनीतिक दलका प्रतिनिधि मात्रै सहभागी बैठकले उनीहरूका तर्फबाट आठ सदस्य र सदस्यसचिव एक जना हुने गरी नौ सदस्यीय समितिले काम सुरु गरेको छ। तर तीन वर्षपहिलेदेखि स्थानीय शान्ति समितिमा चाङ लागेर बसेका द्वन्द्वपीडितका निवेदन छानबिन गर्नभन्दा पनि कार्यक्रमको औपचारिकता पूरा गर्नमात्र कार्यसम्पादन सुरु भएको छ। यसले पीडितलाई थप आक्रोशित बनाएको द्वन्द्वपीडित बताउँछन्।[१४]

ऐनले नै स्थानीय शान्ति समितिमा नागरिक समाजका प्रतिनिधिसमेतको सहभागिता अनिवार्य गराएको छ। तर, राजनीतिक दलले यो पक्ष पूरै बेवास्ता गरेका छन्। स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयमा थन्किएका पीडितका निवेदन छानबिन गरी

१२. गाम्नाङ्टारका मनोज भट्टराई

१३. ओखलढुङ्गाका एक राजनीतिक दलका स्थानीय नेतासँग गरिएको कुराकानीमा आधारित

१४. पीडितका अपेक्षाका बारेमा २०७२ कात्तिक २२ गते इन्सेक प्रतिनिधिले गरेका छलफलका क्रममा फणिन्द्र लुइँटेल

हानिपूरण दिने कार्यमा सरोकारवालाको भूमिका महत्वपूर्ण हुनेमा दुई मत छैन।

द्वन्द्वपीडितका समस्या समाधान हुन नसक्नाका कारण

नेतृत्वदायी भूमिकामा रहेका सरकारी संयन्त्र वास्तवमै पीडितमैत्री भएर काम गर्न नसक्दा नै पीडितको समस्या समाधान नभएको हो। पीडित पहिचान गरी राहत वा क्षतिपूर्ति पाउने/नपाउने निर्क्यौलमात्र गर्न पनि स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयले समन्वयात्मकतवरले काम गरेको भए धेरै समस्या समाधान हुने थिए। उनीहरूबीच समन्वय अभाव हुँदा मारमा पीडित परेका छन्। यद्यपि बुँदागतरूपमा यसका मुख्य कारण निम्न छन् :

- राहत तथा हानिपूरणसम्बन्धी व्यवस्थाबारे पीडितलाई जानकारी नहुनु।
- राजनीतिक इच्छाशक्ति अभाव।
- स्थानीय शान्ति समितिमा दलीय स्वार्थ हावी हुनु, अन्य सदस्यलाई भूमिका नदिइनु, कर्मचारी जागिरेमात्र बन्नु।
- न्याय निरूपण गर्ने पीडितमैत्री नीति तथा निर्देशिका समयमा तयार नहुनु।
- स्थानीय शान्ति समितिले द्वन्द्वपीडितका निवेदन छानबिन नगर्नु, बेवास्ता गर्नु।
- विचाराधीन मुद्दा किनारा नलाग्नु, पीडितले हानिपूरण र न्याय तथा पीडकलाई जिम्मेवार नबनाइनु।
- स्थानीय प्रशासन र राजनीतिक दलहरूको भूमिका प्रभावकारी नहुनु।
- पीडितका नाममा पहुँचवाला गैरपीडितले राहत लिनु र उनीहरूलाई कारवाही नहुनु।

१०. निष्कर्ष

सशस्त्र द्वन्द्वका समयमा जिल्लामा भएको क्षतिका सम्बन्धमा अझैसम्म एकिन तथ्याङ्कहरू उपलब्ध हुन सकेको छैन। द्वन्द्वका क्रममा मारिएका, बेपत्ता पारिएका, घाइते, अङ्गभङ्ग भएका नागरिक तथा उनीहरूको परिवारले मात्र जिल्ला प्रशासन कार्यालय र शान्ति समितिको सिफारिसमा राहत पाएका छन्। सम्पत्ति क्षति भएका, विस्थापित भएका परिवारले राहत पाउन सकेका छैनन्। शान्ति सम्झौतापछि मुलुकले शान्ति प्रक्रियामा गति लिने आशा गरिएकामा लम्बिँदो सङ्क्रमणकालका कारण अझैसम्म त्यो पूरा हुन सकेको छैन। शान्ति सम्झौताका क्रममा सरकार, राजनीतिक दल र तत्कालीन नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौता पालना नहुँदा द्वन्द्वपीडितले न्याय प्रत्याभूत गर्न पाएका छैनन्।

११. सुझाव

राज्यले द्वन्द्वपीडितका सवाललाई सहयोग पुग्ने गरी नीति तथा कार्यक्रम सञ्चालन गरी समयमै सम्बोधन गर्न सकेमा मुलुकको शान्ति प्रक्रिया टुङ्गोमा पुग्न सक्छ। यसका साथै सङ्क्रमणकालीन न्यायका संयन्त्र तत्काल स्थापना गरी द्वन्द्वपीडितलाई न्याय दिलाउनतर्फ सम्पूर्ण सरोकारवाला निकायको गम्भीर ध्यान जानु जरुरी छ। द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा संलग्नलाई कारबाही गरी पीडितलाई न्यायको प्रत्याभूतिसहित परिपूरणको व्यवस्था गर्नप्रति राज्य तथा राजनीतिक दल संवेदनशील हुनुपर्छ। द्वन्द्वपीडितलाई राज्यका तर्फबाट प्रदान गरिने राहत तथा सुविधामा एकरूपता ल्याउनुपर्छ। साथै, एकमुष्ठरूपमा राहत व्यवस्था गरिनुपर्छ। पीडित तथा पीडितको परिवारलाई निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्योपचार तथा रोजगारीको व्यवस्था राज्यले मिलाउनुपर्छ। समग्रमा द्वन्द्वपीडितका लागि अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको परिधिभित्र रहेर सत्य, न्याय, हानिपूरणको सुनिश्चिततासहित सङ्क्रमणकाल व्यवस्थापन गर्नु जरुरी छ। अन्तर्राष्ट्रिय सन्धि, प्रथाजन्य अन्तर्राष्ट्रिय कानुन र राज्यका आफ्ना कानुनद्वारा राज्यको दायित्व सिर्जित हुने हुँदा राज्यले गम्भीरपूर्वक आफ्नो दायित्व बहन गर्नु जरुरी छ।

परिच्छेद ३

३.२ रामेछापका हायु जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था

१. पृष्ठभूमि

नेपाल बहुजाति, बहुभाषी र बहुसंस्कृतिको खुला पुस्तकालय हो। विभिन्न जात, भाषा, संस्कृतिभित्रको विविधता र विविधताभित्रको एकता नै नेपालको पहिचान हो। पृथ्वीनारायण शाहले नेपाललाई चार जात ३६ वर्णको साझा फूलबारी भनेका थिए। यो भनाइले कतिपय सन्दर्भमा जातीय विभेदलाई प्रोत्साहन दिएको आरोप पनि खेप्दै आएको छ तथापि यसलाई साँच्चै साझा फूलबारीका रूपमा स्थापित गराउन सक्ने हो भने सबै फूलले बढ्ने, हुर्कने र फुल्ने अवसर पाउने पक्का छ। सबै जात, जाति र भाषा भाषीको भाषा, संस्कृतिको संरक्षणका लागि राज्यले ध्यान दिने र ती भाषा र संस्कृति जोगाएर राख्ने हो भने त्यसले सबै फूल सजिएको बगैँचाको रूप लिन सक्नेमा शङ्का छैन।

संसारमा जातीय प्रथाअन्तर्गत कार्यविभाजन स्थानीय परिवेश र वातावरणका आधारमा भएको पाइन्छ। संसारको कुनाकुनामा अल्पसङ्ख्यक जात जातिको बसोबास छ। तीमध्ये कैयौँ अनन्तको गर्भमा विलीन भैसके, कैयौँ धुकचुक धुकचुक बाँचिरहेका छन् त कैयौँचाहिँ आफ्नो जातीय स्वरूप उजिल्याउँदै गौरव पराक्रमको परिचय दिइरहेका छन्। यस्तै जात जातिले राष्ट्रियताको उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।[1]



हायु बस्ती

नेपालमा पनि आफ्नै भाषा, संस्कार र संस्कृति भएका विभिन्न जात जातिका मानिस बसोबास गर्छन्। आदिवासी तथा जनजाति समुदायका मौलिक भाषा, संस्कार र संस्कृति छन्। ती संस्कार र संस्कृति तथा भाषा देशका अमूल्य गहना हुन्। ती गहनाको पर्याप्त संरक्षण भने हुन सकेको छैन। जसले गर्दा दुर्लभ मानिएका कतिपय अल्पसङ्ख्यक समुदाय र उनीहरूको भाषा तथा संस्कृति लोप भइसकेका छन्। कतिपय यस्ता समुदाय लोप हुने अवस्थामा पुगेका छन्। यस्तै लोपोन्मुख अवस्थाबाट गुज्रिरहेको एक समुदाय हो- हायु।

नेपालमा १ सय २५ जात जातिको बसोबास छ। देशभित्र बसोबास गर्ने व्यक्तिले बोल्ने मातृ भाषाको सङ्ख्या १ सय २३ छ।[2] नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ आएपछि त्यसले नेपालमा पहिलो पटक आदिवासी जनजातिको पहिचान र मान्यता प्रदान गऱ्यो। जसअनुसार यहाँ ५९ जातीय समुदाय आदिवासी जनजातिका रूपमा छन्।[3] लोपोन्मुख वर्गमा परेका १० जातिलाई तिनको जनसङ्ख्याका आकारमा हेर्दा वनकरिया, कुसन्डा, कुशवाडिया वा पत्थरकट्टा, सुरेल, राउटे, हायु, राजी, किसान, लेप्चा र मेचे पर्छन्।[4] यस अध्ययनमा यिनैमध्ये रामेछापमा बसोबास गर्ने हायु जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था प्रष्ट्याउने प्रयास गरिएको छ।

२. अध्ययनको उद्देश्य

रामेछाप जनजाति समुदायको बाहुल्यता भएको जिल्ला हो। यहाँ अति सीमान्तकृत समुदायका पहरी,

१. भूपहरि पौडेल, नेपालको अल्पसङ्ख्यक र लोप हुन लागेको जाति : हायु, पृष्ठ १६
२. राष्ट्रिय जनगणना २०६८
३. कुमार योञ्जन तामाङ : अनलाइन खबर २०७० असोज १
४. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ १५, २०७०

माझी, थामी, सुनुवार र हायुलगायतका जाति बस्छन्। त्यसबाहेक अल्पसङ्ख्यक सीमान्तकृत समुदाय तामाङ, मगर, शेर्पा, राईलगायतका आदिवासी समुदायको पनि बसोबास छ। यिनीहरूसँगै लोपोन्मुख हायु समुदायको समेत बसोबास छ। रामेछाप जिल्ला हायु समुदायको पुर्ख्यौली थलो मानिएको छ। यहाँका हायुको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अध्ययन गरी सार्वजनिक गर्ने र उनीहरूको भाषा, संस्कृति संरक्षण गर्दै आर्थिक तथा सामाजिक हिसाबले समाजको मूलधारमा ल्याउन सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्य यो अध्ययनको छ।

३. अध्ययनको सीमा

हायु समुदायको पुर्ख्यौली थलो रामेछाप जिल्लाको मुडाजोर भए पनि उनीहरू बसाइँ सरेर सिन्धुली, उदयपुर, ओखलढुङ्गा, महोत्तरी, काभ्रेपलान्चोक र सर्लाहीसमेत पुगेका छन्। यस अध्ययनमा रामेछाप जिल्लाबाट बसाइँ सरेर अन्यत्र गएका हायु समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था समेटिएको छैन। केवल रामेछाप जिल्लाका हायु समुदायको अवस्थामात्र उल्लेख छ। अध्ययनका क्रममा हायु समुदायका अगुवासँग भएका कुराकानी तथा सो समुदायबारे विभिन्न पुस्तक, पत्रपत्रिका तथा अध्ययनमा प्रकाशित/प्रशारित सामग्रीलाई स्रोत सामग्रीका रूपमा लिइएको छ।

४. हायु समुदायको आगमन तथा फैलावट

विभिन्न जात जातिको उत्पत्तिका आफ्नै ऐतिहासिक पृष्ठभूमि छन्। नेपालमा विभिन्न जात र समुदायका मानिस कहाँबाट कसरी आए र नेपालमा बसोबास गरे भन्नेबारे कतिपयका लिखित दस्तावेज भेटिएका छन् भने कतिपयका छैनन्। हायु समुदाय नेपालमा कसरी आए, उनीहरूको उत्पत्ति कसरी भयो भन्नेबारे आधिकारिक दस्तावेज अभाव छ। त्यसैले उनीहरूको आगमन भनाइहरूका आधारमा उल्लेख गर्नुपर्ने अवस्था छ।

यो जाति कहाँबाट कहिले नेपाल आयो, पुर्खा र पुर्ख्यौली थलो कहाँ छ ? केही भन्न सकिन्न। पुर्ख्यौली अन्धकार भएझैँ यसका अन्य मान्यता पनि एक किसिमले अन्धकारमा नै विलय हुन लागेको अनुभव हुन्छ।[५]

'हायु समुदाय श्रीलङ्काबाट नेपाल आएको भनाइ पाइन्छ। लङ्कामा राम र रावणबीच लडाइँ चलेपछि युद्धका कारण बस्न नसक्ने अवस्था भयो। एकै परिवारका पाँच भाइ आफ्ना वाद्यवादनका सामान बोकेर त्यहाँबाट निस्किए। तीमध्ये कान्छो भाइले ठूलो ढोल बोकेको थियो। हिँड्दै आउँदा सुनकोसी नदी तरेपछि अरु भाइ धेरै अघि बढे। कान्छो भाइ हिँड्न सकेन। अगाडि बढेका भाइमध्ये जेठो दोलखाको सुरी पुगे। उनलाई सुरेल भनियो। माहिलो भाइ रामेछाप र ओखलढुङ्गा क्षेत्रको माथिल्लो भागमा पुगे, उनका सन्तानलाई सुनुवार भनियो। साहिँलो भाइ अझ पूर्व पुगे, उनका सन्तान राई भए। काहिँलो भाइले त्योभन्दा पनि टाढा पुगेर बस्ती बसाए। उनका सन्ताल लिम्बु भए। हिँड्न नसकेका कान्छा सुनकोसी तरेर रामेछापको मुडाजोर भन्ने ठाउँमा पुगेर ढोल बिसाए। त्यहीँ खोरिया फाँडेर बसे, उनका सन्तान हायु भए।'[६]

जहाँबाट जसरी आएका भए पनि हायुहरूको पुर्ख्यौली थलो रामेछापको (हाल रामेछाप नगरपालिकाभित्र पर्छ) मुडाजोर भएको विषयमा भने एकमत पाइन्छ। 'रामेछापको मुडाजोरमा आएर बसेका हायु विस्तारै विभिन्न ठाउँमा सर्दै बस्न लागे। रामेछापको मुडाजोरबाट ओखेनी र रामेछापमा पनि हायुहरूको बस्ती विस्तार भएको छ। अहिले सिन्धुली, उदयपुर, ओखलढुङ्गा, महोत्तरी, काभ्रे र सर्लाही जिल्लामा पनि हायुको बसोबास छ। तर ती सबै रामेछापको मुडाजोरबाट नै बसाइँ सरेर गएको देखिन्छ।'[७]

५. हायु समुदायको अवस्था

हायु सोझो र इमानदार जाति मानिन्छ। 'हायु जातिका मान्छे न अग्लो न होचो ठिक्कको मङ्गोल कदका हुन्छन्। तिनका आँखा चिम्सा परेका पनि हुँदैनन् र बाहिर फुत्त निस्किएका पनि हुँदैनन्। धरैजसोको अनुहार लाम्चो नै हुन्छ। पुरुषभन्दा महिला बढी मङ्गोल जस्ता देखिन्छन्। पुरुष त कोही दनुवार जस्ता, कोही घर्ती जस्ता, कोही नेवार जस्ता कोही क्षत्री जस्ता मिश्रित रूपका देखिन्छन्। यिनीहरू आफ्नो कुरा अरुलाई बताउन चाहँदैनन्। बताए देवीले सहँदिनन् भन्छन्। सोझा पनि छन्। सदियौँदेखि हेपिँदै आएका छन्।'[८]

---

५. शंकरप्रसाद सत्याल : हायु जातिको संस्कृति, उषा, वर्ष ५ अङ्क ४ २०३१ वैशाख, पृष्ठ २१
६. धनबहादुर हायु रामेछाप : २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
७. ऐजन
८. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ४९-५०, २०७०

'हायु समुदाय सोझो भएकै कारण उनीहरूले सरकारी सेवामा प्रवेश पाउन सकेनन्। त्यसैले एउटा पुस्ताले सरकारी सेवामा प्रवेश पाउने आशमा आफ्नो थर हायुबाट राई पनि लेखे। यसले हायु समुदायको अस्तित्व नै सङ्कटमा पर्ने अवस्था सिर्जना भएको थियो। तर जब सरकारले हायु समुदायलाई लोपोन्मुख समुदायमा राखी सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने निर्णय गऱ्यो त्यसपछि हायु समुदायका थर परिवर्तन गरेका मानिसले पनि पुन: आफ्नै थर लेख्न लागे।'[९]

'२०६८ सालको तथ्याङ्कअनुसार रामेछाप जिल्लामा हायु समुदायको १ सय ३९ घरधुरी छ। हायुहरूको बसोबास रहेको साविकको ओखेनी, सुकाजोर र रामेछाप गाविस हो भने हाल यो समुदाय रामेछाप नगरपालिकामा पनि छन्। २०६८ सालको जनगणनाअनुसार हायुको जनसङ्ख्या रामेछापमा ९ सय ३६ छ।'[१०] '२०६८ को जनगणनाभन्दा अहिले हायुको जनसङ्ख्या बढेको छ। रामेछाप नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता लिने हायुहरूको सङ्ख्या अहिले १ हजार ३४ पुगेको छ।' 'साविकको ओखेनी गाविस-३ बाट सामाजिक सुरक्षा भत्ता लिने हायुहरूको सङ्ख्या ६० छ। जसमध्ये महिला ३२ र पुरुष २८ जना छन्। त्यसैगरी साविकको रामेछाप गाविस-५ बाट १ सय ५९ महिला र १ सय ३१ पुरुष गरी २ सय ९० जनाले सामाजिक सुरक्षा भत्ता बुझ्छन्। साविकको सुकाजोर गाविस-७ बाट २ सय ७४ महिला र २ सय २७ पुरुष गरी ५ सय १ जनाले सामाजिक सुरक्षा भत्ता बुझ्छन्। साविकको सुकाजोर गाविस-८ बाट ८३ महिला र १ सय जना पुरुष गरी १ सय ८३ जनाले सामाजिक सुरक्षा भत्ता बुझ्ने गरेका छन्।'[११]

सरकारी सेवामा कार्यरत र सेवा निवृत्त भएका हायु समुदायका मानिसले सामाजिक सुरक्षा भत्ता पाउँदैनन्। नेपाल सरकारको नीतिअनुसार दोहोरो सरकारी सेवा लिन नपाउने भएकाले उनीहरूले सो सुविधा नपाएका हुन्। 'रामेछापका हायु समुदायका १७ जना मानिस अहिले सरकारी सेवामा कार्यरत छन्। १३ जना सरकारी सेवाबाट निवृत्त भई पेन्सन बुझ्छन्।'[१२] यस हिसाबले सामाजिक सुरक्षा भत्ता बुझ्ने १ हजार ६४ जना र भत्ता नबुझ्ने ३० जना गरी रामेछापमा अहिले हायुको जनसङ्ख्या १ हजार ९४ पुगेको देखिन्छ।

६. हायु समुदायको आर्थिक अवस्था

हायु समुदाय जन साङ्ख्यिकी हिसाबले लोपोन्मुख समुदायअन्तर्गत पर्छ। यो समुदाय आर्थिक हिसाबले पनि सीमान्तकृत र विपन्न छ। विगतको तुलनामा आर्थिकरूपमा उनीहरूको अवस्थामा केही सुधार भए पनि समग्रमा दयनीय नै छ। १ हजार ९४ जनामध्ये सरकारी सेवामा १७ जनामात्र कार्यरत रहनुले पनि उनीहरुको अवस्था बुझ्न मद्दत गर्छ। केहीले विभिन्न सामाजिक सङ्घसंस्थामा काम गर्ने मौका पाए पनि त्यो सङ्ख्या खासै उल्लेखनीय छैन। अधिकांशको प्रमुख पेशा अन्य नेपालीको झैं कृषि नै छ। केहीले भने होटल व्यवसाय गरेको पाइन्छ। समग्रमा यो समुदायका मानिसको आर्थिक अवस्था राम्रो देखिँदैन।

'पहिला त हायुहरू कमैयाका रूपमा नै थिए। रामेछापको भङ्गेरीका नेवारहरूको कमैयाका रूपमा हायुहरूले काम गरेको देखिन्छ। भङ्गेरीका नेवारहरूको सुनकोसी किनारको विर्ता टारमा रहेको जग्गामा हायुहरू कमैयाका रूपमा काम गर्थे। उनीहरू पुस्तौँसम्म कमैया बसेका थिए। विस्तारै आर्थिक अवस्थामा केही सुधार भएपछि उनीहरू त्यहाँबाट मुक्त हुँदै आएको देखिन्छ। अहिले पनि सात घर हायु परिवार कमैयाका रूपमा नै विर्तामा नेवारहरूको जग्गामा काम गरेर बसिरहेका छन्।'[१३]

'पहिला छोराछोरी पढाउने चलन थिएन। अहिले सबैले छोराछोरी पढाउन थालेका छन्। परिवार नियोजनप्रति अहिले हायुहरू सचेत छन्। पहिला परिवार नियोजनको बारेमा चासो नराख्ने हायुहरू अहिले बढी बच्चा जन्माउन चाहँदैनन्। अहिले बढीमा दुईदेखि चार जनासम्म बच्चा जन्माउने गरेका छन्।'[१४]

सरकारले हरेक हायुलाई सामाजिक सुरक्षा भत्ताका रूपमा मासिक १ हजार रुपियाँ दिने गरेको छ। साथै विद्यार्थीलाई विद्यालय तहमा छात्रवृत्तिको पनि व्यवस्था गरेको छ। यसले उनीहरूको जीवन निर्वाह र

---

९. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी
१०. धनबहादुर हायु : रेडियो तीनलाल एफएम ८८.६ मन्थली, कार्यक्रम साझा चौतारीमा २०७२ मङ्सिर १२ गते साँझ ७:३० बजे प्रशारित
११. कल्पना रसाइली, सामाजिक परिचालक रामेछाप नगरपालिका : २०७२ मङ्सिर ८ गते गरेको कुराकानी
१२. धनबहादुर हायु रामेछाप : २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
१३. ऐजन
१४. ऐजन

वृत्ति विकास केही सहज भएको छ तर पनि आवश्यक परिवर्तन भने हुन सकेको छैन।

७. हायु समुदायको सामाजिक अवस्था

हायु समुदाय सुरुमा रामेछापको मुडाजोरमा आएर बसेको देखिन्छ। बाहिरबाट आएर बस्ती बसाएकाले लामो समयसम्म उनीहरू सामूहिकरूपमा नै बसेको देखिन्छ। अहिले पनि अधिकांश ठाउँमा उनीहरूको सामूहिक बस्ती नै छ तर कतिपयका घर भने अलगअलग पनि छन्।

'हायुका घरहरू एकै ठाउँमा झुरूप्प परेका पनि छन् र फरक पनि छन्। एकतले साना र पुरानो खालको डल्ला घर र कसैकसैको घरसँगै गाईवस्तु राख्ने सानो मतान हुन्छ। फलफूल लगाउने, करेसाबारी सिँगार्ने कला यिनमा त्यति छैन। घरमा मौरीको घार राख्ने, कुखुरा पाल्ने, गाई पाल्ने गरेको देखिन्छ।'[१५]

क्र.सं.	विवरण	महिला	पुरुष	जम्मा
१.	रामेछाप जिल्लामा हायुको घरधुरी सङ्ख्या	-	-	१३५
२.	जनसङ्ख्या	५४५	५१५	१०६४
३.	सरकारी सेवामा कार्यरत	१	१६	१७
४.	सरकारी सेवाबाट अवकास प्राप्त	-	१३	१३

हायु समुदायका थर कति छन् भन्नेसमेत एकिन छैन। 'कसैले हायु समुदायका ४ थर र ८ उपथर भएको बताएका छन्। कसैले ८ थर र ७ उपथर बताएका छन्। हायु समुदायका अगुवा स्वयम्समेत आफूहरूको कति थर हुन्छ भन्ने बताउन सक्दैनन्। 'कसैले ४ गोत्र र ८ थर भन्छन्। कसैले १ थर र ९ उपथर भन्छन् तर आफ्नै थर वा गोत्रमा भने विवाहबारी गर्नुहुँदैन।'[१६]

'हायु समुदायका ८ प्रमुख थरमा दोफोम, याखुम, वालुङ, कमलेश्चो, वगलेश्चो, वेचेरेस्तो, दिकतिचो र कुँओसिङो प्रचलनमा छन्। यसभित्र अरू पनि उपजात छन्। तर त्यसको न व्यवस्थित अभिलेख नै छ न त विभिन्न अनुसन्धानकर्ताका बीचमा एकरूपता नै।'[१७]

हायु समुदायमा जेठा बूढाको स्थान सर्वाधिक उचो छ। जेठा बूढा हायु समाजका प्रमुख व्यक्ति हुन्। जेठा बूढालाई गाउँघरको मुद्दामामिला हेर्ने र फैसला गर्ने अधिकार थियो। मुडाजोरमा अहिलेका जेठा बूढा बाह्रौं जेठा बूढा हुन् भनिन्छ। यिनले लिच्छविकालीन पाञ्चालिकको जस्तै तिरोभरो उठाउने, बाटोघाटो, पाटीपौवा बनाउने, मुद्दामामिला हेर्ने काम पाउँथे। यिनलाई हायु सबैले मान्थे। यिनलाई सघाउन गौरुङ र टहलेको पनि व्यवस्था गरिएको हुन्थ्यो।[१८]

८. हायु समुदायको भाषा, संस्कार र संस्कृति

नेपालमा बसोबास गर्ने सबै आदिवासी समुदायको आफ्नै भाषा, संस्कार र संस्कृति छन्। हायु समुदायको पनि आफ्नै भाषा, वेशभूषा, संस्कार र संस्कृति छन्। तर संरक्षण नहुँदा ती विस्तारै लोप हुँदै गएका छन्। 'रामेछापमा हायु भाषामा बोलीचाली हुन छाडेको छ। बोलचालमा नआएपछि हायु भाषा लोप हुन लागेको छ। जिल्लामा हायु भाषा बुझ्ने मानिस २ देखि ४ जनाभन्दा बढी छैनन्। पुराना बूढाहरूको शेष हायु भाषा सदाका लागि लोप हुने अवस्थामा पुगेको छ।'[१९]

'हायु समुदायका पुरुषको मुख्य पहिरन भनेको टोपी अर्थात् चुप्ताङ भोटो, पटुका अर्थात् किक्ताङ, कछाड योक्ताङ, कन्दनी र लँगौटी हो। महिलाले लगाउने पहिरनमा सिप (लामो जामा), चौबन्दी, बस्याङ (पछ्यौरा) पर्छन् तर पहिरनमा आएको आधुनिकीकरणसँगै यी परम्परागत वेशभूषा लोप हुँदै गएका छन्।'[२०]

हायु समुदायको मुख्य वाद्यवादनका यन्त्र भनेका ढोल अर्थात् दुम्की, झ्याम्टा अर्थात् ज्याम्की हुन्। यी दुवै बाजा उनीहरूले लङ्काबाट सँगै ल्याएको मानिन्छ। महाकाली देवी अर्थात् ओप्छेमी रानीको ९ दिनसम्म चल्ने वार्षिक पूजामा बजाइने यी बाजा अघिपछि

१५. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ५१, २०७०
१६. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी
१७. धनबहादुर हायु रामेछाप : २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
१८. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ६९, २०७०
१९. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी
२०. धनबहादुर हायु : रेडियो तीनलाल एफएम ८८.६ मन्थली, कार्यक्रम साझा चौतारीमा २०७२ मङ्सिर १२ गते साँझ ७:३० बजे प्रशारित

झिकिदैन। 'ती सामग्री अरु बेला सयनीहरू गुठघरमा ताल्चा लगाएर राख्छन्।'[२१]

हायु समुदायले मानव जीवनका प्रमुख तीन संस्कारलाई प्रमुख रूपमा मानेको देखिन्छ- जन्म, विवाह र मृत्यु। यी तीन महत्वपूर्ण कार्यमा उनीहरूका आफ्नै संस्कार छन्। यसबाहेक पास्नी र छेवर गर्ने प्रचलन पनि पाइन्छ। उनीहरूका कतिपय संस्कार हिन्दु धर्मावलम्बीसँग मिल्नेखालका देखिन्छन्। पछिल्लो समय कतिपय हायुले ब्राह्मणलाई समेत पुरोहित काम लगाउने गरेका छन् तर संस्कारअनुसार 'यिनीहरूको पनि ब्राह्मण पुरोहित हुँदैन, विधि जान्ने जुनसुकै हायुले परम्परागत संस्कारको काम चलाउँछ।'[२२]

९. जन्मँदाको संस्कार

'हायु समुदायमा बच्चा जन्माएपछि महिलाले १३ दिनसम्म सुत्केरी बार्ने चलन छ। यस्तो बेलामा सुत्केरी महिला मूल ओछ्यानमा जान मिल्दैन। उनीहरू घरको मूल ढोकाबाट बाहिर निस्कन पनि मिल्दैन। बाहिर निस्कनुपरे जस्केलो ढोकाबाट निस्कन्छन्। यस अवधिमा उनीहरूको पानी पनि चल्दैन। १३ दिनको दिन ढोकामा भाले काटेर केराको पात ओछ्याइ बच्चा र आमालाई मूल ढोकाबाट घरभित्र हुलिन्छ। बच्चाको नाम चेलीबेटीले राखिदिने चलन छ।'[२३]

पहिला पहिला घरमा नै सुत्केरी हुने भए पनि अहिले भने धेरैले बच्चा जन्माउने बेला महिलालाई अस्पताल लैजाने प्रचलन छ।

'बच्चा जन्मिएको ६ महिनामा पास्नी गरिन्छ। पास्नीमा मामाले भात खुवाउनुपर्ने चलन छ। यसमा अरु कुनै विधिविधान हुँदैन। पाँच वर्ष ननाघ्दै छेवर गरिन्छ। छेवर गर्दा मामाले कपाल काटिदिन्छन्। कपाल काटेपछि मामाले झर्काको थालमा ल्याएको लुगा भान्जालाई लगाइदिन्छन्। त्यसपछि त्यो झर्काको थाल पनि भान्जालाई नै दिन्छन्।'[२४]

१०. विवाह संस्कार

'सामाजिक संस्कारअनुसार हायु समुदायमा केटी माग्न जानुपर्छ। केटी माग्न जाँदा रित्तो हात जानुहुँदैन। सौगातका रूपमा मादक पदार्थ (जाँड) लग्नुपर्ने हुन्छ। फुपू चेलो मामा चेलो चले पनि नाताभित्र विवाह गर्ने त्यति प्रचलन छैन। सौगात स्वीकारेपछि फेरि मादक पदार्थ (रक्सी) को पुङ र कुखुराको भाले पोथी लिएर केटीको घरमा केटा पक्ष जान्छन्। यो सौगात स्वीकारेपछि विवाहको टुङ्गो लाग्छ।'[२५]

'विवाहमा जन्ती जाँदा बाजागाजासहित बेहुलीको घरमा बेहुलासहित जन्ती जान्छन्। जन्ती जाँदा खाजाको रूपमा चाम्रे अनिवार्यरूपमा लानुपर्छ। साथै पत्रका रूपमा माछा अनिवार्य छ। विवाहमा सिन्दूर, पोते, गहना, लुगाफाटो लगाइदिने चलन छ। विवाहमा ज्वाइँले ससुरालाई ढोगिदिनुपर्छ। बेहुली लिएर बेहुला घर फर्किएपछि बेहुलीलाई घर प्रवेश गराउँदा ढोकामा भाले पूजा गरेर भित्र प्रवेश गराउने चलन छ। बेहुलाबेहुली भालेको रगतमा टेकेर घरभित्र पस्छन्।'[२६]

११. मृत्यु संस्कार

हायु समुदायको मृत्युपछिको संस्कार पनि आफ्नै छ। 'अन्य समुदायको अन्तिम संस्कार नदी किनारमा लगेर गरिने भए पनि हायु समुदायको अन्तिम संस्कार भने बारीको कान्लोमा गरिन्छ। कोसीमा लगेर सेलाउँदा जाडो हुन्छ भन्ने मान्यताअनुसार बारीको कान्लोमा अन्तिम संस्कार गर्ने प्रचलन पाइन्छ। कान्लोमा खाडल खनेर लासलाई पूर्व सिरानी पारेर राखिन्छ। लासमाथि ढुङ्गाको चप्लेटी छापेर पुरिन्छ। लासको माथि सङ्केतस्वरूप झण्डी राखिन्छ। लासलाई पानी चढाउनुका साथै दैनिक उपभोग गर्ने चामल तरकारी आदि पनि चढाइन्छ।

त्यसपछि मृतकका छोराहरूलाई पँधेरोमा लगेर कपाल खौरिइ घरमा ल्याएर राखिन्छ। त्यसपछि उनीहरू कोरा बस्छन्। मान्छे मर्दा दोमासे परेमा तीन दिनमा नै काम हुन्छ। अन्यथा १३ दिनमा शुद्ध कर्म गरिन्छ। शुद्ध कर्ममा सुँगुर काटेर भोज लगाइन्छ। पुरुषको मृत्यु भएमा बुच्चो र महिलाको मृत्यु भएमा भुनी काट्ने चलन छ। शुद्धशान्तिका दिन चेलीबेटीले

---

२१. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ५७, २०७०
२२. भूपहरि पौडेल : नेपालका अल्पसङ्ख्यक र लोप हुन लागेको जाति : हायु, पृष्ठ, ३० : ३१
२३. धनबहादुर हायु : रेडियो तीनलाल एफएम ८८.६ मन्थली, कार्यक्रम साझा चौतारीमा २०७२ मङ्सिर १२ गते साँझ ७:३० बजे प्रशारित
२४. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी
२५. धनबहादुर हायु रामेछाप: २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
२६. निरबहादुर हायु, वादी रामेछाप :२०७२ मङ्सिर १० गते गरेको कुराकानी

सबैलाई गहुँत छर्किएर चोख्याउने चलन छ।'[२६]

'वर्ष दिनसम्म निखित्य बार्नेले टाउकोमा नाम्लो नलगाउने प्रथा नै मुख्य छ। अन्य कृत्यहरू जातिसरह नै गरिन्छ तापनि श्राद्ध गरिँदैन।'[२८] 'पहिला पहिला एक वर्षसम्म सेतो लुगा बार्ने चलन भए पनि अहिले त्यो छुटेको छ। प्राय:ले एक वर्षसम्म चप्पल र टोपी भने सेतो लगाउने चलन छ।'[२९]

१२. हायु समुदायको धर्म संस्कृति

हायु समुदायका कतिपय संस्कार हिन्दु धर्मसँग मिल्छन्। आफन्तको मृत्यु हुँदा चोखो बार्ने, बच्चा जन्मिएको १३ दिनमा चोख्याउने जस्ता संस्कार हेर्दा यिनीहरूले मान्ने धर्म हिन्दु धर्म जस्तो लाग्छ। उनीहरूका कतिपय संस्कार किराँतसँग मिल्छ भने कतिपय संस्कार बुद्ध धर्मसँग पनि मिल्छ। त्यसैले यो समुदायले अहिले मान्ने धर्म यी तीनवटै धर्मको सम्मिश्रण जस्तो देखिन्छ। यस समुदायको मुख्य पर्व भने महकाली देवी अर्थात् ओप्छेमी रानीको पूजा हो। 'हायु जातिले ओप्छेमी रानी भनेर देवीको पूजा गर्छन्। यो मातृपूजाको एउटा रूप हो र मातृसत्ताको स्मृति चिह्न हो। ओप्छेमी प्राचीनकालकी देवी हुन् भन्ने कुरा यिनको कुनै मूर्ति वा प्रतिमा नहुनुले नै जनाएको छ।'[३०]

'हायु समुदायको यो पर्व विजोर वर्षमा माघ महिनाको पूर्णिमापछि आउने विहीबारबाट सुरु भएर मङ्गलबार सम्पन्न हुन्छ भने जोर वर्षमा फागुन महिनामा हुन्छ। अघिल्लो दिनदेखि उपवास बसी चोखो बसेका पुजारीले पहिलो दिन गुठीघरमा गई ढोल र झ्याम्टाको पूजा गर्छन्। सो दिन ढोल बजाइन्छ। दोस्रो, तेस्रो र चौथो दिन पनि पूजापाठ गरी ढोल बजाइन्छ। पाँचौँ दिन पनि पहिलाको जस्तै पाठपूजा गरिन्छ। यो दिन ओप्छेमी देवी जागृत हुन्छिन् भन्ने विश्वास गरिन्छ। पाँचौँ दिन गाउँभरिका घरमा लिपपोत, नुहाइधुवाइ गरी सफासुग्घर गरिन्छ। देवीको पूजाका लागि सबै गाउँलेले सरसामान तयार गरी गुठीमा लैजान्छन्।'[३१]

'त्यस दिन सारा गाउँका मानिस जम्मा हुन्छन्। देवीको पूजा गरी ढोल र झ्याम्टा बजाएर नाचगान गर्दै गुठीघरबाट देवीथानमा जान्छन्। पूजामा अक्षता फूलपाती, धूप चढाइन्छ र भाले काटिन्छ। रातभरि गाउने र बजाउने काम हुन्छ। देवीको पूजा सकिएपछि त्यसको भोलिपल्ट दिनभरि कुनै कार्यक्रम हुँदैन। भोलिपल्ट साँझबाट दुई दिनसम्म नाचगान र भोज खाने काम हुन्छ। यसमा मुख्य गीत गाउने गाउँका बूढापाका हुन्छन्। जसलाई हायु भाषाको गीत गाउन आउँछ त्यसलाई केटाहरूले साथ दिने र ढोल तथा झ्याम्टा बजाएर नाच्ने गर्छन्।'[३३]

'आखिरी बिहीबार र शुक्रबारका दिन गाउँका सबै घरमा पालैसित नाच लगिन्छ र आँगन र घरभित्र समेत नचाइन्छ। नाच सकिएपछि ढोल र झ्यालीलाई चोखो ठाउँमा राख्छन् र नाच्ने/गाउने दर्शकहरू मादक पदार्थ (छ्याङ, जाँड) खान थाल्छन्। छ्याङलाई देवीको प्रसाद मान्छन् र जसको आँगनमा नचाएको हो सोही घरका मानिसले सो प्रसाद दिने गर्छन्। यसमा पूजा गरिने देवी पनि हायुका पूर्खाहरूसँग लड्का पलङ्काबाट आएकी हुन् भन्ने धारणा छ। यी देवीको थान हायु गाउँको माझमा एउटा काभ्रोको रुखमा त्रिशूल, झण्डी र घण्टा आदिसहित थापिएको हुन्छ।'[३३]

हायु समुदायको कुल पूजा पनि हुने गर्छ। कुल पूजा हरेक वर्षको मङ्सिर महिनाको मङ्गलबार हुन्छ। कुल पूजा सबैले आफ्नो घरमा गर्छन् तर देवाली भने तीन वा पाँच वर्षमा गरिन्छ। देवाली गर्ने ठाउँमा बाँसको टाँड बनाइन्छ। देवालीका लागि प्रतिपरिवार एक पाथीका दरले मादक पदार्थ (जाँड रक्सी) तयार गरिन्छ। सो टाँडमा केरा र भोर्लाको पात राखेर पूजा गरिन्छ। अर्को जातको पत्नी ल्याउनेले टाँडमा चढ्न पाउँदैन। देवालीमा हायु भाषाको गीत गाइन्छ तर यो गोप्य हुन्छ। अरु मानिसले यो गीत सुन्न र देवाली गर्ने ठाउँ हेर्न पनि हुँदैन।[३४]

हायु समुदायले गर्ने अर्को मुख्य पूजा भनेको भूमे अर्थात् भूमि पूजा हो। 'यो पूजा भूमेथानमा गरिन्छ। अन्नपात र मानिसलाई राम्रो होस् भनी यो पूजा गर्ने

---

२६. धनबहादुर हायु रामेछाप: २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
२८. शंकरप्रसाद सत्याल : हायु जातिको संस्कृति, उषा, वर्ष ५, अङ्क ४, २०३१ वैशाख, पृष्ठ २४
२९. ऐजन
३०. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ९१, २०७०
३१. धनबहादुर हायु रामेछाप: २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
३३. धनबहादुर हायु रामेछाप: २०७२ मङ्सिर ११ गते गरेको कुराकानी
३३. भूपहरि पौडेल : नेपालका अल्पसङ्ख्यक र लोप हुन लागेको जाति : हायु, पृष्ठ २९
३४. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी

गरिन्छ। उनीहरूले यो पूजा जेष्ठ शुक्ल पक्षको मङ्गलबार पारेर गर्छन्। भूमे पूजामा राँगाको बली दिइन्छ। गाउँभरिका मानिस जम्मा भएर राँगोलाई बाण हानेर मारेर बली दिन्छन्।' राँगाको मासु दामासाहीले भाग लगाएर घरघरमा लगेर पकाएर प्रसादका रूपमा खान्छन्।[३५]

'राँगाको टाउको जेठा बूढाको हुन्छ। भूमे पूजाको ३ दिनअघि र पछिसम्म त्यस क्षेत्रका व्यक्तिले खनजोत गर्नुहुँदैन र ढिकीजाँतो पनि चलाउनुहुँदैन भन्ने चलन छ। देवतालाई चढाउने चामलसमेत ढिकीमा कुटेको हुनुहुँदैन भनिन्छ।'[३६] 'देवतालाई चढाउने चामल हातले धानको बियाँ उधारेर तयार गरिन्छ।'[३७]

हायुहरू वायुप्रति खुब विश्वास गर्छन्। उनीहरू वायुलाई द्यौ भन्छन्। हायु समुदायको रखवारी र रक्षा द्यौले गर्छन् भन्ने उनीहरूको विश्वास रहेको छ। कसैले हायु समुदायको सामान चोरी गर्न लाग्यो भने द्यौले उसलाई त्यहीँ कक्र्याएर राख्छन् भन्ने उनीहरूको विश्वास छ। यसैगरी हायु समुदायको मूल ढोकामा कोही उभियो वा पूजा कोठामा गयो भने वायु लाग्छ भन्ने उनीहरूको विश्वास छ। 'द्यौले भेट्यो भने जतिसुकै औषधि र झारफुक गरे पनि निको हुँदैन। जसको घरको द्यौ लागेको हो उसैले परपुकारा गरेर थन्क्याएपछि मात्र निको हुन्छ भन्ने विश्वास छ।'[३८]

१३. हायु समुदायमा देखिएको समस्या

हायु लोपोन्मुख समुदाय हो। जनसङ्ख्याका हिसावले जिल्लामा १ हजारको हाराहारीमा रहेको हायु समुदाय जन साङ्ख्यकी हिसावले कम भए पनि आफ्नै भाषा, संस्कृति, वेशभूषा र संस्कारले पूर्ण समुदाय मानिन्छ। तर उनीहरूको भाषा, संस्कार र संस्कृतिको उचित संरक्षण हुन नसक्दा हायु जातिको भाषा लोप हुने अवस्थामा पुगको छ। आर्थिक विपन्नताकै कारण उनीहरूले आफ्ना कतिपय संस्कारसमेत छाडेका छन्। हायु समुदायको प्रमुख अन्नका रूपमा रहेको रातो घैया र कागिनो उनीहरूले लगाउनै छाडेका छन्। आफ्नो संस्कारसँग जोडिएको घैया र कागिनोको न्वागी खाने संस्कार गर्न नसक्दा उनीहरूले यो संस्कार नै छाडेको देखिन्छ।

यसैगरी राज्य र विभिन्न सामाजिक संस्थाले हायु समुदायको आर्थिक तथा सामाजिक सुधारका लागि कार्यक्रम सञ्चालन गरिरहेका भए पनि त्यसले आशातीत परिवर्तन ल्याउन सकेको छैन। अहिले पनि सात घर हायु भूमिहीन छन्। कतिपयको अहिलेसम्म नेपाली नागरिकताको प्रमाणपत्रसमेत बन्न सकेको छैन। रोजगारीको क्षेत्रमा पनि उनीहरूको अझै पहुँच देखिएको छैन। बालबालिकालाई सबैले विद्यालय त पठाउन लागेका छन् तर बालबालिकाको विद्यालय छाड्ने दर पनि उत्तिकै देखिएको छ। उच्च शिक्षा प्राप्त गर्नेहरूको सङ्ख्या यस समुदायमा अहिले पनि औँलामा गन्न सकिन्छ। एकै वाक्यमा भन्ने हो भने हायु समुदायको अहिले पनि नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार स्थापित हुन सकेको छैन।

४०. निष्कर्ष र सुझाव

हायु जातिलाई नेपाल सरकारले अत्यन्तै लोपोन्मुख जातिका रूपमा राखेको छ। विक्रम संवत् २०६८ को जनगणनाअनुसार नेपालभरि यो जातिको सङ्ख्या २ हजार ९ सय २५ छ। जसमध्ये हायु भाषा बोल्नेको सङ्ख्या १ हजार ५ सय २० छ। हायु जातिको मूल बसोबास रामेछाप जिल्लाको साविकका सुकाजोर, रामेछाप र ओखेनी गाविसका केही वडामा छ। २०६८ सालको जनगणनाअनुसार हायुको जनसङ्ख्या रामेछापमा ९ सय ३६ छ।

भाषा, संस्कार र संस्कृतिको धनी हायु समुदाय नागरिक, राजनीतिक, आर्थिक र सामाजिकरूपले निकै पछि परेको छ। उनीहरूको भाषा, संस्कार र संस्कृति रक्षाका लागि राज्यले ध्यान दिनु आवश्यक छ। अन्यथा यो समुदायको भाषा, संस्कार र संस्कृति केवल इतिहास बन्नेछ। रामेछाप जिल्लामा हायु भाषा बुझ्ने मानिस चार जनाभन्दा बढी छैनन्। त्यसैले हायु समुदायको भाषा लिपिबद्ध गरी यसको प्रबर्धन गर्नु पनि उत्तिकै आवश्यक छ। यसैगरी उनीहरूको संस्कार संरक्षणका लागि राज्यले हायुहरूको गुठीलाई सहयोग गर्नुपर्छ। अनि रोजगारीमा उनीहरूका लागि विशेष आरक्षण र उच्च शिक्षामा छात्रवृत्तिलगायत व्यवस्था गरिनु जरुरी छ।

---

३५. ऐजन

३६. डिआर पोखरेल : हायु जातिको लोकजीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ९७, २०७०

३७. निरबहादुर हायु, वादी रामेछाप : २०७२ मङ्सिर १० गते गरेको कुराकानी

३८. ऐजन

परिच्छेद ३

३.३ मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा

१. भूमिका

विवाद समाधानका विभिन्न उपायमध्ये मेलमिलाप एक हो। जसमा दुई वा दुईभन्दा बढी पक्षबीच उत्पन्न विवाद समाधानका लागि तेस्रो पक्षका माध्यमबाट वार्ता र सहमतिका आधारमा विवाद समाधान गरी निकास खोजिन्छ। निर्णय लिने अधिकार तेस्रो पक्षलाई हुँदैन तथापि विवादित पक्षलाई स्वीकार्य हुने गरी उपाय खोजी गरी समस्या समाधानका लागि मध्यस्थकर्ताको माध्यमबाट महत्वपूर्ण भूमिका निर्वाह गरिएको हुन्छ। अङ्ग्रेजी भाषाको 'मेडिएट' बाट आएको शब्द 'मेडिएसन' लाई नै मेलमिलाप भन्ने गरिन्छ। जसको अर्थ मध्यस्थता गर्नु तथा बीचमा रहनु भन्ने हो। अदालतमा परेको मुद्दामा कुनै एक पक्षको हकमा फैसला हुने गर्छ जहाँ एक पक्षको जीत हुन्छ भने अर्को पक्षले हार स्वीकार गर्नुपर्छ। तर मेलमिलापको अवधारणा भनेको हार-जीत नभई विवादित विषयमा दुवै पक्षको जीत-जीतको अवस्था कायम गरी विवादको वैकल्पिकरूपमा समाधान निकाल्नु हो।

विवाद समाधान गर्ने प्रक्रियामा मेलमिलापकर्ता विवाद समाधान गर्ने माध्यममात्र नभई दुवै पक्षको सहमतिमा उपयुक्त निर्णय गर्ने र उक्त निर्णयमा विवादित पक्षको सहमति खोजिन्छ। विवाद समाधान र द्वन्द्व समाधानको एउटा प्रक्रियाका रूपमा मेलमिलापको अवधारणा संसारभर लोकप्रिय बन्दै गएको छ। विवाद समाधानमा पक्षहरू स्वयम्को निर्णायक भूमिका, न्यायको लोकतान्त्रिकता, न्यायको पहुँचमा सहजता र सरलता, वास्तविकता, जीत-जीतको अवस्था र औपचारिकताले नै मेलमिलाप प्रक्रियाको महत्व बढ्दै गएको छ।[१]

विवाद समाधानको वैकल्पिक उपायबारे संविधान र कानुनले धेरैपछि मात्रै ऐन/कानुन बनाइ व्यवस्था गरेको पाइन्छ। तर समाज स्थापनासँगै उत्पन्न हुने विवाद समाधानका लागि विभिन्न प्रकारका औपचारिक तथा अनौपचारिक प्रक्रिया तथा प्रथा प्रचलनमा रहेका पाइन्छ। यस्ता प्रथा/प्रचलन स्थान, समय र परिवेशअनुसार फरक फरक छन् भने कतिपय प्रथा/प्रचलन प्राचीनकालदेखि नै निरन्तररूपमा चल्दै आएका छन्। कतिपय भने समय/परिस्थितिअनुसार परिवर्तन भएका पाइन्छ।

यसै क्रममा समाजमा सिर्जित विवाद समाधान गर्ने औपचारिक प्रक्रियाका रूपमा मुस्ताङ जिल्लामा मुखिया प्रथा प्रचलनमा छ। यो जिल्लामा बसोबास गर्ने जात जातिमध्ये बाहुल्यताचाहिँ थकालीको छ जसलाई थकाली इलाका पनि भन्ने गरिन्छ। जिल्लाको थाक्खोला, दक्षिणमा घाँसा र उत्तरमा जोमसोमसम्मको इलाकालाई थकाली इलाका भन्ने गरिन्छ। थकाली आदिवासी जनजाति समुदायभित्र सूचीकृत छ। उनीहरूको आफ्नै प्रचलन, चालचलन र पहिचान छ। यो समुदाय वा जातिले प्राचीन समयदेखि नै आफ्नो प्रथा/प्रचलनलाई समाजमा स्थापित गराउँदै सोहीअनुसार आफ्ना क्रियाकलाप सञ्चालन गर्दै आएको छ। यस्तै प्रथा र प्रचलनमध्ये समाजमा सिर्जित विवाद समाधानका लागि मध्यमार्गी बाटोका रूपमा मुखिया प्रथा परम्पराकालदेखि नै प्रचलनमा छ। स्थानीय स्तरमा उत्पन्न विवाद स्थानीय तहबाटै समाधान गर्ने वैकल्पिक उपायका रूपमा मानिने मेलमिलाप जस्ता प्रक्रियाका माध्यमबाट विवाद आपसमा निरूपण गर्ने प्रचलनलाई नै मुखिया प्रथा भनिन्छ। जसका माध्यमबाट छिटोछरितो, निष्पक्ष, न्यायमा सबैको पहुँच पुग्ने, सामाजिक मूल्य/मान्यता र संस्कृतिको जगेर्ना पनि हुने भएकाले यो प्रथा वा प्रचलनले निरन्तरता पाएको छ। सोझो अर्थमा भन्दा मेलमिलापका लागि मुस्ताङ जिल्लामा मुखिया प्रथा सर्वमान्य छ।

समाज वा समुदायमा कुनै पनि विवाद उत्पन्न भएको अवस्थामा सबैभन्दा पहिले समाधानका लागि उजुरी दिने स्थानीय निकायका रूपमा मुखिया छ। यो एक प्रकारले प्रथाजनित कानुनका रूपमा स्थापित छ। मुस्ताङमा १६ गाविस छन्। गाविसमा दुई वा चार

१. मेलमिलाप तालिम निर्देशिका- २०६५

मुखिया गाउँ रहने व्यवस्थाअनुसार ६५ गाउँ मुखिया छन्।[२] मुखियाले नै आफ्नो गाउँका सम्पूर्ण विवाद मेलमिलापका माध्यमबाट समाधान खोज्ने गरी जिम्मेवारी लिनुपर्छ। प्रत्येक गाउँको मुखियाले आफ्नो गाउँठाउँको विवाद समाधान गर्नेदेखि लिएर त्यस गाउँका अन्य समस्या समाधानका लागिसमेत पहल गर्छन्। मुखिया प्रथाले सबैलाई छिटोछरितोरूपमा न्याय प्रदान गरेको र पीडित पक्षले न्याय प्राप्तिको समेत अनुभूति गरेको पाइन्छ।

यो प्रथाअनुसार कुनै पनि विवादलाई मुखियाबाहेक अन्य सरकारी निकायमा अगाडि बढाउन प्रायः बन्देज गरिएको हुन्छ। तसर्थ मुस्ताङ जिल्लामा विवादका घटना सरकारी निकायसम्म पुग्नै पाउँदैनन्। गाउँस्तरमा कुनै पनि समस्या आइपरेमा एकलौटी ढङ्गले मुखियाले नै निर्णय सुनाउँथे र त्यो निर्णयलाई कसैले नकार्न सक्ने अवस्था नै थिएन्। मुखियाले नै मिलाउने गर्छन्। परम्परादेखि चल्दै आएको प्रचलन हो मुखिया प्रथा। अहिले आएर सम्पूर्ण स्थानीय बासिन्दाले प्रजातान्त्रिक ढङ्गबाट मुखिया छनोट गर्ने गरेका छन्।[३]

२. अध्ययनको उद्देश्य तथा महत्व

यस अध्ययनको उद्देश्य मुखिया प्रथाका माध्यमबाट कसरी विवाद समाधान गर्ने गरिन्छ र यो प्रक्रिया किन र कसरी विकसित हुँदै आयो भन्नेबारे अध्ययन गर्नु हो। जसका माध्यमबाट जिल्लामा मेलमिलाप, मध्यस्थताको प्रचलन कसरी सुरु भयो भन्नेबारे विश्लेषण गर्नु, यो प्रणाली कत्तिको प्रभावकारी छ र यसले समाजमा के कस्तो प्रभाव पारेको छ भन्नेबारे अध्ययन गर्नु, यो प्रथाअनुसार निर्णय गर्दा कानुनबमोजिम के/कति/कस्ता निर्णय हुने गर्छन् र मुखियाले कतिसम्म न्याय सुनिश्चित हुने वातावरण बनाएका छन् भन्नेबारेसमेत जानकारी लिनु हो। प्रथा परम्परा भनिए पनि कानुनी मान्यतासमेत प्राप्त गरेको विवाद समाधानको वैकल्पिक उपायमध्येको मेलमिलाप प्रक्रियाले समाजमा पारेको प्रभाव अध्ययन गर्दै विश्वमा नै विकसित हुँदै गएको मेलमिलापको अवधारणा समाजमा प्राचीनकालमा के कसरी प्रचलनमा आयो भन्नेबारे खोतल्नु यसको अर्को उद्देश्य हो। साथै यस प्रचलनले समाजमा पारेका राम्रा र नराम्रा पक्ष केलाउँदै यसको कानुनी मान्यताबारेसमेत अध्ययन विश्लेषण गर्नु हो।

३. अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक प्रतिवेदन विश्लेषणात्मक पद्धतिमा आधारित छ। यस अध्ययनमा प्राथमिक स्रोतलाई विशेष प्राथमिकता दिइएको छ। प्राथमिक स्रोतमा मुखिया प्रथाबारे मुखिया, विभिन्न सरोकारवाला निकाय र स्थानीयबासीसँगको कुराकानीमा आधारित सूचना समेटिएको छ। गाउँका मुखिया, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय र पीडित पक्षसँग अन्तर्वार्ता गरेर सूचना सङ्कलन गरी अध्ययनमा समावेश गरिएको छ। साथै मुखिया प्रथाबारे सङ्कलित सूचना तथा अभिलेखको अध्ययन, नेपाल मानव अधिकार वर्ष पुस्तकहरू, मेलमिलापका सवालमा राज्यको नीति तथा कानुनी व्यवस्था, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, टिप्पणी, विशेषज्ञबाट लेखिएका सान्दर्भिक पुस्तक र विभिन्न वेबसाइट अध्ययन तथा सूचना विश्लेषण गरेर यो प्रतिवेदन तयार पारिएको हो।

४. अध्ययनको सीमा

यो प्रतिवेदन मुस्ताङ जिल्लामा प्रचलनमा रहेको थकाली समुदायको मुखिया प्रथामा केन्द्रित छ। विवाद समाधानको वैकल्पिक उपायबारे प्रचलनमा रहेको मुखिया प्रथा, सामाजिक परम्परा, यसले समाजमा पारेको सकारात्मक तथा नकारात्मक प्रभावहरू तथा मुखिया प्रथाबाट सम्पादित काम र त्यसले पीडित पक्षलाई प्रत्याभूत गरेको न्याय जस्ता विषय समावेश छ। साथै मुखिया प्रथाले समाजमा पारेको नकारात्मक असरबारेसमेत औंल्याएर त्यसलाई सुधार गर्नका लागि आवश्यक सुझावसमेत यसमा समावेश छ। औपचारिक कुराकानी, भेटवार्ता, टेलिफोन कुराकानी र अन्य स्रोतबाट प्राप्त सीमित अध्ययन सामग्री प्रयोग गरी यो प्रतिवेदन तयार पारिएको छ। साथै आवश्यकताअनुसार द्वितीय स्रोत प्रयोग गरिएको छ। तर स्रोत सामग्री अभावमा पर्याप्त मात्रामा साहित्य समीक्षा समावेश गर्न सकिएको छैन। यो केवल मुस्ताङ जिल्लामा परम्परादेखि नै थकाली जातिमा प्रचलित मुखिया प्रथाको समग्र अवस्थाबारे केन्द्रित छ।

५. मेलमिलाप प्रणाली परिचय

मेलमिलाप वैकल्पिक विवाद समाधानका विभिन्न उपायमध्येको एउटा हो। यस प्रक्रियामा

२. जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

३. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ पृष्ठ ३०६, इन्सेक

तटस्थरूपमा रहेको तेस्रो पक्षको सहयोगमा विवादित पक्षबीच आपसी सहमति बनाइ विवाद समाधान गर्ने प्रयास गरिन्छ। मेलमिलापकर्ता विवादित पक्षहरूको बीचमा हुन्छ। विवाद समाधानको उपायका रूपमा रहेको मेलमिलापको अर्थ र मेलमिलापकर्ताको भूमिकालाई विभिन्न परिभाषाले पनि प्रष्ट पारेका छन्। ती परिभाषाअनुसार विवादका पक्षबीच मेलमिलाप गराउन एउटा तेस्रो पक्ष आवश्यक हुन्छ जुन तटस्थ र निष्पक्ष हुन्छ। उसले विवादका पक्षहरूलाई सहमतिमा ल्याउन सहजकर्ताको भूमिका निर्वाह गर्छ तर आफैँ भने निर्णय गर्दैन। निर्णय लिने र गर्ने अधिकार भने विवादित पक्षहरूमा नै रहन्छ जुन स्वेच्छिक प्रक्रिया हो।

तेस्रो पक्षले विवाद मिलाउने र राज्य संयन्त्रभन्दा बाहिर विवादको समाधान खोज्ने उपायका रूपमा हेर्दा यसको प्रारम्भ प्राचीन समयदेखि भएको पाइन्छ। खास गरेर विवाद समाधानका लागि मेलमिलापको पहिलो प्रयोग गर्ने श्रेय चीन र जापानलाई जान्छ। प्राचीन समयमा चीन र जापानको मेलमिलाप प्रक्रिया विवाद समाधानको वैकल्पिक उपाय नभएर पहिलो रोजाइ थियो। उनीहरूको परम्परामा हार-जीतको प्राय: विवाद समाधानको स्वीकार्य अभ्यास नभएर शान्ति कायम गराइराख्ने कुरामा केन्द्रित रहेको पाइन्छ।

चीनमा विवाद समाधान गर्ने र सौहार्द कायम गराउने दार्शनिक कन्फ्युसियस (इशापूर्व ५५१-४७९) को विचारको परिणाम मानिन्छ। चिनिया समाजले विवादप्रति मेलमिलापपूर्ण दृष्टिकोण राखेको पाइन्छ। चीनमा विभिन्न समुदाय र संस्कृतिको प्रतिनिधित्व हुनेगरी मेलमिलाप आयोग र समिति बनाउने प्रचलन छ र करिब ८० प्रतिशत देवानी मुद्दा मेलमिलापका माध्यमबाट समाधान हुने गरेको पाइन्छ।[४] आधुनिकरूपमा मेलमिलाप प्रक्रियाको विकास भने १९७० को दशकदेखि मात्र सुरु भएको हो। श्रमसम्बन्धी विवाद सम्बन्धमा मात्र सीमित मेलमिलाप प्रक्रिया अन्य सामान्य विवाद सम्बन्धमा यही बेलादेखि मात्र सुरु भएको हो। सन् १९७१ मा अमेरिकी न्याय विभागको आर्थिक सहयोगमा ल इन्फोर्समेन्ट असिस्टेन्ट एसोसिएसनले नागरिकहरूको विवाद समाधान गर्ने उद्देश्यले मेलमिलाप कार्यक्रम सञ्चालन गरेको थियो। यही नै अदालतद्वारा प्रायोजित पहिलो कार्यक्रम थियो।

यस कार्यक्रमअन्तर्गत साना प्रकारका फौजदारी मामला मेलमिलाप गराइन्थ्यो। मेलमिलापबारे आधारभूत कुराका लागि भएका विचार आदान-प्रदानमा १९८० र १९९१ मा प्रसिद्ध अमेरिकी विश्वविद्यालय हार्वर्ड ल स्कुलले आयोजना गरेको कार्यशाला एउटा कोशेढुङ्गाका रूपमा रहन गयो। त्यसपछि यसमा थुप्रै विद्वान्ले गहन विश्लेषण गरेर मेलमिलाप प्रणालीका सिद्धान्त परिमार्जित गर्दै लगे। साथै यसका सिप र कलाका विभिन्न तरिका आधारभूतरूपमा स्वीकार्नुपर्ने विविध माग समावेश गर्न थाले।[५] आज विश्वका धेरै मुलुकमा मेलमिलाप प्रणालीलाई विवाद समाधानको वैकल्पिक उपायका रूपमा संस्थागत विकास गर्ने प्रयास भइरहेका छन्। अदालती प्रक्रियाभन्दा विवाद समाधानको वैकल्पिक उपायहरूतिर विस्तारै आकर्षण बढ्दै गएको पाइन्छ।

६. नेपालमा मेलमिलाप प्रणालीको व्यवस्था

विवाद समाधानको वैकल्पिक उपायहरू विभिन्न समाजमा विभिन्न स्वरूपमा सदियौँदेखि चलनचल्तीका रूपमा रहे पनि यसको लिखित कानुनी व्यवस्था भने धेरै पछि भएको हो। जसको कारणस्वरूप मध्यस्थतासम्बन्धी ऐन २०५५ आएको छ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा पनि स्थानीय निकाय (नगरपालिका, गाउँ विकास समिति) मा केही न्यायिक अधिकारीको व्यवस्था छ। जसमा कुनै प्रकारका विवाद आएको खण्डमा स्थानीय निकायको दायरा भएका मुद्दाको कारबाही तथा किनारा गर्न सम्बन्धित निकायमा मध्यस्थ समिति गठन गरी सो मुद्दाको कारबाही तथा किनारा गर्न सकिने व्यवस्था छ। गाविसमा मुद्दाहरूको सुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ। जसमा जग्गातर्फ साँधसिमाना, सन्धिसर्पन, आलीधुर, बाँधपैनी, कुलोपानीको बाँडफाँट तथा बाटो वा निकास मिचेका मुद्दा बाली अर्मल मुद्दा, चौपाया हराउने र पाउनेको महलअन्तर्गतको मुद्दा, घर बनाउनेको महलको ८ नं. र ९ नं. अन्तर्गतको मुद्दा, कल्याण धनको महलअन्तर्गतको मुद्दा, नासो धरौटीको महलको ५ नं. अन्तर्गतको मुद्दाबाहेक सो महलअन्तर्गतको अन्य मुद्दा, अंशबन्डा महलको १० नं. अन्तर्गतको इज्जत आमदअनुसार खान/लाउन दिनुपर्ने विषयको मुद्दा, पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तिको सुरक्षासम्बन्धी मुद्दा, अर्काको घरभित्र जबर्जस्ती पसेको, बसेको वा पस्न वा बस्न खोजेको मुद्दा हेर्न सकिनेछ।

४. मेलमिलाप तालिम निर्देशिका- २०६५
५. ऐजन

मध्यस्थले आफूसमक्ष पेस भएको मुद्दामा यथासम्भव सम्बन्धित पक्षबीच वार्ता गराइ मिलापत्र गराउनेछ र मिलापत्र गराउन नसकेमा त्यस्तो मुद्दामा मध्यस्थले ऐनमा व्यवस्था भएको अधिकार क्षेत्र प्रयोग गरी निर्णय गर्नेछ।[६] जिल्ला अदालत नियमावली २०५२ को चौथो संशोधन २०६० मा नियमावलीमा नियम ३२ का थप गरी मेलमिलाप गराउने व्यवस्था छ। यस व्यवस्थाअनुसार कानुनबमोजिम मिलापत्र हुन सक्ने कुनै मुद्दामा पक्षबीच मेलमिलाप गराउनु उपयुक्त छ भन्ने सम्बन्धित इजलासलाई लागेमा बढीमा तीन महिनाको समय दिई स्रेस्तेदार वा सरकारी अधिकृत वा स्थानीय निकाय वा समाजसेवी वा सरकारी अधिकृत वा कानुन व्यवसायी वा शिक्षक वा मेलमिलाप कार्यमा संलग्न रहिआएका व्यक्ति वा संस्थाद्वारा मेलमिलाप गराउने गरी आदेश गर्न सक्नेछ। साथै मेलमिलापसम्बन्धी ऐन २०६८ पनि आएको छ।

मेलमिलापसम्बन्धी ऐन २०६८ अनुसार मेलमिलाप माध्यमबाट छिटो, छरितो तथा सरल प्रक्रियाबाट विवाद समाधान गर्न र विवाद समाधान प्रक्रियालाई कम खर्चिलो बनाइ न्यायमा सर्वसाधारणको पहुँच वृद्धि गराइ सर्वसाधारणको हित र सुविधा कायम गर्न मेलमिलापको कार्यविधिका सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ को उपधारा १ बमोजिम संविधान सभाले यो ऐन बनाएको छ। कुनै सम्झौतामा मेलमिलापद्वारा विवाद समाधान हुनसक्ने विभिन्न व्यवस्था गरिएको छ। कुनै सम्झौतामा मेलमिलापद्वारा विवाद समाधान गरिने व्यवस्था भएकामा त्यस्तो सम्झौतामा मेलमिलापद्वारा विवाद समाधान गरिने व्यवस्था भएकामा त्यस्तो सम्झौता वा सोअन्तर्गत उत्पन्न हुने विवाद सोही सम्झौतामा उल्लेख भएको कार्यविधि पूरा गरी निरूपण गराउनुपर्नेछ।[७]

७. मुखिया प्रथा

नेपालको हिमालपारिको जिल्ला मनेर चिनिने मुस्ताङ जिल्लामा बसोबास गर्ने थकाली जाति यस जिल्लाको आदिवासी हो। यो जातिले आफ्नै पहिचान बोकेको छ। उनीहरूको आफ्नै चलनचल्ती, आफ्नै भाषा र वेशभूषा छ। यो जातिको समाजमा आफ्नै नीतिनियम बनाइ लागु गर्ने व्यवस्था छ। आर्थिक क्षेत्रमा ढुकुटी प्रथा र न्यायिक क्षेत्रमा मुखिया प्रथा नै थकाली जातिको प्रमुख विशेषता हो। समाजमा कसैको आर्थिक अवस्था कमजोर छ भने उसको आर्थिक अवस्था उकास्नका लागि आफ्ना नातेदारबाट आर्थिक सहयोग गर्नुका अलावा समाजका अरु व्यक्तिबाट पनि ढुकुटी खोल्न सहयोग गर्ने प्रचलन छ। समाजमा आधुनिक ब्याङ्किङ प्रणालीको प्रचलनभन्दा पहिलेदेखि नै थकाली समाजमा आर्थिक क्षेत्रमा ढुकुटीको प्रचलन थियो। हरेक समस्याको समाधान आफ्नै समाजभित्रै खोजी समाधान गरिनु यो जातिको विशेषता नै हो।

थकाली जातिको मुख्य विशेषता भनेको मुखिया प्रथा हो। परापूर्वकालदेखि नै यो जातिमा आ-आफ्नो गाउँमा मुखिया छानी गाउँको नेतृत्वको जिम्मा लगाउने चलन चल्दै आएको छ। थकाली जातिको न्यायिक क्षेत्रमा मुखियाको भूमिका उल्लेखनीय छ। न्यायिक सेवा सम्पादन गर्ने कार्यमा मुखिया एउटा जनअदालतका रूपमा रूपान्तरण हुने गर्छ। स्थानीय स्तरमा गाउँबाट छानिएका गाउँ मुखिया प्रणालीबाट समाजको हितमा गाउँलेको सहमतिमा गाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, न्यायिक तथा सम्पूर्ण परम्परागत संस्कार आदिको व्यवस्थापन, संरक्षण र सञ्चालनमा प्रमुख भूमिका निर्वाह हुन्छ।

थकाली समुदायको सवलता र उत्कृष्टताको कारक तत्व आफ्ना लागि आफैँद्वारा कानुन बनाइ त्यही कानुनका आधारमा समाजमा नीतिनिमय लागु गर्नु रहेको छ। सयौं वर्षदेखिको निरंकुश राज्य व्यवस्थामा पनि थकाली पूर्वजहरूले आफूद्वारा आफ्नै हकहितका लागि सिर्जित प्रणाली जोगाइराखेका थिए। यो महान् दूरदर्शिताको उपज हो। यो वस्तुगत यथार्थ कसैले नकार्न सक्दैन। यसरी थकाली समाजमा आफ्नै छुट्टै पहिचान, प्रचलन र रहनसहन चल्दै आएको छ। समाज व्यवस्थित बनाइराख्न, शान्त, भेदभाव तथा अन्यायविहीन बनाउन र व्यवस्थितरूपमा गाउँ चलाउन आफूहरूबाट नै नियम बनाएर लागु गर्ने गर्छन् भने आर्थिक पक्षमा समाजमा सन्तुलन कायम राख्न ढुकुटी प्रथाले ठूलो भूमिका खेलेको छ।

मुस्ताङमा मुखिया प्रणाली एउटा सङ्घीय प्रणालीको स्वरूपमा रहेको पाइन्छ। यस जिल्लाको प्रत्येक गाउँमा मुखिया रहने व्यवस्था छ। प्रत्येक गाउँको आ-आफ्नै नीतिनियम छ। सबै गाउँको नियम एउटै हुँदैन। सबै गाउँको आफ्नै सीमा क्षेत्र हुन्छ। वन, खोलानाला, खेतीपाती गर्ने ठाउँ, पाखो, लेक आफ्नो गाउँको सीमा क्षेत्रभित्र रहेको मात्र प्रयोग गर्ने व्यवस्था छ। पहिलेदेखि नै आफ्नो क्षेत्रफल सिमाना छुट्टाइएको

६. स्थानीय स्वायत्त ऐन- २०५५
७. मेलमिलापसम्बन्धी ऐन- २०६८

र सोभित्रको उपभोग, संरक्षण, प्रयोग सोही ठाउँकाले मात्र गर्न पाउने नियम छ। साथमा गाउँको आर्थिक कारोबारदेखि लिएर समाजिक कारोबारसम्म आ-आफ्नै हुन्छ।

८. मुखिया नियुक्ति प्रक्रिया

सरकारी न्यायिक वा अर्धन्यायिक निकायमा कुनै पनि कर्मचारीले सरकारी प्रक्रियाबाट नियुक्त भैसकेपछि मात्र न्यायिक क्षेत्रमा काम गर्ने अधिकार प्राप्त गर्छ। विवाद समाधानको वैकल्पिक उपायमध्ये मध्यस्थता, मेलमिलापको माध्यमबाट पनि विवाद समाधान गर्नका लागि मध्यस्थकर्ता, मेलमिलापकर्ता आवश्यक पर्छ। जसका लागि जो पायो उसैले मध्यस्थकर्ता, मेलमिलापकर्ता भएर काम गर्न पाइँदैन। मध्यस्थता र मेलमिलाप गर्नका लागि बनेको ऐनअन्तर्गत मध्यस्थता ऐन २०५५, मेलमिलापसम्बन्धी ऐन २०६८ बमोजिम योग्यता पुगेको व्यक्तिमात्र एउटा सक्षम मध्यस्थकर्ता र मेलमिलापकर्ता भई काम वा विवाद समाधान गर्न योग्य हुन्छ।

त्यसैगरी मुखियाको छनोट पनि निश्चित प्रक्रिया पुऱ्याई गर्ने गरिन्छ। गाउँघरमा सबैको सहमतिमा कुनै पनि दुई व्यक्तिको छनोट मुखियाका रूपमा गरिन्छ। मुखिया छनोट भइसकेपछि उसको पदावधि प्राय: १ देखि २ वर्षसम्मको रहन्छ। यो समयावधि सबै थकाली समाजमा रहेको गाउँअनुसार फरक फरक पाइन्छ। प्रत्येक पदावधि सकेपछि पुन: अर्को छनोट हुने गर्छ। यो प्रचलनमा प्रजातान्त्रिक शैलीको माध्यमबाट नै मुखिया छनोट गरिन्छ। कुनै एक परिवारमा वंशानुगतरूपमा उसको जिम्मेवारी पाइने गरेको छैन। अहिलेसम्मको मुखिया प्रथाको अभ्यास हेर्दा यो पदका लागि कसैले पनि दाबी गर्ने गरेको पाइँदैन। यो छनोट प्रक्रिया पूर्णरूपमा सहमति र सहकार्यमा नै हुने गर्छ।

९. मुखियाको काम, कर्तव्य र अधिकार

मुखियाले समाजमा कुनै एक प्रकारको कार्यमात्र नभई सम्पूर्ण कामको जिम्मेवारी लिनुपर्छ। समाजको नीतिनियम बनाउने, सो कार्यान्वयन गर्ने, उल्लङ्घन भएको अवस्थामा कारबाही गर्ने, आर्थिक जरिवाना गर्ने, विवाद समाधानका लागि मेलमिलापकर्ताको भूमिका निर्वाह गर्ने, संस्कृति रीतिरिवाज संरक्षण गर्ने, प्राकृतिक सम्पदाको उपभोग तथा संरक्षण गर्ने कार्यका साथै विकास निर्माण कार्यमा पनि नेतृत्वदायी भूमिका निर्वाह जस्ता कार्य गर्छन्। गाउँमा आवश्यकता पहिचान गरी सो परिपूर्तिका लागि पहल गर्ने कार्य पनि गर्छन्। एउटा निष्पक्ष, न्यायिक समाज स्थापना गरिराख्नमा मुखियाको महत्वपूर्ण भूमिका रहन्छ। अर्को गाउँसँग समन्वय गरी कार्य गर्ने गरिन्छ। गाउँघरको विवाद, व्यक्तिबीचको झगडा, साँधसिमानाको विवाद, जग्गासम्बन्धी विवाद, कुलो नालाको पानी बाँडफाँट, विभिन्न गाउँघरमा हुने विवादको समाधान गर्न मुखियाले प्रभावकारीरूपमा मेलमिलापकर्ताका रूपमा भूमिका निर्वाह गर्छन्।

केही वर्षअगाडिसम्म गम्भीर प्रकृतिका घटना पनि कुनै कानुनी प्रक्रियामा नगई गाउँघरमा नै मिलाउने चलन थियो। तर समय परिवर्तनसँगै हाल आएर यस्तो गम्भीर प्रकृतिका घटना गाउँघरमा मिलाउने कार्य भएको पाइँदैन। समग्रमा मुखियाले गाउँको नेतृत्व गर्ने गर्छन्। सदियौँदेखि चल्दै आएको मुखिया प्रथामा ६१ वर्षको उमेर पुगेपछि कुनै पनि पुरुषले गाउँको कुनै पनि काम गर्न पर्दैन, उसले स्वत: अवकाश पाउँछ। यसैगरी १५ वर्षभन्दा कम उमेर समूहका बालबालिकालाई कुनै पनि काममा लगाउन र श्रममा पठाउन नपाइने नियम छ।[८]

१०. मुखिया प्रथामा उजुरी गर्ने प्रक्रिया

कुनै पनि घटना वा विवाद समाधानका लागि प्रहरी वा कुनै पनि सरकारी निकायमा उजुरी गर्नुपर्दा सम्पूर्ण घटनाको विवरणसहित नाम, थर, ठेगाना खुलाइ सम्बन्धित निकायमा दिनुपर्ने व्यवस्था छ। यसरी नै कुनै पनि विवादलाई मध्यस्थकर्ता वा मेलमिलापकर्ताबाट समाधान गर्ने भएमा पनि सम्बन्धित ऐनमा रहेर उजुरी दिइने नियम छ। तर पनि मुखिया प्रथामा गाउँघरमा भएको विवाद समाधान गर्नका लागि अरु कुनै ठाउँमा नगई सोझै मुखियाकोमा जाने व्यवस्था छ। अहिले महिला पनि विस्तारै सङ्गठित भई कुनै समूह बनाइ महिला हकहितका लागि कार्य गर्ने भएकाले महिलासँग सम्बन्धित घटना भए महिला तथा आमा समूहकोमा उजुरी गर्न जाने प्रचलन सुरु भएको छ।

यसरी कुनै एक पक्षले उजुरी गर्नुपर्दा एक रूपियाँ (समयअनुसार अहिले परिवर्तन भई पाँच रुपियाँ लिएर जाने) आफ्नो गाउँको मुखियाको घरमा लगेर चढाउने र आफ्नो समस्या समाधानका लागि मौखिक निवेदन चढाउने कार्य गर्छ। कहीँ कहीँ पैसासँगै खादा

८. सुकेन्द्र हिराचन थकालीसँगको कुराकानीमा आधारित

पनि चढाइ उजुरी गर्ने गरिन्छ। कुनै एक पक्षबाट पैसा थाप्ने काम गरिसकेपछि उजुरी परेको सम्झिनेछ र झगडिया झिकाउने काम गरिन्छ। झगडिया झिकाउने कार्यमा मुखियालाई सम्बन्धित गाउँका कटुवाल (मुखियाको निर्देशनमा कार्य गर्नका लागि खटाइएका सहयोगीहरू जो एक वर्षका लागि चार जना चुनिएका हुन्छन्) ले सहयोग गर्ने गर्छन्।[९]

११. मुखिया प्रथामा निर्णय गर्ने प्रक्रिया

विवादित कुनै एक पक्षबाट उजुरी परिसकेपछि मुखियाले अर्को मुखिया र अरु केही भलादमी (आवश्यकताअनुसार) लाई मेलमिलापकर्ताका रूपमा बोलाउने गर्छन्। मुखिया एक्लैले कुनै पनि विवादको समाधान गर्दैनन्। मेलमिलापकर्ताका रूपमा रहेका मुखियालगायतले विवाद समाधानका लागि पारस्परिक समाधान खोजेर पारस्परिक लाभ खोज्ने उद्देश्य राख्छन्। यस प्रक्रियामा अक्सर मेलमिलापकर्ताका रूपमा रहेका मुखियालगायतका व्यक्तिले सहजीकरणको तरिका अपनाउँछन् र आवश्यकता पत्ता लगाउने प्रयास गर्छन्। ती विवादित पक्षसँग सल्लाह लिएर समस्या समाधान गर्ने कार्य गर्छन्।

विवाद विभिन्न प्रकारका हुने गर्छन्, जस्तै- व्यक्ति-व्यक्ति वा समूह-समूहबीचको, अन्तरव्यक्तिको, पारिवारिक, सामुदायिक, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय। सामान्यतया गाउँघरमा व्यक्ति-व्यक्ति वा समूह-समूहबीचको विवाद, अन्तरव्यक्तिबीचको विवाद, पारिवारिक विवाद र सामुदायिक विवाद हुने हुँदा यस्ता विवाद नै मुखियासमक्ष आउने गर्छन्। गाउँघरको झगडा, जग्गाको साँधसिमाना, गाउँ-गाउँबीचको विवाद, चोरी, कुटपिट, खेतीपातीसम्बन्धी विवाद जस्ता घटना उजुरी पर्न आउँछन्। पहिले केही गम्भीर प्रकृतिका घटना पनि गाउँमै मिलाउने गरिएकामा हाल भने रोकिएको छ।

कुनै विवाद हुँदा वा सुरु हुनुपहिले नै विवाद नहोस् भन्नका लागि समझदारीमा नै मुखियाले मिलाउने कार्य नगरी वा मुखियाकोमा उजुरी नदिई छरछिमेकी, नातेदारले मिलाउने कार्य पनि हुने गर्छन्। यसरी थकाली समाजमा सम्पूर्ण विवाद समाधान गर्नको लागि मुखियाकोमा नै जान्छ भन्ने छैन। मुखियाले मात्र नभएर मेलमिलापकर्ताको भूमिका छरछिमेकी, नातेदारले पनि निर्वाह गर्छन्। सामान्यतया नातेदारभित्रको विवाद नातेदारले नै मिलाउने गर्छन्। तर नातेदार र छरछिमेकले विवाद मिलाउन नसकेको अवस्थामा मुखियाकोमा उजुरी दिने चलन छ। अंशबन्डा बाँडफाँट, सम्बन्ध विच्छेद जस्ता घटना सहमतिमा मुखियाले मिलाउने कार्य गर्न नसकेको अवस्थामा विवादित पक्षहरू कानुनी प्रक्रियामा नै जाने गर्छन्।[१०]

मुखियाले मिलाएका विवाद

जोमसोम र ठिनी गाउँ (पाँच गाउँ) बीच प्राकृतिक स्रोत परिचालनबाट जम्मा भएको कोषको विषयमा विवाद उत्पन्न भयो। आ-आफ्नै दाबीका कारण ३-४ वर्षसम्म विवाद मिल्न सकेन । दूरी बढ्दै गयो। एकले अर्काको क्षेत्रमा पर्ने स्रोतको उपभोग गर्ने र यही कारण थप विवाद उठ्दै गयो। यत्तिकैमा तत्कालीन गाउँ मुखिया तेजबहादुर थकाली र धनबहादुर थकालीको पहलमा गाउँकै ढुङ्गेगुम्बामा भद्रभलाद्मीसहितको बृहत् भेला डाकियो। जहाँ आ-आफ्नो क्षेत्रका प्राकृतिक स्रोतको उपभोग र संरक्षण गर्ने तथा कोषको समेत उपभोगमा समान दायित्व रहने गरी मिलापत्र भयो।

- जोमसोम गाउँका मुखियासँगको कुराकानीमा आधारित

झगडाको उजुरी परेपछि सर्वप्रथम दुवै पक्षलाई बोलाएर कुरा सुन्ने कार्य हुन्छ। गल्ती कसबाट भएको हो सोको पहिचान गरी गल्ती भएको पक्षलाई क्षतिपूर्तिसहित अवस्था हेरिकन माफी माग्न पनि लगाइन्छ। तर यो कार्य बाध्यकारी भने हुँदैन। यदि कुनै पक्षलाई चित्त नबुझेको अवस्थामा पुनः अर्को समाधानका उपाय निकाल्ने प्रयास गरिन्छ। चोरीको घटनामा कुनै एक पक्षले आफ्नो चोरी भएको सामानको विवरणसहित किटानी उजुरी दिइसकेपछि सो अभियोग लागेको प्रमाणित भएमा वा चोरी गर्ने व्यक्तिले स्वीकार गरेमा क्षतिपूर्तिसहित जरिवाना तिर्ने गर्छ।

मुखिया प्रथामा पहिला कुनै पनि दोषीलाई आर्थिक सजायका साथै शारीरिकरूपमा पनि केही सजाय दिने चलन थियो। जस्तै- कुनै व्यक्तिले समाजको नियमविपरित कुनै गम्भीर कार्य गरेमा मोसो दलेर गाउँ घुमाउने गरिन्थ्यो। तर अहिले त्यस्ता सजाय दिइँदैन। अहिले कुनै पनि विवादको समाधान दुवै पक्षको राजीखुसीमा गरिन्छ। प्रायः घटनामा आर्थिक जरिवाना तिर्न लागाउने र कतिपयमा माफीसमेत माग्न लगाउने गरेको पाइन्छ। यसरी दोषी र निर्दोष पहिचान गर्ने काम मुखियाको हुन्छ।

९. चन्दबहादुर हिराचन थकालीसँगको कुराकानीमा आधारित
१०. सुकेन्द्र हिराचन थकालीसँगको कुराकानीमा आधारित

गाउँमै फर्क्यो विवाद

जोमसोम गाविस-८ र ५ का युवाबीचको कुटपिटले विवादको ठूलै रूप धारण गऱ्यो। उक्त घटनाका पीडित मुखियाकोमा गएनन्, प्रहरीमा उजुरी दिए। प्रहरीले आरोपितलाई गिरफ्तार गरी सार्वजनिक अपराधको घटनामा अनुसन्धान सुरु गऱ्यो। तर पछि जोमसोमका मुखियाले प्रहरीलाई यो मुद्दा हामी आफैँ मिलाउँछौं, तिमी नचलाउ भने। अनि मुखियाकै निर्णयअनुसार पीडित पक्षको उपचार खर्च बेहोर्ने र क्षतिपूर्तिसमेत दिनेगरी उक्त घटनामा मिलापत्र भयो। हाल दुवै पक्षबीच राम्रो मेलमिलाप छ।

मुखिया प्रथाअन्तर्गत कुनै पनि विवादमा भएको मेलमिलापको लिखित अभिलेख राख्ने गरेको पाईंदैन। यसमा उजुरीदेखि लिएर मेलमिलापसम्मका सबै कार्य मौखिकरूपमा नै हुने गर्छ। कुनै लिखित अभिलेख नभए पनि गाउँलेचाहिँ साक्षी हुन्छन्।

१२. मुखिया प्रथाको महत्व र औचित्य

- न्यायिक तथा अर्धन्यायिक निकायको कार्यबोझ कम गर्न मद्दत पुऱ्याउँछ।
- सम्बन्धित पक्षहरूको खर्च र समय बचत हुन्छ।
- विवादित पक्षहरूको समस्या पहिचान भई विवादको टुङ्गो चाँडो लाग्छ।
- समुदायको आपसी मेलमिलाप तथा सामूहिक भावना विकासमा सहयोग पुग्छ।
- न्यायसङ्गत समाधानबाट दुवै पक्षले अधिकतम सन्तोष हासिल गर्न सक्छन्।
- आपसको विवाद समाधान गर्न अदालत नै पुग्ने भन्दा आपसी छलफल र समझदारीबाट नै समस्या समाधानका लागि प्रोत्साहित गर्छ।
- एक पटक समाधान भएपछि पुनः विवाद बल्झने सम्भावना कम हुन्छ।
- समुदायका व्यक्तिले आफ्नो समस्याको न्यायोचित समाधान स्थानीय स्तरबाट नै प्राप्त गर्न सक्छन्।

१३. मुखिया प्रथाबारे मुखिया तथा सरोकारवाला निकायको भनाइ

प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीका अनुसार सामाजिक विकासका हिसाबले मुखिया प्रथा आफैँमा राम्रो प्रथा हो। उनका अनुसार सबै एकजुट भएर मुखियाको आदेशबमोजिम विकास निर्माण तथा अन्य सामाजिक गतिविधिमा सरिक हुने गर्छन् साथै स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको अवस्थामा समेत मुखियाले नै जनप्रतिनिधिको भूमिका निर्वाह गरेको अवस्था छ। जनप्रतिनिधिविहीन अवस्थामा मुखिया प्रथा मौलाएको भनाइ पनि उनको छ। मुखियाले नै समाजलाई गतिशील, चलायमान र अनुशासनमा राख्नका लागिसमेत महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। कानुन कार्यान्वयनको पाटोमा भने मुखियाले नै कर लगाउने र कर उठाउने कार्य गर्नु, अपराधका घटनालाई समेत जबर्जस्ती गाउँमै मिलाउनु, मुखियाको हुकुमी शासन चल्नु जस्ता क्रियाकलापले कानुन कार्यान्वयनको पक्षमा मुखिया प्रथा नकारात्मक भएको प्रजिअ अधिकारीले बताए।

जिल्ला न्यायाधिवक्ता पद्मबहादुर कार्कीका अनुसार मुखिया प्रथाले कानुन कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पारेको छ। जुनसुकै अपराधका घटना भए पनि पहिला मुखियासमक्ष जाने र मुखियाको निर्देशन वा आदेश मान्नुपर्ने बाध्यात्मक अवस्थाले चित्त नबुझ्ने पक्षले समेत कहींकतै उजुरी गर्न नपाउने अवस्था रहेको उनले बताए। अपराधका मुद्दासमेत गाउँमै मिलाउने, प्रहरीमा दर्ता भइहाले पनि जबर्जस्ती मिलाउने, राज्यलाई बुझाउनुपर्ने कर रकमसमेत मुखियालाई बुझाउनुपर्ने, राज्यको कानुनसमेत मुखियाले हातमा लिने गरेको कार्कीको भनाइ छ। जिल्लामा दलित समुदायको अवस्था दयनीय छ। उनीहरू मुखिया शासनबाट पीडित भएको र दमनमा परेको गुनासो गर्छन् तर मुखियाविरुद्ध खुलेर बोल्ने, उजुरी गर्ने अवस्था भने छैन।

राज्यको कानुन एकातिर छ भने मुखियाको छुट्टै राज्यको हालिमुहाली अर्कोतिर छ। कुनै पनि घटनामा मुद्दा चलाउन नहुने, कहींकतै उजुरी गर्न नपाइने यदि गरेमा सामाजिक बहिष्कारमा पर्ने, धम्की खानुपर्ने, मोसो दलेर अमानवीय व्यवहार गर्ने तथा सुरक्षा व्यवस्थामा चुनौती रहेको कार्कीको टिप्पणी छ। दलित तथा अल्पसङ्ख्यक समुदायलाई मुखिया हुन दिइँदैन तर मुखियाको हुकुमी शासन तथा नीति भने उनीहरूले पनि मान्नुपर्ने बाध्यता छ। यद्यपि मुखियाको राम्रो पक्ष भनेको सामाजिक काममा एकरूपता आउनु, सानातिना विवाद गाउँमै मिलाएर राख्नु, गाउँको अनुशासन कायम गर्नु, विकास निर्माण तथा सामाजिक सेवामा समर्पित रहनु भएको भनाइ छ कार्कीको।

स्थानीयबासी तिलक बिकका अनुसार स्थानीय निकाय नभएको समयमा पनि मुखियाले गाउँमा स्थानीय निकायसरह काम गरेका छन्। नीति, संस्कृति, परम्परा, सामाजिक सेवा र विकासका कार्य मुखियाको

मुखिया प्रथा

राम्रा पक्ष

- जनप्रतिनिधिविहीन अवस्थामा विकास निर्माणका काममा सहयोग।
- लोकतान्त्रिक प्रणाली अवलम्बन गरिनु।
- गाउँका नीति नियम र संस्कृतिको संरक्षण प्राकृतिक स्रोतको संरक्षण र उपभोग गर्ने, गाउँ टोलको सरसफाइ तथा व्यवस्थापन र नीति कार्यान्वयन गर्ने।
- गाउँका सानातिना विवाद जुन कानुनी उपचारमा पुग्न सक्दैनन्, तिनलाई गाउँमै मिलाएर मिलापत्र गराइ दुवै पक्षलाई न्याय प्रदानमा सहगोगका लागि मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नु।
- छिटो/छरितो र निष्पक्ष न्याय प्रदान गरी गाउँलाई अनुशासित र व्यवस्थित बनाउनु।
- सामाजिक सेवाका काममा केन्द्रित रहनु। गाउँको अभिभावकसरह रहनु।
- सामाजिक काममा मुखियाले सूचना जारी गरेमा सबै एकजुट भएर सार्वजनिक महत्वका काम गर्नु।

नराम्रा पक्ष

- अपराधका घटना पनि गाउँमै मिलाउन खोज्नु, मिलाउन दबाब दिनु।
- प्राकृतिक स्रोत साधनसम्बन्धी विषयको आम्दानी सङ्कलन आफैं गर्ने र प्रयोग गर्ने। राज्यको राजस्व सङ्कलनमा कमी आउनु।
- राज्यको कानुन कार्यान्वयनभन्दा पनि आफ्नै प्रशासनिक नियमहरू (परम्परागत नीतिनियम) मा जोड।
- दलित, महिला तथा पछाडि पारिएको समुदाय मुखियाको जिम्मेवारी अवसरबाट वञ्चित हुनु।
- मुखियाबाट ज्याला मजदूरीमा फरक मूल्य तय हुनु तथा समान कामको असमान ज्याला व्यवस्था गरिनु।
- मुखियाको आदेश वा निर्देशन बाध्यकारी हुनु।

नियन्त्रणमा छ। यद्यपि दलित, महिला, अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई मुखियाको नेतृत्व गर्ने अवसरबाट वञ्चित गरिएको छ तर मुखियाको नीति निर्देशन तथा आदेश भने मान्नुपर्ने बाध्यता छ। ऐन/कानुन मुखियाले हातमा लिने हुँदा असन्तुष्ट पक्षले समेत कानुनबमोजिमको न्याय प्राप्त गर्न नसक्ने अवस्था रहेको बिक बताउँछन्। साथै कसैले गैरकानुनी क्रियाकलाप गरेमा मुखियाले कारबाही गर्ने र उसले गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्तिसमेत मुखियाले नै कब्जा गर्ने व्यवस्थाले मुखियालाई थप निरंकुश बनाएको र फौजदारी घटनासमेत गाउँमै मिलाउने प्रचलनले पीडित कानुनीरूपमा न्याय पाउनबाट वञ्चित हुने गरेको प्रतिक्रिया बिकको छ।

मार्फा गाविस, एयरपोर्ट गाउँका मुखिया सुकेन्द्रबहादुर थकालीका अनुसार परम्पराकालदेखि गाउँको आवश्यकता भएर नै मुखिया छनोट गर्ने प्रचलन आएको हो। मुखियाले गाउँको विकास निर्माणदेखि लिएर सम्पूर्ण क्रियाकलापमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। समाजले हरेक दुई वर्षमा मुखिया चयन गर्ने गर्छ। मुखियाको जिम्मेवारी धेरै हुन्छ तर सेवा/सुविधा भने केही हुँदैन। सामाजिक सेवाको काम गर्ने हो। गाउँका सानातिना कुरा भनेर झैझगडामा सरकारले वास्ता गर्दैन। त्यो काम मुखियाले मिलाउनुपर्छ नत्र भने समाज अनुशासनबाहिर जान्छ। हालसम्म कुनै पनि गाउँमा महिला मुखिया भएका छैनन्। कुनै विवाद भएमा पहिला मुखियासमक्ष उजुरी दिने र मुखियाले छलफल गरेर मिलाउने गर्छन् भने अलि जटिल समस्या भएमा मुखियासहित सचिव, कोषाध्यक्ष तथा अन्य कार्यकारिणी समितिका सदस्य जम्मा भएर बैठकमा छलफल गरी गल्ती गर्नेलाई कारबाही गर्ने र पीडितलाई न्याय दिलाउने गरिन्छ। गाविस सचिवले समेत गाउँ मुखियासँग सल्लाह गरेरमात्र काम गर्छ। मुखियाको आफ्नै नीतिनियम छ तर राज्यले बनाएको कानुन पनि मान्छौं।

उनी थप्छन्- मुखियाबारे विधान बनाइएको हुन्छ तर कहीं दर्ता गरिँदैन। सामाजिक सेवा तथा गाउँको काममा मुखियाले सहयोगीमार्फत सूचना दिँदा उपस्थित नभएमा दैनिक ५ सय जरिवाना तिर्नुपर्ने व्यवस्थाले सबै गाउँले एकबद्ध भएर आउँछन्। दण्ड/जरिवाना तथा अन्य सामाजिक कामका लागि गाउँमा कोष स्थापना गरिएको हुन्छ। उक्त कोषको सम्पूर्ण हिसाबकिताब पारदर्शीरूपमा गाउँ समाजसामु हरेक वर्ष प्रस्तुत गर्नुपर्छ। गाउँमा मुखिया भएन भने भद्रगोल हुन्छ, कसैले कसैलाई टेर्दैन, गाउँलाई अनुशासित र व्यवस्थित बनाउनका लागि मुखिया प्रथा राम्रो छ। विवाद मिलाउन सक्ने, पढेलेखेको, जानेबुझेको व्यक्तिलाई गाउँलेले मुखिया चयन गर्छन्। मुखिया बदमास वा भ्रष्टाचारी भएमा गाउँमा बदनाम हुन्छ र समाजले उसलाई दुई गुणा सजाय तथा जरिवाना गर्न सक्छ।

जोमसोम गाविसस्थित जोमसोम गाउँका मुखिया चन्द्रबहादुर थकालीका अनुसार परम्परा धान्ने काम, जात्रा, पर्व जस्ता संस्कृतिको संरक्षण गर्ने, जङ्गल, जमिन, पानीको स्रोत

संरक्षण, बालिनालीमा पानीको व्यवस्था गर्ने, बाली संरक्षण, नियम बनाउने र पालना गराउने मुखियाका प्रमुख काम हुन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) सँग समन्वय गरेर जङ्गल खुला गर्ने र संरक्षण गर्ने कार्य पनि प्रभावकारी देखिएको छ। गाउँघरको सरसफाइ, सानातिना झैझगडाका घटना मिलाउने काम पनि मुखियाले गर्ने गर्छ। ज्यानसम्बन्धी मुद्दा अदालत पठाउने र शान्ति सुरक्षा कायम गर्नमा समेत यो प्रथाले सहयोग पुऱ्याएको छ। पीडित तथा झगडियालाई छिटो/छरितो र सर्वसुलभ न्याय दिन मुखिया प्रथाले निरन्तरता पाएको छ। सर्वसाधारणले सरकारी वकिल तथा कानुन व्यवसायीको समेत विश्वास गर्न सक्ने अवस्था छैन। मुद्दा कहिले कहाँ पुग्छ, के हुन्छ भन्ने अविश्वासका कारण मुखिया प्रथा सरकारी निकायभन्दा बढी प्रभावकारी छ।

मुखिया प्रथाका नराम्रा पक्ष पनि छन्, समाजका गुनासा पनि छन्, मुखियाले यसो गऱ्यो, उसो गऱ्यो, यो भएन ऊ भएन भनेर आलोचना पनि हुने गरेका छन्। समयसापेक्षरूपमा काम गर्ने मुखियालाई मध्यस्थता र मेलमिलापसम्बन्धी तालिम जरुरी छ। कसैले सहमति पालना नगरेमा वा चित्त नबुझेको अवस्थामा आफन्तबीच कुराकानी हुन्छ, त्यसमा पनि चित्त नबुझेमा न्यायिक निकायमा जान छुट छ। अब त धेरै मानिस सचेत भैसके, मुखियाको कुरामा असन्तुष्टि जनाउने गरेका पनि छन्, केही विवाद धेरै वर्षदेखि यत्तिकै छन्, अदालत पनि गएका छैनन्। दलित, महिला मुखिया भएका छैनन्। आमा समूहका माध्यमबाट महिलाका समस्या समाधान हुन्छ। मुखिया पनि समयसापेक्षरूपमा सुधार हुनु जरुरी छ।

परम्परागत संस्कार संस्कृतिको संरक्षण गर्दै नयाँ परिवेशअनुसार कानुनसँग तालमेल गरेर मुखिया प्रथाको पनि जगेर्ना गर्नु चुनौतीपूर्ण छ। प्राकृतिक स्रोतको विकास, परिचालन र संरक्षणमा सरकारी निकायसँग मुखियाको तालमेल हुन सकेको छैन। स्थानीय निकायसँग टकरावको अवस्था छ। पहिला केही सामान्य जरिवानाको रकम र समाजले वार्षिकरूपमा दिने अन्न कटुवालले उठाउने र त्यसको उपभोग गर्ने व्यवस्था थियो। हाल आएर मुखियालाई वार्षिक १२ हजार रुपियाँसम्मको सुविधा गाउँलेले दिने व्यवस्था छ। सुविधाभन्दा राम्रो कुरा गाउँमा मुखियालाई समाजले दिएको सम्मान नै हो। मुखिया सबैको हाइहाइ हुन्छ, सम्मान पाउँछ, गाउँको समाजसेवी कहलिन्छ र सोहीअनुसार आफ्नो जिम्मेवारी बहन गरेको हुन्छ- चन्द्रबहादुरको थप भनाइ छ।

१४. मुखिया प्रथाबाट समाजमा परेको प्रभाव (सवल र दुर्वल पक्ष)

थकाली समाजमा विद्यमान मुखिया प्रथाबाट समाजमा स्थिरता कायम राख्न र शान्ति कायम गर्न ठूलो सहयोग पुगेको पाइन्छ। विश्वमा नै मेलमिलापसम्बन्धी सकारात्मक अवधारणा विकास हुँदै गएको अवस्थामा थकाली समाजमा मुखिया प्रथाको प्रचलन एउटा प्रथा वा कानुनका रूपमा रहँदै आएको छ। यसको चलन पहिलेदेखि अहिलेसम्म निरन्तररूपमा चल्दै आएको छ। यसले निरन्तरता पाउनुको प्रमुख कारण नै समाजमा परेको सकारात्मक प्रभाव हो। समाजमा मुखिया प्रथाका निष्पक्ष भूमिका, समाजसेवा तथा विकास निर्माणका काममा सहयोग, कुनै एक वंशका आधारमा नभई लोकतान्त्रिक प्रक्रियाका रूपमा छनोट गर्ने जस्ता धेरै राम्रा पक्ष छन्। यस प्रथाको प्रभाव त्यसैले सकारात्मक बताउँछन् स्थानीय।

उनीहरू मुखियाले गर्ने मेलमिलापको तरिका तथा समाजमा निर्वाह गरेको भूमिका राम्रो भएको बताउँछन्। मुखियाले गर्ने केही निर्णय कानुनविपरित हुन सक्ने सम्भावना न्यूनीकरण गर्न पनि चासो बढेको पाइन्छ। यसका लागि मुखियालाई केन्द्रित गरी कानुनी साक्षरता कार्यक्रम पनि सञ्चालन गरिएको पाइन्छ। यद्यपि मुखियाले आफ्नो गाउँका लागि आफैं नियम बनाउने र त्यसको कार्यान्वयन गर्ने हुँदा राज्यले बनाएका नियम तथा कानुन पालनामा ध्यान दिएको पाइँदैन। यसैगरी मुखियाले आफ्नो क्षेत्रमा कर सङ्कलन गर्ने तर राज्यलाई नबुझाउने हुँदा राजस्व सङ्कलनमा समेत समस्या आएको छ। मुखियाको निर्देशन बाध्यात्मक भएकाले पहुँच नपुग्ने सर्वसाधारण न्यायका लागि अन्यत्र जानबाट वञ्चित हुनुपरेको छ। मुखियालाई समयसापेक्षरूपमा ऐन/कानुनबारे सचेतनामूलक कार्यक्रमहरू राज्यका निकायबाट समेत सञ्चालन हुन नसक्दा परम्परागतरूपमा नै मुखियाले गाउँमा शासन चलाएको पाइन्छ।

१५. सारांश

थकाली समाजमा मुखिया प्रथाले मेलमिलापकर्ताका रूपमा ठूलो भूमिका निर्वाह गर्दै आएको छ। यो समाजमा मुखियाले नेतृत्व लिई समाजको सम्पूर्ण जिम्मेवारी लिने चलन छ। गाउँघरमा हुने गरेका स-साना विवादमा मुखियासमक्ष उजुरी दिने र मुखियाले नै सो विवादको मेलमिलापकर्ताका रूपमा काम गर्ने गर्छन्। उजुरीमाथि आवश्यक सोधपुछ गर्नेदेखि लिएर मेलमिलाप गराउने तथा

दण्ड/जरिवानासमेत गर्नेसम्मको अधिकार मुखियालाई छ। मुखियाको छनोट पनि सामाजिक चलनचल्तीअनुसार नै हुने गर्छ। यसरी थकाली समाजमा रहेको मुखिया प्रथाले एउटा बेग्लै पहिचान, छुट्टै अस्तित्व बोकेको छ। मुखियाको छनोट प्रक्रियादेखि लिएर यसको काम, कर्तव्य र अधिकार सबै समाजमा पहिलेदेखि चल्दै आएको चलनअनुसार नै हुने गरेको पाइन्छ। यस क्रममा हरेक गाउँ समाजले मुखियाका लागि आवश्यक नीति नियमसहितको विधान बनाउने गर्छन्।

नेपालको कानुनी व्यवस्थाबमोजिम मेलमिलापकर्ताका रूपमा कार्य गर्ने मुखियाको छनोट साथै मेलमिलापको कार्य यी मुखियाले गरेका होइनन्। छिटो/छरितो, निष्पक्ष, न्यायमा सबैको पहुँच पुग्ने, सामाजिक सन्तुष्टि, सामाजिक मूल्यमान्यता र संस्कृति जगेर्ना पनि हुने भएकाले यस प्रचलनले निरन्तरता पाएको छ र थकाली समाजमा यो प्रक्रिया सर्वमान्य पनि छ। मुखियाले समाधान गर्न नसकेका घटनामध्ये अदालतसम्म भने नगन्य मात्रामा पुग्ने गरेको पाइन्छ। यदि मुखियाले नीतिनियमविपरित कुनै पनि निर्णय गरेमा वा कार्य गरेमा समाजले समेत मुखियालाई कारवाही गर्ने, जरिवाना लिनेसम्मको व्यवस्था मिलाइएको छ। यसका लागि हरेक पाँच वर्षमा विधान संशोधन गर्ने व्यवस्थासमेत पाइन्छ।

१६. निष्कर्ष

थकाली समाजमा मेलमिलापको कार्य सदियौंदेखि प्रचलनमा पाइन्छ। यस कार्यकै कारण सानातिनादेखि गम्भीर प्रकृतिका मुद्दासमेत अड्डाअदालतमा अत्यन्त न्यून मात्रामा जाने गरेको देखिन्छ। यद्यपि मध्यस्थता ऐन २०५५, मेलमिलापसम्बन्धी ऐन २०६८ लागु भए पनि मुखिया प्रथामा भने यसले कुनै प्रभाव पारेको छैन। मुखिया प्रथाअनुसार गाउँ समाजका लागि आवश्यक पर्ने नीतिनियम समाजले नै बनाएर लागु गर्दै आएको छ। मुखियाका लागि आफ्नै विधान पर्याप्त छ। ऐन आउनुअगाडि नै समाजमा उक्त ऐनको अवधारणा अङ्गीकार गर्दै प्रथाजनित कानुनअनुसार मुखिया प्रथा सुरु भई लागु हुँदै आएको हो। समाजमा जारी मुखिया प्रथाले त्यस समाजलाई व्यवस्थित बनाइराख्नुका साथै दण्डहीनता मुक्त समाज बनाइराख्नमा.ठूलो मद्दत पुऱ्याएको मुखिया तथा स्थानीयबासीको दावी छ। समाजमा मुखिया प्रथाको प्रभाव महत्वपूर्ण छ। हालसम्म पनि यसको महत्वमा कमी आएको छैन। समाजमा मुखियाबाट हुने निर्णयहरू न्यायिक, भेदभावरहित र सकारात्मक असर पर्नेखालको छ। यस अर्थमा थकाली समाजको मेलमिलापसम्बन्धी कार्य निकै प्रभावी छ।

१७. सुझाव

समाजमा सिर्जित विवाद समाधानका वैकल्पिक उपायहरू मध्यस्थता र मेलमिलापको अवधारणा विस्तारै विकसित हुँदै गएको पाइन्छ। जसको फलस्वरूप नेपालमा पनि मध्यस्थता ऐन २०५५ र मेलमिलापसम्बन्धी ऐन २०६८ को व्यवस्था भएको छ। तर सदियौंदेखि थकाली समाजमा मुखिया प्रथाको प्रचलन एउटा प्रथाजनित काननुका रूपमा प्रचलनमा छ। यी ऐन व्यवस्था हुनुअगाडि नै थकाली समाजमा प्रथाजनित कानुन प्रचलनमा थियो। मुखियाको विभिन्न काम कर्तव्यमध्ये समाजमा उब्जिएका विवाद समाधान गर्ने पनि एक प्रमुख हो। आ-आफ्नै गाउँको मुखियाले आफ्नो गाउँको सीमा क्षेत्रभित्र रहेर कार्य गर्ने गर्छन्। यसले समाजमा एउटा न्यायोचित वातावरण सिर्जना गराई विवादित पक्षबीच पनि आत्मीयताको भावना जगाउने कार्य गरी व्यवस्थित समाज निर्माणका सघाएको अवस्था छ।

यसरी अहिले आएर मेलमिलापसम्बन्धी ऐन व्यवस्था भएकामा कानुनले समाजमा जारी प्रथाजनित मुखिया प्रथालाई पनि मेलमिलापकर्ताका रूपमा सम्बोधन गरी यसको कार्यान्वयनमा जोड दिनुपर्छ। मुखिया प्रथामा उल्लिखित नीतिनियममा भएका कमजोरी हटाइ कानुनी व्यवस्थाबमोजिम कार्यान्वयनका लागि मुखियालाई मेलमिलापसम्बन्धी ऐन २०६८ अनुसार तालिम दिई परिचयपत्रको व्यवस्था गर्न सरोकारवाला निकायहरूले विशेष ध्यान दिनुपर्छ। साथै मुखिया प्रथाले समाजमा पारेको प्रभावलाई अझ प्रभावकारी बनाउन राज्यका निकायले मुखिया प्रथा र कानुनमा भएका व्यवस्था आवश्यकताअनुसार संशोधन तथा परिमार्जन गर्नुपर्छ। यसो हुन सकेमा थकाली समाज अझै व्यवस्थित भई सामाजिक विकास र सद्भाव निर्माणमा टेवा पुग्ने अपेक्षा राख्न सकिन्छ।

३.४ दाङका मुक्त कमलरीको अवस्था

१. पृष्ठभूमि

मुक्त कमलरीका लागि शिक्षा निर्देशिका २०६८ को परिच्छेद १ को खण्ड 'ज' मा कमलरी भन्नाले कुप्रथा, कुसंस्कार, कुरीति वा आर्थिक समस्याका कारणले थारू समुदायका किशोरी तथा बालबालिकालाई निश्चित सर्त र बन्देजमा (आफूले वा आफ्नो परिवारले वा आफनो पूर्खाले लिएको ऋण वा सोको ब्याज तिर्नका लागि बिनाज्याला या न्यून ज्यालामा काम गर्ने, अधिया जग्गा कमाएबापत पढाइदिने प्रलोभनमा, जागिर दिने आश्वासनमा वा खान/लगाउनमात्र आदि) कुनै मालिक वा मध्यस्थकर्ता र अभिभावक वा स्वयम् कमलरीबीच लिखित वा मौखिक सम्झौता भई निश्चित समयावधिका लागि अर्काको घरमा काम गर्न पठाइएका वा काममा लगाइएका किशोरी तथा बालिकालाई सम्झनुपर्छ[1] भन्ने उल्लेख छ।

यसैगरी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ को दफा २ को खण्ड (ख) ले कमैया श्रमिकको परिभाषा गर्दा कमलरीलाई पनि समेटेको छ। यसमा कमैया श्रमिक भन्नाले भैसवार, गैवार, बर्दिवार, छेकरवार, हरूवा, चरुवा, हली, गोठालो, कमलहरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनुपर्छ भन्ने उल्लेख छ। यी कानुनी परिभाषाले कमैया प्रथाबाटै कमलरी प्रथाको बीजारोपण भएको अनुमान सहजै गर्न सकिन्छ। सोहीअनुसार कमलरीको परिभाषा गरिएको पनि पाइन्छ। पश्चिम नेपालका दाङलगायत बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारू समुदायमा सदियौँदेखि साहूको ऋण तिर्न या जग्गा अधिया पाएबापत बालिकालाई जमिनदारको घरमा काम गर्न पठाउने चलन थियो। परिवारको ऋण बोझ कम गर्न र अधिया जग्गा कायम राख्न बालिकाले अर्काको घरमा बँधुवा श्रमिकका रूपमा काम गर्नुपर्थ्यो। न्यून पारिश्रमिक पाएर या केही पनि नपाएर साँझ बिहानको खाना र वर्षको दुई जोर पुराना कपडाका भरमा अर्काको घरमा काम गर्न बसेका थारू समुदायका किशोरी या बालिकालाई कमलरी भन्ने गरिन्छ।[2]

तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले नेपालमा दासप्रथाको अन्त्य गरेका थिए। काम गरेर आम्दानी गर्नेलाई कमैया कमलरी भनेजस्तै चन्द्रशमशेरका पालामा पनि कमारा/कमारी राख्ने, एउटा मानिसले अर्को मानिसलाई दासदासीका रूपमा राखेर विभिन्नखाले शोषण गरेको पाइन्छ। शोषणको चरम रूप देखिन थालेपछि कमारा/कमारी राख्नेलाई दण्डको व्यवस्था तत्कालीन अवस्थामा पनि र नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा २० (१) मा शोषणविरूद्धको हकअन्तर्गत मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छाविरूद्धको काम गराउन निषेध गरिएको र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भनिएको थियो। नेपालको संविधान २०७२ ले पनि मान्छे दासदासी बनाउन निषेध गरी त्यस्तो कार्य दण्डनीय हुने व्यवस्था गरिसके पनि यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन्। तत्कालीन अवस्थामा कमारा राख्नेले कमारी राख्यो, त्यसपछि दास बनाउनेले दासी पनि बनायो भने हाल कमैया राखेकाले नै कमलरी प्रथाको बीजारोपण गरेको देखिन्छ।[3]

२. अध्ययनको उद्देश्य

- मुक्त कमलरीका लागि राज्यले निर्माण गरेका नीति, कानुन र अख्तियार गरिएका कार्यक्रमको व्यावहारिक कार्यान्वयनबारे जानकारी लिन।
- कमलरी मुक्तिपछि उनीहरूलाई राज्यले दिने सेवा/सुविधा, शिक्षा, सिप, रोजगार एवम् अवसरका लागि गरिएका प्रतिबद्धताको कार्यान्वयन अवस्था थाहा पाउन।

१. मुक्त कमलरीका लागि शिक्षा निर्देशिका- २०६८ को परिच्छेद १ को खण्ड 'ज'
२. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन- २०५८ को दफा २ को खण्ड (ख)
३. नेपाल अधिराज्यको संविधान- २०४७ को भाग ३ को धारा २० (१)

- मुक्त कमलरीलाई राज्यका हरेक निकाय, क्षेत्र, संरचना र निर्णय तहमा मूलप्रवाहीकरणका लागि सहयोग गर्ने।

३. अध्ययनको महत्त्व

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ४ ले हरेक व्यक्तिलाई दासत्वविरूद्धको अधिकार हुने र हरेक स्वरूपका दासत्व व्यवहारमा बन्देज लगाउनुपर्ने प्रतिबद्धता जाहेर गरेको छ। नागरिक तथा राजनीतिक प्रतिज्ञापत्र सन् १९६६ को भाग १ धारा ८ मा कसैलाई दासत्वको व्यवहार नगरिने, दासत्वसम्बन्धी सबै अवस्था अन्त्य गर्ने र कसैलाई पनि जबर्जस्ती काम नगराइने उल्लेख छ।[४] त्यस्तै आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी दुईवटै अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उचित ज्याला पाउने अधिकार दासत्वबाट मुक्तिको अधिकार हुनेछ भनिएको छ। अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले बाँधा श्रम निषेध गरेको भए पनि नेपालमा कमलरी प्रथा बाँधा मजदुरका रूपमा रह्यो। मुक्त कमलरीहरूको सिंहदरबार घेराउलगायतका सशक्त आन्दोलनका साथै राजनीतिक दल, नागरिक समाज, पत्रकारहरूको सहकार्य तथा अन्तर्राष्ट्रिय समुदायको समर्थन र चौतर्फी दबाबमा २०७० असार १३ गते सरकारले कमलरी मुक्तिको घोषणा गऱ्यो।

त्यसपछि मुक्त भएका कमलरीको शिक्षा, सिप र पुनर्स्थापनाको खाका कार्यान्वयनका लागि सरकारले बजेटसमेत व्यवस्था गऱ्यो। तर निर्देशिका नै व्यावहारिक नभएपछि आर्थिक अभावमा मुक्त कमलरीहरू पुन: काममै फर्किने अवस्था सिर्जना हुन लागेको छ। यसले के देखाउँछ भने कमलरी पढ्ने, लेख्ने तथा वृत्ति विकासको अधिकारबाट वञ्चित हुने अवस्था सिर्जना हुँदै गए पनि राज्य भने उनीहरूका यी अधिकार संरक्षण गर्ने जिम्मेवारीबाट भाग्न खोजेको छ। यो अध्ययनले दुवै पक्षलाई जिम्मेवार बनाउन मद्दत पुग्ने अपेक्षा छ।

४. अध्ययन विधि

- स्थलगत अवलोकन (मुक्त कमलरीले अध्ययन गर्ने विद्यालय तथा बस्ने छात्रावास)
- अन्तर्वार्ता (मुक्त कमलरी विकास मञ्चका पदाधिकारी, कर्मचारी, अभियानकर्मी, पत्रकार आदि)
- स्रोत सामग्री (विभिन्न समयमा प्रकाशित कमलरी प्रथासम्बन्धी पुस्तक (जीवन बदल्नेहरू, लावाजुनी), पत्रपत्रिका, कमलरी शिक्षा निर्देशिका २०६८ आदि।

५. अध्ययनको सीमा

- यो अध्ययन मुक्त कमलरीको सिप, शिक्षा र पुनर्स्थापनामा बढी केन्द्रित छ।
- अध्ययनमा कमलरी प्रथाको आरम्भ, कमलरी मुक्ति अभियान, मुक्तिपछिको अवस्था र चुनौती केलाउने प्रयास गरिएको छ।
- अध्ययनमा प्रस्तुत तथ्याङ्क मुक्त कमलरी विकास मञ्च दाङबाट लिइएका छन्।
- कमलरी प्रथाबारे यहाँ उल्लेख भनाइ, प्रसङ्ग पूर्वकमलरीबाट मात्र लिइएको छ। यसमा जमिनदार पक्षको भनाइ समेटिएको छैन।

५.१ कमलरी प्रथाको आरम्भ

कमलरी प्रथा कहिलेदेखि सुरु भयो भन्ने एकीन तथ्याङ्क भेटिँदैन तर दाङमा वि.सं. १९८० देखि सुरु भएको कमैया प्रथाकै उपजका रूपमा कमलरी प्रथा रहेको पाइन्छ। बाइसे चौबीसे राजाहरूकै पालामा जग्गा जोत्नका लागि उनीहरूको चाकडी गर्नुपर्थ्यो। जो नजिक भयो उसले बिर्ता पायो र ऊ जमिनदार भयो। नजिक हुन नसक्ने रैतीमा बदलिए। यसरी रैती हुनेमा दाङमा थारू नै बढी भए। कडा परिश्रम गरेर मौजा तयार गरेका थारूलाई २०२१ सालको भूमि सुधार लागु भएपछि बेदखल गरियो। टाठाबाठा जमिनदारले ती मौजा आफ्ना नाममा दर्ता गराएर थारूलाई उठिबास लगाए। जसका कारण दाङका थारू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पुगे। कडा परिश्रम गर्ने थारूले जमिन आफूसँग नभएपछि जमिनदारको जग्गा जोत्नैपर्ने बाध्यता भयो। जमिन जोतेबापत आफ्नो घरमा काम गरिदिनुपर्ने सर्त जमिनदारले राखे। जग्गा जोत्नकै लागि थारूहरूले उक्त सर्त मान्नुपऱ्यो।

त्यस्तो अवस्थामा पनि जमिनबाट उत्पादित बाली ३ भाग जमिनदार र २ भागमात्र थारूले पाउँथे। जुन उत्पादनले थारू परिवारलाई वर्ष दिन खान पुग्दैनथ्यो। नपुग्दो भएपछि कमैया बसेकाले आफ्ना परिवारको लालनपालनका लागि जमिनदारकै घरबाट अन्न किनेर ल्याउँथे। तर त्यसको मूल्य तिर्न सक्दैनथे।

४. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ४ (नागरिक तथा राजनीतिक प्रतिज्ञापत्र सन् १९६६ को भाग १ धारा ८)

त्यो अन्नको भार बर्सेनि थपिँदै जान्थ्यो। ऋण पनि दोब्बर हुँदै गएपछि कमैया अप्ठेरोमा परे। यही मौकाको फाइदा उठाएर जमिनदारले आफ्नो घरभित्रको काममा सघाउन कमैयाकी पत्नीलाई समेत कजाउन थाले। उनलाई वर्षमा दुई जोर पुराना कपडा र खानमात्रै दिइन्थ्यो।

पति/पत्नी दुवै जना जमिनदारका घरमा लागेपछि खानाबाहेक थप आर्जन गर्ने ठाउँ उनीहरूलाई थिएन। जमिनदारले घरबाहिर कमैया र घरभित्रको कामका लागि उसकी पत्नीलाई प्रयोग गरे। त्यसपछि जमिनदारका छोराछोरीको स्याहार गर्न कमैयाका छोरीहरूलाई एक दिन, दुई दिन भन्दै काममा सघाउन लगाए। घरमा मीठो खान नपाएका कमैयाका छोरीहरू जमिनदारका केटाकेटी हेरेबापत मीठो खान पाउँथे। त्यसपछि मीठो खानकै लागि जमिनदारका छोराछोरीको हेरचाह गर्ने, बोकेर घुमाउने काममा कमैयाका छोराछोरी आफैँ पनि रमाउन थाले। समयअनुसार जमिनदारका छोराछोरी ठूला भए। पढ्नका लागि सहर जान थाले। सहरमा पनि खाना पकाउन, खुवाउन, भाँडा तथा कपडा धुन र सरसफाइमा सघाउन उनीहरूलाई नै पठाइयो। दाङका सहरी क्षेत्र र सदरमुकाम घोराहीदेखि काठमाडौँ, बुटवल, पोखरा, चितवनजस्ता सहरमा कमैयाका छोरी जमिनदारका सन्तानलाई सघाउन पुगे।

जमिनदारका सन्तानका साथीहरूले कोठामा काम गर्ने, कपडा धुनेदेखि सरसफाइमा सहयोग गरेको देखेपछि आफूलाई पनि कमलरीको व्यवस्था गरिदिन भने। त्यसपछि साथीहरूका लागि पनि कमैयाका छोरीलाई सहरका विभिन्न ठाउँमा पठाउन थालियो। यसरी अरुका लागि पनि कमलरी पठाउन थालिएपछि काम गरेबापत वर्षमा एक सय रुपियाँसम्म पाउन थाले। कमैया परिवारले पनि एकातिर पैसा पाइने अर्कोतिर घरमा एक जना भए पनि खाने मान्छे घट्ने हिसाब गर्दै कामका लागि देशका विभिन्न सहरमा पठाउन राजी हुन्थे। जमिनदारका छोरीले पढ्ने काम पनि सके। त्यसपछि उनीहरूको विवाह भयो। विवाह भएर जान थालेका छोरीलाई घरमा काम गर्न गाह्रो नहोस् भनेर उनलाई सघाउनका लागि अन्य दाइजोसँगै कमलरी पनि पठाउन थालियो।

यसरी विभिन्न स्थान पुगेका कमलरी वर्षमा एक दिन माघी मान्न घरमा आउँथे। उनीहरू आउँदा नयाँ कपडा, नयाँ जुत्ता लगाएर आउँथे। यस्तो देखेपछि ती कमलरीका दिदीबहिनी पनि राम्रो लगाउने, खाने मोहमा कमलरी बस्न जान थाले। तर यसरी कमलरी बसेकाहरू जमिनदारको छोरीको घरमा भए ज्वाइँ तथा उसका आफन्त र छोराको स्याहारमा गएको भए स्वयम् छोरा तथा उसका साथीबाट यौन शोषणमा समेत पर्न थाले। विभिन्न हिंसात्मक घटनामा परी कसैको ज्यानैसमेत गयो भने केही बाध्यताको गर्भ बोकेर फर्कन थाले। ज्यादती बढ्दै गएपछि कमैया परिवारले छोरीलाई कमलरी नपठाउने अडान लिन थाले तर छोरी कमलरी नपठाए जोतिरहेको जग्गा खोस्ने धम्की दिइन थालियो। यसरी बाध्यतामा पारेर फेरि कमलरी राख्ने क्रम चलिरह्यो। यसरी दाङलगायत पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा समेत कमलरी प्रथा मौलायो।

क्र.सं.	पूर्वकमलरीको अवस्था	सङ्ख्या	कैफियत
१	सिप सिकेका तथा सिकिरहेका	४००	३१८ सिप सिकिसकेका
२	अध्ययन गरिरहेका	१३,००	
३	पढ्न छाडेका	८००	
४	व्यापार/व्यवसायमा लागेका	१२०	
५	अभिभावकबिहीन	१५७	
६	सरकारी जागिरे	२	नेपाल प्रहरी १, नेपाली सेना १
७	व्यवसायबाट परिवारसमेत पालेका	६५	

स्रोत : मुक्त कमलरी विकास मञ्च, दाङ

५.२ कमलरी प्रथा अन्त्यका लागि चालिएका कदम

धेरै बाध्यता र थोरै देखासिकीले हजारौँ बालिका/किशोरी कमलरीका रूपमा अर्काको घरमा पुगिरहेका थिए। कमलरी राख्ने क्रम जारी थियो। २०५६ माघ १ गते कान्तिपुर दैनिकमा माघी पर्वमा थारूका छोरीहरू कमलरीका रूपमा किनबेच र मोलमोलाई हुँदै गरेको समाचार छापियो। उक्त समाचार काठमाडौँमा बस्दै आएका अभियानकर्मी सोम पनेरुले पढेपछि मन छोएछ। त्यसपछि बालबालिकाको क्षेत्रमा काम गर्दै आएकी अमेरिकन साथी ओल्गा मुरीलाई समाचार सुनाएपछि तीनै जनाको सल्लाहमा तत्काल अर्का अभियानकर्मी मानबहादुर क्षत्री विषय अध्ययनका लागि दाङको गोबरडिहा गाविस-१ स्थित खैरा गाउँ पुगे। नभन्दै त्यहाँ पुगदा उक्त गाउँमा मोटरसाइकल, कार चढेर आएका जमिनदारहरू 'म यिनलाई वर्षको

परिवार बदल्दै

सिसहनिया गाविस-९, भगवानपुरकी २५ वर्षीया मुक्त कमलरी लक्ष्मी चौधरी आफैले सञ्चालन गरेको एग्रोभेटबाट मासिक १६ हजार रुपियाँ कमाउँछिन्। मुक्तिपछि राप्ती प्राविधिक शिक्षालय लालमटियामा मिनी भेटनरी जेटिए पढेकी लक्ष्मीले तरकारीबाट मात्रै १ लाख ५० हजार रुपियाँ आम्दानी गर्छिन्। मुक्त कमलरीहरूकै लावाजुनी बचत तथा ऋण सहकारीबाट ५० हजार ऋण लिएर व्यवसाय थालेकी लक्ष्मीले अहिले आफ्नै कमाइबाट दुई तले पक्की घरसमेत बनाएकी छिन् जसमा उनका पति सुमनको पनि उत्तिकै साथ र सहयोग छ। 'लक्ष्मी त एक उदाहरणमात्रै हुन्, दाङमा ६५ जना मुक्त कमलरी यसैगरी विभिन्न व्यवसायमा लागेर आफूमात्र हैन, परिवारसमेत बदल्दैछन्'- मुक्त कमलरी विकास मञ्चकी पूर्वअध्यक्ष उर्मिला चौधरी खुसी व्यक्त गर्छिन्।

यति दिन्छु, म अर्कीलाई यति दिन्छु' भन्दै बालिकाको मूल्य तोकिरहेका थिए। क्षत्रीले काठमाडौं फर्किएर ओल्गा र सोमलाई देखेको कुरा जस्ताको तस्तै सुनाए। एक्काइसौं शताब्दीमा कुनै मान्छेको मोलमोलाई मानव कलङ्क भन्दै तीनै जनाको अग्रसरतामा २०५७ सालदेखि कमलरी मुक्ति अभियान सुरु गरियो।

सुरुवातमै खैरा गाउँका पाँच जना कमलरीलाई उद्धार गरी विद्यालय पठाइयो। तर उनका परिवारले पढाउन नसकिने र आफ्नो आम्दानीको स्रोत मेटिएको भन्दै विरोध गरे। अभिभावक नै कमलरी प्रथाको पक्षमा उभिएपछि मुक्ति अभियानमा समस्या देखापऱ्यो। तर कमलरीका परिवारलाई आयआर्जनका लागि बङ्गुरपालन, पढ्ने नानीहरूका लागि खाजा खर्च, मट्टितेल खर्च र विद्यालय पोशाक दिएर विद्यालय पठाइयो। तर पनि चुनौती रोकिएन। विद्यालयमा एकाएक कमलरी बढ्न थालेपछि शिक्षकले विद्यार्थी बस्ने बेन्च अभाव भएको भन्दै समस्या तेर्स्याए। त्यो समस्या समाधान गर्न विद्यालयमा बेन्च किनेर दिइयो। बेन्च दिएर पनि विद्यालयले समस्या देखाइरह्यो। पढाउने शिक्षक पुगेनन् भनियो। शिक्षक पनि थपेर अभियानबाटै तलब खुवाइयो। कमलरी उद्धार र विद्यालय पठाउने क्रम जारी रह्यो। त्यसैले विद्यालयमा विद्यार्थी सङ्ख्या बढ्दै गयो। फेरि विद्यालयले भवन अपुग भनेपछि भवन पनि बनाइयो। यो अभियान दाङ हुँदै २०६४ मा कैलालीसम्म पुग्यो। असहाय नानीहरूको साथी (एफएनसी) नामक संस्थामार्फत सुरु यो कमलरी मुक्ति अभियानमा स्वान, सहयोग समाज, बेस जस्ता संस्था जोडिए।

कमलरी मुक्ति अभियान सार्थक बनाउन मुक्त भइसकेका कमलरी आफैं पनि सङ्गठित हुँदै गए। यही क्रममा २०६४ मा कमलरी मुक्तिका लागि साझा मञ्च गठन भयो। त्यसपछि कमलरीको तथ्याङ्क सङ्कलन, कमलरी राख्नेहरूको नामावली सङ्कलन, अटेर गर्नेहरूको घरमा छापा मार्ने अभियान, कमलरी ओसारपसार रोक्न नाका रोकथाम तथा यातायातका साधनहरूको चेकजाँच कार्यक्रम, सकारात्मक सन्देश र रेडियो कार्यक्रम प्रशारण, सरोकारवाला सरकारी निकायमा ज्ञापनपत्र पेस, कमलरी मुक्त गर्न मालिकहरूलाई पत्राचार गर्ने जस्ता गतिविधि अभियानकै रूपमा चलाइयो। अन्ततः कमलरी मुक्ति आन्दोलनको नौ वर्षपछि २०६५ माघ १ गते दाङलाई कमलरी मुक्त जिल्ला घोषणा गरियो। तर पनि लुकछिपी कमलरी राख्ने चलन भने रोकिएन। जुन अभियानका लागि चुनौती बनिरह्यो। यस्तो घोषणा गर्दासम्म ५ हजार २० मध्ये ४ हजार ५ सय जनालाई मुक्त गरिसकिएको थियो भने ५ सय २० जना उद्धार हुन बाँकी नै थिए।

विभिन्न सङ्घसंस्था, नागरिक समाज, पत्रकार र अधिकारकर्मीको सहयोगमा कमलरी मुक्तिको अभियान तीव्र भएपछि जिल्ला बालकल्याण समितिले पनि बाध्य भएर कमलरी मुक्ति आन्दोलनमा अग्रसरता देखायो। जिल्लास्तरमा मात्रै होइन, कमलरी मुक्ति, न्याय, शिक्षा, सिप र रोजगारी माग गर्दै मुक्त कमलरीहरूले राष्ट्रपति, प्रधान मन्त्री, गृह मन्त्री, शान्ति मन्त्री, महिला तथा बालबालिका मन्त्री, महिला आयोग तथा मानव अधिकार आयोगमा समेत माग पेस गर्दै आन्दोलन गरिरहे। अन्ततः २०७० असार १३ गते सरकारले देशलाई नै कमलरी मुक्त घोषणा गऱ्यो। जसलाई कमलरी मुक्ति दिवसका रूपमा मनाउने गरिन्छ।

५.३ कमलरी मुक्तिपछिको अवस्था

कमलरी मुक्ति अभियानका कारण दाङलगायत पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका १३ हजार २६ कमलरीमध्ये १२ हजार ७ सय जनालाई दासताबाट मुक्त गरिसकिएको छ। पाँच जिल्लाका ३ सय २६ बालिका भने अहिले पनि कमलरी बसिरहेका छन्। मुक्ति अभियानको उद्गम थलो दाङमा सबैभन्दा धेरै ५ हजार २ सय २४ कमलरीमध्ये अझै ३० जना बालिका मुक्तिको पर्खाइमा छन्। मुक्त कमलरी विकास मञ्चका अनुसार दाङमा सात जना कमलरी बेपत्ता छन्। कमलरी लिएर जाने र पठाउने

व्यक्तिहरूको समेत अत्तोपत्तो नलागेपछि ती कमलरी कस्तो अवस्थामा कहाँ छन् भन्ने कुनै जानकारी छैन। मुक्तिपछि अधिकांशले विद्यालय पुग्ने अवसर पाए भने उमेर पुगेकाहरू विभिन्न सिपमूलक तालिम लिएर व्यापार/व्यवसायमा पनि लागेका छन्। कतिपय विवाह गरेर मुक्त जीवन बिताइरहेका छन्। दाङमा करिब १२ सय मुक्त कमलरी आधारभूतदेखि उच्च शिक्षाका लागि अध्ययनरत् छन्। ३ सय १८ जनाले लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक तालिम लिएका छन्। तीमध्ये १ सय जनाले स्वरोजगारीमा लागेर आम्दानी गरिरहेका छन् भने २० जनाले रोजगार पाएका छन्।

कमलरी मुक्त जिल्ला घोषणा गरिए पनि उद्धारका प्रयास जारी छन्। मुक्त कमलरीको पुनर्स्थापनामा सरकारी तथा गैरसरकारी स्तरबाट उल्लेख्य काम हुन सकेको छैन। सरकारले मुक्त कमलरीको पुनर्स्थापना, शिक्षा र सिपका लागि भन्दै बजेट व्यवस्था पनि गरेको छ तर त्यो बजेट कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। सरकारको तुलनामा कमलरी मुक्ति अभियानमा निरन्तर लागेका नेपाल युथ फाउन्डेसन (नायफ) लगायतका दाता संस्थाले कमलरी पुनर्स्थापनाका लागि केही प्रयास गरेका देखिन्छ। शिक्षा र सिपका लागि सानातिना काम गरिए पनि पुनर्स्थापनाको दिगो प्रयास सरकारी स्तरबाट हुन सकेको छैन। बरु दाता संस्थाकै पहलमा कमलरी शिक्षाका लागि दाङमा दुई वटा छात्रावास स्थापना भएका छन्। यद्यपि २०६८ देखि ती छात्रावासको जिम्मा सरकारले लिएको छ। मुक्त कमलरीका लागि बर्दियाबाहेक बाँकेमा एक, कैलालीमा दुई र दाङमा दुई गरी पाँच ओटा लावाजुनी (पुनर्जन्म) छात्रावासको व्यवस्था गरी २०६५ सालदेखि नै पठनपाठन सुरु गरिएको छ। दाङको देउखुरीमा १ सय ५५ जना मुक्त कमलरी अहिले पनि दुई वटा छात्रावासमा बसेर पढ्दै आएका छन्। त्यस्तै उनीहरूलाई विभिन्न सिपमूलक तालिम तथा प्राविधिक शिक्षा पनि दिइएको छ।

६. कमलरी शिक्षा

कमलरीहरूको निरन्तर आन्दोलन र दबाबका कारण सरकारले आर्थिक वर्ष २०६६/६७ मा मुक्त कमलरी पुनर्स्थापना, शिक्षा र सिप सिक्नका लागि १२ करोड रुपियाँ विनियोजन गऱ्यो। जुन दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका मुक्त कमलरीका लागि खर्च गर्नुपर्ने थियो तर ९ करोड रुपियाँ खर्च हुन नसकेर फ्रिज भयो। रकम खर्च गर्ने कार्यक्रम नै कमलरीमैत्री नहुँदा ठूलो रकम फर्केर जाने क्रम पनि सुरु भयो। अहिले बजेट बढेर १८ करोड रुपियाँ पुगेको छ तर खर्च गर्ने शैली र मापदण्ड पुरानै छ। बजेट फ्रिज हुन थालेपछि शिक्षा मन्त्रालयले कमलरी शिक्षा निर्देशिका २०६८ जारी गरी शैक्षिक छात्रवृत्ति दिन सुरु गऱ्यो। जसअनुसार कक्षा १ देखि ८ सम्म अध्ययन गर्नेलाई प्रतिव्यक्ति वार्षिक १५ सय, ९ र १० कक्षाका लागि १८ सय, प्लस टुका लागि ५ हजार र स्नातक अध्ययन गर्नेलाई वार्षिक १० हजारका दरले छात्रवृत्ति प्रदान गर्दै आएको छ। त्यस्तै होस्टलमा बसी अध्ययन गर्नेहरूका लागि प्रतिव्यक्ति ५ सय पकेट खर्चसहित ३ हजार प्रतिमहिना उपलब्ध गराउँदै आएको छ।[५] दाङमा उद्धार भएका ५ हजार १ सय ९४ मुक्त कमलरीमध्ये १३ सयले विभिन्न तहमा शैक्षिक छात्रवृत्ति लिएर अध्ययन गरिरहेका छन्। यद्यपि सरकारले दिने छात्रवृत्ति अपुग भएपछि विद्यालय छाड्ने क्रम पनि सुरु भएको छ। मुक्त कमलरी विकास मञ्चकी पूर्वअध्यक्ष उर्मिला चौधरीका अनुसार यसरी पढाइ छाड्ने २ जना त पुन: कमलरी बस्नसमेत गए। जसलाई उर्मिलाहरूकै पहलमा फर्काइयो।

७. सिप/रोजगार

कमलरी जीवनबाट मुक्ति पाइसकेपछि अधिकांशले पढ्न सुरु गरे तर कतिपय उमेर बढेका कारण सानो कक्षामा नियमित पढ्न जान नसक्ने अवस्थामा थिए। उनीहरूलाई अन्य सिप प्रदान गरिएको छ। दाङमा ३ सय १८ जनाले लामो तथा छोटो अवधिका विभिन्न सिपमूलक तालिम लिइसकेका छन्। तीमध्ये सय जना स्वरोजगारसमेत भइसकेका छन् भने २० जनाले अन्यत्र रोजगार पाएका छन्। यीमध्ये केहीले नमूना उद्यम, व्यवसाय चलाएर राम्रो आम्दानीसमेत गरेका छन्। खासगरी दाङमा सिलाइकटाइ, ब्युटिसियन, ग्राफिक डिजाइन, प्रेस अपरेटर, गार्मेन्ट, वर्कसप, हेयर कटिङ, कुखुरा तथा बाखा फर्म, कुकम्यान, होटल म्यानेजमेन्ट, रुम सर्भिस, बुटिकलगायतका सिप सिकाइएको छ। त्यस्तै प्राविधिक शिक्षा लिनेतर्फ पनि मुक्त कमलरीको आकर्षण देखिन्छ। ल्याब असिस्टेन्ट, सिएमए, अनमी, जेटिए, स्टाफ नर्स, इलेक्ट्रिसियन, सबओभरसियर, जुनियर कम्प्युटर टेक्निसियन जस्ता विषयमा अध्ययन तथा तालिम पनि लिइरहेका छन्।

५. मुक्त कमलरीका लागि शिक्षा निर्देशिका- २०६८ को परिच्छेद ६ को ६.३ मा छात्रवृत्तिसम्बन्धी जानकारी

तालिम लिइसकेकाले व्यावसायिकरूपमै काम सुरु गरिसकेका छन्। जसका लागि दातृ संस्था नेपाल युथ फाउन्डेसनले सहयोग गरिरहेको छ।[६]

८. कमलरीका दु:खद विगत

कमलरीले जमिनदारको घरमा उमेरअनुसार सक्ने/नसक्ने सबै काम गर्नुपर्थ्यो। निश्चित समय थिएन। मालिकले लगाएका प्राय: सबै काम रात/दिन नभनी गर्नुपर्थ्यो। अरुले खाएर बचेको खाने र जुठा भाँडा धुनेदेखि, बढारकुँडार, मालिकका कपडा धुँदा उनीहरूको दैनिकी बित्थ्यो। चिसो/तातो नभनी काम गर्नुपर्ने, नसक्दा गालीगलौजमात्रै होइन, कुटपिट पनि सहनुपर्थ्यो। भुक्तभोगीहरूकै अनुसार कैयौँ पटक शारीरिक, मानसिक हिंसा सहनुपर्ने वाध्यता थियो। हिंसा सहन नसकेर दाडसहित देशका विभिन्न स्थानमा तीन जना कमलरीले झुण्डिएर आत्महत्यासमेत गरे भने थप दुई जनालाई आगो लगाएर मारियो। २०६९ चैत १४ गते दिउँसो दाडको लालमटिया गाविस-८ स्थित ६५ नम्बरकी १२ वर्षीया सिर्जना चौधरीको ललितपुरको चाकुपाटस्थित इन्जिनियर युवराज पौडेलको डेरामा कमलरी बसेको अवस्थामा शरीरमा आगो लागेर मृत्यु भयो। यसैगरी २०६८ भदौ १ गते कैलालीको चौमाला गाविस-८ ददवारी मुक्त कमैया शिविरकी २० वर्षीया मेघी चौधरीको काठमाडौंस्थित बालकृष्ण शाहको घरमा शरीरमा आगो लागेर मृत्यु भयो।

त्यस्तै २०६७ वैशाख १८ गते कैलालीकी १५ वर्षीया उर्मिला राना थारूको कैलालीकै धनगढीस्थित दीपक बिष्टको घरमा झुण्डिएर मृत्यु भयो भने २०६५ वैशाख २ गते टीकापुर नपा-९ वनगाउँ कैलालीकी १५ वर्षीया सरिता चौधरीको दाडको लमहीस्थित इन्द्रमणि खनालको घरमा झुण्डिएर मृत्यु भयो। यसरी नै २०६४ पुस ३० गते दाङ रामपुरकी सीमा होजा मगरको दाडको लमहीस्थित दङ्गाली होटलमा झुण्डिएर मृत्यु भएको थियो। हिंसा सहन नसक्दा पाँच जनाले ज्यान गुमाउनुपऱ्यो। २७ जनाको अवस्था अझै अज्ञात छ। मुक्त कमलरी विकास मञ्चको तथ्याङ्कअनुसार दुई जना जलेर, तीन जना झुण्डिएर मरेका छन् भने १५ जना बलात्कारको सिकार भएका छन्। त्यस्तै २३ जना त यौन शोषणमा परी कुमारी आमा नै बन्न बाध्य भएका छन्।[७]

८.१ कमलरी राख्नेमाथि कारबाहीको नमुना

कुनै पनि मानिसलाई दासदासीका रूपमा राख्न नपाइने र राखेमा कारबाही गर्ने थुप्रै कानुन छन्। जस्तो- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ दफा १५ मा देशभित्रको एक ठाउँबाट अर्को ठाउँमा बालबालिका ओसारपसार गर्नेलाई १० देखि १२ वर्षसम्म कैद र १ लाख जरिवाना गरिनेछ भनिएको छ।[८] यसैगरी बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ को दफा १९ अनुसार कसैले १४ वर्षमुनिका बालबालिकालाई काममा लगाए निजलाई तीन महिनासम्म कैद वा १० हजार जरिवाना वा दुवै हुनेछ भनेको छ।[९] यस्ता थुप्रै व्यवस्था हुँदाहुँदै पनि बालिकालाई कमलरीका रूपमा राख्नेलाई पर्याप्त कारबाही हुन सकेको छैन। तैपनि सुरुवात नै नभएको भने होइन। दाडमा केही नमुनालायक कारबाही पनि भएका छन्।

कमलरी बलात्कार गर्ने घर मालिकलाई पुनरावेदन अदालत तुलसीपुरले २०७० चैत ५ गते ६ वर्ष कैदको फैसला गरेको छ। घोराही नपा-११ काठेकोहलका भोला पछाईले आफ्नो घरमा राखेकी कमलरी बालिकालाई बलात्कार गरेको ठहर गर्दै अदालतले ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गरेको हो। यसैगरी काम गर्ने क्रममा कमलरी जलेको घटनामा जिल्ला प्रशासन कार्यालय दाङले जिविस दाङका खरिदार शान्ता घिमिरेलाई २०७० माघ २३ गते ३० हजार रुपियाँ जरिवाना गरेको छ। सार्वजनिक पद धारण गरेर कमलरी राखेको भन्दै शान्तालाई दोब्बर जरिवाना गरिएको हो। यसैगरी कमलरी राखेवापत जिल्ला प्रशासन कार्यालय दाङले २०६९ फागुन ९ गते घोराही नपा-११ की निशा शर्मा, पूर्णकला पौडेल, मोहन भण्डारी, देवा रजौरे र योगमाया शाक्यलाई ३ हजार रुपियाँका दरले जरिवाना गरेको हो।[१०]

---

६. मुक्त कमलरी विकास मञ्च दाडको आव २०७१/७२ को वार्षिक प्रतिवेदन
७. दुर्गालाल केसी : जीवन बदल्नेहरू (पेज नं. ५, १८, २५ खण्ड 'ख') र कमलरी विकास मञ्चको बुलेटिन लावाजुनी पेज ४
८. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ दफा १५
९. बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ को दफा १९
१०. दुर्गालाल केसी : जीवन बदल्नेहरू (पेज नं. ५, १८, २५ खण्ड 'ख')

८.२ सफलताका पाइला

भनिन्छ- दु:खपछि सुखका दिन आउँछन्। एकताबद्ध सङ्घर्षले मुक्त कमलरीका दिन फर्किएका छन्। मुक्ति पाएपछि विद्यालय पुगेका मुक्त कमलरीहरू अहिले सामाजिक अभियन्तादेखि राजनीतिक नेतृत्वसम्म र व्यवसायीदेखि सरकारी सेवामा समेत पुगेका छन्। १७ वर्षको कमलरी जीवनपछि भूमि अधिकार आन्दोलनको अगुवाइ गरेकी दाङ लक्ष्मीपुरकी शान्ता चौधरी २०६५ सालमा संविधान सभामा सभासद्सम्म भइन्। त्यसपछि २०७० को दोस्रो संविधान सभामा दाङ क्षेत्र नं. २ बाट एमालेको प्रतिनिधित्व गर्दै चुनाव लडेकी शान्ता हार बेहोरे पनि यतिखेर राष्ट्रिय सामाजिक अभियान र राजनीतिक गतिविधिमा सक्रिय रहेकी छन्।

त्यसो त जिल्लाका थुप्रै मुक्त कमलरीले आफूलाई सामाजिक अभियानको अगुवाका रूपमा स्थापित गरिसकेका छन्। कुनै दिन जमिनदारका भाँडा धोएकी दाङ हापुर रमानाकी २० वर्षीया विमला चौधरी अहिले मुक्त कमलरी विकास मञ्चको केन्द्रीय अध्यक्ष भई सिङ्गो मुक्ति आन्दोलन हाँकिरहेकी छन् भने दाङकै गङ्गापरस्पुर गाविस-३ पर्साकी २२ वर्षीया अरुणा चौधरी ट्राफिक प्रहरीमा जागिरे भएर मुलुककै व्यस्त सडक काठमाडौंका सवारी व्यवस्थापनमा जुटिरहेकी छन्। त्यस्तै दाङ सिसहनियाकी दीपा चौधरी सिपी संस्थाकी कार्यक्रम संयोजक बनेकी छन् भने मञ्जीता चौधरी थारू कल्चरल फेसन डिजाइनर तथा प्रशिक्षक बन्न सफल भएकी छन्। उता सिसहनियाकै लक्ष्मी चौधरी जेटिए भएकी छन् भने उर्मिला चौधरी सामाजिक अभियन्ता बनेकी छन्। रेणु चौधरी सुआहारा कार्यक्रमकी सामाजिक परिचालक बनेर समाजमा चेतना फैलाउँदै छिन् भने अनिता चौधरी कुखुरा फर्मकी मालिक भएर उद्यमतर्फ लम्केकी छन्। यी त केही प्रतिनिधिमूलक पात्रमात्र हुन्, मुक्तिपछि स्टाफ नर्स, शिक्षक, प्रेस अपरेटर हुनेको सङ्ख्या पनि कम्ता छैन। जसले 'गरे के हुन्न र ?' भन्नेहरूलाई झनै प्रेरित गरिरहेका छन्।

८.३ मुक्तिपछिका चुनौती

सरकारले २०७० असार १३ गते देशलाई नै कमलरी मुक्त घोषणा गरे पनि अझै थुप्रै बालिका कमलरी बसिरहेका छन्। दाङमा मात्रै अझै ३० जनाको उद्धार बाँकी छ भने पाँच जिल्लाका ३ सय २६ बालिका/किशोरी दासतामै गुज्रिरहेका छन्। सबैभन्दा पहिलो त उनीहरूको उद्धार अहिलेको मुख्य चुनौती हो। समाजमा ठूला कहलिएका, सबैभन्दा धेरै सरकारी कर्मचारी, प्रहरी, प्रशासनका जागिरेहरू, राजनीतिक दलका नेतृत्व र व्यापारीहरूले बालिकालाई कमलरीका रूपमा अझै राखिरहेका छन्। नियम कार्यान्वयनकै ठाउँमा बसेकाहरूले कमलरी राखेपछि उनीहरूको उद्धार ठूलो समस्याका रूपमा आएको छ। त्यसैले पनि यति ठूलो सङ्ख्याका कमलरी कहाँ बसेका छन् भन्ने जानकारीसमेत छैन। परिवारको सूचनाका आधारमा कमलरी बसेको थाहा पाए पनि सम्बन्धित ठाउँमा खोज्दा नपाइएको अवस्था पनि छ।

त्यसो त दाङमा सात जना कमलरी बेपत्ताको सूचीमा छन्। उनीहरूको अवस्था पत्ता लगाउन नसक्दा दासताको कलङ्क सधैँ रहिरहने देखिन्छ। यतिमात्रै होइन, मुक्त गरिएका ५ हजार १ सय ९४ जनाको शिक्षा, सिप र रोजगारी सुनिश्चित गर्न सकिएन भने फेरि कुनै न कुनै हिसाबले कलमरी बन्न जाने खतरा देखिएको छ। त्योभन्दा खतरा त आर्थिक अभावले सयौँ मुक्त कमलरी बाल विवाह गरेर जाने गरेको पाइएको छ। अहिले पनि लुकीचोरी कमलरी राख्ने काम भइरहेको छ। यसो हुनुको कारण दासता रोक्न बनेका ऐन/नियम प्रभावकारी कार्यान्वयन नहुनु नै हो।

९. माघी र कमलरी प्रथा

माघी थारू समुदायको ठूलो पर्व हो। यसलाई उनीहरू नयाँ वर्षका रूपमा पनि मनाउँछन्। वर्षभरको काम सकेर फुर्सदमा रहेका बेला मनाइने माघीमा नयाँ वर्षभरि के गर्ने भन्ने योजना तर्जुमा गरिन्छ। परिवारका सदस्यहरूको उमेरअनुसार काम बाँडफाँट गरिन्छ। घरमा कसको विवाह गर्ने, कति जमिन जोत्ने, नयाँ घर बनाउने कि वा अन्य कुनै नयाँ योजना बनाउने भनेर योजना तर्जुमा गर्ने पर्व पनि हो माघी। थारू संस्कारअनुसार माघीलाई नयाँ आर्थिक वर्षका रूपमा पनि मनाउने गरिन्छ। यो वर्ष भएको खर्चको समीक्षा र अर्को वर्ष हुनसक्ने खर्च अनुमान गर्दै सम्भावित खर्च पूर्तिका लागि आयको स्रोत पनि लेखाजोखा गरिन्छ। सोहीअनुसार कसले के काम गर्ने र कसरी कमाउने भन्ने लेखाजोखा पनि हुन्छ।

यसैबेला दाइ, भाइ कमैया बस्ने वा जमिनदारको जग्गा जोत्ने र छोरीहरू कमलरी बस्ने योजना पनि बन्थे। सोहीअनुरूप जमिनदारको जग्गा जोत्नकै लागि छोरीलाई कमलरी पठाउने वा सीमित आम्दानीका लागि छोरीहरूलाई कमलरी पठाउने भन्ने निर्णय पनि परिवारले गर्थ्यो। वार्षिक योजना र आर्थिक लेखाजोखा गर्दा छोरीहरूको भागमा कमलरीको भूमिका पर्थ्यो। जसले जमिन जोत्न दिन्थे उसैको घरमा छोरी

पठाउने निर्णय पनि त्यसैबेला हुने भएकाले माघीलाई कमलरी राख्ने वा नवीकरण गर्ने पर्वका रूपमा समेत चिनिन थालेको हो। यद्यपि थारूहरूको सामाजिक, सांस्कृतिक पर्व माघी आफैंमा मौलिक पर्व हो।

१०. निष्कर्ष

दाङलगायत पश्चिम नेपालका पाँच जिल्लामा अहिले पनि लुकीछिपी बालिकालाई कमलरी लगाउने काम भइरहेको छ। मुक्त कमलरी विकास मञ्चका अनुसार अहिले पनि ३ सय २६ जना बालिका कमलरी बसिरहेका छन्। विभिन्न कठिनाइका कारण उनीहरूलाई दासताबाट मुक्त गर्न सकिएको छैन। यो अवस्थामा सरकारले देशलाई नै कमलरी मुक्त घोषणा गरे पनि कार्यान्वयन प्रभावकारी नभएको देखिन्छ। जो कानुन कार्यान्वयन गर्ने ठाउँमा छ उसैले बालिकालाई यस्तो कामका लागि राखेको देखिन्छ। मञ्चका अनुसार कमलरी राख्नेमा सरकारी कर्मचारी, प्रहरी, प्रशासन, राजनीतिक दल र व्यापारिक क्षेत्रका धेरै छन्। यही कारणले पनि मुक्ति घोषणाको कार्यान्वयन हुनुपर्ने जति भएको छैन।

सरकारले मुक्त कमलरीका लागि शिक्षा निर्देशिका पनि जारी गरेको छ तर निर्देशिका अव्यावहारिक भएको मुक्त कमलरीले पाउने छात्रवृत्ति र उनीहरूका लागि विनियोजित रकम खर्च नभएबाटै प्रष्ट हुन्छ। त्यसैले विनियोजित रकम खर्च गर्न सक्ने गरी छात्रवृत्तिको व्यवस्था गर्दै उनीहरूलाई सिकाउने सिपको समय बढाउनुपर्ने देखिन्छ। नत्र मुक्तिको घोषणा कागजीरूपमा देखिने तर पीडित पक्ष मुक्त नहुने अवस्था आउन सक्छ। अहिले नै त्यसको सुरुवात भइसकेको छ। दाङमा पढ्नका लागि आर्थिक समस्या हुँदा विद्यालय पुगिसकेका कमलरीले पनि बीचमै छाड्ने क्रम बढेको छ भने उनीहरू बाल विवाह गर्न बाध्य भएका छन्। यतिमात्रै होइन, केही त पुनः कमलरी जाने अवस्था पनि दाङमा देखिइसकेको छ। तसर्थ मुक्त कमलरीको शिक्षा, सिप र पुनर्स्थापनामा राज्य गम्भीर हुनुपर्छ।

११. सुझाव

अव्यावहारिक कमलरी शिक्षा निर्देशिका २०६८ संशोधन गर्नुपर्ने आवश्यकता छ। निर्देशिकाले दाङका थारू समुदायका छोरीहरू कमलरी हुन् भन्ने किटान गर्दा कमलरी बसेका अन्य जातिका बालिकाको शिक्षा, सिप र पुनर्स्थापनामा समस्या उत्पन्न भएको छ। यसर्थ कमलरीको पुनः परिभाषा आवश्यक छ। यसबाहेक निम्न काम तत्काल गर्नुपर्ने देखिन्छ :

- विभिन्न समयमा मुक्त कमलरी र सरकारबीच भएका सहमति सम्झौता अक्षरशः पालना हुनुपर्छ। (सरकार र कमलरी प्रथा उन्मूलनका लागि संयुक्त सङ्घर्ष समितिबीच २०७० जेठ २४ गते १० बुँदे सहमति भएको थियो। यो सहमतिअनुसार मुक्त कमलरीलाई सिप, रोजगार, शिक्षाका लागि छात्रवृत्ति रकम वृद्धि, कमलरी हत्यामा संलग्नलाई कारबाही, कमलरी राख्ने, पठाउने र मध्यस्थता गर्नेलाई कारबाही हुनुपर्ने थियो।)
- सरकारले पुनर्स्थापनाका लागि बजेट विनियोजन गरे पनि कार्यक्रम नबन्दा आर्थिक समस्याले मुक्त कमलरीमा बाल विवाह बढ्न थालेको छ। पढ्नलाई पैसा पुग्दैन, दीर्घकालीन सिपका अवसर पनि नभएपछि विवाह गरेर जाने चलन दाङमा बढेको छ। तसर्थ पुनर्स्थापनाका उचित कार्यक्रम बनाउनुपर्छ।
- कमलरीका नाममा सरकारले विभिन्न सहुलियत र आरक्षण व्यवस्था गर्नुपर्छ। साथै उनीहरूलाई परिचयपत्र वितरण गरिनुपर्छ।
- कमलरी बसिरहेकाहरूलाई छिटो उद्धार गरेर मुक्त भइसकेकालाई पुनः कमलरीमा फर्किने अवस्था आउन नदिन शिक्षा, स्वास्थ्य, स्वरोजगारमूलक कार्यक्रम बनाएर तत्काल लागु गर्नुपर्छ।

३.५ कञ्चनपुरका सुनाहा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

१. पृष्ठभूमि

कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरदेखि ८ किलोमिटर पश्चिम महाकाली नदीको किनारामा रहेको भीमदत्त नगरपालिका- ११, १२ र १३ तथा बर्दिया जिल्लाको दौलतपुर, खैरहनी र चन्द्रोटा गाउँमा बसोबास गर्दै आइरहेका सुनाहा जातिको आफ्नै पहिचान छ। कञ्चनपुर जिल्लाको ऐरी, ओदाली र पिपरैया तथा बर्दिया जिल्लाको दौलतपुर, खैरहनी र चन्द्रोटालगायत गाउँमा मात्रै रहेको यो जाति खासगरी कर्णाली नदीको नेपालतर्फ बर्दिया जिल्लामा र भारततर्फ कतरनिया घाटछेउछाउ बस्ने गरेका पाइएको छ। मध्यपश्चिम र सुदूरपश्चिमका अन्य थारू जाति राना, डगौरा, राजी, महतो आदिसँग यस जातिको न भाषा मिल्छ न त चालचलन नै। यिनीहरू बर्दिया जिल्लाको कर्णाली नदीको छेउछाउबाट करिब १ सय वर्षपहिले बसाइँसराइ गरी महाकालीको किनारामा आई बसेको बताउँछन्। राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा महाकाली नदीमा डुङ्गा खियाउन जग्गनाथ सुनाहासँगै दुई-चार परिवारलाई कञ्चनपुर ल्याइएको बताइन्छ। पछि त्यही परिवारको सन्तति बढेर अहिले ९० परिवार भएका छन्।

सुनाहा जातिले परम्परागत पेशाका रूपमा महाकाली नदीको किनारामा बालुवाबाट सुन चाल्ने, माछा मार्ने र डुङ्गा चलाउने गर्दै आएका छन्। कञ्चनपुरका ९० परिवारमा ७ सय जनसङ्ख्या रहेका त्यस जातिका ४८ वर्षीय अगुवा लक्ष्मण सुनाहा बताउँछन्। परम्परागत पेशामा आएको व्यवधानका कारण अल्पसङ्ख्यक जातिका रूपमा रहेको यस सुनाहाको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था दयनीय बन्दै गएको छ।

रात/दिन नदीसँग खेल्नुपर्ने हुँदा यिनीहरू आफूलाई गङ्गापुत्र पनि भन्न रुचाउँछन्। जस्तोसुकै अवस्थामा पनि नदीमा हामफाली निर्धक्कसाथ पौडी खेल्न सक्ने सुनाहाहरू नदीको बाढीसँग पनि डराउँदैनन्। त्यसैले होला, सुनाहाका नवजात शिशुलाई समेत नदीको बीचमा फालिदिए पनि नदी आफैँले

किनारा लगाइदिन्छ भन्ने मान्यता यिनीहरूमा पाइन्छ। विशेषगरी, यस जातिका मानिस आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा नै 'सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ' भनिएको छ। त्यसबाट यो स्पष्ट हुन्छ कि स्वतन्त्रताको सार्थकता त्यतिबेला हुन्छ जतिबेला आत्मसम्मान (प्रतिष्ठा) पूर्वक बाँच्न पाइन्छ।

विश्वव्यापी घोषणापत्रअनुसार सुनाहा जाति त्यसबेला मात्रै स्वतन्त्र हुन्छन् जुनबेला तिनीहरूका आधारभूत अधिकार गाँस, बास र रोजगारीको व्यवस्था सुनिश्चित हुन्छ। वर्तमान अवस्थामा राज्यका निकायहरूलाई उनीहरूका अधिकार परिपूर्ति गर्ने विषयमा कुनै प्रकारको चासो देखिँदैन। नागरिकका आधारभूत अधिकारमध्ये उपभोग गर्न पाउने अधिकार सबैभन्दा महत्वपूर्ण हुन्छ। बालकदेखि वृद्धसम्मको खाद्य अधिकारबारे अन्तर्राष्ट्रिय सन्धिहरूले पनि राज्यको दायित्वअन्तर्गत व्याख्या गरेका छन्। सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र पारित गर्दा प्रत्येक नागरिकले 'अभाव र भयबाट मुक्ति' पाउनुपर्छ भन्ने यथार्थ आत्मसात गरियो र घोषणापत्रको

प्रस्तावनामा नै यसलाई समेटियो।[१]

घोषणापत्रमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई उत्तिकै प्राथमिकता दिइएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले यो कुरालाई पनि उजागर गर्छ कि मानव अधिकारहरू अन्तरनिर्भर छन् र अविभाज्य छन्। अर्थात् नागरिक तथा राजनीतिक अधिकारहरू मात्रैले पनि एउटा व्यक्तिको आत्मसम्मानपूर्वक बाँच्ने अधिकार पूरा हुन सक्दैन र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारले मात्रै पनि सबै स्वतन्त्रताको पूर्णता हुँदैन। तसर्थ आत्मसम्मान र स्वतन्त्रताका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि उत्तिकै अपरिहार्य हुन आउँछ जसमा रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा र संस्कृतिलगायतका अधिकार पर्छन्। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ मा समावेश गरी कानुनी रूप दिइएको छ। नागरिकहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सम्बोधन गर्ने प्रमुख अन्तर्राष्ट्रिय कानुन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि हुन्।[२]

नागरिक र राजनीतिक अधिकारको सुनिश्चितता आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको परिपूर्तिसँग जोडिएको छ। यस अर्थमा यी दुईको सम्बन्ध नङ र मासुको जस्तो छ। यस अभिसन्धिको पक्ष राष्ट्रले प्रत्येक नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन गरी नागरिकको सबै अधिकार सुनिश्चित गर्नुपर्छ। अनिमात्रै राज्यको दायित्व पूरा भएको मानिन्छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार परिपूर्ति सन्दर्भमा कुरा गर्दा यो सुनाहा जातिको मात्र नभई अन्य जातिका नागरिकको हकमा समेत प्रभावकारी नभएको देखिन्छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि राज्यले अनुमोदन गरिसकेपछि त्यसमा भएका व्यवस्था लागु गर्नु राज्यको दायित्व हुन आउँछ। नेपालले पनि यस अभिसन्धिलाई सन् १९९१ मा नै अनुमोदन गरिसकेको छ। नेपालको संविधान २०७२ मा पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको व्यवस्था गरेको पाइन्छ।[३] तर यसको कार्यान्वययनको अवस्था भने कमजोर छ। जसको मार सुनाहा जातिमाथि पनि परेको छ।

२. अध्ययनको उद्देश्य तथा महत्व

कञ्चनपुर जिल्लामा आदिवासी, जनजाति, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, ब्राह्मण, क्षत्रीलगायत सबै जात जातिको मिश्रित बसोबास छ। यस जिल्लाका आदिवासी र अल्पसङ्ख्यक जातमा राना थारू, चौधरी, राजी, राउटेलगायत छन्। यस जिल्लाका अन्य आदिवासी र जनजाति राना थारू, चौधरी, राजी, राउटेलाई नेपाल सरकारले आदिवासी जनजाति र अल्पसङ्ख्यक जातिमा सूचीकृत गरेको छ। सूचीकृत भएकाले राज्यबाट उपलब्ध सेवा/सुविधा लिइरहेका छन्। तर अल्पसङ्ख्यक जाति भए पनि सूचीकृत हुन नसकेका कारण सुनाहा जाति भने राज्यले दिने यस्ता सेवा/सुविधाबाट वञ्चित हुँदै आएको छ। यस समुदायले परम्परागतरूपमा गर्दै आएको माछा मार्ने पेशा पनि राज्यकै निकाय (जिविस र गाविस) का कारण सङ्कटमा परेको छ। यही कारण उनीहरूको आर्थिक अवस्था पनि कमजोर हुँदै गएको छ। शिक्षा, स्वास्थ्य, खाद्य र रोजगारी जस्ता आधारभूत अधिकारबाट सुनाहा जाति वञ्चित हुँदै आएको छ। यो जातिका समस्या राज्यका सम्बन्धित निकायलाई जानकारी गराउन तथा यस जातिलाई लोपोन्मुख जातिको सूचीमा राख्न झकझक्याउन यो अध्ययनको महत्व हुनेछ। यस अध्ययनले सुनाहा जातिको अवस्था चित्रण गरी राज्यले निर्वाह गर्नुपर्ने दायित्वका साथै यस जातिको विशिष्ट पहिचान उजागार गर्नसमेत मद्दत पुऱ्याउनेछ।

यस अध्ययनका मुख्य उद्देश्य निम्नानुसार छन्

- सुनाहा जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्थाबारे जानकारी प्राप्त गर्नु।
- सुनाहा जातिको अधिकार संरक्षणका लागि राज्यले गरेका कार्यबारे जानकारी प्राप्त गर्नु।
- सुनाहा जातिका लागि गैरसरकारी सङ्घसंस्थाले सञ्चालन गरेका कार्यक्रम र त्यसले पारेका प्रभावबारे जानकारी हासिल गर्नु।

३. अध्ययन विधि

यो आलेख तयार पार्ने क्रममा सुनाहा जातिसँग

१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र। १९४८। संयुक्त राष्ट्रसङ्घ
२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि। १९६६। संयुक्त राष्ट्रसङ्घ
३. नेपालको संविधान। २०७२। नेपाल सरकार

समूहगत छलफल गरिएको छ। साथै स्थानीय नागरिक अगुवा र सेवाप्रदायक सङ्घसंस्था अनि व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। जिल्लास्तरमा सरोकार राख्ने कार्यालयका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र स्थानीय प्रशासनसँग अन्तरक्रिया पनि गरिएको थियो। यसका साथै मानव अधिकारसम्बन्धी दस्तावेज र विभिन्न लेखलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ।

४. अध्ययनको सीमा

यो अध्ययन प्रतिवेदनमा भीमदत्त नपा-११, १२ र १३ मा बसोबास गर्ने अल्पसङ्ख्यक सुनाहा जातिबारे मात्र समेटिएको छ। यो जातिको सामान्य परिचय, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको संस्कृति, भाषा र विशेषताबारे अधिकारका दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यो प्रतिवेदनले माथि उल्लेख गरिएका क्षेत्रमा बसोबास गर्ने सुनाहा जातिबारे मात्र प्रकाश पार्नेछ। त्यसैले अन्य जिल्लामा बसोबास गर्ने यो जातिका कतिपय रीतिरिवाज, परम्परा आदि मेल नखान सक्छ।

५. सङ्कटमा परेको पेशा

नदीको पानीलाई जीविकोपार्जनको प्रमुख माध्यमका रूपमा प्रयोग गर्दै आएका सुनाहा जाति अहिले आफ्नो पेशा नै सङ्कटमा परेको बताउँछन्। समयको विकासक्रमअनुसार नदीमा पुल बनेपछि यो जातिले डुङ्गा चलाउने पेशाबाट अलग्गिनुपऱ्यो। सुन छान्ने पेशामा खर्च हुने समय र लागतअनुसार सुन सङ्कलन नभएका कारण यसबाट पनि बाहिरिनुपऱ्यो। यसैगरी जीविकोपार्जन गर्नका लागि माछा मार्ने पेशा गरिरहेकामा कञ्चनपुर जिल्ला विकास समितिले यो जातिमा पर्ने प्रभावको कुनै अध्ययन नै नगरी २०६५ सालदेखि माछा मार्ने काम ठेक्कामा दिँदा माछा मार्ने पेशामा पनि सङ्कट आयो।[४]

प्राकृतिक स्रोत उपयोग गरी जीवन धान्ने यस जातिलाई परापूर्वकालदेखि खेल्दै/रमाउँदै आँगनका रूपमा प्रयोग गर्दै आएको नदीमा माछा मार्न जान ठेकेदारसँग प्रतिव्यक्ति २ हजार ५ सयको रसिद किन्नुपर्ने हुन्छ। राज्यको यही अव्यावहारिक निर्णयका कारण आर्थिक अवस्था कमजोर भएका सुनाहा जातिले उक्त रकम तिर्न नसकेर माछा मार्ने पेशाबाट पनि वञ्चित हुनुपरेको छ।

माछा मार्ने पेशामा आएको सङ्कटका कारण सुनाहा जातिको जीविकोपार्जनमा गम्भीर प्रभाव परेको छ। उनीहरूले आफ्नो खाद्य अधिकार उल्लङ्घन भएको भन्दै विभिन्न निकायमा उजुरी दर्ता पनि गराए। तर पनि कुनै सुनवाइ नभएको पीडित बताउँछन्। इन्सेक कञ्चनपुरले आयोजना गरेको संवाद कार्यक्रममा स्थानीय विकास अधिकारी लक्ष्मण ढकालले सुनाहा जातिलाई निःशुल्क माछा मार्न दिन ठेकेदारलाई निर्देशन दिने प्रतिबद्धता व्यक्त गरी निर्देशन पनि दिए। तर उक्त निर्देशन कार्यान्वयन भने हुन सकेको छैन। वर्तमान स्थानीय विकास अधिकारी मोहन पौडेल ठेक्काबाट उठेको केही रकम यो जातिका लागि 'खर्च गर्न सकिने' मात्र बताउँछन् तर खर्च गर्ने सुरसार भने कतै भेटिन्न। उनका अनुसार सुनाहा जातिले जिविसमा गुनासो गरेका पनि छैनन्। अर्कोतर्फ ठेकेदार कृष्ण चन्द आफूले जिविससँग भएको सम्झौताअनुसार कर उठाएको बताउँछन्।

अहिले यही कारण सुनाहा जातिका मानिस जीविकोपार्जनका लागि विभिन्न पेशामा लागेका छन्। कोही गिट्टी बनाउँछन्, कोही अरुको जग्गा अधिया कमाउँछन्, कोही भने दैनिक ज्याला मजदूरी गर्छन्। यसबाहेक वैदेशिक रोजगारीको सिलसिलामा भारतमा १५ जना गएका छन् भने खाडी मुलुक जानेको सङ्ख्या १० पुगेको छ।

६. भाषा तथा संस्कृति

सुनाहा जाति आफूलाई गङ्गापुत्र-पुत्रीका रूपमा मान्छन्। पानीसँग नजिकको सम्बन्ध भएको, नदीको किनारमा बस्ने, फरक पहिचान, फरक भाषा भएको अल्पसङ्ख्यक जनजातिका रूपमा यिनीहरू छन्। यद्यपि राज्यका निकायमा भने उनीहरूको कुनै पहिचान छैन। मतवाली जाति सुनाहाका डलैहिया, अहेरा, खुटनिया, पतभरिया, झवरिया र गुलाह थर पाइन्छ। सामान्य थारू समुदाय जस्तो देखिने भए पनि यो जाति आफूलाई थारू भनेको रुचाउँदैनन्। हिन्दु धर्म मान्ने यो जातिका मानिस आफ्नै जलदेवता बिसारी नरसमाको पूजा गर्छन्। उनीहरू पूजा र विवाहमा मदिरासमेत चढाउने बताउँछन्।

सुनाहा जातिको मुख्य पर्व 'गुडिया' हो। यो पर्वमा महिलाले पुतली बनाई नदीमा गई पुतली खेलाएर पूजा गर्छन् र घरमा आएर मीठो खाद्यान्न खान्छन्। गुडिया पर्व साउन महिनामा पर्छ। यो समुदायमा प्रधान

४. सुनाहा जातिका स्थानीय अगुवासँगको कुराकानीमा आधारित

भन्ने मुख्य मान्छे हुन्छ जसले समुदायमा भएका आपराधिक र न्यायसँग सम्बन्धित घटनामा फैसला दिने काम गर्छ। पहाडी समुदाय नजिक बसेका कारण हाल आएर यो समुदायले पहाडी चलनसमेत अनुशरण गर्न थालेको छ। यो समुदायको आफ्नै भाषा छ जसलाई 'बल्तरु' भाषा भनिन्छ। यिनीहरूको बिहेबारी आफ्नै जातिमा गर्ने गरिएको भए पनि अन्तरजातीय विवाह पनि हुन थालेको छ। यस जातिमा बाल विवाह र बाल मगनी प्रथा अहिलेसम्म पनि छ।[५]

७. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका दृष्टिकोणबाट हेर्ने हो भने सुनाहा जाति राज्यले प्रदान गर्ने सबै अधिकारबाट वञ्चित भएको पाइन्छ। यस जातिका धेरैजसो परिवार भूमिहीन छन्। जिल्ला विकास समितिले माछा मारी सङ्कलन गर्ने ठेक्का दिएपछि यिनीहरुको जीविकोपार्जन सङ्कटमय बनेको छ। यो समुदायमा प्राबि तहसम्मको विद्यालयसमेत छैन। सदरमुकामदेखि नजिक रहेको समुदाय भए पनि यस समुदायको विकास निर्माण, योजना तर्जुमालगायतका कुनै पनि कार्यक्रममा सहभागिता देखिन्न। यस समुदायमा स्थानीय निकायबाट समेत कुनै विकास आयोजना नआएको बताउँछन् स्थानीय सुनाहा जातिका अगुवा। नदीको किनारमा रहेको बस्ती भएकाले वर्षायाममा बाढीको त्रासले उत्तिकै सताउँछ।

नेपालको संविधान तथा कानुनले रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा र संस्कृतिलगायतका अधिकार व्यवस्था गरेको छ तर यस समुदायले ती अधिकार उपभोग गर्न पाएको देखिन्न। सामान्य बिरामी भए पनि महाकाली अञ्चल अस्पताल जानुपर्ने र त्यहाँ पनि उपचारका लागि कुनै निःशुल्क व्यवस्था नभएको भीमदत्त नपा-११ ऐरीका सुनाहा जातिका २६ वर्षीय अगुवा उमेश सुनाहाले बताए। २०६८ सालमा पहिलो पटक यस जातिका चार जनाले प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए। यो जातिलाई अल्पसङ्ख्यक जनजातिका रूपमा सूचीकृत गर्नुपर्ने भए पनि आदिवासी जनजातिमा समेत सूचीकृत गरिएको छैन।

यो समुदायको राजनीतिमा पनि पहुँच छैन। सुनाहा जातिको नदीसँग बढी सामीप्यता भएको र हाल आएर नदीमा जान बन्देज लागेकाले कतिपय पर्व, मनोरञ्जन, पेशालगायतमा समेत अपनत्व गुमेको महसुस उनीहरुमा भएको छ। बाल विवाह र बाल मगनी जस्ता प्रथाले गर्दा पनि यस जातिमा सांस्कृतिक अधिकार प्रभावित भएको छ।

मतवाली जाति भएका कारण सबै चाडपर्वमा मदिरा प्रयोग हुने तर मदिरा उत्पादन गरे कानुनी कारबाही गरिने हुँदा संस्कृतिमा समेत असर परेको उनीहरुको थप गुनासो छ। समग्रमा भन्दा यस जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चत हुन नसकेको अवस्था देखिन्छ। सुनाहा जातिलाई अल्पसङ्ख्यक जातिका रूपमा उल्लेख गरियोस् भनी सर्वोच्च अदालतमा रिटसमेत परेको थियो। तर, पनि उनीहरुलाई यसरी उल्लेख गर्ने काम भने हुन सकेको छैन।

७.१ खाद्य अधिकार

महाकाली नदीको किनारामा करिब ९० परिवारको सङ्ख्यामा रहेका सुनाहा जातिले जीविकोपार्जनका लागि पहिलेदेखि गर्दै आएका पेशा बालुवाबाट सुन छान्ने, माछा मार्ने, डुङ्गा चलाउने, गिट्टी छान्ने आदि हुन्। समयक्रममा उनीहरूको पेशामा सङ्कट आएकाले जीविकोपार्जनका लागि पेशा नै परिवर्तन गर्नुपर्ने बाध्यता सिर्जना हुन पुगेको छ।

महाकाली नदीमा माछा मार्न नपाएको र अन्य विकल्प पनि नदिइएका कारण उनीहरूको खाद्य अधिकार हनन् भएको छ। सुनाहाहरूले पहिलेदेखि नै नदीमा स्वतन्त्र र आफ्नो मिल्ने समयमा माछा मारेर खाने र बेच्ने गर्थे तर यो स्वतन्त्रता र जीविकोपार्जनको स्रोत २०६५ सालदेखि खोसियो। जतिखेर जिल्ला विकास समिति कार्यालय, कञ्चनपुरले महाकाली नदीको सात किमि लम्बाइ क्षेत्रमा माछा मार्न ठेकेदारलाई ठेक्का दियो। यही कारण ठेकेदारले नदी प्रवेशमा रोक लगाएपछि जीविकोपार्जनको माध्यम सङ्कटमा परेको छ।[६]

७.२ भूमि अधिकार

सुनाहा जातिका ९० परिवारमध्ये २१ परिवार भूमिहीन छन्। ३४ परिवारसँग १ कट्ठामात्र जमिन छ भने २४ परिवारसँग २ देखि ५ कट्ठासम्म जमिन छ। त्यसैगरी १० परिवारसँग १० कट्ठासम्म जग्गा छ भने १ विघा जग्गा हुने परिवार एउटामात्र छ। महाकाली नदीको किनारमा भएकाले वर्षात्को समयमा बाढीले

५. स्थलगत अध्ययनका क्रममा सुनाहा जातिसँग भएको छलफल, प्रश्नोत्तर र अन्तरक्रिया

६. आइएलओ महासन्धिको धारा १९७

डुवानमा पर्ने समस्या उत्तिकै छ। सुनाहा समुदायका करिब ३० परिवारले अन्य जातिको खेत अधियामा कमाएर गुजारा चलाइरहेका छन्।

७.३ प्रजनन् स्वास्थ्यको अवस्था

सुनाहा जातिविशेषको मात्रै तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयसँग छैन। यस जातिमा पहिलाको तुलनामा स्वास्थ्य चेतनामा केही सुधार भने आएको छ। हाल आएर यस जातिका अधिकांश महिलाले नियमित गर्भवती जाँच गराउने गरे पनि केही महिला नजिक स्वास्थ्य संस्था नभएकाले अहिले पनि नियमित जाँच गराउँदैनन्। सुत्केरी हुनका लागि करिब आठ किलोमिटर दूरीमा रहेको महाकाली अञ्चल अस्पताल जाने गरेका छन्। बाल विवाहको प्रचलन कायम रहेकाले मातृस्वास्थ्यमा समस्या देखिन थालेको छ।

८. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवालमा सरकारी तथा गैरसरकारी निकायको भूमिका

जिल्ला विकास समिति, कञ्चनपुरले नियमित कार्यक्रमबाहेक सुनाहा जातिका लागि कुनै विशेष कार्यक्रम नगरेको सामाजिक विकास अधिकृत भानदेव भट्टले बताए। आर्थिक वर्ष २०७०-२०७१ मा इन्सेकको पहलमा जिल्ला विकास समितिले यो जातिलाई नि:शुल्क माछा मार्न दिने निर्देशन ठेकेदारलाई दियो। त्यसैगरी सुनाहासँग सहकार्यका लागि १ लाख रुपियाँ बजेट पनि छुट्टयाएको थियो। तर यस वर्ष भने यस यो समुदायका लागि कुनै विशेष कार्यक्रम नभएको भट्टले बताए। स्थानीयस्तरबाटै योजना निर्माण हुने र स्थानीयस्तरको योजना तर्जुमामा समेत यी जातिको सहभागिता कम हुने गरेको भट्ट नै बताउँछन्।

जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका प्रवक्ता (डिएसपी) केदार खनालले सुनाहा जातिबारे जानकारी नभएको बताए। सुनाहा जातिका कुनै घटनासमेत जिल्ला प्रहरी कार्यालयमा दर्ता नभएको उनको भनाइ छ। महाकाली नदीमा वर्षात्को समयमा बाढीपीडित हुन सक्ने भएकाले नदीछेउका सबै नागरिकलाई राहतका लागि योजना बनेको तर सुनाहा जातिका लागि भनेर विशेष सुरक्षा योजना नरहेको जानकारी पनि उनले दिए।

भीमदत्त नपाका प्रशासकीय अधिकृत हरिसिंह धामीले सुनाहा जातिका बारेमा जानकारी नभएको र यस आर्थिक वर्ष पनि सुनाहा जातिका लागि कुनै विशेष कार्यक्रमका लागि बजेट विनियोजित नगरिएको बताए। उनी साधारण नागरिकले पाउने सेवा/सुविधाबाहेक सुनाहा जातिका लागि कुनै विशेष कार्यक्रम नरहेको बताउँछन्।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि अधिकृत टीकाराम थापाले सुनाहा जातिका बारेमा आफूलाई जानकारी नभएको र उनीहरुका लागि कुनै विशेष कार्यक्रमसमेत नरहेको बताए। जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख हजारी चन्दले यो जातिका लागि स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम नरहेको बताए। नियमित कार्यक्रमअर्न्तगत नागरिकले पाउनुपर्ने सुविधा वितरण गरिएको उनको भनाइ थियो। ती समुदायका बालबालिकाले पायक पर्ने खोप केन्द्रमा आएर खोप सेवा लिइरहेको उनले बताए। जिल्ला शिक्षा कार्यालय कञ्चनपुरका सहायक जिल्ला शिक्षा अधिकारी पदमराज भट्टले सुनाहा जातिबारे जानकारी नभएको र उनीहरुका लागि कुनै विशेष शैक्षिक कार्यक्रमसमेत नरहेको बताए। साथै सुनाहा समुदायबाट कहिले पनि शिक्षासँग सम्बन्धित कुनै माग लिएर कोही नआएको भनाइ पनि उनको छ।

८.१ गैरसरकारी संस्थाले यो समुदायका लागि गरेका काम

सुनाहा जातिको समूह निर्माण, क्षमता अभिवृद्धि, जनवकालतलगायतका क्रियाकलाप सञ्चालन गरेको स्विट नेपालका अध्यक्ष देव पालले बताए। यद्यपि ती समुदायमा कार्यक्रमको सकारात्मक प्रभाव कम परेको बताइन्छ। इन्सेक कञ्चनपुरले जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रमअन्तर्गत सुनाहा जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि संवाद कार्यक्रम आयोजना गरेको थियो। संवाद कार्यक्रममार्फत यो जातिका समस्या बाहिर आएपछि तत्कालीन स्थानीय विकास अधिकारी लक्ष्मण ढकालले सुनाहा जातिलाई नि:शुल्क माछा मार्न दिन ठेकेदारलाई पत्राचार गरेका थिए। तर कार्यान्वयन भने हुन सकेको छैन। खाद्य अधिकार सञ्जाल कञ्चनपुर, याक नेपाल धनगढी र फियान नेपालले खाद्य अधिकारको अवस्थाबारे पटकपटक अध्ययन गरेका छन्। सुनाहा जातिको खाद्य अधिकार र संविधानमा व्यवस्था भएबमोजिम जनजातिमा सूचीकृतसहितको पहिचानको माग गर्दै जुरी नेपालले सर्वोच्च अदालतमा परमादेश जारी गर्न माग गर्दै रिट निवेदनसमेत दायर गरेको छ।

९. निष्कर्ष

सामान्य अर्थमा मानिस भएकै कारण हरेक

व्यक्तिले प्राप्त गर्ने जन्मसिद्ध नैसर्गिक अधिकार धेरै छन्। जबसम्म ती अधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले सुनिश्चित गर्दैनन् त्यसबेलासम्म ती अधिकारको कुनै महत्व हुँदैन। मानव भएर बाँच्नका लागि आवश्यक पर्ने न्यूनतम र आधारभूत अधिकारको सुनिश्चितता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा गरिएको हुन्छ अनिमात्रै ती सबै अधिकारलाई मानव अधिकार भनिन्छ। राज्यको दायित्व भनेको राज्यमा भएका ऐन, कानुन र नियम निर्माण गर्ने र तिनलाई कार्यान्वयन गर्ने पनि हो। सुनाहा जाति कानुनप्रदत्त सबै अधिकारबाट वञ्चित भएको पाइन्छ। उनीहरूको अधिकार परिपूर्ति गर्नु राज्यको दायित्व हो। नेपालको संविधान २०७२ मा समेत खाद्य अधिकारसम्बन्धी हक, आदिवासी जनजातिसम्बन्धी अधिकारको व्यवस्था, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था भएको पाइन्छ। यसैगरी नेपाल सरकारले आइएलओ १६९ लगायतका अन्य सरोकार राख्ने अन्तर्राष्ट्रिय सन्धिमा पनि हस्ताक्षर गरेको छ। त्यसैले राज्यले यो जातिको अधिकार सुनिश्चित गर्न आवश्यक छ।

१०. सुझाव

- भूमिहीन सुनाहालाई जग्गा व्यवस्था गरिदिनुपर्छ।
- यस समुदायको शिक्षामा पहुँच बढाउनुपर्छ।
- उच्च शिक्षा अध्ययन गर्न यस समुदायका व्यक्तिलाई शैक्षिक छात्रवृत्ति व्यवस्था गरिनुपर्छ।
- परम्परागत माछा मार्ने पेशालाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्छ।
- सुनाहा समुदायमा जीविकोपार्जन सहज तुल्याउन आर्थिक उन्नतिका कार्यक्रम गरिनुपर्छ।
- यस समुदायमा कायम बाल विवाह, बाल मगनीविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- सुनाहा जातिको मातृ भाषा र संस्कृति संरक्षण गर्नुपर्छ।

अनुसूची १

सन् २०१५ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

१. नामै वर्ष पुस्तक भएकाले यसमा सन् २०१५ (२०७१ पुस १७ गतेदेखि २०७२ पुस १६ गतेसम्म) का घटनामात्र उल्लेख छन्।

२. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, खोलाको पानी पिउने परिवार, शौचालय नभएका परिवार, कामका लागि बाहिरिएका, सबभन्दा बढी जनसङ्ख्या, अपाङ्गता भएका, ५ वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

३. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७२ पुस दोस्रो साता) को हो।

४. अदालतले थुन्ने आदेश दिएको भन्नुको मतलव आरोपित पुर्पक्षका लागि थुनामा रहेको र मुद्दा चलिरहेको भन्ने हो।

५. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घटनका घटना यसमा समावेश छैन।

६. बलात्कार जस्ता संवेदनशील घटनामा आफ्नै बाबु वा नजिकको आफन्त संलग्न भएकामा पीडितको परिचय नखुलोस् भन्ने अभिप्रायले आरोपितको नाम उल्लेख गरिएको छैन।

७. नेपालको बालबालिकासम्बन्धी ऐनले १६ वर्षभन्दा मुनिकालाई बालबालिका भन्नुपर्ने जनाए पनि बाल अधिकार महासन्धिले १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

८. राम्रो कि नराम्रो भन्ने विषय तुलनाबाट मात्र प्रष्ट हुन्छ। त्यसैले यो वर्ष जिल्लाको मानव अधिकार उल्लङ्घनका घटना बढे कि घटे भन्ने सहजै थाहा पाउन पृष्ठभूमिमै गत वर्षको सामान्य तथ्याङ्क दिइएको हो।

९. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१०. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

११. कारागारलगायत अन्य निकायमा भएका राम्रा व्यवस्थालाई भन्दा पनि समस्या उजागर गर्नमा जोड दिइएको छ। यसको मतलव पुस्तकको उद्देश्य नै उल्लङ्घनमा जोड दिएर सेवा प्रदायकलाई यसप्रति जवाफदेही बनाउनु हो।

१२. अदालतमा फैसला हुन बाँकी मुद्दा भन्नुको मतलव सन् २०१५ को अन्तिमसम्म नटुङ्गिएका

हुन्। जुन जुन जिल्लामा २ वर्षभन्दा पुराना मुद्दाको सन्दर्भ उल्लेख छैन तिनमा बाँकी नरहेकाले हो।

१३. तथ्याङ्कहरू जिल्ला शिक्षा कार्यालय, स्वास्थ्य कार्यालय, अदालत, कारागार कार्यालय जस्ता सम्बन्धित निकायबाट लिइएका हुन्।

१४. तह तोकिएकामा बाहेक अन्यत्र उल्लेख अदालत शब्दले जिल्ला अदालत बुझाउँछ।

१५. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

१५. कारागार व्यवस्थापन विभागले कारागारलाई कर्मचारीको स्वीकृत दरबन्दी, राख्ने क्षमता र भौतिक अवस्थाका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरेको छ। यहाँ उल्लिखित श्रेणीले यही जानकारी दिन खोजेको हो। जसमध्ये राजधानीको केन्द्रीय कारागार 'क' श्रेणीमा पर्छ भने पर्सा, सुनसरी र भीमफेदी 'ख' श्रेणीमा पर्छन्। त्यसैगरी डिल्लीबजार, नख्खुलगायत आठ कारागार 'ग' श्रेणीमा पर्छन् भने 'घ'मा बर्दिया, सप्तरी, कैलाली, सिरहालगायत ११ कारागार पर्छन् । ७४ मध्ये बाँकी ५१ कारागारचाहिँ 'ङ' श्रेणीमा पर्छन् ।

१६. मानव अधिकार वर्ष पुस्तकको पृष्ठ कम हुनुको कारण सन् २०१५ मानव अधिकारका दृष्टिले सुध्रनु हुँदै होइन। विषयवस्तु प्रस्तुतिमा चुस्तता र साजसज्जामा गरिएको फेरबदल नै यसको एकमात्र कारण हो।

१७. नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

१८. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१९. विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध तथ्याङ्कमा राखिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

२०. विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौँ।

२१. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

२२. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

२३. बालमैत्री कार्यक्रम सञ्चालन गरिएका विद्यालयलाई बालमैत्री विद्यालय भनिएको हो। कम्तीमा ह्वीलचेयर गुड्ने, सजिलो शौचालय र कक्षा परिवर्तन गरिरहनु नपर्ने गरी सञ्चालित विद्यालयलाई अपाङ्गमैत्री भनिएको हो। यौन हिंसाअन्तर्गत बलात् यौनसम्बन्ध वा प्रयास वा लागु औषधी प्रयोग गरी अनिच्छित गरिएका यौनजन्य क्रियाकलापका घटना समावेश गरिएका हुन्।

तथ्याङ्कका अन्य स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३

२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

४. १९९२ देखि २०१५ सम्मका इन्सेक मानव अधिकार वर्ष पुस्तकहरू

५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।



पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिरहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

१.१ झापा



जम्मा जनसङ्ख्या
८१२६५०

महिला
४२७५५४

परिवार सङ्ख्या
१८४५५२

खोलाको पानी पिउने परिवार
१८८

शौचालय नभएका परिवार
४७५७५

कामका लागि बाहिरिएका
८०६२५

सबभन्दा बढी जनसङ्ख्या
१५३२८७ (ब्राम्हण पहाड)

अपाङ्गता भएका
१५३७६

५ वर्षमाथिको साक्षरता प्रतिशत
७७.७

सरकारी विद्यालय
४१४

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
बालअधिकार				३५	१	३६
अमानवीय व्यवहार					१	१
अपहरण					१	१
महिलाअधिकार				१३		१३
भेला/सङ्गठित हुने अधिकार	१	१०	११			
गिरफ्तारी/यातना		१	१			
कुटपिट					१	१
हत्या				६	६	१३
जम्मा	१	११	१३	५४	१३	६६

झापाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा ५६ महिलासहित ६६ जना पीडित भएकामा सन् २०१५ मा ५५ महिलासहित ७५ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनमा एक महिलासहित १२ जना पीडित भए। पीडितमध्ये एक जनालाई गिरफ्तारपछि यातना दिइयो भने ११ जना अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट वञ्चित रहे। गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा ५४ महिलासहित ६७ जना पीडित भए। जिल्लामा गैरराज्यपक्षबाट १३ जनाको हत्या भयो भने बालअधिकारबाट ३६ र महिला अधिकारबाट १२ पीडित भए। तीन जना बिष्फोटक पदार्थबाट घाइते भए। अपहरण, कुटपिट र अमानवीय घटनामा एक-एक जना पीडित भए।

यस वर्ष गैरराज्य पक्षबाट सात महिलाको हत्या भयो। अघिल्लो वर्ष पाँच महिलाको हत्या भएको थियो। महिला हत्यामा परिवार तथा आफन्त संलग्न रहे। बालअधिकार उल्लङ्घनका ३६ घटनामा २२ बालिका बलात्कार घटनाबाट पीडित भए। १३ बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। तर ३ सय ५४ कैद नतोकिएका र ४ सय ५ कैद नतोकिएका गरी ७ सय ५९ जना छन्। जसमा आश्रित बालिका सात जना छन्। अत्यन्तै जीर्ण यो कारागारमा बढी बन्दी रहेकाले व्यवस्थापनमा समस्या देखिएको छ।

कुटपिट/धम्की

गैरराज्य पक्षबाट

बिर्तामोड नपा-५ घर भई अर्जुनधारा दैनिकका सम्पादक ४५ वर्षीय कृष्ण हुमागाईलाई २०७२ भदौ १५ गते दिउँसो बन्द अवज्ञा गरेको आरोपमा बिर्तामोड नपा-५ स्थित मुक्तिचोकमा सङ्घीय लिम्बूवान पार्टी

नेपालका कार्यकर्ता शान्तिनगर गाविस-५ का २८ वर्षीय भीमबहादुर राई, ४१ वर्षीय दिउप्रकाश लिम्बू, २४ वर्षीय दलबहादुर मगर, २६ वर्षीय प्रवीन लिम्बू र २१ वर्षीय पूजा चापागाईंले कुटपिट गरी घाइते बनाए। घाइतेको बिर्तामोडस्थित बिएमसी अस्पतालमा उपचार भयो। आरोपितहरूले पीडितको मोटरसाइकल पनि तोडफोड गरे। सोही दिन गिरफ्तार आरोपितहरूलाई जिल्ला प्रशासन कार्यालयले भदौ २१ गते छाड्ने आदेश दियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ८ सय ४० र फौजदारी ७ सय ७० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी चार र फौजदारी तीन थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ६५ प्रावि, ९० निमावि, ५० मावि र ६१ उमावि छन्। ३ हजार ६ सय ७९ शिक्षक दरबन्दी रहेकामा ३ हजार ६ सय ३० कार्यरत छन्। यस वर्ष ६ हजार ९ सय ५ बालक र ७ हजार ४ सय १२ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले १६ हजार ६ सय १० दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गऱ्यो। अपाङ्गमैत्री विद्यालय ६८ वटा छन्।

यो वर्ष तीनदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। ८२ वर्षीया वृद्धासमेत बलात्कृत भइन्। बलात्कारका आरोपितमा १० वर्षे बालक, बाबु, पुजारीदेखि ७० वर्षे वृद्धसमेत रहे। चार बालिका आफ्नै बाबुबाट बलात्कृत भएको उजुरीमा मुद्दा चलिरहेको छ। एक बालिकालाई १० वर्षदेखि १८ वर्षसम्मका चार जनाले सामूहिक बलात्कार गरे। एक नवजात शिशुको आमाले घाँटी थिचेर हत्या गरिन्। बलात्कार घटनाका चार आरोपितलाई अदालतले प्रमाण नपुगेको भन्दै सफाइ दियो। यो वर्ष एक बालकसहित ३६ बालबालिका पीडित भए। तीमध्ये एक बालकको हत्या भयो भने २२ बालिका बलात्कृत र १३ बालिका यौन दुर्व्यवहारबाट पीडित भए। अघिल्लो वर्ष एक बालकसहित ४१ बालिका पीडित भएका थिए।



सशस्त्र प्रहरी वेस क्याम्प खुदुनाबारीका प्रहरीले कुटपिट गरी घाइते बनाइएका तेजबहादुर बुढाथोकी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	३३		३३
नवजात शिशुको हत्या		१	१
यौन दुर्व्यवहार	१३		१३
जम्मा	३५	१	३६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७१ चैत ५ गते मेचीनगर नपा-५ का ४५ वर्षीय श्याम श्रेष्ठले आफ्नै घरमा बलात्कार गरेको भन्दै पीडित परिवारले चैत १९ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा चैत १९ गते भयो। उजुरी परेकै दिन गिरफ्तार श्यामलाई अदालतले २०७२ जेठ १८ गते १६ वर्ष कैद र ३ लाख रूपियाँ पीडितलाई भराउने फैसला गऱ्यो।

१४ वर्षीया बालिकालाई २०७२ वैशाख १ गते ४५ वर्षीय आफ्नै बाबुले बलात्कार गरेको भन्दै पीडितका मामाले वैशाख २ गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले वैशाख २८ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा वैशाख २ गते भयो।

तीन र ६ वर्षीया बालिकालाई २०७२ वैशाख ७ गते दिउँसो शनिअर्जुन नपा-५ का ३९ वर्षीय सिंहबहादुर खवासले पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडितहरूका आमाले सोही दिन प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार खवासलाई अदालतले वैशाख २९ गते १२ वर्ष कैद र ५० हजार रूपियाँ पीडितलाई भराउने फैसला गऱ्यो। पीडितहरूको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वैशाख ७ गते भयो।

१५ वर्षीया बालिकालाई २०७२ वैशाख १४ गते कन्काइ नपा-५ स्थित कृष्ण प्रणामी मन्दिरका महाराज गुरू ६० वर्षीय मोहनानन्द सुवेदीले मन्दिरको आश्रममै बलात्कार गरेको भन्दै पीडित

बालिकाकी दिदीले प्रहरीमा जेठ ९ गते उजुरी दिइन्। उजुरी परेकै दिन गिरफ्तार सुवेदीलाई अदालतले असार १७ गते ६ वर्ष कैद र ५० हजार रूपियाँ पीडितलाई भराउने फैसला गऱ्यो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाबाट पीडित भएको भन्दै ९६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ३१, खान/लाउन नदिएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच उजुरी छन् भने सामान्य झगडाका ५० ओटा छन्। तीमध्ये ९६ घटनामा प्रहरीले मिलापत्र गरायो।

यो वर्ष झापामा पाँच महिला बलात्कृत तथा सात जना बलात्कार प्रयासबाट पीडित भए। एक महिलाको बलात्कारपछि हत्या भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। बलात्कारबाट ८२ वर्षीया वृद्धासमेत पीडित भइन्। अघिल्लो वर्ष बलात्कारका चार घटनासहित आठ महिला पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बलात्कारको प्रयास	७	७
जम्मा	१२	१२

बलात्कारपछि हत्या

गौरीगञ्ज गाविस-२ की २७ वर्षीया गीता ताजपुरियालाई २०७२ असार १३ गते राति सोही ठाउँका २३ वर्षीय विनोदकुमार ताजपुरिया, ३६ वर्षीय भद्रमोहन ताजपुरिया र ४७ वर्षीय पूर्णलाल ताजपुरियाले पीडितकै घरमा बलात्कारपछि हत्या गरेको भन्दै पीडितका आफन्तले असार १५ गते प्रहरीमा उजुरी दिए। घरमा एक्लै सुतेकी पीडितलाई घाँटी थिचेर र मुख थुनेर सामूहिक बलात्कार गरेको आरोपितले प्रहरी बयानमा बताए। असार १९ गते गिरफ्तार तीनै जनालाई अदालतले साउन ७ गते थुन्ने आदेश दियो। शवको पोस्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा असार १४ गते भयो।

परिवारजनबाट हत्या

दमक नपा-११ की ३७ वर्षीया रीना केसीलाई २०७१ चैत २७ गते दिउँसो पति ३७ वर्षीय भीषण केसीले दमक नपा-१० स्थित आफन्तको घरमा पाहुना गएका बेला धारिलो हतियारले पेट तथा छातीमा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। केसीलाई अदालतले २०७२ जेठ २५ गते १५ वर्ष कैद सजाय फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास

२० वर्षीया महिलालाई २०७१ माघ १४ गते पाँचथरबाट झापा आउने क्रममा शान्तिनगर गाविस-६ स्थित एक व्यक्तिको घरमा राति बास बसेको समयमा बिर्तामोड नपा-३ का २३ वर्षीया प्रकाश थापा मगरले बलात्कार गरेको आरोपमा पीडितले प्रहरीमा घटनाको भोलिपल्ट उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा माघ १६ गते भयो। माघ १६ गते गिरफ्तार प्रकाशलाई अदालतले फागुन २५ गते ५ वर्ष कैद फैसला गऱ्यो।

४५ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ असार ६ गते दिउँसो कन्काई नपा-८ का १९ वर्षीय सुनील किस्कु र २० वर्षीय मदन दर्जीले गाई चराउन गएको बेला बलात्कार प्रयास गरेको भन्दै गाउँलेले समातेर प्रहरीको जिम्मा लगाए। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा असार ७ गते भयो। दुवैलाई अदालतले भदौ ३१ गते पाँच-पाँच वर्ष कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १९ अस्पताल, ३८ स्वास्थ्य चौकी र १२ उपस्वास्थ्य चौकी छन्। २ सय ३ डक्टरको दरबन्दी रहेकामा १ सय ९५ कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी २९ रहेकामा २२ कार्यरत छन्। अहेबको दरबन्दी २ सय १९ रहेकामा २ सय १७ कार्यरत छन्। अनमीको दरबन्दी २ सय ११ रहेकामा १ सय ९८ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २४ करोड १५ लाख ३२ हजार रूपियाँ रहेकामा औषधिवापतको रकम ७२ लाख ६५ हजार रूपियाँ छ।

१.२ इलाम



जम्मा जनसङ्ख्या
२५०२५४

महिला
१४५१२८

परिवार सङ्ख्या
६४५०२

खोलाको पानी पिउने परिवार
८५८

शौचालय नभएका परिवार
६१२५

कामका लागि बाहिरिएका
२१४८६

सबभन्दा बढी जनसङ्ख्या
६८५६५ (राई)

अपाङ्गता भएका
७६३६

५ वर्षमाथिको साक्षरता प्रतिशत
५७

सरकारी विद्यालय
४३८

इलामको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ५० महिलासहित ५१ जना पीडित भएका थिए भने सन् २०१५ मा ७६ महिलासहित ७८ जना पीडित भए। यस वर्ष गैरराज्य पक्षबाट भएका सबै घटनामा महिला र बालिका पीडित भए। बलात्कारबाट १८ बालिका पीडित भए भने यौनिक हिंसाबाट नौ र घरेलु हिंसाबाट ४० जना पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो। यो वर्ष दुई पुरूषको हत्या भयो। यो वर्ष ७६ महिला पीडित भएका छन्। तीमध्ये आठ बलात्कार र ४० जना घरेलु हिंसाबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१८		१८
महिलाअधिकार	५८		५८
हत्या		२	२
जम्मा	७६	२	७८

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ को छ। तर २ सय ६७ कैद तोकिएका र ३९ कैद नतोकिएका गरी ३ सय ६ जना बन्दी छन्। जसमा महिला २९ छन् भने आश्रित बालिका पाँच जना छन्। क्षमताभन्दा बढी बन्दी हुँदा व्यवस्थापनमा समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय १५ र फौजदारी १ सय २४ थान छन्। दुई वर्षभन्दा पुरानो मुद्दा देवानी एक थान छ।

पुनरावेदन अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकामा तीन कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ८९ र फौजदारी ४ सय १९ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७५ प्रावि, ६४ निमावि, ५३ मावि र ३६ उमावि छन्। २ हजार ३ सय ६८ शिक्षकको दरबन्दी रहेकामा १ हजार ६ सय ९९ कार्यरत छन्। यस वर्ष २२ हजार ४ सय ४४ बालक र २४ हजार ८ सय ३० बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले १ हजार २ सय ९७ दलित बालक र १ हजार २ सय १६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गऱ्यो। १ सय ५३ विद्यालय बालमैत्री छैनन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन।

यो वर्ष चार देखि १७ वर्ष उमेर समूहका १८ बालिका बलात्कृत भए। बलात्कार आरोपितमा १४ वर्षीय बालकसमेत थिए। बलात्कार घटनाका एक आरोपित बालक भएकाले अदालतले अभिभावकको जिम्मा लगायो। एक जना आरोपित फरार छन्।

अघिल्लो वर्ष ११ बालिका पीडित भएकामा बलात्कारबाट नौ, यौन दुर्व्यवहारबाट एक र ओसारपसारबाट एक थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१८	१८
जम्मा	१८	१८

हत्या

चमैता गाविस-६ का १० वर्षीय विशाल राईलाई २०७२ वैशाख ४ गते हत्या गरेको भन्दै पीडित परिवारले सोही ठाउँका देशकुमार राईविरूद्ध वैशाख ५ गते प्रहरीमा जाहेरी दियो। वैशाख ३ गते हराएका बालक भोलिपल्ट घरभन्दा ५ सय मिटर टाढा चतुरे जङ्गलमा मृत भेटिएका थिए। वैशाख ७ गते गिरफ्तार आरोपितलाई अदालतले जेठ ५ गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७१ फागुन २९ गते साँझ पशुपतिनगर गाविस-३ का ३२ वर्षीय निमाछिरिङ तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ३० गते प्रहरीमा उजुरी दियो। सोही दिन गिरफ्तार तामाङलाई अदालतले २०७२ वैशाख २२ गते आठ वर्ष कैद र ३० हजार रूपियाँ भराउने फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ३० गते भयो।

नौ वर्षीया बालिकालाई २०७२ भदौ ११ गते एकतप्पा गाविस-९ का १९ वर्षीय युवराज लिम्बूले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ १२ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ १२ गते भयो। आरोपित फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ४० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका १४, खान/लाउन नदिएको सात र सामान्य झगडाका १९ छन्। तीमध्ये ३१ घटनामा प्रहरीले मिलापत्र गरायो। नौ उजुरी कानुनी प्रक्रियामा छ।

सन् २०१५ मा आठ महिला बलात्कृत भए भने ४० जना घरेलु हिंसाबाट पीडित भए। यो वर्ष बलात्कृत हुनेमा ५७ वर्षकी महिला र सुस्तमनस्थितिका दुई जनासमेत रहे। एक महिला सामूहिक बलात्कार घटनाबाट पीडित भइन्।

अघिल्लो वर्ष ७७ महिला पीडित भएका थिए जसमा सात बलात्कार, दुई बेचविखन तथा ओसारपसार र ६८ जना घरेलु हिंसाबाट पीडित थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
बलात्कारको प्रयास	१	१
बहुविवाह	९	९
घरेलु हिंसा	४०	४०
जम्मा	५८	५८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई २०७१ माघ २ गते राति नामसालिङ गाविस-८ का ३० वर्षीय सञ्जीव राईले घरको ढोका फुटाएर भित्र पसी बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा माघ ४ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इलाममा माघ ४ गते भयो। आरोपित फरार छन्। अदालतले २०७२ असार १५ गते आरोपितको नाममा रहेको अंश रोक्का गर्ने आदेश दियो।

५७ वर्षीया महिलालाई २०७१ माघ १५ गते

सङ्घीय लिम्बूवान पार्टी नेपालका कार्यकर्ताद्वारा तोडफोड गरिएको एम्बुलेन्स

नामसालिङ गाविस-२ का ३८ वर्षीय सुकवीर भनिने साजन तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १६ गते प्रहरीमा उजुरी दियो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले २०७२ वैशाख २० गते ५ वर्ष कैद र पीडितलाई २० हजार रूपियाँ तिर्नुपर्ने फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इलाममा माघ १६ गते भयो।

२४ वर्षीया महिलालाई २०७१ फागुन २२ गते राति जमुना गाविस-४ का ५२ वर्षीय पूर्णबहादुर साँवाले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २३ गते प्रहरीमा उजुरी दियो। फागुन २६ गते गिरफ्तार आरोपितलाई अदालतले २०७२ वैशाख २० गते दुई वर्ष ६ महिना कैद सजायको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इलाममा फागुन २३ गते भयो।

३२ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ साउन १९ गते पशुपतिनगर गाविस-९ का ४२ वर्षीय फुर्वा यल्मुले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इलाममा साउन १९ गते भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले भदौ २१ गते पाँच वर्ष ६ महिना कैद र २५ हजार रूपियाँ भराउने फैसला गऱ्यो।

४३ वर्षीया अपाङ्गता तथा सुस्तमनस्थिति भएकी महिलालाई २०७२ भदौ १ गते जिर्मले गाविस-८ का ६२ वर्षीय लामा माहिला भनिने वीरबहादुर तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले भदौ ३ गते प्रहरीमा उजुरी दियो। आरोपितलाई अदालतले पुस २ गते १० वर्ष कैद र २५ हजार रुपियाँ भराउने फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इलाममा साउन २ गते भयो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

भौतिक संरचना क्षति, सम्पत्ति क्षति

बरबोटे गाविस-३ स्थित बिल्याँटे बजारबाट बिरामी लिएर जिल्ला अस्पताल आउँदै गरेको मे१ज ७४१ नम्बरको मारूती भ्यानमा २०७२ असोज ४ गते सङ्घीय लिम्बूवान पार्टी नेपालका कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै चुरेघाँटी सडकखण्डमा ढुङ्गामुढा प्रहार गरी क्षति पुऱ्याए । ढुङ्गामुढा प्रहारबाट भ्यानको चारैतिरको सिसा फुटेर क्षतिग्रस्त भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी प्रकाश रानाभाटले बताए । बिरामी र बिरामीका आफन्तलाई भ्यानबाट बाहिर निकालेर उनीहरूले ढुङ्गामुढा प्रहार गरेका थिए । सो दिन लिम्बूवान पार्टीले नयाँ संविधानको विरोध गर्दै जिल्ला बन्द आह्वान गरेको थियो । आरोपित फरार छन् ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४४ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। १८ डाक्टरको दरबन्दी भए पनि चार जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी १२ रहेकामा सात जना कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी एक रहेकामा दुई जना कार्यरत छन्। एक जना काजमा गएको समयमा अर्कोलाई झिकाइएकोमा काजमा गएको फर्केपछि दुई जना भएका हुन्। अहेवको दरबन्दी १ सय रहेकामा ८० जना कार्यरत छन्। अनमी दरबन्दी १ सय ४ रहेकामा ६३ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड १९ लाख रूपियाँ रहेकामा औषधिवापतको बजेट ५२ लाख रूपियाँ छ।

१.३ पाँचथर



जम्मा जनसङ्ख्या
१४१८१७

महिला
१०१६३१

परिवार सङ्ख्या
४११५६

खोलाको पानी पिउने परिवार
८४७

शौचालय नभएका परिवार
४८८८

कामका लागि बाहिरिएका
१७८४२

सबभन्दा बढी जनसङ्ख्या
८०३३५ (लिम्बू)

अपाङ्गता भएका
५०४५

५ वर्षमाथिको साक्षरता प्रतिशत
७२

सरकारी विद्यालय
३८५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			८	१	९
अमानवीय व्यवहार			१	१	२
अपहरण			१		१
महिलाअधिकार			१४		१४
कुटपिट	५	५			
हत्या			३		३
जम्मा	५	५	३६	३	३८

पाँचथर जिल्लाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ३८ महिलासहित ४४ जना पीडित भएका थिए भने सन् २०१५ मा २६ महिलासहित ३३ जना पीडित भए। यस वर्ष गैरराज्य पक्षबाट भएका सबै घटनामा महिला र बालिका पीडित भए। राज्यपक्षबाट पाँच जनामाथि कुटपिट भयो। बलात्कार र यौन दुर्व्यवहारबाट आठ बालिका पीडित भए भने यौनिक हिंसाबाट चार र घरेलु हिंसाबाट पाँच महिला पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएको थियो भने यो वर्ष दुई महिलाको पतिबाटै हत्या भयो। अघिल्लो वर्ष २६ महिला पीडित भएका थिए।

कारागार र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय २९ कैद तोकिएका र १४ कैद नतोकिएका गरी १ सय ४३ जना बन्दी छन्। जसमा २० महिला छन् भने आश्रित बालक तीन र बालिका दुई छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ११ र फौजदारी १ सय ३७ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी पाँच र फौजदारी एक थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३८ प्रावि, ७३ निमावि, ४६ मावि र ३४ उमावि छन्। १ हजार ९ सय २ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २५ हजार २ सय ९४ बालक र २७ हजार ४० बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले १ हजार ३ सय १४ दलित बालक र १ हजार ३ सय ९२ दलित बालिकालाई छात्रवृत्ति प्रदान गऱ्यो। जिल्लाभर

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	६		६
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	८	१	९

अपाङ्गमैत्री विद्यालय छैन।

यो वर्ष पाँचदेखि १६ वर्ष उमेर समूहका आठ बालिका बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए। एक बालकलाई विद्यालयमा शारीरिक सजाय दिइयो। बलात्कार आरोपितमा १५ वर्षीय बालकसमेत रहे। बलात्कार घटनाका एक आरोपित बालक भएकाले अदालतले अभिभावकको जिम्मा लगायो। दुई आरोपित फरार रहे। अघिल्लो वर्ष आठ बालिका पीडित भएकामा बलात्कारबाट पाँच, यौन दुर्व्यबहारबाट दुई र एक नवजात शिशुको हत्या भएको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई २०७१ चैत १५ गते बलात्कार गरेको भन्दै मौवा गाविस-५ का ३५ वर्षीय भीम मगरविरूद्ध पीडितका आफन्तले चैत १७ गते प्रहरीमा उजुरी दिए। चैत १८ गते गिरफ्तार भीमलाई अदालतले २०७२ असार २४ गते आठ वर्ष कैद र ५० हजार रूपियाँ भराउने फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल पाँचथरमा चैत १७ गते भयो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ५२ महिलाले महिला तथा बालबालिका केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट तथा घर निकाला गरिएका आठ, खान/लाउन नदिएका १२, विवाह तथा नागरिकता नबनाएको सात, मार्ने धम्की दिएको दुई र सामान्य झगडा तथा कुटपिटका २३ घटना थिए। तीमध्ये ४२ घटनामा प्रहरीले मिलापत्र गरायो।

सन् २०१५ मा तीन महिला बलात्कृत तथा एक बलात्कार प्रयासबाट पीडित भए भने ५ जना घरेलु हिंसाबाट पीडित भए। यो वर्ष बलात्कृत हुनेमा ६० वर्षकी वृद्धसमेत छिन्। अदालतले घरेलु हिंसाको एक घटनाका आरोपित पतिलाई दुई वर्ष कैदको फैसला गऱ्यो। बलात्कार प्रयासका एक आरोपितलाई भने प्रमाण नपुगेको भन्दै सफाइ दियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	५	५
घरेलु हिंसा	५	५
जम्मा	१४	१४

अघिल्लो वर्ष २६ जना महिला पीडित भएका थिए जसमा तीन बलात्कार, ६ बलात्कार प्रयास, दुई बेचबिखन तथा ओसारपसार र १५ घरेलु हिंसाबाट पीडित थिए।

परिवारजनबाट हत्या

रानीगाउँ गाविस-४ का २४ वर्षीया विन्दु गजमेरलाई २०७१ पुस २२ गते घरायसी विवाद हुँदा धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै पति २८ वर्षीय अमृत गजमेरविरूद्ध पीडित पक्षले पुस २४ गते प्रहरीमा उजुरी दियो। घटनापछि फरार अमृतलाई प्रहरीले माघ ७ गते गिरफ्तार गरेकामा अदालतले २०७२ जेठ २२ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३१ वर्षीया महिलालाई २०७१ फागुन २९ गते रानीटार गाविस-१ का ३१ वर्षीय गणेश मेयोङ्बाले बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरीमा चैत १ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते जिल्ला अस्पताल, पाँचथरमा भयो। चैत १० गते गिरफ्तार गणेशलाई अदालतले चैत २२ गते पाँच वर्ष कैद र १५ हजार रूपियाँ भराउने फैसला गऱ्यो।

घरेलु हिंसा

नवमीडाँडा गाविस-५ की ४२ वर्षीया शान्तिमाया आङदेम्बेले २०७२ भदौ १३ गते कुटपिट गरी दुवै हात भाँचिदिएको भन्दै पति ५३ वर्षीय मोतिबहादुर आङदेम्बेविरूद्ध भदौ १४ गते प्रहरीमा उजुरी दिइन्। सोही दिन गिरफ्तार मोतिबहादुरलाई अदालतले २०७२ कात्तिक १ गते दुई वर्षको कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ४० स्वास्थ्य चौकी छन्। पाँच डाक्टरको दरबन्दी रहे पनि ६ जना कार्यरत छन्। दरबन्दीबाहेक एक जनालाई करारमा नियुक्ति गरिएको छ। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी ८६ रहेकामा ६८ जना र अनमीको दरबन्दी ८८ रहेकामा ७३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ६० लाख रूपियाँ रहेकामा औषधिवापतको रकम ३७ लाख रूपियाँ छ।

१.४ ताप्लेजुङ



जम्मा जनसङ्ख्या
१२७४६१

महिला
६६५०५

परिवार सङ्ख्या
२६५०५

खोलाको पानी पिउने परिवार
१८३

शौचालय नभएका परिवार
६५२१

कामका लागि बाहिरिएका
५७५३

सबभन्दा बढी जनसङ्ख्या
५२७८४ (लिम्बू)

अपाङ्गता भएका
३७३०

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.३

सरकारी विद्यालय
३३६

ताप्लेजुङको मानवअधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा सुधार आएन। सन् २०१४ को मानवअधिकार उल्लङ्घनमा दुई पुरूषसहित २४ पीडित भएकामा सन् २०१५ मा एक पुरूषसहित २७ पीडित भए। यो वर्ष गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालिका बढी पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष पाँच महिला सहित ६ जनाको हत्या भएको थियो भने यो वर्ष एक पुरूषको परिवारजनबाट हत्या भयो। बाल अधिकारका नौ घटनामा ६ जना बलात्कार, दुई जनालाई यौन दुर्व्यवहार र एक जना बेचविखनबाट पीडित भए। यसैगरी महिला अधिकारका १७ घटनामा ६ बलात्कार, तीन बलात्कार प्रयास, एक बेचविखन, पाँच बहुविवाह र दुई जना घरेलु हिंसाबाट पीडित भए। अघिल्लो वर्ष १३ महिला र चार बालबालिका पीडित भएका थिए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ७७ कैद तोकिएका र ३० कैद नतोकिएका गरी १ सय ७ जना बन्दी छन्। भूकम्प र रूखले किच्दा क्षति पुगेको कारागार भवन कुनै पनि बेला भत्कने डरले कैदी बन्दी त्रसित छन्। धेरै बन्दी भएकाले आवास, सुरक्षा, पिउने पानी र शौचालयको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ८४ र फौजदारी ६१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी एक थान छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	९		९
महिलाअधिकार	१७		१७
हत्या		१	१
जम्मा	३६	१	३७

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २२ प्रावि, ७१ निमावि, ३२ मावि र २९ उमावि छन्। १ हजार १ सय ३८ शिक्षकको दरबन्दी रहेकामा ९ सय ६२ कार्यरत १ सय ७६ रिक्त छन्। यस वर्ष १५ हजार ९ सय ३८ बालक र १७ हजार ४सय ८५ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले १ हजार ३ सय २५ दलित बालक र १ हजार ३ सय ६५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गऱ्यो। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैन।शौचालय सुविधायुक्त विद्यालय ३ सय ५४ रहेका छन्।

यो वर्ष ६ देखि १५ वर्ष उमेर समूहका ६ बालिका बलात्कार तथा दुई यौन दुर्व्यवहारबाट पीडित भए। यो वर्ष एक बालिका बेचबिखनबाट पीडित भइन्। एक बालिका आरोपित ३७ वर्षीय बाबुबाट बलात्कृत भएको पाइयो। बाबुविरूद्ध २० वर्षको कैद फैसला भयो। ती घटनामध्ये तीन आरोपित फरार, दुई थुनामा र तीन रिहा भए। अघिल्लो वर्ष तीन जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	१	१
बलात्कार	६	६
यौन दुर्व्यवहार	३	३
जम्मा	९	९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७१ पुस २३ गते साँघु गाविस-९ का २२ वर्षीय नापु भनिने नाक्पु शेर्पाले लगेर बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १४ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा माघ १४ गते भयो। माघ १६ गते गिरफ्तार आरोपितलाई अदालतले माघ २८ गते थुन्ने आदेश दियो।

६ वर्षीया बालिकालाई २०७२ साउन १६ गते ३७ वर्षीय आफ्नै बाबुले मादक पदार्थ सेवन गरी बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा उजुरी साउन १७ गते दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा साउन १७ गते भयो। साउन १७ गते गिरफ्तार आरोपितलाई अदालतले कात्तिक १६ गते बलात्कार र हाडनाता करणीमा १०/१० वर्ष गरी २० वर्ष कैद सजाय फैसला गऱ्यो। साथै अदालतले पीडितको पालनपोषण तथा रेखदेख गर्ने जिम्मा राज्यले लिनुपर्ने निर्देशन पनि दियो।

१३ वर्षीया बालिकालाई २०७२ साउन १५ गते बेलुकी पेदाङ-८ का २६ वर्षीय मनकुमार हाडे भनिने बुद्धराज लिम्बूले पीडितकै घरमा परिवार नभएका बेला बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले साउन २० गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा साउन २० गते भयो। आरोपित फरार रहे।

१२ वर्षीया बालिकालाई २०७२ साउन २७ गते पीडितकै घरमा नाङखोल्याङ गाविस-१ का १८ वर्षीय मिङ्मा शेर्पाले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले साउन २७ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा साउन २७ गते भयो। आरोपित फरार रहे।

१५ वर्षीया बालिकालाई २०७२ असोज १७ गते खोक्लिङ गाविस-५ का ५३ वर्षीय युवराज थापाले पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा असोज २६ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा असोज १६ गते भयो।आरोपित फरार रहे।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको चार, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको एक उजुरी छन् भने सामान्य झगडाको एक घटना दर्ता भए। तीमध्ये १४ घटनामा प्रहरीले मिलापत्र गरायो भने तीन उजुरी कानुनी प्रक्रियामा छ।

सन् २०१५ मा ६ महिला बलात्कृत तथा तीन जना बलात्कार प्रयास, एक बेचबिखन, पाँच बहुविवाह र दुई घरेलु हिंसाबाट पीडित भए। यो वर्ष १९ वर्षदेखि ७५ वर्ष उमेर समूहका महिला बलात्कृत भए। अघिल्लो वर्ष १३ महिला पीडित भएका थिए जसमा बलात्कार

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
बलात्कारको प्रयास	३	३
बहुविवाह	५	५
महिला बेचबिखन	१	१
घरेलु हिंसा	३	३
जम्मा	१६	१६

प्रयासबाट चार, बहुविवाहबाट पाँच र घरेलु हिंसाबाट चार जना पीडित थिए।

बेचविखन तथा ओसारपसार

२१ वर्षीया महिलालाई २०७२ असोज २३ गते निघुरादिन गाविस-६ का ४५ वर्षीय दावाछिरिङ शेर्पा, थुकिमा गाविस-९ की ४३ वर्षीया निङमादिकी शेर्पा र लिङ्तेप गाविस-१ का ३८ वर्षीय दावा शेर्पाले ललाइफकाइ बेचविखन गर्न लगेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। आरोपितहरूलाई अदालतले कात्तिक २० गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२६ वर्षीया महिलालाई २०७१ पुस १८ गते दिउँसो चाँगे गाविस-७ का ४५ वर्षीय कुकर्मा शेर्पाले अलैँची बगानमा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा माघ ७ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा माघ ७ गते भयो। माघ ११ गते गिरफ्तार शेर्पालाई अदालतले माघ २१ गते थुन्ने आदेश दियो।

२८ वर्षीया महिलालाई २०७१ माघ ११ गते चाँगे गाविस-१ घर भई ताप्लेजुङ नपा-४ बस्ने ३० वर्षीय दिनेश खवासले पीडितको कोठामै बलात्कार प्रयास गरेको भन्दै पीडितले प्रहरीमा माघ १२ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल ताप्लेजुङमा माघ १२ गते भयो। अदालतले २०७२ असोज २० गते आरोपितलाई २ हजार ५ सय रूपियाँ जरिवानासहित पीडितलाई ५ हजार रूपियाँ भराउने फैसला गऱ्यो।

परिवारजनबाट हत्या

इखाबु गाविस-९ का १९ वर्षीया दुर्गा लिम्बूले सहोदर जेठा दाजु ३२ वर्षीय भक्तबहादुर लिम्बूलाई २०७१ माघ २० गते साँझ घरायसी विवादमा घरभित्रै खुकरी प्रहार गरी हत्या गरेको भन्दै प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो। आरोपितलाई अदालतले फागुन १० गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ५१ स्वास्थ्य चौकी छन्। चार डाक्टरको दरबन्दी रहे पनि आठ जना कार्यरत छन्। दरबन्दीबाहेक चार जना डाक्टरलाई करारमा नियुक्ति गरिएको छ। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी १ सय ११ रहेकामा ८९ जना कार्यरत र २२ रिक्त छन्। अनमीको दरवन्दी १ सय ११ रहेकामा ५५ कार्यरत र ५६ जना रिक्त छन्। स्टाफ नर्स ६ जना दरबन्दीमा चार जना कार्यारत र दुई रिक्त, हेल्थ असिस्टेन्ट ५६ मा आठ कार्यरत र ४८ रिक्त छन्।

१.५ मोरङ



जम्मा जनसङ्ख्या
५६५३७०

महिला
४५८६५८

परिवार सङ्ख्या
२१३५५७

खोलाको पानी पिउने परिवार
५३६

शौचालय नभएका परिवार
७७४७८

कामका लागि बाहिरिएका
७०४६२

सबभन्दा बढी जनसङ्ख्या
१२६१५५ (ब्राम्हण पहाड)

अपाङ्गता भएका
१७०५३

५ वर्षमाथिको साक्षरता प्रतिशत
८६

सरकारी विद्यालय
५४६

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	३	४		७	७
बालअधिकार				३८	१	३९
महिलाअधिकार				१४०		१४०
भेला/सङ्गठित हुने अधिकार	९	७२	८१			
गिरफ्तारी/यातना		१	१			
कुटपिट	३	१३	१५	३	११	१३
धम्की		३	३		३	३
हत्या				१	३	४
जम्मा	१३	९३	१०४	१७१	३४	१९५

मोरङको मानवअधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा सुधार आएन। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा २ सय १३ महिलासहित २ सय ६३ पीडित भएकामा सन् २०१५ मा १ सय ८३ महिलासहित २ सय ५५ पीडित भए। राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा १२ महिलासहित १ सय ४ जना पीडित भए। पीडितमध्ये राज्यपक्षबाट एक जनालाई गिरफ्तार गरी यातना, १५ लाई कुटपिट, चार जना गोली लागी घाइते र ८१ जनाको अभिव्यक्ति, भेला हुने, सङ्गठित हुने अधिकार हनन् भयो। तीन जनालाई धम्की दिइयो। विभिन्न माग राख्दै आन्दोलनरत संयुक्त मधेसी मोर्चाले रानी भन्सार सीमा नाकामा अवरोध गर्ने क्रममा प्रहरीसँगको झडपमा प्रदर्शनकारी र केही सुरक्षाकर्मी घाइते भए। पाँच पत्रकारसहित १५ जना सुरक्षाकर्मीको लाठी तथा बुट प्रहारबाट घाइते भए। मोर्चाको दुर्व्यवहारबाट चार पत्रकारसहित १० जना पीडित भए। बन्द अवज्ञा गरेको आरोपमा एक जनालाई पेट्रोल खन्याएरू जिउँदै जलाउने प्रयास भयो भने बिरामी बोकेको एम्बुलेन्ससहित राष्ट्रिय मानवअधिकार आयोगको सवारीमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याइयो। स्कुल, दूध, एम्बुलेन्स, सार्वजनिक, प्रेसलगायत सवारी साधनमा तोडाफोड भए। कलेज, उद्योग र पेट्रोल पम्पमा पेट्रोल तथा सुतली बम प्रहार भए। यो वर्ष अज्ञात समूहको गोली प्रहारबाट चार जना घाइते भए। यो वर्ष गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालिका बढी पीडित भए। जसमा १ सय ७१ महिला सहित १ सय ५५ जना पीडित भए।

यो वर्ष गैरराज्यपक्षबाट हत्याका घटनाबाट एक महिला सहित चार जना पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष ६ महिलाको हत्या भएको थियो भने यो वर्ष एक महिलाको परिवारजनबाट हत्या भयो। बाल अधिकारका २५ घटनामा २१ जना बलात्कार, ६

जना यौन दुर्व्यवहार र दुई जना बेचविखनबाट पीडित भए। यसैगरी महिला अधिकारका १ सय ४० घटनामा तीन बलात्कार, ६ बलात्कार प्रयास र १ सय २६ जना घरेलु हिंसाबाट पीडित भए। अघिल्लो वर्ष १ सय ५७ महिला र ६८ बालबालिका पीडित भएका थिए।

मोरङ जिल्लाका विराटनगर र रङ्गेलीलगायत विभिन्न ठाउँका केही सरकारी कार्यालयमा संयुक्त मधेसी मोर्चाको आन्दोलनका क्रममा आगजनी तथा तोडफोड भयो। सीमा क्षेत्रका केही प्रहरी चौकी तथा बजारका प्रहरी बिटमा तोडफोड तथा आगजनी भए। मोर्चाद्वारा जिल्ला सदरमुकाम विराटनगर र रङ्गेलीस्थित केही सरकारी कार्यालयहरूका बोर्ड हटाएर मधेस सरकार लेखियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

विराटनगर उमनपा १३ शान्ति चोकका २४ वर्षीय निरज साह, सोही ठाउँका २५ वर्षीय अजय पाण्डे र सोही उमनपा-१५ का ३६ वर्षीय तपेस दासलाई ०७२ भदौं १३ गते अज्ञात व्यक्तिले सोही उमनपा-१५ स्थित एस लाल एण्ड सन्स पेट्रोल पम्पमा लक्षित गरी सुतली बम विष्फोट गराउँदा छर्रा लागेर घाइते भए। पेट्रोल लिन लाइनमा बसेको अवस्थामा अपरिचित व्यक्तिहरू आएर सुतली बम विष्फोट गराएपछि छर्रा साहको दाहिने हातमा लागेको, दासको आँखानजिक लागेको र पाण्डेको ढाडमा लागी घाइते भएको प्रहरीले जनायो। उनीहरूमध्ये घाइते साहको विराटनगरस्थित कोसी अञ्चल अस्पतामा, दासको विराट आँखा अस्पतालमा र पाण्डेको मोरङ सहकारी अस्पतालमा उपचार भयो। घटनाको विषयमा अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी प्रमोद खरेलले बताए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५० छ। तर ४ सय ४४ कैद तोकिएका र २ सय ६२ कैद नतोकिएका गरी ७ सय ६ जना बन्दी छन्। जसमा आश्रित बालक दुई र बालिका दुई छन्। यो वर्ष एक कैदीको मृत्यु भयो। बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई अदालत छन्। जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ५ सय २ र फौजदारी ९ सय ८४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामा देवानी दुई र फौजदारी एक थान छन्।

पुनरावेदन अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६ सय ४५ र फौजदारी ७ सय ७९ थान छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा तीन थान छन्।

अभिव्यक्ति,भेला हुने र सङ्गठित हुने अधिकार

काङ्ग्रेस, एमाले, एमाओवादीसहित पाँच दलका नेता/कार्यकर्ताले विराटनगर उमनपा-१४ स्थित जनआन्दोलन चोकमा नेपालको संविधान २०७२ जारी भएको खुसियालीमा २०७२ असोज ३ गते साँझ दीपावली गर्न खोज्दा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले विथोल्ने प्रयास गरेपछि उनीहरू र प्रहरीबीच झडप भयो। प्रहरीको लाठीचार्जबाट मकालु रेडियोका पत्रकार प्रह्लाद साह, प्रदर्शनकारीमा विराटनगर उमनपाका ५५ वर्षीय अबुल कामत, ४७ वर्षीय प्रेम दास, ३७ वर्षीय विरी साह, १५ वर्षीय सचिन शर्मा, ४१ वर्षीय दीपक साह, २६ वर्षीय सुरज सहनी घाइते भए। त्यस्तै ४२ वर्षीय कमलउद्धिन अन्सारी, सुधिर गिरी, ४८ वर्षीय त्रिलोकक्ष भगत, १९ वर्षीय धिरेन कामत, १८ वर्षीय विजय यादव, ४१ वर्षीय सूर्यलाल दास र कटहरी गाविस-९ का १९ वर्षीय अमित देवलाई टाउको, हात, खुट्टा, ढाडलगायत शरीरको विभिन्न भागमा चोट लागेर घाइते भए। उनीहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पताल र गोल्डेन अस्पतालमा उपचार भयो।

आन्दोलनकारीको ढुङ्गा लागेर प्रहरी जवान ३५ वर्षीय सन्तोष झा र ३४ वर्षीय देवानन्द साह घाइते भए। उनीहरूको टाउको, हात, खुट्टा, ढाडलगायतमा चोट लागेको थियो।



दोहोरो झडपमा प्रहरीको गोली प्रहरबाट घाइते भएका विशाल केशरी र रिङ्की केशरी

उनीहरूको उपचार कोसी अञ्चल अस्पताल र गोल्डेन अस्पतालमा भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले १२ राउन्ड हवाइ फायर र १५ सेल अश्रुग्यास प्रहार गरेको डीएसपी प्रमोद खरेलले बताए। यसैबीच असोज ३ गते नै जिल्लाको विभिन्न स्थानमा पाँच मोटरसाइकलमा आगजनी गरियो। झोराहाट गाविस-९ पिराडवनीमा एक, विराटनगर उमनपा-५ बरगाछी चोकमा तीन र विराटनगर उमनपा-४ स्थित पोखरियामा एक मोटरसाइकलमा आगजनी भएको थियो। बरगाछी चोकमा संविधान समर्थक र अन्य ठाउँमा संविधान विरोधीले आगजनी गरेको प्रहरीले जनायो।

विराटनगर उमनपा-१६ रोडशेष चोकमा प्रदर्शनकारीले साइकल रिक्सा रोक्ने क्रममा प्रहरीले २०७२ असोज २३ गते हस्तक्षेप गरी लाठीचार्ज गर्दा झडप भयो। प्रहरीको लाठीबाट विराटनगर उमनपा-१३ निवासी सङ्घीय समाजवादी फोरमका केन्द्रीय सदस्य ६० वर्षीय रामविलास यादव, सोही उमनपाका केन्द्रीय सदस्य ३८ वर्षीय जयराम यादव, ५० वर्षीय चन्द्र यादव, महिला फोरमकी जिल्ला सदस्य ३२ वर्षीया प्रीति झा, फोरमका जिल्ला सचिव ४५ वर्षीय रछामी किराँतीसहितलाई ढाड, टाउको, हात र खुट्टामा चोट लागी घाइते भए। त्यसैगरी सोही उमनपाका १९ वर्षीय विनोद अमात, २५ वर्षीय रूपेश यादव, २१ वर्षीय भरत यादव, ७३ वर्षीय ठकन मण्डल, ४६ वर्षीय मोहमद जुमराती, ६३ वर्षीय मुनेश्वर मण्डल, ५० वर्षीया सुमित्रा यादव, ४२ वर्षीया कमला शर्मा, ६० वर्षीय सुरेन्द्र देव, ६५ वर्षीय ठकन मण्डल, ४९ वर्षीय महानन्द यादव, ५५ वर्षीय कैलाश मण्डल, २४ वर्षीय सूर्यनारायण मेहता, २० वर्षीय अजय सहनी, कदमाहा गाविस-७ का ३८ वर्षीय विनोद नोनिया र पत्रकार २८ वर्षीय मुकेशकुमार यादवको टाउको तथा शरीरको विभिन्न भागमा चोटपटक लागी घाइते भए। उनीहरूको उपचार विराटनगरस्थित गोल्डेन अस्पताल र कोसी अञ्चल अस्पतालमा भयो। घटनाको अनुगमन गर्ने क्रममा इन्सेक क्षेत्रीय कार्यालय विराटनगरका संयोजक सोमराज थापा प्रहरीको लाठी प्रहारबाट घाइते भए।

संविधानमा भएको सीमाङ्कनको विरोधमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले विराटनगर उमनपा-७ महावीर चोकमा २०७२ भदौ २३ गते सडक अवरोध गरेकोमा प्रहरीले खुलाउन लाठीचार्ज गर्दा झडप भयो। लाठीबाट सोही ठाउँका ३२ वर्षीय सन्दीप केशरी, सोही उमनपाका ३२ वर्षीय रामानन्द यादव, ३२ वर्षीय देवेन्द्र यादव र टङ्कीसिनुवारी गाविस-३ का ३० वर्षीय महेशप्रसाद यादव घाइते भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७२ असोज २३ गते विराटनगर उमनपा-२१ रानीस्थित भन्सार नाकामा आवागमन अवरोध हुने गरी धर्ना बस्न खोज्दा नदिएपछि प्रहरीसँग झडप भयो। झडपमा प्रहरीको लाठीबाट ४५ वर्षीय धनेश्वर यादव, ३६ वर्षीय सतेन्द्र मेहता, ३० वर्षीय सकलदेव मेहता, ५० वर्षीय हरिनारायण यादव, हलेश्वर यादव, रेणुकुमारी यादव, पार्वती यादव, हिमानसु यादव, फिरोज आलम र फतमा खातुन घाइते भए। धर्नाकारीले प्रदर्शन गर्दै भारतीय क्षेत्रमा प्रवेश गरी प्रहरीमाथि ढुङ्गा प्रहार गरेका थिए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले २०७२ असोज २४ गते विराटनगर उमनपा-२१ स्थित रानी भन्सार नाकामा अवरोध गरी धर्ना बसेकामा प्रहरीले हटाउने क्रममा झडप भयो। प्रहरीको लाठीबाट मोर्चाका कार्यकर्ता विराटनगर उमनपाका ४० वर्षीय जयनारायण यादव, ३५ वर्षीय मोहमद सविन, ३८ वर्षीय अरविन्द्र यादव र ४२ वर्षीय अमरेन्द्रकुमार यादव सामान्य घाइते भए। त्यसपछि प्रदर्शनकारी भारतको जोगवनी क्षेत्रमा प्रवेश गरी प्रहरीमाथि ढुङ्गा र एसिडको बोतल प्रहार गरे।

यसै क्रममा भारतीय सीमा सुरक्षा बल एसएसबीका जवानहरू नेपाल सीमा क्षेत्रमा प्रवेश गरी

प्रहरीको लाठी चार्जबाट घाइते भएका विनोद अमात, विनोद नोनिया र रूपेश यादव

मधेस आन्दोलनको क्रममा भारीय सीमा बजारबाट पेट्रोल ल्याउँदै गरेको अवस्थामा आन्दोलनकारीले पेट्रोल छर्की आगो लगाइ घाइते बनाइएका बब्लु राजवंशी

सशस्त्र प्रहरीका असई ३६ वर्षीय प्रदीप गिरीलाई कुटपिट गरी घाइते बनाए। उनको साथबाट एक थान चाइनिज पेस्तोलसमेत खोसेर लगे। आन्दोलनकारीले भारतीय भूमिबाट प्रहार गरेको ढुङ्गा, गुलेली र बोतल प्रहारबाट नेपाल प्रहरीका इन्स्पेक्टर विनोद श्रेष्ठ, सई भरत थापा, सशस्त्र प्रहरीका जवान २४ वर्षीय रोशन राजवंशी, २६ वर्षीय देवेन्द्र यादवसमेत घाइते भए।

विराटनगर उमनपा-२२ रानीस्थित भन्सार नाकामा २०७२ पुस ११ गते सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो नेतृत्वको टोली धर्नामा बसेपछि प्रहरीसँग झडप भयो। प्रहरीमाथि आन्दोलकारीले ढुङ्गा प्रहार गरेपछि प्रहरीले गरेको लाठीचार्जबाट सर्लाही जिल्ला, बबरगञ्ज निवासी सद्भावना पार्टीका अध्यक्ष ६० वर्षीय राजेन्द्र महतो, उनकै पार्टीका केन्द्रीय सदस्य विराटनगर उमनपा-९ का ५५ वर्षीय दिलीप ढाडेवाल, २६ वर्षीय युवराज साह, ३० वर्षीय जागेश्वर सहनी, पार्टीका प्रवक्ता सुनसरी जिल्ला, इनरूवा नपा-६ का ३१ वर्षीय सन्तोष मेहता घाइते भए। अध्यक्ष महतोको थप उपचार धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। झडपमा विराटनगर उमनपाका ५१ वर्षीय मोहमद अबदुल हुसेन, ३९ वर्षीय मोहन चौधरी, ७४ वर्षीय महमद आलम, २२ वर्षीय इन्द्रजीत साह, ४२ वर्षीय प्रमानन्द यादव र सुनसरी जिल्ला, इटहरी उमनपा-२५ का २५ वर्षीय तेन्जिङ राई घाइते भए। त्यस क्रममा मधेसी मोर्चाका कार्यकर्ताले भारतीय भूमिबाट नेपाली सुरक्षाकर्मीमाथि ढुङ्गा हानेका थिए। भीड नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड अश्रुग्यास प्रहार गरेको थियो।

समाचार सङ्कलनको क्रममा प्रहरीले कुटपिट गरी घाइते बनाइएका पत्रकार हिमाल खड्का

सुरक्षाकर्मीमाथि ढुङ्गा प्रहार गरेको आरोपमा खोटाङ जिल्ला, सत्यश्वर गाविस-९ का २८ वर्षीय सुरेन्द्र राई, सुनसरी जिल्ला, इटहरी उमनपा-२४ का २५ वर्षीय मोहन लिम्बू, २२ वर्षीय सन्तोष मगर, २५ वर्षीय राजेश राई र सोही जिल्ला धरान उमनपा-८ का २४ वर्षीय सुनील राई गिरफ्तार भए। उनीहरूमाथि सार्वजनिक अपराधको मुद्दा चलाइयो।

धम्की/कुटपिट

राज्यपक्षबाट

विराटनगर उमनपा-१६ रोडशेष चोकमा समाचार सङ्कलन गर्न गएका कान्तिपुर दैनिकका पत्रकार अवधेशकुमार झा, क्राइम अपरेसन साप्ताहिकका सम्पादक/प्रकाशक श्यामसुन्दर सुतिहार र एभिन्युज टिभीका प्रतीक श्रेष्ठलाई २०७२ असोज ४ गते प्रहरीले दुर्व्यवहार गऱ्यो। उनीहरूले खिचेका तस्बिरसमेत प्रहरीले हटाउन लगायो।

विराटनगर उमनपा-१४ महावीर चोकमा एभिन्युज टिभीका संवाददाता २८ वर्षीय प्रतीक श्रेष्ठ र माउन्टेन टिभीका २४ वर्षीय हिमाल खड्कालाई प्रहरीले २०७२ असोज २१ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलनको समाचार सङ्कलन गर्न गएका बेला लाठी र मुक्का प्रहार गरी घाइते बनायो। खड्का टाउकोमा र श्रेष्ठ हात तथा मुखमा चोट लागी घाइते भए। आरोपितलाई कारबाही भएन।

सप्तरी जिल्ला, बबनगमाकट्टी गाविस-३ तोपा घर भई विराटनगर उमनपा-१७ निवासी कान्तिपुर दैनिकका पत्रकार ३८ वर्षीय अवधेशकुमार झालाई २०७२ पुस ९ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले विराटनगर उमनपा-१४ स्थित महावीर चोकमा आयोजना गरेको कार्यक्रमको समाचार सङ्कलनका क्रममा प्रहरीले कुटपिट गरी घाइते बनायो।

सप्तरी जिल्ला, राजविराज नपा-६ घर भई विराटनगर उमनपा-१७ रोडशेषमा डेरा गरी बस्ने मकालु टिभीका क्यामेरा पर्सन २७ वर्षीय आनन्द ठाकुरलाई २०७२ साउन ३२ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले मोटरसाइकल लडाएर दुर्व्यवहार गरे।

विराटनगर उमनपा-१५ स्थित मकालु टेलिभिजनका संवाददाता ४० वर्षीय नवीन कर्ण र गोरखापत्रका

समाचारदाता ३० वर्षीय जितेन्द्र ठाकुरलाई २०७२ भदौ २३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले सोही उमनपा-२१ स्थित रामजानकी चोकमा आफ्नो पक्षमा समाचार नलेखेको भन्दै दुर्व्यवहार गर्नुका साथै को ८ प २२३९ नम्बरको मोटरसाइकलमा आगजनी गरी क्षति पुऱ्याए।

झुर्किया गाविस-७ पैयामारीमा विराटनगर उमनपा-१३ निवासी एमाले सांसद ५० वर्षीय ऋषिकेश पोखरेललगायतका नेता/कार्यकर्तामाथि २०७२ कात्तिक २९ गते मधेसी मोर्चाका कार्यकर्ताले आक्रमण प्रयास गरे। मोरङ क्षेत्र नम्बर-१ मा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रम सकेर फर्कने क्रममा प्रहरीले सडकमा रहेका उनीहरूलाई हटाउँदा ढुङ्गा प्रहार गरेका थिए। ढुङ्गा लागेर सांसद पोखरेलसँगै रहेका विराटनगर उमनपा-१२ का एमाले सचिवालय सदस्य ४८ वर्षीय रामलाल साहलाई चोट लागेको थियो। आन्दोलनकारीले एमाले झुर्किया गाउँ कमिटी अध्यक्ष घनश्याम राजवंशीको घरसमेत तोडफोड गरेको एमालेले जनायो। आरोपित फरार छन्।

गैरराज्यपक्षबाट

भाथिगछ्र गाविस-७ मा घर भई कोसीहरैंचा नपाको खोर्सानेस्थित मोटरसाइकल ग्यारेजका कामदार २८ वर्षीय बब्लु राजवंशीलाई ०७२ मङ्सिर १० गते सोही गाविस-२ का २६ वर्षीय जुगेश्वर मुखिया, २५ वर्षीय जितेन्द्र मुखिया र २४ वर्षीय अजय साहले मधेस आन्दोलनको नाममा भारतको सीमा बजारबाट पेट्रोल ल्याएको आरोपमा सोही गाविस- २ रामजानकी चोकमा खन्याएर शरीरमा आगो लगाइ जलाउने प्रयास गरे। आगलागीमा परी दायाँ हात खुट्टाका औंलाहरू, तिघ्रा र ढाड जलेर घाइते भए। उनी सवार रहेको को१५प २४५० नम्बरको मोटरसाइकलमा क्षति पुगेको थियो। घाइतेको उपचारका लागि विराटनगरस्थित कोसी अञ्चल अस्पताल ल्याए पनि थप उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। पीडितका बुवा धनिलाल राजवंशीले जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ११ गते नै उजुरी दिए। घटनामा संलग्न रहेको आरोपमा भाथिगछ्र गाविस-५ का ४९ वर्षीय शिवु मलाहालाई कटहरी गाविस-५ बाट प्रहरीले पुस ५ गते गिरफ्तार गरी ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलायो। अरू फरार छन्। यसैबीच संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले मङ्सिर ११ गते विज्ञप्ति जारी गरी उनीहरू मोर्चाको कार्यकर्ता नभएको दाबी गर्दै आन्दोलनलाई बदनाम गराउन खोजिएको आरोप लगायो। यो वर्षको अन्त्यसम्म आरोपित हिरासतमै छन्।



रानीस्थित भन्सार नाकामा आन्दोलनकारी र प्रहरी बीच झडप हुँदा घाइते भएका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो

रङ्गेली नपामा डेरा गरी बस्ने २६ वर्षीया हीरा उपाध्याय र उनकी छोरी बिरामी डेढ वर्षीया मानसि उपाध्याय बोकेर विराटनगर आउँदै गरेको एम्बुलेन्स ०७२ मङ्सिर ४ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कटहरी गाविस-७ स्थित चोकमा ढुङ्गा प्रहार क्रममा तोडफोड गरी क्षति पुऱ्याए। एम्बुलेन्स भित्रै रहेकी हीरा ढुङ्गा लागेर घाइते भइन्। पीडितहरूको प्रहरीले उद्धार गरी कोसी अञ्चल अस्पताल लगेको थियो। रङ्गेली बचत तथा ऋण सहकारी संस्थाको को१च ७३७९ नम्बरको एम्बुलेन्सलाई कटहरीमा रोकी चालक दिलीप मण्डलसँग चाबी खोसेर मोर्चाका कार्यकर्ताले तोडफोड गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। मोरङ प्रहरीका प्रवक्ता प्रमोद खरेलकाअनुसार तोडफोडबाट एम्बुलेन्सको अगाडि र पछाडिका सीसा फुटेको थियो। यसैबीच आन्दोलनकारीले तोडफोड तथा चालकमाथि गरेको दुर्व्यवहारका कारण एम्बुलेन्स संचालन गर्न नसक्ने भन्दै एम्बुलेन्स चालक सङ्घले सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय मोरङमा ज्ञापनपत्र बुझायो। आन्दोलनकारीले लिखित प्रतिद्धता जनाएपछि मङसिर ९ गतेदेखि एम्बुलेन्स पुनः सञ्चालनमा आएका थिए।

यातना तथा क्रूर, अमानवीय र अपमानजनक व्यवहार

उर्लाबारी नपा-१ घर भई हात्तीमुडा गाविस-७ स्थित मनमोहन पोलिटेक्निकका मेकानिक ४६ वर्षीय मणिप्रसाद विश्वकर्मालाई २०७२ असार २४ गते सई ३५ वर्षीय काजी बस्नेत, प्रहरी जवानद्वय ३० वर्षीय

जनक जिसी र ३२ वर्षीय सूर्य लिम्बूले प्लास्टिकको पाइपले पैतालासहित शरीरको विभिन्न भागमा कुटेको भन्दै पीडित पक्षले असार २५ गते राष्ट्रिय मानव अधिकार आयोग, विराटनगरमा उजुरी दियो। घरेलु हिंसाको विवादमा गिरफ्तार उनलाई इलाका प्रहरी कार्यालय नेमुवाको हिरासतमा कुटिएको उजुरीमा उल्लेख छ। पीडितकी पत्नी ३० वर्षीया मनकुमारीले पतिले कुटपिट गरेको भन्दै उजुरी दिएपछि उनी गिरफ्तार भएका थिए। आयोगको पत्राचारपछि पूर्व क्षेत्रीय प्रहरी कार्यालयले घटनाको छानबिन टोली बनाएको थियो। प्रतिवेदन भने सार्वजनिक भएन।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७५ प्रावि, १ सय ६ निमावि, ९६ मावि र ६० उमावि छन्। ४ हजार २८ शिक्षकको दरबन्दीमध्ये ३ हजार २ सय ५ कार्यरत छन्। यस वर्ष ५८ हजार ५ सय ८२ बालक र ६८ हजार ५ सय २९ बालिका भर्ना भए। शौचालय सुविधायुक्त विद्यालयहरू ५ सय ३७ वटा छन्। जिल्ला शिक्षा कार्यालयले २५ हजार ८ सय ३२ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गऱ्यो। ३ सय विद्यालय अपाङ्गमैत्री छन्। जिल्लाको कूल बजेट १ अर्ब ९० करोड ७७ लाख १५ हजार १ सय ६२ रूपियाँ रहेकोमा प्रशासनिक खर्चतर्फ १९ करोड १ लाख ६ हजार २ सय रूपियाँ रहेको छ।

यो वर्ष ६ देखि १५ वर्ष उमेर समूहका २१ बालिका बलात्कार तथा ६ जना यौन दुर्व्यवहारबाट पीडित भए। दुई बालिका बेचविखनमा परे। बलात्कार आरोपितमा १३ वर्षीय बालक, शिक्षकदेखि ८२ वर्षीय वृद्धसमेत थिए। बलात्कार घटनाका २ जना आरोपित बालक भएकाले अभिभावकको जिम्मा लगाइयो। तीन आरोपित फरार रहे।

अघिल्लो वर्ष ४९ बालिकासहित ६८ जना पीडित भएका थिए। पीडितमध्ये २७ जना बलात्कार, १३ जना यौन दुर्व्यवहार र २४ जना बालबालिका ओसारपसार तथा १ नवजात शिशुको हत्या भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	२		२
बालत्कार	३१		३१
यौन दुर्व्यवहार	५	१	६
जम्मा	३८	१	३९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई २०७२ वैशाख २४ गते सौराभाग गाविस-९ का ६५ वर्षीय मङ्गल सरदारले घरमा एक्लै भएका बेला घरनजिक परालको कुन्युमा लगी बलात्कार गरेको भन्दै पीडित परिवारले प्रहरीमा वैशाख २४ गते उजुरी दिए। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले जेठ १८ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा वैशाख २५ गते भयो।

१५ वर्षीया बालिकालाई २०७२ जेठ १६ गते उर्लाबारी नपा-२ का ४७ वर्षीय शिक्षक थुयुसा भन्ने होमबहादुर लिम्बूले सोही नपा-४ स्थित किराँत भाषा लिपि पठनपाठन केन्द्रको कोठामा लगी बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जेठ १८ गते उजुरी दियो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले असार ४ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण उर्लाबारीस्थित प्राथमिक स्वास्थ्य केन्द्र मङ्गलबारेमा जेठ २० गते भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १ सय ४७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ३५, खान/लाउन नदिएको २८, विवाह दर्ता तथा नागरिकता नबनाएको १४, अर्की श्रीमती ल्याएर हेला गरेको आठ उजुरी छन् भने सामान्य झगडाका ६२ छन्। तीमध्ये ३१ घटनामा प्रहरीले मिलापत्र गरायो भने ८ उजुरी कानुनी प्रक्रियामा छन्।

सन् २०१५ मा तीन महिला बलात्कृत तथा ६ जना बलात्कार प्रयासबाट पीडित भए भने १ सय २६ जना घरेलु हिंसाबाट पीडित भए। यो वर्ष ५२ वर्षकी महिलासमेत बलात्कृत भइन्। अघिल्लो वर्ष १ सय ५७ महिला पीडित भएका थिए जसमा बलात्कारबाट ६, बोक्सी आरोपमा दुई, बलात्कार प्रयासबाट सात, बेचविखन तथा ओसारपसारबाट सात र घरेलु हिंसाबाट १ सय ३३ जना थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	६	६
बहुविवाह	५	५
घरेलु हिंसा	१३६	१३६
जम्मा	१४०	१४०

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४७ वर्षीया महिलालाई २०७१ पुस २२ गते टाँडी गाविस-५ का ४६ वर्षीय दिलप्रसाद राईले सामान किनेर घर फर्कंदा नियन्त्रणमा लिएर बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा पुस २६ गते उजुरी दियो। सोही दिन गिरफ्तार राईलाई अदालतले माघ २१ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण उर्लाबारीस्थित प्राथमिक स्वास्थ्य केन्द्र मङ्गलबारेमा माघ १२ गते भयो।

४६ वर्षीया महिलालाई २०७१ चैत ४ गते गोविन्दपुर गाविस-१ का ३७ वर्षीय नेत्र पराजुलीले घरायसी विवादपछि घरबाहिर गएका उनका पतिलाई खोज्ने बहानामा परालको छुप्रोमा लगी बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले प्रहरीमा चैत ६ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा चैत १० गते भयो। आरोपित फरार छन्।

२८ वर्षीया महिलालाई २०७१ फागुन १३ गते वैजनाथपुर गाविस-९ का २८ वर्षीय उमेश माझी चौधरीले घरमा एक्लै सुतिरहेका बेला बोकेर घरपछाडि लगी बलात्कार प्रयास गरेको भन्दै पीडितले प्रहरीमा फागुन १४ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार उमेशलाई अदालतले चैत ५ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा फागुन १७ गते भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

एकीकृत माओवादीसहित विपक्षी मोर्चाले आह्वान गरेको नेपाल बन्दको क्रममा विराटनगर उमनपा-७ माहावीर चोकमा ०७१ माघ ६ गते बन्दकर्ताहरूले प्रेस लेखिएको मोटरसाइकल तोडफोड गरी क्षति पुऱ्याए। बन्दकर्ताहरूले मकालु टिभीसँग आवद्ध केशव रिजाल सवार को१२प ३८६ नम्बरको मोटरसाइकल रोकी भाटाले हेडलाइट तथा भाइजरमा क्षति पुऱ्याएको पीडितले बताए। पीडितका अनुसार प्रेसकार्ड देखाउँदा बेवास्ता गरी उनीहरूले गाडी तोडफोड गरेका थिए। पीडितले घटनामा संलग्नलाई कारबाही तथा क्षतिको मागसहित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र नेपाल पत्रकार महासङ्घ मोरङ शाखामा उजुरी दिए। यसैबीच नेपाल पत्रकार महासंघ मोरङ शाखाका सचिव नवराज कट्टेलले विज्ञप्तिमार्फत आक्रमणको निन्दा तथा भत्सर्ना गर्नुका साथै तोडफोडमा संलग्नलाई कारबाहीको माग गरे। यो वर्षको अन्त्यसम्म आरोपितहरूको पहिचान भएको छैन।

मधेसी मोर्चाका कार्यकर्ताले विराटनगर उमनपा-१४ भूमिप्रशासन चोकमा ०७२ भदौं १४ गते समाचार सङ्कलन गरी सोही उमनपा- १५ स्थित कार्यालय फर्कने क्रममा मकालु टेलिभिजनको कार तोडफोड गरी क्षति पुऱ्याए। बन्दकर्ताहरूले मकालु टिभीको बा१०च ३९३७ नम्बरको कारको पछाडिको सिसामा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएको टिभीका निर्देशक दिपक सुवेदीले बताए। त्यसैगरी विराटनगर उमनपा-८ शिवमन्दिरनजिक हिमालय टाइम्स दैनिकको पूर्वाञ्चल क्षेत्रीय प्रमुख निर्मल ढुङ्गाना चढेको को१३प ९७३ नम्बरको मोटरसाइकललाई बन्दकर्ताले भाइजरमा तोडफोड गरी क्षति पुऱ्याए। आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार छन्।

विराटनगर उमनपा-७ सरौचियामा बिरामी लिन गएको नेपाल रेडक्रस सोसाइटी मोरङ शाखाको मे१च १६७९ नम्बरको एम्बुलेन्समा आन्दोलनकारीले ०७२ असोज ४ गते तोडफोड गऱ्यो। सरौचिया चोकको सहलेश मन्दिरको छेउमा घुमाउने क्रममा आन्दोलनकारीले पछाडिबाट एम्बुलेन्समा ढुङ्गा प्रहार गरी तोडफोड गरेको चालक शङ्कर चौधरीले बताए। त्यसैगरी अनुगमन गर्न सोही ठाउँमा पुगेको राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरको बा७च ७४७९ गाडीमा आन्दोलनकारीहरूले ढुङ्गा प्रहार गरी तोडफोड प्रयास गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। आन्दोलनकारीहरूले प्रेस, एम्बुलेन्स, दूधको गाडी, मानवअधिकारलगायतका साधनलाई चल्न दिने बताए पनि ठाउँठाउँमा अवरोध तथा तोडफोड गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६० स्वास्थ्य चौकी र सात उपस्वास्थ्य चौकी छन्। सात डाक्टरको दरबन्दी रहे पनि चार कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय ७५ रहेकामा १ सय ४० जना तथा अनमीको १ सय ७ दरबन्दीमध्ये ९३ जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी सात रहेकोमा ६ जना कार्यरत छन्। हेल्थ असिस्टेन्ट दरबन्दी ४३ रहेकोमा २३ जना कार्यरत छन्। कूल दरबन्दी ३ सय ५० रहेकोमा ७३ रिक्त रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ३० लाख रूपियाँ रहेकामा औषधिवापतको बजेट ६० लाख रूपियाँ छ।

१.६ सुनसरी



जम्मा जनसङ्ख्या
७६३४८७

महिला
३५२२५८

परिवार सङ्ख्या
१६२४०७

खोलाको पानी पिउने परिवार
२५६

शौचालय नभएका परिवार
५८५३०

कामका लागि बाहिरिएका
५०२८१

सबभन्दा बढी जनसङ्ख्या
५१५०० (थारू)

अपाङ्गता भएका
१०४०५

५ वर्षमाथिको साक्षरता प्रतिशत
६४.४६

सरकारी विद्यालय
४८६

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					४	४
बालअधिकार				१९	४	३३
महिलाअधिकार				१९		१९
भेला/सङ्गठित हुने अधिकार	१	१०	११			
जातीय विभेद				१	१	३
कुटपिट	१	१०	११		३	३
हत्या				३		३
जम्मा	३	३०	३३	४१	१३	५३

सुनसरीमा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटनामा कमि देखियो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६५ महिलासहित ५३ जना पीडित भएकामा सन् २०१५ मा राज्य पक्षबाट दुई महिलासहित २२ जना पीडित भए। भेला, सङ्गठित हुने अधिकारबाट एक महिलासहित ११ जना पीडित भए। बालबालिकाविरूद्धका घटना भने वृद्धि भयो। गत वर्ष १७ बालिका बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएकामा यो वर्ष १५ जना पीडित भए। चार बालकलाई विद्यालयमा शरीरिक सजाय दिइयो। महिलाविरूद्धका हिंसात्मक घटनामा गत वर्ष ३६ जना पीडित भएकामा यो वर्ष १५ जना पीडित भए।

सुनसरी जिल्लामा संयुक्त मधेसी मोर्चाको आन्दोलनमा सार्वजनिक तथा निजी क्षेत्रका सवारीसहित एम्बुलेन्स, प्रेस र दूध बोकेको सवारी साधनमा अवरोध भयो। मोर्चाका कार्यकर्ताले जिल्ला सदरमुकाम इनरूवास्थित सरकारी कार्यालयमा मधेस सरकार लेखे। मोर्चाले एम्बुलेन्स अवरोध गरेका कारण उदयपुर जिल्ला त्रियुगा नपा–१५ स्थित साही खोलाका ३ महिने बालक पदम बुढाथोकीको सुनसरी जिल्ला, पूर्वपश्चिम लोकमार्ग हरिपुरस्थित सडकखण्डमा मङ्सिर ७ गते मृत्यु भयो। ती बालकलाई स१च ६५५ नम्बरको एम्बुलेन्स राखेर गाईघाटबाट विराटनगरस्थित नोबेल अस्पताल ल्याइँदै थियो । समयमै उपचार हुन नसक्दा बालकको उपचार नपाएर मृत्यु भएको एम्बुलेन्सका चालक राजा मियाँले बताए।

कारागार र बन्दी

श्रेणीबिहीन झुम्का कारागारको क्षमता १ हजार ६ सय जनाको छ। १ हजार १ सय ४६ कैद तोकिएका र ३ सय ३३ जना कैद नतोकिएका गरी १ हजार ४ सय ७९ जना बन्दी छन्। अन्य कारागारको तुलनामा यहाँका बन्दीको सुविधा राम्रो छ।

गोली/बिष्फोटक पदार्थद्वारा घाइते

भारतीय सीमा सुरक्षा बलबाट

हरिपुर गाविस-७ का २८ वर्षीय अशोक यादव, १८ वर्षीय नरेश यादव, ३२ वर्षीय मनोज यादव र २८ वर्षीय सरोज यादवलाई २०७२ मङ्सिर ९ गते भारतीय सीमा सुरक्षा बल (एसएसबी)का जवानले गोली प्रहार गरी घाइते बनाए। छातीमा गोली लागेका अशोक, कम्मरमा गोली लागेका नरेश र तिघ्रामा छर्रा लागेर घाइते सरोज तथा मनोजको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। भारतीय सीमा सुरक्षा बलका जवानले दशगजाभन्दा दुई सय मिटरभित्र नेपालतर्फ प्रवेश गरी गोली प्रहार गरेका थिए। आरोपितविरूद्ध पीडितहरू मङ्सिर २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए। सो उजुरी विभागमा पठाइएको सुनसरीका डीएसपी चिरञ्जीवी कोइरालाले बताए। आरोपित भारतीय भएकाले उनीहरूलाई कारबाही गर्न सरकारको तहबाट पहल हुने कोइरालाको भनाइ छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

धनुषा जिल्ला, मिथिला नपा-४ निवासी अख्तियार दुरूपयोग अनुसन्धान आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरीका सवारीचालक २९ वर्षीय सुरेश मोक्तानलाई २०७१ माघ २९ गते इन्स्पेक्टर कुन्दन देवले कुटपिट गरेको आरोप लाग्यो। इलाका प्रहरी कार्यालयअगाडिको हावा महलमा आफन्त पर्खेर बसेका बेला कुन्दनले गाली गरेपछि त्यसो नगर्न अनुरोध गर्दा घाँटीमा समाएर तान्दै अनुहारमा मुक्का प्रहार गरेको पीडितले बताए। घटना हुनेबित्तिकै अख्तियार पूर्वाञ्चल क्षेत्रीय कार्यालयका उपसचिव माधव सुवेदीको संयोजकत्वमा समिति बनाइ छानविन प्रतिवेदन पूर्वाञ्चल क्षेत्रीय प्रहरी कार्यालय विराटनगर पठाएको थियो। उक्त कार्यालयले कुन्दनलाई विभागीय कारबाही गरेको जनायो।

संविधानमा गरिएको सीमाङ्कनप्रति असन्तुष्टि जनाउँदै सदरमुकाम इनरूवामा प्रदर्शनमा उत्रिएका इनरूवा नपा-६ का ३० सन्तोष मेहता, इनरूवा नपा-९ का ४३ वर्षीय एसएन मेहता, नरसिंह गाविस-४ का ३३ वर्षीय मनोज यादव, इनरूवा नपा-८ का ४२ वर्षीय नारायण मेहता, भोक्राहा गाविस-८ का ६० वर्षीय भग्लु मेहता, सत्तेरझोडा गाविस-८ का ४८ वर्षीय देवनारायण मेहता र इनरूवा नपा-६ का ५५ वर्षीय उपेन्द्र यादवलाई २०७२ भदौ २४ गते प्रहरीले लाठीचार्जबाट घाइते बनायो।

गैरराज्यपक्षबाट

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले दुहबी भलुवा नपा-६ मा २०७२ मङ्सिर ५ गते दिउँसो को १ च ४६१५ नम्बरको एम्बुलेन्स तोडफोड गरी एम्बुलेन्सका चालक विराटनगर उमनपा-११ का ३२ वर्षीय आनन्द बिकलाई कुटपिट गरे। दाहिने आँखामा गहिरो चोट लागेका आनन्दको सिटी अस्पताल विराटनगरमा उपचार भयो। सोही नपा निवासी मधेसी युवा फोरमका केन्द्रीय सदस्य ३० वर्षीय रञ्जित गोस्वामी र फोरम कार्यकर्ता २८ वर्षीय मुन्ना साहलाई प्रहरीले मङ्सिर ५ गते गिरफ्तार गरी सार्वजनिक मुद्दा चलायो। अदालतको आदेशमा दुवै जना मङ्सिर २० गते जनही ७ हजार रूपियाँ धरौटी राखेर रिहा भए।

पूर्व-पश्चिम राजमार्गको भोक्राहा गाविस-५ मा धरान उमनपा-८ का २३ वर्षीय नवीन राई र भारतीय सेनामा कार्यरत धरान-१६ का ३० वर्षीय कमल जिमीलाई मोटरसाइकलमा काठमाडौं जाँदै गर्दा २०७२ असोज ६ गते राति संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले मरणासन्न हुने गरी कुटे। उनको टाउकोमा पाँच टाँका लगाइएको थियो। पीडितले असोज ७ गते प्रहरीमा उजुरी दिए पनि आरोपितहरू फरार रहेका प्रहरीले जनायो।

भारतीय सीमा सुरक्षाबल एसएसबीका जवानले चलाएको गोली लागेर घाइते भएका अशोक यादव र नरेश यादव

सङ्घीय समाजवादी फोरमका कार्यकर्ताको आक्रमणबाट घाइते भएका कमल जिमी र नवीन राई

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

इटहरी उमनपा-५ निवासी वैदिक सनातन हिन्दू राष्ट्र नेपाल संयुक्त सङ्घर्ष समितिका पूर्वाञ्चल संयोजक ६२ वर्षीय राजेन्द्र पोखरेल, इटहरी उमनपा - ८ का राप्रपा नेपाल नगर अध्यक्ष ३८ वर्षीय रामु पोखरेल, इटहरी उमनपा-५ का ४५ वर्षीय नारायणप्रसाद पोखरेल, इटहरी- ५ कै ४६ वर्षीया कौशिला दाहाल ०७२ साउन १२ गते हिन्दूराज्यको माग गर्दै इटहरी उमनपा-१ स्थित चोकमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा गोइत घाइते भए। घाइतेमध्ये रामुको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। अरू घाइते सामुदायिक अस्पताल इटहरीमा सामान्य उपचारपछि सोही दिन घर फर्किएका थिए। सो क्रममा प्रहरीले १२ राउण्ड अश्रुग्यास प्रहार गरेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सुनसरी जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी छ। फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ३ सय ८६ र फौजदारी १ हजार ४ सय ४१ थान छन्। २ वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ५२ र फौजदारी ३२ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय १३ प्रावि, ७१ निमावि, ५५ मावि र ४२ उमावि छन्। यो वर्ष कूल ७१ हजार ७ सय ६५ बालक र ७६ हजार ८ सय २४ बालिका भर्ना भएका छन्। जिल्लामा २ हजार ६ सय ५२ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब ४७ करोड ४३ लाख ६८ हजार ३९ रूपियाँ रहेकामा प्रशासनिक खर्च १ करोड ३५ लाख २० हजार ५ सय ८ रूपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	१७		१७
विद्यालयमा शारीरिक सजाय		४	४
यौन दुर्व्यवहार	३		३
जम्मा	१९	४	२३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा कमी आयो। सन् २०१४ मा चार बालकसहित २५ जना पीडित भएकामा सन् २०१५ मा चार बालकसहित २३ जना पीडित भए। जसमध्ये १७ बालिका बलात्कारबाट र दुई यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कारबाट पीडित हुनेमा चार वर्षकी बालिकासमेत छिन्। सुस्तमनस्थितिकी १३ वर्षीया बालिका पनि बलात्कृत भइन्। सामूहिक बलात्कारबाट दुई बालिका पीडित भए। एक बालिका बाबुबाटै बलात्कृत भइन्।

१४ वर्षीया बालिकालाई २०७२ जेठ २५ गते राति धरान उमनपा-१८ स्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नजिकै सामूहिक बलात्कार गरेको भन्दै धरान उमनपा-१७ का २३ वर्षीय समिर राई, १७ वर्षीय प्रितेस लिम्बू, २२ वर्षीय बिटु राई, २० वर्षीय विपिन राई, १७ वर्षीय विकेश राई, १७ वर्षीय सिमोन राई र २४ वर्षीय आकाश लिम्बूलाई प्रहरीले जेठ २६ र २७ गते गिरफ्तार गऱ्यो। आरोपितमध्ये धरान नपा-१७ कै १९ वर्षीय सुजन राई, १८ वर्षीय अनमोल लिम्बू, १७ वर्षीय आशीष लिम्बू, १७ वर्षीय सिर्जन लिम्बू र १७ वर्षीय अमिर फरार छन्। आफन्तसँग घर फर्कदै गरेकी बालिकालाई १२ जनाको समूहले सामूहिक बलात्कार गरेको प्रहरीले जनायो। बालिकासँगै रहेका आफन्तलाई आरोपितले कुटपिटसमेत गरेका थिए। अदालतले समिर, प्रितेश, बिटु, विपिन, विकेश, सिमोन र आकाशलाई असार २८ गते थुन्ने आदेश दियो। अरू फरार छन्। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जेठ २६ गते भयो।

१२ वर्षीया बालिकालाई २०७२ साउन २५ गते राति बलात्कार गरेको भन्दै बालिकाकै ५० वर्षीय बाबुलाई प्रहरीले साउन २६ गते गिरफ्तार गऱ्यो। मादक पदार्थ सेवन गरेका बाबुले मध्यराति बलात्कार

गर्दा बालिका चिच्याएपछि छिमेकीले थाहा पाई प्रहरीको जिम्मा लगाएका थिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन २६ गते भयो। बालिकाकी आमाको सात वर्षअघि मृत्यु भएको थियो। अदालतले आरोपितलाई भदौ १४ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ८६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। तीमध्ये ७० उजुरीमा प्रहरीले मिलापत्र गरायो। चार उजुरी कानुनी प्रक्रियामा छन्।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका घटनामा कमि आयो। सन् २०१४ मा यस्ता घटनाबाट ३६ महिला पीडित भएकामा यो वर्ष १९ जना भए। जसमध्ये १० घरेलु हिंसा, तीन बलात्कार, दुई बलात्कार प्रयास, एक बेचबिखन, एक यौन दुर्व्यवहार र दुई जना बहुविवाहबाट पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	३	३
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१०	१०
यौन दुर्व्यवहार	१	१
जम्मा	१९	१९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई २०७२ मङ्सिर १९ गते राति युवाहरूको समूहले मधेसा गाविस-९ हलेसी चोकनजिकैको शङ्करपुर नहरमा लगी सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा भोलिपल्ट उजुरी दियो। आरोपित मधेसा गाविस-९ का १८ वर्षीय प्रकाश तामाङ, मधेसा-९ कै ३० वर्षीय सुनील मगर र मधेसा-५ का २२ वर्षीय विश्वास निरौलालाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरूवामा मङ्सिर १९ गते भयो। गस्तीमा निस्किएको प्रहरी भ्यानसँग पीडितले गुहार मागेपछि मधेसा-९ बाट ती महिलाको उद्धार गरिएको र प्रकाश तामाङलाई घटनास्थलबाटै गिरफ्तार गरिएको डीएसपी चिरञ्जीवी कोइरालाले बताए। तीनै जनालाई अदालतले २०७२ पुस १४ गते थुन्ने आदेश दियो।

परिवारजनबाट हत्या

इटहरी उमनपा-२२ की २६ वर्षीया सुष्मा कार्कीलाई २०७१ फागुन ५ गते पति २८ वर्षीय सुरज कार्कीले हत्या गरेको भन्दै पीडितका बुबाले प्रहरीमा फागुन ६ गते उजुरी दिए। सोही दिन गिरफ्तार सुरजलाई अदालतले चैत १२ गते थुन्ने आदेश दियो।

सबै प्रकारका जातीय विभेद

इटहरी उमनपा-८ का ३८ वर्षीय कर्णबहादुर विश्वकर्मा र उनकी पत्नी ३५ वर्षीया शान्ति गजमेर विश्वकर्मालाई इटहरी उमनपा-८ का ४२ वर्षीय श्यामकाजी भण्डारीले जातीय भेदभाव तथा छुवाछूत गरेको भन्दै पीडितले २०७२ कात्तिक १७ गते प्रहरीमा उजुरी दिए। २ कोठाको मासिक ४ हजार रूपियाँ तिर्ने गरी सहमति भएअनुसार कोठा भाडामा लिन जाँदा पछि दलित भएकाले दिन्न भन्दै जातीय छुवाछूत गरेको उजुरीमा उल्लेख छ। अदातलले मङ्सिर ३ गते २४ हजार रूपियाँ धरौटी लिएर आरोपितलाई रिहा गर्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

सुनसरीमा दुई अस्पताल, ४७ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। १० डाक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। स्टाफ नर्स, अनमी र अहेवमा दरबन्दीअनुसार सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको भने दरबन्दी ५५ रहेकामा ४५ जना कार्यरत छन्। स्त्रीरोग विशेषज्ञ छैनन्। जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ७७ लाख ८२ हजार रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च ८ करोड ६४ लाख ७२ हजार रूपियाँ र औषधि खर्चमा ३८ लाख २० हजार रूपियाँ छ।

१.७ धनकुटा



जम्मा जनसङ्ख्या
१६३४१२

महिला
४६८५७

परिवार सङ्ख्या
३७६३७

खोलाको पानी पिउने परिवार
३६७

शौचालय नभएका परिवार
८५६८

कामका लागि बाहिरिएका
१४४१५

सबभन्दा बढी जनसङ्ख्या
३३२५३ (क्षेत्री)

अपाङ्गता भएका
४८८१

५ वर्षमाथिको साक्षरता प्रतिशत
८५

सरकारी विद्यालय
३१५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३		३
महिलाअधिकार			५०		५०
भेला/सङ्गठित हुने अधिकार	३	३			
कुटपिट	१	१		६	६
हत्या			३	१	४
जम्मा	३	३	५५	८	६३

धनकुटा जिल्लामा सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटना गत वर्षको तुलनामा बढी भए। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा ५५ जना पीडित भएकामा सन् २०१५ मा ५५ महिलासहित ६६ जना पीडित भए। यो वर्ष राज्य पक्षबाट ३ जना पीडित भए। गत वर्ष ६ बालबालिका पीडित भएकामा यो वर्ष दुई बालिका पीडित भए। गत वर्ष ४६ महिला पीडित भएका थिए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४७ कैद तोकिएका र ३६ कैद नतोकिएका गरी ८३ जना बन्दी छन्। आश्रित बालिका एक जना छन्। आफ्नै भवन नभएकाले अदालतको पुरानो भवनमा कारागार सञ्चालित छ। जुन जीर्ण छ।

गोली/विष्फोटक पदार्थद्वारा घाइते
गैरराज्यपक्षबाट

धनकुटा नपा-१४ बेलहारामा विष्फोटक पदार्थ अचानक पड्कँदा सोही स्थानका ६२ वर्षीय जगबहादुर मगर असोज २३ गते घाइते भए। घर सफा गर्ने क्रममा तलामाथि अम्बाजस्तो डल्लो वस्तु देखेपछि फुटाउने क्रममा विष्फोट भएको थियो। दुवै हातको कुइनादेखि मुनिको भाग चुँडिनुका साथै शरीरका विभिन्न भागमा चोट लागेका मगरको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। सो विष्फोटक पदार्थ सशस्त्र द्वन्द्वका बेला छाडिएको प्रहरीको अनुमान छ।

धम्की/कुटपिट
गैरराज्यपक्षबाट

धनकुटा नपा-७ का २९ वर्षीय सोभित श्रेष्ठ, सोही ठाउँ डेरा गरी बस्ने ३९ वर्षीय तुलसी बराकोटी र धनकुटा नपा-६ का ३१ वर्षीय सरोज श्रेष्ठ २०७१ माघ ६ गते एकीकृत माओवादीसहितका ३० दलीय मोर्चाका कार्यकर्ताको आक्रमणबाट घाइते भए।

विष्फोटक पदार्थ पड्कँदा घाइते भएका जगबहादुर मगर

मोर्चाका कार्यकर्ताले आमहड्ताल अवज्ञा गरेको भन्दै आक्रमण गरेका थिए। बन्द हड्तालको प्रतिकारमा उत्रिएका धनकुटा बजारबासीले मदनचोकबाट शान्तिपूर्ण च्याली निकाल्ने क्रममा आन्दोलनकारीले आक्रमण गरेको पीडित तुलसीले बताए। सोभितको टाउकोमा चोट लागेको थियो भने दाहिने हातको कान्छी औंला भाँचिएको थियो। त्यस्तै सरोजको टाउकोमा चोट लागेको थियो भने तुलसीको दाहिने हातको औंलामा चोट लागेको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सङ्घीय लिम्बुवान पार्टी नेपालका जिल्ला सचिव ३० वर्षीय पूर्ण खजुम र सङ्घीय विद्यार्थी युनियनका केन्द्रीय सदस्य २५ वर्षीय धनेन्द्र लिम्बू २०७२ साउन ७ गते संविधानको प्रारम्भिक मस्यौदामाथिको सुझाव सङ्कलन कार्यक्रममा अवरोध गरेको आरोपमा प्रहरीको लाठी प्रहारबाट घाइते भए। उनीहरूको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। सो घटनामा गिरफ्तार सोही पार्टीका केन्द्रीय सचिवालय सदस्य जेन्टल लावतीसहित सात जनालाई सोही साँझ प्रहरीले रिहा गऱ्यो। पार्टीले शान्तिपूर्ण विरोधमा प्रहरीले दमन गरेको आरोप लगायो भने प्रहरीले कार्यक्रममा अवरोध गरी कुर्सीसमेत तोडफोड गरेकाले स्थिति नियन्त्रणमा लिन हस्तक्षेप गर्नुपरेको बतायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ८६ र फौजदारी ८८ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २१ प्रावि, ४६ निमावि र २१ मावि ,४२ उमावि छन्। यी विद्यालयमा यो वर्ष १९ हजार १ सय ६२ बालक र १९ हजार ६ सय ३० जना बालिका गरी ३८ हजार ७ सय ९२ जना भर्ना भएका छन्। जिल्लामा १ हजार ७ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा शौचालय सुविधायुक्त विद्यालय ३ सय ५२ ओटा छन्। जिल्ला शिक्षा कार्यालयको बजेट ६८ करोड ६६ लाख ५५ हजार रूपियाँ रहेकोमा ४९ करो २८ लाख ५ हजार रूपियाँ प्रशासनिक खर्च रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	२	२

कुटपिटबाट मृत्यु

अर्खौले जितपुर गाविस-६ की कक्षा चारकी ११ वर्षीया सुजाता परियारलाई २०७१ माघ १२ गते

एकीकृत माओवादीसहितका ३० दलीय मोर्चाका कार्यकर्ताको आक्रमणबाट घाइते भएका सरोज श्रेष्ठ, सोवित श्रेष्ठ र तुलसी बराकोटी

संविधानको प्रारम्भिक मस्यौदामाथिको सुझाव संकलन कार्यक्रममा अवरोध गरेको आरोपमा प्रहरीको लाठी प्रहारबाट घाइते भएका धनेन्द्र लिम्बू र पूर्ण खजुम

१४ वर्षीय दीपक रम्तेलले आक्रमण गरी हत्या गरेको भन्दै पीडित पक्षले माघ १५ गते प्रहरीमा उजुरी दियो। दाउरा प्रहारबाट गम्भीर चोट लागेकी उनको न्यूरो हस्पिटल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको थियो। माघ २३ गते गिरफ्तार रम्तेललाई अदालतले २०७१ चैत १ गते बाल सुधारगृह विराटनगर पठाएकामा सोही अदालतले २०७२ मङ्सिर १६ गते पाँच वर्ष कैद सजायको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा कमी आयो। सन् २०१४ मा ६ बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भएकामा २०१५ मा दुई बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भए।

१४ वर्षीया बालिकालाई २०७२ असार ९ गते राजारानी गाविस-७ का १७ वर्षीय बालकले बलात्कार प्रयास गरेको भन्दै बालिकाकी आमाले असार १० गते प्रहरीमा उजुरी दिइन्। सोही दिन गिरफ्तार बालकलाई अदालतले मङ्सिर २१ गते चार वर्ष कैद सजायको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १० गते भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ५३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका तीन, खान/लाउन नदिएको आठ, विवाह दर्ता तथा नागरिकता नबनाएको दुई छन् भने सामान्य झगडाका ४० घटना छन्। तीमध्ये ४५ घटनामा प्रहरीले मिलापत्र गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा छन्।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका हिंसा तथा ज्यादतीका घटनामा सामान्य वृद्धि भयो। गत वर्ष यस्ता घटनाबाट ४६ महिला पीडित भएकामा यो वर्ष ५० पीडित भए। जसमध्ये ३८ जना घरेलु हिंसाबाट पीडित भए। त्यस्तै तीन बलात्कार र दुई जना बलात्कार प्रयासबाट पीडित भए। दुई महिला सामूहिक बलात्कारमा परे। बहुविवाहका पाँच घटना भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	२	२
बहुविवाह	५	५
घरेलु हिंसा	३८	३८
यौन दुर्व्यवहार	२	२
जम्मा	५०	५०

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई २०७१ चैत १२ गते परेवादिन गाविस-५ का ३९ वर्षीय चन्द्रबहादुर मगरले घरैमा गई बलात्कार प्रयास गरेको भन्दै पीडितले चैत १३ गते प्रहरीमा उजुरी दिइन्। उजुरीको भोलिपल्ट गिरफ्तार आरोपितलाई अदालतले २०७२ मङ्सिर २० गते दुई वर्ष ६ महिना कैद सजायको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षणजिल्ला अस्पतालमा चैत १३ गते भयो।

स्वास्थ्य सेवाको अवस्था

यो जिल्लामा एक अस्पताल र ३३ स्वास्थ्य चौकी छन्। पाँच डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्टाफ नर्सको ६ दरबन्दी रहेकामा चार कार्यरत छन्। अहेवको दरबन्दी ५९ रहेकामा ५० कार्यरत छन्। अनमी दरबन्दी ५९ रहेकामा ५० कार्यरत छन्। हेल्थ असिस्टेन्ट दरबन्दी ३५ रहेकामा २२ कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी नै छैन। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड २२ लाख ९२ हजार रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च ८ करोड ६४ लाख ७२ हजार रूपियाँ र औषधि खर्च ३८ लाख २० हजार रूपियाँ छ।

१.८ तेह्रथुम



जम्मा जनसङ्ख्या
१०१५७७

महिला
५४४२६

परिवार सङ्ख्या
२२०५४

खोलाको पानी पिउने परिवार
८२

शौचालय नभएका परिवार
५४८४

कामका लागि बाहिरिएका
७५५१

सबभन्दा बढी जनसङ्ख्या
३६३७५ (लिम्बू)

अपाङ्गता भएका
२६२६

५ वर्षमाथिको साक्षरता प्रतिशत
६८.३

सरकारी विद्यालय
२४०

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१		१
महिलाअधिकार			११		११
भेला/सङ्गठित हुने अधिकार	३	३			
कुटपिट				१	१
हत्या				१	१
जम्मा	३	३	११	३	१५

तेह्रथुम जिल्लामा यो वर्ष मानवअधिकार उल्लङ्घनका घटनामा केही सुधार भयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा चार पुरूषसहित ३५ पीडित भएका थिए भने सन् २०१५ मा २८ जना पीडित भए। यो वर्ष राज्यपक्षबाट तीन पुरूष पीडित भए। गत वर्ष ६ बालबालिका पीडित भएकामा यो वर्ष एक बालिका पीडित भए। गत वर्ष २७ महिला पीडित भएकामा सन् २०१५ मा २२ जना पीडित भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ५५ कैद तोकिएका र ११ कैद नतोकिएका गरी ६६ जना छन्। जसमा महिला ६ जना छन्। एक आश्रित बालक छन्। कारागारका धारा र शौचालय जीर्ण छन्। भवन ज्यादै पुरानो भएकाले चुहिन्छ। फलेकहरू मक्किएकाले भुइँमा सुत्नुपर्ने अवस्था छ। बढी बन्दी भएकाले व्यवस्थापनमा पनि समस्या छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

राष्ट्रिय जनमोर्चा नेपालका जिल्ला अध्यक्ष भीमबहादुर विश्वकर्मालाई २०७२ साउन ७ गते म्याङलुङ नपा-१ निवासी एमाले जिल्ला कमिटी सदस्य होमबहादुर खापुङ र सङ्घीय लिम्बूवान पार्टीका केन्द्रीय सदस्य प्रेमबहादुर तुम्बाहाम्फे नेतृत्वको टोलीले सङ्घीयताको विरोधमा भाषण गरेको भनी आक्रमण गरी घाइते बनाएको भन्दै पीडितले प्रहरीमा साउन ८ गते उजुरी दिए। आरोपितमध्ये प्रेमबहादुर तुम्बाहाम्फेले पीडितसमक्ष माफी मागेका थिए। घाइतेको उपचार जिल्ला अस्पतालमा भयो। फरार आरोपित ३५ दिनपछि अदालतमा हाजिर भएपछि भदौ १४ गते मिलापत्र भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तेह्रथुम जिल्ला अदालतमा एक जना

न्यायाधीशको दरबन्दी छ। यस अदालतमा फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४४ र फौजदारी ५१ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ६७ प्रावि, ४७ निमावि र पाँच माबि,३२ उमावि छन्। यस वर्ष १ हजार ८ सय २० बालक र २ हजार ३९ जना बालिका भर्ना भए। विद्यालय जाने उमेरका बालक १५ हजार ४ सय १३ छन् भने बालिका १६ हजार ३ सय ८८ जना छन्। जिल्लामा २ हजार ६ सय १३ दरबन्दी रहेकामा २ हजार ४ सय ८० कार्यरत छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा कमी आयो। सन् २०१४ मा पाँच बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भएका थिए। सन् २०१५ मा एक बालिका बलात्कारबाट पीडित भइन्।

सात वर्षीया बालिकालाई २०७१ फागुन २६ गते थोक्लुङ गाविस-२ का १३ वर्षीय एक बालकले मोबाइल चार्ज गर्न गएका बेला बालिकाकै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा चैत २८ गते उजुरी दियो। आरोपित पक्षले कतै नभन्नू भन्दै पीडित पक्षलाई २ हजार रूपियाँ दिएको थियो। पीडित बलात्कारको पीडाबाट बिरामी परेपछि घटनाबारे गाउँमा थाहा भएको थियो। बालकलाई अदालतले वैशाख १९ गते बाल सुधारगृहमा पठाउन आदेश दिएको थियो तर जिल्लामा बालसुधार गृह नभएकाले जिल्ला कारागारमै राखिएकोमा सोही अदालतको फैसलाबाट आरोपित ०७२ साउन २० गते रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ३ गते भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ६, खान/लाउन नदिएको दुई, विवाह दर्ता तथा अर्की श्रीमती ल्याएर हेला गरेको चार उजुरी छन् भने

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	५	५
घरेलु हिंसा	११	११
जम्मा	३३	३३

सामान्य झगडाका पाँच घटना छन्। तीमध्ये ६ उजुरीमा प्रहरीले मिलापत्र गरायो। ११ उजुरी भने कानुनी प्रक्रियामा छन्।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्ध हुने हिंसा तथा ज्यादतीका घटनामा सामान्य कमी आयो। गत वर्ष यस्ता घटनाबाट २७ महिला पीडित भएका थिए भने सन् २०१५ मा २२ महिला पीडित भए। जसमध्ये ११ घरेलु हिंसाबाट, तीन बलात्कारबाट र तीन बलात्कार प्रयासबाट पीडित भए। बहुविवाहका पाँच घटना भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ असार १७ गते आङदिम गाविस-५ का ५० वर्षीय सूर्यबहादुर बस्नेतले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा असार १९ गते उजुरी दिए। आरोपितको घरमा पुगेकी पीडितलाई रात परेकाले घर पुऱ्याइदिन्छु भन्दै बाटोमा पर्ने नजिकैको खोलामा पुऱ्याएर बलात्कार प्रयास गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १९ गते भयो। असार १९ गते गिरफ्तार आरोपितलाई अदालतले असार २५ गते दुई वर्ष ६ महिना कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

तेह्रथुममा एक अस्पताल र नौ स्वास्थ्य चौकी तथा दुई उपस्वास्थ्य चौकी छन्। चार डक्टरको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। दुई जना करारमा राखिएका छन्। स्टाफ नर्सको दरबन्दी ६ रहेकामा चार जना कार्यरत छन्। अहेवको दरबन्दी ४५ रहेकामा ३६ कार्यरत छन्। त्यस्तै अनमी दरबन्दी ३५ रहेकामा ३० कार्यरत छन्। ल्याब असिस्टेन्ट दरबन्दी चार रहेकामा दुई कार्यरत छन्। यस जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १ करोड ७३ लाख ५९ हजार २ सय रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च १ करोड ७ लाख ६० हजार ९ सय २५ रूपियाँ र औषधि खर्चमा ६५ लाख ८९ हजार २ सय ७५ रूपियाँ छ।

१.५ भोजपुर



जम्मा जनसङ्ख्या
१८२४५५

महिला
९६४०६

परिवार सङ्ख्या
३९४१५

खोलाको पानी पिउने परिवार
३९३

शौचालय नभएका परिवार
१४१५४

कामका लागि बाहिरिएका
१२१५८

सबभन्दा बढी जनसङ्ख्या
५८३३८ (राई)

अपाङ्गता भएका
४६१८

५ वर्षमाथिको साक्षरता प्रतिशत
६९.५

सरकारी विद्यालय
३८६

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			८	१	९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार			४४		४४
जातीय विभेद			५	३	८
गिरफ्तारी/यातना	१	१			
कुटपिट				१	१
हत्या				३	३
जम्मा	१	१	५८	८	६५

भोजपुरमा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना गत वर्षको तुलनामा बढे। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५४ महिलासहित ६१ जना पीडित भएकामा यो वर्ष ५७ महिलासहित ६६ पीडित भए। यो वर्ष भोजपुरमा राज्यपक्षबाट एक जना पीडित भए। गत वर्ष बालबालिकाविरूद्धका हिंसात्मक घटनामा एक बालकसहित १६ जना पीडित भएकामा यो वर्ष एक बालकसहित नौ जना पीडित भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कैद तोकिएका ९६ र कैद नतोकिएका १० गरी १ सय ६ जना बन्दी छन्। पुरूष कैदीले पालो मिलाएर सुत्नुपरेको गुनासो गरे। वैशाख १२ को भूकम्पले कारागारको धेरै भाग क्षतिग्रस्त भएकाले बन्दी त्रासमा बस्न विवश छन्। सुरक्षाकर्मीसमेत पालमुनि बस्न बाध्य छन्।

गिरफ्तारी र यातना

रानीबास गाविस-२ पेक्लाका ५५ वर्षीय रहरमान राईलाई २०७२ साउन ३१ गते व्यक्तिगत लेनदेनको विषयमा इलाका प्रहरी कार्यालय घोरेटारका प्रहरीले गिरफ्तार गरेकामा लाठी र बुटले कुटपिट गरी यातना दिएको भन्दै पीडित पक्षले जिल्ला प्रहरीमा भदौ ४ गते उजुरी दियो। यातनाबाट घाइतेको शरीरभर नीलडाम र चोट लागेको थियो। गम्भीर घाइते उनको स्थानीय स्वास्थ्य संस्थामा उपचार नभएपछि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भएको थियो। पीडितले आफूलाई इन्स्पेक्टर चिरञ्जीवी दाहाल नेतृत्वको टोलीले हिरासतमा यातना दिएको बताए। इन्स्पेक्टर दाहालले गल्ती स्वीकारेकाले उनलाई २०७२ भदौ ९ गते पाँच वर्षका लागि बढुवा रोक्का हुने गरी

विभागीय कारबाही गरिएको डीएसपी राजकुमार लम्सालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

भोजपुर जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५५ र फौजदारी ८५ थान छन्। बाँकी दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी तीन र फौजदारी एक थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७८ प्रावि, ५८ निमावि , ४३ मावि र २८ उमावि छन्। यी विद्यालयमा यो वर्ष २१ हजार ५ सय ७९ बालक र २२ हजार ३ सय ५ बालिका गरी ४३ हजार ८ सय ८४ बालबालिका भर्ना भएका छन्। भोजपुरमा १ हजार ७ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। ३ सय ५८ बालक र ५ हजार ३२ बालिकाले छात्रवृत्ति पाए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरूष	जम्मा
बालविवाह	१		१
बलात्कार	६		६
नवजात शिशुको हत्या		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	८	१	९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा कमी आयो। सन् २०१४ मा १४ बालिका पीडित भएकामा यो वर्ष ६ बालिका बलात्कारबाट र एक यौन दुर्व्यवहारबाट पीडित भए। एक नवजात शिशुको हत्या भयो भने एक बालविवाहबाट पीडित भइन्। बलात्कारबाट पीडित हुनेमध्ये एक वर्षकी बालिकासमेत छिन्। यो अवधिमा एक बालिका ११ वर्षीय बालकबाट बलात्कृत भइन् भने एक बालिका सामूहिक बलात्कारबाट पीडित भइन्।

१२ वर्षीया बालिकालाई २०७२ साउन १ गते साङपाङ गाविस-१ का १९ वर्षीय दुर्वासा राई र ३४ वर्षीय बद्री राईले घरछेउमा सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। भोलिपल्ट गिरफ्तार आरोपितमध्ये अदालतले असोज १५ गते दुर्वासालाई १० वर्ष र बद्रीलाई एक वर्ष कैद सजाय फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल भोजपुरमा साउन ३ गते भयो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ३४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ३० र खान/लाउन नदिएको तीन वटा थिए। तीमध्ये ३० वटामा प्रहरीले मिलापत्र गरायो भने चार उजुरी कानुनी प्रक्रियामा छ।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका घटना वृद्धि भए। सन् २०१४ मा ३८ महिला हिंसा तथा ज्यादतीबाट पीडित भएकामा यो वर्ष ४४ जना पीडित भए। जसमध्ये ४२ महिला घरेलु हिंसाबाट पीडित भए भने एक बलात्कार र एक बलात्कार प्रयासबाट पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
घरेलु हिंसा	४२	४२
जम्मा	४४	४४

२२ वर्षीया महिलालाई २०७२ भदौ २० गते भोजपुर नपा-११ का ४५ वर्षीय टीकाराम बिकले घरनजिकै बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा भदौ २० गते उजुरी दिए। सोही दिन गिरफ्तार बिकलाई अदालतले असोज ६ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल भोजपुरमा भदौ २० गते भयो।

स्वास्थ्य सेवाको अवस्था

भोजपुरमा एक अस्पताल, २१ स्वास्थ्य चौकी र ४० उपस्वास्थ्य चौकी छन्। दुई डक्टरको दरबन्दी रहेको भोजपुर अस्पतालमा तीन कार्यरत छन्। एक जना करारमा नियुक्ति भएका छन्। स्टाफ नर्सको चार दरबन्दीमध्ये तीन, अहेवको ८८ दरबन्दीमध्ये ६५, अनमीको ८३ दरबन्दीमध्ये ७९ र हेल्थ असिस्टेन्टको ३१ दरबन्दीमध्ये १९ जना कार्यरत छन्। जिल्लामा १ जना पनि स्त्रीरोग विशेषज्ञ छैनन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ८७ लाख ४ सय ३२ रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च ६ करोड ३ लाख २१ हजार ९ सय ८६ रूपियाँ र औषधी खर्चमा १५ लाख रूपियाँ छ।

१.१० सङ्खुवासभा



जम्मा जनसङ्ख्या
१५८७४२

महिला
८३५१७

परिवार सङ्ख्या
३४६२४

खोलाको पानी पिउने परिवार
६३८

शौचालय नभएका परिवार
७५३४

कामका लागि बाहिरिएका
१४८६३

सबभन्दा बढी जनसङ्ख्या
२५१२५ (क्षेत्री)

अपाङ्गता भएका
४०५४

५ वर्षमाथिको साक्षरता प्रतिशत
८२

सरकारी विद्यालय
३८७

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	९	९
महिलाअधिकार	३४	३४
हत्या	३	३
जम्मा	४५	४५

सङ्खुवासभामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा कम भए। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा चार पुरूषसहित ७३ जना पीडित भएकामा यो वर्ष ४५ जना महिला पीडित भए। गत वर्ष बालबालिकाविरूद्धका हिंसात्मक घटनाबाट आठ पीडित भएकामा यो वर्ष नौ जना बालिका पीडित भए। महिलाविरूद्धका घटनामा गत वर्ष ५८ जना पीडित भएका थिए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ९५ कैद तोकिएका र १० कैद नतोकिएका गरी १ सय ५ जना बन्दी छन्। एक आश्रित बालक छन्। बन्दी बढी भएकाले सुत्न, बस्न र पिउने पानीको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४९ र फौजदारी ३९ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ५ सय ५८ प्रावि, ६२ निमावि र ४१ माबि छन्। यस वर्ष १ हजार ६ सय ८५ बालक र १ हजार ६ सय ५६ बालिका भर्ना भए। जिल्लामा १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटना वृद्धि भए। सन् २०१४ मा आठ घटना भएकामा यो वर्ष नौ भए। सन् २०१४ मा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	६	६
यौन दुर्व्यवहार	२	२
जम्मा	९	९

आठ बालिका पीडित थिए। यो वर्ष बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट आठ बालिका पीडित भए। एक बालिका बाबुबाटै बलात्कृत भइन्। बलात्कृत हुनेमा ६ वर्षकी बालिकासमेत परिन्। ११ वर्षीया बालिकालाई सामूहिक बलात्कारबाट पीडित भए। एक बालिकाको बालविवाह भयो।

६ वर्षीया बालिकालाई २०७२ साउन २२ गते भोजपुर देउराली-९ घर भई खाँदबारी नपा-१३ बस्ने २४ वर्षीय युनिट तामाङले फकाउँदै जङ्गलमा लगेर बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा साउन २३ गते उजुरी दियो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले पुस २० गते पाँच वर्ष कैद फैसला गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण चैनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा साउन २३ गते भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

संखुवासभामा सन २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३१ जना महिलाहरूले

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
बलात्कारको प्रयास	२	२
बहुविवाह	२	२
घरेलु हिंसा	३७	३७
यौन दुर्व्यवहार	१	१
जम्मा	३४	३४

जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिए दुई वटा खानलाउन नदिएको सात वटा, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार वटा र सामान्य झैझगडाको २० वटा घटना दर्ता भए। ती घटनामध्ये पाँच ओटा कानुनी प्रकृयामा अगाडि बढेको र बाँकी मिलापत्र भएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका घटनामा सामान्य कमी आयो। गत वर्ष यस्ता घटनाबाट ५८ महिला पीडित भएकामा यस वर्ष ३४ पीडित भए। जसमध्ये २७ महिला घरेलु हिंसाबाट पीडित भए भने दुई बलात्कार, दुई बलात्कार प्रयास र एक यौन दुर्व्यवहारबाट पीडित भए। यो अवधिमा बहुविवाहका दुई घटना भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७२ असार १६ गते खाँदबारी नपा-२ का ५२ वर्षीय कृष्णबहादुर राईले बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा असार १७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण खाँदबारी अस्पतालमा असार १८ गते भयो। असार १८ गते गिरफ्तार राईलाई अदालतले पुस १३ गते १० वर्ष कैद र २५ हजार रूपियाँ जरिवानाको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

यो जिल्लामा एक अस्पताल र ३६ स्वास्थ्य चौकी छन्। पाँच डाक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये पाँच र अहेवको ८० दरबन्दीमध्ये ४४ कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञ छैनन्।

१.११ सप्तरी

जम्मा जनसङ्ख्या
६३५२८४

महिला
३२५४३८

परिवार सङ्ख्या
१२१०५८

खोलाको पानी पिउने परिवार
१०८

शौचालय नभएका परिवार
५२८५४

कामका लागि बाहिरिएका
२६४३३

सबभन्दा बढी जनसङ्ख्या
१००७८१ (यादव)

अपाङ्गता भएका
८०४४

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५

सरकारी विद्यालय
४६२

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	३५	३६		१९	१९
बालअधिकार				१७	१	१८
महिलाअधिकार				१९९		१९९
भेला/सङ्गठित हुने अधिकार		३४	३४			
कुटपिट		१३	१३	३	१४	१६
हत्या		५	५	६	५	११
जम्मा	१	६७	६८	३३४	३९	३६३



सप्तरीमा गत वर्षको तुलनामा यो वर्ष मानवअधिकार उल्लङ्घनका घटना र यसबाट पीडित दुवै बढे। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यपक्षबाट सात महिलासहित १३ र गैरराज्यपक्षबाट २ सय २६ महिलासहित २ सय ४८ जना पीडित भएका थिए। सन् २०१५ मा राज्य पक्षबाट एक महिलासहित ६८ जना र गैरराज्य पक्षबाट २ सय २४ महिलासहित २ सय ६३ जना पीडित भए।

यो वर्ष राज्यपक्षबाट पीडित बनाइएकाहरू गत वर्षको तुलनामा बढी रहे। सन् २०१५ मा राज्य पक्षको गोली प्रहारबाट पाँच जनाको मृत्यु भयो। परिवारजनबाट चार महिलासहित गैराज्यपक्षको हत्याका घटनाबाट ११ जना पीडित भए। गत वर्ष अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारबाट पाँच महिलासहित ६ जना पीडित भएकामा सन् २०१५ मा यस अधिकारबाट २४ जना प्रभावित भए। महिला हिंसा तथा ज्यादतीका घटनाबाट १ सय ५५ जना पीडित भए। गत वर्ष यो सङ्ख्या १ सय ८५ थियो। मधेसी मोर्चाका कार्यकर्ताबाट सरकारी कार्यालय, प्रहरी चौकी तथा पोस्ट, राजनीतिक दलका कार्यालय, निजी तथा सार्वजनिक सवारी, व्यक्तिका निजी घर, पसलहरूमा बन्द अवज्ञा गरेको भन्दै तोडफोड र आगजनीका घटना भए। राज्य पक्षबाट प्रेसको कार्यालय तोडफोड तथा अस्पपतालमा कुटपिटका घटना भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलनमा सरकारी कार्यालयमा आगजनी तथा तोडफोड भयो । सीमा क्षेत्रका १० बढी प्रहरी चौकीमा आगजनी र तोडफोड गरिए । हाल ती चौकीहरू नजिकका अन्य चौकीसँग गाभिएका छन् । जिल्ला प्रशासन, प्रहरी कार्यालयहरू, जिल्ला अदालत तथा पुनरावेदन अदालत, गजेन्द्रनारायण सिंह सरगरमाथा अञ्चल अस्पताल भारदह अस्पतालबाहेक सबै सरकारी

कार्यालय भदौ महिनादेखि बन्द छन्। विद्यालयहरू स्वतन्त्ररूपमा सञ्चालन हुन सकेनन्। मोर्चा कार्यकर्ताले जिल्ला सदरमुकाम राजविराजस्थित केही सरकारी कार्यालयहरूको बोर्ड हटाएर मधेस सरकार लेखे।

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

भारदह गाविस-१ का २८ वर्षीय राजीव भनिने राजेन्द्रकुमार राउतको २०७२ भदौ १ गते सोही ठाउँमा भएको झडपमा प्रहरीले प्रहार गरेको जङ्गी राउन्डको छर्रा लागेर मृत्यु भयो। ६ प्रदेशको प्रान्तीय सीमाङ्कनको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आहवानमा भएको अनिश्चितकालीन बन्दका क्रममा झडप भएको थियो। झडपका क्रममा सोही गाविसका ४३ वर्षीय देवनारायण विश्वासको दुवै तिघ्रामा, ४० वर्षीय सुरेन्द्र मण्डलको खुट्टामा, १६ वर्षीय अपक भनिने दीपक साहको टाउको र पेटमा, १९ वर्षीय सत्यनारायण राउतको दुवै खुट्टा र दायाँ हत्केलामा, ४० वर्षीय विजयकुमार ठाकुरको दायाँ खुट्टामा, ४२ वर्षीय अमरकान्त ठाकुरको दायाँ खुट्टामा, २० वर्षीय गोपाल मण्डलको पेटमुनि, १९ वर्षीय नवीनकुमार मण्डलको हत्केलामा गोलीको छर्रा लागेर घाइते भए। मृतकका परिवारले सरकारबाट १० लाख रूपियाँ राहत पाए। जिल्ला सुरक्षा समितिले भदौ ५ गते राउतलाई सहिद घोषणाका लागि गृहमन्त्रालयमा लेखी पठाउने, मृतकका परिवारलाई २० लाख रुपियाँ राहत माग गर्ने र घटना छानबिनका लागि उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्ने, मृतककी पत्नीलाई स्थायी रोजगारी, उनका दुई सन्तानलाई उच्च तहसम्मको निःशुल्क शिक्षा र योग्यताअनुसारको रोजगारीको सुनिश्चितताबारे गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गरेको थियो।

पोर्ताहा गाविस-१ का ६२ वर्षीय रामकिसुन भनिने रामकृष्ण राउतको २०७२ भदौ २३ गते प्रान्तीय सीमाङ्कनको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा भएको विरोध कार्यक्रमअन्तर्गत सोही ठाउँस्थित सडकखण्डमा भएको झडपका क्रममा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। सडक अवरोधका लागि पूर्व-पश्चिम लोकमार्गमा प्रदर्शनकारीले ढालेको रूख हटाउने क्रममा सुरक्षाकर्मीमाथि ढुङ्गामुढा र शिशाको बोतलले आक्रमण भएपछि प्रहरीले गोली चलाउँदा राउतको मृत्यु भएको थियो। सो झडपमा सशस्त्र प्रहरीका डीएसपी गोपीकृष्ण ठाकुरसहित २८ सुरक्षाकर्मी घाइते भए। प्रदर्शनकारीतर्फ पोर्ताहा गाविस-४ का ३० वर्षीय अनिलकुमार ठाकुरको खुट्टामा र सोही गाविस-५ का २५ वर्षीय विजय खिडहरी यादवको पेटमा रबरको गोली लागी घाइते भएका थिए। मृतक परिवारले सरकारबाट १० लाख रूपियाँ राहत पाए। जिल्ला सुरक्षासमितिले भदौ २४ गते मृतकलाई सहिद घोषणा गर्ने र मृतकका परिवारलाई राहत माग गर्ने निर्णय गऱ्यो।

डाँढा गाविस-७ का २० वर्षीय वीरेन्द्रकुमार रामको २०७२ मङ्सिर ५ गते मध्य रात प्रान्तीय सीमाङ्कनको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा भएको अनिश्चितकालीन बन्दका क्रममा भारदह गाविस-१ स्थित दङ्गाग्रस्त क्षेत्र घोषित पूर्व-पश्चिम राजमार्गमा झडप हुँदा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। झडपमा मधवापुर गाविस-३ निवासी नेपाल सद्भावना पार्टी गजेन्द्रवादी सप्तरीका अध्यक्ष ३५ वर्षीय दानी मण्डलको खुट्टामा, पोर्ताहा

प्रहरीको गोली प्रहारबाट मृत्यु भएका राजेन्द्रकुमार राउत, रामकिसुन भनिने रामकृष्ण राउत र बीरेन्द्र राम



संयुक्त मधेसी मोर्चा र प्रहरीबीच झडप हुँदा प्रहरीको गोली लागी मृत्यु भएका नागेश्वर यादव र दिलीप साह

गाविस-१ का २५ वर्षीय श्रवणकुमार झाको दायाँ खुट्टाको पिँडुलामा, मधवापुर गाविस-३ का ४२ वर्षीय रघु साफीको आँखामा, मधवापुर गाविस-४ का ४० वर्षीय रामेश्वर मण्डलको बायाँ तिघ्रामा, पोर्ताहा गाविस-५ का ३५ वर्षीय राजेश खिडहरी यादवको घाँटीमा, डिमन गाविस-८ का ३५ वर्षीय जहरू साहको बायाँ तिघ्रामा, मधवापुर गाविस-२ का ४५ वर्षीय रामसागर शर्मा सुतिहारको कम्मरमा, डाँढा गाविस-७ का १५ वर्षीय मोहमद अकबरको तिघ्रामा, कोचाबखारी गाविस-९ कुपहीका २५ वर्षीय श्यामकुमार मण्डलको खुट्टामा, एक नम्बर जोगिनिया गाविस-१ का २५ वर्षीय सुरेन्द्र सहगोनिया यादवको दाहिने तिघ्रा र बायाँ खुट्टामा, मधवापुर गाविस-४ का ३५ वर्षीय लाल भनिने नित्यानन्द झाको कम्मरमुनि, पोर्ताहा गाविस-३ का २२ वर्षीय जितेन्द्रकुमार गोइतको खुट्टामा र को बर्साइन गाविसका १६ वर्षीय धर्मेन्द्रकुमार साहको खुट्टामा गोली लागेको थियो। कागजी प्रक्रिया पूरा नभएकाले मृतकका परिवारले राहत पाएका छैनन्। जिल्ला सुरक्षा समितिले मङ्सिर १० गते मृतकलाई सहिद घोषणा, मृतक परिवारलाई राहत र घाइतेको निःशुल्क उपचारका लागि गृहमन्त्रालयमा माग गर्ने निर्णय गऱ्यो।

जमुनी मधेपुरा गाविस-९ लक्ष्मीपुर छपकीका २४ वर्षीय नागेश्वरकुमार यादवको २०७२ मङ्सिर ५ गते मध्यरात प्रान्तीय सीमाङ्कनको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, सप्तरीको आह्वानमा भएको विरोधका क्रममा झडप हुँदा प्रहरीको गोली प्रहारबाट नकटी रायपुर गाविस-८ रूपनी चोकस्थित पूर्व-पश्चिम राजमार्गमा मृत्यु भयो। प्रदर्शनकारीहरू दङ्गाग्रस्त क्षेत्र घोषित राजमार्गमा आवागमन अवरोध गर्न गएका बेला भएको झडपमा तिघ्रामा गोली लागेर घाइते उनको सोही राति १ बजे राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा मृत्यु भएको थियो। रूपनीको झडपमा मलेठ गाविस-४ का नेकपा माओवादी वैद्य समूहका ४२ वर्षीय रामगमन साहको खुट्टामा, कोचाबखारी गाविस-९ कुपही घर भई राजविराज नपा-७ मा पसल गर्ने ३० वर्षीय भुवनेश्वर भनिने बेल्चन मण्डलको पिठ्यूँ र खुट्टामा गोली लागेर घाइते भएका थिए। लाठीचार्जमा नकटी रायपुर गाविस-९ का ३२ वर्षीय दिलेन्द्र यादवको टाउको, जमुनी मधेपुरा गाविस-२ का ५५ वर्षीय अमरेन्द्र झाको टाउको र खुट्टा, नकटी रायपुर गाविस-८ का ३० वर्षीय मोहन यादव, लालापट्टी गाविस-१ का ४८ वर्षीय जयकृष्ण यादव, इटहरी विष्णुपुर गाविस-१ का ५८ वर्षीय विष्णुदेव राय, सिम्राहा सिग्यौन गाविस-९ का ५० वर्षीय अगहनु सदा र छिन्नमस्ता गाविस-५ का ५५ वर्षीय रामचन्द्र यादवको दुवै हात, खुट्टा र शरीरमा, राजविराज नपा-९ का ४० वर्षीय दिनेश यादवको पिठ्युँमा चोट लागेको थियो। कागजी प्रक्रिया पूरा नभएकाले मृतकका परिवारले राहत रकम पाएका छैनन्। जिल्ला सुरक्षा समितिले मङ्सिर १० गते मृतकलाई सहिद घोषणा, मृतक परिवारलाई राहत र घाइतेहरूको निःशुल्क उपचारका लागि गृहमन्त्रालयमा माग गर्ने निर्णय गऱ्यो।

राजविराज नपा-१ का ३८ वर्षीय दिलीपकुमार साहको २०७२ मङ्सिर ६ गते प्रान्तीय सीमाङ्कनको विरोधमा मधेसी मोर्चा, सप्तरीको आह्वानमा भएको विरोधका क्रममा झडप हुँदा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। दङ्गाग्रस्त घोषित राजमार्ग अवरोध गर्ने क्रममा मङ्सिर ५ गते राति भएको झडपमा भारदह र रूपनीमा दुई जनाको मृत्यु भएको विरोधमा राजविराजमा भएको प्रदर्शनमा प्रहरीले चलाएको हवाई फायरले घरको बार्दलीमा बसेर हेरिरहेका साहको टाउकोमा छर्रा लागेको थियो। उनकी नौ वर्षीया छोरी मुस्कान साहको हातका औँलामा पनि गोलीको छर्रा लागेको मोर्चाले बतायो। प्रहरीले भने हेरिरहेका साहको आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा लागी मृत्यु भएको दाबी गरेको छ। कागजी प्रक्रिया पूरा नभएकाले मृतकका परिवारले राहत पाएका छैनन्। जिल्ला सुरक्षासमितिले मङ्सिर १० गते मृतकलाई सहिद घोषणा, मृतक परिवारलाई राहत र घाइतेहरूको निःशुल्क उपचारका लागि गृहमन्त्रालयमा माग गर्ने निर्णय गऱ्यो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

इटहरी विष्णुपुर गाविस निवासी मधेसी जनअधिकार फोरम नेपालका केन्द्रीय सदस्य ४० वर्षीय शैलेन्द्रप्रसाद साह, राजविराज नपा-८ निवासी विद्यार्थी मञ्चका अध्यक्ष ३५ वर्षीय किशोरकुमार यादव, नकटी रायपुर गाविस-९ निवासी एमाओवादीका जिल्ला सदस्य ४४ वर्षीय हरिनारायण महतो, जमुनी मधेपुरा गाविस-८ निवासी समाजवादी युवा लिगका सदस्य ३५ वर्षीय विन्देश्वर यादव, काचन गाविस-६ का ४५ वर्षीय श्रीप्रसाद भगत, बरही वीरपुर गाविस-३ का रामदेव मुखिया २०७१ माघ ९ गते प्रहरीको लाठीचार्ज र अश्रुग्यासबाट घाइते भए। नेविसङ्घ, अनेरास्ववियु र युवा सङ्घका कार्यकर्ताले गरेको संयुक्त प्रदर्शन र गजेन्द्र चोकमा गरेको कोणसभा सहमतिविपरीत भएको भन्दै गजेन्द्र चोकस्थित कार्यक्रमस्थलतर्फ बढेका एमाओवादी र मधेसवादी दलको मोर्चाका कार्यकर्तालाई प्रहरीले रोकेपछि विवाद भएको थियो। प्रहरी घेरा तोडेर अघि बढ्न खोज्ने क्रममा भीडबाट प्रहरीमाथि नै ढुङ्गा प्रहार भएपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै सात सेल अश्रुग्यास प्रहार गरेको थियो। प्रहरीले प्रहार गरेको अश्रुग्यास समातेर प्रहरीतर्फ नै फाल्दा फोरमका जिल्ला सदस्य छिन्नमस्ता गाविस-६ का ३५ वर्षीय केदार यादवको हात पोलेको थियो।

संविधानको विरोधमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको बन्द हड्तालका क्रममा प्रशासनले प्रदर्शनमा बन्देज गर्दै दङ्गाग्रस्त क्षेत्र तोकेको पूर्व-पश्चिम महेन्द्र राजमार्ग प्रदर्शनकारीले अवरोध गर्ने क्रममा कल्याणपुर विसनपुरमा प्रहरीसँग भएको झडपमा प्रहरीले लाठीचार्ज गर्दा कविलासा गाविस-४ का ५५ वर्षीय जागेश्वर यादवको दायाँ हात र खुट्टा भाँचियो। इटहरी विष्णुपुर गाविस-६ का ४६ वर्षीय शत्रुघन रायको नाकमा चोट लाग्यो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले पूर्व-पश्चिम महेन्द्र राजमार्ग अवरोध गरी प्रदर्शन गर्ने क्रममा नकटी रायपुर गाविस-८ स्थित रूपनी चोकमा २०७२ मङ्सिर ६ गते प्रहरीले गरेको लाठीचार्जबाट मलेठ गाविस-४ का ५० वर्षीय भोगीलाल यादव, बसबिट्टी गाविस-९ का ३५ वर्षीय ज्ञानदेव यादव र राजविराज नपा-१ का ६६ वर्षीय कपलेश्वरप्रसाद साह घाइते भए। राजमार्ग अवरोध गर्ने मोर्चाका कार्यकर्ता र प्रहरीबीच मङ्सिर ५ गते राति भएको झडपमा भारदह र रूपनीमा २ जनाको मृत्यु भएकामा आक्रोशित प्रदर्शनकारीले स ४ प ५३११ नम्बरको मोटरसाइकल जलाएपछि प्रहरीले लाठीचार्ज गरेको थियो।

मधेसी मोर्चाले संविधानको विरोधमा २०७२ मङ्सिर ५ गते दङ्गाग्रस्त क्षेत्र पूर्व-पश्चिम महेन्द्र राजमार्गमा गरेको अवरोध हटाउने क्रममा भारदह गाविस-१ स्थित सडकमा प्रदर्शनकारीसँग भएको झडपमा प्रहरी हवल्दारहरू मोतिराम महतो, सूर्यनारायण मण्डल, प्रहरीहरू हिक्मत श्रेष्ठ र धर्मेन्द्र दास घाइते भए। सशस्त्र प्रहरीका असइ देवेन्द्र चौधरी, सशस्त्र प्रहरीकै हवल्दारहरू कृष्णकुमार यादव, तेजप्रसाद रेग्मी, सशस्त्र प्रहरी जवानहरू बमबहादुर मगर, गुणराज दाहाल र गम्भीर खड्का घाइते भए।

मधेसी मोर्चाले संविधानको विरोधमा दङ्गाग्रस्त क्षेत्र तोकिएको पूर्व-पश्चिम महेन्द्र राजमार्गमा गरेको अवरोध हटाउने क्रममा २०७२ मङ्सिर ५ गते नकटी रायपुर गाविस-८ स्थित रूपनी चोकमा प्रदर्शनकारीसँग भएको झडपमा प्रहरी हवल्दार कर्ण बिक, प्रहरीहरू राजीव यादव र शशिभूषण यादव घाइते भए। प्रदर्शनकारीले प्रहरी टोलीमाथि लाठी, ढुङ्गा र शिशाको बोतल प्रहार गरेका थिए।

मधेसी मोर्चाले संविधानको विरोधमा दङ्गाग्रस्त क्षेत्र तोकिएको पूर्व-पश्चिम महेन्द्र राजमार्गमा गरेको अवरोध हटाउने क्रममा २०७२ मङ्सिर ५ गते कल्याणपुर गाविसस्थित विसनपुरमा प्रदर्शनकारीसँग भएको झडपमा इन्स्पेक्टर छेदीलाल कामतीको ओठमा शिशाले काट्यो भने प्रहरी हवल्दार जितु पासवान, प्रहरीहरू ज्ञानबहादुर तामाङ, कृष्ण चापागाई, सुरेन्द्रप्रसाद सिंह, रमेश नेपाली र ध्यानकुमार राई घाइते भए।

धम्की/कुटपिट

राज्यपक्षबाट

राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालका ल्याब टेक्निसियन ५४ वर्षीय विश्वनाथ मण्डल, हेल्थ असिस्टेन्ट ४० वर्षीय रामकुमार दियाली, अहेवहरू ३९ वर्षीय रामकुमार यादव, ३५ वर्षीय सुबोध मेहता, ३३ वर्षीय राजाराम यादव, २१ वर्षीय रजनीकान्त चौधरी र ३० वर्षीय देवानन्द मण्डललाई प्रहरीले २०७२ मङ्सिर ६ गते अस्पतालमा कुटपिट गरी घाइते बनाए। मधेसी मोर्चाका कार्यकर्ताले प्रहरीको ना १ झ १३१६ नम्बरको भ्यान र अस्पताल प्रहरी बिटमा रहेका सामग्री जलाएर नष्ट गरेपछि प्रहरीले भीड तितरबितर बनाउँदै लाठीचार्ज गरेको थियो। जिल्ला प्रहरीले उजुरी लिन नमानेको भन्दै पीडितले जिल्ला अदालतमा मङ्सिर १५ गते उजुरी दिएका थिए। उजुरी उपर कारबाही भएन।

गैरराज्यपक्षबाट

कृष्ण दल गणका सिपाही बालकृष्ण गुप्तालाई २०७२ मङ्सिर ७ गते मधेसी मोर्चा, सप्तरीका कार्यकर्ताले सामान किनमेल गर्न निस्किएका बेला राजविराज नपा-१ मा कुटपिट गरी मोबाइलसमेत खोसे। पीडितको मोबाइल फिर्ता भएन।

झापा जिल्ला, बाहुनडाँगी निवासी जिल्ला प्रहरी कार्यालय जवान ३५ वर्षीय भीम राईको २०७२ मङ्सिर ६ गते रक्तचाप बढेर मुखबाट रगत बग्न थालेपछि उपचारका लागि राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल पठाइएकोमा मधेसी मोर्चाका कार्यकर्ताहरूले अस्पतालको आकस्मिक सेवाको ढोकामा अवरोध गरेर उपचार गर्न नदिई निर्घात कुटपिट गरेको प्रहरीको आरोप छ। सोही क्रममा बिरामी भीम चढेर गएको प्रहरीको ना१झ १३१६ नम्बरको भ्यानलाई मधेसी मोर्चाका कार्यकर्ताहरूले अस्पताल परिसरभित्रै तोडफोड र आगजनी गरेका थिए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर १ सय ३७ कैद तोकिएका र १ सय ८२ कैद नतोकिएका गरी ३ सय १९ जना छन्। जसमा महिला १९ जना छन्। क्षमताभन्दा तेब्बर मानिस भएकाले औषधि र सिदा खर्चसमेत अपुग हुने गरेको छ। बन्दीबीच भइरहने झडपबाट घाइतेलाई उपचार गर्न आर्थिक समस्या छ। शौचालय र पिउने पानीको कमी छ। ठाउँ नपुग्नाले चिसो भुइँ, बरन्डा र भान्सामा कोचाकोच भएर सुत्नुपरेको र यही कारण झडपसमेत हुने गरेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकोमा नौ जना नै कार्यरत छन् । यस अदालतमा ०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा २ हजार २ सय ८३ थान र फौजदारी मुद्दा १ हजार १ सय १९ थान रहेका छन् । जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी मुद्दा ५० थान र फौजदारी मुद्दा २२ थान मुद्दा फर्स्यौट गर्न बाँकी रहेका छन् । सात जनामात्रै न्यायाधीश रहेको अदालतमा मुद्दाको सङ्ख्या हेर्दा प्रतिन्यायाधीश २ सय ७१ मुद्दा हेर्नुपर्ने हुन्छ । पुनरावेदन अदालतमा १२ जना न्यायाधीशको दरबन्दी रहेकोमा ६ जना कार्यरत छन् । यस अदालतमा ०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ हजार ६ सय ३५ थान र फौजदारी मुद्दा १ हजार २ सय ६ थान रहेका छन्। जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना देवानी मुद्दा २३ थान र फौजदारी मुद्दा ११ थान मुद्दा फर्स्यौट गर्न बाँकी रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८४ प्रावि, १ सय ५४ निमावि, ७५ मावि र ७५ उमावि छन्। यस वर्ष बालबालिका भर्ना संख्या प्राप्त भएन। जिल्लामा २ हजार ५सय ३० शिक्षक दरबन्दी रहेकामा ४ सय ३० रिक्त छन्। १ सय २८ अपाङ्मैत्री विद्यालय रहेका छन्। २९ हजार ५ सय ७ बालबालिकाको छात्रवृत्ति संख्या रहेकोमा सोको रकम ११ लाख ८२ हजार ८ सय रूपियाँ रहेको छ । जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब १९ करोड २२ लाख ४९ हजार ६ सय २८ रूपियाँ छ भने प्रशासनिक खर्च ७१ लाख ८२ हजार रूपियाँ छ।

सन् २०१४ मा एक बालकसहित २२ जना पीडित भएकामा सन् २०१५ मा भने एक बालकसहित १८ जना पीडित भए। यो वर्ष बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट १४ बालिका पीडित भए। सात वर्षकी बालिका पनि पीडित भइन्। बलात्कार तथा बलात्कार प्रयासको घटनामा १३ वर्षका बालक पनि आरोपित भए। एक बालिका बाबुबाटै बलात्कृत भइन्। आमाले ६ महिनादेखि ६ वर्ष उमेर समूहका तीन छोरीलाई घाँटी निमोठेर हत्या गरेको घटनामा मुद्दा चलिरहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	१		१
बालविवाह	१		१
बलात्कार	१०		१०
नवजात शिशुको हत्या	१		१
विद्यालयमा शारिरक सजाय		१	१
यौन दुर्व्यवहार	४		४
जम्मा	१६	१	१८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७१ फागुन १४ गते मल्हनमा गाविस-४ का २९ वर्षीय बरूण राम, १९ वर्षीय किशोर सरदार, ५ का २१ वर्षीय अरविन्द साह र कुशहा गाविस-३ का १८ वर्षीय विनोद दासले पथहरवा खोलानजिकको आँपबगैंचामा सामूहिक

बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन १८ गते उजुरी दियो। सोही दिन गिरफ्तार वरूण र विनोदलाई अदालतले चैत १५ गते थुन्ने आदेश दियो। अरविन्द र किशोर फरार छन्। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फागुन १९ गते भयो।

महिलाविरुद्ध सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ९३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २३, खान/लाउन नदिएको २२, विवाह दर्ता तथा नागरिकता नबनाएको आठ, अर्की श्रीमती ल्याएर हेला गरेको १३, दाइजोका कारण कुटपिट गरिएका ६, विवाह गरी बेपत्ता भएका एक उजुरी परेका छन् भने सामान्य झगडाका २० घटना दर्ता भएका छन्। तीमध्ये ५० घटनामा प्रहरीले मिलापत्र गरायो भने ६ उजुरी कानुनी प्रक्रियामा छन्। २१ उजुरी छलफल प्रक्रियामा छन् भने १६ ओटाका उजुरीकर्ता नै सम्पर्कमा आएनन्।

सप्तरीमा सन् २०१४ मा महिला हिंसा एवम् भेदभाव र दुर्व्यवहारबाट १ सय ८९ जना पीडित भएकामा सन् २०१५ मा १ सय ९९ जना पीडित भए। बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारबाट १७ जना पीडित भए। यस्ता १५ घटनामध्ये तीन घटनाका आरोपितलाई कानुनी प्रक्रियामा ल्याउन सकिएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	९	९
बलात्कारको प्रयास	५	५
बहुविवाह	३१	३१
घरेलु हिंसा	१५७	१५७
यौन दुर्व्यवहार	३	३
जम्मा	१९९	१९९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ वैशाख ३० गते राति सीतापुर गाविस-९ इटहर्वाका १९ वर्षीय अमिरकान्त चौधरी, प्रसवनी गाविस-३ का २० वर्षीय सन्तोष चौधरी, १९ वर्षीय निरन चौधरी, १९ वर्षीय सुनिल चौधरी, १८ वर्षीय प्रेम चौधरी र १७ वर्षीय अनील चौधरीले सोही ठाउँस्थित आँपबगैंचामा सामूहिक बलात्कार गरेको भन्दै पीडितका बुवाले प्रहरीमा वैशाख ३१ गते उजुरी दिए। पीडितले वैशाख ३१ गते सप्तकोसी नदीमा हाम्फालेर आत्महत्या प्रयास गरेपछि घटना सार्वजनिक भएको थियो। उजुरी दिएकै दिन गिरफ्तार अमिरकान्तलाई अदालतले जेठ २६ गते थुन्ने आदेश दियो। अन्य आरोपित फरार छन्। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वैशाख ३१ गते भयो।

परिवारजनबाट हत्या

बरही वीरपुर गाविस-४ की ६६ वर्षीया राजेश्वरीदेवी राय भनिने राज्यवती अमात्यनीलाई २०७१ चैत १९ गते देवर ५५ वर्षीय विद्यानन्द राय, निजकी पत्नी ४५ वर्षीया विन्दुदेवी राय, छोरा २८ वर्षीय चन्दनकुमार राय, देवर ५० वर्षीय शिवानन्द राय, निजकी पत्नी ३६ वर्षीया मन्जुदेवी राय, देवर ४० वर्षीय कामानन्द राय, निजकी पत्नी ३० वर्षीया रेणुदेवी रायले सामान्य घरायसी विवादमा लाठी र फलामको रड प्रहार गरी हत्या गरेको भन्दै मृतकका छोरा वेचन रायले प्रहरीमा २०७१ चैत १९ गते उजुरी दिए। कुटपिटबाट मृतककी बुहारी ३८ वर्षीया बिनादेवी राय, नातिनीहरू १७ वर्षीया पुष्पाकुमारी राय र १३ वर्षीया मुनाकुमारी रायसमेत घाइते भएका थिए। चैत १९ गते गिरफ्तार विन्दुदेवी र रेणुदेवीलाई अदालतले २०७२ वैशाख १५ गते जनही ५० हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अदालतमा हाजिर भएकी मञ्जुकुमारी वैशाख २९ गते ५० हजार रूपियाँ धरौटी बुझाइ रिहा भइन्। चन्दनलाई अदालतले २०७२ जेठ ६ गते थुन्ने आदेश दियो। विद्यानन्द, चन्दनकुमार, शिवानन्द र कामानन्द फरार छन्।

कथित बोक्सी आरोप

ब्रह्मपुर गाविस-१ घर भई राजविराज नपा-४ बस्ने ३७ वर्षीया विन्दुकुमारी चौधरीलाई २०७२ जेठ १३ गते कथित बोक्सीको आरोप लगाउँदै सोही ठाउँ घर भई हर्दिया गाविस-१ का पसले भगवतीप्रसाद चौधरीले गालीगलौज गरेको भन्दै पीडितले आरोपितसँग भएको वार्तालापको फोन रेकर्डसहित प्रहरीमा जेठ २० गते उजुरी दिइन्। जेठ २० गते गिरफ्तार भगवतीप्रसादलाई अदालतले असार १० गते ५ हजार रूपियाँ जरिवाना तिराउने फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

राजविराज नपा-५ मदननगरस्थित एमाले जिल्ला पार्टी कार्यालयमा २०७१ माघ ६ गते एनेकपा माओवादी तथा मधेसवादी दलसहितको मोर्चाले गरेको

नेपाल बन्दको क्रममा अपरिचित व्यक्तिहरूले आगजनी गरे। आगजनीले कार्यालयका फर्निचरसहित महत्वपूर्ण कागजात जलेर नष्ट भएको थियो।

राजविराज नपा-१ स्थित काङ्ग्रेसको जिल्ला पार्टी कार्यालयमा २०७२ भदौ २७ गते मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याए। प्रदर्शनकारीहरूले कार्यालयको दुई ओटा ढोका फुटाएर कुर्सी, टेबुललगायतका फर्निचरहरू आगजनी गरेका थिए।

राजविराज नपा-८ स्थित नेकपा (संयुक्त) का सासद् मिथिला चौधरीको घरमा ०७२ भदौ २५ गते राति तमलोपाका केन्द्रीय सदस्य राजविराज नपा-८ की साधना झाको नेतृत्वमा गएको मधेसी मोर्चाका प्रदर्शनकारीहरूले ढुङ्गामुढा गरी क्षति पुऱ्याए।

प्रहरीको ना१झ १३१६ नम्बरको भ्यानलाई २०७२ मङ्सिर ६ गते मधेसी मोर्चाका कार्यकर्ताहरूले राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए। मुखबाट रगत बग्न थालेपछि प्रहरी जवान भीम राईलाई उपचारका लागि अस्पताल पठाइएको भ्यानमा अस्पतालको आकस्मिक सेवाको ढोकामा नै मोर्चाका कार्यकर्ताहरूले क्षति पुऱ्याएका थिए। उनीहरूले बिरामी राईलाई समेत उपचार गर्न नदिई निर्घात कुटपिट गरेका थिए। भ्यान आगजनी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले सिस्वा बेल्ही गाविस-५ का १९ वर्षीय बिनोद मण्डल, फर्सेठ गाविस-१ का २१ वर्षीय पवनकुमार यादव, जमुनी मधेपुरा गाविस-२ का ३० वर्षीय रामेश्वर मण्डल र छिन्नमस्ता गाविस-२ का ४० वर्षीय दिपेन्द्र शर्मालाई २०७२ मङ्सिर ६ गते गिरफ्तार गरी आगजनी मुद्दामा अनुसन्धान भयो। मुद्दाको गाम्भीर्यतालाई हेरी प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयको सहमतिमा सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा २१ बमोजिम परिवारका सदस्यहरूको हाजिरी जमानीमा आरोपितलाई प्रहरीले मङ्सिर ११ रिहा गऱ्यो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरेको प्रहरी कार्यालय

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरेको सरकारी गाडी

राजविराजबाट काठमाडौँ जाँदै गरेको ना५ख २८२ नम्बरको बस र ना४ख ५६६५ नम्बरको बसलाई ०७२ पुस १२ गते राति मधेसी मोर्चाका कार्यकताहरूले मलेठ गाविस-४ स्थित राजविराज-रूपनी सडकखण्डअर्न्तगत पाँच किलो भन्ने ठाउँमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याए। बसका चालकहरू क्रमश: सारस्वर गाविस-५ का ३५ वर्षीय महेन्द्र यादव र नकटी रायपुर गाविस-८ का ३० वर्षीय विद्यानन्द चौधरी घाइते भएका थिए। घाइतेहरूको नकटी रायपुरस्थित युनिक अस्पतालमा प्राथमिक उपचारपछि विराटनगरमा थप उपचार भएको थियो। यो वर्षको अन्त्यसम्म आरोपितहरू फरार छन्

स्वास्थ्य सेवाको अवस्था

सप्तरी जिल्लामा दुई अस्पताल र १ सय ३ स्वास्थ्य चौकी छन् भने एक उपस्वास्थ्य चौकी छ। चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। सात डाक्टरको दरबन्दी रहेको जिल्ला अस्पतालमा एकजना पनि कार्यरत छैनन्। १७ डक्टर दरबन्दी रहेको क्षेत्रीय अस्पतालमा १३ रिक्त छन्। स्टाफ नर्सको आठ दरबन्दी रहेकामा ६ जना कार्यरत, अहेवको दरबन्दी ३ सय ४८ रहेकामा ३ सय ४० कार्यरत, अनमीको दरबन्दी २ सय २७ रहेकामा २ सय कार्यरत र हेल्थ असिस्टेन्ट दरबन्दी १ सय १८ रहेकामा २५ कार्यरत छन्। यस जिल्लामा एक जना पनि स्त्रीरोग विशेषज्ञ छैनन् भने क्षेत्रीय अस्पतालमा एक दरबन्दीमा एक जना नै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट मधेसी मोर्चाको चार महिनादेखिको बन्दका कारण प्राप्त हुन सकेन।

१.१२ सिराहा



जम्मा जनसङ्ख्या
६३७३२८

महिला
३२७२२७

परिवार सङ्ख्या
११७५६२

खोलाको पानी पिउने परिवार
५५३

शौचालय नभएका परिवार
५५५५०

कामका लागि बाहिरिएका
४५७५०

सबभन्दा बढी जनसङ्ख्या
१५५३५१ (यादव)

अपाङ्गता भएका
६६६५

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८.०५

सरकारी विद्यालय
४३५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	४	४			
बालअधिकार			३०		३०
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			३८		३८
भेला/सङ्गठित हुने अधिकार	३	३			
जातीय विभेद			३	१	३
गिरफ्तारी/यातना	५	५			
कुटपिट	३	३		३	३
हत्या			३	३	५
जम्मा	१४	१४	६३	७	६९

सिरहा जिल्लामा सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटना गत वर्षको तुलनामा कमी आएको छ। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १५ पुरूषसहित १ सय ३७ जना पीडित भएकामा २०१५ मा ८३ जना पीडित भए। गत वर्ष हत्याका घटनाबाट पीडित १४ जना थिए भने यो वर्ष पाँच जना पीडित भए। यो वर्ष गिरफ्तारी र यातनाका घटनाबाट पाँच, राज्य पक्षको कुटपिटबाट तीन पीडित भए। गत वर्ष बालबालिकाविरूद्धका हिंसात्मक घटनामा २७ जना पीडित भएकामा यो वर्ष २० बालिका पीडित भए। महिला हिंसाविरूद्धका घटनामा पनि कमी आएको छ। गत वर्ष यस्ता घटनाबाट ६८ महिला पीडित भएका थिए भने सन् २०१५ मा ३८ महिला पीडित भए। सन् २०१४ मा जातीय विभेदका घटनाबाट १० जना पीडित भएका थिए भने सन् २०१५ मा तीन जना पीडित भए। यो वर्ष भेला हुने, सङ्गठित हुने अधिकारका घटनाबाट दुई जना पीडित भए भने अमानवीय व्यवहारका घटनाबाट एक जना पीडित भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलन केही सरकारी कार्यालयमा आगजनी तथा तोडफोड भयो। लहान नपास्थित प्रहरी बिट आगजनी र तोडफोड भयो। सार्वजनिक तथा निजी क्षेत्रका सवारी साधनमा आगजनी तथा तोडफोड भयो। मोर्चाका कार्यकर्ताले जिल्ला सदरमुकाम सिरहा र लहानस्थित केही सरकारी कार्यालयको बोर्ड हटाएर मधेस सरकार लेखे। यो वर्षको अन्त्यसम्म जिल्लामा सार्वजनिक तथा निजी क्षेत्रका सवारीहरू निर्बाध रूपमा सञ्चालन हुन सकेनन्।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर कैद तोकिएका १ सय ४१ र कैद नतोकिएका १ सय ७६ गरी ३ सय १७ जना बन्दी छन्। जसमा एक आश्रित बालिका छिन्। पिउने पानी

आर्सेनिकयुक्त छ भने शौचालय पर्याप्त छैन। सीपमूलक तालिमको व्यवस्था छैन। यो वर्ष रोगका कारण एक कैदीको मृत्यु भयो।

धम्की/कुटपिट

राज्यपक्षबाट

मोहनपुर कमलपुर गाविस-३ निवासी संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता ५० वर्षीय कृष्णबहादुर यादव, गाढा गाविस-३ निवासी ३५ वर्षीय दिनेश महतो, लहान नपा-२२ निवासी ४५ वर्षीय जिवछप्रसाद यादव, लहान नपा-१० निवासी ४० वर्षीय रामउदगार यादव र.सप्तरी जिल्ला, रायपुर गाविस-३ निवासी ३० वर्षीय दिनेशप्रसाद मेहतालाई २०७२ भदौ १३ गते पूर्व-पश्चिम राजमार्ग बन्द गराउँदै हिँड्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरी कार्यालयभित्र निर्घात कुटपिट गरेको पीडितहरूको आरोप थियो। कुटपिटबाट कृष्णबहादुर, दिनेश र जिवछप्रसाद गम्भीर घाइते भएका थिए। दिनेशको पिठ्युमा बुटको छाप र खुट्टामा लाठीको दाग थियो। यसैगरी बर्दीबासबाट मोटरसाइकलमा फर्किएका सप्तरी जिल्ला, रायपुर गाविस-२ का ३० वर्षीय दिनेशप्रसाद महतोलाई प्रहरीले मोटरसाइकल रोकेर कुटपिट गरेको थियो। उनको दाहिने हातको औँला फुटेको थियो। उनीहरूलाई बजारका पसल र सरकारी कार्यालय तोडफोड गरेको आरोपमा गिरफ्तार गरे पनि कुटपिट नगरेको लहानका डीएसपी उमाप्रसाद चतुर्वेदीले बताए। गिरफ्तार सबैलाई प्रहरीले सोही साँझ नेताहरूको रोहवरमा रिहा गरेको थियो। सिरहास्थित मानव अधिकार संरक्षण केन्द्र सञ्जालले घटनाको अनुगमन गरी दोषीलाई कारबाही गर्न विज्ञप्तिमार्फत माग गऱ्यो।

गैरराज्यपक्षबाट

लहान नपा-३ को अस्पताल चोकनजिक त्रियुगा नपा-२ निवासी सङ्घीय राज्य साप्ताहिकका प्रकाशक, नेपाल पत्रकार महासङ्घ उदयपुर शाखाका सदस्य तथा हिमालय टेलिभिजनका संवाददाता ३५ वर्षीय यमन दनुवारलाई संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका कार्यकर्ताले आन्दोलनका क्रममा भदौ २४ गते कुटपिटको प्रयास गरेको भन्दै नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिले भत्सर्ना गऱ्यो। मधेस आन्दोलनको समाचार नआएको भन्दै आन्दोलनकारीले पत्रकार दनुवारलाई दुर्व्यवहार गर्दै डायरी र कलम जलाइदिएका थिए। साथै उनी चढेको वा ९ प ४०३९ नं. को मोटरसाइकलसमेत जलाउने प्रयास गरेका थिए।

अमानवीय व्यवहार

गाढा गाविस-९ का ५० वर्षीय रामसुफल यादवलाई २०७२ भदौ २२ गते सोही ठाउँका ५० वर्षीय महावीर सहनी, ४५ वर्षीय जानकीदेवी सहनी, १६ वर्षीय राकेश सहनी, ३५ वर्षीय इन्दुदेवी सहनी र ४० वर्षीय ओमप्रकाश सहनीले कथित बोक्सोको आरोपमा अभक्ष खुवाएको भन्दै पीडितले प्रहरीमा भदौ २२ गते उजुरी दिइन। आरोपित ४० वर्षीय ओमप्रकाशको १४ वर्षीय छोरा सुन्दर सहनी बिरामी हुँदा रामसुफलसँग २०७२ साउनमा झारफुक गराएका थिए। सुन्दरको साउन २५ गते मृत्यु भएको थियो। त्यसपछि रामसुफलले नै बोक्सी लगाएर छोरालाई मारेको आरोप लगाउँदै आएका थिए। सोही क्रममा पीडितलाई आरोपितहरूले अभक्ष खुवाएको पीडितका दाजु बद्री यादवले बताए। उजुरी परेकै दिन गिरफ्तार महावीर, जानकीदेवी, राकेश र इन्दुदेवीमध्ये अदालतले असोज ११ गते राकेशलाई अभिभावकको जिम्मा लगाउने अरूलाई थुन्ने आदेश दियो। ओमप्रकाश भने फरार छन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

लहान नपा-१ का २० वर्षीय बद्री राम र वर्छवा गाविस-४ का ४५ वर्षीय रमेश यादव २०७२ भदौ २३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको आन्दोलनमा झडप हुँदा प्रहरीको गोली प्रहारबाट घाइते भए। रमेशको लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारक स्मारक अस्पतालमा र बद्रीको धरानस्थित बिपी प्रतिष्ठानमा उपचार भयो। प्रहरीले एस्कर्टिङ गरेर लैजाँदै गरेका सवारी साधन अवरूद्ध पार्न सडकमा रूख ढालेर अवरोध गर्दा झडप भएको थियो। त्यस क्रममा प्रहरीले ५० राउन्डभन्दा बढी हवाई फायर र ५० राउन्डभन्दा बढी अश्रुग्यास प्रहार गरेको थियो।

गोलबजार नपाका १६ वर्षीय आशीष साह र ३५ वर्षीय लक्ष्मण दास २०७२ भदौ २५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले गोलबजार नपाको दङ्गाग्रस्त क्षेत्रमा प्रदर्शन र कोणसभा गर्न खोज्दा भएको झडपका क्रममा प्रहरीको गोली प्रहारबाट घाइते भए। साहको हातमा छर्रा र दासको तिघ्रामा गोली लागेको थियो। इन्स्पेक्टर सन्तोष निरौलाका अनुसार प्रदर्शनकारीले दङ्गाग्रस्त क्षेत्रमा प्रदर्शन गर्न खोज्दा ढुङ्गामुढा गरेकाले घटना नियन्त्रणमा लिन प्रहरीले १० राउन्ड र सशस्त्र प्रहरीले दुई राउन्ड हवाई फायर तथा केही सेल अश्रुग्यास प्रहार गरेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ४ सय २७ र फौजदारी ४ सय ६४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ६५ र फौजदारी १५ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १२ प्रावि, ५३ निमावि , ३४ मावि र ३८ छन्। यस वर्ष ४ हजार १ सय २३ बालक र ३ हजार १ सय ६९ बालिका भर्ना भए। जिल्लामा १ हजार ७ सय ३६ शिक्षक दरबन्दी रहेकामा तीन मात्र रिक्त छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब १४ करोड ३६ लाख ३७ हजार ४ सय ८८ रूपियाँ छ भने प्रशासनिक खर्च ५१ लाख ७७ हजार ९ सय ६४ रूपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१३	१३
यौन दुर्व्यवहार	७	७
जम्मा	२०	२०

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालिका बलात्कार र यौन दुर्व्यवहारका घटनामा कमी आयो। यस्ता घटनाबाट सन् २०१४ मा २७ बालबालिका पीडित भएकामा सन् २०१५ मा २० बालिका पीडित भए। बलात्कारका १३ घटनामा ८ देखि १७ वर्ष उमेर समूहका बालिका पीडित भए। जसमा १८ देखि ७० वर्ष उमेर समूहका आरोपित संलग्न भए। तीमध्ये चार जना रिहा भए, चार फरार भए भने अन्य थुनामा छन्।

१२ वर्षीया बालिकालाई २०७२ जेठ २९ गते मिर्चैया नपा-७ का २७ वर्षीय राजकिशोर यादवले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा असार १ गते उजुरी दियो। उजुरीको भोलिपल्ट गिरफ्तार आरोपितलाई अदालतले असार २८ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १ गते भयो।

अपहरणपछि हत्या

सुखीपुर गाविस-६ का १४ वर्षीय श्रवण भण्डारीको २०७२ जेठ ११ गते सुखीपुर गाविस-६ का २७ वर्षीय दिनेश भनिने उमेश यादव, मोहनपुर कमलपुर गाविस-३ का ५५ वर्षीय बिन्देश्वर यादव र धनजीत यादव, सोही गाविस-१ का ३५ वर्षीय जितेन्द्र चौधरीले अपहरण गरी हत्या गरेको भन्दै पीडित पक्षले जेठ २२ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २२ गते गिरफ्तार गऱ्यो। त्यस्तै दुर्गापुर गाविस-४ का ५३ वर्षीय लक्ष्मी भण्डारी, मोहनपुर कमलपुर गाविस-३ का १९ वर्षीय रामचरण वाँतर र भारत दरभङ्गा घर भई सुखीपुर गाविस-१ बस्ने २० वर्षीय रामकृष्ण शर्मालाई जेठ २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। श्रवणको शव खेतमा गाडिएको अवस्थामा जेठ २२ गते प्रहरीले फेला पारेको थियो। पीडित पक्षले हत्यामा संलग्नता रहेको भन्दै स्थानीय दिनेश यादवको घरमा आगजनी गरेको थियो। आक्रोशित स्थानीयले बालकको शव दिनेशकै घरभित्र दाहसंस्कार गर्न चिहान बनाउन थालेपछि प्रहरीसँग झडप भएको थियो। अदालतले असार २३ गते आरोपितमध्ये जितेन्द्रलाई रिहा गर्ने आदेश दियो भने उमेश, बिन्देश्वर, धनजीत, लक्ष्मी, रामचरण र रामकृष्णलाई थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १ सय १ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ५५, खान/लाउन नदिएको सात, विवाह दर्ता तथा नागरिकता नबनाएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको सात उजुरी छन् भने सामान्य झगडाका २२ घटना दर्ता भए। तीमध्ये ७९ घटनामा प्रहरीले मिलापत्र गरायो। सात उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्ध हुने हिंसा तथा ज्यादतीका घटनामा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	६	६
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१८	१८
यौन दुर्व्यवहार	१	१
जम्मा	३८	३८

सामान्य कमी आयो। गत वर्ष यस्ता घटनाबाट ६८ महिला पीडित भएकामा सन् २०१५ मा ३८ जना पीडित भए। जसमध्ये १८ महिला घरेलु हिंसाबाट पीडित भए। तीमध्ये ६ बलात्कार, तीन बलात्कार प्रयास र एक यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। यो अवधिमा बेचविखनबाट एक, कथित बोक्सी आरोपबाट दुई र बहुविवाहका घटनाबाट सात महिला पीडित भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई २०७१ फागुन २५ गते सीतापुर गाविसका ६० वर्षीय बालेश्वर साहले घरमा कोही नभएका बेला बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा फागुन २९ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १९ गते भयो। फागुन २९ गते गिरफ्तार आरोपितलाई अदालतले २०७२ जेठ ४ गते ८ वर्ष कैद सजायको फैसला गऱ्यो।

कथित बोक्सीको आरोप

फुल्काहाकट्टी गाविस-९ की ४१ वर्षीया फूलकुमारीदेवी चौधरीलाई २०७१ जेठ २७ गते सोही ठाउँका ४१ वर्षीय रामचन्द्र चौधरी र ३१ वर्षीय राजकुमार चौधरीले कथित बोक्सीको आरोपमा कुटपिट एवम् दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जेठ २८ गते उजुरी दियो। पीडितका अनुसार फूलकुमारी कथित बोक्सी भएकाले राजकुमार चौधरीको पत्नी बिरामी पारेको भन्दै दुवै आरोपितले कुटपिट तथा दुर्व्यवहार गरेका थिए। जेठ २८ गते गिरफ्तार आरोपितहरूलाई अदालतले असार ८ गते जनही ५ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सबै प्रकारका जातीय विभेद

धनगढी गाविस-३ की ५५ वर्षीया प्रमिला मल्लिकलाई २०७२ साउन २० गते सोही ठाउँका ३२ वर्षीय जयकुमार महतो र ३५ वर्षीय पवन महतोले इनार छोएर अशुद्ध पारी पानी पिउन नदिएको भन्दै कुटपिट गरेको आरोपमा पीडितले प्रहरीमा असोज १३ गते उजुरी दिइन्। पीडितका अनुसार २००७ सालदेखि नै बसोबास गर्दै आएकामा हालसम्म पनि सार्वजनिक इनारबाट पानी भरेर खान नदिएको र पानी चाहिएमा गैरदलितलाई हारगुहार गर्नुपर्ने, साथै बाँसबाट बनेका सामग्री दिएमात्र उनीहरूले पिउने पानी दिने गरेका थिए। सरकारी अधिकारीको पहलमा इनारको पानी प्रयोग गरेपछि आरोपित पक्षले गाली, बेइज्जत र कुटपिट गरेका थिए। असोज २४ गते गिरफ्तार पवनलाई अदालतले कात्तिक १७ गते १५ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। जयकुमार फरार छन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्याकर्ताले बन्द अवज्ञा गरेको भन्दै विभिन्न १० सरकारी कार्यालय, दुई एम्बुलेन्स, राजनीतिक दलका दुई सांसदको घर र १० भन्दा बढी निजी सवारी साधन र भवनमा विभिन्न मितिमा तोडफोड तथा आगजनी गरी क्षति पुऱ्याए। एकीकृत माओवादी नेतृत्वको ३० दलीय मोर्चा र वैद्य नेतृत्वको नेकपा-माओवादीले संयुक्तरूपमा पत्रपत्रिका ढुवानी गर्ने सवारी साधन र पत्रिकामा आगजनी गरेका थिए। तीमध्ये प्रहरीले केही घटनामा संलग्नहरूलाई मात्र गिरफ्तार गरी कानुनी कारबाही चलायो। यस क्रममा दूध बोकेको सवारी र एउटा स्कुल बस पनि तोडफोड भएको थियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सीमाङ्कनको विरोधमा गरेको प्रदर्शनमा २०७२ भदौ २४ गते प्रहरीले बल प्रयोग गरेको भन्दै प्रदर्शनकारीले लहान नपास्थित जिल्ला ट्राफिक कार्यालयमा आगजानी गरी क्षति पुऱ्याए। प्रदर्शनकारीले कार्यालयको कागजात, मोटरसाइकललगायतका सामान कार्यालयबाहिर ल्याएर आगजनी गरेका थिए। आगजनी गर्ने समूह फरार रह्यो।

स्वास्थ्य सेवाको अवस्था

सिरहा जिल्लामा दुई अस्पताल र १ सय ३ स्वास्थ्य चौकी छन् भने एक उपस्वास्थ्य चौकी छ। चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। आठ डाक्टरको दरबन्दी रहेको जिल्ला अस्पतालमा दुई कार्यरत छन्। स्टाफ नर्सको आठ दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। अहेवको दरबन्दी ३ सय २५ रहेकामा २ सय १४ कार्यरत छन्। त्यस्तै अनमीको दरबन्दी २ सय २१ रहेकामा १ सय १८ कार्यरत छन्। हेल्थ असिस्टेन्ट दरबन्दी १ सय १० रहेकामा ५८ कार्यरत छन्। यस जिल्लामा एक जना पनि स्त्रीरोग विशेषज्ञ छैनन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड ९९ लाख ४६ हजार ६ सय रूपियाँ छ। जसमध्ये औषधि खर्चवापत ६ करोड १९ लाख ९० हजार रूपियाँ छ।

१.१३ उदयपुर



जम्मा जनसङ्ख्या
३१७५३२

महिला
१६७८२०

परिवार सङ्ख्या
६६५५७

खोलाको पानी पिउने परिवार
१४६८

शौचालय नभएका परिवार
३२१६१

कामका लागि बाहिरिएका
२२०६०

सबभन्दा बढी जनसङ्ख्या
६८३७२ (क्षेत्री)

अपाङ्गता भएका
७७८१

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५

सरकारी विद्यालय
४५७

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३९	१	३०
अमानवीय व्यवहार		१	१
अपहरण	१		१
महिलाअधिकार	१०९		१०९
जातीय विभेद	३	३	४
कुटपिट		३	३
हत्या	५	४	९
जम्मा	१४६	११	१५७

उदयपुरमा गत वर्षको तुलनामा सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटना वृद्धि भए। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६५ महिलासहित ७८ जना पीडित भएकामा यो वर्ष १ सय ४६ महिलासहित १ सय ५७ जना पीडित भए। सन् २०१४ मा राज्य पक्षबाट एक जना पीडित भएका थिए भने यो वर्ष कोही पनि पीडित भएनन्। गत वर्षको तुलनामा बालबालिकाविरूद्धका घटनामा वृद्धि भए। गत वर्ष १७ बालिका बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित भएकामा यो वर्ष एक बालकसहित ३० जना पीडित भए। महिलाविरूद्धका हिंसात्मक घटनाबाट गत वर्ष ४५ पीडित भएकामा यो वर्ष १ सय ५ जना पीडित भए। गत वर्ष तीन को हत्या भएकामा यो वर्ष पाँच महिलासहित नौ जनाको हत्या भयो। त्यसैगरी जातीय विभेदका घटनाबाट दुई महिलासहित चार जना पीडित भए। गत वर्ष जस्तै यो वर्ष पनि अपहरणबाट एक जना पीडित भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। तर ६६ कैद तोकिएका र ५५ कैद नतोकिएका गरी १ सय २१ जना बन्दी छन्। आश्रित बालक दुई र बालिका पाँच जना छन्। भवन जीर्ण हुँदा समस्या थपिएको छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

रामपुर ठोक्सिला गाविस-७ लालबजार निवासी सप्तेश्वर एम्बुलेन्स सञ्चालक समितिका पूर्वअध्यक्ष ५० वर्षीय भीमबहादुर खड्कालाई २०७२ साउन १७ गते सोही ठाउँका नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादी जिल्ला सदस्य २४ वर्षीय पूर्णबहादुर तामाङलगायत सात जनाको समूहले लालबजारमा मोसो दलेको भन्दै पीडितले प्रहरीमा साउन १८ गते उजुरी दिए। पार्टीलाई चन्दा नदिएपछि समितिले सञ्चालन गरेको एम्बुलेन्स खरिदमा भ्रष्टाचार भएको भन्दै आरोपित समूहले दुर्व्यवहार गरेको उजुरीमा

उल्लेख छ। साउन १७ गते गिरफ्तार आरोपितलाई जिल्ला प्रशासन कार्यालयले भदौ ६ गते ६ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

थरूहट/थारूवान संयुक्त मोर्चाले आह्वान गरेको आमहड्तालमा बन्द गराउँदै हिँडेका त्रियुगा नपा-२ गाईघाटका १४ वर्षीय सञ्जय चौधरी २०७२ असोज ५ गते प्रतिकार समूहले प्रहार गरेको ढुङ्गा लागी घाइते भए। उनको नाकको हड्डी भाँच्चिएको थियो। जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि असोज ५ गते नै धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थप उपचार भएको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उदयपुर जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ८८ र फौजदारी ३ सय २४ थान छन्। फैसला हुन बाँकी दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी तीन र फौजदारी दुई थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३८ प्रावि, १ सय १० निमावि र ७१ मावि छन्। यी विद्यालयमा यो वर्ष ३५ हजार ३ सय ८५ बालक र ३८ हजार ७ सय ८९ बालिका भर्ना भएका छन्। उदयपुरमा २ हजार १ सय ५४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। ११ हजार ५ सय ४० जनालाई ४७ लाख ९ हजार रूपियाँ छात्रवृत्ति रकम छुट्याइएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८९ करोड ७२ लाख ५ हजार ३ सय ४ रूपियाँ छ। प्रशासनिक खर्च उपलब्ध गराइएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	१		१
बालविवाह	१		१
बलात्कार	१४		१४
नवजात शिशुको हत्या	१		१
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	१३		१३
जम्मा	३९	१	३०

बेचबिखन तथा ओसारपसार

१३ वर्षीया बालिकालाई २०७१ फागुन ४ गते बेचविखनका लागि भारतको गोडियारी ब्रह्मपुर सुगापट्टी पुऱ्याएको भन्दै त्रियुगा नपा-२ गाईघाट बजारका २५ वर्षीय शिवशङ्कर साहविरूद्ध पीडित पक्षले प्रहरीमा फागुन १२ गते उजुरी दियो। चैत २२ गते गिरफ्तार साहलाई अदालतले २०७२ वैशाख १५ गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटना वृद्धि भयो। सन् २०१४ मा चार बालिकासहित १७ जना पीडित भएकामा यो वर्ष एक बालकसहित ३० जना पीडित भए। जसमध्ये १४ बालिका बलात्कार र १२ जना यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। बलात्कारबाट पीडित हुनेमा १ वर्षकी बालिका पनि छिन्। बलात्कार आरोपितमा ५० वर्षीय पुरूषसमेत रहे। एक बालिका सामूहिक बलात्कारबाट पीडित भए भने एक बालिकालाई बाबुले नै बलात्कार गरे।

१३ वर्षीया बालिकालाई २०७२ असार २७ गते त्रियुगा नपा-११ का २८ वर्षीय भरत विश्वकर्माले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा असार २९ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार २८ गते भयो। बाबुले धेरै नै गाली गरेपछि छिमेकीको शरणमा पुगेकी बालिकालाई आरोपितले धम्की दिएर रातभर बलात्कार गरेको उजुरीमा उल्लेख छ। घटनाको भोलिपल्ट गिरफ्तार भरतलाई अदालतले भदौ १४ गते ८ वर्ष कैद र पीडितलाई ५० हजार रूपियाँ तिर्नुपर्ने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला तथा बालबालिका सेवा केन्द्रमा घरेलु हिंसासम्बन्धी ४८ उजुरी परे। जसमध्ये ४० वटामा प्रहरीले मिलापत्र गरायो भने दुई वटा कानुनी प्रक्रियामा छन्। त्यसैगरी कुटपिट, सामान्य झगडा, गालिगलौजसम्बन्धी १३ उजुरी परेकोमा ११ ओटा मिलापत्र भयो भने दुई ओटा प्रक्रियामा छन्।

गत वर्षको तुलनामा यस वर्ष महिलाविरूद्धका घटना दोब्बर बढे। सन् २०१४ मा यस्ता घटनाबाट

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	१३	१३
बलात्कारको प्रयास	६	६
बहुविवाह	६	६
घरेलु हिंसा	८३	८३
जम्मा	१०९	१०९

४९ महिला पीडित भएकामा यो वर्ष १ सय ९ जना पीडित भए। जसमध्ये ८२ महिला घरेलु हिंसाबाट पीडित भए। त्यस्तै १३ बलात्कार, ६ बलात्कार प्रयास घटनाबाट पीडित भए। त्यस्तै दुई जनालाई कथित बोक्सीको आरोप लगाइयो भने बहुविवाहबाट ६ महिला पीडित भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ जेठ २३ गते जोगिदह गाविस-६ हाविटोलका १० वर्षीय दिनेशप्रसाद चौधरीले घरबाट मल बोकेर खेतमा काम गर्न गएका बेला मकैबारीमा बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ २४ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २३ गते भयो। बालकलाई अदालतले असार १५ गते थुन्ने आदेश दियो।

बलात्कारपछि हत्या

रामपुर ठोक्सिला–८ घुम्नेकी ३८ वर्षीया वाक्यविहीन कृष्णकुमारी कटुवाललाई २०७२ पुस १२ गते जङ्गलमा दाउरा काट्न गएका बेला बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले झापा तोपगाछी-७ का ३९ वर्षीय सरोज मगरविरूद्ध प्रहरीमा पुस १३ गते उजुरी दियो। अविवाहित कटुवाल र ती महिला एकापसमा प्रेममा थिए। जङ्गलमा यौन सम्पर्क गरेको अरूले देखेपछि कृष्णकुमारीले आफूलाई विहे गर्न आलेमगरलाई दबाब दिएकी थिइन्। यसपछि उनले आवेशमा आइ ढुङ्गाले किच्चाएर हत्या गरेको डीएसपी सुरेन्द्र गुरूङले बताए। आरोपित पुस १३ गते नै गिरफ्तार भए। मुद्दा चलिरहेको छ।

शरीरबन्धक एवम् यौनशोषण

खोटाङ जिल्ला याम्खा गाविस-८ घर भई अध्ययनको सिलसिलामा त्रियुगा नपा-२ गाईघाट बस्ने २३ वर्षीया महिलालाई २०७२ साउन १९ गतेदेखि भदौ १९ गतेसम्म मोरङ जिल्ला, इटहरा गाविस-८ का ३० वर्षीय हरि पौडेलले बन्धक बनाइ यौन शोषण गरेको भन्दै पीडितले प्रहरीमा भदौ २३ गते उजुरी दिइन्। त्रियुगा नगरपालिका-२ गाईघाट बजारबाट बेपत्ता भएकी पीडितलाई आरोपितले सिरहाको लाहान बजारमा चिया पिउने क्रममा औषधि मिसाएर बेहोस बनाइ म्याग्दी जिल्लाको बेनी बजारको एक घरमा बन्धक बनाइ यौन शोषण गरेको उजुरीमा उल्लेख छ। आरोपित घुम्न गएको समयमा आफू भागेर प्रहरी कार्यालय म्याग्दी पुगेको पीडितले बताइन्। भदौ १९ गते म्याग्दीमा गिरफ्तार आरोपितलाई अड्डासार गर्दै उदयपुर पठाइएकामा अदालतले असोज १४ गते थुन्ने आदेश दियो।

परिवारजनबाट हत्या

आँपटार गाविस-१ बाँसबोटेकी चार महिने बालिका सुम्निमा राईलाई २०७२ असोज ९ गते राति आमा २७ वर्षीया पार्वती राईले धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै प्रहरीमा पीडितका बुबा प्रेमकुमार राईले असोज ११ गते उजुरी दिए। पार्वतीलाई अदालतले मङ्सिर २० गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

उचित वातावरणमा काम गर्न पाउने अधिकार

त्रियुगा साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष त्रियुगा नपा-१७ रातमाटे निवासी ५६ वर्षीय शङ्करकुमार बस्नेतलाई २०७२ जेठ २५ गते नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीका जिल्ला सदस्य त्रियुगा नपा-१५ साहिखोला निवासी ३५ वर्षीय अमृत खत्रीलगायतको समूहले त्रियुगा नपा-१ बोक्सेस्थित समितिको कार्यालयमा लछारपछार गर्दै जलाउने प्रयास गरेको आरोपमा प्रहरीले प्रहरी भदौ ६ गते गिरफ्तार गऱ्यो। पार्टीलाई चन्दा नदिएपछि समितिभित्र भ्रष्टाचार भएको भन्दै खत्रीको समूहले आक्रमण गरेको थियो। पीडितले प्रतिकार गर्दा मोबिल छर्किएर सो समूह फरार भएकामा आरोपितलाई अदालतले भदौ २८ गते २५ हजार रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

उदयपुरमा दुई अस्पताल, ४४ स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र एक छन्। १६ डक्टरको दरबन्दी रहेकामा नौ कार्यरत छन्। स्टाफ नर्सको १३ दरबन्दीमध्ये ११, अहेवको ९२ दरबन्दीमध्ये ७८, अनमीको ८९ दरबन्दीमध्ये ६६, हेल्थ असिस्टेन्टको ५१ दरबन्दीमध्ये २३ जना कार्यरत छन्। यस जिल्लामा स्त्रीरोग विशेषज्ञ एक जना छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड ८९ लाख १८ हजार ६ सय ७४ रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च ६ करोड २३ लाख २५ हजार ६ सय ७४ रूपियाँ छ भने र औषधि खर्चवापत २६ लाख रूपियाँ छ।

१.१४ खोटाङ



जम्मा जनसङ्ख्या
२०६३१२

महिला
१०५२२०

परिवार सङ्ख्या
४२६६४

खोलाको पानी पिउने परिवार
६६६

शौचालय नभएका परिवार
१५६३०

कामका लागि बाहिरिएका
१७६६२

सबभन्दा बढी जनसङ्ख्या
७५५३० (राई)

अपाङ्गता भएका
११५८

५ वर्षमाथिको साक्षरता प्रतिशत
८७.२

सरकारी विद्यालय
५०१

प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१०	१	११
महिलाअधिकार			३९		३९
गिरफ्तारी/यातना	१	१			
हत्या			३	१	४
जम्मा	१	१	४३	३	४४

खोटाङमा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा १ सय १६ महिलासहित १ सय ३० जना पीडित भएकामा सन् २०१५ मा ४२ महिलासहित ४५ जना पीडित भए। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन घटनामा राज्यपक्षबाट सात जना पीडित भएकामा यो वर्ष एक जना पीडित भए। गत वर्ष हत्याका घटनाबाट १० जना पीडित भएकामा यो वर्ष चार जना पीडित भए। बालबालिकाविरूद्धका घटनामा पनि कमी आएको छ। गत वर्ष २० बालबालिका बलात्कार तथा हिंसाका घटनाबाट पीडित भएकामा यो वर्ष ११ जना पीडित भए। महिलाविरूद्धका हिंसात्मक घटनाबाट गत वर्ष ८७ जना पीडित भएकामा यो वर्ष २५ जना पीडित भए। गत वर्ष जातीय विभेदका घटनाबाट पाँच जना पीडित भएकामा यस वर्ष भएनन्।

धम्की/कुटपिट

राज्यपक्षबाट

याम्खा गाविस-२ का ३६ वर्षीय खगेन्द्र बिष्टलाई २०७२ वैशाख १८ गते राति याम्खा प्रहरी चौकीका प्रहरी प्रकाश राईले मादक पदार्थ सेवन गरी पैसा चोरी गरेको आरोपमा यातना दिएको भन्दै पीडितले राष्ट्रिय मानव अधिकार आयोगको उपक्षेत्रीय कार्यालय दिक्तेलमा वैशाख २१ गते उजुरी दिए। आयोगको निर्देशनमा प्रहरीले पीडितको घाउ जाँच केस फारम गरी वैशाख २१ गते जिल्ला अस्पताल दिक्तेलमा पेश गरेको थियो। जिल्ला प्रशासन कार्यालयको आदेशमा आरोपित जेठ ४ गते २८ हजार रूपियाँ धरौटी बुझाएर तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ९९ जनाको छ। तर ३३ कैद तोकिएका र ६६ कैद नतोकिएका गरी ९९ जना नै बन्दी छन्। कारागार भवन राम्रो छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

खोटाङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४७ र फौजदारी १ सय ४१ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ११ प्रावि, ८६ निमावि, ५९ मावि र ३१ उच्च मावि छन्। यो वर्ष २८ हजार ४ सय ३ बालक र ३० हजार ८ सय २२ बालिका भर्ना भएका छन्। खोटाङमा २ हजार १ सय ५७ शिक्षक दरबन्दी रहेकामा २ हजार १ सय २ जना कार्यरत छन्। ४ सय ८७ अपाङ्गमैत्री विद्यालय छन्। ७ हजार ६ सय ७० जनालाई छात्रवृत्ति दिन ३० लाख ३७ हजार ९ सय २२ रूपियाँ छुट्याइएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८६ करोड ४३ लाख १० हजार १ सय ५३ रूपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरूष	जम्मा
बलात्कार	६		६
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	४		४
जम्मा	१०	१	११

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा कमी आए। सन् २०१४ मा बालकसहित २० जना पीडित भएकामा यो वर्ष एक बालकसहित ११ जना पीडित भए। ६ बालिका बलात्कार र चार जना यौन दुर्व्यवहारबाट पीडित भए। एक बालक शिक्षकबाट पीडित भए। बलात्कृत हुनेमा पाँच वर्षकी बालिका पनि रहिन्।

१४ वर्षीया बालिकालाई २०७१ माघ २६ गते बुइपा गाविस-२ का १८ वर्षीय उदेश राईले विवाह भोजमा सघाउन गएका बेला जबर्जस्ती तानेर झाडीमा लगी बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा माघ २७ गते उजुरी दिए। भोलिपल्ट गिरफ्तार आरोपितलाई अदालतले फागुन २५ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २८ गते भयो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै २३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये खान/लाउन नदिएको १३,

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	४	४
बलात्कारको प्रयास	३	३
बहुविवाह	३	३
घरेलु हिंसा	१६	१६
यौन दुर्व्यवहार	१	१
जम्मा	३९	३९

अर्की श्रीमती ल्याएर हेला गरेको चार र सामान्य झगडाका ६ घटना दर्ता भए। सबै उजुरीमा प्रहरीले मिलापत्र गरायो।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका घटनामा निकै कमी आयो। सन् २०१४ मा ८७ महिला यस्ता घटनाबाट पीडित बनेकामा यो वर्ष २९ जना पीडित भए। जसमध्ये १७ घरेलु हिंसा, चार बलात्कार, तीन बलात्कार प्रयास र एक यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। एक जनालाई कथित बोक्सी आरोप लगाइयो भने बहुविवाहबाट तीन महिला पीडित भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ असार ६ गते बाक्सिला गाविस-५ का ६१ वर्षीय लाखमान तामाङले बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा असार ६ गते उजुरी दिइन्। पीडितलाई महिला तथा बालबालिका कार्यालयले असार ९ गते १० हजार रूपियाँ सहयोग उपलब्ध गरायो। असार ७ गते गिरफ्तार आरोपितलाई अदालतले साउन ८ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार ७ गते भयो।

स्वास्थ्य सेवाको अवस्था

खोटाङ जिल्लामा एक अस्पताल, ७१ स्वास्थ्य चौकी र दुई उपस्वास्थ्य चौकी छन्। पाँच डाक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये तीन, अहेवको १ सय ५४ दरबन्दीमध्ये १ सय २१, अनमीको १ सय ५४ दरबन्दीमध्ये ८७ र हेल्थ असिस्टेन्टको ७६ दरबन्दीमध्ये नौ जना कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञ छैनन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड ४७ लाख ४४ हजार रूपियाँ छ। जसमध्ये प्रशासनिक खर्च बताइएन भने र औषधि खर्चवापत ३० लाख रूपियाँ छ।

१.१५ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या
१४७५८४

महिला
७५२५७

परिवार सङ्ख्या
३२५०२

खोलाको पानी पिउने परिवार
६४१

शौचालय नभएका परिवार
५४५५

कामका लागि बाहिरिएका
१०५५२

सबभन्दा बढी जनसङ्ख्या
३३७८२ (क्षेत्री)

अपाङ्गता भएका
३४५०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६४.४२

सरकारी विद्यालय
३३०

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६	२	८
महिलाअधिकार	१९		१९
हत्या	१	१	२
जम्मा	२६	३	२९

ओखलढुङ्गा जिल्लामा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनबाट तीन पुरूषसहित ३२ जना पीडित भएकामा यो वर्ष २६ महिला सहित २५ जना पीडित भए। गत वर्ष बालबालिकाविरूद्धका हिंसात्मक घटनाबाट दुई जना पीडित भएकामा यो वर्ष आठ जना पीडित भए। एक नवजात शिशुको आमाबाटै हत्या भयो। दुई जना शिक्षकबाट पीडित भए। महिलाविरूद्धका घटनामा गत वर्ष २० जना पीडित भएकामा यस वर्ष १५ जना पीडित भए।

कारागार र बन्दी

'ङ' श्रेणीको यहाँको कारागारको क्षमता २५ जनाको छ। तर कैद तोकिएका ४१ जना र कैद नतोकिएका ९ गरी ५० जना बन्दी छन्। कारागार भवन २०७२ वैशाखको भूकम्पमा भत्किएर क्षतिग्रस्त बनेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३२ र फौजदारी ५२ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३९ प्रावि, ५० निमावि, ५० मावि र २४ उच्च मावि छन्। यी विद्यालयमा २० हजार ७ सय ६१ बालक र २२ हजार ४ सय ५९ जना बालिका गरी ४३ हजार २ सय २० बालबालिका भर्ना भएका छन्। यस जिल्लामा १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको बजेट ६७ करोड २९ लाख ३७ हजार रूपियाँ छ। ४ हजार ५ सय ६१ जना बालबालिकाले १५ लाख ९६ हजार ३ सय ७८ रूपियाँ छात्रवृत्ति रकम पाए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरूद्धका घटनामा वृद्धि भयो। सन् २०१४ मा यस्ता घटनाबाट दुई बालिका पीडित भएकामा यो वर्ष आठ बालबालिका पीडित भए। बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट पाँच बालिका पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	३		३
नवजात शिशुको हत्या		१	१
विद्यालयमा शारीरिक सजाय	१	१	३
यौन दुर्व्यवहार	३		३
जम्मा	६	३	८

१४ वर्षीया बालिकालाई २०७२ भदौ ३० गते सिद्धिचरण नपा-१ का २५ वर्षीय पासाङनुरी शेर्पाले घाँस काट्न गएका बेला बलात्कार प्रयास गरेको भन्दै पीडितले असोज १ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असोज १ गते भयो। असोज ५ गते गिरफ्तार शेर्पालाई अदालतले २०७२ मङ्सिर २ गते ३ वर्ष कैद फैसला गऱ्यो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ७५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको दुई, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको ६ उजुरी छन् भने सामान्य झगडाका ३९ घटना दर्ता भए। तीमध्ये ७१ घटनामा प्रहरीले मिलापत्र गरायो भने पाँच उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	१	१
बलात्कारको प्रयास	४	४
बहुविवाह	३	३
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१०	१०
जम्मा	१९	१९

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरूद्धका हिंसा तथा ज्यादतीका घटनामा कमी आयो। गत वर्ष यस्ता घटनाबाट २० महिला पीडित भएकामा यो वर्ष १९ जना पीडित भए। जसमध्ये १० घरेलु हिंसा, एक सामूहिक बलात्कार, चार बलात्कार प्रयास, एक बेचविखन, एक कथित बोक्सी आरोप र दुई जना बहुविवाहका घटनाबाट पीडित भए। ६५ वर्षीया एक महिलाको परिवारबाटै हत्या भयो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ भदौ ५ गते सोलुखुम्बु जिल्ला वाक्सा गाविस घर भई ओखलढुङ्गामा सवारी चालकको काम गर्ने १९ वर्षीय कैलाश सार्कीले थर ढाँटेर विवाह गर्छु भन्दै फकाएर बलात्कार गरेको आरोपमा पीडितले भदौ ७ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ ६ गते भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले मङ्सिर २० गते ६ वर्ष कैद र १ लाख रूपियाँ जरिवानाको फैसला गऱ्यो।

परिवारजनबाट हत्या

विलन्दु गाविस-६ का ६५ वर्षीया देउमाया बराललाई २०७१ माघ ११ गते छोरा ३४ वर्षीय बमबहादुर बरालले घरायसी विवाद हुँदा खुकुरी प्रहार गरी आगोमा जलाएर हत्या गरेको भन्दै स्थानीयबासीले सोही दिन प्रहरीमा उजुरी दिए। माघ १२ गते खुकुरीसहित गिरफ्तार बमबहादुरलाई अदालतले २०७२ भदौ १३ गते जन्म कैदको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

ओखलढुङ्गामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र ५४ स्वास्थ्य चौकी छन्। चार डाक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। स्टाफ नर्सको सात दरबन्दी रहेकामा पाँच कार्यरत छन।

त्यस्तै अनमीको दरबन्दी १ सय १४ रहेकामा ८७ कार्यरत छन्। त्यसैगरी हेल्थ असिस्टेन्ट ५८ दरबन्दी रहेकामा २१ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको बजेट १५ करोड १७ लाख २३ हजार ६ सय रूपियाँ रहेकामा कार्यक्रम खर्च ६ करोड ४१ लाख ८० हजार ६ सय रूपियाँ छ।

१.१६ सोलखुम्बु



जम्मा जनसङ्ख्या
१०५८८६

महिला
५४६८६

परिवार सङ्ख्या
२३७८५

खोलाको पानी पिउने परिवार
४१५

शौचालय नभएका परिवार
५८४२

कामका लागि बाहिरिएका
५६१७

सबभन्दा बढी जनसङ्ख्या
२०७६७ (राई)

अपाङ्गता भएका
२६०५

५ वर्षमाथिको साक्षरता प्रतिशत
६७.५४

सरकारी विद्यालय
२७५

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१		१
महिलाअधिकार	७५		७५
हत्या	१	३	४
जम्मा	७७	३	८०

सोलुखुम्बु जिल्लामा अघिल्लो वर्षको तुलनामा सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा सुधार आयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा तीन पुरूषसहित १ सय १५ जना पीडित भएका थिए भने सन् २०१५ मा ७७ जना महिला सहित ८० जना पीडित भए। गत वर्ष १० बालबालिका पीडित भएकामा यो वर्ष एक बालिका पीडित भइन्। महिलाविरूद्धका घटनामा पनि गत वर्षको तुलनामा कमी आयो। गत वर्ष यस्ता घटनाबाट १ सय २ महिला पीडित भएकामा २०१५ मा ७५ जना पीडित भए। यो अवधिमा हत्याको घटनाबाट चार जना पीडित भए। जसमा एक महिलाको परिवारबाटै हत्या भएको उजुरी पऱ्यो।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ६९ कैद तोकिएका र १३ कैद नतोकिएका गरी ८२ जना बन्दी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ६५ प्रावि, ६० निमावि, २३ मावि र १८ उमावि छन्। यी विद्यालयमा १३ हजार ८ सय ३५ बालक र १५ हजार ९८ बालिका गरी २८ हजार ९ सय ३३ जना छन्। यस जिल्लामा १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको बजेट ५३ करोड ६३ लाख २७ हजार ६ सय १६ रूपियाँ छ। प्रशासनिक खर्च ७७ लाख ४३ हजार ३ सय रूपियाँ छ। ३ लाख १६ हजार ९ सय ६ रूपियाँ बालक र ५ लाख ५५ हजार २ सय रूपियाँ बालिकालाई छात्रवृत्तिबापत वितरण भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
यौन दुर्व्यवहार	१	१
जम्मा	१	१

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

सोलुखुम्बुमा सन् २०१४ मा बालबालिकाविरूद्धका हिंसात्मक घटनाबाट १० बालिका पीडित भएका थिए। सन् २०१५ मा एक बालिका यौन दुर्व्यवहार घटनाबाट पीडित भइन्। यौन दुर्व्यवहारको एक घटनाका आरोपितलाई अदालतले पाँच वर्ष कैद फैसला तोक्यो।

सात वर्षीया एक बालिकालाई २०७१ चैत २१ गते लोखिम गाविस-४ का १७ वर्षीय अमृतकाजी राईले गाई चराउने क्रममा ललाइफकाइ घरनजिकैको जङ्गलमा लगेर बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा चैत २२ गते उजुरी दियो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले २०७२ जेठ १९ गते पाँच वर्ष कैदको फैसला गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २५ गते भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बहुविवाह	१	१
घरेलु हिंसा	७४	७४
जम्मा	७५	७५

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सोलुखुम्बु जिल्लामा सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ९२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका चार, खान/लाउन नदिएका दुई र कुटपिट गरिएका ७२ उजुरी छन्। जसमध्ये सामान्य झगडाका १३ घटना दर्ता भए। तीमध्ये ८६ घटनामा प्रहरीले मिलापत्र गरायो भने पाँच उजुरीबारे कानुनी प्रक्रिया अघि बढेको छ।

गत वर्षको तुलनामा महिलाविरूद्ध हिंसा तथा ज्यादतीका घटनामा यो वर्ष कमी आयो। सन् २०१४ मा यस्ता घटनाबाट १ सय २ महिला पीडित भएका थिए भने सन् २०१५ मा ७५ महिला पीडित भएका छन्। घरेलु हिंसाका घटनामध्ये एक बहुविवाहको बाहेक अरू सबै प्रहरीले मिलापत्र गरियो। बहुविवाहका आरोपित फरार रहे।

परिवारजनबाट हत्या

लोडिङ तामाखानी गाविस-३ की ४८ वर्षीया मिङ्मार डोमा तामाङको २०७२ वैशाख १५ गते छोरा २१ वर्षीय दोर्जी तामाङ पक्षले टाउकोमा दाउरा प्रहार गर्दा मृत्यु भएको भन्दै पीडितले प्रहरीमा वैशाख १६ गते उजुरी दिए। उजुरीको भोलिपल्ट गिरफ्तार आरोपितलाई अदालतले जेठ ४ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बु जिल्लामा एक अस्पताल र ३२ स्वास्थ्य चौकी छन्। तीन डाक्टरको दरबन्दी रहेको यस अस्पतालमा एक जनामात्र कार्यरत छन्। स्टाफ नर्सको चार दरबन्दी रहेकामा चार जनै कार्यरत छन्। अहेवको दरबन्दी दुई रहेकामा दुई जना नै कार्यरत छन्। त्यस्तै अनमी दरबन्दी दुई रहेकामा दुई जना कार्यरत छन्। हेल्थ असिस्टेन्ट दरबन्दी दुई रहेकामा दुई जना कार्यरत छन्। यस जिल्लामा स्त्रीरोग विशेषज्ञ एक जना छन्। जिल्लाको स्वास्थ्य बजेट ७ करोड रूपियाँ छ।



मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जम्मा जनसङ्ख्या
७५४७७७

महिला
३७६२३५

परिवार सङ्ख्या
१३८२४५

खोलाको पानी पिउने परिवार
२१५

शौचालय नभएका परिवार
८५६५२

कामका लागि बाहिरिएका
६०४००

सबभन्दा बढी जनसङ्ख्या
१३२००७ (यादव)

अपाङ्गता भएका
८४१२

५ वर्षमाथिको साक्षरता प्रतिशत
५०.४४

सरकारी विद्यालय
३६६

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३९	३९	२	३५	३७
बालअधिकार				१०		१०
अपहरण				१		१
महिलाअधिकार				८१		८१
भेला/सङ्गठित हुने अधिकार	११	१६३	१८५			
कुटपिट		१७	१७		१०	१०
हत्या		३	३	४	७	११
जम्मा	११	१११	१४४	९८	४२	१४०

धनुषाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घनका घटनामा ६३ महिलासहित ५१ जना पीडित भएका थिए भने सन् २०१५ मा १ सय २० महिलासहित ४ सय २४ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा २२ महिलासहित २ सय ४४ जना पीडित भए। जसमध्ये तीन जनाको प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भयो। मृत्यु हुनेमा १३ वर्षीय बालकसमेत रहे। यसवर्ष सुरक्षाकर्मीको कुटपिटबाट १७ जना घाइते भए। यसैगरी २२ महिलासहित १ सय ८५ जना अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट पीडित भए। यसवर्ष एक जनाको अज्ञात समूहको गोली प्रहारबाट मृत्यु भयो भने एक जनाको एमाले कार्यकर्ताको कुटपिटबाट मृत्यु भयो। गैर राज्यपक्षबाट एक जना बालिका अपहरणमा परिन् भने १० जना कुटपिटबाट घाइते भए।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए भने महिला यौनिक तथा घरेलु हिंसा, कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार र बहुविवाहबाट पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष आठ महिलाको हत्या भएको थियो भने यो वर्ष चार महिलासहित ११ जनाको हत्या भयो। जसमध्ये तीन महिला परिवारजनबाट हत्या भयो भने एक महिलाको बलात्कारपछि हत्या गरिएको पाइयो। बालअधिकार उल्लङ्घनका १० ओटा घटनामा आठ बालिका बलात्कारका घटनाबाट पीडित भएभने दुई जना यौन दुर्व्यवहारबाट पीडित भए।

मधेसी मोर्चाले आह्वान गरेको बन्दका कारण २०७२ साउन ३० गतेदेखि मङ्सिर ३ गतेसम्म जिल्लाका शैक्षिक संस्थामा पठनपाठन भएन। स्वास्थ्य संस्था सञ्चालन भए पनि बन्दका कारण जिल्लामा औषधीको अभाव कायमै रह्यो। मोर्चाका कार्यकर्ताले अस्पतालमा बिरामी पुऱ्याई फर्किएको एक एम्बुलेन्स तोडफोड गरे भने बन्द अवज्ञा गरेको भन्दै तीन ओटा ट्रक र एक मोटरसाइकलमा आगजनी र ट्याक्टर तथा यात्रुवाहक बस तोडफोड गरेको पाइयो। जनकपुरबाट लामो दूरीका सवारी साधन सञ्चालन हुन सकेनन्। मोर्चाका कार्यकर्ताले पर्यटन, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा आगजनी गरे भने शिक्षा र घरेलु कार्यालय तोडफोड भएको इन्सेकले अभिलेख गऱ्यो। मोर्चाका कार्यकर्ताले नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा आगजनी गर्दा दुई कोठासहित कोठामा रहेका कागजात र कम्प्युटर जलेर पूर्ण क्षति भयो। अदालतमा थुनछेक हुने बाहेक अन्य कुनै पनि मुद्दामा फैसला भएको पाइएन। बन्दका कारण कृषि विकास, नापी, मातपोत, शिक्षा, आन्तरिक राजश्व कार्यालय लगायत सरकारी कार्यालयका काम पूर्ण प्रभावित भए। मालपोत कार्यालयमा जग्गा पासको काम भएन भने राजश्व कार्यालयमा राजश्व सङ्कलन हुन सकेन। वित्तीय संस्थाहरू समेत बन्द भए। जिल्लाका सात प्रहरी कार्यालयमा मोर्चाका कार्यकर्ताले गरेको आगजनीबाट सामान्य क्षति भयो। असुरक्षाका कारण जिल्लाका १३ प्रहरी कार्यालयहरू जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा गाभिएकोमा हाल सबै प्रहरी कार्यालय पुर्नस्थापित भए। मोर्चाका कार्यकर्ताले जनकपुरस्थित रमानन्द चोक र पिडारी चोकमा रहेका दुई प्रहरी विटमा आगजनी गरे। सुरक्षाकर्मीले औषधी व्यवसायी, अधिकारकर्मी तथा सञ्चारकर्मी, बालबालिका, बृद्ध तथा सर्वसाधारणको घरमा पसेर कुटपिट गरेको इन्सेकले अभिलेख गऱ्यो।

रामजानकी विवाह उत्सवमा सहभागी हुन जनकपुर पुगेकी राष्ट्रपति विद्यादेवी भण्डारीको कारकेडमा मधेसी मोर्चाका कार्यकर्ताले अवरोध प्रयास गरे भने मन्दिर परिसर अशुद्ध भएको भन्दै सुनपानी छर्किएर मन्दिर चोख्याएको घटना सार्वजनिक भयो।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यपक्षबाट

जनकपुर उमनपा-२६ का १८ वर्षीय नितु यादव र क्षिरेश्वरनाथ नपा-५ का ४० वर्षीय सञ्जयकुमार चौधरीको २०७२ भदौ २५ गते स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु उल्लङ्घन गर्दै विरोध प्रर्दशन गरिरहेका बेला जनकपुर उमनपा-१ स्थित मिल्स एरियामा प्रहरीले चलाएको गोली लागेर मृत्यु भयो। यादवको घटनास्थलमा र चौधरीको उपचारको क्रममा जनकपुर अञ्चल अस्पतालमा मृत्यु भएको थियो। यादवको नाकको छेउमा गोली लागेर टाउको पछाडि भागबाट निस्किएको थियो। चौधरीको पिठ्यूँमा गोली लागी दाहिने छाती भएर निस्केको थियो। दुवै शवको भदौ २७ गते पोष्टमार्टम गरी भदौ २९ गते सामूहिक सद्गत गरिएको थियो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्। मधेसी मोर्चाले 'चलु जनकपुर भरू जनकपुर' कार्यक्रम राखी





कफ्र्यु उल्लङ्घन गर्दै विरोध प्रर्दशन गरिरहेका बेला प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका दिलीपकुमार यादव, नितु यादव र सञ्जयकुमार चौधरी

जनकपुरमा प्रदर्शन गर्ने सूचना प्रवाह गरेपछि स्थानीय प्रशासनले भदौ २५ गते बिहान शान्ति सुरक्षा कायम राख्न जनकपुर नगर क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको थियो।

सिनुरजोडा गाविस-२६ का १३ वर्षीय दिलिपकुमार यादवको २०७२ भदौ २५ गते जनकपुर पिराडी चोकदेखि उत्तर विश्वकर्मा मन्दिरनजिक पोखरीको डिलमा प्रहरीले चलाएको गोली लागी घटनास्थलमा मृत्यु भयो। जनकपुर अञ्चल अस्पतालमा शवको भदौ २७ गते पोष्टमार्टम गरिएपछि परिवारजनले भदौ २९ गते सद्गत गरे। पीडित परिवारले यस वर्षको अन्त्यसम्म कहीँ उजुरी दिएन। स्थानीय प्रशासनले भदौ २५ गते बिहानदेखि कर्फ्यु जारी गरेपछि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले कर्फ्यु क्षेत्रमा प्रवेश गरी प्रदर्शन गर्दा प्रहरीले चलाएको गोली लागी यादवको मृत्यु भएको एसपी गणेशबहादुर थापाले प्रतिक्रिया दिए। संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले 'चलु जनकपुर भरू जनकपुर' कार्यक्रममा सहभागी हुन आएका यादव घर फर्किने क्रममा गस्तीमा रहेका प्रहरीले गोली प्रहार गरी हत्या गरेको मधेसी मोर्चाले जनायो।

गोली/विस्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

जनकपुर उमनपा-२६ निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता २३ वर्षीय जितकुमार साह र महोत्तरी, पोखरभिन्डाका २२ वर्षीय सुजित साह २०७२ भदौ १५ गते भानु चोक र रेल्वे स्टेशनको बीचमा प्रहरीले प्रहार गरेको रबरको गोली लागी घाइते भए। जितकुमारको छाती र सुजितको गर्धनमा गोली लागेको थियो। घाइते सुजितको धरानमा उपचार भयो भने जीतकुमारको जनकपुर अञ्चल अस्पतलामा उपचार भयो। प्रदर्शनकारी र प्रहरीबीच भानु चोकमा भएको दोहोरो झडपमा जनकपुर उपमनप-४ निवासी सद्भावना पार्टीका कार्यकर्ता ५० वर्षीया विभा ठाकुर, सोही उमनपा-११ का २८ वर्षीय राजु कुमार गुप्ता, असलम राइन, २२ वर्षीय रामनारायण यादव, सोही उमनपा-५ का पंकज साह, सोही उमनपा-२ का गणेश साह, सोही ठाउँका अविनाश साह, सोही उमनपा-४ की पुष्पा मिश्रा, दुखरण यादव घाइते भए। घाइते सबैको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

प्रहरीसँग भएको झडपमा परी घाइते भएका गणेश यादव

जनकपुर उमनपा-७ का २५ वर्षीय रिसिकेश नायक, महोत्तरी लोहारपट्टी गाविस-३ का २५ वर्षीय विजय साह, जनकपुर उमनपा-१ का २५ वर्षीय सुरज साह, सोही ठाउँका २६ वर्षीय सन्तोष सुनार, १८ वर्षीय हविब साफी, १८ वर्षीय रवि कुमार साह, सोही उमनपा-७ का १५ वर्षीय चन्दन साह स्थानीय प्रशासनले लगाएको निषेधित क्षेत्रमा प्रवेश गरेको भन्दै २०७२ भदौ १६ गते प्रहरीले प्रहार गरेको अश्रु ग्यास र रबरको गोली लागी घाइते भए। घाइते सबैको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। स्वायत्त मधेस प्रदेशको माग गर्दै जनकपुरमा जारी आन्दोलन अनियन्त्रित भएको भन्दै स्थानीय प्रशासनले भदौ १६ गते १२ बजेदेखि जनकपुरमा निषेधित क्षेत्र घोषणा गरेको थियो।

जनकपुर उमनपा-२० का २२ वर्षीय विटु झा, ३० वर्षीय कामेश्वर पण्डित, जनकपुर उमनपा-१५ का २८ वर्षीय सुनिलकुमार दास, घोडघास गाविस-५ का १८ वर्षीय राधेश्याम पण्डित, जनकपुर उमनपा-१२ का १७ वर्षीय किसुन मण्डल खत्वे, १८ वर्षीय अजय साह, गंगुलीका ६९ वर्षीय चन्द्रशेखर झा, देवपुरा रूपैठा-९ का ६३ वर्षीय चलि राउत २०७२ भदौ २५ गते जनकपुर उमनपा-१२ स्थित हनुमान नगरमा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। विटुको बायाँ खुट्टामा, सुनिलको कम्मरमा, कामेश्वरको घाँटीमा र राधेश्यामको बायाँ तिघ्रामा गोली लागेको थियो। चारै जनाको जनकपुर अञ्चल अस्पताल प्राथमिक उपचार भयो भने थप उपचार काठमाडौस्थित वीर अस्पतालमा भयो। हात खुट्टा, तिघ्रा, पेट र छातीमा गोली लागेका अन्य घाइतेहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

धम्की/कुटपिट

राज्यपक्षबाट

रौतहट जिल्ला गौर नपा-१३ निवासी राष्ट्रिय मानवअधिकार आयोग जनकपुर क्षेत्रीय कार्यालयका सहायक ३८ वर्षीय अजित ठाकुर, जनकपुर उमनपा-

७ निवासी मानवअधिकार संरक्षण मञ्चका अध्यक्ष ३६ वर्षीय दीपेन्द्र दास, फुलगामा निवासी अभ्यूत्थान नेपालका सहसंयोजक ३० वर्षीय नागेन्द्रकुमार साह, जनकपुर उमनपा-७ निवासी थर्ड एलायन्सका वीरेन्द्र कर्ण र लक्ष्मीनिवास-५ निवासी ओरेकका कार्यक्रम संयोजक २३ वर्षीय देवकुमार महतोलाई २०७२ भदौ १५ गते जनकपुरको भानुचोकमा प्रर्दशनको अनुगमन गरिरहेको समयमा प्रहरीले कुटपिट गरे। टाउको र हातमा चोट लागेका घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

महोत्तरी जिल्ला बर्दिबास नपा-७ निवासी सौर्य दैनिक र माउन्टेन टेलिभिजनका संवाददाता २५ वर्षीय विक्रम रौनियारलाई २०७२ भदौ २१ गते प्रदर्शनकारीलाई कुटपिट गरेको फोटो खिच्दै गरेको अवस्थामा जनक चोक र राम चोकको बीचमा प्रहरीले कुटपिट गऱ्यो। आफूले 'पत्रकार हुँ' भन्दा पनि के को पत्रकार भन्दै प्रहरीले कुटपिट गरी क्यामरा फुटाई दिएको पीडितले बताए। ढाड, टाउको, पाखुरा, तिघ्रा र कोखमा चोट लागेको घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

उमाप्रेमपुर गाविस-१ निवासी अभिलाप दैनिक पत्रिकाका सम्पादक २३ वर्षीय रामहृदय यादव, जनकपुर उमनपा-८ निवासी अपन टेलिभिजनका सम्वाददाता १८ वर्षीय रिकी भनिने आस्तिक साह र सोही उमनपा-१० निवासी क्यामरामयान २५ वर्षीय राकेश मिश्रालाई संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच जनकपुरको जानकी प्रहरी चौकीमा भइरहेको झडपको फोटो खिचेको आरोपमा २०७२ पुस १३ गते प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरे। रामहृदयलाई पिठ्यूँ र गर्धनमा चोट लागेको थियो भने साह र मिश्रालाई शरीरका विभिन्न भागमा चोट लागेको थियो। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनकपुर उमनपा-९ निवासी स्वागतम् रेडियोका समाचार संयोजक २९ वर्षीय अनिल निरालालाई संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच जनकपुरमा भएको झडपमा प्रहरीको मात्र फोटो खिचेको आरोपमा २०७२ पुस १४ गते प्रहरीले नियन्त्रणमा लिई कुटपिट तथा दुर्व्यहार गरे। नेपाल पत्रकार महासङ्घको दवावपछि प्रहरी नियन्त्रणमा रहेका पत्रकार निराला सोही दिन रिहा भए। तीघ्रामा चोट लागेका घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

धनुषाको निर्वाचन क्षेत्र नं. ५ स्थित कचुरीठेरा गाविसमा नयाँ संविधानको मस्यौदा माथि सुझाव सङ्कलन कार्यक्रममा २०७२ साउन ४ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले कार्यक्रम विथोल्ने प्रयास गरेपछि प्रहरीले हस्तक्षेप गर्दा झडप भयो। घटनामा जनकपुर उमनपा-२६ जमुनिया की ४० वर्षीया सेलकुमारी यादव, ४२ वर्षीय हरिगोपाल यादव, जनकपुर उमनपा-२५ लक्ष्मीपुर बगेवाका ५५ वर्षीय नवलकिशोर यादव घाइते भए। सेलकुमारीको हातमा, हरिगोपालको टाउको र नवल किशोरको खुट्टमा चोट लागेको थियो। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। मधेशी मोर्चाको अवरोधका कारण सुझाव सङ्कलन कार्यक्रम स्थगित भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ भदौ १६ गते झडप हुँदा प्रदर्शनकारीहरूले प्रहार गरेको ढुङ्गा लागी जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक ३५ वर्षीय नकुल पोखरेल, प्रहरी हवलदार सुनिल ओझा र विनोद पुर्वे घाइते भए। पोखरेलको खुट्टामा चोट लागेको थियो भने ओझाको बायाँ घुँडा र पुर्वेको हातको औँलामा चोट लागेको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दियो। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ भदौ १६ गते झडप हुँदा प्रदर्शनकारीहरूले प्रहार गरेको ढुङ्गा लागेर अञ्चल प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक ३५ वर्षीय राजेन्द्रबाबु रेग्मीको हातमा चोट लागेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनायो। घाइते उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ भदौ १६ गते जनकपुर उमनपा-१२ स्थित हनुमाननगरमा झडप हुँदा प्रदर्शनकारीहरूले प्रहार गरेको ढुङ्गा लागी हनुमान नगर प्रहरी चौकीको सई ३० वर्षीय अरूण कुमार यादव, २७ वर्षीय ललित महतो, ३० वर्षीय विजय राउत र २६ वर्षीय दीपेन्द्र यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनायो। यादवको घाँटीमा, महतोको दाहिने हातमा र राउतको दाहिने खुट्टामा चोट लागेको जिल्ला प्रहरी कार्यालयले जनायो। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा आठ न्यायाधीशको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ८ सय ३८ र फौजदारी ७ सय २० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी १ सय ५१ र फौजदारी ७२ थान छन्।

पुनरावेदन अदालतमा १२ न्यायाधीशको दरबन्दी रहेकामा सात कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ५ सय ९९ र फौजदारी ५ सय ५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी २६ र फौजदारी ७९ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ८२ प्रावि, ८३ निमावि र २५ मावि छन्। २ हजार ४ सय ९६ शिक्षक दरबन्दी रहेकामा २ हजार ४ सय २० कार्यरत छन्। यो वर्ष ६८ हजार ७ सय ९७ बालक र ७२ हजार ८ सय ९९ बालिका भर्ना भए। १ हजार ४ सय ६८ बालक र १ हजार १ सय ७ बालिकाका लागि १२ लाख ८७ हजार ५ सय रूपियाँ दलित छात्रवृति वितरण भयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब २७ करोड, ४८ लाख २४ हजार ५ सय २८ रहेकामा प्रशासनिक खर्च ७१ लाख २२ हजार रूपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
यौन दुर्व्यवहार	३	३
जम्मा	१०	१०

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष आठदेखि १६ वर्ष उमेर समूहका आठ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। आफ्नै घर पनि बालिकाका लागि असुरक्षित भएको पाइयो भने जिल्लामा सामूहिक बलात्कारको एक घटना सार्वजनिक भयो। सामूहिक बलात्कारको घटनामा बालक पनि संलग्न रहेको पाइयो। यस वर्षको अन्त्यसम्म बालिका बलात्कार घटना मध्ये एक आरोपित साधारण तारिखमा रिहा भए भने दुई आरोपित बालकलाई अभिभावकको जिम्मा लगाइएको पाइयो। एक आरोपित फरार रहेको पाइयो भने आठ बालिका बलात्कार घटनामा अदालतले फैसला गरेको पाइएन।

आठ वर्षीया एक बालिकालाई २०७१ चैत ९ गते सिन्धुली जिल्लाका ५२ वर्षीय धनबहादुर तमाङले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय ढल्केवरमा चैत १३ उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण चैत ९ गते जनकपुर अञ्चल अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ९ गते गिरफ्तार गरेकामा जिल्ला अदालतको आदेशअनुसार आरोपित वैशाख २ गतेको पुपर्क्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

अपहरणपछि हत्या प्रयास

जनकपुर उमनपा-५ की १४ वर्षीया आरतीकुमारी साहलाई २०७२ असार ६ गते सिरहा, लहान नपा-१० का २४ वर्षीय सुनिलकुमार विसुन्के र सप्तरी जिल्ला मल्हनीया गाविस-७ का २४ वर्षीय धीरजकुमार चौधरीले घरबाट अपहरण गरी मार्ने प्रयास गरे। सुराकीको आधारमा पीडितलाई फेला पारेपछि असार ९ गते अपहरणमुक्त गरिएको प्रहरीले जनायो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असार ९ गते जाहेरी दिएपछि प्रहरीले दुवै आरोपितलाई असार ९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको साउन ७ गतेको आदेशले आरोपितहरू पुपर्क्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४ सय ४५ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २ सय ४४ जना, खानलाउन नदिएको ८४ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको २७ जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ३४ जना, मार्ने धम्की दिइएकोमा सात, कथित बोक्सीको आरोप लगाएको घटनामा आठ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ४ सय ३५ घटनामा मिलापत्र गराएको र १० उजुरीमा कानुनी प्रक्रिया अगाडी बढाएको सेवा केन्द्रले जनायो।

यो वर्ष तीन जना महिला बलात्कार घटनाबाट पीडित भएभने एक जना यौनदुर्व्यवहारबाट पीडित भइन्। सन् २०१४ मा ६ जना महिला पीडित भएका थिए। एक महिलाको बलात्कारपछि हत्या गरिएको प्रहरीले जनायो। एक महिला सामूहिक बलात्कारबाट

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	१०	१०
घरेलु हिंसा	६३	६३
यौन दुर्व्यवहार	१	१
जम्मा	८१	८१

पीडित भइन्। यसवर्ष तीन जना महिलाको घरपरिवारबाट हत्या भएको पाइयो। जसमध्य एक घटनामा पति आरोपित थिए भने अन्य दुईमा सासू र देवर आरोपित रहेको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट हत्या गरिएका तीन ओटै घटनामा अदालती प्रकृया जारी छ।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

गिद्धा गाविस-१ की ३५ वर्षीया इन्दुदेवी मण्डललाई २०७२ असोज ६ गते सोही ठाउँका ४२ वर्षीय रामभजन मण्डल, २७ वर्षीय संदिप कुमार मण्डल र २७ वर्षीय सुरेन्द्र मण्डल, ३४ वर्षीय छेदिया मण्डलले बोक्सीको आरोप लगाई कुटपिट गरी अभक्ष खुवाए। घाइते इन्दुको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। एक महिना अघि रामभजन मण्डलको छोरा सुनिल कुमार मण्डलले भण्टामा छर्ने औषधी विष सेवन गरी आत्महत्या गरेको घटनामा भूतप्रेत लगाई छोरालाई मारेको भन्दै रामभजनका परिवारले गाउँमा पञ्चायती बसाएर इन्दुलाई घरबाट बोलाइ कुटपिट गरी अभक्ष खुवाए। पीडित पक्षले २०७२ असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितमध्ये छेदियालाई मङ्सिर २९ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा आरोपित पुस ७ गते पुर्पक्षको लागि कारागार चलान भए। अन्य आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, २९ ओटा स्वास्थ्य चौकी र ६९ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी भएकोमा सबै कार्यरत रहेका छन्। स्टाप नर्सको दरबन्दी पाँच जना रहेकोमा चार जना कार्यरत र एक जनाको दरबन्दी रिक्त रहेको छ। ल्याव असिस्टेन्टको दरबन्दी नौ जना भएकोमा सबै कार्यरत छन्। अहेवको दरबन्दी ३ सय १४ रहेकोमा २ सय ९५ जना कार्यरत छन् भने १९ रिक्त रहेका छन्। अनमीको दरबन्दी २ सय ११ जनाको भएकोमा २ सय ११ जना कार्यरत छन्। खोप सुपरभाइजर दुई जनामा दुई जना र क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक जनामा एक जना कार्यरत छन्। त्यस्तै हेल्थ असिस्टेन्ट १ सय ३ जनामा ९६ जना कार्यरत छन् भने सात जनाको दरबन्दी रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ९२ लाख ३३ हजार रहेकोमा प्रशासनिक खर्च १२ करोड ३७ लाख ३३ हजार र औषधी खर्च ५५ लाख रूपियाँ रहेको छ।

२.२ महोत्तरी



जम्मा जनसङ्ख्या
६२७५८०

महिला
३१६५६४

परिवार सङ्ख्या
१११३१६

खोलाको पानी पिउने परिवार
३७४

शौचालय नभएका परिवार
८०६८८

कामका लागि बाहिरिएका
४०५४१

सबभन्दा बढी जनसङ्ख्या
५५०७७ (यादव)

अपाङ्गता भएका
१०१६६

५ वर्षमाथिको साक्षरता प्रतिशत
४७

सरकारी विद्यालय
३८४

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	७	८			
बालअधिकार				७		७
अपहरण					१	१
महिलाअधिकार				१७१		१७१
भेला/सङ्गठित हुने अधिकार		४	४			
कुटपिट					१	१
धम्की					१	१
हत्या	१	५	६	५	३	८
जम्मा	३	१६	१८	१८३	६	१८९

महोत्तरीको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रहयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा ४२ महिलासहित ४७ जना पीडित भएका थिए भने सन् २०१५ मा १ सय ८५ महिलासहित २ सय ७ जना पीडित भए। यसवर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा दुई महिलासहित १८ जना पीडित भए। जसमध्ये ६ जनाको प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भयो। प्रहरीको गोलीबाट मृत्यु हुनेमा १७ वर्षीय बालकदेखि ७० वर्षीय वृद्ध समेत रहे। गतवर्ष राज्यपक्षबाट दुई जनाको मृत्यु भएको थियो। यसवर्ष उपचारका लागि एम्बुलेन्समा अस्पताल गइरहेका बिरामी सशस्त्र प्रहरीका असईलाई एम्बुलेन्सबाट झिकेर मधेसी मोर्चाका कार्यकर्ताले हत्या गरे। सुरक्षाकर्मीको कुटपिटबाट आठ जना घाइते भए। यसैगरी चार जना पुरुष अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट पीडित भए। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको मानव साङ्लोमा सहभागी एक प्रदर्शनकारीको घटनास्थलमा मृत्यु भयो।

गैरराज्यपक्षबाट भएका धम्की, कुटपिट र अपहरणमा एक/एक जना व्यक्ति पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कारबाट पीडित भए भने महिला यौनिक तथा घरेलु हिंसा, कथित बोक्सीको आरोपमा अमानवीय व्यवहारबाट पीडित भए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएको थियो भने यो वर्ष पाँच महिलासहित आठ जनाको हत्या भयो। जसमध्ये दुई महिला परिवारजनबाट हत्या भएको पाइयो। बालअधिकार उल्लङ्घनका घटनामा सात बालिका बलात्कारका घटनाबाट पीडित भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा जारी मधेस आन्दोलन, भारतद्वारा अघोषित नाकाबन्दी र मोर्चाको सीमा नाका केन्द्रित आन्दोलनका कारण जिल्लाको शिक्षा, स्वास्थ्य र उद्योग धन्दा लगायत सम्पूर्ण क्षेत्र प्रभावित भयो।

मोर्चाका कार्यकर्ताले जिल्लाका पाँच सरकारी कार्यालय, दुई राजनीति पार्टीको कार्यालय र एक निजी बैंकमा आगजनी तथा तोडफोड गरे। जिल्लाका १० प्रहरी युनिट तथा प्रहरी चौकी आगजनी र तोडफोड भए। असुरक्षाका कारण विभिन्न स्थानका १६ प्रहरी चौकी तथा बिटहरू जिल्ला प्रहरी कार्यालयमा गाभिएकोमा पाँच चौकी पुर्नस्थापित भएका छन्। एक एम्बुलेन्समा तोडफोड र आगजनी गरियो भने एक दर्जन मोटरसाइकल सहित बस, ट्रक लगायतका सवारी साधनमा आगजनी र तोडफोड गरियो। साउन ३० गतेदेखि बन्द रहेका शिक्षण संस्थाहरू मङ्सिर पहिलो हप्तासम्म खुलेनन्। सोनामाई गाविसमा अज्ञात समूहले पेट्रोल बम प्रहार गऱ्यो भने एक निजी विद्यालयमा आगजनी भयो। अस्पतालहरूमा अत्यावश्यक औषधी, अक्सिजन अभाव रह्यो। पाँच वर्ष मूनिका बालबालिकाहरूले भिटामिन ए, जुकाको औषधी, पोलियो थोपा र विभिन्न खोपहरू लगाउन पाएनन्। महोत्तरीमा ६ महिनादेखि पाँच वर्षसम्मका १ लाख ६ हजार ८ सय ११ बालबालिका भिटामिन 'ए' तथा एक वर्षदेखि पाँच वर्षसम्मका ७५ हजार ५ सय ३३ बालबालिका जुकाको औषधी 'एल्बेण्डाजोल' खानबाट वञ्चित रहे। गर्भवती, सुत्केरी र बिरामी महिलाहरू सहज रूपमा अस्पताल जान सकेनन्। जिल्लाका सुरक्षा निकाय र प्रशासन कार्यालय बाहेक अन्य सरकारी कार्यालयहरू सञ्चालन भएनन्। सरकारी कार्यालय नखुल्दा जग्गा रजिस्ट्रेन, राहदानी, सङ्घसंस्था नवीकरण, सिफारिस, कर दाखिला, मुद्दा फैसला लगायतका सेवा प्रभावित भए। मधेस आन्दोलनका कारण तीन नगरपालिका र ६८ ओटा गाविसका ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, एकल महिला तथा दलित समुदायका बालबालिकाहरू राज्यबाट प्रदान गरिएको सेवा पाउनबाट वञ्चित भए।

मधेस आन्दोलनका क्रममा सुरक्षाकर्मीले आवश्यकताभन्दा बढी बल प्रयोग गरेको जानकारीमा आयो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

जलेश्वर नपा-७ का १७ वर्षीय रोहन चौधरी, महोत्तरी गाविस-५ का २० रामविवेक यादव र जलेश्वर नपा-१४ का २२ वर्षीय मसुवा भनिने अमित कापरको २०७२ भदौ २३ गते जलेश्वरमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। सोही घटनामा घाइते भएका पिगौना गाविस-६ का ३२ वर्षीय वीरेन्द्र बिच्छालाई थप उपचारका लागि काठमाडौँ लगिएकोमा उनको उचारका क्रममा नर्भिक अस्पतालमा भदौ २५ गते मृत्यु भयो। मृतकहरूमध्ये तीन जनाको छातीमा गोली लागेको थियो भने वीरेन्द्र बिच्छाको टाउकोमा गोली लागेको थियो। बिच्छाको शवको पोस्टमार्टम भदौ २५ गते काठमाडौँमा गरी भदौ २९ गते उनकै गाउँमा सदगत् गरियो। सरकारले प्रदान गरेको १० लाख रुपियाँ राहत पीडित परिवारले यो वर्षको अन्त्यसम्म बुझेको छैन।

जलेश्वर नपा-७ का ७० वर्षीय गणेश चौधरी र डामीमडै घर भई हातिलेट बस्ने ३० वर्षीया रामशीला मण्डलको २०७२ भदौ २५ गते जलेश्वरमा अपरान्ह संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच भएको झडपमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। घाइते उनीहरूलाई उपचारका लागि अस्पताल पुऱ्याउँदा जिल्ला अस्पताल महोत्तरीका मेडिकल अधिकृत डा. सतिश साहले मृत्यु पुष्टि गरेका थिए। मृत्यु हुने दुवै जनाको टाउकोमा गोली लागेको थियो। भदौ २९ गते पोस्टमार्टम गरी पीडितहरूकै गाउँमा सद्गत भयो। सरकारले प्रदान गरेको १० लाख रुपियाँ

प्रदर्शनका क्रममा प्रहरीको गोली लागी मृत्यु भएका क्रमशः
रोहण चौधरी, रामविवेक यादव, अमित कापर र वीरेन्द्र विच्छा

राहत पीडित परिवारले यो वर्षको अन्त्यसम्म बुझेको छैन।

गैरराज्यपक्षबाट

बाँके जिल्ला कचनापुर गाविस-५ घर भई सशस्त्र प्रहरी गण जलेश्वरमा कार्यरत सशस्त्र प्रहरीका असई २५ वर्षीय थमनबहादुर विकको २०७२ भदौ २५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कुटपिट गर्दा घाइते भएपछि उपचारको लागि जनकपुर लैजाँदै गर्दा पुन: मोर्चाका कार्यकर्ताले एम्बुलेन्सबाट निकालेर कुटपिट गरी हत्या गरे। हेटौँडाबाट महोत्तरी आउँदै गरेका असई थमनबहादुर विकलाई आन्दोलनकारीले जलेश्वरको शङ्कर चोकमा कुटपिट गरेका थिए। कुटपिटबाट उनको टाउकोमा चोट लागेर १६ ओटा टाँका लगाइएको र शरीरभर नीलडाम देखिएको थियो। घाइते भएका विकलाई थप उपचारको लागि जनकपुर अञ्चल अस्पताल लैजाँदै गर्दा जनकपुर-जलेश्वर सडकखण्डअन्तर्गत महोत्तरी गाविसनजिक सनउखरामा एम्बुलेन्सबाट निकालेर प्रदर्शनकारीले कुटपिट गर्दा मृत्यु भएको एसपी सौरभ राणाले बताए। मोर्चाका कार्यकर्ताले विकलाई एम्बुलेन्सबाट निकालेर सडकबाट ३ सय मिटर पर धान खेतमा लगेर भाटाले प्रहार गर्दा मृत्यु भएको सशस्त्र इन्स्पेक्टर धर्म थापाले बताए। विकको हत्यापछि मोर्चाका कार्यकर्ताले एम्बुलेन्ससमेत जलाएका थिए। विकको शव वरपर भाटा र बियरका बोतलहरू फेला परेको थियो। विकसँगै गएका सादा पोशाकका एक प्रहरी र एम्बुलेन्स चालकले भागेर ज्यान बचाएका थिए। शवको स्थानीय अस्पतालमा पोस्टमार्टम गरी नेपालगञ्जमा सद्गत भयो।

मधेसी मोर्चाका कार्यकर्ताले एम्बुलेन्सबाट निकालेर हत्या गरेका सशस्त्र प्रहरीका असई थमनबहादुर विक



प्रदर्शनको क्रममा प्रहरीको गोली लागी मृत्यु भएका रामशीला मण्डल र गणेश चौधरी

गोली/विस्फोटक पदार्थबाट घाइते

मधेस आन्दोलनको क्रममा जलेश्वरमा २०७२ भदौ २३ गते प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा प्रहरीको लाठीचार्ज, अश्रुग्याँस र गोली प्रहारबाट जलेश्वर नपा-४ का २५ वर्षीय विकास मिश्र, बैरगिया लक्ष्मीनियाका १९ वर्षीय रामबाबु साह, जलेश्वर नपा-४ का १८ वर्षीय मुकेशकुमार पासवान, कोल्हुवा वगियाका २० वर्षीय ललिन्द्र मण्डल, भटौलियाका २० वर्षीय अभिनाश झा, पिगौना-६ का २० वर्षीय सिवेन्द्र महतो र जलेश्वर नपा-४ का २२ वर्षीय शंकर पासवान घाइते भए। उनीहरूको जलेश्वर अस्पतालमा उपचार भयो।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

सुगा गाविस-३ निवासी नागरिक दैनिकका संवाददाता तथा रेडियो मिर्ची एफएम ८९.६ मेगाहर्जका समाचार संयोजक ३० वर्षीय महेशकुमार दासलाई २०७२ वैशाख ८ गते तराई मधेस लोकतान्त्रिक पार्टीका नेता शङ्कर मिश्र (शाही) ले दुर्व्यवहार गर्नुको साथै मार्ने धम्की दिए। जलेश्वरस्थित रेडियो मिर्चीबाट महोत्तरीमा सुपारी तस्करी भइरहेको र सो तस्करीमा तमलोपा नेता मिश्रको समेत संलग्नता रहेको समाचार प्रसारण भएपछि पत्रकार दासलाई नेता मिश्रले दुर्व्यवहार गर्दै मार्ने धम्की दिएका थिए। मिश्रले रेडियोको कार्यकक्षमा प्रवेश गरी आफू अनुकूलको समाचार प्रसारण गर्न दबाव दिएपछि सञ्चारकर्मी दासले विहानको समाचारमा समावेश गर्ने भनिरहँदा समेत नेता मिश्रले गाली गर्दै गोली हानेर मार्ने धम्की दिएको पीडितले बताए। पीडितको मौखिक उजुरीपछि वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच भएको छलफलमा आपसी सहमतिमा मिलापत्र भयो।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ सय जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १३ जना महिलासहित ४५ जना र कैद नतोकिएको थुनुवा कैदी २२ महिलासहित ३ सय ६३ गरी जम्मा ४ सय ८ जना बन्दीहरू छन्। जसमा आश्रित बालक तीन जना र बालिका तीन जना गरी जम्मा ६ जना रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

महोत्तरी जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकोमा सबैजना कार्यरत छन्।

यस अदालतमा २०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा १ हजार १ सय ४५ र फौजदारी मुद्दा ३ सय ४२ थान रहेका छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी मुद्दा चार थान र फौजदारी मुद्दा तीन थान रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रति न्यायाधीश २ सय ४८ ओटा हेर्नुपर्ने देखिन्छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ७५ हजार ८ सय ४७ बालबालिकामध्ये बालक ९१ हजार ९ सय ८८ र बालिका ७८ हजार ५ सय १ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। जिल्लामा ४ सय ११ प्राथमिक, १ सय २७ निमाबि र ६५ ओटा माध्यमिक विद्यालय रहेका छन्। यी विद्यालयहरूमा २ हजार १ सय ९ जनाको दरबन्दी रहेको छ। जसमध्ये ३७ दरबन्दी रिक्त छ भने २ हजार ७२ जना शिक्षक कार्यरत रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाका विद्यालयहरूमा अपाङ्गमैत्री शौचालय छैन। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब ८ करोड ५० लाख ३६ हजार १ सय २८ रुपियाँ रहेको छ। जसमध्ये प्रशासनिक खर्च ४ लाख ७३ हजार र छात्रवृति रकम ४ करोड ३ लाख ८४ हजार ७ सय १० रुपियाँ छुट्याइएको शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	७	७
जम्मा	७	७

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष आठदेखि १५ वर्ष उमेर समूहका सात जना बालिका बलात्कारका घटनाबाट पीडित भए। घटनामा ७० वर्षीय वृद्धासमेत आरोपित थिए। यस वर्षको अन्त्यसम्म बालिका बलात्कार घटनाका एक आरोपित साधारण तारिखमा रिहा भए भने अन्यको मुद्दा फैसला भएको छैन।

१५ वर्षीया एक बालिकालाई २०७२ वैशाख २३ गते राति परिकौली गाविस- ८ का १९ वर्षीय रोहवर अन्सारीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटनापछि फरार आरोपितका अभिभावक र पीडित पक्ष दुवैलाई गाउँमै पञ्चायती गरेर पीडितलाई आरोपितसँगै विवाह गराइदिने सहमति गराइयो। प्रहरीले आरोपितलाई साउन १४ गिरफ्तार गरेकोमा जिल्ला अदालतको साउन १५ गतेको आदेशअनुसार पुर्पक्षका लागि कारागार चलान भए।

आन्दोलनकारीले जलाएका एम्बुलेन्स

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय २३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ६, खानलाउन नदिएको ९८, विवाह दर्ता तथा नागरिकता नबनाएको १२, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार, मार्ने धम्की दिइएकोमा तीन, बोक्सीको आरोप लगाएको घटनामा एक जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय ५९ उजुरीमा मिलापत्र गराएको र बाँकी ६४ उजुरीमा कानुनी प्रक्रिया अगाडी बढेको सेवा केन्द्रले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँच जना महिला बलात्कार तथा बलात्कार प्रयास घटनाबाट पीडित भए भने तीन जना यौनदुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा आठ जना महिला बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका थिए। यस वर्ष दुई जना महिलाको परिवारजनबाट हत्या भएको पाइयो। जसमध्ये एक घटनामा पति र ससुरा आरोपित

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	२	२
बलात्कारको प्रयास	३	३
घरेलु हिंसा	१६२	१६२
यौन दुर्व्यवहार	३	३
जम्मा	१७१	१७१

आन्दोलनकारीले जलाएका बस र ट्रक

थिए। बलात्कार तथा महिला हत्याका कुनै पनि घटनामा अदालतले फैसला गरेको पाइएन।

१८ वर्षीया एक महिलालाई २०७२ जेठ ६ गते राति घरमा प्रवेश गरी बलात्कार प्रयास गरेको भन्दै पीडितले खैरबन्नी गाविस-३ का १८ वर्षीय अरुणकुमार यादव र सोही ठाउँका १८ वर्षीय मिथलेश यादवविरुद्ध जेठ ७ गते उजुरी दिइन्। दुवै आरोपितलाई स्थानीयवासीले सोही दिन नियन्त्रणमा लिई प्रहरीलाई जिम्मा लगाए। आरोपितविरुद्ध जेठ ७ गते जबर्जस्ती करणी उद्योग मुद्दा दर्ता भएकोमा यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

महोत्तरी गाविस-४ की २८ वर्षीया दुलारीदेवी यादवलाई २०७१ पुस २८ गते राति हत्या गरेको आरोपमा पति ३५ वर्षीय मोहन यादव, ससुरा ५५ वर्षीय रामबाबु यादवलाई माघ २ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको आदेशले आरोपित दुवैजना साधारण तारेखमा रिहा भए। साहूको ऋण तिर्ने विषयमा पति पत्नीबीच भएको विवादमा पतिले दुलारीको हत्या गरेको प्रहरीले जनायो। दुलारीका शव गाउँकै पोखरीमा पुस २९ गते फेला परेको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।

कथित बोक्सीको आरोप

सिमरदही गाविस-९ की ३५ वर्षीया सविना खातुनलाई २०७२ असार ९ गते कथित बोक्सीको आरोपमा देवर ३२ वर्षीय जीवरइल कवारी, देवरानी ३० वर्षीया जैलम खातुन र २८ वर्षीय अमिना खातुनले लाठी र धारिलो हतियारले कुटपिट गरे। कुटपिटबाट बेहोस भएकी खातुनको जिल्ला अस्पताल जलेश्वरमा उपचार भयो। टुनामुना लगाएपछि भैंसीले दूध नदिएको भन्दै सविनाको शरीरका विभिन्न भागमा कुटपिट गरिएको थियो। सविनालाई यसअघि पनि चार/पाँच पटक कथित बोक्सीको आरोपमा कुटपिट भएको थियो। पीडित सविनालाई मलमूत्र खुवाइने तयारी गरे पनि स्थानीय महिलाको प्रतिकारपछि सो कार्य हुन सकेन। पीडितले असार ९ गते जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए पनि यसवर्षको अन्त्यसम्म आरोपितउपर कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

महोत्तरी जिल्लामा जलेश्वर र बर्दिवासमा गरी दुई ओटा अस्पताल रहेका छन्। जिल्लामा ५२ स्वास्थ्य चौकी र २३ प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १३ जना डाक्टरको दरबन्दी रहेकोमा ६ जनाको दरबन्दी रिक्त रहेको छ। स्टाफ नर्सको दरबन्दी १५ रहेकोमा सबै कार्यरत छन्। त्यस्तै ल्याब असिस्टेन्टको दरबन्दी तीन रहेकोमा तीनै जना कार्यरत छन्। अहेवको दरबन्दी २ सय २९ जना रहेकोमा ३९ दरबन्दी रिक्त रहेको छ। अनमिको दरबन्दी १ सय ५६ रहेकोमा ५१ दरबन्दी रिक्त रहेको छ। खोप सुपरभाइजर र क्षयरोग/कुष्ठरोग सुपरभाइजरको दरबन्दी एक/एक रहेकोमा दरबन्दीअनुसार कार्यरत छन्। हेल्थ असिस्टेन्टको दरबन्दी ७९ जना रहेकोमा ४० दरबन्दी रिक्त रहेको छ। श्रेणीविहीनको दरबन्दी ८८ रहेकोमा ४६ जना कार्यरत छन्। यस कार्यालयको वार्षिक बजेट १५ करोड २ लाख ८० हजार ८ सय रहेकोमा प्रशासनिक खर्च ८ करोड ४७ लाख २५ हजार ८ सय रुपियाँ छुट्याइएको छ। औषधिको लागि ४८ लाख रुपियाँ खर्च छुट्याइएको छ।

२.३ सर्लाही



जम्मा जनसङ्ख्या
७६५७२५

महिला
३८५५७३

परिवार सङ्ख्या
१३२८४४

खोलाको पानी पिउने परिवार
६५१

शौचालय नभएका परिवार
५७७२०

कामका लागि बाहिरिएका
२१४०१

सबभन्दा बढी जनसङ्ख्या
११५३५५ (यादव)

अपाङ्गता भएका
५५८५

५ वर्षमाथिको साक्षरता प्रतिशत
८५

सरकारी विद्यालय
५३२

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१७	१७		१	१
बालअधिकार				१३		१३
महिलाअधिकार				१९		१९
भेला/सङ्गठित हुने अधिकार	१	३	३			
गिरफ्तारी/यातना		७	७			
कुटपिट				४	४	८
धम्की		३	३			
हत्या		१	१	७	८	१५
जम्मा	१	३९	३०	४३	१३	५६

सर्लाहीको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा २३ महिलासहित ३२ जना पीडित भएका थिए भने सन् २०१५ मा ४४ महिलासहित ८६ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा एक महिलासहित ३० जना पीडित भए। यस वर्ष सुरक्षकर्मीले प्रहार गरेको गोलीबाट एक जनाको मृत्यु भयो भने १७ जना घाइते भए। गिरफ्तारी र यातनाका घटनामा सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट तीन जना पीडित भए भने दुई जना धम्कीबाट पीडित भए।

गैरराज्यपक्षबाट आठ जना कुटपिटमा परे भने एक जना घाइते भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहार र बालविवाहबाट पीडित भए भने महिला यौनिक तथा घरेलु हिंसा र बहुविवाहबाट पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो भने यो वर्ष सात महिलासहित १५ जनाको हत्या भयो। सात बालिका बलात्कारका घटनाबाट पीडित भए भने पाँच जना यौन दुर्व्यवहारबाट पीडित भए।

मधेस आन्दोलनका कारण जिल्लाको दक्षिण क्षेत्रका आमसर्वसधारणको जनजीवन कष्टकर बन्नुको साथै विद्यालय, सरकारी कार्यालय, सुरक्षा निकाय र स्वास्थ्य क्षेत्र प्रभावित भए। लगातारको बन्दका कारण ५४ दिनसम्म विद्यालयमा पठनपाठन भएन। पछिल्लो समयमा विद्यालय खुले पनि जिल्ला शिक्षा कार्यालय साउन ३० गतेदेखि यो वर्षको अन्त्यसम्म खुलेन। सदरमुकाम मलङ्गवास्थित सम्पूर्ण सरकारी कार्यालयहरू बन्द गराइए। बन्द अवज्ञा गरेको आरोपमा मधेसी मोर्चाका कार्यकर्ताहरूले जिल्ला प्राविधिक, जिल्ला पशु, परिवार नियोजन, सरकारी

वकिल, जिल्ला खानेपानी, महिला तथा बालबालिका र सिचाई कार्यालयमा तोडफोड गर्दै आगजनी गरे। आन्दोलनकै क्रममा सर्लाहीको नवलपुरमा मधेसी मोर्चाका कार्यकर्ताले राष्ट्रिय मानवअधिकार आयोगको गाडीमा आगजनी गरे। मधेसी मोर्चाको आन्दोलनका कारण सर्लाहीको दक्षिण क्षेत्रका १३ प्रहरी कार्यालयहरू समेत विस्थापित भए। विस्थापित कार्यालय (प्रहरी युनिट) यो वर्षको अन्त्यसम्म पुनर्स्थापित हुन सकेनन्। प्रदर्शनकारीले सदरमुकाम मलङ्गवाको बसपार्क, जिविस चोकमा रहेको प्रहरी बिट र मोहनपुर, हरिपुर्वा, गौडैता, कविलासि प्रहरी चौकीमा आक्रमण गरी तोडफोड तथा आगजनी गरे। स्वास्थ्य चौकी र अस्पतालमा औषधि अभाव भएको पाइयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

रौतहट जिल्ला पिपरा रजवाराका ३५ वर्षीय छठू सहनीको २०७१ फागुन १ गते सर्लाहीको पश्चिम दक्षिणमा पर्ने खैर्वा बहोरवामा प्रहरीसँगको दोहोरो झडपमा प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भयो। गोली लागेर घाइते सहनीलाई उपचारका लागि जिल्ला अस्पताल मलङ्गवा लैँजादै गर्दा बाटोमा मृत्यु भएको थियो। प्रहरीको विशेष टोलीलाई लक्षित गरी हतियारधारीले गोली फायर गरेपछि जवाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले जनायो। घटनास्थलबाट प्रहरीले चाइनिज पेस्तोल र नलकटुवा बन्दुक बरामद गरेको थियो। बरादम चाइनिज पेस्तोल सर्लाहीको हरकठवामा २०६७ मङ्सिर १७ गते डीएसपी लवजङ्ग चौहानबाट लुटिएको हतियार रहेको प्रहरीले जनायो।

प्रहरीको गोलीबाट मारिएका छटू सहनी

गैरराज्यपक्षबाट

हेमपुर गाविस-७ निवासी एमाले जिल्ला कमिटी सदस्य ६० वर्षीय रामनरेश यादवलाई २०७२ पुस १४ गते बिहान सोही गाविस-८ मा प्रातकालीन भ्रमण गरिरहेको बेला अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। यादवलाई अज्ञात समूहले आँखामा खुर्सानीको धुलो छर्केर मुख र घाँटीमा काटेर हत्या गरेको एसपी केदार ढकालले बताए। शवको सोही दिन सर्लाही जिल्ला अस्पताल मलङ्गवामा पोस्टमार्टम गरी संस्कारका लागि परिवारजनलाई बुझाइएको थियो। हत्या घटनाका आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

मलङ्गवा नपा-१० का ३२ वर्षीय विक्रम राय र महिनाथपुर गाविस-८ का २६ वर्षीय मितेश यादव २०७२ असोज ४ गते जिल्ला सदरमुकाम मलङ्गवामा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा प्रहरीले प्रहारले प्रहार गरेको गोली लागेर घाइते भए। रायलाई थप उपचारका लागि हेलिकप्टरबाट काठमाडौँ लगिएको थियो। यादवको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो। मलङ्गवा नपा-१० स्थित एमाले सांसद् कमलादेवी महतोको घरमा मोर्चाका कार्यकर्ताले लगाएको आगो निभाउन आउँदै गरेको दमकललाई प्रदर्शनकारीले रोकेर ढुङ्गामुढा गरेपछि प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ मङ्सिर १७ गते अवरोध गरेको पूर्व-पश्चिम राजमार्ग खुलाउने क्रममा भएको झडपमा प्रहरीले चलाएको गोली लागेर नोकलवा-२ का शिवालव पासवान, पिपरिया-६ का गुडु यादव, सलेम्पुर-१ का मनोहर राय यादव, इश्वरपुर-२ का मनोज महतो, मलङ्गवा-५ का नागेन्द्र ठाकुर, औरही-६ का पप्पुकुमार महतो, धनगढहा-८ का सुरेन्द्रप्रसाद साह, चन्द्रनगरका जगदेव राउत घाइते भए। उनीहरूलाई उपचारका लागि भारतको सितामढी लगिएको थियो। झडपमा सद्भावना पार्टीकी लक्ष्मी सिंहसहित अन्य २२ जना मधेशी मोर्चाका कार्यकर्ता समेत घाइते भएका थिए। उनीहरूको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच २०७२ पुस ९ गते मलङ्गवामा भएको

झडपमा प्रहरीले चलाएको गोली लागेर मलङ्गवा नपा-१३ गणेसियाका २१ वर्षीय अभाश मन्सुर घाइते भए। मन्सुरको दाहिने घुँढा मुनि गोलीको छर्रा लागेको प्रहरीले जनायो। उनको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो। झडपको क्रममा मन्सुरसहित लाठी चार्जबाट ६ जना घाइते भयो। भागदौड र लाठी चार्जबाट गम्भीर घाइतेमध्ये मोहनपुर-४ का २० वर्षीय सूर्यनरायण ठाकुर र मलङ्गवा-१४ का २१ वर्षीय अभिशेष यादवलाई थप उपचारका लागि भारतको सितामाढी पठाइएको जिल्ला अस्पतालले जनायो।

धम्की/कुटपिट

राज्यपक्षबाट

मलङ्गवा नपा-१० निवासी मधेश पोष्टका संवाददाता २९ वर्षीय विश्वनाथ ठाकुर र पिपरिया गाविस-२ निवासी कान्तिपुर टेलिभिजनका संवाददाता ३६ वर्षीय ओमप्रकाश ठाकुरलाई २०७२ पुस ६ गते जिल्ला सदरमुकाम मलङ्गवामा प्रदर्शनकारी र प्रहरीबीच झडप भइरहेको दृश्यको फोटो खिचेको आरोपमा प्रहरीले दुर्व्यवहार गरे। झडपको दृश्य सङ्कलनका क्रममा प्रहरीले फोटो खिचेको खण्डमा क्यामरा फुटाइ दिने र गोली हान्ने भन्दै दुर्व्यवहार गरेकाले समाचार सङ्कलनमा समस्या हुनुका साथै आफू असुरक्षित महसुस भएको पत्रकार ठाकुरले बताए।

गैरराज्यपक्षबाट

धनुषा जिल्ला जनकपुर उमनपा-४ निवासी भन्सार कार्यालय मलङ्गवाका टाइपिस्ट सुब्बा ५६ वर्षीय कितनारायण मण्डल र सप्तरी जिल्ला घर भई मलङ्गवा-८ बस्ने कार्यालय सहयोगी ४७ वर्षीय विजुली यादवलाई २०७२ भदौ ५ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले कुटपिट गरे। बन्दको अवज्ञा गरी कार्यालय खोलेको भन्दै मोर्चाका कार्यकर्ताले गाली गर्दै उनीहरूलाई कुटपिट गरेको प्रहरीले जनायो।

नाम नखुलेको व्यक्तिद्वारा गोली हानी हत्या गरिएका एमाले जिल्ला कमिटी सदस्य रामनरेश राय यादव

भारत तर्फबाट पेट्रोल लिएर आउँदै गरेको भन्दै बीआर ३० सी ८४३४ नम्बरको मोटरसाइकलमा २०७२ कात्तिक २० गते मलङ्गवास्थित नाकामा धर्ना बसेका संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गर्दा सल्केको आगोले मोटरसाइकल चालक मलङ्गवा नपा-४ का २४ वर्षीय वीरेन्द्रराम घाइते भए। उनको जिल्ला अस्पताल मलङ्गवामा उपचार भयो। एक सय भारतीय रुपियाँको पेट्रोल ल्याएको भए पनि मोर्चाका कार्यकर्ताले आगजनी गर्न खोजेपछि रोक्न खोज्दा आगोमा धकेलेको पीडितले बताए। पीडितले उजुरी गरेनन्।

आन्दोलनको क्रममा भागदौडमा मारिएकी राधिका साहको शव राजमार्गमा राखेर प्रदर्शन गर्दै मधेसी मोर्चाका नेता तथा कार्यकर्ताहरू

कारागार र बन्दी

'ग' श्रेणीको १ सय जनाको क्षमता भएको सर्लाही जिल्ला कारागारमा सन् २०१५ मा बन्दी राखिएन। कारागार भवन निर्माण तथा जीर्ण अवस्थामा रहेको भवनको मर्मत सम्भार गर्ने कार्य अन्यौलमा भएका कारण २०६९ माघ १५ गतेदेखि यहाँको कारागारमा बन्दी छैनन्। कारागार निर्माणका लागि विभागले कुनै ठोस निर्णय गरेको छैन। द्वन्द्वका क्रममा २०६२ चैत २३ गते राति तत्कालीन नेकपा माओवादीको आक्रमणले पर्खाल चर्केको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७ सय ७० र फौजदारी ४ सय ८८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ६३ र फौजदारी २३ थान छन्।

घरेलु हतियारसहित प्रदर्शन गर्दै मधेसी मोर्चाका कार्यकर्ता

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

नेत्रगञ्ज गाविस-५ जुटपानीमा राष्ट्रिय मानवअधिकार आयोग जनकपुर क्षेत्रीय कार्यालयको वा ७ च ७४७६ नम्बरको जीपमा २०७२ मङ्सिर १७ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गर्नुका साथै आयोगकी अधिकृत नीतु गड्तौला, मन्दिरा श्रेष्ठ, बिभा ढुङ्गाना र श्रीराम कार्कीलाई हातपात गरे। आगजनीका कारण जीप पूरै ध्वस्त भयो। आयोगको टोली लालबन्दीमा चुरे भावरले गरेको कार्यक्रमको अनुगमन गरी सहायक मार्गबाट नवलपुरभन्दा केही दक्षिणबाट जीपमा आउँदै थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९२ प्रावि, ५९ निमावि र ७५ मावि रहेका छन्। जिल्लाका विद्यालयमा १ हजार ६ सय ८२ शिक्षकको दरबन्दी रहेको छ। जिल्लामा

मधेसी मोर्चाका कार्यकर्ताले आगजनी गरेको राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालयको गाडी

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	७	७
यौन दुर्व्यवहार	५	५
जम्मा	१३	१३

विद्यालय जाने उमेरका १५ हजार २ सय १९ बालक र १५ हजार ७ सय ८४ बालिका यस शैक्षिक सत्रमा विद्यालयमा भर्ना भए। जिल्लाका २९ हजार ७ सय १ बालक र २९ हजार ७ सय ९८ बालिकालाई दलित छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

हत्या

बरहथवा गाविस-९ की तीन वर्षीया आरतीकुमारी २०७२ भदौ २९ गते घरनजिक उखुबारीमा मृत अवस्थामा फेला परिन्। घरबाट हराएको एक दिनपछि बालिका मृत अवस्थामा फेला परेकी थिइन्। घटनाबारे अनुसन्धान भइरहेको जनाए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म कोही गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष चारदेखि १७ वर्ष उमेर समूहका सात जना बालिका बलात्कारका घटनाबाट पीडित भए भने पाँच जना यौन दुर्व्यवहारमा परे। विद्यालय छात्रवास पनि बालिकाका लागि असुरक्षित भएको पाइयो भने जिल्लामा सामूहिक बलात्कारको एक घटना सार्वजनिक भयो। सामूहिक बलात्कारको घटनामा बालक पनि संलग्न रहेको पाइयो। बालिका बलात्कार घटनाका तीन जना आरोपित फरार रहेको पाइयो भने एक आरोपित बालसुधारगृहमा चलान भए। यस वर्षको अन्त्यसम्म बालिका बलात्कार घटनाका कुनै पनि मुद्दाको फैसला भएको पाइएन।

११ वर्षीया एक बालिकालाई २०७२ जेठ २ गते हजरिया गाविस-४ का ४० वर्षीया जनक सहनीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ३ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ ३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय १४ जना महिलाहरूल जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र सर्लाहीमा उजुरी दर्ता गराए। जसमध्ये प्रहरीले १ सय १४ घटनामा मिलापत्र गराएको छ भने ८२ उजुरी कानुनी प्रक्रियामा गएभने र ३२ जना सम्पर्कमा आएनन।

यो वर्ष पाँच महिला बलात्कार घटनाबाट पीडित भए। यस वर्ष अन्य पक्षबाट सात जना महिलाको हत्या भएको पाइयो। महिला हत्याका सबै घटनामा अदालतले फैसला गरेको पाइएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बहुविवाह	३	३
घरेलु हिंसा	१३	१३
जम्मा	१९	१९

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२५ वर्षीया एक महिलालाई २०७१ चैत १४ गते राति शौच गर्न गएको समयमा लक्ष्मीपुर सुखचैना गाविस-१ का २५ वर्षीय अजय कुर्मी र २० वर्षीय सरोज पटेल राउतले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत १७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०७२ वैशाख १८ गतेको आदेशले आरोपित दुवै पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति क्षति

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ भदौ १८ गते शुक्रबार राति मलङ्गवास्थित जिल्ला प्रविधिक कार्यालय, जिल्ला पशु कार्यालयको परिसरमा बन्द सटरमा राखिएको बा१भ ५४३३ नम्बरको जिप र परिवार नियोजनको परिसरमा

आन्दोलनकारीले जलाएका सरकारी वकिलको कार्यालय

राखिएको बा३४प ३८५६ नम्बरको मोटर साइकलमा अगाजनी गरे। पशु कार्यालयअगाडि रहेको दुई पसलमा समेत आगजनी गरे।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ पुस ७ गते मलङ्गवास्थित सिँचाइ कार्यालयको बा१भ ८५९२ नम्बरको जिपमा आगजनी गरे। मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच जिल्ला सदरमुकाम मलङ्गवामा भएको झडपको क्रममा आक्रोशित प्रदर्शनकारीले जिपमा आगजनी गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, ९४ ओटा स्वास्थ्य चौकी, पाँच ओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा २० जना डाक्टरको दरबन्दी भएकोमा ६ जनामात्र कार्यरत रहेका छन्। एक जना स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी १३ जना रहेकोमा पाँच जनाको दरबन्दी रिक्त रहेको छ। ल्याव असिस्टेन्टको दरबन्दी ११ जना भएकोमा सबै कार्यरत छन्। अहेवको दरबन्दी २ सय ९७ रहेकोमा २ सय १४ जना कार्यरत छन्। अनमीको दरबन्दी १ सय ९८ जना भएकोमा १ सय २० जना कार्यरत छन्। खोप सुपरभाइजर एक जनामा एक जना र क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक जनामा एक जना कार्यरत छन्। त्यस्तै हेल्थ असिस्टेन्ट ९९ जनामा १५ जना कार्यरत छन् भने ८४ जनाको दरबन्दी रिक्त रहेका छन्।

२.४ सिन्धुली



जम्मा जनसङ्ख्या
२५६१५२

महिला
१५४०६५

परिवार सङ्ख्या
५७५८१

खोलाको पानी पिउने परिवार
२४१८

शौचालय नभएका परिवार
३८२३७

कामका लागि बाहिरिएका
१५२८७

सबभन्दा बढी जनसङ्ख्या
७५५५० (तामाङ)

अपाङ्गता भएका
६४६६

५ वर्षमाथिको साक्षरता प्रतिशत
७५

सरकारी विद्यालय
५५७

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	११		११
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	८१		८१
हत्या	१	३	३
जम्मा	९३	३	९६

सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा बढी भएको पाइएको छ। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादती घटनामा ८८ जना पीडित भएका थिए भने सन् २०१५ मा पीडित हुनेको सङ्ख्या ५६ रहेको छ। गत वर्षको तुलनामा यो वर्ष महिला हिंसा बढेको देखिन्छ।

गत वर्ष राज्यपक्षबाट एक जना पुरुष र गैरराज्यपक्षबाट ८५ महिला र दुई पुरुष गरी ८७ जना पीडित भएका थिए। यसवर्ष राज्यपक्षबाट कोही पनि पीडित भएनन् भने गैरराज्यपक्षबाट ५३ महिला र तीन पुरुष गरी ५६ जना पीडित भए।

यस वर्ष गैरराज्यपक्षबाट एक महिला र दुई पुरुषको हत्या भयो। सन् २०१४ मा दुई महिला र एक पुरुषको मृत्यु भएको थियो। कथित बोक्सीको आरोपमा चार जना, बलात्कारका घटनामा पाँच जना, यौन दुर्व्यवहार घटनामा एक, बहुविवाहको घटनामा एक र घरेलु हिंसाका घटनामा ७० जना महिला यस वर्ष पीडित भए।

बालअधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका पीडित भए, जसमा बालिका बलात्कार घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा दुई जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा ११ बालिका र एक बालक गरी १२ जना पीडित भएको तथ्याङ्क इन्सेकले अभिलेख गरेको छ।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालिका पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए भने महिलाहरू यौनिक हिंसा तथा घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ९० जना कैदी र कैद नतोकिएको २३ जना थुनुवा गरी जम्मा १ सय १३ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सिन्धुली जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष फैसला हुन बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या १ सय १२ थान र फौजदारी मुद्दाको सङ्ख्या १ सय ७० थान रहेको छ। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९४ प्रावि, ९८ निमावि, ६२ मावि र ६४ उच्च मावि छन्। यी विद्यालयमा १ हजार २ सय ८४ शिक्षक दरबन्दी रहेकोमा १ हजार २ सय ४ कार्यरत छन्। जिल्लाका विद्यालय जाने उमेरका ८६ हजार ७ सय १३ मध्ये छात्र ४१ हजार ५ सय ३९ र छात्रा ४४ हजार ९ सय १३ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ३ सय ८८ र छात्र ४ हजार ८ सय ४५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ५ सय ९४ र पुरुष ९ सय ९७ गरी जम्मा १५ सय ९१ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला ३१ र पुरुष २ सय ८५ गरी जम्मा ३ सय १६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला २० र पुरुष २ सय ३४ गरी जम्मा २ सय ५४ शिक्षक रहेका छन्।

जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २५ करोड ४६ लाख ९६ हजार ९ सय ८० रुपियाँमा प्रशासनिक खर्च ८१ लाख ६५ हजार रुपियाँ रहेको छ।

बालविकास केन्द्रमा बालक २ हजार ८ सय २३ र बालिका २ हजार ८ सय ५८ गरी जम्मा ५ हजार ६ सय ८१ रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	९	९
यौन दुर्व्यवहार	३	३
जम्मा	११	११

हत्या

महेन्द्रझाडी गाविस-८ का आठ वर्षीय ज्ञानलाल थिङको २०७२ असोज २६ गते हत्या भएको प्रहरीले जनायो। घरबाट हराएको चार दिनपछि असोज २९ गते घरनजिकै खाल्डोमा पुरिएको अवस्थामा उनको शव भेटिएको थियो। हत्याको आरोपमा सोही स्थानका १६ वर्षीय एक बालकलाई २०७२ कात्तिक १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित परिवारले कात्तिक १ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए। शवको कात्तिक १२ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरिएको थियो। सो मुद्दा कात्तिक २२ गते जिल्ला अदालतमा पेश गरिएकोमा कात्तिक २३ गते अदालतले बालकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष तीन वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू १५ देखि ७० वर्ष उमेरसम्मका रहेका छन्। बलात्कार घटनामा स्थानीय व्यक्ति र बालकको संलग्नता देखियो। बलात्कार घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा दुई जना पीडित भए पनि चार घटनाका दोषीहरूलाई दुईदेखि १० वर्षसम्म कैद सजायको फैसला सिन्धुली जिल्ला अदालतबाट भएको छ। अभिलेखित घटनाअनुसार तीन घटनाका आरोपितलाई यो वर्षको अन्त्यसम्म कानुनी दायरामा ल्याउन सकिएको छैन। दुई घटनाका आरोपित जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन् भने एक घटनाका आरोपित धरौटी राखी तारेखमा रिहा भए।

१५ वर्षीय एक बालिकालाई २०७२ साउन १४ गते बलात्कार गरेको आरोपमा रानीचुरी गाविस-६ टंसारका २९ वर्षीय ललित भनिने नीलबहादुर रम्तेललाई साउन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले साउन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको साउन १७ गते जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई भदौ ७ गते जिल्ला अदालतमा पेश गरिएकोमा भदौ २८ गतेको इजलासले ६ वर्ष कैदको फैसला गऱ्यो। आरोपित जिल्ला कारागार सिन्धुलीमा कैद भुक्तान गरिरहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ५२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र सिन्धुलीमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २९ जना, खानलाउन नदिएको १८ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको चार, मार्ने धम्की दिइएकोमा एक गरी ५२ जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले ४४ घटनामा मिलापत्र गराएको, ६ घटना अनुसन्धान प्रक्रियामा रहेको र दुई उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	४	४
बलात्कार	५	५
बहुविवाह	१	१
घरेलु हिंसा	६०	६०
यौन दुर्व्यवहार	१	१
जम्मा	८१	८१

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यस वर्ष सिन्धुली जिल्लामा पाँच जना महिला बलात्कृत भए भने एक जना महिला यौन दुर्व्यवहारबाट पीडित भए। जसमध्ये एक बोल्न नसक्ने र एक विधुवा महिला पीडित भएको पाइयो। बलात्कारका पाँच घटनामध्ये एक घटनाका दोषीलाई पाँच वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला जिल्ला अदालतले गऱ्यो भने एक घटना आरोपित धरौटीमा रिहा भए। त्यस्तै दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् भने एक घटनाका आरोपितलाई यो वर्षको अन्त्यसम्म कानुनी दायरामा ल्याउन सकिएको छैन। यौन दुर्व्यवहार एक घटनाका आरोपितलाई जिल्ला अदालत सिन्धुलीले अढाई वर्ष कैद फैसला गऱ्यो।

२० वर्षीया एक महिलालाई २०७२ जेठ १२ गते बलात्कार गरेको आरोपमा भीमेश्वर गाविस-२ का २८ वर्षीय सुरेन्द्र भनिने सञ्जय तामाङविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा जेठ २९ गते मुद्दा दर्ता गरिन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिन्धुलीमा असार १ गते गरिएको थियो। आरोपितलाई जेठ २९ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला न्यायाधीश दिपककुमार खरेलको भदौ २९ गतेको एकल इजलासले पाँच वर्ष कैद सजाय र ५० हजार रुपियाँ क्षतिपूर्तिको भराउने फैसला गऱ्यो। जिल्ला अदालतको असार १६ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा थिए।

परिवारजनबाट हत्या

पोखरी गाविस-६ की ३५ वर्षीया गङ्गा विकलाई २०७२ असार ९ गते राति घाँटी थिची हत्या गरेको आरोपमा पति ३२ वर्षीय केदार विक र काका ६० वर्षीय टेकबहादुर विकलाई असार १० गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको एकल इजलासले मङ्सिर १६ गते आरोपित केदार विकलाई २० वर्ष कैद र काका टेकबहादुर विकलाई ६ महिना कैद सजायको फैसला गऱ्यो। जिल्ला अदालतले साउन ८ गते आरोपित उनीहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। शवको जिल्ला अस्पतालमा असार १३ गते पोस्टमार्टम गरिएको थियो।

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार

क्यानेश्वर गाविस-९ सिसौदमारकी ४० वर्षीया शनिमाया थिङ, उनको पति ३३ वर्षीय सानुमान थिङ, उनकी आमा कल्पवृक्ष गाविस-९ घर भई छोरीको घरमा आएकी ५५ वर्षीया बुद्धिमाया स्याङतान, फूपु ४५ वर्षीय लिलामाया थिङ र बहिनी २२ वर्षीया सञ्जिमाया थिङलाई २०७१ माघ २१ गते कथित बोक्सीको आरोप लगाउँदै स्थानीय ६० वर्षीया माइलीरानी थिङ, उनका परिवार र गाउँलेले कुटपिट गरी अभक्ष खुवाएको भन्दै पीडितपक्षले माघ २३ गते प्रहरी चौकी क्यानेश्वरमा घटनाको लिखित जानकारी गराएका थिए भने जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा ११ जनाविरुद्ध माघ २७ गते किटानी जाहेरी दिएका थिए। आरोपितहरूलाई फागुन ३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालत सिन्धुलीका न्यायाधीश देवेन्द्र पौडेलको एकल इजलासले २०७२ जेठ ११ गते जनही पाँच/पाँच हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

सिन्धुली जिल्लामा सरकारी स्वामित्व रहेको ५१ शैयाको जिल्ला अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ५१ स्वास्थ्य चौकी, २० ओटा बर्थिङ सेन्टरहरू सञ्चालनमा छन्। चार जना डाक्टरको दरबन्दी रहेको सिन्धुलीमा चारै जना कार्यरत छन्। चार जना स्टाफ नर्सको दरबन्दी रहेकोमा दुई ओटा दरबन्दी रिक्त, ल्याव असिस्टेन्टको एक दरबन्दी, अहेव १ सय १४ जनाको दरबन्दी रहेकोमा ९७ जना कार्यरत, अनमिको दरबन्दी ८९ रहेकोमा कार्यरतको ७० जना, हेल्थ असिस्टेन्टको दरबन्दी ३१ रहेकोमा सात जनाको रिक्त रहेको छ। एक जना स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेकोमा कार्यरत छन्।

सिन्धुली जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड १७ लाख ११ हजार रुपियाँ रहेको छ। ११ करोड ६१ लाख ५५ हजार रुपियाँ प्रशासनिक खर्चका लागि छुट्याइएको छ। औषधि खर्च ५५ लाख ५६ हजार रुपियाँ रहेको छ।

२.५ रामेछाप



जम्मा जनसङ्ख्या
२०२६४६

महिला
१०५२६०

परिवार सङ्ख्या
४३५१०

खोलाको पानी पिउने परिवार
१२४२

शौचालय नभएका परिवार
१६०४७

कामका लागि बाहिरिएका
१११५५

सबभन्दा बढी जनसङ्ख्या
५४४६१ (क्षेत्री)

अपाङ्गता भएका
४४१८

५ वर्षमाथिको साक्षरता प्रतिशत
५७

सरकारी विद्यालय
४६५

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	७		७
जातीय विभेद	१	४	५
कुटपिट	१	२	३
धम्की		१	१
हत्या	३		३
जम्मा	१५	७	२२

सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा कम भए। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ जना पीडित भएका थिए भने सन् २०१५ मा यो सङ्ख्या २२ मात्र रहेको छ।

गत वर्ष राज्य पक्षबाट एक जना महिला पीडित भएका थिए भने यो वर्ष राज्यपक्षबाट कोही पीडित भएनन्। यस वर्ष गैरराज्यपक्षबाट १५ जना महिला र सात जना पुरुष गरी २२ जना पीडित भए भने गत वर्ष गैरराज्यपक्षबाट १६ जना महिला र आठ जना पुरुष गरी २४ जना पीडित भएका थिए।

यो वर्ष गैरराज्यपक्षबाट तीन जना महिलाको हत्या भयो। सन् २०१४ मा एक जना महिलाको हत्या भएको थियो। घरेलु हिंसाका घटनामा ६ जना र बहुविवाहका घटनामा एक जना गरी सात जना महिला यस वर्ष पीडित भए। बालअधिकार उल्लङ्घनका घटनामा तीन जना पीडित भए। जसमध्ये दुई बालिका बलात्कृत घटनामा पीडित भए भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा तीन जना बालिका पीडित भएको तथ्याङ्क इन्सेकमा अभिलेख छ।

यो वर्ष जातीय विभेदको घटनामा एक महिला र चार पुरुष गरी पाँच जना पीडित भए भने गत वर्ष यस्ता घटना अभिलेख थिएन।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भएका छन् भने महिलाहरू घरेलु हिंसबाट बढी पीडित भएको पाइएको छ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद

तोकिएको २ सय ४१ र कैद नतोकिएको १४ थुनुवा गरी कुल २ सय ५५ जना कैदी बन्दीहरू रहेका छन्। जसमा कैदी महिला १३ र थुनुवा ३ गरी १६ जना महिला छन्। त्यस्तै पुरुषतर्फ कैदी २ सय २८ र थुनुवा ११ गरी १ सय ३९ जना रहेका छन्। २०७२ वैशाख १२, १३ र २९ गते आएको भूकम्पको कारण कारागार भवन भत्किएको छ। अहिले अस्थायी भवन निर्माण गरी बन्दीहरूलाई राखिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रामेछाप जिल्ला अदालतमा एक जनामात्र न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा २०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ४८ थान र फौजदारी मुद्दा ५१ थान रहेका छन्। दुई वर्षभन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा यस अदालतमा न्यायाधीशले १ सय ७१ ओटा मुद्दा हेर्नु पर्ने देखिन्छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७३ ओटा प्रावि, ७९ निमावि, ४८ मावि र ४२ उच्च मावि रहेका छन्। जिल्ला शिक्षा कार्यालय रामेछापका अनुसार यस जिल्लाका विद्यालय जाने उमेरका छात्र २३ हजार ३९ र छात्रा २५ हजार ८ सय ८८ प्राथमिक तहदेखि उमावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र २ हजार ६ यस ५८ र छात्रा २ हजार ८ सय ५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा जम्मा ८ सय ९८ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा जम्मा १ सय ५३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा जम्मा १ सय १७ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक २ हजार ५ सय ५८ र बालिका २ हजार ७ सय ९ गरी जम्मा ५ हजार २ सय ६७ रहेका छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८९ करोड ४० लाख १० हजार ४ सय ८० रुपियाँ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
यौन दुर्व्यवहार	१	१
जम्मा	३	३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष १५ देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपितहरू ५५ वर्ष उमेरसम्मका रहेको इन्सेकको अभिलेखमा रहेको छ। बलात्कार घटनामा स्थानीय व्यक्ति, छिमेकी र शिक्षकको संलग्नता देखियो। बलात्कार घटनामा दुई जना बालिका पीडित भए भने यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भएको पाइयो। बलात्कार तथा यौन दुर्व्यवहारका तीन ओटै घटनाका आरोपितहरूलाई कानुनको दायरामा ल्याइए पनि जिल्ला अदालतबाट यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१७ वर्षीया एक बालिकालाई २०७२ असार ३० गते राति बलात्कार गरेको आरोपमा मन्थली नपा-१३ का २६ वर्षीय रोशन माझीलाई साउन १ गते प्रहरीले काभ्रे जिल्लाको साँगाबाट गिरफ्तार गऱ्यो। पीडित पक्षले साउन १ गते प्रहरीमा उजुरी दर्ता गरेका थिए। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा असार ३१ गते स्वास्थ्य परीक्षण गरिएको थियो। प्रहरीले आरोपितलाई साउन ५ गते जिल्ला अदालत रामेछापमा पेश गरेकोमा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १३ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र रामेछापमा उजुरी दर्ता गराए। उजुरी उपर प्रहरीको महिला सेलमा छलफलपछि मिलापत्र भएको सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बहुविवाह	१	१
घरेलु हिंसा	६	६
जम्मा	७	७

परिवारजनबाट हत्या

यो वर्ष परिवारजनबाट तीन जना महिलाको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनाअनुसार रामेछाप नपा-४ डुम्रिबोटकी पत्नी २९ वर्षीय इन्द्रा खत्री विकलाई २०७२ साउन २२ गते साँझ मन्थली नपा-१ स्थित जङ्गलमा हत्या

गरेको आरोपमा पति २६ वर्षीय रमेश विकलाई साउन २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार साउन २३ गते दिउँसो वस्तु चराउन गएका गोठालाहरूले जङ्गलमा बच्चा रोएको सुनेपछि हेर्न जाँदा उनकी १४ महिनाको छोरी रोजिना विकलाई जिवितै फेला पारेपछि उनीहरूले प्रहरीमा खबर गरेकामा प्रहरीले बालिका रहेको स्थानभन्दा १५ मिटरमाथि शव फेला परेको थियो। सुर्खेतको छिन्चु-१ माइती भएकी खत्री साउन २० गते राति मन्थलीको भैसेसुरस्थित खड्ककुमारी श्रेष्ठको होटलमा बास बसेकी थिइन्। रामेछापमा रहेका पतिलाई भेट्न उनी साउन २१ गते विहान होटलबाट रामेछाप बजार पुगेकी थिइन्। नेपाली सेनामा कार्यरत आरोपित रमेशले सुर्खेतमा जागिरमा गएको बेला उनीसँग दोस्रो विवाह गरेका थिए। जिल्ला अदालतले असोज ६ गते आरोपित विकलाई सर्वस्व हरणसहित आजीवन कारावासको सजाय फैसला गऱ्यो।

सबै प्रकारको जातीय विभेद

मन्थली नपा-४ का १८ वर्षीय सन्तोष विकले अन्तर्जातीय विवाह गरेको ओरापमा उनको बाबु ५० वर्षीय कृष्णबहादुर विक, आमा ४५ वर्षीया विमला विक तथा दाजु २० वर्षीय हरिबहादुर विकलाई २०७२ जेठ ९ गते मन्थली नपा-१ का ३० वर्षीय श्यामबहादुर भुजेल, २८ वर्षीय नारायण भुजेललगायत १० जनाले पीडितको घरमा नै गई बाँसका भाटा, लाठी र ढुङ्गाले आक्रमण गरी घाइते बनाए। कृणबहादुरको टाउकोमा चोट लागेको थियो। विमलाको दाहिने गोडा भाँचियो थियो भने हरिको दायाँ आँखामाथि चोट लागेको थियो। घाइते कृष्णबहादुर र विमलालाई काठमाडौँमा लगी उपचार गरिएको थियो भने हरिको मन्थलीमा उपचार गरिएको थियो। सन्तोष र चिनाले २०७१ वैशाखमा भागी विवाह गरेका थिए। काठमाडौँबाट घर आएको थाहा पाएपछि उनीहरूलाई आक्रमण गर्न पुगेका चिनाको माइती पक्षले दुवै जनालाई फेला नपारेपछि परिवारका अन्य सदस्यलाई कुटपिट गरेका थिए। पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी गरे। घटनाउपर कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

रामेछाप जिल्लामा एउटा जिल्ला अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ४८ ओटा स्वास्थ्य चौकी र एउटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालय रामेछापका अनुसार जिल्लामा पाँच जना डाक्टरको दरबन्दी रहेकोमा पाँचै जना कार्यरत छन्। अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। ६ जना स्टाफनर्सको दरबन्दी रहेकोमा एक जनाको दरबन्दी रिक्त रहेको छ। ५७ जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकोमा ३१ जनाको दरबन्दी रिक्त रहेको छ। १ सय १६ जना अहेवको दरबन्दी रहेकोमा ३२ जनाको दरबन्दी रिक्त छ। १ सय १५ जना अनमिको दरबन्दीमा ४६ जनाको दरबन्दी रिक्त छ। तीन जना ल्याव असिस्टेन्टको दरबन्दीमा एक जनाको दरबन्दी रिक्त छ। दुई जना खोप सुपरभाइजरको दरबन्दीमा दुवै जना कार्यरत छन् भने क्षय/कुष्ट सुपरभाइजरको एक-एक दरबन्दीमा एक जना नै कार्यरत छन्।

जिल्ला स्वास्थ्य कार्यालयको कुल बार्षिक बजेट १६ करोड ७९ लाख १९ हजार रुपियाँ रहेको छ। जसमध्ये प्रशासनिक खर्च १० करोड ७५ लाख ३१ हजार ५ सय रुपियाँ रहेको छ भने कार्यक्रम खर्च ६ करोड ३ लाख ८७ हजार ५ सय रुपियाँ रहेको छ। यसबाट औषधी खरिदको लागि ४५ लाख रुपियाँ छुट्याइएको छ।

२.६ दोलखा



जम्मा जनसङ्ख्या
१८६५५७

महिला
९५५४०

परिवार सङ्ख्या
४५६८८

खोलाको पानी पिउने परिवार
५३७

शौचालय नभएका परिवार
१३८६०

कामका लागि बाहिरिएका
१०१२१

सबभन्दा बढी जनसङ्ख्या
६२३३५ (क्षेत्री)

अपाङ्गता भएका
५५८७

५ वर्षमाथिको साक्षरता प्रतिशत
९५.४१

सरकारी विद्यालय
३९६

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार		२	२
महिलाअधिकार	८		८
कुटपिट	१		१
हत्या	४		४
जम्मा	१९	२	२१

यस जिल्लामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनामा गत वर्षको तुलनामा सामान्य सुधार आएको छ। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २२ महिलाा पीडित भएकामा सन् २०१५ मा १५ महिलासहित २१ जना पीडित भएका छन्। गत वर्ष गैरराज्य पक्षबाट हत्याका घटनामा एक जना पीडित थिए भने यो वर्ष चार महिलाा पीडित भए। यो वर्ष आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारबाट दुई जना पीडित भए। गत वर्ष बालबालिका विरुद्धका घटनामा सात जना पीडित भएकामा यो वर्ष ६ जना बालिका पीडित भए। महिला हिंसाविरुद्धका घटनामा गत वर्षको तुलनामा यो वर्ष घटेको छ। गत वर्ष यस्ता घटनाबाट १४ जना महिला पीडित भएका थिए भने सन् २०१५ मा आठ जना महिला पीडित भए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारकाको बन्दी क्षमता २५ जनाको रहेको छ। नयाँ निर्मित १७ जनाको क्षमताको महिला बन्दीगृहमा कैद तोकिएको ४५ जना र कैद नतोकिएका १४ जना गरी ५९ जना पुरुष बन्दी रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दोलखा जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। जिल्ला अदालतमा २०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ८७ थान र फौजदारी मुद्दा १ सय ५१ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना कुनै पनि देवानी र फौजदारी मुद्दा जिल्ला अदालतमा बाँकी छैनन्। यस अदालतमा प्रतिन्यायाधीश १ सय १९ हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक र संस्थागत गरी २ सय ३२ प्रावि, ८२ निमावि, ५१ मावि र ४२ उच्च मावि रहेका छन्। १ हजार ८ सय ५५ जना शिक्षकको दरबन्दी रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका सबै तहमा गरी ५५ हजार ३ सय ६७ जना छात्रछात्रा विद्यालयमा भर्ना भए। जसमा ४ हजार ७ सय ११ जना दलित छात्रछात्रा रहेका छन्।

गत वर्षको तुलनामा यो वर्ष बालअधिकारका घटनामा सामान्य कमी आएको पाइयो। गत वर्ष पाँच बलात्कार र दुई यौन दुर्व्यवहार गरी सात जना पीडित भएकामा यो वर्ष पाँच बलात्कार र एक यौन दुर्व्यवहारका घटनाबाट ६ जना बालिका पीडित भए। यो वर्ष दुई सामूहिक बलात्कारका घटनामध्ये एकमा दुई प्रहरी संलग्न रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
यौन दुर्व्यवहार	१	१
जम्मा	६	६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई २०७१ फागुन २० गते ६९ वर्षीय हजुरबाले आफ्नै घरमा बलात्कार गरेको आरोपमा पीडितकी आमाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। आरोपितलाई प्रहरीले फागुन २२ गते गिरफ्तार गरेकोमा आरोपितलाई जिल्ला अदालतले चैत २ गते दुई वर्ष ६ महिना जेल सजायको फैसला गऱ्यो।

सुस्त मनस्थितिकी १३ वर्षीया एक बालिकालाई २०७२ जेठ १० गते ६५ वर्षीय वीरबहादुर कुसुले पैसा र चाउचाउ दिएर पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितकी आमाले आरोपितविरुद्ध जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षणमा जेठ २८ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोट भयो। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	३	३
यौन दुर्व्यवहार	१	१
जम्मा	८	८

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय ९ ओटा घरेलु हिंसाका उजुरी दर्ता भए। ती घटनामध्ये ६२ ओटा घटना मिलापत्र भए भने ४७ ओटा घरेलु हिंसाका घटनामा कारबाही प्रकृया अगाडि बढाएको सेवा केन्द्रले जनायो।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने हिंसा तथा ज्यादतीका घटनामा कमी आयो। गत वर्ष यस्ता घटनाबाट १४ जना महिला पीडित भएकामा सन् २०१५ मा आठ जना महिला पीडित भए। गत वर्ष दुई बलात्कार, दुई बलात्कार प्रयास, सात बहुविवाह, दुई घरेलु हिंसा र एक कथित बोक्सीको आरोपबाट पीडित भएकामा यो वर्ष तीन जना बलात्कारबाट, दुई जना बलात्कार प्रयासबाट, एक यौन दुर्व्यवहार र दुई बहुविवाहका घटनाबाट पीडित भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६० वर्षीया एक वृद्धालाई २०७२ जेठ ३२ गते ७३ वर्षीय वृद्धले कटेरोमा सुतिरहेको बेला बलात्कारको प्रयास गरेको आरोपमा पीडितले असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा भयो। आरोपितलाई असार ७ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले असार २४ गते आरोपितलाई थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

२८ वर्षीया एक महिलालाई २०७२ असार १७ गते भीमेश्वर नपा-१० का ४५ वर्षीय मानवीर थामीले बलात्कार गरेको आरोपमा पीडितले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण असार १७ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई असार १७ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले साउन ११ गते आरोपितलाई

थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मद्दा फैसला भएको छैन।

परिवारजनबाट हत्या

भीमेश्वर नपा-१३ की ३३ वर्षीया लक्ष्मी लामालाई २०७२ वैशाख ६ गते ससुरा ५६ वर्षीय कर्साङ तमाङ, सासू ५१ वर्षीया सुन्तली तमाङ र पति ३३ वर्षीय हरि लामाले कुटपिट गरी घाइते बनाएकोमा वैशाख ९ गते उपचारका क्रममा पीडितको काठमाडौँमा मृत्यु भयो। पीडितका आफन्तले आरोपितविरुद्ध वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितत्रयलाई प्रहरीले वैशाख ९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले जेठ ५ गते कर्साङ र सुन्तलीलाई तारेखमा रिहा गऱ्यो भने हरि लामालाई थुन्ने आदेश दियो।

भुषाफेदा गाविस-६ की आठ महिनाकी गर्भवती १७ वर्षीया लालुमाया तामाङलाई २०७१ चैत १६ गते सासू ५६ वर्षीया फूलमाया तामाङ, ससुरा ५९ वर्षीय असलमान तामाङ र १७ वर्षीय बोले भनिने मनीष वाइवाले गोल्फु पाखा जङ्गलमा हत्या गरेको आरोपमा पीडितका आफन्तले ०७१ चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। छोराले प्रेमविवाह गरेर ल्याएकी बुहारीको आमा बुबाले सगुन लिएका थिएनन्। लालुमायाको हत्यापछि आरोपितहरूले घटनाको भोलिपल्ट प्रहरीमा दोषीलाई कारबाही गर्न माग गरेर बच्ने प्रयास गरेका थिए। आरोपितहरूलाई प्रहरीले चैत २४ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले २०७२ वैशाख १६ गते आरोपितहरूलाई थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मद्दा फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पति कब्जा

लादुक गाविस-७ का जीतवीर लामा र उनका छोरा हेमलाल लामाको सोही गाविस-८ सिँगटी बजारमा रहेको घर र जग्गा नेकपा माओवादी विप्लव समूहका जिल्ला सेक्रेटरी संजीव नेपालीले २०७२ वैशाख ७ गते विज्ञप्ति प्रकाशित गरी कब्जा गरेको घोषणा गरे। जीतवीर लामाले सो स्थानमा रहेको घर र जग्गा ६० हजार रुपियाँ मूल्याङ्कन गरी बावरे गाविस-६ का डम्बरबहादुर बुढाथोकीबाट २०५८ भदौमा ५४ हजार १ सय ४० रुपियाँ लिएकोमा हालसम्म कानुनी रुपमा जग्गा पास नगरी उल्टै बुढाथोकी परिवारलाई हातपात र गालि गलौज गरेको भनी कानुनी रूपमा बुढाथोकीलाई घरजग्गा हस्तान्तरण नगरेसम्म पार्टीले घरजग्गा कब्जा गरेको उल्लेख छ।

स्वास्थ्य सेवाको अवस्था

दोलखा जिल्लामा एउटा जिल्ला अस्पताल छ। जिल्लामा ५२ ओटा स्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङकअनुसार जिल्लामा दुई जना डाक्टरको दरबन्दी रहेकोमा दुवै जना कार्यरत छन्। १ सय ४ जनाको दरबन्दीमा अहेव दुई रिक्त छ। अनमीको दरबन्दी १ सय ४ जनाको रहेकोमा २८ रिक्त छ। ५४ जनाको दरबन्दी रहेको हेल्थ असिस्टेन्टमा २७ रिक्त छ। ल्याव असिस्टेन्ट एक जनाको दरबन्दी रहेकोमा १ नै कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड १९ लाख ८९ हजार रुपियाँ रहेकोमा प्रशासनिक खर्च ८ करोड ९ लाख ८९ हजार रुपियाँ र औषधिका लागि १० लाख रुपियाँ विनियोजन गरिएको छ।

२.७ रौतहट



जम्मा जनसङ्ख्या
६८६७२२

महिला
३३५६४३

परिवार सङ्ख्या
१०६६६८

खोलाको पानी पिउने परिवार
१३८

शौचालय नभएका परिवार
८०४८५

कामका लागि बाहिरिएका
५३३१

सबभन्दा बढी जनसङ्ख्या
१३५५१५ (मुस्लिम)

अपाङ्गता भएका
८६५८

५ वर्षमाथिको साक्षरता प्रतिशत
४७

सरकारी विद्यालय
४६३

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६६	६६		१५	१५
बालअधिकार				११		११
अमानवीय व्यवहार					१	१
महिलाअधिकार				३६		३६
भेला/सङ्गठित हुने अधिकार	२	३९	४१			
गिरफ्तारी/यातना		१३	१३			
कुटपिट				१		१
धम्की					३	३
हत्या		२	२	६	२	८
जम्मा	२	१३०	१३२	५४	२१	७५

रौतहटको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा १ सय १२ महिलासहित १ सय १७ जना पीडित भएका थिए भने सन् २०१५ मा ५६ महिलासहित १ सय ५७ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा दुई महिलासहित १ सय २२ जना पीडित भए। जसमध्ये दुई जनाको प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भयो। मृतकका परिवारले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्। मृत्यु हुनेमा १७ वर्षीय बालकसमेत रहेको पाइयो। यसवर्ष सुरक्षाकर्मीको गोलीबाट ६०, झडपमा ६, कुटपिटबाट ६६ जना घाइते भए भने १३ जना गिरफ्तार तथा यातनाबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यसैगरी दुई महिलासहित ४१ जना अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट पीडित भए। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले जिल्ला अदालत, जिल्ला प्रशासन, जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय तोडफोड गरेको पाइयो। मोर्चाका कार्यकर्ताले दुई जनालाई आगो लगाई घाइते बनाए भने आफू अनुकूलको समाचार प्रकाशन नभएको भन्दै मोर्चाका कार्यकर्ताले कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्टलगायतका राष्ट्रिय दैनिक पत्रिका जलाए।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहार र बेचबिखनबाट पीडित भए भने महिला यौनिक तथा घरेलु हिंसा, कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार, बेचबिखन र बहुविवाहबाट पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष पाँच महिलाको हत्या भएको थियो भने यो वर्ष ६ महिलासहित आठ जनाको हत्या भयो। जसमध्ये चार महिलाको परिवारजनबाट हत्या भयो भने दुई महिलाको हत्या घटनाका आरोपितको पहिचान हुन सकेन।

बालअधिकार उल्लङ्घनका ११ ओटा घटनामा नौ बालिका बलात्कारका घटनाबाट पीडित भएभने एक जना यौन दुर्व्यवहार र एक जना बेचबिखनबाट पीडित भए।

मधेसी मोर्चाले आह्वान गरेको बन्दका कारण ०७२ साउन २७ गतेदेखि बन्द रहेका जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालय यस वर्षको अन्त्यसम्म खुलेनन्। बन्दका कारण दक्षिणी भेगका निजी विद्यालयमा पनि पठनपाठन भएन। स्वास्थ्य संस्था सञ्चालन भए पनि बन्दका कारण जिल्लामा औषधिको अभाव रह्यो। मोर्चाका कार्यकर्ताले चुरे तराई विकास संरक्षणद्वारा सञ्चालित एक एम्बुलेन्समा आगजनी गरे। पूर्वपश्चिम राजमार्गमा यातायातका साधन चले पनि गौर चन्द्रनिगाहपुर सडकखण्डमा ०७२ साउन २७ गतेदेखि बन्द रहेका सवारी साधन यस वर्षको अन्त्यसम्म सञ्चालनमा आएनन्।

बन्दका कारण न्याय क्षेत्र पनि प्रभावित भएको पाइयो। अदालतमा थुनछेक हुनेबाहेक अन्य कुनै पनि मुद्दामा फैसला भएको पाइएन। बन्दका कारण मालपोत, शिक्षा, भन्सार, राजश्व कार्यालय पूर्ण प्रभावित भए। मालपोत कार्यालयमा जग्गा पासको काम भएन भने राजश्व कार्यालयमा राजश्व सङ्कलन हुन सकेन। जिविसको पुरानो भवन, एमाले पार्टी कार्यालयमा आगजनी तथा जिल्ला अदालत भवन, मालपोत कार्यालय तथा नापी कार्यालय र काङ्ग्रेसको पार्टी कार्यालय भवन तोडफोड भए। मोर्चाका कार्यकर्ताले इलाका प्रहरी कार्यालय कटहरिया, प्रहरी चौकी बंकूल र इलाका प्रहरी कार्यालय गङ्गाप्रिपामा तोडफोड तथा आगजनी गरे। असुरक्षाका कारण जिल्लाका २२ ओटा प्रहरी चौकी जिल्ला कार्यालयमा विस्थापित भएकोमा दश दिनपछि सबै प्रहरी चौकी आ-आफ्ना स्थानमा पुनर्स्थापित भए। सुरक्षाकर्मीलाई घरभाडा र रासन दिए भौतिक कारबाही गर्ने विज्ञप्तिमार्फत मार्चाले सार्वजनिक गरेकोमा सबै पक्षको तीव्र विरोध भएपछि सच्चाइएको पाइयो। मोर्चाका कार्यकर्ताले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको गौरस्थित घरमा धेरैपटक आक्रमणको प्रयास गरे पनि क्षति भएन।

प्रहरी र प्रदर्शनकारीबीचको झडपमा प्रहरीले प्रहार गरेको गोली प्रहारबाट मृत्यु भएका तवरेज आलम

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

मठिया गाविस-६ का २० वर्षीय राजकिशोर ठाकुरको २०७२ भदौ ८ गते जिल्ला सदरमुकाम गौरमा भएको प्रदर्शनको क्रममा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। प्रदर्शनकारीले गौर नाका प्रवेश गर्न कविर चोकमा जम्मा भई प्रहरीको घेरा तोड्न खोज्दा पनि स्थिति सामान्य नभई प्रहरीमाथि ढुङ्गामुढा गरेपछि गोली चलाएको प्रहरीले जनायो। ठाकुरको गौर अस्पतालमा पोस्टमार्टम भए पनि आफन्तले शव बुझ्नेन्। स्थानीय प्रशासन र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भदौ १२ गते पीडित परिवारलाई क्षतिपूर्ति दिने सहमति भएपछि मृतक परिवारले शव बुझी दाहसंस्कार गरे। यसवर्षको अन्त्यसम्म मृतकका परिवारले क्षतिपूर्ति पाएनन्।

तेजापाकड गाविस-१ घरभई जुद्ध उच्चमावि गौरमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय तवरेज आलमको २०७२ पुस ५ गते दिउँसो जिल्ला सदरमुकाम गौरमा प्रहरी र प्रदर्शनकारीबीचको झडपमा प्रहरीको गोली लागी मृत्यु भयो। कोखामा गोली लागेका आलमलाई उपचारका लागि गौर अस्पताल पुऱ्याउनुअघि उनको बाटोमा मृत्यु भइसकेको थियो। जिल्ला प्रशासन कार्यालयमा पुस ९ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र प्रहरी प्रशासनबीच मृतकका परिवारलाई क्षतिपूर्ति दिने सहमति भए पनि पीडित परिवारले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्। प्रदर्शनका क्रममा प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै हवाई फायरसमेत गरेको जनायो। उत्तेजित भीडले प्रहरीलाई लक्षित गरी ढुङ्गा, शिशाका वोतल प्रहार गर्दै जुलुस जिल्ला प्रहरी कार्यालयतर्फ बढ्न खोजेपछि गोली चलाउनु परेको प्रहरीले दावी गऱ्यो। प्रदर्शनकारीको आक्रमणबाट इन्सपेक्टरद्वय प्रताप पौडेल, वीरेन्द्र पासवान, सई मदन ठाकुरलगायतका सुरक्षाकर्मी घाइते भए।

गोली/विस्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको मधेस बन्दको १० औँ दिन २०७२ भदौ ६ गते रौतहटको सदरमुकाम गौरमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीले प्रहार गरेको गोली लागी गौर नपा-२ का ३३ वर्षीय सोमिन्द्र महतो र वैरीया गाविस-८ का २३ वर्षीय राजेश साह घाइते भए। टाउकोमा गोली लागेका घाइते दुवैको बीरगञ्जमा उपचार भयो। प्रहरीको गोली लागी घटनामा पचरुखी गाविस-६ का ३२ वर्षीय भुषण मिश्र, गौर नपा-१० का ३५ वर्षीय लालबाबु बैठा, सोही ठाउँका ३२ वर्षीय करिमन मिँया, ३० वर्षीय रामप्रवेश यादव, ४१ वर्षीय अबु महमद, २५ वर्षीय जितेन्द्र साह, ५५ वर्षीय सेख मैनुद्दिन, सोही नपा-७ का ३० वर्षीय सरोज पण्डित, ३५ वर्षीय धीरेन्द्र राय, ३३ वर्षीय दिपेन्द्र कुसवाहा, १५ वर्षीय रुपेस सहनी, १७ वर्षीय सरोज यादव, २५ वर्षीय जयमदन साह, १६ वर्षीय मुकेश कुमार कुसवाहा, सोही नपा-४ का २४ वर्षीय योगराज पटेल, सोही नपा-५ का २५ वर्षीय चन्देश्वर साह, ४८ वर्षीय जगत लाल, १७ वर्षीय पवन पासवान, १६ वर्षीय त्रिलोक साह, १८ वर्षीय आशिष कुमार, राजपुर गाविस-३ का २० वर्षीय सोभीलाल साह, जिगडवा वेलविछ्वा-९ का १८ ताहिर आलम, गौर नपा-७ का १७ वर्षीय विजयकुमार यादव, अकोलवा-४ का ४० वर्षीय सेख मैनुद्दिन, लौकाहा गाविस-९ का २५ वर्षीय राजेश साहा, टेंग्राहा गाविस-९ का ५५ जयमङ्गलप्रसाद साह, पिप्रा भगवानपुरका १८ वर्षीय संजय सहनी, झुनखुनवा गाविस-४ का २२ वर्षीय राजेशकुमार साह, मत्सरी गाविस-५ का ३५ वर्षीय पुरुषोतम झा, माधोपुरका १७ जर्षीय सन्दिप साह, गौर नपा-२ का ५० वर्षीय दुरपतिया पासवान, धनुषा जिल्ला जनकपुर नपा-४ का २७ वर्षीय बिजयकुमार ठाकुर, गौर नपा-६ का २० वर्षीय बिगन गिरी, २९ वर्षीय राजेशकुमार यादव, २६ वर्षीय वीरेन्द्र यादव, ३० वर्षीय जितेन्द्रकुमार मिश्र, ३२ वर्षीय बच्चा सिंह, पिप्रा भगवानपुरका ४० वर्षीय कनक ओस्ता, पिप्रा भगवानपुर-३ का ३५ वर्षीय सेख खैरुल्लाह, पिप्रा भगवानपुर-३ का १९ अपसर अली, गौर नपा-१ का ३० वर्षीय चन्देश्वर बैठा, गौर नपा-६ का ४० वर्षीय लालबाबु पटेल, अकोल्वाका ३९ वर्षीय महमद मजरुद्धिन, मत्सरी-३ का ३३ वर्षीय विकास चौधरी, कल्वार मुडवलवा-६ का ३५ वर्षीय डनाकुमार, मठिया-६ का ३० वर्षीय राजकिसोर ठाकुर गरी ४८ जना घाइते भए। प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट सशस्त्र प्रहरीका सई चन्द्रबहादुर राई, बरिष्ठ सशस्त्र प्रहरी हबल्दार रामप्रवेश यादव घाइते भए। अधिकांश घाइते प्रदर्शनकारीहरूको टाउको र पेटमा रवरको गोली लागेको अस्पतालले जनायो। महिलाहरूले गौरमा निकालेको सांकेतिक तरवार जुलुस नगर परिक्रमा पश्चात प्रदर्शनकारीहरूले जिल्ला अदालत र जिल्ला प्रशसन कार्यालयमा ढुङ्गामुढा गरेका थिए। आन्दोलनकारीहरूले जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयको झ्यालका सबै शिशा फुटाए। आन्दोलनकारीहरूले विपी चोकतर्फबाट जिल्ला प्रहरी कार्यालयमा समेत तोडफोड गर्न थालेपछि हवाई फायर र रबर गोली चलाएको प्रहरीले दावी गऱ्यो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको मधेस बन्दको ११ औँ दिन २०७२ भदौ ७ गते रौतहटको सदरमुकाम गौरमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको गोली प्रहारबाट बैरीया गाविस-१ का ३५ वर्षीय अलाउद्धिन अन्सारी, पिपरिया परोहा गाविस-७ का ३० वर्षीय छविलाल यादव, गौर नपा-७ का ३७ वर्षीय छोटेलाल यादव, गौर नपा-५ का २२ वर्षीय संजयकुमार यादव, गौर नपा-६ का ३७ वर्षीय रामजी दास, गौर नपा-६ का ४८ वर्षीय रामसेवक सहनी, सर्लाही जिल्ला हथिऔल गाविसका ३१ वर्षीय नरेन्द्रकुमार सिंह, ईनर्वा गाविस-९ का २८ वर्षीय प्रमोद कुसवाहा, गौर नपा-५ का ३० वर्षीय प्रमोद यादव, गौर नपा-९ का ३६ वर्षीय सञ्जय कुसवाहा, गौर नपा- ९ का ४१ वर्षीय धर्मेन्द्र पासवान, गौर नपा-९ राजेश २४ वर्षीय कुमार झा, गौर नपा-६ का ३५ वर्षीय अरुणकुमार पटेल, सोही ठाउँका ३१ वर्षीय भजन पण्डित, प्रिता पोखरीया-२ का २८ वर्षीय सेख भोला, भेडियाहीका २७ वर्षीय ओमप्रकाश पटेल, गौरत नपा-६ का ३३ वर्षीय कामेश्वर सहनी, गौर नपा-३ का २५

आन्दोलनको क्रममा प्रहरीको गोली प्रहारबाट मृत्यु भएका राजकिशोर ठाकुर

वर्षीय विजय बर्मा, मिठूअवाका २२ वर्षीय विकासकुमार साह, सर्लाही सिसौटाका ३५ वर्षीय सुरज केसरी, लौककाका ४१ वर्षीय मजहर आलम र सोही ठाउँका ३५ वर्षीय मनचुक आलम घाइते भए। घाइतहरूको शरीरको विभिन्न भागमा रबरको गोली लागेको गौर अस्पतालले जनायो। घाइतेहरूको गौर अस्पतालमा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले २०७२ भदौ २७ गते जिल्ला सदरमुकाम गौरमा कर्फ्यु उल्लङ्घन गर्दै विरोध प्रर्दशन गर्ने क्रममा प्रदर्शनकारी र प्रहरीबीच झडप भयो। झडपमा प्रहरीको गाली लागी गौर नपा-६ का ४२ वर्षीय लालबाबु पटेल, सोही नपा-१ का २१ वर्षीय चन्देश्वर बैठा र अकोलवा गाविस-७ का ४५ वर्षीय मैहिरूद्दिन अन्सारी घाइते भए। घाइतेमध्ये लालबाबुको पिठ्यूँ, चन्देश्वरको टाउको, मैहिरूद्दिनको ढाडमा गोली लागेको थियो। उनीहरूको जिल्ला अस्पतालमा उपचार भयो।

थरुहट सङ्घर्ष समिति र संयुक्त लोकातान्त्रिक मधेसी मोर्चाले २०७२ असोज १५ गते रौतहटको चन्द्रनिगाहपुरस्थित पूर्व-पश्चिम राजमार्ग केन्द्रित आन्दोलन गर्न लाग्दा प्रहरी र प्रदर्शनकारीबीचको झडपमा प्रहरीको रबरको गोली लागी विश्रामपुर गाविस-६ का उमेश महतो र चन्द्रपुर नपा-१२ का अजय साह घाइते भए। महतोको टाउको र साहको हातमा गोली लागेको थियो। त्यसैगरी प्रहरीको लाठी प्रहारबाट थारु विद्यार्थी सङ्गठनका केन्द्रीय सदस्य शैलेन्द्र चौधरी, सभाका केन्द्रीय सदस्य अधिकलाल चौधरी, राजु चौधरी र जुगल चौधरी घाइते भए। प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट प्रहरी हवल्दार जहुर मिँया घाइते भए। गोली लागी घाइते भएका मध्ये महतोको उपचार गौर अस्पतालमा भयो भने अन्य घाइतेहरूको चन्द्रनिगाहपुर अस्पतालमा उपचार भयो।



मधेसी मोर्चाका कार्यकर्ताले मोसो दली दुर्व्यवहार गरिएका नेपाली जनता दलका अध्यक्ष हरिचरण साह

गैरराज्यपक्षबाट

गरुडा नपा- १ का २८ वर्षीय सुरेस साह र सोही ठाउँका २७ वर्षीय रामप्रवेश साहलाई २०७२ कात्तिक १० गते राति रौतहटको जयनगरमा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूले आगो लगाइ घाइते बनाए। गौर चन्द्रनिगाहपुर सडकखण्डको जयनगरमा बाटो अवरुद्ध गरी बसेका मोर्चाका कार्यकर्ताले गौरबाट गरुडा जाँदै गरेको ना १४ प ५१०५ नम्बरको मोटरसाइकल र अर्को एक नम्बर नखुलेको मोटरसाइकललाई नियन्त्रणमा लिएर आगो लगाए। पीडितहरू सदरमुकाम गौरको सीमानामा पर्ने पुलको नाकाबन्दीमा ऐक्यबद्धता जनाउन आएको बेला भारतीय बजारबाट उनीहरूले मोटरसाइकलमा तेल हालेका थिए। सीमामा जारी रहेको नाकाबन्दीमा सहभागी हुन उनीहरू मोटरसाइकल लिएर आएका थिए। घाइतेहरूको गरुडास्थित अनामिका अस्पतालमा उपचार भयो।

बारा जिल्ला सिमरा गाविस-५ घर भई रौतहटको गरुडास्थित श्रीराम सुगर मिलमा कार्यरत ५५ वर्षीय पुण्यप्रसाद पौडेललाई २०७१ माघ ९ गते राती अज्ञात समूहले गोली हानी घाइते बनायो। पीडित पौडेल सो मिलमा सुरक्षा गार्डमा कार्यरत रही ड्यूटीमा रहेको अवस्थामा राति ६ जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले उनलाई गोली प्रहार गरी घाइते बनाए। पीडितको छाती र हातमा भरुवा बन्दुकको गोली लागेको थियो। नारायणी उप-क्षेत्रीय अस्पताल बीरगञ्जमा पीडितको उपचार भयो। पौडेललाई कसले किन गोली प्रहार गरेको हो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाए पनि आरोपितहरूलाई प्रहरीले हालसम्म गिरफ्तार गर्न सकेन।

धम्की/ कुटपिट

गैरराज्यपक्षबाट

कान्तिपुर दैनिकका रौतहट समाचारदाता शिव पुरी, नागरिक दैनिकका मदन ठाकुर र एभिन्युज टेलिभिजनका गौतम श्रेष्ठलाई रौतहट क्षेत्र नं. १ का पूर्व सभासद तथा सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य बवन सिंहले जिल्ला सदरमुकाम गौरमा रहेको कोहिनुर एफएमलाई २०७२ भदौ २८ गते साँझ अन्तर्वार्ता दिने क्रममा पेट्रोल छर्केर आगो लगाइ मार्नु पर्ने बताए। तीन जना पत्रकारहरूले मधेसी मोर्चाको आन्दोलनलाई मत्थर पार्ने किसिमले समाचारहरू पठाएको, आन्दोलनको समाचार प्रकाशन र प्रशारण नगरेको भन्दै सिंहले मार्ने धम्की दिएका थिए।

इलाका प्रहरी कार्यालय गरुडाका इन्स्पेक्टर सन्तुप्रसाद जैसवार, सोही कार्यालयमा कार्यरत असई हिमाल थापा, सोही कार्यालयका असई भक्तबहादुर खड्का २०७२ भदौ २८ गते मधेसी मोर्चाका कार्यकर्ताको ढुङ्गा प्रहारबाट घाइते भए। गौर-चन्द्रनिगाहपुर सडक खण्डअर्न्तगत गरुडामा रहेको झाँझ नदीको पुलमा आन्दोलनकारीहरूले राखेको अबरोध हटाउन गएका प्रहरीहरूलाई प्रदर्शनकारीहरूले ढुङ्गा र गुलेली प्रहार गर्दा उनीहरू घाइते भएका थिए। घाइते उनीहरूको गरुडा अस्पतालमा उपचार भयो।

दुर्व्यवहार

नेपाली जनता दलका अध्यक्ष तथा सांसद हरिचरण साहलाई २०७२ मङ्सिर ३ गते साँझ गौरमा संयुक्त मधेशी मोर्चाका कार्यकर्ताहरूले मोसो दलेर दुर्व्यवहार गरे। जिल्ला सदरमुकाम गौरमा रहेको संस्कृति एफएममा अन्तर्वार्ता दिएर बाहिर निस्केका सभासद साहलाई एफएम परिसरमा लुकेर बसेका मोर्चाका नेताहरू अनिलकुमार सिंह, शेख जमसैंद, राजकिशोर यादव, बवन सिंहलगायतले मोसो दलेको साहले बताए। साहले मधेसविरोधी संविधानमा हस्ताक्षर गरेको भन्दै मोसो दलिएको मोर्चाका नेता अनिलकुमार सिंहले बताए। मधेसविरोधी संविधानमा हस्ताक्षर गर्ने सभासद्हरूलाई सामाजिक बहिष्कार गर्ने मोर्चाको निर्णयअनुसार उनलाई मोसो दलिएको सिंहले बताए। मोर्चाका कार्यकर्ताहरूले साह चढेको बा५प ३८४४ नं को पिकअप भ्यानसमेत तोडफोड गरेका थिए। घटना लगत्तै प्रहरी घटनास्थल पुगे पनि सभासदलाई आक्रमण गर्ने मोर्चाका नेताहरू भागिसकेकाले प्रहरीले कसैलाई पनि गिरफ्तार गर्न सकेन।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४५ जना र कैद नतोकिएका ८९ जना कैदी र थुनुवा गरी कूल १ सय ३५ बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका आठ महिला र कैद नतोकिएका चार महिला गरी जम्मा १२ जना महिला बन्दी रहेका छन्। जसमा एक बालिका आश्रित छन्। यस कारागारमा कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका ५५ वर्षीय सेख मोवारकको २०७२ पुस १७ गते मृत्यु भएको थियो।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

मधेसमा जारी आन्दोलनको समाचार राष्ट्रिय पत्रपत्रिकाहरूले प्रकाशन नगरेको भन्दै ३० दलीय मोर्चाले २०७१ चैत १५ गते जिल्ला सदरमुकाम गौरमा लाठी जुलुश प्रदर्शन गर्ने क्रममा कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्टलगायतका राष्ट्रिय दैनिक पत्रिकाहरू जलाए। घटनाप्रति नेपाल पत्रकार महासङ्घ रौतहट शाखाले प्रेस विज्ञप्ति जारी गरी आपत्ति जनाए।

एकीकृत माओवादीसहितको ३० दलीय मोर्चाले २०७१ चैत १५ गते रौतहटको सदरमुकाम गौरमा निकालेको लाठी जुलसमा प्रहरीले बल प्रयोग गर्दा सात जना आन्दोलनकारी घाइते भए। प्रहरीले लाठी खोस्ने क्रममा झडप हुँदा उनीहरू घाइते भएका थिए। सहमतिबाटै संविधान जारी गर्न दबाव दिने भन्दै मोर्चाले गरेको दोस्रो चरणको विरोधको कार्यक्रमअनुसार अदालत चोक र जिल्ला प्रहरी कार्यालय अगाडिबाट निकालेको लाठी जुलसमा प्रहरीसँग झडप भएको थियो। झडपका क्रममा प्रहरीको लाठी प्रहारबाट एमाओवादी केन्द्रीय सदस्य उपेन्द्र साह, बैधनाथ पासवान, मधेसी जनअधिकार फोरम नेपालका धर्मेन्द्र पटेल, शोभा साह, मधेसी जनअधिकार फोरम लोकतान्त्रिका सफि महमद, तराई मधेस लोकतान्त्रिक पार्टीका श्रीभगवान राउत र सुरज मिश्र घाइते भएको तमलोपाका युवा नेता अनिलकुमार सिंहले जनाए। प्रहरले लाठी खोस्न लाग्दा प्रतिकारमा प्रदर्शनकारीहरूले प्रहरीमाथि लाठी प्रहार गरेको थियो। घाइतेहरूको जिल्ला अस्पताल गौरमा उपचार भयो।

रौतहटको जिल्ला सदरमुकाम गौरमा प्रदर्शनकारी र प्रहरीबीच २०७१ चैत २१ गते झडप हुँदा एक प्रहरी र ३० भन्दा बढी प्रदर्शनकारी घाइते भए। सरकारले जिल्ला सदरमुकाम गौरमा रहेको केही सरकारी कार्यालयहरूको इकाई कार्यालय चन्द्रनिगाहपुरमा सार्ने निर्णयको विरोधमा उद्योग वाणिज्य सङ्घको अगुवाइमा भएको आन्दोलनले हिंसात्मक रूप लिएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन अश्रुग्यास, लाठी र रबरको गोली प्रहार गरेको थियो। आन्दोलनका क्रममा प्रदर्शनकारीले जिल्ला प्रहरी कार्यालयमा ढुङ्गामुढा प्रहार गर्न लागेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठी र अश्रुग्यास प्रहार गरेको दावी गरेको थियो। प्रहरीको लाठी प्रहारबाट प्रदर्शनकारीहरूतर्फ एकरामुल हक, राजन सिंह, बिजयकुमार यादव, रामनाथ बैठा लगायत ३० भन्दा बढी घाइते भएका थिए भने प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट प्रहरी जवान सुमन जिरेलको टाउको फुटेको

थियो। घाइते अधिकांशको टाउकोमा चोट लागेको जिल्ला अस्पताल गौरले जनायो। प्रदर्शनकारीहरूले इलाका प्रहरी कार्यालय राजपुर फरहदवाको ना१भ ५८२ नम्बरको जिपमा आगजनी गरेका थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा पाँच जान न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा २०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा १ हजार २ सय २९ थान र फौजदारी मुद्दा ५ सय ३२ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी र फौजदारी मुद्दा सङ्ख्या जिल्ला अदालतमा अभिलेख रहेको पाइएन।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा उच्च मावि ३४, मावि ३४, निमावि ६८ र प्राविमा २० मदरसा सहित २ सय ९९ गरी जम्मा जम्मा ४ सय ३५ ओटा सरकारी तथा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। सञ्चालन भएका विद्यालयहरूमध्ये ९६ ओटा प्राविहरू विद्यार्थी सङ्ख्या नपुगेका कारण बन्द र एकीकरणको प्रक्रियामा रहेकोमा मधेसमा भइरहेको आन्दोलनका कारण सो प्रक्रिया कार्यान्वयन चरणमा रहेको जिल्ला शिक्षा कार्यालय रौतहटले जनायो।

शिक्षक दरबन्दीतर्फ प्राविमा १ हजार २३ शिक्षकहरू कार्यरत रहेकोमा १ सय १२ जना महिला र बाँकी पुरुष, महिला परियोजनातर्फ २५ जना र प्राबि राहतमा १ सय ९५ पुरष र २ सय ७८ महिलासमेत जम्मा ४ सय ७० जना कार्यरत रहेका छन्। निमावितर्फ १३ जना महिला र १ सय ६१ जना पुरुषसहित जम्मा १ सय ७४ जना र निमावि राहतमा ५४ जना, माविमा ११ महिला र १ सय ७९ पुरुष समेत जम्मा १ सय ९० जना र राहततर्फ २४ जना कार्यरत रहेका छन्।

जिल्लामा अध्ययनरत विद्यार्थीको सङ्ख्या भने पाँच महिना लामो आन्दोलनका कारण विद्यालयहरू बन्द रहेकाले विद्यालयहरूबाट तथ्याङ्क उपलब्ध नभएको हुँदा एकिन विवरण दिन नसकिने जिल्ला शिक्षा कार्यालय रौतहटका विद्यालय प्रशासनका अधिकृत उपेन्द्र सिंहले बताए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	१	१
बलात्कार	९	९
यौन दुर्व्यवहार	१	१
जम्मा	११	११

अमानवीय व्यवहार

कनकपुर गाविस-७ की १४ वर्षीया बबिताकुमारी यादवलाई सोही ठाउँका ३५ वर्षीया बिजुलवतिदेवी यादव, ३२ वर्षीया सङ्गीतादेवी यादव, २० वर्षीया सुखलीदेवी यादव र ५४ वर्षीया राधिकादेवी यादवले २०७१ फागुन २५ गते दिउँसो तातोपनी खन्याएर यातना दिएको भन्दै पीडित पक्षले महिला तथा बालबालिका सेवा केन्द्रमा फागुन २९ गते उजुरी दियो। बालिकाका अभिभावकसँगको विवादमा आरोपितहरूले बालिकालाई एक्लै बसेको अवस्थामा कुटपिट गर्दै तातोपानी खन्याएर घाइते बनाएका थिए। घाइते बालिकाको तातोपानीले आँखाको ज्योति गुमेको पीडितका अभिभावकले जनाए। पीडितको उजुरी दर्ता गरी घाँउ जाँच केश फारम गराइ अनुसन्धान सुरु गरिएको सेवा केन्द्रले जनाए पनि आरोपिहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष तीनदेखि १६ वर्ष उमेर समूहका दश जना बालिका बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। गत वर्ष पनि दश जना बालिका बलात्कार घटनाबाट पीडित भएका थिए। बलात्कार घटनामा तीन जना बालक पनि संलग्न रहेको पाइयो। यस वर्षको अन्त्यसम्म बालिका बलात्कार घटनामध्ये दुई आरोपित साधारण तारिखमा रिहा भएभने एक आरोपित फरार रहेको पाइयो। बालिका बलात्कार घटनामा अदालतले फैसला गरेको पाइएन।

१० वर्षीया एक बालिकालाई कटहरीया गाविस-८ का ५० वर्षीय वनारसीराम चमारले २०७१ फागुन १ गते राति बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चन्द्रनिगाहपुर अस्पतालामा सोहीदिन भयो। आरोपितलाई फागुन १ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा आरोपित फागुन २० गते पुर्पक्षको लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।

महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र रौतहटमा १ सय ४४ ओटा उजुरी दर्ता भए। दर्ता भएका उजुरीमध्ये १ सय ९ ओटा उजुरीमा मिलापत्र भएको, १५ ओटा घटनाका पीडितहरू अदालतमा न्यायिक प्रक्रियाको लागि गएको र उजुरी दर्तापश्चात कार्यालयमा सम्पर्कमा नआएका २० ओटा रहेको सो सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	३	३
बहुविवाह	१	१
महिला बेचबिखन	१	१
घरेलु हिंसा	३१	३१
जम्मा	३६	३६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष दुई जना महिला बलात्कार घटनाबाट पीडित भए भने एक जना कथित बोक्सीको आरोपमा पीडित भइन्। सन् २०१४ मा ६ जना महिला बलात्कारका घटनाबाट पीडित भए। यस वर्ष बेचबिखन र बहुविवाहबाट एक/एक जना महिला पीडित भएको अभिलेख इन्सेकले गर्‍यो। यसवर्ष ६ जना महिलाको हत्या भएकोमा चार जना महिलाको घरपरिवारबाट हत्या भएको पाइयो। जसमध्ये एक घटनामा छोरा आरोपित रहेको इन्सेकले अभिलेखित गर्‍यो।

२५ वर्षीया एक महिलालाई जिंगडवा बेलविछवा गाविस-८ का ३० वर्षीय सेख अब्दुल भनिने सेख अब्दुल्लाहले २०७१ माघ ४ गते दिउँसो बलात्कार गरेको भन्दै आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय गरुडामा माघ १२ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १२ गते चन्द्रनिगाहपुर अस्पतालमा भयो। घटनाका आरोपित यस वर्षको अन्यसम्म गिरफ्तार भएनन्।

बेचविखन तथा ओसार पसार

१८ वर्षीया एक युवतीलाई राम्रो काम लगाइ दिने भन्दै ललाइफकाइ गाउँबाट ल्याएर होटलमा वेश्यावृत्तिमा लगाएको आरोपमा गौर नपा-७ स्थित राजु होटलका सञ्चालक नुवाकोट जिल्ला विदुर नपा-२ का ४० वर्षीय राजु दुलाल र उनकी पत्नी तारा भनिने कीरण दुलाललाई जिल्ला प्रहरी कार्यालय रौतहटले २०७२ वैशाख २६ गते गिरफ्तार गर्‍यो। आरोपित दुलाल दम्पतीले रौतहट जिल्ला सदरमुकाम गौरस्थित एक होटल सञ्चालन गरी पीडित युवतीलाई वेश्यावृत्तिमा लगाएको पीडित पक्षले आरोप लगायो। पीडित युवतिले होटलका साहु साहुनीले ग्राहक बोलाएर जबरजस्ती यौन कार्यमा लगाउने र आएको रकम आफैंले राख्ने गरेको बताइन्। आरोपितलाई जिल्ला अदातलको आदेशमा जेठ २१ गते पुर्पक्षका लागि कारागार चलान भएकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

परिवारजनबाट हत्या

धरमपुर गाविस-९ की ४५ वर्षीया रामकलीदेवी यादव र १४ वर्षीया अनिताकुमारी यादवलाई सोही ठाउँका २० वर्षीय नन्दकिशोर यादवले २०७२ मङ्सिर ६ गते हत्या गरे। बिहान टायर गाडा चढेर वागमती नदी किनारमा बदाम खन्न जाँदै गरेको अवस्थामा नन्दकिशोरले दुवै जनाको घाँटीमा कोदालो प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। मृतक रामकलीदेवी आरोपित नन्दकिशोरको आमा र अनिताकुमारी बहिनी हुन्। आरोपित नन्दकिशोरलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा पुस २ गतेको पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

रङ्गपुर गाविस-२ मनहर्वा टोलकी ६५ वर्षीया जनकीयादेवी चौधरीलाई सोही ठाउँका ३६ वर्षीय राजकिशोर चौधरी, उनको पत्नी ३४ वर्षीया चन्चला चौधरी र सोही ठाउँका ५५ वर्षीय रामविलास चौधरीले २०७२ साउन १ गते राती कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा साउन ३ गते उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले साउन ४ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको साउन २१ गतेको आदेशले प्रतिव्यक्ति पाँच हजार रुपियाँ धरौटीमा रिहा भए।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पति/संरचना क्षति

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका

कार्यकर्ताले २०७२ भदौ १० गते दिउँसो एमाले जिल्ला पार्टी कार्यालयमा आगजनी गरे। सदरमुकाम गौर नपा-८ मा रहेको पार्टी कार्यालयको झ्याल खोली बोतलबाट मट्टितेल छरेर आगो लगाएको प्रहरीले जनायो। आगजनीबाट कार्यालयको कुर्सी, टेबुललगायतका सामान जलेका थिए।

जिल्ला विकास समिति रौतहटको पुरानो भवनको कोठामा २०७२ भदौ १४ गते बिहान संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गरे। मधेस बन्दको १६ औँ दिनमा जिल्ला विकास समिति रौतहटको पुरानो भवनमा आगजनी भएको थियो। नजिकै रहेको जिल्ला प्रशासन कार्यालयको भवन निमार्णको क्रममा रहेकोले जिल्ला प्रशासन कार्यालयले जिविस भवनको कोठामा कागजपत्र भण्डारण गरी राखेको थियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ मङ्सिर ४ गते रौतहट अनलाइनका सहसम्पादक संजय सहनीको मोटरसाईकल तोडफोड गरे। समाचार सङ्कलन गर्न जाँदै गरेको अवस्थामा कार्यकर्ताहरूले जिल्ला सदरमुकाम गौरस्थित नेपाल रेडक्रस सोसाइटीको कार्यालयअगाडि अकस्मात दुङ्गा बर्साउन थालेपछि सहनी चढेको मोटरसाइकल क्षतिग्रस्त भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा अस्पताल, १३ ओटा स्वास्थ्य चौकी र ८० ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा १० जना डाक्टरको दरबन्दी रहेकोमा चार जनामात्र कार्यरत छन्। १२ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा ६ जना कार्यरत रहेको र ६ जना स्टाफ नर्सको दरबन्दी रिक्त छ। ल्याब असिस्टेन्टको दरबन्दी सात रहेकोमा सात जना कार्यरत छन्। १ सय ९६ जना अहेवको दरबन्दी रहेकोमा १ सय ९६ जना कार्यरत छन्। १ सय ८ अनमिको दरबन्दी रहेकोमा ६० कार्यरत र ४८ दरबन्दी रिक्त रहेको छ। खोप सुपरभाइजर र क्षयोरोग/कुष्ठरोग सुपरभाइजरको दरबन्दी १/१ रहेकोमा दरबन्दी अनुसार कार्यरत छन्। २१ जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकोमा १९ कार्यरत र २ दरबन्दी रिक्त रहेको छ। स्त्रीरोग विशेषज्ञको दरबन्दी एक रहेकोमा रिक्त रहेको स्वास्थ्य कार्यालयले जनायो।

२.८ बारा

जम्मा जनसङ्ख्या
६८७७०८

महिला
३३६४६४

परिवार सङ्ख्या
१०८६३५

खोलाको पानी पिउने परिवार
१७४

शौचालय नभएका परिवार
७८५५३

कामका लागि बाहिरिएका
१२५३०

सबभन्दा बढी जनसङ्ख्या
८५८३४ (मगर)

अपाङ्गता भएका
११६४५

५ वर्षमाथिको साक्षरता प्रतिशत
५२

सरकारी विद्यालय
४२२

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३३	३३		३३	३३
बालअधिकार				१४		१४
महिलाअधिकार				५		५
भेला/सङ्गठित हुने अधिकार		१३	१३			
गिरफ्तारी/यातना		३	३			
कुटपिट	१	२	३		४	४
धम्की					४	४
हत्या		१	१	४	८	१२
जम्मा	१	४०	४१	३३	३८	६१

बारा जिल्लाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४२ महिलासहित ६४ जना पीडित भएकोमा सन् २०१५ मा २४ महिलासहित १ सय २ जना पीडित भए। यसवर्ष राज्यपक्षबाट भएका उल्लङ्घनमा एक महिलासहित ४१ जना पीडित भए जसमध्ये मधेसमा जारी आन्दोलनका क्रममा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच भएको झडपमा प्रहरीको गालीबाट एक जनाको मृत्यु भयो। गैरराज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा २३ महिलासहित ६१ जना पीडित भए। गैरराज्यपक्षबाट भएका घटनामा चार महिलासहित १२ जनाको यसवर्ष हत्या भयो। नेपाली काङ्ग्रेसका कार्यकर्ताको आक्रमणबाट एक जना एमाले कार्यकर्ताको मृत्यु भयो। गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भए। पीडितमध्ये २२ जना विभिन्न घटनामा घाइते भए भने चार जनामाथि कुटपिट र चार जनामाथि धम्कीका घटना भए। साथै १४ बालिका बलात्कार तथा यौनदुर्व्यवहारबाट पीडित भए भने पाँच जना महिला यौनिक हिंसाबाट पीडित भए।

राज्यपक्षबाट अघिल्लो वर्ष एक पुरुष र गैरराज्यपक्षबट आठ महिलासहित १४ जना गरी १५ जनाको हत्या भएको थियो भने यो वर्ष राज्यपक्षबाट एक पुरुष र गैरराज्यपक्षबाट चार महिलासहित १२ जना गरी १३ जनाको हत्या भयो। जसमा एक जना महिलाको परिवारबाटै हत्या भयो। ६ जना बालिका बलात्कृत भए भने आठ जनालाई यौनदुर्व्यवहार गरियो। महिला अधिकारका पाँच घटनामा दुई महिलामाथि बलात्कार, एक जनामाथि बलात्कार प्रयास भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको अनिश्चितकालीन बन्दका क्रममा प्रदर्शनकारीले

मालपोत, नापी र कलैया नगरपालिकालगायतका सरकारी कार्यालयहरूमा तोडफोड गरे। मधेसी मोर्चाका कार्यकर्ताहरूले गण्डक प्रहरी चौकीमा तोडफोड तथा आगजनी गरे भने कचोर्वा प्रहरी चौकीका कागजातहरू बाहिर ल्याएर आगजनी गरेको पाइयो। प्रहरी कार्यालयमा आक्रमण तथा आगजनी सुरु भएपछि जिल्लाका ३७ ओटा प्रहरी चौकीहरू विस्थापित भए। हाल ती प्रहरी कार्यालयहरू पुनर्स्थापित हुन थालेका छन्। अनिश्चितकालीन बन्दका कारण ढुवानी हुन नसक्दा केन्द्रीय मेडिकल स्टोर पथलैयामा स्टोर गरी राखिएको औषधीको म्याद गुज्रिने अवस्थामा पुग्यो। सिम्रौनगढ क्षेत्रका १५ गाविसका गर्भवती महिला तथा एक वर्षमुनिका बालबालिका खोप पाउनबाट बञ्चित भए। मोर्चाका कार्यकर्ताले काङ्ग्रेसका क्षेत्रीय सचिव विनोद यादवसहित तीन जनाको घरमा तोडफोड तथा आगजनी गरे। त्यस्तै काङ्ग्रेसका सांसद राम अयोध्या यादवको कलैयास्थित सम्पर्क कार्यालयमा तोडफोड गर्दै कार्यालयभित्र रहेका समानहरू बाहिर ल्याएर जलाए। त्यसैगरी काङ्ग्रेसका सांसद राधेचन्द्र यादव र लालबाबु सिंहको कलैयास्थित घरमा तोडफोड गर्दै फर्निचर, टेलिभिजनलगायतका सामान घरबाहिर झिकेर सडकमा आगजनी गरेको पाइयो। प्रदर्शनकारीले कलैयास्थित एमाले र काङ्ग्रेस पार्टी कार्यालयमा तोडफोड र आगनजी प्रयास गरेपछि प्रहरीले हवाइ फायर गरेको थियो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

कलैया नपा-१० का २२ वर्षीय हिफाजत मियाँको २०७२ भदौ १५ गते कलैयाको भरतचोकमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट घटनास्थलमै मृत्यु भयो। मियाँको छातीमा गोली लागेको थियो। झडपमा प्रहरीको गोली लागेर डबकी फुलबरियाका २८ वर्षीय सुरेश यादव, रघुनाथपुरका २५ वर्षीय राजु अन्सारी, ३८ वर्षीय सन्तोष पटेल, कलैया नपा-१० निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका जिल्ला सदस्य ३८ वर्षीय रामबाबु यादव, बारा जिल्ला कलैयाका ३० वर्षीय किशोर पाण्डे, गञ्जभवानीपुरका ३० वर्षीय विशाल यादव, बसतपुरका २८ वर्षीय गणेशप्रसाद साह, रौवाहीका राकेशकुमार, रघुनाथपुरका राजेश पटेल, महागढीमाई नपा-२ का प्रेमप्रसाद यादव, प्रस्टोका बेलहीयाका राजाबाबु साह, कलैया नपा-८ का देवनाथ साह सोनारलगायत १५ जना र प्रहरीको लाठी तथा अश्रुग्यास प्रहारबाट कलैया नपा-६ का ६५ वर्षीय हिरा दास र बबुआइन गाविस-६ का मुकेश चौरसीया, गञ्जभवानीपुरका ३० वर्षीय विशाल गुप्ता, रघुनाथपुकार रामेश्वर पटेल, राजु चौधरी, जीवन सिंह, सन्तोष मण्डललगायत घाइते भए। मधेशी मोर्चा र प्रहरीबीच भदौ १४ गते भएको झडपमा प्रहरीले दमन गरेको भन्दै आक्रोसित प्रदर्शनकारीले भदौ १५ गते विहान ढुङ्गामुढासँगै निषेधित क्षेत्र तोडेर प्रदर्शन गर्न खोज्दा झडप सुरु भएको थियो। त्यसपछि पटकपटकको झडपले कलैया दिनभर तनावग्रस्त रहेको थियो। प्रहरीले प्रदर्शनकारीको भीडलाई लखेट्दै तितरवितर पार्ने क्रममा दर्जनौँ सेल अश्रुग्यास, हवाइफायर, रबरको गोलीसँगै लाठी र ईंटा प्रहार गरेको थियो। घाइते सबैको कलैया अस्पतालमा उपचार भयो। प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट सीमा सुरक्षा सशस्त्र प्रहरी वल, कलैयाका इन्स्पेक्टर ३८ वर्षीय नरेश खड्का, सई ३५ वर्षीय लोकनाथ देवकोटा, हबल्दार ३७ वर्षीय कृष्ण थापा, हवल्दार ३४ वर्षीय पुरुषोतम रिमाल, हवल्दार ३१ वर्षीय लालबहादुर डाँगी, हवल्दार ३२ वर्षीय महेन्द शाही, सशस्त्र प्रहरी जवान २३ वर्षीय जोगबहादुर बल्ल, सशस्त्र प्रहरी जवान २२ वर्षीय भुपेन्द्र यादव, सशस्त्र प्रहरी जवान २४ वर्षीय सञ्जय चौधरी, सशस्त्र प्रहरी जवान २१ वर्षीय पृथ्वी चौधरी र जिल्ला प्रहरी कार्यालयका डीएसपी ४० वर्षीय विनोद शर्मासहित इन्स्पेक्टर ३७ वर्षीय हरिकृष्ण खत्री, असई २८ वर्षीय रामु पुरी, प्रहरी हवल्दार ३० वर्षीय महेश कार्की, प्रहरी हवल्दार ३१ वर्षीय ध्रव थापा, प्रहरी जवान २५ वर्षीय राजकुमार प्रसाद, प्रहरी जवान २४ वर्षीय नवलकिशोर साह, प्रहरी जवान २२ वर्षीय संजिव शर्मा, प्रहरी जवान २३ वर्षीय रामनरेश कुर्मी घाइते भएको बताए। प्रदर्शनको क्रममा मुखमा गोली लागी बडकी फुलवरियाका २८ वर्षीया सुरेश यादव गम्भीर घाइते भएका थिए। उनको नर्भिक अस्पताल काठमाडौँमा उपचार भयो। त्यसैगरी प्रहरीको लाठी प्रहारबाट कलैया नपा-६ का ६५ वर्षीय हिरा दासको टाउकोमा चोट लागेको थियो भने छातीमा गोली लागेका रघुनाथपुरका ३८ वर्षीय सन्तोष पटेल गम्भीर घाइते भएका थिए। उनीहरूको बीरगञ्जस्थित मेडिकल कलेजमा उपचार भयो।

गैरराज्यपक्षबाट

अमरपट्टी गाविस-७ निवासी एमाले कार्यकर्ता ३८ वर्षीय अवतारप्रसाद यादवको २०७१ पुस ३० गते अमरपट्टी गाविसको गाउँ परिषद्मा एमाले र काङ्ग्रेस कार्यकर्ताबीच योजनाको विषयमा भएको झडप मृत्यु भयो। उनको टाउकोमा चोट लागेपछि नेशनल मेडिकल कलेज वीरगंजमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा अमरपट्टी गाविस-७ का ४३ वर्षीय मदन यादव र ४६ वर्षीय रामनारायण यादवलाई माघ ७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले फागुन ४ गते थुन्ने आदेश दियो।

गोली/विस्फोटक पदार्थद्वार घाइते

गैरराज्यपक्षबाट

कलैया नपा-३ घर भई हरिहरपुर-३ स्थित नेपाल राष्ट्रिय प्राविका प्रधानाध्यापक ५० वर्षीय बृजकिशोर यादवलाई २०७२ कात्तिक २९ गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले झ्यालबाट गोली प्रहार गरी घाइते बनाए। यादवको ढाडमा गोलीको छर्रा लागेको थियो। उनको वीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। यस वर्षको अन्त्यसम्म आरोपितको पहिचान हुन सकेको छैन।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

इनर्वासिरा गाविस-८ निवासी एभिन्यूज टेलिभिजनका संवाददाता २८ वर्षीय भैयाराम साह, महागढीमाई नपा-१० निवासी गोरखापत्र दैनिकका ३९ वर्षीय पत्रकार शिवशंकर मिश्रा, बन्जरिया गाविस-३ निवासी नागरिक दैनिकका पत्रकार २८ वर्षीय उपेन्द्र यादव र कलैया १२ निवासी नारायणी एफएमका पत्रकार २८ वर्षीय जयनारायण यादवलाई असोज ४ गते मधेसी मोर्चाका कार्यकर्ताले दुर्व्यवहार गरे। पीडितले कारबाहीको लागि प्रहरीमा उजुरी दिएनन्।

आन्दोलनको क्रममा प्रहरीको गोली प्रहारबाट मृत्यु भएका हिफाजत मियाँ

प्रहरीलेसमेत घटनामा चासो दिएनन्। कलैयास्थित काङ्ग्रेसका सांसद राधेचन्द यादव र लालबाबु सिंहको घरमा तोडफोड र आजनी घटनाको समाचार सङ्कलन गर्न गएको बेला उनीहरूमाथि मोर्चाका कार्यकर्ताले दुर्व्यवहार गरेका थिए। सांसद राधेचन्द यादवको कलैयास्थित घरमा असोज ४ गते मोर्चाका कार्यकर्ताले तोडफोड गर्दै फर्निचर, टेलिभिजनलगायतका सामान घर बाहिर झिकेर सडकमा आगजनी गरेका थिए। प्रदर्शनकारीले मालपोत, नापी, कलैया नगरपालिकालगायतका सरकारी कार्यालयहरूमा सामान्य तोडफोड गरे। प्रदर्शनकारीले कलैया नगरपालिकाको बा१प ४३५२ नम्बरको एक ओटा मोटरसाइकल र अर्को एक नम्बर नखुलेका मोटरसाइकलमा आगजनी गरे। प्रदर्शनकारीहरूले जितपुरमा कान्तिपुर लगायतका राष्ट्रिय पत्रिकासमेत जलाए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

एकीकृत नेकपा माओवादी र मधेसवादी दलसहित ३० दलीय मोर्चाले २०७१ पुस २७ गते साँझ कलैयामा मसाल जुलुस प्रदर्शन गर्ने क्रममा प्रहरीसितको झडपमा कलैया नपा-५ निवासी पूर्वसभासद ३८ वर्षीय प्रमोद गुप्ता प्रहरीको लाठीचार्जबाट घाइते भए। झडप भएपछि उनीसँगै दर्जनभन्दा बढी प्रदर्शनकारी र केही प्रहरीलाई समान्य चोटपटक लागेको थियो। श्री ३ चन्द्र विद्यालयबाट कलैया बजार हुँदै भरत चोकमा आएपछि प्रहरीले मशाल जुलुसलाई नियन्त्रणमा लिन खोज्दा झडप भएको थियो।

सिमरामा नापी शाखासहित मालपोत कार्यालय राख्ने सरकारी निर्णयको विरोधमा उद्योग वाणिज्य सङ्घको नेतृत्वमा सडकमा उत्रेका प्रदर्शनकारी र प्रहरीबीच २०७१ फागुन १ गते कलैयामा झडप भयो। प्रहरीको रबरको गोली, अश्रुग्यास र लाठी प्रहारबाट प्रदर्शनकारीतर्फ १३ जना घाइते भए। त्यसैगरी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गामुढाले कम्तीमा १५ जना प्रहरी घाइते भए। घाइतेहरूको टाउको, नाक, र पिठ्युँमा

चोटपटक लागेको थियो। प्रहरीले चलाएको रबरको गोली लागेर कलैया नपा-१ का २२ वर्षीय पप्पु यादव र कलैया नपा-५ का ३५ वर्षीय प्रभु साह घाइते भए। उनीहरूको ढाड र पिठ्युँमा गोली लागेको थियो। घाइते सबैको कलैया अस्पतालमा उपचार भयो। प्रदर्शनकारीले कान्तिपुर दैनिक बोकेको ना१च ४३३६ नम्बरको गाडी र प्रहरी बिटमा तोडफोड गरी आगजनी गर्दा प्रहरीले बचाउ गर्ने क्रममा प्रदर्शनकारी र प्रहरीबीच झडप सुरु भएको थियो। प्रदर्शनकारीहरूले एमाले र काङ्ग्रेस पार्टी कार्यालयमा समेत तोडफोड सुरु गरेपछि प्रहरीले सयभन्दा बढी अश्रुग्यास, तीन राउण्ड रबरको गोली र एक राउन्ड हवाइफायर गरेको थियो।

सिमरामा मालपोत र नापी कार्यालय राख्ने निर्णय सरकारले २०७१ फागुन ४ गते फिर्ता लिए लगत्तै सिमरामा सो कार्यालय राख्नुपर्ने भन्दै आन्दोलन भयो। सिमरामा नापी र मालपोत कार्यालय राख्ने निर्णय सरकारले फिर्ता लिएको विरोधमा सिमरा आन्दोलनमा प्रहरी र प्रदर्शनकारीबीच फागुन १० गते झडप हुँदा दुबैतर्फका कम्तिमा २० जना घाइते भए। घाइते उनीहरूको हात, खुट्टा, टाउकोमा चोट लागेको थियो। प्रहरीको लठी र अश्रुग्यास प्रहारले प्रदर्शनकारी तर्फ १२ जना घाइते भए। प्रहरीको लाठी प्रहारबाट प्रदर्शनकारी गढीमाई नपा-३ का ३५ वर्षीय नसिम हुसेन र गढीमाई नपा-१ का २८ वर्षीय ईश्वर थपलियाको टाउकोमा गम्भीर चोट लागेको थियो। घाइते उनीहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। यसैगरी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गामुढाले प्रहरीतर्फ इन्स्पेक्टर ३८ वर्षीय कुमारविक्रम थापासहित आठ जना घाइते भएको प्रहरीले जनायो। प्रदर्शनकारीले पथलैया-बीरगंज राजमार्ग ठप्प पारेर गरिरहेको कोणसभालाई बिथोल्न खोज्दा दुवै पक्षबीच झडप भएको थियो। सो क्रममा प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो। स्थिति सामान्य बनाउन प्रदर्शनकारी सुमनकुमार भट्टराई, मिनप्रसाद आपागाई, जगन्नाथ घिमिरे, दिवाकर न्यौपाने, गंगा बस्नेत र रमेश चौहानलाई प्रहरीले दिनभर नियन्त्रणमा लिएको थियो। प्रदर्शनकारीले सिमरा चोकको नेपाल र ट्राफिक प्रहरी बिट जलाइ दिएका थिए।

प्रहरीको कुटपिटबाट घाइते भएका सङ्घीय समाजवादी फोरम नेपालका महासचिव रामसहाय यादव

रौतहटबाट बिरामी बोकेर आउँदै गरेको एम्बुलेन्समा प्रदर्शनकारीले तोडफोड गर्दा ढुङ्गा लागेर बिरामी रौतहट जिल्ला खेसरहिया गाविस-८ का ७० वर्षीय बिन्दाराम राय यादव र उनका ३६ वर्षीय छोरा राजकुमार यादव घाइते भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र समर्थकहरूले निषेधित क्षेत्र तोड्न खोज्दा कलैयामा प्रदर्शनकारी र प्रहरीबीच २०७२ भदौ १४ गते साँझ झडप भयो। झडपको क्रममा प्रहरीको लाठीचार्जबाट कचोर्वा गाविस-९ निवासी सङ्घीय समाजवादी फोरम नेपालका महासचिव ४८ वर्षीय रामसहाय यादव गम्भीर घाइते भए। उनको शरीरभरि नीलडाम थियो। यसैगरी कलैया नपा-५ का फोरमका केन्द्रीय सदस्य तथा पूर्वसभासद ३८ वर्षीय प्रमोद गुप्ता, लिपनीमाल निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका महामन्त्री ४७ वर्षीय जितेन्द्र सोनल, कलैया नपा-८ निवासी सद्भावना पार्टीका जिल्ला अध्यक्ष ५५ वर्षीय महम्मद सफिक अंसारी, सिसवा महेशपुर निवासी फोरम जिल्ला अध्यक्ष ४० वर्षीय रामबाबुकुमार यादव, तेलकुवा, बेनौली निवासी तमलोपा जिल्ला सदस्य ६५ वर्षीय नवलकिशोर सिंह, कवही गोठ निवासी फोरम केन्द्रीय सदस्य ६५ वर्षीय बच्चाप्रसाद यादव, हरिहरपुर निवासी फोरम केन्द्रीय सदस्य ४५ वर्षीय रामकिशोर यादवलगायतका मोर्चाका नेताहरू सामान्य घाइते भए। उनीहरूको कलैया अस्पतालमा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता तथा समर्थक र प्रहरीबीच ०७२ असोज ४ गते कलैयामा दिनभर झडप भयो। झडपका क्रममा प्रहरीले फायरिङ गर्दै लखेट्दा भागदौडमा १० जना प्रदर्शनकारी घाइते भए। तोडफोड र आगजनीमा प्रदर्शनकारीहरू उत्रेपछि स्थिति तनावग्रस्त भएको थियो। प्रदर्शनकारीहरूले काङ्ग्रेस सभासद राधेचन्द्र यादव र लालबाबु सिंहको कलैयास्थित घरमा तोडफोड गर्दै घरका फर्निचर, टेलिभिजनलगायतका सामान घर बाहिर झिकेर सडकमा आगजनी गरे। कलैयास्थित एमाले र काङ्ग्रेस पार्टी कार्यालयमा पटकपटक तोडफोड र आगजनी प्रयास गरेपछि प्रहरीले हवाइ फायर

गरेको थियो। कलैया नपा-८ स्थित युवा सङ्घका केन्द्रीय सदस्य राजेश साहको घरमा रहेको बा११च ७४६१ नम्बरको गाडीमा समेत मधेसी मोर्चाका कार्यकर्ताहरूले तोडफोड गरे। सो क्रममा प्रदर्शनकारी र प्रहरीबीच झडपसमेत भएको थियो। प्रदर्शनकारीहरूले मालपोत, नापी, कलैया नगरपालिका लगायतका सरकारी कार्यालयहरूमा तोडफोड गरेका थिए। प्रदर्शनकारीले कलैया नगरपालिकाकाको बा१प ४३५२ नम्बरको एउटा र नम्बर नखुलेको गरी दुई ओटा मोटरसाइकलमा आगजनी गरेका थिए। प्रदर्शनकारीहरूले जितपुरमा राष्ट्रिय पत्रिकासमेत जलाएका थिए।

लिपनीमाल गाविस- ३ निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका सहमहामन्त्री ४३ वर्षीय जितेन्द्र सोनल र पिप्राढी गाविस-२ निवासी जिल्ला अध्यक्ष ५२ वर्षीय नवलकिशोर सिंहलाई उद्योग तथा खाद्यान्न गोदामहरू जबर्जस्ती बन्द र ढुवानीका लागि पार्किङ गरिएको ट्रकहरूमा तोडफोडसँगै आगजनी गरेको आरोपमा २०७२ भदौ २९ गते नितनपुरबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले तराई मधेस लोकतान्त्रिक पार्टीका महामन्त्री सोनल र केन्द्रीय सदस्यसमेत रहेका जिल्ला अध्यक्ष सिंहलाई ०७२ असोज १४ गते रिहा गर्ने आदेश दियो। अधिकार क्षेत्र नाघेर प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाएर कारागार पठाएको विरुद्धमा जिल्लाका बार एसोसिएशनका अध्यक्ष रामचन्द्र सिंहसहितका अधिवक्ताहरूले प्रमुख जिल्ला अधिकारीविरुद्ध बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए। रिटमा सुनुवाइ भएपछि न्यायाधीश भोजराज शर्माले उक्त सार्वजनिक मुद्दा खारेज गर्दै बन्दी प्रत्यक्षीकरणको आदेश जारी अर्थात रिहाको आदेश दिएका थिए। उनीहरूलाई गिरफ्तार गरी मुद्दा चलाएपछि प्रमुख जिल्ला अधिकारी पन्थीले बिगोसहित गरी जनही १ लाख ४९ हजार ३ सय ७५ रुपैयाँ धरौटी माग गरेका थिए। आरोपितले धरौटी बुझाउन नमानेपछि प्रमुख जिल्ला अधिकारी पन्थीले दुवै जनालाई असोज १० गते थुनामा राख्ने आदेश दिए। सयौँको सङ्ख्यामा मधेसी मोर्चाका नेता तथा कार्यकर्ताहरू बीरगञ्ज-पथलैया औद्योगिक करिडोरमा सञ्चालनमा रहेका उद्योगहरू बन्द गराउने उद्देश्यले मोटरसाइकल जुलुस प्रदर्शन गरेका थिए। जुलुसको क्रममा करिडोरका शौरभ खाद्यान्न गोदाम, आत्माराम कबरा दाल गोदाम, अमृत घ्यू लगायतका उद्योग र गोदामहरूमा पार्किङ गरिएको ट्रकहरूमा तोडफोड गरेको सूचना प्रहरीले पाएपछि घटनामा संलग्न रहेको आरोपमाा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। परवानीपुरबाट निस्केको जुलुस जितपुर पुगेर फर्किने क्रममा नितनपुरमा प्रहरीले घेरा हालेको थियो। घेरा हाल्दै प्रहरीले लाठीचार्ज गर्दा कम्तीमा १५ जना घाइते भएका थिए। घाइते मोर्चाका कार्यकर्ताहरूलाई बीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरिएको थियो। प्रहरीका अनुसार दाल उद्योगमा ना ५ ख ७३५ नम्बरको ट्रकमा आगजनी गरिएपछि बीरगंजबाट आएको बारुणयन्त्र (दमकल) ले आगो निभाएको थियो। यसबाहेक ना १ ख ५८६०, ना २ ख ८१७८, ना १ ख ७१९७, ना २ ख ९७४०, ना २ ख ९७४८, ना २ ख ५८७८, ना १ ख ६५४ नम्बरका ट्रकमा तोडफोड गरिएको थियो। अमृत घीउ उद्योग र शौरभ खाद्यान्न गोदाममा आधादर्जन भन्दा बढी ट्रकमा तोडफोड गरिएको प्रहरीले जनायो।

सिम्रौनगढ नपा-३ निवासी सङ्घीय समाजवादीका ४६ वर्षीय केन्द्रीय सदस्य रामकिशोर यादवलाई २०७२ असोज ७ गते प्रहरीले गिरफतार गऱ्यो। भदौ २९ गते गिरफ्तार परेका तराइ मधेस लोकतान्त्रिक पार्टीका सहमहामन्त्री जितेन्द्र सोनल र जिल्ला अध्यक्ष नवलकिशोर सिंहलाई मुद्दा पेस गर्न जिल्ला प्रशासन कार्यालयमा ल्याएको बेला फोरम नेता यादव त्यहाँ जाँदा प्रहरीले स्थानीय प्रशासनको आदेशमा आगजनी गराएको आरोपमा अनुसन्धानको लागि हिरासतमा लिएको थियो। काङ्ग्रेस कार्यकर्ता विनोद यादवको पकडीया-९ स्थित घरमा आगजनी गरेको आरोपमा अनुसन्धानको लागि हिरासतमा लिइएको प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले बताए। गिरफ्तारीको विरोधमा कार्यकर्ताहरूले राति अबेरसम्म प्रदर्शन गरेपछि प्रहरीले उनलनाई सोही दिन राती रिहा गरेको थियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच २०७२ भदौ १५ गते भएको झडपमा प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका कलैया नपा-१० का २२ वर्षीय हिफाजत मियाँको

सशस्त्र प्रहरीले घरमा पसेर कुपिट गरी घाइते बनाइएका प्रवीण पटेल

मधेस विरुद्ध समाचार प्रकाशन गरेको भन्दै मधेसी मोर्चाको कार्यकर्ताद्वारा आगजनी गरिएको कान्तिपुर दैनिकको गाडी

पोस्टमार्टममा मृत्युको कारण स्पस्ट र विस्तृत रुपमा उल्लेख नगरेको भन्दै आन्दोलनरत मधेसी मोर्चाका कार्यकर्ता र समर्थकले कलैया अस्पतालका मेडिकल सुपरिटेन्डेड शैलेश झामाथि २०७२ भदौ २४ गते आगजनी गरे। साथै मोर्चाका कार्यकर्ताहरूले अस्पताल परिसरमा रहेको झाको से१च ८७९ नम्बरको स्वीफ्ट कम्पनीको नयाँ कारमा आगजनी गरेका थिए। आगजनीले गाडी पूर्णरूपले क्षति भयो। कलैया नगरपालिकको दमकल र प्रहरीले आगो निभाएका थिए। मोर्चाका कार्यकर्ताहरू अस्पताल आएर छातीमा गोली लागेको किन लेखिनस् भन्दै कलर समातेर हातपात गर्दै गाडी जलाइदिएको सुरिटेन्डेड झाले बताए। मोर्चाका अगुवा रामबाबुकुमार यादवले गोली लागेको दिन प्रत्यक्ष देखेकाहरूको विपरीत पोस्टमार्टम रिपोर्ट दिएकाले त्यस दिनका प्रत्यक्षदर्शीको आक्रोशित भीडले आगजनी गरेको बताए।

थारू कल्याणकारिणी सभाका कार्यकर्ताहरूले २०७२ भदौ १३ गते कलैयामा प्रदर्शनकारीहरूलाई दुर्व्यवहार गरेको भन्दै कलैया नपा-५ का २५ वर्षीय अमित बर्मालाई कुटपिट गरी घाइते बनाए। कलैयास्थित भरत चोकमा बाइक लिएर आउँदै गरेका उनलाई प्रदर्शनकारीले कोणसभा भइरहेकोले बाइक लान नहुने भन्दै रोकेपछि त्यसको प्रतिवाद गर्दा प्रदर्शनकारीहरूको एक समूहले कुटपिट गरेको स्थानीय प्रत्यक्षदर्शीहरूले बताए। कुटपिटबाट उनको टाउकोमा गम्भीर चोट लागेको थियो। उनको टाउकोमा पाँच ओटा टाका लागेको थियो। उनको कलैया अस्पतालमा उपचार भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यसवर्ष फैसला हुन बाँकी देवानी मुद्दा ९ सय ५८ थान र फौदारी मुद्दा १ सय ४ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना मुद्दाहरूमध्ये देवानी मुद्दा तीन थान र फौजदारी मुद्दा पाँच थान फैसला हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ९५ ओटा प्रावि, ७५ ओटा निमावि र ७० ओटा मावि छन्। जिल्लामा २ हजार २ सय ४९ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार २ सय कार्यरत छन्। जिल्लामा विद्यालय जाने उमेरका २ लाख ३४ हजार ४ सय ६७ बालबालिका मध्ये १ लाख १६ हजार २ सय ५ बालक र १ लाख १८ हजार ४ सय ६२ बालिका यसवर्ष प्राविदेखि माविसम्म भर्ना भए। यसमध्ये ३ हजार २ सय ७५ दलित बालिका र ३ हजार २ सय १५ दलित बालकलाई छात्रवृति प्रदान गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लाका ५ सय ७२ ओटा बालविकास केन्द्रमा ११ हजार ६ सय ६४ बालक र र ११ हजार ९ सय ५३ बालिका रहेका छन्। कार्यालयको वार्षिक बजेट १ अर्ब २० करोड रुपियाँ रहेकोमा प्रशासनिक खर्च ४० लाख रुपियाँ रहेको शिक्षा कार्यालयले जनायो।

यो वर्ष चार देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। एक बालिकाकाको बलात्कार पछि हत्या भएको घटनाका आरोपितलाई अदातलले ३५ वर्ष कैद र २ लाख क्षतिपूर्तिको फैसला सुनायो। यसैगरी एक बालिका र तीन जना बालकको अज्ञात पक्षबाट हत्या भयो। बलात्कार आरोपितमा १८ देखि ५७ वर्ष उमेर समूहका रहे। एक बालिकालाई तीन जनाको समूहले सामुहिक बलात्कार गरेको र तीन जना बालिकालाई शिक्षकले नै बलात्कार गरेको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। यो वर्ष बलात्कारबाट ६ जना र बलात्कार प्रयासबाट आठ जना गरी १४ जना बालिका पीडित भए। अघिल्लो वर्ष बलात्कारबाट नौ जना र बलात्कार प्रयासबाट पाँच जना गरी १४ जना बालिका पीडित भएका थिए। एक घटनाका आरोपितलाई अदालतले पाँच वर्षको कैद फैसाल गऱ्यो भने तीन बालिका बलात्कार घटनाका पाँच जना आरोपित फरार रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
यौन दुर्व्यवहार	८	८
जम्मा	१४	१४

बलात्कारपछि हत्या

बलात्कारमा परेकी कलैया नपा-८ की सात वर्षीया पूजाकुमारी साहको काठमाडौंस्थित कान्ति बालअस्पतालमा उपचारको क्रममा २०७१ फागुन २४ गते राति मृत्यु भयो। घरबाट बाबुसँगै फागुन ८ गते साँझ कलैया बजार गएकी पूजाकुमारी बजारबाट हराएकी थिइन्। कलैया नपा-६ स्थित श्री ३ चन्द्र माविको पछाडिपट्टि बलात्कृत भई अचेत अवस्थामा फागुन ९ गते पूजाकुमारी भेटिएकी थिइन्। बलात्कारको आरोपमा फागुन १० गते गिरफ्तारीमा परेका कलैया नपा-४ का २८ वर्षीय कन्हैया गुप्तालाई जिल्ला अदालतले चैत ३ गते बलात्कार आरोपमा १५ वर्ष र कर्तव्य गरी मारेको आरोपमा सर्वस्वसहित ३५ वर्षको कैद र पीडितलाई दुई लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो। घटनापछि कलैया नगरवासीले बलात्कारविरुद्ध लामो समयसम्म दोषीलाई सजाय र राहतको लागि माग गर्दै प्रदर्शन र धर्ना दिएका थिए।

अपहरणपछि हत्या

मोतीसर गाविस-९ का १२ वर्षीय राजकुमार महतोको धारिलो हतियारले घाँटी रेटेर हत्या गरिएको अवस्थामा गाउँ नजिकैको बंगरी खोला किनारमा २०७२ जेठ ६ गते लाश फेला परेको डीएसपी रविन्द्र रेग्मीले बताए। कक्षा पाँचमा अध्ययनरत बालक विद्यालयबाट फर्केर किताब घरमा राखेर जेठ ३ गते निस्केपछि सोही दिनदेखि घर फर्केर आएका थिएनन्। बेपत्ता भएकै दिनदेखि खोजी गर्ने क्रममा स्थानीयको सूचनाको आधारमा शव फेला परेको मृतकको बुबा कैलाशले बताए। रीसइबीले हत्या भएको मृतक बालकको बुबा कैलाशको आरोप छ। पीडित पक्षले असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। उजुरीपछि प्रहरीले मोतिसर गाविस- ९ का २१ वर्षीय ललनकुमार मण्डल र सोही ठाउँका २५ वर्षीय लालबाबु महतो मण्डललाई गिरफ्तार गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलायो। अदालतको असार २४ गतेको आदेशले ललन साधारण तारेख र लालबाबु पुर्पक्षका लागि जेल चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सात वर्षीया एक बालिकालाई २०७१ माघ १३ गते खेल्दै गरेको अवस्थामा बलात्कार प्रयास गरेको आरोपमा गढीमाई नगरपालिका-१६ का ५७ वर्षीय सोमबहादुर वाइबा विरुद्ध पीडित पक्षले माघ १३ गते इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दिए। आरोपित

मधेसी मोर्चाका कार्यकर्ताहरूले चिनी बोकेर काठमाडौंतर्फ आइरहेका तीन ओटा ट्रकमा गरेको आगजनी

वाइबालाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन ६ गतेको आदेशले आरोपित वाइवालाई पाँच वर्ष कैद सजायको फैसला गऱ्यो।

१४ वर्षीया एक बालिकालाई २०७१ माघ २८ गते गढीमाई नपा-१४ निवासी शिक्षक ४२ वर्षीय हरिप्रसाद सापकोटाले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दियो। इलाका प्रहरी कार्यालय, सिमराले आरोपित शिक्षक सापकोटाविरुद्ध सोही दिन बलात्कार प्रयासको मुद्दा दायर गरेको थियो। जिल्ला अदालतको फागुन १९ गतेको आदेशले आरोपित सापकोटालाई पुर्पक्षका लागि जेल चलान गर्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा ४ सय ९ जनाले उजुरी दर्ता गराए। जसमध्ये विभिन्न कारणले कुटपिट गरिएको उजुरी १ सय ९९, घरनिकाला गरिएका ३१, खानलाउन नदिएको २२, नागरिकता नबनाएको ९, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ११, मार्ने धम्की दिइएकोमा ६५ उजुरी आयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
जम्मा	५	५

जसमध्ये ३ सय ४७ मिलापत्र भएको र ६२ वटा उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सेवा केन्द्रले जनायो।

यो वर्ष पाँच महिला पीडित भएकोमा दुई जना बलात्कृत भए, एक जना महिलामाथि बलात्कार प्रयास भयो भने दुई महिला बहुविवाहबाट पीडित भए। एक महिलाको घर परिवारबाटै हत्या भएको उजुरीका सम्बन्धमा अदालतमा मुद्दा चरिहेको छ। एक महिलालाई ६ जनाको समूहले सामूहिक बलात्कार गरेको उजुरीका सम्बन्धमा अनुसन्धान भए पनि आरोपितहरू फरार छन्। अघिल्लो वर्ष १८ जना महिला पीडित भएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक किशोरीलाई २०७१ पुस १९ गते मझरिया गाविस-६ का स्थानीय ६ जनाको समूहले बलात्कारको प्रयास गरेको आरोप छ। आरोपित मझरिया गाविस-६ का २७ वर्षीय पप्पुप्रसाद यादव, ३२ वर्षीय ओमप्रकाश यादव, हृदयनारायण अहिरलगायतका ६ जना फरार रहेकोले खोजी कार्य भइरहेको प्रहरीले जनायो। पीडित पक्षले पुस २० गते जिल्ला प्रहरीमा उजुरी गरेको थियो। आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति/संरचना क्षति

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले प्रदर्शनको क्रममा कवहीगोठ गाविस- ६ निवासी काङ्गेस सांसद ५० वर्षीय रामअयोध्या यादवको कलैया ४ स्थित सम्पर्क कार्यालयमा ०७२ असोज ५ गते तोडफोड गरी कार्यालयभित्र रहेका चेक बुक, फर्निचर, कागजातलगायतका सामान बाहिर झिकेर आगजनी गरे। आगजनीपछि तितरबितर भएको त्यसको केही घण्टापछि प्रहरीले भित्री बजार र शहरको गल्लीमा पसेर भीडलाई लेखेट्दै प्रदर्शनकारीसँगै सर्वसाधारणलाई कुटपिट गर्न थालेपछि स्थिति तनावग्रस्त भएको थियो। प्रदर्शनकारी र प्रहरीबीच झडपछि प्रहरीले दर्जन राउन्ड अश्रुग्यास प्रहार र हवाई फायर गरेको थियो।

मनहर्वास्थित रिलायन्स चिनी उद्योगबाट काठमाडौं र तनहुँको लागि चिनी बोकेर जाँदै गरेको तीन ओटा ट्रकमा आन्दोलनकारीको एक समूहले भदौ २६ गते आगजनी गरे। ना ५ ख २९९५, ना ५ ख ८७६१, ना ४ ख २९२७ नम्बरको ट्रकलाई रोकेर मानवत-मटिअर्वा सडकस्थित मनहर्वा-५ मा आगजनी गरेको थियो। ना ४ ख २९२७ नम्बरको ट्रकको अगाडिको भागमा मात्र क्षति पुगेको थियो। अरु दुई ओटा ट्रकको ८ सय ४० ओटा चिनीको बोरासहित ट्रकसमेत नष्ट भएको प्रहरीले जनायो। ३० देखि ४० जनाको समूहमा रहेका आन्दोनकारीको समूहले मुढाले सडक अवरुद्ध गरी आगजनी गरेका थिए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले पकडिया-९ का काङ्ग्रेस कार्यकर्ता विनोद यादवसहित तीन जनाको घरमा असोज ७ गते तोडफोड र आगजनी गरे। मोर्चाका सयौं कार्यकर्ता पुगेर नाराबाजी गर्दै तोडफोड र आगजनी गरेका थिए। यादव काङ्ग्रेस क्षेत्र नम्बर- १ का क्षेत्रीय सचिव हुन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल र ९३ ओटा स्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा १९ जना डाक्टरको दरबन्दी रहेकोमा नौ जना कार्यरत र १० जनाको दरबन्दी रिक्त रहेको छ। स्टाफ नर्सको दरबन्दी १५ जना रहेकोमाा सात कार्यरत छन् भने आठ जनाको दरबन्दी रिक्त रहेको छ। ल्याव असिस्टेन्टको दरबन्दी ११ जनाको रहेको छ। हेल्थ असिस्टेन्टको दरबन्दी ९३ जनाको रहेकोमा ५२ जनाको रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड रहेकोमा १० लाख रुपियाँ प्रशासनिक खर्च र ३० लाख रुपियाँ औषधी खर्च रहेको छ।

२.५ पर्सा



जम्मा जनसङ्ख्या
६०१०१७

महिला
२८८६५५

परिवार सङ्ख्या
५५५३६

खोलाको पानी पिउने परिवार
१२५

शौचालय नभएका परिवार
६२०७६

कामका लागि बाहिरिएका
८०५३

सबभन्दा बढी जनसङ्ख्या
८७२१२ (मुस्लिम)

अपाङ्गता भएका
६२१५

५ वर्षमाथिको साक्षरता प्रतिशत
८०

सरकारी विद्यालय
३१०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	५	३३	३८		१३	१३
बालअधिकार				१७	१	१८
महिलाअधिकार				२०९		२०९
भेला/सङ्गठित हुने अधिकार	३	६७	६९			
गिरफ्तारी/यातना		३३	३३			
कुटपिट				१	९	१०
धम्की					७	७
हत्या		७	७	१	३	३
जम्मा	७	१३९	१३६	३३८	३१	३५९

पर्सा जिल्लाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा अत्यन्तै कमजोर भयो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६५ महिलासहित ७३ जना पीडित भएकामा सन् २०१५ मा २ सय ३५ महिलासहित ३ सय ५५ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनमा सात महिलासहित १ सय ३६ जना पीडित भए जसमध्ये मधेसमा जारी आन्दोलनका क्रममा प्रहरीले प्रहार गरेको गोलीबाट सात जना पुरुषको हत्या भयो। मधेश आन्दोलनका क्रममा भएका विभिन्न झडपमा ३८ जना घाइते भए। यो वर्ष मुलुकको प्रमुख भन्सार नाका रक्सौललाई बन्द गरेर आन्दोलनकारीले गरेको प्रदर्शनकाक्रममा जिल्ला लामो समयसम्म तनावपूर्ण रह्यो। यसै गरी २२ जनामाथि गिरफ्तारी र यातना, ६५ जनाको राज्यपक्षबाट अभियव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठित गरियो। गैरराज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा २ सय २८ महिलासहित २ सय ५५ जना पीडित भए। गैरराज्यपक्षबाट भएका घटनामा एक महिलासहित तीन जनाको यस वर्ष हत्या भयो। गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भए। पीडितमध्ये १२ जना विभिन्न घटनामा घाइते भए भने १० जनामाथि कुटपिट र सात जनामाथि धम्कीका घटना भए। साथै १८ बालिका बलात्कार तथा यौनदुर्व्यवहारबाट पीडित भए भने २ सय ५ जना महिला यौनिक तथा घरेलु हिंसाबाट पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष पाँच जना महिलासहित सात जना जनाको हत्या भएको थियो भने यो वर्ष एक महिलासहित तीन जनाको हत्या भयो। जसमा १ जना महिलाको परिवारजनबाटै हत्या भयो।

मधेस आन्दोलनका क्रममा औषधि बोकेको ट्रकमा पेट्रोलबम प्रहार गरी आगजनी गरियो। मधेसमा जारी आन्दोलन र बन्दहड्ताल कारण देखाउँदै

स्वास्थ्यकर्मीले स्वास्थ्य संस्था बन्द गरे। लामो समयदेखि स्वास्थ्य संस्था नखुलेका कारण बिरामीहरूको उपचार सेवा प्रभावित रह्यो। महादेवपट्टी, मिर्जापुर, सम्भौता, जयमंगलापुर, शिवबर्वा, सबैठवालगायतका स्थानमा रहेका प्राथमिक स्वाथ्य केन्द्र र स्वास्थ्य चौकीहरू असोज महिनादेखि खुल्न सकेनन्। बिरामी छाडेर फर्कदै गरेको एक एम्बुलेन्स मोर्चाका कार्यकर्ताले आगजनी गरे। प्रदर्शनका क्रममा आन्दोलनकारीहरूले बीरगञ्ज उपमहानगरपालिकाको रानीघाटस्थित प्रहरी चौकीमा आगजनी गरे। त्यसैगरी रानीघाटको समसानघाटमा रहेको प्रहरी चौकी, छपकैयामा रहेको सामुदायिक प्रहरी भवन, गण्डकमा रहेको प्रहरी पोष्ट र भिष्वामा रहेको प्रहरी पोष्टमा समेत तोडफोड र आगजनी गरे। यसैगरी इलाका प्रहरी कार्यालय लगंडी, जानकीटोला प्रहरी चौकी, धोरे प्रहरी चौकी, क्षेत्र नं ५ को भिष्वमा रहेको नेपाल र सशस्त्र प्रहरीको चौकीमा तोडफोड र आजगनी भए। भिष्वास्थित दुवै चौकी, बञ्जारीमा रहेको सशस्त्र प्रहरीको क्याम्पमा विस्थापित भए। त्यस्तै टिहुकी र पाडेपुर प्रहरी चौकी पनि प्रदर्शनकारीले तोडफोड गरे।

मधेसी मोर्चाका कार्यकर्ताले वीरगञ्जको सीमा नाकामा रहेको मितेरी पुलमा २०७२ असोज ७ गतेदेखि दिएको धर्नाका कारण यो वर्षाको अन्त्यसम्ममा सो नाकाबन्द भयो। नाकाबन्द हुँदा सम्पूर्ण नेपालको जनजीवन प्रभावित भयो।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यपक्षबाट

मनियारी गाविसका २२ वर्षीय दिलीप चौरसियाको २०७२ भदौ १४ गते जिल्ला विकास समितिअगाडिको पदम रोडमा प्रदर्शनकारीहरूले कर्फ्युको अवज्ञा गरेर प्रर्दशन गर्दा प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। घटनामा गोलीबाट घाइते भएका चौरसियाको उपचारको क्रममा सोही दिन बीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो। घटनामा प्रहरीको गोली प्रहारबाट महुवन बलुवाका ३२ वर्षीय पन्नालाल यादव, बीरगञ्ज उमनपा- १९ नगवाका १० वर्षीय ईरफान अन्सारी, १० वर्षीय मुन्नाकुमार यादव, २२ वर्षीय अनवर हवारी, २० वर्षीय मनोज महतो, २२ वर्षीय कृष्णकुमार पटेल, २२ वर्षीय मनोजकुमार यादव प्रहरीको गोली तथा लाठी प्रहारबाट घाइते भए। उनीहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल र नेशनल मडिकल कलेजमा उपचार भयो। घटनापछि स्थानीय प्रशासनले ४ बजे कर्फ्यु आदेश गरेपछि बीरगञ्जका सबै चोकहरू बसपार्क, नगवा, छपकैया, रानीघाट, कुम्हालटोल, विर्ता प्रतिमा चोक, लक्ष्मनवा चोक, आवास क्षेत्र पिप्रा र सानो पिप्रा गण्डकलगायतका क्षेत्रमा सडकमा टायर बालेर पोल र ढुङ्गाले सडकमा अवरोध सृजना गरेर प्रदर्शनकारीहरूले प्रदर्शन गरेका थिए। आन्दोलनकारीले कोष तथा लेखा नियन्त्रण कार्यालयको बा १ च २९२ गाडी पनि जलाएका थिए।

बीरगञ्ज उमनपा मनियारीका ३० वर्षीय धर्मराज सिंह, बारा जिल्ला प्रसौनी गाविस-८ ठूलो नौतनका २७ वर्षीय दिनानाथ साह र सोही ठाउँका २४ वर्षीय जयप्रकाश साह तेली र सोहन साह कलवारको ०७२ भदौ १५ गते बीरगञ्जको रामराजा पुलनजिक आन्दोलनकारी र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। झडपमा प्रहरीको गोली प्रहारबाट बारा जिल्ला विश्रामपुरका ४२ वर्षीय अमिरीलाल राउत, १९ वर्षीय संजय साह, ११ वर्षीय सुरज साह, बारा जिल्ला छतवाका अजय साह, अजाद अहिर, सन्तलाल यादव, हरिशङ्कर पटेल, देवराज सिंह,



प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट मृत्यु भएका क्रमशः धर्मराज सिंह, दिनानाथ साह, दिलीप चौरसिया र जयप्रकाश साह

मजिद देवान, अनवरक हुसेन र राजेश पटेल घाइते भए। घाइतेहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घाइतेमध्ये अमिरीलालको भने उपचार काठमाडौँमा भयो। प्रर्दशनकारीहरूले स्थानीय प्रशासनले लगाएको कर्फ्युको अवज्ञा गर्दै बीरगञ्जको आदर्शनगरमा रहेको आन्तरिक राजस्व कार्यालयमा आगजनी गरे। आगजनीबाट दुई ओटा कम्प्युटर, एसी, सीसी क्यामरा र फर्निचहरू जलेर नष्ट भएका थिए। प्रहरीले प्रदर्शनकारीहरूलाई सो क्षेत्रबाट हटाउन दर्जनौँ राउण्ड हवाई फायर गरेको थियो।

पकाहा मैनपुर गाविस-४ का १६ वर्षीय शत्रुघ्न पटेलको २०७२ असोज ३ गते बीरगञ्जको गीता मन्दिर रोडमा प्रदर्शनकारीले कर्फ्यु उल्लङ्घन गरी विरोध प्रदर्शन गर्दा भएको झडपमा प्रहरीको गोली प्रहारबाट मृत्यु भयो । प्रहरीको गोलीबाट विजय यादव र मन्सुरी राउत पटेल घाइते भए भने प्रहरीको लाठीचार्जबाट प्रदीप कलवार, मुकेश गुप्ता, काजी देवान, मनीचन प्रसाद, शिवपुजन पटेल, किशोर दास र मथिलेश सिंह घाइते भए। उनीहरूको बीरगञ्जस्थित नारायाणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। कर्फ्यु तोडेर आन्दोलनमा उत्रेका प्रदर्शनकारी र प्रहरीबीच घण्टारघर माइस्थान र गीतामन्दिर रोडमा झडप हुँदा प्रहरीले गोली चलाएको थियो। झडपमा जिल्ला प्रहरी कार्यालय पर्साका इन्स्पेक्टर शेख अदालत पनि घाइते भए। उनको बीरगञ्जस्थित नेशनल हेल्थक्येर अस्पताल गण्डकमा उपचार भयो।

भारत रक्सौलका २४ वर्षीय आशिषकुमार रामको २०७२ कात्तिक १६ गते बीरगञ्ज नेपाल भारत सीमा नाकामा रहेको शङ्कराचार्य प्रवेशद्वारनजिक मितेरी पुलमा धर्ना दिइरहेका प्रदर्शनकारी र प्रहरीबीच भएको झडपमा प्रहरीले चलाएको गोली प्रहारबाट मृत्यु भयो। प्रदर्शनकारीहरूले सीमामा रहेको इनर्वा प्रहरी चौकीमा पेट्रोल बम र ढुङ्गा प्रहार गरेपछि प्रहरीले अश्रुग्यास र गोली चलाएको प्रत्यक्षदर्शीले बताए। प्रहरीको लाठीचार्जबाट निखिल वर्णवाल, शुमभ चौरसीया, अमोद पटेल, जगदीश पटेल, जटाशङ्कर गिरी, धर्मेन्द्र पटेल प्रदर्शनकारी घाइते भएको सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य राजकुमार यादवले बताए । त्यस्तै बीरगञ्ज-१० का ४५ वर्षीय अनवर हवारी, बीरगञ्ज-१८ भेडियाही घर भई मिनाबजारमा पसल गर्ने ३५ वर्षीय भुलन सर्राफ, बारा जिल्ला ईटियाही-७ का ३० वर्षीय शिवजी साह, बीरगञ्ज रामटोलका १५ वर्षीय रवी यादव, बीरगञ्ज-१३ का २० वर्षीय राहुल दाससमेत घटनामा घाइते भए। घाइते उनीहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। यसैबीच प्रहरीले सोही दिन बिहान हस्तक्षेप गरेर खुलाएको बीरगञ्ज सीमा नाका मधेसी मोर्चाका नेता तथा कार्यकर्ताहरूले पुन: बिहान ठप्प पारेका थिए।

गैरराज्यपक्षबाट

बीरगञ्ज उमनपा-२५ सबैठवाका २० वर्षीय रामबिनेश कुशवाहलाई २०७२ कात्तिक १० गते हत्या गरेको आरोपमा बीरगञ्ज उमनपा-२५ जगनाथपुर निवासी सङ्घीय समाजवादी फोरम नेपालका गाउँकमिटी अध्यक्ष ३५ वर्षीय अमर यादवलाई मङ्सिर १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। कुशवाहको शव बन्दरगाह परवानीपुर सडकखण्डको जगरनाथपुर चौक भन्दा १ सय मिटर उत्तरपट्टी सडकको धानखेतमा फेला परेको थियो। गाउँलेले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। जगरनाथपुर चोकमा इन्धन तस्करी रोक्न मोर्चाका नेताले जगरनाथपुर मनियारीका कार्यकर्ता खटाएका थिए। टाउकोमा हेल्मेट लगाएको अवस्थामा प्रहरीले शव फेला पारेको थियो। मृतकका दाजु रामप्रसाद कुशवाहाले भाइ साढे ३ बजे लालपर्सा ससुराली जानका लागि घरबाट ना १६ प ११२८ नम्बरको मोटरसाइकलमा हिँडेकोमा दुई घण्टापछि खेतछेउमा लडेको खबर आएको बताए। मृतकको हात र घाँटीमा धारिलो हतियारको चोट थियो। शरीरका अन्य भागहरूमा पनि चोट र नीलडाम थियो। कुशवाहको परिवारजनले उनको कुटपिटबाट मृत्यु भएको आरोप लगाएको छ। मृतकका दाजु रामप्रसादले जिल्ला प्रहरी कार्यालय पर्सामा कात्तिक २० गते किटानी जाहेरी दिएकोमा प्रहरीले कात्तिक २२ गते मुद्दा दर्ता गरी अनुसन्धान शुरु गऱ्यो। शवको पोस्टमार्टम बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भयो।

प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट मृत्यु भएका सोहन साह कलवार र सत्रुघन पटेल

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

बीरगञ्ज उपमहानगरपालिका १७ गण्डकका १४ वर्षीय दिपेश पटेल र १६ वर्षीय सन्दीप पटेल २०७२ भदौ १५ गते बिहानै बीरगञ्जको गण्डकमा सङ्घीय समावेशी मधेसी मोर्चा र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले कर्फ्युको अवज्ञा गर्दै विरोध प्रदर्शन गर्दा प्रदर्शनकारी र प्रहरीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट घाइते भए। उनीहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घाइतेमध्ये दीपेशको टाउकोमा चोट लागेको थियो भने सन्दीपको खुट्टा र हातमा चोट लागेको सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य राजकुमार यादवले बताए। सुरक्षाकर्मीले प्रतिमा चोकमा पाँच सेल अश्रुग्यास, सानो पिप्रामा दुई राउण्ड हवाई फायर गरेको थियो। भिषूवामा रहेको सशस्त्र प्रहरीको सीमा चेकपोष्टमा स्थानीयले आगजनी गरे। त्यस्तै सोही ठाउँमा रहेको प्रहरी चौकी पनि तोडफोड गरे। दुवै प्रहरी पोष्टमा स्थानीयले क्षति पुऱ्याएपछि दुवै पोष्टका प्रहरी बन्जारीमा रहेको सशस्त्र प्रहरीको पोष्टमा स्थानान्तरण भएको थियो।

महोत्तरी जिल्ला सरपलुवा गाविस-४ स्थायी घर भई नारायणी उपक्षेत्रीय अस्पतालको आवासमा बस्ने सोही ठाउँका कार्यालय सहायक ३५ वर्षीय विनोद महतो, रौतहट जिल्ला लक्ष्मीनीया गाविस-४ घर भई नारायणी उपक्षेत्रीय अस्पतालको प्रहरी विटमा कार्यरत प्रहरी जवान २६ वर्षीय नरेन्द्र चौधरी र बीरगञ्ज उपमहानगरपालिका-१९ इनर्वाका बिरामी कुरुवा ४५ वर्षीया इतरावती देवी र बीरगञ्ज उमनपा-४ का ३८ वर्षीय सुदीप लामा २०७२ भदौ १५ गते विहान बीरगञ्जको नारायाणी उपक्षेत्रीय अस्पतालमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र

प्रहरीले कुटपिट गरी बलिरहेको आगोमा फालि दिएपछि घाइते भएका मिहिरकुमार कर्ण

प्रहरीबीच भएको झडपमा प्रहरीको गोली प्रहारबाट घाइते भए। उनीहरूलाई गोलीको छर्रा लागेको थियो। घाइतेहरूको बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भएको अस्पतालका जयमोद ठाकुरले बताए। घाइतेमध्ये प्रहरी जवान सादा पोशाकमा थिए।

सङ्घीय समावेशी मधेसी मोर्चा सम्बद्ध आन्दोलनकारीहरूले कर्फ्यू उल्लङ्घन गरी सडकमा गरेको अवरोध हटाउँदा आन्दोलनकारी र प्रहरीबीच २०७२ भदौ १४ गते बीरगञ्जको नयाँ बसपार्क नगवामा भएको झडपमा प्रहरीको गोली प्रहारबाट १२ वर्षीय इरफान अन्सारीसहित कृष्णकुमार पटेल, अनवर हवारी, मनोजकुमार राम र मुन्नाकुमार यादव घाइते भएको सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य राजकुमार यादवले बताए। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

प्रदर्शनकारीहरूको एउटा समूहले २०७२ असोज ३ गते एमाले पर्सा क्षेत्र नम्बर- ३ का सांसद राजकुमार गुप्ताको बीरगञ्ज उमनपा-१४ को श्रीपुर नयाँबस्तीमा रहेको निवासमा तोडफोड गरे। प्रदर्शनकारीहरूले घरको झ्यालका शिशाहरू तोडफोड गरेको लोकतान्त्रिक मधेसी सङ्गठन पर्साका अध्यक्ष सुन्दर कुर्मीले बताए। प्रदर्शनकारीहरूले समाचार संकलनका लागि पुगेका नेपाल वन टेलीभिजनका सम्वाददाता नरेश सर्राफ, फोटो पत्रकार समूहका केन्द्रीय उपाध्यक्ष राम सर्राफ, पत्रकारहरू नेहाल खान, इरफान अली, राजेश पटेल र अजित भूजेललाई दुर्व्यवहार गरे।

गैरराज्यपक्षबाट

बीरगञ्ज उमनपा-९ रेशमकोठीस्थित किसनलाल महेशकुमार कपडा पसलका सञ्चालक ४९ वर्षीय महेश कादमीयालाई २०७१ चैत २९ गते साँझ बीरगञ्ज उमनपा माइस्थानमा गोली प्रहार गरेको आरोपमा भारत बिहारको मज्जफरपुरका रवि सिंहलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। पसलमै बसिरहेको अवस्थामा उनलाई मोटरसाइकलमा आएका सिंहले गोली प्रहार गरेका थिए। दाहिने तीघ्रामा गोली लागी घाइते भएको उनको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। आरोपित सिंहको साथबाट दुई थान पेस्तोल र ६ राउण्ड गोलीसमेत बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता डीएसपी बीरबहादुर ओलीले बताए। सिंहका सहयोगी भने फरार भए। आरोपित सिंहलाई जिल्ला अदालतले २०७२ जेठ

२० गते पुर्पक्षमा राखेर अनुसन्धान गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

मधेसी मोर्चाका कार्यकर्ताहरूले २०७२ असोज ५ गते प्रहरी चढेको ना १ ग ४७२ नम्बरको गाडीमा पेट्रोलबम प्रहार गर्दा प्रहरी जवान २७ वर्षीय कृष्णबहादुर नेपाली, २५ वर्षीय राजु परियार र २४ वर्षीय राजकिशोर यादव घाइते भए। उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। उनीहरू तीनै जना जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत हुन्।

अभिव्यक्ति, भेला हुने तथा सङ्गठित हुने अधिकार

बीरगञ्जमा आन्दोलनकारीको दबावका कारण केवुल सञ्चालकहरूले काठमाडौँबाट प्रशारण हुने केही टेलिभिजनको प्रशारण अबरुद्ध पारेको थियो। लाकेतान्त्रिक मधेसी मोर्चाको तर्फबाट जनपरिचालन समितिका संयोजक प्रदीप यादवले २०७२ असोज १३ मा पत्र लेखेर प्रशारण बन्द गर्न भनेपछि आफूहरू प्रशारण बन्द गर्न बाध्य भएको केवुल सञ्चालक सुन्दर कुर्मीले बताए। काठमाडौँबाट प्रशारण हुने न्यूज २४, माउन्टेन, हिमालयन, एबिसी र सगरमाथा टेलिभिजनको प्रशारणमा रोक लगाएको थियो। नेपाल टेलीभिजन र एभिन्यूजको प्रशारण भने रोक लगाइएको थिएन। मधेसी मोर्चाले बीरगञ्जबाट प्रशारण भइरहेका रेडियोहरूबाट नेपाली गीतसङ्गीत बजाउनसमेत रोक लगाउन आह्वान गरेको थियो।

सङ्घीय समावेशी मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच बीरगञ्जको नगवा र कुम्हाल टोलमा २०७२ भदौ १३ गते झडप भयो। दिउँसैदेखि नगवामा सडकमा टेण्ट गाडेर सभा गरेका आन्दोलनकारीले साँझ सडक अवरोध गरेपछि प्रहरी र आन्दोलनकारीबीच झडप भएको थियो। जिल्ला प्रशासन कार्यालय पर्साले बीरगञ्ज भन्सारदेखि जीतपुरसम्म सडकमा निषेधज्ञा जारी गरेको थियो। आन्दोलनकारीहरूले निषेधित सडकमा अवरोध सृजना गरेपछि बाटो खुलाउन खोज्दा झडप भएको थियो। झडपका क्रममा शेख फिरोज, अशोककुमार गुप्ता, राजेशमान सिंह, नुर आलम र राजु गुप्ता घाइते भए। घाइतेहरूको बीरगञ्जको नारायणी उपक्षेत्रीय, अस्पतालमा उपचार भइरहेको मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका जिल्ला अध्यक्ष शशीकपुर मियाँले बताए। प्रदर्शनकारीलाई प्रहरीले सडकबाट हटाउन खोज्दा नमानेपछि लाठीचार्ज गरेको सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य राजकुमार यादवले बताए। आन्दोलनकारीले नगवाको छेउमा पर्किङ्ग गरेर राखिएका ना ४ ख ६१२८,ना ५ ख ६६१३, ना ५ ख ७४५३, ना ५ ख ७४५४, ना ५ ख २९६८, ना ४ ख ६२४३, ना ४ ख ८१४७ र ना ४ ख ६११८ नम्बरका यात्रुवाहक बसमा तोडफोड गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा प्रहरीको गोलीको छर्रा लागी घाइते भएका कृष्णकुमार पटेल

आन्दोलनकारीले पेट्रोल बम प्रहार गरी घाइते बनाइएका प्रहरीहरू

बीरगञ्ज उपमहानगरपालिका -१४ निवासी एभिन्यूज टेलिभिजनका बीरगञ्ज ब्यूरो प्रमुख ४५ वर्षीय राजु श्रेष्ठ र बारा जिल्ला पिप्रा बसतपुर गाविस-३ निवासी सम्वाद्दाता २४ वर्षीय जियालाल साहमाथि २०७२ असोज २२ गते साँझ लाइभ रिपोर्टिङ गरिरहेको बेला आन्दोलनकारीहरूले आक्रमण गरे। लाइभ रिपोर्टिङमा पत्रकार श्रेष्ठले "हजारौ नागरिकको आन्दोलनमा सहभागिता रहेको" बताउँदा नजिकै रहेका आन्दोलनकारीहरूले "लाखौ" किन नभनेको किन "हजार" मात्र भनेको भन्दै आक्रमण गरेका थिए। आक्रोसित प्रदर्शनकारीहरूले पत्रकारहरूलाई राखिएको आदर्शनगरस्थित एक पसलको सटरमा समेत आक्रमण गरेका थिए। पत्रकार श्रेष्ठ र साहलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले उद्धार गरेको थियो। पत्रकारको उद्धारमा गएको प्रहरीको टोलीले आदर्शनगरमा लाठीचार्ज गरेको थियो। पत्रकार श्रेष्ठ असुरक्षित भएपछि सोही दिन राति प्रहरीको सहयोगमा काठमाडौँ गए।

प्रदर्शनकारी र प्रहरीबीच २०७२ कात्तिक १७ गते बीरगञ्जको माइस्थान मन्दिर क्षेत्रमा झडप हुँदा प्रदर्शनकारीले प्रहार गरेको पेट्रोलबमबाट बीरगञ्ज उमनपा-४

घर भई सिर्सिया सुख्खा बन्दरगाहमा भन्सार कार्यालयमा कार्यरत ५१ वर्षीय भरत नेपाल र बीरगञ्ज उमनपा-१४ का स्थानीय पत्रकार ५० वर्षीय विद्यार्थी गिरी घाइते भए। घाइते दुवै जनाको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। आन्दोलनकारीहरूले शिशाको बोटलमा पेट्रोल राखेर धागो हाल्ने र त्यसमा आगो लगाएर हान्ने गरेका थिए। झडपमा परेर प्रहरी जवान होमेन्द्रप्रसाद कुशवाहा घाइते भएका थिए। यस्तै नारायणी उपक्षेत्रीय अस्पतालअगाडि आन्दोलनकारीले प्रहार गरेको ढुङ्गाले लागेर प्रहरी हवल्दार चन्देश्वर यादव घाइते भएका थिए। यादवको नाक र निधारमा चोट लागेको थियो। आन्दोलनकारीहरू पनि घाइते भएको सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य राजकुमार यादवले बताए। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

बीरगञ्ज उमनपा-१५ पानीट्याकीका २२ वर्षीय मिहिरकुमार कर्णलाई २०७२ कात्तिक १७ गते बेलुका बिरामी भाउजूलाई उपचारका लागि अस्पताल पुऱ्याइ मोटरसाइकलबाट फर्किरहेको बेला प्रहरीले बीरगञ्जको मेनरोड नेशनल ट्रेनिङनजिक रोकी कुटपिट गरी बलिरहेको आगोमा फालिदिएको परिवारजनको आरोप छ। कर्णको शरीरको दाहिने भाग गम्भीर रुपमा जलेको थियो भने अनुहार, आँखा, टाउको, छातीलगायतका शरीरको विभिन्न भागमा गम्भीर चोट लागेको थियो। उनको बीरगञ्जस्थित नारायाणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालय पर्साले प्रहरीले कसैलाई आगोमा नफालेको बतायो। भागदौडको क्रममा आगोमा परेको हुन सक्ने जिल्ला प्रहरी कार्यालय पर्साले जनायो। यसैबीच मधेसी बुद्धिजीवी पेशागत समूह पर्साले कात्तिक १८ गते विज्ञप्ति निकालेर घटनाको निन्दा गरेको थियो।

आन्दोलनकारीले तोडफोड गरी क्षति पुऱ्याएको प्रहरी कार्यालय

तराई मधेसमा जारी आन्दोलनको समर्थन गर्दै पर्सेली पत्रकारहरूले २०७२ भदौ ३० गते साँझ बीरगञ्जको माइस्थानबाट दङ्गाग्रस्त क्षेत्र तोड्दै प्रदर्शन गरेको आरोपमा प्रहरीले दर्जनभन्दा बढी पत्रकारहरूलाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेमा नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष ध्रुव साह, कोषाध्यक्ष अनुप तिवारी, प्रेस युनियनका केन्द्रीय सदस्य बिजय कुश्वाहा, क्रान्तिकारी पत्रकार सङ्घका पर्साका अध्यक्ष आरके पटेल, मधेसी पत्रकार समाज पर्साका अध्यक्ष सन्तोष पटेल, फोटो पत्रकार सङ्घका केन्द्रीय उपाध्यक्ष राम सराफ, पत्रकार पवन तिवारी, छठु साह, रितेश त्रिपाठी, विजय चौहान, क्रान्ति साह, युवराज खड्का, अलिअसगर देवान, प्रणय साहलगायतका रहेका थिए। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन साँझ रिहा गरेको नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष श्याम बन्जाराले जानकारी दिए।

त्यसैगरी प्रहरीले निषेधित क्षेत्र तोड्दै प्रदर्शनमा उत्रेका सद्भावना पार्टीका नेता मोहनलाल चौधरी, जिल्ला अध्यक्ष इमदाद गद्धीप, बिपिन यादव, रहमान अन्सारी, रमेश गुप्ता, रामाशिष धानुक, राधेश्याम शोनी, ध्रुव साह र गुलाव मन्सुरलाई गिरफतार गरेको थियो। गिरफ्तार उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो। उनीहरूलाई असोज १ गते रिहा गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो।

मधेसमा जारी आन्दोलनप्रति समर्थन जनाउँदै काङ्ग्रेस बीरगञ्ज नगर कार्यसमितिका सभापति महमद शहाबुदीनको अगुवाइमा निकालेको ऐक्यबद्धता च्यालीमा प्रहरीले हस्तक्षेप गर्दै १४ जना कार्यकर्तालाई २०७२ भदौ २९ गते प्रहरीले गिरफ्तार गऱ्यो। माइस्थानबाट सुरु गरिएको शान्तिपूर्ण च्यालीमा सहभागी पवन श्राफ, मनोहर गुप्ता, परमानन्द साह कानु, सन्तोस गुप्ता, हुकुम सिंह, हरिन्द्र यादव, दिवाक देवान, रबिन्द्र ठाकुर, मुमताज अन्सारी, बिजेन्द्र चौरसिया, दिनेस गुप्तालगयात १४ जना काङ्गेस कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो। प्रदर्शनमा उत्रिएका उनीहरूले मधेसमा जारी दमन बन्द गर, कर्फ्यु दङ्गाग्रस्त क्षेत्र खारेज गर, प्रहरीको दमन बन्द गर, मधेस आन्दोलनमा मारिएकाहरूलाई सहीद घोषणालगायतका माग गर्दै नाराबाजी गरेका थिए।

स्थानीय प्रशासनले २०७२ भदौ २९ गते बिहान ९ बजेदेखि १ बजेसम्म कर्फ्यु घटाएको समयमा

प्रदर्शनमा उत्रेका प्रदर्शनकारीहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो। दङ्गाग्रस्त घोषित क्षेत्रमा राष्ट्रिय मधेस समाजवादी पार्टीको भातृ सङ्गठन युवा लिगका राष्ट्रिय अध्यक्ष प्रदीप चौरसियाको नेतृत्वमा युवाहरू प्रदर्शनमा उत्रिएपछि प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। रोशन पटेल, जिल्ला अध्यक्ष सुशीलकुमार पटेल, जितेन्द्र साह, कुन्दनकुमार, भूषाल चौरसिया, जितु सिंह, सन्तोष यादव, राजवीर पटेल, रवी पटेल र जितेन्द्र पटेललगायतलाई इन्स्पेक्टर शेख अदालतको कमाण्डमा रहेको प्रहरीको टोलीले गिरफ्तार गरी सोही दिन रिहा गऱ्यो।

स्थानीय प्रशासनले २०७२ भदौ २८ गते बिहान ९ बजेदेखि ११ बजेसम्म कर्फ्यु घटाएको समय सङ्घीय समावेशी मधेसी मोर्चाको तर्फबाट दंगाग्रस्त क्षेत्रभित्र प्रदर्शन गरेकोले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो। गिरफ्तार पर्नेहरूमा मोर्चाका जिल्ला संयोजक शशीकपुर मियाँ, लोहियावादी समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष नन्दन यादव, सङ्घीय समाजवादी फोरमका उमेश सहनी, किशोरी यादव, मधेशी जनअधिकार फोरम गणतान्त्रिकका महासचिव कदम रसुल, जिल्ला अध्यक्ष मुस्तकिम अन्सारी, नूर आलम, राष्ट्रिय मधेस समाजवादी पार्टीका जिल्ला अध्यक्ष प्रेमबाबु पटेल, मुन्नी श्रीवास्तव, नेकपा माओवादी पर्साका अध्यक्ष छोटेलाल यादव, केदार साह, नन्दु यादव, धर्मेन्द्र पटेल, टिका पटेल, हरेन्द्र ठाकुर, मनोज कर्ण र जमिला खातुनलगायत रहेका थिए। उनीहरू सोही दिन रिहा भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ७ सय ३९ कैदी तथा कैद नतोकिएका ३ सय ३९ जना बन्दीहरू रहेका छन। जसमा ७५ जना महिला छन् भने आश्रित बालक तीन जना र बालिका तीन जना गरी ६ जना रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पर्सा जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यसवर्ष फैसला हुनबाँकी देवानी मुद्दातर्फ १ हजार ८ सय २ र फौजदारी मुद्दातर्फ ७ सय ४५ थान रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा ३७ थान र फौजदारी १६ थान गरी ५३ मुद्दा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालतले जनायो।

अज्ञात समूहले आगजनी गर्दा पूर्णरुपमा क्षतिग्रस्त ना२च ७५८६ नम्बरको एम्बुलेन्स

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३६ प्रावि, ६७ निमावि, ८५ मावि र २६ उच्च मावि रहेका छन्। २ हजार ७५ जनाको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ८३ हजार ६ सय ८३ बालक र ८० हजार ६ सय ६२ बालिका गरी १ लाख ६४ हजार ३ सय ४५ बालबालिका रहेका छन्।

यसमध्ये दलित ७ हजार ९ सय ६२ दलित बालिका र १२ हजार १ सय २३ दलित बालकलाई छात्रवृति प्रदान गरियो। जिल्लामा अपाङ्गमैत्री विद्यालय सङ्ख्या ३० रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्ला शिाा कार्यालयको वार्षिक बजेट ९१ करोड ८३ लाख ९४ हजार १ सय ८४ रुपियाँ रहेको छ। प्रशासनिक खर्च ६० करोड ५० लाख ३८ हजार रुपियाँ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यो वर्ष चार देखि १५ वर्ष उमेर समूहका १८ जना बालबालिका पीडित भए। पीडितमध्ये नौ जना बालिका बलात्कृत भए भने तीन जना बालिकामाथि यौन दुर्व्यवहार भयो। बालविवाहबाट एक बालक र एक बालिका पीडित भए भने बेचबिखन तथा ओसारपसारबाट चार बालिका पीडित भए। बलात्कारका आरोपितमा १५ वर्षीय बालकदेखि ४५ वर्षीय पुजारीसमेत रहे। एक बालिकामाथि तीन जनाले सामूहिक बलात्कार गरेको उजुरीका सम्बन्धमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	४		४
बालविवाह	१	१	३
बलात्कार	९		९
यौन दुर्व्यवहार	३		३
जम्मा	१७	१	१८

अदालतमा मुद्दा चलिरहेको छ। अदालतबाट कुनैपनि उजुरीमा यसवर्ष अन्तिम फैसला भएन्। बलात्कार घटनाका दुई आरोपित भने फरार रहे।

बालबालिका बेचबिखनको प्रयास

१५ र १४ वर्षीया बालिकालाई ललाइफकाइ भारतको कोलकोतामा जागिर लगाइ दिने प्रलोभन देखाएर बीरगञ्ज सीमा पार गराउँदै गर्दा २०७२ असार १३ गते दिउँसो प्रहरीले सीमाको इनर्वाबाट उद्धार गऱ्यो। घटनामा सङ्लग्न रहेको आरोपमा मकवानपुर जिल्ला हाडीखोला गाविस-७ की २८ वर्षीया सुस्मिता डिङडुङलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित डिङडुङविरुद्ध जिल्ला प्रहरी कार्यालयले सोही दिन मानव बेचबिखन ऐनअर्न्तगत मुद्दा चलाएको थियो। पीडित दुबै बालिकालाई अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतले साउन ४ गते पुर्पक्षका लागि आरोपितलाई जेल चलानको आदेश गऱ्यो।

बलात्कार, बालात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७२ वैशाख ३० गते जयमङ्गलापुर गाविस-२ का ३५ वर्षीय अजमोदिन मियाँले बलात्कार गरेको भन्दै पीडितका बुबाले २०७२ जेठ २ गते प्रहरीमा जाहेरी दिए। प्रहरीले जेठ २९ गते सरकारी न्यायाधिवक्ताको कार्यालय पर्सामा आफ्नो रायसहितको प्रतिवेदन पेश गरेको थियो। आरोपित फरार नै रहे। पीडित बालिकाको जेठ २ गते नै बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेका छन।

६ वर्षीया एक बालिकालाई २०७२ जेठ १० गते दिउँसो बलात्कारको आरोपमा बारा जिल्ला बड्की फुलवरीया-६ घर भई बीरगञ्ज उपमहानगरपालिका-२० सिर्सियास्थित रामजानकी मन्दिरका पुजारी ४५ वर्षीय मनक भगत मालीलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित मालीले मन्दिरनजिकै खेली रहेकी बालिकालाई बलात्कार गरेको भन्दै पीडितले घटनाबारे अभिभावकलाई जानकारी गराएलगत्तै स्थानीय गाँउलेले मालीलाई नियन्त्रणमा लिएर कुटपिट गरी नजिकको प्रहरी चौकी अलौंमा जानकारी गराएपछि गएको प्रहरीको टोलीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी वीरबहादुर ओलीले बताए। आरोपितलाई असार ३ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ११ गते बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा गरिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ९ सय जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र पर्सामा उजुरी दर्ता गराए । जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ३४ जना, खानलाउन नदिएको १ सय ६१ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको ४ जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा ४ जना, बोक्सीको आरोप लगाएको घटनामा १ जना पीडित भएका थिए । ती घटनामध्ये प्रहरीले ६ सय ६५ घटनामा मिलापत्र गराएको र बाँकी २ सय ३५ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढेको सेवा केन्द्रले जनायो ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
महिला बेचबिखन	३	३
घरेलु हिंसा	३००	३००
यौन दुर्व्यवहार	१	१
जम्मा	३०९	३०९

यो वर्ष तीन जना महिला बलात्कृत भए भने दुईजना महिलालाई बलात्कार प्रयास तथा यौन दुर्व्यवहार गरियो। यसैगरी दुई महिला बेचविखन तथा ओसारपसार र २ सय जना महिला घरेलु हिंसाबाट पीडित भए। बलात्कारबाट ६० वर्षीया महिला तथा सुस्तमनस्थितिकी महिला पीडित भइन् भने आरोपितमा ६० वर्षीय बृद्धदेखि स्वास्थ्यकर्मी समेत रहे। यो वर्ष एक जना महिलाको परिवारजनबाट हत्या गरिएको उजुरीका सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छ भने अन्य उजुरीका सम्बन्धमा अदालतबाट अन्तिम फैसला भएको छैन। घरेलु हिंसाका दुई घटनाबाहेक अन्य सबैमा मिलापत्र भयो। बलात्कार तथा मानवबेचविखनका आरोपित दुई जना फरार रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया सुस्तमनस्थिति भएकी एक महिलालाई २०७१ फागुन २७ गते दिउँसो खेतमा घाँस काट्न गएको बेला बलात्कार गरेको आरोपमा ४५ वर्षीय रामप्रसाद न्यौपानेलाई फागुन २८ गते बिहान सुवर्णपुर गाविस-१ गढुवालाइनबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते बिहान बीरगञ्जको नारायाणी उपक्षेत्रीय अस्पतालमा भयो। पीडितले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई चैत २३ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुन्ने आदेश गऱ्यो।

६० वर्षीया एक महिलालाई २०७२ मङ्सिर १४ गते बलात्कार गरेको आरोपमा निर्मलबस्ती गाविस-६ की ६० वर्षीय रामबहादुर सुनारलाई मङ्सिर १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण मङ्सिर १५ गते बीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा गरिएको थियो। पीडितले मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी गरिन्।

परिवारजनबाट हत्या

सबैढवा गाविस-५ की २५ वर्षीया कुसुमदेवी नुनियाको २०७२ साउन १७ गते हत्या गरेको आरोपमा पति जोगिन्दर महतोविरुद्ध पीडित पक्षले साउन २३ गते इलाका प्रहरी कार्यालय पोररियामा उजुरी दिए। आरोपित घटनापछि फरार रहेकोमा प्रहरीले साउन २७ गते गिरफ्तार गऱ्यो। कुसुमदेवीको शव साउन २० गते बिहान पर्सा जिल्लाको सबैढवा गाविस-५ मा बरामद भएको इलाका प्रहरी कार्यालय पोखरियाले जनायो। शव भुसमा छोपिएको दुर्गन्ध फैलिइसकेको अवस्था फेला परेको थियो। स्थानीयवासीले साउन १७ गते राति पतिपत्नीबीच झगडा भएको बताए। साउन २० गते शवको पोस्टमार्टम नारायणी उपक्षेत्रीय अस्पतालमा गरिएको थियो। अस्पतालमा कुसुमका पिता रामसवात महतोले छोरीको हत्या भएको र ज्वाइले हत्या गरेको आरोप लगाएका थिए। जिल्ला अदालतको असोज ४ गतेको आदेशले आरोपित महतो पुर्पक्षकालागि कारागारमा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

मधेशी दलका कार्यकर्ताहरूले काङ्ग्रेसका सांसद राजेन्द्रबहादुर अमात्यको बीरगञ्जको माइस्थानस्थित घरमा २०७२ असोज ५ गते तोडफोड गरे। आन्दोलनकारीको ढुङ्गामुढाबाट अमात्यको घरअगाडिको भागमा क्षति पुगेको थियो।

पर्साको क्षेत्र नम्बर ३ बाट निर्वाचित एमालेका सांसद राजकुमार गुप्ताको बीरगञ्ज नपा-१४ स्थित निवासमा असोज ४ गते बेलुका मधेसी मोर्चाका कार्यकर्ताहरूले आगजनी गरे। आगजनीका कारण १० लाख रुपियाँ मूल्य बराबरको सम्पती क्षति भएको पीडित पारिवारिक स्रोतले जनायो। आजगनी हुँदा सांसद गुप्ताको घरमा कोही थिएनन्। सांसद गुप्ताको घरमा असोज ३ गते पनि प्रर्दशनकारीहरूले तोडफोड गरेका थिए।

त्यस्तै बीरगञ्ज उमनपा-१० ब्रहमचोकमा रहेको नेपाल पत्रकार महासंघ पर्सा शाखाको कार्यालयमा मधेसी मोर्चाका कार्यकर्ताहरूले असोज ४ गते तोडफोड गरे। उनीहरूले कार्यालयको अगाडि टायर समेत बालेका थिए। प्रर्दशनकारीहरूले झ्यालका दुई ओटा शिशा तोडफोड गरेको नेपाल पत्रकार महासङ्घ पर्साका उपध्यक्ष ध्रुव साहले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य चौकी, ३८ ओटा स्वास्थ्य चौकी र ४१ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा तीन जना डक्टरको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी नौ रहेकोमा एक दरबन्दी रिक्त रहेका छन्। ल्याव असिस्टेन्टको दरबन्दी ६ मा चार कार्यरत र दुई दरबन्दी रिक्त रहेको छन्। अहेवको दरबन्दी २ सय ४९ रहेकोमा १ सय २२ कार्यरत रहेका छन्। अनमिको दरबन्दी १ सय ७० रहेकोमा ९२ कार्यरत रहेका छन्। हेल्थ हसिस्टेन्टको ८५ दरबन्दी रहेकोमा २४ कार्यरत रहेका छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेको छैन।

२.१० चितवन



जम्मा जनसङ्ख्या
५७५५८४

महिला
३००८५७

परिवार सङ्ख्या
१३२४६२

खोलाको पानी पिउने परिवार
४५१

शौचालय नभएका परिवार
७८२२

कामका लागि बाहिरिएका
५०४२१

सबभन्दा बढी जनसङ्ख्या
१६५६५२ (ब्राम्हण)

अपाङ्गता भएका
१२५३७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५७.५

सरकारी विद्यालय
३८५

चितवनको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार आयो। सन् २०१४ मा ५२ महिलासहित ५५ जना पीडित भएकामा २०१५ मा ५५ महिलासहित ६३ जना पीडित भए। जसमा तीन महिलासहित सात जनाको गैरराज्य पक्षबाट हत्या भयो। गैरराज्यपक्षबाट भएका घटनामा महिला र बालिका पीडित भए। गैरराज्य पक्षबाट यस वर्ष एक बालिकासहित तीन महिलाको परिवारबाटै हत्या भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। यो वर्ष बाल अधिकार उल्लङ्घनका ३१ घटना भए जसमध्ये १७ बालिकामाथि बलात्कार, १२ जनामाथि यौन दुर्व्यवहार र २ बालिका बेचबिखनबाट पीडित भए। महिला अधिकारका २५ घटना भए। जसमध्ये ११ जना बलात्कृत भए। अधिल्लो वर्ष २१ बालिका र ६४ महिला पीडित भएका थिए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ३५ जनाको छ। तर ३ सय ६४ कैद तोकिएका र २ सय ४ कैद नतोकिएका गरी ५ सय ६८ जना बन्दी छन्। जसमा महिला ५३ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा चार कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५ सय ४८ र फौजदारी ६ सय ९० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ६ र फौजदारी ६ थान छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३१		३१
महिलाअधिकार	३५		३५
हत्या	३	४	७
जम्मा	५९	४	६३

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय २३ प्रावि, ७२ निमावि, ४८ मावि, ४६ उच्च मावि रहेका छन्। २ हजार ८ सय ११ शिक्षक दरबन्दी रहेकामा २ हजार ७ सय ८० कार्यरत छन्। यस वर्ष ७२ हजार १ सय ८ बालक र ६७ हजार ७ सय ७५ बालिका भर्ना भए। यसमध्ये ७

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	२	२
बलत्कार	१७	१७
यौन दुर्व्यवहार	१२	१२
जम्मा	३१	३१

हजार ५ सय ५८ दलित बालक र ७ हजार ६ सय ११ दलित बालिकालाई छात्रवृति वितरण गरियो। जिल्लामा अपाङ्गमैत्री विद्यालय ३ सय २० वटा छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब ३६ करोड ३६ लाख ६९ हजार ८ सय ६९ रुपियाँ छ। प्रशासनिक खर्च १ अर्ब ३६ करोड ३० लाख ३१ हजार ४ सय ६९ रुपियाँ छ।

यो वर्ष पाँच देखि १७ वर्षसम्मका बालिका बलात्कृत भए। एक बालकको गैरराज्य पक्षबाट हत्या भएको उजुरीमा अदालतले जन्म कैदको फैसला गऱ्यो भने छोरी हत्याको उजुरीमा मुद्दा चलिरहेको छ। पीडित बालिकामध्ये दुई जना बाबुबाटै बलात्कृत भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। आरोपितमध्ये १२ वर्षीय बालकदेखि ५९ वर्षसम्मका रहे। बलात्कार घटनामा अदालतले २ लाख रुपियाँ भराउनेसमेतको फैसला गऱ्यो।

माडी नपा-११ की ३ वर्षीया खुसी बिकलाई २०७२ असोज ५ गते बाबु २५ वर्षीय सुरेश बिकले कुटपिट गरी घाइते बनाएकामा भरतपुर अस्पतालमा उपचारका क्रममा असोज १२ गते मृत्यु भएको भन्दै मृतकको आमाले प्रहरीमा असोज १२ गते उजुरी दिइन्। आरोपितले पत्नी २१ वर्षीया लक्ष्मी बिकलाई समेत कुटपिट गरेका थिए। उजुरी दिएकै दिन गिरफ्तार सुरेशलाई अदालतले कात्तिक १२ गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई २०७१ फागुन ७ गते दिउँसो घरमा अभिभावक नभएको बेला बलात्कार गरेको भन्दै भण्डारा-८ डुदुवाका ४१ वर्षीय एकराज हुमागाईविरुद्ध पीडित पक्षले प्रहरीमा फागुन १० गते उजुरी दियो। सोही दिन गिरफ्तार एकराजलाई अदालतले २०७२ असार २३ गते पाँच वर्षको कैद सजाय सुनायो।

१४ वर्षीया बालिकालाई २०७१ चैत ९ गते घरमा एक्लै भएका बेला भरतपुर नपा-११ बस्ने ३० वर्षीय आनन्द मरहठाले बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले प्रहरीमा चैत १२ गते उजुरी दियो। अदालतले असार २९ गते मरहठालाई तीन वर्ष कैद सजायको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ३९ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र चितवनमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका ६१ जना, खानलाउन नदिएको १ सय ५७ जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा २१ गरी कुल २ सय ३९ जना महिला पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय १७ घटनामा मिलापत्र गराएको र बाँकी उजुरीमा भने पीडित सम्पर्कमा नआएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

यो वर्ष ११ महिला बलात्कृत भएको उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भए। बलात्कारबाट ६५ वर्षीया महिलासमेत पीडित भइन्। तीन महिलाको परिवारजनबाट हत्या भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। आठ बलात्कार तथा बलात्कार प्रयासका घटनामा अदालतले प्रमाण नपुगेको भन्दै सफाइ दियो। अघिल्लो वर्ष विभिन्न घटनामा ६४ महिला पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	११	११
बलात्कारको प्रयास	४	४
बहुविवाह	४	४
महिला बेचबिखन	१	१
घरेलु हिंसा	३	३
यौन दुर्व्यवहार	२	२
जम्मा	३५	३५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई २०७१ माघ ८ गते साँझ शक्तिखोर गाविस-४ का २० वर्षीय अर्जुन भनिने लालबहादुर प्रजाले चण्डीभञ्ज्याङ गाविस-९ की १९ वर्षीय दुर्गा गुरुङ र ४ का १८ वर्षीय सुजन घर्तीको सहयोगमा पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा माघ ९ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार प्रजा र गुरुङलाई अदालतले फागुन ६ गते थुन्ने आदेश दियो। घर्ती फरार रहे।

५२ वर्षीया महिलालाई २०७१ माघ २२ गते साँझ ७ बजे दिव्यनगर गाविस-३ बस्ने ५५ वर्षीय सुकराज महतोले सोही गाविसको कोइला भन्ने ठाउँमा बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा माघ २८ गते उजुरी दिइन्। फागुन २ गते गिरफ्तार सुकराजलाई अदालतले जेठ १२ गते दुई वर्ष ६ महिना कैद फैसला गऱ्यो।

६५ वर्षीया महिलालाई २०७२ जेठ ६ गते बेलुका जङ्गलमा घाँस काटी घर फर्कने क्रममा २६ वर्षीय प्रकाश तिमिल्सिनाले नजिकैको खेतमा लगी बलात्कार प्रयास गरेको भन्दै पीडितले प्रहरीमा जेठ ७ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार प्रकाशलाई अदालतले जेठ २२ गते थुन्ने आदेश दियो।

परिवारजनबाट हत्या

दिव्यनगर नपा-४ विशालचोककी ५० वर्षीया लीला खातीलाई २०७२ भदौ १६ गते हत्या गरेको भन्दै पति ५५ वर्षीय हरि खातीविरुद्ध पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। घरनजिक रहेको शौचालयमा नाइलनको डोरी पासो लगाइ झुण्डिएको अवस्थामा लीलाको शव फेला परेको थियो। भदौ १७ गते गिरफ्तार हरिलाई अदालतले असोज ११ गते थुन्ने आदेश दियो।

वीरेन्द्रनगर-३ की ८२ वर्षीया धनकुमारी अधिकारीलाई २०७२ जेठ ८ गते राति धारिलो हतियार प्रयोग गरी कुटपिट गरेर गम्भीर घाइते बनाएकोमा चितवन मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा असार ४ गते मृत्यु भयो। यस घटनामा मृतकका छोरा गणेश अधिकारी र शालिकराम अधिकारीबीच आमाको हत्या गरेको विषयमा आरोप/प्रत्यारोप भई दुवैतर्फबाट जेठ ९ गते प्रहरीमा जाहेरी परेको थियो। घटनामा गणेशकी पत्नी लक्ष्मी र शालिकरामका छोरा प्रदीपको संलग्नता भनी उजुरी परेको थियो। आरोपितहरूलाई अदालतले थुन्ने आदेश दिएकोमा यो मुद्दा पुनरवेदन अदालत हेटौंडा पुगेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ३ अस्पताल र ३६ स्वास्थ्य चौकी छन्। ९ डक्टरको दरबन्दी रहेकामा ४ कार्यरत छन्। अहेवको १ सय १४ दरबन्दीमध्ये ८९, अनमीको ७८ दरबन्दीमध्ये ५८ र हेल्थ असिस्टेन्टको ३९ दरबन्दीमध्ये २७ कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १४ करोड ९३ लाख ९५ हजार रुपियाँ रहेकामा औषधि खर्च ६५ लाख रुपियाँ छ।

२.११ मकवानपुर



जम्मा जनसङ्ख्या
४२०४७७

महिला
२१३७५३

परिवार सङ्ख्या
८६१२७

खोलाको पानी पिउने परिवार
७५१

शौचालय नभएका परिवार
३४७०५

कामका लागि बाहिरिएका
१६५४७

सबभन्दा बढी जनसङ्ख्या
२०१०८१ (तामाङ)

अपाङ्गता भएका
८४६७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

सरकारी विद्यालय
५३३

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बाल अधिकार			१४		१४
महिला अधिकार			१०		१०
हिरासत वा थुनामा मृत्यु	१	१			
हत्या			२	१	३
जम्मा	१	१	२६	१	२७

मकवानपुरको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधारात्मक रह्यो। सन् २०१४ मा ४५ महिलासहित ५२ जना पीडित भएकामा २०१५ मा २६ महिलासहित २८ जना पीडित भए। एक पुरुषको हिरासतमा मृत्यु भयो। गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालबालिका बढी पीडित रहे। गैरराज्य पक्षबाट नौ बालिका बलात्कार, चार जनामाथि यौन दुर्व्यवहार र एक जना बाल विवाहबाट गरी १४ जना पीडित भए। यस वर्ष गैरराज्य पक्षबाट दुई महिलाको हत्या भयो। अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो। यो वर्ष सामूहिक बलात्कारपछि एक महिलाको हत्या उजुरीमा मुद्दा चलिरहेको छ। अघिल्लो वर्ष बाल अधिकारका २३ र महिला अधिकारका २५ घटना भएका थिए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ हजार २ सय जनाको छ। तर २ सय ५ कैद तोकिएको र ३ सय ७१ कैद नतोकिएको गरी ५ सय ७६ जना बन्दी छन्। क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पुरुष बन्दी राखिएका छन्। त्यसैले महिलालाई वीरगञ्ज पठाउने गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

मकवानपुरमा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा ११ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ८० र फौजदारी १ सय ८० थान छन्।

पुनरावेदन अदालतमा ११ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९ सय ८८ र फौजदारी ४ सय १७ छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ६ र फौजदारी १० थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९० प्रावि, ९२ निमावि र १ सय ५ मावि छन्। १ हजार ७ सय ३८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३४ हजार

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	९	९
यौन दुर्व्यवहार	४	४
जम्मा	१४	१४

५ सय ३९ बालक र ३६ हजार ८ सय ३५ बालिका भर्ना भए। जिल्लामा २५ विद्यालय अपाङ्गमैत्री छन्। यस वर्ष २ हजार १ सय ४ दलित बालक र २ हजार ६ सय ६७ दलित बालिकालाई छात्रवृति वितरण गरियो।

यो वर्ष चार देखि १७ वर्षका बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भए। आरोपितमा विद्यालयका शिक्षक तथा ८८ वर्षका वृद्धसमेत रहे। यसैगरी नातिनीलाई बलात्कार गरेको आरोपमा उजुरी परेका हजुरबाबारे मुद्दा चलिरहेको छ। यो वर्ष नौ बालिका बलात्कृत भए भने चार जनामाथि यौन दुर्व्यवहार भयो। अघिल्लो वर्ष २३ बालिका विभिन्न घटनाबाट पीडित भएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७१ माघ १५ गते बलात्कार गरेको भन्दै राईगाउँ गाविस-४ का १९ वर्षीय प्रितम तितुडविरुद्ध पीडित पक्षले प्रहरीमा माघ १६ गते उजुरी दियो। सोही दिन गिरफ्तार प्रितमलाई अदालतले फागुन १८ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ९८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ६०, खान/लाउन नदिएको २८, मार्ने धम्की दिएको नौ र कथित बोक्सीको आरोप लगाएको घटना एउटा रहे। तीमध्ये प्रहरीले ५९ घटनामा मिलापत्र गरायो भने २५ उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	३	३
बलात्कारको प्रयास	३	३
बहुविवाह	२	२
महिला बेचबिखन	१	१
जम्मा	१०	१०

यो वर्ष १० महिला पीडित भए। जसमा तीन महिला बलात्कार, तीन बलात्कार प्रयास, एक जना कथित बोक्सीको आरोप र एक जना बेचविखनबाट पीडित भए। एक महिलाको सामूहिक बलात्कारपछि हत्या गरेको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ।

बेचविखन तथा ओसारपसार

नामटार गाविस-२ की २२ वर्षीया महिलालाई २०७२ साउन ६ गते जागिर लगाइदिन्छु भनेर झुक्याइ भारततर्फ बिक्री गर्न लगिरहेको अवस्थामा प्रहरीले रसुवा जिल्ला भोर्ले गाविस-५ का ३० वर्षीय प्रेम भनिने मङ्गलसिंह थिङलाई कञ्चनपुरबाट गिरफ्तार गऱ्यो। पीडित पक्षले साउन ७ गते उजुरी दिएपछि गिरफ्तार भएका थिङलाई अदालतले असोज १३ गते १० वर्ष कैदको फैसला गऱ्यो।

बलात्कारपछि हत्या

हेटौंडा उमनपा-११ थानाभञ्ज्याङस्थित हाइवे होटलमा कार्यरत ४५ वर्षीय सुन्तली पुडासैनीको २०७२ कात्तिक १३ गते सामूहिक बलात्कार गरेर हत्या गरेको भन्दै भारत घर भई हेटौंडा उमनपा-११ मा मजदुरी काम गर्ने २४ वर्षीय सजित शर्मा, २६ वर्षीय बब्लु शर्मा र २३ वर्षीय छोटे शर्मालाई कात्तिक १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू होटलमा राति बस्न आएका थिए। त्यति नै बेला बलात्कार गरेर हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४४ वर्षीया महिलालाई २०७१ माघ १२ गते बलात्कार गरेको भन्दै कुलेखानी गाविस-२ का ३५ वर्षीय अशोक स्याङ्तानविरुद्ध पीडितले प्रहरीमा माघ १३ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार अशोकलाई अदालतले २०७२ कात्तिक १५ गते १० वर्ष कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। १५ डाक्टरको दरबन्दी रहेकामा १३ कार्यरत छन्। स्टाफ नर्सको १४ दरबन्दीमध्ये १२, ल्याब असिस्टेन्टको ६ दरबन्दीमध्ये चार, अहेवको ५२ दरबन्दीमध्ये ५१, अनमीको ३१ दरबन्दीमध्ये २८ र हेल्थ असिस्टेन्टको २३ दरबन्दीमध्ये १८ कार्यरत छन्। स्त्रीरोग विशेषज्ञ दरबन्दीअनुसार एक कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड ८३ लाख रुपियाँ रहेकामा प्रशासनिक खर्च ७ करोड ४७ लाख रुपियाँ र औषधि खर्च ३६ लाख रुपियाँ छ।

२.१२ ललितपुर



जम्मा जनसङ्ख्या
४६८१३२

महिला
२३००५०

परिवार सङ्ख्या
१०५७५७

खोलाको पानी पिउने परिवार
२४३

शौचालय नभएका परिवार
४७३५

कामका लागि बाहिरिएका
२४३८६

सबभन्दा बढी जनसङ्ख्या
१५५६०४ (नेवार)

अपाङ्गता भएका
४९३४

५ वर्षमाथिको साक्षरता प्रतिशत
९८.४

सरकारी विद्यालय
२००

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१		१
बालअधिकार	१३		१३
महिलाअधिकार	३३		३३
धम्की		१	१
जम्मा	३६	१	३७

ललितपुरमा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार अवस्थामा सुधार आयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा ३३ महिलासहित ४३ जना पीडित भएकामा सन् २०१५ मा ३६ महिलासहित ३७ जना पीडित भए। गत वर्ष गैरराज्यपक्षबाट हत्याका घटनामा आठ जना पीडित भएकामा यो वर्ष कोही पीडित भएनन्। यसैगरी गत वर्ष बालबालिकाविरुद्धका घटनामा २२ जना पीडित भएकामा यो वर्ष १२ बालिका पीडित भए। महिला हिंसाविरुद्धका घटना भने बढे।

कारागार र बन्दी

'ग' श्रेणीको नख्खु कारागारको क्षमता १ सय ७५ जनाको छ। तर ३ सय ७२ कैद तोकिएको र २ सय ८ कैद नतोकिएको गरी ५ सय ८० जना बन्दी छन्। जसमध्ये ३६ जना विदेशी नागरिक छन्। बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

कानुनी अड्चनका कारण कारागारको बास

युनिटी ग्रुपको निर्देशक पदमा कार्यरत मोराहाङ् गाविस-५, तेह्रथुमका ५४ वर्षीय विश्वनाथ गौतम २०६८ असार ३ देखि नख्खु कारागारमा कैदीका रूपमा छन्। उनलाई युनिटी ग्रुपको सञ्चालककै हैसियतमा ठगीको आरोपमा कारागार चलान गरिएको हो। ललितपुर जिल्ला अदालतले उनीविरुद्ध युनिटी ग्रुपको सञ्चालक भनी दायर अभियोग पत्रमा २०७० चैत १७ गते तीन वर्ष कैद र १ करोड ६ लाख २६ हजार २ सय ७६ रूपैयाँ जरिवाना र त्यति नै रकम बिगो भराउने आदेश दिएको छ। त्यसैगरी सुनसरी जिल्ला अदालतले २०७१ फागुन १३ गते तीन वर्ष कैदर २ करोड २३ लाख ४० हजार ३

कानुनी अड्चनका कारण बन्दी जीवन बिताइरहेका विश्वनाथ गौतम

सय रूपैयाँ जरिवाना र त्यति नै रकम बराबरको बिगो भराउने आदेश दिएको छ। मुद्दा दायर भएको ६ वर्षसम्म पनि बाग्लुङ अदालतले मुद्दाको फैसला गरेको छैन। गौतमकी पत्नी दीपा अधिकारी गौतमका अनुसार चितवन, कास्की र बर्दिया जिल्ला अदालतले सफाइ दिने फैसला गरेका छन् भने पाँचथर अदालतले भने मुद्दालाई मुल्तवीमा राखेको छ। तर, उनी सो ग्रुपको सञ्चालक भएको भनी कम्पनी रजिष्ट्रारको कार्यालयले चैत ११ गते खुलाइ पठाएको विवरणमा पाइँदैन। कास्कीको पुनरावेदन अदालतले पनि सफाइ दिएको दीपाले बताइन्। तर, सुनसरी जिल्ला अदालत र पाटन पुनरावेदन अदालतमा भने यो मुद्दा विचाराधिन रहेको छ। उनको मुद्दा फिर्ता लिनका लागि महान्यायाधिवक्ताको कार्यालयलाई पत्र लेखी गृहमन्त्रालयले २०७२ जेठ १७ गते कानुनी राय माग गऱ्यो। गृहमन्त्रालयले गौतमको नाममा चलाइएको ठगी मुद्दा फिर्ता लिन मिल्ने भनेको छ।

धम्की/कुटपिट

चापागाउँ गाविस-६ निवासी राजधानी दैनिकका फोटो पत्रकार ३८ वर्षीय अशोक दुलाललाई २०७२ जेठ २० गते चापागाउँकै बज्रबाराही उमावि भवनको रातो स्टिकर राखिएको तस्बिर खिचेर प्रकाशन गरेको भन्दै प्राचार्य चापागाउँ गाविस-४ का ५० वर्षीय रामेश्वर महर्जनले मार्ने धम्की दिएको पीडितले बताए। भेटघाट र कुराकानी गर्नु छ भनी विद्यालयमै बोलाएर झण्डै २ घण्टा बन्धकसमेत बनाएको दुलालले बताए। दुलालले उजुरी भने दिएनन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा अदालत र पुनरावेदन अदालत गरी दुई अदालत रहेका छन्। जिल्ला अदालतमा सात जना न्यायाधीश दरबन्दी रहेको छ। यस जिल्ला अदालतमा ०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेका देवानी मुद्दा ७ सय ७८ थान र फौजदारी मुद्दा ४ सय ५० थान रहेको छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा दुई थान र फौजदारी मुद्दा ६ थान रहेको जिल्ला अदालतले जनायो। मुद्दाको सङ्ख्या हेर्दा प्रतिन्यायाधीश २ सयको हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

त्यस्तै पुनरावेदन अदालत, पाटनमा १९ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालमा पुस १५ गतेसम्म देवानी मुद्दा ३ हजार ५ सय ८८ थान र फौजदारी मुद्दा ३ हजार २ सय २२ थान फर्स्योट हुन बाँकी रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा २ सय २३ थान र फौजदारी १ सय २७ थान फर्स्योट हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

ललितपुर जिल्लामा सरकारी र सामुदायिक गरी ८८ प्रावि, ३० निमावि र ७३ ओटा मावि रहेका छन्। ती विद्यालयहरूमा २ हजार १ सय ६८ शिक्षक दरबन्दी रहेकोमा कुनै दरबन्दी पनि रिक्त नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालयको पहुँचमा छन्। १४ हजार ७० जना बालक र १४ हजार ९ सय ७५ जना बालिका सरकारी सामुदायिक विद्यालयमा भर्ना भएको शिक्षा कार्यालयको तथ्याङ्कमा छ। जिल्लामा केही विद्यालय अपाङ्गतामैत्री भए पनि विद्यालयसम्म पुग्ने बाटो अपाङ्गतामैत्री नहुँदा यसको तथ्याङ्क नराखिएको जिल्ला शिक्षा कार्यालयको कार्यक्रम शाखाले जनायो। जिल्लामा कूल ९ सय ८ जना बालकले दलित छात्रवृत्ति पाए भने २ सय ६० जना अपाङ्गता भएका विद्यार्थी भर्ना भए। जिल्ला शिक्षा कार्यालयको आर्थिक वर्ष २०७२/०७३ को कूल वार्षिक बजेट ७३ करोड ८८ लाख ४ हजार रूपियाँ रहेको छ। जसमध्ये शिक्षक तथा कर्मचारीको तलब भत्ता र प्रशासनिक खर्चमा ५८ करोड ७० लाख ६६ हजार रूपियाँ बजेट रहेको जिल्ला शिक्षा कार्यालयका सहायक शिक्षा अधिकारी खेमनाथ पोखरेलले बताए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	२	२
जम्मा	१२	१२

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७१ चैत १९ गते ललितपुर उमनपा-१३ कुसन्तीमा बलात्कार गरेको भन्दै सुनसरी जिल्ला, धरान नपा-११ दुर्गाचोक घर भई ललितपुर उमनपा-१३ कुसुन्ती बस्ने ५९ वर्षीय दीपक राईविरुद्ध पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। चैत २५ गते गिरफ्तार दीपकलाई अदालतले २०७२ असोज १३ गते कसुर ठहर गऱ्यो। जिल्ला अदालतको असोज १३ गतेको आदेशले आरोपितलाई ६ वर्ष कैद र ५० हजार रूपैयाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ५ सय ९२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। झगडा शीर्षकमा २ सय ८ उजुरी दर्ता भए। सबै घटनामा प्रहरीले मिलापत्र गरायो।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्धका हिंसा तथा ज्यादतीका घटना बढे। गत वर्ष यस्ता घटनाबाट नौ महिला पीडित भएकामा सन् २०१५ मा २३ जना पीडित भए। गत वर्ष एक बलात्कार, तीन बहुविवाह, तीन घरेलु हिंसाबाट र दुई महिला बेचविखनबाट पीडित भएकामा यो वर्ष दुई घरेलु हिंसा, १० बलात्कार, एक बलात्कार प्रयास र १० बहुविवाहका घटनाबाट पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१०	१०
बलात्कारको प्रयास	१	१
बहुविवाह	१०	१०
घरेलु हिंसा	३	३
जम्मा	३३	३३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ वैशाख २२ गते नुवाकोट जिल्ला, मदानपुर गाविस-२ का ३६ वर्षीय कृष्णप्रसाद पाण्डेले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। सोही दिन गिरफ्तार पाण्डेलाई अदालतले भदौ २८ गते कसुर ठहर गऱ्यो। जिल्ला अदालतको भदौ २८ गतेको आदेशले मुलुकी ऐन जबर्जस्ती करणी महलको ३ (५) नम्बर बमोजिम पाँच वर्ष कैद र १० नम्बरबमोजिम पीडितले प्रतिवादीबाट १ लाख रुपियाँ क्षतिपूर्ति भराइ लिन पाउने ठहर गऱ्यो ।

२० वर्षीया महिलालाई २०७१ चैत २१ गते देवीचौर-१ बुरुन्चुलीका २४ वर्षीय दीपक लामा र २१ वर्षीय अम्बर मार्पाले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। चैत २३ गते गिरफ्तार दीपकलाई अदालतले २०७२ वैशाख २२ गते थुन्ने आदेश दियो। आरोपित अम्बर फरार रहे।

४२ वर्षीया महिलालाई २०७२ कात्तिक १७ गते ओखलढुङ्गा जिल्ला, हर्कपुर घर भई ललितपुर उमनपा-५ थसिखेल बस्ने ४० वर्षीय दुर्गाधन सुनारले बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा सोही दिन उजुरी दिइन्। कात्तिक १८ गते गिरफ्तार सुनारलाई अदालतले मङ्सिर १४ गते थुन्ने आदेश दियो।

एसिड प्रहार/हत्या प्रयास

मङ्गलबजारकी २२ वर्षीया अञ्जना तण्डुकारलाई २०७१ माघ ८ गते साँझ टीकाथली-२ का २१ वर्षीय अनुप रानाले प्रेम प्रस्ताव अस्वीकार गरेको भन्दै एसिड प्रहार गरी घाइते बनाएको आरोपमा प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। 'यस्तो घटनामा संलग्नलाई जन्म कैदको सजाय पनि कम हुने देखिन्छ तर अपराधजस्तै कानुन नहुँदा यस्ता अपराधीलाई सामान्य सजाय गरी उन्मुक्ति दिनुपर्ने अवस्था विद्यमान अवस्था रहेको छ'- एसिड प्रहार गर्ने अनुप राना मगरको मुद्दा फैसला गर्दै जिल्ला अदालतले २०७२ असार १३ गते भनेको छ। एसिड आक्रमण गर्नेविरुद्ध कडा कानुनी कारबाही गर्न अलग्गै कानुनी व्यवस्था आवश्यक हुने भन्दै अदालतले तत्काल त्यस्तो कानुन निर्माण गर्न सरकारको नाममा आदेशसमेत जारी गऱ्यो। अदालतले मुलकी ऐनको कुटपिट महलको ८ नम्बरअनुसार अधिकतम ३ वर्षसम्म सजाय गर्न सक्ने देखिएकाले सोहीअनुरूप रानालाई सजाय गर्ने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

ललितपुर जिल्लामा जिल्ला अस्पताल छैन। यस जिल्लामा केन्द्रीयस्तरका तीन ओटा अस्पताल रहेका छन्। जिल्लामा तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ३८ ओटा स्वास्थ्य चौकी छन्। ललितपुरमा चार जना डाक्टरको दरबन्दी रहेकोमा एउटा दरबन्दी रिक्त छ। ललितपुरमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। स्टाफ नर्स र ल्याब असिस्टेण्ट/टेक्निसियनको चार/चार दरबन्दी रहेकोमा दरबन्दी अनुसारका कर्मचारी कार्यरत छन्। अहेबको १ सय २३ दरबन्दीमा ४० दरबन्दी रिक्त रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो। त्यसैगरी अनमीको ८६ दरबन्दीमा ७८ जना कार्यरत छन्। खोप सुपरभाइजर एक जना, क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक जना कार्यरत ललितपुरमा हेल्थ असिस्टेण्ट ४३ दरबन्दीमा १४ रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको कूल बजेट ११ करोड ८२ लाख ५९ हजार रूपैयाँ रहेकोमा प्रशासनिक खर्च ६ करोड ७४ लाख रूपियाँ रहेको जिल्ला जनस्वास्थ्य कार्यालयको लेखा शाखाले जनायो।

२.१३ काभ्रेपलाञ्चोक



जम्मा जनसङ्ख्या
३८१५३७

महिला
१९५००१

परिवार सङ्ख्या
८०७२०

खोलाको पानी पिउने परिवार
५४०

शौचालय नभएका परिवार
२१७०८

कामका लागि बाहिरिएका
१४५३१

सबभन्दा बढी जनसङ्ख्या
१२५५१३ (तामाङ)

अपाङ्गता भएका
६६७०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५.८

सरकारी विद्यालय
५५४

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				३३		३३
महिलाअधिकार				४३		४३
भेला/सङ्गठित हुने अधिकार	१	९	१०			
जातीय विभेद				१		१
कुटपिट				१	१	३
धम्की					१	१
हत्या					३	३
जम्मा	१	९	१०	६६	६	७३

गत वर्षको तुलनामा यस जिल्लामा सन् २०१५ मा मानव अधिकार अवस्थामा सुधार आएन। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा ६१ महिलासहित ६८ जना पीडित भएकामा सन् २०१५ मा ६७ महिलासहित ८२ जना पीडित भए। गत वर्ष गैरराज्यपक्षबाट हत्याका घटनामा एक जना पीडित भएका थिए। यो वर्ष गैरराज्यपक्षबाट एक महिलासहित १० जना पीडित भए। गत वर्ष जातीय विभेदका घटनाबाट एक जना पीडित भएकामा यो वर्ष पनि एक जना पीडित भए। गत वर्ष हत्याका घटनामा ६ महिलासहित नौ जना पीडित भएकामा यो वर्ष भने तीन पुरुषमात्र पीडित भए। गत वर्ष बालबालिकाविरुद्धका हिंसात्मक घटनामा २४ जना पीडित भएकामा यो वर्ष २२ बालिका पीडित भए। गत वर्ष महिला हिंसाविरुद्धका घटनाबाट ६१ जना पीडित भएकामा यो वर्ष ४२ महिला पीडित भए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ६१ जनाको छ। तर १ सय ३४ कैद तोकिएका र ६८ कैद नतोकिएका गरी २ सय २ जना बन्दी छन्। कारागारलाई २ भागमा विभाजन गरी दक्षिणतर्फ मानसिक रोगी राख्ने गरिएको छ। जसमा २१ जना मानसिक रोगी छन्।

महाङ्काल भुग्देउ गाविस-६ का ७५ वर्षीय माइला भनिने चेतबहादुर ठकुरीको दम र झाडापखालाका कारण २०७२ वैशाख ६ गते मृत्यु भयो। मेथिनकोट गाविस-७ का ३१ वर्षीय राजु विश्वकर्माले कात्तिक ५ गते कारागारको शौचालयमा कपडाको पासो लगाइ झुण्डिएर आत्महत्या गरे। जबर्जस्ती करणी मुद्दामा ११ वर्षको सजाय भोगिरहेका सिन्धुपाल्चोक जिल्ला माङ्खा गाविसका ७७ वर्षीय कालीप्रसाद पराजुली र बाह्रविसे गाविस-३ का अनिल थापा भूकम्पले जेल भत्किएका कारण वैशाख १२ गतेदेखि फरार भनिए पनि धुलिखेल कारागारमा सम्पर्कमा आए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

एमाओवादीलगायत ३० दलीय गठबन्धनद्वारा २०७१ चैत १५ गते आयोजित लाठी जुलुसका क्रममा बनेपामा झडप भयो। सभा सकेर फर्कने क्रममा प्रहरीलाई ढुङ्गा प्रहार गरेपछि प्रहरीले लाठी खोसेको थियो। त्यस क्रममा आन्दोलनरत दलका कार्यकर्ताको ढुङ्गा प्रहारबाट इन्स्पेक्टर दीपक भारतीलगायत दुई प्रहरी र प्रहरीको लाठी प्रहारबाट दुई महिलासहित १० प्रदर्शनकारी सामान्य घाइते भए।

एमाओवादीलगायत ३० दलीय गठबन्धनद्वारा २०७१ चैत २३ गते आयोजित मसाल जुलुसका क्रममा बनेपामा झडप भयो। प्रहरीतर्फ पाँच र एमाओवादीतर्फ तीन जना सामान्य घाइते भए। अँध्यारोमा एमाओवादी कार्यकर्ताले प्रहरीलाई ढुङ्गा प्रहार गरेका थिए। जुलुसमा एमाओवादी समर्थक पत्रकार दिलबहादुर थोकर (ग्याम्जो) सामान्य घाइते भए।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

पनौती नपा-४ घर भएका ३९ वर्षीय पत्रकार रामकृष्ण बन्जारालाई २०७२ साउन १८ गते सोही ठाउँका ३९ वर्षीय महेश थापाले कुटपिट गरी घाइते बनाए। मुद्दा दर्ता भए पनि आरोपित फरार रहे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेको छ। ०७२ पुस १५ गतेसम्म देवानी मुद्दा ३ सय २९ थान र फैजदारी मुद्दा ३ सय ४६ थान फैसला हुन बाँकी रहेका छन्। दुई वर्ष भन्दा पुराना देवानी मुद्दा बाँकी नरहेको जिल्ला अदालतले जनायो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७९ प्रावि, निमावि १ सय १८, मावि १ सय ३२ र उच्च मावि ७८ ओटा रहेका छन्। यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ५४ हजार ९ सय ६० जना र छात्रा ५७ हजार १ सय ४० जना प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र २ हजार ६ सय ५ जना र छात्रा ३ हजार ४७ रहेका छन्। सामुदायिक विद्यालयमा प्रावि तहमा महिला ६ सय ५९ र पुरुष १ हजार ४ सय ७ जना र संस्थागतमा ५ सय २५ जना गरी जम्मा २ हजार ५ सय ९१ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला १ सय ५० र पुरुष ४ सय ८ जना र संस्थागतमा ३ सय ७० गरी जम्मा ९ सय २८ शिक्षिका कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला ५३ र पुरुष ४ सय जना र संस्थागत ५ सय ८२ गरी जम्मा १ हजार ३५ शिक्षक कार्यरत छन्। यस जिल्लामा ८ सय ३८ जना शिक्षक राहत कोटामा कार्यरत छन्।

यहाँका सामुदायिक विद्यालयहरूमा ३ हजार १ सय ५० जना दरबन्दीका शिक्षकमध्ये ३ हजार ७७ जना कार्यरत छन्। यस जिल्लामा दलित छात्रवृती तर्फ २ हजार ६ सय ५ जना बालक र ३ हजार ४७ जना बालिकालाई ३ लाख १७ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको छ।

शिक्षा कार्यालयको वार्षिक बजेट १ अरब ३३ करोड ६० लाख २५ हजार १७ रुपियाँ रहेकोमा ९३ लाख ४९ हजार ९ सय २७ रुपियाँ प्रशासनिक खर्च रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	९	९
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	१३	१३
जम्मा	३३	३३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ र १७ वर्षीया बालिकालाई २०७१ चैत २५ गते राति बलात्कार गरेको आरोपमा पर्सा जिल्ला विजवनिया गाविस-७ घर भई प्रहरी चौकी पनौतीका प्रहरी हवल्दार ४० वर्षीय शम्भु राउत अहिर र रौतहट जिल्ला डुमरिया मटिऔन गाविस-४ निवासी सोही चौकीका प्रहरी जवान २९ वर्षीय श्रीराम साहलाई प्रहरीले चैत २९ गते गिरफ्तार गऱ्यो। बालगृहबाट भागेका तीन बालिकामध्ये दुई जनालाई फकाएर सोही दिन राति पनौती नपा-४ स्थित खेतमा लगेर उनीहरूले बलात्कार गरेका थिए। जिल्ला प्रहरी कार्यालय काभ्रेले आरोपित प्रहरीहरूलाई निलम्बन गरी हिरासतमा राखेकोमा र अदालतले २०७२ वैशाख २२ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७१ फागुन २ गते काभ्रे नित्यचण्डेश्वरी गाविस-५ का २७ वर्षीय राजकुमार तोलाङ्गेले काम गरेको पैसा माग्न कोठामा पुगेको समयमा नियन्त्रणमा लिएर बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा फागुन ८ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार राजकुमारलाई अदालतले २०७२

मङ्सिर १४ गते आठ वर्ष कैद सजाय फैसला गऱ्यो। पीडित पक्षले अदालतको फैसला चित्त नबुझेको भन्दै पुस ८ गते पुनरावेदन गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै २ सय ४६ जनाले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र धुलिखेलमा उजुरी दर्ता गराए। जसमध्ये शारीरिक यातनाअन्तर्गत कुटपिट गरेको ७१, कुटपिट गरी घर निकाला गरेको १०, मानसिक यातनाअर्न्तगत मार्ने धम्की दिएको तीन र गालीगलौज गरेको ६९ जना रहेका छन्। अर्की पत्नी ल्याएर हेला गरेको चार, विवाह दर्ता र नागरिकता नबनाइदिएको १० जना रहेका छन्। आर्थिकमा बेवास्ता गरेको २७, बेवारिसे अवस्थामा छोडी भागेको १३ र खानलाउन नदिएर ३९ जना पीडित भएका थिए। यस वर्ष १९ जना पुरुषहरूले पनि घरेलु हिंसा भएको भन्दै पत्नीविरुद्ध सेवा केन्द्रमा उजुरी दिए। केन्द्रमा दर्ता भएका यी घटनामध्ये १ सय ३ घटनामा मिलापत्र भयो। १७ घटनाका पीडित अदालत गएको र १ सय २६ ओटा घटना अनुसन्धान प्रक्रियामा रहेको केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	७	७
बलात्कार	७	७
बलात्कारको प्रयास	१३	१३
बहुविवाह	१५	१५
घरेलु हिंसा	१	१
जम्मा	४३	४३

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने हिंसा तथा ज्यादती घटना बढे। गत वर्ष यस्ता घटनाबाट ३३ महिला पीडित भएकामा सन् २०१५ मा ४२ जना पीडित भए। गत वर्ष १० बलात्कार घटना भएकामा यो वर्ष यस्ता घटना सात वटा भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ वैशाख २१ गते साँझ खहरेपाँगु गाविस-२ का २८ वर्षीय श्याम लामा, पनौती नपा-१२ खोपासीका २० वर्षीय किरण पहरी, १० भण्डारीगाउँका २६ वर्षीय राजन थापा र च्याम्राङवेशी गाविस-४ का २६ वर्षीय सुजन घिमिरेले घर पुऱ्याइदिने भन्दै पनौती नपा- ११ स्थित गोरखनाथ सामुदायिक वनमा लगेर सामूहिक बलात्कार गरेको आरोपमा वैशाख २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले जेठ १८ गते आरोपितहरूलाई थुन्ने आदेश दियो।

कथित बोक्सी आरोपमा कुटपिट

४० वर्षीया महिलालाई २०७१ माघ १४ गते राति पनौती नपा-४ चामखर्कका १८ वर्षीय विसु तामाङ र उनकी पत्नी १९ वर्षीया धनमाया तामाङले बोक्सीको आरोपमा अभक्ष खुवाएको भन्दै पीडितले भोलिपल्ट प्रहरीमा उजुरी दिइन्। अदालतले फागुन १९ गते आरोपितहरूलाई जनही १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा २०७२ असार २२ गते जनही ५ हजार रुपियाँ जरिवाना हुने फैसला गऱ्यो।

सबै प्रकारका जातीय विभेद

बल्थली गाविस-१ की ३७ वर्षीया कल्पना परियारलाई २०७२ जेठ १९ गते साँझ सोही ठाउँका ३३ वर्षीय मनोज थापाले जातीय विभेदयुक्त शब्द प्रयोग गर्दै कुटपिट गरेको भन्दै पीडितले राष्ट्रिय दलित आयोगमा दिएको उजुरीका आधारमा आरोपितलाई जेठ २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले असार १४ गते मनोजलाई २५ हजार रुपियाँ धरौटी राखी रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ८६ ओटा स्वास्थ्य चौकी, तीन ओटा उपस्वास्थ्य चौकी र चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार डाक्टरको सात दरबन्दी रहेकोमा सात जना कार्यरत रहेका छन्। स्टाफ नर्सको दरबन्दी १० जनाको रहेकोमा एक जनाको दरबन्दी रिक्त रहेका छ। चार जना ल्याब असिस्टेण्ट कार्यरत रहेका छन्। अहेवको दरबन्दी १ सय ९२ रहेकोमा १ सय ४९ कार्यरत र ४३ दरबन्दी रिक्त रहेका छन्। अनमिको दरबन्दी १ सय ९१ रहेकोमा १ सय १२ कार्यरत र ७९ दरबन्दी रिक्त रहेका छन्। हेल्थ असिस्टेन्टको दरबन्दी ९३ रहेकोमा १८ कार्यरत र ७५ दरबन्दी रिक्त रहेका छन्। स्त्रीरोग विशेषज्ञ एक जना कार्यरत रहेको छन्।

जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १४ करोड २१ लाख ७४ हजार ६ सय ४७ रुपियाँ रहेको छ। प्रशासनिक खर्च ५ लाख ४८ हजार ९ सय ८८ रुपियाँ रहेको छ। औषधि खर्च ६६ लाख रुपियाँ रहेको छ।

२.१४ भक्तपुर



जम्मा जनसङ्ख्या
३०४६५१

महिला
१४५७६७

परिवार सङ्ख्या
६८६३६

खोलाको पानी पिउने परिवार
४२

शौचालय नभएका परिवार
२०७५

कामका लागि बाहिरिएका
१०२१५

सबभन्दा बढी जनसङ्ख्या
१३८८७३ (नेवार)

अपाङ्गता भएका
३२०४

५ वर्षमाथिको साक्षरता प्रतिशत
५६.५

सरकारी विद्यालय
१२६

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१८		१८
महिलाअधिकार	१६३		१६३
हत्या	३	२	५
जम्मा	१८४	२	१८६

भक्तपुर जिल्लामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनामा गत वर्षको तुलनामा बढेको पाइयो । सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४५ महिलासहित ४६ जना पीडित भएकामा सन् २०१५ मा १ सय ८४ महिलासहित १ सय ८६ जना पीडित भएका छन्। गत वर्ष गैरराज्य पक्षबाट हत्याका घटनामा एक जना पीडित थिए भने यो वर्ष तीन महिलासहित पाँच जना पीडित भए। गत वर्ष अपहरणका घटनाबाट एक जना पीडित भएकामा यो वर्ष पीडित भएनन्। गत वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा १० जना पीडित भएकामा यो वर्ष १८ जना बालिका पीडित भए। महिला हिंसाविरुद्धका घटनामा गत वर्षको तुलनामा बढेको छ। गत वर्ष यस्ता घटनाबाट ३४ जना महिला पीडित भएका थिए भने सन् २०१५ मा १ सय ६३ जना महिला पीडित भएका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

भक्तपुर जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा २०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा ६ सय ६८ थान र फौजदारी मुद्दा ४ सय १४ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा तीन थान र फौजदारी मुद्दा जिल्ला अदालमा बाँकी रहेनन्। मुद्दाको सङ्ख्या हेर्दा प्रतिन्यायाधीश ६ सय हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बालसुधार गृह

भक्तपुर जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५८ सालदेखि बालसुधारगृह सञ्चालनमा रहेको छ। यसको क्षमता १ सय ५० जना रहेको छ। यस वर्षको अन्त्यसम्म भक्तपुर जिल्लाका फैसला भएका ७१ जना तथा फैसला नभएका २४ र म्याद थप भएका दुई जना गरी ९७ जना बालबालिका यस बालसुधारगृहमा रहेका छन्। जसमध्ये ९५ बालक र दुई बालिका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ६२ प्रावि, ३७ निमावि र २४ मावि छन्। १ हजार २ सय ५५ जना शिक्षकको दरबन्दी रहेको छ। यस जिल्लाका विद्यालय जाने उमेरका बालबालिकामध्ये सामुदायिक र संस्थागत गरी ३१ हजार १ एक सय ३३ छात्रा र ३३ हजार ४ सय ८५ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र ७ सय ८५ र छात्रा ८ सय २७ रहेका छन्। जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कअनुसार अपाङ्गमैत्री विद्यालयको सङ्ख्या चारमात्र छन्। सामुदायिक बालविकास केन्द्रमा बालक र बालिका गरी कुल ३ हजार १५ जना रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लाको कुल वार्षिक बजेट ५५ करोड ८३ लाख ९६ हजार ८ सय ९२ रुपियाँ रहेकोमा प्रशासनिक खर्च ४५ करोड ९८ लाख ६२ हजार १ सय ७६ रुपियाँ रहेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१३	१३
यौन दुर्व्यवहार	६	६
जम्मा	१८	१८

गत वर्षको तुलनामा यो वर्ष बालअधिकारका उल्लङ्घनका घटना बढेको पाइयो। गत वर्ष आठ बलात्कार र दुई यौन दुर्व्यवहार गरी १० पीडित भएकामा यो वर्ष १२ बलात्कार र ६ यौन दुर्व्यवहारका घटनाबाट १८ जना बालिका पीडित भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई २०७१ फागुन ३० गते दिउँसो बलात्कार गरेको आरोपमा काभ्रे जिल्ला फलामेटार गाविस-४ घर भई मध्यपुर थिमी खरिबोट बस्ने १९ वर्षीय दावा लामाविरुद्ध पीडितकी आमाले फागुन ३० गते महानगरीय प्रहरी परिसर भक्तपुरमा उजुरी दिइन्। आरोपितलाई सोही दिन प्रहरी प्रभाग कटुन्जेका प्रहरीले गिरफ्तार गरी कारवाहीको लागि महानगरीय प्रहरी परिसर भक्तपुरमा पठाएको प्रहरी प्रभाग जगातीले जनायो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते प्रसुतिगृह थापाथलीमा भएको महानगरीय प्रहरी परिसर भक्तपुरले जनायो। जिल्ला अदालत भक्तपुरको आदेशले आरोपित चैत २५ गते पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने हिंसा तथा ज्यादतीका घटना बढेको पाइयो। गत वर्ष यस्ता घटनाबाट ३४ जना महिला पीडित भएकामा सन् २०१५ मा १ सय ६३ जना महिला पीडित भए। गत वर्ष पाँच बलात्कार, चार बहुविवाह,२३ घरेलु हिंसाबाट र एक महिला बेचविखनबाट पीडित भएकामा यो वर्ष १ सय ४६ जना महिला घरेलु हिंसाबाट, पाँच जना बलात्कारबाट, दुई जना बलात्कार प्रयासबाट, दुई यौन दुर्व्यवहारबाट, एक बेचविखनबाट र सात बहुविवाहका घटनाबाट पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१४६	१४६
यौन दुर्व्यवहार	३	३
जम्मा	१६३	१६३

मानवबेचविखन तथा ओसारपसार

सिन्धुपाल्चोक जिल्ला थाङ्पाल्कोट गाविस-२ घर भई भक्तपुरको प्राइम अफ्सेट प्रेसकी कामदार २१ वर्षीया सुनिता खत्रीलाई २०७२ जेठ १८ गते सोही प्रेसमा कार्यरत नुवाकोट जिल्ला शिखरबेँसी गाविस-९ निवासी १७ वर्षीय सुमन तामाङले विवाह गर्ने प्रलोभन देखाइ बिक्री गर्न भारत पुऱ्याइएकोमा प्रहरीले उद्धार गरी जेठ २६ गते भक्तपुर फर्काएको महानगरीय प्रहरी परिसर भक्तपुरका एसपी विकास श्रेष्ठले बताए। पीडितलाई सिलिगुढीहुँदै मेघालयको सिलोङ लाङुङवाइ तिनालीस्थित होटलमा पुऱ्याइएपछि त्यहाँबाट एक नेपाली महिलालाई बुझाउने क्रममा जान नमानेपछि नेपाली भाषी सङ्गीता श्रेष्ठसहितका स्थानीयले सोधपुछ गर्दा आरोपित तत्काल फरार भएका थिए। पीडितले उनका दाजु भक्तपुर प्रहरी परिसरका प्रहरी जवान नीरबहादुर खत्रीको बारेमा जानकारी दिएपछि सङ्गीताले फोन गरेर घटनाबारे जानकारी दिइन्। नीरबहादुरसहित दुई जनाको टोली भारत पुगेर पीडितको उद्धार गरेको थियो। फरार आरोपित

तामाङको नेपाल र भारतीय प्रहरीद्वारा खोजी भइरहेको प्रहरीले जनायो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया एक किशोरीलाई २०७१ चैत १० गते सूर्यविनायक नपा-१४ त्तपोलका तान्त्रिक ५० वर्षीय श्याम खत्रीले बलात्कार गरेको आरोपमा उनीविरुद्ध पीडितले प्रहरी प्रभाग जगतीमा चैत १३ गते उजुरी दिइन्। पेट, कम्मर, ढाँड दुख्ने रोग आरोपित तान्त्रिकले निको पार्छ भनेर उपचारका लागि गएको र तान्त्रिकले घरमा उपचार गर्ने नाममा डर धाक देखाइ बलात्कार गरेर फरार भएको पीडितले दिएको उजुरी उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण चैत ११ गते काठमाडौँको महराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पतालमा भएको थियो। आरोपित फरार रहे।

सुस्तमनस्थिति भएकी १९ वर्षीया एक महिलालाई २०७२ असार २ गते राति सिन्धुपाल्चोक जिल्ला फटकशीला घर भई भक्तपुर नपा-२ स्थित च्याम्हासींह बस्ने २१ वर्षीय रविन चौलागाईंले बाटोमा हिँडिरहेका बेला नियन्त्रणमा गाडीभित्र राखेर बलात्कार गरेको आरोपमा उनलाई सोही दिन प्रहरी प्रभाग जगातीले घटनास्थलबाटै गिरफ्तार गऱ्यो। पीडितका बुवाले असार ३ गते प्रहरी प्रभाग जगातीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार ३ गते काठमाडौँको महराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पतालमा भयो। जिल्ला अदालतले असार २९ गते पीडितलाई थुनाम राख्ने आदेशले दियो।

परिवारजनबाट हत्या

थिमी नपा-३ गाखो ३९ वर्षीया गीता कार्की प्रजापतीलाई २०७१ पुस २५ गते राति पति ४३ वर्षीय रामचन्द्र प्रजापतीले कुटपिट गरी घाइते बनाएकोमा उपचारका लागि अस्पताल लैजाने क्रममा सोही दिन मृत्यु भयो। आरोपितविरुद्ध थिमी बालकोट गाविस-१ की २२ वर्षीया सुनीता श्रेष्ठले थिमी प्रहरी वृत जगातिमा पुस २७ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतले माघ २१ गते थुनामा राख्ने आदेश दियो। सोही अदालतले २०७२ असार १ गते आरोपितविरुद्ध सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक अस्पताल र १९ स्वास्थ्य चौकी रहेका छन्। दुई जना चिकित्सकको दरबन्दी रहेको यस अस्पतालमा दुई जनानै कार्यरत छन्। स्टाफ नर्सको दुई दरबन्दी सङ्ख्या रहेकामा दुई जनानै कार्यरत छन्। अहेवको दरबन्दी संख्या ६३ ओटा रहेकामा ६१ कार्यरत छन्। त्यस्तै अनमी संख्या ४४ रहेकोमा ४२ कार्यरत छन् । हेल्थ असिस्टेन्ट दरबन्दी संख्या १० रहेकोमा १० जना कार्यरत छन्। यस जिल्लामा एक जना पनि स्त्रीरोग विशेषज्ञ छैनन्। जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा १ सय ४० दरबन्दी रहेकोमा १ सय ३६ ओटा दरबन्दी रिक्त रहेको छ। जिल्ला जनस्वास्थ्यको वार्षिक बजेट ९७ करोड १२ लाख ४ हजार रुपियाँ रहेकोमा प्रशासनिक खर्च ८ करोड ३१ लाख ४ हजार ४ सय ९४ रुपियाँ रहेको छ।

२.१५ काठमाडौँ



जम्मा जनसङ्ख्या
१७४४२४०

महिला
८३१२३५

परिवार सङ्ख्या
४३६३४४

खोलाको पानी पिउने परिवार
१४७१

शौचालय नभएका परिवार
५०३४

कामका लागि बाहिरिएका
५५८०५

सबभन्दा बढी जनसङ्ख्या
४१०१२६ (ब्राम्हण)

अपाङ्गता भएका
१७१२२

५ वर्षमाथिको साक्षरता प्रतिशत
७६.४

सरकारी विद्यालय
२५५

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३	३	३	३	४
बालअधिकार				५५	३१	७६
महिलाअधिकार				४६१		४६१
भेला/सङ्गठित हुने अधिकार	१३	२७	३९			
हत्या		१	१	१		१
जम्मा	१३	३०	४३	५१९	३३	५४३

काठमाडौँ जिल्लामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादती तथा महिला विरुद्धका हिंसात्मक घटना गत वर्षको तुलनामा घटेको पाइएको छ। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५ सय ५४ जना पीडित भएका थिए भने सन् २०१५ मा ५ सय ८४ जना पीडित भए।

यस वर्ष राज्य पक्षबाट एक जना पुरुषको हत्या भयो भने गत वर्ष पनि एक जना पुरुषको राज्य पक्षबाट हत्या भएको थियो। सन् २०१४ मा गरैराज्य पक्षबाट तीन जना महिला सहित पाँच जनाको हत्या भयो भने यस वर्ष गैर राज्य पक्षबाट एक जना महिलाको हत्यो भएको घटना इन्सेकले अभिलेख गऱ्यो। भेला/सङ्गठित हुने अधिकारका घटनामा १३ महिला सहित ३५ जना यस वर्ष पीडित भएको पाइएको छ।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालबालिका बढी पीडित भएको पाइयो। महिला हिंसाका घटना गत वर्षको तुल्नामा घटेको देखिन्छ। यस वर्ष ४ सय ६१ जना महिला पीडित भए भने गत वर्ष ५ सय ८ जना महिला पीडित भएका थिए।

महिलाहरू बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहा र घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ। बलात्कारको घटनामा १३ जना, बलात्कार प्रयासका घटनामा नौ जना, यौन दुर्व्यवहार घटनामा दुई जना, महिला बेचबिखनामा नौ जना, बहुविवाह घटनामा ६ जना र घरेलु हिंसाका घटनामा ४ सय २३ जना महिला पीडित भए। बालअधिकार उल्लङ्घनका घटनामा ५५ बालिका र २१ बालक गरी ७६ जना बालबालिका पीडित भएको घटना इन्सेकले अभिलेखित गऱ्यो। जसमध्ये १५ जना बालिका बलात्कार, १४ जना बालिकामाथि यौन दुर्व्यवहार, २४ बालिका तथा २१ बालक बालश्रममा र दुई बालिका बेचबिखनबाट पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा ४६ जना बालिका पीडित भएका थिए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

काठमाडौँ मनपा-२९ कपुरधाराका ३८ वर्षीय घैँटे भनिने कुमार श्रेष्ठको २०७२ भदौ ३ गते प्रहरीको गोली प्रहारबाट मृत्यु भयो। प्रहरीको मोष्टवान्टेड सूचीमा रहेका श्रेष्ठले सामाखुशी गल्कोपाखामा बिहान प्रहरीमाथि गोली चलाएपछि जवाफी फायरिङ्ग गर्दा श्रेष्ठको मृत्यु भएको महानगरीय अपराध महाशाखाका एसपी सर्वेन्द्र खनालले बताए। छाती र तीघ्रामा आठ राउण्ड गोली लागेका श्रेष्ठलाई उपचारको लागि त्रिविवि शिक्षण अस्पताल महाराजगञ्ज पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए। श्रेष्ठविरुद्ध जिल्ला प्रहरी कार्यालयमा अवैध चन्दा असुली, ज्यान मार्ने उद्योग र गुण्डागर्दीको आरोपमा दर्जनौँ मुद्दा दायर भएका थिए। श्रेष्ठको इन्काउन्टरमा मृत्यु भएको प्रहरीले दावी गरेपनि उनको प्रहरीले हत्या गरेको पीडित परिवारको आरोप छ। सोही घटनामा प्रहरीको गोली प्रहारबाट काठमाडौँ मनपा-२९ कपुरधाराका सुरेन्द्र महर्जन र सोही ठाउँका राज महर्जन पनि घाइते भएका थिए। खुट्टामा गोली लागेका दुबै जनाको घटना भएकै दिन त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो। त्यस्तै श्रेष्ठ समूहको गोली प्रहारबाट प्रहरी असई बालकृष्ण सञ्जेल, रञ्जित लामा र प्रहरी जवान हेमन्त चन्द घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

कारागार र बन्दी

'क' श्रेणी अन्तर्गत क्रमश: केन्द्रीय कारागार, भद्रबन्दीगृह कारागार र महिला कारागार गरी तीन ओटा कारागार रहेका छन्। तीन ओटै कारागारको कुल बन्दी क्षमता १ हजार २ सय रहेको छ। यस वर्षको अन्त्यसम्म केन्द्रीय कारागारमा कैद तोकिएका ५ सय ६४ र कैद नतोकिएका ९ सय ६९ गरी जम्मा १ हजार ५ सय ४३ बन्दी रहेका छन्। जसमध्ये १ हजार ४ सय १५ नेपाली र १ सय १८ विदेशी बन्दी रहेका छन्। यस्तै भद्रबन्दी गृह कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४ सय ८१ र कैद नतोकिएका १ सय ७२ गरी जम्मा ६ सय ५३ बन्दी रहेका छन्। जसमध्ये ६ सय १४ नेपाली र ३९ विदेशी बन्दी रहेका छन्। यसैगरी महिला कारागारमा कैद तोकिएका २ सय ५ र कैद नतोकिएका १ सय १० गरी जम्मा ३ सय १५ बन्दी रहेका छन्। जसमध्ये २ सय ८२ नेपाली र ३३ विदेशी बन्दी रहेका छन्। तीन ओटै कारागारमा रहेका बन्दीको कुल सङ्ख्या २ हजार ५ सय २४ रहेको छ। कुल बन्दी सङ्ख्यामा २ हजार १ सय ९६ पुरूष ३ सय १५ महिला र १३ नाबालक रहेका छन् भने १० बन्दी अस्पतालमा उपचारको क्रममा रहेका छन्। यो कारागार १९७१ सालमा निर्माण भएको हो।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पमा परी भद्रबन्दीगृह कारागारका १६ जना पुरूष कैदी बन्दीको मृत्यु भयो भने ७२ जना बन्दी घाइते भएकोमा उनीहरूको वीरलगायत काठमाडौँको विभिन्न अस्पतालमा उपचार भएको कारागार प्रशासनले जनायो।

'ख' श्रेणीअन्तर्गत रहेको डिल्लीबजार कारागारको कुलबन्दी क्षमता २ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ६१ र कैद नतोकिएका २ सय १५ गरी कुल ५ सय ७६ जना बन्दी रहेका छन्। जसमध्ये ५ सय ४५ नेपाली र ३१ विदेशी बन्दी रहेका छन्। जसमा पुरुष बन्दीमात्र रहेका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

एकीकृत नेकपा माओवादी नेतृत्वको ३० दलीय मोर्चा र नेकपा माओवादी मोहन वैद्य नेतृत्वको पार्टीले २०७१ पुस २९ गते जातीय पहिचानसहितको संविधान र संविधानसभाको विघटनको माग गर्दै ताम्सालिङ, नेवा र भोजपुरा क्षेत्र बन्द गराउने क्रममा काठमाडौँमा सङ्घीय समाजवादी पार्टीका उपमहासचिव अजम्बर काडबाड, स्थायी समिति सदस्यहरू रमेश राई, कर्णबहादुर मगर, सङ्घीय ट्रेड युनियनका अध्यक्ष प्रचण्ड पौडेल, सङ्घीय युवा सङ्घका नवराज गुरुङ, विद्यार्थी नेताहरू सञ्जय राई, गोपाल राई, यज्ञ राईलगायतलाई प्रहरीले चक्रपथबाट गिरफ्तार गरी सोह दिन साँझ रिहा भए।

दलित अधिकारकर्मीको ढुङ्गा प्रहारबाट घाइते भएका महानगरीय प्रहरी वृत्त बानेश्वरका डीएसपी दानबहादुर कार्की र प्रहरी परिसरका डीएसपी रेवती ढकाल

एकीकृत नेकपा माओवादी र मधेसवादी नेतृत्वको ३० दलीय मोर्चाले २०७१ फागुन १६ गते गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भयो। मोटरसाइकलमा आएका केही युवा प्रदर्शनकारीले इन्स्पेक्टर धर्म भण्डारीलाई मोटरसाइकलले हानी निषेधित क्षेत्र तोकिएको बानेश्वर क्षेत्रभित्र जबरजस्ती प्रवेश गर्न खोजेपछि दुवै पक्षबीच झडप भएको थियो। झडपका क्रममा नेपाल प्रहरीका इन्स्पेक्टर धर्म भण्डारी र सशस्त्र प्रहरीका इन्स्पेक्टर वीरबहादुर तामाङसहित २० जना सुरक्षाकर्मी घाइते भए। उनीहरूको महाराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो। झडपमा आन्दोलनकारीहरूले प्रहरीको लाठी खोसी उनीहरूलाई कुटपिट गरेका थिए।

प्रहरीको कुटपिटबाट घाइते भएकी कमला हेम्चुरी

दलित अधिकारकर्मी र दलित सभासद्हरूले २०७२ साउन १९ गते बिजुलीबजार पुलमा दलितमैत्री संविधानको माग गर्दै विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा सभासद्हरू मानबहादुर विश्वकर्मा, जितु गौतम, दलजित सुनार, दलित अधिकार सङ्घर्ष समितिका संयोजक तथा पूर्वसभासद् विनोद पहाडी, दलित अधिकारकर्मीहरू कमला हेमचुरी, सरु सुनार, गणेश विकेलगायत घाइते भएका थिए। त्यसैगरी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागी प्रहरीतर्फ महानगरीय प्रहरी वृत्त बानेश्वरका डीएसपी दानबहादुर कार्की, प्रहरी परिसरका डीएसपी रेवती ढकाल र बानेश्वर प्रहरी वृतका इन्स्पेक्टर दुर्गाबहादुर गुरुङ घाइते भएका थिए। घाइतेमध्ये डीएसपी कार्कीको प्रदर्शनकारीले हानेको ढुङ्गाले लागेर खुट्टामा गहिरो चोट लागेको थियो भने अर्का डीएसपी ढकालको हातमा चोट लागेको थियो। त्यस्तै प्रहरी निरीक्षक गुरुङको आँखा र नाकमा चोट लागेको थियो। उनीहरू सबैको तीनकुनेस्थित कान्तिपुर अस्पतालमा उपचार भयो।

दलित अधिकारकर्मीको ढुङ्गा प्रहारबाट घाइते भएका महानगरीय प्रहरी वृत्त बानेश्वरका इन्स्पेक्टर दुर्गाबहादुर गुरुङ

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

काठमाडौं जिल्ला अदालतमा ३३ जना न्यायाधीशको दरबन्दी रहेको छ। यस अदालतमा २०७१ पुस १५ गतेसम्म फैसला हुन बाँकी रहेको देवानी मुद्दा ३ हजार ६ सय १३ थान र फौजदारी मुद्दा ७ हजार ४ सय ६२ थान रहेका छन्। दुई वर्षभन्दा पुराना देवानी मुद्दा १ सय ३२ थान र फौजदारी मुद्दा २ सय ४१ थान जिल्ला अदालतमा रहेका छन्। मुद्दाको सङ्ख्या हेर्दा प्रतिन्यायाधीश ४ सय ९० हाराहारीको मुद्दा भागमा पर्ने देखिन्छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका २ लाख ९९ हजार ८३ बालबालिकामध्ये छात्र १ लाख ५५ हजार १ सय ४० र छात्रा १ लाख ४३ *हजार ९ सय ४३ बालबालिका प्राथमिक तहदेखि माविं तहसम्म विद्यालय भर्ना भए। जसमध्ये ८९ हजार ४ सय १७ बालबालिका सरकारी तथा सामुदायिक विद्यालयमा भर्ना भए भने २ लाख ९ हजार ६ सय ६६ निजी तथा संस्थागत विद्यालयमा भर्ना भए। जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कअनुसार कक्षा १ देखि ८ सम्मका दलित छात्र र छात्रा गरी कुल ८ हजार ५ सय ३६ बालबालिकालाई छात्रावृति प्रदान गरियो। त्यस्तै महिलालाई विद्यालय जान प्रोत्साहन गर्नका लागि कक्षा १ देखि ८ आठसम्म १७ हजार ८ सय १८ बालिकालाई छात्रावृत प्रदान गरियो भने माविसम्म २ हजार २ सय ६ गरिब र जेहेन्दार बालबालिकालाई छात्रावृत प्रदान गरियो।*

सरकारी स्रोतावट तलव-भत्ता पाउने प्रावि तहदेखि माविं तहसम्म शिक्षकको कुल दरबन्दी ३ हजार ५ सय ७९ ओटा रहेको छ। प्रावि तहमा २ हजार ५९ शिक्षक कार्यरत रहेकोमा १ हजार ५ सय ६६ स्थायी र ४ सय ९३ अस्थायी रहेका छन्। निमाविं तहमा ७ सय ९५ शिक्षक कार्यरत रहेकोमा ६ सय ४४ स्थायी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम	३४	३१	४५
बालबालिका बेचबिखन	३		३
बलात्कार	१५		१५
यौन दुर्व्यवहार	१४		१४
जम्मा	५५	३१	७६

र १ सय ५१ अस्थायी रहेका छन्। मावि तहमा १ हजार २ सय ९१ शिक्षक कार्यरत रहेकोमा ७ सय २५ स्थायी र ५ सय ६६ अस्थायी रहेका छन्। यसबाहेक, ५ सय ७७ शिक्षक राहत र अनुदानबाट कार्यरत छन्।

सरकारी तथा समुदायमा आधारित र निजी बालविकास केन्द्रमा कुल ४८ हजार ९ सय ८२ बालबालिका रहेकोमा २३ हजार १ सय ६३ छात्रा र २५ हजार ८ सय १९ छात्र रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँचदेखि १७ वर्ष उमेर समूहका १५ जना बालिका बलात्कृत भए भने यौन दुर्व्यवहारबाट १४ बालिका पीडित भए। घटनाका आरोपितहरू १३ देखि ८६ वर्ष उमेरसम्मका रहेका छन्। गत वर्ष बलात्कार घटनामा ३४ जना, यौन दुर्यव्यवहारको घटनामा १० जना बालिका पीडित भएका थिए।

१० वर्षीया एक बालिकालाई काठमाडौं मनपा-३१ बागबजारमा २०७१ माघ ८ गते बलात्कार प्रयास गरेको आरोपमा रौतहट जिल्ला गौर नपा-९ घर भई काठमाडौं मनपा-३१ बागबजार बस्ने रामचन्द्र साहलाई प्रहरीले माघ ८ गते गिरफ्तार गरेकोमा माघ ९ गते जिल्ला अदालतमा जबर्जस्तीकरणी उद्योगसम्बन्धी मुद्दा दायर भयो। जिल्ला अदालतले माघ २९ गते आरोपितलाई थुन्ने आदेश दियो। पीडितले माघ ८ गतेनै महानगरीय प्रहरी वृत्त सिंहदरबारमा जाहेरी दिएकी थिइन्। पीडितको सोही दिन थापाथलीस्थित प्रसुतिगृहमा स्वास्थ्य परीक्षण भएको थियो।

सात वर्षीया एक बालिकालाई काठमाडौं नारायणटारस्थित पीडितकै कोठामा २०७१ पुस १९ गते बलात्कार प्रयास गरेको आरोपमा सिन्धुपाल्चोक जिल्ला सागँचोक-४ का २० वर्षीय भरत बुढाथोकीलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गरी सोही दिनदेखि जिल्ला अदालतमा जबर्जस्तीकरणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकोमा अदालतले माघ १५ गते आरोपितलाई थुन्ने आदेश दियो। पीडितले महानगरीय प्रहरीवृत्त बौद्धमा पुस १९ गतेनै प्रहरी जाहेरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण जाहेरी दिएकै दिन त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भएको थियो।

१३ वर्षीया एक बालिकालाई २०७२ भदौ १० गते बलात्कार प्रयास गरेको आरोपमा नुवाकोट जिल्ला ककनी-६ घर भई काठमाडौं शेषमती बस्ने १७ वर्षीय महेश लामा र सोही ठाउँका १४ वर्षीय राकेश लामालाई भदौ ११ गते महानगरीय प्रहरी वृत्त बालाजुले गिरफ्तार गरी सोही दिन जिल्ला अदालतमा जबर्जस्तीकरणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकोमा अदालतले असोज ५ गते आरोपितलाई थुन्ने आदेश दियो। आरोपितहरूले पीडित बालिकालाई डर, त्रास देखाइ नार्गाजुन नपा-११ को जंगलमा लगी बलात्कार प्रयास गरेका थिए। पीडितकी आमाले भदौ १० गतेनै प्रहरीमा दिएकी थिइन्। सोही दिन पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसूतिगृहमा भयो।

१४ वर्षीया एक बालिकालाई २०७१ माघ १७ गते बलात्कार गरेको आरोपमा रामेछाप जिल्ला सुनारपानी गाविस-४ घर भई काठमाडौं मनपा-२३ बसन्तपुर बस्ने हरिबहादुर भुजेललाई सोही दिन प्रहरीले गिरफ्तार गरी माघ १८ गते जबर्जस्ती करणी मुद्दा दायर गरेकोमा जिल्ला अदालतले फागुन १२ गते आरोपितलाई थुन्ने आदेश दियो। आरोपितले आफ्नै कोठामा पीडितलाई बलात्कार गरेको आरोप छ। पीडितले घटना भएकै दिन महानगरीय प्रहरी परिसर काठमाडौंमा उजुरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते थापाथलीस्थित प्रसूतिगृहमा भयो।

एसिड प्रहार/हत्या प्रयास

रामेछाप जिल्ला घर भई काठमाडौं झाँछेस्थित शान्ति निकुञ्ज माविमा अध्ययनरत १६ वर्षीया सङ्गीता पुलामी मगर र रौतहट जिल्ला चन्द्रनिगाहपुर-८ घर भई काठमाडौंको कान्तिश्वरी राज्यलक्ष्मी माविमा पढ्ने १५ वर्षीया सीमा बस्नेतमाथि २०७२ फागुन १० गते काठमाडौंको बसन्तपुरस्थित ए प्लस ट्युसन सेन्टरमा पढिरहेको बेला एसिड प्रहार गरेको आरोपमा रामेछाप जिल्ला फुलासी गाविस-८ फुलासी घर भई काठमाडौं मनपा बसन्तपुर डेरा भई टोखा गाविस-६ विनायक मार्ग बस्ने २० वर्षीय जीवन विकलाई चैत ५ गते ९ बजे राति महानगरीय प्रहरी परिसर हनुमानढोकाको प्रहरीले गिरफ्तार गऱ्यो। एसिड प्रहारबाट गम्भीर घाइते भएकी सङ्गीताको केएसमी

अस्पताल र सीमाको वीर अस्पतालमा उपचार भयो। पीडित छात्रामध्ये सङ्गीता मगरको परिवार र आरोपित जीवन मगरको परिवार २०६९ जेठदेखि काठमाडौँ झोछेंस्थित एउटै घरमा डेरा गरी बसेका थिए। आरोपितले सङ्गीतालाई ट्युसन पढाइदिने गरेको र सो क्रममा दुई जना एकआपसमा नजिक हुन पुगेको साथै पीडित र आरोपितबीच बारम्बार खटपट भई पारिवारिक रिसिइवी भएको अनुसन्धानबाट खुलेको एआईजी विज्ञान शर्माले बताए। झै-झगडा हुँदा पीडितको परिवारबाट व्यक्त भएको अभिव्यक्तिले आरोपितको मान सम्मानमा गम्भीर आघात पुगेको महसुस गरी पीडितको सौन्दर्य तथा जीउ ज्यानमा गम्भीर क्षति पुऱ्याउने आरोपितले अभीष्ट राखेको खुल्न आएको एआईजी शर्माले बताएका थिए। आरोपित विकविरुद्ध महानगरीय प्रहरी परिसर काठमाडौँले सरकारी वकिलको कार्यालयमार्फत २८१ नम्बरमा चैत ६ जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतको ०७२ पुस ५ गतेको आदेशले १० वर्षको कैद सजायको फैसला गऱ्यो। जिल्ला अदालतले वैशाख ३ गते आरोपितलाई थुन्न आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा कुल १ हजार ४ सय ७ ओटा उजुरी दर्ता भयो। कुल घटनामध्ये खानलाउन नदिएकोसम्बन्धी ५ सय ७६, कुटपिटसम्बन्धी ५ सय १३, धम्की तथा गालीगलौजसम्बन्धी ३ सय १८ ओटा उजुरी दर्ता भए। कुल घटनामा ८ सय १० घटनामा मिलापत्र भयो भने ३५ ओटा घरेलु हिंसाका घटनामा छुट्टाछुट्टै बस्ने सहमति भयो। त्यस्तै १ सय २२ ओटा घटना अदालत जाने र बाँकी ४ सय ४० ओटा घटना अनुसन्धानकै क्रममा रहेको सेवा केन्द्रले जनायो।

यो वर्ष १८ देखि ५९ वर्ष उमेर समूहका १२ जना महिला बालात्कृत भए भने बलात्कार प्रयासका घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा दुई जना महिला पीडित भए। गत वर्ष बलात्कार घटनामा १८ जना, बलात्कार प्रयासका घटनामा पाँच जना र यौन दुर्व्यवहारबाट एक जना महिला पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक युवतीलाई २०७१ चैत २ गते बलात्कार गरेको आरोपमा कैलाली जिल्ला लम्कीचुवा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१३	१३
बलात्कारको प्रयास	९	९
बहुविवाह	६	६
महिला बेचबिखन	९	९
घरेलु हिंसा	४३३	४३३
यौन दुर्व्यवहार	३	३
जम्मा	४६१	४६१

गाविस-९ का २१ वर्षीय विनोद गिरीलाई महानगरीय प्रहरीवृत्त बानेश्वरले चैत ३ गते गिरफ्तार गरी सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ४ गते जबर्जस्तीकरणीसम्बन्धी मुद्दा दायर गरेकोमा अदालतले चैत २८ गते आरोपितलाई थुन्ने आदेश दियो। आरोपितले पीडित युवतीलाई काठमाडौँ मनपा-३५ कोटेश्वरस्थित रहेको एक गेष्ट हाउसमा लगी बलात्कार गरेको आरोप थियो। पीडितले चैत ३ गते प्रहरीमा जाहेरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भयो।

३२ वर्षीया एक महिलालाई २०७२ भदौ १८ गते बलात्कार प्रयास गरेको आरोपमा मकवानपुर पालुङ-९ घर भई हाल काठमाडौँ मनपा-२१ सुन्धारा बस्ने ३१ वर्षीय सुकदेव स्याङतानलाई महानगरीय प्रहरीवृत्त जनसेवाले भदौ १८ गतेनै गिरफ्तार गरी सोही दिन जिल्ला अदालतमा जबर्जस्तीकरणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकोमा जिल्ला अदालतको असोज १२ गतेको आदेशले १८ हजार रुपियाँ धरौटी राखी आरोपित रिहा भए। आरोपित सुकदेवले मनपा-२३ स्थित एक कोठामा पुऱ्याइ डर, त्रास देखाइ बलात्कार प्रयास गरेको भन्दै पीडितले भदौ १८ गतेनै प्रहरीमा उजुरी दिएकी थिइन्। सोही दिन उनको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुती गृहमा भएको थियो।

१८ वर्षीया एक युवतीलाई २०७२ भदौ १९ गते बलात्कार प्रयास गरेको आरोपमा काठमाडौँ सरस्वतीनगरका ३१ वर्षीय सन्तराज लामालाई महानगरीय प्रहरीवृत्त बौद्धले भदौ २० गते गिरफ्तार गरी जिल्ला अदालतमा भदौ २२ गते जबर्जस्तीकरणी उद्योगसम्बन्धी मुद्दा दायर गरेकोमा अदालतको असोज १२ गते आरोपितलाई थुन्ने आदेश दियो। आरोपितले विभिन्न प्रलोभन देखाइ आफ्नै कोठामा बलात्कार प्रयास गरेका थिए। पीडितले भदौ १९ गतेनै प्रहरीमा जाहेरी

दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा जाहेरी दिएकै दिन भयो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

एकीकृत नेकपा माओवादीसहितको ३० दलीय मोर्चाले माघ ६ गते आह्वान गरेको बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताहरूले बनस्थलीस्थित ढुङ्गेधारामा बा. १ ज. ८२२२ नम्बरको ट्याक्सीमा पेट्रोल छर्केर आगजनी गरे। बन्दकर्ताले यूएनको ७१०२२३ नम्बरको मोटरसाइकलमा तोडफोड गरी क्षति पुऱ्याएका थिए। त्यस्तै बन्दकर्ताले माउन्टेन टेलिभिजनको बा ९च २९३३ नम्बरको प्रेस भ्यानमाथि तोडफोड गरी क्षति पुऱ्याए। त्यसैगरी बन्दकर्ताले बबरमहल पुलनजिकै कान्तिपुर पब्लिकेसन्सको गाडीबाट कान्तिपुर दैनिक र काठमाडौं पोष्ट लुटेर लगेको कान्तिपुर पब्लिकेसन्सले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ११ ओटा अस्पताल र ५८ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार आठ जना डाक्टर, एक जना स्त्रीरोग विशेषज्ञ, १२ जना स्टाफ नर्स, १ सय ५६ जना अनमी, दुई जना खोप सुपरभाईजर, दुई जना क्षयरोग कुष्ठरोग सुपरभाइजरको दरबन्दी रहेकोमा सबै जना कार्यरत छन्। त्यस्तै १२ दरबन्दी रहेको ल्याब असिस्टेन्टमा नौ जना कार्यरत छन्। १ सय ९९ जना अहेवको दरबन्दीमा १ सय ४८ जना कार्यरत छन्। ६८ जना हेल्थ असिन्सटेन्टको दरबन्दीमा ३४ जना मात्रै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २३ करोड ७४ लाख २० हजार ८ सय ७० रूपियाँ रहेकोमा ६ लाख रूपिया प्रशासनिक खर्च र ६० लाख रूपियाँ औषधि खर्च र १२ लाख ५५ हजार १ सय ७३ रूपियाँ खर्चबापतको रकम रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

२.१६ धादिङ



जम्मा जनसङ्ख्या
३३६०६७

महिला
१७८२३३

परिवार सङ्ख्या
७३८५१

खोलाको पानी पिउने परिवार
६२३

शौचालय नभएका परिवार
८१८७८

कामका लागि बाहिरिएका
२२५३७

सबभन्दा बढी जनसङ्ख्या
७४२३५ (तामाङ)

अपाङ्गता भएका
७८२७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

सरकारी विद्यालय
६०८

धादिङ जिल्लामा मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएको पाइयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा ५४ महिलासहित ६३ जना पीडित भएका थिए भने सन् २०१५ मा ३५ महिलासहित ३८ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा दुई जना गिरफ्तारी र यातनाबाट पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भएको पाइयो। बालिकाहरू बलात्कार तथा यौन दुर्व्यवहार, बेचबिखन र शिशु हत्याबाट पीडित भए भने महिला यौनिक तथा घरेलु हिंसा, कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार र बहुविवाहबाट पीडित भए। गैरराज्यपक्षबाट वर्ष अघिल्लो महिलाको हत्या भएको थिएन भने यो वर्ष एक महिलाको परिवारजनबाट हत्या भयो। बालअधिकार उल्लङ्घनका १८ ओटा घटनामा १२ बालिका बलात्कारका घटनाबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहार र दुई जना बेखबिखनबाट पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१७	१	१८
महिलाअधिकार			१७		१७
गिरफ्तारी/यातना	२	२			
हत्या			१		१
जम्मा	२	२	३५	१	३६

गिरफ्तारी/यातना

नीलकण्ठ नपा-८ का ३० वर्षीय अर्जुन अधिकारीलाई २०७२ भदौ २० गते प्रहरीको मोबाइल फुटाएको आरोपमा प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा यातना दियो। आँखाको छेउ र दुवै खुट्टामा चोट लागेका घाइतेको सदरमुकामस्थित निजी औषधि पसलमा उपचार भयो। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

पीडा गाविस-९ का ४२ वर्षीय मङ्गलध्वज प्रजा (चेपाङ) लाई २०७२ मङ्सिर २८ गते विवाहमा झगडा गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी सोही गाविस-४ लिस्नेफेदीको रुखमा बाँधेर कुटपिट गर्दा हात भाँचिएको पीडित पक्षले आरोप लगायो। प्रहरीले मङ्गलध्वजलाई गिरफ्तार गरी इलाका प्रहरी कार्यालय गजुरीमा लगेकोमा मङ्सिर २९ गते प्रहरीले कागज गराइ रिहा गऱ्यो। हात, खुट्टा र अनुहारमा चोट

लागेका घाइतेको गजुरी अस्पतालमा उपचार भयो। उजुरी दिए आफूले दु:ख पाउँछु भनी यस वर्षको अन्त्यसम्म कही उजुरी नदिएको पीडितले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। २०७२ पुस १६ गतेसम्म देवानी मुद्दा ८८ थान र फौजदारी मुद्दा ९८ थान बाँकी रहेका छन्। दुई वर्षभन्दा पुराना फैजदारी मुद्दा दुई थान रहे भने देवानी मुद्दा रहेका छैनन्।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ३२ जना र कैद नतोकिएको ४३ जना गरी जम्मा १ सय ७५ जना बन्दी रहेका छन्। जसमध्ये महिला १३ जना छन्। कारागारमा आश्रित एक बालक र एक बालिका छन्। जीर्ण कारागार वैशाख १२ गते विनाशकारी भूकम्पले पर्खाल लडेर क्षति पुग्यो। क्षमताभन्दा ६ गुणा बढी बन्दी भएकोले त्रिपाल टाँगेर बन्दीहरू सुत्न बाध्य छन्। तीन ओटामात्र शौचालय भएकोले दिसा पिसाब गर्न असुविधा छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९७ प्रावि, ९१ निमावि, र ९० मावि रहेका छन्। २ हजार ४ सय ८७ जना शिक्षकको दरबन्दी रहेकोमा २ हजार ४ सय ४० कार्यरत छन् भने ४७ दरबन्दी रिक्त रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा विद्यालय जाने उमेरका ८२ हजार ६ सय २६ बालबालिका ०७१/७२ शैक्षिक सत्रमा विद्यालय विद्यालय भर्ना भए। जिल्ला शिक्षा कार्यालयका अनुसार अपाङ्गमैत्री विद्यालय पाँच रहेका छन्। ५ हजार ६ सय ७८ दलित बालक र ६ हजार १ सय १० दलित बालिकालाई दलित छात्रवृत्ति बितरण गरिएको जिल्ला शिक्षा कार्यालयको अभिलेखमा पाइयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अवब १३ करोड ४७ लाख ८६ हजार ५ सय ८८ रुपियाँ रहेको छ, जसमध्ये ७० करोड ५९ लाख ४० हजार ८७ रुपियाँ प्रशासनिक खर्च रहेको छ।

यातना पीडित मङ्गलध्वज प्रजा चेपाङ

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	३		३
बलात्कार	१३		१३
नवजात शिशुको हत्या		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	१७	१	१८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष सातदेखि १६ वर्ष उमेर समूहका १२ जना बालिका बलात्कारका घटनाबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहारमा परे। बलात्कार तथा यौन दुर्व्यवहारमा परेका मुद्दामध्ये यस वर्ष तीन ओटा घटनामा फैसला भयो भने १० घटनाका आरोपित पुर्पक्षका लागि कारागारमा छन्। एक घटनाका पीडितले उजुरी नदिएको पाइयो भने एक आरोपित गिरफ्तार भएनन्। जिल्लामा सामूहिक बलात्कारको एक घटना सार्वजनिक भयो। बालिका बलात्कारका चार घटनामा पाँच जना बालक पनि संलग्न रहेको पाइयो। यस वर्ष एक शिशुको हत्या गरी वेवारिसे अवस्थामा छोडेको घटना सार्वजनिक भयो। दुई बालिका बेचबिखनबाट पीडित भए।

१४ वर्षीया एक बालिकालाई २०७२ भदौ २० गते पिडा गाविस-५ का १६ वर्षीय एक बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उपचार तथा स्वास्थ्य परीक्षण गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। प्रहरीले आरोपितलाई असोज १३ गते गिरफ्तार गरी जिल्ला अदालतले असोज १९ गते थुन्ने आदेश दियो। अदालतले आरोपितलाई दोषी ठहर गर्दै पुस २६ गते १३ वर्ष कैद सजायको फैसला गऱ्यो।

बालिका बेचविखन तथा ओसारपसार

नौबीसे गाविस-६ की १४ वर्षीया र १५ वर्षीया दुई बालिकालाई २०७१ पुस २२ गते बेचविखनको प्रयास गरेको आरोपमा नीलकण्ठ नपा-४ की ३७ वर्षीया ठूलीकाली गुरुङलाई सोही दिन

नौबिसे गाविस-६ बाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले माघ १५ गते आरोपितलाई थुन्ने आदेश दियो। पीडित दुई बालिकालाई प्रहरीले नौबिसे गाविस-६ टायलघरबाट उद्धार गरेको थियो। दुई बालिकालाई घरबाट ललाइ फकाइ केटा हेर्न बोलाएर बिक्री गर्न खोजेको आरोप लगाइ पीडित पक्षले इलाका प्रहरी कार्यालयमा खबर गरेपछि आरोपित गुरुङलाई प्रहरीले गिरफ्तार गरेको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा पुस २३ गते किटानी उजुरी दिएकी थिइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै १ सय ३८ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र धादिङमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २३, पालनपोषण नगरेका ८०, शारीरिक तथा मानसिक यातना दिएको १३, कुटपिट गरी झैझगडा गरेको १९, घरनिकालाबाट तीन जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय ३० ओटा घटनामा मिलापत्र भएको र आठ जनाको घटना कानुनी प्रक्रियामा अगाडि बढाएको सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	५	५
बलात्कारको प्रयास	१	१
बहुविवाह	५	५
घरेलु हिंसा	४	४
जम्मा	१६	१६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष ६ जना महिला बलात्कार, बलात्कार प्रयासका घटनाबाट पीडित भए भने दुई जना कथित बोक्सीको आरोपबाट पीडित भए। सन् २०१४ मा पाँच जना महिला बलात्कारबाट पीडित भएका थिए। बलात्कारका तीन घटनामा अदालतले फैसला गरेको पाइयो भने तीन आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गरेको पाइयो। यस वर्ष एक जना महिलाको घरपरिवारबाट हत्या भएको पाइयो।

३५ वर्षीया अपाङ्गता एक महिलालाई २०७२ असार ६ गते भुमेस्थान गाविस-६ का ४५ वर्षीय अर्जुन भनिने मिनबहादुर कार्कीले बलात्कार गरेको भन्दै पीडित पक्षले साउन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई साउन १० गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले दोषी ठहर गर्दै मङ्सिर २८ गते आरोपितलाई १० वर्ष ६ महिना कैद र १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला गऱ्यो।

कथित बोक्सीको आरोप

नीलकण्ठ नपा-९ की ४६ वर्षीया तिलकुमारी सुबेदीलाई २०७२ साउन ७ गते राति कथित बोक्सीको आरोपमा सोही ठाउँका गोपाल लम्साल र उनका घरपरिवारले घर घेरेर मार्ने र काट्ने धम्की दिएको भन्दै पीडितका पति भोजराज सुवेदीले जिल्ला प्रहरी कार्यलयमा साउन ९ गते निवेदन दिइन्। बिरामी अवस्थामा रहेकी पीडित सुवेदीलाई परिवारसहित बसेको बेला राति कथित बोक्सीको आरोप लगाउँदै मार्ने धम्की दिएको भन्दै पीडित पक्षले आरोपित लम्सालसहित झाँक्री लोकबहादुर महतलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा दिएपनि यस वर्षको अन्त्यसम्म आरोपितलाई कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल र ४९ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा चार जना डाक्टरको दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी एक जना रहेको छ। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा पाँच जना कार्यरत र एकको दरबन्दी रिक्त रहेको छ। ल्याब असिस्टेन्टको दरबन्दी पाँच रहेकोमा पाँच जना कार्यरत छन्। १ सय ६ जना अहेवको दरबन्दी रहेकोमा ६२ कार्यरत र ४४ दरबन्दी रिक्त रहेका छन्। १ सय ६ जना अनमीको दरबन्दी रहेकोमा ६१ कार्यरत र ४५ रिक्त रहेका छन्। हेल्थ असिस्टेन्टको दरबन्दी ५४ रहेकोमा २५ कार्यरत र २९ को दरबन्दी रिक्त रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड ४५ लाख ६१ हजार रुपियाँ रहेकोमा औषधि खर्च ४० लाख रुपियाँ रहेको छ।

२.१७ सिन्धुपाल्चोक



जम्मा जनसङ्ख्या
२८७७५८

महिला
१४५४४७

परिवार सङ्ख्या
६६६८८

खोलाको पानी पिउने परिवार
३६८

शौचालय नभएका परिवार
२३५००

कामका लागि बाहिरिएका
१५७१२

सबभन्दा बढी जनसङ्ख्या
५८५७० (तामाङ)

अपाङ्गता भएका
६६०८

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८.८५

सरकारी विद्यालय
५५५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			६	१	७
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार				१	१
महिलाअधिकार बेपत्ता	१	१	३७		३७
धम्की				१	१
हत्या			३	५	८
जम्मा	१	१	४६	८	५४

सन् २०१५ मा सिन्धुपाल्चोक जिल्लामा गैरराज्यपक्षबाट ४६ जना महिला र नौ जना पुरुष गरी ५४ जना पीडित भए भने सन् २०१४ मा गैरराज्यपक्षबाट ५७ जना महिला र ६ जना पुरुष गरी ६३ जना पीडित भएका थिए। जिल्लामा यस वर्ष राज्य पक्षबाट एक जना पुरुष बेपत्ता भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

सन् २०१४ मा गैरराज्यपक्षबाट तीन जना महिला र ६ जना पुरुष गरी नौ जनाको हत्या भयो भने यस वर्ष गैरराज्यपक्षबाट तीन जना महिला र पाँच जना पुरुष गरी आठ जनाको हत्यो भयो।

जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालबालिका बढी पीडित भएको पाइयो। महिला हिंसाका घटना गत वर्षको तुलनामा घटेको देखिन्छ। यस वर्ष ४६ जना महिला पीडित भए भने गत वर्ष ५७ जना महिला पीडित भएका थिए।

यस वर्ष महिलाहरू बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार र घरेलु हिंसाबाट बढी पीडित भएको पाइएको छ। महिलाअधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए। अभिलेखित घटना अनुसार बलात्कारको घटनामा चार जना, बलात्कार प्रयासको घटनामा एक जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बहुविवाहको घटनामा दुई जना, कथित बोक्सीको आरोपमा एक जना र घरेलु हिंसाका घटनामा परि २८ जना महिला पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

बालअधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका र एक बालक गरी सात जना पीडित भएको घटना इन्सेकले अभिलेखित गऱ्यो। जसमध्ये तीन जना बालिका बलात्कार, दुई जना बालिकामाथि यौन दुर्व्यवहार, बालविवाहमा एक जना बालिका र विद्यालयमा शारीरिक सजायको घटनामा एक जना बालक पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१४ मा १० जना बालिकाहरू बलात्कार र तीन जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।

धम्की/कुटपिट

शिखरपुर गाविस घर भई नागरिक दैनिकका पत्रकार ३५ वर्षीय दुर्गा दुलाललाई बन्दको अनुगमन गर्दै हिँडेको अवस्थामा २०७१ पुस २९ गते नेकपा–माओवादीका जिल्ला सदस्य उद्धान आलेमगरको नेतृत्वमा रहेको बन्दकर्ताहरूको टोलीले मेलम्ची बजारमा अभद्र व्यवहार गरे। एकीकृत माओवादीलगायत राजनीतिक दलको आह्वानमा भएको नेपाल बन्दको अनुगमन गर्ने क्रममा पत्रकार दुलालले मोटरसाइकल प्रयोग गरी हिँडेको भन्दै बन्दकर्ताहरूले 'पत्रकारले बन्द उल्लङ्घन गर्दै हिँडेमा छाडिँदैन' भन्दै अश्लील र अभद्र व्यवहार गरेको पत्रकारहरूले बताए। बन्दको बेलामा मोटरसाइकल गुडाएर आफ्नो पहिचानविना हिँडेकाले बन्दको बेला उनलाई रोकेर यस्तो कार्य नगर्न भनेपछि सामान्य विवाद भएको नेकपा–माओवादीको हवला दिँदै इलाका प्रहरी कार्यालय, मेलम्चीका इन्स्पेक्टर चन्द्रबहादुर थापाले बताए।

बेपत्ता/अपहरण

राज्यपक्षबाट

हगाम गाविस-७ घर भई तातोपानी गाविसमा मजदुरी गरी बस्ने २० वर्षीय कुमार तामाङलाई २०७१ चैत ११ गते बेलुका खाना पकाउने ग्याँस सिलिण्डर खासातर्फ पैठारी गरेको आरोपमा तातोपानीस्थित सशस्त्र प्रहरीले डेरामा बसिरहेको बेला गिरफ्तार गरी बेपत्ता बनायो। पीडितलाई सशस्त्र प्रहरीले गिरफ्तार गरेको तीन दिनपछि आफन्त भेट्न जाँदा भेट गर्न नपाएपछि बेपत्ता बनाएको थाहा पाएको पीडित पक्षले बतायो। सीमा सुरक्षाको लागि खटिएको सशस्त्र प्रहरीले आफन्त बेपत्ता बनाएपछि पीडित पक्षले बेपत्ताको खोजी गर्न माग गर्दै चार दिनसम्म तातोपानी बन्द गराएर विरोध प्रदर्शन गरेका थिए। पीडित पक्षको विरोधपछि जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद उपाध्यायको संयोजकत्वमा छानविन समिति बनेको थियो। सो छानविन समतिले उल्लेखनीय काम गर्न नसकेपछि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाका डीआइजी नवराज सिलवालको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनेको थियो। सो समितिले आफ्नो प्रतिवेदन गृहमन्त्रालयमा बुझाएको भन्नेमात्र सुनेको तर आफूहरूले न्याय नपाएको पीडितका दाजु छिरिङ तामाङले बताए। उनका अनुसार विनाशकारी भूकम्पले यो घटनालाई छायाँमा पाऱ्यो। पीडितको पत्नी पासाङ डोल्मा तामाङले आफू निकै अन्यायमा परेको र यतिका समय बित्दा पनि कतैबाट न्याय नपाएको बताइन्। उनले भनिन्- 'कोठाबाट लैजानेहरूले न लास दिन्छन् न सास नै दिन्छन् अन्याय यस्तो भएको छ सरकार केही भन्दैन। यस्तो अन्याय सहेर कत्ति बस्ने होला ?' पीडित परिवारले इलाका प्रहरी कार्यालय तातोपानीमा उजुरी दिन जाँदा प्रहरीले लिन नमानेको पीडित परिवारले जनायो। यस वर्षको अन्त्यसम्म पीडितको अवस्था अज्ञात छ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको महिला बन्दीगृहमा सात जना र पुरुष बन्दीगृहमा ५३ जना गरी ६० जनाको क्षमता रहेको भवन २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले पूर्ण क्षति गराएपछि कारागारमा भएका सबै बन्दी फरार भए। सो जिल्ला कारागार चौतारामा २० जना महिलासहित २ सय १६ जना बन्दी थिए। जसमध्ये एक जना आश्रित बालक रहेका थिए। २ सय १६ जना मध्ये ८४ जना पुरुष कैदी र २० जना महिलासहित १ सय ३२ जना थुनुवा रहेका छन्।

भूकम्पपछि भागेका बन्दीहरूलाई जिल्ला कारागारले साउन १० गतेसम्म सम्पर्कमा आउने सूचना जारी गरेको थियो। सो सूचनापछि नौ जना महिलासहित ३९ जना थुनुवा र ४३ जना पुरुष बन्दी कारागारको सम्पर्कमा आएका छन् भने बाँकी आएका छैनन्।

विनाशकारी भूकम्पपछि जिल्ला अदालतले विभिन्न मुद्दामा ३९ जना बन्दी कारागार पठाएको छ। जसमध्य चार जना कैदी पुरुष र ३५ जना थुनुवा पुरुष रहेका छन्।

भूकम्पमा कारागार भत्कँदा भागेका सबै बन्दीहरूलाई जिल्ला कारागारले दोहोरो मुद्दा चलाएको छ। बन्दी जेलबाट भागेको मुद्दा जिल्ला कारागारले अदालतमा दर्ता गराएपछि सम्पर्कमा आएका वा फरार रहेका सबैमाथि दोहोरो मुद्दा चलाइएको कारागार कार्यालयले जनायो। अघिल्लो मुद्दा सँगै जेलबाट भागेकाहरूलाई अर्को मुद्दा दर्ता भएपछि अघिल्लो मुद्दामा सफाइ पाइसकेकाहरू पनि अब कारागारले लगाएको मुद्दाको फैसला नभएसम्मका लागी जेलमा बस्नैपर्ने भएको छ।

भूकम्पले क्षति पुऱ्याएको जिल्ला कारागारको मर्मत सम्भार हुन सकेको छैन। कारागार नहुँदा सम्पर्कमा आएका बन्दीहरूलाई राख्ने ठाउँ छैन। प्रहरी हिरासतमा केही दिन राखेर कैदीहरूलाई काभ्रे जिल्लाको

धुलिखेल, काठमाडौँको डिल्लीबजार, मकवानपुरको भिमफेदीलगायत देशको विभिन्न स्थानको जेलहरूमा पठाउने गरेको जिल्ला कारागारले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सिन्धुपाल्चोक जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्षको अन्त्यसम्म जम्मा फौजदारी मुद्दा २ सय ३६ थानमा ३८ फैसला भई १ सय ९८ बाँकी रहे। देवानी मुद्दा १ सय ६४ थानमा २८ फैसला भई १ सय ३६ थान बाँकी रहे दुई वष भन्दा पुराना फौजदारी मुद्दा चार थान र देवानी मुद्दा ६ थान रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय २९ प्रावि, ८९ निमावि र १ सय २९ मावि छन्। २ हजार नौ सय ४५ जना शिक्षकहरू दरबन्दीमा कार्यरत रहेका छन्। जिल्लामा विद्यालयमा जाने उमेरका ३४ हजार २ सय ४७ जना बालक र ३८ हजार १४ जना बालिका ०७२/०७३ शैक्षिकसत्रमा विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय नभएको जिल्ला शिक्षा कार्यालयले जनायो। २०७२ बैशाख १२ गतेको बिनाशकारी भूकम्पका कारण जिल्लाका ५ सय १५ ओटा विद्यालय पूर्ण क्षति भए भने बाँकी ३२ ओटा विद्यालयमा आंशिक क्षति भएको शिक्षा कार्यालयले जनायो। ३ हजार ४ सय ५१ दलित छात्रा र २ हजार ९ सय ९९ दलित छात्रलाई दलित छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालविवाह	१		१
बलात्कार	३		३
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	६	१	७

यस जिल्लामा रहेका ३ सय १५ ओटा बालविकास केन्द्रहरूमा २ हजार ७ सय ७५ जना बालक र ३ हजार १४ जना बालिका रहेका छन्।

शारीरिक सजाय

स्याउले गाविस-९ स्थित भेडावारी घर भई चौतारा नपा-३ स्थित जुगल बोर्डिङ हाइस्कूलमा कक्षा २ मा पढ्ने सात वर्षीय विनय कटुवाललाई २०७१ फागुन २२ गते विद्यालयमा साथीहरूसँग खेलिरहेको अवस्थामा सोही विद्यालयका शिक्षक मोरङ जिल्ला स्थायी घर भई चौतारा नपा-३ मा बस्ने ३० वर्षीय युवराज कार्कीले कक्षा लाग्ने समयमा खेलेको आरोपमा बाँसको भाटाले कुटपिट गरी कुटपिट गरी घाइते बनाए। कुटपिटबाट बालकको दाहिने पाताको हड्डिमा गम्भीर चोट लागेको चिकित्सकले बताए। बालकको चौतारा अस्पतालमा उपचार भयो। घटनाबारे विद्यालयमा सम्पर्क गर्दा शिक्षकको असावधानीका कारण घटना भएको भन्दै गल्ती स्वीकार गरेको विद्यालयका प्रधानाध्यापक ओम उप्रेतीले बताए। पीडित पक्षले उजुरी नगरेको जिल्ला बालकल्याण समितिका बालअधिकार अधिकृत बालकृष्ण बस्नेतले बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष सातदेखि १५ वर्ष उमेर समूहका तीन जना बालिका बलात्कृत भए भने यौन दुर्व्यवहारबाट दुई जना बालिका पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। बलात्कार तथा बलात्कार प्रयासका घटनामा स्थानीय, छिमेकी र बाबुको संलग्नता देखिन्छ। घटनाका आरोपितहरूलाई कानुनका दायरामा ल्याइएपनि मुद्दाका फैसला भएको पाइएन।

१३ वर्षीया एक बालिकालाई २०७२ पुस १३ गते थाम्पालकोट गाविस-६ स्थित मानेखर्क चर्ज घरनजिकको एक गोठमा पुऱ्याइ मुख थुनेर बलात्कार गरेको आरोपमा इचोक गाविस-६ दङ्गाल टोल घर भई महिला आत्मनिर्भता केन्द्र मेलम्चीका सामाजिक परिचालक २३ वर्षीय भरत दङ्गाललाई पुस २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते बेलुका मेलम्चीस्थित प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा स्वास्थ्य गरियो। आरोपितलाई इलाका प्रहरी कार्यालय मेलम्चीले अनुसन्धानको लागि हिरासतमा राखेकोमा जिल्ला अदालतले माघ १४ गते पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो। आरोपितले संस्थाको कार्यक्रम अनुगमन गर्न कार्यक्षेत्र जाँदा बालिकालाई बलात्कार गरेको थाहा हुन आएको महिला आत्मनिर्भता केन्द्र मेलम्चीले जनाएको छ। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४५ जना महिलाहरूले जिल्ला प्रहरी

कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। ती घटनामध्ये प्रहरीले १७ घटनामा मिलापत्र गराएको र २८ जना महिलाको उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सेवा केन्द्रले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा सन् २०१५ मा महिला हिंसाका घटनामा खासै परिवर्तन भएको पाइएन। सन् २०१४ मा ४० जना महिला पीडित भएका थिए भने यस वर्ष पनि ३७ जना महिला पीडित भएको पाइयो। जसमध्ये बलात्कारमा चार घटनामध्ये तीन घटनाका आरोपितलाई कानुनको दायरामा ल्याइए पनि एक घटनाका आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको पाइएको छ। त्यस्तै बलात्कार प्रयास घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउन सकिएको छैन। यो वर्ष परिवारजनबाट एक महिला र तीन पुरुषको हत्या भयो। जिल्लामा छोराबाट दुई जना बाबुको हत्या भएको घटना इन्सेकमा अभिलेख छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	४	४
बलात्कारको प्रयास	१	१
बहुविवाह	३	३
घरेलु हिंसा	३८	३८
यौन दुर्व्यवहार	१	१
जम्मा	३७	३७

२२ वर्षीया एक महिलालाई २०७२ जेठ २९ गते साँझ बलात्कार प्रयास गरेको भन्दै पीडितले इचोक गाविस-२ का ३२ वर्षीय मानबहादुर तामाङविरुद्ध जेठ ३१ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण मेलम्चीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा जेठ ३० गते भयो। आरोपित फरार रहेको प्रहरीले जनायो। प्रहरीले असार ३१ गते मुद्दा अदालत पेश गरेको थियो।

घरेलु हिंसा

कान्छी पत्नी ४५ वर्षीया कान्छी विकलाई २०७२ कात्तिक १७ गते दिउँसो घरमा मादक पदार्थ सेवन गरेर फलामको रड र ढुङ्गाले टाउकोमा प्रहार गरी घाइते बनाएको आरोपमा साँगाचोक गाविस-३ विक टोल घर भई जगदल गण छाउनीमा कार्यरत ४५ वर्षीय हर्कबहादुर भनिने कृष्णबहादुर विश्वकर्मालाई सोही दिन गिरफ्तार गरी चौतारास्थित गोरखबहादुर गणमार्फत जगदलगण छाउनीमा कात्तिक १९ गते बुझाएको साँगा प्रहरी चौकीले जनायो। सोही दिन स्थानीय गाउँलेले चन्दा उठाएर पीडितको वीएण्डवी अस्पतालमा उपचार भयो। पीडितका माइती पक्षले कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीको लागी उजुरी दर्ता गरायो। पीडितलाई यसभन्दा अघि पनि कुटपिट गरेपछि पतिबाट छुट्टिएर उनी छोराको साथ लिएर एक्लै बसेकी साँगाचोक प्यारालिगलकी अध्यक्ष सीता पौड्यालले बताइन्। पीडितको एक छोरा र एक छोरी छन्। पीडितले इन्सेकको सहयोगमा राष्ट्रिय मानवअधिकार आयोग र महिला आयोगमा उजुरी दिइन्।

कथित बोक्सीको आरोप

चोकटी गाविस-६ की ३५ वर्षीया एक महिलालाई २०७२ असोज १० गते कथित बोक्सी भनेको आरोपमा स्थानीय ४५ वर्षीया पार्वती सापकोटालाई असोज १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितले असोज १५ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बुहारी बच्चु सापकोटालाई खानेकुरा दिएर भेदेको झाक्रीको भनाइ उद्धृत गर्दै पीडितलाई धेरै पटक गाउँ समाजमा कथित बोक्सी भन्दै गालीबेइज्जती गरेको पीडित पक्षको आरोप छ। पीडित पक्षले असोज ११ गते गाउँका भद्रभलाद्मी जम्मा गरेर छलफल गर्दा पनि आफूलाई 'बोक्सी नै होस् कहाँ जानुपर्छ जा' भन्दै आरोपितले गालीगलौज गरेकोले प्रहरी कार्यालयमा दिएको उजुरीमा उल्लेख छ। घटनाका आरोपितसँग धामीझाँक्री गर्ने बाह्रबिसे गाविस-७ का गोविन्द पौड्याल समेतलाई जिल्ला प्रहरी कार्यालयले मुद्दा चलाएर कात्तिक १६ गते सरकारी वकिलको कार्यालयमा पेश गरेकोमा जिल्ला अदालतले कात्तिक १८ गते आरोपितहरूमध्ये गोविन्द पौड्याललाई ३५ हजार रुपियाँ र पार्वती सापकोटालाई ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नेकपा माओवादी विप्लव समूहबाट

नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीका जिल्ला संयोजक कमल माझीको नेतृत्वमा गएको एक

समूहले वैशाख ५ गते भीमटार गाविस-५ का शम्भुविक्रम चन्द थापाको ८० रोपनी जग्गा कब्जा गऱ्यो। सशस्त्र द्वन्द्वको समयमा पनि नेत्रविक्रम थापा सामन्त भएको भन्दै सो जग्गा तत्कालीन माओवादीले कब्जा गरेको थियो। नेत्रविक्रम थापाको मृत्यु भएर उनका छोरा शम्भु थापाको नाममा नामसारी भएर आएपछि सोही जग्गामा विप्लव समूहका कार्यकर्ताले पार्टीको झण्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक ओटा अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ७५ ओटा स्वास्थ्य चौकी रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा सात जना डाक्टरको दरबन्दी रहेकोमा दुई जना कार्यरत र पाँच जना रिक्त रहेका छन्। हेल्थ असिष्टेण्टको दरबन्दी ७९ रहेकोमा ५१ जना कार्यरत २८ जना रिक्त रहेका छन्। स्टार्फ नर्सको दरबन्दी सात जना रहेकोमा तीन जना कार्यरत रहेका छन्। अहेवको दरबन्दी १ सय ५८ रहेकोमा ९४ जना कार्यरत छन् भने ६४ जनाको दरबन्दी रिक्त रहेको छ। त्यसैगरी ल्याव असिस्टेन्टको दरवन्दी चार जना रहेकोमा दुई जना कार्यरत रहेका छन्। अनमीको दरबन्दी १ सय ५८ जना रहेकोमा ८५ जना कार्यरत रहेका छन्।

२.१८ नुवाकोट

जम्मा जनसङ्ख्या
२७७४७१

महिला
१४४६८४

परिवार सङ्ख्या
५९२१५

खोलाको पानी पिउने परिवार
३५४

शौचालय नभएका परिवार
२४०७३

कामका लागि बाहिरिएका
१४३११

सबभन्दा बढी जनसङ्ख्या
११८८७३ (तामाङ)

अपाङ्गता भएका
४६९०

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८.१५

सरकारी विद्यालय
४५५

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
अपहरण	१		१
महिलाअधिकार	८१		८१
जातीय विभेद	१	१	२
कुटपिट		२	२
हत्या		२	२
जम्मा	८८	५	९३

यस जिल्लामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनामा गत वर्षको तुलनामा वृद्धि भयो । सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५२ महिलासहित ६५ जना पीडित भएकामा सन् २०१५ मा ८८ महिलासहित ५३ जना पीडित भएका छन्। गत वर्ष गैरराज्यपक्षबाट हत्याका घटनामा एक महिलासहित आठ जना पीडित थिए भने यो वर्ष दुई पुरुष पीडित भए। यो वर्ष एक अपहरण, दुई जातीय विभेद, दुई जना कुटपिट घटनाबाट पीडित भए भने गत वर्ष यसखाले घटना भएनन्। गत वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा तीन जना पीडित भएकामा यो वर्ष पाँच जना बालिका पीडित भए। महिला हिंसाविरुद्धका घटनामा गत वर्षको तुलनामा यो वर्ष बढेको छ। गत वर्ष यस्ता घटनाबाट ५२ जना महिला पीडित भएका थिए भने सन् २०१५ मा ८१ जना महिला पीडित भए।

धम्की/कुटपिट

दुईपिपल गाविस-१ भँगेरी निवासी सगरमाथा टेलिभिजनका संवाददाता २४ वर्षीय रामहरि न्यौपाने र पुकार गाविसका ४३ वर्षीय हरि बोगटीलाई २०७१ माघ ८ गते जिल्ला वन कार्यालयले गरेको अनुगमनको समाचार सङ्कलनका क्रममा विदुर नपा-७ पिपलटारका सिद्धिगणेश काष्ठ उद्योगका सञ्चालक ४० वर्षीय प्रकाश राई र उद्योगका कामदार २७ वर्षीय राम चित्रकारले गालीगलौज तथा कुटपिट गरेको भन्दै पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। सिडिओ कोपहरि निरौलाको आदेशमा माघ १२ गते आरोपितद्वय जनही १०/१० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कारागार र बन्दी

'घ' श्रेणीको नुवाकोट जिल्ला कारागारको बन्दी क्षमता ८० जनाको रहेको छ। यो वर्ष कैद

तोकिएको १ सय १४ र कैद नतोकिएको २९ बन्दी गरी जम्मा १ सय ४३ जना बन्दीहरू रहेका छन्। जसमा महिला कैदी १५ र बन्दी दुई जना रहेका छन्। यो जिल्ला कारागार २०६६ सालमा निर्माण भएको हो। कारागारमा क्षमताभन्दा बढी बन्दी राखिएकोले व्यवस्थापनमा समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नुवाकोट जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। २०७२ पुस १५ गतेसम्म देवानी मुद्दा ९१ थान र फौजदारी मुद्दा १ सय ४० थान बाँकी रहे। दुई वर्षभन्दा पुराना फौजदारी मुद्दा एक थान रहेपनि देवानी मुद्दा बाँकी नरहेको जिल्ला अदालतले जनायो।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ७६ बालविकास केन्द्र, ३ सय १३ प्रावि, ८० निमावि, ८७ मावि र ४८ उच्चमावि रहेको छ। २ हजार १ सय ६८ शिक्षकको दरबन्दी रहेको सबै कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। सो कार्यालयको अनुसार विद्यालय जाने उमेरका ४४ हजार ५ सय ३२ छात्र र ४४ हजार २ सय ६८ छात्रा रहेका छन्। ०७१-०७२ शैक्षिक सत्रमा २८ हजार ७ सय ४९ छात्र र ३१ हजार २ सय ५५ छात्रा विद्यालय भर्ना भए। जिल्ला शिक्षा कार्यालयमा अपाङ्गमैत्री विद्यालय सङ्ख्या अभिलेख नरहेको पाइयो। २ हजार ६ सय २७ दलित छात्र र २ हजार ९ सय १७ दलित छात्रालाई दलित छात्रवृति वितरण गरिएको छ। जिल्लामा ३ सय १३ प्रावि, ८० निमावि, ८७ मावि र ४८ उच्चमाविमा सुविधायुक्त शौचालय रहेको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार ८८ करोड ८८ लाख रुपियाँ बार्षिक बजेट रहेकोछ, जसमध्ये ६५ करोड ३१ लाख रुपियाँ प्रशासनिक खर्च रहेको छ।

गत वर्षको तुलनामा यो वर्ष बालअधिकारका घटनामा बढेको पाइयो। गत वर्ष तीन बलात्कारका घटनाबाट बालिका पीडित भएकामा यो वर्ष तीन बलात्कार र दुई यौन दुर्व्यवहारका घटनाबाट पाँच बालिका पीडित भए। यो वर्ष दुई बलात्कारका घटनाका आरोपितले सफाइ पाए भने तीन आरोपित थुनामा छन्। ती घटनामा ११ वर्ष उमेर समूहदेखि १५ वर्षसम्मका बालिका पीडित भए। १८ वर्ष उमेर समूहदेखि ६८ वर्षसम्मका आरोपित घटनामा संलग्न थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
यौन दुर्व्यवहार	२	२
जम्मा	५	५

अपहरण

तुप्चे गाविस-२ चनौटेकी दुई वर्षीया सृष्टि पुडासैनीलाई २०७१ पुस २० गते रसुवा जिल्ला ठूलोगाउँ गाविस-५ का १८ वर्षीय शङ्कर नेपालीले अपहरण गरेको भन्दै पीडितकी आमाले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई पुस २३ गते रसुवाको ठूलोगाउँबाट प्रहरीले गिरफ्तार गऱ्यो। बालिकालाई पुस २० गते राति नै अपहरण गरी लैजाने क्रममा स्थानीयले उद्धार गरेका थिए। जिल्ला अदालतले २०७२ असोज ५ गते आरोपितलाई नौ वर्ष कैद सजाय र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई २०७१ फागुन २२ गते कविलास गाविस-६ का १८ वर्षीय विकास सिंखडाले बलात्कार गरेको भन्दै पीडितका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिए। घटनापछि फरार रहेका आरोपितलाई वैशाख ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण त्रिशुली जिल्ला अस्पतालमा फागुन २३ गते भयो। जिल्ला अदालतले २०७२ वैशाख ३१ गते आरोपितलाई थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

१२ वर्षीया एक बालिकालाई २०७१ चैत २९ गते चौघडा गाविस-६ गड्खारका २० वर्षीय राजीव राईले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित र आरोपित दुवै जनको स्वास्थ्य परीक्षण चैत ३० गते नै त्रिसूली जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले चैत ३० गते नै गिरफ्तार गरेकामा जिल्ला अदालतले २०७२ जेठ ११ गते आरोपितलाई थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

११ वर्षीया एक बालिकालाई २०७२ जेठ ३ गते हल्देकालिका गाविसका ५८ वर्षीय बलराम गिरीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित र आरोपित दुवै जनाको स्वास्थ्य परीक्षण जेठ ४ गते त्रिशूली जिल्ला

अस्पतालमा भयो। आरोपितलाई जेठ ४ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा जिल्ला अदालतले जेठ २७ गते आरोपितलाई थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ९६ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र २०७२ पुस १६ सम्ममा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरेको ४१, कुटपिट गरी घर निकाला गरेको एक, खानलाउन नदिएको २६, अर्को श्रीमती ल्याएर हेला गरेकोमा चार, मार्ने धम्की दिइएकोमा १३, कथित बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडितले भएका थिए। ती घटनामध्ये प्रहरीले ५९ घटनामा मिलापत्र गराएको र आठ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सेवा केन्द्रले जनायो। सेवा केन्द्रले विषयगत रुपमा तथ्याङ्क राखेको पाइएन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	१	१
बलात्कारको प्रयास	३	३
बहुविवाह	३	३
घरेलु हिंसा	७२	७२
जम्मा	८१	८१

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने हिंसा तथा ज्यादतीका घटनामा वृद्धि भयो। गत वर्ष यस्ता घटनाबाट ४५ जना महिला पीडित भएकामा सन् २०१५ मा ८१ जना महिला पीडित भए। गत वर्ष तीन बलात्कार, एक बलात्कार प्रयास, एक यौन दुर्व्यवहार, आठ बहुविवाह, २७ घरेलु हिंसा, दुई बेचविन र तीन कथित बोक्सीको आरोपबाट पीडित भएकामा यो वर्ष एक जना बलात्कारबाट, तीन जना बलात्कार प्रयासबाट, तीन यौन दुर्व्यवहार, तीन बहुविवाह, दुई कथित बोक्सी आरोपका घटनाबाट पीडित भए। बलात्कार तथा बलात्कार प्रयासको एउटा घटनाका आरोपित थुनामा छन् भने अन्य सबैले जिल्ला अदालतबाट सफाइ पाए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक बालिकालाई २०७२ असोज २ गते बलात्कार गरेको भन्दै ४८ वर्षीय बाबुविरुद्ध पीडितले असोज ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असोज ५ गते त्रिशुली जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले असोज २४ गते आरोपितलाई थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

सामरी गाविस-४ टक्सारकी ५३ वर्षीया सीता सापकोटालाई २०७२ असोज ५ गते कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै सोही ठाउँका २४ वर्षीय विदुर सापकोटाविरुद्ध पीडित पक्षले असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। टाउकोमा चोट लागी घाइते भएकी सीतालाई असोज ५ गते त्रिसुली जिल्ला अस्पताल लगिएकोमा थप उपचार असोज ६ गते त्रिवि शिक्षण अस्पताल काठमाडौँ भयो। आरोपितलाई प्रहरीले असोज ६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले असोज २४ गते आरोपित थुन्ने आदेश दियो। यो यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

शिखरवेसी गाविस-२ की ५६ वर्षीया अन्तरी तामाङलाई २०७१ फागुन १५ गते धारामा पानी भर्न गएको बेला सोही ठाउँकी २४ वर्षीया राममाया तामाङ र २६ वर्षीया बुद्धिमाया तामाङले कथित बोक्सीको आरोपमा कुटपिट र दुर्व्यवहार गरेको भन्दै पीडितले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले चैत ४ गते आरोपितद्वयलाई जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन्।

सबै प्रकारका जातीय विभेद

कल्याणपुर गाविस-४ का २१ वर्षीय लालबहादुर विकसँग २०७१ माघ १७ गते अन्तरजातीय विवाह गरेको भन्दौ चारघरे गाविस-८ पिपलडाँडाकी २० वर्षीया रजनी थापामगरलाई माघ १९ गते पीडितका काका ३२ वर्षीय हिक्मतबहादुर थापामगरको नेतृत्वको ६ जनाको समूहले कुटपिट गरेको भन्दै पीडितले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित हिक्मतसहित चारघरे-८ का ३३ वर्षीया मञ्जु रानामगर, सोही वडाका ४५ वर्षीया रमाकुमारी थापामगर, सोही वडाका २० वर्षीय सुसन

थापामगर, सोही वडाका ४३ वर्षीय होमबहादुर थापामगर र सोही वडाकी ३५ वर्षीया साइली रानामगरविरुद्ध जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दर्ता भयो। आरोपितहरू जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ अनुसार दोषी पाइएको भन्दै जिल्ला जिल्ला अदालतले २०७२ भदौ २० गते प्रतिव्यक्ति ५/५ सय रुपियाँ जरिवानासहित रिहा गर्ने आदेश दियो ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

थानसिङ गाविस-१ र २ कुस्मेथलीमा रहेको चार सय ५२ रोपनी जग्गा नेकपा माओवादी विप्लव समूहले २०७१ चैत २६ गते 'कब्जा' गरेको घोषणा गऱ्यो। नेकपा माओवादी (विप्लव) का जिल्ला सचिवालय सदस्य नारायण नेपालको नेतृत्वमा गएको १० जनाको समूहले जग्गामा पार्टीको झण्डा गाडेर 'कब्जा' गरेको घोषणा गरेको थियो। राजपरिवारसँग नाता जोडिएको भनिएका दिवाकर चन्दको नाम रहेको भनिएको सो जग्गा कमाउनेहरूलाई थाहै नदिइ बेच्न खोजेको भन्दै कब्जा गरिएको नेकपा माओवादी (विप्लव) का जिल्ला सेक्रेटरीले चैत २६ गते जारी विज्ञप्तिमा जनाएको थियो। विज्ञप्तिमा सो जग्गा बिक्री बितरण नगर्न र कमाउने किसानलाई नै जग्गा दिन माग गरिएको थियो। यसअघि २०५७ साउन १५ गते तत्कालीन नेकपा माओवादीले सो जग्गा कब्जा गरेको घोषणा गरेको थियो। २०२२ सालदेखि बसोवास गर्दै आएको जग्गामा आफूहरूलाई झुक्याएर दिवाकर चन्दले नापीको समयमा आफ्नो नाममा कागजपत्र तयार गरेको जग्गा उपभोग गर्दै आएका रामकृष्ण विकले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ६४ स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ ओटा गाउँघर स्वास्थ्य क्लिनिक, तीन प्राथमिक स्वास्थ्य केन्द्र, चार नगरस्वास्थ्य क्लिनिक र २ सय २४ खोप केन्द्र रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा २० जना डाक्टरको दरबन्दीमा १३ जनाको रिक्त रहेका छन्। अहेवको दरबन्दी १ सय ५२ रहेकोमा २२ जनाको रिक्त रहेका छन्। अनमीको दरबन्दी १ सय ५३ रहेकोमा १ सय ४ जना कार्यरत छन्। हेल्थ असिस्टेन्टको दरबन्दी ७१ रहेकोमा ३६ कार्यरत छन्। जनस्वास्थ्य प्रशासक एक दरबन्दी रहेका छन्। स्टाफनर्सको दरबन्दी १६ जना रहेकोमा नौ जना कार्यरत छन्। ल्याव असिस्टेन्टको दरबन्दी चार जनामा चार जना कार्यरत छन्। एक्स-रे असिस्टेन्ट, परिवार नियोजन सुपरभाइजर, खोप सुपरभाइजर, क्षयरोग/कुष्ठरोग सुपरभाइजर, सार्जजनिक स्वास्थ्य नर्स, खोप सहायक एक/एक जना दरबन्दी रहेकोमा दरबन्दीअनुसार कार्यरत छन्। जनस्वास्थ्य निरीक्षक दुई जनाको दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। अधिकृत तीन जना दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ५० लाख रुपियाँ रहेकोमा प्रशासनिक खर्च ९ करोड ५० लाख र कार्यक्रमतर्फ ४ करोड रुपियाँ रहेको छ। औषधि खर्च ४५ लाख रुपियाँ छुट्याइएको छ।

१.१५ रसुवा



जम्मा जनसङ्ख्या
४३३००

महिला
२१८२५

परिवार सङ्ख्या
५८७८

खोलाको पानी पिउने परिवार
१०६

शौचालय नभएका परिवार
४२१५

कामका लागि बाहिरिएका
३१०८

सबभन्दा बढी जनसङ्ख्या
२५७८२ (तामाङ)

अपाङ्गता भएका
१०१६

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.५

सरकारी विद्यालय
१०१

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४		४
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	३		३
कुटपिट		१	१
धम्की	१	२	३
जम्मा	८	४	१२

यस जिल्लामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घन, ज्यादतीका घटनामा गत वर्षको तुलनामा सुधार आयो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १७ महिलाहित २५ पीडित भएकामा सन् २०१५ मा ८ महिलासहित १२ जना पीडित भएका छन्। गत वर्ष गैरराज्य पक्षबाट हत्याका घटनामा एक जना पीडित थिए भने यो वर्ष त्यस्ता घटनाबाट पीडित भएनन्। गत वर्ष कुटपिटबाट तीन, अपहरणबाट दुई, घाइते चार र धम्कीबाट एक पीडित भएकामा यो वर्ष कुटपिटबाट एक र धम्कबिाट तीन पीडित भए। गत वर्ष बालबालिका विरुद्धका हिंसात्मक घटनामा पाँच जना पीडित भएकामा यो वर्ष चार जना बालिका पीडित भए। महिला हिंसाविरुद्धका घटनामा गत वर्षको तुलनामा यो वर्ष घटेको छ। गत वर्ष यस्ता घटनाबाट नौ जना महिला पीडित भएका थिए भने सन् २०१५ मा तीन जना महिला पीडित भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमतमा २५ जना रहेको छ। यस कारागारमा कैद तोकिएका ५८ जना र कैद नतोकिएको २१ जना गरी ७९ जना बन्दी रहेका छन्। यस वर्ष महिला तीन जना रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू रहेकोले यहाँ पिउने पानी, शौचालय, स्वास्थ्य परीक्षणजस्ता समस्या छन्।

जिल्ला कारागार शाखा रसुवाको भवन विनाशकारी भूकम्पका कारण अग्रभाग ढलेर बन्दी बस्ने कोठाहरू पनि क्षति भएपछि बन्दीहरू त्रिपाल तथा टेन्टमा बस्न बाध्य छन्। कारागार सामान्य मर्मत गरेपनि चिसोका कारण स्वास्थ्यमा समस्या परेको बन्दीहरूले गुनासो गरे।

कुटपिट/दुर्व्यवहार

गैरराज्यपक्षबाट

नुवाकोट जिल्ला, थानापती गाविस-५ निवासी लाङटाङ राष्ट्रिय निकुञ्जका कर्मचारी सिनियर गेम

स्काउटका ४५ वर्षीय केशवराज भेटवाललाई भोर्ले गाविस-१ का एमाओवादी बाबुराम भट्टराईनिकटका कार्यकर्ता घोर्मु प्रावि यार्साका शिक्षक विष्णुप्रसाद पौडेलले २०७१ माघ १७ गते मार्ने धम्की दिएको आरोप लाग्यो। विभिन्न सामुदायमा निकुञ्जको मध्यवर्ती समूह समिति पुन: गठन गर्ने क्रममा भोर्ले गाविस-१ जिवजिवेमा निकुञ्ज कर्मचारीहरूमाथि पक्षपात गरी समूह गठन गर्न लागेको भन्दै पौडेलले गालीगलौज गरी मार्ने धम्की दिएको पीडितको भनाइ छ। धैबुङ्ग गाविस-६ निवासी एमाओवादी कार्यकर्ता पौडेलले पूर्वसभासद ३७ वर्षीय प्रेमहादुर तामाङको उक्साहटमा गालीगलौज गरी मार्ने धम्की दिएको निकुञ्जले जनायो। धम्कीपछि पीडित निकुञ्जका कर्मचारी भेटवाललले भने आफूहरू भोर्ले गाविसको बिभिन्न वडाका फिल्डमा काम गर्न लागेको बताए। कर्मचारीमाथि दबाव आउने र झन् द्वन्द्व बढ्ने भन्दै पीडितले कतै जाहेरी दिएनन्।

धुन्चे गाविस-५ निवासी रेडियो रसुवा १०२.१ का व्यवस्थापक ३० वर्षीय दिपक लामा र धैबुङ्ग गाविस-४ की स्टेशन म्यानेजर २२ वर्षीया अनु आचार्यलाई २०७२ जेठ २४ गते भूकम्प पीडितहरूलाई गाविसले मिति गुज्रिएको तेल वितरण गरेको विषयमा समाचार सम्प्रेषण गरेको भन्दै धुन्चे गाविस-५ का धुन्चे गाविस सहायक ३७ वर्षीय अरुण थोक्रालेदुर्व्यवहार गरेको आरोप लाग्यो। वितरण गरिएको तेलको म्याद सकिएको पाइएको थियो। ०७१/१ मा उत्पादन गरिएको अमृत नामक तेलको म्याद सकिने मिति ०७२/१ लेखिएको थियो। धुन्चे गाविसमार्फत भूकम्प पीडितलाई बितरण गर्न छुट्याइएको ९ लाख रुपियाँबाट खाद्यान्न चिनी, तेल, चियापत्ती, नुन खरिद गरी सदरमुकाम धुन्चेमा खाद्यान्न सामग्री बितरण गरिएको थियो। घटनाको बारेमा कतै लिखित उजुरी परेन।

टिमुरे गाविसमा रहेको सीमा प्रहरी चौकी टिमुरेका प्रहरी जवान ४५ वर्षीय जीतबहादुर कुमाललाई २०७२ असार १७ गते सोही चौकीका इन्चार्ज इन्स्पेक्टर ४४ वर्षीय डिल्लीप्रसाद मैनालीको आदेशमा कुटपिट गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा असार १८ गते लिखित उजुरी दिए। यसअघि पनि मैनालीले असार १४ गते कानमा मुक्का प्रहार गर्दा चोट लागेका जीतबहादर काठमाडौँमा गएर प्रहरी अस्पतालमा उपचार गराइ फर्केका थिए। मैनालीले यसअघि पनि चौकीका परिचर बद्री थापालाई खाना मीठो नबनाएको भन्दै कुटपिट गरेका थिए। अन्य प्रहरीलाई पनि दुर्व्यवहार र गालीगलौज गर्ने गरेको प्रहरी चौकीले पनि गुनासो गरेको छ। यसअघि मैनालीको कुटपिटबाट सख्त घाइते भएका प्रहरी चौकी टिमुरेका दिनेश ठाकुरले कमान्डरबाट अन्याय भयो भन्दै उजुरी दिए पनि जिल्ला प्रहरी कार्यालयले कारबाही नगरेको पीडितले गुनासो गरे। आरोपितलाई कारबाही भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

रसुवा जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ। २०७२ पुस १५ गतेसम्म फैसला हुन बाँकी देवानी मुद्दा एक थान र फौजदारी मुद्दा १० थान रहेका छन्। दुई वर्ष पुराना देवानी मुद्दा एक थान र फौजदारी मुद्दा एक थान रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा कार्यालय रसुवाका अनुसार यस जिल्लामा संस्थागत र सामुदायिक गरी कूल विद्यालय सङ्ख्या १ सय ६ ओटा रहेको छ। जसमध्ये ७१ ओटा प्रावि, १७ ओटा निमावि र २० ओटा मावि रहेका छन्। यसमध्ये १० प्राविमा विद्यार्थी नभएर बन्द छन्। तीन क्याम्पसमा २ सय ९ जना विद्यार्थीहरू छन्। यस जिल्लाका विद्यालय जाने उमेरका १४ हजार २ सय ४ मध्ये छात्र ७ हजार २ सय ५१ र छात्रा ६ हजार ९ सय ४९ प्रावि तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ सय २१ र छात्र १ सय ५१ रहेका छन्। प्राविमा ७२ महिला र २ सय ८४ पुरूष गरी ३ सय ५६ जना शिक्षक, निमाविमा चार महिला र ४७ पुरूष शिक्षक तथा मावि तहमा दुई जना महिला र ३६ जना पुरूष तथा राहत शिक्षक गरी कुल ५ सय ११ जना शिक्षक कार्यरत छन्।

गत वर्षको तुलनामा यो वर्ष बालअधिकारका घटनामा सामान्य कमी आयो। गत वर्ष दुई बलात्कार, दुई यौन दुर्व्यवहार र एक नवजात शिशुको हत्या गरी पाँच पीडित भएकामा यो वर्ष एक बलात्कार, एक यौन दुर्व्यवहारका र दुई बेचविखनका घटनाबाट चार

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	३	३
बलात्कार	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	४	४

जना बालिका पीडित भए। बलात्कारका घटनाबाट १२ देखि १७ वर्ष उमेर समूहका बालिका पीडित भए। ती घटनाका आरोपित थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१७ वर्षीया एक बालिकालाई २०७१ माघ २८ गते सल्यान जिल्ला शारदा नपा-१३ निवासी नेपाल चीन सिमानाको टिमुरे गाविसमा निमार्णाधिन रसुवागढी जलविद्युत आयोजना कम्पनीका ३९ वर्षीय तिलकराम राउतले सोही कम्पनीको मेसमा काम गरिरहेको बेला बलात्कार प्रयास गरेको आरोपमा आरोपितलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितले टिमुरे गाविसस्थित प्रहरी चौकीमा माघ २९ गते उजुरी दिएकोमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २९ गते भयो। जिल्ला अदालतले चैत १८ आरोपितलाई थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै दुई जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गरे। सो घटनाहरू अनुसन्धान प्रक्रियामा रहेको सेवा केन्द्रले जनायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कारको प्रयास	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	३	३

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने हिंसा तथा ज्यादतीका घटनामा कमी आयो। गत वर्ष यस्ता घटनाबाट नौ जना महिला पीडित भएकामा सन् २०१५ मा तीन जना महिला पीडित भए। गत वर्ष चार बलात्कार, दुई यौन दुर्व्यवहार, तीन बहुविवाहबाट पीडित भएकामा यो वर्ष एक जना बलात्कार प्रयासबाट, दुई जना, एक यौन दुर्व्यवहार र एक कथित बोक्सीको आरोपबाट पीडित भए। बलात्कार सबै र कथित बोक्सी आरोपित घटनाका आरोपितहरूले अदालतबाट सफाइ पाए।

मानवबेचबिखन तथा ओसारपसार

१७ र १५ वर्षीया दुई बालिकालाई २०७१ माघ २३ गते बेचबिखनका लागि भारत लैजान लागेको आरोपमा भारतको मोतियारी घर भई रसुवाको धुन्चेमा कपडा व्यापार गर्दै आएका ३८ वर्षीय चन्द्रकिशोर राउत कुर्मी र १८ वर्षीय संजितकुमार शाहलाई सोही दिन तीनपिप्ले प्रहरीले चौकीले गिरफ्तार गऱ्यो। घटनामा संलग्न २६ वर्षीय मुकेश शाह भने फरार रहेको जिल्ला प्रहरी कार्यालय रसुवाले जनायो। भारतको बजारमा राम्रो जागिर खोजी दिने तथा सस्तो दरमा सुनचाँदी र कपडामा किनिदिने प्रलोभन देखाइ रसुवाबाट काठमाडौँ लैजाने क्रममा नुवाकोटको तीनपिप्ले प्रहरी चौकीका प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। किशोरीहरूले आफूहरूलाई फकाएर भारत लैजान लागेको स्वीकार गरे। चिलिमे गाविस-९ पाजुङका कोरसोनाम दोर्जेले आरोपितहरूलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय रसुवामा माघ २३ गते उजुरी दिए। जिल्ला अदालतले चैत १२ गते आरोपितद्वयलाई थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा अस्पताल, १४ स्वास्थ्य चौकी र तीन ओटा उप-स्वास्थ्य चौकी रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार दुई जना डाक्टरेका दरबन्दी रहेकोमा दुई रिक्त छ। तीन जना स्टाफ नर्सको दरबन्दी रहेकोमा तीन रिक्त छन्। अहेवको दरबन्दी ४७ रहेकोमा ३७ कार्यरत र १० रिक्त रहेको छ। ३५ अनमीको दरबन्दी रहेकोमा १३ दरबन्दी रिक्त छन्। एक्सरे असिस्टेन्ट एक दरबन्दी रहेकोमा रिक्त रहेको छ। १४ हेल्थ हसिस्टेन्टको दरबन्दी रहेकोमा १३ रिक्त छ। ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी १८ रहेकोमा १० रिक्त रहेका छन्। मासिकाको दरबन्दी १६ रहेकोमा आठ दरबन्दी रिक्त छ। स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्लाभरिका विभिन्न स्वास्थ्य संस्थामा ९७ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ३१ रिक्त छ। राष्ट्रिय योजना आयोग र स्वास्थ्य सेवा विभागबाट सेवा करारमा कार्यरत स्वास्थ्यकर्मीहरू पनि कार्यरत छन्।



पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जम्मा जनसङ्ख्या
२२३२८८

महिला
१४३४१०

परिवार सङ्ख्या
७८३०५

खोलाको पानी पिउने परिवार
४२६

शौचालय नभएका परिवार
१२६२३

कामका लागि बाहिरिएका
४६३८७

सबभन्दा बढी जनसङ्ख्या
८७०७८ (मगर)

अपाङ्गता भएका
६६६८

५ वर्षमाथिको साक्षरता प्रतिशत
७४.०८

सरकारी विद्यालय
४६०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२			
बालअधिकार				१०	२	१२
अमानवीय व्यवहार					१	१
महिलाअधिकार				८		८
भेला/सङ्गठित हुने अधिकार	१		१			
धम्की					१	१
हत्या		१	१	२	१	३
जम्मा	१	३	४	३०	५	३५

तनहुँको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ मा २७ महिलासहित २८ जना पीडित थिए भने २०१५ मा २१ महिलासहित २५ जना पीडित भए। जसमा एक महिलासहित चार जना राज्यपक्षबाट र २० महिलासहित २५ जना गैरराज्यपक्षका उल्लङ्घनमा परे। गैरराज्यपक्षबाट बालिका हत्या, बलात्कार, यौन दुर्व्यवहार र शारीरिक दण्डका घटना भए। राज्यपक्षबाट एक पुरुषको हत्या भयो।

यस वर्ष गैरराज्यपक्षबाट दुई महिलाको हत्या भयो। अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो। यस वर्ष दुई वर्षीया छोरीको आफ्नै बाबुले हत्या गरेको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। बालअधिकार उल्लङ्घनबाट १२ जना बालबालिका पीडित भए। जसमध्ये आठ बालिका बलात्कार र दुई बालिका यौन दुर्व्यवहारका घटनाबाट पीडित भए।

राजनीतिक तथा नागरिक अधिकार

सम्मानितरूपमा बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

व्यास नपा-१ का १८ वर्षीय रोशन दुराको ०७२ भदौ २५ गते उपचारको क्रममा मृत्यु भयो। व्यास नपा-७ का १६ वर्षीय पूर्णबहादुर आलेको साउन २१ गते झुण्डिएको अवस्थामा शव फेलापरेपछि स्थानीय तथा आफन्तले उनको हत्या भएको आशङ्कामा घटनाको अनुसन्धान गर्न माग गर्दै भदौ २४ गते दमौलीमा गरेको प्रदर्शनपछि भएको झडपका क्रममा प्रहरीले चलाएको गोली दुरालाई लागेको थियो। सो घटनामा घाइते भएका दुराको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा भदौ २५ गते मृत्यु भएको थियो। शवको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा भदौ २५ गते पोष्टमार्टम भयो। सोही घटनामा घाइते भएका १७ वर्षीय सुरज विक र २१ वर्षीय केशव न्यौपानेको मणिपाल अस्पतालमा उपचार भयो। जिल्ला सुरक्षा समितिको भदौ २६ गतेको सिफारिसअनुसार दुराका

परिवारलाई नेपाल सरकारले १० लाख रुपियाँ सहयोग गऱ्यो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ८४ कैद तोकिएका र २३ कैद नतोकिएका गरी १ सय ७ जना छन्। महिला छैनन्। बढी भएकै कारण कैदी बन्दीलाई सुत्न र शौचालयको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दरबन्दीअनुसार नै दुई जना न्यायाधीश कार्यरत छन्। दुई वर्ष पुराना मुद्दा छैनन् भने देवानी १ सय ६४ र फौजदारी मुद्दा ५१ थान फैसला हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय २८ प्रावि, ७२ निमावि, ६० मावि र ४७ उच्च मावि छन्। १ हजार ९ सय ९६ शिक्षक दरबन्दीमध्ये सबै पूर्ति छन्। यस वर्ष २९ हजार ९१ बालक र ३६ हजार ६ सय ५ बालिका भर्ना भए। शिक्षा कार्यालयले ६ हजार ८ सय १ दलित बालक र ७ हजार ५ सय ७४ दलित बालिकालाई छात्रवृत्ति दिइरहेको छ। यो कार्यालयको वार्षिक बजेट १३ करोड ५८ लाख ६२ हजार ७ सयमध्ये प्रशासनिक खर्च ८५ लाख ३२ हजार रुपियाँ छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैन।

यो वर्ष चार देखि १७ वर्षसम्मका बालिका बलात्कृत भए। बलात्कारका आरोपितमा १४ वर्षीय बालकदेखि ७६ वर्षीय वृद्धसमेत परे। एक बालिकालाई १४ देखि १८ वर्षसम्मका पाँच जनाले सामूहिक बलात्कार गरेको घटनाका आरोपितमध्ये एकलाई अदालतले सात वर्षको कैद र १ लाख रुपियाँ भराउने फैसला गऱ्यो। बालक हत्याका आरोपितलाई २० वर्षको कैद फैसला भयो। ७६ वर्षीयलाई समेत २ वर्ष ६ महिनाको कैद फैसला भयो। यो वर्ष दुई बालकसहित १२ जना पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
नवजात शिशुको हत्या		१	१
बलात्कार	८		८
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	१०	३	१३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१७ वर्षीया अपाङ्गता भएकी बालिकालाई २०७२ वैशाख १ गते स्याम्घा गाविस-४ का ७६ वर्षीय प्रेमबहादुर शाहीले बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले वैशाख २ गते प्रहरीमा उजुरी दिए। शाहीलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा अदालतले जेठ १३ गते २ वर्ष ६ महिनाको कैद फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसाविरुद्ध ६८ महिलाले प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरेलु हिंसाका ५४, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच र सामान्य झगडाका आठ उजुरी थिए। प्रहरीले ५१ ओटामा मिलापत्र गरायो भने १७ ओटा कानुनी प्रक्रियामा छन्।

यो वर्ष तीन महिला बलात्कृत भए भने बहुविवाहबाट पाँच जना पीडित भए। बलात्कारबाट ८० वर्षीया वृद्धासमेत पीडित भइन्। एक घटनाका आरोपितलाई अदालतले १० वर्षको कैद फैसला गऱ्यो। एक आरोपित फरार रहे। अघिल्लो वर्ष बलात्कारका दुई घटनासहित नौ जना महिला पीडित थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	५	५
जम्मा	८	८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया महिलालाई शुक्लागण्डकी नपा-१३ का ३९ वर्षीय शिवबहादुर अधिकारीले २०७१ चैत ९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले चैत १५ गते प्रहरीमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका अधिकारीलाई अदालतले २०७२ वैशाख १० गते १० वर्षको कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ४३ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। दरबन्दीअनुसारकै पाँच डाक्टर कार्यरत छन्। अहेबको दरबन्दी ५१ रहेकामा २९ जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञ नहुँदा महिला थप समस्यामा छन्।

३.२ गोरखा



जम्मा जनसङ्ख्या
२७१०६१

महिला
१५००२०

परिवार सङ्ख्या
६६५०६

खोलाको पानी पिउने परिवार
८०७

शौचालय नभएका परिवार
१७५१६

कामका लागि बाहिरिएका
२८१०४

सबभन्दा बढी जनसङ्ख्या
५३३४२ (गुरुङ)

अपाङ्गता भएका
१२५३७

५ वर्षमाथिको साक्षरता प्रतिशत
६६.०३

सरकारी विद्यालय
४४८

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	८		८
अपहरण	१		१
महिलाअधिकार	८		८
कुटपिट		१	१
धम्की	१		१
हत्या	१		१
जम्मा	१९	१	२०

गोरखाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा २२ महिलासहित २५ जना पीडित थिए भने सन् २०१५ मा १५ महिलासहित २० जना पीडित भए। गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा महिला र बालिका मात्रै पीडित भए।

गैरराज्य पक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो भने यो वर्ष पनि परिवारजनबाट एक महिलाको हत्या भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। बालिका बलात्कारका आठ घटना भए। महिला अधिकार उल्लङ्घनका आठ घटनामध्ये तीन बलात्कार र चार बहुविवाह र एक घरेलु हिंसाका रहे। गैरराज्यपक्षबाटै अपहरण, कुटपिट र धम्कीका तीन घटना पनि भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५५ जनाको छ। तर ९३ कैद तोकिएका र २८ कैद नतोकिएका गरी १ सय २१ जना छन्। जसमा १७ महिला छन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापनदेखि सुत्न, बस्न, खान, शौचालय र पिउने पानीको समस्या रहेको बन्दीहरूको गुनासो छ। भूकम्पका कारण भवनमा क्षति पुगेकाले समस्या थपिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको यहाँको अदालतमा देवानी मुद्दा १ सय २७ र फौजदारी मुद्दा १ सय ४७ थान फैसला हुन बाँकी छन्। दुई वर्षभन्दा पुरानो फौजदारी मुद्दा एक थान छ। मुद्दाको तुलनामा न्यायाधीश दरबन्दी कम भएकाले समयमा न्याय प्राप्त हुने अवस्था छैन।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८ प्रावि, ७८ निमावि, ६२ मावि र ५५ उच्च मावि छन्। २ हजार ५ सय १८ शिक्षक दरबन्दी रहेकामा २ हजार ४ सय ९३ कार्यरत छन्। यो वर्ष ३९ हजार ३ सय ४५ बालक र ४१ हजार ५ सय ५२ बालिका भर्ना भए। यस जिल्लामा दलित बालबालिकाका लागि ५२ लाख ९४ हजार ३ सय रुपियाँ छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २३ करोड ७३ लाख ५१ हजार २ सयमा प्रशासनिक खर्च १५ लाख ४४ हजार ८ सय छ। अपाङ्गमैत्री विद्यालय जिल्लाभर छैन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	८	८
जम्मा	८	८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँच देखि १८ वर्ष उमेर समूहका आठ बालिका बलात्कृत भए। आरोपितहरू थुनामै रहे पनि अदालतबाट बलात्कारसम्बन्धी कुनै पनि मुद्दा फैसला भएन। बलात्कार घटनाका आरोपितमा १८ देखि ७४ वर्ष उमेर समूहका थिए। एक बालिकालाई अपहरण गरिएको विरुद्ध पनि मुद्दा चलिरहेको छ।

१३ वर्षीया एक बालिकालाई २०७१ फागुन १६ गते बलात्कार गरेको आरोपमा केराबारी गाविस-८ का ५६ वर्षीय वीरबहादुर गुरुङविरुद्ध पीडितका आफन्तले फागुन १९ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते गोरखा अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका गुरुङलाई अदालतले चैत १२ गते थुन्ने आदेश दियो।

१७ वर्षीया बालिकालाई २०७१ चैत ७ गते गोठालो गएको बेला बलात्कार गरेको भन्दै भुम्लीचोक गाविस-३ गैरीगाउँ बस्ने ७० वर्षीय इन्द्रबहादुर गुरुङविरुद्ध बालिकाका आफन्तले चैत १३ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला अस्पतालमा भयो। बालिका कान कम सुन्ने र सुस्तमनस्थितिकी भएको परिवारले जनायो। चैत १४ गते गिरफ्तार भएका गुरुङलाई अदालतले वैशाख १० गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै १ सय ५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १०, खान/लाउन नदिएको १८, विवाह दर्ता नगरेको तथा नागरिकता नबनाएको २०, बहुविवाह गरी हेला गरेको २० र सामान्य झगडाका १३ वटा थिए। तीमध्ये ८१ घटनामा मिलापत्र गराइयो भने १४ वटा कानुनी प्रक्रियामा छन्। १० जना उजुरकर्ता सम्पर्कमै आएनन्।

सन् २०१५ मा गोरखामा एक महिलाको परिवारबाट हत्या भयो। गत वर्ष जस्तै यस वर्ष पनि तीन जना महिला बलात्कृत भए। बलात्कृत हुनेमा ७० वर्षकी वृद्धासमेत छिन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	४	४
घरेलु हिंसा	१	१
जम्मा	८	८

परिवारजनबाट हत्या

पालुङ्टार गाविस-४ बेलटारकी ५० वर्षीया चन्द्रकुमारी नेपालीलाई पति ५५ वर्षीय मेहत्तर भनिने सुकबहादुर नेपालीले २०७१ माघ १८ गते सामान्य घरायसी विवाद हुँदा बन्चरो प्रहार गरेकामा मृत्यु भयो। उनलाई प्रहरीले भोलिपल्टै गिरफ्तार गऱ्यो। तीन छोरी र दुई छोराकी आमा चन्द्रकुमारी पतिसँगको खटपटपछि १० वर्षदेखि माइती बस्दै आएकी थिइन्। तनहुँ पुर्कोट स्थायी घर भएका पति केही समयदेखि ससुराली आसपासमै मजदुरी गर्दै आएका थिए। अदालतले फागुन १३ गते सुकबहादुरलाई थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७० वर्षीया महिलालाई २०७१ चैत २७ गते राति सुतिरहेका बेला बलात्कार गरेको भन्दै ताकुकोट गाविस-८ का ३२ वर्षीय मङ्गलबहादुर बरामविरुद्ध पीडितका आफन्तले चैत २८ गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार गरिएका आरोपितलाई अदालतले वैशाख २५ गते थुन्ने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २८ गते जिल्ला अस्पतालमा भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डाक्टरको दरबन्दी रहेकामा एक मात्र कार्यरत छन्। अहेवको दरबन्दी १ सय ४२ रहेकामा १ सय २६ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ९१ लाख ६१ हजारमध्ये औषधी खर्चबापतको रकम भने ३० लाख रुपियाँ छ।

३.३ लमजुङ



जम्मा जनसङ्ख्या
१६७७२४

महिला
८१८११

परिवार सङ्ख्या
४२०७८

खोलाको पानी पिउने परिवार
१५६

शौचालय नभएका परिवार
८०४१

कामका लागि बाहिरिएका
२११६१

सबभन्दा बढी जनसङ्ख्या
५२४२१ (गुरुङ)

अपाङ्गता भएका
४७४५

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.१

सरकारी विद्यालय
३६६

लमजुङको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा १० महिलासहित १४ जना पीडित भएकामा सन् २०१५ मा २५ महिला पीडित भए। यस वर्ष सशस्त्र द्वन्द्वका समयमा नेपाली सेनाको ब्यारेक रहेको स्थानमा बम फेला परेपछि स्थानीय त्रसित भए। गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा १८ महिला र ६ बालिका पीडित भए।

यो वर्ष नजिकका आफन्तबाट एक महिलाको हत्या भएको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। बाल अधिकार उल्लङ्घनका ६ घटना भए। चार जना बालिका बलात्कृत भए। महिला अधिकार उल्लङ्घनका १८ घटनामा दुई बलात्कार, तीन यौन दुर्व्यवहार र नौ जना घरेलु हिंसाबाट पीडित थिए।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

सुन्दरबजार नपास्थित कृषि क्याम्पसमा नेविसङ्घ र अनेरास्ववियूका कार्यकर्ताबीच २०७२ असार १७ गते भएको झडपमा अनेरास्ववियूका क्याम्पस इकाई सदस्य २२ वर्षीय विपिन अर्याल घाइते भए। नेविसङ्घ आक्रमणबाट टाउकोमा चोट लागेर घाइते भएका गौतमको पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो। अनेरास्ववियूले घटनामा संलग्नलाई कारबाहीको माग गर्दै असार २१ गतेदेखि क्याम्पसमा तालाबन्दी गऱ्यो। झडपमा संलग्न भएको आरोपमा नेविसङ्घका सदस्य १९ वर्षीय आभास न्यौपाने र निरोज दाहाललाई असार १७ गते प्रहरीले गिरफ्तार गरेकोमा असार २० गते रिहा गऱ्यो। क्याम्पसमा तालबन्दी गरिएपछि बिएस्सीएजी प्रथम सेमेस्टर र चौथो सेमेस्टरका परीक्षा प्रभावित भएका थिए। क्याम्पस प्रशासनको रोहबरमा विद्यार्थी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
महिलाअधिकार	१८		१८
कुटपिट		१	१
हत्या	१		१
जम्मा	२५	१	२६

सङ्गठनबीच भएको छलफलपछि असार २८ गते नेविसङ्घले गल्ती भएको भन्दै माफी मागेपछि दुवैपक्षबीच सहमति भयो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ५९ कैद तोकिएका र १० कैद नतोकिएका गरी ६९ जना छन्। जसमा आठ महिला र दुई आश्रित बालिका छन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापन र पिउने पानीको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस अदालतमा फैसला हुन बाँकी देवानी ५७ र फौजदारी मुद्दा ६३ थान छन्। दुई वर्ष नाघेका देवानी मुद्दा नै १० थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७५ प्रावि, ३४ निमावि र ५७ मावि छन्। २ हजार २ शिक्षक दरबन्दी रहेकामा १५ दरबन्दी रिक्त छ। जिल्लामा विद्यालय जाने उमेरका बालक २४ हजार १ सय ९६ र २६ हजार ३ सय ११ बालिका रहेकामा यो वर्ष २३ हजार २ सय ७ बालक र २४ हजार ९५ बालिका भर्ना भए। ४ हजार ८ सय ६९ जना दलित बालक र ५ हजार ३ सय ९४ दलित बालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृति प्रदान गरेको छ। यो कार्यालयको प्रशासनिक खर्च २ करोड ७४ लाख ५२ हजार रुपियाँ छ। जिल्लाभर २५ अपाङ्गतामैत्री र ३ सय १९ बालमैत्री विद्यालय छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	४	४
यौन दुर्व्यवहार	१	१
जम्मा	६	६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँच देखि १४ वर्ष उमेर समूहका चार बालिका बलात्कृत भए। बलात्कार आरोपितमा १९ देखि ५५ वर्ष उमेर समूहका मध्ये एक शिक्षकसमेत थिए। बलात्कारका उजुरीमध्ये तीन ओटामा सात वर्षदेखि १५ वर्षसम्मको कैद फैसला भयो भने एउटा मुद्दा चलिरहेको छ।

नेविसङ्घका कार्यकर्ताले आक्रमण गरी घाइते बनाइएका अनेरास्ववियु क्याम्पस इकाइ सदस्य वीपिन अर्याल

पाँच वर्षीया बालिकालाई २०७१ फागुन २१ गते बलात्कार गरेको आरोपमा नौथर गाविस-१ का १९ वर्षीय धनबहादुर गुरुङविरुद्ध पीडितका आफन्तले फागुन २२ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते सामुदायिक जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई अदालतले २०७२ असोज १३ गते ११ वर्ष कैद सजाय र पीडितलाई ४० हजार रुपियाँ क्षतिपूर्ति दिने फैसला गऱ्यो।

१४ वर्षीया बालिकालाई सुस्तमनस्थितिकी २०७१ माघ १ गते घरमै बलात्कार गरेको भन्दै सुन्दरबजार नपा-५ का ५५ वर्षीय वीरबहादुर सार्की विरुद्ध पीडित परिवारले माघ २ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार सार्कीलाई अदालतले चैत १० गते १५ वर्षको कैद सजाय र पीडितलाई १ लाख रुपियाँ दिनुपर्ने फैसला सुनायो।

१३ वर्षीया बालिकालाई २०७२ असार १२ गते बलात्कार गरेको भन्दै सुन्दरबजार नपा-१ का ३८ वर्षीय राजु दर्जीविरुद्ध पीडितका आफन्तले असार १३ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते जिल्ला सामुदायिक अस्पतालमा भयो। असार १७ गते गिरफ्तार गरिएका दर्जीलाई अदालतले असोज ७ गते सात वर्ष कैद र ४० हजार रुपिया पीडितलाई तिर्नुपर्ने फैसला गऱ्यो।

सात वर्षीया बालिकालाई २०७२ भदौ १४ गते बलात्कार गरेको भन्दै क्यामिन गाविस-६ तनहुँ घर भई

तान्द्रङ टक्सार गाविस-९ स्थित रिस्ती विकास बोर्डिङ स्कुलका प्रिन्सिपल ३९ वर्षीय हरिकृष्ण ओझाविरुद्ध पीडितका आफन्तले भदौ १६ गते प्रहरीमा उजुरी दिए। घटनापछि घाइते बालिकाको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा तीन दिन उपचार भयो। पीडितको स्वास्थ्य परीक्षण मणिपाल शिक्षण अस्पतालमा भयो। भदौ १७ गते गिरफ्तार ओझालाई अदालतले असोज १ गते थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै ५६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको पाँच, विवाह दर्ता नगरेको तथा नागरिकता नबनाएको सात, बहुविवाह गरी हेला गरेको तीन र सामान्य झगडाका ३९ घटना दर्ता भए। प्रहरीले ३८ वटामा मिलापत्र गरायो भने सात ओटा कानुनी प्रक्रियामा छन्। ११ उजुरीकर्ता सम्पर्कमै आएनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	४	४
घरेलु हिंसा	९	९
यौन दुर्व्यवहार	३	३
जम्मा	१८	१८

यो वर्ष ५२ वर्षीया एक महिलाको आफन्तबाटै हत्या भयो भने बलात्कारका दुई उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ।

परिवारजनबाट हत्या

खुदी गाविस-६ खाकनबेसीकी ५२ वर्षीया बुधकाशी गुरुङको ०७२ कात्तिक २५ गते आफ्नै भतिज पर्ने सोही ठाउँका ३१ वर्षीय पूर्णबहादुर गुरुङले धारिलो हतियार प्रहार गर्दा मृत्यु भयो। आरोपित कात्तिक २७ गते गिरफ्तार भए। रक्सी नदिएको झोकमा हत्या गरेको आरोपितले स्वीकारेको डीएसपी शम्भुप्रसाद ढकालले बताए। जिल्ला अदालतले कात्तिक ३० गते पूर्णबहादुरलाई थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया महिलालाई २०७२ भदौ २४ गते बलात्कार गरेको भन्दै धुसेनी गाविस-८ का २२ वर्षीय शङ्कर भण्डारीविरुद्ध पीडितका आफन्तले भदौ २५ गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार भण्डारीलाई अदालतले असोज १४ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १ अस्पताल, ६० स्वास्थ्य चौकी र ५ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा ३ डाक्टरको दरबन्दी भए पनि १ जनामात्रै कार्यरत छन्। अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी ९८ रहेकामा ८२ जनामात्र कार्यरत छन्। जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ६८ लाख ३४ हजार रुपियाँ छ जसमा औषधी खर्चवापतको रकम ४० लाख ६० हजार रुपियाँ छ।

३.४ स्याङ्जा



जम्मा जनसङ्ख्या
२८५१४८

महिला
१६३३१५

परिवार सङ्ख्या
६८८४१

खोलाको पानी पिउने परिवार
४०५

शौचालय नभएका परिवार
७१५२

कामका लागि बाहिरिएका
५०४७६

सबभन्दा बढी जनसङ्ख्या
८५२५१ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
४४५१

५ वर्षमाथिको साक्षरता प्रतिशत
७६.६

सरकारी विद्यालय
४४२

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	१३	१३
महिलाअधिकार	११	११
हत्या	१	१
जम्मा	३४	३४

स्याङ्जाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१४ को उल्लङ्घनका घटनामा २४ महिलासहित २७ जना पीडित थिए भने सन् २०१५ मा २४ महिला मात्रै पीडित भए। गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालिका मात्रै पीडित भए। १२ बालिका बलात्कार र यौन दुर्व्यवहारबाट पीडित भए भने १२ महिला हत्या, बलात्कार, बलात्कार प्रयास र घरेलु हिंसाबाट पीडित भए। बालिका बलात्कार प्रयासको एक उजुरीमा बालिकाकी आमाले आफ्नो उजुरी गलत भनी फिर्ता लिएपछि अदालतले गलत उजुरी गर्नेलाई ३ हजार रुपियाँ जरिवाना तिरायो र आरोपितलाई सफाइ दियो।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ९२ कैद तोकिएका र २४ कैद नतोकिएका गरी १ सय १६ जना बन्दी राखिएको छ। जसमा १० महिला छन्। एक आश्रित बालक छन्। बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या देखिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ७ र फौजदारी १ सय ३८ थान छन्। दुई वर्षभन्दा पुरानो फौजदारी मुद्दा एउटा छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३५ प्रावि, ५५ निमावि, ५२ मावि र ७६ उच्च मावि छन्। २ हजार ९ सय ९४ शिक्षक दरबन्दीमध्ये सबै पूर्ति छ। यो वर्ष ३४ हजार ५३ बालक र ३५ हजार ३० बालिका भर्ना भए। २ हजार ३ सय ९४ दलित बालक र २ हजार ८ सय ८० दलित बालबालिकाका लागि ६२ लाख ३३ हजार ३ सय

रुपियाँ छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १२ करोड ५४ लाख ३८ हजार रुपियाँ मध्ये प्रशासनिक खर्च १ करोड ४४ लाख ४६ हजार रुपियाँ छ। ३ सय ५० विद्यालय अपाङ्गमैत्री छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
यौन दुर्व्यवहार	८	८
जम्मा	१२	१२

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष आठ देखि १५ वर्ष उमेर समूहका चार बालिका बलात्कृत भए भने आठ बालिका यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। अघिल्लो वर्ष ६ बालिका बलात्कार र एक बालिका यौन दुर्व्यवहारबाट पीडित भएका थिए। बलात्कारका आरोपित २२ देखि ५१ वर्ष उमेर समूहका मध्ये एक बालिकाका बाबु रहे भने यौन दुर्व्यवहारमा प्रधानाध्यापकसमेत छन्। बलात्कार उजुरीमा अदालतले बाबुलाई जबरजस्ती करणीमा आठ वर्ष र हाडनाता करणीमा थप १० वर्ष गरी १८ वर्षको कैद सजाय फैसला गऱ्यो। अन्य उजुरीमा मुद्दा चलिरहेको छ।

१२ वर्षीया छोरीलाई २०७२ वैशाख २३ गते बलात्कार गरेको भन्दै ३५ वर्षीय बाबुविरुद्ध बालिकाकी कान्छी आमाले वैशाख २४ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते स्वास्थ्य चौकी वालिङमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले मङ्सिर ६ गते जबरजस्ती करणीमा आठ वर्ष र हाडनाता करणीमा थप १० वर्ष गरी १८ वर्ष कैद सजाय र ५० हजार रुपियाँ पीडितलाई भराउने फैसला गऱ्यो।

आठ देखि ११ वर्ष उमेर समूहका पाँच बालिकालाई २०७२ साउन ३१ गते पढाउने बहानामा यौन दुर्व्यवहार गरेको भन्दै कुवाकोट गाविस-८ स्थित जाल्पा प्राविका प्रधानाध्यापक ४५ वर्षीय चन्द्रेश्वर गैरेविरुद्ध अभिभावकले साउन ३२ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण साउन ३२ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले भदौ २८ गते थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै १ सय ६८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४६, खान/लाउन नदिएको ७६, बहुविवाह गरी हेला गरेको दुई र सामान्य झगडाका ४४ घटना छन्। यीमध्ये १ सय २७ घटनामा प्रहरीले मिलापत्र गरायो भने १३ उजुरीमा कानुनी प्रक्रिया जारी छ। २८ उजुरीकर्ता सम्पर्कमा आएनन्।

सन् २०१५ मा एक महिलाको परिवार (छोरा) बाट हत्या भयो। अघिल्लो वर्ष पनि एक महिलाको गैरराज्य पक्षबाट हत्या भएको थियो। गत वर्ष जस्तै यस वर्ष पनि दुई महिला बलात्कृत भए। जसमा ४२ वर्षीया सुस्तमनस्थितिकी महिलासमेत छिन्। चार जना महिलालाई बलात्कार प्रयास भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	४	४
बहुविवाह	३	३
घरेलु हिंसा	३	३
जम्मा	११	११

परिवारजनबाट हत्या

टक्सार गाविस-१ की ६८ वर्षीया यामकुमारी ठकुरीलाई २०७२ कात्तिक ७ गते छोरा ४६ वर्षीय नेत्रबहादुर ठकुरीले ढुङ्गाले प्रहार गर्दा मृत्यु भयो। घटनाकै दिन गिरफ्तार आरोपितलाई अदालतले मङ्सिर १ गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४२ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७१ माघ ३ गते एक्लै भएका बेला फकाएर बलात्कार गरेको भन्दै कालिकाकोट गाविस-८ का ४५ वर्षीय कुभबहादुर बिकविरुद्ध पीडितका आफन्तले माघ ४ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते वालिङ स्वास्थ्य चौकीमा भयो। घटनाकै दिन गिरफ्तार आरोपितलाई अदालतले माघ २८ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ५५ स्वास्थ्य चौकी र एउटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। सात डाक्टरको दरबन्दीमध्ये चार मात्र कार्यरत छन्। अहेवको दरबन्दी १ सय ३९ रहेकामा १ सय १७ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ८० लाख रुपियाँ र औषधी खर्चबापतको बजेट भने ८० लाख रुपियाँ छ।

३.५ कास्की



जम्मा जनसङ्ख्या
४५२०५८

महिला
२५५७१३

परिवार सङ्ख्या
१२५६७३

खोलाको पानी पिउने परिवार
४८२

शौचालय नभएका परिवार
१००६१

कामका लागि बाहिरिएका
५७३०५

सबभन्दा बढी जनसङ्ख्या
१३६८३४ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
५२१५

५ वर्षमाथिको साक्षरता प्रतिशत
८२.०४

सरकारी विद्यालय
४१८

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१५	१	१६
महिलाअधिकार				१५		१५
भेला/सङ्गठित हुने अधिकार	४	१८	२२			
कुटपिट		१	१			
हत्या				१	१	३
जम्मा	४	१९	२३	५१	३	५५

कास्कीको मानव अधिकार अधिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१४ मा गैरराज्य पक्षबाट २ सय १ महिलासहित २ सय १४ पीडित भएकामा सन् २०१५ मा ५६ महिलासहित ७८ पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनमा ४ महिलासहित २३ जना पीडित भए भने गैरराज्य पक्षबाट ५१ महिलासहित ५५ जना पीडित भए। राज्य पक्षबाट अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठितको प्रयास भयो। गैरराज्य पक्षबाट अधिल्लो वर्ष चार महिलासहित ६ जनाको हत्या भएको थियो भने यो वर्ष पनि परिवारबाटै दुई महिलाको हत्या भयो। काङ्ग्रेसका स्थानीय नेताको आफ्नै कार्यकर्ताको कुटाइबाट मृत्यु भयो। बाल अधिकार उल्लङ्घनका २७ घटना भए। जसमा १८ बालिका बलात्कारका घटनाबाट पीडित भए भने सात जना यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। दुई बालकलाई विद्यालयमा शारीरिक दण्ड दिइयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपमा बाँच्ने अधिकार

हत्या

गैरराज्यपक्षबाट

लेखनाथ नपा-१२ भण्डारढिक निवासी नेपाली कङ्ग्रेसका कार्यकर्ता ५३ वर्षीय रामजी पौडेल (वादल) लाई २०७२ साउन २८ गते आफ्नै दलका कार्यकर्ताले कुटपिट गरी फ्याँकेकामा साउन २९ गते मृत अवस्थामा फेला परे। घटनामा संलग्न भन्दै लेखनाथ नपा-१२ निवासी नेपाल तरुण दल लेखनाथ नगरसमिति उपसभापति ३० वर्षीय विश्वास गौतम, कार्यकर्ता ३० वर्षीय राजु रानाभाट, सोही नपा-१३ निवासी कार्यकर्ता २० वर्षीय प्रकाश गुरुङ, २५ वर्षीय रवीन केसी र सोही नपा-६ निवासी क्षेत्रीय सभापति ४८ वर्षीय राजेन्द्रमणि

लामिछानेविरुद्ध रामजीका भाइ राममणि पौडेलले २०७२ साउन २९ गते प्रहरीमा किटानी जाहेरी दिए। आरोपितहरूलाई साउन ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले भदौ २८ गते राजेन्द्रमणिलाई तारेखमा रिहा गर्ने र अन्यलाई थुन्ने आदेश दियो। दोषीलाई कारबाहीको माग गर्दै नेपाली कङ्ग्रेसका कार्यकर्ताले साउन २९ गते लेखनाथ नपा-१२ स्थित पृथ्वीराजमार्ग अवरुद्ध गरी प्रदर्शन गरे। त्यस क्रममा प्रहरीसँग भएको झडपमा केही घाइते भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सहमतिमा संविधान जारी गर्नुपर्ने माग राखी एमाओवादीसहितको ३० दलीय मोर्चाले २०७१ चैत १५ गते पोखरामा निकालेको लाठी जुलुसमा प्रहरीसँग झडप भयो। प्रहरीको लाठीबाट सभासद् तेजकुमारी पौडेल, एमाओवादी कास्की जिल्ला सचिव विष्णु पौडेल, एमाओवादी जिल्ला समिति सदस्यहरू निर्मला सुवेदी (क्रान्ति), निर्मला न्यौपाने, देवीप्रसाद सुवेदी, विश्वप्रकाश लामिछाने, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य दिनेश पौडेल, जिल्ला अध्यक्ष कृष्णराज दाहाल, एमाओवादी निर्मलपोखरी गाविस अध्यक्ष प्रकाश पौडेल, वाइसिएल तमुवान राज्य सदस्य सुवास पौडेल, वाइसिएलकै अशोकजङ्ग प्रसाई, अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय उपाध्यक्ष स्थिरप्रसाद खनाल, अखिल नेपाल ट्रेड युनियन महासङ्घका लीलाबहादुर घर्ती, गुणराज बास्तोला, धनबहादुर तामाङ, विजय थापा, राधा गुरुङ, वाइसिएल जिल्ला सदस्य ऋषि सुवेदी, अग्रगामी विद्यार्थी युनियनका केन्द्रीय सदस्य सञ्जेश गुरुङ, विद्यार्थी आविष्कार सुवेदी, क्षेत्र गुरुङ, कान्तिपुर टेलिभिजनका पत्रकार इन्द्र पौडेललगायत घाइते भए। घाइतेको पोखरास्थित फेवा सिटी अस्पतालमा उपचार भयो। त्यसैगरी प्रहरीतर्फ इन्स्पेक्टरद्वय केशव बस्नेत र अमर थापा, प्रहरी जवान साबु धोवी मुसलमान, खगेन्द्र पन्त र सन्तोष गुप्ता घाइते भए। मोर्चाको जुलुस प्रहरीले रोक्न खोज्दा आन्दोलनकारीले सवारी साधनमा ढुङ्गा प्रहार गरेपछि झडप भएको थियो। झडपका क्रममा पत्रकार महासङ्घ कास्कीका सल्लाहकार राजबहादुर गुरुङको पार्किङ गरिराखेको बा १० च ३२३६ नम्बरको कार र ग १ ज ५०६२ नम्बरको निजी सवारी साधन तोडफोड भयो। ३० दलीय मोर्चाले सोही साँझ विज्ञप्ति प्रकाशित गरी जनताको शान्तिपूर्ण विरोध गर्न पाउने अधिकार कुण्ठित भएको भन्दै विरोध जनायो। नेपाल पत्रकार महासङ्घ कास्कीले चैत १५ गते विज्ञप्ति निकाली पत्रकार पौडेललाई कुटपिट र कार तोडफोड गरिएकोप्रति खेद प्रकट गऱ्यो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ६० जनाको छ। तर ३ सय ६३ कैद तोकिएका र १ सय ७७ कैद नतोकिएका गरी ५ सय ४० जना छन्। जसमा ५३ महिला छन्। दुई वर्षीय आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका तीन महिलासहित सात जना छन्। क्षमताभन्दा झण्डै १० गुणा बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२२ सालमा बनेको यो कारागारको एक भवन पुरानो र जीर्ण छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५ सय ८७ र फौजदारीतर्फ ५ सय थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी सात र फौजदारी ६ थान छन्।

यसैगरी आठ जना न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा चार मात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय २० र फौजदारीतर्फ १ सय ७८ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी पाँच र फौजदारी ६ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६९ प्रावि, ७९ निमावि, १ सय ६९ मावि र १ सय ७ उमावि छन्। ३ हजार ३ सय ४३ शिक्षक दरबन्दी रहेकामा ४० दरबन्दी रिक्त छ। यस वर्ष ८३ हजार ७ सय ८१ बालक र ७६ हजार ५ सय ४६ बालिका भर्ना भए। जिल्लामा ५७ अपाङमैत्री विद्यालय छन्। ९ हजार ६ सय ९० दलित बालक र ८ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद परिवारका २ र द्वन्द्वपीडित परिवारका २ सय ४१ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष चार देखि १७ वर्ष उमेर समूहका बालिका आफन्त र नजिकका व्यक्तिबाटै बलात्कृत भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	१८		१८
विद्यालयमा शारीरिक सजाय		३	३
यौन दुर्व्यवहार	८		८
जम्मा	३५	३	३८

बलात्कार आरोपितमा १६ वर्षीय बालकदेखि ६९ वर्षीय वृद्धसमेत थिए।

नौ वर्षीया बालिकालाई २०७१ चैत १६ गते पोखरा उमनपा-९ नयाँबजारका २० वर्षीय आकाश नेपालीले फकाइ आफ्नो घरमा लगेर बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत २१ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २१ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। आरोपित फरार रहेकोले मुद्दा तामेलीमा रहेको छ।

६ र सात वर्षीया बालिकालाई २०७१ चैत २२ गते बलात्कार गरेको भन्दै बागलुङ जिल्लाको बुर्तिवाङ गाविस-१ घर भई पोखरा उमनपा-१२ अन्नपूर्ण टोलमा जुत्ता सिलाउने ४० वर्षीय भविन्द्र बिकविरुद्ध पीडितका आफन्तले चैत २३ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। बिकले बालिकालाई फकाएर पटक-पटक बलात्कार गरेको उजुरीमा उल्लेख छ। चैत २३ गते गिरफ्तार बिकलाई जिल्ला अदालतले २०७२ वैशाख २० गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१४ वर्षीया बालिकालाई २०७१ चैत ३० गते लेखनाथ नपा-१८ भरतपोखरी सुरौदीका २९ वर्षीय शिव कार्कीले धम्क्याएर बलात्कार प्रयास तथा अप्राकृतिक मैथुन गरेको भन्दै पीडितका आफन्तले २०७२ वैशाख २ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। सोही दिन गिरफ्तार कार्कीलाई जिल्ला अदालतले असोज १४ गते १ महिना २० दिन कैद, १० हजार रुपियाँ जरिवाना र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गऱ्यो।

१६ वर्षीया बालिकालाई २०७२ वैशाख ४ गते चितवनको कठार गाविस घर भई पोखरा उमनपा-१७ ड्यामसाइड बस्ने १८ वर्षीय सेरीजोवा चौधरीले मार्ने धम्की दिई बलात्कार गरेको भन्दै पीडितका आफन्तले वैशाख ५ गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार चौधरीलाई जिल्ला अदालतले असोज १० गते २ वर्ष ६ महिना कैद फैसला गऱ्यो।

१४ वर्षीया बालिकालाई २०७२ वैशाख १४ गते लेखनाथ नपा-१ का ५५ वर्षीय रामप्रसाद पाण्डेले आफ्नै घरमा लगेर बलात्कार गरेको भन्दै बालिकाका आफन्तले वैशाख २० गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। उजुरी परेकै दिन गिरफ्तार पाण्डेलाई जिल्ला अदालतले साउन ३२ गते नौ वर्ष कैद फैसला गऱ्यो।

आफ्नै कार्यकर्ताबाट हत्या गरिएका नेपाली काङ्ग्रेसका नेता रामजी पौडेल (बादल)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २ सय १३, खान/लाउन नदिएको ७९, विवाह दर्ता र नागरिकता नबनाएको ५३, अर्की श्रीमती ल्याएर हेलाँ गरेको २३ र सामान्य घरायसी झगडाका १ सय ९७ घटना छन्। यीमध्ये प्रहरीले ४ सय ८७ ओटामा मिलापत्र गरायो भने ७८ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

यो वर्ष कास्कीमा दुई महिलाको परिवारबाट हत्या भयो भने पाँच महिला बलात्कारका घटनाबाट पीडित भए। तीन महिलालाई बलात्कार प्रयास भयो भने आठ महिला बेचविखन तथा नौ महिला घरेलु हिंसाबाट पीडित भए। एक महिला सामूहिक बलात्कार घटनाबाट पीडित भए। सन् २०१४ मा १० महिला बलात्कार तथा चार महिला बलात्कार प्रयास भएको थियो भने एक जना महिलाको बलात्कारपछि हत्या भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बलात्कारको प्रयास	३	३
बहुविवाह	९	९
महिला बेचबिखन	८	८
जम्मा	३५	३५

मानव बेचबिखन तथा ओसारपसार

१९ वर्षीया महिलालाई नवलपरासी जिल्ला रुपैलिया गाविस-२ घर भई पोखरा उमनपा-२ बागलुङ बसपार्क बस्ने ४२ वर्षीया राजकुमारी सेन सिंहले बेचविखन गरेको भन्दै पीडितले २०७१ पुस १९ गते

प्रहरीमा उजुर गरिन्। सोही ठाउँस्थित प्रतीक्षा गेस्ट हाउस सञ्चालन गर्ने आरोपितले पीडितलाई २०७१ पुस १८ गते भाडा माझ्ने काम गराउने भन्दै इच्छाविपरीत ग्राहकसँग जबर्जस्ती यौन कार्य गर्न लगाइ आर्थिक लाभ लिएको उजुरीमा उल्लेख छ। पुस २० गते गिरफ्तार आरोपितलाई जिल्ला अदालतले माघ १० गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

१८ देखि २० वर्षका तीन महिलालाई स्याङ्जा जिल्ला कोल्मा गाविस-४ का ३० वर्षीय प्रेम सुनारले फरक-फरक समयमा प्रलोभन देखाई यौन शोषण गरेको र धनमाल लुटेको भन्दै पीडितहरूले २०७१ पुस २२ गते प्रहरीमा उजुरी दिए। आरोपितले साजन घलेको नाममा नक्कली फेसबुक आइडी बनाइ ब्रिटिस लाहुरे भन्दै युके लैजाने आश्वासन दिएर बिहे गर्ने बहानामा यौनशोषण गरी गहनासमेत लुटेर भागेको पीडितको जाहेरीमा उल्लेख छ। पुस २३ गते गिरफ्तार आरोपितलाई जिल्ला अदालतले माघ १८ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७२ साउन १९ गते बलात्कार गरेको भन्दै लाहाचोक गाविस-५ घर भई पोखरा उमनपा-९ बस्ने २९ वर्षीय नारायण परियारविरुद्ध पीडितका आफन्तले २०७२ साउन २० गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १२ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। सोही दिन गिरफ्तार परियारलाई जिल्ला अदालतले असोज ११ गते १ महिना २० दिन कैद तथा २ हजार ५ सय रुपियाँ जरिवाना र पीडितलाई ५ हजार रुपियाँ दिनुपर्ने फैसला गऱ्यो।

१९ वर्षीया महिलालाई २०७२ असोज ३० गते सामूहिक बलात्कार गरेको भन्दै लेखनाथ नपा-४ का २१ वर्षीय आशीष सार्की, २१ वर्षीय सुशील बिक, २६ वर्षीय लक्ष्मण नेपाली, १९ वर्षीय सरोज सुनार, २० वर्षीय दीपक परियार, २४ वर्षीय विदुर सुनार, २६ वर्षीय सुमन गुरुङ र २६ वर्षीय नवराज ढुङ्गानाविरुद्ध पीडितका आफन्तले कात्तिक १ गते प्रहरीमा उजुरी दिए। कात्तिक ४ गते गिरफ्तार आरोपितहरूलाई जिल्ला अदालतले कात्तिक १८ गते थुन्ने आदेश दियो।

परिवारजनबाट हत्या

रूपाकोट गाविस-१ भीरचोक घर भई पोखरा उमनपा-४ पराजुलीमार्ग बस्ने ३२ वर्षीय सोमबहादुर सुनारले ४२ वर्षीया लक्ष्मी अधिकारी सुनारलाई हत्या गरेको भन्दै उनीविरुद्ध मृतकका भतिजा मनोजकुमार अधिकारीले २०७१ चैत १ गते प्रहरीमा उजुरी दिए। स्थानीय कमला पङ्गेनीको घरमा बस्ने आरोपित सुनारले फागुन ३० गते राति १ बजे ३ तलामाथिको छतबाट खसालिदिएपछि घाइते भएकी उनलाई बिहान ४ बजे स्थानीयले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगेकामा डाक्टरले मृत्यु भइसकेको बताएका थिए। सोमबहादुरलाई जिल्ला अदालतले चैत २६ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

पोखरा उमनपा-१७ की ४५ वर्षीया सरिता बिकलाई २०७२ वैशाख १५ गते पति ५० वर्षीय प्रेमबहादुर बिकले सामान्य विवादमा फलामको पाइपले हिर्काएपछि मृत्यु भयो। पीडितका आफन्तले सोही दिन आरोपितविरुद्ध प्रहरीमा उजुरी दिए। बिकलाई जिल्ला अदालतले जेठ ११ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

कास्की जिल्लामा एउटा अञ्चल अस्पताल, ४५ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार जनाको रहेकामा तीन जना कार्यरत छन्। अहेवको ९६ दरबन्दी रहेकामा ७५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड ६४ लाख रुपियाँ र औषधी खर्चबापतको रकम ८५ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधी अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

३.६ मनाङ



जम्मा जनसङ्ख्या
६५३८

महिला
२८७७

परिवार सङ्ख्या
१४८०

खोलाको पानी पिउने परिवार
४

शौचालय नभएका परिवार
५०१

कामका लागि बाहिरिएका
२७५

सबभन्दा बढी जनसङ्ख्या
३४२६ (गुरुङ)

अपाङ्गता भएका
२०४

५ वर्षमाथिको साक्षरता प्रतिशत
७४.८

सरकारी विद्यालय
२७

सानो हिमाली जिल्ला मनाङ मुलुककै सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला पनि हो। त्यसैले यहाँको मानव अधिकार अवस्थामा खासै उतारचढाव आउने गर्दैन। धेरै समस्या गाउँका अगुवाले नै मिलाउने परिपाटी भएकाले सदरमुकामस्थित न्यायिक र अर्धन्यायिक निकायमा त्यस्ता घटना आइ नै पुग्दैनन्। यही कारण अघिल्ला वर्षझैं यो वर्ष पनि मनाङमा मानव अधिकार उल्लङ्घनका खासै घटना सार्वजनिक भएनन्।

कारागार र बन्दी

मनाङको कारागार श्रेणीविहीन हो। कारागारको आफ्नै जग्गा भए पनि भवन नभएकाले जिल्ला शिक्षा कार्यालयको भवन भाडामा लिएर प्रयोग गरिएको छ। १० कैद तोकिएका छन् भने कैद नतोकिएका बन्दी छैनन्। बन्दीमध्ये सबै पुरुष छन्। कारागारमा पत्रपत्रिका, पुस्तक र आधारभूत सीपसम्बन्धी तालिम अभाव रहेको बन्दीको गुनासो छ। दुर्गम हिमाली जिल्ला भएकाले महँगीले पनि उत्तिकै सताएको उनीहरूको भनाइ छ। कैदीले पाउने दैनिक ९० रुपियाँले बिहान बेलुकीको छाक टार्ने मुस्किल परेको गुनासो बन्दीको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। एक थान फौजदारी मुद्दा फैसला हुन बाँकी छ। मुद्दाको चाप कम हुने भएकाले न्यायाधीशलाई लमजुङ जिल्ला अदालतको समेत जिम्मेवारी दिइएको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १७ प्रावि, ८ निमावि र २ माविं छन्। २ सय शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा विद्यालय जाने उमेरका ३ सय ९८ बालक र ३ सय ८३ बालिका रहेकामा ७ सय ८१

बालबालिका भर्ना भए। बाल विकास केन्द्रमा ४९ बालक र ४१ बालिका भर्ना भए। जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालयले विद्यालयहरूमा गठित बालक्लबहरूलाई जिल्ला बाल सञ्जालमार्फत शैक्षिक सामग्री वितरण गरेको पाइयो।

यस जिल्लाका होटल व्यवसायीले खासगरी बालिकालाई बालश्रमिकका रूपमा काममा लगाएको देखिन्छ। तर व्यवसायीहरू भने बालिकालाई बालश्रमिकका रूपमा नभई उनीहरूको संरक्षण गर्ने र शिक्षा दिने उद्देश्यले राखिएको बताउँछन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्लामा महिलाविरुद्ध भेदभाव र दुर्व्यवहार गरिएकासम्बन्धी कुनै पनि घटना सार्वजनिक भएनन्। जिल्ला प्रहरी कार्यालयअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, जिल्ला महिला तथा बालबालिका कार्यालय जस्ता निकायमा पनि यस्ता उजुरी दर्ता भएनन्। केही सामान्य विवादका घटना आए पनि तिनलाई महिला तथा बालबालिका कार्यालय र जिल्ला प्रहरी कार्यालयले मिलापत्र गराएको पाइयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, १० स्वास्थ्य चौकी र तीन उपस्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक मात्र कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन्। अहेवको दरबन्दी १५ रहेकोमा १३ जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञ नहुँदा र दरबन्दीअनुसारको डाक्टर पनि नबस्दा सानोतिनो उपचारका लागि पनि पोखरा र काठमाडौं जानुपर्ने बाध्यता बिरामीको रहेको छ।

३.७ नवलपरासी



जम्मा जनसङ्ख्या
६४३५०८

महिला
३३५८५३

परिवार सङ्ख्या
१२८७५३

खोलाको पानी पिउने परिवार
२७४

शौचालय नभएका परिवार
४८५३४

कामका लागि बाहिरिएका
६५३३५

सबभन्दा बढी जनसङ्ख्या
११२५५५ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
१०८७३

५ वर्षमाथिको साक्षरता प्रतिशत
७०.८

सरकारी विद्यालय
६१५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	५	५	१	३	४
बालअधिकार			३९		३९
महिलाअधिकार			३९		३९
भेला/सङ्गठित हुने अधिकार	१७	१७			
गिरफ्तारी/यातना	१	१			
कुटपिट	५	५		७	७
धम्की				३	३
हत्या			६	१०	१६
जम्मा	३८	३८	६५	३३	८८

नवलपरासीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा गैरराज्य पक्षबाट ६८ महिलासहित ७५ जना पीडित भएकामा सन् २०१५ मा ६५ महिलासहित १ सय १६ पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनमा २८ पुरुष पीडित भए। गैरराज्य पक्षबाट भएका घटनामा ६५ महिलासहित ८८ पीडित भए। जसमा महिला तथा बालिका बढी पीडित भए। राज्य पक्षबाट अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठितको प्रयास भयो। राज्यपक्षबाट पाँच र गैरराज्य पक्षबाट सात गरी १२ जना कुटपिटबाट पीडित भए। पाँच जना प्रहरीको गोलीबाट घाइते भए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलासहित चार जनाको हत्या भएको थियो भने यो वर्ष ६ महिलासहित १६ जनाको हत्या भयो। नेपाली काङ्ग्रेसका नेता तथा पूर्वगृहराज्य मन्त्री देवेन्द्रराज कँडेललाई गोली हानी मार्ने प्रयास भयो। बालअधिकार उल्लङ्घनका २५ घटना भए जसमा २१ बालिका बलात्कार र आठ जना यौन दुर्व्यवहारका घटना भए। बालकलाई बलिका नाममा हत्या गरेको घटना सर्वत्र चर्चामा रह्यो।

गोली/बिस्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

मनरी गाविस-५ का २३ वर्षीय विकास हरिजन, सोही गाविस-८ अत्रहट्टीका २५ वर्षीय कमल चौधरी, देवगाउँ गाविस-५ का २३ वर्षीया रमा यादव, २१ वर्षीय अनिलप्रसाद धोवी, कुश्मा गाविसका २४ वर्षीय सुरेन्द्र पटेल, हकुइ गाविस-९ का २६ वर्षीय रामकुमार गुप्ता, तिलकपुर गाविस-८ का मुन्ना राय २०७२ साउन ३० गते तिलकपुर गाविस-८ मगरमुढामा प्रहरीसँग झडप हुँदा गोली लागि घाइते भए। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले तिलकपुर गाविस-८ निवासी क्षेत्र नं. ४ का सभासद् ४२ वर्षीय वैजनाथ चौधरीको घर तोडफोड गरेको

आरोपमा प्रहरीले लाठीचार्ज र अश्रुग्यास तथा रबरको गोली प्रहार गरेको थियो। झडपमा डीएसपी सोमबहादुर थापा, इन्स्पेक्टर सुभास गैरेसमेत घाइते भए।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले निषेधाज्ञा तोड्न खोजेपछि २०७२ भदौ ९ गते प्रहरीसँग भएको झडपमा सनइ गाविस-९ का ५० वर्षीय विहड धोवी (रामनरेश), रामग्राम नपा-६ का ४५ वर्षीय मुन्नी जयसवाल प्रहरीले प्रहार गरेको अश्रुग्यास तथा गोलीबाट घाइते भए। धोवी गोली र जयसवाल छर्रा लागी घाइते भएका थिए। दुवैको भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो।

गैरराज्यपक्षबाट

रमपुरवा गाविस-७ घर भई पूर्वगृहराज्य मन्त्री एवम् काङ्ग्रेसका जिल्ला सभापति देवेन्द्रराज कँडेललाई २०७२ असोज ७ गते भारत ठुठिबारी बस्ने ४२ वर्षीय उज्जवल गड्तौला र ४५ वर्षीय योगेन्द्र पटनवारले वडहरा दुधौलिया गाविस-३ मा गोली हानी हत्या प्रयास गरे। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। मुद्दा चलिरहेको छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

काङ्ग्रेस गाउँ एकाइ समिति ग्रेमीका सभापति ४८ वर्षीय ओमप्रकाश गुप्ता, हकुइ गाविस-३ का ३५ वर्षीय धर्मराज यादव, पाल्ही गाविस कर्मेनीका २४ वर्षीय सोनु पाठक र काङ्ग्रेस जिल्ला सभापति देवेन्द्रराज कँडेलको नेतृत्वमा रहेको समूहमाथि २०७२ भदौ १ गते मधेसी मोर्चाका कार्यकर्ताले आक्रमण गरी कुटपिट गरे। विरोध प्रदर्शनका क्रममा मधेसी मोर्चाका कार्यकर्ताले नेपालीको राष्ट्रिय झण्डा जलाएकाले नजलाउन आग्रह गर्दा आक्रमण गरेका थिए। टाउकोमा चोट लागेर घाइते ओमप्रकाशको भारतको गोरखपुरमा उपचार भयो भने अन्यको स्थानीय अस्पतालमा उपचार भयो। घटनामा संलग्नलाई कुनै कारबाही भएन।

मनरी गाविस-१ का ४३ वर्षीय चिरञ्जीवी अर्याल र ३५ वर्षीया सीता शर्माको घरमा २०७२ असोज ४ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आन्दोलनमा असहयोग गरेको भन्दै ढुङ्गामुढा प्रहार गरे। उनीहरूले पहाडियाविरुद्ध नारा लगाउँदै सीताको घरअगाडि टायर बालेर थप आतङ्कित तुल्याएका थिए। असोज ९ गते पनि यस्तै घटना दोहोरिएको गुनासो पीडितको छ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ७७ कैद तोकिएका र ८७ कैद नतोकिएका गरी १ सय ६४ जना बन्दी छन्। जसमा १९ महिला छन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापन कठिन भएको छ भने बिरामीको उपचारमा समस्या हुने गरेको छ। आश्रित बालक एक र बालिका चार जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३ सय ३० र फौजदारी ६ सय २५ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४१ प्रावि, १ सय ५५ निमावि, १ सय १९ मावि र ८८ उमावि छन्। ३ हजार १४ शिक्षकको दरबन्दीमध्ये सबै कार्यरत छन्। जिल्लाका विद्यालय जाने उमेरका ७६ हजार ५ सय ८३ बालक र ७६ हजार ३ सय ७ बालिकामध्ये यस वर्ष ७ हजार ८ सय ८० बालक र ७ हजार ५ सय ३६ बालिका भर्ना भए। यस जिल्लामा १० हजार ८ सय ८८ दलित बालक र ११ हजार ७ सय ३७ जना दलित बालिकालाई छात्रवृति दिइयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब ३३ करोड १४ लाख ९३ हजार ९ सय रुपियाँ छ। बालमैत्री ५३ ओटा भए पनि अपाङ्गमैत्री विद्यालय छैन।

यो वर्ष चार देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। १० वर्षीय बालकको बलि दिने नाममा हत्या भयो भने एक बालकको आमाबाटै हत्या प्रयास भयो। बलात्कार आरोपितमा १३ वर्षे बालकदेखि ६० वर्षे वृद्धसमेत रहे। बलात्कारबाट २१ र यौन दुर्व्यवहारबाट आठ गरी २९ बालिका पीडित भए। आरोपितमध्ये तीन जना फरार रहे। अघिल्लो वर्ष बाल अधिकारबाट २६ बालिका र दुई बालक पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३१	३१
यौन दुर्व्यवहार	८	८
जम्मा	३९	३९

हत्या

कुडिया गाविस-४ मर्चहवा निवासी सोनु भनिने १० वर्षीय जीवन कोहारलाई सोही ठाउँ निवासी ५० वर्षीय कोदइ हरिजन लामा, ७० वर्षीय गङ्गा चमार, ३५ वर्षीय सूर्यमान हरिजन, ४० वर्षीय रुदल हरिजनले २०७२ साउन ५ गते घाँटी रेटेर हत्या गरे। कोदइका छोरा १८ वर्षीय विजय हरिजन बिरामी भएपछि उनलाई निको बनाउने नाममा कोदइको घरमा बली चढाउने भन्दै बालकको घाँटी रेटिएको थियो। बालकको शव साउन ८ गते घरभन्दा केही टाढा झाडीमा फेला परेको थियो। आरोपित कोदइकी पत्नी ३४ वर्षीय विजय, अर्को छोरा १४ वर्षीय लक्ष्मी, रुदलकी पत्नी ४५ वर्षीय वुधु, छोरा १९ वर्षीय दिननाथ, ३५ वर्षीय सूर्यभान र निजकी पत्नी ३० वर्षीया सुनिता हरिजन र लामा (सोखाँ) गङ्गा चमारलाई प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले भदौ ६ गते लक्ष्मी हरिजनलाई नाबालक भएकाले कास्कीको सराङकोटस्थित बालसुधार गृहमा पठायो भने १० जनालाई थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई देवचुली नपा-१२ का २८ वर्षीय राजेश सुनारले २०७१ चैत ३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ६ गते प्रहरीमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार सुनारलाई अदालतले २०७२ जेठ ३१ गते ६ वर्ष कैद र ७५ हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

१५ वर्षीया बालिकालाई कुडिया गाविस-९ का २५ वर्षीय महेन्द्र पाल र सोही ठाउँका २५ वर्षीय सोरु पालले २०७२ वैशाख २२ गते राति कुडिया गाविस-४ मा बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले वैशाख २३ गते प्रहरीमा जाहेरी दिए। आरोपित फरार छन्। यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

आठ र नौ वर्षीया बालिकालाई २०७२ असोज १९ गते जङ्गलमा लगी ५० रुपियाँ दिएर बलात्कार गरेको भन्दै गोरखा जिल्ला वारपाक गाविस घर भई मध्यविन्दु नपा-७ बस्ने ६० वर्षीय कान्छा गुरुङविरुद्ध पीडितका आफन्तले असोज २० गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज २० गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले कात्तिक १२ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै १ सय ९५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको ४२, विवाह दर्ता तथा नागरिकता नबनाएको सात, बहुविवाह गरी हेला गरेको चार र सामान्य झगडाका १ सय ३१ घटना छन्। तीमध्ये १ सय १३ ओटा प्रहरीले मिलापत्र गरायो भने १८ उजुरीबारे कानुनी प्रक्रिया अघि बढेको छ। आठ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

यो वर्ष चार महिलाको परिवारबाट हत्या भयो भने ११ महिला बलात्कार, तीन बलात्कार प्रयास, तीन कथित बोक्सी आरोप, दुई बेचविखन तथा आठ जना घरेलु हिंसा र बहुविवाहबाट पीडित भए। बलात्कार आरोपितमा पाँच बालकसमेत रहे। ७२ वर्षीया महिलासमेत बलात्कृत भइन्। दुई महिला सामूहिक बलात्कार घटनाबाट पीडित भए। २०१४ मा ६ महिला बलात्कार तथा पाँच बलात्कार प्रयासबाट पीडित भएका थिए। त्यसैगरी एक जना कथित बोक्सी आरोप, सात जना बेचविखन तथा १६ जना घरेलु हिंसाबाट गरी ३५ महिला पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	११	११
बलात्कारको प्रयास	३	३
बहुविवाह	७	७
महिला बेचबिखन	३	३
घरेलु हिंसा	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	३९	३९

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२८ वर्षीया महिलालाई रजहर गाविस-५ का २८ वर्षीय अर्जुन भुजेल र सोही ठाउँका ३५ वर्षीय प्रकाश सापकोटाले २०७२ जेठ २ गते राति पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ३ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ३ गते जिल्ला अस्पतालमा भयो। आरोपित भुजेललाई सोही दिन र सापकोटालाई जेठ १२ गते गिरफ्तार गरेकामा अदालतले जेठ ३१ गते थुन्ने आदेश दियो।

२२ वर्षीया महिलालाई गैँडाकोट नपा-१७ का २९ वर्षीय विष्णु श्रेष्ठले २०७१ चैत ८ गते ११ वर्षीय

बालकको सहयोगमा बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ९ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालमा भयो। आरोपित श्रेष्ठ फरार छन्। सोही दिन गिरफ्तार बालकलाई अदालतले २०७२ वैशाख ६ गते अभिभावकको जिम्मा लगाउने आदेश दियो।

७२ वर्षीया अशक्त महिलालाई २०७२ असोज १० गते रामनगर गाविस-२ वडेराका ४५ वर्षीय रामु सारुसहित १७ वर्षीय र १६ वर्षीय बालकले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले असोज १३ गते प्रहरीमा जाहेरी दियो। आरोपितमध्ये रामु र १६ वर्षीय बालकलाई असोज १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको असोज १४ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले असोज २५ गते आरोपित रामुलाई पुर्पक्षको लागि थुनामा पठायो भने १६ वर्षीय बालक तारेखमा रिहा भए। आरोपित १७ वर्षीय बालक यस वर्षको अत्यसम्म फरार रहेको प्रहरीले जनायो।

परिवारजनबाट हत्या

नरम गाविस-९, मधुकोटकी ४५ वर्षीया नौसरी गाहा मगरलाई नाताले ससुरा पर्ने २५ वर्षीय झविलाल गाहा मगरले घरायसी विवादका क्रममा हँसियाले घाँटीमा प्रहार गरी २०७१ पुस २० गते राति हत्या गरेको भन्दै पीडित पक्षले पुस २१ गते प्रहरीमा उजुरी दियो। सोही दिन गिरफ्तार झविलाललाई अदालतले २०७२ जेठ २६ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

अर्खला गाविस-९ की २१ वर्षीया रीता बिकलाई पति २४ वर्षीय होमबहादुर बिकले सामान्य घरायसी विवादका क्रममा खुर्पाले घाँटीमा प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले २०७१ चैत २७ गते प्रहरीमा उजुरी दियो। सोही दिन गिरफ्तार होमबहादुरलाई अदालतले २०७२ असोज १९ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

बर्दघाट नपा-६, विद्युत् मार्गकी ४५ वर्षीया शशीकला नेपालीलाई पति ५२ वर्षीय लोकबहादुर नेपाली (सार्की)ले २०७२ वैशाख २८ गते राति लाठी

संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले तिलकपुर गाविस-६ बासाबसाइमा आगजनी गरिएको मालबाहक ट्रक

प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले वैशाख २९ गते प्रहरीमा उजुरी दियो। सोही दिन गिरफ्तार लोकबहादुरलाई अदालतले असोज १२ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

कथित बोक्सी आरोप

४५ वर्षीया महिलालाई कावासोती नपा-६ हसौराकी ५५ वर्षीया सुन्तली बिक, सोही ठाउँकी २७ वर्षीया मनिकला बिक र २५ वर्षीया विन्दु बिकले २०७१ चैत ५ गते कथित बोक्सी आरोपमा गाली बेइज्जती र अपमानजनक व्यवहार गरेको भन्दै पीडित पक्षले चैत १६ गते प्रहरीमा जाहेरी दिए। सोही दिन गिरफ्तार आरोपितमध्ये अदालतले २०७२ वैशाख ६ गते सुन्तलीलाई ५ हजार रुपियाँ र मनिकला र विन्दुलाई जनही २ हजार ५ सय रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ६९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। नौ डाक्टरको दरबन्दी रहेकामा तीन मात्र कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी दुई सय ४६ रहेकामा १ सय ७४ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १९ करोड ३९ लाख ९ हजार रुपियाँ र औषधी खर्चबापतको रकम ५७ लाख रुपियाँ छ।

३.८ रूपन्देही



जम्मा जनसङ्ख्या
८८०१५६

महिला
४४८००३

परिवार सङ्ख्या
१६३५१६

खोलाको पानी पिउने परिवार
४१

शौचालय नभएका परिवार
६७५५२

कामका लागि बाहिरिएका
६२५०४

सबभन्दा बढी जनसङ्ख्या
४१२४५ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
५८५०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५.८

सरकारी विद्यालय
६७८

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	२	३			
बालअधिकार				१९		१९
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार					३	३
महिलाअधिकार				१०		१०
जातीय विभेद					१	१
कुटपिट					४	४
हत्या	३	४	७	३	४	६
जम्मा	४	६	१०	३१	११	४३

रुपन्देहीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४५ महिलासहित ५१ जना पीडित भएकामा सन् २०१५ मा ३५ महिलासहित ५२ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनमा चार महिलासहित १० जना पीडित भए जसमध्ये मधेसमा जारी आन्दोलनका क्रममा तीन महिलासहित सात जनाको मृत्यु भयो। तीन जना प्रहरीको गोलीबाट घाइते भए। राज्य पक्षबाट अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठित भयो। गैरराज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा ३१ महिलासहित ४२ जना पीडित भए। गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। बालिका बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए भने महिला यौनिक हिंसाबाट पीडित भए। जातीय भेदभावको एक घटनामा मिलापत्र भयो भने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका दुई घटना भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो भने यो वर्ष दुई महिलासहित ६ जनाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका १५ घटनामा १४ बालिका बलात्कार र चार जना यौन दुर्व्यवहारबाट पीडित भए। एक बालकको आफन्तबाटै अपहरणपछि हत्या भयो। यो वर्ष गैरराज्यपक्षबाट चार जनालाई कुटपिट भयो जसमा एक जनाको हातका औंलासमेत काटियो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

कम्हरिया गाविस-३ निवासी तमलोपा कार्यकर्ता २३ वर्षीय दुर्गेश यादव २०७२ भदौ ३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सीमा नाका बेलहिया बन्द गराई प्रदर्शन गर्ने क्रममा प्रहरीसँग भएको झडपमा

प्रहरीले प्रहार गरेको लाठीबाट घाइते भए। थप उपचारका लागि त्रिविशिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौँ लगिएका पीडितको भदौ ८ गते उपचारका क्रममा मृत्यु भयो। पीडितको शव सोही अस्पतालमा पोष्टमार्टम गरी भदौ ९ गते रुपन्देहीको कम्हरिया घाटमा सदगत् भयो। पीडित परिवारलाई सरकारले राहतस्वरुप १० लाख रुपियाँ उपलब्ध गरायो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच गोनहा गाविस-६, बेथरीमा २०७२ भदौ २९ गते दिउँसो भएको झडपमा स्थानीय हाटबजार आसपासमा रहेका सर्वसाधारण हाटी बनगाइ-७, बनगाइका ३२ वर्षीय राजकुमार बरई, गोनाहा गाविस-६, बेथरीका ३६ वर्षीय विनोद लाकौल, सिलौटिया गाविस-८, मर्चवारकी १२ वर्षीया रञ्जनासिंह क्षत्री, पर्सा जिल्ला वीरगञ्ज उपमनपा-११ का चार वर्षीय चन्दन पटेलको प्रहरीको गोली लागी मृत्यु भयो। घटनामा सिलौटिया गाविस-८, मर्चवारकी ४० वर्षीया नन्दनी पाण्डे, हाटी बनगाइ गाविस-१ की ५५ वर्षीया सोहवती मुराउ, ३० वर्षीया सरस्वती मुराउ, मैनहिया गाविसका २१ वर्षीय दीपेन्द्र सहनी, सोही गाविस-६ का ६० वर्षीय पूर्णवासी धोबी प्रहरीको गोली प्रहारबाट घाइते भए। घाइतेमध्ये नन्दनी पाण्डेको असोज २ गते र सुहाउवती मुराउको असोज २८ गते उपचारका क्रममा भैरहवास्थित मेडिकल कलेजमा मृत्यु भयो। अन्य घाइतेको भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो। शवको बुटवल स्थित लुम्बिनी अञ्चल अस्पतालमा पोष्टमार्टम गरी आफन्तले दाहासंस्कार गरे।

बेथरीमा हाटबजार चलिरहेको अवस्थामा प्रहरीले केही सवारी साधन स्कर्टिङ गरेर लैजान खोज्दा मोर्चाका कार्यकर्ताले अवरोध गरेपछि झडप भएको थियो। झडपमा बजार गर्न आएका सर्वसाधारण तथा घरमा बसिरहेका सर्वसाधारणको समेत मृत्यु भएको र केही घाइते भएका असोज १ गते इन्सेकले गरेको अनुगमनका क्रममा पाइयो। उक्त घटनामा आन्दोलनकारीले सर्वसाधारणलाई ढाल बनाएको र प्रहरीले समेत अन्धाधुन्ध गोली प्रहार गरेको अनुगमन प्रतिवेदनमा उल्लेख छ। सरकारले घटनामा मारिएका सबै पीडित परिवारलाई १० लाख रुपियाँ राहत प्रदान गऱ्यो।

प्रदर्शनका क्रममा नदीमा खसेर मृत्यु

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले २०७२ भदौ ३ गते सीमा नाका बेलहिया बन्द गराई प्रदर्शन गर्ने क्रममा प्रहरीसँग झडप भएपछि भाग्ने क्रममा लुम्बिनी सांस्कृतिक नपा-३, पर्सा चौराहा निवासी मधेसी मोर्चाका कार्यकर्ता १९ वर्षीय सुनिल यादवको डन्डा नदीमा खसेर मृत्यु भयो। यसैगरी, सोही घटनामा बोदवार गाविस-३, बुचिका निवासी मधेसी मोर्चाका कार्यकर्ता ३५ वर्षीय रामेश्वर पासी डण्डा नदीमा बेपत्ता भएकामा भदौ ४ गते मृत अवस्थामा भेटिए। संयुक्त लोकतान्त्रिक मोर्चाका जिल्ला संयोजक महेन्द्र यादवले प्रहरीले पीडितहरूको टाउकोमा लाठी प्रहार गरी डण्डा नदीमा खसालेको बताए। कसैलाई पनि ताकेर लाठी प्रहार नगरिएको र उनीहरू भाग्ने क्रममा नदीमा खसेको प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए। शवको भीम अस्पताल, भैरहवामा पोष्टमार्टम गरी परिवारजनले स्थानीय घाटमा सदगत् गरे। दुवै पीडित परिवारलाई सरकारले राहतस्वरुप १० लाख रुपियाँ उपलब्ध गरायो।

गैरराज्यपक्षबाट

तिलोत्तमा नपा-११ भलबारीका सवारी सहचालक ३३ वर्षीय कृष्णबहादुर बिष्ट क्षेत्रीलाई २०७२ असोज २० गते मधेसी मोर्चाका कार्यकर्ताले नेपाल-भारत सीमा क्षेत्रको सुनौली बजारबाट फर्कने बेलामा

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरी बीच बेथरीमा झडप हुँदा प्रहरीको गोली लागी मृत्यु भएका बायाँबाट क्रमशः विनोद लाकौल, राजकुमार बरई, चन्दन पटेल तथा भैरहवामा भएको झडपमा प्रहरीको लाठी लागी मृत्यु भएका दुर्गेश यादव

दसगजा क्षेत्रमै धारिलो हतियार प्रहार गरी हत्या प्रयास गरे। उनको दाहिने हातका औंला काटिए भने टाउको, खुट्टा, हात र शरीरका विभिन्न भागमा आक्रमणबाट गम्भीर चोट लाग्यो। उनको भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सयको छ। तर २ सय ३४ कैद तोकिएका र २ सय ६९ कैद नतोकिएका गरी ४ सय ३ जना बन्दी छन्। बढी मानिस भएकाले सुत्न, शौचालय तथा बसोबासजस्ता व्यवस्थापनमा समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

रुपन्देही जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९ सय ६ र फौजदारी ६ सय दुई थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामा देवानीतर्फ तीन र फौजदारीतर्फ दुई थान छन्।

यसैगरी पुनरावेदन अदालतमा १० जना न्यायाधीशको दरबन्दी रहेकामा नौ कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५ सय ७१ र फौजदारी ५ सय ५७ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा प्रावि ३ सय ७२ मध्ये मदरसा १ सय ११ छन्। निमावि १ सय १७, मावि १ सय ८९ र उमावि ७७ ओटा छन्। २ हजार ८ सय ८० शिक्षक दरबन्दी रहेकोमा २ हजार ७ सय ६८ जना कार्यरत छन्। यस वर्ष १ लाख ३ हजार ४ सय ४१ बालक र ९६ हजार ३ सय ९९ बालिका भर्ना भए। जिल्लाका २ सय ३५ विद्यालय अपाङ्गमैत्री छन्। ५ करोड ५३ लाख ९७ हजार रकम छात्रवृत्तिका लागि छुट्याइएकामा दलित बालबालिकालाई १ करोड १८ लाख ५२ हजार रुपियाँ वितरण गरियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१४	१४
यौन दुर्व्यवहार	४	४
विद्यालयमा शारीरिक सजाय	१	१
जम्मा	१९	१९

यो वर्ष तीन देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। पाँच वर्षीय बालकको आफन्तबाटै अपहरणपछि हत्या भयो भने सात वर्षीया बालिकाको छिमेकीले हत्या गरे। बलात्कार आरोपितमा १२ वर्षे बालकदेखि ५६ वर्षेसमेत रहे भने एक बालिका आफ्नै बाबुबाट बलात्कृत भइन्। बलात्कारबाट १४ र यौन दुर्व्यवहारबाट चार जना बालिका पीडित भए। अघिल्लो वर्ष बाल अधिकारबाट २५ जना पीडित भएका थिए जसमा एक बालश्रमिक बालिका, १० बालिका बलात्कार र १४ जनामाथि यौन दुर्व्यवहार भएको थियो।

अपहरणपछि हत्या

मर्चवार क्षेत्रको बोगडी गाविस-४ का पाँच वर्षीय रोहन नाउको २०७१ माघ २९ गते अपहरण गरिएको भन्दै पीडितका आफन्तले माघ २९ गते प्रहरीमा खोजीका लागि निवेदन दिए। पाँच दिनपछि मर्चवार क्षेत्रकै सिलौटिया गाविस-६ लक्ष्मीपुर गाउँमा फागुन ४ गते उनको शव फेला पऱ्यो। प्रहरीले हत्या आशङ्कामा उनकै फुपूका छोरा बोगडी गाविस-४ का २२ वर्षीय बलदेव भनिने प्रदेशी नाउलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। बलदेवलाई अदालतले २०७२ मङ्सिर २८ गते १२ वर्ष कैद सजाय र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

सूर्यपुरा गाविस-५, सिसौघारीकी सात वर्षीया एन्जल दर्जीलाई मङ्सिर २ गते छिमेकी २१ वर्षीय हरिबहादुर खत्रीले घाँटी थिचेर हत्या गरेको भन्दै

संयुक्त मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच बेथरीमा भएको झडपमा प्रहरीको गोली लागी मृत्यु भएका क्रमशः सोहावती मुराव, नन्दनी पाण्डे र रञ्जना सिंह

पीडित परिवारले मङ्सिर ३ गते प्रहरीमा उजुरी दिए। आरोपितले बालिकाको हत्यापछि शवलाई घरदेखि केही परको सिसौ घारीमा लगेर खाल्डो खनी पुरेको भन्दै प्रहरीमा बयान दिएपछि बालिकाको शव फेला पऱ्यो। खत्रीलाई अदालतले मङ्सिर २३ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई भारतको उत्तरप्रदेशस्थित महाराजगञ्जको पोखरभिन्डिग्राम घर भई बुटवल उपमहानपा-९ डेरा गरी बस्ने २४ वर्षीय विघासागर कसौधनले २०७१ फागुन २ गते बलात्कार गरेको भन्दै पीडित परिवारले फागुन ३ गते प्रहरीमा उजुरी गरे। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते लुम्बिनी अस्पतालमा भयो। सोही दिन गिरफ्तार कसौधनलाई अदालतले २०७२ मङ्सिर २८ गते १० वर्ष कैद सजायको फैसला गऱ्यो।

१५ वर्षीया बालिकालाई बुटवल उमनपा-१५ का ५६ वर्षीय योगेन्द्र थापाले २०७२ वैशाख ११ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले वैशाख १२ गते प्रहरीमा उजुरी गरे। सोही दिन गिरफ्तार योगेन्द्रलाई अदालतले जेठ २१ गते २ वर्ष ६ महिना कैद फैसला गऱ्यो।

१३ वर्षीया बालिकालाई सिद्धार्थनगर नपा-४, भैरहवाका २५ वर्षीय राहुल तेली गुप्ताले २०७२ जेठ ५ गते दिउँसो फकाइ नजिकैको बौद्ध विहारमा लगेर बलात्कार गरेको भन्दै पीडित परिवारले जेठ ६ गते प्रहरीमा उजुरी गरे। आरोपित फरार रहे।

तीन वर्षीया बालिकालाई २०७२ असोज २७ गते गुल्मी रेसुङ्गा नपा-२ घर भई बुटवल उमनपा-४, मैनाबगर डेरा गरी बस्ने ५२ वर्षीय तुल्सीराम भण्डारीले घरमा बोलाएर फकाइ बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले सोही दिन प्रहरीमा उजुरी दिए। कात्तिक २१ गते गिरफ्तार आरोपितलाई अदालतले मङ्सिर २५ गते थुन्ने आदेश दियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आक्रमण गरी हात काटिदिएका कृष्णबहादुर बिष्ट

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ५६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ७६, खान/लाउन नदिएको २९, विवाह दर्ता तथा नागरिकता नबनाएको दुई, बहुविवाह गरी हेला गरेको ११ उजुरी छन् भने सामान्य झगडाका ३१ ओटा छन्। तीमध्ये १ सय ७ घटनामा प्रहरीले मिलापत्र गरायो भने २३ उजुरीबारे कानुनी प्रक्रिया अघि बढेको छ। २७ उजुरीकर्ता सम्पर्कमै आएनन्।

यो वर्ष पाँच महिला बलात्कृत भए भने पाँच महिला बलात्कार प्रयासबाट तथा यौन दुर्व्यवहारबाट पीडित भए। अदालतले एक घटनाका आरोपितलाई दुई वर्ष ६ महिना कैद फैसला गऱ्यो भने बलात्कार तथा बलात्कार प्रयासका पाँच घटनामा मागदावी नपुगेको भन्दै आरोपितलाई सफाइ दियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बलात्कारको प्रयास	४	४
यौनदुर्व्यवहार	१	१
जम्मा	१०	१०

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४५ वर्षीया महिलालाई २०७१ माघ ९ गते बुटवल उपमनपा-९ शिवनगरका २५ वर्षीय आशीष बिकले बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले माघ १० गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले फागुन ६ गते थुन्ने आदेश दियो।

१८ वर्षीया बालिकालाई २०७२ असोज १५ गते आफ्नै बाबु ५४ वर्षीयले बलात्कार गरेको भन्दै पीडितकी आमाले असोज १६ गते प्रहरीमा उजुरी दिइन्। असोज २७ गते गिरफ्तार आरोपितलाई अदालतले कात्तिक १७ गते थुन्ने आदेश दियो।

१९ वर्षीया महिलालाई २०७२ जेठ २० गते राति रोल्पाको मिझिङ गाविस-७ घर भई बुटवल उपमनपा-४ उजिरसिंहनगरमा डेरा गरी बस्ने २२

वर्षीय तेजबहादुर पुनले बलात्कार प्रयास गरेको भन्दै पीडितले जेठ २१ गते प्रहरीमा उजुरी गरे। सोही दिन गिरफ्तार पुनलाई अदालतले भदौ २७ गते २ वर्ष ६ महिना कैद सजायको फैसला गऱ्यो।

परिवारजनबाट हत्या

सूर्यपुरा गाविस -९ की २८ वर्षीया इन्द्रावति ठाकुरलाई २०७२ असार ९ गते पति ३६ वर्षीय शिवनाथ ठाकुरले भन्नेबित्तिकै खाना नदिएको भन्दै काठको चिरपट प्रहार गरी हत्या गरेको भन्दै पीडितका आफन्तले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। शवको पोस्टर्माटम असार ९ गते नै जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले साउन ४ गते अरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सबै प्रकारका जातीय विभेद

खडवा बनगाइ गाविस-८, पडेरहवा टोलका ५५ वर्षीय वंशलाल हरिजन परिवारमाथि २०७१ फागुन २८ गते छिमेकीहरूले विवाहको सन्दर्भलाई लिएर दलित तथा कथित तल्लो जातको भएको भन्दै दुर्व्यवहार र कुटपिट गरे। वंशलालकी नातिनी प्रमिलाको विवाहमा बाजा बजाउँदा 'दलित भएर घरमा बाजा बजाएको भन्दै' केही जन्तीसहित दुलहीका परिवारलाई कुटपिट गरेको पीडितले बताए। हरिजन परिवारले चैत ९ गते प्रहरीमा उजुरी दिए। आरोपित स्थानीय ३० वर्षीय राजेश लोध, २८ वर्षीय मल्लु लोध, ३१ वर्षीय दूधराज लोध र ३२ वर्षीय नागेन्द्र लोधलाई नियन्त्रण लिएको प्रहरीले आइन्दा यस्ता काम नगर्ने भन्दै मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

सीमाङ्कनको विरोधमा साउन २७ गतेदेखि आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले बन्दको अवज्ञा तथा आन्दोलनमा सहयोग नगरेको भन्दै जिल्लाका विभिन्न स्थानमा सार्वजनिक, निजी सम्पत्तिमा तोडफोड र आगजनी गरे। कार्यकर्ताले २४ ओटा घर, दुईटा ओटा अस्पताल तथा क्लिनिक, २५ ओटा मोटरसाइकल, २ ओटा ट्र्याक्टर र ६ ओटा बस तथा ट्रकमा तोडफोड र आगजनी गरे। ना३ख ६००० नं को ट्रक, युपी ५६ टि १६०१ नं. को मिनी ट्रक आगजनीबाट क्षति भयो।

मोर्चाका कार्यकर्ताको अवरोधबाट मर्चवार क्षेत्रका १६ गाविस, लुम्बिनी क्षेत्रका एक नपासहित करिब सात ओटा गाविस, धकधई-परासी हुलाकी सडक क्षेत्रका ६ ओटा गाविस कार्यालयहरूमा स्थानीय निकायका कामहरू प्रभावित भए। मैनहिया, पोखरभिण्डी गाविस कार्यालयमा तोडफोड गरी कागजात जलाए।

मधेसी मोर्चाका कार्यकर्ताले २०७२ भदौ २४ गते मैनहिया गाविस गुरवनियास्थित अर्घाखाँची सिमेन्ट उद्योगमा तोडफोड गरी सुरक्षा गार्डको कोठामा पेट्रोल बम प्रहार गरेर आगजनी प्रयास गरे। रिलायन्स सिमेन्ट उद्योग, जगदम्बा धागो उद्योगमा पनि तोडफोड र आगजनी प्रयास भयो। उद्योगका व्यवस्थापक चढ्ने बा १२ च ४८७० नं. कार, बा ८ च ४२४६ नं. को पिकअप भ्यान, बा ५ च ३६५८ नं. कार र उद्योग परिसरमै रोकिराखेका दुई ओटा भारतीय नम्बर प्लेटका गाडीमा तोडफोड गरियो। त्यसैगरी लु ४ प ३४५०, लु ११ प ३९७, बा २५ प २००४, लु ५ प २७९७, लु १६ प १४२३, लु १७ प १३४७, लु १७ प २८२८ न. मोटरसाइकल पनि मोर्चाका कार्यकर्ताले तोडफोड गरे। भदौ २५ गते सोही ठाउँमा रहेको गोयन्का सिमेन्ट उद्योगमा रहेको जेसीबीमा तोडफोड भयो। सोही उद्योगको गेटमा पेट्रोल बम फालेर मधेसी मोर्चाका कार्यकर्ताले आगजनीको प्रयास गरे।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक अञ्चलस्तरीय आयुर्वेद, एक अञ्चलस्तरीय र एक जिल्लास्तरीय गरी तीन सरकारी अस्पताल छन्। ६४ स्वास्थ्य चौकी छन्। जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दुई दरबन्दी भए पनि एक मात्र कार्यरत छन्। अहेवको दरबन्दी १ सय ६९ रहेकामा १ सय ६१ जना कार्यरत छन्। अनमीको दरबन्दी १ सय ५ रहेकामा १ सय कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ७२ लाख रुपियाँ र औषधीवापतको बजेट ६० लाख रुपियाँ छ।

३.५ पाल्पा



जम्मा जनसङ्ख्या
२६११८०

महिला
१४५३४०

परिवार सङ्ख्या
५५२५१

खोलाको पानी पिउने परिवार
१५३०

शौचालय नभएका परिवार
१४०५०

कामका लागि बाहिरिएका
३८५०४

सबभन्दा बढी जनसङ्ख्या
१३६५८८ (मगर)

अपाङ्गता भएका
६५३७

५ वर्षमाथिको साक्षरता प्रतिशत
७६.२

सरकारी विद्यालय
३८४

पाल्पा जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ४६ महिला पीडित थिए भने सन् २०१५ मा २२ महिला पीडित भए। यस वर्ष गैरराज्य पक्षबाट भएका सबै घटनामा महिला र बालिका पीडित भए। बलात्कारबाट सात बालिका पीडित भए भने ६ महिला यौनिक हिंसा र नौ महिला घरेलु हिंसाबाट पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो भने २८ महिला पीडित भएका थिए। यीमध्ये तीन बलात्कार, एक बलात्कार प्रयास र २४ जना घरेलु हिंसाबाट पीडित थिए।

कारागार र बन्दी

'ग' श्रेणीको पाल्पा कारागारको क्षमता ३ सय जनाको छ। तर २ सय ९७ कैद तोएिका र २५ जना कैद नतोएिका गरी ३ सय २२ जना बन्दी छन्। जसमा महिला ७९ छन्। ६ आश्रित बालबालिका छन्। वैशाख १२ गतेको भूकम्पबाट भवनहरूमा क्षति पुगेकाले बन्दी असुरक्षित छन्। इन्सेकलगायत जिल्लास्थित मानव अधिकारकर्मीको टोलीले कारागार भवन र बन्दीको अवस्थाबारे अनुगमन गरी बन्दीको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गरायो।

सुगम तथा न्यायिक अधिकार

पाल्पा जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३८ र फौजदारी ८० थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ४७ प्रावि, ८४ निमावि र ५३ मावि छन्। २ हजार ७ सय ९८ शिक्षक दरबन्दी रहेकामा १८ खाली छन्। यस वर्ष ४३ हजार ४ सय ८३ बालक र ४३ हजार १ सय १९ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले ३ हजार ८ सय ७७ दलित बालक र ४ हजार १ सय २१ दलित बालिकालाई छात्रवृत्ति वितरण गऱ्यो। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	६	६
महिलाअधिकार	१५	१५
जम्मा	३३	३३

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	७	७
जम्मा	७	७

यो वर्ष चारदेखि १५ वर्ष उमेर समूहका सात बालिका बलात्कृत भए। बलात्कार आरोपितमा १५ वर्षीय बालकसमेत थिए। साथै एक शिक्षकले दुई बालिकामाथि यौन दुर्व्यवहार गरे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७१ फागुन १२ गते दोभान गाविस-७ का २७ वर्षीय तारावहादुर थापा क्षत्रीले ललाइफकाइ घरमा बोलाएर बलात्कार गरेको भन्दै पीडित परिवारले चैत ४ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते जिल्ला अस्पतालमा भयो। उजुरीको भोलिपल्ट गिरफ्तार तारावहादुरलाई अदालतले २०७२ असार १७ गते ६ वर्ष कैद र ५० हजार रुपियाँ तिराउने फैसला गऱ्यो।

चार वर्षीया बालिकालाई २०७२ वैशाख २० गते बलात्कार गरेको भन्दै झापा जिल्लाको धाइजन गाविस-६ घर भई तानसेन नपा-१० भुसलडाँडामा मजदुरी गर्ने ३४ वर्षीय सूर्यबहादुर जलान्धरविरुद्ध पीडितका आफन्तले वैशाख २० गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते जिल्ला अस्पतालमा भयो। वैशाख २५ गते गिरफ्तार सूर्यबहादुरलाई अदालतले असार २२ गते १२ वर्ष कैद र ५० हजार रुपियाँ तिराउने फैसला गऱ्यो।

सात वर्षीया बालिकालाई २०७२ साउन २५ गते बलात्कार गरेको भन्दै ताहुँ गाविस-३ का २३ वर्षीय खेमबहादुर सुनारविरुद्ध पीडितका आफन्तले साउन २५ गते प्रहरीमा जाहेरी दिए। भोलिपल्ट गिरफ्तार सुनारलाई अदालतले भदौ ३१ गते ५ वर्ष कैद सजायको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ९१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ३८, खान/लाउन नदिएको ११, बहुविवाह गरी हेला गरेको नौ र सामान्य झगडाका ३३ घटना छन्। तीमध्ये ८२ वटामा प्रहरीले मिलापत्र गरायो भने नौ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

सन् २०१५ मा ६ महिला बलात्कृत भए भने नौ जना घरेलु हिंसाबाट पीडित भए। यो वर्ष बलात्कृत हुनेमा ५८ वर्षकी महिला तथा ३२ वर्षकी सुस्तमनस्थितिकी महिलासमेत छन्। एक महिलामाथि सामूहिक बलात्कार भयो। अघिल्लो वर्ष २८ महिला पीडित भए जसमा तीन बलात्कार, एक बलात्कार प्रयास र २४ जना घरेलु हिंसाबाट पीडित थिए। यो वर्ष बलात्कार घटनाका दुई आरोपित फरार रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	६	६
बहुविवाह	९	९
जम्मा	१५	१५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया महिलालाई २०७१ फागुन ३० गते तानसेन नपा-७ कैलाशनगरका १९ वर्षीय निश्चल पौडेलले ललाइफकाइ बलात्कार गरेको भन्दै पीडित परिवारले चैत २ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार पौडेललाई अदालतले २०७२ असार २१ गते ५ वर्ष कैद सजाय र १ लाख रुपियाँ जरिवानाको फैसला गऱ्यो।

२२ वर्षीया महिलालाई २०७२ साउन ८ गते रामपुर नपा-१२ का १८ वर्षीय केशव भुषालले बलात्कार गरेको भन्दै पीडित पक्षले साउन १५ गते प्रहरीमा जाहेरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

३२ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ असोज १९ गते बलात्कार गरेको भन्दै भुवनपोखरी गाविस-८ का २१ वर्षीय खुमबहादुर खाम्चाविरुद्ध पीडितका आफन्तले असोज २० गते प्रहरीमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज २० गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार खाम्चालाई अदालतले २०७२ कात्तिक १६ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ६२ स्वास्थ्य चौकी छन्। आठ डाक्टरको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी १ सय ३५ रहेकामा १४ खाली छ। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ८१ लाख १८ हजार ९ सय ५८ रुपियाँ रहेकामा औषधी खर्चबापतको रकम ४० लाख ३९ हजार रुपियाँ छ।

३.१० कपिलवस्तु



जम्मा जनसङ्ख्या
५७१५३६

महिला
३८६३३७

परिवार सङ्ख्या
५१३२१

खोलाको पानी पिउने परिवार
१४५

शौचालय नभएका परिवार
६२४६७

कामका लागि बाहिरिएका
२५७५२

सबभन्दा बढी जनसङ्ख्या
१०३८५६ (मुस्लिम)

अपाङ्गता भएका
७३३३

५ वर्षमाथिको साक्षरता प्रतिशत
५४.५

सरकारी विद्यालय
३५३

कपिलवस्तुको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही कमजोर रह्यो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६० महिलासहित ६५ जना पीडित भएकामा सन् २०१५ मा २६ महिलासहित ३८ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनमा सात पुरुष पीडित भए जसमध्ये मधेसमा जारी आन्दोलनका क्रममा भएका घटनामा सात जना प्रहरीको गोलीबाट घाइते भए। राज्य पक्षबाट अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठित गर्ने प्रयास भयो। गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा २६ महिलासहित ३१ जना पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो भने यो वर्ष पनि दुई महिलाको परिवारजनबाटै हत्या भयो। बाल अधिकार उल्लङ्घनका १४ घटना भए जसमा १० बालिका बलात्कार घटनाबाट पीडित भए भने तीन जनालाई यौन दुर्व्यवहारबाट पीडित भए। महिला अधिकारका १० घटनामा आठ बेचविखन प्रयास, एक यौनिक हिंसा र एक घरेलु हिंसाबाट पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	७	७			
बालअधिकार			१४		१४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				३	३
महिलाअधिकार			१०		१०
कुटपिट				१	१
धम्की				१	१
हत्या			२	१	३
जम्मा	७	७	२६	५	३१

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

कपिलवस्तु नपा-१० का २४ वर्षीय धीरज पाण्डे, निग्लिहवा गाविस-८ का ४५ वर्षीय डा. महमद रसिद खाँ, प्रसोहिया गाविस-७ का ३२ वर्षीय रामसेवक पासी, दोहनी गाविस-४ का १७ वर्षीय रोशन रैदाश, कपिलवस्तु नपा-१ का २४ वर्षीय महमद हुसेन धुनिया २०७२ भदौ १ गते मधेस आन्दोलनका क्रममा भएको झडपमा प्रहरीको गोलीबाट घाइते भए। पाण्डेलाई खुट्टामा गोली लागेकाले उपचारका लागि भैरहवा मेडिकल कलेजमा लगियो भने अन्य २ सामान्य घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। प्रदर्शनकारीले एमाले पार्टी कार्यालयमा तोडफोड गर्न खोज्दा त्यसलाई रोक्न खोज्ने प्रहरीसँग झडप भएको

थियो। प्रहरीले भीड नियन्त्रण गर्न लाठीचार्ज, अश्रुग्यास र गोली प्रहार गरेको थियो।

कपिलवस्तु नपा-१२ का ३४ वर्षीय पुनरवासी कहार र सोही नपा-५ बर्दहवाका ३६ वर्षीय राजेन्द्र महरा २०७२ भदौ २ गते सीमाङ्कनविरुद्ध तौलिहवामा भएको प्रदर्शनका क्रममा प्रहरीको गोलीबाट घाइते भए। बायाँ हातमा गोली लागेका उनको भैरहवा मेडिकल कलेजमा उपचार भयो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ८५ जनाको छ। तर १ सय २० कैदी र ७० बन्दी गरी १ सय ९० जना छन्। एक महिला पनि छिन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। १९९५ सालमा निर्माण भएको यो कारागार जीर्ण अवस्थामा छ भने वर्षाको समयमा पानी चुहिन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

कपिलवस्तु जिल्ला अदातलतमा चार जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५ सय ८७ र फौजदारी ३ सय ४६ थान छन्। छिनिन बाँकी दुई वर्षभन्दा पुरानो फौजदारी मुद्दा एक थान छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८० प्रावि, ७९ निमावि, ३४ मावि र ३४ उमावि छन्। १ हजार ९ सय ८८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा ६७ हजार ८२ बालक र ६२ हजार ९ सय ८८ जना बालिका विद्यालय जाने उमेरका रहेकामा यस वर्ष ७ हजार ७ सय ७६ जना बालक र ८ हजार ३ सय ६६ बालिका भर्ना भए। जिल्लाका दलित बालबालिकाका लागि ७६ लाख २७ हजार ३ सय रुपियाँ छात्रवृत्ति वितरण गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १० करोड ११ लाख ४६ हजार ५ सय ५५ रुपियाँमध्ये प्रशासनिक खर्च ८७ लाख २६ हजार १ सय ३२ रुपियाँ छ। जिल्लामा ४ सय २७ विद्यालय अपाङ्गमैत्री छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	१	१
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	३	३
जम्मा	१४	१४

यो वर्ष पाँच देखि १६ वर्ष उमेर समूहका १० बालिका बलात्कृत भए भने तीन जना यौन दुर्व्यवहारबाट पीडित भए र एक बालिकाको ओसारपसार भयो। बलात्कार आरोपितमा १६ वर्षीय बालकसमेत थिए। एक बालिका सामूहिक बलात्कार घटनाबाट पीडित भइन्। एक बालिकालाई आफ्नै बाबुले बलात्कार गरेको उजुरी दर्ता भयो। अघिल्लो वर्ष बाल अधिकारका १४ घटना भएका थिए जसमा बलात्कारका १०, यौन दुर्व्यवहारका दुई र बालिका ओसारपसारका दुई थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ४० वर्षीय आफ्नै बाबुले आमा वैदेशिक रोजगारीमा गएको अवस्थामा केही वर्षदेखि बलात्कार गरेको र पछिल्लो पटक २०७१ चैत ८ गते बलात्कार गरेको भन्दै बालिकाका आफन्तले चैत ९ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते जिल्ला अस्पतालमा भयो। पीडित फुपूको संरक्षणमा छिन् भने बाबु फरार रहे।

१४ वर्षीया बालिकालाई २०७२ साउन १३ गते अपहरण गरी बन्धक बनाई बलात्कार गरेको भन्दै रुपन्देहीको आमा गाविस-५ का २८ वर्षीय अभिनाश शुक्ला र कपिलवस्तु नपा-१८ रुधौलाका २५ वर्षीय वसिम मुसलमानविरुद्ध पीडितका आफन्तले साउन १४ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण साउन १४ गते जिल्ला अस्पतालमा भयो। साउन १६ गते गिरफ्तार दुवै आरोपितलाई अदालतले भदौ २१ गते थुन्ने आदेश दियो।

१२ वर्षीया बालिकालाई २०७२ साउन २४ गते दिउँसो बुद्धबाटिका नपा-१३ का २२ वर्षीय रुद्रबहादुर बिक र २८ वर्षीय सुदीप बिकले जङ्गलमा बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण साउन २४ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार दुवैलाई अदालतले भदौ २० गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै २ सय ७९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये घरेलु हिंसाका २ सय ७९ उजुरीमध्ये प्रहरीले १ सय ३९ मा मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
महिला बेचबिखन	८	८
घरेलु हिंसा	१	१
जम्मा	१०	१०

घरेलु हिंसाका १५ उजुरी कानुनी प्रक्रियामा छन्। १ सय २५ घटनाबारे छलफल जारी छ।

यो वर्ष दुई महिलाको परिवारबाटै हत्या भयो। एक महिलालाई बलात्कार प्रयास भयो। एक घरेलु हिंसा र आठ महिला बेचबिखनबाट पीडित भए। यो वर्ष बलात्कार घटनाका दुई आरोपित फरार रहे।

मानव बेचविखन तथा ओसारपसार

राम्रो जागिर लगाइदिने प्रलोभनमा पारी भारत हुँदै कुवेत लैजान लागिएका पाँच जनालाई २०७२ साउन १७ गते केआइ नेपालका कर्मचारीले नेपाल-भारत सीमा क्षेत्र कृष्णनगरबाट उद्धार गरे। सिन्धुपाल्चोक, गुल्मी र दाङ घर भएका १८ वर्षदेखि २५ वर्ष उमेर समूहका ती महिलालाई काठमाडौं घर भएका ३५ वर्षीय गणेश क्षत्रीले बिनापासपोर्ट लगेका थिए। क्षत्रीलाई समेत तत्काल नियन्त्रणमा लिएर प्रहरीमा बुझाइएकामा अदालतले भदौ ५ गते थुन्ने आदेश दियो।

रोल्पा जिल्लाका १५ देखि १९ वर्ष उमेर समूहका तीन जना बालिका तथा महिलालाई २०७२ कात्तिक ११ गते रोल्पाकै लिवाङ नपा-७ की २८ वर्षीया ललिता बिक, २५ वर्षीय प्रदीप बिक र गाडी चालक २८ वर्षीय मोहन पाण्डेले जागिर लगाइदिने प्रलोभनमा पारी बेचविखनका लागि भारत लैजाँदै गर्दा नेपाल प्रहरीको टोली कृष्णनगर र भारतीय एसएसबी एवम् केआइ नेपालको सहयोगमा लिङ्कगेटबाट उद्धार गरियो। सँगै गिरफ्तार आरोपितहरूलाई अदालतले मङ्सिर ४ गते थुन्ने आदेश दियो। बालिका तथा महिलालाई कात्तिक १२ गते आफन्तको जिम्मा लगाइयो।

परिवारजनबाट हत्या

पिपरा गाविस-२ की २१ वर्षीया मेराजु निशाको २०७२ असार २१ गते पति २२ वर्षीय मेहताव आलमले हत्या गरेको माइती पक्षले आरोप लगाए। सँगै सुतेकी पत्नीले यौन सम्पर्क गर्न नदिएको भन्दै घाँटी थिचेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। घटनाको भोलिपल्ट गिरफ्तार मेहतावलाई अदालतले २०७२ साउन १६ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

शिवराज नपा-३ नयाँ बस्तीकी ४१ वर्षीया कमला खत्रीलाई २०७२ असोज ९ गते पति ४५ वर्षीय खोमबहादुर खत्रीले कुटपिट गरी दायाँ हात भाँचिदिएको भन्दै पीडितले असोज १० गते प्रहरीमा उजुरी दिइन्। उनले बहुविवाहविरुद्ध समेत उजुरी दिएकी थिइन्। मुद्दा चलिरहेका समयमा कुटपिट गर्दै आएको पीडितले बताइन्। मुद्दाको फैसला भएको छैन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कपिलवस्तुको शिवराज नपा-९ रुद्रपुरमा २०७२ भदौ ४ गते साँझ कृष्णनगरबाट चन्द्रौटातर्फ जाँदै गरेको बा ९ ज ७९४१ नम्बरको बलेरो जिप र कोष तथा लेखा नियन्त्रण कार्यालयको बा१झ ४८४० नम्बरको कारमा आगजनी गरे।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले ०७२ भदौ २९ गते राति प्रहरी चौकी लवनीमा आक्रमण गरी आगजनी गरे। २ सयको हाराहारीमा रहेका आन्दोलनकारीले प्रहरी चौकीमा चारैतिरबाट आक्रमण गरेको र थ्री नट थ्री राइफलबाट हवाई फायर गर्दै प्रहरीमाथि आक्रमण गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन अस्पताल, दुई स्वास्थ्य चौकी र ४८ उपस्वास्थ्य चौकी छन्। सात डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी १ सय ४९ रहेकोमा १ सय १७ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड ६४ लाख ८८ हजार रुपियाँ रहेकामा औषधी खर्चबापतको रकम ५३ लाख ४४ हजार रुपियाँ छ।

३.११ अर्घाखाँची



जम्मा जनसङ्ख्या
१४७६३२

महिला
१११३६६

परिवार सङ्ख्या
४६८३५

खोलाको पानी पिउने परिवार
५०६

शौचालय नभएका परिवार
१३२८७

कामका लागि बाहिरिएका
३५५२५

सबभन्दा बढी जनसङ्ख्या
६४७५७ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
५१६५

५ वर्षमाथिको साक्षरता प्रतिशत
७२.६

सरकारी विद्यालय
३५३

अर्घाखाँची जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा थोरै सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ६५ महिलासहित ६७ जना पीडित भएका थिए भने सन् २०१५ मा ६३ महिलासहित ६४ जना पीडित भए। यस वर्ष गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालबालिका पीडित भए। बलात्कारबाट दुई, यौन दुर्व्यवहारबाट दुई, बाल विवाहबाट एक, बाल बेचविखनबाट दुई बालिका र विद्यालयको शारीरिक दण्ड सजायबाट एक बालक गरी आठ जना पीडित भए। यौनिक हिंसाबाट दुई, बहुविवाहका तीन र घरेलु हिंसाबाट ५० गरी ५५ महिला पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो भने यस वर्ष एक महिलाको हत्या भयो। अघिल्लो वर्ष जातीय विभेदबाट दुई जना पीडित भएकामा यस वर्ष भएनन्। अघिल्लो वर्ष ५८ महिला र पाँच बालबालिका पीडित भएका थिए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। २३ कैद तोकिएका र दुई कैद नतोकिएका गरी २५ जना बन्दी छन्। जसमा एक महिला छिन्। पुस्तकालय नभएको गुनासो बन्दीको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३२ र फौजदारी २६ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६४ प्रावि, ५१ निमावि, ३८ मावि र ३२ उमावि छन्। १ हजार ९ सय ८२ शिक्षकको दरबन्दी रहेकामा १ हजार ८ सय ९७ शिक्षक कार्यरत छन्। यो वर्ष २१ हजार ३ सय ६४ बालक र २५ हजार ८ सय ३७ बालिका भर्ना भए। १२ हजार ९ सय ८५ दलित बालक र १५ हजार ८ सय ७४ दलित बालिकाले छात्रवृत्ति पाए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	७	१	८
महिलाअधिकार	५५		५५
हत्या	१		१
जम्मा	६३	१	६४

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	३		३
बालविवाह	१		१
बलात्कार	३		३
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	३		३
जम्मा	८	१	८

यो वर्ष बाल अधिकारका आठ घटनामा बलात्कारबाट दुई, यौन दुर्व्यबहारबाट दुई, बाल विवाहबाट एक, बाल बेचविखनबाट दुई बालिका र शारीरिक दण्ड सजायबाट एक बालक पीडित भए। बलात्कारका अरारोपितमा ७६ वर्षीय वृद्धसमेत रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई घरमा एक्लै भएका बेला ५० रुपियाँ दिएर बलात्कार प्रयास गरेको आरोपमा सन्धिखर्क नपा-२ का ७६ वर्षीय कुलबहादुर आलेविरुद्ध पीडित पक्षले २०७१ चैत १ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षणचैत १ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार आलेलाई अदालतले २०७२ जेठ २७ गते ४ वर्ष कैद फैसला गऱ्यो।

मानव बेचविखन तथा ओसारपसार

१४ वर्षीया बालिकालाई ठाँडा गाविस-५ का २१ वर्षीय सुनिल नेपाली र १९ वर्षीया अस्मिता नेपालीले राम्रो जागिर लगाइदिने प्रलोभनमा यौन दुर्व्यवहार गर्ने र बेचविखन गर्ने उद्देश्यले भारत लगेको भनी पीडित पक्षले २०७२ वैशाख ९ गते प्रहरीमा उजुरी दिए। नातामा दिदी भिनाजु पर्ने उनीहरूले बहिनी बताइ भारत पुऱ्याएका थिए। बालिकालाई शान्ति तथा पुनर्स्थापना केन्द्रको सहयोगमा वैशाख १५ गते नेपाल ल्याइयो भने आरोपितहरू भारतमै भएकाले मुद्दा अघि बढेको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ३९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको नौ र सामान्य झगडाका १९ उजुरी छन्। तीमध्ये प्रहरीले ३६ उजुरीमा मिलापत्र गरायो भने तीन उजुरीबारे कानुनी प्रक्रिया अघि बढेको छ। एक उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

यो वर्ष महिला अधिकारका ५५ घटनामा बलात्कारबाट दुई र घरेलु हिंसाबाट ५० महिला पीडित भए। बलात्कार घटनाका एक जना आरोपितलाई अदालतले १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवाना फैसला गऱ्यो। अघिल्लो वर्ष ५८ महिला यौनिक र घरेलु हिंसाबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	३	३
घरेलु हिंसा	५०	५०
जम्मा	५५	५५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया महिलालाई २०७२ जेठ ३२ गते बलात्कार गरेको भन्दै असुरकोट गाविस-७ का २७ वर्षीय विष्णु कुमालविरुद्ध पीडितका आफन्तले असार १ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार विष्णुलाई अदालतले असार ३० गते १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २० स्वास्थ्य चौकी र १९ उपस्वास्थ्य चौकी छन्। जिल्लामा ६ डाक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको १ सय ११ दरबन्दी रहेकामा ९९ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ६० लाख रुपियाँ रहेकामा औषधी बापतको रकम ४७ लाख ४९ हजार रुपियाँ छ।

३.१२ गुल्मी



जम्मा जनसङ्ख्या
२८०१६०

महिला
१५५१६५

परिवार सङ्ख्या
६४५२१

खोलाको पानी पिउने परिवार
६६२

शौचालय नभएका परिवार
११५१३

कामका लागि बाहिरिएका
५८५६१

सबभन्दा बढी जनसङ्ख्या
७०५१७ (ब्राह्मण पहाड)

अपाङ्गता भएका
७६७१

५ वर्षमाथिको साक्षरता प्रतिशत
७२.६

सरकारी विद्यालय
५२५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			६	१	७
महिलाअधिकार			१३		१३
गिरफ्तारी/यातना	१	१			
हत्या			२	१	३
जम्मा	१	१	२१	२	२३

गुल्मी जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ६१ महिलासहित ६३ जना पीडित भएकामा सन् २०१५ मा २१ महिलासहित २४ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट एक जनालाई यातना दिइयो भने गैरराज्यपक्षबाट भएका घटनामा महिला र बालबालिका पीडित भए। बाल अधिकारका सात घटनामा एक नवजात शिशुको हत्या, बलात्कारबाट पाँच र यौन दुर्व्यवहारबाट एक बालिका पीडित भए। यौनिक हिंसाबाट तीन र बहुविवाहबाट १० जना महिला पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएको थियो भने यस वर्ष दुई महिलाको परिवारजनबाट हत्या भयो। अघिल्लो वर्ष जातीय विभेदबाट एक जना पीडित भएका थिए। अघिल्लो वर्ष ४७ महिला र ११ बालबालिका गरी ५८ जना पीडित भएका थिए। यस वर्ष बहुविवाहका १० उजुरीमा कानुनी प्रक्रिया चलिरहेको छ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारगारको क्षमता २५ जनाको छ। तर ५२ कैद तोकिएका र १९ कैद नतोकिएका गरी ७१ जना बन्दी छन्। १० महिनाका आश्रित बालक पनि छन्। क्षमताभन्दा बढी मानिस हुँदा व्यवस्थापनमा समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६८ र फौजदारी ६६ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९९ प्रावि, ७६ निमावि र १ सय ३९ उमावि छन्। १ हजार ९ सय ८२ शिक्षक दरबन्दी रहेकामा १३ पद रिक्त छ। जिल्लामा विद्यालय जाने उमेरका ३७ हजार ५ सय २ बालक र ३९ हजार ५१ बालिका छन्। १८ हजार ७ सय ७७ दलित

बालबालिकालाई जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति प्रदान गरिरहेको छ। अपाङ्गमैत्री विद्यालय जिल्लामै छैन।

यो वर्ष चार देखि ११ वर्षका बालिकालाई बलात्कार तथा यौन दुर्व्यवहार गरियो। बाल अधिकारका सात घटनामा एक नवजात शिशुको हत्या, बलात्कारबाट पाँच र यौन दुर्व्यबहारबाट एक बालिका पीडित भए। अघिल्लो वर्ष सात बालिका बलात्कार तथा दुई जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	५		५
नवजात शिशुको हत्या		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	६	१	७

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई बलात्कार गरेको भन्दै पौदी अमराई गाविस-८ का १८ वर्षीय बाबुराम गिरीविरुद्ध पीडित बालिकाकी आमाले २०७१ माघ ६ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पतालमा भयो। माघ ७ गते गिरफ्तार गिरीलाई अदालतले २०७२ जेठ ३० गते ८ वर्ष कैद सजाय तथा ३० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गऱ्यो।

चार वर्षीया बालिकालाई २०७२ कात्तिक २५ गते बलात्कार गरेको आरोपमा दरबारदेवीस्थान गाविस-६ का २० वर्षीय वसन्त सुनारविरुद्ध पीडित परिवारले कात्तिक २८ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण कात्तिक २८ गते जिल्ला अस्पतालमा भयो। कात्तिक २९ गते गिरफ्तार सुनारलाई अदालतले मङ्सिर १४ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिटका ४६, खान/लाउन नदिई घर निकाला गरिएका २५, बहुविवाह गरी हेला गरेका १० उजुरी छन् भने सामान्य झगडाका ५४ घटना छन्। तीमध्ये १ सय २५ वटा प्रहरीले मिलापत्र गरायो भने १० वटाको कानुनी प्रक्रिया अघि बढेको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	१०	१०
जम्मा	१३	१३

यो वर्ष महिला अधिकारका १३ घटनामा बलात्कारबाट दुई, बलात्कार प्रयासबाट एक र बहुविवाहबाट १० महिला पीडित भए। यो वर्ष परिवारबाटै दुई महिलाको हत्या भयो। ६४ वर्षीया वृद्धामाथि समेत बलात्कार प्रयास भयो। अघिल्लो वर्ष ४७ जना महिला यौनिक र घरेलु हिंसाबाट पीडित भएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६४ वर्षीया महिलाले आफूलाई २०७२ असार १९ गते बलात्कार प्रयास गरेको भन्दै पुर्कोटदह गाविस-६ का लक्ष्मण राउतविरुद्ध २०७२ असार ३१ गते प्रहरीमा उजुरी दिइन्। साउन २ गते गिरफ्तार लक्ष्मणलाई अदालतले भदौ १६ गते थुन्ने आदेश दियो।

परिवारजनबाट हत्या

पल्लीकोट गाविस-३ की ४५ वर्षीया भीमकली सन्यासीलाई मादक पदार्थ सेवन गरेर कुटपिट गरी हत्या गरेको भन्दै पति ५६ वर्षीय खिमबहादुर संन्यासीविरुद्ध पीडितका आफन्तले २०७२ असार २६ गते प्रहरीमा उजुरी दिए। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले साउन ६ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ७६ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। नौ डाक्टरको दरबन्दी भए पनि ६ जनामात्र कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी एउटा भए पनि रिक्त छ। १ सय ६६ अहेव दरबन्दी रहेकामा ५२ जनामात्र कार्यरत रहे। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड २७ लाख ६४ हजार रुपियाँ र औषधी खर्चबापतको रकम ४२ लाख रुपियाँ छ।

३.१३. बाग्लुङ

जम्मा जनसङ्ख्या
२६८६१३

महिला
१५६१६

परिवार सङ्ख्या
६१५२२

खोलाको पानी पिउने परिवार
५२७

शौचालय नभएका परिवार
१२१५०

कामका लागि बाहिरिएका
४२६२३

सबभन्दा बढी जनसङ्ख्या
७५३१० (मगर)

अपाङ्गता भएका
६१७५

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.५

सरकारी विद्यालय
५२२

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
महिलाअधिकार	१९		१९
हत्या		२	२
जम्मा	२५	२	२७

यस जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षाको तुलनामा केही कमजोर देखापऱ्यो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ४५ महिलासहित ५१ जना पीडित भएकामा सन् २०१५ मा २५ महिलासहित २७ जना पीडित भए। गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालबालिका पीडित भए। दुई पुरुषको हत्या भयो। बाल अधिकारका ६ घटनामा बलात्कारबाट तीन र यौन दुर्व्यबहारबाट दुई तथा शारीरिक यातनाबाट एक बालिका पीडित भए। यौनिक हिंसाबाट चार र घरेलु हिंसाबाट १३ गरी १५ महिला पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष एक जना महिलाको हत्या भएको थियो। अघिल्लो वर्ष ४४ महिला र ६ बालबालिका गरी ५० जना पीडित भएका थिए। यस वर्ष बहुविवाहका दुई उजुरीमा कानुनी प्रक्रिया चलिरहेको छ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ७८ कैदी र पाँच बन्दी गरी ८३ जना छन्। जसमा १० महिला छन्। एक आश्रित बालिका छिन्। बढी मानिस भएकाले व्यवस्थापनमा समस्या उत्पन्न भएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी आठ र फौजदारी तीन थान छन्।

यसैगरी पुनरावेदन अदालतमा चार न्यायाधीशको दरबन्दी रहेकामा तीन जना कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १८ र फौजदारी ६८ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा प्रावि ३ सय ६५, निमावि ८७,

मावि ७० र उमावि ६४ छन्। शिक्षक दरबन्दी २ हजार ५ सय ६६ मध्ये २ हजार ५ सय ४ जना कार्यरत छन्। यस वर्ष ३० हजार ९३ बालक र ३२ हजार ३ सय २५ बालिका भर्ना भए। २३ हजार ४ सय २९ दलित बालबालिकाले छात्रवृत्ति पाए। जिल्लामा बालमैत्री ६५ र अपाङ्गमैत्री ६ विद्यालय छन्।

यो वर्ष पाँच देखि १० वर्ष उमेर समूहका बालिका बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए। बाल अधिकारका ६ घटनामा बलात्कारबाट तीन, यौन दुर्व्यवहारबाट दुई र शारीरिक यातनाबाट एक बालिका पीडित भए। बलात्कार घटनाका आरोपितमा काका, हजुरबा तथा आफन्तसमेत रहे। एक घटनाका आरोपितलाई अदालतले मागदावी नपुगको भन्दै सफाइ दियो। अघिल्लो वर्ष चार बालिका बलात्कार, एक यौन दुर्व्यबहारबाट पीडित भएका थिए। एक नवजात शिशुको हत्या भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
विद्यालयमा शारीरिक सजाय	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	६	६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७२ मङ्सिर ३ गते बलात्कार गरेको भन्दै ६५ वर्षीय हजुरबाविरुद्ध बालिकाकी आमाले मङ्सिर ६ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण मङ्सिर ६ गते धौलागिरी अञ्चल अस्पतालमा भयो। हजुरबाले नातिनीलाई यौनशोषण गर्दै आएको र कसैलाई भनेमा मार्ने धम्की दिएको उजुरीमा उल्लेख छ। मङ्सिर ६ गते गिरफ्तार हजुरबालाई जिल्ला अदालतले मङ्सिर १७ गते थुन्ने आदेश दियो।

आठ वर्षीया बालिकालाई २०७२ मङ्सिर १९ गते मोबाइल खेलाउन दिन्छु भनेर बलात्कार गरेको भन्दै ग्वालीचौर गाविस-८ का ४३ वर्षीय झमबहादुर सुनारविरुद्ध पीडितका आफन्तले प्रहरीमा मङ्सिर २० गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण मङ्सिर २० गते धौलागिरी अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका सुनारलाई जिल्ला अदालतले मङ्सिर २२ गते म्याद थप गरी अनुसन्धान सुरु गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ७६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १०, खान/लाउन नदिएको ४५, बहुविवाह गरी हेला गरेको २ र सामान्य झगडाका १९ घटना छन्। तीमध्ये प्रहरीले ५८ उजुरीबारे मिलापत्र गरायो भने पाँच उजुरी कानुनी प्रक्रियामा छ। १३ उजुरीकर्ता सम्पर्कमै आएनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
बहुविवाह	३	३
घरेलु हिंसा	१३	१३
जम्मा	१९	१९

यो वर्ष महिला अधिकार उल्लङ्घनका १९ घटनामा बलात्कारबाट चार, बहुविवाहबाट दुई र घरेलु हिंसाबाट १३ महिला पीडित भए। अदालतबाट एक घटनाका आरोपितलाई दुई वर्ष ६ महिना कैद सजायको फैसला भयो। अघिल्लो वर्ष ४४ महिला यौनिक र घरेलु हिंसाबाट पीडित भएका थिए। यो वर्ष एक आरोपित फरार रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२९ वर्षीया महिलालाई २०७१ फागुन १८ गते घरमै बलात्कार गरेको भन्दै विहु गाविस-४ का ५१ वर्षीय नवीन कँडेलविरुद्ध पीडित पक्षले फागुन १९ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते धौलागिरी अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार कँडेललाई जिल्ला अदालतले २०७२ असोज १४ गते २ वर्ष ६ महिना कैद सजाय गऱ्यो।

२१ वर्षीया महिलालाई २०७२ असार ३१ गते ग्वालीचौर गाविस-२ स्थायी घर भई बुर्तिवाङ गाविस-१ मा फेन्सी पसल गरी बस्ने ३८ वर्षीय नारायण भट्टराईले बलात्कार गरेको भन्दै पीडितका आफन्तले साउन ८ गते प्रहरीमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ५९ स्वास्थ्य चौकी छन्। तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेबको दरबन्दी १ सय २५ रहेकामा नौ पद रिक्त छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ५० लाख ३१ हजार रुपियाँमा औषधी खर्चवापतको रकम ५० लाख रुपियाँ छ।

३.१४. पर्वत



जम्मा जनसङ्ख्या
१४६५५०

महिला
८१२८५

परिवार सङ्ख्या
३५७१५

खोलाको पानी पिउने परिवार
२३०

शौचालय नभएका परिवार
३४६१

कामका लागि बाहिरिएका
२१७३५

सबभन्दा बढी जनसङ्ख्या
५२३७० (ब्राह्मण पहाड)

अपाङ्गता भएका
३६५३

५ वर्षमाथिको साक्षरता प्रतिशत
७३.८

सरकारी विद्यालय
२७६

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		२	२
बालअधिकार	४		४
महिलाअधिकार	१४		१४
जम्मा	१८	२	२०

पर्वत जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही कमजोर रह्यो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा १५ महिलासहित १७ जना पीडित भएका थिए भने सन् २०१५ मा १८ महिलासहित २० जना पीडित भए। यस वर्ष गैरराज्यपक्षबाट भएका घटनामा महिला र बालिका पीडित भए। बाल अधिकारका चार घटनामा बलात्कारबाट एक र यौन दुर्व्यवहारबाट तीन बालिका पीडित भए। यौनिक हिंसाबाट दुई र घरेलु हिंसाबाट १० गरी १४ महिला पीडित भए। गैरराज्यपक्षबाट दुई पुरुष घाइते भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएको थियो भने यस वर्ष यस्ता घटना भएनन्। अघिल्लो वर्ष १० महिला र तीन बालिका गरी १३ जना पीडित भएका थिए। यो वर्ष बहुविवाहका दुई उजुरीमा कानुनी प्रक्रिया चलिरहेको छ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ६० जनाको छ। तर ६० कैद तोकिएका र ६ कैद नतोकिएका गरी ६६ जना बन्दी छन्। जसमा ६ महिला छन्। बढी बन्दी रहेकाले व्यवस्थापनमा समस्या उब्जिएको छ। भवन निकै पुरानो भएकाले जीर्ण छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

संविधान सभाबाट सहमतिमा सविधान निर्माण हुनुपर्ने माग राख्दै २०७१ माघ ६ गते एमाओवादीसहित ३० दलीय मोर्चाले आह्वान गरेको नेपाल बन्दका क्रममा स्थानीय सर्वसाधारणले अवज्ञा गर्दा जिल्ला सदरमुकाममा झडप भयो। आन्दोलनकारीतर्फ रानीपानी गाविस-६ निवासी एमाओवादीका नेता ४७ वर्षीय कृष्णप्रसाद पराजुली र तिलाहार गाविस-६ निवासी एमाओवादी कार्यकर्ता ४४ वर्षीय महेन्द्रजङ्ग लामिछाने घाइते भए। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। मोर्चाका कार्यकर्ताविरुद्ध स्थानीयले प्रतिकार गरेपछि आन्दोलनकारी भागेका थिए।

घटनापछि स्थानीय जनताले भने नारा जुलुस गर्दै बजार खुलाएका थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पर्वत जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३० र फौजदारी २२ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ९९ प्रावि, ३४ निमावि, ४३ मावि र ४५ उमावि छन्। १ हजार ९ सय ८१ शिक्षकको दरबन्दी रहेकामा पाँच पदमात्र रिक्त छ। यो वर्ष १८ हजार ६ सय ६२ बालक र १९ हजार ५ सय २९ बालिका भर्ना भए। यस जिल्लामा १ हजार ८ सय ५० दलित बालक र १ हजार ९ सय ४५ दलित बालिकालाई छात्रवृत्ति वितरण गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८ करोड ९७ लाख ४९ हजार ७ सय ३९ रुपियाँमा प्रशासनिक खर्च ६७ लाख ४२ हजार ५० रुपियाँ छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय तीन ओटा छन्।

यो वर्ष ६ देखि १३ वर्ष उमेर समूहका बालिका बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित भए। बाल अधिकारका चार घटनामा बलात्कारबाट एक, यौन दुर्व्यबहारबाट तीन जना पीडित भए। यौन दुर्व्यवहार घटनामा शिक्षकसमेत संलग्न रहे। अदालतले ती शिक्षकलाई ११ वर्ष कैद सजायको फैसला गऱ्यो। बलात्कार घटनाका आरोपितमा काका, हजुरबा तथा आफन्तसमेत रहे। अघिल्लो वर्ष दुई बालिकालाई बलात्कार गरिएको थियो भने एक जनालाई बेचिएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	४	४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६, सात र नौ वर्षीया बालिकालाई २०७२ जेठ २१ गते र त्यसपछि पनि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गराएको आरोपमा तिलाहार गाविस-९ निवासी ज्ञानेन्द्र प्राविका शिक्षक ५६ वर्षीय बमबहादुर खत्रीविरुद्ध पीडितका आफन्तले जेठ २५ गते प्रहरीमा उजुरी दिए। जेठ २७ गिरफ्तार खत्रीलाई अदालतले असोज ११ गते ११ वर्षको कैद सजाय र पीडितहरूलाई जनही ५० हजार रुपियाँ दिनुपर्ने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ ससय ६४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट/घर निकालामा ७७, खान/लाउन नदिएको ३२, विवाह दर्ता तथा नागरिकता नबनाएको ९, बहुविवाह गरी हेला गरेको ६ उजुरी छन् भने सामान्य झगडाका ४० घटना दर्ता भए। यीमध्ये १ सय २१ उजुरी सम्बन्धमा मिलापत्र गराइयो भने १८ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। १९ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

यो वर्ष महिला अधिकार उल्लङ्घनका १४ घटनामा १४ जना पीडित भए। जसमा यौनिक हिंसाबाट दुई र घरेलु हिंसाबाट १० जना पीडित भए। बलात्कारबाट ७६ वर्षीया वृद्धासमेत पीडित भइन्। अघिल्लो वर्ष १० महिला यौनिक र घरेलु हिंसाबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	३	३
घरेलु हिंसा	१०	१०
यौन दुर्व्यवहार	१	१
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७६ वर्षीया वृद्धालाई २०७२ जेठ ३० गते कुश्मा नपा-७ का ५६ वर्षीय बलबहादुर बिकले घरमा एक्लै भएका बेला बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३० गते जिल्ला अस्पतालमा भयो। घटनापछि आरोपित फरार रहेकामा असार १ गते आर्थर गाविसबाट प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले असार २५ गते आरोपितलाई तारेखमा रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ५२ स्वास्थ्य चौकी छन्। डाक्टरको दरबन्दी चार रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी १ सय १२ रहेकामा १२ पद रिक्त छ। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ९५ लाख ५२ हजार रुपियाँ र औषधी खर्चबापतको रकम २८ लाख १९ हजार रुपियाँ छ।

३.१५ म्याग्दी



जम्मा जनसङ्ख्या
११३६४१

महिला
६२२४६

परिवार सङ्ख्या
२७७६२

खोलाको पानी पिउने परिवार
४१०

शौचालय नभएका परिवार
५१४५

कामका लागि बाहिरिएका
१४३१४

सबभन्दा बढी जनसङ्ख्या
४४८४६ (मगर)

अपाङ्गता भएका
६१२२

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.५

सरकारी विद्यालय
२१४

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	५	५
महिलाअधिकार	११	११
हत्या	१	१
जम्मा	१६	१६

म्याग्दीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधियो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा १८ महिलासहित २० जना पीडित थिए भने सन् २०१५ मा १७ महिला पीडित भए। गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालिका मात्रै पीडित भए। बाल अधिकारका पाँच घटनामा पाँच बालिका बलात्कृत भए। यौनिक हिंसाबाट पाँच र घरेलु हिंसाबाट ६ गरी ११ महिला पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष दुई पुरुषको हत्या भएकामा यो वर्ष एक महिलाको परिवारजनबाट हत्या भयो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३२ जनाको छ। तर ७५ कैद तोकिएका र १८ कैद नतोकिएका गरी ९३ जना बन्दी छन्। सात महिला छन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या देखिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदातलतमा एक जना न्यायाधीशको दरबन्दी छ। फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५४ र फौजदारी ५२ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ४१ प्रावि, ३४ निमावि, ३९ मावि र १९ उमावि छन्। १ हजार ९ शिक्षकको दरबन्दी रहेकामा सबै पूर्ति छ। यस वर्ष १२ हजार ३० बालक र १३ हजार ४ सय बालिका भर्ना भए। जिल्लाका ४ हजार १ सय ९० दलित बालक र ४ हजार ३ सय ७४ दलित बालिकालाई छात्रवृत्ति उपलब्ध गराइयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ४० करोड रुपियाँ प्रशासनिक खर्च ७२ लाख ४० हजार रुपियाँ छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैन।

यो वर्ष तीन देखि १६ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। आरोपितमा १४ वर्षीय बालकदेखि ६३ वर्षीय वृद्धसमेत रहे। पाँच बालिका बलात्कृत भए। अदालतले पाँच वर्ष कैद फैसला गरेका एक पीडकको मृत्यु भयो। एक बालिकाले आवेशमा आई बलात्कारको आरोप लगाएको बताएपछि आरोपितले सफाइ पाए भने एक आरोपित बालकलाई अभिभावकको जिम्मा लगाइयो। अघिल्लो वर्ष एक बालिका बलात्कृत भएकी थिइन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
जम्मा	५	५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तीन वर्षीया बालिकालाई २०७१ पुस २४ गते पाल्लेखेत गाविस-४ का २५ वर्षीय टेकनारायण शेरचनले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २५ गते प्रहरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते जिल्ला अस्पतालमा भयो। अदालतले माघ १८ गते थुन्ने आदेश दिएकोमा चैत ३ गते शेरचनलाई ५ वर्ष कैद सजाय फैसला गऱ्यो। यसबीच बिरामी परेका शेरचनको उपचारकै क्रममा चैत २५ गते मृत्यु भयो।

नौ वर्षीया बालिकालाई २०७२ जेठ २६ गते बलात्कार गरेको भन्दै बाबियाचौर गाविस-९ का ६३ वर्षीय मनबहादुर दर्जीविरुद्ध पीडितका आफन्तले जेठ २७ गते प्रहरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार दर्जीलाई अदालतले असार २० गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका पाँच, खान/लाउन नदिएको ६ र बहुविवाह गरी हेला गरेको तीन उजुरी छन्। तीमध्ये ३२ प्रहरीले मिलापत्र गरायो भने बहुविवाहका तीन उजुरी कानुनी प्रक्रियामा छ।

यो वर्ष महिला अधिकार उल्लङ्घनका ११ घटना भए। जसमा यौनिक हिंसाबाट पाँच र घरेलु हिंसाबाट ६ जना पीडित भए। एक महिलाको परिवारबाट हत्या भएको उजुरीमा मुद्दा चलिरहेको छ भने एक आरोपितलाई दुई वर्ष ६ महिनाको कैद फैसला भयो। अघिल्लो वर्ष यौनिक हिंसाबाट पाँच, कथित बोक्सी आरोपमा एक, बलात्कार प्रयासबाट दुई र घरेलु हिंसाबाट पाँच गरी १६ जना महिला पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
घरेलु हिंसा	६	६
जम्मा	११	११

परिवारजनबाट हत्या

ताकम गाविस-८ की ३८ वर्षीया लालमती कामीलाई २०७२ साउन १२ गते पति ३७ वर्षीय रामबहादुर कामीले कुटपिट गरी घाइते बनाएकामा साउन १६ गते उपचारका क्रममा मृत्यु भयो। सोही दिन पीडितको माइती पक्षले उजुरी दिएपछि प्रहरीले गिरफ्तार गऱ्यो। अदालतले कामीलाई भदौ १४ गते थुन्ने आदेश दियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया महिलालाई २०७१ फागुन २७ गते बलात्कार प्रयास गरेको भन्दै बेनी नपा-८ का २२ वर्षीय बलबहादुर बिकविरुद्ध पीडितले प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २७गते जिल्ला अस्पतालमा भयो। घटनाको भोलिपल्टै गिरफ्तार बिकलाई अदालतले २०७२ भदौ २८ गते २ वर्ष ६ महिना कैद सजाय हुने फैसला गऱ्यो।

५० वर्षीया महिलालाई २०७१ चैत १२ गते बलात्कार गरेको भन्दै झिँ गाविस-९ का २० वर्षीय छकबहादुर थजालीविरुद्ध पीडितले चैत १३ गते प्रहरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत १३ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले २०७२ वैशाख ७ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ३९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। डाक्टरको दुई दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको दरबन्दी १ सय २ रहेकामा सबै कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड रुपियाँ मध्ये औषधी खर्चबापतको रकम १८ लाख रुपियाँ छ।

३.१६. मुस्ताङ



जम्मा जनसङ्ख्या
१३४५२

महिला
६३५४

परिवार सङ्ख्या
३३५४

खोलाको पानी पिउने परिवार
१७४

शौचालय नभएका परिवार
१२११

कामका लागि बाहिरिएका
१४२५

सबभन्दा बढी जनसङ्ख्या
२८८५ (गुरुङ)

अपाङ्गता भएका
२०४

५ वर्षमाथिको साक्षरता प्रतिशत
६६.२

सरकारी विद्यालय
७६

हिमालपारिको जिल्लाका रूपमा परिचित मुस्ताङ मुलुककै सबैभन्दा कम जनसङ्ख्या हुनेमध्ये दोस्रो जिल्ला हो। यस जिल्ला पर्यटकीय र धार्मिक हिसावले महत्वपूर्ण छ। जिल्लाको मानव अधिकार अवस्थामा त्यस्तो उतारचढाव आउने गरेको पाइँदैन्। कुनै पनि विवाद, घटना तथा समस्या भएमा गाउँका समुदाय तथा मुखियाले गाउँमै मिलाउने प्रचलन छ। त्यसैले जिल्लास्थित न्यायिक र अर्धन्यायिक निकायमा त्यस्ता घटनाका उजुरी साह्रै कम आउँछन्। यो वर्ष मानव अधिकार उल्लङ्घनका घटना सार्वजनिक भएनन्। जिल्लामा झुमा र मुखिया प्रथा परम्परादेखि नै प्रचलनमा छ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता सात जनाको छ। तर दुई कैद तोकिएका र सात कैद नतोकिएका गरी नौ जना बन्दी छन्। जसमा दुई महिला छन्। यो भवन प्रशासकीय प्रयोजनका लागि निर्माण गरिएको हुँदा बन्दी राख्न उपयुक्त छैन। कारागारको भौतिक अवस्था पनि जीर्ण छ। कोठा अभाव छ। ऐन/नियमबमोजिम बन्दीलाई उपलब्ध गराइनुपर्ने स्वास्थ्य परीक्षण, मनोरञ्जन, पुस्तकालय जस्ता कुनै पनि सेवा यहाँ उपलब्ध छैन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी तीन र फौजदारी पाँच थान छन्। अधिकांश घटना गाउँमै मुखियाले मिलाउने भएकाले केही गम्भीर प्रकृतिका उजुरीमात्र त्यो पनि न्यून मात्रामा अदालतसम्म आइपुग्ने गरेको अदालतले जानकारी दियो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ५५ प्रावि, १४ निमावि र सात माबि छन्। ३ सय २२ शिक्षक दरबन्दी रहेकामा ३ सय १४ कार्यरत छन्। १ हजार २ सय ५० बालक र १ हजार २ सय ४२ बालिका यस वर्ष भर्ना भए। सबै विद्यालय बालमैत्री छैनन्। अपाङ्गमैत्री विद्यालय पनि जिल्लाभर छैन।

जिल्लाका र बाहिरबाट गएका बालबालिकालाई होटल व्यवसायीले बालश्रमिकका रूपमा प्रयोग गरेको भनी बेलाबेलामा आवाज उठे पनि त्यत्तिकै सेलाउने गरेका छन्। व्यवसायी भने यो आरोप नकार्दै आफूहरूले बालबालिकालाई होटलमा संरक्षण दिई विद्यालयमा पठनपाठनका लागि भर्ना गरिदिएको बताउँछन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्लामा महिलाविरुद्ध हिसाका कुनै पनि उजुरी महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएनन्। सामान्य घरायसी विवादका क्रममा भएका घटनालाई गाउँमै मुखियामार्फत मिलाइने भएकाले पनि उजुरी नपरेको हो। केही ठाडो उजुरीका घटना आए पनि आपसी छलफलबाट मिलापत्र गर्ने गरिएको महिला सेलले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, १५ स्वास्थ्य चौकी र एक उपस्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक जनामात्र कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञ नहुँदा र दरबन्दीअनुसारका डाक्टर पनि नबस्दा सानोतिनो उपचारका लागि पनि पोखरा र काठमाडौं जानुपर्ने बाध्यता बिरामीको छ। अहेवको दरबन्दी ३५ रहेकामा २१ जना कार्यरत छन्। अनमीको दरबन्दी ३५ रहेकामा १७ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड रुपियाँभन्दा बढी रहेकामा औषधीवापतको बजेट भने २१ लाख रुपियाँ छ।



मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जम्मा जनसङ्ख्या
५५२५८३

महिला
२९१५२४

परिवार सङ्ख्या
११६४१५

खोलाको पानी पिउने परिवार
४८६८

शौचालय नभएका परिवार
४५५३४

कामका लागि बाहिरिएका
४३१६०

सबभन्दा बढी जनसङ्ख्या
१६३११६ (थारू)

अपाङ्गता भएका
१२८२१

५ वर्षमाथिको साक्षरता प्रतिशत
५६.८

सरकारी विद्यालय
५४३

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			१४		१४
महिलाअधिकार			६९		६९
भेला/सङ्गठित हुने अधिकार	११	११			
गिरफ्तारी/यातना	४	४			
कुटपिट			१	१	३
धम्की			१	३	४
हत्या			३		३
जम्मा	१५	१५	८८	६	९४

दाङको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा ५१ महिलासहित ५४ जना पीडित भएका थिए भने सन् २०१५ मा ८८ महिलासहित १ सय ५ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा १५ पुरुष पीडित भए। जसमध्ये अनुसन्धानका क्रममा प्रहरीले दिएको यातनाबाट चार र अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट ११ जना पीडित रहे। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए।

गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएको थियो भने यो वर्ष पनि परिवारबाट एक सहित तीन महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका १४ घटनामा ११ जना बलात्कृत भए भने एक बालिकालाई यौन दुर्व्यवहार र दुई जनालाई शारीरिक दण्ड सजाय दिइयो। आन्दोलनरत थरुहटका कार्यकर्ताले चार ओटा सवारी साधन तोडफोड गरे। लगातारको बन्दका कारण पठनपाठन प्रभावित भयो। विद्यालयमा पढन पाउनुपर्ने मागगर्दै बालबालिकाहरूले सडकमा प्रदर्शन गरे।

गोली/विष्फोटक पदार्थद्वारा घाइते

लोहारपानी गाविस-१ का २१ वर्षीय सुरेन्द्र बुढा र सोही ठाउँका १६ वर्षीय दिलबहादुर घर्तीले २०७१ चैत १ गते घरनजिक खरबारीमा भेटिएको सकेट बम चलाउँदा विष्फोट भई बुढाको हातको औंला र घर्तीको आँखामा चोट लाग्यो। घाइते बुढाको राप्ती उपक्षेत्रीय अस्पताल र घर्तीको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। सो विष्फोटक पदार्थ सशस्त्र द्वन्द्वका समयमा छाडिएको अनुमान प्रहरीको रहेको।

कारागार र बन्दी

यस जिल्लामा २ कारागार छन्। ङ श्रेणीको

घोराही कारागारको क्षमता ५० जनाको छ। तर १ सय ३८ कैद तोकिएको र ३१ कैद नतोकिएको गरी १ सय ६७ जना बन्दी छन्। त्यसैगरी घ श्रेणीको तुलसीपुर कारागारको क्षमता १ सय जनाको छ। तर १ सय ७१ कैदी छन्। जसमा २१ जना महिला छन्।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

घोराही नपा-११ निवासी ३० वर्षीय नागरिक दैनिकका संवाददाता देवेन्द्र बस्नेतलाई नागरिक दैनिकमा २०७१ फागुन ३ गते प्रकाशित 'कठ्ठामा बेचिन्छ चुरे' शीर्षकको समाचार प्रकाशन गरेको आरोपमा लालमटिया गाविस-३ का ३५ वर्षीय घनश्याम रिजालले फागुन १२ गते टेलिफोनमार्फत मार्ने धम्की दिए। पीडितले आफूलाई आएको धम्कीबारे फागुन ३ गते नेपाल पत्रकार महासङ्घ, दाङ शाखामा जानकारी गराए पनि प्रहरीमा भने उजुरी दिएनन्। नेपाल पत्रकार महासङ्घ दाङले फागुन १४ गते विज्ञप्ति प्रकाशन गरी घटनाको विरोध जनायो।

समाचार लेखेको आरोपमा धम्क्याइएका सञ्चारकर्मी देवेन्द्र बस्नेत

अज्ञात व्यक्तिको कुटपिटबाट घाइते भएका सञ्चारकर्मी नरेश केसी

फूलबारी गाविस-४ निवासी रेडियो देउखुरीका संवाददाता २९ वर्षीय नरेश केसीलाई २०७१ चैत २१ गते साँझ घोराहीबाट लमही जाँदै गर्दा जङ्गलमा आफूलाई तरुण दलका कार्यकर्ता बताउने व्यक्तिको समूहले कुटपिट गरे। गाडी रोकेर हुलदङ्गा गरिरहेको देखेपछि घटनाबारे जानकारी लिन खोज्दा उनीहरूले कुटपिट गरेको पीडितले बताए। नेपाल पत्रकार महासङ्घ दाङले चैत २२ गते विज्ञप्तिमार्फत घटनाको विरोध जनायो। पीडितले प्रहरीमा यस वर्षको अन्त्यसम्म उजुरी दिएनन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दाङमा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा दरबन्दी अनुसारै तीन जना न्यायाधीश कार्यरत छन्। यस अदालतमा यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ९२ र फौजदारी ३ सय १५ थान छन्। त्यसैगरी छिनिन बाँकी दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी ६ र फौजदारी दुई थान छन्।

यसैगरी ६ न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा तीन न्यायाधीश कार्यरत छन्। यस अदालतमा यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय १८ र फौजदारी ३७ थान छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

पुरन्धारा गाविस-८ निवासी नेकपा माओवादी विप्लव समूहका जिल्ला सदस्यहरू ३० वर्षीय नीमबहादुर डाँगी, हेकुली गाविस-४ निवासी ३१ वर्षीय कमल चौधरी, तुलसीपुर नपा-६ निवासी ४० वर्षीय खेमराज वली, सोही नपा-१२ निवासी विकास वली र जितेन्द्र डाँगी, लालमटिया गाविस-८ निवासी अनेरास्ववियु (क्रा.) का जिल्ला अध्यक्ष २२ वर्षीय प्रकाश शाही नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदाको सुझाव सङ्कलन केन्द्रमा अवरोध गरेको आरोपमा २०७२ साउन ४ गते उमावि श्रीगाउँमा प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए।

थरुहट/थारुवान संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताद्वारा २०७२ भदौ २६ गते पूर्व-पश्चिम राजमार्गअन्तर्गत दाङको लमही-भालुवाङ सडकखण्डमा भएको यातायात अवरुद्धपछि सशस्त्र प्रहरीले गरेको लाठीचार्जबाट लमही नपा-१ का ४५ वर्षीय कृष्णकुमार चौधरी, ३५ वर्षीय आनन्दकुमार चौधरी, ३० वर्षीय मनोहर चौधरी र लमही नपा-९ का ४० वर्षीय कैलाश चौधरी गम्भीर घाइते भए। संयुक्त सङ्घर्ष समितिले शान्तिपूर्ण आन्दोलनमा प्रहरीले लाठीचार्ज गरी घाइते बनाएको भन्दै विरोध जनायो। प्रहरीले चारै जनालाई नियन्त्रणमा लिई एक घण्टापछि रिहा गरेको थियो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

घोराही नपा-६ का १८ वर्षीय प्रकाश घर्तीलाई अनुसन्धानका क्रममा वडा प्रहरी कार्यालय घोराहीमा कार्यरत प्रहरीले हिरासतमा २०७१ माघ ४ गते खुट्टा भाँचिदिएको पीडितका परिवारले आरोप लगाए। दुई पक्षबीच भएको झगडाका बारेमा अनुसन्धानका लागि प्रकाशलाई माघ ४ गते प्रहरीले घरबाट गिरफ्तार गरेको थियो। प्रहरीले भने गिरफ्तार गर्ने क्रममा भाग्न खोज्दा उनको खुट्टा भाँच्चिएको

प्रहरी हिरासतमा यातना पाएको भनिएका प्रकाश घर्ती र प्रेम विक

जनायो। पीडितले प्रहरीविरुद्ध अदालतमा माघ १८ गते मुद्दा हाले। अदालतले भने आरोपित पत्ता नलागेको भन्दै २०७२ भदौ १० गते मुद्दा खारेज गऱ्यो। पीडितले मुद्दा खारेजीविरुद्ध पनि मङ्सिर ११ गते पुनरावेदन अदालत तुलसीपुरमा पुनरावेदन दिएकोमा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन।

रोल्पा घर्तीगाउँका २६ वर्षीय प्रेम विकलाई प्रहरीले हिरासतमा यातना दिएको भन्दै प्रेमकी पत्नी सीता सेर्पाइलीले २०७२ असोज २० गते घोराहीमा पत्रकार सम्मेलन गरिन। विकलाई लक्ष्मीपुर गाविस-४ का माधव अधिकारीसँग जबर्जस्ती १ लाख रुपियाँ चन्दा लिएको आरोपमा असोज १८ गते प्रहरीले घोराहीबाट गिरफ्तार गरेको थियो। असोज १९ र २० गते पति भेट्न हिरासत पुगेको समयमा हिँड्न नसक्ने अवस्थामा भेट्टाएको सीताले दाबी गरिन्। पीडितले यस वर्षको अन्त्यसम्म उजुरी दिएनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५२ प्रावि, ८० निमावि, ५५ मावि र उच्च मावि ३६ छन्। यी विद्यालयमा २ हजार ४ सय ४० शिक्षक दरबन्दी रहेकोमा २ हजार ४ सय १९ कार्यरत छन्। यो वर्ष ४८ हजार ४ सय १ बालक र ५७ हजार ६ सय २२ बालिका भर्ना भए। जिल्लाभर अपाङ्गमैत्री विद्यालय २ सय छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	११	११
विद्यालयमा शारीरिक सजाय	३	३
यौन दुर्व्यवहार	१	१
जम्मा	१४	१४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष पाँच देखि १७ वर्ष उमेर समूहका बालिका बलात्कार घटनाबाट पीडित भए। विद्यालय पनि बालिकाका लागि असुरक्षित पाइयो भने जिल्लामा सामूहिक बलात्कारको एक घटना सार्वजनिक भयो। सामूहिक बलात्कारको घटनामा बालकसमेत संलग्न रहे। बलात्कार घटनाका चार आरोपित फरार रहे भने एक आरोपितको पहिचान हुन सकेन।

१२ वर्षीया बालिकालाई २०७२ वैशाख २० गते लमही नपा-१० का २३ वर्षीय भूपाल घर्ती मगर र सतवरिया गाविस-८ का १८ वर्षीय नेत्र कुमालले सामूहिक बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा जेठ ८ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य सेवा केन्द्र लमहीमा भयो। उजुरीको भोलिपल्ट गिरफ्तार दुवैलाई अदालतले जेठ २७ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै २१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ६, विवाह दर्ता तथा नागरिकता नबनाएको चार, बहुविवाह गरी हेला गरेको १० उजुरी छन्। तीमध्ये प्रहरीले १९ ओटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	८	८
बलात्कारको प्रयास	३	३
बहुविवाह	५	५
घरेलु हिंसा	५१	५१
यौन दुर्व्यवहार	१	१
जम्मा	६९	६९

यो वर्ष आठ महिला बलात्कारबाट पीडित भए। सन् २०१४ मा पाँच जना पीडित भएका थिए। बलात्कारका दुई घटनामा मिलापत्र भएको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७१ फागुन २७ गते बेला गाविस-३ का ३१ वर्षीय हिमाल पुनले पीडितकै घरमा बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन २८ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते प्राथमिक स्वास्थ्य केन्द्र लमहीमा भयो। भोलिपल्ट गिरफ्तार पुनलाई अदालतले २०७२ साउन २७ गते २ वर्ष ६ महिना कैद फैसला गऱ्यो।

परिवारजनबाट हत्या

लक्ष्मीपुर गाविस-१ की ५३ वर्षीया लक्ष्मीदेवी सुनारलाई २०७१ फागुन ६ गते राति ६३ वर्षीय पति गिरबहादुर सुनारले दाउराले प्रहार गरी हत्या गरेको भन्दै प्रहरीले भोलिपल्ट गिरफ्तार गऱ्यो। शवको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा पोस्टमार्टम भयो। अदालतले सुनारलाई २०७२ भदौ १३ गते १० वर्ष कैद फैसला गऱ्यो।

अमानवीय व्यवहार

सतवरिया गाविस-२ की ३४ वर्षीया बासुदेवी चौधरीलाई २०७२ वैशाख २८ गते आफूहरूले तोकेको जरिवाना नतिरेको भन्दै गाउँलेले कपाल मुण्डन गरी मोसो दलेर र जुत्ताको माला लगाइ अर्धनग्न अवस्थामा गाउँ घुमाए। उनीसँग यौन सम्बन्ध राखेकै कारण सोही ठाउँका लोकबहादुर चौधरीले आत्महत्या गरेको भन्दै गाउँलेले बासुदेवीलाई ३७ हजार रुपियाँ जरिवाना तोकेका थिए। बोक्सीको आरोप लगाएर बासुदेवीलाई स्थानीय महिलाले कुटपिट गरेपछि पीडितले वैशाख २९ गते जिल्ला प्रशासनमा सोही ठाउँकी २५ वर्षीया सीतारामी चौधरी, २७ वर्षीया पानमती चौधरी, ३० वर्षीया हिरामती चौधरी, २५ वर्षीया जानकी चौधरी, २७ वर्षीया दिलकुमारी चौधरी र ३२ वर्षीया आशाकुमारी चौधरीविरूद्ध उजुरी दिइन्। सोही दिन गिरफ्तार सबै आरोपितलाई जिल्ला प्रशासनले जेठ ९ गते दुई-दुई हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। रिहा गरेपछि जेठ १० गते घटनामा सलग्न ६ जनाले पीडित चौधरीलाई गाउँमा फूलमालाले स्वागत गरे पनि जिल्ला प्रशासनले भने घटना संवेदनशील भन्दै मुद्दाको टुङ्गो लगाएको छैन।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

बन्दको अवज्ञा गरेको आरोपमा २०७२ साउन १४ गते अनेरास्ववियु, अनेरास्वविय (क्रा.), विप्लव नेतृत्वको नेकपा माओवादी आबद्ध अनेरास्ववियु (क्रान्तिकारी) र वैद्य नेतृत्वको नेकपा-माओवादी आबद्ध अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले ज्ञानसिन्धु उच्च माविमा तोडफोड गरे। तोडफोडबाट पुस्तकालयमा ५५ हजार रुपियाँ बराबरको क्षति भएको प्रिन्सिपल हुकुम बुढाथोकीले बताए।

स्वास्थ्य सेवाको अवस्था

दाङमा दुई अस्पताल, ३६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डाक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन्। स्टाफ नर्सको चार दरबन्दीमध्ये दुई, अहेवको १ सय २८ दरबन्दीमध्ये १ सय १६, अनमीको ८३ दरबन्दीमध्ये ७० र हेल्थ असिस्टेन्टको ४१ दरबन्दीमध्ये २३ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड ५६ लाख ८७ हजार रुपियाँ रहेकोमा ८ करोड प्रशासनिक खर्चका लागि र ५५ लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.२ प्यूठान



जम्मा जनसङ्ख्या
२२८१०२

महिला
१२८०४५

परिवार सङ्ख्या
४७७३०

खोलाको पानी पिउने परिवार
१४४३

शौचालय नभएका परिवार
१३७६४

कामका लागि बाहिरिएका
३६८५८

सबभन्दा बढी जनसङ्ख्या
७४३१२ (मगर)

अपाङ्गता भएका
५५३०

५ वर्षमाथिको साक्षरता प्रतिशत
५७.७७

सरकारी विद्यालय
३५३

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	११	२	१३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		२	२
महिलाअधिकार	१७		१७
जातीय विभेद	१	१	२
कुटपिट		१	१
हत्या	४		४
जम्मा	३३	६	३९

प्यूठानको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा २१ महिलासहित २५ जना पीडित भएकोमा सन् २०१५ मा ३३ महिलासहित ३९ जना पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। यस वर्ष बेवारिसे बम विष्फोटमा परी एक महिलाको मृत्यु भयो। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो भने यो वर्ष परिवारबाटै तीन महिलाको हत्या भयो। बालअधिकार उल्लङ्घनका १३ घटनामा आठ बलात्कार, एक यौन दुर्व्यवहार, एक शारीरिक दण्ड सजाय, दुई बालविवाह र एक बाल श्रमबाट पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

गोली/विष्फोटक पदार्थद्वारा घाइते गैरराज्यपक्षबाट

ओखरकोट गाविस–५ की ६२ वर्षीया नमादेवी पोखरेलको २०७१ चैत ५ गते घरनजिक बारीमा घाँस काट्न गएको अवस्थामा बेवारिसे बम विष्फोटमा परी घटनास्थलमै मृत्यु भयो। घटनाको अनुसन्धान गर्न गृहमन्त्रालयले उपसचिव केशवराज आचार्यको संयोजकत्वमा तीन सदस्यीय टोली गठन गरे पनि यस वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक भएन।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ६१ कैद तोकिएको र ११ कैद नतोकिएको गरी ७२ जना बन्दी छन्। जसमध्ये १४ जना महिला छन्। दुई वर्षीय आश्रित बालक पनि छन्। कारागार पुरानो भएकाले बस्न र सुत्न अप्ठ्यारो छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४४ र फौजदारी ५३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ६३ प्रावि, ६१ निमावि, ५१ मावि र उच्च मावि १९ छन्। जिल्लामा १ हजार ५ सय २४ शिक्षक दरबन्दी रहेकामा १ हजार ५ सय ४९ कार्यरत छन्। यो वर्ष ३२ हजार ८ सय ८७ बालक र ३४ हजार ६ सय २१ बालिका भर्ना भए। ७ हजार ७ सय १३ बालक र ८ हजार ३ सय २१ बालिकालाई ६४ लाख ४३ हजार ७ सय ८० रुपियाँ दलित छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८४ करोड १२ लाख ५ सय १० रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालश्रम		१	१
बालविवाह	३		३
बलात्कार	८		८
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	११	३	१३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष ६ देखि १७ वर्ष उमेर समूहका आठ बालिका बलात्कार घटनाबाट पीडित भए। यस्ता पीडित गत वर्ष तीन जना थिए। एक बालिका बाबुबाटै बलात्कृत भइन्। सामूहिक बलात्कारको एक घटना सार्वजनिक भयो। जसमा बालक पनि संलग्न पाइयो। १२ वर्षीय बालक शिक्षकबाट कुटिए भने बालविवाहबाट दुई बालिका पीडित भए।

नौ वर्षीया बालिका घरनजिकको जङ्गलमा बाखा चराउन गएका बेला २०७२ भदौ २३ गते १२, १३ र १४ वर्षीय बालकले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा भदौ २४ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ २४ गते जिल्ला अस्पतालमा विजुवारमा भयो। उजुरी दिएकै दिन गिरफ्तार बालकमध्ये १२ र १३ वर्षीयलाई अदालतले नाबालक भन्दै असोज २० गते अभिभावकको जिम्मा लगाउने आदेश दियो भने १४ वर्षीयलाई भक्तपुरस्थित बालसुधारगृह पठाउने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ३२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका १९, खान/लाउन नदिएको पाँच, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, बहुविवाह गरी हेला गरेको दुई उजुरी छन् भने सामान्य झगडाका पाँच घटना दर्ता भए। तीमध्ये प्रहरीले २७ घटनामा मिलापत्र गरायो भने तीन उजुरी कानुनी प्रक्रियामा छन्। दुई उजुरीकर्ता भने सम्पर्कमा आएनन्।

यो वर्ष चार महिला बलात्कार र दुई यौन दुर्व्यवहारबाट पीडित भए। सन् २०१४ मा दुई महिला बलात्कारबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	४	४
घरेलु हिंसा	११	११
यौन दुर्व्यवहार	३	३
जम्मा	१६	१६

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई २०७१ पुस २२ गते प्यूठान नपा-१७ का २६ वर्षीय गोपाल नेपाली र ३० वर्षीय सुरेश नेपालीले सोही ठाउँको एकान्त बाटोमा फोनबाट भेट्न बोलाएर सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा पुस २३ गते जाहेरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार दुवैमध्ये अदालतले २०७२ जेठ २५ गते गोपाललाई ११ वर्ष कैद सजाय र ५० हजार रुपियाँ भराउने तथा सुरेशलाई १० वर्ष कैद सजाय र ३० हजार रुपियाँ क्षतिपूर्ति पीडितलाई भराउने फैसला गऱ्यो।

परिवारजनबाट हत्या

यस वर्ष तीन महिलाको परिवारबाटै हत्या भयो। एक घटनाका आरोपितलाई अदालतले सर्वस्वसहित जन्म कैद र अर्को एक घटनाका आरेपितलाई दुई वर्ष कैद सजाय सुनायो।

भिङ्ग्री गाविस-८ की ५६ वर्षीया पवी रामजाली मगरलाई २०७२ साउन १६ गते घरायसी विषयमा विवाद गरेको भन्दै ६५ वर्षीय पति खगीराम रामजाली मगरले हँसियाले टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले प्रहरीमा साउन १७ गते

उजुरी दियो। शवको जिल्ला अस्पताल विजुवारमा पोष्टमार्टम भयो। सोही दिन गिरफ्तार खगीरामलाई अदालतले भदौ ३१ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

सबै प्रकारका जातीय विभेद

दाडस्थित त्रिपुरा नपा-६ का ३४ वर्षीय भीम नेपाली र ३३ वर्षीय पत्नी वसन्ता नेपालीलाई २०७२ साउन २३ गते प्यूठान जिल्लाको प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारी मन्दिरमा पूजा गर्न गएका बेला मन्दिरका पुजारी ४१ वर्षीय दण्डपाणी चालिसेले दलितलाई मन्दिरमा पूजा गर्न नदिने भन्दै गाईको गोठमा लगी पूजा गर्न लगाए। आफूलाई दलित भएकै कारण अपहेलना गरिएको भन्दै पीडितले प्रहरीमा २०७२ भदौ ९ गते उजुरी दिए। पुजारीलाई प्रहरीले कारबाही गरेन। स्वर्गद्वारी मन्दिर व्यवस्थापन समितिको २०७२ साउन ३० गतेको बैठकले भने एक महिनाका लागि आरोपित पुजारीलाई निलम्बन गरेको जानकारी गरायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

जग्गा कब्जा

प्यूठान नपा-२ का ३८ वर्षीय विनोद शाहीको सोही नपा-६ साविकको बिजुवार गाविस-७ जुम्री) मा रहेको कित्ता नम्बर ८ सय ४२ को ५ सय ८० वर्गमिटरको जग्गा नेकपा माओवादी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वका कार्यकर्ताले २०७२ मङ्सिर ४ गते कब्जा गरे।

प्यूठान नपा–१४ बानग्दुलाका मधुसुदन पण्डितको नाममा रहेको कित्ता नं. १६१४ को ००.३५० वर्गमिटर क्षेत्रफलको जग्गा २०७२ पुस १२ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले कब्जा गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४८ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। पाँच डाक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। जिल्लामा एक स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेकामा निक साइमन परियोजनामार्फत समेत दुई जना कार्यरत छन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये पाँच, अहेबको १ सय दरबन्दीमध्ये ७४, अनमीको ९६ दरबन्दीमध्ये ५५ र हेल्थ असिस्टेन्टको ५१ दरबन्दीमध्ये २७ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ४९ लाख ६६ हजार रुपियाँ छ। त्यसमध्ये ७ करोड ८४ लाख ७ हजार रुपियाँ प्रशासनिक खर्चका लागि र ५० लाख रुपियाँ औषधीका लागि छुट्टयाइएको छ।

४.३ रोल्पा



जम्मा जनसङ्ख्या
२२४५०६

महिला
१२१४०६

परिवार सङ्ख्या
४३७५७

खोलाको पानी पिउने परिवार
१६४६

शौचालय नभएका परिवार
३४२६७

कामका लागि बाहिरिएका
२३५९७

सबभन्दा बढी जनसङ्ख्या
५७०११ (मगर)

अपाङ्गता भएका
७४५८

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८.३

सरकारी विद्यालय
४३०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	३	७
बालअधिकार					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
महिलाअधिकार				४७		४७
गिरफ्तारी/यातना		२	२			
कुटपिट	४	६	१०			
हत्या				३	१	४
जम्मा	४	८	१२	५४	६	६०

रोल्पाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा १५ महिलासहित २० जना पीडित भएकामा सन् २०१५ मा ५८ महिलासहित ७२ जना पीडित भए। यस वर्ष एक शिशुको आमाबाटै हत्या भयो भने एक बालिकाको हत्या प्रयास गरियो। बेवारिसे बम विष्फोटमा परी एक को मृत्यु भयो भने तीन महिलासमेत ६ जना घाइते भए। राज्यपक्षको धम्की/कुटपिटबाट चार महिलासमेत १० जना पीडित भए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएको थियो भने यो वर्ष परिवारबाटै दुई महिलाको हत्या भयो। पतिले प्रहार गरेको गोलीबाट मृत्यु भएको एक घटनाका आरोपितलाई दोषी ठहर गर्दै अदालतले २० वर्ष कैद फैसला गऱ्यो। बालअधिकार उल्लङ्घनको एक घटना अभिलेख भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

गोली/विष्फोटक पदार्थद्वारा मृत्यु

गैरराज्यपक्षबाट

थवाङ गाविस-१ का ५३ वर्षीय श्रीप्रसाद घर्तीको २०७२ असार २६ गते आफ्नै घरमा बम विष्फोट हुँदा मृत्यु भयो। विष्फोटबाट श्रीप्रसादकी ४८ वर्षीया पत्नी लगन घर्ती, १८ वर्षीया छोरी अस्मिता बुढा, २० वर्षीय छोरा समित घर्ती र १८ वर्षीया बुहारी पोडसी घर्ती, छिमेकी ४८ वर्षीय धनीराम झाँक्री र कुरेली गाविस-८ का मृतकका ज्वाइँ राजधन बुढा घाइते भए। श्रीप्रसादको शव देवीदत्त गण लिबाडबाट गएको नेपाली सेनाको टोलीले उनकै ध्वस्त घरले पुरेको अवस्थामा निकालेको थियो। विष्फोटबाट घरसमेत पूर्णरूपमा क्षति भयो। घटनाबारे प्रहरीले अनुसन्धान गऱ्यो। अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेन।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ५०

जनाको छ। तर ६३ कैद तोकिएको र २५ कैद नतोकिएको गरी ८८ जना छन्। दुई आश्रित बालबालिका छन्। वि.सं. २०२९ सालमा निर्माण कारागार भवन जीर्ण छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

जुगार गाविस-२ का काशीराम डाँगी, छमन डाँगी, कर्मा डाँगी, तेजकुमारी डाँगी, दीपा वली, ठाकुरप्रसाद वली, पुष्कर केसी, वीरबल खत्री, हिमलाल वली र पिमा डाँगीलाई २०७१ चैत १० गते मोटर बाटो खन्ने विषयमा ठेकेदारसँग विवाद गरेको भन्दै सई टेकराज भण्डारी नेतृत्वको प्रहरी टोलीले कुटपिट गरेको आरोप लाग्यो। बाटो खन्ने विषयमा भएको विवाद मिलाउन गएको प्रहरीले गैरा सामुदायिक वन उपभोक्ता समूहका उपभोक्तालाई कुटपिट गरेको भन्दै चैत ११ गते सामुदायिक वन उपभोक्ता महासङ्घ रोल्पाले प्रेस विज्ञप्तिमार्फत आरोपित प्रहरीलाई कारबाहीको माग गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २१ र फौजदारी ५९ थान छन्। फैसला हुन बाँकी दुई वर्षभन्दा पुरानो देवानी मुद्दा एक थान छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७५ प्रावि, ८३ निमावि, ६६ मावि र उच्च मावि ११ छन्। जिल्लामा १ हजार ४६ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ३६ हजार ३ सय ७८ जना बालक र ३८ हजार ३ सय ६९ जना बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले ६ हजार ६ सय ३८ बालक र ६ हजार ८ सय ८७ बालिकालाई दलित छात्रवृत्ति दियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ६१ करोड ४२ लाख ५५ हजार रहेको छ।

यो वर्ष एक नवजात शिशुको हत्या भयो। गत वर्ष पनि एक नवजात शिशुको हत्या भएको थियो भने अन्य चार जना बालबालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	पुरुष	जम्मा
नवजात शिशुको हत्या	१	१
जम्मा	१	१

हत्या प्रयास

सिर्प गाविस-१ की १५ वर्षीया साउनी पुनलाई २०७१ चैत ३ गते राति घरमा सुतिरहेका बेला सोही ठाउँका ४८ वर्षीया गोठे सार्कीले धारिलो हतियार प्रहार गरी हत्या प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा चैत ६ गते उजुरी दिए। गालामुनि चोट लागेकी घाइतेको आठ टाँका लगाउनुपरेको थियो। घाइतेको उपचार प्राथमिक उपचार केन्द्र सुलिचौरमा भयो। उजुरीकै दिन गिरफ्तार गोठेलाई अदालतले २०७२ जेठ २६ गते सात वर्ष कैद सजायको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ९१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४०, खान/लाउन नदिएको १४, विवाह दर्ता तथा नागरिकता नबनाएको ६, बहुविवाह गरी हेला गरेको १०, मार्ने धक्की दिइएका १९ र बोक्सी आरोप लगाइएका दुई ओटा छन्। तीमध्ये ८३ घटनामा प्रहरीले मिलापत्र गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
घरेलु हिंसा	४३	४३
जम्मा	४८	४८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष दुई जना महिला बलात्कार र बलात्कार प्रयास घटनाबाट पीडित भए भने गत वर्ष पनि दुई जना महिला नै पीडित भएका थिए। यस वर्ष घर परिवारबाट दुई जना महिलाको हत्या भएकोमा एक घटनामा अदालतले आरोपितलाई दोषी ठहर गर्दै २० वर्ष कैद फैसला गरेको पाइयो । गत वर्ष पनि घरपरिवाबाट एक महिलाको हत्या भएको थियो।

२२ वर्षीया महिलालाई २०७२ जेठ ३ देखि जेठ ७ गतेसम्म गैरीगाउँ गाविस-५ का ३४ वर्षीय झकास भनिने गोपाल बुढाले आफ्नै घरमा बन्धक बनाइ बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जेठ २३ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण

नेत्र विक्रम चन्द (विलप्व) नेतृत्वको नेकपा माओवादीले झण्डा गाडेर कब्जा गरेको हरिभक्त खड्को जग्गा

जिल्ला अस्पताल रेउघामा भयो। जेठ २४ गते प्रहरीले गोपालसँगै बलात्कार गराउन सहयोग गरेको आरोपमा कोटगाउँ गाविस-४ की २६ वर्षीया जर्सीमाली सुनारलाई गिरफ्तार गऱ्यो। जर्सीमालीले पीडितलाई जेठ ३ गते मोबाइल किनिदिन्छु भनी लिवाङ बजार ल्याई मोबाइल किनिदिने दाइ उहाँ नै हो भनी झकाससँग भेट गराई तिला बजारसम्म पुऱ्याउन सहयोग गरेको पीडितको उजुरीमा छ। गोपालले अन्य अपरिचित दुई जनालाई समेत बलात्कार गर्न लगाएको र कसैलाई भने मार्ने धम्की दिएको पीडितले बताइन्। अन्य आरोपित भने फरार रहे। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

अरेश गाविस-६ की ५१ वर्षीया रमी रोकालाई २०७२ कात्तिक १२ गते राति घरायसी विषयमा विवाद गरेको निहुँमा ५८ वर्षीय पति टकबहादुर रोकाले टाउकोमा हँसिया प्रहार गरी हत्या गरेको भन्दै आरोपितलाई प्रहरीले कात्तिक १५ गते गिरफ्तार गऱ्यो। अदालतले टकबहादुरलाई कात्तिक १६ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म फैसला भएको छैन। शवको कात्तिक १४ गते जिल्ला अस्पतालमा पोष्टमार्टम भयो।

ह्वामा गाविस-८ की २९ वर्षीया जसमता बाँठालाई २०७१ माघ १६ गते सोही ठाउँस्थित जेठाजुको घरमा बसिरहेका बेला आफ्नो घरमा नबसेको आरोपमा ३३ वर्षीय पति श्यामबहादुर बाँठाले बन्दूक प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पतिले पटकपटक कुटपिट गर्न थालेपछि पीडित २०७१ साउनदेखि जेठाजु मेगबहादुर बाँठाको घरमा बस्दै आएकी थिइन। श्यामलाई अदालतले २०७२ जेठ ५ गते २० वर्ष कैद सजाय फैसला गऱ्यो। शवको जिल्ला अस्पतालमा पोष्टमार्टम भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जग्गा कब्जा

जुगार गाविस-९ का ४० वर्षीय हरिभक्त खड्काले किर्ते कागज र छलकपट गरी छिमेकीको जग्गा आफ्नो नाममा गराएको भन्दै २०७१ चैत १६ गते करिब सय मुरी धान फल्ने जग्गा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले कब्जा गरे। डीएसपी रमेश थापाले जग्गाधनी जुगारमा बसोबास नगर्ने भएकाले स्थानीयबाट थप जानकारी लिने काम भइरहेको बताए।

स्वास्थ्य सेवाको अवस्था

रोल्पामा एक अस्पताल र ४९ स्वास्थ्य चौकी छन्। एक डाक्टर दरबन्दी रहेकामा त्यो पनि रिक्त छ। स्टाफ नर्सको चार दरबन्दीमध्ये तीन, अहेवका १ सय ५ दरबन्दीमध्ये ४०, अनमीको ६७ दरबन्दीमध्ये ६३ र हेल्थ असिस्टेन्टको २४ दरबन्दीमध्ये सात मात्र कार्यरत छन्। जिल्लाको वार्षिक बजेट १३ करोड ९० लाख ३६ हजार रुपियाँ रहेकोमा प्रशासनिक खर्च ७ करोड ५९ लाख ५ हजार रुपियाँ रहेको छ भने औषधी खर्च २६ लाख रुपियाँ रहेको जिल्ला जनस्वास्थय कार्यालयले जनायो।

४.४ सल्यान



जम्मा जनसङ्ख्या
२४२४४४

महिला
१२६४७५

परिवार सङ्ख्या
४६५५६

खोलाको पानी पिउने परिवार
२०२३

शौचालय नभएका परिवार
३२५४५

कामका लागि बाहिरिएका
१४२१३

सबभन्दा बढी जनसङ्ख्या
१३८२०५ (क्षेत्री)

अपाङ्गता भएका
६२३३

५ वर्षमाथिको साक्षरता प्रतिशत
५०

सरकारी विद्यालय
४८१

सल्यानको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा खासै सुधार भएन। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा ६५ महिलासहित ७२ जना पीडित भएका थिए भने सन् २०१५ मा ७६ महिलासहित ७५ जना पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला र बाल अधिकारका घटना बढी भए। यस वर्ष एक महिने बालकको सौतेनी आमाबाट हत्या भएको ठहर गर्दै अदालतले सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो। दुई बालिका बलात्कार घटनाबाट पीडित भए भने एक बालिका शिक्षकबाट कुटिइन्। एक महिला कथित बोक्सीको आरोपमा अमानवीय व्यवहारबाट पीडित हुनुपऱ्यो भने घरेलु हिंसाबाट ५७ महिला पीडित भए। सीमाङ्कनविरूद्ध भएको आन्दोलनका क्रममा दुई हप्तासम्म जिल्लाको जनजीवन पूर्णरूपमा प्रभावित भयो।

कारागार र बन्दी

घ श्रेणीको जिल्ला कारागारको क्षमता २० जनाको छ। तर ७४ कैद तोकिएको र आठ कैद नतोकिएको गरी ८२ जना बन्दी छन्। दुई आश्रित बालबालिका छन्। बढी मानिस भएकाले भुइँमा सुत्नुपर्ने अवस्था छ। डेढ सय वर्षअघि घोडा बाँध्न बनाइएको भवन कारागारका रूपमा प्रयोग भएकाले जीर्ण बनेको छ। पिउने पानीको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २७ र फौजदारी ३४ थान छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५	१	६
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		१	१
महिलाअधिकार	७०		७०
जातीय विभेद	१	१	२
जम्मा	७६	३	७९

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ५३ प्रावि, १ सय ६४ निमावि, ४८ मावि र २४ उच्च मावि छन्। जिल्लामा २ हजार १ सय ५१ शिक्षक दरबन्दी रहेकामा २ हजार १ सय २१ कार्यरत छन्। यो वर्ष ५ हजार ५ सय ७७ बालक र ५ हजार ९ सय २३ बालिका भर्ना भए। ७ हजार ५ सय ७८ बालक र ७ हजार १ सय १ बालिकालाई दलित छात्रवृत्ति प्रदान गरियो। जिल्ला

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	१		१
बलात्कार	३		३
नवजात शिशुको हत्या	१	१	३
विद्यालयमा शारीरिक सजाय	१		१
जम्मा	५	१	६

शिक्षा कार्यालयको वार्षिक बजेट ८९ करोड ३३ लाख ९० हजार ५ सय १६ रुपियाँ छ भने प्रशासनिक खर्च ७० लाख ५७ हजार रुपियाँ छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यस वर्ष बालिका बलात्कारका दुई घटना भए। १७ वर्षीया बालिकालाई पढ्न जान्छु भनेको आरोपमा पतिले कुटपिट गरी घर निकाला गरे। पीडितले सम्बन्ध बिच्छेदको मुद्दा दिए पनि फैसला भएको छैन।

१६ वर्षीया बालिकालाई २०७२ मङ्सिर १ गते बिहान घरमा सुतिरहेको अवस्थामा ३८ वर्षीय बाबुले बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा सोही दिन उजुरी दिइन्। आरोपित सोही दिन गिरफ्तार भए। आरोपितलाई पुर्पक्षका लागि मङ्सिर २४ गते कारागार चलान गरिएकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै ६९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका १५, खान/लाउन नदिएको १५, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, बहुविवाह गरी हेला गरेको १० उजुरी छन् भने सामान्य झगडाका २४ घटना दर्ता भए। तीमध्ये ६७ घटनामा प्रहरीले मिलापत्र गरायो भने दुई उजुरी छलफलका क्रममा छन्।

यो वर्ष कथित बोक्सीको आरोपमा एक, बहुविवाहबाट ११ र बेचबिखनबाट एक महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बहुविवाह	११	११
महिला बेचबिखन	१	१
घरेलु हिंसा	५७	५७
जम्मा	७०	७०

बेचबिखन तथा ओसारपसार

शिवरथ गाविस-२ की २५ वर्षीया महिला र सोही ठाउँकी १६ वर्षीया बालिकालाई २०७२ असोज १८ गते बेच्न लगेको भन्दै प्रहरीले सोही गाविस-१ की ३० वर्षीया मनकली विक, दाङको तुलसीपुर नपा-६ का ३३ वर्षीय श्याम पुन र उनकी २२ वर्षीया पत्नी निलम पुनलाई असोज १९ गते गिरफ्तार गऱ्यो। घटनामा संलग्न भनिएका ज्याङ्गो भनेर चिनिने दाङका अर्जुन नेपाली फरार रहे भने अन्य तीन जनालाई असोज २४ गते थुनामा राखियो। पीडित बालिका र महिलालाई विवाह गर्ने र जागिर लगाइदिन्छु भन्दै काठमाडौं लगिरहेको अवस्थामा असोज १८ गते काठमाडौंबाट उद्धार गरेको प्रहरीले जनायो। दुई दिनपछि विवाह गर्छु भन्दै काठमाडौं लगेको र थानकोटको एक घरमा नजरबन्द गराएको अवस्थामा प्रहरीले फेला पारेको थियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जग्गा कब्जा

भल्चौर गाविस-६ का ४० वर्षीय धनबहादुर थापाको १२ रोपनी जग्गा २०७२ मङ्सिर २६ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले कब्जा गरे। कब्जा गरिएको जग्गा स्थानीय कालिका निमाविलाई हस्तान्तरण गरिएको जिल्ला सेक्रेटरी डिल्लीराज शर्मा (विश्व) ले बताए।

स्वास्थ्य सेवाको अवस्था

सल्यानमा एक अस्पताल, ४५ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। पाँच डाक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। निकसाइमन कार्यक्रमअन्तर्गत दुई डाक्टर पनि कार्यरत छन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये पाँच, ल्याब असिस्टेन्टका ६ दरबन्दीमध्ये तीन, अहेवका ९८ दरबन्दीमध्ये ६९, अनमीको ८९ दरबन्दीमध्ये ६० र हेल्थ असिस्टेन्टका ५० दरबन्दीमध्ये १५ कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड ३५ लाख ३९ हजार रुपियाँ छ। त्यसमध्ये ४ करोड ४८ लाख ९८ हजार रुपियाँ प्रशासनिक खर्च र ४८ लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।

५.५ रूकुम



जम्मा जनसङ्ख्या
२०८५६७

महिला
१०५४०८

परिवार सङ्ख्या
४१८५६

खोलाको पानी पिउने परिवार
११२१

शौचालय नभएका परिवार
२७३४५

कामका लागि बाहिरिएका
१३०५१

सबभन्दा बढी जनसङ्ख्या
५३८५७ (क्षेत्री)

अपाङ्गता भएका
५५२२

५ वर्षमाथिको साक्षरता प्रतिशत
८७.५७

सरकारी विद्यालय
३५५

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	२	३
बालअधिकार				४		४
महिलाअधिकार				३१		३१
भेला/सङ्गठित हुने अधिकार	२	३	५			
गिरफ्तारी/यातना		६	६			
हत्या				१		१
जम्मा	२	१०	१२	३६	२	३९

रुकुमको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा १२ महिला पीडित भएका थिए भने सन् २०१५ मा २५ महिलासहित ४१ जना पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यस वर्ष २३ दिनकी सुत्केरी महिलाको पतिबाटै हत्या भयो। बालअधिकार उल्लङ्घनबाट चार बालिका पीडित भए जसमध्ये तीन बालिका बलात्कृत भए। सन् २०१४ मा पाँच बालिका पीडित भएका थिए। यस वर्ष दुई महिला बेचविखन तथा ओसारपसारबाट पीडित भए। यस वर्ष राज्य पक्षबाट गिरफ्तारी र यातनामा सात र अभिव्यक्ति स्वतन्त्रताबाट पाँच जना गरी १२ जना पीडित भए।

सिङ्गो रुकुमलाई प्रदेश नम्बर पाँचमा राख्न माग गर्दै साउन २४ गतेबाट रुकुममा सुरु भएको आन्दोलन भदौ ८ गते सरकारले आयोग गठन गरी समस्या समाधान गर्ने आश्वासन दिएपछि रोकियो। आन्दोलन हिंसात्मक बन्दै गएको भन्दै स्थानीय प्रशासनले भदौ ६ देखि एक महिना जिल्ला सदरमुकाम वरपर निषेधाज्ञा जारी गऱ्यो।

कारागार र बन्दी

घ श्रेणीको जिल्ला कारागारको क्षमता २४ जनाको छ। तर ६९ कैद तोकिएको र १० कैद नतोकिएको गरी ७९ जना बन्दी छन्। दुई आश्रित बालबालिका छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सिङ्गो रुकुमलाई प्रदेश नम्बर पाँचमा राख्न माग गर्ने आन्दोलनकारी र प्रहरीबीच २०७२ भदौ ७ गते मुसिकोट नपा-१ स्थित कालिका मन्दिरनजिक झडप भयो। त्यस क्रममा प्रदर्शकारीकारीतर्फ मुसिकोट नपा-१० की ३२ वर्षीया दीपा पाण्डे, सोही ठाउँकी ३५ वर्षीया ईश्वरी पुन, स्यालेपाखा गाविस-९ का ५० वर्षीया दरीभान रावल, मुसिकोट नपा-१० का १८

रुकुमलाई प्रदेश नम्बर पाँचमा राख्न माग गर्दै गरिएको प्रदर्शनमा प्रहरीको लाठीचार्जबाट घाइते दीपा पाण्डे

वर्षीय चन्द्रबहादुर केसी, दुली गाविस-५ का १८ वर्षीय झलक सुनारलगायत नौ जना र प्रहरीतर्फ प्रहरी हवल्दार ३२ वर्षीय राजेन्द्र बिक, प्रहरी जवान २८ वर्षीय गगन सुनार र २९ वर्षीया लक्ष्मी बस्नेतलगायत १२ जना घाइते भए। भदौ ८ गते सरकारले आयोग गठन गरी समस्या समाधान गर्ने आश्वासन दिएपछि आन्दोलन रोकिएको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीश कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६४ र फौजदारी ५३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५५ प्रावि, ६५ निमावि र ५७ मावि छन्। जिल्लामा १ हजार ५ सय १३ शिक्षक दरबन्दी रहेकामा १ हजार ९ कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ६८ करोड रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	३	३
जम्मा	४	४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यस वर्ष तीन बालिका बलात्कार घटनाबाट पीडित भए। बाल विवाहको एक घटना भयो। बालिका बलात्कारमा १४ वर्षीय बालकसमेत संलग्न रहे।

१४ वर्षीया बालिकालाई २०७२ साउन २ गते बाख्रा चराउन जङ्गल गएका बेला कोटजहारी गाविस-९ का १४ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा साउन ४ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चौरजहारी मिसन अस्पतालमा भयो। साउन ४ गते गिरफ्तार बालकलाई अदालतले मङ्सिर ६ गते पाँच वर्ष कैद र पीडितलाई ४० हजार रुपियाँ भराउने फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै १ सय ६४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ७२, खान/लाउन नदिएको १६, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको २४, बहुविवाह गरी हेला गरेको ४१, मार्ने धम्की दिएको १०, बोक्सीको आरोप लगाइएको एक घटना थिए। तीमध्ये प्रहरीले १ सय १९ घटनामा मिलापत्र गरायो भने सात उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बलात्कारको प्रयास	१	१
बहुविवाह	५	५
महिला बेचबिखन	३	३
घरेलु हिंसा	१०	१०
जम्मा	३१	३१

बेचबिखन तथा ओसारपसार

यस वर्ष बेचबिखन तथा ओसारपसारबाट दुई महिला पीडित भए। दुवै घटनाका पीडितले प्रहरीमा उजुरी दिए पनि फैसला भने भएका छैनन्।

१८ वर्षीया महिलालाई २०७२ भदौ २७ गते गोतामकोट गाविस-३ का २० वर्षीय लालबहादुर बिष्टले रुकुमबाट नेपालगञ्ज जाउँ भनी बेच्न भारत लगेको भन्दै पीडितले प्रहरीमा असोज १७ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण भएन। आरोपितलाई नेपालगञ्जस्थित केआइ नेपाल नामक संस्थाले असोज २ गते बाँके प्रहरीको जिम्मा लगायो। अदालतले उनलाई असोज २१ गते थुन्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष चार जना महिला बलात्कारका घटनाबाट पीडित भए। गत वर्ष एक जना महिला बलात्कार घटनाबाट पीडित भएकी थिइन्। यस वर्ष भएका बलात्कारका दुई घटनामा अदालतले फैसला गरेको पाइयो। यस वर्ष २३ दिनकी सुत्केरी एक महिलाको पतिबाट हत्या भयो भने गत वर्ष तीन जना महिलाको घरपरिवारबाट हत्या भएको थियो। यस वर्ष बहुविवाहबाट पाँच र बेचबिखनबाट दुई जना महिला पीडित भए।

१८ वर्षीया महिलालाई २०७२ वैशाख २१ गते चौरजहारी विमानस्थलबाट घर जाँदै गरेको अवस्थामा सल्यान, कालागाउँ गाविस-४ का २५ वर्षीय रुद्र बस्नेतले विजयश्वरी गाविस-९ अमलाचौरमा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा वैशाख २२ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चौरजहारी मिसन अस्पतालमा भयो। वैशाख २९ गते गिरफ्तार रुद्रलाई अदालतले असार ३ गते पाँच वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई भराउने फैसला गऱ्यो।

परिवारजनबाट हत्या

विजयश्वरी गाविस-९ की १९ वर्षीया (तेइस दिनकी सुत्केरी) कमला बुढालाई २०७२ असार २१ गते अर्कैको छोरा जन्माएको भन्दै २६ वर्षीय पति छविलाल बिष्टले दाउराले प्रहार गर्दा टाउकोमा चोट लागेकी उनको उपचारका क्रममा चौरजहारी मिसन अस्पतालमा सोही दिन मृत्यु भयो। आठ महिनामा छोरा जन्मेपछि 'यो मेरो होइन, कसको जन्माइस्' भन्दै केही दिनदेखि पत्नीलाई तनाव दिँदै आएको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। असार २३ गते गिरफ्तार छविलाललाई अदालतले मङ्सिर १३ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

सिङ्गो रुकुमलाई प्रदेश नम्बर पाँचमा राख्न माग गर्दै आएका आन्दोलनकारीले प्रहरीले आफूहरूलाई दमन गरेको भन्दै २०७२ भदौ ७ गते मुसिकोट नपा-१ पुष्पलाल चोकमा रहेको प्रहरी बिट जलाए। यही कारण केही दिन प्रहरीले सो स्थानमा प्रहरीसमेत खटाउन सकेन।

स्वास्थ्य सेवाको अवस्था

रुकुममा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४१ स्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। जिल्लामा एक स्त्री रोग विशेषज्ञ छन्। स्टाफ नर्सको ६ दरबन्दीमध्ये चार, ल्याब असिस्टेन्टका तीन दरबन्दीमध्ये एक, अहेवका ५० दरबन्दीमध्ये ४८, हेल्थ असिस्टेन्टको १५ दरबन्दीमध्ये १२ कार्यरत छन्। अनमीको दुई दरबन्दी रहेकोमा १५ कार्यरत छन्।

४.६ बाँके



जम्मा जनसङ्ख्या
४९१३१३

महिला
२४७०५८

परिवार सङ्ख्या
९४७७३

खोलाको पानी पिउने परिवार
८६

शौचालय नभएका परिवार
४८९९६

कामका लागि बाहिरिएका
२१३५५

सबभन्दा बढी जनसङ्ख्या
९३२९८ (मुस्लिम)

अपाङ्गता भएका
७४६८

५ वर्षमाथिको साक्षरता प्रतिशत
९१

सरकारी विद्यालय
४५२

बाँकेमा गत वर्षको तुलनामा सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटना बढी भए। सन् २०१४ को मानव अधिकार उल्लङ्घनबाट ७५ महिलासहित १ सय ३ जना पीडित भएकामा यो वर्ष १ सय २३ महिलासहित १ सय ९८ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट गिरफ्तारी, यातना, अभिव्यक्ति स्वतन्त्रता र धम्कीका घटनामा ६ महिलासहित ५२ जना पीडित भए।

जिल्लामा सीमाङ्कनविरुद्ध भएको आन्दोलनका क्रममा मधेसी मोर्चाका कार्यकर्ताको ढुङ्गा प्रहारबाट एक युवकको मृत्यु भयो। आन्दोलनकारीसँगको झडपमा प्रहरीले तीन महिलासमेत १५ जनालाई गिरफ्तार गऱ्यो। बेवारिसे विष्फोटक पदार्थबाट एक बालकको मृत्यु तथा एक बालक घाइते भए। आफूअनुकूल समाचार प्रकाशन नगरेको आरोपमा पाँच सञ्चारकर्मी गैरराज्य पक्षबाट पीडित भए भने चार सुरक्षाकर्मीबाट घाइते भए। कान्तिपुर, नागरिक, अन्नपूर्ण पोस्ट र दैनिक नेपालगञ्ज पत्रिकामा एकतर्फी समाचार प्रकाशित भएको भन्दै मधेसी मोर्चाका कार्यकर्ताले जलाए।

जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलासमेत पाँच जनाको हत्या भएकोमा यो वर्ष परिवारबाटै एक महिलासहित चारको हत्या भयो। बाल अधिकार उल्लङ्घनबाट १३ बालिका र एक बालक पीडित भए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते					१३		१३
बालअधिकार				१३	१		१४
अमानवीय व्यवहार					३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१		३
महिलाअधिकार				१०१			१०१
भेला/सङ्गठित हुने अधिकार	३	२३	२६				
गिरफ्तारी/यातना	३	१६	१९				
कुटपिट		४	४	१	६		७
धम्की		३	३		३		३
हत्या				१	२	१	४
जम्मा	६	४६	५२	११७	३८	१	१४६

संयुक्त थरुहट-मधेसी मोर्चाका कार्यकर्ताले चार ओटा एम्बुलेन्स तोडफोड गरे भने १५ ओटा सवारी साधन तोडफोड गरे ।

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

गैरराज्यपक्षबाट

नौबस्ता गाविस-२ का २२ वर्षीय करणसिंह ठकुरीको २०७२ भदौ १८ गते भे ५ प ४२५० नम्बरको मोटरसाइकलमा नेपालगञ्जबाट कोहलपुर गइरहेको अवस्थामा गनापुर गाविस-७ पिप्रहवा चोक नजिक मधेसी मोर्चाका कार्यकर्ताको ढुङ्गा प्रहारबाट मृत्यु भएको प्रहरीले जनायो। मृतकको भदौ १९ गते भेरी अञ्चल अस्पतालमा पोष्टमार्टम भयो। ढुङ्गा प्रहारबाट करणसँगै रहेका सोही ठाँउका २३ वर्षीय विनोद शाही घाइते भए। घाइतेको मेडिकल कलेज कोहलपुरमा उपचार भयो। दोषीलाई कारबाहीको माग गर्दै भदौ १९ गतेबाट आन्दोलनमा उत्रेका मृतकका परिवारले आरोपितलाई मुद्दा चलाएपछि भदौ २१ गते शव बुझे। यो मृत्यु मोटरसाइकल दुर्घटनामा भएको मधेसी मोर्चाले दाबी गऱ्यो। घटनामा संलग्न रहेको आरोपमा भदौ १८ गते गिरफ्तार गनापुर गाविस-२ का शिवशङ्कर भाटलाई अदालतले २०७२ असोज ६ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

गोली/विष्फोटक पदार्थद्वारा मृत्यु

गैरराज्यपक्षबाट

बैजापुर गाविस-६ का ५ वर्षीय सुचन थारूको २०७२ असार ९ गते घरनजिक राप्ती नदीको छेउमा भेटिएको इलेक्ट्रोनिक डेटोनेटर घरमा लगेर खेल्ने क्रममा विष्फोट भएपछि घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो। सो डेटोनेटर राप्ती नदीमा माछा मार्न प्रयोग गर्नेहरूले लुकाएर राखेको अनुमान प्रहरीको रहयो। शवको पोष्टमार्टम असार १० गते भेरी अञ्चल अस्पतालमा भयो।

मधेसी मोर्चाका कार्यकर्ताको ढुङ्गा प्रहारबाट मृत्यु भएका करनसिंह ठकुरी

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५० जनाको छ। तर ४ सय ८ कैद तोकिएको र १ सय ५१ कैद नतोकिएको गरी ५ सय ५९ जना बन्दी छन्। जसमध्ये ५० जना महिला छन्। दुई बालक र १२ बालिका आश्रित छन्।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

नेपालगञ्ज उमनपा-१२ निवासी एमाओवादीका जिल्ला कमिटी सदस्य ४८ वर्षीय अधिवक्ता सुकइलाल बर्मालाई वैदेशिक रोजगारमा ठगी गरेको आरोपमा २०७२ वैशाख ८ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले ल फर्ममा काम गरिरहेका बेला कुटपिट गरे। टाउको र दुवै खुट्टाको घुँडामुनि चोट लागेका बर्मालाई ४-५ जनाको सङ्ख्यामा आएका उनीहरूले वैदेशिक रोजगारमा ठगी भएको विषयमा मुद्दा लेखाउने बहाना गर्दै आक्रमण गरेका थिए। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

कोहलपुर नपा-१९ निवासी पीपलबोट राष्ट्रिय दैनिकका प्रकाशक एवम् रेडियो कोहलपुर एफएमका स्टेसन म्यानेजर ३० वर्षीय चेतकान्त भट्टराईलाई २०७२ कात्तिक १४ गते कोहलपुरस्थित कनोडिया आयल स्टोरका सञ्चालक सञ्जय कनोडियालगायत व्यक्तिले जथाभावी पेट्रोल बाँडेको समाचार सार्वजनिक गरेको आरोपमा हातपात गरेको भन्दै पीडितले प्रहरीमा सोही दिन उजुरी दिए। कात्तिक १४ गते गिरफ्तार कनोडियालाई प्रहरीले कात्तिक १६ गते २ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

बाँकेमा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा तीन कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९ सय ७६ र फौजदारी ३ सय ७६ थान छन्। फैसला हुन बाँकी दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी २ सय ७२ र फौजदारी २२ थान छन्।

यसैगरी सात न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा सबै कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ९३ र फौजदारी ३ सय ६१ थान छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

बागेश्वरी गाविस-१ निवासी सगरमाथा टेलिभिजनका संवाददाता ३० वर्षीय तिलक गाउँले र बर्दिया, सोरहवा गाविस-७ घर भई माउन्टेन टेलिभिजन बाँकेका संवाददाता २४ वर्षीय क्षेत्रनाथ देवकोटालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्पर्क कार्यालय कोहलपुरले २०७१ माघ २३ गते नेपाल प्रहरीका सई सुमन खरेललाई घूससहित समातेको घटनाको फुटेज उपलब्ध नगराएको आरोपमा माघ २५ गते प्रहरीले मुद्दा दर्ता गऱ्यो। समाचारको विषयमा पत्रकारद्वयलाई सार्वजनिक मुद्दा लगाएको भन्दै नेपाल पत्रकार महासङ्घको अगुवाइमा अख्तियारको निर्देशनमा लगाइएको झुटा मुद्दा खारेज र मुद्दा लगाउने अधिकारीलाई निलम्बन गरी कारबाहीको माग गर्दै पत्रकारहरू फागुन १३ गतेदेखि आन्दोलित भए। मुद्दाका कारण फागुन १३ गतेदेखि विस्थापित पत्रकारद्वय फागुन २० गते मन्त्रिपरिषद्को आदेशमा जिल्ला न्यायाधिवक्ताको कार्यालयले मुद्दा खारेज गरेपछि कार्यक्षेत्र फर्किए।

मधेसी मोर्चाका कार्यकर्ताको ढुङ्गा प्रहारबाट घाइते सई देवीलाल घर्ती

नेपालगञ्ज उमनपा-१६ निवासी तमलोपाका जिल्ला अध्यक्ष ५८ वर्षीय गिरिजाप्रसाद पाठक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ मङ्सिर १६ गते नेपालगञ्ज रुपैडिया नाकामा भएको झडपमा प्रहरीको लाठीचार्जबाट घाइते भए। आन्दोलनकारीले दशगजा क्षेत्रबाट पेट्रोल बम, गुच्चा र ढुङ्गा प्रहार गरेको प्रहरीले जनायो।

मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ असोज ९ गते नेपालगञ्ज रूपैडिहा सीमा नाकामा भएको झडपमा नेपालगञ्ज उमनपा-६ निवासी सङ्घीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य ६६ वर्षीय जगदीशबहादुर सिंह, सोही उमनपा-१३ निवासी सङ्घीय समाजवादी फोरम नेपालकी जिल्ला अध्यक्ष २३ वर्षीया ममता बनियाँ, मधेसी मोर्चाका कार्यकर्ता नेपालगञ्ज उमनपा-२३ का ६२ वर्षीय अमृतलाल कुर्मी, ४८ वर्षीय रामसिंह सोनी र नेपालगञ्ज उमनपा-२२ का २४ वर्षीय जमिल शेख, सोही उमनपा-२० निवासी सङ्घीय समाजवादी फोरमका जिल्ला अध्यक्ष ४२ वर्षीय कमरुद्दिन राई, मधेसी मोर्चाका कार्यकर्ता २६ वर्षीय रङ्गीलाल लोनिया, ३१ वर्षीय रामधन कोरी घाइते भए। प्रहरीतर्फ ४० वर्षीय सई देवीलाल घर्तीमगर, ३३ वर्षीय हवल्दार सुरेश बस्याल, ३० वर्षीय प्रहरी जवान कलम बिक र २२ वर्षीय प्रहरी जवान कमल खनाल घाइते भए।

नेपालगञ्ज उमनपा-२० निवासी सङ्घीय समाजवादी फोरमका जिल्ला अध्यक्ष ४२ वर्षीय कमरुद्दिन राई, सोही ठाउँका सङ्घीय समाजवादी फोरमका केन्द्रीय सदस्य ३८ वर्षीय मो इस्तियाक राई, सोही उमनपा-१३ निवासी सङ्घीय समाजवादी फोरमका वरिष्ठ नेता ३५ वर्षीय कौशलकुमार मिश्र र सोही नपा-३ की सङ्घीय समाजवादी फोरमकी जिल्ला अध्यक्ष ३५ वर्षीया विन्दु खड्का २०७२ भदौ ६ गते त्रिभुवन चोकस्थित प्रहरी बिटमा आगजनी गरेको आरोपमा प्रहरीको लाठीचार्जबाट घाइते भए।

मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ भदौ ७ गते नेपालगञ्ज उपमनपा-१० त्रिभुवन चोकमा झडप भयो। झडपमा नेपालगञ्ज उमनपा-५ निवासी तमलोपाका केन्द्रीय सदस्य ६३ वर्षीय विजयकुमार गुप्ता, सोही उमनपा-७ का ५८ वर्षीय

प्रहरीको लाठीचार्जबाट घाइते क्रमशः नवीन बजगाईं बाँया, माधव थारु , ललित रौनियार र ममता बानिया

प्रहरीले सार्वजनिक मुद्दा लगाइएका पत्रकारद्वय क्षेत्रनाथ देवकोटा र तिलक गाँउले

बद्रुदुजा खान, सोही ठाउँ निवासी सङ्घीय समाजवादी फोरमका केन्द्रीय सदस्य ५६ वर्षीय अजय श्रीवास्तव, सोही उमनपा-५ निवासी तमलोपाका केन्द्रीय सदस्य ५६ वर्षीय पशुपतिदयाल मिश्रा, सोही उमनपा-१३ का ३५ वर्षीय कौशलकुमार मिश्रा, सोही उमनपा-७ का ४० वर्षीय रामकुमार दीक्षित, सोही उमनपा-१६ निवासी तमलोपका जिल्ला अध्यक्ष ५८ वर्षीय गिरिजाप्रसाद पाठक, कम्दी गाविस-४ का ५४ काम्ताप्रसाद सोनखर, नेपालगञ्ज उमनपा-३ का जनता दलका नेता ६० वर्षीय रविकान्त गुप्ता, नेपालगञ्ज उमनपा-२० निवासी सङ्घीय समाजवादी फोरमका जिल्ला सदस्य ३८ वर्षीय मोहम्मदरजा कवाडिया (बब्बुल) घाइते भए। झडपमा सशस्त्र प्रहरी जवान सर्वजीत थापा मगर र प्रहरी जवान रामप्रसाद चौधरी घाइते भए। सोही क्रममा रिपोर्टिङमा रहेका पत्रकारहरू नेपालगञ्ज उमनपा-९ का ३२ वर्षीय आरिफ अन्सारी, सोही उमनपा-४ का २६ वर्षीय आशीष गुप्ता, सोही उमनपा-१५ का २७ वर्षीय सुभाष गुप्ता र भवानियापुर गाविस-७ का २८ वर्षीय दिनेश ठाकुर प्रहरीबाट घाइते भए। प्रहरीले एउटा क्यामरासमेत खोसेको आरोप आशीषले लगाए।

नेपालगञ्ज उमनपा-२८ निवासी तमलोपाका जिल्ला उपाध्यक्ष ४३ वर्षीय ललित रौनियार र सोही उमनपा-२६ का २० वर्षीय रामकुमार यादव नेपालगञ्ज उमनपा-२६ राँझामा बन्द गराउँदै हिँडेको आरोपमा २०७२ भदौ १८ गते प्रहरीको लाठीचार्जबाट घाइते भए। उनीहरूको टाउको र पिठ्युँमा चोट लाग्यो।

गिरफ्तारी तथा यातना

नेपालगञ्ज उमनपा-२ निवासी दैनिक नेपालगञ्जमा कार्यरत २९ वर्षीय देवेन्द्रराज पौडेललाई २०७२ असार १५ गते राति कार्यालयबाट पत्रिकाको काम सकेर प्रकाशनका लागि छापाखाना जाँदै गरेका बेला प्रहरीले परिचयपत्र र मास्टरप्लेट देखाँउदासमेत गिरफ्तार गरेकामा सोही दिन राति रिहा गऱ्यो। नेपाल पत्रकार महासङ्घ, बाँके शाखाले असार १६ गते प्रेस विज्ञप्ति प्रकाशन गरी घटनाप्रति विरोध जनायो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८८ प्रावि, १ सय ३ निमावि, ८७ मावि र उच्च मावि ४९ छन्। १ हजार ७ सय ६४ शिक्षक दरबन्दी रहेकामा १ हजार ७ सय ४१ कार्यरत छन्। यो वर्ष ५० हजार ६ सय १७ बालक र ३१ हजार ७ सय ८१ बालिका भर्ना भए। अपाङ्गमैत्री विद्यालय २ सय ५१ छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ३२ करोड ३२ लाख ११ हजार रुपियाँ र प्रशासनिक खर्च ३ करोड ७३ लाख ८४ हजार रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	१	१	३
बालविवाह	१		१
बलात्कार	८		८
यौन दुर्व्यवहार	३		३
जम्मा	१३	१	१४

यो वर्ष चार वर्षदेखि माथिका आठ बालिका बलात्कार घटनाबाट पीडित भए। बलात्कार आरोपितमा ७८ वर्षीय वृद्धसमेत रहे। ११ दिने नवजात शिशुलाई आमाले बेवारिसे छाडेको पाइयो। एमाओवादीसहितको ३० दलीय मोर्चा र संयुक्त थरुहट मधेस सङ्घर्ष समितिले आह्वान गरेको बन्दका कारण बालबालिकाको पठनपाठन प्रभावित भयो। बालविवाहको एक घटना भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई २०७१ फागुन ९ गते चिसापानी गाविस-१ का ७८ वर्षीय काल्चु दमाईले मिठाइको प्रलोभन देखाएर बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन १० गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते भेरी अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार काल्चुलाई अदालतले २०७२ जेठ २१ गते ६ वर्ष कैद सजायको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै २ सय ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका १ सय ८०, खान/लाउन नदिएको ७७, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, बहुविवाह गरी हेला गरेको तीन उजुरी छन्। तीमध्ये २ सय ४४ ओटामा प्रहरीले मिलापत्र गरायो भने २१ उजुरी कानुनी प्रक्रियामा छन्।

बेचबिखन तथा ओसारपसार

रुकुम जिल्ला घर भएकी १८ वर्षीया

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोपमा	१	१
बलात्कार	७	७
बलात्कारको प्रयास	४	४
बहुविवाह	५	५
महिला बेचबिखन	३	३
घरेलु हिंसा	८१	८१
यौन दुर्व्यवहार	१	१
जम्मा	१०१	१०१

महिलालाई २०७१ माघ १२ गते भारत लैजाँदै गरेको अवस्थामा दाङ, तुलसीपुर नपा-६ का २५ वर्षीय खेमराज बिकलाई जमुनाहा नाकाबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलालाई तीन दिन साथी संस्थाको सेल्टरमा राखेर आफन्तलाई जिम्मा लगायो। आरोपित बिकलाई अदालतले २०७१ फागुन ८ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष बलात्कारका सात, बलात्कार प्रयासका चार र यौन दुर्व्यवहार एक गरी १२ महिला पीडित भए। बलात्कार घटनाका दुई आरोपित फरार रहे।

२७ वर्षीया महिलालाई २०७१ फागुन ३० गते राति घरमा सुतिरहेको अवस्थामा कोहलपुर नपा-१२ का २५ वर्षीय अमर शाहीले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा चैत २ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते भेरी अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार अमरलाई अदालतले २०७२ असार १६ गते पाँच वर्ष कैद सजाय फैसला भयो।

बर्दिया, जमुनी गाविस-६ घर भई नेपालगञ्ज उमनपा-१६ बस्दै आएकी २५ वर्षीया टीका शाही २०७१ चैत २ गते डेरामा मृत अवस्थामा फेला परेकामा मृतकका आफन्तले २६ वर्षीया गीता मल्लले हत्या गरेको भन्दै प्रहरीमा चैत २ गते किटानी जाहेरी दिए। मल्ल र शाहीको चैत १ गते नेपालगञ्जस्थित बागेश्वरी मन्दिरमा समलिङ्गी विवाह भएको थियो। सोही दिन गिरफ्तार गीतालाई अदालतले चैत २७ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या

नेपालगञ्ज उमनपा-१ की ३७ वर्षीया बदली काधुलाई २०७२ मङ्सिर १५ गते जमिन बिक्री गर्न नदिएको आरोपमा ३८ वर्षीय पति रामसागर काधुले दाउराले प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले प्रहरीमा मङ्सिर १६ गते उजुरी दिए। सोही दिन गिरफ्तार काधुलाई अदालतले पुस १३ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

नेपालगञ्ज-कोहलपुर सडक खण्डमा पर्ने गोल्छा समूहको जग्गा २०७१ माघ २० गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादीले झण्डा गाडेर कब्जा गऱ्यो। जग्गा कब्जा घोषणापछि प्रहरीले त्यहाँ टाँगिएको ब्यानर र झण्डा नियन्त्रणमा लिएको जनायो।

स्वास्थ्य सेवाको अवस्था

बाँकेमा एक अञ्चल अस्पताल, ४४ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा तीन डाक्टरको दरबन्दी रहे पनि सबै रिक्त छ। स्टाफ नर्सको तीन दरबन्दीमध्ये दुई, ल्याब असिस्टेन्टका सात दरबन्दीमध्ये ६, अहेवका १ सय ४८ दरबन्दीमध्ये १ सय ९, अनमीको ९३ दरबन्दीमध्ये ८२ र हेल्थ असिस्टेन्टको ४५ दरबन्दीमध्ये २५ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ५७ लाख १४ हजार रुपियाँ छ। त्यसमध्ये ११ करोड रुपियाँ प्रशासनिक खर्चका लागि र ५५ लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.७ बर्दिया



जम्मा जनसङ्ख्या
४२६५७६

महिला
२२१४५६

परिवार सङ्ख्या
८३१६७

खोलाको पानी पिउने परिवार
१०३

शौचालय नभएका परिवार
४२६८३

कामका लागि बाहिरिएका
२५०४४

सबभन्दा बढी जनसङ्ख्या
२२६०८५ (थारू)

अपाङ्गता भएका
८१५७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

सरकारी विद्यालय
३८०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	५	६
बालअधिकार				२८	३	३०
अमानवीय व्यवहार				१		१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार					१	१
महिलाअधिकार				५२		५२
भेला/सङ्गठित हुने अधिकार	८	८	१६			
कुटपिट		२	२			
धम्की					१	१
हत्या				१	१	२
जम्मा	८	१०	१८	८२	११	९३

बर्दियाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१४ को मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ८४ महिलासहित १ सय ५७ जना पीडित भएका थिए भने सन् २०१५ मा ५० महिलासहित १ सय ११ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा आठ महिलासमेत १८ जना पीडित भए। नयाँ संविधानमा उल्लेख सीमाङ्कनको विषयमा असहमति जनाउँदै आन्दोलनरत थारुहट संयुक्त सङ्घर्ष समिति, संयुक्त मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच भएका झडपमा १७ आन्दोलनकारी र ५ प्रहरी घाइते भए। थरुहटका कार्यकर्ता र प्रहरीबीच भएको झडपमा एक प्रहरीको मृत्यु भयो। गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै एक महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १६ बालिका बलात्कारका घटनाबाट पीडित भए भने चार जना यौन दुर्व्यवहारमा परे। त्यसैगरी शारीरिक दण्ड सजायबाट तीन, बेचबिखनबाट चार र बालविवाहबाट तीन जना पीडित भए। प्रदेश सीमाङ्कन समेतको विषयमा आन्दोलनमा सहभागी प्रदर्शनकारीले पाँच सवारी साधन तोडफोड गरे। लगातारको बन्दका कारण पठनपाठन प्रभावित भयो। पढ्न पाउनुपर्ने माग गर्दै बालबालिकाहरूले सडकमा प्रदर्शन गरे।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

दाङको लालमटिया गाविस-२ घर भई इलाका प्रहरी कार्यालय मैनापोखरमा कार्यरत ४० वर्षीय प्रहरी हवल्दार देवबहादुर पाण्डे २०७२ भदौ १८ गते मैनापोखर गाविस-६ स्थित नेपालगञ्ज गुलरिया हुलाकी सडकमा थरुहट/थारुवान सङ्घर्ष समितिका कार्यकर्ताले नियन्त्रणमा लिएका बस छुटाउने क्रममा झडप हुँदा गोली लागी घाइते भए। दायाँ खुट्टाको तिघ्रामा गोली लागेका घाइतेको उपचारका लागि

नेपालगञ्ज मेडिकल कलेज लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। घटनास्थलनजिकको मकैबारीबाट आन्दोलनकारीले प्रहार गरेको गोलीबाट उनको मृत्यु भएको डिआइजी केशव अधिकारीले भदौ १८ गते नेपालगञ्जको पत्रकार सम्मेलनमा बताए। थरुहट/थारुवान सङ्घर्ष समिति बर्दियाका संयोजक गोविन्दप्रसाद थारूले भने उक्त हत्यामा आफूहरूको संलग्नता नभएको बताए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले मैनापोखर गाविस-८ का ४५ वर्षीय रामहर्ष थारू, सोही ठाउँका ३४ वर्षीय रामनरेश थारू र सोही गाविस-२ का २५ वर्षीय अविनाश थारूलाई भदौ १८ गते गिरफ्तार गरेकामा बोलाएका बेला आउने सर्तमा भदौ २० गते रिहा गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले भदौ २० गते जिल्ला प्रहरी कार्यालयसँग मैनापोखर घटनाको प्रतिवेदन माग गरे पनि प्रहरीले उपलब्ध गराएन। शवको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा पोष्टमार्टम भयो। मृतकका परिवारलाई सरकारले १० लाख रुपियाँ राहत उपलब्ध गरायो।

सोही दिन गुलरिया नपा-८ निवासी बर्दिया नागरिक समाज सञ्जालका संयोजक ४६ वर्षीय बालकृष्ण ओलीलाई थरुहटका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा मोटरसाइकलको हावा खोल्दै दुर्व्यवहार गरे। आफू अनुकूलका समाचार प्रकाशन नभएको आरोपमा सो दिन मैनापोखर गाविसमा बन्दकर्ताले नागरिक दैनिक पत्रिका जलाए।

थरुहट/थारुवान सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा गोली लागी मृत्यु भएका प्रहरी हवल्दार देवबहादुर पाण्डे

समाचार लेखेको आरोपमा धम्की दिइएका पत्रकार कमल पन्थी

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

गुलरिया नपा-६ निवासी कान्तिपुर दैनिकका संवाददाता ५० वर्षीय कमल पन्थीलाई २०७२ असोज १५ गते 'थरुहटद्वारा नाकाबन्दीको विरोध' शीर्षकको समाचार लेखेको आरोपमा गुलरिया नपा-१३ का २६ वर्षीय मुकेश चौधरीले फेसबुकमा लेखेको एक स्ट्याटसमा जिउँदै जलाउने धम्की दिएको भन्दै पीडितले प्रहरीमा असोज १६ गते उजुरी दिए। सोही दिन गिरफ्तार चौधरीले प्रहरी कार्यालयमै पीडितसँग माफी माग्दै घटना दोहोरिए कानुनी प्रक्रिया अगाडि बढाउन आफू मञ्जुर भएको बताएपछि मिलापत्र भयो। नेपाल पत्रकार महासङ्घ बर्दियाले असोज १६ गते घटनाको विरोध गर्दै विज्ञप्ति जारी गऱ्यो।

गोली/विष्फोटक पदार्थद्वारा घाइते

गुलरिया नपा-११ का २८ वर्षीय रमेश लोध २०७१ चैत १४ गते गुलरिया नपा-११ चौगुर्जी मौजामा अवस्थित सीताराम गोडियाको खेतमा मसुरो काटिरहेको अवस्थामा भारतीय वनरक्षक युनुस मुन्सी र खडकसिंह दरोगाले नेपाली भूमिमा प्रवेश गरी गोली चलाउँदा घाइते भए। उनीहरूको निधार र कुममा गोलीको छर्रा लागेको थियो। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

कारागार र बन्दी

प्रहरीको लाठीचार्जबाट घाइते राजु गोडिया र रामबहादुर थारू

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर १ सय ८१ कैद तोकिएका र ३६ कैद नतोकिएका गरी २ सय १७ जना बन्दी छन्। जसमध्ये १४ महिला छन्। बन्दी बढी भएकाले पुरुष बन्दीलाई नुहाउन र शौचालय प्रयोग गर्न समस्या छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सीमाङ्कनको विषयमा असहमति जनाउँदै आन्दोलनरत थरूहट संयुक्त सङ्घर्ष समिति, संयुक्त मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ भदौ ६ गते जिल्ला प्रशासन कार्यालयअगाडि भएको झडपमा सई ३७ वर्षीय विर्ख बुढा र २५ वर्षीय प्रहरी रामचन्द्र चौधरी घाइते भए। विर्खको गालामा पाँच टाँका लगाउनुपरेको थियो भने रामचन्द्रको आखाँमा चोट लागेको थियो। आन्दोलनकारीतर्फ २६ वर्षीय राजु गोडिया, ४० वर्षीय रामबहादुर थारू, २२ वर्षीय गुड्डु निसाद, ६० वर्षीय कालीप्रसाद थारू, ४५ वर्षीय सोदअहमद राइन, ३२ वर्षीय मानबहादुर थारू, ४५ वर्षीय शिवलाल थारू, ३० वर्षीय मानबहादुर थारू, ५८ वर्षीय क्रिमलाल थारू र ३४ वर्षीय अर्जुन गोडिया घाइते भए।

थरूहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबीच मैनापोखर गाविस-१ मा २०७२ असोज १३ गते भएको झडपमा मैनापोखर गाविस-८ की ५० वर्षीया भगनडैया थारू, ९ की १८ वर्षीया रेखा बिक, ६ की ३५ वर्षीया शिवरानी थारू, ३४ वर्षीया लक्ष्मी थारू, ५० वर्षीया लीलावती थारू, ३३ वर्षीया शितली थारू, ४५ वर्षीया बेचनी थारू र कालिका गाविस-२ की ३५ वर्षीया ओमकुमारी थारू घाइते भए। त्यसैगरी प्रहरीतर्फ सशस्त्र प्रहरी हवल्दार ३४ वर्षीय नरजङ्ग रोका, प्रहरी हवल्दार ३५ वर्षीया तीर्थराज गिरी, प्रहरी जवान २२ वर्षीया गीता चौधरी घाइते भए। प्रहरीले स्थिति नियन्त्रणमा लिन लाठीचार्ज गर्दै आठ सेल अश्रुग्यास प्रहार गऱ्यो।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मगरागडी गाविस-८ का ३३ वर्षीय रामु थारूलाई २०७२ वैशाख ६ गते साँझ साइकलमा जाँदै गर्दा साथीलाई 'छिटो हिँड' भनेका बेला सेनाले आफूलाई भनेको ठानेर रम्भापुरस्थित महेन्द्र राजमार्गमा बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ बसेको रणशार्दुल गणको चेक पोस्टमा खटिएका नेपाली सेनाका रामेश्वर केसी, मनोज कार्की र शुक्रनारायण श्रेष्ठले नाङ्गै बनाएर ढाडमा बुट र शरीरमा बेल्टले हानेको भन्दै पीडित पक्षले जिल्ला प्रशासनमा वैशाख ७ गते उजुरी दिए। घटनापछि स्थानीयबासीले यातना दिने सेनालाई कारवाही गर्नुपर्ने, पीडितलाई तत्काल उपचारको व्यवस्था गरिनुपर्ने भन्दै वैशाख ६ गते राति नारा जुलुस लगाउँदै महेन्द्र राजमार्ग अवरोध गरे। नेपाली सेनाले पीडितको उपचार खर्च बेहोर्ने सर्तमा वैशाख ७ गते मिलापत्र भयो।

प्रहरीको लाठीचार्जबाट घाइते अर्जुन गोडिया, गुड्डु निसाद र शिवकुमार थारु

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय २१ प्रावि, ८७ निमावि, ५४ मावि र ३६ उच्च मावि छन्। जिल्लामा १ हजार २ सय शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ६२ हजार ६ सय १६ जना बालक र ६८ हजार २ सय ६ जना बालिका भर्ना भए। ६ हजार ३ सय ९७ बालक र ६ हजार ३ सय ९९ बालिकालाई ५७ लाख ५८ हजार २ सय रुपियाँ दलित छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अरब २२ हजार १ सय रुपियाँ छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष ३ देखि १७ वर्ष उमेर समूहका १६ बालिका बलात्कारका घटनाबाट पीडित भए। बलात्कारका एक आरोपित फरार रहे। दुई जना परिवारबाटै बलात्कृत भएको पाइयो। सामूहिक बलात्कारका दुई घटना भए। अप्राकृतिक मैथुन गर्ने बाबुलाई अदालतले २१ वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई भराउने फैसला गऱ्यो। शारीरिक अपाङ्गता भएकी बालिका पनि बलात्कृत भइन्। घटनाको आरोपितमा १३ वर्षीय बालकसमेत रहे।

पाँच वर्षीया बालिकालाई २०७१ फागुन २० गते आफ्नै बाबुले अप्राकृतिक मैथुन गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन २५ गते उजुरी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	४		४
बालविवाह	३		३
बलात्कार	१६		१६
विद्यालयमा शारीरिक सजाय		३	३
यौन दुर्व्यवहार	४		४
जम्मा	२७	३	३०

दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। आरोपितलाई अदालतले २०७२ मङ्सिर १४ गते २१ वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गऱ्यो।

१५ वर्षीया बालिकालाई २०७२ जेठ ४ गते बाँसगढी नपा-३ का २१ वर्षीय प्रेमबहादुर बिक (सुरेश), सोही ठाउँका २३ वर्षीय सञ्जय थारू, १९ वर्षीय सन्तोष थारू, १७ वर्षीय सुरेश थारू र १७ वर्षीय ढकबहादुर कुमालले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जेठ ८ गते उजुरी दियो। अदालतले जेठ २८ गते आरोपितमध्ये सञ्जयलाई थुन्ने आदेश दियो भने प्रेमबहादुर २५ हजार रुपियाँ धरौटीमा र ढकबहादुर, सुरेश र सन्तोषलाई साधारण तारेखमा छाड्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

शारीरिक सजाय

गुलरिया नपा-१२ का १७ वर्षीय चैतु थारू, सोही ठाउँका १६ वर्षीय सन्तोष शाही र १६ वर्षीय वीरेन्द्र शाहीलाई २०७२ असोज १० गते कक्षाकोठाको ढोका भाँचेको आरोपमा नेपाल राष्ट्रिय माविका प्रधानाध्यापक भुपेन्द्र यादव, सोही विद्यालयका शिक्षक विजय यादव र पवन यादवले कुटपिट गरेको आरोपमा चैतुले न्याय र सुरक्षा माग गर्दै प्रहरीमा असोज १३ गते उजुरी दिए। शिक्षक पवनले चैतुको घरमा आगो लगाई जलाइदिने तथा थारू बस्ती नै विस्थापित गराइदिने धम्कीसमेत दिए। प्रहरीको सहजीकरणमा यादवले पीडितसँग माफी माग्नुका साथै घटना दोहोरिए कानुनी कारबाही अघि बढाउन सहमति जनाएपछि मिलापत्र भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १ सय २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ६५, खान/लाउन नदिएको १८, विवाह दर्ता तथा नागरिकता नबनाएको आठ, बहुविवाह गरी हेला गरेको पाँच उजुरी छन् भने सामान्य झगडाका ३१ ओटा छन्। तीमध्ये १ सय २५ घटनामा प्रहरीले मिलापत्र गरायो। दुई उजुरी कानुनी प्रक्रियामा छन् भने एक उजुरीकर्ता सम्पर्कमै आएनन्।

यस वर्ष १२ जना महिला बलात्कार र बलात्कार प्रयासको घटनाबाट पीडित भए भने १२ जना यौन दुर्व्यवहारबाट पीडित भए। गत वर्ष बलात्कारबाट १४ जना र यौन दुर्व्यवहारबाट २८ जना पीडित भएका थिए। यस वर्ष घरपरिवारबाट एक महिलाको हत्या भयो भने गत वर्ष पनि एक महिलाको हत्या भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	६	६
बलात्कार	८	८
बलात्कारको प्रयास	४	४
बहुविवाह	९	९
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१३	१३
यौन दुर्व्यवहार	१३	१३
जम्मा	५३	५३

बेचबिखन तथा ओसारपसार

बाँकेको महादेवपुरी गाविस-७, बागेश्वरी गाविस-९, कोहलपुर नपा-८, शमशेरगञ्ज गाविस-७ का चार किशोरीलाई २०७२ वैशाख २१ गते भारतको गोरखपुरस्थित डिके डान्स कला केन्द्रमा कार्यक्रम लिएर जाँदै गर्दा कालिका प्रहरी चौकीबाट खटिएका प्रहरी टोलीले उद्धार गरी इलाका प्रहरी कार्यालय मैनापोखरमा बुझायो। कालिका गाविसस्थित भारतीय सीमा बलैगाउँको बाटोबाट कलाकारहरूको नेतृत्व गरेर गएकी बागेश्वरी गाविस-२ की २२ वर्षीया कल्पना भण्डारीविरुद्ध अन्य कलाकारलाई ललाइफकाई भारत लैजान लागेको भन्दै पीडित पक्षले प्रहरीमा वैशाख २३ गते उजुरी दियो। प्रहरीले घटनामा संलग्न रहेको भन्दै कुम्भकर्ण फिल्मस प्रालि कोहलपुरका नृत्य निर्देशक ३९ वर्षीय राजेन्द्रसिंह ठकुरी र भारतबाट कलाकार लिन आएका भारत गोरखपुरका २४ वर्षीय अरविन्दकुमार गौरलाई वैशाख २३ र अर्की आरोपित कालिका गाविस-३ की २३ वर्षीया विष्णु चौधरीलाई वैशाख ३० गते गिरफ्तार गऱ्यो। अदालतले असार ३२ गते कल्पना, राजेन्द्र सिंह, अरविन्दकुमार गौर र

विष्णुलाई प्रतिव्यक्ति सात वर्ष ६ महिना कैद र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष सुस्त मानसिक अवस्थाका दुई महिलासमेत आठ महिला बलात्कार घटनाबाट पीडित भए। गत वर्ष ११ जना पीडित भएका थिए। दुई घटनाका आरोपित फरार रहे।

४५ वर्षीया महिलालाई २०७२ वैशाख ६ गते सानोश्री तारातल नपा-१ का ३२ वर्षीय सत्यनारायण थारूले बलात्कार गरेको भन्दै पीडितले प्रहरीमा वैशाख ९ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार सत्यलाई अदालतले असार २८ गते १० वर्ष कैद र २५ हजार रुपियाँ भराउने फैसला गऱ्यो।

४० वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७२ भदौ १३ गते राति सानोश्री तारातल नपा-१ का ३४ वर्षीय कृष्णप्रसाद न्यौपानेले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा भदौ १४ गते उजुरी दियो। सोही दिन गिरफ्तार कृष्णलाई अदालतले असोज १० गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

परिवारजनबाट हत्या प्रयास

गुलरिया नपा-५ की २७ वर्षीया पार्वती खत्रीलाई २०७२ असार १५ गते ३२ वर्षीय पति सन्तबहादुर खत्रीले गुलरिया नपा-६ स्थित सन्तोषी सामुदायिक वनमा हत्या प्रयास गरेको भन्दै पीडितले प्रहरीमा असार १६ गते उजुरी दिइन्। आरोपित कैलालीको टीकापुर नपास्थित सशस्त्र प्रहरी उग्रतारा गणमा हवल्दार पदमा कार्यरत छन्। घाइते पार्वतीलाई प्रहरीले घटनास्थलबाटै उद्धार गरेको थियो। अदालतले साउन ७ गते आरोपितलाई ७५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरेकामा मङ्सिर २४ गते मुद्दा कुटपिटमा परिणत भएको फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति/जग्गा कब्जा

खैरीचन्दनपुर गाविस-८ भगतपुरस्थित पूर्वमन्त्रिपरिषद्का अध्यक्ष तथा पूर्वप्रधान न्यायाधीश खिलराज रेग्मी र उनका आफन्तको नाममा रहेको ४९ विगाहा जग्गा कब्जा गर्ने उद्देश्यले २०७२ वैशाख १६ गते नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीले झण्डा गाडे।

कान्तिपुर पब्लिकेसन्सको भे १ ज १३०५ नम्बरको जीप बन्द अवज्ञा गरी चलाएको भन्दै २०७२ भदौ ३ गते थरुहट संयुक्त सङ्घर्ष समिति बर्दियाका कार्यकर्ताले बाँसगढी नपा-८ बाँसगढी बजारमा तोडफोड गरे।

कैलालीको धनगढी नपा-८ का प्रकाश रावलको से ४ प २३० नम्बरको मोटरसाइकल २०७२ भदौ १७ गते नेपालगञ्ज जाँदै गरेको अवस्थामा थरुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा बाँसगढी नपा-८ बाँसगढी बजारमा आगजनी गरे। प्रहरीले बाँसगढी नपा-८ का २५ वर्षीय सुरेश चौधरी र सोही ठाउँका ४० वर्षीय दत्ता थारूलाई गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालयले असोज २५ गते प्रतिव्यक्ति १० हजार रुपियाँ धरौटी राखी तारेखमा छाड्ने आदेश दियो।

ढोढरी गाविसका ४४ वर्षीय राजकुमार मल्लको भे ४ प ९५३५ नम्बरको मोटरसाइकल थारुहट कार्यकर्ताले बन्द अवज्ञा गरी चलाएको भन्दै खैरीचन्दनपुर गाविस-३ मङ्गलपुरमा २०७२ भदौ ४ गते बिहान आगजनी गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ३० स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। १८ डाक्टरको दरबन्दी रहेकामा सात कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको एक दरबन्दी भए पनि खाली छ। स्टाफ नर्सको ११ दरबन्दीमध्ये १६, अहेवका १ सय १ दरबन्दीमध्ये ७६, अनमीको ६३ दरबन्दीमध्ये ४३ र हेल्थ असिस्टेन्टको ३६ दरबन्दीमध्ये ३७ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ३७ लाख ४२ हजार रुपियाँ छ। त्यसमध्ये ७ लाख ९३ हजार प्रशासनिक खर्चका लागि छुट्याइएको छ।

४.८ सुर्खेत



जम्मा जनसङ्ख्या
३५०८०४

महिला
१८१३८३

परिवार सङ्ख्या
७२८६३

खोलाको पानी पिउने परिवार
३३०२

शौचालय नभएका परिवार
२०८६२

कामका लागि बाहिरिएका
२३१५७

सबभन्दा बढी जनसङ्ख्या
११०५०७ (क्षेत्री)

अपाङ्गता भएका
१०२५१

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.५३

सरकारी विद्यालय
५८१

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	३	३५	३८			
बालअधिकार				१		१
महिलाअधिकार				८३		८३
भेला/सङ्गठित हुने अधिकार	८	३२	४०			
गिरफ्तारी/यातना		९	९			
हत्या		३	३	१	१	३
जम्मा	११	७८	८९	८५	१	८६

सुर्खेतको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१४ मा मानव अधिकार उल्लङ्घनका घटनामा १ सय २१ महिलासहित १ सय ५४ जना पीडित भएकामा सन् २०१५ मा ५६ महिलासहित १ सय ७५ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनमा ११ महिलासहित ८५ जना पीडित भए। पीडितमध्ये प्रदेश सीमाङ्कनविरुद्धको आन्दोलनका क्रममा भएका घटनामा दुई जनाको प्रहरीको गोलीबाट मृत्यु भयो। यो वर्ष नौ जनालाई गिरफ्तारपछि यातना दिइयो भने तीन महिलासहित ३८ जना प्रहरीको लाठी तथा कुटपिटबाट घाइते भए। ४० जनाको अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार कुण्ठित भयो। गैरराज्य पक्षबाट भएका घटनामा महिला तथा बालिका गरी ८६ जना पीडित भए।

एक बालिका बलात्कार घटनामा पीडित भइन्। यो वर्ष महिला अधिकारका ८३ घटनामा एक जनालाई कथित बोक्सी आरोप लगाइयो भने एक जना बलात्कार घटनाबाट पीडित भए। ८१ महिला घरेलु हिंसाबाट पीडित भए। अघिल्लो वर्ष १ सय १६ महिला पीडित भएकामा दुई बलात्कार, एक यौन दुर्व्यवहार तथा १ सय १२ जना घरेलु हिंसाबाट पीडित भएका थिए।

सीमाङ्कन विरुद्धको आन्दोलनमा सहभागी भएका प्रदर्शनकारीले जिल्ला प्रशासन, जिल्ला प्रहरी, जिल्ला जनस्वास्थ्य, भुप्रा बृहत खानेपानी उपभोक्ता संस्था, वीरेन्द्रनगर नपा, जिल्ला विकास समितिको कार्यालयका भवन तोडफोड गरेको पाइयो। प्रदर्शनकारीले क्षेत्रीय प्रहरी कार्यालयको गाडी आगजनी गरे। यसैगरी प्रदर्शनकारीले काङ्ग्रेसका सहमहामन्त्री एवम् सांसद पूर्णबहादुर खड्का र वीरेन्द्रनगर नपा-७ निवासी सांसद् हृदयराम थानीको घर, उद्योग वाणिज्य सङ्घको कार्यालय तोडफोड गरे भने वीरेन्द्रनगर नपाको जेसिभी डोजर टिपरमा आगजनी गरे। प्रदर्शनकारीले नेपाली काङ्ग्रेस, एमाले र एमाओवादीको पार्टी कार्यालयमा आगजनी तथा तोडफोड गरेको इन्सकेले अभिलेख गऱ्यो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार हत्या

राज्यपक्षबाट

वीरेन्द्रनगर नपा-४ का ६६ वर्षीय टीकाराम गौतम र सोही नपा-७ का २८ वर्षीय यामबहादुर विसीको २०७२ साउन २५ गते सीमाङ्कनविरूद्धको आन्दोलनमा सहभागी भएका बेला प्रहरीको गोली लागी मृत्यु भयो। आन्दोलनकारीले वीरेन्द्रनगर नपा-७ स्थित नेपाली कङ्ग्रेसका सहमहामन्त्री एवम् सभासद् पूर्णबहादुर खड्काको घर तोडफोड गरी प्रहरीको गाडी जलाएपछि प्रहरीले गोली चलाएको थियो। मृतक दुवैको छातीमा गोली लागेको थियो। हत्याको विरोधमा मृतकका आफन्त र स्थानीयबासीले सात दिनसम्म प्रदर्शन गरे। स्थानीय प्रशासन, राजनीतिक दल, सीमाङ्कनविरूद्ध आन्दोलनरत नागरिक सङ्घर्ष समिति र मृतकका आफन्तबीच साउन ३२ गते मृतकलाई सहिद घोषणा गर्न पहल गर्ने, राहतस्वरूप प्रतिपरिवार १०/१० लाख सहयोग गर्ने सहमतिपछि मृतकका आफन्तले सोही दिन शव बुझेर दाहसंस्कार गरे। आन्दोलनकै क्रममा साउन २५ गते वीरेन्द्रनगर नपा-६ का ५५ वर्षीय गोपालसिं रजवारको भागदौडका क्रममा भीडले किचेर मृत्यु भयो। सबै मृतकका परिवारले सरकारबाट भदौ १० गते १०/१० लाख रुपियाँ प्राप्त गरे।

गोली/विष्फोटक पदार्थद्वारा घाइते

राज्यपक्षबाट

जाजरकोट जिल्ला पजारु गाविस-४ घर भई बुलबुले एफएम, सुर्खेतमा कार्यरत २३ वर्षीय आइसिंह रोका मगर, वीरेन्द्रनगर नपा-७ का २६ वर्षीय हिमाल केसी, ३० वर्षीय गोपाल थापा, २९ वर्षीय वीरेन्द्र रोकाय, २८ वर्षीय महेन्द्र बिक, ३७ वर्षीय वीरबहादुर बिष्ट, २६ वर्षीय भवानी आचार्य, १९ वर्षीय तेज राना, २२ वर्षीय धनबहादुर रावल, २५ वर्षीय नरबहादुर पुरी, २२ वर्षीय पहलमान मल्ल, मोहनदेव भण्डारी, सोही नपा-६ की १८ वर्षीया एलीना कठायत, २६ वर्षीय रामकृष्ण रावल, दीपेश पाण्डे र २५ वर्षीय रामबहादुर श्रेष्ठ २०७२ साउन २५ गते वीरेन्द्रनगरमा सीमाङ्कनविरूद्धको आन्दोलनमा सहभागी भएका बेला प्रहरीको गोलीबाट घाइते भए। यसैगरी वीरेन्द्रनगर नपा-७ का ४४ वर्षीय प्रमिस सिंह, १९ वर्षीय चूडामणि पोखरेल, १८ वर्षीया लक्ष्मी चन्द, १३ वर्षीय दीपेन्द्र न्यौपाने, १९ वर्षीय भरत गुरुङ, २२ वर्षीय डम्मर बिसी, २९ वर्षीय वीरेन्द्र रोकाय, १७ वर्षीय यामु आचार्य, अधिकारकर्मी २८ वर्षीय घनश्याम केसी, १७ वर्षीय अनिश पन्त र सोही नपा-९ की ५१ वर्षीया धनसरी पुन प्रहरीको लाठी प्रहारबाट घाइते भए।

वीरेन्द्रनगर नपा-१७ का ३५ वर्षीय बलबहादुर महतरा, ६ की १८ वर्षीया सरिता लिम्बू, १९ वर्षीय अर्जुन रोकाय, १७ वर्षीय नवीन मल्ल, १४ वर्षीय दीपक वली, २४ वर्षीय रामकृष्ण शाही र रमेश गिरी २०७२ साउन २६ गते सीमाङ्कनविरूद्ध वीरेन्द्रनगर नपा-६ मा भएको आन्दोलनमा प्रहरीको गोली प्रहारबाट घाइते भए। यसैगरी वीरेन्द्रनगर नपा-६ का २५ वर्षीय विश्व सुनार, २४ वर्षीय सन्तोष चौधरी, १९ वर्षीय हेमलाल कठायत, ३० वर्षीय नवराज वराल, ३४ वर्षीय धर्मराज खड्का, १८ वर्षीय भीमबहादुर बिसी, १९ वर्षीय मोक्तान कार्की, १९ वर्षीय जयराम शर्मा, २८ वर्षीय कृष्ण रावल, १८ वर्षीय गगन बुढा, १५ वर्षीय भुपेन्द्र सिंह, २८ वर्षीया लक्ष्मी थापा, १९ वर्षीय प्रकाश महतरा, १८ वर्षीय मणिराम लामिछाने र २५ वर्षीय दिलीपकुमार थापा प्रहरीको लाठी प्रहारबाट घाइते भए।

वीरेन्द्रनगर नपा-६ का ३६ वर्षीय राज तामाङ, २४ वर्षीय यमराज शाही, ३१ वर्षीय मनोज खरेल, ९ का ३० वर्षीय लालबहादुर गाहामगर, १० की २६

सीमाङ्कनविरूद्ध आन्दोलनको क्रममा सुरक्षाकर्मीले प्रहार गरेको गोली प्रहारबाट मारिएका टीकाराम गौतम, यामबहादुर विसी र भागदौडका क्रममा भिडले किचेर मृत्यु भएका गोपालसिं रजवार

वर्षीया वसन्ती प्याउली मगर र वीरेन्द्र रोकाय २०७२ साउन २७ गते सीमाङ्कनविरूद्ध वीरेन्द्रनगरमा भएको आन्दोलनका क्रममा प्रहरीको गोली प्रहारबाट घाइते भए। यसैगरी वीरेन्द्रनगर नपा-६ की २० वर्षीया कविता बिक, १६ वर्षीय हिक्मत कठायत, २९ वर्षीय शेरबहादुर शाही, २२ वर्षीया अमृता नेपाली, २५ वर्षीय रमेश बिक, १५ वर्षीय सन्तोष बिक, १६ वर्षीया मूना प्रजापति र १८ का १३ वर्षीय गणेश बिसी प्रहरीको लाठी प्रहारबाट घाइते भए।

कालीकोटको दाहा गाविस-४ का २६ वर्षीय मानराज शाही, वीरेन्द्रनगर नपा-६ का ४४ वर्षीय चन्द्र कार्की, ४० वर्षीय हेमबहादुर मल्ल, १६ वर्षीय कृपाराम थारू, ३२ वर्षीय पूर्णबहादुर बुढा, २९ वर्षीय नरेन्द्र चन्द, २७ वर्षीय डिल्ली कठायत, ३० वर्षीय करवीर बिक र २० वर्षीय जगत थापा २०७२ साउन २८ गते सीमाङ्कनविरूद्ध वीरेन्द्रनगरमा भएको आन्दोलनका क्रममा प्रहरीको गोली प्रहारबाट घाइते भए। यसैगरी वीरेन्द्रनगर नपा-६ की २८ वर्षीया अमृता बिक, १७ वर्षीय गोरखबहादुर शाही, ४९ वर्षीय विष्णु चपाई, १९ वर्षीय भरत शाही, १६ वर्षीय शिशिर शर्मा, १६ वर्षीय सन्तोष बिक, २६ वर्षीय टीकाराम कँडेल र १७ वर्षीय चन्द्र कठायत प्रहरीको लाठी प्रहारबाट घाइते भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय १८ कैद तोकिएका र २९ कैद नतोकिएका गरी १ सय ५० जना बन्दी छन्। बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। सात वर्षअघि निर्माण थालिएको १ सय क्षमताको सुधारगृह २०६९ चैतयता निर्माण कार्य ठप्प छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सुर्खेतमा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३ सय ४४ र फौजदारी २ सय १ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी २५ र फौजदारी १० थान छन्।

चार न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा तीन कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय २४ र फौजदारी ९५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी तीन र फौजदारी दुई थान छन्।

यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

वीरेन्द्रनगर नपा-४ का १९ वर्षीय कमल बिकलाई २०७१ पुस २८ गते चोरीको आरोप अस्वीकार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरीले मुढाले पेल्नुका साथै लाठी र बुटले कुटपिट गरी यातना दिएको आरोप लाग्यो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

वीरेन्द्रनगर नपा-१८ का ४१ वर्षीय हर्मिदसिं (पञ्जावी) लाई २०७२ भदौ २ गते सीमाङ्कनविरूद्धको आन्दोलनमा सहभागी भएको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। अनुसन्धानका क्रममा जिल्ला प्रहरी कार्यालयको हिरासतमा मुढाले पेल्नुका साथै पञ्जावी संस्कारअनुसार टाउकोमा बाँधेको पगरी (फेटा) तानिदिएको पीडितले आरोप लगाए। घटनामा यातना नदिएको एसपी राजेशलाल कर्णले दाबी गरे। यस वर्षको अन्त्यसम्म पीडितले कहीं उजुरी दिएनन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३५ प्रावि, ९६ निमावि, १ सय मावि र २९ उच्च मावि छन्। ३ हजार २ सय ४५ शिक्षक दरबन्दी रहेकामा ३ हजार २ सय ११ कार्यरत छन्। यस वर्ष ४ हजार ५ सय बालक र ४ हजार ४ सय ७८ बालिका भर्ना भए। ६ सय ५० बालक र ७ सय ८ बालिकाले छात्रवृत्ति पाए। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ७१ करोड १२ लाख २६ हजार १ सय ९४ रुपियाँ छ भने प्रशासनिक खर्च ८२ लाख ६८ हजार ४ सय ७२ रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

यो वर्ष ६ वर्षीया बालिका बलात्कार घटनाबाट पीडित भइन। १० वर्षीया बालिकाको तीन जनाबाट सामूहिक बलात्कारपछि हत्या भएको उजुरीमा मुद्दा चलिरहेको छ। अघिल्लो वर्ष बाल अधिकारका तीन घटनामा तीन बालिका बलात्कार घटनाबाट पीडित भएका थिए।

बलात्कारपछि हत्या

१० वर्षीया बालिकालाई २०७२ कात्तिक ३० गते नेटा गाविस-७ का ३२ वर्षीय खड्कबहादुर गाहा, सोही गाविस-५ का २९ वर्षीय यामबहादुर रास्कोटी र कल्यान गाविस-१ का ३० वर्षीय पूर्णबहादुर ठाडा

मगरले दशरथपुर गाविस-६ स्थित जङ्गलमा सामूहिक बलात्कार गरी हत्या गरेको भन्दै पीडित पक्षले प्रहरीमा मङ्सिर १ गते उजुरी दियो। घटनापछि फरार पूर्णबहादुरलाई मङ्सिर ३ गते छिन्चुबाट, गाहा र रास्कोटीलाई प्रहरीले मङ्सिर ५ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपितहरूलाई अदालतले मङ्सिर १३ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। शवको पोस्टमार्टम क्षेत्रीय अस्पतालमा मङ्सिर २ गते भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७२ जेठ २५ गते रजेना गाविस-६ का २७ वर्षीय प्रेम अधिकारीले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जेठ २६ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अञ्चल अस्पताल सुर्खेतमा भयो। सोही दिन गिरफ्तार प्रेमलाई अदालतले जेठ २८ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ४ सय ३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ७६, खान/लाउन नदिएको ५७, बहुविवाह गरी घर निकाला गरिएका ४५, दाइजो नल्याएको आरोपमा कुटपिट भएको २७, विवाह दर्ता तथा नागरिकता नबनाएको ४३, बहुविवाह गरी हेला गरेको ८२ र बोक्सी आरोप लगाइएको एक उजुरी छन् भने सामान्य झगडा र धम्कीका ७२ घटना दर्ता भए। तीमध्ये २ सय ७० घटनामा प्रहरीले मिलापत्र गरायो भने ६५ उजुरी कानुनी प्रक्रियामा छन्। ६८ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

यो वर्ष एक महिला बलात्कार घटनाबाट पीडित भइन् भने एक जनालाई कथित बोक्सी आरोप लगाइयो। एक महिलालाई तीन जनाले सामूहिक बलात्कार गरेको उजुरी सम्बन्धमा मुद्दा चलिरहेको छ। ८१ महिला घरेलु हिंसाबाट पीडित भए। यस्ता सबै घटनामा प्रहरीले मिलापत्र गरायो। अघिल्लो वर्ष तीन बलात्कार, एक यौन दुर्व्यवहार र १ सय १२ महिला घरेलु हिंसाबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	१	१
घरेलु हिंसा	८१	८१
जम्मा	८३	८३

आन्दोलनकारीद्वारा आगजनी गरिएको वीरेन्द्रनगर नगरपालिका भ्यान र डोजर

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई २०७२ मङ्सिर २० गते मोटरसाइकलमा घर लगिदिन्छौं भनी वीरेन्द्रनगर नपा-१४ का ३० वर्षीय टोपबहादुर गुरुङ, ३१ वर्षीय विनोद जिसी र ३१ वर्षीय शेरबहादुर केसीले काँक्रेबिहारको जङ्गलमा सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। मङ्सिर २० गते गिरफ्तार केसी र जिसी तथा त्यसको भोलिपल्ट गिरफ्तार गुरुङलाई अदालते मङ्सिर २८ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कथित बोक्सी आरोपमा गाउँ निकाला

नेटा गाविस-७ की ६० वर्षीया मनकली चपाईलाई २०७२ जेठ १३ गते कथित बोक्सीको आरोपमा सोही ठाउँका भविलाल तिवारी, पविसरा चपाई, गोमा तिवारी, दुर्गबहादुर चपाई, चन्द्रकली चपाई, वासुदेव तिवारी, मानबहादुर चपाई, अमृता चपाई, भीमबहादुर चपाई, मोतिलाल चपाई, यामलाल चपाई र द्रुपति चपाईले कुटपिट गरी गाउँ निकाला गरे। छिमेकी गोमा तिवारी र चन्द्रकला चपाईमाथि बोक्सी लागेर बिरामी बनाएको निहुँमा कुटपिट गर्नुको साथै अभद्र व्यवहार गरेको भन्दै पीडितले प्रहरीमा जेठ १५ गते उजुरी दिइन्। सोही दिन गिरफतार आरोपितहरूलाई अदालतले जेठ २० गते प्रतिव्यक्ति ५ सय रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन अस्पताल र ३७ स्वास्थ्य चौकी छन्। ३० डाक्टरको दरबन्दी रहेकामा १५ कार्यरत छन्। स्टाफ नर्सको १० दरबन्दीमध्ये ६, ल्याब असिस्टेन्टको १० दरबन्दीमध्ये सात, अहेबको ८४ दरबन्दीमध्ये ८०, अनमीको ६७ दरबन्दीमध्ये ६० र हेल्थ असिस्टेन्टको पाँच दरबन्दीमध्ये तीन कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड ९१ लाख ४७ हजार ७ सय ४१ रुपियाँमध्ये ५१ लाख ९२ हजार ८ सय ६५ रुपियाँ औषधी खर्च छुट्याइएको छ।

४.५ जाजरकोट



जम्मा जनसङ्ख्या
२६१७७०

महिला
१३४७८०

परिवार सङ्ख्या
३०४७२

खोलाको पानी पिउने परिवार
१६०२

शौचालय नभएका परिवार
१७१०५

कामका लागि बाहिरिएका
४१७४

सबभन्दा बढी जनसङ्ख्या
६५०८५ (क्षेत्री)

अपाङ्गता भएका
६८४८

५ वर्षमाथिको साक्षरता प्रतिशत
८५

सरकारी विद्यालय
४३०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
महिलाअधिकार				१५		१५
भेला/सङ्गठित हुने अधिकार	८	३६	३४			
हत्या				१		१
जम्मा	८	३६	३४	१६	१	१९

जाजरकोटको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा ३१ महिलासहित ३५ जना पीडित भएकामा सन् २०१५ मा २५ महिलासहित ५३ जना पीडित भए। जिल्लामा गैरराज्यपक्षबाट महिला हिंसाका घटना बढी भए। यस वर्ष परिवारबाट एक महिलासमेत दुई को हत्या भयो। पत्नी हत्या गर्नेलाई अदालतले सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो। एक महिला बलात्कार घटनाबाट पीडित भइन्। सीमाङ्कनविरूद्ध खलङ्गा बजारमा प्रदर्शनरत आन्दोलनकारी र प्रहरीबीचको झडपमा प्रहरीको लाठी प्रहारबाट आठ महिलासमेत ३४ जना घाइते भए। आन्दोलनकारीको ढुङ्गा प्रहारबाट दुई प्रहरी घाइते भए। सीमाङ्कन विरुद्धको आन्दोलनमा सहभागी प्रदर्शनकारीले तीन ओटा सरकारी कार्यालय तोडफोड गरे।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १० जनाको छ। तर ३५ कैद तोकिएको र पाँच कैद नतोकिएको गरी ४० जना बन्दी छन्। कारागार जीर्ण छ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सीमाङ्कनविरूद्ध २०७२ साउन २८ गते खलङ्गा बजारमा निस्केका आन्दोलनकारी र प्रहरीबीचको झडपमा पुन्मा गाविस-५ की २९ वर्षीया पवित्रा पुन, २४ वर्षीया कृति पुन, खलङ्गा गाविस-६ का ३१ वर्षीय दीपक खत्री, सोही गाविस-१ का २१ वर्षीय निरज शाही, ७ का ३९ वर्षीय बुद्धिबहादुर खत्री, ३६ वर्षीया देविका खत्री, २ का २५ वर्षीय दुर्गाबहादुर श्रेष्ठ, ३४ वर्षीया भावना केसी, २७ वर्षीय विष्णु केसी, ३२ वर्षीया सुमित्रा शाही, ३१ वर्षीय नवराज शाह, ३२ वर्षीया धनसरा शाही, ५ का २६ वर्षीय प्रदीप खड्का, २१ वर्षीय रमेश शाही, ३ की ४५ वर्षीया सीता दवाडी, २४ वर्षीय जगतध्वज शाही, ४२ वर्षीय वेदबहादुर शाह, ८ का ४७ वर्षीय ढकवीर राना, डाँडागाउँ

प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट घाइते असई देवबहादुर गुरुङ

गाविस-२ का २८ वर्षीय गोपाल थापा, ३ का ३२ वर्षीय नवराज बुढा, ४२ वर्षीय दीपनारायण कार्की, २९ वर्षीय सुनील शाह, ५ का २५ वर्षीय सुनिल केसी, २६ वर्षीय अर्जुन केसी, ४५ वर्षीय प्रताप जैसी, ४ का २३ वर्षीय कुशबहादुर वली, २३ वर्षीय लव वली, ६ का ३३ वर्षीय गणेश थापा, जगतीपुर गाविस-४ का २८ वर्षीय शेरबहादुर बस्नेत, १ का ३९ वर्षीय इमाश्वर देवकोटा, सक्ला गाविस-१ का ४९ वर्षीय राजुराजा सिंह, लहँ गाविस-८ का ३१ वर्षीय चेतराज शाही, ६ का २४ वर्षीय तेजबहादुर बोहोरा र ढिमे गाविस-२ का ३५ वर्षीय बलबहादुर मल्ल घाइते भए। प्रहरीतर्फ ४६ वर्षीय इन्स्पेक्टर परशुराम मल्ल, ४७ वर्षीय असई देवबहादुर गुरुडसमेत सात घाइते भए। आन्दोलनकारीले जिल्ला शिक्षा, मालपोत, जिल्ला प्राविधिक र जिल्ला नापी कार्यालयमा तोडफोड गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १३ र फौजदारी ३७ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७८ प्रावि, ८९ निमावि, ४४ मावि र २० उच्च मावि छन्। जिल्लामा १ हजार ३ सय ५१ शिक्षक दरबन्दी रहेकामा १ हजार ३ सय २६ कार्यरत छन्। यो वर्ष ५४ हजार ३ सय ८१ बालक र ६० हजार ५ सय ८ बालिका भर्ना भए। अपाङ्गमैत्री विद्यालय ३ ओटा छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ७५ करोड ९ लाख ७१ हजार रुपियाँ छ।

प्रहरीको लाठी जार्चबाट घाइते राजुराजा सिंह

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ५४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका आठ, खान/लाउन नदिएको तीन, विवाह दर्ता तथा नागरिकता नबनाएको एक, बहुविवाह गरी हेला गरेको १० उजुरी छन् भने सामान्य झगडाका ३२ घटना दर्ता भए। तीमध्ये ५० घटनामा प्रहरीले मिलापत्र गरायो। चार उजुरी कानुनी प्रक्रियामा छन्। यस वर्ष एक महिला बलात्कार घटनाबाट पीडित भइन भने सात जना बहुविवाहबाट पीडित भए। यस वर्ष परिवारजनबाट एक समेत दुई महिलाको हत्या भयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	७	७
घरेलु हिंसा	७	७
जम्मा	१५	१५

परिवारजनबाट हत्या

दशेरा गाविस-२ घर भई बाँकेको नौवस्ता गाविस-५ बस्ने ३२ वर्षीया राधिका शर्मा जैसीलाई २०७२ वैशाख १२ गते साँझ घरायसी विवादमा ३५ वर्षीय पति मोतिलाल जैसीले सुवानाउली गाविस-४ ससुरालीमा कोही नभएका बेला हँसियाले घाँटी रेटेर हत्या गरेको भन्दै मृतकका भाइ लक्ष्मीप्रसाद शर्माले प्रहरीमा वैशाख १४ गते उजुरी दिए। अदालतले मोतिलाललाई साउन ३२ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जाजरकोटमा एक अस्पताल र ३१ स्वास्थ्य चौकी छन्। पाँच डाक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्टाफ नर्सको सात दरबन्दीमध्ये ६, अहेवका ७३ दरबन्दीमध्ये ६२, अनमीको ६७ दरबन्दीमध्ये ४४ र हेल्थ असिस्टेन्टको ३६ दरबन्दीमध्ये १८ कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड ६५ लाख ६० हजार ४ सय ९३ रुपियाँ छ। त्यसमध्ये ११ करोड ४५ लाख ६० हजार ४ सय ९३ रुपियाँ प्रशासनिक खर्चका लागि र २० लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ। जिल्लामा २०७१ चैत १४ गतेदेखि महामारीको रूपमा फैलिएको मौसमी रुघाखोकी तथा स्वाइनफ्लुबाट २०७२ वैशाख १० गतेसम्म २९ जनाको मृत्यु भयो।

४.१० दैलेख



जम्मा जनसङ्ख्या
२६१७७०

महिला
१३४७८०

परिवार सङ्ख्या
४८५१५

खोलाको पानी पिउने परिवार
८५५

शौचालय नभएका परिवार
२४५६२

कामका लागि बाहिरिएका
११२२१

सबभन्दा बढी जनसङ्ख्या
५१२८० (क्षेत्री)

अपाङ्गता भएका
७६०७

५ वर्षमाथिको साक्षरता प्रतिशत
८५

सरकारी विद्यालय
५२६

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	४		४
महिलाअधिकार	३५		३५
जातीय विभेद		१	१
कुटपिट		१	१
जम्मा	३९	३	३१

दैलेखमा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटनामा वृद्धि भयो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा एक पुरुषसहित २५ जना पीडित भएकामा सन् २०१५ मा दुई पुरुषसहित ३१ जना पीडित भए। गत वर्ष एकको हत्या भएकामा यो वर्ष भने भएन। गत वर्ष तीन बालबालिका हिंसाका घटनाबाट पीडित भएकामा यो वर्ष चार जना पीडित भए। महिलाविरुद्धका हिंसात्मक घटनाबाट गत वर्ष २३ जना पीडित भएकामा यो वर्ष २५ जना पीडित छन्। गत वर्ष जातीय विभेदका घटनाबाट दुई जना पीडित भएकामा यो वर्ष एक जना पीडित भए।

कारागार र बन्दी

ख श्रेणीको कारागारको क्षमता १ सय जनाको छ। १ सय ९ कैद तोकिएको र चार कैद नतोकिएको गरी १ सय १३ जना बन्दी छन्। पिउने पानी, बत्ती र शौचालय अभाव छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

बराह गाविस-५ निवासी हाम्रो तेस्रो आँखा दैनिकका संवाददाता २६ वर्षीय खगेन्द्र विकलाई २०७१ माघ २२ गते समाचार सङ्कलन गर्न जिल्ला जनस्वास्थ्य कार्यालय गएका बेला मदिरा सेवन गरेका अहेव डम्बरबहादुर थापाले गाली गर्दै कार्यालय हाताबाट बाहिर निस्कन बाध्य पारे। जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा. निर्मल रसाइलीले दुर्व्यवहारप्रति दुःख व्यक्त गर्दै अहेव थापालाई कारबाही गरिने आश्वासन दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २६ र फौजदारी २३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ४४ प्रावि, ९२ निमावि, ५० मावि र ४२ उच्च मावि छन्। १ हजार ८ सय ६४ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ सय ९० कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८९ करोड ६५ लाख ९९ हजार २ सय ७२ रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	३	३
यौन दुर्व्यवहार	१	१
जम्मा	४	४

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरुद्धका घटनामा सामान्य वृद्धि भए। सन् २०१४ मा तीन बालिका पीडित भएकामा सन् २०१५ मा चार जना पीडित भए। जसमध्ये दुई बालिका बलात्कार घटनाबाट पीडित भए भने एकलाई यौन दुर्व्यवहार गरियो। बलात्कारको घटनामा पाँच र १२ वर्षका बालिका रहे। ती घटनामा संलग्न हुनेमा ५१ वर्षीयसमेत रहे।

पाँच वर्षीया बालिकालाई २०७२ वैशाख १० गते कालभैरव गाविस-६ का ५१ वर्षीय हरिलाल कसेरा भनिने भोरे बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १४ गते गिरफ्तार भोरेलाई अदालतले असोज १७ गते १० वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गऱ्यो।

११ वर्षीया बालिकालाई २०७१ चैत २९ गते शौचालयभित्रै गमौडी गाविस-६ का २३ वर्षीय करुणकुमार खड्काले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा २०७२ वैशाख १ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा सोही दिन गिरफ्तार करुणलाई अदालतले कात्तिक १७ गते चार वर्ष कैद सजायको फैसला सुनायो।

१२ वर्षीया बालिकालाई २०७२ कात्तिक २३ गते घरमा एक्लै भएका बेला भैरीकालिकाथुम गाविस-३ का ३४ वर्षीय प्रेम विकले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा कात्तिक २४ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। प्रेमलाई अदालतले मङ्सिर १४ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ६६ महिलाले बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २०, खान/लाउन नदिएको ६, विवाह दर्ता तथा नागरिकता नबनाएको १० उजुरी छन् भने सामान्य झगडाका ३० घटना दर्ता भए। तीमध्ये ५८ घटनामा प्रहरीले मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्। ६ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्ध हुने घटना सामान्य वृद्धि भए। सन् २०१४ मा यस्ता घटनाबाट २३ महिला पीडित भएकामा यस वर्ष २५ जना पीडित भए। जसमध्ये १२ महिला घरेलु हिंसाबाट पीडित भए भने तीन बलात्कार, दुई बलात्कार प्रयास र एक जना यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। कथित बोक्सी आरोपित घटनाबाट एक र बहुविवाहबाट ६ महिला पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	३	३
बलात्कारको प्रयास	२	२
बहुविवाह	६	६
घरेलु हिंसा	१३	१३
यौन दुर्व्यवहार	१	१
जम्मा	३५	३५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया महिलालाई २०७२ वैशाख २८ गते गाविस कार्यालयबाट घर जाँदै गर्दा मालिका गाविस-२ का २३ वर्षीय रोशन मल्लले बलात्कार प्रयास गरेको भन्दै पीडितले प्रहरीमा जेठ ५ गते उजुरी दिइन्। अदालतले आरोपितका नाममा ७० दिने म्याद पूर्जी दिए पनि यस वर्षको अन्त्यसम्म फरार रहे। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ५६ स्वास्थ्य चौकी छन्। ६ डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्टाफ नर्सको १० दरबन्दीमध्ये नौ, अहेवका १ सय २१ दरबन्दीमध्ये १ सय ६, अनमीको १ सय २४ दरबन्दीमध्ये ७७ र हेल्थ असिस्टेन्टको ४९ दरबन्दीमध्ये सात कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ८६ लाख ४४ हजार रुपियाँ छ। त्यसमध्ये ५८ लाख ४८ हजार रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.११ डोल्पा



जम्मा जनसङ्ख्या
३६७००

महिला
१८४६२

परिवार सङ्ख्या
७४८८

खोलाको पानी पिउने परिवार
१०५८

शौचालय नभएका परिवार
३६७७

कामका लागि बाहिरिएका
४४७

सबभन्दा बढी जनसङ्ख्या
१६४५३ (क्षेत्री)

अपाङ्गता भएका
७४५८

५ वर्षमाथिको साक्षरता प्रतिशत
८१

सरकारी विद्यालय
१२१

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१		१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		४	४
महिलाअधिकार	१५		१५
जातीय विभेद		३	३
कुटपिट		१	१
हत्या		१	१
जम्मा	१६	८	२४

डोल्पाको मानवअधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा खासै सुधार भएन। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा १३ महिलासहित २२ जना पीडित भएकामा सन् २०१५ मा १६ महिलासहित २४ जना पीडित भए। बाल विवाहबाट एक बालिका पीडित भइन्।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

गैरराज्यपक्षबाट

लिकु गाविस-३ निवासी तरुण दलका जिल्ला सदस्य ३५ वर्षीय धर्मजित बुढालाई २०७१ माघ २२ गते साँझ अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। टाउको र छातीमा चोट लागेका धर्मजितको शव सोही गाविस-३ चुँ गाउँनजिकको खेतमा फेला परेको प्रहरीले जनायो। शवको जिल्ला अस्पताल दुनैमा माघ २३ गते पोष्टमार्टम गरी पीडित परिवारले माघ २४ गते दुनैमा सद्गत गरे। घटनामा संलग्न भएको आरोपमा प्रहरीले सोही गाविस-३ निवासी एमाले कार्यकर्ता ३८ वर्षीय राजु बुढा र ३५ वर्षीय किरण बुढालाई माघ २३ गते गिरफ्तार गरेकामा माघ २७ गते रिहा गऱ्यो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कहीं उजुरी गरेनन्।

कारागार र बन्दी

ङ श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १२ कैद तोकिएको र चार कैद नतोकिएको गरी १६ जना बन्दी छन्। कारागार जीर्ण भएकाले पानी परेका बेला चुहिन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी एक र फौजदारी १९ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ८७ प्रावि, १४ निमावि र १४ मावि र चार उच्च मावि छन्। जिल्लामा ५ सय ८६ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ४ सय ६० बालक र ९ सय ६४ बालिका भर्ना भए। १ हजार ५० बालक र १ हजार ८ सय बालिकालाई ५५ लाख ६५ हजार ९ सय रुपियाँ दलित छात्रवृत्ति दिइयो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
जम्मा	१	१

जिल्लाको वार्षिक बजेट १४ करोड ५३ लाख २५ हजार रुपियाँ मध्ये ७० लाख ५८ हजार ८ सय रुपियाँ प्रशासनिक खर्च रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका पाँच, खान/लाउन नदिएको चार, बहुविवाह गरी हेला गरेको तीन उजुरी दर्ता भए। सबै घटना प्रहरीले मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
कथित बोक्सीको आरोप	३	३
बलात्कार	१	१
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
घरेलु हिंसा	८	८
यौन दुर्व्यवहार	१	१
जम्मा	१५	१५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष बलात्कार तथा बलात्कार प्रयासका घटनामा तीन जना महिला पीडित भए।

६५ वर्षीया महिलालाई २०७२ पुस ६ गते सोही ठाउँका २७ वर्षीय टेकन्द्रविक्रम शाहीले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा पुस ७ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा छन्।

सबै प्रकारका जातीय विभेद

त्रिपुराकोट गाविस-१ का १९ वर्षीय मनवीर सार्कीलाई २०७२ असार १३ गते आमा समूहका सदस्यलाई वितरण गर्ने ऋण माग्न जाँदा सोही गाविस-२ का ३६ वर्षीया कालिका उपाध्यायले डुम भनेको भन्दै पीडितले प्रहरीमा उजुरी दिइन्। स्थानीय राजनीतिक दल र गाउँका भद्र भलाद्मीको दबावमा पीडितले सोही दिन निवेदन फिर्ता लिइन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति/जग्गा कब्जा

लिकु गाविस-४ का ५१ वर्षीय रविलाल खत्री, सोही ठाउँका ५९ वर्षीय मोतिप्रसाद पहाडी, ६९ वर्षीय नारायण गिरी र ६५ वर्षीय रत्नप्रसाद खत्रीको ल्हाँ गाविस-५ र ६ मा रहेको दुई विगाह क्षेत्रफलको जग्गा २०७१ पुस १८ गते नेत्रविक्रम चन्द (विलप्व) नेतृत्वको नेकपा माओवादीका स्थानीय कार्यकर्ताले कब्जा गरे।

खाद्यान्न अभाव

सरकारले कर्णालीका पाँच जिल्लामा हरेक वर्ष ढुवानी अनुदानमा खाद्यान्न उपलब्ध गराउँदै आए पनि २०७२ असारदेखि सर्मी, काइगाउँ, कालिका, नर्कु, माझफाल, पहाडा, लिकु, त्रिपुराकोट र जुफाललगायतका गाविसमा खाद्यान्न आपूर्ति हुन नसकेपछि नेपालीको महान पर्व दशैँ र तिहारमा समेत ती गाविसका बासिन्दाले चामल पाएनन्। धान, मकै र सिमीलगायतका अन्नबाली र तरकारी घरमा भित्र्याउने समयमा आएको अविरल वर्षाले क्षति पुऱ्याएका कारण गत वर्षको तुलनामा यस वर्ष जिल्लामा खाद्यान्नको अभाव बढी भयो। सरकारले खाद्यान्न अभाव हुने जिल्लामा समयमै यथेष्ठ खाद्यान्न मौज्दात गर्ने बताए पनि डोल्पामा सात महिनादेखि खाद्यान्न अभाव हुँदासमेत आपूर्ति हुन सकेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र २३ स्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। अहेवका २३ दरबन्दीमध्ये २१ र अनमीको १९ दरबन्दीमध्ये १६ कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड २५ लाख ८० हजार रुपियाँ छ। त्यसमध्ये ३५ लाख २० हजार रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.१२. जुम्ला



जम्मा जनसङ्ख्या
१०८५२१

महिला
५४०२३

परिवार सङ्ख्या
५३०३

खोलाको पानी पिउने परिवार
६५३

शौचालय नभएका परिवार
५५१७

कामका लागि बाहिरिएका
१४६३

सबभन्दा बढी जनसङ्ख्या
६५६०५ (क्षेत्री)

अपाङ्गता भएका
३२४८

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५

सरकारी विद्यालय
१५५

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
महिलाअधिकार				३८		३८
भेला/सङ्गठित हुने अधिकार	१	१७	१८			
जातीय विभेद				१		१
गिरफ्तारी/यातना		१	१			
कुटपिट		५	५		३	३
हत्या		१	१			
जम्मा	१	३४	३५	३९	३	३१

जुम्लामा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना बढे। सन् २०१४ मा गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनामा ३० महिलासहित ३१ जना पीडित भएका थिए भने सन् २०१५ मा गैरराज्य पक्षबाट २५ महिलासहित ३१ जना नै पीडित भए। यो वर्ष राज्य पक्षबाट एक महिला र २४ पुरुष पीडित भए। यस वर्ष जातीय विभेदका घटनामा १ महिला पीडित भइन्। यो वर्ष सीमाङ्कनको विरोधमा आयोजित प्रदर्शनमा प्रहरीको गोली लागी एक प्रदर्शनकारीको मृत्यु भयो। सोही क्रममा झडप हुँदा एक महिलासहित १८ प्रदर्शनकारी घाइते भए। नेपाल प्रहरीका ३६ जना र सशस्त्र प्रहरीका दुई जना घाइते भए। बलात्कारका घटनामा एक, यौन दुर्व्यवहारमा एक, बहुविवाहमा सात र घरेलु हिंसामा १५ गरी २८ महिला पीडित भए। सन् २०१४ मा २७ जना पीडित भएका थिए।

सीमाङ्कन विरुद्धको आन्दोलनमा सहभागी प्रदर्शनकारीले कृषि अनुसन्धान केन्द्र, वनस्पति कार्यालय, भू संरक्षण, जिल्ला हुलाक, शिक्षा, वन कार्यालयमा आगजनी गरे भने अन्य १७ सरकारी कार्यालय तोडफोड गरे। जिल्ला ट्राफिक र हाकु प्रहरी चौकीका कागजपत्र जलाए भने जिल्ला प्रहरी र प्रशासन कार्यालय तोडफोड गरे। प्रदर्शनकारीले काङ्ग्रेस पार्टी कार्यालयमा आगजनी गरे भने एमाले र एमाओवादी पार्टी कार्यालयमा तोडफोड गरे। प्रदर्शनकारीले बालबालिकालाई अर्धनग्न अवस्थामा प्रयोग गरेको पाइयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

ताम्ती गाविस-१ का २५ वर्षीय हरिबहादुर कुँवर २०७२ साउन ३१ गते सीमाङ्कनको विरोधमा चन्दननाथ नपा-६ स्थित बजारमा आयोजित प्रदर्शनमा

सहभागी भएको अवस्थामा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। गर्धनमा गोली लागेका घाइतेको उपचारका क्रममा त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौँमा भदौ ६ गते मृत्यु भयो। सरकारले मृतकका परिवारलाई राहतस्वरूप १० लाख रुपियाँ प्रदान गऱ्यो। सीमाङ्कनको विरोध र स्वायत्त कर्णाली प्रदेशको माग गर्दै २०७२ साउन २४ देखि भदौ ५ गतेसम्म जुम्लामा भएको प्रदर्शनका क्रममा यो घटना भएको थियो।

सीमाङ्कन विरोधको आन्दोलनमा सशस्त्र प्रहरीको गोली लागी मृत्यु भएका हरिबहादुर कुँवर

सो घटनामा चन्दननाथ नपा-३ का सन्तोष बुढा थापा र डिल्लीचौर गाविस-१ की पवित्रा बोहोरा प्रहरीको गोली प्रहारबाट घाइते भए। सोही घटनामा चन्दननाथ नपा-४ का पद्मप्रसाद तिमिल्सिना, सोही नपा-१५ का मन्जुल बुढा, ११ का राजन रोकाया, १ का मणिकृष्ण देवकोटा, ६ का लालसेन सुनार, १५ का विष्णुबहादुर भट्टराई, पाण्डवगुफा गाविस-१ का छक्कबहादुर कार्की, देपालगाउँ गाविस-३ का गोविन्द नेपाली, मालिकाबोता गाविस-१ का कलबहादुर रावत, डिल्लीचौर गाविस-१ की पविता बोहोरा, कालिकोटको राम्नाकोट गाविस-१ का कलराज सेजुवाल, एमालेका पूर्व जिल्ला सचिव रतननाथ योगी, वाइसिएल अध्यक्ष विष्णुबहादुर महत, अनेरास्ववियुका केन्द्रीय सदस्य धर्मेन्द्र रोकाया, होटल व्यवसायी हरिबहादुर डाँगी, नेकपा एमालेका निर्पेन्द्र महत र शिक्षक तेजबहादुर शाही प्रहरीको लाठी प्रहारबाट घाइते भए। घाइते सन्तोष बुढा थापालाई ६६ हजार ८ सय ५४ रुपियाँ र पवित्रा बोहोरालाई ४० हजार ८ सय ६७ रुपियाँ सरकारले क्षतिपूर्तिवापत उपलब्ध गरायो।

प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर नेपाल प्रहरीका ३६ जना र सशस्त्र प्रहरीका २ जवान घाइते भए। आन्दोलनकारीले गरेका आगजनीबाट वन र कृषि अनुसन्धान केन्द्र बागवानी राजीकोट पूर्ण क्षति भए भने शिक्षा, हुलाक, वनस्पती र भू-संरक्षण कार्यालय आंशिक क्षति भए। प्रदर्शनकारीले वनस्पति कार्यालयको मोटरसाइकल आगजनी गरेका थिए भने प्रहरीको एक भ्यान, जिल्ला प्रशासनको दुई गाडी, जनस्वास्थ्य कार्यालयको एक गाडी तोडफोड गरेको प्रहरीले जनायो। यही क्रममा जिल्ला प्रशासनले साउन ३१ र ३२ गते जुम्लाको तनावयुक्त क्षेत्रमा कर्फ्यु आदेशसमेत जारी गरेको थियो।

सीमाङ्कनको विरोध गर्दै गरिएको प्रदर्शनका क्रममा प्रहरीको गोलीद्वारा घाइते पविता बोहोरा

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २० जनाको छ। तर २३ कैद तोकिएको र आठ कैद नतोकिएको गरी ३१ जना बन्दी छन्। जसमध्ये तीन महिला छन्। पिउने पानी र बत्तीको समस्या रहेको कारागार भवन पनि जीर्ण छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

हाँकु गाविस-७ का ४५ वर्षीय नरिमान नेपाली, ३५ वर्षीय वली नेपाली, ३२ वर्षीय अम्मरे नेपाली, ३४ वर्षीय रमेश नेपाली र २९ वर्षीय साउने नेपालीलाई २०७२ साउन ३२ गते राति चन्दननाथ नपा पुरानो बसपार्कस्थित एक निर्माणाधीन घरमा बसिरहेका बेला १६-१७ जनाको सशस्त्र प्रहरीको समूहले दिउँसो प्रदर्शनका क्रममा ढुङ्गा हानेको आरोपमा कुटपिट गऱ्यो। पीडितहरूले कहीँ उजुरी दिएनन्।

सीमाङ्कनको विरोधमा आन्दोलनकारीद्वारा आगजनी गरिएका जुम्लास्थित कृषि अनुसन्धान केन्द्र, (बागवानी राजीकोट) र जिल्ला वनस्पति कार्यालय

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३२ र फौजदारी ३७ थान छन्। फैसला हुन बाँकी दुई वर्षभन्दा पुराना मुद्दा फौजदारी एक थान छ।

यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको पुनरावेदन अदालतमा दुई न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २८ र फौजदारी ३८ थान छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

चन्दननाथ नपा-६ का २५ वर्षीय सुभाषजङ्ग शाहीलाई २०७२ जेठ ३२ गते प्रहरीमाथि हातपात गरेको आरोपमा गिरफ्तारपछि प्रहरीले हिरासतमा यातना दिएको भन्दै पीडित पक्षले असार ३ गते राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय जुम्लामा उजुरी दियो। डीएसपी बलबहादुर राईले गिरफ्तार गर्दा सहजरूपमा आउन नमानेपछि सामान्य बल प्रयोग गर्न बाध्य भएको तर हिरासतमा यातना नदिएको दाबी गरे। उजुरी सम्बन्धमा अनुसन्धान भइरहेको आयोगको उपक्षेत्रीय कार्यालयले जनायो।

गज्याङकोट गाविस-५ निवासी राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख २८ वर्षीय राजेन्द्र न्यौपाने र काभ्रे जिल्ला उग्रचण्डी गाविस-२ निवासी राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी ३८ वर्षीय कृष्ण श्रेष्ठ प्रहरीको गोलीद्वारा घाइते व्यक्तिको अवस्था बुझ्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल गएका बेला २०७२ साउन ३१ गते सीमाङ्कनविरूद्धको प्रदर्शनमा सहभागी आन्दोलनकारीले 'प्रहरीले गोली चलाउँदा के हेरेर बसेको ?' भन्दै अस्पताल हाताभित्रै लछारपछार गरी दुर्व्यवहार गरे।

सीमाङ्कनको विरोधमा आन्दोलनकारीद्वारा आगजनी गरिएका जुम्लास्थित जिल्ला हुलाक कार्यालय र जिल्ला शिक्षा कार्यालय

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ८९ प्रावि, ३२ निमावि, ३१ मावि र १२ उच्च मावि छन्। ५ सय ८० शिक्षक दरबन्दी रहेकामा ५ सय ७२ कार्यरत छन्। यो वर्ष १७ हजार ७ सय ५३ बालक र १८ हजार ५ सय ९२ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २३ करोड ३० लाख ३२ हजार रुपियाँ र प्रशासनिक खर्च ६५ लाख रुपियाँ छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ३२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका नौ, खान/लाउन नदिएको नौ, बहुविवाह गरी हेला गरेको पाँच उजुरी छन् भने सामान्य झगडाका ६ घटना दर्ता भए। तीमध्ये २३ घटनामा प्रहरीले मिलापत्र गरायो। पाँच उजुरी कानुनी प्रक्रियामा छ भने चार उजुरीकर्ता सम्पर्कमै आएनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	७	७
घरेलु हिंसा	१९	१९
यौन दुर्व्यवहार	१	१
जम्मा	२८	२८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष एक जना महिला बलात्कारबाट पीडित भइन् भने एक जना यौन दुर्व्यवहारबाट पीडित भइन्। सन् २०१४ मा बलात्कारबाट एक र यौन दुर्व्यवहारबाट तीन महिला पीडित भएका थिए।

१९ वर्षीया महिलालाई २०७२ असोज ९ गते देपालगाउँ गाविस-८ का २४ वर्षीय महेश भण्डारीले बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा असोज १२ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा असोज ११ गते भयो। अदालतले आरोपितलाई कात्तिक २३ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

सबै प्रकारका जातीय विभेद

चन्दननाथ नपा-१५ की ३० वर्षीया काली कामीलाई २०७१ चैत ११ गते सोही नपा-६ निवासी होटल व्यवसायी ३६ वर्षीया रामछाया रोकायाले 'दलितले छोएको पानी चल्दैन, होटलभित्र नआऊ' भनी कुटपिट गरेको भन्दै पीडितले प्रहरीमा चैत १२ गते उजुरी दिइन्। जातीय विभेद नगर्ने प्रतिबद्धता आरोपितले व्यक्त गरेपछि प्रहरीले चैत १४ गते मिलापत्र गरायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति/भौतिक संरचना क्षति

कर्णाली यातायात व्यवसायी सङ्घ जुम्लाको बस काउन्टरमा २०७२ असोज १ गते राति अज्ञात समूहले गरेको बम प्रहारबाट काउन्टरको पछाडिको भाग क्षति भयो। घटनास्थल नजिक प्रेसर कुकरका टुक्रा भेटिएका थिए। घटनाको जिम्मेवारी कसैले लिएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक शिक्षण अस्पताल, ३० स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। एक डाक्टरको दरबन्दी रहेको अस्पतालमा एकै जना कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन्। ल्याब असिस्टेन्टको दरबन्दी एक रहेकामा खाली छ। अहेवका ६० दरबन्दीमध्ये ५७, अनमीको ६५ दरबन्दीमध्ये ३९ र हेल्थ असिस्टेन्टको ३० दरबन्दीमध्ये १२ कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड रुपियाँ छ। त्यसमध्ये ६ करोड रुपियाँ प्रशासनिक खर्चका लागि र ४७ लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.१३ कालीकोट



जम्मा जनसङ्ख्या
१३६५४८

महिला
६८११५

परिवार सङ्ख्या
२३०१३

खोलाको पानी पिउने परिवार
८५०

शौचालय नभएका परिवार
५५२७

कामका लागि बाहिरिएका
२०५६

सबभन्दा बढी जनसङ्ख्या
३५४७८ (क्षेत्री)

अपाङ्गता भएका
५२६२

५ वर्षमाथिको साक्षरता प्रतिशत
८०.२

सरकारी विद्यालय
२५१

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			५		५
महिलाअधिकार			१४		१४
गिरफ्तारी/यातना	२	२			
कुटपिट				१	१
हत्या				२	२
जम्मा	२	२	१९	३	२२

कालीकोटको मानवअधिकार अवस्था गत वर्षको तुलनामा सुधियो। सन् २०१४ मा गैरराज्य पक्षबाट २० महिलासहित २५ जना पीडित भएकामा यो वर्ष गैरराज्य पक्षबाट १५ महिलासहित २२ जना पीडित भए। यस वर्ष बलात्कारको घटनामा दुई, बहुविवाहको घटनामा ६, बेचबिखनको घटनामा एक र घरेलु हिंसाका घटनामा पाँच गरी १४ महिला पीडित भए। यसैगरी बलात्कार घटनामा एक, यौन दुर्व्यवहारबाट तीन र बालविवाहबाट एक गरी पाँच बालिका पीडित भए। सन् २०१४ मा तीन बालिका पीडित भएका थिए।

गोली/विष्फोटक पदार्थबाट मृत्यु

मेहलमुडी गाविस-२ का १५ वर्षीय सनेशनाथ योगी र १३ वर्षीय माननाथ योगीको २०७२ भदौ २६ गते साँझ घरनजिकैको जङ्गलमा भेटिएको विष्फोटक पदार्थ घरमा ल्याइ चलाउँदा भएको विष्फोटबाट घटनास्थलमै मृत्यु भयो। सो पदार्थ सशस्त्र द्वन्द्वको समयमा माओवादीले छाडेको ग्रिनेट बम भएको प्रहरीले जनायो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४० कैद तोकिएका र एक कैद नतोकिएका गरी ४१ जना बन्दी छन्। जसमा एक आश्रित बालक छन्। धेरै मानिस भएकाले बस्न समस्या छ भने बत्ती छैन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। थप एक न्यायाधीश काजमा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३९ र फौजदारी ४० थान छन्। छिनिन बाँकी दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी नौ र फौजदारी एक थान छन्।

कर्णाली भेरी विशेष अधिकारको माग गर्दै कालीकोटमा महिलाहरूले गरेको प्रदर्शन

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

विशेष अधिकारसहितको कर्णाली प्रदेश माग गर्दै २०७२ साउन २४ गते सुरु भएको आन्दोलन कालिकोट जिल्लामा भदौ ३ गतेसम्म जारी रह्यो। विभिन्न राजनीतिक दल आबद्ध युवा, महिलाले त्यस क्रममा कालो व्यानरसहित अर्धनग्न जुलुस प्रदर्शन गरेका थिए। आन्दोलनको ११ औं दिन प्रदर्शनकारीले एमाले पार्टी कार्यालयमा ढुङ्गा प्रहार गरे। जिल्लास्थित कङ्ग्रेस, एमाले, एमाओवादी, राप्रपालगायत आन्दोलनरत दलहरूले संयुक्त विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गरे। आन्दोलनको १२ औं दिन भदौ ४ गते सरकारले आन्दोलनकारीका माग पूरा गरेपछि जिल्लाको जनजीवन सहज भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सिपखाना गाविस-३ निवासी डाँफे मावि मुम्राका शिक्षक ५३ वर्षीय रत्न न्यौपाने र उनका २९ वर्षीय छोरा हेमराज न्यौपानेलाई २०७१ माघ ३ गते अज्ञात व्यक्तिको नम्बरबाट डीएसपीलाई फोनमार्फत धम्काएको आरोपमा प्रहरीले हिरासतमा यातना दिएको पीडितले आरोप लगाए। प्रहरी यातनाबाट हेमराजको कानको जाली फुटेको थियो। पीडितले फोन नगरेको पुष्टि भएपछि प्रहरीले आरोपित दुवैलाई माघ ४ गते रिहा गऱ्यो। पीडितले सुनुवाई नहुने भन्दै कतै पनि उजुरी दिएनन्।

संघीयता विरूद्धको कालिकोटमा प्रदर्शन गरिएको अर्धनङ्न जुलुश

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७२ प्रावि, ५९ निमावि, २९ मावि र २८ उच्च मावि छन्। ६ सय ४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष २९ हजार २ सय २९ जना बालक र ३० हजार ५ सय ५० बालिका भर्ना भए। ८ हजार ६ सय ६४ बालक र ८ हजार ४ सय १० बालिकालाई ३५ लाख ७४ हजार रुपियाँ दलित छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८३ करोड ९७ लाख ३३ हजार ३ सय ३९ रुपियाँ छ भने प्रशासनिक खर्च २० लाख ३५ हजार ७ सय २७ रुपियाँ छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	५	५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यस वर्ष बलात्कार एक, यौन दुर्व्यवहार तीन र बालविवाहका घटनामा एक बालिका पीडित भए। चार वर्षदेखि १५ वर्ष उमेर समूहका बालिका बलात्कार तथा बलात्कार प्रयासबाट पीडित भए। बलात्कार प्रयासका एक घटनाका आरोपित फरार रहे।

१४ वर्षीया बालिकालाई २०७१ फागुन ८ गते मान्म गाविस-५ का २५ वर्षीय जनक शाहीले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। फागुन २२ गते गिरफ्तार शाहीलाई अदालतले चैत १५ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ३५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा निवेदन दिए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २९, खान/लाउन नदिएको तीन, बहुविवाह गरी हेला गरेको दुई उजुरी छन् भने सामान्य झगडाका एक घटना दर्ता भए। तीमध्ये ३४ घटनामा प्रहरीले मिलापत्र गरायो

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	६	६
महिला बेचबिखन	१	१
घरेलु हिंसा	५	५
जम्मा	१४	१४

भने एक उजुरीकर्ता सम्पर्कमै आएनन्।

यस वर्ष दुई महिला बलात्कार घटनाबाट पीडित भए भने घरेलु हिंसाबाट पाँच महिला पीडित भए। त्यस्तै बहुविवाहका घटनामा ६ र बेचबिखनमा एक जना पीडित भए। बलात्कारका दुवै घटनाका आरोपित फरार रहे। गत वर्ष तीन महिला बलात्कारबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४९ वर्षीया महिलालाई २०७१ माघ १० गते गेला गाविस-१ का २८ वर्षीय रते बिकले बाटोमा हिँडिरहेका बेला बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा माघ १० गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भएन। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

खाद्य सङ्कट

सुक्खा क्षेत्र घोषणा गरिएको जिल्लाको पलाता क्षेत्रका नानिकोट, धौलागोह, खिन, थिर्पुलगायत गाविसमा २०७२ भदौ १५ गतेदेखि खाद्य सङ्कट सुरु भयो। खडेरीले धान, मकै, कोदो सबै सुकाएपछि खाद्य सङ्कट भई यहाँका बासिन्दा भेकमरीको चपेटामा परे। करिब २५ हजार जनसङ्ख्या रहेका ती गाविसमा खाद्य सङ्कट भएपछि स्थानीयले जिल्ला प्रशासन कार्यालयमा भदौ २९ गते पत्रकार सम्मेलन गरी सबैको ध्यानाकर्षण गराए तर पनि कुनै व्यवस्था भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २८ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डाक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन्। स्टाफ नर्सको तीन दरबन्दीमध्ये दुई, अहेवका ६५ दरबन्दीमध्ये ३४, अनमीको ४१ दरबन्दीमध्ये ३८ र हेल्थ असिस्टेन्टको २० दरबन्दीमध्ये १७ कार्यरत छन्। स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ९ लाख ११ हजार ५३ रुपियाँ छ। त्यसमध्ये १३ लाख ४ हजार रुपियाँ औषधीका लागि छुट्याइएको छ।

४.१४ मुगु

जम्मा जनसङ्ख्या
५५२८६

महिला
२७२६१

परिवार सङ्ख्या
५६१५

खोलाको पानी पिउने परिवार
४८२

शौचालय नभएका परिवार
४५५५

कामका लागि बाहिरिएका
६५५

सबभन्दा बढी जनसङ्ख्या
२७०१६ (क्षेत्री)

अपाङ्गता भएका
१५१७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

सरकारी विद्यालय
१५२

मुगुमा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना केही वृद्धि भए। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यबाट दुई पुरुषसहित १३ जना पीडित भएकामा सन् २०१५ मा चार पुरुषसहित १४ जना पीडित भए। गत वर्ष एकको हत्या भएकामा यो वर्ष तीन पुरुषसहित ६ को हत्या भयो। गत वर्ष तीन बालिका पीडित भएकामा यो वर्ष कोही पनि पीडित हुनु परेन। महिलाविरुद्धका हिंसात्मक घटनाबाट गत वर्ष पाँच जना पीडित भएकामा यो वर्ष सात महिला पीडित भए। गत वर्ष जातीय विभेदका घटनाबाट दुई जना पीडित भएकामा यो वर्ष कोही पनि भएन। सीमाङ्कनविरुद्धको आन्दोलनमा सहभागी प्रदर्शनकारीले १८ सरकारी कार्यालय तोडफोड गरे।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १५ जनाको छ। तर तीन कैद तोकिएको र तीन कैद नतोकिएको गरी ६ जना बन्दी छन्। कारागारको आफ्नै भवन नहुँदा कैदी र बन्दीलाई जुम्ला, बाँके र बर्दियाका कारागारमा पठाउनुपर्ने बाध्यता छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी नौ र फौजदारी २० थान छन्।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

कर्णालीलाई ६ नम्बर प्रदेशमा राख्न नहुने भन्दै नौ दिनसम्म आन्दोलन गर्दा पनि सरकार तथा चार राजनीतिक दलका प्रमुखले कर्णालीको मागप्रति सुनुवाइ नगरेको भन्दै आन्दोलनकारीले २०७२ साउन ३२ गते प्राय: सरकारी कार्यालयका साइनबोर्ड, नागरिक वडापत्र र उजुरीपेटिका तोडफोड गरी सङ्घीय नेपाल सरकार सङ्घीय कर्णाली प्रदेश लेखिएको साइनबोर्ड झुण्डाए। मुगुमा २०७२ साउन

प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
महिलाअधिकार			७		७
कुटपिट	१	१			
हत्या			३	३	६
जम्मा	१	१	१०	३	१३

२४ गते सुरु भएको आन्दोलन भदौ ५ गते सकिएको थियो ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ९२ प्रावि, ३० निमावि, ११ मावि र १० उच्च मावि छन्। ४ सय ८३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ९ सय बालक र १ हजार ८८ बालिका भर्ना भए। २ हजार १ सय ३ बालक र ४ सय बालिकालाई दलित छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ३ करोड २६ लाख ९७ हजार १ सय ८१ रुपियाँ छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका तीन र बहुविवाह गरी हेला गरेकोमा एक उजुरी छन् भने सामान्य झगडाका चार घटना दर्ता भए। तीमध्ये प्रहरीले सात घटनामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छ। एक उजुरीकर्ता भने सम्पर्कमै आएनन्।

अघिल्लो वर्ष पाँच महिला हिंसा तथा ज्यादतीबाट पीडित भएकामा यो वर्ष सात जना पीडित भए। जसमध्ये तीन जना घरेलु हिंसाबाट पीडित भए। त्यस्तै तीन बलात्कार र एक जना बहुविवाहका घटनाबाट पीडित भए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	१	१
घरेलु हिंसा	३	३
जम्मा	७	७

परिवारजनबाट हत्या

कार्कीवाडा गाविस-५ की २० वर्षीया पुतली बिकलाई २०७२ असोज १६ गते काका पर्ने ३० वर्षीय जगेन्द्र बिकसँग यौन सम्पर्क राखेको आरोपमा पुतलीका २५ वर्षीय पति धर्मराज बिकले पत्नी र काका दुवैलाई धारिलो हतियार प्रयोग गरी हत्या गरे। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा भयो। त्यसपछि आफैं विमानस्थल सुरक्षा चौकीमा पुगी आत्मसमर्पण गरेका धर्मराजलाई अदालतले २०७२ पुस १ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

ह्यागलु गाविस-६ की नौ वर्षीया सुन्तली रोकाया, सोही घरका ६ वर्षीय युवराज रोकाया, चार वर्षीया विपना रोकाया र दुई वर्षीय दीपक रोकायालाई २०७२ मङ्सिर ९ गते बिहान २५ वर्षीय बाबु नन्दबहादुर रोकायाले कोदालोले प्रहार गरी हत्या गरी घरनजिकैको खेतको आलीमा पुरेको अवस्थामा प्रहरीले मङ्सिर १३ गते शव फेला पाऱ्यो। आफ्ना चार बालबालिका हराएको भन्दै आरोपितले प्रहरीमा मङ्सिर ९ गते खबर गरेका थिए। नन्दबहादुर मङ्सिर १३ गतेदेखि थुनामा रहेकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

फोतु गाविस-५ की २६ वर्षीया सत्यदेवी शाहीलाई २०७२ मङ्सिर २० गते २९ वर्षीय पति लोकेन्द्र शाहीले धारिलो हतियार प्रहार गरेको भन्दै पीडित पक्षले प्रहरीमा घटनाको भोलिपल्ट उजुरी दियो। कान्छी पत्नीसँग गमगढीमा बस्दै आएकामा जेठी पत्नी गममढी आएका बेला लोकेन्द्रले हतियार प्रहार गरेका थिए। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

सबै प्रकारका जातीय विभेद

दलित सेवा समाज र दलित अधिकारकर्मीको संयुक्त आयोजनामा २०७२ वैशाख १२ गते सदरमुकाम गमगढीमा रहेको कालिका मालिका र छायाँ क्षेत्र मन्दिर प्रवेश कार्यक्रमका क्रममा छायाँ क्षेत्र मन्दिर प्रवेश गर्न खोज्दा श्रीनगर गाविस-५ निवासी गाउँलेले रोक लगाएपछि तनाव भयो। रोक्न खोज्नेहरूले हालसम्म कसैले पनि मन्दिर प्रवेश नगरेको भन्दै सोही दिन दलित अधिकारकर्मी पशुराम नेपालको घरसमेत तोडफोड गरे। दलित सुमदायले जिल्ला प्रशासन कार्यालयमा वैशाख १३ गते निवेदन दिए पनि यो वर्षको अन्त्यसम्म कसैलाई कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, नौ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। तीन डाक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। स्टाफ नर्सको तीन दरबन्दीमध्ये दुई, अहेवको ५४ दरबन्दीमध्ये ४९ र अनमीको ३७ दरबन्दीमध्ये २४ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड ५० लाख रुपियाँ मध्ये १७ लाख रुपियाँ औषधीका लागि छुट्याएको छ।

४.१५ हुम्ला



जम्मा जनसङ्ख्या
५०८५८

महिला
२५०२५

परिवार सङ्ख्या
९४७९

खोलाको पानी पिउने परिवार
१९५

शौचालय नभएका परिवार
४६९९

कामका लागि बाहिरिएका
६८२

सबभन्दा बढी जनसङ्ख्या
१९६८२ (क्षेत्री)

अपाङ्गता भएका
२४११

५ वर्षमाथिको साक्षरता प्रतिशत
८०

सरकारी विद्यालय
१४२

हुम्लामा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना आधा नै कम भए। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्यबाट १३ र गैरराज्यबाट सात गरी २० जना पीडित भएकामा सन् २०१५ मा राज्यबाट दुई र गैरराज्यबाट नौ गरी ११ जना पीडित भए। गत वर्षको तुलनामा बालबालिकाविरुद्धका घटना भने उस्तै रहे। गत वर्ष जस्तै यो वर्ष पनि एक बालिका पीडित भइन्। महिलाविरुद्धका हिंसात्मक घटनाबाट गत वर्ष तीन जना पीडित भएकामा यो वर्ष आठ महिला पीडित भए। गत वर्ष राज्य पक्षबाट भएका कुटपिटका घटनामा १३ जना पीडित भएकामा यो वर्ष दुई जना पीडित भए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर पाँच कैदीमात्र छन्। जसमा एक महिला छिन्। कारागारमा महिलालाई छुट्टै कोठा नभएकाले जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २४ र फौजदारी १५ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ८५ प्रावि, ३० निमावि, १८ मावि र पाँच उच्च मावि छन्। ४ सय ९३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ७ हजार ९ सय ४५ बालक र ८ हजार ३ सय २१ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयको वार्षिक वजेट ७ करोड रुपियाँ छ भने प्रशासनिक खर्च ६० लाख रुपियाँ छ। जिल्लाका ७ सय ५१ बालिका र ५ सय २१ बालकलाई ५ लाख ८ हजार ८ सय रुपियाँ दलित

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट	
	महिला	पुरुष	जम्मा	महिला	जम्मा
बालअधिकार				१	१
महिलाअधिकार				८	८
कुटपिट	१	१	३		
जम्मा	१	१	३	९	९

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
जम्मा	१	१

छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै १७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको एक, बहुविवाह गरी हेला गरेको एक उजुरी छन् भने सामान्य झगडाका १४ घटना दर्ता भए। तीमध्ये १६ घटनामा प्रहरीले मिलापत्र गरायो भने एक उजुरी कानुनी प्रक्रियामा छ।

गत वर्षको तुलनामा सन् २०१५ मा महिलाविरुद्धका घटनामा सामान्य वृद्धि भयो। सन् २०१४ मा यस्ता घटनाबाट तीन जना पीडित भएकामा यो वर्ष आठ जना पीडित भए। जसमध्ये पाँच महिला घरेलु हिंसाबाट पीडित भए। एक बलात्कार प्रयास, एक यौन दुर्व्यवहार र एक जना बहुविवाहका घटनाबाट पीडित भए। तीमध्ये एक घटनाका आरोपित रिहा भए, एक घटनाका आरोपित थुनामा छन् भने एक आरोपित फरार छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	१	१
बहुविवाह	१	१
घरेलु हिंसा	५	५
यौन दुर्व्यवहार	१	१
जम्मा	८	८

घरेलु हिंसा

बरगाउँ गाविस-१ की ३९ वर्षीया जस्पुरी सुनारलाई २०७२ वैशाख ८ गते अन्य पुरुषसँग लागेको आरोपमा ४५ वर्षीय पति प्रमासिंह सुनारले मदिरा सेवन गरी कुटपिट तथा अमानवीय व्यवहार गरेको भन्दै पीडितले प्रहरीमा सोही दिन उजुरी दिइन्। प्रहरीको रोहवरमा पति-पत्नीबीच वैशाख ९ गते भएको छलफलमा आइन्दा पत्नीलाई सम्मान गर्ने, कुटपिट नगर्ने सर्तमा मिलापत्र भएको थियो। पीडितले पतिसँग बस्न नसक्ने भन्दै असार २ गते अदातलमा सम्बन्ध विच्छेदको मुद्दा दिइन्। अदालतमा असोज १३ गते कुटपिट नगरी मिलेर बस्ने सहमतिमा मिलापत्र भयो। अझै पनि पतिले कुटपिट गर्न नछाडेको पीडितले बताइन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

जिल्लाको दक्षिण क्षेत्रका कालिका, जैर, मैला, मदान र श्रीनगर गाविसमा खाद्यान्न सङ्कट देखियो। खडेरीले धान, मकै, कोदो, फापर, चिनो, मासेसिमी, मास सबै सुकाएपछि खाद्यान्न सङ्कट भएको हो। सदरमुकामबाट ४४ कोष टाढाको श्रीनगर गाविसमा खडेरी पर्दा भोकमरी देखा परेको छ। करिब १६ हजार जनसङ्ख्या रहेका यी गाविसमा खाद्य सङ्कट हुने भएपछि श्रीनगर गाविस कल्खेका दानसिङ दमाईको अगुवाईमा सदरमुकाम आएका स्थानीयले जिल्ला प्रशासन कार्यालय र अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थामा असोज ६ गते ध्यानाकर्षण गराए। तर समस्या समाधानका लागि कुनै पहल भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र १४ स्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। स्टाफ नर्सको तीन दरबन्दीमध्ये दुई कार्यरत छन्। अहेव र अनमी दरबन्दीअनुसार नै कार्यरत छन्। ल्याब असिस्टेन्ट र हेल्थ असिस्टेन्टको भने दरबन्दी नै छैन। स्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ४९ लाख ६६ हजार रुपियाँ छ। त्यसमध्ये ७ करोड ८४ लाख ७ हजार रुपियाँ प्रशासनिक खर्चका लागि र ५० लाख रुपियाँ औषधीका लागि छुट्याइएको छ।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली



जम्मा जनसङ्ख्या
७७५७०५

महिला
३५७२५२

परिवार सङ्ख्या
१४२८४०

खोलाको पानी पिउने परिवार
१८१५

शौचालय नभएका परिवार
७२३२१

कामका लागि बाहिरिएका
६२६४४

सबभन्दा बढी जनसङ्ख्या
३२२१२० (थारू)

अपाङ्गता भएका
१५३७८

५ वर्षमाथिको साक्षरता प्रतिशत
६६.३

सरकारी विद्यालय
४५५

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६		५९	५९
बालअधिकार				१७	२	१९
महिलाअधिकार				८३		८३
जातीय विभेद				१		१
गिरफ्तारी/यातना		१३	१३			
कुटपिट	१		१	१	३	४
धम्की					२	२
हत्या				४	१०	१४
जम्मा	१	१८	१९	१०६	७६	१८२

कैलालीको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा अत्यन्तै कमजोर भयो। सन् २०१४ मा मानवअधिकार उल्लङ्घनका घटनामा १ सय ५४ महिलासहित १ सय ६० जना पीडित भएकामा सन् २०१५ मा १ सय ७ महिलासहित २ सय १ जना पीडित भए। यो वर्ष गैरराज्यपक्षबाट मानवअधिकार उल्लङ्घनका गम्भीर घटना भए। गैरराज्यपक्षबाट चार महिलासहित १४ जनाको हत्या भयो। राज्य पक्षबाट भएका उल्लङ्घनमा एक महिलासहित १५ जना पीडित भए। पीडितमध्ये १२ जनामाथि गिरफ्तारी गरी यातना दिइयो।

बाल अधिकार उल्लङ्घनका १५ घटना भए जसमा १३ बालिकामाथि बलात्कार भयो। यो वर्ष संविधानमा व्यवस्था भएको राज्य पुनर्संरचनाको विषयलाई लिएर भएको थरुहट आन्दोलनका क्रममा गम्भीर मानवअधिकार हनन् भयो। आन्दोलनकारीले एक नाबालक, नेपाल प्रहरीका वरिष्ठ अधिकृत तथा अधिकृतसहित आठ जनाको निर्मम तरिकाले हत्या गरे। यो घटनासँगै कैलालीमा सामाजिक सद्भाव खलबलिने अवस्था सिर्जना भयो। प्रदेशहरूको सीमाङ्कन गर्दा कैलाली जिल्ला टुक्र्याइएको विषयमा अखण्ड सुदूरपश्चिम, हिन्दु राष्ट्र पक्षधर र थरुहटले छुट्टाछुट्टै माग राख्दै आन्दोलन गरेका कारण पूरै जिल्ला तनावग्रस्त भयो। यस अवधिमा झण्डै १ महिना प्रशासनले कर्फ्यु लगायो भने सरकारले दङ्गाग्रस्त क्षेत्र घोषणा गरी सेना परिचालनसमेत गऱ्यो। गैरराज्य पक्षबाट गाविस कार्यालय, प्रहरी चौकीलगायत भौतिक संरचना तथा सम्पत्तिमा आगजनी भए।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानितरूपमा बाँच्ने अधिकार
हत्या
गैरराज्यपक्षबाट

छुट्टै थरुहट स्वायत्त प्रदेश माग गर्दै आन्दोलनरत थरुहट सङ्घर्ष समितिका कार्यकर्ताको आक्रमणबाट कैलालीको टीकापुर नपा-९ का २ वर्षीय बालक टेकबहादुर साउद, कामनपा-७ सिनामङ्गल घर भई अञ्चल प्रहरी कार्यालय धनगढीमा कार्यरत् नेपाल प्रहरीका एसएसपी ५३ वर्षीय लक्ष्मण न्यौपाने, इन्सपेक्टरद्वय बैतडी रौलेश्वर गाविस-९ निवासी ४९ वर्षीय बलराम बिष्ट र कञ्चनपुरको बेलौरी गाविस-८ निवासी ४२ वर्षीय केशव बोहरा, बझाङको चैनपुर गाविस-८ घर भएका ३५ वर्षीय हवल्दार श्यामबहादुर खड्का, बैतडी हटैराज गाविस-१ घर भएका प्रहरी जवान लोकेन्द्रबहादुर चन्द, सशस्त्र प्रहरीतर्फका बर्दिया नेउलापुर गाविस-९ घर भएका ३५ वर्षीय हवल्दार रामबिहारी थारू र टीकापुर नपा-९ निवासी ललितबहादुर साउदको २०७२ भदौ ७ गते घटनास्थलमै मृत्यु भयो। जिल्लास्थित सरकारी कार्यालयहरूमा सरकारी बोर्ड हटाई थरुहट प्रदेश लेखिएको बोर्ड राख्ने क्रममा थरुहटका कार्यकर्ताले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा उनीहरूको मृत्यु भएको थियो।

घटनामा बैतडीहाट गाविस-१ निवासी ३४ वर्षीय सई रवीन्द्र धनुषे, हवल्दारद्वय बैतडीको रिम गाविस-१ निवासी ३२ वर्षीय केशवराज जोशी र कञ्चनपुरको झलारी नपा निवासी ३५ वर्षीय जनक नेगी, डोटीको तिजाली-१ निवासी ३० वर्षीय प्रहरी योगेन्द्रबहादुर ऐर र बैतडीको श्रीकोट गाविस-१ घर भएका २८ वर्षीय प्रहरी रामचन्द्र जोशी, अछामको गुन्द्रा गाविस-२ घर भएका ४९ वर्षीय प्रहरी निरीक्षक एकेन्द्रबहादुर खड्का, डडेल्धुराको मटामाडौँ-१ निवासी ३४ वर्षीय सई मानबहादुर बोहरा, अछामको दर्ना गाविस-८ निवासी ३५ वर्षीय प्रहरी हवल्दार गजेन्द्रबहादुर शाह, बाजुराको बाधु गाविस-७ निवासी ३० वर्षीय प्रहरी हवल्दार मुकेन्द्रबहादुर अधिकारी, बैतडीको श्री केदार गाविस-८ निवासी ३८ वर्षीय प्रहरी हवल्दार खेमराज भट्ट घाइते भए।

यसैगरी डडेल्धुराको जोगबुढा गाविस-४ निवासी ३३ वर्षीय प्रहरी हवल्दार मानबहादुर बुढामगर, बैतडीको रोडिदेवल गाविस-६ निवासी २१ वर्षीय प्रहरी सुरेन्द्रबहादुर चन्द, दार्चुलाको उकु गाविस-३ निवासी ३० वर्षीय प्रहरी शेरराम पार्की, कैलालीको पहलमानपुर गाविस-२ निवासी प्रहरी दीपराज थापा, दार्चुलाको ग्वानी गाविस-४ निवासी २७ वर्षीय प्रहरी जयराज धामी, अछामको बाबला गाविस-४ निवासी २५ वर्षीय प्रहरी लक्ष्मण साउद, डोटी दीपायल सिलगढी नपा-१० निवासी २७ वर्षीय प्रहरी लक्ष्मण नेपाली, दैलेखको दुल्लु गाविस-१ निवासी ३० वर्षीय प्रहरी गजबहादुर भण्डारी, कञ्चनपुरको झलारी पिपलाडी नपा-१ निवासी २९ वर्षीय प्रहरी केशवसिंह महरा, दार्चुलाको खरकडा-४ निवासी २९ वर्षीय प्रहरी आनसिंह बिष्ट, दार्चुलाको अपी नाम्पा गाविस-६ निवासी २१ वर्षीय प्रहरी दीपेन्द्र धामी, कैलालीको बौनिया गाविस-२ निवासी २१ वर्षीय प्रहरी देवबहादुर मौनी, डोटीको दीपायल सिलगढी नपा-१ निवासी २० वर्षीय प्रहरी दीपक नेपाली, कञ्चनपुरको कृष्णपुर गाविस-१ निवासी २६ वर्षीय प्रहरी रामबहादुर ऐर, बैतडीको दशरथ चन्द नपा-११ निवासी २६ वर्षीय प्रहरी भरतसिंह बुडाल, डडेल्धुरा भद्रपुर गाविस-२ निवासी २८ वर्षीय प्रहरी नेत्रराज पडाल, बैतडीको वादेउ गाविस-१ निवासी २३ वर्षीय प्रहरी राजेश धामी, कञ्चनपुरको चाँदनी नपा-२ निवासी २६ वर्षीय प्रहरी मोहनसिंह साउद, बैतडीको सिप्तड गाविस-४ निवासी २९ वर्षीय प्रहरी देवसिंह कार्की र कञ्चनपुर बाइसे विचवा-८ निवासी २७ वर्षीय प्रहरी सुरजसिंह ठकुरी घाइते भए।

सशस्त्र प्रहरीतर्फ उग्रतारा गण टीकापुर कैलालीमा कार्यरत् डोटीको लामिखाल नपा-७ का ४३

थरुहट सङ्घर्ष समितिका कार्यकर्ताको आक्रमणबाट मारिएका नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपाने, इन्स्पेक्टर बलराम बिष्ट, इन्स्पेक्टर केशव बोहरा, प्रहरी हवल्दार श्यामबहादुर खड्का

वर्षीय सशस्त्र एसएसपी लक्ष्मणबहादुर सिंह, अछामको तिमल्सेना-३ का ४२ वर्षीय सशस्त्र इन्स्पेक्टर प्रेमबहादुर ठकुल्ला, बैतडीको मल्लादेही गाविस-६ का २५ वर्षीय सशस्त्र इन्स्पेक्टर सुवर्ण बम, कैलालीको गोदावरी गाविस-१ का ३३ वर्षीय सशस्त्र प्रहरी वरिष्ठ हवल्दार रवीन्द्र बिक, अछामको बयला गाविस-८ का ३१ वर्षीय सशस्त्र प्रहरी हवल्दार डम्बर बिष्ट, बैतडीको भुमेश्वर गाविस-२ का ३४ वर्षीय सशस्त्र प्रहरी हवल्दार कमलबहादुर चन्द, कैलालीको पहलमानपुर गाविस-२ का ३२ वर्षीय सशस्त्र प्रहरी हवल्दार जयराम रोकाय, अछामको दर्ना गाविस-७ का २९ वर्षीय सशस्त्र प्रहरी सहायक हवल्दार शमशेर टमटा, बाजुराको वाइ गाविस-९ का ३१ वर्षीय सशस्त्र प्रहरी सहायक हवल्दार नवराज नाथ, बाजुराको छतरा गाविस-७ का ३१ वर्षीय सशस्त्र प्रहरी सहायक हवल्दार कृष्ण बुढा, डडेल्धुराको शीर्ष गाविस-६ का ३० वर्षीय सशस्त्र प्रहरी सहायक हवल्दार केशवदत्त जोशी र बर्दियाको पाताभार गाविस-४ का ३२ वर्षीय सशस्त्र प्रहरी सहायक हवल्दार सुरेन्द्र हमाल घाइते भए।

सो घटनामा सशस्त्र प्रहरी जवानहरूमा कैलालीको थापापुर गाविस-७ का २६ वर्षीय खगेन्द्र खड्का, बैतडीको नागार्जुन नपा-५ का २७ वर्षीय गङ्गादत्त पन्त, बैतडीको सिद्धेश्वर गाविस-६ का २९ वर्षीय नरीसिंह भाट, डडेल्धुराको कोटेली गाविस-१ का २८ वर्षीय मीनबहादुर साउद, बझाङको सुनिकोट गाविस-६ का २३ वर्षीय असुज नेपाली, सुर्खेतको दशरथपुर नपा-६ का २९ वर्षीय गणेश थापा क्षत्री, बैतडीको मठैराज गाविस-८ का २४ वर्षीय नरेन्द्रबहादुर ऐर, कञ्चनपुरको सुडा गाविस-३ का २७ वर्षीय प्रभु केसी, कञ्चनपुर दोधारा नपा-५ का २२ वर्षीय खगेन्द्र दमाई, कञ्चनपुरको सुडा गाविस-७ का २४ वर्षीय महेश कार्की, कञ्चनपुरको भीमदत्त नपा-१० का २२ वर्षीय राम नाथ, कैलालीको गदरिया गाविस-४ का २१ वर्षीय अनिल चौधरी, कैलालीको उदासीपुर गाविस-६ का २४ वर्षीय सोनराज चौधरी, कैलालीको टीकापुर नपा-९ का २१ वर्षीय नवीन शाह, बैतडीको डिलासैन गाविस-३ का २१ वर्षीय राजेन्द्रप्रसाद जोशी, दार्चुलाको दुर्गा भवानी नपा-४ का २३ वर्षीय सुरेशराम तिरुवा, कैलालीको गोदावरी गाविस-३ का २१ वर्षीय प्रशान्त बिक र दार्चुलाको सुनसेरा गाविस-६ सुनसेराका २३ वर्षीय शिवदत्त भट्टसहित सशस्त्र र नेपाल प्रहरीका गरी ५९ जना घाइते भए। घाइतेमध्ये प्रहरी हवल्दार जनक नेगीको भदौ १० गते काठमाडौंमा उपचारका क्रममा मृत्यु भयो।

भदौ ७ गतेको घटनामा आन्दोलनकारीतर्फ भने ४ जना घाइते भए। घाइते हुनेमा कञ्चनपुरस्थित मुनुवा गाविस-१ का शङ्करलाल कठरिया, दिल चौधरी, राजकुमार कठरिया र हरिनारायण चौधरी थिए। घाइतेहरू टीकापुरको हत्यामा संलग्न रहेको अभियोगमा थुनामा छन्। घटनाको दिन सुरक्षामा खटिएका एसएसपी लक्ष्मण न्यौपानेसहितको सुरक्षाकर्मीको टोलीलाई आन्दोलनकारीले धकेल्दै लगेकामा एसएसपीले अगाडि नबढ्न आग्रह गरे पनि उनीहरूले नमानेपछि प्रहरीले केही राउन्ड अश्रुग्याससमेत प्रहार गरेको थियो। स्थिति नियन्त्रणमा नआएपछि प्रहरीले रबरको बुलेट हानेकामा आन्दोलनकारीका तर्फबाट गुलेली र ढुङ्गा प्रहार गरिएको थियो। आन्दोलनकारीले बिहानैदेखि ड्युटीमा खटिएका प्रहरीलाई धकेल्दै ढुङ्गा, मट्याङ्ग्रा बर्साउँदै लखेट्न थालेका थिए। यद्यपि प्रहरीले ठूलो संयमता अपनाएको थियो।

घटनाको भोलिपल्ट भदौ ८ गते बिहान नाराबाजी गर्दै निस्किएको एक समूहले टीकापुरमा थारू नेताहरूको घर, एफएम र कार्यालयमा आगजनी गऱ्यो। कर्फ्यु जारी भएका बेला गरिएको सो आगजनीमा थरूहट आन्दोलनका टीकापुर संयोजक रेशम चौधरीको घर, फूलबारी रिसोर्टमा तोडफोड र फूलबारी

थरुहट सङ्घर्ष समितिका कार्यकर्ताको आक्रमणबाट मारिएका नेपाल प्रहरीका हवल्दारहरू राम विहारी थारू, ललितबहादुर साउद, जनकबहादुर नेगी र प्रहरी जवान लोकेन्द्रबहादुर चन्द

एफएममा समेत आगजनी गऱ्यो। त्यसै दिन एक समूहले दिउँसो १ बजेतिर जुगलाल चौधरीको किराना र साइकल पसल तोडफोड गऱ्यो। साथै फोरम लोकतान्त्रिकका स्थानीय नेता प्रदीप चौधरीको घरमा समेत आगजनी भयो। सो समूहले टीकापुर नगरपालिकामै रहेको भगतराम चौधरीको घर र वडा नं. ९ मा रहेको जनक चौधरीको घर, ब्लक नं. ७ का मधेसी जनाधिकार फोरम लोकतान्त्रिकका सभासद् जनक चौधरीको घर तथा मुक्त कमैया महिला विकास मञ्चको कार्यालय रहेको घरमा आगजनी गरी क्षति पुऱ्यायो। उक्त समूहले यसरी जथाभावी गर्दै हिँड्दा पनि प्रशासनले बेवास्ता गरेको आरोप पीडित पक्षले लगाए। यो घटनापछि प्रशासनले कैलालीमा एक महिनासम्म लगातार कर्फ्यु लगायो।

पीडितका आफन्तले टीकापुर घटनामा संलग्न भएको आरोपमा २९ जनाविरुद्ध गृहमन्त्रालय, जिल्ला प्रशासन कार्यलय, राष्ट्रिय मानव अधिकार आयोग तथा इन्सेकलगायतका संस्थामा कात्तिक ३० गते हुलाकमार्फत जाहेरी दिए। जिल्ला प्रहरी कार्यालयले भने जाहेरीकर्ताहरू त्यसपछि सम्पर्कमा नआएको जनायो।

टीकापुर घटनामा संलग्न रहेको आरोपमा प्रहरीले थरुहट सङ्घर्ष समीतिका संयोजक लाहुराम चौधरीलाई भदौ २४ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। यसैगरी फोरम लोकतान्त्रिकका केन्द्रीय सदस्य लक्ष्मणलाल चौधरीलाई समेत प्रहरीले आमसभामा भाग लिन गएका बेला असोज २३ गते भैरहवाबाट गिरफ्तार गऱ्यो। यसैगरी प्रहरीले जोशीपुर गाविस-४ झवहीका रामप्रसाद चौधरी, त्रिशक्ति नपा-४ भजनीका प्रेमबहादुर चौधरी, मुनुवागा गाविस-४ ओखरपुरका हरिनारायण चौधरी, मुनुवागा गाविस-१ कञ्चनपुरका राजकुमार कठरिया, दिलबहादुर चौधरी, सुन्दरलाल कठरिया, रामकुमार कठरिया, थापापुर गाविस-७ नवलपुरका बृजमोहन डगौरा, राजेश चौधरी, थापापुर गाविस-५ खैराका किशनलाल चौधरी, सन्तराम चौधरी, टीकापुर नपा-१ का वीरबहादुर चौधरी, टीकापुर नपा-३ का रामनरेश चौधरी, थापापुर गाविस-६ का विश्राम भन्ने जीतबहादुर डगौरा, टीकापुर नपा-५ घिया पुछरीका सङ्गम भन्ने सन्तोष चौधरी, पथरिया गाविस-१ नवलपुरका विश्राम चौधरी, मुनुवा गाविस-४ हिम्मतपुरका करन चौधरी, लटकनियाका श्रवण चौधरी, प्रदीप चौधरी र थापापुर गाविस-५ खैरापुर गाउँका नुरुल अलिजागा भन्ने तहौबर अलिजागालाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज २० गते आरोपितहरूलाई थुन्ने आदेश दियो। आरोपितमध्ये श्रवण चौधरी र करन चौधरीलाई भने आफन्तको जिम्मा लगाइयो। टीकापुर घटनामा संलग्न २६ आरोपित भने फरार रहेको प्रहरीले जनायो।

थरुहट सङ्घर्ष समितिका कार्यकर्ताको आक्रमणबाट मारिएका बालक टेकबहादुर साउद

संसद्को सामाजिक न्याय तथा मानव अधिकार समितिले टीकापुर घटनाको भदौ १४ र १५ स्थलगत अध्ययन गरी असोज १ गते सार्वजनिक गरेको प्रतिवेदनमार्फत घटनामा मारिएकालाई राहत क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न मुख्य दोषी पत्ता लगाइ कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई निर्देशन दियो।

राष्ट्रिय मानवअधिकार आयोगले टीकापुर घटनाका सम्बन्धमा गरेको अनुगमनपछि भदौ २४ गते विज्ञप्ति जारी गरी एसएसपी लक्ष्मण न्यौपानेसहितका ८ जनाको प्रदर्शनकारीबाट घरेलु हतियार भाला, खुकुरी र बन्चरो प्रहार गरी हत्या गरिएको पाइएको जनायो। साथै प्रहरीबाट प्रदर्शनकारीमाथि अश्रुग्यास र गोली प्रहार हुन थालेपछि आक्रोशित हुँदै प्रदर्शनकारीले प्रहरीको हत्या गरेको तथा जोशीपुर गाविसबाट आएका प्रदर्शनकारीमा तत्कालीन नेकपा माओवादीका पूर्व लडाकु पनि समावेश भएको विज्ञप्तिमा उल्लेख छ।

इन्सेकले भदौ १० गतेदेखि गरेको स्थलगत अनुगमनमा थरुहट आन्दोलनको क्रममा ड्युटीमा खटिएका प्रहरीको हत्या एकदमै अमानवीय, प्रहरीले ज्यान बचाइदिन आग्रह गर्दागर्दै पनि मार्नु मानवताविपरीतको कार्य भएको र लासको प्रकृति र घटनास्थल हेर्दा संवेदनाहीन कार्य गरेको पाइएको जनायो। लामो समयदेखि जिल्लामा आन्दोलन भइरहँदा पनि राज्य र राजनीतिक दलका शीर्ष नेताहरू संवेदनशील बन्न नसकेका कारण आन्दोलन हिंसात्मक भएको उक्त अनुगमन प्रतिवेदनमा उल्लेख छ।

गोली विष्फोटक पदार्थबाट घाइते राज्यपक्षबाट

सुगरखाल गाविसका जगत देवकोटालाई २०७२ भदौ १० गते कर्फ्युका समयमा मोटरसाइकल चलाएकोमा सुरक्षाकर्मीले आदेश दिँदासमेत नरोकेको भन्दै सशस्त्र प्रहरीको टोलीले दुर्गौली गाविसस्थित सडकमा गोली प्रहार गर्दा घाइते भए। पेटमा

गोली लागेर घाइते देवकोटाको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो।

टीकापुर नपा-९ का १८ वर्षीय दीपक विक २०७२ भदौ २८ गते कर्फ्यु अवज्ञा गर्दै मोटरसाइकल चलाएको र रोक्न आदेश दिँदा नरोकेको भन्दै सशस्त्र प्रहरीले गोली प्रहार गर्दा घाइते भए। विको नेपालगञ्ज मेडिकल कलेजमा उपचार हुन नसकेपछि नेपाल मेडिकल कलेज काठमाडौँमा उपचार भयो।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। यस कारागारमा क्षमताभन्दा तेब्बर अर्थात ३ सय ८२ जना कैदी बन्दी छन्। जसमध्ये २ सय ४८ जना कैद तोकिएका र १ सय ३ जना कैद नतोकिएका रहेका छन्। जसमध्ये ३ सय ५३ जना पुरुष कैदी/थुनुवा रहेका छन्। कारागारमा दुई जना बालक र एक बालिका गरी जम्मा तीन जना बालबालिका आश्रित रहेका छन्। जिल्ला कारागारमा २९ जना विदेशी कैदी/थुनुवा रहेका छन्। जसमध्ये २५ जना कैदी र चार जना थुनुवा रहेका छन्। विदेशी कैदी/थुनुवाहरुमा दुई जना महिला कैदी रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ४९ र फौजदारी ३ सय ५३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय २३ प्रावि, २ सय २४ निमावि, १ सय ३५ मावि र ८५ उमावि छन्। जिल्लाका ९९ हजार ७ सय ६३ बालिका र १ लाख ४ हजार ९ सय ३९ बालक गरी २ लाख ४ हजार ७ सय २ जना प्राथमिकदेखि उमावि तहसम्म अध्ययन गरिरहेका छन्। जिल्लामा २ हजार ९ सय ४४ शिक्षक कार्यरत् छन्। १४ हजार ६ सय ७३ बालिका तथा ११ हजार ८ सय ३९ बालकले दलित छात्रवृत्ति पाएका छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८७ करोड ५९ लाख ३६ हजार रुपियाँ छ।

यो वर्ष १३ बालिका बलात्कृत भए। जसमा २ वर्षकी बालिकासमेत परिन्। दुई बालिकको आमाले विष खुवाएपछि मृत्यु भयो। बलात्कार आरोपितमा एक बालकसहित बाबु र काकासमेत रहे। यो वर्ष तीन बालिकाको बेचविखन तथा ओसारपसार भयो। अघिल्लो वर्ष बाल अधिकारबाट २६ बालबालिका पीडित भएका थिए जसमा १४ बालिका बलात्कृत भएका थिए भने तीन जनामाथि यौन दुर्व्यवहार भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन	३		३
बलात्कार	१३		१३
विद्यालयमा शारीरिक सजाय		३	३
यौन दुर्व्यवहार	१		१
जम्मा	१७	३	१९

हत्या

चौमाला गाविस-३ की चार वर्षीया भूमिका नेपाली र ६ महिनाकी रासानीलाई २०७२ असार ६ गते २५ वर्षीया आमा रम्भा नेपालीले विष खुवाइ हत्या गरेको भन्दै प्रहरीले गिरफ्तार गऱ्यो। शवको असार ६ गते सेती अञ्चल अस्पतालमा पोष्टमार्टम भयो। उनले आफू पनि विष खाइ आत्महत्या प्रयास गरेको प्रहरीले जनायो। आरोपितलाई अदालतले असार २४ गते थुन्ने आदेश दियो।

बेचबिखन तथा ओसारपसार

१५ वर्षीया बालिकालाई २०७१ चैत १९ गते फूलबारी गाविस-७ का २८ वर्षीय नवराज जोशीले भारतको गुडगाउँ सहरमा बेचबिखन गरेको भन्दै पीडित पक्षले प्रहरीमा २०७२ जेठ २४ गते उजुरी दियो। २०७१ माघ १९ गते घरबाट विवाहका लागि बोलाएर भारतमा काम गर्न जाने भन्दै बेचबिखन गरेको प्रहरीले जनायो। जेठ २५ गते गिरफ्तार आरोपितलाई अदालतले मङ्सिर २१ गते २ वर्षको कैद फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई २०७२ वैशाख २४ गते बलात्कार गरेको भन्दै जोशीपुर गाविस-६ मढ्ढी घर भई मसुरिया गाविस-५ साझा बजार बस्ने आनन्द महतो भन्ने चुकिया कठरिया महतोविरुद्ध पीडित पक्षले प्रहरीमा वैशाख २४ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २४ गते सेती अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले जेठ १२ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय ८२ महिला हिंसा र ७८ लैङ्गिक हिंसाका उजुरी दर्ता भए। घरेलु हिंसाअन्तर्गत ७३ कुटपिटका, ११ बहुविवाहका र १६ घर निकाला गरेका उजुरी परे। जसमध्ये १४ उजुरी कानुनी प्रक्रियामा छन् भने बाँकीमा प्रहरीले मिलापत्र गरायो।

यो वर्ष पाँच महिला बलात्कृत भए भने एक महिलाको परिवारले आगो लगाएर निर्मम तरिकाले हत्या गरे। अघिल्लो वर्ष महिला अधिकार उल्लङ्घनका घटनाबाट १ सय २३ जना पीडित भएकामा १३ जना बेचविखन, ६ जना बलात्कार र तीन जनामाथि यौन दुर्व्यवहार भएको थियो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	५	५
बहुविवाह	३	३
घरेलु हिंसा	७६	७६
जम्मा	८३	८३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई २०७२ जेठ १४ गते राति सामूहिक बलात्कार गरेको भन्दै धनगढी नपा-१३ का २१ वर्षीय प्रकाश कुँवर, २० वर्षीय किसन शाही र २१ वर्षीय सुशील रावत, सोही नपा-४ का १९ वर्षीय निरज शाही, २० वर्षीय प्रकाश गुरुङविरुद्ध पीडितका आफन्तले प्रहरीमा जेठ १५ गते उजुरी दिए। पीडित स्वास्थ्य परीक्षण जेठ १९ गते सेती अञ्चल अस्पतालमा भयो। जेठ १८ गते गिरफ्तार आरोपितहरूलाई अदालतले २०७२ असार १३ गते थुन्ने आदेश दियो।

५० वर्षीया मानसिक सन्तुलन कमजोर भएकी महिलालाई २०७२ असोज १३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले टीकापुर नपा-९ का ३२ वर्षीय राजु कुमालविरुद्ध प्रहरीमा असोज १४ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज १४ गते टीकापुर अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले कात्तिक १५ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

कैलाली जिल्लामा तीन सरकारी र आठ निजी अस्पताल छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको ६ करोड ६४ लाख रुपियाँ भएकोमा वार्षिक ५५ लाख रुपियाँ बराबरको औषधी खर्च हुने गरेको छ। अञ्चल अस्पतालसमेत रहेको यस जिल्लाका तीनै अस्पताल र स्वास्थ्य चौकीमा गरी ४१ डाक्टरको दरबन्दी छ। जसमध्ये १५ मात्र कार्यरत छन्। अञ्चल अस्पतालबाहेक अन्य अस्पतालमा स्त्रीरोग विशेषज्ञको पद रिक्त छ। स्टाफ नर्सको दरबन्दी ३३ रहेकामा ३० जना मात्रै कार्यरत छन् भने १० दरबन्दीमध्ये ल्याब असिस्टेन्टमा नौ कार्यरत छन्।

५.२ अछाम



जम्मा जनसङ्ख्या
२५७४७७

महिला
१३७४६५

परिवार सङ्ख्या
४८३५२१

खोलाको पानी पिउने परिवार
८६५

शौचालय नभएका परिवार
२५३३५

कामका लागि बाहिरिएका
३१०१५

सबभन्दा बढी जनसङ्ख्या
१४२५३४ (क्षेत्री)

अपाङ्गता भएका
८६०२

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.७

सरकारी विद्यालय
४८४

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	६		६
जातीय विभेद		१	१
धम्की		१	१
हत्या	३	३	५
जम्मा	१५	४	१९

अछाममा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना र त्यसबाट पीडितको सङ्ख्या कम भए। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २१ महिलासहित २३ जना पीडित भएकामा सन् २०१५ मा १५ महिलासहित १५ जना पीडित भए। गत वर्ष महिला हिंसाका घटनामा १७ महिला पीडित भए भने ६ जना बालिका पीडित भए। यो वर्ष यस्ता घटनामा सात महिला र पाँच बालिका पीडित भए। पीडित महिलामध्ये एकको बलात्कारपछि हत्या भयो भने एक जनालाई पतिसमेतले बेचविखन गरे। अघिल्लो वर्ष घरेलु हिंसाका घटनाबाट १३ महिला पीडित भएकामा यो वर्ष दुई जना पीडित भए। गत वर्ष जातीय विभेदबाट १ जना पीडित भएकामा यस वर्ष पनि एक जना पीडित भए।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर २६ कैद तोकिएका र १० कैद नतोकिएका गरी ३६ जना बन्दी छन्। बढी मानिस भएकाले शौचालय, स्नान गृहका साथै सुत्नसमेत समस्या देखिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १० र फौजदारी सात थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा प्रावि ३ सय ४६, निमावि ७६, मावि ६३ र उमावि ३२ वटा छन्। जिल्लामा ९ सय ९३ शिक्षक दरबन्दी रहेकामा १ सय ४६ बाहेक ७ सय ४७ जना करारमा छन्। विद्यालय जनो उमेरका बालबालिकामध्ये यस वर्ष ४३ हजार ९ सय ३२ बालक र ४७ हजार २ सय १९ बालिका भर्ना भए। जिल्लाका १४ हजार ५ सय १३ दलित बालक र १४ हजार ६ सय ९६ दलित बालिकालाई छात्रवृत्ति दिइयो। जिल्लाभर

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालविवाह	१	१
बलात्कार	३	३
विद्यालयमा शारीरिक सजाय	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	५	५

अपाङ्गमैत्री विद्यालय छैन।

यस वर्ष दुई बालिका बलात्कृत भए भने एक जना यौन दुर्व्यवहार र एक जना बाल विवाहबाट गरी पाँच बालिका पीडित भए। बलात्कारका एक आरोपितलाई अदालतले २५ दिनको कैद सजाय र १० हजार भराउने फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई बलात्कार गरेको भन्दै पुल्लेतोला गाविस-८ का ५८ वर्षीय कटक रावलविरुद्ध पीडितका बाबुले प्रहरीमा २०७२ असोज १२ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज ११ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले २०७२ पुस ६ गते २५ दिन कैद, पाँच हजार रुपियाँ जरिवाना र १० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए। उजुरीमध्ये पतिले मादक पदार्थ सेवन गरी कुटपिट गरेको, खान/लाउन नदिएको, गालीगलौज गरेको भनी दर्ता भएका सबै *घटनामा प्रहरीले मिलापत्र गरायो।*

यो वर्ष एक महिला बलात्कार, एक बेचबिखन तथा ओसारपसार, तीन बहुविवाह र दुई घरेलु हिंसा बाट पीडित भए। एक महिलाको बलात्कारपछि हत्या गरिएको उजुरीमा मुद्दा चलिरहेको छ भने एक महिला बेचबिखन तथा ओसारपसार उजुरीका आरोपित पतिलाई छुट्टाछुट्टै अभियोगमा अदालतले ४० वर्षको कैद सजाय र पीडितलाई १ लाख ५५ हजार भराउने फैसला गऱ्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
बहुविवाह	३	३
महिला बेचबिखन	१	१
घरेलु हिंसा	३	३
जम्मा	८	८

बेचबिखन तथा ओसारपसार

३१ वर्षीया महिलालाई २०७१ पुस २० गते ढाँकु गाविसका पति ६० वर्षीय अमर बिष्ट तथा छिमेकी ६५ वर्षीय सुरेन्द्र बिष्ट र ३२ वर्षीय तुलसी बिष्टले भारतको हैदरावादस्थित एक कोठीमा बेचेको भन्दै पीडितले प्रहरीमा माघ १२ गते उजुरी दिइन्। सोही दिन गिरफ्तार अमरलाई अदालतले २०७२ असोज १३ गते बेचबिखनको आरोपमा २० वर्ष कैद र २ लाख रुपियाँ जरिवाना, वेश्यावृत्तिमा लगाएको कसुरमा १५ वर्ष कैद र ५५ हजार जरिवाना तथा विदेश पुऱ्याएको आरोपमा ११ वर्ष कैद र ५५ हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो। साथै पीडितलाई १ लाख ५५ हजार रुपियाँ तिराउने आदेशसमेत दियो। अन्य आरोपितले सफाइ पाए।

सबै प्रकारका जातीय विभेद

मङ्गलसेन नपा-६ का बिर्ख बिकले आफूलाई सार्वजनिक ठाउँमा जातीय विभेदयुक्त शब्द प्रयोग गरेको भन्दै सोही ठाउँका ३८ वर्षीय वेदप्रसाद भडारीविरुद्ध प्रहरीमा कात्तिक २२ गते उजुरी दिए। कात्तिक २४ गते गिरफ्तार भडारीलाई अदालतले २०७२ मङ्सिर १७ गते १ लाख ७३ हजार ३ सय ७५ रुपियाँ धरौटी लिई तारिखमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र ७२ स्वास्थ्य चौकी छन्। चार डाक्टरको दरबन्दी रहेकामा एक मात्र कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको एक दरबन्दी भए पनि रिक्त छ। अहेवको दरबन्दी १ सय ५१ रहेकामा १ सय १९ र अनमीको दरबन्दी १ सय ५१ रहेकामा ७० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ५९ लाख र औषधी खर्चवापतको बजेट ४५ लाख रुपियाँ छ।

५.३ डोटी



जम्मा जनसङ्ख्या
२११७४६

महिला
११४४९४

परिवार सङ्ख्या
४१४४०

खोलाको पानी पिउने परिवार
२८८२

शौचालय नभएका परिवार
२४११३

कामका लागि बाहिरिएका
२३५४४

सबभन्दा बढी जनसङ्ख्या
१२२१०६ (क्षेत्री)

अपाङ्गता भएका
७३०२

५ वर्षमाथिको साक्षरता प्रतिशत
५६.३

सरकारी विद्यालय
४०६

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
महिलाअधिकार	३३	३३
जम्मा	३३	३३

डोटी जिल्लाको मानवअधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा कुनै सुधार आएन्। सन् २०१४ को मानव अधिकार उल्लङ्घनमा ३० महिला घरेलु हिंसाबाट पीडित भएकामा सन् २०१५ मा ३३ जना पीडित भए। गैरराज्यपक्षबाट भएका घरेलु हिंसाका सबै घटनामा महिला पीडित भए। बहुविवाहको एक उजुरीमा अदालतमा मुद्दा चलिरहेको छ भने अन्य सबै घटनामा प्रहरीले मिलापत्र गरायो। अघिल्लो वर्ष बाल अधिकारबाट सात, जातीय विभेदबाट एक र घरेलु हिंसाबाट २३ महिला पीडित भएका थिए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ४५ जनाको छ। तर ३३ कैद तोकिएका र आठ कैद नतोकिएका गरी ४१ जना बन्दी छन्। जसमध्ये कैदी र थुनुवा गरी दुई महिला छन्। राणाकालमा निर्माण यस कारागार भवन जीर्ण छ। वर्षायाममा पानीसमेत चुहिनाले समस्या देखिन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यहाँ जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस अदालतमा कुनै पनि मुद्दा फैसला हुन बाँकी छैनन्।

पुनरावेदन अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा दुई कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७३ र फौजदारी १ सय ३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६७ प्रावि, ७५ निमावि, ५४ मावि र ३३ उमावि छन्। ९ सय ८१ शिक्षकको दरबन्दी रहेकामा ९ सय ७६ कार्यरत छन्। विद्यालय जाने उमेरका बालबालिका मध्ये यस वर्ष २९ हजार ७ सय १४ बालक र ३० हजार ६७ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले ७ हजार ८ सय १ दलित

बालक र ७ हजार ७ सय ६१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरिरहेको छ। जिल्लाभर अपाङ्गतामैत्री विद्यालय छैन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ७३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमा घर परिवारबाट कुटपिट गरिएको ७३ र एक बहुविवाहको छ। प्रहरीले ६८ घटनामा मिलापत्र गरायो भने बहुविवाहसहितका पाँच उजुरी कानुनी प्रक्रियामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	३	३
बहुविवाह	१	१
घरेलु हिंसा	३०	३०
जम्मा	३३	३३

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। तीन डाक्टरको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन् जसमध्ये दुई जना करारका हुन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। यसबाहेक अहेवको दुई दरबन्दी रहेकामा चार जना कार्यरत छन् भने अनमीको पनि दुई दरबन्दी रहेकामा चारजना करारका सहित ६ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ३ लाख रुपियाँ रहेकामा औषधी खर्चबापतको बजेट १३ लाख ५७ हजार रुपियाँ छ।

५.४ बाजुरा



जम्मा जनसङ्ख्या
१३४५१२

महिला
६५१०६

परिवार सङ्ख्या
२४५०८

खोलाको पानी पिउने परिवार
८३८

शौचालय नभएका परिवार
१५३१२

कामका लागि बाहिरिएका
८०५४

सबभन्दा बढी जनसङ्ख्या
७७५७८(क्षेत्री)

अपाङ्गता भएका
५८५५

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.७

सरकारी विद्यालय
२४५

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	३	१	४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		१	१
महिलाअधिकार	१०		१०
हत्या	१		१
जम्मा	१५	३	१८

बाजुरामा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना वृद्धि भए। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट १० जनासहित २८ जना पीडित भएकामा सन् २०१५ मा राज्य पक्षबाट यस्ता घटना भएन। तर गैरराज्य पक्षबाट भएका घटनामा चाहिँ २५ महिलासहित २८ जना पीडित भए।

गत वर्ष महिलाअधिकार उल्लङ्घनका घटनामा १३ महिला पीडित भएका थिए भने यो वर्ष यस्ता घटनामा २० महिला पीडित भए। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका पीडित भएकामा यो वर्ष तीन बालिकासहित चार जना पीडित भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १२ कैद तोकिएका र २० कैद नतोकिएका गरी ३२ जना बन्दी छन्। २०३९ सालमा निर्माण यो कारागार भवन जीर्ण अवस्थामा भएकाले बन्दी त्रसित छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १९ र फौजदारी २० थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा प्रावि १ सय ४७, निमावि ५०, मावि ४२ र उमावि १८ वटा छन्। १ हजार २६ शिक्षक दरबन्दी रहेकामा ९ सय ९९ कार्यरत छन् । जिल्लाका विद्यालय जाने उमेरका बालबालिका मध्ये यस वर्ष २१ हजार ८ सय ७३ बालक र २३ हजार ४ सय १४

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बलात्कार	३		३
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	३	१	४

बालिका भर्ना भए। जिल्लाका १४ हजार ५ सय १३ दलित बालक र १४ हजार ६ सय ९६ दलित बालिकालाई छात्रवृत्ति दिइएको छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैन। जिल्ला शिक्षा कार्यालयको बजेट २५ करोडमा प्रशासनिक खर्च ३० लाख छ।

वार्षिक परीक्षा आउन लाग्दासमेत विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेकाले जिल्लाभरका विद्यार्थीको पढाइ प्रभावित बनेको छ। किताब नभएपछि कतिपय विद्यार्थी स्कुल नै जान छाडेका छन्। कतिपय पुस्तकको फोटोकपी गरेरसमेत काम चलाउन बाध्य भए। पाठ्यपुस्तक नपाएकाले कोल्टी गाविसस्थित जनप्रकाश निमाविका शिक्षकहरू छिमेकी जनप्रकाश उमाविबाट किताब सापटी लिएर फोटोकपी गरी अध्यापन गराउन बाध्य भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष १४ वर्षदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। घटनाका आरोपित ४५ वर्ष उमेरसम्मका छन्। बलात्कार तथा यौन दुर्व्यवहारका घटनामा स्थानीय व्यक्तिको संलग्नता देखियो। बलात्कार र बलात्कार प्रयासका दुई घटनाका आरोपित गिरफ्तार भए भने एक आरोपितबारे कानुनी प्रक्रिया जारी छ।

१७ वर्षीया बालिकालाई २०७१ फागुन २९ गते राति आफ्नो कोठामा आएर बलात्कार प्रयास गरेको भन्दै सामप्पाटा गाविस-१ बस्ने ३० वर्षीय दिलबादुर रोकायाविरुद्ध पीडितले प्रहरीमा २०७१ चैत १ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पतालमा भयो। चैत ३ गते गिरफ्तार आरोपितलाई अदालतले चैत २७ गते २ वर्ष ६ महिना कैद फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै नौ महिलाले महिला तथा बालबालिका केन्द्रमा उजुरी गरे। घर परिवारकै सदस्यबाट दुई महिलाले ज्यान गुमाए। ती हत्याका घटनामध्ये एक घटनाका आरोपितलाई सर्वस्वसहित जन्म कैदको फैसला भएको छ भने अर्को घटनाका आरोपितलाई गिरफ्तार गरी कानुनी प्रक्रियामा ल्याइएको छ।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	३	३
बहुविवाह	२	२
घरेलु हिंसा	९	९
यौन दुर्व्यवहार	६	६
जम्मा	१०	१०

परिवारजनबाट हत्या

विच्छाया गाविस-७ की २५ वर्षीया चीनकला बोहोरा बुढालाई पति टेकेन्द्र बुढाले २०७२ जेठ ११ गते कुटपिट गरी हत्या गरेर बारीको खाल्डोमा पुरेको भन्दै पीडित पक्षले प्रहरीमा सोही दिन उजुरी दिए। उजुरीको भोलिपल्ट गिरफ्तार टेकेन्द्रलाई अदालतले २०७२ जेठ १८ गते सर्वस्वसहित जन्म कैदको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २४ स्वास्थ्य चौकी र दुई उपस्वास्थ्य चौकी छन्। जिल्ला अस्पतालमा चार डाक्टरको दरन्दी रहेकामा दुई कार्यरत छन्। अहेवको दरबन्दी ३२ रहेकामा २५ कार्यरत छन्। अनमीको दरबन्दी ३२ रहेकामा २१ कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन।

५.५ बझाङ



जम्मा जनसङ्ख्या
१५५१५५

महिला
१०२३६५

परिवार सङ्ख्या
३३७८६

खोलाको पानी पिउने परिवार
१५५५

शौचालय नभएका परिवार
२३६०४

कामका लागि बाहिरिएका
२२८४५

सबभन्दा बढी जनसङ्ख्या
१२५८६५ (क्षेत्री)

अपाङ्गता भएका
४५७६

५ वर्षमाथिको साक्षरता प्रतिशत
५५.६

सरकारी विद्यालय
४१५

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१	१	३
महिलाअधिकार			७		७
जातीय विभेद				९	९
गिरफ्तारी/यातना	१	१			
हत्या				३	३
जम्मा	१	१	८	१३	२०

बझाङ जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही कमजोर भयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनमा नौ महिलासहित १५ जना पीडित भएकोमा सन् २०१५ मा आठ महिलासहित २१ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट एक जनालाई यातना दिएको उजुरीमा अनुसन्धान जारी छ। बाल अधिकारका दुई घटनामा दुई बालबालिका पीडित भए। घरेलु हिंसाबाट सात महिला पीडित भएकामा सबै घटनामा प्रहरीले मिलापत्र गरायो। यो वर्ष जिल्लामा जातीय भेदभावका घटनाबाट नौ पुरुष पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो भने यस वर्ष गैरराज्यपक्षबाट दुई पुरुषको हत्या भयो। अघिल्लो वर्ष पाँच महिला र तीन बालिका गरी आठ जना पीडित भएका थिए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर २० कैद तोकिएका र ४५ कैद नतोकिएका गरी ६५ जना बन्दी छन्। २०४० सालमा निर्माण यस कारागारको भौतिक अवस्था जीर्ण छ। पर्खालसमेत नभएकाले सुरक्षा अवस्था कमजोर छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६३ र फौजदारी १ सय १८ थान छन्। यसैगरी २ वर्षभन्दा पुराना मुद्दामध्ये देवानी २५ र फौजदारी ११ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय १० प्रावि, ८८ निमावि र ४० मावि रहेका छन्। यस जिल्लाका विद्यालय जाने उमेरका बालबालिका मध्ये ७७ हजार ७ सय १ मध्ये

बालक ३४ हजार ९ सय ४८ र बालिका ४२ हजार ७ सय ५३ जना प्राविदेखि माविसम्म भर्ना भए। यसमध्ये दलित बालिका १३ हजार ४८ र बालक ११ हजार ९ सय १९ छन्। जिल्लाका १२ हजार ३५ दलित बालबालिकालाई छात्रवृत्ति वितरण गरिएको छ। प्रावि तहमा ३ सय २० शिक्षिका र ९ सय २१ शिक्षक गरी १२ सय ४१ कार्यरत छन्। निमावि तहमा ८ शिक्षिका र २ सय ८५ शिक्षक गरी २ सय ९३ कार्यरत छन् भने मावि तहमा ५ शिक्षिका र २ सय ३२ शिक्षक गरी २ सय ३७ जना कार्यरत छन्। बालविकास केन्द्रमा बालक ४ हजार ८ सय ३४ र बालिका ४ हजार ८ सय ६६ गरी ९ हजार ७ सय छन्।

यो वर्ष एक बालक बेचविखन र एक बालिका बालविवाहबाट पीडित भए। बालविवाहबाट पीडितले उजुरी गरेनन् भने बेचविखनको उजुरीमा मुद्दा चलिरहेको छ। अघिल्लो वर्ष २ बालिका बलात्कार र एक जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालबालिका बेचबिखन		१	१
बालविवाह	१		१
जम्मा	१	१	२

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भएको भन्दै ४८ महिलाले महिला तथा बालबालिका सेवा केन्दमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएको आरोपमा तीन र बेचविखन तथा ओसारपसारको आरोपमा एक जना गिरफ्तार भए। ६ उजुरी कानुनी प्रक्रियामा छ भने अरु प्रहरीले मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
घरेलु हिंसा	७	७
जम्मा	७	७

यो वर्ष महिला अधिकार उल्लङ्घनका सात घटना अभिलेख भए। यी सबै घरेलु हिंसा थिए। अदालतले एक घरेलु हिंसाको घटनामा आरोपित पतिसहित तीन जनालाई जनही पाँच हजार जरिवाना र पीडितलाई ५० हजार रुपियाँ तिराउने फैसला गऱ्यो। बाँकी घटनामा प्रहरीले मिलापत्र गरायो। अघिल्लो वर्ष यौनिक हिंसाबाट तीन र घरेलु हिंसाबाट दुई जना पीडित भएका थिए।

घरेलु हिंसा

दौलीचौर गाविस-२ की २८ वर्षीया रीमा बोहोरालाई २०७१ पुस २० गते पति कृष्ण बोहोरासहित परिवारले शारीरिक तथा मानसिक यातना दिई घर निकाला गरेको भन्दै पीडितले पुस २० गते नै अदालतमा निवेदन दिइन्। अदालतले माघ १० गते दुवै जनालाई जनही ५ हजार रुपियाँ जरिवाना र पीडितलाई एकमुष्ट ५० हजार रुपियाँ भराउने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४७ स्वास्थ्य चौकी र दुई उपस्वास्थ्य चौकी छन्। तीन डाक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेवको ९५ दरबन्दीमध्ये ८०, अनमीको ९५ दरबन्दीमध्ये ८३ र हेल्थ असिस्टेन्टको ४८ दरबन्दीमध्ये २० जना कार्यरत छन्।

५.६ कञ्चनपुर



जम्मा जनसङ्ख्या
४५१२४८

महिला
२३५२०६

परिवार सङ्ख्या
८२१५२

खोलाको पानी पिउने परिवार
३४६

शौचालय नभएका परिवार
३६७६२

कामका लागि बाहिरिएका
३८३५८

सबभन्दा बढी जनसङ्ख्या
१३०५३२ (क्षेत्री)

अपाङ्गता भएका
५०७२

५ वर्षमाथिको साक्षरता प्रतिशत
७०.७

सरकारी विद्यालय
४०५

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१३		१३
महिलाअधिकार	७३		७३
जातीय विभेद	१		१
कुटपिट		३	३
हत्या	४	३	६
जम्मा	९०	४	९४

कञ्चनपुर जिल्लाको मानवअधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनका घटनामा ७५ महिलासहित ८८ जना पीडित भएकामा सन् २०१५ मा ५० महिलासहित ५४ जना पीडित भए। गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा ७३ महिला र १२ बालिका पीडित भए। जातीय भेदभावबाट एक महिला पीडित भइन्। दुई कुटपिटबाट घाइते भए। यस वर्ष तीन महिलाको परिवारबाटै हत्या भयो। अघिल्लो वर्ष एक महिलाको गैरराज्यपक्षबाट हत्या भएको थियो। बाल अधिकारका १२ घटनामा आठ बलात्कार र चार जना बेचविखनबाट पीडित भए।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ९५ जनाको छ। तर १ सय ४५ कैद तोकिएका र ५९ कैद नतोकिएका गरी २ सय ४ जना छन्। जसमा महिला १० जना छन्। दुई आश्रित बालक छन्। बढी मानिस भएकाले शौचालय, स्नानगृहका साथै सुत्नसमेत अप्ठ्यारो छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई अदालत छन्। जिल्ला अदालतलमा दुई न्यायाधीशको दरबन्दी रहेकामा एक कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ७४ र फौजदारी १ सय ७६ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानीतर्फ १३ र फौजदारीतर्फ तीन थान छन्।

यसैगरी पुनरावेदन अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा दुई कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ५६ र फौजदारी ९१ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा प्रावि ९६, निमावि ६१, मावि ५० र उमावि ५० वटा छन्। १ हजार ९ सय १०

शिक्षक दरबन्दी रहेकामा १९ रिक्त छ। विद्यालय जाने उमेरका ३७ हजार ७ सय ३० बालक र ५० हजार २ सय ४८ बालिका रहेकामा यस वर्ष ३६ हजार २ सय ७९ बालक र ४८ हजार ३ सय १५ बालिका भर्ना भए। जिल्लाका विद्यालयमध्ये १ सय ५० वटा विद्यालयमा अपाङ्गमैत्री भवन छन्। ९ हजार ४ सय १० दलित बालक र ११ हजार १ सय ९६ दलित बालिकालाई छात्रवृत्ति दिइयो। जिल्ला शिक्षा कार्यालयको बजेट ३२ करोड ५२ लाख ९७ हजारमध्ये प्रशासनिक खर्च ११ लाख ३० हजार रुपियाँ छ।

यो वर्ष ६ देखि १४ वर्ष उमेर समूहका बालिका बलात्कृत भए। एक बालिकालाई आफ्नै आमाले विष खुवाइ हत्या गरिन्। बाल अधिकारका १२ घटनामा आठ बलात्कृत भए भने चार बालिका बेचविखन तथा ओसारपसारबाट पीडित भए। अघिल्लो वर्ष ६ बलात्कृत, तीन बेचविखन तथा ओसारपसार र दुई जना यौन दुर्व्यवहारबाट गरी ११ बालिका पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालबालिका बेचबिखन	४	४
बलात्कार	८	८
जम्मा	१३	१३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७२ भदौ १६ गते बलात्कार गरेको भन्दै भीमदत्त नपा-८ का २२ वर्षीय कमल नेपालीविरुद्ध पीडितका आफन्तले प्रहरीमा भदौ १६ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भदौ १६ गते महाकाली अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार कमललाई अदालतले असोज ११ गते थुन्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१५ मा घरेलु हिंसा पीडित भन्दै १ सय ८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	३	३
बहुविवाह	१	१
घरेलु हिंसा	६८	६८
यौन दुर्व्यवहार	१	१
जम्मा	७३	७३

उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरेका ९७ र कुटपिट गरी घर निकाला गरिएका ११ उजुरी छन्। तीमध्ये ८९ घटनामा मिलापत्र भयो भने १९ उजुरी कानुनी प्रक्रियामा छन्।

यो वर्ष तीन महिला बलात्कृत भए भने एक बहुविवाहबाट, एक यौन दुर्व्यवहारबाट र ६८ घरेलु हिंसाबाट पीडित भए। बलात्कार आरोपितमा जेठाजुसमेत रहे। तीन महिलाको परिवारबाटै हत्या भएको उजुरीमा मुद्दा चलिरहेको छ। अघिल्लो वर्ष कथित बोक्सी आरोपमा एक, बहुविवाहबाट दुई, बेचविखनबाट तीन र घरेलु हिंसाबाट ५३ गरी ५९ महिला पीडित भएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई २०७२ जेठ १ गते घरमा एक्लै भएका बेला बलात्कार प्रयास गरेको भन्दै ४० वर्षीय जेठाजुविरुद्ध पीडित पक्षले प्रहरीमा जेठ २ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २ गते महाकाली अञ्चल अस्पतालमा भयो। सोही दिन गिरफ्तार आरोपितलाई अदालतले जेठ २१ थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, तीन स्वास्थ्य चौकी र १८ उपस्वास्थ्य चौकी छन्। २९ डाक्टरको दरबन्दी रहेकामा आठ कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी एउटा भए पनि रिक्त छ। अहेवको ७४ दरबन्दीमध्ये ६६ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड २७ लाख र औषधीवापतको खर्च ५३ लाख ४३ हजार रुपियाँ छ।

५.७ डडेल्धुरा



जम्मा जनसङ्ख्या
१४२०५४

महिला
७५५३८

परिवार सङ्ख्या
२७०४५

खोलाको पानी पिउने परिवार
१४५८

शौचालय नभएका परिवार
११२२६

कामका लागि बाहिरिएका
११६७०

सबभन्दा बढी जनसङ्ख्या
७६१४७ (क्षेत्री)

अपाङ्गता भएका
५१५०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५.३

सरकारी विद्यालय
२१८

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	६१		६१
जातीय विभेद		१	१
जम्मा	६४	१	६५

डडेल्धुरामा गत वर्षको तुलनामा सन् २०१५ मा मानवअधिकार उल्लङ्घनका घटना बढे। सन् २०१४ मा यस्ता घटनाबाट ४३ महिलासहित ४७ जना पीडित भएकामा यो वर्ष ७४ महिलासहित ७५ जना पीडित भए। गत वर्ष घरेलु हिंसाबाट ३५ महिला पीडित भएकामा यो वर्ष ६८ जना पीडित भए। यौन दुर्व्यवहारबाट दुई महिला पीडित भए जबकि यस्ता पीडित गत वर्ष तीन जनामात्र थिए। गत वर्ष बाल अधिकारविरुद्धका हिंसाबाट चार बालिका पीडित भएकामा यो वर्ष तीन बालिका पीडित भए। जातीय विभेदका घटनामा गत वर्ष दुई महिलासहित तीन जना पीडित भएकामा यो वर्ष एक जना पीडित भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४४ कैद तोकिएका र तीन कैद नतोकिएका गरी ४७ जना बन्दी छन्। जसमा चार महिला र एक आश्रित बालक छन्। बढी मानिस भएकाले शौचालय, पिउने पानी र सुत्ने स्थानको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २३ र फौजदारी १४ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय ४२ प्रावि, ५९ निमावी र ३२ मावि रहेका छन्। यो जिल्लाका विद्यालय जाने उमेरका बालबालिकामध्ये ४७ हजार ८ सय ८ मध्ये बालक २३ हजार २ सय ५० र बालिका २४ हजार ५ सय ५८ जना प्राथमिकदेखि मावि तहसम्म यसवर्ष भर्ना भए। यसमध्ये दलित बालिका ५ हजार ६ सय ४३ र बालक ५ हजार ३ सय ४७ छन्। जिल्लाको दरबन्दी १ हजार २ सय ४४ मध्ये प्रावि तहमा ८ सय ८ ,निमाविमा २

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	२	२
जम्मा	३	३

सय ३२ र मावि तहमा २ सय शिक्षक गरी सबै कार्यरत छन्। बालविकास केन्द्रमा बालक ३ हजार २ सय २२ र बालिका २ हजार ७ सय ९५ गरी ६ हजार २२ जना छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष आठ वर्षीया बालिका १५ वर्षीय बालकबाट बलात्कृत भइन्। बलात्कार प्रयासबाट दुई बालिका पीडित भए।

आठ वर्षीया बालिकालाई २०७२ जेठ १९ गते दिउँसो घरनजिकैको खोला किनारामा लगी बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडितकी आमाले प्रहरीमा जेठ २४ गते उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २९ गते उपक्षेत्रीय अस्पताल डडेल्धुरामा भयो। तत्कालै गिरफ्तार आरोपितलाई अदालतले २०७२ असार ३१ गते जबर्जस्ती करणीको आरोपमा पाँच र हाडनाता करणीको आरोपमा दुई गरी सात वर्ष कैद फैसला गऱ्यो। बालक भएकाले बालसुधार गृहमा राख्ने आदेशसमेत दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ५६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। कुटपिटका ४६ र हिंसाका १० मध्ये सबै घटनामा प्रहरीले मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	१	१
घरेलु हिंसा	६८	६८
यौन दुर्व्यवहार	२	२
जम्मा	७१	७१

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

यो वर्ष एक अपाङ्गता भएकी महिलासमेत बलात्कृत भइन्। दुई महिला यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारका आरोपितमा ४८ वर्षीयसम्म संलग्न रहे। एक आरोपितलाई अदालतले १२ वर्षको कैद फैसला गऱ्यो।

२५ वर्षीया अपाङ्गता भएकी महिलालाई आलिताल गाविस-५ डोलाका ४० वर्षीय टोपबहादुर गाहा मगरले २०७१ फागुन २० गते दिउँसो बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन २१ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते उपक्षेत्रीय अस्पताल डडेलधुरामा भयो। सोही दिन गिरफ्तार टोपबहादुरलाई अदालतले चैत २० गते १२ वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक उपक्षेत्रीय अस्पताल र २४ स्वास्थ्य चौकी छन्। जिल्ला अस्पतालमा तीन डाक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। अहेवको ५० दरबन्दीमध्ये ३५ र अनमीको ४२ दरबन्दीमध्ये ४१ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ४३ लाख रुपियाँ रहेकामा औषधीवापतको खर्च ५८ लाख ४५ हजार रुपियाँ छ।

५.८ बैतडी



जम्मा जनसङ्ख्या
२५०८५८

महिला
१३३४५१

परिवार सङ्ख्या
४५१५१

खोलाको पानी पिउने परिवार
२२५५

शौचालय नभएका परिवार
२५८०८

कामका लागि बाहिरिएका
२१०३५

सबभन्दा बढी जनसङ्ख्या
१३०८५४ (क्षेत्री)

अपाङ्गता भएका
७७८८

५ वर्षमाथिको साक्षरता प्रतिशत
६३

सरकारी विद्यालय
५०८

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
महिलाअधिकार	५३		५३
हत्या	१	१	२
जम्मा	५४	१	५५

यस वर्ष बैतडीको मानवअधिकार अवस्थामा गत वर्षको तुलनामा सुधार आएन। सन् २०१४ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीबाट ५१ महिलासहित ५५ जना पीडित भएकामा सन् २०१५ मा ५४ महिलासहित ५५ जना पीडित भए। गैरराज्य पक्षबाट भएका उल्लङ्घन र ज्यादतीका घटनामा सबैभन्दा बढी महिला पीडित भए। अघिल्लो वर्ष बाल अधिकार उल्लङ्घनबाट आठ बालिका पीडित भएकामा यस वर्ष कोही पीडित भएनन्। अघिल्लो वर्ष गैरराज्यपक्षबाट दुई महिलाको हत्या भएको थियो भने यो वर्ष परिवारबाटै एकको हत्या भयो।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४६ कैद तोकिएको र एक कैद तोकिएका गरी ४७ जना बन्दी छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६ र फौजदारी आठ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा प्रावि ३ सय २५, निमावि १ सय ५ र मावि ६४ वटा छन्। जिल्लामा १ हजार ९ सय ८६ शिक्षक दरबन्दी रहेकामा १ हजार ९ सय ७० कार्यरत छन्। जिल्लाका विद्यालय जाने उमेरका बालबालिकामध्ये ९७ हजार ५ सय ७४ मध्ये बालक ४६ हजार ३ सय ८८ र बालिका ५१ हजार १ सय ४६ जना प्राविदेखि मावि तहसम्म यसवर्ष भर्ना भए। जसमध्ये दलित बालिका १० हजार ७ सय ७९ र बालक १० हजार ३ सय ६२ जना छन्। बालविकास केन्द्र ३ सय ९९ वटा छन् जसमा बालक ५ हजार २ सय ९८ र बालिका ५ हजार १ सय ९४ गरी १० हजार ४ सय ९२ जना छन्। जसमध्ये दलित बालक

१ हजार २ सय १८ जना र बालिका १ हजार २ सय ३१ जना छन्।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला तथा बालबालिका सेवा केन्द्रमा महिला हिंसाका ५२ ठाडो उजुरी परे। सबै घटनामा प्रहरीले मिलापत्र गरायो। यसबाहेक कर्तव्य ज्यानका दुई, ज्यान मार्ने उद्योगका दुई, आत्महत्याका २७, बेवारिसे लासको एक, जबर्जस्ती करणीका दुई र सवारी दुर्घटनाका पाँच गरी जिल्ला प्रहरी कार्यालयमा जम्मा ९१ घटना दर्ता भए।

यो वर्ष दुई महिला बलात्कृत भए भने ५१ महिला घरेलु हिंसाबाट पीडित भए। ७० वर्षीया महिलालाई छोराले कुटपिट गरी हत्या गरेको उजुरी सम्बन्धमा अदालतले १० वर्षको कैद फैसला गऱ्यो। अदालतले बलात्कारका आरोपितलाई पाँच वर्षको कैद फैसला गऱ्यो। अघिल्लो वर्ष एक बलात्कार, एक बलात्कार प्रयास र ३८ घरेलु हिंसाबाट गरी ४० महिला पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
घरेलु हिंसा	५१	५१
जम्मा	५३	५३

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२६ वर्षीया महिलालाई २०७१ फागुन २ गते पाटन नपा-८ का ३८ वर्षीय लोकबहादुर बिष्टले जङ्गलमा बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा फागुन ३ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ३ गते जिल्ला अस्पतालमा भयो। उजुरीको भोलिपल्ट गिरफ्तार लोकबहादुरलाई अदालतले चैत १३ गते ५ वर्षको कैद फैसला गऱ्यो।

परिवारजनबाट हत्या

मेलौली गाविस-७ जर्गुकी ७० वर्षीया राधादेवी नायकलाई २०७१ चैत २ गते छोरा ४० वर्षीय कालुसिंह नायकले घरायसी विवादका कारण कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले प्रहरीमा चैत ५ गते उजुरी दिए। उजुरी दिएकै दिन गिरफ्तार कालुसिंहलाई अदालतले २०७२ वैशाख १० गते १० वर्षको कैद फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ६५ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा दुई डाक्टरको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। अस्पतालमा एक स्त्रीरोग विशेषज्ञको दरबन्दी छ। अहेबको १ सय ३८ दरबन्दीमध्ये १ सय ३१ कार्यरत छन्। अनमीको १ सय ३९ दरबन्दीमध्ये १ सय ३० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ४३ लाख रुपियाँ रहेकामा औषधीबापतको बजेट ५८ लाख ४५ हजार रुपियाँ छ।

५.५ दार्चुला



जम्मा जनसङ्ख्या
१३३२७४

महिला
६५६६५

परिवार सङ्ख्या
२४६१८

खोलाको पानी पिउने परिवार
७४६

शौचालय नभएका परिवार
१३१०५

कामका लागि बाहिरिएका
६८६४

सबभन्दा बढी जनसङ्ख्या
८६०२५ (क्षेत्री)

अपाङ्गता भएका
३६६५

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५.४

सरकारी विद्यालय
३३८

दार्चुला जिल्लाको मानवअधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा केही सुधार आयो। सन् २०१४ को मानवअधिकार उल्लङ्घनमा ३३ महिलासहित ३४ जना पीडित भएकामा सन् २०१५ मा २७ महिलासहित २८ जना पीडित भए। गैरराज्य पक्षबाट भएका घटनामा महिला र बालिका पीडित भए। बाल अधिकारका दुई घटनामा दुई बालिका बलात्कारबाट पीडित भए। यौनिक र घरेलु हिंसाबाट गरी २१ महिला पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो भने यस वर्ष पनि एक महिलाको हत्या भयो। अघिल्लो वर्ष २७ महिला र पाँच बालिका पीडित भएका थिए। यो वर्ष बहुविवाहका दुई उजुरी कानुनी प्रक्रियामा छन्।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। तर ४१ कैद तोकिएको र तीन कैद नतोकिएको गरी ४३ जना छन्। जसमा महिला तीन जना छन्। कारागारको भौतिक अवस्था जीर्ण भएकाले कैदी बन्दी त्रसित छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६ र फौजदारी २३ थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २२ प्रावि, ६६ निमावि र ३९ माध्यमिक विद्यालय छन्। विद्यालय जाने उमेरका बालबालिका मध्ये ४२ हजार ५ सयमध्ये बालिका २१ हजार ८ सय ११ र बालक २० हजार ६ सय ८६ प्राविदेखि उमाविसम्म यसवर्ष भर्ना भए। प्रावि तहमा ९ सय ५२, निमावि तहमा २ सय १७, मावि तहमा १ सय ४९ र उमावि तहमा ५४ गरी १ हजार ३ सय ७२ शिक्षक कार्यरत छन्। यसैगरी प्राविदेखि उमावि

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	३४		३४
हत्या	१	१	३
जम्मा	३८	१	३८

तहसम्म दलित बालक २ हजार ५ सय ५८ तथा बालिका २ हजार ६ सय ८० गरी ५ हजार २ सय ३८ जना छन्। बाल विकास केन्द्रमा बालक ३ हजार १ सय ४३ र बालिका २ हजार ७ सय ५५ गरी ५ हजार ८ सय ९८ जना छन्। जसमध्ये दलित बालक २ सय ९७ र बालिका २ सय ९८ गरी ५ सय ९५ जना छन्।

यो वर्ष चार र १३ वर्षका दुई बालिकालाई बलात्कार तथा यौन दुर्व्यवहार गरियो। एक बालिकाको हत्या भयो। बलात्कार घटनाका आरोपितमा नजिकका चिनजानका व्यक्ति तथा आफन्त रहे। अघिल्लो वर्ष चार बालिका बलात्कार र एक बालिका विवाहबाट पीडित भएका थिए।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कार	२	२
जम्मा	२	२

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७१ फागुन १५ गते विवाह गर्छु भन्दै बोलाएर खलङ्गाको एक होटलमा लगी बलात्कार गरेको भन्दै शङ्करपुर गाविस-२ का २० वर्षीय रोशन भनिने सुरेन्द्रसिह धामीविरुद्ध पीडितका आफन्तले प्रहरीमा फागुन १७ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते जिल्ला अस्पतालमा भयो। रोशनलाई अदालतले २०७२ असार १६ गते ६ वर्ष कैदको फैसला गऱ्यो।

चार वर्षीया बालिकालाई २०७२ कात्तिक १० गते बलात्कार गरेको भन्दै कालिकोट जिल्ला ठिन गाविस-४ का २२ वर्षीय जीवनराज महतराविरुद्ध पीडितका आफन्तले प्रहरीमा कात्तिक १० गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण कात्तिक ११ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार जीवनराजलाई अदालतले २०७२ मङ्सिर ७ गते थुन्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले सबै घटनामा मिलापत्र गरायो।

यो वर्ष महिला अधिकार उल्लङ्घनका २४ घटना भए। जसमा बलात्कार प्रयासबाट तीन, यौन दुर्व्यवहारका दुई, बेचबिखनबाट एक, बहुविवाह/घरेलु हिंसाबाट १८ जना पीडित भए। महिलामाथि बलात्कार प्रयासका आरोपितमा पत्रकारसमेत रहे। अघिल्लो वर्ष २७ महिला यौनिक र घरेलु हिंसाबाट पीडित भएका थिए। घरेलु हिंसाका उजुरीमा भने प्रहरीले मिलापत्र गरायो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बलात्कारको प्रयास	३	३
बहुविवाह	२	२
महिला बेचबिखन	१	१
घरेलु हिंसा	१६	१६
यौन दुर्व्यवहार	२	२
जम्मा	२४	२४

२९ वर्षीया महिलालाई २०७१ चैत २६ गते बलात्कार प्रयास गरेको भन्दै हुनैनाथ गाविस-६ घर भई सदरमुकाम खलङ्गास्थित एक सञ्चार संस्थामा कार्यरत पत्रकार ३६ वर्षीय बलदेवसिंह धामीविरुद्ध पीडितका आफन्तले प्रहरीमा चैत २९ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २९ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार बलदेवसिंहलाई अदालतले २०७२ वैशाख १७ गते २२ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४७ वर्षीया महिलालाई २०७२ साउन २८ गते बलात्कार प्रयास गरेको भन्दै अपी नपा-६ छापरीका २९ वर्षीय करनसिंह कार्कीविरुद्ध पीडितका आफन्तले प्रहरीमा साउन ३२ गते उजुरी दिए। भदौ ३ गते गिरफ्तार करनसिंहलाई अदालतले भदौ १७ गते थुन्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा एक डाक्टरको दरबन्दी रहेकामा कोही पनि कार्यरत छैनन्। तर मेडिकल अफिसरको दुई दरबन्दी रहेकामा दुवै कार्यरत छन्। अस्पतालमा स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन्। अहेबको ८० दरबन्दीमध्ये ७२ र अनमीको त्यति नै दरबन्दीमध्ये ५९ जना कार्यरत छन्।

अनुसूची २

मानवअधिकार उल्लङ्घन/ज्यादती तथ्याङ्क २०१५

परिशिष्ट १ नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट				कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा	
घाइते								
बम विस्फोटबाट				३	१९		२२	२२
दोहोरो झडपमा घाइते		१८	१८	४	१६१		१६५	१८३
आगो लगाएर		१	१		८		८	९
एसिड छर्केर				३			३	३
गोलीबाट	१२	२५६	२६८	१	११		१२	२८०
धारिलो हतियारबाट				१	४		५	५
जम्मा	१२	२७५	२८७	१२	२०३		२१५	५०२
बेपत्ता								
जम्मा		१	१					१
बालअधिकार								
बालश्रम				२४	२२		४६	४६
बालबालिका बेचबिखन				३४	२		३६	३६
बालविवाह				२३	१		२४	२४
बलात्कार				४९२			४९२	४९२
नवजात शिशुको हत्या				४	८		१२	१२
विद्यालयमा शारीरिक सजाय				७	२१		२८	२८
यौन दुर्व्यवहार				१९९	१		२००	२००
जम्मा				७८३	५५		८३८	८३८
अमानवीय व्यवहार								
कथित बोक्सीको आरोप				१	३		४	४
अन्य					३		३	३
अनुहारमा मोसो लगाएको				१	५		६	६
जम्मा				२	११		१३	१३
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार								
आफ्नो सम्पत्तिको अधिकार				१	१७		१८	१८
ज्यालाबाट बञ्चित					२		२	२
जम्मा				१	१९		२०	२०
अपहरण								
जम्मा				५	२		७	७

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट				कुल
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा	जम्मा
महिलाअधिकार								
कथित बोक्सीको आरोप				५१			५१	५१
बलात्कार				३५९			३५९	३५९
बलात्कारको प्रयास				१३५			१३५	१३५
बहुविवाह				३८७			३८७	३८७
महिला बेचबिखन				४६			४६	४६
घरेलु हिंसा				३७०७			३७०७	३७०७
यौन दुर्व्यवहार				६३			६३	६३
जम्मा				३५४७			३५४७	३५४७
भेला/सङ्गठित हुने अधिकार								
भेला/सङ्गठित हुने अधिकार	४९	३८३	३३३					३३३
लाठीचार्ज	३७	३१८	३५५					३५५
जम्मा	८६	६०१	६८७					६८७
जातीय विभेद								
सार्वजनिक स्थलमा प्रवेशबाट बञ्चित				१	१		३	३
अन्तरजातीय विवाह				३	५		७	७
जातीय छुवाछूत				१५	३३		३८	३८
जम्मा				१८	३९		४७	४७
गिरफ्तारी/यातना								
जम्मा	३	११३	११५					११५
हिरासत/थुनामा मृत्यु								
जम्मा		१	१					१
कुटपिट								
जम्मा	१०	८९	९९	१६	१०८		१२४	३२३
धम्की								
जम्मा		८	८	३	३८		४१	४९
हत्या								
घाँटी रेटेर					३		३	३
घाँटी थिचेर				४	३		६	६
घाँटी काटेर				३	३	१	७	७
घन प्रहारबाट				१	१		३	३
ढुङ्गाले किचेर					६		६	६
बम विस्फोटबाट				१	४		५	५
बलात्कारपछि				९			९	९
दोहोरो झडपमा मृत्यु		१	१	१	१		३	३
आगो लगाएर हत्या				१	१		३	३
झुण्ड्याएर				४			४	४
विष खुवाएर				६	१		७	७
लाठी प्रहारबाट				६	८		१४	१४
कुटपिट गरी				५७	३४		९१	९१
गोली हानी	४	३३	३६	४	१४		१८	५४
खुकुरी प्रहारबाट				५	६		११	११
धारिलो हतियार प्रहारबाट				३४	४४		७८	७८
हत्याको प्रकृति नखुलेको				३	४		६	६
जम्मा	४	३३	३७	१३८	१३१	१	३७०	३०७
कुल जम्मा	११५	११३०	१३३५	४५३५	५९६	१	५१३३	६३५७

परिशिष्ट २ पेशागत आधारमा पीडित सङ्ख्या

घटनाको पकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
कृषक	२६	३४२	३६८	११०७	१२८	१	१२३६
सशस्त्र प्रहरी					३०		३०
सेना					१		१
प्रहरी		६	६	९	१४८		१५७
कलाकार				५			५
उद्योगी/व्यवसायी	१	५७	५८	३०	१६		४६
सभासद्	१		१				
जागिरे/कर्मचारी		१	१	१८	१५		३३
स्वास्थ्य कार्यकर्ता		८	८	११	१		१२
मानव अधिकारकर्मी	१२	२५	३७	३	३		६
पत्रकार		६१	६१	४	५०		५४
गृहिणी	२७	२	२९	२३०६	३		२३०९
कानुन व्यवसायी		१	१		१		१
स्वास्थ्यकर्मी				२			२
मजदूर	४	२८	३२	१४१	५०		१९१
राजनीतिक कार्यकर्ता	३१	३८०	४११	१	३८		३९
सामाजिक कार्यकर्ता	१		१	२	२		४
विद्यार्थी	९	१४०	१४९	५०५	५१		५५६
शिक्षक		७	७	९	५		१४
नाबालक				२०	३		२३
नखुलेको	३	६२	६५	३५२	५१		४०३
जम्मा	११५	११२०	१२३५	४५२५	५९६	१	५१२२

परिशिष्ट ३ पूर्वाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	२	३२	३४		३४	३४
बालअधिकार				२२०	१३	२३३
अमानवीय व्यवहार				१	४	५
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					१	१
अपहरण				२	१	३
महिलाअधिकार				८७९		८७९
भेला/सङ्गठित हुने अधिकार	११	१२३	१३४			
जातीय विभेद				१०	७	१७
गिरफ्तारी/यातना		९	९			
कुटपिट	३	४५	४८	४	४२	४६
धम्की		३	३		२	२
हत्या		५	५	३५	३३	६८
जम्मा	१६	२१७	२३३	११५१	१३७	१२८८

परिशिष्ट ४ मध्यमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	६	१८६	१९३	५	७८	८३
बेपत्ता		१	१			
बालअधिकार				३७६	३४	३००
अमानवीय व्यवहार					३	३
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					३	३
अपहरण				३	१	३
महिलाअधिकार				१४७९		१४७९
भेला/सङ्गठित हुने अधिकार	४०	३३३	३६३			
जातीय विभेद				३	५	८
गिरफ्तारी/यातना		४७	४७			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट	१	१९	३०	९	३४	४३
धम्की		३	३	१	३१	३३
हत्या	१	३०	३१	४८	४९	९७
जम्मा	४८	५९९	६४७	१८३३	३१८	३०४१

परिशिष्ट ५ पश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१६	१७	१	५	६
बालअधिकार				१५८	६	१६४
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					४	४
अपहरण				१		१
महिलाअधिकार				३४६		३४६
भेला/सङ्गठित हुने अधिकार	५	३५	४०			
जातीय विभेद					१	१
गिरफ्तारी/यातना		३	३			
कुटपिट		६	६		१४	१४
धम्की				१	५	६
हत्या	३	५	८	३१	३०	४१
जम्मा	९	६४	७३	४३८	५६	४८४

परिशिष्ट ६ मध्यपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
घाइते	३	३५	३८	६	३६		३३
बालअधिकार				८६	८		९४
अमानवीय व्यवहार				१	३		४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१०		११
महिलाअधिकार				५७१			५७१
भेला/सङ्गठित हुने अधिकार	३०	१३०	१५०				
जातीय विभेद				३	५		८
गिरफ्तारी/यातना	३	४१	४४				
कुटपिट	५	१९	२४	२	१३		१५
धम्की		३	३	१	७		८
हत्या		३	३	१९	११	१	३१
जम्मा	४१	२३१	२६२	६९१	८३	१	७७५

परिशिष्ट ७ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६		६०	६०
बालअधिकार				४३	४	४७
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
महिलाअधिकार				३७१		३७१
जातीय विभेद				२	११	१३
गिरफ्तारी/यातना		१३	१३			
कुटपिट	१		१	१	५	६
धम्की					३	३
हत्या				१५	१८	३३
जम्मा	१	१९	२०	४३२	१०२	५३४

परिशिष्ट ८ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	१	४				१			१				६
गिरफ्तारी/यातना	४	१		१२	१	३	४	२१	५४	११		४	११५
कुटपिट	१६	४	३५	९	३	६	१५	३३	४५	१०	२८	२८	२३३
बालअधिकार	६९	७३	१४६	७९	८२	६६	६३	७८	६२	५३	३६	३०	८३८
हिरासत वा थुनामा मृत्यु	१												१
बेपत्ता			१										१
आर्थिक/सामाजिक/ साँस्कृतिक अधिकार		५	४	६			१				१	२	२०
अमानवीय व्यवहार	१	१						८	२		१		१३
घाइते	९	१२	३	३	१	१	८	२१९	१६८	५	५१	२२	५०२
हत्या	३५	२१	२१	२२	२३	१६	२४	३४	४८	२०	२४	१९	३०६
जातीय विभेद	६	६	३		११	३	५	५	१	३	३	१	४६
भेला/सङ्गठित हुने अधिकार	३२	११	२८	१४			९५	१६८	१८२	२८	२९	९०	६८६
धम्की	२	४	३	२	३	४		२	२१	२	३	३	४९
महिलाअधिकार	४०९	३८४	३३०	३३८	३९८	३५१	३५३	३०८	२९५	२०६	१८०	९४	३५४६
जम्मा	५८६	५२६	५६४	४८६	५२२	४५१	४६८	८८६	८६९	३३९	३५६	२९३	६३५६

परिशिष्ट ९ सम्पत्ति/भौतिक संरचना क्षति

वितरण	जम्मा
राजनीतिक पार्टी कार्यालय	६
स्वास्थ्य केन्द्र	१
सरकारी सवारी साधन	२०
सरकारी कार्यालय	४१
बैङ्क	१
नीजि सवारी साधन	१४६
नीजि घर	३४
नीजि कार्यालय	४
प्रहरी चौकी	२६
पुल	१

वितरण	जम्मा
निजी सम्पत्ती	३
जिल्ला वन कार्यालय	१
एम्बुलेन्स	१३
क्याम्पस	२
गाविस भवन	३
जम्मा	३०५

परिशिष्ट १० जातजातिका आधारमा पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	तेस्रो लिङ्गी	जम्मा
आदिवासी	३	१९	२२	१०८	१२		१२०
बैश्य		३	३	१८	१		१९
बनिया	४	२२	२६	९	१		१०
ब्राह्मण	२१	१५१	१७२	४२७	९६		५२३
क्षेत्री	२४	२०४	२२८	९५१	१३७	१	१०८९
दलित	११	७२	८३	७८५	९८		८८३
गोडिया		४	४	२			२
जनजाती	२२	१०५	१२७	११७५	११५		१२९०
कायस्थ		८	८	४			४
कोइरी	१	२२	२३	४५	६		५१
मण्डल	३	३१	३४	४७	१२		५९
मुस्लिम	६	८४	९०	२४०	१४		२५४
नेवार	२	५	७	१५१	६		१५७
सन्यासी		४	४	१५	५		२०
तेली	३	११३	११६	११५	२६		१४१
यादव	८	१६४	१७२	१२७	४१		१६८
नखुलेको	७	१०९	११६	३०६	२६		३३२
जम्मा	११५	११२०	१२३५	४५२५	५९६	१	५१२२

परिशिष्ट ११ सन् २०१५ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

क्रं. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१५ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					आश्रित		जेलमा मृत्यु
				थुनुवा	कैदी	जम्मा	पुरुष	महिला	बालक	बालिका	
१.१	झापा	ख	३००	३५४	४०५	७५९	७५९			७	
१.२	इलाम	ग	१२५	३९	२६७	३०६	२७७	२९		५	३
१.३	पाँचथर	ङ	२५	१४	१२९	१४३	१२३	२०	३	२	
१.४	ताप्लेजुङ	ङ	२५	३०	७७	१०७	१०७				
१.५	मोरङ	ख	२५०	२६२	४४४	७०६	७०६		२	२	१
१.६	सुनसरी	श्रेणीविहीन	१६००	३३३	११४६	१४७९	१४७९				
१.७	धनकुटा	घ	२५	३६	४७	८३	८३			१	
१.८	तेह्रथुम	घ	३५	११	५५	६६	६०	६	१		
१.९	भोजपुर	ग	२५	१०	९६	१०६	१०६				
१.१०	सङ्खुवासभा	घ	२५	१०	९५	१०५	१०५		१		
१.११	सप्तरी	घ	१२५	१८२	१३७	३१९	३००	१९			२
१.१२	सिरहा	घ	१५०	१७६	१४१	३१७	३१७			१	१
१.१३	उदयपुर	ङ	५०	५५	६६	१२१	१२१		२	५	
१.१४	खोटाङ	ङ	९९	६६	३३	९९	९९				
१.१५	ओखलढुङ्गा	ङ	२५	९	४१	५०	५०				
१.१६	सोलुखुम्बु	ङ	२५	१३	६९	८२	८२				
२.१	धनुषा	जेल छैन									
२.२	महोत्तरी	ख	१३५	३६३	४५	४०८	३७३	३५	३	३	
२.३	सर्लाही	ग	१००	भवन जीर्ण भएकाले कैदी र बन्दी राखिएन							
२.४	सिन्धुली	घ	३५	२३	९०	११३	११३		१		
२.५	रामेछाप	ग	५०	१४	२४१	२५५	२३९	१६			
२.६	दोलखा	घ	४२	१४	४५	५९	५९				
२.७	रौतहट	ग	९५	८९	४५	१३४	१२२	१२		१	१
२.८	बारा	जेल छैन									
२.९	पर्सा	ख	७००	३३९	७३९	१०७८	१००३	७५	३	३	
२.१०	चितवन	घ	२३५	२०४	३६४	५६८	५१५	५३			
२.११	मकवानपुर	घ	१२००	३७१	२०५	५७६	५७६				
२.१२	ललितपुर	ग	१७५	२०८	३७२	५८०	५८०				
२.१३	काभ्रे	घ	६१	६८	१३४	२०२	२०२				२
२.१४	भक्तपुर	बालसुधारगृह	१५०	२६	७१	९७	९५	२			
२.१५	काठमाडौँ	क	१२००	१२५१	१२५०	२५०१	२१८६	३१५	१३		१६
२.१५	काठमाडौँ	ख	२५०	२१५	३६१	५७६	५७६				
२.१६	धादिङ	ग	३०	४३	१३२	१७५	१६२	१३	१	१	
२.१७	सिन्धुपाल्चोक	घ	६०	१३२	८४	२१६	१९६	२०	१		
२.१८	नुवाकोट	घ	८०	२९	११४	१४३	१२६	१७			
२.१९	रसुवा	ङ	२५	२१	५८	७९	७६	३			
३.१	तनहुँ	घ	२५	२३	८४	१०७	१०७				
३.२	गोरखा	घ	५५	२८	९३	१३१	१०७	१४	२	१	
३.३	लमजुङ	घ	३५	१०	५९	६९	६१	८		२	

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता	सन् २०१५ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					आश्रित		जेलमा मृत्यु
				थुनुवा	कैदी	जम्मा	पुरुष	महिला	बालक	बालिका	
३.४	स्याङ्जा	ङ	३५	३४	९३	११६	१०६	१०	१		
३.५	कास्की	घ	६०	१६६	३६३	५४०	४८६	५३	१		
३.६	मनाङ	श्रेणीविहीन	५		१०	१०	१०				
३.७	नवलपरासी	ङ	३५	८६	६६	१६४	१४५	१९	१	४	
३.८	रुपन्देही	ख	१००	३६९	३३४	५०३	५०३				
३.९	पाल्पा	ग	३००	३५	३९६	३३३	३४३	६९	६		
३.१०	कपिलवस्तु	घ	८५	६०	१३०	१९०	१८९	१			
३.११	अर्घाखाँची	ङ	३५	३	३३	३५	३४	१			
३.१२	गुल्मी	ङ	३५	१९	५३	६१	६१		१		
३.१३	वाग्लुङ	घ	३५	५	६८	८३	६३	१०		१	
३.१४	पर्वत	घ	६०	६	६०	६६	६०	६			
३.१५	म्याग्दी	घ	३३	१८	६५	९३	८६	६			
३.१६	मुस्ताङ	ङ	६	६	३	९	६	३			
४.१	दाङ	ङ	५०	३१	१३८	१६९	१६९				
४.१	दाङ	घ	१००		१६१	१६१	१५०	३१			
४.२	प्यूठान	घ	३५	११	६१	६३	५८	१४	१	१	
४.३	रोल्पा	घ	५०	३५	६३	८८	८८		३		
४.४	सल्यान	घ	३०	८	६४	८३	८३		३		
४.५	रुकुम	घ	३४	१०	६९	६९	६९		३		
४.६	बाँके	ग	३५०	१५१	४०८	५५९	५०९	५०	३	१३	
४.७	बर्दिया	घ	१३५	३६	१८१	३१६	३०३	१४			
४.८	सुर्खेत	ङ	३५	३९	११८	१४६	१४६				
४.९	जाजरकोट	ग	१०	५	३५	४०	४०				
४.१०	दैलेख	ग	१००	४	१०९	११३	११३				
४.११	डोल्पा	ङ	३५	४	१३	१६	१६				
४.१२	जुम्ला	ङ	३०	८	३३	३१	३१				
४.१३	कालीकोट	ङ	३५	१	४०	४१	४१		१		
४.१४	मुगु	ग	१५	३	३	६	६				
४.१५	हुम्ला	ग	३५		५	५	४	१			
५.१	कैलाली	घ	१३५	३५३	१३८	३८०	३५१	३९	३	१	
५.२	अछाम	घ	३५	१०	३६	३६	३३	४			
५.३	डोटी	ख	४५	८	३३	४१	३९	३			
५.४	बाजुरा	ङ	३५	३०	१३	३३	३३				
५.५	बझाङ	ङ	३५	४५	३०	६५	६५				
५.६	कञ्चनपुर	ग	९५	५९	१४५	३०४	१९४	१०	३		
५.७	डडेल्धुरा	ङ	३५	३	४४	४७	४३	४	१		
५.८	बैतडी	घ	३५	१	४६	४७	४७				
५.९	दार्चुला	घ	४०	३	४१	४४	४१	३			
	जम्मा		९७७०	६५०७	११३३३	१७८३९	१६८३३	९९७	५८	५३	३६

अनुसूची ३

सन् २०१५ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेकपा (एमाले)

नेपालका निम्ति सन् २०१५ मानव अधिकारका दृष्टिले मिश्रित प्रकृतिको रह्यो। यो वर्ष एकातिर लोकतन्त्र र मानव अधिकारका क्षेत्रमा ऐतिहासिक र युगान्तकारी महत्वका उपलब्धि हासिल भए भने अर्कातिर प्राकृतिक विपत्ति र मानव निर्मित अवरोधका कारण मानवीय सङ्कट निम्तिने तहसम्मका चुनौतीहरू पनि देखा परे।

सन् २०१५, सेप्टेम्बर २० का दिन नेपालको संविधान घोषणा भयो। संविधानको यो घोषणा आफैले निर्वाचित गरेका जनप्रतिनिधिहरूबाट निर्माण भएको संविधानमार्फत् मुलुकको शासन सञ्चालन गर्ने सात दशक लामो जनचाहनालाई मूर्त रूप दिने ऐतिहासिक परिघटनाका रूपमा अङ्कित छ। गणतन्त्र, लोकतन्त्र, सामाजिक न्याय, समावेशी शासन प्रणाली, सङ्घीयता र धर्म निरपेक्षतालगायत जनआन्दोलन/जनक्रान्तिका उपलब्धिहरू संविधानद्वारा संस्थागत गरिएका छन् र शान्त, न्यायपूर्ण एवम् समृद्ध राष्ट्र निर्माणको बलियो आधार निर्माण भएको छ। अत्यन्त समावेशी संविधान सभामार्फत्, जनताको व्यापक सहभागितामा र ९० प्रतिशत सभासद्हरूको संलग्नतामा पारित भएको नेपालको संविधान विधि र प्रक्रियाको हिसावले पनि उन्नत लोकतान्त्रिक चरित्रको छ।

लोकतन्त्रका विश्वव्यापी मूल्य/मान्यताहरूलाई आत्मसात गर्दै संविधानले संयुक्त राष्ट्र सङ्घको बडापत्र, नागरिक र राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिलगायत नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय अनुबन्धहरूका लोकतान्त्रिक र मानव अधिकारका विषयलाई दृढतापूर्वक परिपालना गरेको छ। संविधानले सार्वभौम समानताको उद्घोष मात्रै गरेको छैन, विगतदेखि नै विभेदमा पर्दै आएका महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रलगायतका लागि विशेष अधिकारहरूको समेत व्यवस्था गरेको छ। राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाई महिला सहभागिता र पछाडि परे/पारिएका समुदायका निम्ति गरिएका विशेष व्यवस्थाहरूले यस संविधानलाई औपचारिक समानताको होइन सारवान समानताको महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित गरेका छन्। माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक, आधारभूत स्वास्थ्यको हक, रोजगारी, आवास तथा खाद्य र खाद्य सम्प्रभुताको हक जस्ता विषयहरूले संविधानको प्रगतिशील र जनमुखी अन्तरवस्तुलाई उजागर गर्छन्। नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले नेपालको संविधानको घोषणालाई युगान्तकारी परिघटनाको रूपमा विश्लेषण गरेको छ र यसमार्फत् नेपालले लोकतन्त्र, मानव अधिकार र मानवीय गरिमाको क्षेत्रमा ऐतिहासिक सफलता प्राप्त गरेको ठहर गरेको छ।

संविधानको कार्यान्वयनको क्रममा राष्ट्रपति, सभामुख जस्ता सम्मानित ओहदामा सङ्घर्षशील महिलाहरू निर्वाचित हुनुभएको छ। लैङ्गिक समानता र महिला अधिकारको क्षेत्रमा नेपालले छोटो समयमा प्राप्त गरेको यो उपलब्धि लाक्षणिक छ। यस्ता विषयले समावेशी शासन प्रणाली र सामाजिक न्यायको संवैधानिक अन्तरवस्तु व्यावहारिकरूपमै स्थापित हुँदै जान थालेको सङ्केत गर्छन्।

तर नेपालको संविधान जारी हुनुपूर्व र पश्चात्का केही घटनाहरू भने चिन्ताजनक, दुःखद् र पीडादायक रहन पुगेका छन्। एउटा सार्वभौम राष्ट्रले, आफूमा निहित आत्मनिर्णयको अधिकारको प्रयोग गर्दै, सात वर्ष लामो प्रयत्नपश्चात् लोकतान्त्रिक संविधान निर्माण गर्दा प्राप्त भएको अन्तर्राष्ट्रिय सद्भाव, खुसी र ऐक्यबद्धता हाम्रा निम्ति गर्वका विषयका रूपमा रहेका छन्। तर मित्रराष्ट्र भारतबाट व्यक्त प्रतिक्रिया र संविधान घोषणा भएपश्चात् चालिएका अघोषित नाकाबन्दी जस्तो कदम भने हाम्रा निम्ति अनपेक्षित र कल्पनातीत थिए। यस्तो व्यवहारले संयुक्त राष्ट्र सङ्घको बडापत्र, सार्क चार्टर, समुद्री कानुनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र दुई देशबीचका व्यापार र पारवहनसम्बन्धी सम्झौतालाई मात्रै उपेक्षा गरेको छैन, यसले परम्परादेखि नै दुई देशका जनताबीच रहँदै

आएको अनुपम सम्बन्धमा समेत प्रतिकूल प्रभाव पारेको छ। भर्खरै विनाशकारी भूकम्पको पीडा भोगेका र चालीस लाख बढी नागरिकहरूलाई न्यानो ओतमा पुऱ्याउन एवम् पुनर्निर्माणमार्फत् राष्ट्रलाई नयाँ जीवन दिन सङ्घर्षरत् नेपालका लागि यो स्थिति निकै कष्टकर थियो। यसले नेपालमा गम्भीर मानवीय सङ्कट निम्त्याउन सक्ने भनेर संयुक्त राष्ट्र सङ्घका महासचिवबाट पटक-पटक ध्यानाकर्षण गर्नुपर्ने स्थिति उत्पन्न हुनुले अवस्थाको गाम्भीर्यलाई स्पष्ट पार्छ। वर्षको अन्त्यतिर आइपुग्दा यस स्थितिमा सकारात्मक परिवर्तन आउने केही लक्षणहरू देखा परेको भए पनि नाकाबन्दीको अवस्था अन्त्य भएको छैन। अत्यावश्यक औषधिको अभावमा बिरामीहरूको ज्यानै जाने तहसम्मको सङ्कट सिर्जना गरेको यो परिस्थिति मानव अधिकारको दृष्टिले निकै दु:खद् रहेको छ।

संविधान घोषणा पूर्वदेखि नै मधेस-केन्द्रित दलहरूले सुरु गरेको आन्दोलन र तराई-मधेसको अशान्तिले त्यस क्षेत्रका अलावा सिङ्गै राष्ट्र आहत बन्न पुगेको छ। लाखौँ विद्यार्थीहरूको पढाइ अवरुद्ध हुनु, ज्याला-मजदुरी गरेर बाँच्नुपर्ने लाखौँ श्रमिकहरूले काम गर्न नपाउनु, किसानहरूका उत्पादन खेत-बारी या गोठमै नष्ट भएर जानु र जनता लामो बन्द-हड्ताल र कर्फ्यु-निषेधाज्ञाका बीच बाँच्न विवश हुनुले मानव अधिकारको सही उपयोग हुन नपाएको दु:खद स्थितिलाई अभिव्यक्त गर्छ। यसक्रममा सुरक्षाकर्मी र सर्वसाधारण गरेर ५९ ज्यान गएको छ, सयौँ घाइते र अङ्गभङ्ग भएका छन् र करोडौँ मूल्यको निजी र सार्वजनिक सम्पत्तिमा क्षति पुगेको छ। कैलाली टीकापुरमा गत भाद्र ७ गते भएको त्रासद घटनाले नेपाली समाजमा हुर्कंदै गरेको क्रूरता, आपराधिक मनस्थिति र सामाजिक विद्वेषको भयावह तस्बिर प्रस्तुत गर्छ। त्यसरी नै, एम्बुलेन्सबाट उतारेर घाइते सुरक्षाकर्मीलाई जिउँदै जलाउने, यात्रुबसमा आगजनी गर्ने, जनप्रतिनिधिहरूलाई जिल्ला प्रवेशमा रोक लगाउने र उनीहरूका निजी निवास तोडफोड गर्ने, मानव अधिकार आयोगको सवारी साधन जलाउने एवम् सामाजिक-साम्प्रदायिक घृणा फैलाउनेखालका मानव अधिकार उल्लङ्घनका घटना भएका छन्। जनताको जीउधनको सुरक्षा गर्नु सुरक्षाकर्मीहरू र प्रशासनको कानुन-प्रदत्त कर्तव्य हुँदाहुँदै पनि कतिपय ठाउँमा उनीहरूका तर्फबाट पर्याप्त सतर्कता र संयम नअपनाइएको गुनासो पनि सुनिएको छ। मानव अधिकारका दृष्टिले विगत ६ महिनामा तराई-मधेसको स्थिति निकै चिन्ताजनक देखिएको छ।

संविधान आफैंमा गतिशील दस्तावेज हो र सङ्घीयता पनि अभ्यासको दौरानमा क्रमश: परिपक्व, व्यावहारिक र सुदृढ हुँदै जाने प्रक्रिया हो। भिन्नभिन्न राजनीतिक दर्शन, कार्यक्रम र वर्गीय आधार रहेका ३० भन्दा बढी राजनीतिक पार्टीहरू उपस्थित संविधान सभामा संविधानका सबै प्रश्नमा सधैंभरि सर्वसम्मति हुन नसक्नु स्वाभाविकै हो। त्यसरी नै, हाम्रो जस्तो बहुजातीय-बहुभाषिक-बहुसांस्कृतिक-बहुधार्मिक समाजमा विभिन्न प्रश्नमा भिन्न मतहरू देखा पर्न सक्छन्। सकेसम्म सर्वसम्मतिका लागि प्रयत्न गर्नु, त्यसो हुन नसकेमा अधिकतम सहमतिका साथ अगाडि बढ्नु र भिन्न मतलाई प्रक्रियासम्मत ढङ्गले र जनताको अभिमतका आधारमा स्थापित गर्ने प्रयास गर्नु लोकतन्त्रको विश्वव्यापी मूल्यको कुरा हो। अल्पमतले बहुमतमाथि आफ्ना इच्छाहरू लाद्ने कोसिस गर्ने र त्यसो हुन नसकेमा संवैधानिक प्रक्रियालाई नै अवरुद्ध गर्ने हठ लिने हो भने लोकतान्त्रिक प्रणाली अगाडि बढ्न सक्दैन। आफ्ना अधिकारको प्रयोग गर्दा अरुको अधिकारहरूको हनन नहोस् भन्ने कुरामा सजग रहनु आवश्यक हुन्छ। तर यसबीचमा लोकतन्त्रका यी न्यूनतम मर्यादाहरूलाई उल्लङ्घन गर्ने प्रवृत्ति धेरै चोटी देखा परेको छ र केही व्यक्तिको हठका कारण धेरै नागरिकले संविधानले प्रत्याभूत गरेको अधिकारको प्रयोगबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको छ।

२०१५ अप्रिल २५ को विनाशकारी भूकम्प र तत्पश्चात्का परकम्पका कारण घरबार गुमाएका लाखौँ पीडितको पुनर्स्थापना गर्ने विषय सिङ्गो राष्ट्रका अगाडि चुनौतीका रूपमा उपस्थित छ। भूकम्पलगत्तै उद्धार र राहतमा समर्पित सुरक्षाकर्मीहरू, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरू, नेपाललाई उदारमनले सहयोग गर्ने अन्तर्राष्ट्रिय समुदायको भूमिका प्रशंसनीय छ भने राष्ट्रिय सङ्कटका बेला आपसी मतभिन्नतालाई थाती राखेर पीडितहरूको सहयोगमा खट्ने र अस्थायी आवासका लागि हजारौँ स्वयंसेवकहरू परिचालित गर्ने राजनीतिक दलहरूको भूमिका सकारात्मक रहेको छ। तर पुनर्निर्माण प्राधिकरणसम्बन्धी विधेयक पारित गर्न भएको ढिलाइ, प्राधिकरण गठनमा रहेका अल्झनहरू र अन्य कतिपय व्यवधानहरूका कारण पुनर्निर्माणको काममा ढिलाइ हुनु, सरकारद्वारा घोषणा गरिएको न्यानो लुगालगायत राहत पनि समयमै पीडितहरू समक्ष पुग्न नसक्नु र पीडितहरूले अत्यन्तै कष्टपूर्ण ढङ्गले हिउँदको चिसो काट्नु पर्ने अवस्था सिर्जना हुनु सोचनीय विषय हो। यसले खासगरी सुत्केरी महिला, ससाना बालबालिका र ज्येष्ठ नागरिक एवम् अपाङ्गता

भएका व्यक्तिको जीवनलाई नै जोखिममा पुऱ्याइदिएको छ। पुनर्निर्माण र पुनर्स्थापनाका काममा सरकारको प्रभावकारी कदमले मात्रै पीडितहरूमा राज्य आफूहरूप्रति संवेदनशील रहेको अनुभूति दिलाउन सक्छ।

यसका अलावा सङ्कटको मौका छोपेर कालोबजारी, कृत्रिम अभाव र मिसावट गर्न चाहने अपराधी तत्वलाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न र दैनिक उपभोगका वस्तुहरूको सहज आपूर्ति सुनिश्चित गर्दै जनताको जीवनलाई सहज तुल्याउन पनि सरकारको गम्भीर ध्यान जानु जरुरी देखिन्छ।

प्रतिकूल परिस्थितिमा पनि नेपालमा मानव अधिकारको बारेमा चासो, सरोकार र अनुगमन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूको क्रियाशीलता उल्लेखनीय रहेको छ। संयुक्त राष्ट्र सङ्घले नाकाबन्दीका कारण उत्पन्न हुन सक्ने मानवीय सङ्कटप्रति बारम्बार विश्व समुदायको ध्यानाकर्षण गराएको छ। राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको स्थितिको निरन्तर अनुगमन गरिरहेको छ। विभिन्न मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न सङ्घसंस्थाहरूले पनि आफ्नो तर्फबाट सकारात्मक भूमिका निर्वाह गरिरहेका छन्।

सारमा, सन् २०१५ मा नेपालले अनेकौं मानवीय र प्रकृति निर्मित प्रतिकूलतालाई चिर्दै लोकतान्त्रिक संविधान निर्माण गरेर मानव अधिकारको क्षेत्रमा उल्लेखनीय फड्को मारेको छ। अहिले देखा परेका प्रतिकूलताहरू अस्थायी परिघटना हुन् र यिनको सकारात्मक ढङ्गले समाधान गर्दै नेपालले आगामी दिनमा दिगो शान्ति, सुदृढ लोकतन्त्र, समावेशी शासन प्रणाली र आर्थिक समृद्धिको दिशामा तीव्र प्रगति गर्दै जानेछ भन्नेमा नेकपा (एमाले) विश्वस्त छ।

प्रदीप ज्ञवाली
सचिव

राप्रपा नेपाल

मुलुकमा वर्षभर भएका मानव अधिकार उल्लङ्घनसम्बन्धी विभिन्न प्रकृतिका घटनालाई समेटेर सङ्ग्रहका रूपमा विगत २४ वर्षदेखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशन गरिँदै आएको "मानव अधिकार वर्ष पुस्तक" मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि सर्वाधिक उपयोगी र मार्गदर्शक पाठ्यसामग्रीका रूपमा रहेको छ। मानव अधिकार उल्लङ्घनकर्ता र संरक्षक दुवै पक्षका लागि यो प्रकाशनले भविष्यमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको पुनरावृत्ति गर्नबाट रोक्नका लागि प्रभावकारी मार्गदर्शन तथा प्रेरणा प्रदान गर्ने उद्देश्यसमेत राखेको पाइन्छ। मानव अधिकार संरक्षण र सम्वर्द्धनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अथक प्रयास र प्रयत्नको राप्रपा नेपाल हार्दिक सराहना गर्दछ।

नेपालमा मानव अधिकारको संरक्षण र अनुगमनका लागि इन्सेकले पुऱ्याएको योगदान उल्लेख्य छ। संस्थाले वर्ष पुस्तक प्रकाशित गरी सन् २०१५ मा नेपालमा मानव अधिकारको अवस्था र स्थितिबारे यथार्थ अवस्था नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायलाई गराउन लागेको थाहा पाउँदा खुसी लागेको छ। यसका लागि इन्सेक धन्यवादको पात्र छ।

नेपाली जनताको मानव अधिकारको प्रत्याभूति गराउनु तथा नेपाली जनताको आधारभूत मानव अधिकार सुरक्षित गरी समानता र स्वतन्त्रताका आधारमा व्यापक र सुदृढ गराउनु राप्रपा नेपालको उद्देश्य रहेको छ। यस उद्देश्यलाई प्रभावकारी बनाउन राप्रपा नेपाल प्रयासरत एवम् प्रयत्नशील रहेको छ। यसै पृष्ठभूमिलाई मध्यनजर गरी नेपालमा मानव अधिकारको विषयलाई निरपेक्षरूपमा नलिई समय, परिस्थिति पात्र र सैद्धान्तिक धरातल सापेक्षित व्याख्या, विश्लेषण र व्यवहार हुँदै आएको छ। मानव अधिकार भन्नासाथ यसले केवल राजनीतिक अधिकारलाई मात्र सम्बोधन गरेको हुँदैन, व्यक्तिका नैसर्गिक हक र अधिकार जसमा व्यक्तिले आफ्नो मुलुक वा मानव समुदायमा जुनसुकै परिस्थितिमा पनि शान्ति सुरक्षाको अनुभूति गर्ने गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र न्यायको प्रत्याभूति पाउने जस्ता अत्यन्त संवेदनशील मानवीय पक्षलाई सम्बोधन गरेको हुनुपर्छ। नेपालमा त्यस्तो अवस्था निर्माण भइसकेको छैन। अहिले पनि जनता भोग, रोग, गरिबी, शिक्षा, पछौटेपन, अराजकता, दण्डहीनता र सामाजिक, आर्थिक एवम् राजनीतिक वञ्चितीकरण र हिंसाबाट पीडित छन्। सर्वसाधारण जनताले राज्यको उपस्थिति र मानव अधिकार उपभोगको सुखानुभूति लिन सकिरहेका छैनन्। मानव अधिकारलाई आमजनताको वास्तविक अवस्थासँग गाँसेर हेर्दा कतै हामी यसलाई सेवाभन्दा बढी व्यवसाय त बनाइरहेका छैनौं भन्ने शङ्का उब्जिन्छ।

अन्त्यमा, विगतझैं यस वर्ष पनि मुलुकको मानव अधिकारका विविध पक्ष समेटी प्रकाशित हुने

मानव अधिकार वर्ष पुस्तकको सफलताको कामना गर्दै आगामी दिनमा पनि मानव अधिकारको संरक्षण, सम्वर्द्धन एवम् विकासका लागि यस संस्थाले थप प्रभावकारी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछु।

कमल थापा
अध्यक्ष

मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)

सन् २०१५ मा नेपालको मानव अधिकारको अवस्था खराब रह्यो। संविधान बन्ने क्रममा विभिन्न सङ्घ, संस्था, समूह, पार्टीलगायतको बन्द हड्तालले नेपालीको मानव अधिकार हनन भयो। २०७२ भदौ १२ गतेको भूकम्पका कारण देशका विभिन्न जिल्लाको जनजीवन प्रभावित भयो। मधेसी, थारू, आदिवासी, जनजातिलगायतको आन्दोलनको क्रममा भएको दमनले मानव अधिकार उल्लङ्घन भएको हाम्रो ठहर छ। हाम्रो पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष रामेश्वर रायको छोरालाई घाँटीमा गोली लागेर घाइते भए भने पार्टीका सदस्य राजकिशोर ठाकुर रौतहट, सञ्जीव राउत सप्तरीको प्रहरीको गोली लागी मृत्यु भयो। मधेस आन्दोलनका क्रममा सयौँ आन्दोलनकारी घाइते र ५४ जना आन्दोनलकारी र सुरक्षाकर्मीको मृत्यु भएका घटनाहरूका कारण मानव अधिकारको उल्लङ्घन भएको हाम्रो ठहर छ। भूकम्पपीडितहरूको पुनर्स्थापना र पुनर्निर्माणको कार्य सुरु नहुँदा उनीहरूको जीवन कष्टकर भएको छ।

प्रमानन्द मेहता
कार्यालय सचिव

राष्ट्रिय प्रजातन्त्र पार्टी

मानव अधिकारको क्षेत्रमा खासगरी मानव अधिकारको सचेतनाका सम्बन्धमा यस संस्थाबाट हुँदै आएको प्रयास सराहनीय रहेको छ।

यो अवधिको मानव अधिकार अवस्था खासै निराशाजनक नभए पनि उत्साहप्रद् पनि रहेन। वर्षको पूर्वार्द्धको तुलनामा उत्तरार्द्धको अवस्थाका केही घटना अनपेक्षित र अनुदार रहे। आफ्ना अधिकारका लागि अरुको अधिकार हनन् गरिएका अवस्थादेखि राज्य पक्षबाट पनि संवेदनशील व्यवहार नदेखिएको अवस्था छ।

रुढीवादका कारण हुने घटनामा पनि कुनै कमी आएको छैन भने छुवाछूत र असमानताका घटना पनि सार्वजनिक भएका छन्। एकातर्फ यस्तो अवस्था छ भने अर्कोतर्फ शिक्षा स्वास्थ्य, आवास, खाद्यवस्तु र रोजगार जस्ता आधारभूत विषयमा पनि सर्वसाधारणको सहज पहुँच पुग्न सकेको अवस्था छैन।

हरिप्रसाद धिमिरे
केन्द्रीय सदस्य एवम् मुख्य सचिव

नेकपा (माले)

मानव अधिकार भनेको मानवको बाँच्न पाउने अधिकार हो। गाँस, वास, कपास, औषधि, इन्धन, शिक्षा, रोजगारी र सामाजिक क्रियाकलापमा भाग लिने स्वतन्त्रता जस्ता विषय मानव अधिकारका आधारभूत मान्यता हुन्। वैशाख १२ गतेको विनाशकारी भूकम्पले पुऱ्याएको क्षति एवम् राहत तथा पुनर्स्थापनाका सन्दर्भमा सरकारी उदासिनता, २०७२ साल असोज ३ गते नयाँ संविधान जारी भएपश्चात् हस्तक्षेपकारी, अन्यायपूर्ण एवम् गैरकानुनी भारतीय नाकाबन्दीबाट उत्पन्न राष्ट्रिय जीवनको कष्टपूर्ण अवस्था तथा साथै मधेसकेन्द्रित दलहरूले आन्दोलनको नाममा गरेको अराजक गतिविधिले सिर्जना गरेका समस्याले मानव अधिकारको अवस्था कमजोर भयो।

भूकम्पले पुऱ्याएको क्षतिलाई राज्यले संवेदनशील भएर प्रभावकारी ढङ्गले व्यवस्थापन नगर्दा अझैसम्म पनि प्रारम्भिक उद्धार कार्यसमेत हुन सकेको छैन। प्रभावित क्षेत्रका जनताको जनजीवन असाध्य कष्टकर बनेको छ।

८५ प्रतिशतभन्दा बढी संविधान सभाका सदस्यहरूको समर्थनमा संविधान जारी गरिएपछि त्यसमा आफ्नो निहित स्वार्थपूर्तिको रणनीतिअनुकूल संशोधन गराउन वा सो हुन नसके नेपालको संविधानलाई नै असफल बनाउने उद्देश्य लिएर भारतले आफ्ना विशेष दूतहरूमार्फत नेपाललाई हैकमवादी दबाब दिँदै आएको थियो। २०७२ साल आश्विन ७ गतेदेखि मधेसकेन्द्रित दलहरूले नेपाल-भारत अन्तर्राष्ट्रिय सिमानाका तथा भन्सार नाकाहरू, हुलाकी मार्ग र पूर्व-पश्चिम राजमार्गमा घेराबन्दी र अवरोध गर्ने कार्य गरेपछि भूपरिवेष्ठित मुलुकले प्राप्त गर्ने सुविधालाई ख्यालै नगरी नेपालको अन्तर्राष्ट्रिय व्यापार र पारवहन सुविधामा भारतले नाकाबन्दी लगायो।

भारतीय सरकारले अत्यावश्यक वस्तुहरू नेपाल प्रवेश गर्न नदिन आफ्नो प्रशासनिक निकायलाई परिचालित गरी नेपालविरुद्ध अघोषित नाकाबन्दी लगायो। यो द्विदेशीय वा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताका हिसाबले गैरकानुनी त छँदैछ मानव अधिकारका दृष्टिले यो एउटा जघन्य अपराध पनि हो। साथै यो भूपरिवेष्ठित नेपालको निर्बाध पारवहन अधिकारमाथिको प्रहार र नेपालको स्वतन्त्रता एवम् सार्वभौमिकता विरुद्धको जघन्य राजनीतिक आक्रमण हो जसलाई मधेसकेन्द्रित दलहरूले नेपाल-भारत भन्सार नाकाहरूमा अवरोध सिर्जना गरेर सहयोग पुऱ्याइरहेका छन् ।

भारतीय नाकाबन्दीका कारण नेपाली अत्यावश्यक उपभोग्य सामग्रीको सहज आपूर्तिमा ठूलो अवरोध उत्पन्न भयो। अत्यावश्यक औषधि, खाना पकाउने ग्यासलगायत विभिन्नखाले इन्धन, खाद्यान्नलगायत वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरिएको छ।

मधेसवादी राजनीतिक दलहरूले सङ्कीर्ण जातीय, साम्प्रदायिक र क्षेत्रीय विचार तथा व्याख्या/विश्लेषणलाई अगाडि सारेर अनि राजनीतिक अधिकारका खोक्रा नाराहरूको मात्र फलाको हालेर मानव अधिकारको घोर उल्लङ्घन गरिरहेका छन्। आफ्नो निहित स्वार्थ पूर्तिका निम्ति समस्त नेपाली जनताको बाँच्न पाउने अर्थात जीवन रक्षाको अधिकारको उल्लङ्घन गर्ने विषय मानवताविरुद्धको अपराध हो।

बालबालिका जो भविष्यका कर्णाधार पनि हुन्, तिनीहरूको अपहरण र जघन्य हत्या गरिनु एवम् आफ्ना पेशागत दायित्व गरिरहेका, पत्रकार, व्यापारी, उद्योगपतिको अपहरण र हत्या गरिनु जस्ता घटना नेपालमा मानव अधिकार हनन्का उदाहरण हुन् भन्ने नेकपा (माले) को ठहर रहेको छ। स्वतन्त्रपूर्वक आफ्नो पेसा/व्यवसाय चलाउन पाउने अधिकारको हनन्, चेलीबेटी बेचविखन र बलात्कार, विविध घरेलु हिंसाबाट हुने महिलाको हत्या, दुर्गम भेगका नेपाली जनता भोकभोकै पर्नु, मुलुकमा यत्रतत्र जाडोले कठ्याङ्ग्रिएर जनता मर्नु एवम् सामाजिक अपराधी र राजनीतिक आवरणका आततायीहरूबाट जनसाधारणको जीउ-धन मासिने जस्ता सबै घटना मानव अधिकार हनन्का विषय हुन्। यस्ता सबै विषयमा प्रभावकारी कदम चाल्नु राज्यको सर्वोपरि जिम्मेवारी हो।

सङ्क्रमणकालीन अवस्थामा दण्डहीनता, अनुशासन पालनमा लापरबाही तथा अराजकता बढ्ने गर्छन्। अनि मानव अधिकार उल्लङ्घनका घटना वृद्धि हुने गर्छ। मुलुकमा शान्ति, सुशासन र राजनीतिक स्थिरता रहेको खण्डमा आधारभूतरूपले मानव अधिकार स्थापित नभइसकेका भए पनि तुलनात्मकरूपले मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउने गर्छ।

मानव अधिकार हननका घटना रोक्न राज्य संवेदनशील बन्नुपर्छ। लापरबाही र मनोमानी गर्ने कुनै पनि निकाय वा व्यक्ति दण्डको भागिदार हुनुपर्छ। शान्ति, सुशासन र सुव्यवस्था गर्न, बढ्दो बेरोजगारी अन्त्य गर्न, अनुशासनहीनता र अराजकता रोक्न राज्यले यथाशीघ्र समुचित कदम चाल्नुपर्छ। यस्ता सबै काममा राजनीतिक पार्टीहरू विशेषत: प्रगतिशील/जनपक्षीय राजनीतिक पार्टी र सबै प्रबुद्ध नागरिकको पनि महत्वपूर्ण उत्तरदायित्व रहेको हुन्छ। सम्बन्धित सबै पक्षमा उत्तरदायित्वको बोध, अधिकार रक्षाको निम्ति प्रभावकारी कानुनहरूको निर्माण र कानुन-कार्यान्वयन गर्ने सामाजिक चेतनाको अभिवृद्धिले मात्र मानव अधिकार संरक्षणको अवस्था सुधार्दै लैजान सकिन्छ।

कुमार बेलबासे
पोलिट ब्युरो सदस्य एवम् प्रवक्ता

राष्ट्रिय जनमोर्चा

इन्सेकले वार्षिकरूपमा नियमित प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुन गइरहेकोमा प्रसन्नता व्यक्त गर्दै पुस्तक प्रकाशनको उत्तरोत्तर प्रगतिको कामना गर्छु।

सर्वप्रथमत: आज नेपाली जनता आफ्नो संविधान आफैं बनाउन सफल भएका छन्। विभिन्न कालखण्डमा जारी भएका संविधान राजा, महाराजा, शासक वा दलविशेषका प्रतिनिधिहरुले निर्माण गरी जनतामाथि लाद्ने काम हुँदै आएको थियो। तर, अहिले आएर नेपाली जनताले आफ्नो संविधान आफैं बनाएका छन्। यो कार्य प्रजातान्त्रिक सिद्धान्तमाथि आधारित त छँदैछ त्यसमाथि पनि अझ मानव अधिकार संरक्षणका दृष्टिकोणले यसले अत्यन्तै ठूलो महत्व राख्छ। संविधान घोषणा हुनुले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने मार्ग खुला भएको छ। देशमा सही प्रकारको राजनीतिक प्रणाली स्थापना भएपछि मात्र जनताको मानव अधिकार संरक्षणको प्रश्नले स्थान प्राप्त गर्दछ। त्यसैले लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र मानव अधिकारको संवैधानिक व्यवस्था र संरक्षणलाई दिशानिर्देश गर्न अहिले जारी भएको संविधानलाई एउटा

महत्वपूर्ण दस्तावेजका रूपमा लिन सकिन्छ।

जनताका महत्वूर्ण मानिएका विभिन्न ३३ वटा प्रकारका मानव अधिकारलाई नेपालको संविधान २०७२ ले संवैधानिक मान्यता दिएको छ। संविधानमा राजनीतिक, आर्थिकबाहेक सामाजिक अधिकारको पनि व्यवस्था गरिएको छ। जसअनुसार महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिकको हक र सामाजिक न्यायको हकलाई मानव अधिकारभित्र राखेर कमजोर वर्गलाई राज्यबाट संरक्षित हक तथा समाजमा व्याप्त सामाजिक विभेदका विरुद्धको हकको संवैधानिक व्यवस्था गरेको छ। वर्तमान संविधानले सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिकरूपले पिछडिएका जातजातिलाई विभिन्न अधिकार प्रदान गर्न र विकासको मूलधारमा समाहित गर्न कैयौं संवैधानिक आयोग गठनको पनि व्यवस्था गरेको छ। जस्तै- महिला, दलित, जनजाति, मुस्लिम, मधेसी, थारूलगायतका छुट्टाछुट्टै आयोगलाई संवैधानिक मान्यता दिएको छ। त्यसका साथै मजदुर, किसान, युवाहरुलाई समेत राज्यका विभिन्न निकाय र सेवामा लैजाने नीति अपनाएको छ।

अहिलेको संविधानमा भएका समग्र मानव अधिकारसम्बन्धी व्यवस्था हेर्ने हो भने विश्वका प्रजातान्त्रिक मुलुकहरु भन्दा तुलनात्मकरूपले प्रगतिशील व्यवस्था गरिएको छ जसलाई सकरात्मक नै मान्नुपर्दछ। तर त्यसप्रकारको व्यवस्था गर्नुमात्र पर्याप्त हुँदैन। संविधानमा उल्लिखित मानव अधिकारको उपभोग गर्न जनतालाई सक्षम बनाउनु पनि राज्यको दायित्व हो। यदि राज्यले यो दायित्व निर्वाह नगरेमा वा गर्न नसकेमा जनताको मानव अधिकार कागजमा मात्र सीमित हुन पुग्ने छन्। त्यसको ज्वलन्त उदाहारण हो महाभूकम्पपीडित जनताले भोगिरहेका विकराल समस्या। आज महाभूकम्पपीडित जनताको दिनहुँ ठूलो पैमानामा मानव अधिकारको हनन भइरहेको छ।

२०७२ माघ ५ गते कान्तिपुर दैनिकले आफ्नो अग्रपृष्ठमा राष्ट्रिय मानव अधिकार आयोगको एउटा प्रेस विज्ञप्ति प्रकाशित गरेको छ। उक्त विज्ञप्तिले भूकम्पपीडितको नाममा अनुदानस्वरूप विदेशबाट आएको चामल बिक्री नगर्न सरकारलाई आग्रह गरेको छ। यो समाचारबाट प्रष्ट हुन्छ कि सरकार जनताको मानव अधिकार संरक्षणप्रति जिम्मेवार छैन। आज दिनहुँ भूकम्पपीडित जनता चिसोका कारण ज्यान गुमाइरहेका छन्। ठूलो सङ्ख्यामा चिसोका कारण बालबालिका निमोनियाका शिकार भएका छन्। उनीहरु शिक्षा, स्वास्थ्यबाट वञ्चित छन्। खाद्यान्न अभावका कारण भूकम्पपीडित जनता भोकै बस्न बाध्य छन् तर सरकार भूकम्पपीडितका नाममा आएको अनुदानको चामल जनताको बीचमा पुऱ्याउनुका सट्टा त्यसलाई बिक्री गर्न खोजिरहेको छ। अनुदानमा आएको चामल बिक्री गर्ने कुरासम्म मात्र यो विषय सीमित छैन। मुख्य राजनीतिक दलहरुका बीच आपसी खिचातानीका कारण विदेशबाट भूकम्पपीडितका लागि आएको अरबौं रुपियाँ पीडित तथा पुनर्निर्माणका लागि उपयोग गर्नमा ढिलाई हुनु ठूलो विडम्बनाको विषय हो। मानव अधिकारको संरक्षणप्रति राज्यको योभन्दा गम्भीर प्रकारको लापरबाही अरु के हुन सक्छ ? आज निश्चितरूपले विगत सशस्त्र द्वन्द्वको कालजस्तो राज्य र माओवादीबीचको भिडन्तबाट मान्छे मारिने वा राज्य र माओवादीले सर्वसाधारण जनतालाई मारेर मानव अधिकार उल्लङ्घनका घटना अहिले भएका छैनन्। तर खान नपाएर, बास स्थानको उचित व्यवस्था र औषधि उपचारको अभावका कारण मान्छे मर्ने घटना रोकिएका छैनन्।

राज्यले प्रदान गर्नुपर्ने मान्छेका आधारभूत आवश्यकता परिपूर्ति वा तत्सम्बन्धी व्यवस्था नगरिदिएका कारण मान्छेले दिनहुँ ज्यान गुमाउनुपरेको छ। यो स्थिति आउन नदिन राज्यले भूमिका खेल्न सकेमात्र संवैधानिक रूप प्रदान गरिएको मानव अधिकारको संरक्षण हुन सक्दछ। भूकम्पका कारण भूकम्पपीडितहरुको गाँस, बास र रोजगार गुमेका र सरकारले उचित व्यवस्था गर्न नसकेका कारण बाध्यतावश तिनीहरुको ठूलो सङ्ख्याले आफ्नो र आफूमाथि आश्रित परिवारको जीवन धान्न मिर्गौला बेच्नुपरेका समाचारहरु सार्वजनिक हुनुले पनि राज्यले भूकम्पपीडित जनताप्रति आफ्नो दायित्व निर्वाह गर्न नसक्नुको परिणाम नै यो दयनीय अवस्थाको सिर्जना भएको हो। भूकम्पका कारण भएको क्षतिको स्थितिको गलत फाइदा उठाएर कैयौं दलालहरुले भूकम्पपीडित परिवारका छोरीबेटीलाई गैरकानुनीरूपमा दिल्लीको बाटो हुँदै विभिन्न खाडी राष्ट्रमा घरेलु कामदारका रूपमा काम गर्न पुऱ्याएका छन्। त्यहाँ उनीहरुको शारीरिक श्रम तथा यौन शोषण भइरहेको छ। योभन्दा ठूलो मानव अधिकारको उल्लङ्घन अरु के हुन सक्छ ?

आज देशले संविधान प्राप्त गरेको छ। जनताका प्रतिनिधिहरुले संविधान बनाएर जारी गर्दा त्यो भारतका लागि सह्य भएको छैन। आफूअनुकूलको संविधान जारी गर्न संविधान सभाले नमानेका कारण भारतले असोज ७ गतेदेखि नेपालका विरुद्ध अघोषित नाकाबन्दी गरेको छ। जसको परिणाम भारतबाट नेपाल

आउने औषधि, इन्धनलगायतका अत्यावश्यक वस्तुहरु रोकिएका छन्। जसको परिणाम आपूर्ति व्यवस्थामा धेरै ठूलो असन्तुलन पैदा गरिदिएको छ। औषधि आउन नपाएका कारण नेपालका लाखौंलाख बालबालिकाको जीवन जोखिममा छ। इन्धन अभावका कारण झन्डै २२ सयभन्दा बढी उद्योग, कलकारखाना बन्द गर्नुपरेको छ। पर्यटन व्यवसाय धराशायी भएको छ। कैयौं निर्माणसम्बन्धी परियोजना बन्द गर्नुपरेको छ। विकासको कार्य ठप्प भएको छ। जसको परिणाम हजारौं मजदुरको रोजीरोटी गुमेको छ। इन्धन अभावका कारण नेपालका दुर्गम तथा उच्च हिमाली जिल्लाहरुमा खाद्यान्न अभावको स्थिति पैदा भएको छ।

नेपाल एउटा भूपरिवेष्टित राष्ट्र हो। भूपरिवेष्टित राष्ट्रले पारबहन सुविधाका लागि छिमेकी मुलुकको समुद्रसम्म पहुँच राख्न पाउनु उसको अधिकार हो। भारतले भनेबमोजिम संविधान नबनाएका कारण भूपरिवेष्टित राष्ट्रले पाउने अधिकार भारतले खोस्नु अन्तर्राष्ट्रिय कानुनको घोर उल्लङ्घन हो। युद्धको अवस्थामा समेत शत्रु राष्ट्रमाथि यस प्रकारको व्यवहार गर्न मिल्दैन। नेपालले भारतका विरुद्ध कुनै युद्धको घोषणा गरेको छैन, मात्र आफ्नो संविधान आफैं बनाउने जमर्को गरेको छ। यस्तो अवस्थामा नेपालका विरुद्ध भारतले गरेको अघोषित नाकाबन्दी अन्तर्राष्ट्रिय कानुनविरुद्ध त छँदैछ। त्यसका साथै त्यसले नेपाली जनताको शिक्षा, स्वास्थ्य, बाँच्न पाउने र खाद्य जस्ता हक अधिकारको निर्बाध प्रयोगमा कैयौं अवरोध पैदा गरिदिएको छ। त्यसका साथै नेपालबाट भारत जाने वा भारतबाट नेपाल आउने कैयौं नेपालीलाई भारतको सीमा सुरक्षा बलले अनावश्यकरूपमा खानतलासी गर्ने, कुटपिट तथा लुटपिट गर्नुका साथै हतियारसहित नेपालभित्रै छिरेर अन्धाधुन्ध गोली प्रहार गरी सीमा क्षेत्रका नेपालीको हत्या गर्ने प्रयाससमेत गरेका छन्।

भारतले गरेको अघोषित नाकाबन्दीको विषयलाई वर्तमान सरकारले अन्तर्राष्ट्रियकरण गर्न नसक्नुले पनि जनताको मानव अधिकार रक्षाको सवालमा सरकार पर्याप्त गम्भीर नभएको अवस्थालाई नै जनाउँछ। यद्यपि देशभित्रका राजनीतिक शक्तिहरु, आमसञ्चार जगत, नागरिक समाज, विभिन्न व्यक्तित्वहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत कैयौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुले भारतको अघोषित नाकाबन्दीका कारण नेपाली जनताले भोगिरहेका दैनिक समस्या र त्यसबाट उनीहरुको मानव अधिकारमा भइरहेको हननका विरुद्ध लगातार बोल्नु र सङ्घर्ष गर्नुले भारत अन्तर्राष्ट्रियरूपमा नै बदनाम भएको छ।

एकातर्फ भारतको अघोषित नाकाबन्दीका कारण नेपालको आपूर्ति व्यवस्थामा गम्भीर प्रकारको असन्तुलनको स्थिति पैदा भएको छ भने अर्कोतर्फ आपूर्ति व्यवस्थामा देखापरेको समस्याको आडमा देशमा कालोबजारी खुलेआम फस्टाएर गएको छ। कालोबजारीलाई नियन्त्रण गर्न वर्तमान सरकार गम्भीर नै हुन सकेको छैन। कालाबजारियाहरुका विरुद्ध कुनै कारबाही नगरेर त्यसलाई मौन र अप्रत्यक्षरूपमा सरकारले साथ दिएको त होइन ? त्यसबारे जनतामा सर्वत्र असन्तोष छ। बजारमा उपलब्ध इन्धन र अत्यावश्क चिजहरुलाई लुकाएर अभाव सिर्जना गरेर कालाबजारियाहरुले जनताको उपभोग गर्न पाउने अधिकारमाथि खेलवाड गरेका छन्।

संविधान निमार्णको अवस्थामा र संविधान जारी भइसकेपछि अहिलेसम्म लगातार मधेसवादी शक्तिहरुले मधेसी जनताका नाममा कथित आन्दोलन सञ्चालन गरिरहेका छन्। यो बताइरहनुपर्ने आवश्यकता छैन कि लामो समयदेखि तराई मधेसमा बस्ने जनताप्रति केन्द्रीकृत सामन्ती राज्य व्यवस्थाले विभेद गर्दै आएको छ। त्यो विभेदको अन्त्य हुनुपर्ने आवश्यकतामाथि हामी जोड दिन्छौं। तर अहिले तराईमा चलिरहेको आन्दोलन तराईका शोषित पीडित जनताको मुक्तिका लागि नभएर मधेसका सामन्ती जमिनदारहरुको स्वार्थका लागि चलाइएको छ। तराई मधेसका जनतामा केन्द्रीकृत सामन्ती व्यवस्थाप्रति भएको असन्तोषको भावनालाई एउटा जातिविशेषका विरुद्ध प्रयोग गरेर त्यसलाई विखण्डनकारी रूप दिने प्रयत्न भइरहेको छ। यो आन्दोलनमा दक्षिणबाट ठूलो मात्रामा घुसपैठ भएको कुरा कसैबाट लुकेको छैन। आन्दोलनमा दक्षिणका अवाञ्छित तथा आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरुको ठूलो सङ्ख्यामा संग्लनता रहेको कुरा आन्दोलनको दौरानमा कथित आन्दोलनकारीबाट देखिएको उग्र तथा अमानवीय व्यवहारबाट प्रष्ट हुन्छ।

कैलालीको टीकापुरमा प्रहरीका एक जना उच्च स्तरका अधिकृतसहित आठ प्रहरीलाई घेरा हालेर अत्यन्त निर्ममतापूर्वक हत्या गर्नु ड्युटीमा खटिएका प्रहरीहरुलाई जिउँदै जलाएर हत्या गर्नु। आँगनमा खलिरहेको २ वर्षको अबोध बालकलाई ताकेर गोली हानेर हत्या गर्नु जस्ता पाशविक घटनाले मधेसवादीहरुले सञ्चालन गरेको आन्दोलनमा सहभागी भनिएका कार्यकर्ताको चरित्र प्रष्ट पार्दछ। त्यस अतिरिक्त कपिलवस्तु, नवलपरासी, वीरगञ्ज, रौतहटलगायतका कैयौं जिल्लामा आन्दोलनकारीले सर्वसाधारण मान्छेलाई जिउँदै जलाएर हत्या गर्ने

प्रयाससमेत गरेका छन्। यही माघ ७ गते विराटनगरमा एमाले सम्बन्ध युवाहरु बसिरहेको बसमा आगजनी गरेर उनीहरुलाई जिउँदै जलाउने प्रयत्न गरेका छन्। तराई मधेसमा शिक्षण तथा स्वास्थ्य संस्था, बजार व्यवसायलगायतका संस्थाहरु लामो समयदेखि आन्दोलनकारीले खोल्न नदिएका कारण बालबालिका शिक्षाबाट वञ्चित हुनुपऱ्यो भने विरामीले औषधि उपचारको समस्या बहोर्नु परिरहेको छ। आन्दोलनकारीको यसप्रकारको हर्कतका कारण सर्वसाधारण जनताको मानव अधिकारको घोर उल्लङ्घन भएको छ।

मधेस आन्दोलनको बहाना बनाएर सरकारले एकैचोटि तराईका कैलालीसहितका कैयौं जिल्लामा सेना परिचालन गर्ने निर्णय गऱ्यो। शान्ति सुरक्षा कायम गर्ने नाममा प्रहरीको गोलीबाट कैयौं व्यक्तिहरुको दु:खद मृत्यु भएको छ। सेना परिचालनको कार्यले समेत सर्वसाधारण जनताको मानव अधिकार संरक्षणको प्रश्नमा प्रतिकूल असर पार्ने काम भयो।

वर्ष २०१५ मा गएको महाभूकम्प र त्यसले पारेको असर र प्रभाव, संविधान जारी गर्ने कार्य, भारतको अघोषित नाकाबन्दी र कथित मधेस आन्दोलनका कारण देशका विभिन्न ठाउँमा भएका मानव अधिकार उल्लङ्घनका अन्य घटना छायाँ वा ओझेलमा परेका छन्। यद्यपि मानव अधिकार उल्लङ्घनका यस्ता कैयौं घटना छन् जसले नेपालको सभ्य समाजको अगाडि समाजको शिर नै निहुराउने काम गरेको छ। दाइजो नल्याएका कारण बाँके र राजविराजलगायतका जिल्लामा आफ्नै श्रीमतीलाई मट्टितेल छरेर जिउँदै जलाउने प्रयास गर्नु, सामूहिक बलात्कारका घटना, प्रेम प्रस्ताव स्वीकार नगरेका कारण केटीलाई एसिड छरेर अनुहार विकृत पार्नेलगायतका घटना हुनुले महिलाविरुद्धका हिंसाका घटनामा कमी नआएको वास्तविकता नै बताउँछ। अन्धविश्वासका कारण नवलपरासीमा धार्मिक प्रतिफल प्राप्तिका लागि जीवन कोहार नाम गरेको बालकलाई बलि दिने अर्थात मानव बलि दिने जस्ता घटना हुनुले समेत हाम्रो देशको जनताको चेतनाको स्तर कति पिछडिएको छ भन्ने कुरा दर्शाउँछ।

दलितमाथिको विभेद अहिले पनि हाम्रो समाजमा कायम छ। दलित केटीसँग प्रेम गरेको वा विवाह गरेकै कारण गाउँ निकाला हुनुपर्ने, पिटाइ खानुपर्ने, दलित भएकै कारण सार्वजनिक स्थल अर्थात होटलमा भाँडा नधोएको कारण अपमानित भई पिटिनुपर्ने अवस्था कायम छ।

विभिन्न प्रकारका मानव अधिकार उल्लङ्घनका घटना नियन्त्रण गर्नका लागि वर्तमान संविधानको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। आज हाम्रो अगाडि यो संविधानको कार्यान्वयन एउटा मुख्य चुनौतीका रूपमा देखापरेको छ। ती चुनौती सामना गरेर नै अगाडि बढ्नु अहिलेको राजनीतिक आवश्यकता भएको कुरामाथि जोड दिन चाहन्छु। त्यसका लागि राष्ट्रिय एकताको आवश्यकता छ।

चित्रबहादुर केसी
अध्यक्ष, राष्ट्रिय जनमोर्चा

नेपाल मजदुर किसान पार्टी

सन् २०१५ मा पनि नेपाली जनताको मानव अधिकारको स्थितिमा कुनै सुधार हुन सकेन। २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक केन्द्र बिन्दु भएर गएको विनाशकारी भूकम्पले ५ लाख घर भत्किए, करिब ९ हजार नेपाली जनताको ज्यान गयो र २२ हजार बढी नागरिक घाइते भए। विश्वसम्पदामा सूचीकृत काठमाडौं उपत्यकाका धेरै मठमन्दिरमा क्षति पुग्यो। भूकम्पपछि पीडितहरूको उद्धारमा नेपाल सरकारमा तदारुकता देखिएन। लाखौं मानिस खुला आकाशमा बस्न बाध्य भए। भूकम्पपीडितहरूका लागि खानेपानी, त्रिपाल, खाद्यान्न, औषधिलगायत अति आवश्यक वस्तुहरू उपलब्ध गराउनसमेत सरकार पूर्णरूपमा असफल भयो।

नेका, एमाले, एमाओवादी जस्ता दलका नेताहरू गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पछि लागेर राहत वितरणमा लागे। सरकारले व्यवस्थित राहत वितरण गर्न सकेन। राहत वितरणमा पक्षपात र व्यापक भ्रष्टाचार भयो। मन्त्रीहरूले राति राति आफ्ना कार्यकर्ताहरूलाई मात्र त्रिपाल वितरण गरे। एकद्वार प्रणालीबाट राहत वितरण गर्ने सरकारको निर्णय कार्यान्वयनमा उल्टो देखियो। सरकारी दलका नेताहरू र मन्त्रीहरूले नै सरकारी निर्णयको अवज्ञा गरे। वास्तविक पीडितहरूले राहत पाएनन्। मन्त्री र सरकारी दलका नेताहरूका वरिपरि बस्नेहरूले सजिलै राहत पाए। यसबाट जनतामा तत्कालीन सरकारप्रति तीव्र असन्तोष पैदा भयो।

भूकम्पपीडित जनताले सरकारको उपस्थितिको अनुभूति गर्न पाएनन्। बसोबासको विकल्प नभएका भूकम्पपीडितहरूलाई सरकारले नै घर बनाइदिनेतर्फ सरकारको ध्यानै गएन। भूकम्पपीडित

संरचनाहरूको पुनर्निर्माण प्राधिकरण गठनमा पनि नेका, एमाले र एमाओवादी माझमा पनि हानथाप भयो। भूकम्प गएको महिनौँपछि मात्रै ऐन बनाउने र कार्यकारी प्रमुख नियुक्ति गर्ने काम भयो।

भूकम्पपछि उद्धार, राहत र पुनर्स्थापना कार्यमा युद्धस्तरमा लाग्नुपर्ने बेलामा २०७२ जेठ २५ गते नेका, एमाले, एमाओवादी र मधेसी मोर्चाबीच संविधान निर्माणसम्बन्धी १६ बुँदे सम्झौता गरियो। उक्त सम्झौतामा सीमाङ्कनबिना आठ प्रदेश बनाउने उल्लेख गरियो र जनताको सुझाव सङ्कलन गरियो। तत्पश्चात एमाओवादी अध्यक्ष प्रचण्ड र नेकाका नेता शेरबहादुर देउवाले भारत भ्रमण गरे। भारत भ्रमणबाट फर्केपछि साउन २३ गते मध्य राति सीमाङ्कनसहित ६ प्रदेश बनाउने सहमति गरे। त्यसको विरोधमा सुर्खेत, दैलेख, जुम्ला, मुगुलगायत विभिन्न जिल्ला सदरमुकामहरूमा आन्दोलन भयो। सरकारमा गएका पार्टीहरूले सिंहदरबारमा बसेर गरेको सहमतिलाई जिल्ला जिल्लामा तिनकै कार्यकर्ताले विरोध गरे। सुर्खेतमा तीन जना र जुम्लामा एक जनाको प्रहरीको गोली लागी मृत्यु भयो।

तराई-मधेसको आन्दोलनका क्रममा मृत्यु हुनेको परिवारलाई पचास लाख रुपियाँ क्षतिपूर्ति दिने भन्दै भड्काउनेखालको गैरजिम्मेवार भाषण मधेसी नेताहरूले गरे। यसको परिणाम भाद्र ७ गते कैलालीको टीकापुरमा भएको प्रदर्शनका क्रममा एसएसपी लक्ष्मण न्यौपाने र दुई इन्सपेक्टरसहित नौ जनाको र तराई मधेसमा भएको आन्दोलका क्रममा कुल ४८ जनाको ज्यान गयो। सुरक्षाकर्मीले आवश्यक सुरक्षा सतर्कता नअपनाउँदा टीकापुरमा सरकारी पक्षले ठूलो क्षति बेहोर्नुपऱ्यो। आन्दोलनकारीले प्रहरीलाई लखेटीलखेटी धारिलो हतियार प्रहार गरी हत्या गरे।

असोज १ गते भारतीय प्रधान मन्त्री नरेन्द्र मोदीले आफ्नो दूतका रूपमा भारतीय विदेश सचिव एस. जयशङ्कर नेपाल आई संविधान घोषणा रोक्न राष्ट्रपति, प्रधान मन्त्री, एमाओवादी अध्यक्ष प्रचण्डलगायतका नेताहरूलाई दबाब दिए। त्यो नेपालको आन्तरिक मामिलामा भारतको प्रत्यक्ष हस्तक्षेप थियो।

असोज ३ गते संविधान घोषणा भयो। नेपाल मजदुर किसान पार्टीले शिक्षा-स्वास्थ्य निःशुल्क, स्वदेशमा रोजगारी, प्रत्येक प्रदेशमा हिमाल, पहाड र तराई समावेश सङ्घ राज्य, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, सवैधानिक निकायमा पदाधिकारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचन गराइ नियुक्ति गर्नेलगायत ७१ वटा धारा र २ वटा अनुसूचीमा संशोधन पेश गरेको थियो। देश र जनताको हितका ती संशोधनलाई नेका, एमाले र एमाओवादीले समर्थन गरेनन्। तर संविधानमा गणतन्त्र, समाजवादउन्मुख राज्य, आर्थिक समानता, सामाजिक न्यायलगायतका प्रगतिशील विषयहरू उल्लेख भएको हुँदा नेमकिपाले संविधानलाई समर्थन गऱ्यो।

भारतले नेपालको संविधानलाई स्वागत नगरेको मात्रै होइन, विरोधस्वरूप वीरगञ्ज र अन्य नाकामा असोज ६ गतेदेखि नै नाकाबन्दी गऱ्यो। भारतकै उक्साइमा तराईकेन्द्रित दलहरूले पूर्वका मोरङ, सुनसरी र झापा तथा पश्चिमका कैलाली र कञ्चनपुर पहाडबाट अलग गर्नुपर्ने, जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने, राज्यका संरचनामा समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने, अङ्गीकृत नागरिकहरू पनि राज्यको पदाधिकारी (राष्ट्रपति, उपराष्ट्रपति, प्रधान मन्त्री, प्रधान न्यायाधीश) हुन पाउनुपर्नेलगायतका माग गरे। भारतले आफूहरूले नाकाबन्दी नगरेको बरु सीमा नाकाहरूमा मधेसी मोर्चाका कार्यकर्ताले अवरोध गरेको दाबी गऱ्यो।

भारतको नाकाबन्दीको कारण देशमा पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुहरूको हाहाकार भयो। यातायात, कल कारखाना, स्कुल, कलेज धमाधम बन्द भए भने सामानको भाउ आकासियो। भूकम्पबाट पीडित जनता भारतको नाकाबन्दीको कारण थप पीडा भोग्न बाध्य भए।

भारतबाट नेपालमा ७० प्रतिशत आयात हुने वीरगञ्ज रक्सोल नाकाको मितेरी पुलमा अवरोध गर्नेहरूलाई भारतीय जनता पार्टीका महेशकुमार अग्रवालले खाना र खाजा खुवाएको, रक्सोल नगर परिषद्को घुम्ती शौचालय मितेरी पुलमा ल्याई प्रयोग गर्न दिएको र दशगजा क्षेत्रबाट नेपालीहरूलाई ढुङ्गा हान्नेहरूलाई भारतीय प्रहरीले संरक्षण गरेको हुँदा भारतले नै नेपालमा नाकाबन्दी गरेको पुष्टि गर्छ।

लामो समयदेखि नेपालको प्राकृतिक स्रोत र साधनमाथि आँखा गाड्दै आएको भारतले नेपालको संविधानसमेत आफ्नो अनुकूल बनाउन दबाब दियो। यो नेपालको आन्तरिक मामिलामाथि हस्तक्षेप हो। भारतले नेपाललाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न देशको रूपमा स्वीकार्ने चाहेन। उसले नेपाल भारतबीच भएको समुद्रसम्बन्धी कानुन, दक्षिण एसियाली क्षेत्रीय व्यापार सम्झौता, संयुक्त राष्ट्र सङ्घको बडापत्र तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतासमेतलाई कुल्चेर नेपाललाई आत्मसमर्पण गराउने कोसिस गर्दैछ।

नेपाल मजदुर किसान पार्टीले काठमाडौँ उपत्यकामा नाकाबन्दी विरोधी गतिविधि भारतीय दूतावास केन्द्रित गऱ्यो भने काठमाडौं, भक्तपुर, दैलेख, जुम्ला, सुर्खेत, बाँके, कैलाली, बर्दिया, कालीकोट, जुम्ला, अछाम, काभ्रेलगायतका जिल्लाहरूमा विरोध प्रदर्शन र सभाहरू गऱ्यो। असोज १६ गते काभ्रेको बनेपामा भएको विरोध प्रदर्शनमा प्रहरीले गरेको हस्तक्षेपमा नेमकिपाका केन्द्रीय सदस्यहरू कृष्ण कुमार वैद्य, रवीन्द्र ज्याख्व, हरिसुन्दर बासी तथा पार्टी कार्यकर्ताहरू हिमाली रानामगर, मीनबहादुर बाटा, अनिल फोँजु, गङ्गाराम प्रजापति, रमेश ग्वाछा, प्रकाश शाही, राजु लासिवा, हीरामणि न्यौपानेलगायतलाई गिरफ्तार गऱ्यो।

नेपाल मजदुर किसान पार्टीले सडकमा मात्रै होइन, संसद्मा पनि भारतीय नाकाबन्दीको विरोधमा छलफल गर्न पाउनुपर्ने माग गऱ्यो र भारतीय नाकाबन्दीको विरोध र पारवहन अधिकारबारे जरुरी सार्वजनिक महत्वको प्रस्ताव संसदमा दर्ता गऱ्यो। सरकारले त्यो प्रस्तावलाई बेवास्ता गरेको कारण भारतीय नाकाबन्दीको विरोधमा पार्टीका सांसदहरूले संसद्मा नाराबाजी पनि गरे।

नेपाली जनतालाई नाकाबन्दी गरेर आन्दोलनको नाउँमा महिनौँ सास्ती दिने मधेसी दलहरू राष्ट्रघाती र देशद्रोही साबित हुँदैछन्। मधेसी दलहरूलाई भारतले आफनो हतियारको रूपमा प्रयोग गर्दैछन्। भारतीय विदेश मन्त्रालय मधेसीको माग पूरा गराउन दबाब दिँदै भन्छ, ...दीर्घकालीन अर्थमा समस्या सुल्झाउन अहिले देखिएको राजनीतिक तनावलाई सम्बोधन गर्नैपर्ने हुन्छ (कान्तिपुर कात्तिक ३, ०७२)

भारतीय राजदूत रञ्जित रेले मङ्सिर ८ गते नेपाल भारत मैत्री समाजले काठमाडौँमा आयोजना गरेको कार्यक्रममा बोल्दै 'मधेसी आन्दोलनको एकमात्र विकल्प संविधान संशोधन हो' भने।

भारतले गरेको नाकाबन्दीको विरोधमा नेपालले अन्तर्राष्ट्रिय कानुन, दुईपक्षीय सम्झौता, पारवहन सन्धिलगायतका आधारमा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाउनुपर्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ। साथै भारतको विकल्पमा चीन, बङ्गलादेश, पाकिस्तानलगयतसँग व्यापार सन्धि गर्नु नेपाल र नेपालीको हितमा हुनेछ।

मङ्सिर र पुसको जाडोमा समेत न्यानो लुगाको अभावमा भूकम्प पीडितहरू, सुत्केरी महिलाहरू, वृद्ध-वृद्धा र बालबच्चाहरू कठ्याङ्ग्रिएर मरेका समाचारहरू दिनहुँ आइरहेका छन्। हत्या-हिंसा, मानव बेचबिखन, बलात्कार जस्ता घटनाहरूमा कमी आएन, लोडसेडिङले निरन्तरता पायो। यी सबै विषयका आधारमा भन्दा गत वर्षको मानव अधिकारको अवस्था कहालीलाग्दो भयो।

नयाँ संविधान घोषणाबाहेक गएको वर्ष कुनै सकारात्मक कार्य भएन। भूकम्प र नाकाबन्दीको क्रूर पीडाबीच सन् २०१५ हामीबाट बिदा भयो।

सुनिल प्रजापति
सचिव

सद्भावना पार्टी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक यस वर्ष पनि प्रकाशन हुन लागेको थाहा पाउँदा अत्यन्तै हर्ष लागेको छ। यस पुस्तकको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

मानव अधिकारको दृष्टिकोणले विगतको वर्षको तुलनामा सन् २०१५ अत्यन्तै सङ्क्रमणबाट गुज्रियो। संविधान निर्माण भएको यो वर्ष नेपालको संविधान २०७२ मा आफ्नो पहुँच, पहिचान र प्रतिनिधित्व सुनिश्चित गराउन माग गर्दै शान्तिपूर्ण प्रदर्शन गरिरहेको मधेस आन्दोलनका करिब ६ दर्जन नागरिकको निर्मम हत्या गरियो। करिब २ हजार प्रदर्शनकारी गम्भीर घाइते छन् भने १ सय ७२ जनाको शरीरमै गोली छ। दर्जनौँ व्यक्ति जीवनपर्यन्त अपाङ्ग हुनुपरेको छ। त्यस्तै हजारौँ जना आन्दोलनमा लागेकै आरोपमा झुटा मुद्दा खेप्न बाध्य छन्। केही त जेल र थुनामा बिताइरहेका छन्। केही शरणार्थी भई विदेशिनुपरेको छ। परगोत्री भएकै कारण पार्टी संयन्त्रद्वारा युद्ध लडेभैँ राज्यका प्रहरी प्रशासनद्वारा गरिएको निरङ्कुश दमनको कहालीलाग्दो कथाको साक्षी इतिहास हुने नै छ।

विगतभैँ यस वर्षमा पनि भएको गैरन्यायिक हत्याको कुनै पनि प्रकारको खोज अनुसन्धान नभएका अवस्थामा यस्ता हत्याको अनुसन्धानको अपेक्षा गर्दछु। मानव अधिकारको संरक्षणका लागि स्वतन्त्र अनुसन्धान आयोगको आवश्यकता रहेको महसुस गरेका छौँ। आगामी दिनमा मानव अधिकार हनन् तथा उल्लङ्घनका घटना इन्सेकले उजागर गर्दै जाओस् भन्ने अपेक्षा राख्दै हार्दिक सफलतासहित धन्यवाद ज्ञापन गर्न चाहन्छु।

मनीषकुमार सुमन
महासचिव

अनुसूची ४

सन् २०१५ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

राष्ट्रिय मानव अधिकार आयोग

इन्सेकबाट यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक" प्रकाशनको निरन्तरता प्रशंसनीय कार्य हो। मानव अधिकारसँग सम्बन्धित विविधि मुद्दा समेटी प्रत्येक वर्ष प्रकाशित हुने वर्ष पुस्तकको म सफलताको कामना गर्दछु।

मुलुकमा आएको राजनीतिक परिवर्तनले आरम्भमा नेपाली जनतामा प्रवाह भएको आशा र विश्वासको सन्देश प्रवाह गरेको थियो। मुलुकमा संविधान जारी भइसक्दा पनि आन्दोलनबाट प्राप्त उपलब्धिहरू संस्थागत हुन सकिरहेको अवस्था छैन। प्रजातन्त्र र मानव अधिकारका मूल्य/मान्यतामाथि राजनीतिक दलहरू व्यवहारत: सकारात्मक बन्न नसक्नु निश्चय नै दु:खद् पक्ष हो। राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणले अहिलेसम्म पनि ठाउँ पाउनु भनेको लोकतन्त्र र मानव अधिकारका निम्ति पनि गम्भीर चुनौतीको विषय बन्न पुगेको छ।

यस वर्ष पनि मानव अधिकारको अवस्था सन्तोषजनक रहन सकेन। मानव अधिकारको संरक्षण, संबर्द्धन, परिपालन एवम् संस्कृतिको विकासका लागि स्थापित राष्ट्रिय संस्था राष्ट्रिय मानव अधिकार आयोग पनि सन्तुष्ट हुन नसकेको अवस्था छ।

आयोगको वार्षिक तथ्याङ्कअनुसार आव २०७१-२०७२ मा आयोगमा १ सय ६० उजुरी दर्ता भएका छन्। जसमा न्याय प्रशासन, यातना, दुर्व्यवहार, हत्या, बेपत्ता, अपहरण, कारागार/गैरन्यायिक थुना, धम्की, सम्पत्ति कब्जा, विस्थापन, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको हनन, महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, आप्रवासी कामदारहरूको अधिकारलगायत विषय छन्। प्राप्त कतिपय उजुरीहरू सशस्त्र द्वन्द्वकालका घटनासँग सम्बन्धित छन्। यस आर्थिक वर्षमा आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयलाई लिएर जम्मा २३९ पटक अनुगमन गरेको छ। अनुगमन गरिएका विषयहरू जीवनको अधिकार, कैदी-बन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना, बन्द हड्तालमा मानव अधिकार अवस्था, प्राकृतिक प्रकोप (बाढी/पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार छन्।

त्यस्तै मुक्त हलियाहरूको अवस्था, अस्पताल एवम् स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार आदि छन्। त्यसैगरी ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार आदिसँग सम्बन्धित छन्। यस वर्ष आयोगले मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनसम्बन्धी नयाँ र पुराना गरी २ सय ३१ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ। अनुसन्धान गरिएका कतिपय उजुरी सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। जसमा नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार (हत्या), यातना, बेपत्ता रहेका छन्। त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, पुनर्स्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला, बालबालिकाको अधिकार आदि छन्।

यस अवधिमा आयोगबाट अनुसन्धान सम्पन्न भएकामध्ये जम्मा १ सय ३२ वटा उजुरीमाथि निरूपण भएको छ। निरूपण भएका उजुरीमा १० वटा सिफारिसमध्ये ६ वटा सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। सशस्त्र द्वन्द्वबाहेक मानव अधिकार उल्लघङ्न एवम् दुरुत्साहनसम्बन्धी २ वटा सिफारिस गरिएको छ। शरणार्थीको जीवन जोखिम वा यातना नपाउने सुनिश्चितता नभई स्वदेश नफर्काउन सरकारलाई एउटा सिफारिस गरिएको छ। पुन: पेस गर्ने २ र तामेलीमा राखी लगत कट्टा गर्नू भनी १ सय १७ उजुरीमाथि निर्णयहरू गरिएका छन्। आयोगबाट २ सय ३५ वटा सम्बर्द्धनसम्बन्धी कार्य भएको देखिन्छ। जसमा ४७ वटा कार्यक्रम सरोकारवाला सङ्घसंस्थासँगको सहकार्य र समन्वयमा सम्पन्न भएका छन्। आयोगले मानव अधिकारका समसामयिक विषयमा ४७ वटा प्रेस नोट, ३८ वटा प्रेस विज्ञप्ति जारी गर्नुको साथै ५ वटा पत्रकार सम्मेलन गरेको थियो। प्रतिवेदन, पुस्तिका र बुलेटिन गरी १९ सामग्री प्रकाशित भई वितरण

गरिएको छ। आयोगले आयोग र सरोकारवाला निकायबीच सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ। जसमा आयोग र राजनीतिक दल, व्यवस्थापिका-संसद्, राज्यका निकाय, न्यायालय, नागरिक समाज/गैरसरकारी संस्था/पेसागत सङ्घ-सङ्गठन र अन्तर्राष्ट्रिय सङ्गठन रहेका छन्। अन्तर्राष्ट्रिय संस्थाहरू आइसिसी, एसिया प्यासिफिक फोरम, विभिन्न देशमा राष्ट्रिय मानव अधिकारसम्बन्धी संस्था आदिसँग पनि सहकार्य भइरहेको छ।

अन्त्यमा, वर्ष पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दै भावी दिनमा मानव अधिकारको संरक्षण, सम्बर्द्धन एवम् संस्कृति विकासका लागि यस संस्थाको भूमिका थप प्रभावकारी बन्न सकोस् ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता
राष्ट्रिय मानव अधिकार आयोग

प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्ने राज्यको प्राथमिक दायित्व पूरा गर्न नेपाल सरकार सदैव प्रतिबद्ध र क्रियाशील छ। मानव अधिकारको प्रत्याभूतिका लागि आवश्यक पूर्वाधार तयार पार्न तथा राज्यका सम्पूर्ण शासकीय प्रबन्ध तथा विकाससम्बन्धी नीति तथा क्रियाकलापमा मानव अधिकारलाई मुद्दागत हिसाबले स्थापित गर्ने दिशामा नेपाल सरकार लागि परेको छ। २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूको कार्यान्वयन गर्ने चुनौतीलाई एउटा अवसरका रूपमा लिई मानव अधिकारका संरक्षण गर्ने क्रममा रहेका अवरोध हटाउन सम्बद्ध सबैसँग सहकार्य गर्ने नीतिलाई समेत नेपाल सरकारले निरन्तरता दिइरहेको छ।

नेपाल सरकारले मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. २०६१/२०६२ देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्दै आएको छ। यसक्रममा तीनवटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/२०७२-२०७५/२०७६) कार्यान्वयनको क्रममा रहेको छ। प्रस्तुत चौथो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानव अधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानव अधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ। चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले मानव अधिकारलाई १८ वटा विषय क्षेत्र (Theme) मा वर्गीकरण गरी खासगरी नेपाली नागरिकका सांस्कृतिक, आर्थिक तथा सामाजिक अधिकारको प्राप्तिका लागि विभिन्न क्रियाकलाप प्रस्ताव गरिएका छन्। यी क्रियाकलाप कार्यान्वयनको प्राथमिक जिम्मेवारी नेपाल सरकारका सम्बन्धित मन्त्रालयको रहन्छ भने नागरिक अधिकारका लागि क्रियाशील सङ्घ/सङ्गठनबाट कार्यान्वयनको सुनिश्चितताका लागि निगरानी र उत्प्रेरणा दिने अपेक्षा गरिएको छ।

यसैगरी, लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष परिमार्जन गरी २०६९ साउनदेखि आगामी ५ वर्षसम्मका लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई कार्यान्वयनमा ल्याइएको छ। उक्त राष्ट्रिय रणनीति तथा कार्ययोजनामा रहेका क्रियाकलापहरूलाई सम्बद्ध मन्त्रालयहरूको मन्त्रालयगत कार्ययोजनामा समावेश गरी कार्यान्वयन भइरहेको छ भने जातीय भेदभाव उन्मूलनका लागि प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय संयन्त्र गठन भई योजनाबद्धरूपमा प्रभावकारी कार्यक्रम लागु भइरहेका छन्।

मानव अधिकारको उल्लङ्घनका घटनामा राष्ट्रिय मानव अधिकार आयोगबाट २०५८ सालदेखि हालसम्ममा भएका सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए/नभएकोबारे अनुगमन गर्ने र अभिलेख अद्यावधिक गर्नेलगायतका कार्यहरू भइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोगबाट २०५८ सालदेखि २०७१ सालसम्म भएका सिफारिसलाई पुस्तकाकार रूप प्रदान गरी प्रचारप्रसार गरिएको छ। आयोगबाट हालसम्म भएका सिफारिसअनुसारको क्षतिपूर्ति र राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भई शान्ति तथा पुनर्निर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिस गरिएका व्यक्तिलाई तोकिएबमोजिमको रकम वितरण भइरहेको छ।

मानव अधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सङ्घसंस्थाबाट

माग भएका जवाफ तथा जानकारी समयमा नै उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायको संलग्नतामा तयार गरी पठाउने गरिएको छ। विभिन्न मानव अधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष भएका कारण बुझाउनुपर्ने अन्य आवधिक प्रतिवेदनहरू समेत समयमै बुझाउन आवश्यक व्यवस्था मिलाइएको छ। साथै, मानव अधिकार समितिबाट पारित भएका विचार तथा विभिन्न सन्धिजनित निकायबाट प्राप्त सिफारिसहरूलाई कार्यान्वयन गर्न गराउन र विभिन्न निकायबीच समन्वय गर्न प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समन्वय समितिको व्यवस्था गरिएको छ।

Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी जनवरी २०११ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा पेश गरिएको र उक्त प्रतिवेदनउपर प्राप्त सुझाव एवम् सिफारिसहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको थियो। यसैगरी Universal Periodic Review (UPR) सम्बन्धी नेपालको दोस्रो राष्ट्रिय प्रतिवेदन तयार गरी ३ अगस्ट २०१५ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा पेश गरिएको थियो। संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषद्समक्ष मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको दोस्रो चक्रअन्तर्गत नेपालले पेश गरेको दोस्रो प्रतिवेदनउपर मानव अधिकार परिषद्को २३ औँ सेसनमा २०१५ नोभेम्बर ४ तारेखमा छलफल भएको र उक्त छलफलमा विभिन्न राष्ट्रहरूबाट प्राप्त १ सय ९५ वटा सिफारिसमध्ये १ सय ४७ वटा सिफारिसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। प्राप्त सुझाव एवम् सिफारिसहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने र यससम्बन्धी भए/गरेका गतिविधिको अद्यावधिक विवरण तयार एवम् प्रकाशनसमेत गरिनेछ। Universal Periodic Review (UPR) सम्बन्धी नेपालको दोस्रो राष्ट्रिय प्रतिवेदनलाई प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा उपलब्ध गराइएको छ। नेपाल सरकारबाट मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा आदिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थागत सुदृढीकरण गर्नुका साथै सम्बद्ध मन्त्रालयहरूमा मानव अधिकार महाशाखा र तीनवटै सुरक्षा निकायमा मानव अधिकार निर्देशनालय र एकाइ गठन गरी कार्यसम्पादन भइरहेको छ। साथै, नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था र सरकारका विभिन्न निकायबीच समन्वय गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक कार्य सम्पादन गर्दै आएको छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको प्रस्तुत नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने प्रयोजनका लागि निकै उपयोगी हुने कुरामा यो कार्यालय विश्वस्त छ। साथै इन्सेक आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहन सकोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

रञ्जु गौतम
शाखा अधिकृत

गृह मन्त्रालय

१. यस मन्त्रालयसँग सम्बन्धित चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/७२-२०७५/७६) तयार गरी सम्बन्धित निकायमा पठाई एकीकृतरूपमा राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चरणमा लागिएको छ।

२. संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५/१८२० कार्यान्वयनको सिलसिलामा कार्ययोजना तयार पारी गृह मन्त्रालयसँग सम्बन्धित स्वीकृत १६ कार्यक्रममध्ये वीरगञ्ज, सुर्खेत, चितवन, जनकपुर, झापा, काभ्रे २ र काठमाडौँमा २ वटा गरी ९ वटा स्थानमा कार्यक्रम सञ्चालन भइसकेको छ। जसमा जिल्ला प्रशासन कार्यालयका विभिन्न तहका कर्मचारीहरू, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरू गरी जम्मा ३ सय १५ जनाको सहभागिता रहेको थियो। कार्यक्रम मानव अधिकार तथा लैङ्गिक हिंसा अन्त्यसम्बन्धी रहेको थियो।

३. देशका विभिन्न २२ जिल्लाको महिला कारागारहरूमा सोलार प्लान्ट जडान गरिएको तथा २० वटा जिल्लाहरूको महिला कारागारहरूमा बायोग्यास प्लान्ट जडान गरिएको छ।

४. मानव अधिकार आयोग र अन्य

निकायहरूबाट दिइएको सिफारिस, आदेश कार्यान्वयन गरिएको।

५. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले माग गरेको मानव अधिकारसम्बन्धी प्रश्नको जवाफ तयार पारी पठाइएको।

ज्योत्सना भट्ट (जोशी)
शाखा अधिकृत, गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

मानव अधिकारसम्बन्धी मूलभूत नौवटा अन्तर्राष्ट्रिय महासन्धिमध्ये २४ वटा अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्र रहेको नेपाल राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्वबमोजिम नागरिकको मानव अधिकारको प्रत्याभूतिमा पूर्ण प्रतिबद्ध रहेको छ। मानव अधिकारले सर्वव्यापकता, अविभाज्यता, अन्तरनिर्भरता र अन्तरसम्बन्धतामा विश्वास गर्ने भएकाले मानव अधिकारको सिद्धान्त र मूल्य/मान्यताको रक्षा गर्न सबै सरोकारवालाको रचनात्मक सहभागिता आवश्यक रहन्छ।

हालै जारी भएको नेपालको संविधानले समान आर्थिक अवसर, समृद्धि र समाजिक न्याय, समानुपातिक समावेशी र आत्मसम्मानको सुनिश्चितता गरेको छ। संविधानले प्रतिस्पर्धी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, वयस्क मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र विधिको शासनको प्रत्याभूत गरेकाले मानव अधिकारको रक्षाका लागि संविधान आधारभूत जगका रूपमा रहेको छ। यसैगरी, संविधानले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी रोजगारीको अधिकार, सम्पत्तिको अधिकार, वातावरणको अधिकार, भाषा र संस्कृतिको अधिकार, खाद्य अधिकार, सामाजिक न्यायको अधिकार, सूचनाको अधिकारलगायतका अधिकारको सुनिश्चितता गर्दै आधारभूत अधिकारलाई विस्तृतरूपमा समेटेको छ।

संविधानले नागरिकबीचको सांस्कृतिक विविधता, बहुलवाद र सहिष्णुतामा जोड दिएको छ। मानव अधिकारको मूल्यमान्यताको सम्मान गर्दै आर्थिक, सामाजिक अधिकारको क्षेत्रमा प्रगतिशील नीति-नियम निर्माणका लागि संविधानप्रदत्त निर्देशित व्यवस्थाहरूले सरकारलाई फराकिलो रूपरेखा प्रदान गरेको छ।

संयुक्त राष्ट्र सङ्घको विधान सभाको ७० औँ सत्रमा भाग लिँदै नेपालले समावेशी लोकतान्त्रिक पद्धति, विकास र मानव अधिकार र राजनीतिक संस्कार, सामाजिक र सांस्कृतिक अधिकारको विकासका लागि लोकतन्त्र अपरिहार्य रहेको धारणा राख्यो। नागरिकलाई मानव अधिकारको प्रभावकारी प्रत्याभूति गर्न सामाजिक, आर्थिक विकासको महत्वबारे सजग गराउँदै नेपालले दिगो विकासका लागि २०३० को एजेन्डा कार्यान्वयन विषयको वार्ता प्रक्रियामा सक्रिय सहभागिता जनायो।

नेपालले जेनेभास्थित मानव अधिकार परिषद्मा नोभेम्बर ४ देखि ६ सम्म चलेको "नेपालको, मानव अधिकारको दोस्रो विश्वव्यापी आवधिक समीक्षा", २०१५ को २३ औँ सत्रमा सहभागिता जनायो। उपप्रधान तथा परराष्ट्र मन्त्री कमल थापाको अगुवाइको नेपाली प्रतिनिधिमण्डलले मानव अधिकारको मुद्दामा नेपालले व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्वको कार्यान्वयनमा नेपाल निरन्तर प्रयासरत रहेको र नयाँ संविधानअनुरूप मानव अधिकार र आत्मसम्मानको रक्षाका लागि नेपालले प्रतिबद्धता व्यक्त गऱ्यो।

वैशाख १२ गतेको विनाशकारी भूकम्पपछिको विपत्तिबाट सिर्जित जोखिमहरूको व्यवस्थापन गरी नागरिकलाई मानव अधिकार र आधारभूत स्वतन्त्रताको प्रभावकारी प्रत्याभूति दिलाउन नेपालले निरन्तर प्रतिबद्धता जनाउँदै आएको छ। सरकारले मानव अधिकारको मूलभूत सिद्धान्तलाई प्राथमिक एजेन्डामा राख्दै भूकम्पपछिको विपद् व्यवस्थापनका लागि पुनर्बास, पुनर्निर्माण योजना अपनाएको छ।

सत्य निरूपण तथा मेलमिलाप अयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग गठन गरी नागरिकको बाँच्न पाउने अधिकार र आत्मसम्मानप्रति नेपालले प्रतिबद्धता जनाएको छ। द्वन्द्वकाल भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाको छानबिन गरी समाजमा मेलमिलापको वातावरण बनाउन गठित आयोगहरूको जिम्मेवारी प्रदान गरिएको छ। देशबासीको नाममा २०७२ कात्तिक २९ गते सम्बोधन गर्दै प्रधान मन्त्री केपी शर्मा ओलीले नेपाल पक्षराष्ट्र भएका सबै अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूअनुरूप दण्डहीनताको अन्त्य, मानव अधिकारको सम्बर्द्धन र कार्यान्वयन गर्ने सरकारी प्रतिबद्धता व्यक्त गरे।

परराष्ट्र मामिला मन्त्रालय र यसको कूटनीतिक मिसनले आप्रवासी श्रमिकहरूको सुरक्षा र अधिकार प्रवर्धनका गर्न सुरक्षा र सहायताको खाँचो परेका आप्रवासी नेपाली कामदारहरूलाई कानुनी सेवा प्रदान गर्नुका साथै जोखिममा अवस्थामा रहेका नेपाली नागरिकको सुरक्षा गर्दै आएको छ। परराष्ट्र मन्त्रालयको

विदेश रोजगार व्यवस्थापन समितिले आप्रवासी कामदारहरूको मानव अधिकारको संरक्षण र सम्बर्धन गर्न जोखिम परेका आप्रवासी कामहरूको उद्धार गर्दै आएको छ।

मानव अधिकार र मौलिक स्वतन्त्रताको सम्बर्द्धन र संरक्षण गर्न परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार संयन्त्रहरूमा अर्थपूर्ण सहभागिता जनाउँदै आएको छ। साथै विभिन्न मानव अधिकार संयन्त्रहरूबाट निर्देशित अन्तर्राष्ट्रिय मानव अधिकारको दायित्वसँग जोडिएको बाध्यकारीरूपमा बुझाइनुपर्ने राष्ट्रिय प्रतिवेदनहरूको तयारी गरी अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूमा बुझाउने कार्यमा मन्त्रालयले सहजीकरण गर्दै आएको छ। त्यस्तै मन्त्रालयले राष्ट्रिय मानव अधिकार आयोग र चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाका सान्दर्भिक सिफारिसहरूको कार्यान्वयन गर्दै आएको छ।

अन्त्यमा, मानव अधिकार वर्ष पुस्तकको सफल प्रकाशनका लागि इन्सेकलाई शुभकामना व्यक्त गर्दछौं र नेपालमा मानव अधिकारको सम्बर्द्धन र संरक्षणका लागि मानव अधिकार वर्ष पुस्तकले निरन्तर महत्वपूर्ण योगदान पुऱ्याउने आशा लिएका छौं।

सुरेन्द्र थापा
उपसचिव, परराष्ट्र मन्त्रालय

नेपाली सेना

नेपाली सेना सदैव नेपाली जनतामा अन्तर्निहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात गर्दै विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकारको पालना/संरक्षण गर्न कटिबद्ध छ।

नेपाली सेनालाई पेशागत सैनिक तालिम तथा शिक्षाद्वारा व्यावसायिक सेनाको रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप सैनिक ऐन २०६३ मा भएका प्रावधानबमोजिम र नेपालको अन्तरिम संविधान तथा सैनिक ऐन २०६३ ले निर्दिष्ट गरेबमोजिम नेपाली सेनामा सञ्चालन हुने हरेक पेशागत तालिमहरुमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानविय कानुनसम्बन्धी विषय अनिवार्यरूपमा समावेश गरी ज्ञान प्रदान गरिँदै आइएको छ।

मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति नेपाली सेनाका तल्लो तहसम्मका सकलदर्जाहरुलाई उत्तरदायी बनाई सैद्धान्तिक र व्यावहारिक तरिकाबाट मानव अधिकारप्रति प्रतिबद्ध गराउन सशस्त्र द्वन्द्वको कानुनसम्बन्धी नेपाली सेनाले Nepal Army Hand Book on Law of Armed Conflict नामक हाते पुस्तक प्रकाशित गरी वितरण गर्नुका साथै मानव अधिकार निर्देशनालयबाट मानवीय कानुनसम्बन्धी तयार पारिएको तालिम डकुमेन्ट्री नेपाली सेनाका सम्पूर्ण युनिटहरुमा वितरण गरी हरेक तालिमहरुमा प्रदर्शन गराई मानव अधिकारप्रति प्रतिबद्ध रहन ज्ञान दिलाउने व्यवस्था गरिएको छ।

शान्ति स्थापना कार्यमा भाग लिने सम्पूर्ण फौजलाई मानव अधिकारसम्बन्धी तालिम दिने गरिएको छ। नेपाली सेना र ICRC को संयुक्त पहलमा Advance Level को LOAC तालिम सञ्चालन हुनुका साथै विभिन्न मित्रराष्ट्र, राष्ट्रिय मानव अधिकार आयोगलगायतका संस्थासमेतको सहयोगमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिमहरु सञ्चालन हुँदै आएको छ।

नेपाल सरकार रक्षा मन्त्रालय र शान्ति कोष सचिवालयबीच भएको सम्झौताअनुरूप Implementation of NAP on UNSCR 1325 & 1820 अन्तर्गत Promoting Women's Participation in Peace-Building Process and Economic Opportunities नामक परियोजना संचालन भइरहेको छ। जसअन्तर्गत नेपाली सेनामा Gender Equality & UNSCRs 1325 & 1820 सम्बन्धी आ.व.२०७२/७३ सम्ममा २६ वटा तालिम सम्पन्न भइसकेका छन् भने सोसम्बन्धी तालिम ३६५० जना सैनिक व्यक्तिहरुलाई दिइसकिएको छ। लैंगिक समानतासम्बन्धी ज्ञान दिलाउने हिसाबले "तारा" नामक Docu-drama बनाई हरेक युनिटलाई वितरण गरिएको छ।

मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सञ्चालन हुने तालिमहरूबाट हालसम्म ४८२९५ जना सकल दर्जाहरु प्रशिक्षित भइसकेका छन् भने हरेक तालिमको सिलेबसमा मानव अधिकारसम्बन्धी विषय अनिवार्यरूपमा समावेश हुने हुँदा नेपाली सेनाका शतप्रतिशत सकल दर्जाहरू मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा प्रशिक्षित भइसकेका छन्।

अन्त्यमा नेपाली सेना मानव अधिकार सम्बर्धनको क्षेत्रमा क्रियाशील INSEC को उत्तरोत्तर प्रगतिको कामना गर्दै त्यस संस्थाबाट "मानव अधिकार वर्ष पुस्तक २०१६" प्रकाशित हुन लागेको सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

(राजेश्वर भट्टराई)
प्राड महासेनानी, नि.निर्देशक

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९८८ देखि नेपालमा मानव अधिकारको रक्षा तथा सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण कार्यहरू गर्दै आएको छ। साथै सन् १९९२ देखि प्रत्येक वर्ष "मानव अधिकार वर्ष पुस्तक" प्रकाशन गरेर मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि मार्गदर्शन गर्दै आएको छ। देशमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको स्थलगत अध्ययन, अनुगमन, अनुसन्धान, घटना परिस्थितिगत यथार्थ विवरण र विश्लेषण गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेकामा हामीलाई अत्यन्तै खुसी लागेको छ। देशभरका घटनालाई वार्षिक अभिलेखका रूपमा प्रस्तुत गर्ने इन्सेकको प्रयास र योगदान वास्तवमै उल्लेखनीय र प्रशंसनीय छ। यस पुस्तकमा नेपाल प्रहरीले पनि मानव अधिकारसम्बन्धी आफ्ना धारणा राख्न पाउने अवसरले हामीलाई थप हर्षित तुल्याएको छ।

देश र जनताको शान्ति सुरक्षार्थ स्थापना भएको नेपाल प्रहरीले आफ्नो स्थापनाकालदेखि नै जनहितको कार्यहरू गर्दै आएको छ। मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनलाई नेपाल प्रहरीले नागरिकप्रतिको आफ्नो कर्तव्य र दायित्वका रूपमा अङ्गीकार गरी उच्च व्यावसायिकताका साथ अपराधको रोकथाम, प्रभावकारी अनुसन्धानका माध्यमबाट समाजमा शान्ति सुव्यवस्था कायम गर्ने जस्तो अत्यन्तै संवेदनशील र महत्वपूर्ण जिम्मेवारी सङ्गठनले बहन गर्दै आफ्ना हरेक क्रियाकलापलाई बदलिँदो परिस्थिति, जनताको इच्छा, आकाङ्क्षा र आवश्यकताअनुसार कानुनसम्मतरूपमा समयसापेक्ष परिष्कृत र परिमार्जन गर्दै नागरिकको हक अधिकारको संरक्षण तथा सम्बर्द्धनमा लक्षित तथा निर्देशित गर्दै आइरहेको छ।

संविधानप्रदत्त मौलिक हक तथा जनताको सार्वभौम अधिकारलाई कार्यान्वयन गरी व्यवस्थित बनाउन लोकतन्त्र, कानुनी शासनको मापदण्ड र मान्यतालाई नेपाल प्रहरीले आत्मसात गर्दै आएको छ। मानव अधिकारको व्यावहारिक अभ्यासबिना लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकासबिना राज्यको चौतर्फी विकास असम्भव हुने भएकाले नेपाल प्रहरीले नागरिकको जीउ, धन, मान, मर्यादा र प्रतिष्ठाको सम्मान गर्दै समाजमा शान्ति सुरक्षा तथा अधिकतम हितहरूको संरक्षण, देश विकासका निम्ति कानुनी राज्य, लोकतान्त्रिक शासन व्यवस्था, मानव अधिकारका आधारभूत तथा विश्वव्यापी सिद्धान्तहरूलाई पूर्णरूपमा आत्मसात गर्दै जनताका आधारभूत अधिकारको संरक्षण र सम्बर्द्धन प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि २०५९ माघ २ गते नेपाल प्रहरी मानव अधिकार शाखा स्थापना गरी साङ्गठनिक प्राथमिकताका रूपमा राखेको छ। मानव अधिकारको संरक्षण र सम्बर्द्धनलाई नेपाल प्रहरीले साङ्गठनिक प्राथमिकताका रूपमा राखी मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गरी हालसम्म मानव अधिकार उल्लङ्घनको आरोपमा ६ सय ३३ जना कर्मचारीउपर कारबाही गरिएको छ।

देशको संविधान, कानुन, नीति, नियम कार्यान्वयन गर्ने प्रहरीहरूलाई सक्षम र सचेत बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका बारेमा जानकारी दिई कानुनप्रदत्त आचरण तथा व्यवहार गर्न/गराउन मानव अधिकारबारे बढीभन्दा बढी ज्ञान दिन नेपाल प्रहरीले मानव अधिकार स्थायी आदेश पुस्तिका प्रकाशन गरी वितरण गर्दै आएको छ। सबै नागरिकमा समान हक र पहुँचका लागि क्षेत्रीय, अञ्चल र जिल्लाहरूमा मानव अधिकार डेस्क र सम्पर्क अधिकृतसमेत तोकिएको छ। नेपाल प्रहरीले सञ्चालन गर्दै आएको सबै तहका आधारभूत तथा उन्नत तालिमका पाठ्यक्रमहरूमा मानव अधिकारको विषयलाई समावेश गरिएको छ। यसको अलावा मानव अधिकारलाई मात्र लक्षित गरी १ दिने, ३ दिने र ५ दिने विशिष्टीकृत तालिमसमेतको व्यवस्था गरी हालसम्म ८ हजार ६ सय २० प्रहरी कर्मचारीलाई प्रशिक्षण गरिसकेको र ३ सय २५ जना प्रहरी कार्यक्रमसमेत सञ्चालन भइरहेको छ।

मानव अधिकारसम्बन्धी नेपाल सरकारको कार्ययोजनाअनुरूपका कार्यक्रमहरू निर्माण र कार्यान्वयन गरी मानव अधिकारलाई प्रभावकारीरूपमा संरक्षण तथा सम्बर्द्धन गर्न नेपाल प्रहरीले राष्ट्रिय मानव अधिकार आयोगलगायत विभिन्न सरोकारवाला सङ्घसंस्थासँग समन्वय तथा सहकार्य गर्दै आएको छ। दण्डहीनता अन्त्य गरी दिगो शान्ति सुरक्षाको प्रत्याभूतिका निम्ति प्रमाणमुखी अनुसन्धानलाई नेपाल प्रहरीले प्राथमिकता दिँदै आएको छ। प्रहरी हिरासतमा रहेका थुनुवा, कैदीको मानव अधिकारको संरक्षणका लागि नियमितरूपमा निरीक्षण तथा अनुगमन कार्यसमेत गर्दै आएको छ।

शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने क्रममा बल प्रयोग गर्दासमेत कारबाहीको पुष्ट्याईं हुनेगरी

आवश्यकतानुसार क्रमिकरूपमा न्यूनतम बल प्रयोगको सिद्धान्त अवलम्बन गरी असहज परिस्थितिमा समेत संयमित भई नागरिकको सार्वभौम तथा मौलिक अधिकारको सम्मान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको पालनामा उच्च सतर्कता अपनाई आफ्नो कर्तव्य निर्वाह गर्न प्रहरी कार्यालयहरू तथा प्रहरी कर्मचारीहरूलाई आवश्यक निर्देशन तथा परिपत्रहरू गरी सचेत र संवेदनशील बनाउने कार्य गरिएको छ। फलस्वरूप मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाको सर्वेक्षणसमेतबाट प्रहरीमा मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको अध्ययनले देखाएको छ, यो हाम्रा लागि उपलब्धि हो।

नागरिकको मौलिक हक, शान्ति सुव्यवस्था विकासका निम्ति नेपाल प्रहरी सधैं क्रियाशील रहँदै आउनुका साथै मानवीय समस्या, प्राकृतिक विपत्तिमा समेत जनधनको उद्धार, राहत तथा सामग्रीको वितरण, सुरक्षा व्यवस्था, पुनर्वासको कार्यमा आफ्नो व्यावसायिक कार्यदक्षता उल्लेख्यरूपमा निर्वाह गरेकाले राज्य तथा जनता दुवैद्वारा उच्च मूल्याङ्कन गरिएको छ।

संविधानद्वारा प्रदत्त नागरिकको मौलिक हकको रक्षा गर्ने, कानुन कार्यान्वयन गर्ने राज्यको प्रत्यक्ष निकायका रूपमा नेपाल प्रहरीले आफ्नो भूमिका बहन गर्दै आएको छ। यसैक्रममा प्रहरीका हरेक क्रियाकलापमा मानव अधिकारको प्रश्न उठ्न सक्ने भएकाले कुनै पनि अवस्थामा नागरिकका संविधानप्रदत्त हक अधिकारको हनन हुनुहुँदैन भन्ने कुरामा पनि नेपाल प्रहरी सदैव सचेत, सजग र प्रतिबद्ध रहेको छ। हाम्रा यस्ता प्रतिबद्धता र प्रयासलाई मूर्त रूप दिन, अपराधको प्रभावकारीरूपमा रोकथाम, नियन्त्रण र सफल अनुसन्धान गरी शान्ति सुरक्षा एवम् न्यायपूर्ण सामाजिक वातावरण सिर्जना गर्न नेपाल प्रहरीलाई सम्बन्धित सबैको सुझाव, साथ र रचनात्मक सहयोग आवश्यक पर्छ। कानुन कार्यान्वयन गर्ने/गराउने विषय अत्यन्तै संवेदनशील र महत्वपूर्ण जिम्मेवारी हो। नेपाल प्रहरी कानुन कार्यान्वयनका दृष्टिले सधैं निष्पक्ष, स्वच्छ र स्वतन्त्र रहन चाहन्छ। देश र जनताको उन्नतिका लागि व्यावसायिकरूपमा नेपाल प्रहरीलाई अझ बढी दक्ष एवम् साधन स्रोत र प्रविधि सम्पन्न बनाउन सम्बन्धित सबैले निरन्तर सकारात्मक पहल र सहयोग दिँदै आएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल प्रहरीलाई पुऱ्याएको योगदानको कदर गर्दै इन्सेकबाट सँधै यस्ता रचनात्मक सहयोग प्राप्त हुँदै जाने कुराको अपेक्षाका साथै इन्सेकलाई यो "नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५" प्रकाशनको पूर्ण सफलताको कामना गर्दछौं।

मानव अधिकार शाखा
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं

सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि हरेक वर्ष देशको मानवअधिकार स्थिति बारे समग्र आँकलन गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आइरहेकोमा यस वर्ष पनि "नेपाल मानवअधिकार वर्षपुस्तक २०१५" प्रकाशन गर्न लागेकोमा सफलताको कामना गर्दै आगामी दिनहरूमा समेत यस केन्द्रको मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उच्च योगदान रहने विश्वास यस सङ्गठनले लिएको छ।

सशस्त्र प्रहरी बल मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान संरक्षण र सम्बर्द्धन गर्न अन्तर्राष्ट्रियस्तरमा स्थापित मानवअधिकारका मूल्य मान्यता एवम् सिद्धान्तहरूको उल्लङ्घन हुन नदिन सदैव प्रतिबद्ध एवम् कटिबद्ध रहेको छ। सोही उद्देश्य प्राप्तिका लागि सङ्गठनले मानवअधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सङ्गठनभित्र जुनसुकै सदस्यहरूबाट मानवअधिकार उल्लङ्घन भएमा त्यस्ता घटना उपर तत्कालै अनुसन्धान गरी दोषी ठहरिएमा विभागीय कारवाही गर्दै आइरहेको छ। मानवअधिकार संरक्षण र सम्बर्द्धनमा नेपाल सरकारद्वारा निर्दिष्ट कार्यादेशलाई अझ विशिष्टिकृत तवरले सम्पादन गर्ने लक्ष्य अनुरूप सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत केन्द्रीय मानवअधिकार सेल स्थापना गरी सो सम्बन्धी कार्यहरू सञ्चालन भइसकेको र गण, गुल्म र बि.ओ.पि. सम्ममा समेत मानवअधिकार सेलको स्थापना गर्ने योजना रहेको छ।

सशस्त्र प्रहरी बलमा कार्यरत तल्लो तहसम्मका सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Human Rights and Democratic Policing, कानुन कार्यान्वयन गर्ने व्यक्तिको आचारसंहिता, कानुनी राज्य एवम् शक्ति प्रयोग जस्तो संवेदनशील विषयउपर आवश्यक ज्ञान दिलाउँदै आएको छ। यसका लागि मानवअधिकारसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग

समन्वय गरी आन्तरिक प्रशिक्षक उत्पादन गरी केन्द्रीय एवम् क्षेत्रीयस्तरमा मासिक रूपमा मानवअधिकार सम्बन्धी तालिम सञ्चालन गर्ने गरिएको छ। हालसम्म सशस्त्र प्रहरी बलका मात्र ५ हजार २ सय ४२ जना सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीलाई तालिम प्रदान गरिसकिएको छ। सशस्त्र प्रहरी बलमा सञ्चालन गरिने सबै आधारभूत तथा उन्नत तालिमहरूमा मानवअधिकार तथा मानवीय कानून सम्बन्धी कक्षाहरू समावेश गरिएको सबै संयुक्त राष्ट्रसङ्घमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरी कर्मचारीहरूले समेत मानवअधिकार संरक्षण र संबर्द्धनमा प्रतिबद्ध हुन् भन्ने हेतुले छनौट परीक्षामै मानवअधिकार सम्बन्धी प्रश्नावली तयार गरी परीक्षा लिएर मात्र छनौट गर्ने गरिएको छ।

सशस्त्र प्रहरी बलमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तिकरण एवम् विकासको लागि अधिकार प्रदान गर्ने, अन्य सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत लैङ्गिक हिंसा बारे सचेतना दिलाउने हेतु तथा नेपाल सरकारको लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बलले अक्षरस पालना गर्ने नीति अनुरूप आन्तरिक रूपमा लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने अभिप्रायले हाल सशस्त्र प्रहरी बल प्रधान कार्यालय, पूर्व, पश्चिम र मध्यपश्चिम अवस्थित सम्बन्धित सशस्त्र प्रहरी बलका कार्यलयहरूमा छुट्टै लैङ्गिक इकाइहरूको स्थापना गरी केन्द्रीय एवम् क्षेत्रीय स्तरमा लैङ्गिक हिंसाका उजुरी लिने, पीडकलाई कारबाही गरी पीडितलाई न्याय दिने व्यवस्था मिलाइएको छ। लैङ्गिक हिंसा न्यूनीकरण गर्ने अभियानको रूपमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम एवम् संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी तालिमहरू केन्द्रीय एवम् क्षेत्रीयस्तरमा सञ्चालन गरिएको छ।

सशस्त्र प्रहरी बलका कर्मचारीहरूलाई समय-समयमा मानवअधिकारको संरक्षण र संबर्द्धन गर्न अभिप्रेरित गर्ने उद्देश्यले जानकारीमूलक विभिन्न हाते पुस्तिका प्रकाशन गरी वितरण गर्ने नीति अनरूप "मानवअधिकार निर्देशिका २०६६" एवम् "सशस्त्र प्रहरी बल परिचालन हाते पुस्तिका २०६८" प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरी सकिएको एवम् Youth For Human Rights International, Nepal सँगको सहकार्यमा संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र- १९४८ मा उल्लेखित ३० वटा मानवअधिकारलाई समावेश गरी "मानवअधिकार के हो ?" हाते पुस्तिका प्रकाशन गरी २० बीस हजार ५ सय थान सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरी सकिएको र बाँकी १६ हजार थान छिट्टै नै प्रकाशन गरी वितरण गर्ने योजना रहेको साथै उक्त हाते पुस्तिकामा उल्लेखित मानवअधिकारहरूलाई Visual मा समेत देखाउने व्यवस्था मिलाइएको छ।

त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेको र नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा तयार गरिएको चौथो पञ्चवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२ - २०७५/०७६) को सशस्त्र प्रहरी बलले प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको छ। जसअन्तर्गत सशस्त्र प्रहरी बलका सकल दर्जाका राष्ट्र सेवकहरूलाई मानवअधिकार सम्बन्धी प्रशिक्षण दिने, मानवअधिकार संरक्षण र संबर्द्धनमा सशस्त्र प्रहरी बलको भूमिका सम्बन्धमा स्थानीयस्तरसम्म सरकारी, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधिहरू सहभागी गराई कार्यशाला सञ्चालन गर्ने, मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराउने, तालिम पाठ्यक्रमहरूलाई परिमार्जित गरी समय सापेक्ष बनाउँदै लैजाने, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक विभेद सम्बन्धी ज्ञान दिलाउने एवम् प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य भइरहेको छ।

अन्तमा सशस्त्र प्रहरी बलले "सशस्त्र प्रहरी ऐन २०५८" मा उल्लेखित कार्यादेश एवम् समय-समयमा नेपाल सरकारले तोकेको कार्य सम्पादन गर्दा मानवअधिकारको उच्च सम्मान संरक्षण एवम् संबर्द्धन गर्न कटिबद्ध रहेको स्मरण गराउँदै "मानवअधिकार वर्षपुस्तक २०१६" प्रकाशन हुन लागेकोमा यस सङ्गठनले मानवअधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा टेवा पुग्ने विश्वास लिएको छ।

दुर्जकुमार राई
सशस्त्र प्रहरी महानिरीक्षक

राष्ट्रिय महिला आयोग

महिला हक हितको संरक्षण एवम् संबर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप २०५८ सालमा स्थापित राष्ट्रिय महिला आयोग आफ्नो उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ। यसअन्तर्गत आयोगले महिला हक हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयनसमेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनाहरूको अनुगमन तथा जाँचबुझ गर्ने, महिला सरोकारका विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नेसमेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

सन् २०१५ मा महिला मानव अधिकारको उल्लङ्घन तथा महिलामाथि हुने हिंसाबाट पीडित महिलाले यस आयोगमा दिएको उजुरी हेर्दा चिकित्सकको लापरबाहीका कारण महिलाको मृत्यु भएको, दाइजो नल्याएको वा कम ल्याएको निहुँमा यातना तथा हत्या, बलात्कार तथा बलात्कारको उद्योग, रोजगारीबाट निष्कासन, कार्यस्थलमा दुर्व्यवहार, मानव बेचविखन, सामाजिक सञ्जालमार्फत तथा सार्वजनिक स्थलमा चरित्र हत्या, बोक्सीको आरोपमा यातना तथा आगो लगाई मार्ने प्रयास, अपहरण तथा बन्धक बनाउने बहुविवाह, प्रहरी कार्यालयमा जाहेरी दर्ता नभएको, प्रसारित घटना हेर्दा पनि समाजमा विद्यमान रहँदै आएको सामाजिक कुरीति तथा कुसंस्कार आदिका कारण महिलामाथि गरिँदै आएको हिंसामा यस वर्ष पनि कमी आएको देखिएन।

यस वर्ष आयोगमा घरेलु हिंसाका २ सय ९६ र महिलामाथि हुने अन्य हिंसाका ९५ वटा उजुरी दर्ता भएका छन्। आयोगमा परेका यी उजुरीहरूको जाँचबुझ तथा आवश्यकताअनुसार स्थलगत अनुगमन गरी पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरेको छ भने महिला अधिकार संरक्षण तथा संवर्द्धनका दृष्टिकोणबाट केही महत्वपूर्ण प्रगति भएको छ। जसअन्तर्गत ऐतिहासिक संविधान सभाबाट नेपालको संविधान, २०७२ जारी हुनुका साथै बोक्सीको आरोप कसुर र सजाय ऐन, २०७२, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ जस्ता महत्वपूर्ण कानुनसमेत निर्माण गरी लागुसमेत भइसकेका छन्। उक्त संविधान तथा ऐनहरू महिला अधिकारको संरक्षण, संवर्द्धन एवम् लैङ्गिक हिंसा अन्त्यका दृष्टिकोणबाट महत्वपूर्ण हुने देखिन्छ।

तर आयोगबाट तर्जुमा गरी नेपाल सरकारसमक्ष पेश गरिएका दाइजोसम्बन्धी र सुरक्षित गर्भपतनको अधिकारसम्बनधी विधेयकहरू लामो समय व्यतीत भइसक्दा पनि अघि बढाइएको छैन। सन् २०१५ मा गएको विनाशकारी भूकम्पका कारण सबैभन्दा बढी महिला तथा बालबालिकामा असर परेको देखिए तापनि राहत वितरण कार्य लैङ्गिक मैत्री हुन सकेको देखिएन। भूकम्पपछिको पुनर्निर्माण कार्यमा भएको सरकारी ढिलासुस्तीले व्यक्तिको जीवनको अधिकार नै चुनौतीपूर्ण बन्न गएको छ। यसैगरी लामो समयदेखि चल्दै आएको मधेस आन्दोलनका कारण शिक्षाको अधिकार, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने अधिकार, स्वास्थ्यको अधिकार तथा जीवनको अधिकार नै हनन् हुन पुगेको छ। जसको सबैभन्दा बढी असर महिला तथा बालबालिकामाथि परेको छ भने विद्यमान राजनीतिक अस्थिरताका कारण दण्डहीनताले प्रश्रय पाउनुका साथै कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन।

अन्त्यमा, इन्सेकले सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्ने उद्देश्यअनुरूप मानव अधिकार उल्लङ्घनका घटनाहरू सङ्कलन गरी यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६" प्रकाशन गर्न लागेकामा राष्ट्रिय महिला आयोग शुभकामना व्यक्त गर्दछ।

लेखबहादुर कार्की
सचिव

राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोगले स्थापना भएपश्चात् दलित समुदायको हक अधिकारको संरक्षण गर्दै राष्ट्रियस्तरमा दलित समुदायको विकास गर्न नीति तथा कार्यक्रममा निर्माण गर्न सहयोग गर्दै आएको छ। यसै सन्दर्भमा यस आयोगले दलित समुदायको हक अधिकार रक्षा गर्ने क्रममा विभिन्न घटनाहरूको अनुगमन गर्ने र सम्बन्धित निकायसमक्ष कानुनबमोजिम कारवाहीका लागि सिफारिस गर्ने कार्य गर्दै आएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ ले व्यवस्था गरेबमोजिम जातीय भेदभाव तथा

छुवाछूतसम्बन्धी घटनाउपर परेका निवेदनहरूको छानबिन गरी सम्बन्धित निकायसमक्ष सिफारिस गर्दै आएको छ। यसका साथै दलित समुदायको मानव अधिकार उल्लङ्घन भएका घटनाहरूको समेत अनुगमन गर्ने गरिन्छ। यसअन्तर्गत दलितहरूमाथि हुने शोषण, दमन तथा अत्याचारका साथै सामाजिकरूपमा हुने बहिष्करण र दुर्व्यवहार पर्छन्।

राष्ट्रिय दलित आयोगमा दर्ता भएका निवेदनहरूलाई मध्यनजर गरी हेर्दा यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनाहरू अन्य वर्षको तुलनामा सन्तोषजनक रहेको छ। नेपालको केही जिल्लालाई अति प्रभावित पारी गएको विनाशकारी भूकम्प तथा नेपालको संविधान २०७२ पारित भएपश्चात् देशको तराई भएको आन्दोलन र छिमेकी देशको अघोषित नाकाबन्दीको प्रभावले आयोगसमक्ष आउने जनगुनासोहरू कम रहेको छ। केही स्थानका घटनाहरूको अनुगमन गरी सरकारलाई सुझावसमेत पेश गरिएका छन्।

गोपालराज तिमिल्सिना
उपसचिव

नेपाल पत्रकार महासङ्घ

महाभूकम्पका कारण सन् २०१५ नेपाल र नेपालीका लागि विपत्तिको वर्ष रह्यो। भूकम्पको विनासबाट तङ्ग्रिन नपाउँदै तराई मधेसमा जारी आन्दोलन र भारतीय नाकाबन्दीले मुलुक ठप्प हुन पुग्यो भने नेपालीको जनजीवन कष्टकर बन्यो। यसको असर समग्र मानव अधिकार क्षेत्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको भौतिक तथा पेशागत सुरक्षामा पनि पऱ्यो। मानवीय तथा भौतिक क्षतिका दृष्टिले यो वर्ष विपत्तिको वर्ष रह्यो भने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अवरोधका दृष्टिले सङ्कुचनको वर्ष रह्यो।

नेपालमा यो वर्षको वैशाख १२ र २९ (अप्रिल २५ र मे १२) मा गएको भूकम्प र लगातारको परकम्पका कारण १ हजार ८ सय १३ जना पत्रकार र सञ्चार गृहहरू प्रभावित भए। गोरखापत्रमा आबद्ध पत्रकार सुमन भोम्जनको काठमाडौँमा र रेडियो प्लानेटमा आबद्ध कार्यक्रम प्रस्तोता सिर्जना लामाको सिन्धुपाल्चोकमा मृत्यु भयो भने भूकम्पमा परी घाइते भएका नेपालगञ्जबाट प्रकाशित हुने दैनिक नेपालगञ्जको व्यवस्थापनमा आवद्ध अच्युतराज सुवेदीको उपचारका क्रममा मृत्यु भयो। भूकम्पबाटै ३५ जना पत्रकारले नजिकका आफन्त गुमाउनुपऱ्यो। त्यसैगरी १४ जना पत्रकार आफैँ घाइते भए भने २० जनाका आफन्त घाइते भए। भूकम्पले २ सय ६६ सञ्चार गृहमा भौतिक क्षति पुऱ्यायो। १ हजार १ सय ५८ पत्रकारका घर पूर्णरूपमा नष्ट भयो भने धेरै पत्रकारको घरमा क्षति पुग्यो। सबैभन्दा बढी मध्यमाञ्चल क्षेत्रमा १ हजार ६ सय १८ पत्रकार तथा सञ्चार गृह प्रभावित रहे।

यति ठूलो प्रभावका बाबजुद पनि भूकम्पका बेला नेपाली सञ्चार जगतले देखाएको व्यावसायिक कौशलको भने सबैतिर प्रशंसा भयो। नेपाल पत्रकार महासङ्घले भूकम्पबाट अति प्रभावित जिल्लाहरूको स्थलगत भ्रमण गर्नुका साथै पीडित पत्रकारको उद्धार र सक्दो राहत वितरण गऱ्यो।

यही वर्ष संविधान सभाबाट संविधान जारी भयो। यसले परिवर्तनका मूलभूत एजेन्डाहरूलाई संस्थागत गरेको छ। यद्यपि यसकै कारण जारी भएको आन्दोलनलाई सम्बोधन गरी संविधानको स्वीकार्यतालाई व्यापक बनाउने र आमरूपमा कार्यान्वनमा लैजाने चुनौती कायमै छ।

महसङ्घ प्रेस स्वतन्त्रता अनुगमन एकाइको अभिलेखअनुसार, सन् २०१५ मा देशभर प्रेस स्वतन्त्रता उल्लङ्घनका १ सय ३६ घटना भए। जसमध्ये करिब ८५ प्रतिशत (११४ वटा) घटना पछिल्लो तराई मधेस आन्दोलनका क्रममा मात्र भएका छन्।

वर्ष २०१५ नेपाली सञ्चार क्षेत्रका लागि धेरै सन्दर्भमा दुःखद् र चुनौतीपूर्ण रह्यो। यद्यपि महासङ्घ र मिडिया जगतले त्यसको सामना गर्दै अघि बढेको छ भने कतिपय महत्वपूर्ण उपलब्धि पनि हासिल भएका छन्। प्राकृतिक विपत्तिबाट तीन जना सञ्चारर्मी र सडकमा एम्बुलेन्सको ठक्करबाट मारिएका एक जना पत्रकार गरी चार जना सहकर्मीको जीवन गुमेको, आन्दोलनको बेला पत्रकारमाथिका आक्रमण बढेको तर दण्डहीनताको अवस्था कायमै रहेको, स्वनियन्त्रण (सेल्फसेन्सरसिप) जारी रहेको, श्रमजीवी पत्रकार ऐन उल्लङ्घन भइरहेको जस्ता दुःखद् र अनपेक्षित अवस्थाका बाबजुद पत्रकार बिमाको सुरुवातदेखि पत्रकारको भौतिक तथा पेशागत सुरक्षा र दक्षता अभिवृद्धिका क्षेत्रका थुप्रै सकारात्मक पहल पनि यो अवधिमा भएका छन्। समग्रमा मानव अधिकारको संरक्षण र पत्रकारलगायत मानव अधिकार रक्षकको सुरक्षाका दृष्टिले सन् २०१५ सन्तोषजनक रहेन, सन् २०१६ उपलब्धिमूलक बनोस्। शुभकामना।

डा. महेन्द्र विष्ट
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

अनुसूची ५

क्रिया-प्रतिक्रिया

मानव अधिकार वर्ष पुस्तकले दण्डहीनता अन्त्य गरी मानव अधिकारको उल्लङ्घन, हनन् र ज्यादतीलाई निरुत्साहित गर्न मानव अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिमा राज्यलाई जिम्मेवार बनाउने काममा मद्दत गरेको छ। वर्ष पुस्तकलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मानव अधिकार हनन्, उल्लङ्घन र ज्यादतीका घटना/सूचना सङ्कलन संयन्त्रलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ।

नवराज शङ्कर
अधिकारकर्मी, इलाम

मानव अधिकारको ऐना मान्न सकिने नेपाल मानव अधिकार वर्ष पुस्तकमा घर निकाला गरिएका हिंसापीडित महिला, तिनका साथ रहेका बालबालिका र पुरुषको एकिन तथ्याङ्क र जिल्लागत घरबास र जग्गा नभएका अति विपन्न परिवार सङ्ख्यासमेत समावेश गर्न सके यस पुस्तकको गरिमा र प्रभावकारिता थप बढेर जाने विश्वास गर्न सकिन्छ।

टीका पौडेल (भारद्वाज)
अधिवक्ता, इलाम

पुस्तकले जिल्लाका सरकारी कार्यालयका तथ्याङ्क प्रस्तुत गरेको छ। जसले सरकारी कार्यालयसम्म आएका घटनाको तथ्याङ्क प्रस्तुत गर्छ जुन समग्र जिल्लामा भएका सबै घटनाको तथ्याङ्क भने होइन। यसबाहेक जिल्लागतरूपमा सम्पूर्ण मानव अधिकारका पक्षहरूको जिल्लागत विश्लेषणात्मक चित्र पनि उल्लेख गर्नु जरुरी देखिन्छ।

योगराज सापकोटा
योजना तथा अनुगमन अधिकृत, मानव अधिकार मञ्च नेपाल, इलाम

इन्सेकले प्रकाशन गरेको मानव अधिकार वर्ष पुस्तक, २०१६ ले तराई-मधेसमा भएको आन्दोलनका प्रायः सबै घटनाको अभिलेख गरेको छ। यसबाट भविष्यमा दण्डहीनताको अन्त्य र न्याय प्राप्तिका लागि हुने बहसलाई तथ्यमा आधारित बनाउनेछ। आगामी



दिनमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हनन्का घटनालाई खोजमूलक ढङ्गबाट प्रस्तुत गनुपर्ने र प्रहरी कार्यालयमा दर्ता भएका कतिपय मुद्दा रिसइवी साँध्ने नियतले पनि दिइएका हुनसक्ने भएकाले आरोपितको नाम सार्वजनिक गर्नुअघि विचार पुऱ्याउनुपर्ने देखिन्छ।

कोषराज न्यौपाने
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय विराटनगर

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारको अवस्था, हत्या, हिंसा, बाल अधिकारसम्बन्धी घटना र जिल्लाको सङ्क्षिप्त विवरणसहित सत्य-तथ्यमा आधारित रहेर प्रतिवेदन तयार गरेको पाइयो।

इन्द्रकुमार योङहाङ
स्रेस्तेदार, पाँचथर जिल्ला अदालत

नेपाल मानव अधिकार वर्ष पुस्तकमा राज्य पक्ष वा गैरराज्य पक्षबाट भएका उल्लङ्घनका घटना तथ्याङ्कसहित प्रकाशन गर्ने गरिएको पाइन्छ। दण्डहीनताको अवस्था एक चुनौतीका रूपमा छ।

विनयराज पाण्डे
अध्यक्ष, जिल्ला बार एसोसिएसन, मोरङ

नेपालको मानव अधिकार स्थितिको मूल्याङ्कनमा जिल्लागतरूपमा प्रस्तुत तथ्याङ्क सबैका लागि महत्त्वपूर्ण छन् । पुस्तकमा जिल्लाको साक्षरता समेट्नुपर्छ ।

पुरुषोत्तम धिमिरे
नागरिक समाज, सुनसरी

मानव अधिकार वर्ष पुस्तकले देशभर भएका मानव अधिकारका घटना समेटेको पाएको छु। सन् २०१५ को वर्ष पुस्तकले पनि प्राय: सबै घटना समेटेको महसुस भएको छ । घटना तथ्यपरक र विश्वसनीय छन्।

कृष्णप्रसाद दाहाल
पूर्वअध्यक्ष, जिल्ला बार एकाइ, सुनसरी

प्रत्येक जिल्लामा मानव अधिकारको अवस्था के/कस्तो छ भन्ने कुरा घामजस्तै छर्लङ्ग हुने गरी इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकबाट जानकारी पाइयो। यस पुस्तकको अध्ययनबाट हरेक तह र तप्कामा हुने मानव अधिकार उल्लङ्घन हुन नदिन के/कस्तो प्रयास गर्नुपर्ने हो भन्नेबारे पनि बेलैमा सचेत हुन मद्दत पुग्छ।

विजयनारायण मानन्धर
प्रमुख जिल्ला अधिकारी, धनकुटा

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लङघनका घटना सङ्कलन गरी प्रकाशन गर्ने कार्य ज्यादै नै सराहनीय र प्रशंसनीय छ। प्रचलित कानुन कार्यान्वयन तथा मानव अधिकारको संरक्षण र सम्वर्धनलाई उच्च प्राथमिकतामा राखी कर्तव्य पालन गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

विभूतिराज पाण्डे
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनकुटा

मानव अधिकारमा उपभोक्ता, कर्तव्य निर्वाहक र मानव अधिकारका विषयवस्तु गरी तीन पक्ष हुन्छन्। नेपाल मानव अधिकार वर्ष पुस्तकले यी तीनवटै पक्षलाई मानव प्रतिष्ठाको सम्मान गर्नुपर्छ भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्न मद्दत पुऱ्याइरहेको छ।

प्रा.डा.शम्भुप्रसाद खतिवडा
अध्यक्ष, हुसाडेक नेपाल, धनकुटा

नेपाल मानव अधिकार वर्ष पुस्तकले समाजमा मानव अधिकार उल्लङ्घनका महत्वपूर्ण पक्ष समेटेको विश्लेषण गरेको छु। समाजमा घरेलु हिंसा र दण्डहीनताको अवस्था रहेको हुनाले त्यस्ता घटनालाई मानव अधिकार वर्ष पुस्तकमा समेटिनु जरुरी भएको छ।

मुरारि वस्ती
प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

नेपाल मानव अधिकार वर्ष पुस्तक अति नै उपयोगी छ। यस पुस्तकले देशका विभिन्न ठाउँमा भएका मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनालाई समायोजन गरेको हुँदा यो पुस्तकको वितरण पनि त्यही ढङ्गले होस्।

नवराज दुलाल
स्रेस्तेदार (उपसचिव), जिल्ला अदालत, सप्तरी

मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित तथ्य सार्वजनिक सरोकारका विषय हुन्। तिनले जानकारीमात्र दिँदैनन्, समाजलाई खबरदारीसमेत गरिरहेका छन्।

नन्दलाल आचार्य (शिक्षक)
सचिव, सगरमाथा साहित्य परिषद्

मानव अधिकार उल्लङ्घनका घटना समेटेर तयार पारिने मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले मानव अधिकार उल्लङ्घनकर्तालाई हतोत्साही एवम् कारबाहीसमेत उठान गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

कृपानारायण यादव
अध्यक्ष, जिल्ला अदालत बार एकाइ, सप्तरी

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ सरसर्ती अध्ययन गर्दा मानव अधिकार र सामाजिक न्यायका क्षेत्रमा पचहत्तरै जिल्लामा वर्षभर भएका प्रतिनिधिमूलक घटना एवम् यसमा राज्य र इतर पक्षको संलग्नतालाई यथासम्भव समेट्ने प्रयास गरेको पाइयो।

मनोजकुमार आचार्य
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकारको यथार्थ स्थिति चित्रण गर्न सक्दो प्रयास गर्ने गरेको छ। यस्ता प्रकाशनले कानुन कार्यान्वयन गर्ने निकायका कमी/कमजोरीसमेत उजागर गर्ने हुँदा मानव अधिकारप्रति अझ बढी जिम्मेवार बनाइ उल्लङ्घनका घटना न्यूनीकरण गर्नमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछ।

श्यामलाल ज्ञवाली
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्था, मानव अधिकार हनन् भएका विवरण, राज्य पक्षलाई मानव अधिकार रक्षामा अझ गम्भीर बन्न खबरदारी तथा अन्य गैरराज्य पक्षलाई पनि जिम्मेवार बन्न प्रेरित गरेको छ। मानव अधिकारका दृष्टिले न्याय निरूपणको विश्लेषण गर्दा अर्धन्यायिक निकायहरूको प्रतिवेदन पनि समेट्ने र वर्तमानमा तराई आन्दोलन एवम् भारतीय अघोषित नाकाबन्दीले मानव अधिकारको पक्षमा पारेको प्रभावबारे विश्लेषण गर्न सके अझ राम्रो हुने थियो।

कृष्णचन्द्र घिमिरे
प्रमुख जिल्ला अधिकारी, उदयपुर

मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि इन्सेकले वर्ष पुस्तकमार्फत सरोकारवाला निकायलाई खबरदारी गर्दै आएको छ। वर्ष पुस्तक राज्य र गैरराज्य पक्षबाट मानव अधिकार हनन् भएका घटनाको सङ्गालो हो। तर पछिल्लो समयमा भइरहेका मानव अधिकार हनन्का घटनामा इन्सेकले जुनरूपले उठान गर्नुपर्ने हो त्यो गर्न नसकेको हो कि भन्ने लाग्छ।

शोभा दाहाल
संयोजक, स्थानीय शान्ति समिति, उदयपुर

पुस्तकले मानव अधिकारको संरक्षण एवम् प्रवर्धनमा सराहनीय भूमिका निर्वाह गरेको छ। आगामी पुस्तकले तथ्यपरक र यथार्थपरक घटनाको निष्पक्ष एवम् स्वतन्त्र ढङ्गले विश्लेषण गर्दै मानव अधिकारको संरक्षणमा समाज र राष्ट्रको दायित्वलाई अझ बढी सजग तुल्याउनेछ।

रामदत्त जोशी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनुषा

मानव अधिकार वर्ष पुस्तक २०१५ मानव अधिकार उल्लङ्घनका घटना र तथ्याङ्कले राज्य र गैरराज्य दुवै जिम्मेवारीबाट चुकेको स्पष्ट गराउँछ। इन्सेकले मानव अधिकारको क्षेत्रमा गरेको योगदान र घटनाको सूक्ष्म विश्लेषण र तथ्याङ्क हेर्दा सबै पक्ष जिम्मेवार हुनुपर्ने देखिन्छ।

रोशन यादव
सहसचिव, एनेकपा माओवादी, धनुषा

देशभर भएका मानव अधिकार हनन्सम्बन्धी घटनामा अध्ययन र अनुसन्धान गरी पीडितलाई न्याय दिलाउन, समाजमा पुनर्स्थापना गराउन र दोषीलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रशासनलाई उत्तरदायी बनाई अदालतको कठघरामा उभ्याई सजाय एवम् क्षतिपूर्ति दिलाउन मानव अधिकार वर्ष पुस्तकले सहयोग गरेको छ।

महादेव राउत गडेरी
महासचिव, दिगो नेपाल, धनुषा

मानव अधिकारका लागि इन्सेकले गर्दै आएका समन्वय, तथ्यपरक अध्ययन तथा मानव अधिकारमैत्री कदमले मानव अधिकारको अवस्था सकारात्मक भइरहेको छ। मानव अधिकार वर्ष पुस्तक पाठकका लागि स्रोत पुस्तकका रूपमा स्थापित भएको छ।

रामप्रमेश मण्डल
अध्यक्ष, सेफ नेपाल, धनुषा

घटना सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, सम्बन्धित पक्षलाई खबरदारी गर्ने कार्य सकारात्मक र मानव अधिकार उल्लङ्घन गर्ने पक्षलाई दबाब दिने कार्य सराहनीय छ। मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको सङ्ग्रह बनेको छ। सरकारी, गैरसरकारी संस्था, अनुसन्धानकर्ता सबैका लागि यो एउटा आधिकारिक स्रोत पुस्तकका रूपमा विकास भएको छ। यसको विश्वसनीयता सदा कायम रहोस्।

गणेशकुमार पहाडी
सांसद, क्षेत्र नं. १, सिन्धुली

पुस्तकले नेपालमा मानव अधिकारको अवस्थाबारे जानकारी दिने आधिकारिक दस्तावेजका रूपमा समेत काम गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण गर्नेतर्फ उल्लेख्य भूमिका निर्वाह गरेको छ। घटनाहरू इन्सेकको पुस्तकमा लेख्नुभन्दा अगाडि अदालतमा परेका मुद्दाहरूको मिसिल हेरेर सोहीअनुसार प्रतिवेदन तयार

गरेमा अझ तथ्यपरक हुने थियो। यसले न्याय सम्पादन र न्यायालयको विश्वसनीयतालाई समेत कायम राख्न सहज हुने थियो।

भोलानाथ चौलागाईं
न्यायाधीश, जिल्ला अदालत, सिन्धुली

आगामी दिनमा मानव अधिकारसँग सम्बन्धित सही, सत्य र तथ्य कुरा प्रकाशन हुन सकेमा पुस्तकप्रतिको विश्वसनीयता र प्रभावकारिता अझ अभिवृद्धि हुने विश्वास लिएको छु।

दीपकराज नेपाल
कामु प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशमा जुनसुकै पक्षबाट हुने गरेका मानव अधिकार उल्लङ्घनका घटना समेटेर समाजमा उजागर गरिदिने भएकाले हरेक पक्षलाई मानव अधिकार संरक्षण गर्नतर्फ सजग र सतर्क बनाएको छ। जसबाट मानव अधिकार हनन्का घटनामा केही कमी आउने गरेको देखेको छु।

गोविन्द गिरी
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

२१ औँ शताब्दीको मानव र त्यसका अधिकारप्रति सहयोग र योगदान गर्नका लागि यस पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु। नेपालको संविधानले दिएको हक, हितको संरक्षण गर्दै मानव अधिकार उल्लङ्घन तथा हनन्का घटनामा कमी आई प्रत्येक नागरिकले बाँच्न पाउने अधिकारको सुनिश्चित गर्नुका साथै केवल मानव अधिकार हनन् नभई विश्वका प्राणी जगतको अधिकारका लागि यो पुस्तकले प्रेरणा दिनेछ।

विपिन ओझा
प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

देशभरिका मानव अधिकारसँग सम्बन्धित घटना समेटेर प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यले गर्नुपर्ने कामलाई सामाजिक क्षेत्रबाट भए पनि पूरा गर्दै आएको छ। पुस्तकले सङ्कलन गर्ने घटनाहरूको विश्वसनीयता अन्तर्राष्ट्रिय स्तरमा समेत बढेको छ। यो विश्वसनीयता सदा कायम गर्न रहोस्।

द्वारिका काफ्ले
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक वर्षभरिका मानव अधिकारसम्बन्धी घटना सम्प्रेषण गरी दस्तावेजका रूपमा प्रकाशित हुँदै आएको छ। यो वा त्यो बहानामा अशान्तिका क्रियाकलाप, जस्तै- बन्द, हड्ताल, आन्दोलनजस्ता गतिविधिले मानव अधिकार उल्लङ्घनका घटना प्रत्येक दिन बढ्दै छन्। महिलाविरूद्धका हिंसालगायत अन्य गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटना भइरहँदा राष्ट्रको समुन्नति सम्भव हुँदैन।

सुशीला आचार्य
महिला विकास अधिकृत, सिन्धुली

इन्सेकले आफ्नो स्थापनाकालदेखि नेपालका विभिन्न भू-भागमा पुगी मानव अधिकार उल्लङ्घनका घटनाबारे मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित गरी राज्यको ऐनाका रूपमा काम गर्दै आएको छ।

जङ्गबहादुर राई
अध्यक्ष, नेपाल बार एसोसिएसन, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारविरूद्ध हुने सबैखाले घटनालाई सत्य, तथ्य र निष्पक्ष ढङ्गले उठान गरिरहेको छ। पछिल्लो समयमा मानव अधिकारको धरातल अझ व्यापक र चुनौतीपूर्ण बन्दै गइरहेको सन्दर्भमा नागरिकका अधिकारलाई अझ विस्तृतरूपमा विश्लेषण गर्दै सधैँझैँ मानव अधिकार संरक्षण र सम्बर्द्धनमा यो संस्था उभिने विश्वास लिएको छु।

प्रह्लाद पोखरेल
संयोजक, स्थानीय शान्ति समिति, सिन्धुली

नेपालको मानव अधिकारको अवस्थाबारे जान्न, अध्ययन/अनुसन्धान तथा शोध गर्नेका लागि पनि यो पुस्तक उपयोगी छ। पुस्तकले नागरिक तथा राजनीतिक अधिकारका घटनालाई बढी महत्व दिएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित विषयलाई पनि प्रमुखताका साथ उठाउनुपर्ने आवश्यकता देखिन्छ।

पाण्डव प्रसाई
सचिव, नेपाल बार, रामेछाप

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक आफैँमा एउटा ऐतिहासिक दस्तावेज हो। यसले हाम्रो समाज चरित्रलाई चित्रण गरेको छ। समाजको चरित्र जस्तो छ, समाजमा त्यस्तै खालका घटना हुने गर्छन्। वर्ष पुस्तकले आवाजविहीनका

आवाज समेटेको छ। कतिपय सन्दर्भमा यसले पहुँच नभएकाको प्रतिनिधित्व गर्ने गर्छ।

आनन्द श्रेष्ठ
सचिव, एमाले जिल्ला कमिटी, रामेछाप

नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी र पठनीय छ। यस पुस्तकको निरन्तरताको आग्रह गर्छु। मानव अधिकारका विषयमा नागरिक कम जानकार छन्। अधिकार र कर्तव्यलाई एकैसाथ सचेत गराउँदै लैजानुपर्छ।

चिरञ्जीवी मास्के
केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ, दोलखा

अधिकारका विषयमा आमनागरिकलाई सचेत गराउँदै अधिकार प्राप्तिमा आमनागरिकको पहुँच वृद्धिमा यो पुस्तक सहयोगी रहेको छ। पीडित पक्षलाई न्याय प्राप्तिमा यसले सघाएको छ। दण्डहीनता अन्त्यका लागि लुकेर रहेका घटनालाई उजागर गर्न थप सफलता मिलोस्।

कृष्णबहादुर बस्नेत
अध्यक्ष, नेपाल बार एसोसिएसन, दोलखा

ग्रामीण तहमा अझै मानव अधिकारका कुरा उठाउन सकिएको छैन। पुस्तकलाई दस्तावेजका रूपमा मात्र नराखी अधिकार प्राप्तिका लागि आगामी दिनमा समुदाय तहमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्छ।

केशवराज चौलागाईं
सचिव, नेपाली कङ्ग्रेस जिल्ला समिति, दोलखा

इन्सेकले गरेको अभिलेखलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विश्वास गरिएको पाएको छु। बालबालिका तथा महिलाको अधिकार, जातीय र लिङ्गीय विभेदलगायतका संवेदनशील विषय इन्सेकले जोडदाररूपमा उठाउँदै आएको छ। साथै समाजमा यस्ताखाले घटना र समस्या हुन नदिन इन्सेकले सामाजिक जागरण पैदा गरेको मलाई लागेको छ। इन्सेकको तथ्याङ्कका कारण सरकारी निकायलाई पनि सजिलो भएको पाएको छु।

कृष्णप्रसाद ढुङ्गाना
प्रमुख जिल्ला अधिकारी, बारा

इन्सेकले मानव अधिकार प्रवर्धन र संरक्षणका लागि गर्दै आएका कार्य सराहनीय छन्। मानव अधिकारको सवालमा कानुन विपरीत भए/गरेका स्थानीय समस्या उजागर गरी राष्ट्रिय/अन्तर्राष्ट्रियकरण गरेर पीडितलाई न्याय दिलाउने काम गर्दै आएको छ। मानव अधिकार क्षेत्रमा यसको काम उल्लेखनीय छ। कतिपय मानव जीवनको रक्षा गरेको पाएको छु, त्यसैले इन्सेकको काम कारवाही सराहनीय छ।

नरेन्द्र उप्रेती
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बारा

मानव अधिकार रक्षाको सवालमा काम गर्दै आएको इन्सेक सबैको साझा संस्था हो। इन्सेकले जुन वर्गका पीडित भए पनि उसको समस्यालाई समानरूपमा उठाउँदै आएको छ। कसैलाई काखा कसैलाई पाखा गरेको छैन। हरेक कालखण्डमा इन्सेकले सराहनीय र मानव जीवन रक्षाको हकमा भूमिका निर्वाह गर्दै आएको छ।

बलवीर चौधरी
अध्यक्ष, नेकपा एमाले, बारा

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज सावित भएको छ।

रामप्रसाद थपलिया
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवको स्वतन्त्रपूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

मीरा चौधरी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, हेटौँडा

पुस्तक प्रकाशनले राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक हुँदा पीडकहरू निरूत्साहित हुने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

रघुरमण न्यौपाने
सभापति, नेपाली कङ्ग्रेस, मकवानपुर

यो पुस्तक मुख्यगरी राज्य र गैरराज्य पक्षबाट मानव अधिकार हनन् भएका घटनाको सङ्गालो हो। यो पुस्तक अध्ययन गरेपछि नेपालको मानव अधिकारको अवस्थाबारे धेरै प्रष्ट हुन्छ।

मुनु सिग्देल
अध्यक्ष, नेकपा (एमाले) मकवानपुर

मानव अधिकार वर्ष पुस्तक सबै विषय समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानव अधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

प्रेमबहादुर पुलामी
इन्चार्ज, नेकपा माओवादी, मकवानपुर

लामो समयदेखि प्रकाशित भइरहेको यो मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्थाबारे जानकारी दिलाउन योगदान पुऱ्याउँदै आएकाले यसको निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्छु।

नवराज बिष्ट
राप्रपा नेपाल, मकवानपुर

मानव अधिकार वर्ष पुस्तक मुलुकको मानव अधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानव अधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ।

गोपाल आचार्य
अध्यक्ष, पुनरावेदन अदालत बार एसोसिएसन, हेटौडा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले आमनेपाली समाजलाई मानव अधिकार र कानुनी राज्यप्रति सुसूचित गराएको भूमिका सराहनीय र प्रशंसनीय छ। मानव अधिकारका सरोकारवाला सबै निकायलाई थप जिम्मेवार बनाउँदै लगेको छ। मानव अधिकारप्रति प्रतिबद्ध सबै पक्षलाई मानव अधिकार संरक्षणको अभियानमा समेत यस पुस्तकबाट अगाडि बढ्न सहयोग मिल्छ भन्ने मलाई लाग्छ।

राजेशनाथ बास्तोला
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,
काभ्रेपलाञ्चोक

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ मा बाल अधिकारअन्तर्गत शिक्षाको अधिकार शीर्षकमा हरेक जिल्लामा बालबालिकाको भर्ना अवस्था र बालमैत्री विद्यालय सङ्ख्याको विषयमा उल्लेख हुनु राम्रो पक्ष हो। बाल अधिकारका चार क्षेत्रमध्ये शिक्षाको अधिकार विकाससँग सम्बन्धित छ। सबै विद्यालयलाई बालमैत्री बनाउन र गुणस्तरीय शिक्षा प्रदान गरी कोही पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने सवाललाई मानव अधिकार क्षेत्रले अलि बढी उठाउनुपर्छ।

डा. दीपेन्द्र गुरूङ
जिल्ला शिक्षा अधिकारी, काभ्रेपलाञ्चोक

सन् १९९२ देखि हरेक वर्ष प्रकाशित हुँदै आएको यो पुस्तकमा कारागार र बन्दी शीर्षकमा जेलका विषय पनि समेटिएको छ। कारागारको भौतिक अवस्था, बन्दीहरूका सवाल र सुधार गर्नुपर्ने विषय हरेक वर्ष समेटिएकोप्रति इन्सेकलाई धन्यवाद दिन्छु।

महेशकुमार पोखेल
कारागार प्रमुख, कारागार कार्यालय, काभ्रेपलाञ्चोक

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ अध्ययन गर्ने मौका पाएँ। पुस्तकले मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाबारे जानकारी लिन मद्दत पुग्छ। जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्छ। यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँचयोग्य बनाउनुपर्छ।

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ अध्ययन गरेँ। यो पठनीय र सङ्ग्रहनीय छ। आमनागरिकलाई मानव अधिकारको सूचना दिनु निकै राम्रो काम हो। वर्ष पुस्तकले निरन्तरता पाओस्।

ज्ञानेन्द्र न्यौपाने
अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार जस्ता महत्वपूर्ण कुरालाई पनि समेटेर जान आवश्यक छ। मानव अधिकार वर्ष पुस्तकले आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार हनन्का घटना पनि समेट्नुपर्छ ।

चित्रकुमारी न्यौपाने
अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लङ्घनका घटना जनतामाझ आएका छन्। पुस्तकमा प्रकाशित विषयहरू सन्दर्भ सामग्रीका रूपमा सबैले प्रयोग गर्न सक्छन्। यो पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका घटना न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ।

विश्वास नेपाली
मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र,
धैवुङ, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१५ अध्ययन गर्ने मौका मिल्यो। मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटना समेटेर प्रकाशित पुस्तक निकै उपयोगी छ। यसमा समेटिएका मानव अधिकार उल्लङ्घनका घटना तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो।

कर्ण्याल तामाङ
अध्यक्ष, नेकपा एमाले, रसुवा

यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। मानव अधिकारका तथ्याङ्कहरूको सङ्गालोका रूपमा पुस्तक छ। यो पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो लाग्छ।

राकेश लामा
नेपाल पत्रकार महासङ्घ, रसुवा

मानव अधिकार वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरण मात्रै भएको छैन यसले न्याय पाए/नपाएको विषयमा अनुगमनमा समेत सहयोग पुगेको छ। मानव अधिकारबाट पीडित व्यक्तिहरूबारे विभिन्न दुर्गम ठाउँमा पुगेर इन्सेकले आवाज उठाएको छ।

यदु अधिकारी
सभापति, मानव अधिकार तथा शान्ति समाज, गोरखा

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका दृष्टिकोणले नेपालको विश्वसनीय दस्तावेज हो। विगतका पुस्तकले सशस्त्र द्वन्द्वको अद्यावधि गरेको थियो। शान्ति प्रक्रियाका विविध पक्षहरू मानव अधिकारका सूत्रमा बाँधेर प्रस्तुत गरेको पाइन्छ। यति हुँदाहुँदै पनि पुस्तकमा केही कमी छन्। नागरिक तथा राजनीतिक अधिकारका घटना बढी र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषय कम समेटिएको पाइन्छ। वर्तमान सन्दर्भमा आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई पनि महत्वका साथ समेट्न जरूरी देखिन्छ।

भीमलाल श्रेष्ठ
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, गोरखा

मानव अधिकार वर्ष पुस्तक आफैँमा मानव अधिकारको एक दस्तावेज हो। यसले वर्षौं पहिलेदेखिका अधिकार उल्लङ्घनका घटनालाई अभिलेख गरेको छ। हिजोको अवस्था बुझ्दै भोलि कसरी अगाडि बढ्न सकिन्छ भन्ने ज्ञान दिलाउँछ। पीडितलाई न्याय दिलाउन वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। यसलाई अझै परिस्कृत गर्दै अति महत्वपूर्ण घटनालाई समेटेर पुस्तक सानो बनाउनुपर्छ। इन्सेकको सक्रियतामा न्याय पाएका घटनाबारे पनि वर्ष पुस्तकमा उल्लेख भए राम्रो हुने थियो। वर्ष पुस्तक एकैखाले हुँदा अघिल्ला वर्षको जस्तै देखिन्छ। फरकखालको डिजाइन बनाउँदा प्रभावकारी हुन्छ कि ?

वसन्त रजौरे
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, गोरखा

इन्सेकले घटना अभिलेखका आधारमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकको छुट्टै महत्व छ। वर्ष पुस्तकमा समेटिने घटना सामान्य र धेरै भएजस्तो लाग्छ। महत्वपूर्ण अति संवेदनशील घटना समेटेर अन्य घटनालाई सङ्ख्यात्मकरूपमा समेट्दा राम्रो होला। वर्ष पुस्तक ठूलो र धेरै पानाको हुँदा अध्ययन गर्न समय धेरै लाग्नेखालको छ। पृष्ठ घटाएर चित्र आउने खालको बनाउन सकियो भने अझै प्रभावकारी हुने थियो। अधिकार उल्लङ्घनका घटनासँगै राम्रा काम, अधिकार प्राप्तिका नमुना घटना पनि समेटियो भने वर्ष पुस्तक हेर्नेलाई न्यायको बाटो देखाउँथ्यो कि ?

दीपेन्द्र पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखा

राज्यले विभिन्न सन्धि, अभिसन्धि र महासन्धिको अनुमोदन गरेको छ तर मानव अधिकार संस्कारको विकास गराउन नसकेको जनगुनासो छ।। राज्यले मानव अधिकार संस्कारको विकास गराउन आवश्यक छ। राज्यलाई आफ्नो दायित्वतर्फ जागरूक र अभिमुख गराउने, गैरराज्य पक्षलाई कर्तव्यप्रति प्रतिबद्ध गराउने काममा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

गोविन्द खनाल
केन्द्रीय सचिव, मानव अधिकार तथा शान्ति समाज, गोरखा

वर्ष पुस्तक पछिल्लो समय कार्यालयमा आउन छाडेकामा दु:ख लाग्यो। वर्ष पुस्तकमा प्रकाशन हुने

विवरणमा दोषीले सजाय पूरा गरेपछि दोषीकै रूपमा डकुमेन्ट बन्ने भएकाले सजाय सकिएपछि वा फैसला भएपछि वर्ष पुस्तकमा त्यो सच्याइनुपर्छ। जिल्लाका घटना सङ्कलन गर्दा प्रहरी प्रशासनसँग लिइन्छ तर स्थलगत भ्रमण गरी घटना विवरण सङ्कलनको प्रयास गर्नुपर्छ।

गोपाल पाण्डे
प्रमुख, जिल्ला कारागार, गोरखा

वर्ष पुस्तकले वर्षभरिका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशमा ल्याएर अत्यन्त महत्वपूर्ण काम गरेको छ। यसले मुलुकको मानव अधिकारसम्बन्धी अवस्थालाई ऐनाझैं छर्लङ्ग बनाएको छ। लामो समयदेखिको निरन्तरता भविष्यमा पनि अविरल रहिरहोस्।

कमलराज श्रेष्ठ
पूर्वसांसद, नेकपा एमाले, गोरखा

निरन्तर प्रकाशन हुँदै आएको वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका सबै घटनालाई तथ्यपूर्णरूपमा समावेश गरी मानव अधिकारको सवालमा सबैलाई जिम्मेवार बनाउन उत्प्रेरित गर्छ। जिल्ला प्रतिनिधिहरूको प्रशंसनीय कार्यले आफूलाई पनि घटनाको अनुसन्धानमा थप सहयोग मिलेको महसुस भएको छ। कुनै पूर्वाग्रहबाट मुक्त भई प्रकाशन हुँदै आइरहेको यो पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाको विश्वसनीय र भरपर्दो अभिलेखका रूपमा रहेको छ।

गजुसिद्दी वज्राचार्य
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कास्की

राज्य तथा गैरराज्यको क्षेत्रबाट हुने मानव अधिकार उल्लङ्घनका घटना संश्लेषण गरी प्रकाशन हुँदै आएको यस पुस्तक मानव अधिकारप्रति जिम्मेवार र जवाफदेही बनाउन सबैलाई प्रोत्साहित गराएको छ। गैरसरकारी क्षेत्रको प्रकाशन भए पनि भरपर्दो र विश्वसनीय अभिलेखका रूपमा स्थापित मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन हुँदै जानुपर्छ। मानव अधिकारसँगै कर्तव्यको पनि पालना गर्न/गराउन नागरिक सचेतनामा उल्लेख्य भूमिका निर्वाह गर्न वर्ष पुस्तक सफल रहोस्।

गोपाल खड्का
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, कास्की

पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गरी मानव अधिकार संरक्षणको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइएको छ। नेपालको नयाँ संविधानले मानव अधिकारका सवालमा व्यवस्था गरेका सकारात्मक पक्षलाई सम्बर्द्धन गर्दै भविष्यमा पनि मानव अधिकारको संरक्षण तथा पक्षपोषण गर्ने कार्यमा थप सफलता मिलोस्।

दीनबन्धु बराल
स्रेस्तेदार, जिल्ला अदालत, कास्की

वर्ष पुस्तकमा उल्लिखित विषयवस्तु नेपालको ऐन/कानुनसम्मत र वस्तुनिष्ट हुनेछ भन्नेमा विश्वस्त छु। मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका तथ्य/तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारबारे देशमा भए/गरेका त्रुटि र तिनको समाधानका लागि सरोकारवाला निकायले पनि आफूलाई सच्याउने मौका पाउनेछन्।

कृष्णप्रसाद रेग्मी
सहायक प्रमुख जिल्ला अधिकारी, कास्की

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरका सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाबारे यथार्थ विवरण प्रकाशन गरी सार्वजनिक गर्ने सवालमा विशेषगरी महिला तथा बालबालिकामाथि हुने कुनै प्रकारका हिंसाका घटनालाई तथ्याङ्कसहित अभिलेखीकरण गरेको छ। समाजको मूल प्रवाहबाट पछाडि पारिएका वर्गहरूको आवाजलाई सार्वजनिक गरी आममानिसको मानव अधिकारको विषयलाई वर्ष पुस्तकले सुसूचित गराउँदै आएको छ।

लक्ष्मीदेवी जिसी
प्रमुख महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, कास्की

मानव अधिकारको क्षेत्रमा इन्सेकले गरेका क्रियाकलाप सराहनीय छन्। यसलाई निरन्तरता दिँदै मानव अधिकार उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन वर्ष पुस्तकमा समेटिएका घटनाले मद्दत पुगोस्। मानव अधिकारको चेतना ग्रामीण भेगका सीमान्तकृत वर्गसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनको उद्देश्य प्राप्तिमा टेवा पुग्नेछ।

माधवप्रसाद ढुङ्गाना
निमित्त प्रमुख जिल्ला अधिकारी, नवलपरासी

मानव अधिकार उल्लङ्घनका घटनामात्र होइन, मानव अधिकार संरक्षणका घटनालाई पनि वर्ष पुस्तकमा समेट्दा यथार्थपरक र उदाहरणीय बन्छ। कानुनी राज्यमा मानव अधिकारको उपयोग गर्नबाट कोही कतै वञ्चित हुन नपरोस्, यो खबरदारीको काम इन्सेकले गर्दै आएको छ। यसको निरन्तरतामा चासो बढदै जाओस्। कानुन उल्लङ्घन गर्नेलाई न्यायको कठघरामा ल्याउन र दण्डहीनता अन्त्य गराउन वर्ष पुस्तक कोशेढुङ्गा बन्न सकोस्।

कपिलप्रसाद रेग्मी
प्रमुख, कारागार कार्यालय, नवलपरासी

वर्ष पुस्तकले मानव अधिकारसम्बन्धी सचेतनाको काम गरेको छ भने मानव अधिकार उल्लङ्घनका घटना जस्ताको त्यस्तै प्रस्तुत गरेर मानव अधिकार उल्लङ्घनकर्तालाई खबरदारी गरेको छ। पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना सबैसामु ल्याएर यसका लागि सरोकारवालाको ध्यानाकर्षण गराएको मैले महसुस गरेको छु।

विष्णु लामिछाने
सचिव, नेपाली कङ्ग्रेस जिल्ला कार्यसमिति,
नवलपरासी

समाजको तल्लो तहमा पुगेर त्यहाँका अमानवीय घटनालाई जनसमक्ष उतार्ने चुनौतीपूर्ण काममा इन्सेकले अझ मेहनत गर्ने अपेक्षा गरिएको छ।

रोशनबहादुर गाहा
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, नवलपरासी

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दस्तावेज बनेको छ। यसले राज्यका निकाय र राजनीतिक दलहरूलाई मानव अधिकार अवस्था बोध गराउने काम गरेको छ। अबका दिन अधिकार सँगसँगै कर्तव्यको पक्षमा अभियान चलाउन जरूरी हुन्छ। अधिकारसँगै मानिसमा कर्तव्यको बोध हुन सक्यो भने सभ्य समाज निर्माणमा टेवा पुग्छ। राज्यका तर्फबाट मानव अधिकारको पूर्ण सम्मान र प्रत्याभूति गर्ने काममा पुनः प्रतिबद्धता दोहोऱ्याउन चाहन्छु।

विष्णुप्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको राष्ट्रिय दस्तावेज नै भन्दा हुन्छ। वर्ष पुस्तकले समाजको यथार्थ रूप उजागार गर्ने काम गरेको छ। मानव अधिकारका क्षेत्रमा जसरी निरन्तरको अभियान चलाइएको छ त्यसले एकखालको मापदण्ड स्थापित गराएको छ। सभ्य समाज निर्माणका लागि सामाजिक सङ्घसंस्थाबीच सहकार्य हुन जरूरी छ। अघिल्ला वर्षका तुलनामा मानव अधिकारविरूद्धका ज्यादती कम भएको पाइए पनि समग्र मानव अधिकारको अवस्था भने सुधार हुन सकेको छैन।

युवराज गिरी
महासमिति सदस्य, नेपाली कङ्ग्रेस, रूपन्देही

मानव अधिकारको क्षेत्रमा इन्सेकले राज्य र यसका निकायलाई जवाफदेही र जिम्मेवार बनाउने काम गरेको छ। मानव अधिकार वर्ष पुस्तक मुलुकको समग्र मानव अधिकारको राष्ट्रिय दस्तावेज हो। यद्यपि यो वर्ष पुस्तकको ढाँचालाई केही परिमार्जन गर्न भने जरूरी छ। घटना विवरणमात्रै समावेश गरिनुभन्दा विश्लेषण र अरू पाटालाई पनि मसिनो गरी केलाएर समावेश गर्न आवश्यक छ।

गोपाल राना
नेकपा एमाले
जिल्ला सचिवालय सदस्य तथा क्षेत्रीय इन्चार्ज,
रुपन्देही

लामो र निरन्तरको अभियान चलाउनु आफैँमा कठिन काम भए पनि इन्सेक मानव अधिकार अभियानमा खरोरूपमा उत्रिएको छ। इन्सेकको निरन्तर अभियानले राज्यका निकाय र राजनीतिक दलहरूलाई जिम्मेवार बनाउने काम गरेको छ। समाजमा मानव अधिकार संस्कारको विकास गराउन मद्दत पनि मिलेको छ। मानव अधिकार वर्ष पुस्तकमा कतिपय ग्रामीण भेगका घटना छुट्ने गरेका गुनासा आएका छन्। महिलाविरूद्धका हिंसाका कुनै पनि घटना छुटाउनु हुन्न। घटना छुट्दा पीडितलाई न्यायमा पहुँच कमजोर हुन्छ। यस्ता गुनासालाई गम्भीरपूर्वक लिएर त्यसैअनुसारको अभियान चलाउनेतर्फ इन्सेकको ध्यान जान सकोस्। वर्ष पुस्तक परम्परावादी जस्तो भएको पनि कुरा आएको छ। यद्यपि दुई वर्षयता यसको स्वरूपमा केही परिवर्तन आएको पनि छ। यसलाई अझ परिस्कृत र व्यवस्थित गराउन आवश्यक छ। घटनाप्रधान भन्दा पनि विश्लेषणमूलक बनाउनेतर्फ ध्यान जान सकोस्।

हरि घिमिरे
जिल्ला सदस्य, एनेकपा माओवादी रूपन्देही

देशभर भएका मानव अधिकार उल्लङ्घन, ज्यादती र हनन्का घटनालाई जस्ताको तस्तै मानव अधिकार वर्ष पुस्तकमा समावेश गरेर इन्सेकले महत्वपूर्ण काम गरेको छ। यसले इन्सेकको अन्तर्राष्ट्रियस्तरम उचाइ कायम गराएको छ। राजनीतिक परिवर्तन भएको भए पनि संस्कारमा परिवर्तन आउन सकेको छैन। पत्रकार महासङ्घ इन्सेक जस्ता मानव अधिकार संस्थासँग सहकार्य गर्न तयार छ। पत्रकारहरूको पेशागत सुरक्षा र हक हितका लागि मानव अधिकार संस्थाहरूले पनि आवाज उठाउन जरूरी छ।

शेरबहादुर केसी
सभापति, नेपाल पत्रकार महासङ्घ, रूपन्देही

मानव अधिकारका क्षेत्रमा इन्सेकको नेतृत्वदायी भूमिका छ। यसले मानव अधिकार संस्कारको विकास गराउने काम गरेको छ। देशभरका घटना समेटेर हरेक वर्ष मानव अधिकर वर्ष पुस्तक प्रकाशन गर्नु आफैंमा महत्वपूर्ण र चुनौतीपूर्ण काम हो तर इन्सेकले यो चुनौती सामना गर्दै एउटा सशक्त अभियान स्थापित गर्न सफल भएको छ।

गोविन्द शर्मा रेग्मी
उपाध्यक्ष, गैसस महासङ्घ, रूपन्देही

मानव अधिकारको रक्षा र सम्वर्द्धनका लागि निरन्तर क्रियाशील भएर काम गर्नु आफैंमा जटिल कुरा हो। तर पनि इन्सेकले जसरी यो सशक्त अभियान चलाएको छ त्यो सबैले सराहना गर्न आवश्यक छ। राज्यले मौलिक हक र अधिकारका क्षेत्रमा ख्याल पुऱ्याउन सकेको छैन। राज्यका निकायलाई जवाफदेही बनाउन मानव अधिकारको सशक्त अभियान चलाउन आवश्यक छ। कानुनी राज्य, विधिको शासन र लोकतन्त्रका लागि मानव अधिकारकर्मीको भूमिका महत्वपूर्ण हुन्छ।

शिव गौडेल
अधिवक्ता तथा संयोजक, जवाफदेहिता निगरानी समिति, रूपन्देही

मानव अधिकार रक्षाका क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। यसले दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याउने काम गरेको छ। सूचना र घटना सङ्कलनको माध्यम प्रहरी भन्दा स्थलगत हुनुपर्छ जसले इन्सेकको विश्वास टुट्ने छैन।

बुद्धि जिसी
जिल्ला कमिटी सचिव, एमाओवादी, पाल्पा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्था झल्काउने एउटा महत्वपूर्ण दस्तावेजका रूपमा परिचय बनाएको छ। जिल्लास्तरमा समेत इन्सेकले समयसमयमा भएका मानव अधिकारको अवस्थाबारे छलफल, अन्तरक्रिया र समीक्षा गर्दै आएको छ। एकातिर पुस्तकले मानव अधिकारको अवस्थालाई जस्ताको त्यस्तै प्रष्ट पार्दै आएको छ भने अर्कोतिर इन्सेकले आयोजना गर्ने कार्यक्रमहरूमा समेत मानव अधिकार र जिल्लाको अवस्थाबारे छलफल हुँदै आएको छ।

प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी, पाल्पा

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक राम्रो दस्तावेज हो। जिल्लाको समग्र मानव अधिकारको अवस्था कस्तो छ भनेर धेरै खोजिरहनुपर्ने झन्झट टरेको छ। यो पुस्तक पल्टाएपछि सबै कुरा थाहा पाउने अवस्था रहेको छ। यसर्थ पनि यसको महत्व निकै माथि रहेको महसुस गरेको छु।

देवीप्रसाद बस्याल
कार्यवाहक अध्यक्ष, नेकपा एमाले, पाल्पा

वर्ष पुस्तकमा समेटिने विषयवस्तु र मानव अधिकारको अवस्थालाई झल्काउने शैली रचनात्मक छ। इन्सेक र मानव अधिकार वर्ष पुस्तकप्रति सर्वसाधारणको विश्वास राम्रो छ। कतिपय ठाउँमा मानव अधिकार उल्लङ्घनका जानकारी लिन र दिन वर्ष पुस्तक सजिलो भएको छ। कतिपय कार्यालयमा वर्ष पुस्तक हेरे सबै थाहा हुन्छ भन्ने गरेको सुनेको छु। यसर्थ पनि यो पुस्तक सबैको साझा सम्पत्ति बनेको छ।

यमलाल तिमिल्सिना
नेता, नेपाली काङ्ग्रेस, पाल्पा

मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जिम्मेवार निकायका व्यक्तिलाई जवाफदेही बनाउन यो पुस्तक सान्दर्भिक र उपयोगी छ। नेपालको मानव अधिकारको अवस्थालाई चिनाउने अन्तर्राष्ट्रिय दस्तावेजका रूपमा यो पुस्तक रहेको छ।

केशवकुमार शर्मा
संयोजक, मानव अधिकार सञ्जाल, दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले विभिन्न क्षेत्र र समयमा भए/गरेका मानव अधिकार

उल्लङ्घनका घटनाहरू एउटै पुस्तकमा समेटेर सार्वजनिक गर्नु महत्वपूर्ण कार्य हो।

कमल थपलिया
कार्यालय सचिव, स्थानीय शान्ति समिति, प्यूठान

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेटेर हरेक वर्ष प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको यथार्थ चित्रण गर्ने गरेको छ। प्रकाशित घटनाहरू जिल्लाबाट सम्पादन भई आवश्यक सुझावहरू समेत समेटिएर सत्यतथ्यमा आधारित भई आउने भएकाले मानव अधिकार वर्ष पुस्तकका सूचना एवम् तथ्याङ्कमा आधारित देशको मानव अधिकार स्थितिको महत्वपूर्ण दस्तावेज पनि मानिन्छ। यस पुस्तकले पछिल्लो समयमा लैङ्गिक हिंसाका घटना पनि समेट्ने प्रयास गरेकामा आभार व्यक्त गर्दै जिल्लाका दुर्गम क्षेत्रमा भएका मानव अधिकार हनन् तथा उल्लङ्घनका सबै घटना समेट्नेछ भन्ने अपेक्षा राख्छु।

पार्वता आचार्य
संयोजक, जिल्लास्तरीय मानव अधिकार
सञ्जाल, प्यूठान

मानव अधिकार वर्ष पुस्तकले तथ्याङ्कमा आधारित भई काम गर्ने व्यक्ति तथा संस्थालाई सघाउ पुऱ्याउनेछ। कैलालीलगायत तराईमा भएका गतिविधि र देशका विभिन्न भागमा भइरहेका हिंसात्मक घटनाका कारण नेपालमा मानव अधिकारको अवस्था निकै दयनीय बन्दै गएको छ। वर्ष पुस्तकको मोटाइ जति धेरै बढ्दै जान्छ, मानव अधिकारको उल्लङ्घन पनि उति नै बढेको रहेछ भन्ने बुझ्न सकिन्छ।

तुल्सीराम शर्मा
अध्यक्ष, नेकपा एमाले जिल्ला कमिटी, प्यूठान

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अभिलेखको महत्वपूर्ण दस्तावेज हो जुन कुरा मैले विगतदेखि नै दोहोऱ्याउँदै आएको छु। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना दस्तावेजको सन्दर्भमा नेपालमा पृथकखालको भूमिका खेलेको छ। राज्यका सबै निकायबाट कार्यसम्पादन गर्ने क्रममा मानव अधिकार अवस्थाको स्थिति आकलन र मूल्याङ्कन एवम् मानव अधिकार रक्षाका क्षेत्रमा कार्यरतहरूका लागि पुस्तक उपयोगी छ। वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार हननका घटनामात्र नभएर मुलुकभरका घटना अभिलेख गर्ने भएका कारण यसको सान्दर्भिकता अझ बढेको छ। इन्सेकले मानव अधिकारको संरक्षणमा खेलेको भूमिकाको प्रशंसा गर्दै भविष्यमा समेत यसप्रकारका कार्यहरूको निरन्तरताको कामना गर्छु।

कृष्णप्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी, सल्यान

मानव अधिकार रक्षाका लागि इन्सेकले सल्यान जिल्लामा खेलेको भूमिका निकै सराहनीय छ। मानव अधिकार हनन्का घटनालाई प्रत्येक वर्ष चित्रण गर्नु वर्ष पुस्तकको उद्देश्य रहेको पाइयो। आगामी दिनमा यस्ता घटनामा कमी ल्याउन थप सचेतना गर्न सकेमा यो पुस्तक अझ बढी उपयोगी देखिन्छ। लोकतन्त्र, कानुनी शासनको स्थापनार्थ सहयोग मिल्नेछ।

राजेन्द्रकुमार शर्मा
सेरेस्तेदार, जिल्ला अदालत, सल्यान

मानव अधिकार वर्ष पुस्तकको म नियमित पाठक पनि हुँ। यसअघिका धेरै वर्ष पुस्तक मैले अध्ययन गर्ने मौका पाएको छु। जसमा सबै जिल्ला, जस्तै- सल्यान जिल्लाको पनि मानव अधिकारको यथार्थ चित्रण गरिएको पाएँ। आगामी दिनमा पनि जिल्लाका हरेक घटना नुछुटाइकन वर्ष पुस्तकमा समेटिनेछ भन्ने मेरो अपेक्षा छ।

क्षेत्रबहादुर बिक
संयोजक, स्थानीय शान्ति समिति, सल्यान

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित धेरै विषय समेटेको पाएँ। पुस्तकको अध्ययनबाट मानव अधिकारको सचेतनामा अभिवृद्धि हुने देख्छु। प्रत्येक व्यक्तिलाई स्वच्छ सुनवाइ र निःशुल्क कानुनी सहायता पाउने हक सुनिश्चित छ। त्यसको प्रत्यक्ष सम्बन्ध न्यायमा हुने भएकाले न्यायमा पहुँचको अवस्था कस्तो छ ? यसको सुधारका लागि के/कस्ता प्रयास भएका छन् ? ती प्रयासबाट कस्तो परिणाम आयो ? लगायतका विषयमा अध्ययन प्रतिवेदन वर्ष पुस्तकमा समेट्दा अझ व्यावहारिक हुन्छ होला। त्यसैले आगामी दिनमा न्यायमा पहुँचसम्बन्धी विषयलाई तथ्याङ्कसहित समावेश गरियोस् भन्ने अपेक्षा गर्छु।

बमकुमार श्रेष्ठ
मुख्य न्यायाधीश, पुनरावेदन अदालत, नेपालगञ्ज

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अनुसन्धान, अध्ययन तथा मानव अधिकार अवस्थाको बारेमा रुचि राख्ने व्यक्तिहरूका

लागि महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। मानव अधिकार उपभोगमा परेको असर र त्यससम्बन्धी घटनाहरूको जिल्लागत विवरणसहित प्रकाशित हुने भएकाले सम्बन्धित सबैलाई जिम्मेवार बनाउनसमेत पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। नागरिक, राजनीतिक अधिकारका साथसाथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोगको अवस्था र राज्यको दायित्व एवम् राज्यले गरेका कार्यहरूको विवरणलाई समेत संलग्न गराउन सके पुस्तक अझै प्रभावकारी हुने देखिन्छ।

मुरारि खरेल
क्षेत्रीय निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, बाँके

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका विविध पक्षबारे जानकारी दिने गरेको छ। पुस्तकले मानव अधिकारको अवस्थाबारे जानकारी दिँदै पीडितको न्यायको पक्षमा वकालत गर्न र मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा अपनाउनुपर्ने रणनीति निर्माणमा समेत मद्दत पुऱ्याउने गरेको छ।

वसन्त गौतम
अधिवक्ता, बाँके

नेपालको कुनाकाप्चा र दूरदराजमा भएका मानव अधिकार हननका घटना विवरण सङ्कलन गरी प्रत्येक वर्ष प्रकाशित हुने पुस्तकले पीडितलाई न्याय प्रदान गर्न भूमिका खेल्न सक्छ। न्यायबाट अविचलित नभई इन्साफ गर्न मानव अधिकार वर्ष पुस्तकले पहरेदारको काम गरेको पाएको छु। घटना विवरण सङ्कलकहरू वास्तविक घटनाका पात्रसँग प्रत्यक्ष हुन र घटनास्थलको अध्ययन/अनुसन्धान गरी सत्यतथ्य उजागर गर्न थप ऊर्जाका साथ सक्रिय हुनुपर्छ।

खिमानन्द पाण्डे
स्रेस्तेदार (उपसचिव), जिल्ला अदालत, बर्दिया

मानव अधिकार रक्षाका क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। अधिकारका क्षेत्रमा काम गर्ने अधिकारकर्मी र पीडितको न्यायका लागि मानव अधिकार वर्ष पुस्तक सधैँ उपयोगी बन्नुपर्छ।

केशव जिसी
संयोजक, मानव अधिकार एलाइन्स, बर्दिया

इन्सेकले सुविधा सम्पन्न ठाउँमा मात्र नभई दूरदराजका गाउँबस्तीमा गई मानव अधिकार उल्लङ्घनका घटनाका विषयमा अध्ययन र अनुसन्धान गरी सत्यतथ्य घटना उजागर गर्दा समाजको ऐनाका रूपमा काम गरिरहेको छ। मानव अधिकार घटनाप्रति सुसूचित हुने अवसर मात्रै नभई त्यस्ता घटनामा न्यूनीकरण गर्न सहयोगसमेत गरेको छ। पुस्तकमा संलग्न मानव अधिकार उल्लङ्घनका घटना यथार्थ छन्।

सञ्जीवकुमार कर्ण
अध्यक्ष, जिल्ला अदालत बार एसोसिएसन, बर्दिया

मानव अधिकारका बारेमा प्रहरीलाई समयसमयमा झक्झक्याउने काम पुस्तकले गरेको छ। वस्तुनिष्ठ अनुसन्धान मानव अधिकारको सम्मान हो। प्रहरीको अनुसन्धान तथा काम कर्तव्यमा मानव अधिकार वर्ष पुस्तकबाट घटनामा अनुसन्धान गर्दा भएका कमी/कमजोरीबारे पर्याप्त मात्रामा सुझावहरू प्राप्त गर्न सकिएको छ। समाजमा लुकेको घटनाबारे पुस्तकले प्रहरीलाई जानकारी गराउने गरेको पाइन्छ। समाजमा भएका घटनाबारे सामाजिक सचेतना जागृत गराउन पुस्तक सहयोगी बन्नुपर्छ।

गोविन्दराम परियार
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाको दस्तावेजका रूपमा रहँदै आएको छ। नेपालको मानव अधिकार उल्लङ्घनको अभिलेखीकरणको भूमिकामा यसले खेलेको भूमिका उल्लेखनीय छ। आगामी दिनमा यसले मानव अधिकार उल्लङ्घनका घटनाको पक्षमा सशक्त ढङ्गले आवाज उठाओस् भन्ने कामना गर्छु।

दीपक बुढा
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको एक महत्वपूर्ण ऐतिहासिक दस्तावेज हो। यसभित्र समेटिने घटनाले पीडित तथा पीडकका बारेमा छुट्टयाउन सकिन्छ। यस्ता विषयलाई समेट्न पुस्तक निरन्तर प्रकाशनका लागि कामना गर्छु।

अनन्तप्रसाद पौडेल
जिल्ला कार्यसमिति सदस्य, नेपाली काङ्ग्रेस, सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तकले समेटेका विवरण नै सशस्त्र द्वन्द्वका पीडितहरूलाई राहत र पीडकलाई कारबाही गर्ने माध्यम बनेको छ। आगामी

दिनमा यस्ताखाले घटना दोहोऱ्याउने पक्षलाई सजग गराउन यस पुस्तकले सशक्त भूमिका खेलोस् भन्ने चाहन्छु।

ध्रुवकुमार शाही
अध्यक्ष, नेकपा एमाले, सुर्खेत

मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि १० वर्ष सशस्त्र द्वन्द्वमा होस् वा १२ बुँदे शान्ति सम्झौतासम्म मानव अधिकार रक्षाका लागि इन्सेकले खेलेको भूमिका अतुलनीय छ। मानव अधिकारको रक्षाका निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा खेलेको भूमिकका कारण नेपालीको जीवनरक्षामा सहयोग पुगेको छ।

नरबहादुर बिष्ट
अध्यक्ष, एकीकृत नेकपा माओवादी, सुर्खेत

अपराध गर्ने व्यक्ति प्रहरी हिरासतमा नपुग्दै प्रहरीलाई आउने दबाबका कारण अपराधीहरूले प्रोत्साहन पाउने र उनीहरूको मनोबल बढ्ने गरेको पाइएको छ। इन्सेकले वर्ष पुस्तकमार्फत यस्ता गतिविधिविरूद्ध आवाज उठाउँदै आएको छ।

शिवलाल डाँगी
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी, जुम्ला

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका क्षेत्रमा एक ऐतिहासिक दस्तावेजका रूपमा स्थापित भएको छ। काम गर्दै जाँदा अधिकारमात्र हावी भएको देखियो। अबका दिनमा अधिकार र कर्तव्य दुवै सँगसँगै लैजानुपर्छ।

दुर्गाप्रसाद पाण्डे
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, जुम्ला

गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटना समेटेर हरेक वर्ष इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनमार्फत सार्वजनिक गरे पनि राज्यको ध्यानाकर्षण हुन सकेको छैन। यस्ता विषयमा राज्यको ध्यानाकर्षण नभएका कारण हरेक वर्ष घटना बढ्दै गएका छन्।

बरमबहादुर महत
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जुम्ला

इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार, यससँग जोडिएका सबै पक्ष र नेपालमा मानव अधिकारसम्बन्धी घटना, प्रकृति, विद्यमान अवस्थाको यथार्थ चित्रण गर्ने प्रयास गरेको छ। सञ्चार साधनको पहुँच नभएका ठाउँ नेपालमा छन्। ती ठाउँको मानव अधिकार अवस्थाका बारेमा आगामी अङ्कमा अझ महत्वका साथ प्रकाशित हुनेछ भन्ने अपेक्षा लिएको छु। नेपालमा लोकतान्त्रिक शासन व्यवस्था एवम् कानुनी राज्य पूर्णरूपमा स्थापना गर्न वर्ष पुस्तक अझ सफल बनोस्।

शम्भुप्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी, मुगु

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत देशको कुन जिल्लामा कुन प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटना भए भन्ने कुरा सर्वसाधारणलगायत मानव अधिकारको संरक्षण गर्ने सङ्घसंस्था र व्यक्तिलाई जानकारी लिन सजिलो भएको छ। प्रहरीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा ख्याल गर्नुपर्ने मानव अधिकार र हिरासतमा रहेका व्यक्तिहरूमा मानव अधिकारको संरक्षणलगायतका कुराहरूमा समेत सजग र सतर्कता अपनाउन सहयोग पुऱ्याएको छ।

सोमबहादुर थापा
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मुगु

देशका सबै स्थानमा भएका मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गर्नु आफैँमा चुनौतीपूर्ण विषय हो। यस्ता घटनाको प्रस्तुति गर्दा घटनाको वास्तविकता र सत्यतथ्यलाई विश्लेषण गर्न आवश्यक छ। यसो गर्नाले मानव अधिकार हनन हुन नदिन सचेत तुल्याउने र राज्य पक्षलाई अझ जिम्मेवार बनाउनेछ भने पीडक पक्षलाई खबरदारी गर्नेछ। देशका दूरदराजमा रहेका समाजका विकृति, विसङ्गति तथा कुसंस्कारबाट हुने मानव अधिकार हनन्का घटनालाई वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

डा. कृष्णबहादुर धिमिरे
प्रमुख जिल्ला अधिकारी, हुम्ला

मानव अधिकारका क्षेत्रमा लामो समयदेखि हालका दिनसम्म इन्सेकले खेलेको भूमिका कदरयोग्य छ। हरेक वर्ष मानव अधिकारको सम्पूर्ण अवस्थाबारे चित्रण गर्ने वर्ष पुस्तक हेर्ने गरेको छु। ग्रामीण क्षेत्रमा हुने मानव अधिकार उल्लङ्घनका घटना अझ बढी समेट्नुपर्छ।

उदयबहादुर सिंह
सहायक प्रमुख जिल्ला अधिकारी, कैलाली

मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको अवस्थाबारे सम्पूर्ण जानकारी गराउनु आफैँमा सराहनीय कार्य हो। मानव अधिकार हनन्का घटनाको अभिलेखीकरणबाट सरोकारवालालाई अझ संवेदनशील भई कार्य गर्न अभिप्रेरित गर्नेछ।

हरिप्रिया बम
प्रमुख, महिला तथा बालबालिका कार्यालय, कैलाली

वर्ष पुस्तकको अध्ययनबाट कारागारभित्र रहेका कैदी तथा बन्दी एवम् सम्पूर्ण कारागारको अवस्थाबारे उजागर हुने गर्छ। हरेक वर्ष देशका हरेक जिल्लाको मानव अधिकारको अवस्था चित्रण गरिरहने वर्ष पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस्।

पुष्कर खड्का
जेलर, जिल्ला कारागार, कैलाली

इन्सेकले लामो समयदेखि मानव अधिकारको प्रवर्धन र संरक्षणको क्षेत्रमा ठूलो योगदान दिँदै आएको छ। इन्सेकले अझ बढी गम्भीरपूर्वक मानव अधिकार संरक्षणका लागि योगदान दिने सवाल तथा विषयवस्तु वर्ष पुस्तकमा समेट्नुपर्छ।

भरत शाह
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, कैलाली

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक पीडितलाई न्याय दिलाउन महत्वपूर्ण आधार बनेको छ। वर्ष पुस्तकले राज्यलाई पनि जिम्मेवार बनाएको छ। अधिकारका आमसिद्धान्तहरू पालना गर्न, कानुन निर्माण तथा कार्यान्वयनका क्षेत्रमा इन्सेकको महत्वपूर्ण भूमिका छ।

हरिप्रसाद शर्मा उपाध्याय पङ्गेनी
न्यायाधीश, जिल्ला अदालत, अछाम

हरेक वर्ष इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा रहँदै आएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्न आरोपितलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। आगामी दिनमा समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनका घटना उजागर गरेमा सबै व्यक्तिलाई मानव अधिकारको प्रत्याभूत गर्न सहयोग पुग्नेछ।

यामप्रसाद सुवेदी
प्रमुख जिल्ला अधिकारी, अछाम

इन्सेकले देशका दूरदराजमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन, पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन सहयोग गर्दै सुषुप्त मानव अधिकारका घटना उजागर गर्ने काम निकै महत्वपूर्ण छन्। यसलाई निरन्तरता दिन आवश्यक छ।

खडकबहादुर खड्का
अधिवक्ता, अछाम

पछाडि पारिएका, सीमान्तकृत, न्यायको पहुँच बाहिर रहेका व्यक्तिहरूमाझ पुगेर न्यायको प्रत्याभूत गर्न इन्सेकले गरेको प्रयास निकै महत्वपूर्ण छ। इन्सेकले यो अभियान सुरु नगरेको भए सशस्त्र द्वन्द्वको समयदेखि नेपालमा भएका जघन्य मानव अधिकार उल्लङ्घनका घटनासमेत बाहिर आउने थिएनन्। सशस्त्र द्वन्द्वका समयमा इन्सेकले खेलेको भूमिका विश्वस्तरमा सिक्न योग्य छ।

वेदप्रकाश तिमिल्सैना
पत्रकार, अछाम

इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेका काम निकै प्रशंसायोग्य छन्। मानव अधिकारको क्षेत्रमा भएका घटनाहरूको तथ्याङ्क सङ्कलन मात्र नभई पीडितलाई कानुनीरूपमा अघि बढ्नका लागि पनि जनचेतनामूलक कार्यक्रम गर्नुपर्छ।

सरस्वती रावल
अध्यक्ष, अन्तरपार्टी महिला सञ्जाल, अछाम

इन्सेकले प्रकाशन गर्ने गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दृष्टिकोणले राम्रो छ। बाजुरा अथवा पहाडी जिल्लाहरूको हकमा हलियाका समस्या, महिला हिंसा र बालविवाहसम्बन्धी घटना वा सवाललाई वर्ष पुस्तकमा समेट्नुपर्छ।

भीम शाही
सहायक प्रमुख जिल्ला अधिकारी, बाजुरा

इन्सेकले एउटा जिल्लाको मात्रै नभएर पचहत्तरै जिल्लाको मानव अधिकारका घटना सङ्कलन गरी पुस्तक प्रकाशन गर्न गइरहेको सुन्दा खुसी लाग्यो। घटनाहरू तथ्यमा आधारित भई प्रकाशन होस्। बाजुरामा प्रहरी र इन्सेक प्रतिनिधिको सहकार्य भएकै छ, अझै भइरहोस्।

श्यामप्रसाद पौडेल
प्रहरी नायव उपरीक्षक, बाजुरा

पछाडि पारिएका जिल्लाका जनताका अधिकार सुनिश्चित गर्न जनताका हक अधिकार रक्षाका लागि राज्यलाई प्रतिबद्ध बनाउन इन्सेकले महत्वपूर्ण भूमिका खेलेको छ। यस्तो कार्य निरन्तर हुनुपर्छ।

कर्ण बुढा
स्थानीय शान्ति समिति, बाजुरा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्य तथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्ष पुस्तक बलियो आधार बन्दै गएको छ।

पवीन्द्र शाही,
सदस्य, गैरसरकारी संस्था महासङ्घ, बाजुरा

घटनाको तथ्याङ्कीय प्रस्तुतिले राम्रो भूमिका खेलेको छ। गत वर्षका घटनाको प्रगति के भयो भन्ने विषयमा दोस्रो वर्षमा सङ्क्षिप्तरूपमा अनुगमन आयो भने यसको महत्व अझै बढ्ने थियो।

निमेन्द्र शाही
निर्देशक, स्वामीकार्तिक दैनिक, बाजुरा

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाबारे जानकारी दिने गरेको छ। पुस्तकले पीडितहरूलाई राहत पुग्ने र मानव अधिकारका सवालमा आमजनतालाई जागरूक बनाउने महत्वपूर्ण भूमिका खेलेको छ।

भोजराज श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको अनुसन्धान तथा मानव अधिकार अवस्था बुझ्न अत्यन्त उपयोगी दस्तावेजका रूपमा रहेको छ। वर्ष पुस्तकले मानव अधिकारको सम्मान, कानुनी शासनमा आधारित शान्तिका साथ मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि गरेको प्रयास निरन्तर रहोस्।

केदार खनाल
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

मानव अधिकार संरक्षणका लागि मानव अधिकार वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार अवस्थाबारे जानकारीसमेत दिने गरेको छ।

कृष्णसिंह देउवा
संयोजक, मानव अधिकार निगरानी समूह, कञ्चनपुर

मानव अधिकार वर्ष पुस्तकमा राज्य र गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटिनु सराहनीय कार्य हो। अपाङ्गमैत्री संरचना नभएको र भएको पनि उपयोग नभएका जस्ता विषय गम्भीरपूर्वक खोजी गरी वर्ष पुस्तकमा समेट्न सकिएमा वर्ष पुस्तक थप प्रभावकारी हुने देखिन्छ।

विश्वमित्र कुइँकेल
सहायक प्रमुख जिल्ला अधिकारी, दार्चुला

मानव अधिकार रक्षाका निमित्त राज्यका निकायमा इन्सेकले खेलेको भूमिका अग्रणी छ। मानव अधिकार वर्ष पुस्तकमा समेटिएका विषयवस्तु अथवा मधेस बन्ददेखि हरेक क्षेत्रमा सन्तुलित ढङ्गले इन्सेकले आफ्ना प्रकाशनमार्फत मानव अधिकार अवस्था झल्काउने काम गरेको पाइन्छ।

सुशीलसिंह राठौर
प्रहरी नायव उपरीक्षक, दार्चुला

वर्ष पुस्तक एक महत्वपूर्ण र ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ। यस पुस्तकमा समेटिने विषयवस्तु यथार्थपरक छन्। अधिकारको कुरा गर्दा कर्तव्य भुल्नुहुँदैन भन्ने मान्यता वर्ष पुस्तकले राखेको पाइन्छ। सामाजिक मुद्दासँगै विकासका मुद्दाले पनि प्राथमिकता पाउनुपर्छ।

प्रेम चुनारा
पत्रकार, नागरिक दैनिक, दार्चुला

अनुसूची ६

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : सन् २०१५ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन
लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

परिच्छेद २

२.१ न्यायपालिका
लेखक : तेजमान श्रेष्ठ

२.२ कार्यपालिका
लेखक : गणेश भण्डारी

२.३ व्यवस्थापिका
लेखक : टङ्क खनाल

परिच्छेद ३

३.१ ओखलढुङ्गामा द्वन्द्वपीडित हानिपूरणको अवस्था
लेखक : दीपेन न्यौपाने/शिवप्रसाद ढुङ्गाना

३.२ रामेछापका हायु जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था
लेखक : राजु पासवान/नवराज पथिक

३.३ मुस्ताङ जिल्लामा प्रचलित मुखिया प्रथा
लेखक : टङ्क खनाल

३.४ दाङका मुक्त कमलरीको अवस्था
लेखक : नारायण सुवेदी/जे.एन. सागर

३.५ कञ्चनपुरका सुनाहा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
लेखक : कृष्ण विक/कोमलनिरञ्जन भाट

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - कोकिला ढकाल
१.३ पाँचथर - मङ्गल बेघा
१.४ ताप्लेजुङ - देवराज गुरुङ
१.५ मोरङ - सुकदेव चौधरी
१.६ सुनसरी - शेखर ढकाल
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - किरण राई
१.१० सङ्खुवासभा - छेटु शेर्पा
१.११ सप्तरी - मनोहरकुमार पोखरेल
१.१२ सिरहा - दुर्गा परियार
१.१३ उदयपुर - भरत खड्का
१.१४ खोटाङ - डीएम चाम्लिङ राई
१.१५ ओखलढुङ्गा - शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - पासाङ बम्जन तामाङ

२. मध्यमाञ्चल

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - अजय साह
२.३ सर्लाही - सन्तोष सिंह
२.४ सिन्धुली - विमला पाण्डे
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - लक्ष्मी साह सोनार
२.९ पर्सा - कृष्णचन्द्र लामिछाने
२.१० चितवन - सावित्री सापकोटा/दीपेन्द्र अधिकारी
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - रमेशप्रसाद तिमिल्सिना
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - रमिला तण्डुकार
२.१५ काठमाडौं - विवेक ढुङ्गाना
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - नवदीप श्रेष्ठ
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - नरहरि सापकोटा
३.३ लमजुङ - दलबहादुर मजकोटी
३.४ स्याङ्जा - सङ्गीता रानाभाट
३.५ कास्की - सनबहादुर थापा/विष्णुप्रसाद अधिकारी
३.६ मनाङ - सुरेशकुमार थापा
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - यज्ञमूर्ति तिमिल्सिना
३.१० कपिलवस्तु - नन्दराम पौडेल

३.११ अर्घाखाँची - नारायणप्रसाद भुसाल
३.१२ गुल्मी - टोपलाल अर्याल
३.१३ बाग्लुङ - सिर्जना पन्त
३.१४ पर्वत - किशोर सापकोटा
३.१५ म्याग्दी - अमृतकुमार पौडेल
३.१६ मुस्ताङ - कविता थकाली

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - गमनसिं खड्का/जे.एन. सागर
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - माधव कुमार ओली
४.४ सल्यान - मीना बुढाथोकी
४.५ रुकुम - आदर्श केसी
४.६ बाँके - विनोद पाण्डे
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - दिनेशकुमार श्रेष्ठ
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - सुरेश परियार

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार/सुमित्रा भट्टराई
५.२ अछाम - शिवराज ढुङ्गाना
५.३ डोटी - दीर्घबहादुर खत्री
५.४ बाजुरा - पदमबहादुर सिंह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेल्धुरा - राजेन्द्र ठगुन्ना
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नरेन्द्रसिंह कार्की

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. सोमराज थापा २. दीपेन न्यौपाने

मध्यमाञ्चल
१. कृष्ण गौतम २. राजु पासवान

पश्चिमाञ्चल
१. शिव खकुरेल २. टङ्क खनाल

मध्यपश्चिमाञ्चल
१. भोला महत २. नारायण सुवेदी

सुदूरपश्चिमाञ्चल
१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत
इन्सेक पुस्तकालय

फोटो स्रोत
विमलचन्द्र शर्मा
इन्सेक जिल्ला प्रतिनिधिहरू

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य चार जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. १०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. ७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

लक्ष्मी साह सोनार, बारा, मध्यमाञ्चल

उत्कृष्ट

शिवप्रसाद ढुङ्गाना, ओखलढुङ्गा, पूर्वाञ्चल
नारायण भुसाल, अर्घाखाँची, पश्चिमाञ्चल
रवीन्द्र पाण्डे, प्यूठान, मध्यपश्चिमाञ्चल
कोमलनिरञ्जन भाट, कञ्चनपुर, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १७६/२०७२

संविधानसभाले २०७२ असोज ३ गते पारित गरेको नेपालको नयाँ संविधानसँगै जनप्रतिनिधिद्वारा संविधान निर्माण गर्ने नेपाली जनताको ६५ वर्ष पुरानो सपना पूरा भयो । नेपालको संविधान २०७२ ले जनतालाई सार्वभौम बनाएको छ । जनताभन्दा माथि कोही छैनन् भन्ने यथार्थ यो संविधानले स्वीकार गरेको छ । यसअघिका संविधानले जनतालाई यो हदसम्मको अधिकार दिएका थिएनन् । यो व्यवस्थालाई संविधानको सबैभन्दा सुन्दर पक्ष मान्न सकिन्छ । संविधान जारी भएसँगै तत्कालीन विद्रोही नेकपा माओवादीले सञ्चालन गरेको दस वर्षे सशस्त्र सङ्घर्ष विधिवत् अन्त्य गरी २०६३ सालमा आरम्भ शान्ति प्रक्रियाको सबैभन्दा महत्वपूर्ण अध्याय पनि समाप्तितर्फ बढेको छ ।

कुनै पनि संविधान अपरिवर्तनीय एवम् निर्विवाद हुँदैन । यस संविधानमा कतिपय कमजोरी रहे तापनि यसको दार्शनिक आधार लोकतान्त्रिक, गणतान्त्रिक, सङ्घीय र समावेशी छ । जसले एक्काइसौँ शताब्दीको मानव अधिकारमैत्री दृष्टिकोण आत्मसात् गरेको छ । यसलाई विकसित गर्दै जाने प्रशस्त आधार पनि संविधानमै समावेश छन्

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ४२७८७७०
फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-8964-6-7